CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको विद्वत्परम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

डा. भूपहरि पौडेल

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्र १६८५.

R २१८९६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

नेपालको विद्वत्परम्परा

[पण्डितराज, राजगुरु तथा प्रधानमन्त्री (मुख्त्यार) रङ्गनाथ पौडेलदेखिका केही विद्वान्हरूको अनुसन्धानात्मक जीवनी तथा साहित्यिक योगदानको विवरण]

डा. भूपहरि पौडेल

नेपाल साहित्य प्रकाशन केन्द्र
कमलपोखरी, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक: मोहन कुमार उपाध्याय
नेपाल साहित्य प्रकाशन केन्द्र
कमलपोखरी, काठमाडौं

संस्करण: पहिलो
संवत्: वि.सं: २०५१, वैशाख

MAHENDRA SANSKRIT UNIVERSITY
Acc. 21827/21826

मूल्य: रु ७००/-

कृतज्ञता ज्ञापन (क) सह-प्राध्यापक डा. माधव भट्टराई, वाल्मीकि विद्यापीठ, काठमाडौं
(ख) श्री मोहनकुमार उपाध्याय नेपाल, नेपाल साहित्य प्रकाशन केन्द्र, कमलपोखरी, काठमाडौं

मुद्रक: इन्दर आफसैट प्रैस, नई दिल्ली१८ फोन ५४०८५३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

R. जै- १८८५

समर्पण

अत्यन्त कठोर परिश्रम गरी प्रगाढ पाण्डित्य उपार्जन गरेर शास्त्रचिन्तन,
लेखन र अध्यापनको माध्यमबाट शास्त्रार्थपरम्परा, शिष्यपरम्परा,
गुरुकुलपरम्परा र ग्रन्थलेखनपरम्परालाई जीवन्तरूप प्रदान
गर्न जीवन अर्पण गर्ने संस्कृत विद्याका उद्भट
विद्वान्हरूमा म यो ग्रन्थ सादर
समर्पण गर्छु ।

अनुसन्धानकर्ता

२०५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक शुरु गर्नु पहिले

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण

[बापूदेव शास्त्री
पूर्णिमा,बाट]

एकः शब्दः सुप्रयुक्तः सम्यक् ज्ञातः
स्वर्गे लोके कामधुक् भवति

[आचार्य विश्वनाथ,
साहित्यदर्पणबाट]

यो पुस्तक लामो समयसम्म धेरै हण्डर खाएर तयार गरिएको छ । त्यसैले कष्टसाथ खोजेर यहाँ जम्मा गरेका सामग्री जस्तै-जीवनीका सामग्री, तस्वीर, वंशावली र अन्य अनुसन्धानकर्ताको लिखित अनुमतिविना (समीक्षा, समालोचना र पुस्तक परिचयको प्रयोजनका लागिबाहेक) आफूखुशी पुस्तक तयार पारेर उपयोग गर्नु ठीक हुँदैहोइन

साथै,

प्रस्तुत ग्रन्थमा परेका विद्वान्हरूको छनौट, सामग्री चयन र व्याख्या ग्रन्थकारको निजी विचारमा आधारित भएको हुँदा यो ग्रन्थ अरूको धारणासँग मेल नखान पनि सक्छ ।

अनुसन्धानकर्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

अनुसन्धान परिचय

अनुसन्धान शीर्षक

प्रस्तुत अनुसन्धानात्मक कृतिको शीर्षक - **नेपालको विद्वत्परम्परा** रहेको छ ।

अनुसन्धान क्षेत्र

माथिको शीर्षकले औंल्याएअनुसार **नेपालको विद्वत्परम्परा** को अध्ययन यस अनुसन्धानात्मक कृतिको अनुसन्धान क्षेत्र हो । यसमा नेपालका केही उद्भट विद्वान्हरूमध्ये विकासक्षेत्र, विषय र अन्य विविध पक्षको यथासम्भव प्रतिनिधित्व हुने गरी व्यक्ति, जीवनी र कृतिको प्रामाणिक रूपमा अनुसन्धान गर्नु यस ग्रन्थको मूलभूत उद्देश्य हो ।

वास्तवमा मानवसभ्यताको क्रमिक रूपमा विकास हुँदै गएपछि संस्कृत विद्याले सबैलाई आकर्षित गर्दै आएको हो । संस्कृत विद्या अत्यन्त कठोर परिश्रम गरेर मात्र आर्जन गर्न सकिने भएको हुँदा सो विषयमा यसरी परिश्रम गरेर विद्या आर्जन गरेका विद्वान्हरूलाई कृति लेख्ने र कृति नलेख्ने गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । प्रत्यक्ष रूपबाट पछिसम्म सबैले सहजै परिचय पाउनसक्ने ग्रन्थकार विद्वान् नै हुनसक्छन् तापनि युग, विद्वान्को वैयक्तिक स्वभाव, रुचि र ग्रन्थको समग्र अध्ययनबाट मात्र यस कोटिका विद्वान्हरूको अगाध पाण्डित्य अथवा साधारण रूपको पाण्डित्यमध्ये कुन चाहिँ पाण्डित्य हो भनेर पहिचान गर्नसकिन्छ । ग्रन्थरचना गर्दैमा प्रगाढ पाण्डित्य भएका विद्वान्का श्रेणीमा विभाजन गरिहाल्नु पनि यथोचित मूल्याङ्कन होइन भन्ने सर्वविदितै छैन र ? अध्ययन र शास्त्रचिन्तन गरी शिष्यपरम्परामा मात्र सीमित रहेका विद्वान्हरूको पाण्डित्यको इतिहास अनुश्रुतिमै सुरक्षित रहेको भए पनि यो पक्षलाई चटक्क छोड्ने हो भने नेपालका प्रकाण्ड विद्वान्हरूको समग्र इतिहासको अध्ययन र अनुसन्धान गर्ने धोको अधुरै रहन्छ । त्यसैले यी दुवै थरी विद्वान्हरूले विद्यावंशको विस्तार गर्न गरेको अथक प्रयत्नको पूर्वाग्रह नराखीकन सम्यक् अध्ययन गरेको खण्डमा नेपालको विद्वत्परम्पराको समग्र रूप प्रकाशमा आउने कुरा निश्चित छ । नेपालमा विद्वान्हरूको इतिहास लेख्ने परम्पराको जग अझै बसिनसकेको हुँदा प्रगाढ पाण्डित्य भएका विद्वान्हरू पनि इतिहासको गर्भमा विलीन भैसकेका देखिन्छन् । त्यसैले नेपालमा विद्याको ज्योति फैलाउन अथक प्रयत्न गर्ने विद्वान्हरूको इतिहास खोज्ने क्रममा यो एउटा प्रारम्भिक कार्यको मङ्गलाचरण गरिएको मात्र हो ।

अनुसन्धानकर्ताको कार्यालयीय व्यस्तता, विभिन्न क्षेत्रको अनुसन्धान भ्रमण गरी विद्वान्हरूको इतिहासका सामग्री सङ्कलन गर्ने समयको अपर्याप्तता र अन्य व्यावहारिक कठिनाइले यो विशाल विषयलाई पण्डितराज रङ्गनाथ पौडेलदेखिका केही विद्वान्हरूको मात्र अनुसन्धान कार्यमा सीमित हुनु परेपनि यथासम्भव विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपालका शास्त्रीय विद्वान्हरूको जीवनी र कृति खोज्ने प्रयास गरिएको छ ।

समस्याकथन

प्रस्तुत अनुसन्धानकार्यमा निम्नलिखित समस्याहरूको पृष्ठभूमिमा नेपालका विद्वान्हरूको जीवनीपरक विश्लेषण गरिएको छ ।

(क) विद्वत्परम्पराको ऐतिहासिक परिप्रेक्ष्यमा विद्वान्हरूको पाण्डित्य कुन पृष्ठभूमिबाट फस्टाएको रहेछ र नेपालमा विद्याको विकासमा त्यस कोटिका विद्वान्हरूको कस्तो खालको योगदान रहन गएको छ भन्ने कुराको सूक्ष्म रूपमा छानविन गरिएको छ ।

(ख) यस अनुसन्धानात्मक कृतिमा केही विद्वान्हरूको जीवनी सामग्री उपलब्ध भएसम्म विस्तृतरूपमा प्रकाश पार्दै तिनीहरूबाट नेपालको शिक्षा विकासमा भएको ठोस योगदानको विषयमा प्रकाश पारिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) कुनै विद्वान्‌को जीवनीमाथि प्रकाश पार्दा सम्बन्धित विद्वान्‌को वंशानुगत इतिहास, पाण्डित्यको पृष्ठभूमि तथा विकासका विभिन्न चरणहरूको क्रमिक रूपमा प्रकाश पारिएको छ ।

(घ) यस ग्रन्थमा शास्त्रीय विषयमा मात्र केन्द्रित रहेका, शास्त्रीय र आधुनिक गरी दुवै विषयप्रति अगाध आस्था भएका, जीवनभर शास्त्रीय विषय मात्र र शास्त्रीय तथा आधुनिक विषयको अध्यापन कार्यमा समर्पित भएका तथा संस्कृत र नेपाली दुइमध्ये कुनै एक अथवा दुवै विषयमा ग्रन्थरचना गरेका स्वनामधन्य विद्वान्‌हरूको विषयमा केन्द्रित रहेर अनुसन्धान गरिएको छ ।

सीमाङ्कन

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको समयदेखि हालसम्म अढाइसय वर्षको समयावधिका विद्वान्‌हरूको इतिहास लेख्न खोज्दा ग्रन्थको आकार अत्यन्त बृहत् हुन गई प्रकाशनको समेत समस्या पर्नसक्ने यथार्थतालाई दृष्टिगत गरी नेपालको विद्वत्परम्परा, राजगुरुपरम्परा तथा तन्त्रविद्यापरम्पराका समेत मूर्धन्य विद्वान्‌का रूपमा ख्याति आर्जन गरेर पनि राजनीतिक क्षेत्रमा पनि आफ्नो विशिष्ट कौशल प्रदर्शन गरी नेपालको इतिहासमा दोस्रा प्रधानमन्त्री (मुख्त्यार) भएर कुशल राजनीतिज्ञका रूपमा सुप्रसिद्ध पण्डितराज रङ्गनाथ पौडेललाई मूल केन्द्रबिन्दु मानी प्रस्तुत ग्रन्थको सीमाङ्कन गर्ने प्रयास गरिएको छ । यसरी नेपालको विद्वत्परम्पराको निश्चित रूपबाट कालविभाजन गर्दागर्दै पनि पढ्दै जाँदा तेस्रो परिच्छेदमा पुगेर सैपूका पहिला विद्वान् ऋषिकेश पाध्या पौडेल जयप्रकाश मल्लका पालाका भएको देखिए पनि उनको पाण्डित्यले चरमोत्कर्ष प्राप्त गरेर देहत्याग गर्दा पण्डितराज रङ्गनाथ पौडेलकै समय थियो । रामेछाप जिल्लाको सैपूका प्रायः समग्र विद्वान्‌हरूको इतिहास खोजेर यही ग्रन्थमा समावेश गर्ने धोको पूरा गर्न खोज्दा पनि शायद यस्तो सन्देहको स्थिति देखापरेको हुनसक्छ तापनि पूरै ग्रन्थ पढिसकेपछि मनमा उत्पन्न भएको सन्देह स्वतः निष्क्रिय हुने देखिन्छ ।

पूर्वकार्यको समीक्षा

शास्त्रीय विषयका विद्वान्‌हरूको जीवनीमा केन्द्रित रही भएका अध्ययन, अनुसन्धानसम्बन्धी ग्रन्थ र फुट्कर लेखहरू अत्यन्त कम सङ्ख्यामा उपलब्ध भएका छन् । नेपालको विद्वत्परम्परा मा सीमित रही अध्ययन, अनुसन्धान गरी तयार पारिएका शोधग्रन्थ र शोध-प्रतिवेदनहरू प्रकाशमा आएका देखिएका छैनन्, तर त्यसलाई सहयोग पुग्ने खालका सामग्री भने फाट्फुट रूपमा छापिएका पाइन्छन् । नेपालका विद्वान्‌हरूका सम्बन्धमा गरिएका प्रमुख चर्चापरिचर्चाहरू विभिन्न पुस्तक र पत्रपत्रिकामा प्रकाशमा आएका छन् । यसलाई मोटामोटी रूपमा दुइ भागमा बाँड्न सकिन्छ । जस्तै- पुस्तकाकारका रूपमा प्रकाशित आंशिक चर्चा र पत्रपत्रिकामा प्रकाशित भएका प्रमुख लेखहरू । यसलाई क्रमिक रूपमा चर्चा गर्दै लगिने छ ।

केही प्रमुख सहयोगी ग्रन्थ

१. घटराज भट्टराई, संस्कृतका अमर साहित्यकार, साझा प्रकाशन (प्र.सं. २०३४) ।

२. टीकाराम शर्मा, नेपालको राजपरम्परा र साहित्यिक रूपरेखा, प्रतिभा प्रकाशन (२०३९) ।

३. देवीदत्त पराजुली, कविता गुच्छहार, ने.भा.प्र. समिति (२०००) ।

४. प्रकाश ए. राज; विद्वच्छिरोमणि हेमराज शर्मा, प्रकाश ए. राज (प्रकाशक- २०३५)

५. शिवराज आचार्य, कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः देवी आचार्यानी (प्रकाशिका - २०४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

६. स्वामी प्रपन्नाचार्य (व्याख्याता), भावामृतव्याख्या, खेमलाल कोइराला (प्रकाशक- २०४९)

७. हेमराज शर्मा अधिकारी, आवाल ब्रह्मचारी षडानन्द अधिकारीको जीवन कथा, सञ्चार मन्त्रालय २०४१) ।

८. हंसपुरे सुवेदी, संस्कृत वाङ्मयः संक्षिप्त अध्ययन, पाठ्यक्रम विकास केन्द्र (त्रि.वि.वि. २०३७)

९ संग्रह प्रकाशन श्रीमार्गबाट प्रकाशित प्रमुख पुस्तकः-

(क) हरिहर शास्त्री (२०३०)

(ख) साम्बभक्त शर्मा सुवेदी (२०३०)

(ग) धरणीधर कोइराला (२०३३)

(घ) नरपति शर्मा पोखेल (२०३५)

(ङ) भरतराज पन्त (२०३८ प्र.सं., दो.सं. २०४९)

(च) छविलाल पोखेल (२०३८)

(छ) मुक्तिनाथ तिमिल्सिना (२०४०)

(ज) योगी नरहरिनाथको ऐतिहासिक यात्रा

घटराज भट्टराईको-संस्कृतका अमर साहित्यकारमा पहिले प्रकाशित भैसकेका ग्रन्थहरूको आधार लिएर अति संक्षिप्त रूपमा प्रकाश पारिएको छ र पर्याप्त सामग्री उपलब्ध हुन नसकेका नेपाली सबै संस्कृत साहित्यकारका सम्बन्धमा प्रकाश पारिएको देखिंदैन । प्रकाश पारिएका नेपाली विद्वान्मध्ये पनि सतही रूपमा मात्र प्रकाश पारिएको छ । नेपालको विद्वत्परम्परा विषयमा खोज गर्न शुरु गर्नु पहिले प्रस्तुत कृति पनि पढ्दा बेसै हुन्छ । टीकाराम शर्माको नेपालको राजपरम्परा र साहित्यिक रूपरेखामा नेपाललाई सन्दर्भित गरी संस्कृतका साहित्यकारका बारेमा प्रकाश पार्ने कोसिस गरिएको छ । यसमा पूर्णता देखिंदैन तापनि यसबाट नेपालको विद्वत्परम्परा विषयक अनुसन्धानका निम्ति सहयोग भने अवश्य पुग्छ । देवीदत्त पराजुलीको कविता गुच्छहार मा नेपाली भाषा प्रकाशिनी समितिका तर्फबाट ग्रन्थकर्ताको छोटो परिचय दिएको छ , तर विस्तृत जीवनी जान्ने धोको भने अधुरो रहेको छ । प्रकाश ए राजको विद्वच्छिरोमणि हेमराज शर्मा मा हेमराजको जीवनी प्रस्तुत गरिएको छ । यो स्तुत्य प्रयास हो तापनि नेपालको विद्वत्परम्पराको दृष्टिकोणबाट विस्तृत रूपमा प्रकाश पार्न अझै बाँकी रहेको हुँदा यस दृष्टिले यसलाई पूर्ण ग्रन्थ मान्न सकिंदैन । शिवराज आचार्यको कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः मा संस्कृतका प्रमुख ग्रन्थकारहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ । पहिलो कुरो त यो ग्रन्थ संस्कृतमा लेखिएको हुँदा संस्कृत नजान्नेहरूका लागि यसबाट लाभ लिन अप्ठ्यारो पर्ने स्थिति एकातिर छँदैछ भने अर्कातिर यो ग्रन्थ लेखकको व्यक्तिगत अत्यन्त दुरूह भाषामा लेखिएको हुँदा संस्कृत पढेकै मानिसहरूमध्ये पनि यो ग्रन्थ पढ्ने धैर्य सबैमा होला भन्न सकिंदैन तापनि स्वस्थ शरीर भएको बेला धैर्य गरी पढ्ने हो भने केही न केही लाभ त अवश्य हुन्छ नै । कविवर जयदेवले लेखेको गीत गोविन्दको दशमसर्गको प्रारम्भको अष्टपदको महाकवि सुकृतिदत्त पन्तले गरेको व्याख्या भावामृतलाई आफूले लेखेको भूमिकासहित सम्पादन गरी डा. स्वामी प्रपन्नाचार्यले हालै प्रकाशित गरेका छन् । यो ग्रन्थले पनि सुकृति दत्त पन्त वंशको अध्ययन गर्नमा धेरथोर सहयोग पुऱ्याउँछ । हेमराज शर्मा अधिकारीको-आबाल ब्रह्मचारी षडानन्द अधिकारीमा उनको जीवनी प्रस्तुत गरिएको छ तापनि यसमा प्राय : औपन्यासिक पारामा काल्पनिक कुराहरू पनि परेका हुँदा यस ग्रन्थको अनुसन्धानात्मक विश्वसनीयतामा कमै विश्वास गर्न सकिन्छ । हंसपुरे सुवेदीको संस्कृत वाङ्मयः संक्षिप्त अध्ययन भन्ने ग्रन्थ प्रकाशित भैसकेका सामग्रीलाई आधार मानेर लेखिएको ग्रन्थ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको सन्दर्भमा प्रवेश गरिसकेपछि पनि क्षेत्रीय अनुसन्धान कार्य गरी सामग्री सङ्कलन गरेर लेखिएको देखिँदैन । संगह प्रकाशनबाट छापिएका - **हरिहर शास्त्री, साम्बभक्त शर्मा सुवेदी, धरणीधर कोइराला, नरपति शर्मा पोखेल, भरतराज पन्त, छविलाल पोखेल, मुक्तिनाथ तिम्सिना र योगी नरहरिनाथको ऐतिहासिक यात्राको** अध्ययनबाट नेपालको विद्वत्परम्परा ग्रन्थ लेख्ने उपयोगी सामग्री प्राप्त हुन्छन् तापनि यी सबै पुस्तकमा विद्वत्परम्पराको समग्र चर्चा भने गरिएको पाइँदैन ।

पत्रपत्रिकामा प्रकाशित भएका प्रमुख लेख

१. टीकाराम पन्थी (डा.), "लुम्बिनी अञ्चलका संस्कृत कवि र कविता" **हाम्रो पुरुषार्थ** वर्ष ९ अङ्क (?) (२०३९) ।

२. शिवराज आचार्य, "संस्कृत काव्यमा आधुनिकतम प्रवृत्ति" **उन्मेष** (वार्षिक मुखपत्र)

३. स्वामी प्रपन्नाचार्य (डा.) -

(क) "महामहोपाध्याय पण्डित नीलदेव पन्त" **गोरखापत्र** वर्ष ८५ अङ्क २७ (२०४२)

(ख) "महामहोपाध्याय वाचस्पति पन्त" **गोरखापत्र** २०४३, असार ७ गते ।

(ग) "महाकवि सुकीर्तिदत्त पन्त : उनको वंश परिचय र कृति", **गोरखापत्र** वर्ष ८५ अङ्क १२५ (२०४३ भदौ)

(घ) "विद्वत्प्रवर पं. उमानाथ अर्ज्याल" **धर्म सन्देश** (?)

(ङ) "पूर्वी नेपालमा शिक्षा प्रसारका अग्रणी : करफोक स्वामी", **गोरखापत्र** (?)

(च) "हराउन लागेको व्यक्तित्व : स्व. पण्डित दिलु सिंह राई चामलिङ" **गोरखापत्र** (?)

(छ) "सुन्दरी" का पहिला सम्पादक देवीदत्त पराजुली, **मधुपर्क** वर्ष २६ अङ्क २ असार २०५० ।

डा. टीकाराम पन्थीको लेखमा लुम्बिनी अञ्चलका संस्कृत कवि र कविताको विषयमा खोजीनीति गरिएको छ । नेपालको विद्वत्परम्परामा केन्द्रित रही अनुसन्धान गरिएको नभए पनि यस लेखले उपयुक्त विषयको खोजमा यथेष्ट सहयोग पुऱ्याउँछ । शिवराज आचार्यको संस्कृत काव्यमा आधुनिकतम प्रवृत्ति शीर्षक लेखमा नेपालको विद्वत्परम्पराको अनुसन्धान र लेखनका लागि केही सहयोगी सामग्री छन् । डा. स्वामी प्रपन्नाचार्यको लेखमा महाकवि सुकीर्तिदत्त पन्त : उनको वंश परिचय र कृति, विद्वत्प्रवर पं. उमानाथ अर्ज्याल, पूर्वी नेपालमा शिक्षा प्रसारका अग्रणी: करफोक स्वामी, हराउन लागेको व्यक्तित्व : स्व. पण्डित दिलुसिंह राई चामलिङ र "सुन्दरी" का पहिला सम्पादक देवीदत्त पराजुली भन्ने लेखहरूमा सम्बन्धित विद्वान्हरूको संक्षिप्त जीवनी प्रस्तुत गरिएको छ तापनि यिनीहरूमा सामग्री भाग प्रस्तुत गरिएको नपाइएको हुँदा सम्बन्धित विद्वान्हरूको जीवनीको समग्र तथा विस्तृत भागको ज्ञान गर्ने इच्छा अपूरै रहन्छ । नेपालको विद्वत्परम्परा विषयमा डा. स्वामी प्रपन्नाचार्यको अनुसन्धान कार्य प्रशंसनीय हुँदाहुँदै पनि सूत्रात्मक रूपमा लेखिएका लेखहरूको अन्त्यमा सामग्रीहरूको प्रकाशन भएको नपाइएको हुँदा यी लेखले पूर्णता प्राप्त गरेको देखिँदैन । यसरी पूर्वकार्य अत्यन्त प्रारम्भिक अवस्थामा रहेको पाइएको हुँदा प्रस्तुत ग्रन्थको प्रकाशन गर्न खोजिएको हो । प्रस्तुत ग्रन्थको प्रकाशनबाट शास्त्रीय विषयका नेपालका केही विद्वान्हरूको विद्याको आराधना र उनीहरूले दिएको प्राज्ञिक योगदानको पियमा प्रकाश पर्ने स्वतः स्पष्ट छ ।

अनुसन्धान कार्यको उद्देश्य

माथि प्रस्तुत गरिएका मूलभूत समस्यामा केन्द्रित रही आफ्नो अगाध पाण्डित्यको खुलस्त उपयोग गरी अध्यापनपरम्परा र ग्रन्थलेखनपरम्परालाई जीवन्त बनाइराख्न अथक प्रयत्न गर्ने नेपालका विभिन्न क्षेत्र र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

विषयका प्रतिनिधि विद्वान्हरूको पाण्डित्यमा पाइने मूलभूत विशेषताहरूको अध्ययन र मूल्याङ्कन गर्नु प्रस्तुत अनुसन्धानकार्यको मुख्य उद्देश्य रहेको छ ।

अनुसन्धानकार्यको औचित्य

शास्त्रीय पाण्डित्य परम्पराको विषयमा हाम्रै छिमेकी मुलुक भारतका अत्यन्त उद्भट विद्वान्हरूलाई लिएर भारतकै अनुसन्धानकर्ताहरूबाट यथेष्ट मात्रामा अध्ययन, अनुसन्धानकार्य सम्पन्न भई ग्रन्थ प्रकाशनसमेत भएको परिप्रेक्ष्यमा नेपालमा शास्त्रीय विषयका नेपाली विद्वान्हरूको जीवनी र कृतिको निरूपण आजसम्म सम्यक् रूपमा भएको नपाइएको हुनाले यो एउटा चुनौतीपूर्ण प्राज्ञिक समस्या हो । यस क्रममा पूर्वकार्यको स्थिति प्राय: शून्य अवस्थामा रहेको हुँदा प्रस्तुत अनुसन्धानकार्यको औचित्य रहेको छ ।

जीवनीलेखनका प्रमुख आधार

प्रस्तुत अनुसन्धान कार्य मूलत: शास्त्रीय विद्वान्हरूको जीवनी, व्यक्ति र कृतिमा आधारित छ । जीवनी कसरी तयार पारिन्छ ? भनेर अरूले तयार पारेका लक्षणहरू घोकिरहनुभन्दा पनि कुन आधारबाट जीवनी लेख्दा कुनै पनि विद्वान्को जीवनका समग्र पक्ष उद्घाटन हुनसक्छन् भन्ने कुरातिर ध्यान पुऱ्याउन खोजिएको छ । यसका लागि निम्नलिखित आधार बनाएर सामग्री सङ्कलन गरिएको छ ।

(क) ऐतिहासिक पृष्ठभूमि

(ख) वंशानुगत परिचय

(ग) प्रस्तुत ग्रन्थमा समावेश भएका विद्वान्का नातागोताको पाण्डित्यपरम्परा

(घ) सम्बन्धित विद्वान्को जीवनका सबै पक्ष र,

(ङ) साहित्यिक योगदानको विवरण ।

यिनै मूलभूत आधारमा रहेर आवश्यक प्रश्नहरू तयार पारी सम्बन्धित विद्वान्हरूमा वितरण गर्दा जेजति विद्वान्हरूबाट उत्तर र आधार सामग्री उपलब्ध हुनसक्यो, त्यसैको छानवीन र लेखनप्रक्रियाको माध्यमबाट प्रस्तुत अनुसन्धानात्मक जीवनी तयार पारिएको छ ।

अनुसन्धानविधि

सामग्री सङ्कलन विधि

यस अनुसन्धान कार्यका लागि निम्नलिखित विधिले सामग्री सङ्कलन गरिएको छ :

(क) क्षेत्रीयकार्य र,

(ख) पुस्तकालयीय कार्य

सामग्री विश्लेषणविधि

माथि उल्लेख गरिएबमोजिम विभिन्न स्रोतबाट सङ्कलन गरिएका सामग्रीलाई विश्लेषण र सामान्यीकरण गरी जीवनी, व्यक्ति र कृति पक्षलाई मुख्य सन्दर्भित गरिएको छ । यसमा मुख्यत: क्षेत्रीय कार्यलाई नै जोड दिइएको छ र अन्य आवश्यक सामग्रीका लागि मात्र पुस्तकालयको उपयोग गरिएको छ । नेपालको विद्वत्परम्परामा देखापरेका विभिन्न क्षेत्रका प्रतिनिधि विद्वान्हरूको पाण्डित्य र चेतनाका प्रस्फुटनका आधार तत्त्वहरू के के हुन्, तिनीहरूलाई यथासम्भव प्रामाणिक सामग्रीका आधारमा निरूपण गरिएको छ । प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धानात्मक कृतिको प्रकाशनबाट शास्त्रीय विषयमा पाण्डित्य आर्जन गरेर पनि नेपाली र अन्य आधुनिक विषयमा समेत लागेका विद्वान्हरूको इतिहास स्पष्टरूपमा छर्लङ्गिने छ ।

उपलब्धि

नेपालको विद्वत्परम्परा भन्ने पुस्तक प्रकाशनबाट निम्नलिखित उपलब्धि हासिल हुनसक्ने देखिन्छ ।

सामान्य उपलब्धि

प्रतिनिधि विद्वान् (अकरणात् मन्दकरणं श्रेयः)

प्रस्तुत ग्रन्थमा नेपालका केही प्रतिनिधि विद्वान्हरूका बारेमा अनुसन्धान गरिएको छ । यहाँनेर एउटा जिज्ञासा पनि उत्पन्न हुनसक्छ - के त विकास क्षेत्र र अन्य विविध पक्षका आधारमा गरिएको विद्वान्हरूको प्रतिनिधित्व सही रूपमा भएको छ त ? यो प्रश्न पाठकले उब्जाउनुभन्दा अनुसन्धानकर्ता स्वयंले पनि नउब्जाएको होइन तर संस्कृतका विद्वान्हरूको अनुसन्धान गरेर के हुन्छ ? भन्ने मनोभावना र यो कार्य गर्दा कुनै उपलब्धि हुनसक्ने नदेखेर हुनसक्छ - क्षेत्रीय कार्य गर्दा धेरै विद्वान्का सम्बन्धमा लिखित जानकारी र प्रामाणिक सामग्री उपलब्ध हुन नसक्नु तथा आफ्नो कार्यालयीय व्यस्तताले अधिराज्यभरि पैदल घुमेर विद्वान्हरूको सूची तयार गर्न नभ्याउनु आफ्नै कमजोरी ठान्नुपर्छ । प्रश्न बाँडिएकामध्ये जेजतिबाट जानकारी र सामग्री उपलब्ध हुनसक्यो त्यतिको मात्र यस ग्रन्थमा प्रतिनिधित्व गर्न सकियो ।

पूर्वाञ्चल विकास क्षेत्र

(अ) जनकलाल शर्मा ढकाल, इलाम - क्याबुङ
(आ) ज्ञानमणि नेपाल, भोजपुर - ओवायुथान
(इ) पुरुषोत्तम भट्टराई, धरान
(ई) माधव भट्टराई, खोटाङ - लामीडाँडा
(उ) लोकहरि अधिकारी, ओखलढुङ्गा - डाँडाखर्क
(ऊ) वैयाकरण नेपाल, भोजपुर - ओवायुथान

मध्यमाञ्चल विकासक्षेत्र

(अ) ऋषिकेश पाध्या, रामेछाप - सैपू विर्ता
(आ) कुलचन्द्र गौतम, धादिङ - जीवनपुर
(इ) कृष्णप्रसाद शर्मा घिमिरे, नुवाकोट
(ई) गोविन्दप्रसाद भट्टराई, झाँगाझोली - परेवाडाँडा
(उ) चन्द्रप्रसाद ढुङ्गाना, रामेछाप - भलुवाजोर
(ऊ) चेतोनाथ शर्मा आचार्य, ललितपुर - चापागाउँ
(ऋ) छविलाल ढुङ्गेल सूरि, रामेछाप - पकरवास सिम्पानी
(ॠ) टङ्कनाथ नेपाल, काभ्रेपलाञ्चोक - पाँचखाल
(ऌ) टीकानाथ ढुङ्गाना, काठमाडौं - बौद्ध, रामहिटी
(ॡ) डिल्लीश्वर भट्टराई, झाँगाझोली - परेवाडाँडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ए) तीर्थप्रसाद ढुङ्गाना, काठमाडौं
(ऐ) दधिराम पौडेल, रामेछाप - सैपू, दुरागाउँ
(ओ) दाताराम शर्मा पौडेल, रामेछाप - सैपू, रोपारू
(औ) दामोदर कोइराला, ललितपुर - कुसुन्तीभुचो
(अं) दिनेशराज पन्त, काठमाडौं - वटु सवलबहाल
(अः) दिव्यदेव पन्त, भक्तपुर- सानो ठिमी
(क) दुर्गानाथ शर्मा अधिकारी, काठमाडौं - बबरमहल (पाञ्चायन देवल नजिक)
(ख) देवीदत्त पराजुली, सिन्धुपाल्चोक
(ग) नयराज पन्त, काठमाडौं - वटु सवलबहाल
(घ) पद्मप्रसाद पौडेल, रामेछाप - सैपू, सूर्यघडेरी
(ङ) बदरीनाथ भट्टराई, काठमाडौं - नागपोखरी
(च) भरतराज "मन्थलीय", रामेछाप - मन्थली
(छ) मनोरथ पाध्या, रामेछाप - सैपू, भित्ताघर
(ज) महेशराज पन्त, काठमाडौं - वटु, सवलबहाल
(झ) मीनकुमार दाहाल, झाँगाझोली - परेवाडाँडा
(ञ) रङ्गनाथ पौडेल, काठमाडौं - मखनटोल
(ट) राधानाथ लोहनी, काठमाडौं - ठमेल
(ठ) रामनाथ भट्टराई, झाँगाझोली - परेवाडाँडा
(ड) रोहिणीप्रसाद भट्टराई, काठमाडौं - बानेश्वर
(ढ) विश्वनाथ रिमाल, काठमाडौं - कालिकास्थान
(ण) विष्णुप्रसाद न्यौपाने, ललितपुर -
(त) वीरभद्र पाध्या पौडेल, रामेछाप - सैपू घ्याङ्डाँडा
(थ) शङ्करप्रसाद सत्याल, रामेछाप - मन्थली
(द) शेषराज रेग्मी, काठमाडौं - चारढुङ्गे
(ध) सोमनाथ सिग्देल, काठमाडौं - कालिकास्थान सोमाश्रम
(न) हरिदेव मिश्र, महोत्तरी
(प) हरिप्रसाद पौडेल, रामेछाप - सैपूभेडाखोर
(फ) हेमराज पाण्डे, काठमाडौं - ढोकाटोल

पश्चिमाञ्चल विकासक्षेत्र

(अ) उमानाथ आचार्य, तनहुँ - चुँदी
(आ) आत्माराम आचार्य, तनहुँ - साम्दीबाँझगरा
(इ) जगन्नाथ अर्ज्याल, गुल्मी - रयाले
(ई) टीकाराम पन्थी (डा.), गुल्मी - भाडगाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(उ) टेकनाथ पौडेल, कास्की - अर्घौअर्चले

(ऊ) तीर्थराज आचार्य, तनहुँ - चुँदी

(ऋ) दधिराम मरासिनी, अर्घाखाँची - खिदिम

(ॠ) पूर्णप्रसाद ब्राह्मण, गोर्खा - काफलडाँडा

(ऌ) शिवराज आचार्य (डा.), तनहुँ - चुँदी

(ॡ) हरिशरण उपाध्याय, स्याङ्जा

(ए) हेमनाथ घिमिरे, गुल्मी - धुर्कोट

मध्यपश्चिमाञ्चल विकासक्षेत्र

(अ) योगी नरहरिनाथ, जुम्ला

(आ) हरिप्रसाद आचार्य, प्यूठान

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

यस क्षेत्रका विद्वान्हरूको विस्तृत जीवनी अनुसन्धान गर्ने अनुकूल समय नपरेको हुँदा थाहा भएसम्मको नामावली परिच्छेद ४ मा प्रस्तुत गरिएको छ ।

विषयका दृष्टिले वर्गीकरण

वेद :
(अ) डिल्लीश्वर भट्टराई
(आ) दामोदर कोइराला
(इ) वीरभद्र पाध्या

व्याकरण :
(अ) टीकाराम पन्थी
(आ) टेकनाथ पौडेल
(इ) दधिराम पौडेल
(ई) रोहिणीप्रसाद भट्टराई
(उ) विश्वनाथ रिमाल
(ऊ) हरिप्रसाद आचार्य
(ऋ) हेमनाथ घिमिरे

न्याय :
(अ) चेतोनाथ शर्मा आचार्य
(आ) पद्मप्रसाद भट्टराई
(इ) पुरुषोत्तम भट्टराई

ज्योतिष :
(अ) नयराज पन्त
(आ) पद्मप्रसाद पौडेल
(इ) मनोरथ पाध्या
(ई) राधानाथ लोहनी

साहित्य :
(अ) गोविन्दप्रसाद भट्टराई
(आ) छविलाल दुङ्गेल 'सूरि'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	(इ)	तीर्थप्रसाद दुङ्गाना
	(ई)	दधिराम मरासिनी
	(उ)	देवीदत्त पराजुली
	(ऊ)	भरतराज घिमिरे 'मन्थलीय'
	(ऋ)	माधव भट्टराई
	(ॠ)	शेषराज रेग्मी
तन्त्रशास्त्र :	(अ)	दुर्गानाथ शर्मा अधिकारी
	(आ)	दिव्यदेव पन्त
	(इ)	रङ्गनाथ पौडेल
धर्मशास्त्र :		बदरीनाथ भट्टराई
पूर्वमीमांसा :		पूर्णप्रसाद ब्राह्मण
निम्बार्कवेदान्त :		हरिशरण उपाध्याय
आयुर्वेद :		उमानाथ आचार्य

एकभन्दा बढी विषयका विशिष्ट विद्वान्

(अ) अग्निहोत्री कविराज तीर्थराज आचार्य - वेद, धर्मशास्त्र, आयुर्वेद

(आ) डा. शिवराज आचार्य, वेद, शाङकर वेदान्त, व्याकरण, साहित्य, संस्कृत, आयुर्वेद, अङ्ग्रेजी साहित्यको विशिष्ट अध्ययन आदि

(इ) विष्णुप्रसाद न्यौपाने - शाङ्करवेदान्त र साहित्य

(ई) सोमनाथ सिग्देल - व्याकरण, न्याय, साहित्य आदि

अन्य विभिन्न क्षेत्रको प्रतिनिधित्व

पण्डितराज :

(अ) रङ्गनाथ पौडेल

(आ) सोमनाथ सिग्देल

गुरुज्यू :

(अ) दुर्गानाथ शर्मा अधिकारी

(आ) रङ्गनाथ पौडेल

(इ) हेमराज पाण्डे

विद्वच्छिरोमणि :

(अ) कुलचन्द्र गौतम

(आ) हेमराज पाण्डे

संशोधनमण्डल :

(अ) ज्ञानमणि नेपाल

(आ) नयराज पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(इ) दिनेशराज पन्त

(ई) डा. महेशराज पन्त

नयराज पन्तले खोलेको पाठशालामा धेरै विद्यार्थी पढ्थे । अरू सबैजसो विद्यार्थी सोही पाठशालामा धेरथोर पढेर आफ्नो आफ्नो इलममा लागे । ज्ञानमणि नेपाल, दिनेशराज पन्त र महेशराज पन्त अहिलेसम्म पनि संशोधन मण्डलमा सक्रिय भई अध्ययन र अनुसन्धानकार्यमा लागेका छन् । नयराज पन्त त आफूले खोलेको पाठशालामा पढाउने र इतिहासको संशोधन गर्ने र गर्न सिकाउने मूलपुरुष नै भएका हुनाले उनले यो संस्था छोड्ने कुरै भएन । नेपालमा अहिलेसम्म भएका मौलिक काममध्ये एउटा श्री ५ पृथ्वीनारायण शाहबाट भएको नेपालको एकीकरण र अर्को संशोधनमण्डलबाट भएको विद्याको प्रामाणिक अनुसन्धान र ग्रन्थप्रकाशन मुख्य हुन् । यीमध्ये पहिलो राजनीतिक रणकौशलको कुरा भयो भने दोस्रो चाहिँ विद्याको ज्योति फैलाउनमा भएको अथक प्रयत्नको कुरा भयो । विद्याको रक्षामा संशोधन मण्डलबाट भएका ठोस र प्रामाणिक अनुसन्धान कार्यबाट प्रभावित भई विदेशका विद्वान्ले लेखेका चिठी पढ्दा पनि यो कुराको अझ राम्ररी पुष्टि हुन्छ । यही कारणले अहिलेसम्म पनि सक्रिय रहिरहेका संशोधन मण्डलका विद्वान्लाई प्रस्तुत ग्रन्थमा यथोचित स्थान दिएको हो ।

स्वाध्यायशाला : डा. शिवराज आचार्य

डा. शिवराज आचार्य स्वाध्यायशालासँग सम्बन्धित छन् । नेपालमा शास्त्रीय विद्याको विकासमा स्वाध्यायशालाको भूमिका अविस्मरणीय छ । डा. शिवराज संस्कृत विद्याका प्रकाण्ड विद्वान् हुन् र आधुनिक विषयमा पनि उनको योग्यता गहिरो छ । वर्तमान परिप्रेक्ष्यमा बिर्सनै नसकिने उनको देन के रहेको छ भने पहिलो - संस्कृत भाषामै काव्य प्रकाशको टीका लेखन, दोस्रो - संस्कृत र नेपाली भाषामा ग्रन्थलेखन र प्रकाशन, तेस्रो - आफ्ना सबै छोराछोरीलाई संस्कृत विद्या पढाउनु र ती सबैलाई एक से एक योग्य तुल्याउनु । इत्यादि ।

पत्रकारिता : दाताराम शर्मा पौडेल (हालखबर र गोरखापत्र)

शिक्षक :

(अ) चन्द्रप्रसाद ढुङ्गाना

(आ) टङ्कनाथ नेपाल

(इ) टीकानाथ ढुङ्गाना

(ई) रामनाथ भट्टराई

(उ) विष्णुप्रसाद न्यौपाने

(ऊ) शङ्करप्रसाद सत्याल

(ऋ) हरिप्रसाद पौडेल

सरकारी सेवा :

(अ) ऋषिकेश पाध्या (तत्कालीन जैसीकोठामा काम गरेको)

(आ) डिल्लीश्वर भट्टराई, सह-सचिव

(इ) मनोरथ पाध्या, तत्कालको अदालतमा काम गरेको

(ई) लोकहरि अधिकारी, डिठ्ठा भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशिष्ट उपलब्धि

(क) शास्त्रीय विषयका विद्वान्‌को प्रज्ञाको आराधना र यसको रक्षाका लागि उनीहरूबाट भएको अथक प्रयत्न ।

(ख) शास्त्रीय विषयका विद्वान्‌हरूबाट नेपाली भाषामा भएको योगदानको विवरण ।

(ग) नेपालको विभिन्न क्षेत्रका प्रतिनिधि शास्त्रीय विद्वान्‌हरूको परिचय र,

(घ) शास्त्रीय विषय अध्ययन गरी विभिन्न क्षेत्रमा भएको संलग्नता र उनीहरूले प्राप्त गरेको सफलताको संक्षिप्त रूपमा जानकारीमूलक विवरण ।

अनुसन्धानको सङ्गठन

प्रस्तुत अनुसन्धान कार्यको सङ्गठन निम्नलिखित रूपबाट गरिएको छ ।

परिच्छेद	शीर्षक
१.	संस्कृतको अध्ययन, अध्यापन र ग्रन्थरचनामा समर्पित केही विद्वान्
२.	संस्कृत र नेपाली (दुवै क्षेत्र)को अध्ययन, अध्यापन, सिर्जनात्मक तथा अनुसन्धानात्मक लेखनमा समर्पित केही विद्वान्
३.	संस्कृतमा गहिरो विद्वत्ता आर्जन गरेर पनि नेपाली भाषा, साहित्य, व्याकरण, पत्रकारिता र इतिहास संस्कृतिको अध्ययन अनुसन्धान गरी सृजनात्मक तथा अनुसन्धानात्मक ग्रन्थरचनामा समर्पित केही विद्वान्
४	नेपालको विद्वत्परम्परा : संक्षिप्त अवलोकन
परिशिष्ट	१ देखि ८ सम्म

परिच्छेद १ मा शास्त्रीय विषयमा गहिरो पाण्डित्य उपार्जन गरी ग्रन्थरचना गर्ने र ग्रन्थरचना नगर्ने दुवै थरी विद्वान्‌को जीवनी प्रस्तुत गरिएको छ । परिच्छेद २ मा शास्त्रीय विषय तथा आधुनिक विषयको अध्ययन, अध्यापन र ग्रन्थरचनामा समर्पित केही विद्वान्‌को जीवनी प्रस्तुत गरिएको छ । परिच्छेद ३ मा शास्त्रीय विषयमा गहिरो पाण्डित्य आर्जन गरेर खास गरी आधुनिक विषयमा अध्यापन, ग्रन्थरचना, पत्रकारिताजस्ता विभिन्न क्षेत्रमा योगदान गरी आफ्नो जीवनलाई प्रज्ञाको आराधनामा लगाएका केही विद्वान्‌को जीवनी प्रस्तुत गरिएको छ । परिच्छेद ४ मा नेपालको विद्वत्परम्पराको संक्षिप्त अवलोकन गरिएको छ । ग्रन्थको आकार यथासम्भव सीमित गर्ने उद्देश्यले यस खण्डमा परेका विद्वान्‌हरूको अत्यन्त संक्षिप्त रूपमा चिनारी मात्र गरिएको छ ।

परिशिष्ट १ मा महेन्द्र संस्कृत विश्वविद्यालय र यसअन्तर्गत रहेका विद्यापीठको विशेष उपलब्धिसम्बन्धी आँकडा देखाइएको छ । परिशिष्ट २ मा विभिन्न पुरस्कार पाएका मानिसहरूको तत्काल थाहा भएसम्मको विवरण प्रस्तुत गरिएको छ । परिशिष्ट ३ मा राष्ट्रका विभिन्न क्षेत्रमा समर्पित भएर योगदान पुऱ्याएका मानिसको विवरण दिइएको छ । परिच्छेद ४ मा तत्काल थाहा पाएसम्म राजनीतिक क्षेत्रमा लागेर सफलता प्राप्त गरेका र अहिले पनि राजनीतिक क्षेत्रकै विभिन्न पदमा रही योगदान पुऱ्याएका मानिसहरूको विवरण दिइएको छ । परिशिष्ट ५ मा विविध क्षेत्रको सफलता प्रस्तुत गरिएको छ । परिशिष्ट ६ मा आफूलाई तत्काल उपयोगी लागेका केही लेख समावेश गरिएको छ । परिशिष्ट ७ मा डा. तुलसीप्रसाद भट्टराईले आफ्नो निजी संग्रहबाट प्रस्तुत ग्रन्थमा समावेश गर्न दिएका सामग्री राखिएको छ । परिशिष्ट ८ मा सन्दर्भ विवरण प्रस्तुत गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावी योजना

नेपालको विद्वत्परम्परा विषयमा अनुसन्धान गर्ने दीर्घकालीन परियोजना सञ्चालन भैरहेको छ । आगामी दिनहरूमा नियमित रूपबाट विभिन्न क्षेत्र र विषयका विद्वान्हरूका सम्बन्धमा अनुसन्धानात्मक ग्रन्थरचना गरी प्रकाशन गर्दै लैजाने प्रस्तुत परियोजनाको लक्ष्य रहेको छ ।

तल दिएका शीर्षकहरू अरूलाई अनुसन्धान र प्रकाशन गर्न सुझाव दिएको होइन । मैले गर्दैरहेका र भविष्यमा गर्ने कामको विवरण दिएको हुँ । म एक्लैको प्रयासबाट सञ्चालन भएको प्रस्तुत परियोजनाअन्तर्गत नेपालको विद्वत्परम्परा मूल विषयमा केन्द्रित रही निम्नलिखित् शीर्षकहरू समावेश गरिएका छन् ।

१. संस्कृत साहित्यको वृहत् इतिहास (नेपालका संस्कृत साहित्यकारहरूको विस्तृत अनुसन्धान)
२. डोटी राज्यको राजगुरुपरम्परा
३. कर्णाली प्रदेशको विद्वत्परम्परा
४. बाइसी र चौबीसी राज्यमा राजगुरुपरम्परा
५. सेनराज्यको विद्वत्परम्परा
६. लिच्छविराज्यको विद्वत्परम्परा
७. उपत्यकाका मल्लराज्यको राजगुरुपरम्परा
८. उपत्यकाका मल्लराज्यको विद्वत्परम्परा
९. आत्रेय गोत्रको विद्वत्परम्परा
१०. पाण्डेवंशको राजगुरुपरम्परा
११. पन्तवंशको विद्वत्परम्परा
१२. मिश्रवंशको विद्वत्परम्परा
१३. आचार्यवंशको विद्वत्परम्परा
१४. भट्टराई वंशको विद्वत्परम्परा
१५. नेपालको विद्वत्परम्परा (पृथ्वीनारायण शाहको पालादेखि हालसम्म)
१६. नेपालमा श्रुतधर विद्वान्हरूको परम्परा
१७. नेपालमा आभ्यासिक विद्वान्हरूको परम्परा
१८. नेपालमा ज्यौतिष विद्याको परम्परा
१९. नेपालमा शास्त्रार्थको परम्परा
२०. नेपालमा अन्त्याक्षरी प्रतियोगिताको परम्परा
२१. मैथिली समाजको विद्वत्परम्परा
२२. नेपालमा अग्निहोत्रको परम्परा
२३. नेपालका सन्यासीहरूको विद्वत्परम्परा
२४. नेपालका बौद्ध भिक्षुहरूको विद्वत्परम्परा
२५. नेपालमा पाण्डेइतरवंशको राजगुरुपरम्परा
२६. जनकपुर अञ्चलको विद्वत्परम्परा
२७. कास्कीपोखराको विद्वत्परम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

२८. नेपालमा पौराणिक कथावाचन परम्परा
२९. नेपालमा पौरोहित्यकर्मको परम्परा
३०. नेपालमा गुरुकुल र निःशुल्क शिक्षाको परम्परा
३१. नेपालमा भाषापाठशालाको परम्परा
३२. विदेशी विद्वान्हरूको संस्कृत अध्ययन परम्परा
३३. संस्कृतका विद्वान्हरूबाट नेपाली भाषामा ग्रन्थलेखन परम्परा
३४. शास्त्रचिन्तन र शिष्यपरम्परा
३५. नेपालमा तन्त्रविद्याको परम्परा
३६. नेपालको आचारनिष्ठ विद्वत्परम्परा
३७. पण्डितप्रवर पद्मप्रसाद भट्टराईको पाण्डित्य (जीवनी, व्यक्ति र कृति)
३८. आदिवासी समाजको विद्वत्परम्परा
३९. नेपालको मिश्रित विद्वत्परम्परा (शास्त्रीय तथा आधुनिक दुवै विषयका विद्वान्हरूको परम्परा)
४०. व्याकरणका विशिष्ट विद्वान् पण्डित दधिराम पौडेल र उनको जीवनी
४१. राष्ट्रिय विभूति भानुभक्त आचार्यको पाण्डित्य
४२. शक्तिवल्लभ अर्ज्यालको पाण्डित्य
४३. शास्त्रीय विषयको अध्ययन, अध्यापन र परम्परामा आएको शिथिलता

★★★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुइ शब्द

श्री भूपहरि पौडेल विद्वत्समाजमा एक सुपरिचित नाम हो । नेपाली साहित्य र जातीय अध्ययन एवं अन्य विविध फुटकर विषयमा उहाँका साना र ठूला कृतिहरू प्रकाशित भइसकेका देखेका छौं । उहाँसँग परिचित हुने सौभाग्य पाएपछि मलाई उहाँले लेख्न र छाप्न थालेको कति वर्ष भयो भनेर सोध्न उत्सुकता लाग्यो । मेरो उक्त प्रश्नको जवाफमा उहाँले संकोचसाथ २२- वर्ष बितिसकेको बताउनु भयो । रामेछापजस्तो ग्रामीण परिवेशमा जन्म भएर पनि युवावस्थामैं उहाँले त्यस्तो पृष्ठभूमि बनाउनु मामूली कुरा होइन । उहाँभित्र लुकेर बसेको अदम्य महत्त्वाकाङ्क्षा त्यस कुरोबाट अनुमान गर्न सकिन्छ । करीब १५ वर्ष लगाएर यो ग्रन्थ तयार पार्नमा पनि उहाँको त्यही महत्त्वाकाङ्क्षाको अग्रेसरता देखिन्छ ।

चित्रसहित करीब १००० पाताको यस ग्रन्थभित्र केही मामूली सांगठनिक कमजोरी मात्र रहन गएको मलाई लागेको छ र त्यो पनि सामग्रीको प्रचुरताबाट उब्जिएको हो भन्ने लाग्दछ । त्यस्ता प्रचुर सामग्रीहरूको संकलन गर्ने काममा लेखकले कति दौडधूप गर्नुपरेको होला हामी सहजै अनुमान गर्न सक्दछौं र यसै ग्रन्थमा ठाउँ-ठाउँमा पनि त्यो कुराको विवरण पढ्न पाइन्छ । यस किसिमको परिश्रम गर्नुपरेको कारण पनि के छ भने श्री पौडेलले ज्यादै थोरै थाहा पाइएका विद्वान्‌हरूका जीवनी र योगदान पक्षलाई प्रस्तुत गर्ने महत्त्वाकाङ्क्षा राख्नु भएकोले हुनुपर्दछ ।

आजसम्म खास गरी नागर विद्वान् र विद्वत्परम्पराका बारेमा मात्र बढी केन्द्रित भएर इतिहास वा समीक्षा लेखिने गरिएको पाइन्छ भने यस ग्रन्थमा ग्रामीण सन्दर्भमा विद्वत्परम्परा कायम गर्ने विद्वान्‌हरूका बारेमा चासो देखाइएको छ । नगर क्षेत्रका सुखसुविधाविहीन भएर भीर, पाखा, हिलो, गोबर र धूलोमा लिप्त हुनु परेर पनि ग्रामीणक्षेत्रमा संस्कृत शिक्षाको परम्परा कायम गर्ने ती अविवेच्य पण्डितहरूका बारेमा हामीलाई जानकारी दिएर श्री पौडेलले एउटा राम्रो उदाहरण प्रस्तुत गर्नुभएको छ ।

श्री पौडेलको यस ग्रन्थमा पहिलो स्थान दिइएका रङ्गनाथ पौडेलसम्बन्धी यति विवरण पनि हामीले यथोचित परिप्रेक्ष्यमा पढ्न पाइएको थिएन । यहाँ प्रस्तुत छोटकरी विवरणहरू पढेर पनि हामीजस्ता पाठकलाई रङ्गनाथ पौडेलको वंश-परिवारबारे बढी जान्न उत्सुकता लागेर आउँछ, किनभने उनको वंशको नेपालको इतिहासमा राजनीतिक महत्त्व पनि छ । स्वयं रङ्गनाथ प्रधानमन्त्री पदमा पुग्ने पहिला ब्राह्मण थिए र यसबाट उनको व्यक्तित्वमा विद्वता र राजनीतिको समन्वय भएको पाइन्छ ।

उक्त पौडेल वंशको राजनीतिक महत्त्वाकाङ्क्षाको प्राचीनताबारे विशेष ज्ञान पाउन नसके पनि रङ्गनाथका पिता व्रजनाथ श्री ५ प्रतापसिंह शाहको स्वर्गवास भएको लगत्तैपछिको राजनीतिक संकटको अवसरमा राजकाजी कारणले चारपाटा मुडिई देशनिकालाको सजाय पाउन पुगेका थिए ।

यी व्रजनाथ श्री ५ प्रतापसिंह शाहका तन्त्रोपासनाका साथी गुरु थिए र **पुरश्चर्यार्णव** नामले प्रसिद्ध तन्त्रशास्त्रको संग्रह ग्रन्थ यही मित्रताको प्रतिफल हो जस्तो मलाई लागेको छ ।

अन्य कतिपय विद्वान्‌हरूका जीवनीबारे पनि पहिलोपल्ट यसै ग्रन्थमा चर्चा पाइनु उत्तिकै उल्लेखनीय छ ।

त्यस्तै, यो ग्रन्थको अवलोकन गर्दा सबभन्दा सुखद् संयोग एउटै बौद्धिक मण्डल (संशोधन मण्डल) का चार / चार जना श्री नयराज पन्त, श्री ज्ञानमणि नेपाल, श्री महेशराज पन्त र श्री दिनेशराज पन्तका जीवनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

एकै ठाँउमा पढ्न पाइने कुरामा देखिन्छ । आफूले ठूलो महत्त्वाकाङ्क्षा राखी करीब ४० वर्षअघि स्थापना गर्नुभएको **संशोधन मण्डल** आजसम्म झाङ्गिएर कर्मठ र लगनशील विद्वान् तथा इतिहासकारहरू समाजमा प्रतिष्ठापित भएको देख्दा श्री नयराजज्यूलाई कति गौरव लाग्दो हो । संशोधन मण्डल र त्यसका उत्पादनहरू आज यत्रतत्र छरिएर चेतनाको ज्योति फैलाउने काममा संलग्न भएको देख्न पाउनु पनि नेपाली समाजका लागि सुखकर छ भन्ने कुरामा दुइमत हुनसक्दैन ।

साथै, विचारपूर्वक हेरेका खण्डमा यस ग्रन्थको आकारले पनि आर्को विशिष्टता थपेको बुझ्न सकिन्छ । नेपाली भाषामा प्रकाशित बृहदाकार थोरै ग्रन्थहरूमा यस ग्रन्थको पनि गणना हुने अनुमान गर्न सकिन्छ । यस रूपमा श्री पौडेलको यो कृतिले नेपाली भाषामा निबन्ध वाङ्मयमा श्रीवृद्धि गरेको छ ।

विषयको प्रस्तुति-शैलीमा श्री भूपहरि पौडेल सिद्धहस्त देखिनुहुन्छ र विद्वान्हरूको जीवनी प्रस्तुत गर्दा एकातिर रहस्य र रोमाञ्चका घटना सामेल गरी ग्रन्थमा रोचकताको गुण थपिदिनु भएको छ भने ठाउँ-ठाउँका इतिहासका पक्षबारे पनि उहाँले ध्यान दिएर आफ्नो यस ग्रन्थमा वैशिष्ट्य ल्याउनु भएको छ ।

हाल हामीकहाँ संस्कृतको स्थान र उपयोगिताबारे निकै हल्लीखल्ली, समर्थन र विरोध भइरहेको मौकामा यस ग्रन्थको प्रकाशनको आफ्नै किसिमको औचित्य छ । हजारौँ वर्षदेखि एक विशाल भू-खण्डमा शासन-सञ्चालनको एक सशक्त शासनमाध्यम एवं बुद्धिवाद वा प्रज्ञाको महोदधि रही आएको संस्कृतको विशाल वाङ्मय र त्यसका साधक-सेवक-समर्थकहरूका बारेमा जति लेखे पनि कमै छ भन्नुपर्दछ । नेपालमा त एकसरो संस्कृत साहित्यको इतिहास पनि लेख्न नसकिएको स्थितिमा यति सामग्री आउनु पनि उपलब्धि हुन गएको छ ।

हुन त नेपालको सन्दर्भमा मात्रै विचार गरेरभन्दा पनि संस्कृतको भाव र अभावबाट शासन-व्यवस्था र समाजमा के कस्तो अन्तर हुँदो रहेछ भन्ने कुराको अनुमान गर्न सकिन्छ । संस्कृतको बौद्धिक आधार हुन्जेल स्वावलम्बन रहेको देखिन्थ्यो भने अङ्ग्रेजीको भर परेदेखि परावलम्बन र अनैतिकताको बढिबढाउ भएको देखिन्छ । यस्तो तुलना गर्न हामीलाई परिस्थितिले नै बाध्य तुल्याएको छ । यस धारणात्मक परिप्रेक्ष्यमा पौडेलज्यूले कठिन परि श्रमपूर्वक प्रस्तुत गर्नुभएको यस ग्रन्थको सार्थकता सबै पाठकहरूले पाउनुहुने नै छ ।

यस ग्रन्थलाई विद्वत् र विद्याविलासी समाजसामु ल्याउने ठूलो श्रेयमा श्री भूपहरिज्यूको मात्र एकाधिकार ठहर्दैन किनभने त्यसमा उदार प्रकाशकले पनि दाबी गर्न पाउनु पर्दछ । बृहत्काय ग्रन्थलाई आधुनिक प्रविधि, चित्र र अन्य साजसज्जाले सिंगारेर समाजसामु ल्याउने काम सानो चित्तले गर्नसक्दैन । प्रत्येक पाठकले उहाँलाई पनि अवश्य सम्झिने छन् भन्ने विश्वास गर्न सकिन्छ ।

कठिन परिश्रमबाट तयार पारिएको यस ग्रन्थको स्वागत प्रज्ञानप्रेमी सबैले गर्नु हुने नै छ भन्ने विश्वास पनि यहाँ व्यक्त गर्न चाहन्छु ।

यस ग्रन्थमा मलाई पनि आंशिक रूपमा सम्मिलित हुन मित्रतापूर्ण आमन्त्रण गर्नुभएकोमा म लेखक महोदयप्रति हार्दिक आभार पनि व्यक्त गर्दछु । आगामी दिनहरूमा उहाँले यस्तै अरू गहकिला कृतिको उपहार समाजलाई दिँदै रहनुहुने दृढ विश्वास पनि लिइ नै रहने छु ।

डा. जगदीशचन्द्र रेग्मी

२०५०-३-९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

विषयसूची

(क) अनुसन्धान परिचय

(ख) दुइ शब्द

(ग) विषयसूची

(घ) चित्रसूची

परिच्छेद १

संस्कृतको अध्ययन, अध्यापन र ग्रन्थरचनामा समर्पित केंही विद्वान्

१. राजगुरु पण्डितराज रङ्गनाथ पौडेलको पाण्डित्य — १-११

(अ) परिचय - १ (आ) अन्य सामग्रीको सुराक - ३ (इ) जीवनी - ४ (ई) केही किम्बदन्ती - ६ (उ) कुल पूजा - ८ (ऊ) नेपालका प्रधानमन्त्री - ८

२. सरदार छविलाल "सूरि"को परिचय — १२-२९

(अ) प्रारम्भ - १२ (आ) जीवनी - १५ (इ) कृति - २० (ई) नेपालीय विशालनगरस्थ छविलालसूरिणाम् - २१ (उ) अनुवाद - २१ सामग्री भागअन्तर्गत - (क) चिठी (अङ्ग्रेजीमा) (ख) चिठी अनुवाद (नेपालीमा) (ग) बिन्तिपत्र - २५ (घ) जगन्नाथले छविलाललाई पठाएको पत्र - २५ (ङ) प्रभाकरी कं.को बील - २७ (च) भरपाइ - २७ (छ) ....प्रथम महायुद्धको वर्णनबाट - २८ (ज) सन्दर्भ स्रोत -. २९

३. पण्डित जगन्नाथ अर्ज्यालको जीवनी — ३०- ४५

(अ) उठान - ३० (आ) ऐतिहासिक परिचय - ३१ (इ) अर्ज्याल थरको परम्परा - ३३ (ई) जीवनी - ३४ सामग्री भागअन्तर्गत - (क) ऐतिहासिक पत्र - ४० (ख) ऐतिहासिक पत्र - ४० (ग) ऐतिहासिक पत्र - ४१ (घ) ऐतिहासिक पत्र - ४१ (ङ) जगन्नाथले लेखेको चिठी - ४२ (च) मित्रलालले जगन्नाथलाई लेखेको चिठी - ४२ (छ) रश्मीराजले लेखेको चिठी - ४३ (ज) रश्मीराजले लेखेको चिठी - ४३ (झ) रश्मीराजले लेखेको चिठी ४४ (ञ) सन्दर्भ ग्रन्थ - ४५ (ट) सन्दर्भ पत्रिका - ४५ (ठ) सामग्री स्रोत - ४५

४. व्याकरणका धुरन्धर विद्वान् विश्वनाथ रिमाल — ४६-७२

(अ) प्रवेश - ४६ (आ) जीवनी - ४८ सामग्री भागअन्तर्गत- (क) हस्तलिखित कर्मकाण्ड - ५५-६७ (ख) कृष्णप्रसाद शर्मा धिमिरेको पुस्तकबाट ६७-७१ (ग) देवाली (कुमार रिमाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. तन्त्रशास्त्रका विशिष्ट विद्वान् गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी ७३-८०

(अ) परिचय ७३ (आ) जीवनी - ७४ (इ) अन्य प्रमुख विवरण - ७५ (ई) सामग्री स्रोत - ८०

६. व्याकरणका विशियष्ट विद्वान् दधिराम पौडेल ८१-९७

(अ) परिचय - ८१ (आ) जन्म र परिवार - ८३ (इ) आमाको थैलीबाट -। ५० पैसा.......... - ८५ (ई) काठमाडौंमा दधिराम - ८६ (उ) विश्वनाथ रिमालको कृपा - ८६ (ऊ) कही शिंष्यहरू - ८७ (ऋ) राजदरबारमा अध्यापक - ८८ (ॠ) दानको विषयमा ८९ (ऌ) पेटमा तीनओटा प्वाल ९० (ॡ) विवाह र अन्य कुरा - ९० (ए) सासूससुरा र पत्नीको अवसान - ९० (ऐ) गङ्गाप्रसाद पौडेल - ९१ (ओ) आमाको देहावसान - ९१ (औ) खेतबारी - ९२ (अं) गुरुभक्ति - ९२ (अः) थेगो - ९२ (अ) अतिजा विष्णुप्रसाद - ९२ (आ) दिनचर्चा - ९३ सामग्री भागअन्तर्गत- (क) पौडेल वंशप्रकाश, बाट - ९४ (ख) सैपूका पौडेलको संक्षिप्त वंशावली, बाट - ९४ (ग) नवग्रह स्तोत्र, बाट - ९५ (घ) पं. दधिराम - ९५ (ङ) नेपालमा पाणिनि व्याकरणको अध्ययन परम्परा, बाट - ९६ (च) सन्दर्भ ग्रन्थ - ९७ (छ) सन्दर्भ पत्रिका - ९७ (ज) अप्रकाशित लेख - ९७ (झ) सामग्री स्रोत - ९७

७. व्याकरण र धर्मशास्त्रका उद्भट विद्वान् टेकनाथ पौडेल ९८-१०७

(अ) परिचय - ९८ (आ) सामग्री - १०० (इ) जीवनी - १०१ सामग्री भागअन्तर्गत - (क) १९९६ साल आश्विनमा मध्यमा परीक्षाका जाचमा रहने निरीक्षकहरूको सूची - १०५ (ख) नेपालमा पाणिनिव्याकरणको अध्ययन परम्परा, बाट - १०५ (ग) पं. एकनाथ शर्माले लेखेको चिठी - १०६ (घ) सामग्री स्रोत - १०७

८. व्याकरणका विद्वान् हेमनाथ घिमिरेको संक्षिप्त जीवनी १०८-१२४

(अ) परिचय - १०८ (आ) जीवनी - १०९ सामग्री भागअन्तर्गत- (क) गुरोरभ्यर्थना ११२ (ख) उपहार पुष्पाञ्जलिः - ११३ (ग) केही चिठी - ११८-१२३ (घ) छात्रवृत्तिको स्थापना - १२३ (ङ) पं. हेमनाथ छात्रवृत्ति स्थापना - १२४ (च) सन्दर्भ स्रोत - १२४

९. पण्डितप्रवर पद्मप्रसाद भट्टराईको संक्षिप्त जीवनी १२५-१५४

(अ) मैले पद्मप्रसादलाई कसरी चिनें - १२५ (आ) साँभलीस्थान नाम कसरी रह्यो - १३० (इ) वंशाक्रम - १३२ (ई) जीवनी - १३२ (उ) गुरुहरू - १३३ (ऊ) कर्मशील जीवन - १३४ (ऋ) ल ट्टे खड्का - १३५ (ॠ) पक्षाघात रोग - १३७ (ऌ) पारिवारिक जीवन - १३८ (ॡ) साँभलीस्थानको प्रेम - १४० सामग्री भागअन्तर्गत- (क) समस्यापूर्तिहरू १४१-१४२ (ख) अभिनन्दनपत्र - १४२ (ग) बहुमत कि वास्तवमत १४४ (घ) पञ्चाङ्ग सुधारको विषयमा श्री ५ को सरकार शिक्षामन्त्रालयमा पञ्चाङ्ग विवेचक समितिले चढाएको प्रतिवेदनको सारांश - १४६ (ङ) नेपाल झिकाउँदा नेपाल सरकारबाट गएको पुर्जीको नमूना - १४८ (च) काजको जनाउ - १४९ (छ) आजीवन भत्ता - १५० (ज)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDT

प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु मानपदवीको प्रमाणपत्र - १५० (झ) देहान्तपछिको पारिवारिक सहुलियत - १५१ (ञ) दुइटा शोक समाचार - १५२ (१) श्री भट्टराईको स्वर्गवास - १५२ (२) शोकसभा - १५२ (ट) सन्दर्भ ग्रन्थ - १५३ (ठ) सन्दर्भ जानकारी - १५४

१०. कविराज उमानाथ आचार्यको जीवन-चरित्र १५५-१९०

सामग्री भागअन्तर्गत (क) नेपालमा आयुर्वेदको पठनपाठनसम्बन्धी पत्राचार - १६३-१७२ (ख) संहितासारवाङ्मप्या त्रेताकाण्डस्य उपोद्घातः - १७२-१७४ (ग) त्रेताकाण्डम् - १७४-१९७ (घ) सन्दर्भ सामग्री - १९७ (ङ) टेप अन्तर्वार्ता - १९८ (च) सामग्री स्रोत - १९८

११. अग्निहोत्री कविराज तीर्थराज आचार्यको जीवन-वृत्तान्त १९९-२३९

(अ) परिचय - १९९ (आ) ऐतिहासिक सन्दर्भ - २०० (इ) जीवनवृत्त - २०१ (ई) पढाउने गुरुहरू - २०२ (उ) मानसम्मान र पदवी - २०३ (ऊ) कृष्णप्रसाद आचार्यको पाण्डित्य - २०४ (ऋ) शाम्भवीदेवी (साम्बवती) - २०६ (ॠ) देवीप्रसाद बाग्लेको सिद्धि - २०७ (ऌ) तनहुँ चुँदीरम्घामा स्थापना भएको वेदाश्रम - २०९ (ॡ) ठमेलमा स्थापना भएको वेद-वेदाङ्ग विद्यालय - २१३ (ए) अग्निहोत्रको प्रारम्भ - २१६ सामग्री भागअन्तर्गत - (क) तनहुँको वेदाश्रममा अध्ययन गरेका विद्यार्थी - २१९ (ख) वेद-वेदाङ्ग विद्यालय (ठमेल)का गुरुवर्ग - २२२-२२४ (ग) वेदा-वेदाङ्ग विद्यालय (ठमेल) का विद्यार्थीवर्ग - २२४-२३३ (घ) सरस्वती वन्दना - २३४ (ङ) शुभकामना - २३५ (च) परीक्षाफल - २३५ (छ) वेद-वेदाङ्ग विद्यालय - २३६ (ज) वेद-वेदाङ्ग विद्यालयको परीक्षाफल - २३६ (झ) राजधानीमा लक्ष्यहोमको आयोजना - २३६ (ञ) जगद्गुरुद्वारा दोसल्ला - २३६ (ट) वार्षिकोत्सव समाचार - २३७ (ठ) सन्दर्भ स्रोत - २३९ (ड) सामग्री स्रोत - २३९

१२. डा.हरिदेव मिश्रको पाण्डित्य २४०-२५०

(अ) परिचय - २४० (आ) जीवनी - २४१ (इ) निधन - २४२ सामग्री भागअन्तर्गत - (क) अभिनन्दन (संस्कृतमा) - २४३ (ख) अभिनन्दनको नेपाली रुपान्तर - २४५ (ग) प्रथमः संस्कृतविद्वान् - २४७ (घ) मिश्रको निधन - २४७ (ङ) डा. मिश्रको निधनमा शोकसभा - २४८ (च) संक्षिप्त समाचार - २४८ (छ) शोकसभा - २४८ (ज) डा. हरिदेव मिश्रको निधन - २४९ (झ) शोक प्रकट - २४९-२५०

१३. पूर्वाञ्चलका न्यायका विशिष्ट विद्वान् पुरुषोत्तम भट्टराई २५१-२५९

(अ) पुरुषोत्तम भट्टराई - २५४ (आ) सामग्री स्रोत - २५९

१४. निम्बार्क वेदान्तका विशिष्ट विद्वान् हरिशरण उपाध्यायको पाण्डित्य २६०-२८१

(अ) परिचय - २६० (आ) पुर्ख्यौली इतिहास - २६१ सामग्री भागअन्तर्गत - (क) शुभकामना र कृति - २६७-२८१ (ख) सामग्री स्रोत - २८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद २

संस्कृत र नेपाली (दुवै क्षेत्र) को अध्ययन, अध्यापन, सिर्जनात्मक र अनुसन्धानात्मक लेखनमा समर्पित केही विद्वान्

१५. साहित्यका विशिष्ट विद्वान् देवीदत्त पराजुली २८२-२८६

(अ) परिचय - २८२ (आ) जीवनी - २८३ (इ) सामग्री स्रोत - २८६.

१६. प्रतिभाका कुबेर विद्वच्छिरोमणि कुलचन्द्र गौतम २८७-२९३

(अ) परिचय - २८७ (आ) जीवनी - २८९ (इ) कृति - २९१ सामग्री भागअन्तर्गत - (क) शोक समाचार - २९२-२९३ (ख) सामग्री स्रोत - २९३

१७. पण्डित दधिराम मरासिनीः संक्षिप्त अवलोकन २९४-३०२

(अ) कृति (संस्कृतमा) - २९७ (आ) नेपालीमा प्रकाशित (नेपालीय भाषा श्लोक संग्रहमा) - २९७ सामग्री भागअन्तर्गत - (क) दधिरामको एक अप्रकाशित कृति - २९८ (ख) सामग्री स्रोत - ३०२

१८. पण्डितराज सोमनाथ सिग्देलको जीवनी र प्राज्ञिक योगदान ३०३-३२०

(अ) परिचय - ३०३ (आ) जीवनी - ३०५ (इ) कृति - ३०८ (ई) सन्तानको अनिवार्यतामा प्रकाश - ३०९ सामग्री भागअन्तर्गत - (क) विद्वान्हरूको सम्मति - ३११ (ख) शोक समाचार - ३१४-३१९ (ग) पण्डितराज सोमनाथ पुरस्कार स्थापित - ३१९ (घ) सन्दर्भ ग्रन्थ - ३२० (ङ) सन्दर्भ सहयोग - ३२०

१९. राजज्योतिषी राधानाथ लोहनी ३२१-३२५

(अ) परिचय - ३२१ (आ) जीवनी - ३२१ (इ) कृति - ३२३ (ई) सन्दर्भ ग्रन्थ - ३२५ (उ) सामग्री स्रोत - ३२५

२०. साहित्यका विशिष्ट विद्वान् गोविन्दप्रसाद भट्टराईको संक्षिप्त जीवनी ३२६-३७६

(अ) परिचय - ३२६ (आ) झाँगाझोलीका केही प्रतिभा - ३२६ (इ) सेतु पाध्या अचार्ज (आचार्य) - ३२७ (ई) पण्डित जगन्नाथ भट्टराई - ३२७ (उ) पण्डित रामनाथ भट्टराई - ३३० (ऊ) पण्डित डिल्लीश्वर भट्टराई - ३३० (ऋ) पण्डित मुक्तिनाथ दाहाल - ३३१ (ॠ) पण्डित विष्णुविनोद दाहाल - ३३३ (ऌ) पण्डित मीनकुमार दाहाल - ३३४ (ॡ) नरनाथ पोखरेल - ३३४ (ए) आगन्तुक प्रतिभा - ३३५ (ऐ) पण्डित टीकानाथ बुङ्गाना - ३३५ (ओ) भूदेव टीकादत्त धिताल - ३३७ (औ) कृति - ३३९ (अं) मित्र - ३४० (अः) श्री विषा नेपालको इतिहास - ३४२ (अ) अनौठो पुस्तक - ३४३ (आ) शिवताण्डव - ३४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

(इ) शिवताण्डव पुस्तकभित्रका तेही तालिका - ३४६ (ई) भट्टराईको पुरख्यौंली परम्परा - ३४७ (उ) देवाली - ३४८ (ऊ) जीवनी - ३४९ (ऋ) काठमाडौं जाँदाको घटना - ३५० (ॠ) श्रीगुरु देवीदत्त पराजुलीसँग अध्ययन - ३५० (ऌ) विवाह र जागिर - ३५१ (ॡ) गोरखादक्षिणवाहु - ३५१ (ए) सहकर्मी विद्वान् - ३५१ (ऐ) कृति - ३५१ (ओ) अप्रकाशित कृति - ३५२ (औ) फुटकर कृति - ३५२ (अं) शिष्य - ३५३ (अः) खेतबारी - ३५३ (अ) अन्य कुरा (आ) सन्तानको कार्यक्षेत्र - ३५३ सामग्री भागअन्तर्गत - (क) सेतेपाटीको शिलालेख - ३५४ (ख) चन्द्रशेखर पाध्याले पाएको विर्ताको तामापत्र - ३५५ (ग) मूलककोटको शिलालेख - ३५७ (घ) तामापत्र - ३६० (ङ) जङ्ग सन्ततिको पर्चा - ३६२ (च) अभिनन्दनपत्र - ३६४ (छ) परेवाडाँडाका राणाहरूको इतिहास - ३६५ (ज) डिल्लीश्वर भट्टराईका केही रचना प्रकाशित र अप्रकाशित (दुवै) - ३६८ (झ) के. आई सिंहले लेखेको चिठी - ३७५ (ञ) सामग्री स्रोत - ३७८

२१. ज्योतिषका अतिविशिष्ट विद्वान् नयराज पन्त ३७७–३९६

(अ) प्रस्तावना - ३७७ (आ) जीवनवृत्त - ३७८ (इ) संस्कृत पाठशाला - ३८४ (ई) नयराज पन्तको विद्यालयमा पढ्ने विद्यार्थीहरू - ३८४ (उ) इतिहास संशोधनको परम्परा - ३८६ (ऊ) नयराज पन्तलाई हेमराज शर्माले लेखेको चिठी - ३८८ (ऋ) उपोद्घात र कृति - ३८९ (ॠ) पुरस्कार - ३९१ (ऌ) श्री ५ को सरकारमा नयराज पन्तले चढाएको निवेदन - ३९२ (ॡ) लियो.ई. रोजले गोकुलचन्द्रलाई लेखेको पत्र - ३९४ (ए) लिच्छविसंवत्को निर्णयमा नयराज पन्तको विचार - ३९५ (ऐ) सन्दर्भ स्रोत - ३९६

२२. मन्थलीका विशिष्ट विद्वान् भरतराज मन्थलीयको जीवनी ३९७–४१८

(अ) उठान - ३९७ (आ) पुर्ख्यौंली परम्परा - ३९८ (इ) जन्मको रोचक प्रसङ्ग - ४०५ (ई) भरतराजको मावली हाँगो - ४०५ (उ) अक्षरारम्भ - ४०६ (ऊ) व्रतबन्ध - ४०६ (ऋ) विवाह र सन्तान - ४०७ (ॠ) अध्ययन - ४०९ (ऌ) जागिरे जीवन - ४०९ (ॡ) मानसम्मान - ४१० (ए) कृति - ४११ (ऐ) संस्मरण र प्रेरणा - ४१२ (ओ) शिष्यहरू - ४१३ (औ) आत्मीय साथीहरू - ४१३ (अं) अन्य कुरा - ४१४ सामग्री भागअन्तर्गत - (क) कृष्णाभिसर्पणम् - ४१५ (ख) मन्थली भैंसेसुरको शिलालेख - ४१७ (ग) मन्थली भ्याउरेको शिलालेख - ४१८ (घ) सामग्री स्रोत - ४१८

२३. न्यायका विद्वान् चेतोनाथ शर्मा आचार्य ४१९–४३७

(अ) परिचय - ४१९ (आ) पुर्ख्यौंली परम्परा - ४२१ (इ) जीवनी - ४२२ सामग्री भागअन्तर्गत - (क) चेतोनाथले लेखेको आफ्नो जीवनी - ४२५ (ख) प्रशंसापत्र - ४२८ (ग) प्रमाणपत्र - ४२९ (घ) नैतिकशिक्षा कार्यक्रम चलाउने - ४२९ (ङ) प्रशंसा-पत्र - ४३० (च) प्रशंसापत्र - ४३० (छ) प्रशंसापत्रम् - ४३१ (ज) परिचयपत्र - ४३१ (झ) प्रमाणपत्र - ४३२ (ञ) प्रमाणपत्र - ४३४ (ट) सामाजिक सेवा कार्यक्रम - ४३५ (ठ) प्रमाणपत्र - ४३६ (ड) प्रमाणपत्र - ४३७ (ढ) प्रमाणपत्र - ४३७ (ण) सामग्री स्रोत - ४३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. नयाँ पिँढीका प्रतिभाशाली विद्वान् डा. माधव भट्टराई ४३८-४५१

(अ) परिचय - ४३८ (आ) भौगोलिक परिचय - ४३९ (इ) खर्दार टोल - ४३९ (ई) खर्दार रङ्गलाल भट्टाराई - ४४० (उ) अक्षरारम्भ - ४४२ (ऊ) शिक्षा आर्जन - ४४२ (ऋ) पारिवारिक अवस्था - ४४३ (ॠ) पढाउने गुरुहरू - ४४४ (लृ) सेवा - ४४४ (लॄ) पुरस्कार र पदक - ४४४ (ए) कृति - ४४५ (ऐ) सहयोगी साथीहरू - ४४५ सामग्री भागअन्तर्गत - (क) व्यर्थोवसन्तागमः - ४४६ (ख) वैशाख - ४४७ (ग) भोलिका गहना - ४४८ (घ) सफलताको कथा - ४५० (ङ) श्री भट्टराईलाई विद्यवारिधि उपाधि ४५० (च) सामग्री स्रोत - ४५१

परिच्छेद ३

संस्कृतमा गहिरो विद्वत्ता आर्जन गरेर पनि नेपाली भाषा, साहित्य, व्याकरण, पत्रकारिता र इतिहास-संस्कृतिको अध्ययन, अनुसन्धान गरी सृजनात्मक तथा अनुसन्धानात्मक ग्रन्थरचनामा समर्पित केही विद्वान्

२५. सैपूका पहिला विद्वान् ऋषिकेश पाध्या पौडेल ४५२-४७२

(अ) परिचय - ४५२ (आ) पौडेल थरको परम्परा - ४५२ (इ) पौडेलहरूको देवाली पद्धति - ४५५ (ई) सैपूको इतिहास - ४५७ (उ) ऋषि पाध्याको बारेमा - ४५८ सामग्री भागअन्तर्गत - (क) ऋषिकेश पाध्याले लेखेको वेद - ४५९ (ख) सैपूका पुराना सामग्री - ४६० (ग) सैपूमा भएका पुराना कागजपत्रहरूको सूची - ४६० (घ) सैपूको ताम्रपत्र - ४६१ (ङ) ताम्रपत्रको नेपाली अनुवाद - ४६२ (च) ताम्रपत्रका सम्बन्धमा - ४६२ (छ) लालमोहर - ४६३ (ज) स्याहामोहोर - ४६३ (झ) सलामी बुझाएको रसीद - ४६४ (ञ) ठाडीजङ्गी गोदामको रसीद - ४६४ (ट) श्रीका व्रतबन्ध विवाहमा मुवारक बुझाएको रसीद - ४६५ (ठ) मुवारक बुझाएको रसीद - ४६५ (ड) गादी मुवारक बुझाएको रसीद - ४६५ (ढ) गोडधुवा बुझाएको रसीद - ४६६ (ण) त्रिखण्डी बुझाएको रसीद - ४६६ (त) सुवा वलभद्रज्यूकस्य पुर्जी - ४६७ (थ) जङ्गी जाँचको पुर्जी - ४६८ (द) टींगरी मैदानमा रसद बुझाएको रसीद - ४६९ (ध) सलामी बुझाएको रसीद - ४७० (न) सलामी बुझाएको रसीद - ४७१ (प) रसद बुझाएको रसीद - ४७१ (फ) जङ्गी परेठलाई रसद बुझाएको रसीद - ४७२ (ब) सन्दर्भ सामग्री - ४७२ (भ) सामग्री स्रोत - ४७२।

२६. वैदिक वीरभद्र पाध्या पौडेलको संक्षिप्त परिचय ४७३-४८५

(अ) परिचय - ४७३ (आ) पौडेल थर कसरी रह्यो ? - ४७४ (इ) जीवनी - ४७४ सामग्री भागअन्तर्गत (क) ऐतिहासिक सामग्री - ४७६ (ख) लिखापत्र - ४७९ (ग) विर्ता थमौति पत्र - ४८० (घ)लिखापत्रको पाठभेद - ४८१ (ङ) थमौतिपत्रको पाठभेद - ४८१ (च) रामचन्द्र आलेलाई पत्र - ४८१ (छ) बम्बहादुर राणा कुवरको पत्र - ४८२ (ज)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

लिखापत्र - ४८३ (झ) लिखापत्र - ४८३ (ञ) रघुपतिको स्वभाव - ४८३ (ट) वीरभद्र - ४८४ (ठ) सन्दर्भ ग्रन्थ - ४८५ (ड) सामग्री स्रोत - ४८५

२७. वैयाकरण नेपालका सम्बन्धमा संक्षिप्त अध्ययन ४८६-४९४

(अ) प्रस्तावना - ४८६ (आ) जीवनी - ४८७ (इ) वैयाकरणसम्बन्धी केही तिथिमिति - ४८८ (ई) व्यक्ति र कृति - ४८९ (उ) कृति - ४८९ । सामग्री भागआन्तर्गत (क) घर किनेको - ४९० (ख) झापामा जग्गा पाएको - ४९१ (ग) वैयाकरणले घर बनाउँदा लिएको ऋणमा जग्गा बन्धकी दिएको कागत - ४९१ (घ) टक्सार अ ड्डाले सरकारी दस्तुर उठाउने कर्मचारीलाई लेखेको पुर्जा - ४९२ (ङ) डि. बीरवहादुरले वैयाकरणलाई लेखेको पत्र - ४९२ (च) वैयाकरणलाई एक अज्ञात खण्डित पत्र - ४९२ (छ) पुष्पलाल उपाध्यायले काठमाडौँबाट पठाएका २ चिठी - ४९३ (ज) सामग्री स्रोत - ४९४ (झ) सन्दर्भ जानकारी - ४९४

२८. पूर्वी भेगका ज्योतिषी पद्मप्रसाद (घनश्याम) पौडेल ४९५-५०५

(अ) परिचय - ४९५ (आ) जीवनी र कृति - ४९६ (इ) अध्ययन - ४९६ (ई) कृति - ४९७ (उ) वंशवर्णन - ४९८ (ऊ) कविता - ४९९ (ऋ) पद्मविरोचनको दुइटै संस्करणको गाता - ५०० (ॠ) पद्मविरोचनको पहिलो संस्करणको भूमिका - ५०१ (लृ) निवेदन - ५०२ (लृ) मङ्गलाचरण - ५०३ (ए) प्रार्थना - ५०४ (ऐ) राशिचक्र - ५०४ (ओ) सकृतचन्द्र - ५०५

२९. पण्डित तीर्थप्रसाद ढुङ्गानाको संक्षिप्त परिचय ५०६-५१२

सामग्री भागअन्तर्गत (क) खड्ग निशाना - ५०९ (ख) खड्ग निशाना - ५१० (ग) अभिनन्दनपत्र - ५११ (घ) सन्दर्भ स्रोत - ५१२ ।

३०. व्याकरणविद् रोहिणीप्रसाद भट्टराईको जीवनी ५१३-५१८

(अ) परिचय - ५१३ (आ) जीवनी - ५१४ (इ) कृति - ५१७ (ई) शिष्य - ५१७ (उ) रुचिको विषय - ५१८ (ऊ) अन्य कुरा - ५१८ (ऋ) सामग्री स्रोत - ५१८ (ॠ) सन्दर्भ स्रोत - ५१८ ।

३१. दाताराम शर्माको पाण्डित्य ५१९-५३२

जीवनी सामग्री भाग (अ) कविता - ५२३-५२८ (आ) अन्य सामग्री - ५२८-५३१

३२. सैपूका पण्डित हरिप्रसाद पौडेलको जीवनी - ५३३-५४४

(अ) परिचय - ५३३ (आ) सैपूको विद्वत्परम्परा - ५३४ (इ) जीवनी - ५५३६ सामग्री भागअन्तर्गत - (क) साम्बभक्त शर्माले लेखेको चिठी - ५४० (ख) तद्वितपूजायां समुपस्थिता मामकीनाः स्नेहभाजनाः - ५४० (ग) शकुन्तलाको प्रभावबाट - ५४१ (घ) छात्र र विद्यार्थी - ५४२ (ङ) वसन्तोत्सव - ५५४३ (च) सन्दर्भ स्रोत - ५४४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३३. ज्ञानमणि नेपालको जीवनीमा संक्षिप्त प्रकाश ५४५-५७६

(अ) जीवनी - ५४५(आ) नयराज पन्तले दिएको योग्यताको प्रमाणपत्र - ५५० (इ) कृति - ५५१ (ई) नेपाली साहित्यको अनुसन्धानकर्ताको रूपमा - ५५१ (उ) इतिहासको अनुसन्धान कार्यमा अर्को पाइलो - ५५४ (ऊ) संक्षिप्तमा - ५५५ सामग्री भागअन्तर्गत - (क) स्वमातृगम्बिकादेवया: सांवत्सरिकैकोदिष्ट श्राद्धदिने रचितानि पद्यानि - ५५७ (ख) स्वजन्मोत्सवदिने (श्रीपञ्चम्याम्) रचितानि पद्यानि - ५५८ (ग) अतिकष्टकरी यात्रा - ५५९ (घ) प्रकाशित कृति - ५७० (ङ) अप्रकाशित - ५७८

परिच्छेद ४

नेपालको विद्वत्परम्परा: संक्षिप्त अवलोकन (तत्काल भेटेसम्मको छोटो विवरण)

नेपालको विद्वत्परम्परा: संक्षिप्त अवलोकन ५७८-६४४

(अ) परिचय - ५७८ (आ) ज्योतिषी मनोरथ पाध्या - ५९१ (इ) दिव्यदेव पन्त - ५९२ (ई) डिल्ला लोकहरि अधिकारी - ५९५ (उ) विद्वच्छिरोमणि माहिला गुरुज्यू हेमराज पाण्डे - ५९९ (ऊ) महोपाध्याय शेषराज रेग्मी - ६०० (ऋ) पण्डित जयदेव अधिकारी - ६०१ (ॠ) पण्डित बदरीनाथ भट्टराई - ६०३ (ऌ) अति विशिष्ट विद्वान् योगी नरहरिनाथ - ६०४ (ॡ) अचेलका वेदव्यास कृष्णप्रसाद शर्मा घिमिरे - ६०५ (ए) चन्द्रप्रसाद (भवानीशङ्कर) ढुङ्गाना - ६०८ (ऐ) पूर्णप्रसाद ब्राह्मण - ६१० (ओ) दामोदर कोइराला - ६१३ (औ) जनकलाल शर्मा ढकाल - ६१४ (अं) टङ्कनाथ नेपाल, शास्त्री - ६१४ (अ:) विष्णुप्रसाद न्यौपाने ६१५ (अ) आत्माराम आचार्य - ६१६ डा. हरिप्रसाद आचार्य - ६१७ (आ) शङ्करप्रसाद सत्याल - ६१८ (इ) डा. टीकाराम पन्थी - ६२० (ई) डा. शिवराज आचार्य - ६२२ (उ) डा. महेशराज पन्त - ६२३ (ऊ) दिनेशराज पन्त - ६२४ (ऋ) काठमाडौंको पाठशालामा पूरै पढ्ने वा थेरथोर पढ्ने विद्यार्थीहरूको सम्झिएजतिको नामावली - ६४२ सन्दर्भ पुस्तक - ६४३ सन्दर्भ पत्रिका - ६४३ सन्दर्भ जानकारी - ६४३

परिशिष्ट

१. महेन्द्र संस्कृत विश्वविद्यालयसम्बन्धी सामग्री र अन्य १-२९

२. विभिन्न पुरस्कार पाएका संस्कृतज्ञहरूको विवरण ३०-३७

३. संस्कृत अध्ययन गरेर विभिन्न क्षेत्रमा लागेका व्यक्तिहरूको झलक ३८-५०

४. संस्कृत अध्ययन गरेर राजनीतिक क्षेत्रमा समर्पित व्यक्तिहरू ५१-५६

५. विवध क्षेत्रमा सफलता ५७-६३

६. केही उपयोगी लेखहरू ६४-७९

७. डा. तुलसीप्रसाद भट्टराईको निजी संग्रहबाट: विभिन्न फाँटमा फैलिएको संस्कृतको जनशक्ति: सर्सर्ती सर्वेक्षण ८०-११३

८. सन्दर्भ विवरण ११४-११७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

चित्रसूची

१. पं. रङ्गनाथ पौडेलको वंशवृक्ष १
२. राजगुरु पण्डितराज रङ्गनाथ पौडेल २
३. राजगुरु पण्डितराज रङ्गनाथ पौडेलको संक्षिप्त जीवन-चरित्र ३
४. सरदार छविलाल 'सूरि'का छोरा कुञ्जविलास उपाध्याय दुङ्गेल ४
५. जगन्नाथ मिश्रले छविलाल 'सूरि' लाई पठाएको पत्र ५
६. पं. जगन्नाथ अर्ज्यालको वंशवृक्ष ६
७. पं. जगन्नाथ अर्ज्याल ७
८. पं. जगन्नाथ अर्ज्यालको हस्तलिपि ८
९. पं. रश्मिराज अर्ज्याल ९
१०. पं. रश्मिराज अर्ज्यालको हस्तलिपि १०
११. पं. विश्वनाथ रिमाल शास्त्री ११
१२. पं. विश्वनाथ रिमालको हस्तलिपि १२
१३. पं. विश्वनाथ रिमालले श्रीमद्भागवत्को पहिलो श्लोकको ८४ किसिमको अर्थ गरेका छन् भनेर शैलेन्द्रनाथ रिमालले मौखिक जानकारी दिए अनुसार सोही हस्तलिखित ग्रन्थको प्रति १३
१४. पं. विश्वनाथ रिमाल शास्त्रीले यही रानीपोखरीमा जलसमाधि गरी देहत्यांग गरेका थिए १४
१५. गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी सन्ध्या वन्दनादि कर्ममा संलग्न १५
१६. गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी १६
१७. दुर्गानाथकी धर्मपत्नी डम्मरकुमारी अधिकारी १७
१८. गुरुज्यू दुर्गानाथ अधिकारीको हस्तलिपि १८
१९. पं. दधिराम पौडेलको वंशवृक्ष १९
२०. पं. नित्यानन्द पर्वतीय २०
(बलदेव उपाध्याय लिखित 'काशीकी पाण्डित्यपरम्परा' पुस्तकबाट)
२१. पं. दधिराम पौडेल २१
२२. पं. दधिराम पौडेलका खलकको देवाली: एक झलक २२
२३. पं. दधिराम पौडेलको हस्तलिपि २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. पं. दधिराम पौडेलको निवास २४
२५. पं. दधिराम पौडेलको दोभानखर्क २५
२६. पं. टेकनाथ पौडेलले मध्यमापरीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र २६
२७. पं. टेकनाथ पौडेलले व्याकरण विषयमा उपाध्याय पदवी पाएको प्रमाणपत्र २७
२८. पं. टेकनाथ पौडेल २८
२९. पं. टेकनाथ पौडेलको हस्तलिपि २९
३०. पं. हेमनाथ घिमिरेले मध्यमा परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र ३०
३१. पं. हेमनाथले उपाध्याय पदवी पाएको प्रमाणपत्र ३१
३२. पं. हेमनाथ घिमिरे ३२
३३. पं. हेमनाथकी धर्मपत्नी विष्णुकुमारी ३३
३४. पं. हेमनाथको हस्तलिपि ३४
३५. पं. हेमनाथको नाममा छात्रवृत्तिको स्थापना ३५
३६. पं. पद्मप्रसाद भट्टराईको हाँगो ३६
३७. पण्डितप्रवर पद्मप्रसाद जन्मिएको घर (सालुपाटी, दमाईंडाँडा) ३७
३८. पं. पद्मप्रसाद भट्टराई ३८
३९. पं. पद्मप्रसादको घरमाथि रहेको फत्तेदेवीको स्थान ३९
४०. पं. पद्मप्रसादको हस्तलिपि ४०
४१. (क) पं. पद्मप्रसादले पानी खाने रिठ्ठाको पँधेरो ४१
(ख) पं. पद्मप्रसादको घरबाट काठमाडौं आउने बाटो ४१
(ग) पं. पद्मप्रसादको लिपनटार खेत ४१
४२. (क) घ्याप्चे शिर भएको यो रणजोर खहरे हो ४२
(ख) रणजोर खहरेले पं. पद्मप्रसाद लगायत अरू धेरैको खेतबारी लगिसक्यो ४२
४३. (क) हीरादेवी भट्टराई र उनको परिवार - "यो घरमा तिमीहरू बस्नु" – पद्मप्रसाद ४३
(ख) "यो घरबारी मेरो कुलपितृ खेल्ने ठाउँ हो । यसलाई कहिल्यै नबेच्नू" – पद्मप्रसाद ४३
४४. पं. उमानाथ आचार्यको वंशवृक्ष ४४
४५. पं. उमानाथ आचार्य ४५
४६. पं. उमानाथ आचार्यको हस्तलिपि ४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

४७. (क) चण्डोलस्थित पं. उमानाथ आचार्यका घरको पछाडिपट्टिको भाग ४७
(ख) घरको अगाडिको पूरा भाग ४७
४८. पं. कविराज नरनाथ आचार्य ४८
४९. आहिताग्नि तीर्थराज आचार्यको वंशवृक्ष ४९
५०. पं. तीर्थराजको जन्मस्थान ५०
५१. पं. तीर्थराज आचार्यले चलाएको तनहूँको गुरुकुल अनुरूपको विद्यालयको झलक ५१
५२. अग्निहोत्रशाला, ठमेल ५२
५३. सपत्नीक अग्निहोत्री ५३
५४. अग्निहोत्रशालाको स्वरूप ५४
५५. पं. तीर्थराज आचार्य ५५
५६. तनहूँमा स्थापित हालको संस्कृत माध्यमिक विद्यालय ५६
५७. राष्ट्रपिता श्री ५ त्रिभुवनका तर्फबाट तीर्थराज आचार्यलाई प्राप्त भएको तार ५७
५८. लब्धाङ्क पत्रको नमूना ५८
५९. पं. हरिदेव मिश्र ५९
६०. पं. पुरुषोत्तम भट्टराई ६०
६१. पं. गणेशदत्त पाण्डेय ६१
६२. पं. हरिशरण उपाध्याय ६२
६३. पं. देवीदत्त पराजुली ६३
६४. पं. कुलचन्द्र गौतमका नाममा प्रकाशित हुलाक टिकटको पहिलो टाँचा ६४
६५. पं. दधिराम मरासिनी ६५
६६. पं. दधिराम मरासिनीको हस्तलिपि ६६
६७. पण्डितराज सोमनाथ सिग्देल ६७
६८. पण्डितराज सोमनाथ सिग्देलको हस्तलिपि ६८
६९. पण्डितराज सोमनाथ सिग्देलको नाममा प्रकाशित हुलाकटिकटको पहिलो टाँचा ६९
७०. पुरानो प्रमाणपत्रको नमूना ७०
७१. पं. राधानाथ लोहनी ७१
७२. पं. जगन्नाथ भट्टराई र उनकी धर्मपत्नी विष्णुकुमारी ७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७३. पं. जगन्नाथले तयार पार्न लगाएको यन्त्र (स्रोत: कृष्णमुरारी भट्टराई) ७३

७४. पं. जगन्नाथ भट्टराईको दाह संस्कार भएको सुनकोसीको पल्दुरीघाट ७४

७५. पं. रामनाथ भट्टराई ७५

७६. पं. मीनकुमार दाहाल ७६

७७. (क) नरनाथ पोखेलको घरमा. खासगरी २००७ सालभन्दा पहिले घरेलु पाठशाला चलेको थियो ७७

(ख) छोरी र श्रीमतीका साथनमा पं. टीकानाथ ढुङ्गाना ७७

७८. कुल पूजा गर्दाको चित्र ७८

७९. परेवाडाँडाका भट्टराईहरूको देवालीस्थान ७९

८०. (क) देवालीस्थानमा बोका काटिँदै ८०

(ख) देवालीस्थानमा अनुसन्धानकर्ता, दीपक भट्टराई, रामेश्वर भट्टराई (पछाडि उभिने) र अन्य ८०

८१. (क) परेवाडाँडाका भट्टराईहरूको वंशवृक्ष ८१

८२. (ख) परेवाडाँडाका भट्टराईहरूको वंशवृक्ष ८२

८३. पं. गोविन्दप्रसादको हाँगो ८३

८४. (क) पं. गोविन्दप्रसाद भट्टराई ८४

(ख) लोकमाता ८४

(ग) अच्युतकुमारी ८४

८५. (क) पं. गोविन्दप्रसाद भट्टराईको जन्मस्थान ८५

(ख) पं. गोविन्दप्रसादको महाराजगञ्जको निवास ८५

८६. पं. गोविन्दप्रसादले गोरखादक्षिण बाहु मानपदवी पाएको प्रमाणपत्र ८६

८७. सेतु पाध्याले सेतेपाटीमा स्थापना गरेको गणेशको काठमो मूर्ति ८७

८८. (क) फाँगाफोली परेवाडाँडामा अवस्थित रामटार ८८

(ख) परेवाडाँडाबाट खुलस्त देखिने वरपरको ठाउँ ८८

८९. (क) शिवप्रताप ज.ब.रा.को दरबार ८९

(ख) चन्द्रप्रताप ज.ब.रा.को दरबार ८९

९०. (क) आनन्द प्रताप ज.ब.रा.को दरबार ९०

(ख) छत्रप्रताप ज.ब.रा.को दरबार ९०

९१. (क) भविन्द्रप्रताप ज.ब.रा.को दरबार ९१
(फणीन्द्रप्रताप ज.ब.रा.को दरबार चाहिं नयाँ छाप भन्ने ठाउँमा थियो)

(ख) परेवाडाँडा गाउँ ९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२. (क) पं. डिल्लीश्वर भट्टराईले मध्यमा परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र ९२
(ख) पं. डिल्लीश्वर भट्टराईले शास्त्री परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र ९२

९३. पं. डिल्लीश्वर भट्टराईले आचार्य परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र ९३

९४. यसबाट पं. डिल्लीश्वर भट्टराईको योग्यता प्रमाणित हुन्छ ९४

९५. कदर गर्न लायक सुयोग्य काम गरेबापत श्री ५ महाराजाधिराजबाट पं. डिल्लीश्वर भट्टराईलाई गोरखादक्षिणबाहु मानपदवी प्रदान ९५

९६. पं. नयराज पन्तको वंशवृक्ष ९६

९७. पं. नयराज पन्त ९७

९८. (क) पं. नयराज पन्तको निवास ९८
(ख) पं. डम्बरुवल्लभ पन्तको निवास ९८

९९. पं. भरतराज धिमिरे 'मन्थलीय'को वंशवृक्ष ९९

१००. पं. भरतराज धिमिरे 'मन्थलीय' १००

१०१. (क) पं. भरतराज 'मन्थलीय'को जन्मस्थान १०१
(ख) पं. भरतराज 'मन्थलीय'को सँदियार गाउँ १०१

१०२. पं. चेतोनाथ शर्मा आचार्यको वंशवृक्ष १०२

१०३. पं. चेतोनाथ शर्मा आचार्य र अन्य १०३

१०४. पं. माधव भट्टराईको हाँगो १०४

१०५. पं. माधव भट्टराई १०५

१०६. नाट्यसम्राट् बालकृष्ण समबाट साहित्य सम्मेलनमा पद्यतर्फको प्रथम पुरस्कार ग्रहण गर्दै - माधव भट्टराई १०६

१०७. ऋषिकेश पाध्याले बिर्ता पाएको सैपू गाउँ १०७

१०८. ऋषिकेश पाध्याको घडेरी (अचेल बिर्ताको नामले चिनिन्छ) १०८

१०९. ऋषिकेश पाध्याले सारेको वेद १०९

११०. पं. वैयाकरण नेपाल ११०

१११. (क) पं. वैयाकरण नेपाल परलोक भएको ठाउँ जनकपुरको बिसहरा धर्मशाला १११
(ख) पं. वैयाकरण नेपालको हस्तलिपि १११

११२. पं. तीर्थप्रसाद ढुङ्गानाको टिपन ११२

११३. पं. तीर्थप्रसाद ढुङ्गानाले व्याकरण मध्यमा परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र ११३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११४. पं. तीर्थप्रसाद ढुङ्गानाले साहित्यमा उपाध्याय पदवी प्राप्त गरेको प्रमाणपत्र ११४
११५. पं. तीर्थप्रसाद ढुङ्गाना ११५
११६. पं. तीर्थप्रसाद ढुङ्गाना एजुकेशन बोर्डमा मनोनीत भएको खड्ग निशाना ११६
११७. पं. तीर्थप्रसाद ढुङ्गाना नेपाली भाषा प्रकाशिनी समितिको सदस्यमा मनोनीत भएको खड्गनिशाना ११७
११८. पं. तीर्थप्रसाद ढुङ्गानाले पाएको गोरखा दक्षिण बाहु मानपदवी ११८
११९. पं. रोहिणीप्रसाद भट्टराई ११९
१२०. पं. रोहिणीप्रसाद भट्टराईको सम्मान १२०
१२१. (क) पं. दाताराम शर्माको जन्मस्थान १२१
(ख) सैपूमा छँदा पं. दातारामले पानी खाने पँधेरो १२१
१२२. (क) र (ख) पं. दाताराम शर्माको वंशवृक्ष १२२
१२३. पं. खगनाथ दवाडी १२३
१२४. लोकनाथ पौडेलले छोरा कृष्णप्रसादलाई लेखेको चिठी १२४
१२५. पं. दाताराम शर्मा पौडेल १२५
१२६. पं. दाताराम शर्माको हस्तलिपि १२६
१२७. मानभवन नरडेरामा अवस्थित पं. दाताराम शर्माको निवास १२७
१२८. सैपूका पण्डित हरिप्रसाद पौडेल १२८
१२९. पं. ज्ञानमणि नेपालको वंशवृक्ष १२९
१३०. पं. ज्ञानमणि नेपाल १३०
१३१. करफोकस्वामी सोमेश्वरानन्द १३१
१३२. आवालब्रह्मारी षडानन्द अधिकारी १३२
१३३. पं. कुलचन्द्र कोइराला १३३
१३४. पं. डिल्लीराज रेग्मी १३४
१३५. (क) पं. बद्रीनाथ अधिकारी १३५
(ख) पं. बद्रीनाथ अधिकारीको निवास १३५
१३६. विद्वद्वरेण्य विष्णुहरि रिमाल र उनकी धर्मपत्नी १३६
१३७. पं. शुकदेव पौडेल १३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

१३८. केही विद्वान्हरूका हस्तलिपि १३८
(क) पं. भवदत्त 'सूरि' को हस्तलिपि १३८
(ख) पं. अग्निदत्त पन्तको हस्तलिपि १३८
(ग) पं. ज्वालादत्त पन्तको हस्तलिपि १३८
(घ) पं. शिवराम 'सूरि'को हस्तलिपि १३८
१३९. पं. साम्बभक्त शर्मा सुवेदी 'मुरारि' १३९
१४०. पं. सोमनाथ उपाध्याय घिमिरे 'व्यास' १४०
१४१. पं. हरिनाथ शर्मा प्याकुर्‍याल १४१
१४२. ज्योतिषी मनोरथ पाध्याले लेखेको हस्तलिखित पात्रो १४२
१४३. पं. दिव्यदेव पन्त १४३
१४४. लुकन्थलीमा पं. दिव्यदेव पन्तले स्थापना गरेको दिव्येश्वरी भगवतीको मन्दिर १४४
१४५. दिव्येश्वरी भगवतीको मूर्ति १४५
१४६. पं. लोकहरि अधिकारी १४६
१४७. विद्वच्छिरोमणि हेमराज शर्मा १४७
१४८. महोपाध्याय पं. शेषराज रेग्मी १४८
१४९. पं. जयदेव अधिकारी १४९
१५०. पं. जयदेव अधिकारीको हस्तलिपि १५०
१५१. पं. कृष्णप्रसाद शर्मा घिमिरे १५१
१५२. (क) पं. चन्द्रप्रसाद (भवानीशङ्कर) ढुङ्गानाको निवास १५२
(ख) चन्द्रप्रसाद (भवानीशङ्कर) र उनकी धर्मपत्नी १५२
१५३. पं. पद्मनाथ कोइराला र पं. दामोदर कोइराला १५३
१५४. पं. जनकलाल शर्मा १५४
१५५. पं. विष्णुप्रसाद न्यौपाने १५५
१५६. आत्माराम आचार्य १५६
१५७. पं. शङ्करप्रसाद सत्याल १५७
१५८. पं. शिवराज आचार्यको निवास, तनहूँ १५८
१५९. पं. महेशराज पन्त १५९
१६०. पं. दिनेशराज पन्त १६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६१. वाल्मीकि विद्यापीठ, प्रदर्शनी मार्ग १६१

१६२. वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक वृन्द १६२
मुकुन्दप्रसाद अधिकारी, हरिनाथ ढुङ्गेल, सोमनाथ पौडेल, बदरीनाथ भट्टराई, बोधराज पन्त, लोकनाथ ढकाल, शेषराज रेग्मी, गोविन्दप्रसाद भट्टराई, रामनाथ आचार्य, नयराज पन्त, रामचन्द्र पौडेल, तोयनाथ पाण्डेय, जुनानाथ पण्डित, गोपाल निधि तिवारी, चूडानाथ भट्टराय, दामोदर ढकाल
पछल्लो देब्रेबाट - देवराज पौडेल, गिरिधारी भट्टराई, श्रीकृष्ण आचार्य, दामोदर कोइराला, मुकुन्दनाथ भट्टराई, पुरुषोत्तम सुब्बा, वाल्मीकि पौडेल, भवानी मिश्र (अंग्रेजी), रत्नकमल वैद्य (राजनीति शास्त्र)

१६३. दाङमा आयोजित विद्वत्सम्मेलनको समुद्घाटन १६३

१६४. महेन्द्र संस्कृत विश्वविद्यालयको पहिलो प्राज्ञ सभा १६४

१६५. श्री ५ महाराजाधिराजबाट महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन समारोहमा सम्बोधन १६५

१६६. महेन्द्र संस्कृत विश्वविद्यालयको शिलापत्र १६६

१६७. रानीपोखरी संस्कृत प्रधान पाठशालाका विद्वत्वर्ग र विद्यार्थी गण १६७
उभिने दोस्रो लाइन - रामनाथ आचार्य, टेकनाथ पौडेल, सोमनाथ सिग्देल, दधिराम पौडेल, देवीदत्त पराजुली
उभिने पहिलो लाइन - बोधराज, डिल्लीराज रेग्मी, कोमलनाथ अधिकारी, बुद्धिनाथ अर्ज्याल, हेमनाथ भट्ट, पूर्णभद्र सुवेदी
(अन्यको नाम थाहा नभएको)

१६८. राधेश्याम भट्टराईको हाँगो १६८

१६९ राधेश्याम भट्टराई १६९

१७०. हुने बिरुवाको चिल्लो पात - अलका आत्रेय १७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

परिच्छेद १

संस्कृतको अध्ययन, अध्यापन र ग्रन्थरचनामा समर्पित केही विद्वान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDT

१

राजगुरु पण्डितराज रङ्गनाथ पौडेलको पाण्डित्य

परिचय

नेपालमा स्वतन्त्ररूपमा अनुसन्धान गरी कृति प्रकाशन गर्ने विद्वान्हरूको संख्या हातको औंलामा पनि गन्न पुग्दैन । कुनै पनि अनुसन्धान केन्द्रको परियोजना नपाए अध्ययन, अनुसन्धानमा हातै नहाल्ने व्यावसायिक मानिसको हातबाट महत्त्वपूर्ण विषयमा गहकिला ग्रन्थहरू लेखिन्छन् भन्न सकिंदैन । नेपालमा चलेका अनुसन्धान केन्द्रहरूबाट अहिलेसम्म दुइ थरी मानिसले अनुसन्धान कार्य गरिरहेको बुझिएको छ । तीमध्ये - एकथरी साँच्चैका अनुसन्धान कर्ता छन् । तिनीहरूले गरेको अनुसन्धान कार्य प्राज्ञिक र सम्बन्धित विषयका विशेषज्ञका लागि निकै उपयोगी सिद्ध भएको तर यस कोटिका विद्वान्हरूलाई नेपालका सबै अनुसन्धान केन्द्रले अनुसन्धान कार्य गर्ने अवसर प्रदान गरेका छैनन् । अर्काथरी - साधारण रूपमा पढेर डिग्री लिएका मानिस व्यक्तिगत सम्पर्कका भरमा ठूलाठूला परियोजनामा अनुसन्धान गर्छन् तर तिनीहरूको स्वीकृत अनुसन्धान प्रतिवेदन हेर्दा मनमा ज्यादै ग्लानी उत्पन्न हुन्छ । अनुसन्धान र लेखन कार्यमा पोख्त विद्वान्लाई उचित सम्मान दिंएको छैन । त्यसैले नेपालमा अहिले अनुसन्धान कार्य प्रशस्त भएको छ तर त्यसको प्रतिफल सन्तोषजनक रूपमा देखापर्न सकेको छैन । अर्को कुरा, अनुसन्धान गर्नेले कसैले कामै नगरेको विषयमा भन्दा अरुले गरिसकेको विषयलाई उल्टोपाल्टो गरी प्रतिवेदन बुझाउनेहरू पनि नपाइएका होइनन् । अनि अर्काथरी अनुसन्धान कर्ता यस्ता पनि देखिएका छन् कि विदेशबाट प्रशस्त रुपियाँ कमाउन सकिने विषय छ भने त्यसमा अरुले काम गर्न आँटेको भए फस्लाङ्फुस्लुङ् पारेर त्यस विषयमा अरुलाई काम गर्न नदिने र अरुबाट महत्त्वपूर्ण सामग्री संकलन गरी तयार भएको प्रतिवेदन आफूले लगी दबाउने प्रवृत्ति पनि क्रमश: विकसित हुँदै गएको देखिन्छ । अनुसन्धान आफूलाई इच्छा लागेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय र शीर्षकमा गर्नु राम्रो हुन्छ । अरुले छानेको विषय र शीर्षकमा गरेको अनुसन्धान उपलब्धिमूलक हुन्छ भन्न सकिँदैन । अहिलेसम्म जे जस्तो भयो भयो । अब, सबै क्षेत्रबाट राष्ट्रलाई उपयोगी हुने ठोस अनुसन्धान हुँदै जाला भन्ने आशा गर्न सकिन्छ ।

अन्य कतिपय विषयमा जस्तै नेपालका धुरन्धर विद्वान्हरूको जीवनी खोतल्न पनि त्यत्तिकै कठिन छ । विद्वान्को जीवनीका उपयोगी सामग्री त्यति पाइँदैनन् । १०० वर्षभित्रका विद्वान्को जीवनी खोज्न त कठिन छ भने १०० वर्षभन्दा पहिलेका विद्वान्हरूको जीवनी अनुसन्धान गर्दा कति कठिनाइ आईपर्छ भन्ने कुरा यहाँ लेखिरहनु पर्दैन ।

राजगुरु पण्डितराज रङ्गनाथ पौडेल नेपालका धुरन्धर विद्वान् हुन् । धर्मशास्त्र र तन्त्रशास्त्रमा उनको जुन किसिमको गति थियो राजनीति शास्त्रमा पनि रङ्गनाथको योग्यता त्यत्तिकै गहिरो थियो । अगाध पाण्डित्यको कदरस्वरूप उनले भारतबाट ***पण्डितराज*** को उपाधि पाएका थिए । नेपालमा अथाह विद्याका सागर भएका हुनाले उनलाई ***राजगुरु*** को सम्मान पनि दिएको थियो । यस्ता महान् व्यक्तिका बारेमा ठोस सामग्री पाउन नसक्ता खल्लोपनको अनुभव हुनु त स्वाभाविकै हो । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा जागीर खान थालेपछि यसै केन्द्रको योजना तथा गुण नियन्त्रण विभागका प्रमुख नवराज पौडेल (पछि : उत्पादन डिजाइन तथा तयारी विभागका निर्देशक - तह १०) सँग चिनजान भयो । उनी त ***पण्डितराज*** रङ्गनाथ पौडेलकै भाइका सन्तान पो रहेछन् । त्यसपछि नेपालका महान् विद्वान् रङ्गनाथ पौडेलका बारेमा थाहा भएसम्मको तथ्य सामग्री जुटाइदिन उनीसँग आग्रह गरें । यस्तै दुइ/चारओटा किम्वदन्ती बाहेक नवराजलाई पनि विशेष कुरा केही थाहा रहेनछ । तिनै किम्वदन्ती पनि उनले रङ्गनाथकी नातिनी बुहारी (नवराजकी जिज्यू बज्यै) को मुखबाट सुन्दै आएको हुँदा अहिलेसम्म सुरक्षित भएका हुन् । त्यसैताका वाल्मीकि संस्कृत विद्यापीठका उप-प्राध्यापक (हाल: - सह-प्राध्यापक) टीकाराम अधिकारी ***पण्डितराज रङ्गनाथ पौड्यालस्य व्यक्तित्त्व कृति समीक्षणम्*** शीर्षकमा विद्यावारिधि उपाधिका निम्ति शोधकार्य गर्दै थिए । सामग्री संकलनका क्रममा टीकारामले नवराजलाई धेरै पटक भेटघाट गरे तर उनबाट अति उपयोगी सामग्री उपलब्ध हुन सकेनन् । केही किम्वदन्ती र वंशावली भाग मात्र नवराज पौडलबाट टीकारामले पाउन सके । ***पण्डितराज*** रङ्गनाथका बारेमा केही सामग्री पाइने सम्भावना भएका स्रोत थाहा भएसम्म तल उल्लेख गरिन्छ ।[1]

---

१. यो स्रोत सह-प्राध्यापक टीकाराम अधिकारीबाट उपलब्ध भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDT

१. दिल्लीको नेशनल अकादमीमा *पण्डितराज* रङ्गनाथका बारेमा अंग्रेजी भाषामा तयार पारिएको माइक्रोफ्लीम छ तर अत्यन्त मसिना अक्षर भएको हुँदा बुझ्न र पढ्न मुश्किल छ।

२. जापानमा रङ्गनाथका सम्बन्धमा प्रकाश पार्ने ऐतिहासिक सामग्री पाइन्छन् भन्नेसम्म सुनियो तर कुन संग्रहालय वा अभिलेखालयमा पाउन सकिन्छ भन्ने कुराको सुराक लागेन ।

३. नेपालको परराष्ट्र मन्त्रालयमा रङ्गनाथसम्बन्धी प्रशस्त ऐतिहासिक सामग्री पाइन्छन् । त्यहाँ गएर अनुसन्धान गर्न आधिकारिक संस्थाको सिफारिस चाहिन्छ । व्यक्तिगत रूपमा गरिने अनुसन्धानका लागि त्यहाँ भएका सामग्री सार्न पाइँदैन यो ज्यादै दुःखको कुरा हो ।

४. नेपालका इतिहासकार : बाबुराम आचार्य, बालचन्द्र शर्मा, योगी नरहरिनाथ, ढुण्डीराज भण्डारी, नयराज र तोत्रराज, चित्तरञ्जन नेपालीले रङ्गनाथका बारेमा ऐतिहासिक चर्चा गरेका छन् तर ती पनि अपूर्ण देखिन्छन् । साथै, विदेशका इतिहासकारले पनि थोरबहुत नलेखेका होइनन् तर यस्ता चञ्चु प्रवेशबाट रङ्गनाथजस्ता विद्वान्को समग्र जीवनी जान्ने आकाङ्क्षा पूर्ण हुँदैन ।

५. *चन्द्रनिगाहापुरमा रङ्गनाथ पौडेलकै वंशज छन् । तिनकहाँ केही ऐतिहासिक सामग्री हुनुपर्ने* आशङ्का नवराजले व्यक्त गरेपछि मैले त्यहाँ जाने विचार गरेको थिएँ । गुरु टीकाराम अधिकारीले - *म चन्द्रनिगाहापुर गएँ । त्यहाँ रङ्गनाथले तान्त्रिक साधना गरी पूजा गरेको महालक्ष्मीको मूर्तिबाहेक अरु केही छैन* भनेपछि मेरो त्यहाँ जाने इच्छा पनि त्यसै सेलाएर गयो ।

६ रौतहट जिल्लाको चन्द्रनिगाहापुरमा बस्ने मदनमोहन पौडेल (रङ्गनाथकै भाइका सन्तान) कहाँ *कर्पूरस्तव*को रङ्गनाथले गरेको टीकाको पाण्डुलिपि हुनुपर्ने आशङ्का नवराजबाट अभिव्यक्त भएको थियो र त्यहाँ गएको बेला उनैले बुझ्दा पनि सो टीकाको पाण्डुलिपि र अन्य कुनै पनि सामग्री उपलब्ध भएनन् । रङ्गनाथका भाइका सन्तान मदनमोहन पौडेल २०४९ साल जेष्ठ ४ गते आइतबार दिवङ्गत भए ।

अन्य सामग्रीको सुराक

१. गुरु रङ्गनाथ *पण्डितराज*को सर्वश्व फिर्ता भयाको र गुरुपदवी थापिबक्सेको १८६० सालमा श्री ५ गीर्वाण युद्ध विक्रम साहबाट गरिबक्सेको लालमोहरको नक्कल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. रङ्गनाथ पौडेलको वंशक्रम

स्रोतः नवराज पौडेल र होमनाथ पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

२. श्रीगुरुजु पण्डित रङ्गनाथको अमिन्हरू संग सिवाना वावत्, सल, तन गरेको र अरू अरू विषयको लेखापढि ।

३. श्रीगुरुराज रङ्गनाथ पण्डितज्यूको ९७ सालमा सर्वश्व मध्यका संस्कृत पुस्तकहरूको फिरिस्त् ।

४. श्री राजा युधिष्ठिर देषी बादसाह आले साह सम्मका राजाहरूले राज्य गरेको वर्ष मास् दिन षोलियाको र सत्य त्रेता द्वापर क्लीयुग ४ को प्रमाण स्मेत भयाको फिरीस्त श्री पंडीतराज रंगनाथले पठायाको -

५. मुलुकि काम् र देशदेशावरी कामकाजको मुक्त्यारी श्रीगुरु *पंडीतराज* रङ्गनाथ पंडीतज्यूलाइ बक्स्याको छ जङ्गी कामकाजको मुक्त्यारी काजी दलभञ्जन पांडे काजी रणजङ पांडेहरूलाइ बक्स्यौं हड्बड् मांनुपर्दैन भन्ने लालमोहर बक्सी आयाको आइपुग्यो भन्ने र सिंहसाहेबले षातिर गरेको र सोधनी भयाको जवाफ दियाको वृत्तान्त १८९४ सालमा अम्बर सहरबाट काजी कालु सिङ् कप्तान करबीर बिष्टहरुले श्री ५ राजेन्द्रविक्रम शाहका हजुर्मा चढाइपठायाको अर्जी -[२]

यसरी जुनजुन ठाउँमा रङ्गनाथ पौडेलका बारेमा सामग्री पाउने सम्भावना देखिएको थियो त्यसमध्ये - कहीं जानै असम्भव भयो, कहीं पाउँदै पाइएन।हालसम्म प्रकाशित स्रोतबाट पनि उनको जीवनीमा प्रकाश पार्ने यथेष्ट बुँदाहरू पाउन सकिएन । नवराज पौडेलबाट मैले जेजति किम्वदन्ती सुनें तिनैलाई टिपेर यो छोटो जीवनी तयार गर्न खोजेको छु । प्रकाशित स्रोतले जीवनी पक्षलाई भन्दा ऐतिहासिक पक्षलाई बढी जोड दिएको देखिन्छ ।

जीवनी

रङ्गनाथ पौडेलको जन्म वि.सं.१८३० सालमा *काठमाडौँको मखनटोलमा* भएको बुझिन्छ । यिनका हजूरबा महामहोपाध्याय जयमङ्गल र बा *पण्डितराज* व्रजनाथ हुन् । त्यो बेलाको सरकारले व्रजनाथलाई चारपाटे मुडेर देशनिकाला गरेको थियो । बालक रङ्गनाथ पनि सानै उमेरदेखि काशीमा बसेर पढ्न थाले । पढ्दापढ्दा यिनी ठूला विद्वान् भए । पढेर विद्वान् भएपछि काशीमा रङ्गनाथ पौडेललाई ठूलो सम्मान मिल्यो । विद्वान् भएपछि काशी नरेशसँगै

---

२. दिनेशराज पन्त, 'परराष्ट्र मन्त्रालयमा रहेका ऐतिहासिक सामग्रीको सूची" *पूर्णिमा* वर्ष २० अङ्क १ पूर्णाङ्क ७७ (२०४७ आश्विन) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रङ्गनाथ पनि ताम्दानीमा चढेर शहर घुम्थे । उनी कहिले काशीमा बस्थे त कहिले रामनगरमा बस्थे । काशीको विद्वत्मण्डलीबाट रङ्गनाथ यथेष्ट सम्मानित भएका थिए र उनले *पण्डितराज*को उपाधि पनि १८६२ मा काशीबाटै पाएका थिए । वि.सं.१८९४ सालमा प्रधान मन्त्री भीमसेन थापाको पतन भएपछि रङ्गनाथ पौडेल नेपालको प्रधान मन्त्री भए । यिनले वैदेशिक मामला र मुल्की वन्दोवस्त सम्हालेका थिए । यिनी भीमसेन थापाका समर्थक भएका हुँदा रङ्गनाथ पौडेललाई जेठी महारानी साम्राज्यलक्ष्मी मन पराउन्न थिइन् । यस स्थितिमा आफू प्रधान मन्त्रीको पदमा रहिरहनु उचित नठानेर उनले आफ्नो पदबाट राजीनामा दिए । रङ्गनाथले आफ्नो प्रधान मन्त्रीकालमा धेरै महत्त्वपूर्ण कार्यहरू गरेका थिए । तीमध्ये सेनामा तलबको सट्टा जग्गाजमीन दिने गरेकोमा यसलाई हटाई रङ्गनाथले तलब दिने परम्पराको शुरु गरे अर्थात् तिर्जा प्रथाको उन्मूलनमा रङ्गनाथको ठूलो योगदान रहेको छ ।

रङ्गनाथ पौडेलले *राजविधान सार* (राजनीतिसम्बन्धी पुस्तक) र महाकाल प्रणीत श्रीमद्दक्षिणकालिकाको *कर्पूरस्तव* भन्ने पुस्तकको दीपिका टीका लेखेका छन् । साहित्याचार्य नारायण शास्त्री खिस्तेले गरेको परिमल टीका पनि यो सँगै प्रकाशित छ । *कर्पूरस्तव*को अत्यन्त प्रौढ टीका लेखेर रङ्गनाथले आफ्नो प्रगाढ पाण्डित्यको परिचय प्रस्तुत गरेका छन् । *राजविधान-सार* श्री ५ महाराजाधिराज गीर्वाण युद्ध वीर विक्रमं शाहका पालामा राजालाई नीतिसम्बन्धी कुरा सिकाउन भीमसेन थापाको आज्ञाले तयार गरेको सम्भावना देखिन्छ । *कामन्दकनिदर्शन* र *पञ्चतन्त्र* आदि नीतिसम्बन्धी ग्रन्थहरूको सम्यक् अध्ययन र मनन गरी आवश्यक कुराको सार खिचिएको हुँदा यसको महत्त्व छुट्टै छ तर यो उनको मौलिक ग्रन्थ चाहिं होइन । अहिलेसम्म रङ्गनाथ पौडेलका यिनै दुई ग्रन्थ पाइएका छन् । *राजविधान – सार* नीति ग्रन्थ र *कर्पूरस्तव* को दीपिका टीकाको अध्ययनबाट उनको अथाह पाण्डित्यको परिचय प्राप्त हुन्छ ।[३]

माथिको संक्षिप्त विवरणबाट रङ्गनाथ पौडेल ठूला विद्वान् रहेछन् भन्ने थाहा हुन्छ । उनका सन्तान यताउति छरिंदै रङ्गनाथकै पनाति यशोदानन्द जनकपुर अञ्चल अन्तर्गत *महोत्तरी* जिल्लाको *बथनाहा* भन्ने गाउँमा बस्न गएका थिए । यशोदानन्दका नाति माधव पौडेलको विवाह जनकपुरको कपिलेश्वरमा भयो । सन्तान नजन्मिंदै माधवको मृत्यु भएको हुँदा *राजगुरु पण्डितराज* रङ्गनाथ पौडेलको आफ्नो वंशपरम्परा नवराज पौडेलको भनाइ अनुसार अव टुट्न गएको देखिन्छ । उनका भाइका सन्तान भने अद्यावधि विभिन्न ठाउँमा छरिएर बसेका छँदै छन् ।

---

३. नवराज पौडेलबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

केहीं किम्वदन्ती

प्रतिभाशाली विद्वान् *राजगुरु* रङ्गनाथ पौडेलले लेखेका कृति/लेख पाउन ज्यादै मुश्किल हुँदै गएको छ। यस्ता राष्ट्रिय पुरुषका बारेमा सम्बन्धित कुलपरिवारबाट सुन्दै आएका कुरा पनि नलुकाईकन प्रकाश पार्नु उचित हुन्छ। यस्ता किम्वदन्ती पूरै ऐतिहासिक प्रमाण नभए पनि यस्ता महापुरुषका बारेमा जान्न सहायक सामग्री भने अवश्य हुन्छन्। यसै सन्दर्भमा रङ्गनाथ पौडेलका बारे सुन्दै आएका तान्त्रिक चमत्कारहरूको विवरण उल्लेख गर्दा यो कुरालाई कसैले काल्पनिक भनेर पन्छाउन खोज्यो भने उसले आफैंलाई पनि काल्पनिक मूर्ति अथवा कथा नठान्ला भन्न सकिंदैन।

पण्डितराज ब्रजनाथका छोरा *पण्डितराज राजगुरु* रङ्गनाथ पौडेल प्रधान मन्त्री भएका थिए। उनमा राजनीतिक कौशल थियो, शास्त्रीय गहिरो विद्वत्ता थियो। साथै, उनी तन्त्रशास्त्रका पनि प्रकाण्ड विद्वान् थिए। यसको प्रमाण सुनेकै आधारमा यस्तो छ -

१. एक पटक रङ्गनाथ पौडेललाई दरवारमा राजाबाट बोलाएर सोधियो - ***गुरु! चन्द्रग्रहण कहिले लाग्छ?*** रङ्गनाथको मुखबाट अनायास निस्क्यो - ***सरकार! चन्द्र ग्रहण आजै हो, भरे बेलुका लाग्छ।*** वास्तवमा चन्द्रग्रहण भोलिपल्ट थियो। दरवारमा खैलाबैला मच्चियो। यो एक किसिमले अनर्थ भयो। किनभने पञ्चाङ्ग, ज्योतिष सबैको निर्णय अनुसार भोलिपल्टको ग्रहण अघिल्लो दिन लाग्ने कुरा राजगुरु *पण्डितराज* रङ्गनाथको मुखबाट सुन्दा त्यो बेलाका ठूलाठूला विद्वान्, पुरोहित, प्रतिष्ठित व्यक्ति तथा सर्वसाधारण सबैमा खुल्दुली मच्चिएको थियो। अर्कोतिर, *पण्डितराज* रङ्गनाथले भोलि लाग्ने ग्रहणलाई आजै लाग्ने भनेर प्वाक्क बोलेको हुँदा उनलाई आफ्नो बोली पनि पुऱ्याउनै पर्ने थियो। उनले हातमा कुशको अनन्त (विधिपूर्वक) तयार गरी बाँधेका थिए। त्यही अनन्तको पुरश्चरण गरी एक दिन अघि चन्द्रग्रहण लगाएर सबैलाई चकित पारेका थिए। यो कुरा तन्त्र शास्त्रको विशिष्ट ज्ञान र साधनाबाट मात्र सम्भव हुन्छ। ज्योतिषशास्त्र र पञ्चाङ्ग गणना अनुसार चन्द्रग्रहण लाग्ने भोलिपल्टको दिन थियो र त्यो दिन पनि ग्रहण लाग्यो। पछि दरबारमा राजाबाट सोधनी भयो - ***गुरुज्यू! अस्ति चन्द्रग्रहणको बारे के हो?*** यसको जवाफमा पण्डितराज रङ्गनाथले भने - ***सरकार! वास्तवमा ग्रहण भोलिपल्टै थियो। सरकारबाट सोधनी भयो र मेरो मुखबाट पनि चन्द्रग्रहण आजै हो भनेर ह्वाट्ट निस्किहाल्यो। त्यसपछि मलाई पनि आफ्नै इज्जतको कुरा आयो। अनि मैले अनन्तको पुरश्चरण गरी तान्त्रिक विधिबाट अघिल्लै दिन चन्द्रग्रहण लगाइदिएको हुँ।***

२. कोतपर्व भएको बेला *राजगुरु* रङ्गनाथ पौडेललाई समातेर ल्याउन केही जवान सेना गएका थिए। सेना पुग्दा *राजगुरु* महालक्ष्मीको मूर्ति अगाडि राखेर पुरश्चरण गर्दै रहेछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजगुरु पण्डितराज रङ्गनाथ पौडेल
जन्म वि.सं. १८३०
देहान्त वि.सं. (?)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

तान्त्रिक विधिबाट महालक्ष्मीको आराधना गरेकै कारणले हुनसक्छ - समाउने मानिसमध्ये कोही माथिबाटै ह्वालह्वाल रगत छादेर भाग्थे, कोही चाहिं हातगोडा लुला भएर त्यसै निस्तेज हुन्थे । यसरी कुनै सिपाहीले पनि *राजगुरु* रङ्गनाथलाई पक्रेर दरबारमा बुझाउन सकेनन् । उनलाई पक्रन आएका सिपाही आफैं निस्तेज भएर फर्किए । आखिरी, भोलिपल्ट त जसरी भए पनि राजाकहाँ हाजिर नभै सुखै थिएन । किनभने राजाले बोलाएपछि हाजिर हुन जानु रङ्गनाथको नैतिकताको कुरा पनि थियो । दरवारमा पुगेपछि आफ्नो ज्यान रहने सम्भावना पनि थिएन । त्यसैले *राजगुरु पण्डितराज* रङ्गनाथ पौडेल उनै महालक्ष्मीको मूर्ति र आफूले नित्य पूजा गर्ने गरेको शालिग्राम साथमा बोकी रातारात काशीतर्फ लागे । त्यो बेला नोटको चलन थिएन । डबल रुपियाँको चलन थियो । आफू एक्लैले साथमा कति पो डबल बोक्न सकिन्थ्यो र ? त्यो बेला अचेलको जस्तो यातायातको सुविधा थिएन । जताततै घना जङ्गल भएको हुँदा जङ्गली जनावर र चोरडाँकाको भय पनि त्यत्तिकै हुन्थ्यो । त्यस्तो स्थितिमा साथमा धेरै रुपियाँ बोक्न सक्ने त कुरै भएन । आफूसँग रहेका रुपियाँ खर्च हुँदै गएपछि खाद्यसामग्री किन्ने समस्या पऱ्यो । त्यसपछि शालीग्रामको पूजा गरेपछि त्यसैको जलमा सानो टुक्रा सुन रङ्गनाथले सधैं पाउन थाले र त्यसैबाट वनारसमा वसुञ्जेल जीविकोपार्जन गरेको कुरा सुनिंदै आएको छ । रङ्गनाथ पौडेलले साधना र पूजा गरेको महालक्ष्मीको मूर्ति र शालिग्राम उनैका वंशजमा *चन्द्रनिगाहापुर*मा अझसम्म सुरक्षित छन् र ती दुवैको नित्य पूजाआजा हुँदै आएको छ । कोतपर्वपछि रङ्गनाथले पाएको विर्ता *सर्लाही* जिल्लाको ***सिसौट*** भन्ने ठाउँमा छँदैछ र जसलाई अहिलेसम्म पनि *राजगुरु*को ***सिसौट*** भनिन्छ । पवित्र भावनाले अभिभूत भई उनका वंशजले महालक्ष्मी, शालिग्रामको नित्य पूजा र कुल देवताको पूजा चाहिं प्रत्येक वर्ष चैत्र रामनवमीका दिन गर्दै आएका छन् । यो खुशीको कुरा हो ।

३. त्यसबखत बेलायतबाट पाहुना (रानी हुन् या शाहजादी, निश्चितरूपमा थाहा पाउन सकिएन) आउँदा फर्किने बेलामा के सौगात दिनु उपयुक्त होला भनेर राजाबाट सोधनी भएछ । पाहुनासँगै आएका अन्य मानिससँग कूटनीतिक पाराले कुरा बुझ्दा पाहुनालाई काशीको दोसल्ला मन पर्ने कुरा थाहा भयो । नयाँ दोसल्ला बनारसबाट तुरुन्त झिकाउन मुश्किल थियो । रङ्गनाथले - बनारसबाट भने जस्तो ***दोसल्ला म तुरुन्त झिकाउन सक्छु,*** भनी दरवारका सबैलाई आश्वस्त पारेपछि उनले डवल आकारको दोसल्ला बनारसबाट एक घण्टाभित्र झिकाएर दरबारमा पठाए । यो घटनाले दरबारका सबै मानिस छक्क परेका थिए ।

४. रङ्गनाथ पौडेल बनारस बसेको अवस्थाको कुरा हो । त्यो बेलाका काशी नरेशले चौखम्बा (बनारस) बजारमा कागती किन्न पठाएछन् । त्यही बेला रङ्गनाथले पनि आफ्नो मान्छेलाई कागती किन्न त्यही बजारमा पठाएका रहेछन् । एउटा पसलमा २/३ दाना मात्र कागती भेटियो । पहिले जाने राजाको मान्छेले जुन कागतीको मोल गऱ्यो पछि जाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रङ्गनाथको मान्छेले पनि त्यही कागतीको मोल गऱ्यो । त्यो बेला बजारमा एक पैसामा २० दाना कागती पाइन्थ्यो । त्यसबखत कागतीको अभाव भएको हुँदा बढाबढ गर्दा २/३ दाना कागतीको मोल रु १००/- सम्म पुगेछ । *यो ज्यादै महँगो भयो । त्यतिको रुपियाँ हालेर २/३ दाना कागती किन्ने हिम्मत मेरो छैन* भनेर राजाको मान्छे चाहिं दरबार फर्क्यो । उता रङ्गनाथको मान्छेले *जेजसो होला, १००/- रुपियाँ तिरेर भए पनि ३ दाना कागती लान्छु* भनी लगेर रङ्गनाथलाई बजारमा भएको यथार्थ वृत्तान्त सुनायो । आफ्नो मान्छेको कुरा सुनेर रङ्गनाथ पौडेल अत्यन्त खुशी भएर - *स्यावास् ! आज मेरो नाक राखिदिइस्* भनेर कागती ल्याउने मानिसलाई पुरस्कारसमेत दिए ।

५. अब, यसलाई चाहिं किम्वदन्ती भन्नुभन्दा परम्परा भन्नु बढी उपयुक्त होला कि ?

अपुङ्गो सामान्यत: फुको हुन्छ । सत्यनारायणको पूजाका निम्ति अपुङ्गो तयार गरिन्छ । सामान्यत: सबैतिर अपुङ्गो यसरी बनाइन्छ -

गहुँको पीठो घ्यूमा भुट्ने, रातोरातो भएपछि झिकेर अलिअलि गाईको दूध छम्कने । त्यसपछि सुकुमेल, मरीच र चिनी हालेर मोलेपछि अपुङ्गो तयार हुन्छ ।

तर रङ्गनाथ पौडेलको वंशमा अपुङ्गो यसरी तयार गरिन्छ -

सबैभन्दा पहिले दूधलाई खुवा बनाउने, त्यसमा केरा मिचेर हाल्ने र अन्य विभिन्न खाने मसला हालेपछि अपुङ्गो तयार हुन्छ । अहिलेसम्म यही अपुङ्गो चढाउने चलन छँदैछ ।

कुल पूजा

रङ्गनाथ पौडेलको वंशमा हरेक वर्षको रामनवमीका दिन कुल देवताको पूजा हुन्छ । महालक्ष्मी भएका ठाउँमा पूजा हुन्छ । पूजामा १५/२० घर सामेल हुन्छन् ।[४]

नेपालका प्रधान मन्त्री

नेपालमा श्री ५ राजेन्द्र विक्रम शाहको पालादेखि प्रधान मन्त्रीको पद सिर्जना भएको देखिन्छ । राष्ट्र निर्माता श्री ५ पृथ्वीनारायण शाहको समयमा प्रधान मन्त्री सरहको पदलाई *मूलकाजी* भन्ने गरिन्थ्यो । नेपालको इतिहासमा कसैले कालु पाण्डेलाई पहिलो प्रधान मन्त्री

४. नवराज पौडेलबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

मानेका छन् त कसैले भीमसेन थापालाई पहिलो प्रधान मन्त्री मानेका छन् । जे भए पनि, यहाँ भीमसेन थापाको पालादेखि गिरिजाप्रसाद कोइरालाको पालासम्म कसले कतिकति वर्ष प्रधान मन्त्री पद सम्हाले त्यसको विवरण तल दिइन्छ ।

	प्रधान मन्त्री	*समयावधि (ई.सं. मा)*
१.	भीमसेन थापा	१८०६ - १८३७
२.	रङ्गनाथ पौडेल (मुख्त्यार)	१८३७ - १८३८
३.	पुष्कर शाह	१८३८ - १८३९
४.	रणजङ्ग पाण्डे	१८३९ - १८४०
५.	फत्यजङ्ग पाण्डे	१८४० - १८४२
६.	माथवरसिंह थापा	१८४३ - १८४५
७.	फत्यजङ्ग शाह	१८४५ - १८४६
८.	जङ्गबहादुर राणा	१८४६ - १८५६
९.	बमबहादुर राणा	१८५६ - १८५७
१०.	जङ्गबहादुर राणा	१८५७ - १८७७
११.	रणोद्दीप सिंह राणा	१८७७ - १८८५
१२.	वीरशमशेर ज.ब.रा.	१८८५ - १९०१
१३.	देवशमशेर ज.ब.रा.	१९०१ - १९०१
१४.	चन्द्रशमशेर ज.ब.रा.	१९०१ - १९२९
१५.	भीमशमशेर ज.ब.रा.	१९२९ - १९३२
१६.	जुद्धशमशेर ज.ब.रा.	१९३२ - १९४५
१७.	पद्मशमशेर ज.ब.रा.	१९४५ - १९४८
१८.	मोहनशमशेर ज.ब.रा.	१९४८ - १९५१
१९.	मातृकाप्रसाद कोइराला	१९५१ - १९५३
२०.	टङ्कप्रसाद आचार्य	१९५३ - १९५७
२१.	डा. के. आई. सिंह	१९५७ - १९५९
२२.	विश्वेश्वरप्रसाद कोइराला(प्रथम जननिर्वाचित)	१९५९ - १९६०
२३.	सूर्यबहादुर थापा	१९६६ - १९६९
२४.	कीर्तिनिधि विष्ट	१९६० - १९७०
२५.	कीर्तिनिधि विष्ट (अर्को पल्ट)	१९७१ - १९७३
२६.	नगेन्द्रप्रसाद रिजाल	१९७३ - १९७५
२७.	डा. तुलसी गिरी	१९७५ - १९७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८.	कीर्तिनिधि विष्ट (पुनः)	१९७७ - १९७९
२९.	सूर्यबहादुर थापा (पुनः)	१९७९ - १९८३
३०.	लोकेन्दबहादुर चन्द	१९८३ - १९८६
३१.	नगेन्द्रप्रसाद रिजाल (पुनः)	१९८६ - १९८६
	(रा.प.स.को निर्वाचन गराउन ३ महिनाका लागि मात्र)	
३२.	मरीचमानसिंह श्रेष्ठ	वि.सं. २०४३-३-२ देखि २०४६-१२-२४ तक।
३३.	लोकेन्द्रबहादुर चन्द (पुनः)	वि.सं. २०४६-१२-२४ देखि २०४७-१-५ सम्म।
	(२०४६ साल चैत २४ गतेको जनआन्दोलन तीव्र भएको अवस्थामा)	
३४.	कृष्णप्रसाद भट्टराई	वि.सं. २०४७-१-५ देखि २०४८ - १ - ११ सम्म।
	(अन्तरिम मन्त्रीमण्डलका प्रधान मन्त्री)	
३५.	गिरिजाप्रसाद कोइराला (जननिर्वाचित)	वि.सं. २०४८ - २ - १२ देखि नियुक्त
	(शपथ : २०४८ - २ - १५ मा)	

यसरी सरसरती हेर्दा नेपालको इतिहासमा भएका प्रधान मन्त्रीहरूमध्ये संस्कृतको राम्रो अध्ययन गरेका रङ्गनाथ पौडेल मात्र भएको बुझिन्छ। अन्य प्रधान मन्त्रीहरूमा - भीमसेन थापा, पुष्कर शाह, रणजङ्ग पाण्डे, फत्यजङ्ग शाह, माथवर सिंह थापाले संस्कृतभाषामा लेख्न पढ्न जानेका थिए कि थिएनन् त्यो थाहा हुन नसकेपनि सामान्य संस्कृतको ज्ञान भएर यिनीहरु संस्कृत विद्याका अत्यन्त प्रेमी थिए होलान् भनेर सहजै अनुमान गर्न सकिन्छ। १०४ वर्षसम्मका सबै राणा प्रधान मन्त्रीहरू आफू पनि थोरबहुत संस्कृत जान्दथे र संस्कृत विद्या तथा संस्कृत पढेका विद्वान्हरूको कदर गर्न उनीहरू पछि पर्दैनथे। २००७ सालमा प्रजातन्त्र आएपछि भएका प्रधान मन्त्रीहरूमध्ये डा. के. आई. सिंह, डा. तुलसी गिरी र मरीचमान सिंह श्रेष्ठले संस्कृतमा सामान्य ज्ञान हासिल गरेको बुझिन्छ। अन्य सबै प्रधान मन्त्रीको योग्यता संस्कृत क्षेत्रमा राम्रो भएको बुझिन्छ। विश्वेश्वरप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराई त संस्कृतका योग्य प्रधान मन्त्री हुन्। मुख्य कुरा के हो भने संस्कृत राम्रोसँग पढीकन आधुनिक भाषाको ज्ञान भएको मानिस कुनै पनि पदमा पुग्दा राम्रोसँग आफ्नो क्षमता देखाई प्रतिष्ठा कायम गर्न सक्छ। किनभने संस्कृत गहिरो ज्ञान सुरक्षित भएको भाषा हो। संस्कृत र आधुनिक विषय पढेको मानिस मात्र पूर्ण योग्य हुन्छ। संस्कृत मात्र या आधुनिक विषय मात्र पढेको मानिसको दृष्टि र योग्यता चौतर्फी हुँदैन। यो पक्का कुरा हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. रङ्गनाथकी हजुरआमा (जयमङ्गलकी धर्मपत्नी) ले श्री ५ पृथ्वीनारायण शाहकी महारानीलाई दीक्षामन्त्र सुनाएकी थिइन् ।

२. रङ्गनाथका बा पण्डितराज व्रजनाथको जन्म वि.सं. १८१० साल चैत्र शुक्ल द्वादशी तिथि बुधवारको दिन भएको हो ।

३. रङ्गनाथको जन्म वि.सं. १८३० सालमा भएको हो ।

४. व्रजनाथ १८३४ सालमा नेपालबाट धपिँदा ४ वर्षका बालक रङ्गनाथ पनि बाकै साथमा गएका र अलिक ठूलो भएपछि काशीमा गुरु गङ्गाराम शास्त्रीसँग यिनले शास्त्रीय ग्रन्थहरूको गहिरो अध्ययन गरे ।

५. वि.सं. १८६० सालमा स्वामी महाराज निर्गुणानन्दका साथ रङ्गनाथ नेपाल फर्किए ।

६. श्री ५ महाराज गीर्वाणयुद्ध वीर विक्रमलाई रङ्गनाथले पढाएका थिए ।

७. वि.सं. १८७० सालमा बुटौलको साँधको विषयमा जाँचबुझ गर्न नेपालको राजदूत भई रङ्गनाथ पौडेल गएका थिए ।

८. वि.सं. १८७० सालमा जनरल भीमसेन थापाले यस बखत अङ्ग्रेजसँग लडाइँ गर्ने कि नगर्ने भनी रङ्गनाथ पौडेलसँग सोध्दा यिनले अहिले मेलमिलाप गर्नुनै उचित छ भन्ने सल्लाह दिएका थिए ।

९. वि.सं. १८९४ सालको आश्विन महिनामा श्री ५ राजेन्द्र विक्रम शाहबाट रङ्गनाथ पौडेललाई प्रधान मन्त्रीको पद प्राप्त भएको थियो । यिनले पाएको प्रधान मन्त्रीको पद वि.सं. १८९५ सालमा खोसियो ।

१०. वि.सं. १९०१ सालतिर रङ्गनाथ पौडेल काशीवास गर्न गएको बुझिन्छ ।

११. श्री ५ राजेन्द्र विक्रम शाहसँग रङ्गनाथ पौडेलको राम्रो मेलमिलाप थियो ।

१२. मणिकर्णिका घाटमा मुर्दा पोल्दा लाग्ने मशानको कर नेपालीका निम्ति हटाउनमा पनि रङ्गनाथले ठूलो प्रयत्न गरेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थ

१. दिनेशराज पन्त, "परराष्ट्र मन्त्रालयमा रहेका ऐतिहासिक सामग्रीको सूची", *पूर्तिमा* वर्ष २० अङ्क १, पूर्णाङ्क ७७ (२०४७ आश्विन)

२. रङ्गनाथ पौडेल, *कर्पूरस्तवः*(दीपिकाख्य टीका), जयकृष्णदास - हरिदास गुप्त (१९८५)।

३. *राजविधान-सार* , श्री ५ को सरकार शिक्षा तथा सँस्कृति मन्त्रालय, राष्ट्रिय अभिलेखालय (२०४० फागुन)

सामग्री स्रोत

१. टीकाराम अधिकारी, हाल - सह-प्राध्यापक, वाल्मीकि विद्यापीठ, काठमाडौं ।

२. नवराज पौडेल, निर्देशक - (तह १०), जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानो ठिमी हाल- २०४९ सालमा सेवाबाट अवकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२
सरदार छविलाल "सूरि" को परिचय

प्रारम्भ

हिजोआज नेपाल अधिराज्यका केही ठाउँहरूमा यातायातको सुविधा भएको हुँदा एक ठाउँबाट अर्को ठाउँमा पुग्न केही सजिलो भएको छ । आजभन्दा केही दशक अगाडिसम्म काठमाडौंदेखि हिंडेरै पुग्नुपर्ने रामेछाप जिल्लामा अब त्यति कष्ट भोग्नु पर्दैन । पुरानो बाटो रोसीखोलाबाट जाने हो भने पनि धुलिखेलसम्म सजिलैसित यातायातको सुविधा उपयोग गर्न पाइन्छ । त्यहाँभन्दा उता दाप्चाको खनालथोकसम्म मोटर जान्छ तापनि कच्ची बाटो भएको हुँदा नियमित रूपमा यातायातका साधनहरू ओहरदोहर गरेका भेटिंदैनन् । खनालथोकबाट काँक्रे, फेदी, कटुन्जे हुँदै रोसीखोलैखोलो ६ कोश बाटो पार गरेर दुम्जा पुगिन्छ । दुम्जामा पुगेर केहीबेर अलमलिन मन लाग्छ । यहाँ आराध्यदेव कुशेश्वर महादेवको मन्दिर छ र यी महादेवको उत्पत्ति काशीका विश्वनाथको उत्पत्ति हुनुभन्दा ११ दिन पहिले भएको हो भन्ने किम्बदन्ती छ । महादेवस्थानको पाटीमा लिच्छविकालिक खण्डित एउटा शिलालेख छ र अहिलेसम्मको खोज अनुसार पूर्वी भेगमा यहाँभन्दा उता लिच्छविकालका अभिलेख पाउन सकिएको छैन । दुम्जाबाट हिंडेर झाँगाझोली, रातमाटा हुँदै घुमाउने चैनपुर पुगिन्छ । यहाँ यौटा ऐतिहासिक पाटी छ र यसमा कलात्मक बुट्टाहरू कुँदिएका छन् । सुनिन्छ – यो पाटी बनाएपछि बनाउने कलाकारका दुइटै हात त्यसबेलाको शासनमा रहेका अधिकारीवर्गबाट कटाइएको थियो रे । यहाँबाट खेतको आलीआली हिंडेर पुछीघाट पुगिन्छ । पुछीघाटमा साँघु नबनुन्जेल कैयौं पल्ट डुङ्गा पल्टिएर हजारौं मानिसहरूको ज्यानं गएको थियो । ठेकदारको बदमासीले गर्दा त्यहाँ साँघु पनि कच्चा बनेको छ । कुन दिन, को मानिस हिंड्दाहिंड्दै साँघुको फल्याक खुस्केर छ्वात्ल्याङ्ग सुनकोशीको पानीमा पौडिन पुग्छ यो कुरा अहिले यसै भन्न सकिंदैन । यसरी पुछीघाटको साँघु तरेपछि केहीबेर तातो बालुवामा हिंड्ने बित्तिकै वरपीपलको चौतारो नजीकैबाट साण्डेको उकालो उक्लिन शुरु गर्नुपर्छ । साण्डेको उकालो पूर्वीभेगमा भएका उकाला मध्ये असजिलो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उकालो हो । यस उकालाको सम्बन्धमा प्रयागराज वाशिष्ठले अप्रकाशित आफ्नो यात्राकाव्यमा यसरी लेखेका छन् –

साण्डेको त्यो विकटपथको सम्झदामा उकाली
छोडूँ क्यारे जगत दुनियाँ हातगोडा फुकाली

× × × ×

तीर्खा लागे रुख बयरका पात माँडेर खाऊ
पेवा भन्छन् घरघर हुँदी माग्न पानी नजाऊ

साण्डेको पौवाडाँडामा पुगेर केहीबेर विश्राम गरेपछि ओरालो झरेर पकरबास, रजगाउँ हुँदै भटौलीमाँडी पुगिन्छ । पकरबास, रजगाउँमा केही माझीहरूको बस्ती पाइन्छ । मुगीटार बेंसी रामेछाप जिल्लाकै सबैभन्दा ठूलो बेंसी हो र यहाँ भटौली – खोलाको पानी लाग्छ । चास पुग्दा यो बेंसीमा प्रशस्त धान उत्पादन हुन्छ । भटौलीको छेउछाउमा प्रसाइँहरू बसेका छन् । भटौलीको चौताराबाट उकालो लागेपछि पकरबास गाउँ आउँछ । यहाँ प्रशस्त ढुङ्गेलहरू छन् । यही पकरबासको सिम्पानी भन्ने ठाउँमा हरिप्रसाद र देवीप्रसाद नाम गरेका दुइ जना ढुङ्गेल ब्राह्मण थिए । यी दुइ जना विभिन्न कारणले काठमाडौंमा बसाइँ सरे ।

यी दुइ जना सामान्यत: कविता कोर्ने गर्थे । यही पकरबासको ढुङ्गेल परिवारमा छविलाल, शम्भुप्रसाद र भुवनप्रसाद संस्कृत र नेपाली साहित्यको प्रसङ्गमा विशेष उल्लेखनीय छन् । देवीप्रसादका छोरा सरदार छविलाल संस्कृतका बडा ठूला विद्वान् भए । संस्कृतमा लेखिएका यिनका चार पुस्तक १९५५ तिर प्रकाशित भएका थिए । ***सुन्दरचरित*** र ***कुशलवोदय*** नामक दुइ नाटक, ***विरक्तितरङ्गिणी*** नामक एक खण्डकाव्य (भर्तृहरिको ***वैराग्यशतक***का ढाँचाको) र ***वृत्तालङ्कार*** नामक लक्षण ग्रन्थ । उपर्युक्त नाटकबाट यी रामभक्त रहेछन् भन्ने बुझिन्छ । यी ग्रन्थका लेखौट काठमाडौंको वीर पुस्तकालयमा छन् । उपर्युक्त दुइ नाटकका नेपाली रूपान्तर उन ताकका कम्यान्डिङ जनरल भीम शम्शेर जंगबहादुर राणालाई यिनले चढाएका थिए रे । तर तिनको पत्तो लागेको छैन । छविलालले ***वृत्तालङ्कार***का दुइ संस्करण काशीबाट स्वयं प्रकाशित गरे । प्रथम संस्करण मेडिकल हल प्रेसमा १९५५ मा मुद्रित भयो र दोस्रो संस्करण प्रभाकरी यन्त्रालयमा १९६३ मा । अलङ्कार र छन्दको ज्ञान गराउने अनेक ग्रन्थ छन् । तर छविलालले यस ग्रन्थमा बडो सरल पाराले आफूले बनाएका श्लोक र ठाउँ–ठाउँमा आफ्ना नाटकका श्लोक उदाहरण गरी तथा टिप्पणी दिई वृत्त र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलङ्कारका लक्षणको वर्णन गरेका छन् । यस प्रयासको प्रशंसा उन ताकका विद्वन्मण्डलीमा निक्कै भयो । संस्कृतमा यिनको प्रतिभा देखी उद्भट विद्वान् मेक्समूलरले एउटा प्रशंसापत्र यिनलाई पठाएका थिए । सो पढ्दा नेपालीको हृदय अत्यन्त उल्लसित हुन्छ । यति मात्र होइन । मेक्समूलरले आफ्नो ग्रन्थ ***हिबर्ट लेक्चर्स*** को अनुवाद संस्कृतमा गरिदिनाकन छविलाललाई अनुरोध पनि गरेका थिए ।[1]

म्याक्समूलरले सरदार छविलाल "सूरि" को ठूलो प्रशंसा गरेका छन् । म्याक्समूलर पाश्चात्य विद्वत्जगत्मा संस्कृतका ठूला विद्वान् मानिन्छन् । नेपालमा चाहिं विद्याको अध्ययन, अनुसन्धान र प्रकाशनको अभावमा सयौं उद्भट् विद्वान्हरू पनि इतिहासको गर्भमा विलीन भएको कुरा त्यत्तिकै सत्य छ । म्याक्समूलर मूलतः वैदिक साहित्यतर्फ उन्मुख भएका परिश्रमी मानिस हुन् । विद्वत्समुदायमा आदरपूर्वक उनको नाम लिइन्छ । पाश्चात्य विद्वत्जगत्मा कुनै पनि विषयको गहिरो अनुसन्धान र प्रकाशनको परम्परा धेरै पहिलेदेखि शुरु भएको हो । पौरस्त्य जगत्मा पनि अध्ययन, अध्यापन र मौलिक ग्रन्थरचनाको इतिहास लामो छ तर वैज्ञानिक अनुसन्धानको प्रक्रिया भने भरखरैजसो शुरु हुँदैछ । हामीकहाँ भएका संस्कृतका विद्वान्हरूको अनुसन्धान र प्रकाशनको कार्य अगाडि बढ्दै गएपछि महामहोपाध्याय, पोष्टाचार्यजस्ता उच्चस्तरीय उपाधि र सम्मान प्राप्त गरेका तर शिक्षण संस्थाबाट कुनै तहको औपचारिक उपाधि प्राप्त नगरी ठूला-ठूला विद्वान् भएका मानिसको यथार्थ परिचय यता र उताका विद्वान्हरूले सजिलैसँग पाउन सक्ने छन्, त्यसबेला, नेपालका विद्वान्हरू त संसारमा कहलिएका विद्वान्हरु मध्येमा कहाँ हो कहाँ प्रकाण्ड विद्वान् पो रहेछन् भनेर उनीहरूले नै स्वतः मूल्याङ्कन गर्ने छन् । त्यसैले नेपालका संस्कृतका ठूला-ठूला विद्वान्हरूका सम्बन्धमा अनुसन्धान र प्रकाशन गरी लोप हुन लागेका विद्वान् र उनीहरूका कृतिको संरक्षण गर्नेतर्फ प्रयाश गर्नु परेको छ । लेखनाथ पौड्यालले लेखेजस्तै,

गुणग्राही जहाँ छैन बेकम्मा छ त्यहाँ गुणी
कौडीमा पनि मिल्किन्छ भिल्लका देशमा मणि

छविलाल ढुङ्गेल सरदारसम्म भएका एक जना सरकारी कर्मचारी नै त हुन् तर उनको महत्त्वपूर्ण वैशिष्ट्य के देखिन्छ भने उनले सरकारको सिन्दूर पहिरिएर पनि साहित्यको सेवा

---

१. ईश्वर बराल, "माध्यमिककालका कवि भुवनप्रसाद ढुङ्गयाल (१९२२-९२)" ***कविता*** वर्ष ३ अङ्क ३ (२०२४) पृ. ४१६-४१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिनै रहे । कार्यालयका कोठामा फुर्सत पाएको बखत खुलाचौरमा बसेर कविता लेखिरहने छविलालको नेपालको संस्कृत साहित्यमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । उनले साहित्यमा राम्रो दक्षता हासिल गरेको भए पनि व्याकरण विषयमा भने उनको अपूर्ण ज्ञान देखिन्छ । छविलालले रचना गरेका नाटकमध्ये ***सुन्दरचरित*** नाटकमा व्याकरणसम्बन्धी अनगिन्ती अशुद्धि भएको तथ्य नयराज पन्तले ***पूर्णिमा*** ३४ पूर्णाङ्कको पृष्ठ १२८ देखि १३५ सम्ममा स्पष्ट पारेका छन् । साथै, उक्त पुस्तकमा हुनुपर्ने शुद्ध पाठको उल्लेख पनि भएको पाइन्छ । ***शास्त्रेषु भष्टाः कवयो भवन्ति*** भनेजस्तै कविता, नाटक लेख्नमा रुचि राख्ने छविलालमा व्याकरणको गहिरो ज्ञान नहुनु कुनै अनौठो कुरा होइन, तर जेहोस्, पढ्ने, पढाउने काममा लागेर लेख्नु र अड्डाअदालतमा जागीर खाएर पनि साहित्य लेख्नुमा अलिक फरक छ जस्तो लाग्छ । किनभने, जस्तै भए पनि पढाउने मानिस शास्त्रको गहिराइमा पुगेको हुन्छ, तर अन्य क्षेत्रमा जागीर भएको मानिस र कवि शास्त्रको गहिराइमा पुग्न सकेको हुन्छ भन्न सकिँदैन । अपवादका रूपमा कुनै-कुनै पाइएलान् त्यो छुट्टै कुरा हो । त्यसैले यहाँ छविलालको दोषपक्ष देखाउनुभन्दा गुण पक्षको कदर गर्नु राम्रो कुरा हो । उनले संस्कृत साहित्यको क्षेत्रमा दिएको योगदान अविस्मरणीय छ र हुनेछ । छविलालको पाण्डित्यको चर्चा गर्दा भने नयराज पन्तले मलाई सुनाएको तर उनैले पनि सुनेको एउटा पुरानो संस्मरण यहाँ उल्लेख गर्नु समुचित होला ।

सोमनाथ गुरु भन्नुहुन्थ्यो - छविलालमा गहिरो पाण्डित्य भएको कुरा थाहा पाइएको छैन । उनको प्रशंसा गर्ने म्याक्समूलर कति विद्वान् रहेछन् भन्ने कुरा यसबाट छर्लङ्ग हुन्छ ।

जीवनी

दुङ्गेल वंशावली अनुसार सरदार छविलाल 'सूरि' को वंशक्रम यसकिसिमको देखिन्छ -

दशरथ दुङ्गेल (कुवापानी, ओखलदुङ्गा)

-श्रीकृष्ण (दशरथका कान्छा छोरा)

दीनानाथ, गङ्गाधर र दिवाकर

हरिप्रसाद र देवीप्रसाद

छविलाल, गोपाल

कुञ्जप्रसाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजप्रसाद

दीपक, कल्याण, विनोद [२]

सरदार छविलाल ढुङ्गेलको जीवनी प्रकाश पार्ने सामग्रीहरू अहिलेसम्म त्यति उपलब्ध हुन सकेका छैनन्, तर वि.सं. १९६३ साल चैत्र २६ गते सोमबार (सम्पादक: चिरंजीवी शर्मा आदि) को अङ्कमा ***गोरखापत्र***ले छविलालको मृत्युमा '......देश समाचार अन्तर्गत' "महाशोक" भन्ने शीर्षकमा यसरी लेखेको पाइन्छ ।

> हरे शिव आज यस ***गोरखापत्र*** अखबारमा क्या विस्मातको कुरो छाप्नु पऱ्यो । यही चैत्र १५ गते वृहस्पतिबारका दिन आफ्नो सुन्दरी कविताको रूपले सारा रसिक जनहरूको चित्तलाई आनन्द गराउने श्रीमान् सर्दार छविलाल सुरीले श्रीकाशीक्षेत्र मणिकर्णिकामा शिव शिव भन्दै मुक्त भये । निज श्री कविवर सर्दार छविलाल उपाध्याय सम्वत् १८९६ सालमा जन्मेका हुन् यि तीन वर्ष भयाका थिए सम्वत् १८९९ सालमा यिनका पिता खरीदार देवीप्रसाद उपाध्याय काशीमा परलोक हुँदा कनिष्ठपिता मुखिया हरिप्रसाद उपाध्यायले कोष व्याकरणहरूमा मिहिनेत गराउँदा अक्षर पनि बहुतै सुन्दर भयाका हुनाले १५ वर्षका उमेरमा सरकारमा हाजिर गराउँदा सदर दफतर खानाको नायब मुखिया बक्सियाको थियो । आफ्ना कुलको मर्यादा राख्ना निमित्त पढनाको उमेद राख्याको हुनाले नोकरी छोडि १६ सालमा काशीवास निमित्त गयाका आफ्ना पितामह खरीदार दीनानाथ उपाध्यायको सेवा गरी काशीका गभर्नमेन्ट कालेजमा व्याकरण गणित पढेपछि फारसीको पनि अभ्यास गर्दै गरी अंग्रेजीको मिहिनेतका साथ अभ्यास गर्थे । बुद्धिका बाठा तिक्ष्ण हुनाले कालेजका परीक्षामा पनि हरसाल अब्बल लम्बर मिल्दथ्यो । तर अवसरका तारतम्यले २४ सालमा पितामह काशीमा मुक्तभयापछि नेपालमा आई श्री ३ महाराज सर जङ्गबहादुर राणासित हाजिर हुँदा गणेश दलको राइटरी पाए । मुख्त्यारी दलानकचहरीमा काम गर्दथे । २ वर्षपछि खरीदार बक्सी कावायतको तर्जुमा गराउनलाई उस बखतमा कम्यान्डिङ्ग जनरल कमाण्डर इनचीफ धीर समशेर जङ्ग राणाबाट बक्साइ मिलिटरी अफिसमा आफुसंग राखिबक्सदा रोझ गुण अनुसार इजत दिन नपाउँदै मौसुफ कमान्डर इनचीफ धीर समशेर जङ्ग राणा बहादुर स्वर्ग भैबक्सियो

२. विनोद ढुङ्गेलबाट उपलब्ध ढुङ्गेलहरूको अप्रकाशित वंशावलीबाट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापनि ४२ सालमा श्री महाराज वीर समशेर जङ्ग राणा बहादुरबाट सुब्बाङ्गी बक्सियो । पछि ५८ सालमा चैत्र महीनामा सर्दारी मान मिल्यो । आफ्नो नोकरीमा रहिकन पनि आफ्नु परिश्रम प्रचार गराउनालाई पायाका फुर्सदमा *सुन्दरचरित* १ *कुशलवोदय* १ दुई नाटक र *विरक्ति तरङ्गिणीशतक*, अपुर्व *वृत्तालंकार* ग्रन्थ बनाई छपाई विना मुल्यले वांडी फैलाउदा ती ग्रन्थ हिन्दुस्तान, वेलायत, सिंहलद्वीप (लंका) पुगेछन् । कविताको चमत्कारदेखि हिन्दुस्तानका रसिक विद्वान् र वेलायतका म्याक्समुलर सिंहलद्वीपका जेन पण्डितहरूले बनायाका ग्रन्थहरू समेत पढाइ आदरका साथ नेपालका कोही पण्डितसंग आजसंम हाम्रो दोस्ती हुन सकेको थिएन । ई कविवरसंग दोस्ती गर्न पायौं भनी हर्ष प्रकाश गरेथे । दैव संयोग कफदमको रोग उठी दवाउँदै ल्याउदा वैद्यहरूको संमतिले फागुन शुक्ल त्रयोदशीमा आर्यघाटमा जांदा वाटामा पनि वरावर *शंभो कदोद्धरसिमां छविलालमेकम्* भन्दै पुगी श्रीपशुपतिनाथको दर्शन गरी वज्रघरमा दश दिन रहेपछि भक्तको उद्धार गर्नालाई श्रीपशुपतिका अवतारभयाका श्री ३ महाराज सुर चन्द्रसमशेर जङ्ग राणा वहादुरको सवारी भै तिमीलाई के इच्छा छ भन्या हुकुम हुदा काशीवासको इच्छा प्रकट गरेर तिमी परमेश्वर चिनेका सज्जनलाई जहाँ पनि काशी नै छ पुग्न सकौला र भन्या हुकुम हुदा *नाविष्णुः पृथिवीपति* निगाहा भया सहज पुग्दछु भन्या विन्ति चढाउँदा ।

विवेक करूणासागर श्री ३ महाराजबाट काशी पठाउन्या हुकुम बक्सि दान प्रदान गर्नालाई काशी संमलाई खर्च समेत बक्सी सव कुराको पुरा वन्दोवस्त गराई जागिरदार छोरा भतिजा र अरु मानिस समेत साथ लगाई काशी पठाई वक्सिदा काशीमा १२ दिन वसि भक्तिपुर्वक जयपुजा गरी गराई अव मणिकर्णिका चलाउ भनी अह्राई सचेतन्य दानप्रदान गरी अधिक चैत्रशुदी चतुर्दशीका दिन विश्वेश्वर शरण भन्दै श्री ३ महाराजको जय भन्दै अनित्य संसारबाट फुर्सद ली फेरी आउनाको कति मन नराखी मुक्त भये । आफ्ना नोकरिको पैसा थियो तापनि जनमभर इमान्दारीसित काम गर्दा मिल्ने भारी उहदाको दृष्टान्त देखाई कविताले विद्वान्हरूका सभामा प्रसिद्धभै ६८ वर्षका उमेरमा श्री ३ महाराजका निगाहाले जो काशीवास भयो त्यो फगत परमेश्वर र श्री पशुपतिनाथको (अहेतुकी केही कामना इच्छा नराखी गर्‍याका) भक्तिको भारी नमुना हो । [३]

---

३. हंसपुरे सुवेदी, *संस्कृत वाङ्मयः संक्षिप्त अध्ययन* पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय (२०३७) पृ. ३७५, ३७६, ३७७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छविलाल ढुङ्गेल साँच्ची नै त्यस जमानांका लब्ध प्रतिष्ठित पढेलेखेका मानिस थिए । अत: यिनलाई तत्कालीन दरवारिया उच्च पदाधिकारीहरूले पनि राम्ररी चिन्दथे । धीरशमशेर त्यस बेलाका सैनिक विभागतिरका मुख्य अफिसर थिए । धीरशमसेरकै आशाद्वारा यिनले वि.सं. १९३८ मा श्री ३ महाराज रणोद्दीपको पाला अंग्रेजी कितावहरूको मदत लिई ***सेना शिक्षण पद्धति*** (कवाज सम्बन्धी) पुस्तक पनि लेखेका थिए । जसको पुरानो हस्तलिखित प्रति उहाँका सन्तानहरूसँग अझै रहेको देख्न सकिन्छ । त्यस्तै पदक विभूषण आदि र अरु राजकीय चिन्हहरूमा समेत राखिएको तत्कालीन पदावली समेत यिनैको सोचविचार र विद्वत्ताका प्रतिफल हुन् भन्ने कुरा समेत पुराना पढैयाहरूको किंवदन्ती छ । जेहोस् , त्यस समयका लब्धप्रतिष्ठित विद्वान् भन्ने छविलाल थिए रे यिनको राणा शासकसँग राम्रो चिनापर्ची तथा सम्बन्ध थियो यो कुराभने निश्चय नै हो । यसरी त्यस ताकाको समाजमा प्रतिष्ठित भई राणाहरूलाई रिझाएका पण्डित छविलाल ढुंगेलले मी.सु. सर्दार आदि उपाधि पनि पाएका थिए । यिनलाई कति त्यस समयका मानिसहरू सरदारबाजे पनि भन्दथे रे । जे भए पनि आफ्नो जमानामा राणाहरूलाई रिझाई प्रतिष्ठित न्यायाधीश (प्राड्विपाक) पद पाई धन, मान र इज्जत समेत कमाई ठाडो शिर गरेका सरदार छविलाल दुङ्गेलको दिनचर्या आफ्नै खालको आध्यात्मिक ढङ्गमा रङ्गिएको थियो ।

यिनी जाडो-गर्मी, झरी बादल जेहोस् हरदम ब्राह्ममुहुर्तमा बाग्मती नुहाई स्नान, सन्ध्या र आसनहरू गरी भगवान् पशुपतिको दर्शन र स्तुतिपाठ गर्दथे रे । त्यसपछि घरआई रुद्राभिषेक सहित पंचायन पूजा र नित्य पाठबाट अंकी भोजन र अफिस गर्दथे रे । यो यिनको आफ्नो निजी नियमित दिनचर्या नै थियो । यसरी पूजा पाठ र ध्यान-धर्ममा नै सारा बिहान खुर्लुप्पै पारी अरु जागिर र चाकडीबाट बचेखुचेको समयलाई अध्ययनमा लगाई काव्य सिर्जना गरी जस आर्जत गर्नु साँच्ची नै सरदार बाजेको महान् प्रतिभाको देन हो । यिनको विद्वत्ता, चरित्र र शिक्षा तथा लगनशीलताद्वारा प्रभावित भएका चन्द्रशम्शेरका विश्वासपात्र माहिला गुरुज्यू हेमराजले पनि पछिसम्म पण्डित छविलालको प्रशंसा गर्दथे रे भन्ने कुरा बुढा पुरानाहरूको किम्वदन्ती छ ।

जीवनको सारा काल मातृभूमिमा नै बिताई यिनको आखिरी क्षण यिनकै इच्छानुसार शिवपुरी काशीमा पुग्छ, अनि वि.सं. १९६३ मा पार्थिवकायाले सदाको लागि विश्रान्ति लिन्छ । सोही मितिको ***गोरखापत्र***को शोकपूर्ण (महाशोक) शीर्षक समाचार एवं कविजीबनी छापिएको पत्रमा नै संस्कृत भाषामा समेत संस्कृत विद्वान् छविलालको शोक सन्देश तथा पद्यात्मक श्रद्धाञ्जलि पनि प्रकाशित देखिन्छ जो सुन्दरी (विरहिणी) छन्दमा लेखिएको छ र यसप्रकार छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उताहो विना नैकांत्मलाभां तनुमाकस्मिकीं प्राप्याप्यभिमानसारो लोको बहुविधं कृत्यं मन्यते । एकमेव च कृत्यं भगवदाराधनं नाम, तैनैव हि सर्वे मनोरथाः सहसा हस्तग्राहं गृह्यन्ते ।

तथाहि श्रीमान् प्रियभागवतो महामहिमशाली ढुंग्यालोपनाम्नां ब्राह्मणानां कुलभूषणः सर्दारोपपदश्चविलालसूरिः प्रथितानां महोदयानामेतावदविदितं नाटकद्वयं ***वृत्तालंकार***कर्ता कफोद्रेकरुग्णः श्री मन्पशुपतिचरणकमलमकरन्दामन्दभक्तिभावेन तत्पद्मकोषमेव प्रविविक्षुः समक्षमेव निकषा प्रान्पोति किमपि तारतम्यमुपगम्य वाराणसीं पुरीं सम्प्राप्य महानिर्वाणानन्दमन्वभूत् । तदेवं प्रश्रितगाथातोऽध्यवसन्ति विद्वांसः ।

तस्यैव परमं मित्रं कश्चिदात्मनो निर्वेदमुपगीरति -

अहह । प्रतिपन्नमेवतत् किमिदं श्राव्यमहो मयाधुना
अयमेव च वाचि रोहतां सुहृदो मे छविलालधीमतः ।

ननु काव्यमुदारसौष्ठवं हृदयग्राहि विधाय कौतुकात्
स्पृहणीय-वचोभिरुच्चयन्न पुनर्नः परिदर्शयिष्यति ।

तव कीर्तिरियं विसृत्वरी कविता निर्विरहा चरिष्यति
सहसा कविता हृता त्वया भवितव्ये सति वीतरागिणा

महनीय-गुणाऽधिकारिकास्थितिसंवाद-विचार-चातुरी
न निराश्रयदुःस्थिता त्वया विहतारण्यगतेव मालती ।

रसभावविभावना समा गुणगौरी कविता मया कृता
हृदयङ्गममात्मविभ्रमं ननु कस्मै परिदर्शयिष्यति ।

स्पृहणीयतरोऽपिते गुणः सकलः संप्रति हा । विपर्यगात् ।
परितः परिशून्यका दिशो गतएवायमनिच्छतां हि नः

अविमुक्तमहो । त्वया हृदि प्रतिपन्नं प्रतिवेदिवानहम् ।
जरता खलु कैतवं कृतं सुकृतं हन्त विमुक्तमन्ततः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिलैर्मृगनाभिरूषितैर्हरवामार्द्धकुचान्तरीयजैः
अपवृङ्धिजिता जवञ्जवश्रम विश्रम्य च सौम्यशाखिनी ।

किरणास्तरणो रथोऽपि ते विरजमर्तिरमानवः सखा
अमरा अपि पारिपार्श्विका ननु गन्तव्यमपि स्वधाम ते ।

दधतो स्मित मीषदुन्मिषत्वयि लक्ष्मीः किल सज्जयिष्यति
करकञ्जचतुष्टयेन तां प्रणयन्मौक्तिकहारमाहरेः ।

त्वमन्यपति : प्रदीपवद भज संकल्पसमुत्थिता श्रियः
वस वा स्वमहिम्नि निर्वृत : परमानन्दवने यथायथम् ॥ इति [४]

अहिलेसम्म प्रकाशित भएका सामग्रीबाट पनि छविलालको जीवनीका केही पक्षमा छोटकरी रूपमा थाहा पाउन सकिन्छ । यसबाट उनको जागीरे अबस्था, लगनशीलता, चाकरी मनोवृत्ति र निष्ठापूर्ण जीवनका बारेमा ज्ञान प्राप्त हुन्छ । संस्कृत नाट्य साहित्य र लक्षणग्रन्थका रचनामा छविलालले आफ्नो प्रतिभा र परिश्रम खर्च गरेका छन् । उनका ग्रन्थमा व्याकरणसम्बन्धी त्रुटिहरू भेटिए पनि उनको दोष पक्षभन्दा गुणपक्ष अत्यन्त प्रवल छ । छविलालल 'सूरि' को पाण्डित्यको प्रभाव नेपाल लगायत भारत, जर्मन र बेलायतमा समेत भएको बुझिन्छ । उनको साहित्य साधनाको मूलथलो नेपाल भूमि हो । छविलालका ग्रन्थ अन्य मुलुकका विद्वान्का निम्ति पनि उपयोगी ठहरिनु नेपालका लागि गौरवको कुरा हो । यस्ता अनेकौं अनमोल विद्वान्का बारेमा प्रशस्त अध्ययन र अनुसन्धानको प्रक्रिया शुरु हुनुपर्छ र त्यसकिसिमका अनुसन्धान कार्यहरु प्रकाशमा समेत आउनु पर्छ । वास्तवमा छविलालको जीवनी र कृतिको खोजतलास गर्न जसतसले सक्तैन । उनलाई राम्रोसँग चिह्नाउन संस्कृत, अंग्रेजी र फारसी भाषाको राम्रो ज्ञान हुनु अति जरुरी छ । हचुवाका भरमा हात हाल्नु चाहिं उचित हुँदैन ।

कृति

छविलाल ढुङ्गेलले रचना गरेका र हालसम्म उपलब्ध भएका उनका कृति यसप्रकार छन्:

१. ***सुन्दरचरितम् नाटकम् (वि.सं.१९५१ मा प्रथम संस्करण)***

---

४. हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ३७८, ३७९ र ३८० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सरदार छविलाल 'सूरि'का छोरा
कुञ्जविलास उपाध्याय ढुङ्गेल

स्रोत : विनोद ढुङ्गेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. *कुशलबोदयं नाटकम् (वि.सं. १९५४)*

३. *वृत्तालङ्कार (वि.सं १९५५)*

४. *विरक्तितरङ्गिणीशतकम् (?)*

नेपालीय विशालनगरस्थ छविलाल सूरिणाम्

यी दुइ कविता संस्कृत भाषाको समस्यापूर्ति कविता संग्रहबाट लिएको हो । यसमा भारतका ठूला-ठूला विद्वान्/कविहरूका समस्यापूर्ति कविताको संग्रह गरिएको छ । जस्तै, वंशीधर (गोकुल ग्राम निवासी), गोपीनाथ शर्मा (काशीका), स्वामी बालमुकुन्दाचार्य (अयोध्याका), त्रिवेणीप्रसाद शर्मा, व्याकरणाचार्य (अयोध्याका), नन्दगोपाल शर्मा, बालकृष्ण शास्त्री, उपेन्द्र शास्त्री, कृष्ण शास्त्री, रामगोपाल पण्डित, ब्रह्मानन्द स्वामी आदिका समस्याहरूका साथमा नेपालका छविलाल 'सूरि' को समस्यापूर्ति कविता पनि त्यत्तिकै अर्थपूर्ण रहेको देखिन्छ । मलाई यो कविता विनोद ढुङ्गेलले उपलब्ध गराएका हुन् । यसको अनुवाद पहिले मैले नै गरेको थिएँ तर त्यो अनुवाद आफैंलाई चित्त नबुझेको हुँदा डा. माधव भट्टराईले गरेको अनुवाद यहाँ प्रस्तुत गरिएको छ ।

१. एकर्तौ शरदि विराजते निशायां
शुभ्रांशुर्दिवि *बहुलाभसम्भृतात्मा ।*
सर्वर्तौ निशि दिवसे च माधवेन्द्रो
दीधीते[५] (?) *भुवि बहुलाभसम्भृतात्मा ॥११९॥*

२. दोषज्ञैः किमिह गुणांशभूषितैः किं
दैवज्ञैः किमुत चिकित्सितैश्च किं वा ।
धिक्तान्यैर्जठरकृते ऽपि सेव्यते यः
पुण्यात्मा स हि *बहुलाभसम्भृतात्मा* ॥ १२० ॥

अनुवाद

१. प्रशस्त शोभाले सुसम्पन्न भएको चन्द्रमा एउटा ऋतु शरद्मा (मात्र) रातिको समयमा (मात्र) आकाशमा चम्कन्छ तर प्रशस्त उपलब्धि गरेर परिपूर्ण भएको 'माधव' वा

---

५. छान्दसः प्रयोगो लोके चिंत्यः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'माधवेन्द्र' (खास विशेषता भएको कुनै व्यक्ति) सबै ऋतुमा राति र दिउँसो (सधैं) पृथ्वीमा चम्कन्छ ।

२. विद्वान् अथवा गुणले विभूषित व्यक्तिबाट के फाइदा ? त्यस्तै, ज्योतिष वा चिकित्साको विशेषता भएकाबाट पनि के लाभ ? तिनीहरूलाई त धिक्कार छ । (वास्तवमा) जसलाई पेटका निम्ति पनि सबैले सेवा गरिन्छ तीं (नै) विविध लाभले संयुक्त भएका व्यक्ति पुण्यात्मा हुन् (यी पुण्यात्मा धन्य हुन्) ।

यस विवरणबाट छविलालका चारओटा पुस्तकाकारमा प्रकाशित पुस्ततका अतिरिक्त अरु ***समस्यापूर्ति*** कवितासमेत भएको बुझिन्छ । छविलालले लेखेका अन्य फुटकर रचना र अप्रकाशित कृति पनि हुन सक्छन् तर रुचि भएका मानिस र संरक्षण गर्नुपर्छ भन्ने भावनाको अभावले ती सबै कहाँ छन् वा कहीं छैनन् अहिले त्यसै निक्यौंल गरेर भन्न सकिदैन । छविलालका नाति विनोद दुङ्गेलसँग एक जना छद्मभेषी भन्ने मानिसले ***म छविलालका कृति छाप्छु*** भनेर लगेको तर आजसम्म (प्रस्तुत लेख लेख्दासम्म) नछापेको कुरा बुझिएको छ । यस किसिमको दुष्ट कार्यबाट जीवनी र कृतिमाथि विस्तृतरूपमा प्रकाश पार्ने सामग्री लोप हुँदै जान्छन् । यस्तो कार्य गर्नु कसैका निम्ति पनि हितकर हुँदैन । जेहोस्, छविलालजस्ता संस्कृत क्षेत्रका प्रतिभाका कृति जोसुकैबाट भए पनि प्रकाशित हुनुपर्छ । यसबाट वाङ्मयको श्रीवृद्धिमा ठूलो सहयोग पुग्छ ।

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. चिठी

Pandit Chhavi Lal 7, Norman Gardens, Oxford.

28th Sept. 1898.

Dear Sir,

Accept my best thanks for your Natakas, **Sundaracharita** and **Kushalavodaya; the Vrittalankars**, and the Sanskrit verses addressed to me. As soon as I find time; I hope to read your two plays, but I am getting so old (75) and have still so much to do, that I have but little leisure left to me. I am surprised at your familiarity with Sanskrit. We, in EUROPE, shall never be able to rival you in that. We have to read but never to write Sanskrit. To you, it seems as easy as English or Latin is to us. You see, we chiefly want to know what INDIA is and has been - we care for its literature, its philosophy, etc; and that taken up so much time, that we never think of practising composition, that we can admire all the more, because we cannot rival, and I certainly was filled with admiration when I read but a few pages of your **Sundaracharita.**

And now a question Mr. Bahramji Malabari is publishing at Bombay (India Spectator) translation of my Hibbeet Lectures in Mahrathi, Bengali, Guzrati, Tamil, etc. He is very anxious to find a scholar to translate them into Sanskrit. One translation was made, but it was too imperfect.

Would you undertake that work ? Of course, you would be paid for your trouble ? Or could you recommend any friend of yours who is competent to undertake such a work ? And would you write direct to B.M. Malabari, India Spectator Office, Bombay and inform him of what could be done in Nepali ?

Thanking you once more for your valuable presents, I remain,

Yours faithfully,

T. Max Muller.[६]

---

६. छविलाल सूरि, *कुशलवोदयं नाम नाटकम्*, दीपक ढुङ्गेल शर्मादयः (प्र.), (संशोधित संस्करणम्) २०३०, पृ. २१।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. अनुवाद

७ नरहम गार्डेन्ज
वि.सं. १९५५ आश्विन १४ गते

प्रिय पण्डित छविलालजी

तपाईंका *सुन्दरचरित* र *कुशलवोदय* नाटक *वृत्तालंकार* र तपाईले मलाई लेख्नु भएको संस्कृत पद्यको लागि धेरै धन्यवाद । तपाईंका दुई नाटक पाउने बित्तिकै हेर्ने विचार मैले गरेको छु, तर म निकै बुढो (७५ वर्षको) भइसकें र मैले गर्न पर्ने काम अझ निकै छन्, त्यसकारण मलाई फुर्सद ज्यादै कम छ । तपाईंको संस्कृत ज्ञान देखेर म छक्क परें । हामीहरूलाई संस्कृत पढ्नु भने पर्छ, लेख्नुभने कहिंले पनि पर्दैन । त्यस विषयमा हामी युरोपवासीहरू तपाईंहरूसंग जोडा लाग्न कहिल्यै पनि सक्नेछैनौं । हामीहरुलाई अंग्रेजी वा ल्याटिन जस्तै तपाईहरुलाई संस्कृत सजिलो लाग्ने देखिन्छ । खासगरी भारतवर्ष के हो र भारतवर्ष कस्तो भएको छ भनी जान्न हामी खोज्छौं । हामी यसको वाङ्मय, यसको दर्शन आदि बुझ्न खोज्छौं र त्यही कामले प्रशस्त समय लिन्छ । त्यसैले संस्कृत लेख्ने अभ्यास गर्ने कुरा हामी कहिल्यै पनि सोच्दैनौं । तर हामीले जोडा लाग्न नसकिने हुनाले हामीलाई अझ बढी ताजुव लाग्छ । तपाईंको *सुन्दरचरित*का केही पृष्ठमात्र पढिंदा पनि मलाई ताजुव लाग्यो ।

एउटा कुरा तपाईंलाई सोधिहालुं । बम्बइको इन्डिया स्पेक्टेटर अफिसका श्री बहरामजी मालावारी मेरो हिवीट्व्याख्यानको मराठी, बंगाली, गुजराती, तमिल आदि भाषामा अनुवाद छाप्दैछन् । हिवीटव्याख्यानको संस्कृतमा अनुवाद गर्न सक्ने विद्वान् भेट्टाउन उनी ज्यादै उत्सुक छन् । एक जनाले हिवीटव्याख्यानको संस्कृतमा अनुवाद गरेका पनि थिए, तर त्यो अनुवाद ज्यादै भ्रष्ट थियो ।

तपाईं त्यस कामको अभिभारा लिनु हुन्छ कि ? त्यो काम गरे वापत तपाईंलाई ग्रेहनताना अवश्य मिल्ने छ । अथवा यस्तो कामको अभिभारा लिन सक्ने तपाईंका साथीहरू मध्ये कसैलाई सिफारिश गर्नुहुन्छ कि ? नेपालीमा के गर्न सकिन्छ, यस विषयमा बम्बईको इन्डिया स्पेक्टेटर अफिसका बहरामजी मालावारीलाई सोझै चिट्ठी लेख्न हुन्छ कि ?

तपाईंले दिनुभएका बहुमूल्य कोसेलीको लागि फेरि एकबाजी धन्यवाद दिन्छु ।

तपाईंको आप्त

म्याक्समूलर ७

---

१. नयराज पन्त, "वेदाङ्ग ज्यौतिष र लिच्छवि-कालगणना" ***पूर्णिमा*** ९ वर्ष, २ अङ्क (२०३३ बैशाख) पृष्ठ ९०-९१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. *बिन्तिपत्र*

उप्रान्त महाराज करुणानिधान, सर्कारका गाथमा सदा कुसल मंगलोदय रहिबक्स्या भीछूकको प्रतिपाल उद्धार होला प्रभू जो हुकूम् –

चैत्र २ गते रोज ६ का दिन व्याहानका टायेममा सेकीन क्लास १ घर रीजब गरि सुबीस्तासाथ श्रीकाशीतर्फ बाबाज्यू सर्दार छवीलाल उपाध्या चलान् हुनूभयो बेथाका प्रक्रितिलाई नेपाल् छदाको प्रकृति भाई खरिदार ईश्वरीप्रसादसंग बुझि ग्राहा आयापछिको प्रकृति हेर्दा केहि कम हुदै गयाको जस्तो थीयो दं जरो पनि कम् भयाको थियो कुरा कहानि पनि बेसै तवरसंग गरिवक्सींथ्यो अघि पनि गरंमा वाहालाई फाइदा हुने हुनाले ***श्रीकाशीमा*** आराम् होला भन्या भीछुकका मनमा भरोसा लाग्छ. सर्कारका प्रतापले आराम् पनि हुने प्रभू यस्तो अवस्तामा पनि बाबा साथ गैं सुबीस्ताको बस्ने डेराको बंदोबस्त गरि आउन हुकुम् मर्जि केहि नबक्सेको हुनाले पाईन भन्ये भीछूकको मनमा अपसोच रह्‌यो प्रभू लेषदा हरफमा कम् बेस् भयाको माफ फर्माई बक्सनाका आधार्मा छु प्रभू जो हुकूम् – – –

ईत सदा भीक्षुक लेफर्टे भुवनप्रसाद
उंपाध्याको चतुर्वेदोक्त शुभ आसिर
वाद स्वस्ति स्वस्ति स्वस्ति ---
इति सम्वत् १९६३ साल चैत्र २ गते रोज ६ शुभम्

(औंठी छाप) ८

४. *जगन्नाथले पठाएको पत्र*

कानपुर जिल्ला अन्तर्गत पाल्हेपुर ग्राम निवासी श्रीमन्महर्षिकात्यायनवंशोद्भव कान्यकुब्ज ब्राह्मण श्री १०८ युत मिश्रमन्नालात्मज श्री मिश्र जगन्नाथले आफ्नो ***बार्य्य सम्प्रदाय प्रदर्शक गायत्री भाष्यम्*** का साथ पठाएको पत्र -

मान्यवर श्रीयुत पं.छविलाल सूरि
...... नमस्कार

आपकी विद्वत्ताका परिचय मुझे आपकी रचित *वृत्तालङ्कार* नामक ग्रन्थ के देखने से, जो नेपाल देश निवासी काशीस्थ पं. देवीदत्त पराजुलीद्वारा मुझे हुआ, मिला, जिससे मेरी भी इच्छा

८. ज्ञानमणि नेपालको संग्रहबाट प्राप्त अप्रकाशित पत्र ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुई कि मैं स्वरचित ***आर्य्य सम्प्रदाय प्रदर्शक गायत्री भाष्य*** नामक ग्रन्थ आपको भेंट देकर अपना परिश्रम सफल करुं अतएव आपको पूर्वोक्त ग्रन्थ भेंट देता हुं और आशा करता हुं कि आप उसे कृपापूर्वक स्वीकारकर उसकी प्राप्ति स्वीकार से पत्र - द्वारा मुझे सूचित करेंगे।

यह ग्रन्थ भारत वर्ष के सम्पूर्ण हिन्दू राजाओं, संस्कृतज्ञ विद्वानों, -- पाठशालाओं के अध्यापकों, पुस्तकालयों, सनातन धर्म्म समितियों इत्यादिको धर्मार्थ विनामूल्य वितरण किया गया है, और आपके नेपाल शहर में भी श्री यु.पं. पद्मचन्द्र लामिछाने राजकीय पाठशालाध्यक्ष, श्री पं. विष्णुहरि पण्डितरसाल (रिमाल हुनुपर्ने हो कि ? भूह) श्री पं. डमरुवल्लभ महाशयों की सेवा में भेजा गया है, परन्तु पूर्वोक्त महाशयों ने इस पुस्तकको प्राप्ति स्वीकार अभीतक नहीं भेजी, नहीं मालुम पुस्तकें उनके समीप पहुँची कि नहीं।

नेपाल राजकीय संस्कृत पाठशाला के निम्नलिखित अध्यापकों को भी हम पुस्तकें भेजेंगे यदि उनके पत्र संस्कृत भाषा की गद्य पद्य लेखों में हमारे पास डाक व्यय सहित आवेंगे --

श्री पं. केशवदत्त पांडेय। पं. जगन्नाथ सिग्द्याल। पं. तोयनाथ पंथ। पं. वृहस्पति पंथ। पं. केदारनाथ भट्टराय। पं. जीवनाथ नेपाल। पं. खरीदार वेददेव। पं. भुवनेश्वर पुरोहित। पं. लक्ष्मीप्रसाद पाकशाला क्षेत्र। पं. गङ्गादत्त गोताम्या। पं. रामचन्द्र। पं. धनानाथ इत्यादि।

११-११-"९९

आपका कृपाकांक्षी
श्री जगन्नाथ मिश्र ९

---

९. शरदचन्द्र शर्मा भट्टराई, "छविलाल सूरि: एक परिचय" *नेपाल* वर्ष १८ अङ्क ३ (२०४५ वैशाख) पृष्ठ २५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. जगन्नाथ मिश्रले पं. छविलाल 'सूरि' लाई पठाएको पत्र

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. प्रभाकरी कं. को बील

From: Prabhakari and Co.
Book Sellers and Stationers and Co.
Benaras Contonment,
To सर्दार छवीलाल उपाध्याय छेउ.........

		RS.		
ता.१९-११-१९०६	षर्च रजीष्टरि वृत्तालंकारके फाइल आदिका		२	६
ता.१८-२-१९०७	वृत्तालंकारको छपाइ पुस्तक के	५५	८	
	ऐ छपाइ टाइटील के	६		
	कागज ५ रीम के	२२	८	
	कागज टाइटील वास्ते	३		
	सीलाइ इत्यादि के	५		
	डाकमहसुल वृत्तालंकार १०० नेपाल भेजनेका	१	१३	६
	ज्मा रु ९४ ॥ के सैक्रा ५ ले कमीसन	४	१५	६
	ज्मा रु के ९९= ॥ सैक्रा ३ ॥ ले हुंडीयान्	३	७	६
		१०२	११	६

Rs.१०२ । ११ । ६.

६. भरपाई

बनारस ता. ३-१०-०७

भर्पाई दादै वनारस प्रभाकरी कंपनि आगे सर्दार छवीलाल उपाध्याका नाउमा गयाका पोस्तकहरूको मोल र षर्च स्मेत ज्मा कंपनी १०२ ॥– येक सये दुइ रुपैना येघार आना दाषिल भयो. तस्को भर्पाइ लेषी दीना. इति सम्वत् १९६४ साल कार्तिक १५ गते रोज सुभम् –

"...... अहिले संम बडाकाजी थिए, फेरि छविलाल सर्दार, सम्सेरमान सर्दार, रूद्रमान सर्दारहरू सब आइ पुग्ये ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- -

.... सबै जना गये छन् । त्यो तीन मोहरको दाउराले बल्लतल्ल गरी भात पकायें । सर्दारलाई ख्वाने, आफुले पनि खाने । सर्दारलाई आफ्नु पलङ बिछाउनामा सुताने, आफु तल तिरको लंपट्मा सुतें । हैजाको त्यो हाहाकार छ, जस्तो पनि सहनै पर्दो रहेछ ... ।" (ठोरी शिकार, १९६१ जेठ)

A. D. Ram Chandra [१०]

७. .... *प्रथम महायुद्धको वर्णन' बाट*

"......... इतिहासले पहिलेको अनुभव हृदयमा झल्काएर देश कांल पात्र शक्ति अवस्था अनुसार पछि काम गर्नालाई एक किसमको बाटो देखाई शिक्षा दिने हुन्छ. जस्तो १९६२ सालमा चितौनमा सिकार खेल्नालाई वेलायतका साहज्यादा आउने भएका हुनाले त्यस वखतमा भएका वन्दोवस्तको किताव सरदार छविलालले लेखी जङ्गी अडामा राखेका हुनाले पछी १९६८ सालमा इङ्गलेण्डका किङ्ग हिन्दुस्थानका वादशाह पञ्चम जार्ज नेपालको तराइ चितौनमा पाहुना भई सिकार खेल्न आउने हुनुभएको मा, अघिको ६२ सालको वन्दोवस्तभन्दा हरेक कुरामा धेरै वन्दोवस्त गर्नु परेको थियो ता पनी सो ६२ सालको कितावले हामीहरूलाई वाटो देखाइदिएको हुनाले काम गर्नालाई वहुतै मदत हुन गयो." [११]

---

१०. शरदचन्द्र शर्मा भट्टराई, पूर्ववत्, पृष्ठ २६ ।

११. दिनेशराज पन्त, "विद्वच्छिरोमणि हेमराज शर्माद्वारा विरचित प्रथम महायुद्धको वर्णन" *पूर्णिमा* पूर्णाङ्क ५१, पृ. २० ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ स्रोत

१. ईश्वर बराल, "माध्यमिककालका कवि भुवनप्रसाद ढुङ्गयाल" (१९२२-९३)" *कविता* वर्ष ३ अङ्क ३ (२०२४)

२. घटराज भट्टराई, "विद्वान् छविलाल सूरि र उनको योगदान" *गोरखापत्र* (चैत्र, २०४४ शनिबार)

३. दिनेशराज पन्त, "विद्वच्छिरोमणि हेमराज शर्माद्वारा विरचित प्रथम महायुद्धको वर्णन" *पूर्णिमा* पूर्णाङ्क ५१।

४. नयराज पन्त, "वेदाङ्ग ज्योतिष र लिच्छवि-काल गणना" *पूर्णिमा* पूर्णाङ्क ३४।

५. नयराज पन्त, "सरदार पण्डित छविलाल ढुङ्गेलको सुन्दरचरित नाटकमा परेका व्याकरण विषयका केही अशुद्धिको संशोधन" *पूर्णिमा* पूर्णाङ्क ३४।

६. नीलमणि ढुङ्गाना, "छविलालस्य सुन्दरचरितनाटकम्" *हैमप्रभा* (२०३६)।

७. शरद्चन्द्र शर्मा भट्टराई, "छविलाल सूरि : एक परिचय" *नेपाल* वर्ष १८ अङ्क ३ (२०४५)

८. हरिनाथ उपाध्याय ढुङ्गेल, "श्रीसरदार छविलाल सूरि परिचय" *जयतु संस्कृतम्* सम्पूर्णाङ्कः २०, २०१९।

९. हंसपुरे सुवेदी, *संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन* पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि. (२०३७)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३

पण्डित जगन्नाथ अर्ज्यालको जीवनी

उठान

पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने लुम्बिनी अञ्चलको गुल्मी जिल्ला पनि आफ्नै किसिमको ऐतिहासिक विशेषता बोकेर उभिएको छ । यो जिल्लामा रूरू, रेसुङ्गा र श्रृङ्गाजस्ता धार्मिक तीर्थस्थल भएको हुँदा यसलाई नेपालको तपोभूमिका रूपमा पनि लिन सकिन्छ । वि.सं. २००९ सालमा पाल्पा र वागलुङ्को प्रशासनिक एकाइबाट छुट्याएर गुल्मीको छुट्टै अस्तित्व कायम गरिएको हो । पहिले ईस्मा, धुर्कोट, मुसीकोट तथा गुल्मी गरी चार थुममा विभाजित थियो । त्यसमध्ये सबैभन्दा ठूलो थुम चाहिं गुल्मी पर्थ्यो । गुल्मी जिल्लाबाट पूर्वपट्टि स्याङ्जा, पर्वत, पश्चिममा प्यूठान पर्दछन् र सत्तुमारे र मूलपानी डाँडाले यस दिशाको सीमा छुट्याउँछन् । उत्तरपट्टि वाग्लुङ् दरुवा पहाड, शिरखर्का, दाह्रे गौंडाले सीमा विभाजन गर्छन् । दक्षिण दिशामा रिड़ी खोलाले पाल्पाको साँध र कावरनेटा तथा सोमरभोमरले अर्घाखाँचीको साँध छुट्याउँछन् ।

गुल्मी जिल्लामा ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चारै जातका मानिसको बसोबास पाइन्छ । मगर, नेवार, दमाई, सार्की, कामी, कुम्हालेजस्ता वर्णहरू पनि यहाँ पाइन्छन् । यस जिल्लामा अहिलेसम्मको वर्गीकरण अनुसार ७९ गाउँ विकास समितिहरू छन् । जिल्लाको सदरमुकाम चाहिं तम्घास हो । गुल्मी जिल्लामा पनि अन्य जिल्लाहरूमा भएजस्तै पहाड र बेंसी क्षेत्र पर्दछन् । यहाँ असाध्य रमाइलारमाइला लेखहरू पनि छन् । जस्तो- रेसुङ्गालेख, मालिकाथान लेख र भुलेसालिने लेख प्रसिद्ध छन् । यसैगरी सत्यवती र धारा दिने गुफाले यहाँको प्राकृतिक सौन्दर्यलाई अरु बढी प्रतिनिधित्व गरेका छन् । आजभन्दा केही वर्ष अगाडिसम्म हिंडेर मात्र पुग्न सकिने गुल्मी जिल्लामा छिमेकी जिल्लाहरूमा भएको यातायातको सुविधाले गर्दा अब थोरै दिनमानै पुग्न सकिने भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐतिहासिक परिचय

हेमिल्टनको भनाइ उल्लेख गरी- *मेचीदेखि महाकाली* पुस्तकको भाग ३ मा लेखिए अनुसार गुल्मी जिल्लाको ऐतिहासिक स्थिति यस किसिमको देखिन आउँछ ।

अहिलेको गुल्मी र अर्घाखाँची जिल्ला पहिले ६ राज्यमा विभाजित थिए । जस्तै– धुर्कोट, ईस्मा, अर्घा, खाँची (राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहकी जेठी आमा चन्द्रप्रभा खाँची राजाकी छोरी थिइन्) मुसीकोट र गुल्मीमध्ये सबैभन्दा ठूलो राज्य ईस्मा पर्दथ्यो । ईस्मा राज्यमा पर्ने प्रमुख गाउँहरू हुन् - घमीर अर्जे, मर्भूङ अर्खावाङ्, पुर्कोट, दङास र पौदी । अर्जेबाट अर्ज्याल थरको परम्परा चलेको मानिन्छ भने पौदीबाट पौडेल थरको विकास भएको ऐतिहासिक विश्वास गरिएको छ । हाल, जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका उप-प्रबन्धक श्री कृष्णशरण लम्सालको भनाइ अनुसार - दामु भट्टका चारभाइ छोरा थिए । तीमध्ये जेठाले पौदी अवे भन्ने ठाउँ विर्ता पाए र पौडेल भए जसको गोत्र आत्रेय हो । माहिलाले लंसु भन्ने ठाउँ विर्ता पाए (सायद यो दैलख जिल्लामा पर्छ क्यारे) र लम्साल भए जसको वत्स गोत्र हुन गयो । साहिंलाले रोपेको खेत विर्ता पाएको हुँदा ऊ रुपाखेती भयो । कान्छाले चाहिं कुनै पनि ठाउँ विर्ता नपाएकाले उनीहरू भट्टकै रूपमा रहिरहे । अहिले डोटीमा रहेका भट्टहरू दामुभट्टकै सन्तान भएको बुझिएको छ ।

मध्यकालमा मुसीकोट, ईस्मा, धुर्कोट, गुल्मी एकै राज्यअन्तर्गत पर्दथे । ह्यामिल्टनको भनाइ अनुसार-गुल्मी, खाँची, अर्घा, मुसीकोट, धुर्कोट र ईस्मा गरी यी छ राज्यमा एउटै परिवारले शासन गरेका थिए । गुल्मी र मुसीकोटमा कालामकवानी वंशले शासन गरेको बुझिन्छ । प्राचीनकालमा गुल्मी लिच्छविराज्यहरूको अधीनमा थियो .। ह्यामिल्टनको भनाइ अनुसार-गुल्मीको राजधानी एउटा पहाडमा थियो । ईंटको गाह्रो र टायलको छाना भएको दरबार थियो । यस राज्यको मुख्य बजार रिडीघाट थियो । यो ठाउँमा तीनचार महीनासम्म भव्य मेला लाग्दथ्यो । चारैतिरबाट व्यापारीहरूको जमघट हुन्थ्यो । चन्द्रको अरकोट पहाडमा तामाका खानीहरू थिए । ईस्मा राज्य बाइसेचौबीसे राज्य अन्तर्गतनै पर्थ्यो । भीमसेन थापाले वि.सं. १८६३ मा पाल्पा लगायत गुल्मी, अर्घा र खाँची बृहत् नेपालमा मिलाएका थिए ।

ईस्माका राजाको अधीनमा समथर जग्गा थिएन । राज्यभरमा करीब २,५०० घरहरू थिए । राजस्व २,०००। मात्र थियो । यस राज्यमा भएका खानीहरू उपयोग भएका थिएनन् । ईस्मा र मुसीकोटका बीच सधैं झगडा भैरहन्थ्यो ।

नेपालको एकीकरणको क्रममा गोर्खाली र ईस्माली राज्यका बीचको युद्धमा ईस्माली फौजले नेपाली फौजसँग बहादुरीकासाथ मुकाविला गरे । ईस्माका राजा गोविन्द सिंह स्वयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लडेका थिए तर आफ्नो विजय निश्चित नहुने देखेर सल्यानमा भागेर गए । त्यो ताका ईस्मा राज्यको राजधानीमा २५० घरहरू थिए । राजदरबार वरिपरि ५०/६० घर थिए ।

ईस्माकोट हाल गुल्मी जिल्लाको उत्तरपश्चिम सीमाना निसीखोलाको नजीकै पर्छ । सदरमुकाम तम्घासबाट एकदिनको बाटो फरक छ । सत्रौं शताब्दीमा भुरे, टाकुरे राजाहरूको पालामा यो एउटा गढी थियो । पछि चौबीसी राजाहरूले यसलाई कोट बनाए । यहाँ कुनै जमानामा अर्जेल बाहुनहरूले पनि राज गरे । पछि कालामकवानी वंशका ठकुरीहरूलाई राजा बनाई ती बाहुनहरू राजगुरु भए भन्ने जनश्रुति छ । वि.सं. १८४५ मा गोरखाली फौजसँग ईस्माली राजा लडाईंमा हारे ।

यहाँ खड्ग देवताको मन्दिर छ, जहाँ बडादशैंमा धूमधामसँग पूजा हुन्छ । यो उच्च स्थानमा भएकाले यहाँबाट मुसीकोट, धुर्कोट, निसी, छल्ली खोलाहरूको फाँटा नेटांको लेख, हिमाली श्रङ्खला आदि मनोरम दृश्यहरू देखिन्छन् । यहाँ धेरैजसो बाहुन, क्षत्री र मगरको बस्ती छ ।[१]

ईस्माको राजधानी कोटमा अहिले पनि मनकामनाको मन्दिर छ । यसमा अर्ज्यालहरूले पूजाआजा गर्दैछन् । बहादुर शाहले आफ्नो विजय अभियानमा यस राज्यलाई गोर्खाराज्यमा सम्मिलित गराएका थिए । क्षत्रीयराजा गोविन्द सिंह हालको सल्यान जिल्लाको बडागाउँ भन्ने ठाउँमा गएर बसे । यिनै गोविन्द सिंहका सन्तानले जगन्नाथ अर्ज्यालकै पौरोहित्यलाई स्वीकारेका थिए र अझै पनि उनका सन्तानहरूले जगन्नाथका नातिहरूलाई र उनका भाइका छोरानातिहरूलाई पूजाआजामा बोलाउँदैछन् । गोविन्द सिंहका सन्तान नयाँ मुलुक बाँकेबर्दिया, धनगढी तथा काठमाडौंमा छरिएर रहेको बुझिन्छ ।[२]

इतिहास प्रकाशको अङ्क २ भाग ३ (वि.सं. २०१३) को पृष्ठ ५८६ मा -"गोरक्षाधीश बडामहाराजा श्री ५ पृथ्वीनारायण साहदेवका पालामा चौबिसि राजाको तपसिल" भन्ने शीर्षकमा ***ईस्मा राज्यको चारहजार धुरिका राजा गोविन्दसिं*** भन्ने वाक्य लेखिएको पाइन्छ ।

यसबाट के कुरा प्रस्ट हुन्छ भने ईस्मा राज्य पनि बाइसीचौबीसी सरह नै छुट्टै अस्तित्वमा आएको थियो र यसका सम्बन्धमा प्रकाश पार्ने ऐतिहासिक सामग्री पनि थुप्रै पाइँदैछन् ।

---

१. मेचीदेखि महाकाली (प्रकाशन वर्ष २०३१), पृ. ७१५, ७१६, ७१७, ७२३, ७२४, ७२७ र ७२८ ।

२. दुर्गाप्रसाद अर्यालबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ज्याल थरको परम्परा

अचेलको गुल्मी जिल्लामा बसोबास गरेका अर्ज्याल थरका मानिसहरू जुम्लाका ब्राह्मण परिवार हुन् । यिनीहरूले ईस्मामा आएर राज्य गर्ने सौभाग्यसमेत पाएका थिए । पहिले यिनीहरूलाई भट्ट ब्राह्मण भनिन्थ्यो । ईस्मा राज्यमा ४ पुस्तासम्म यिनै ब्राह्मणहरूले राज्यव्यवस्था सञ्चालन गरेका थिए । पछि, ब्राह्मणले राज्य गर्नु मनासिब ठहर्दैन भन्ने महसूस गरी यिनीहरूले सिंह, शाह र ठकुरीलाई राज्यसञ्चालन गर्ने अभिभारा सुम्पिएका हुन् भन्ने ऐतिहासिक किम्वदन्ती छ । राजकाज छोडेपछि ईस्मा राज्यको पश्चिम दिशामा पर्ने अर्जै गाउँमा गएर बसेका हुनाले यिनीहरू अर्ज्याल थरबाट प्रसिद्ध हुन गएका हुन् । त्यसकारण अर्ज्याल थर भएका सबै मानिसहरूको मूलथलो अचेल गुल्मी जिल्लाको उत्तर पश्चिममा पर्ने ईस्मा इलाकाकै अर्जै गाउँ हो । अहिलेसम्मको अध्ययन, अनुसन्धानमा अर्ज्याल थरको ऐतिहासिक वंशपरम्परा त्यति अस्पष्ट र अप्राप्य भएको कुरा महसूस हुँदैन । प्रस्तुत सन्दर्भमा संस्कृतका प्रख्यात विद्वान् भएर पनि अध्ययन, अनुसन्धान र प्रकाशनको कमीले बिलाउन लागेका पण्डित जगन्नाथ उपाध्याय अर्ज्यालको जीवनीमा पुष्टि मिल्ने गरी एक पक्षीय हाँगो तल प्रस्तुत गरिन्छ । जस्तै,

१. उदय भट्ट, २. सुदय भट्ट, ३. राई भट्ट, ४. श्रीदेव भट्ट, ५. श्रीनन्द भट्ट, ६. श्रीराम भट्ट । यसरी छ पुस्तासम्म भट्ट ब्राह्मणका रूपमा प्रख्यात छन् । श्रीराम भट्टका छोरा चावा ईस्माका राजा भए । यसपछि कुशा राजा, नरसिंह राजा, विष्णुदास राजा भए । विष्णुदासको समयपछि ईस्मामा ब्राह्मण वर्गको राजपरम्परा टुट्न गएको जनश्रुति छ । विष्णुदासका तीन भाइ छोरामा पौदी गई बसेका पौडेल थरबाट प्रसिद्ध भए । सिग्दी गई बसेका सिग्देल थरका रूपमा प्रसिद्ध भए । अर्जैमा गएर बस्ने प्रभाकर नाम गरेका मानिस अर्ज्याल थरका रूपमा प्रसिद्ध भए । यी तीनै थरको गोत्र आत्रेय हो । यसरी अर्ज्याल थरको पहिलो व्यक्ति प्रभाकर देखिन्छन् भने पौडेल र सिग्देलका भने हालसम्म पहिलो व्यक्तिको नाम थाहा पाउन सकिएको छैन । हिजोआज पनि पौदी, सिग्दी र अर्जैमा प्रशस्त मात्रामा पौडेल, सिग्देल र अर्ज्याल थरका मानिसहरू छन् ।

यिनै प्रभाकरका तीनभाइ छोरामध्ये एकभाइ श्रीपति मर्भूङ् (मरभूङ्ग) आई बसेका हुन् । श्रीपतिले मर्भूङ्गमा आएर बनाएको घर अहिलेसम्म पनि बसोबासकालागि योग्य स्थितिमा छँदैछ । त्यही घरमा अहिले मित्रलाल अर्याल बसिरहेका छन् । श्रीपतिसँग सम्बन्धित शाखालाई यसरी देखाउन सकिन्छ । जस्तै, १. श्रीपति, २. चिन्तु, ३. चूडामणि ४. योगीदास (जोगीदास) ५. मुकुटमणि र ६. जनमेजय । यिनै जनमेजयले ईस्माली राजा तिलविक्रम सिंह शाहबाट वि.सं. १६९६ मा रयाल्याको षर्क विर्ताका रूपमा पाएका थिए । सोही गाउँ हिजोआज रयाले, राहाले अथवा रालेको नामले प्रसिद्ध छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं जगन्नाथ अर्ज्यालको वंशक्रम

Nepal Sanskrit University, Balmeeki Campus...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिजोआज चिरञ्जीवीका सन्तान मात्र रयालेमा बस्छन् । जगन्नाथ अर्ज्यालका जेठा छोरा रश्मिराज कपिलवस्तु जिल्लाको तौलिहवा भन्ने ठाउँमा गई अध्ययन र बसोबास गरेका हुन् । माहिला छोरा पीताम्बर अथवा टेकनाथ तीनधारा संस्कृत छात्रावासमा बसेर अध्ययन गर्दागर्दै अकस्मात् परलोक भए । साहिला छोरा चेतोनाथ दाङ गएर धेरैवर्ष अध्यापन गरी उतै बसोबास गरेका हुन् ।

जीवनी

जगन्नाथ अर्ज्यालको जन्म वि.सं. १९०७ साल माघ शुक्ल अष्टमीका दिन मर्भूङ्को पण्डित टोलमा भएको थियो । जगन्नाथका पिता एउटै भाइ मात्र थिए र उनैका जेठा छोरा जगन्नाथ हुन् । उनका देवीरमण, सोभिराम र विष्णुदत्त गरी तीनजना भाइ थिए । कान्छा भाइ विष्णुदत्त गाउँका मुखिया पनि भएका थिए । एउटी बहिनी थिइन् । बहिनीको विवाह हालको अर्घाखाँची जिल्लाको हंसपुर डोबाटाका प्रसिद्ध पण्डित जनार्दनसित भएको थियो । जगन्नाथ सानै उमेरदेखि मूर्ख स्वभावका थिए । पहाडको ठाउँ भएकाले बिहानबेलुका कडा परिश्रम गर्न नसके हातमुख जोर्न पनि मुश्किल पर्छ । उनी वन जाने, घाँसपात ओसार्ने काममा असाध्य जाँगर गर्दथे । जगन्नाथ एकदिन आफ्नो गाउँको ठूलो लेख खाम्देशबाट ठूलो घाँसको भारी ल्याएर घर आउने बाटो मैदानको चौतारामा भारी बिसाएर बसेका रहेछन् । जगन्नाथ सुल्फा तान्दै भरखरका केटीहरूसँग गफ गर्दै सान देखाउन लागेका रहेछन् । त्यही अवस्थामा गाउँघरका पुराना भलाद्मी थापा बूढाले जगन्नाथको त्यो तमासा देखेर छक्क पर्दै रिसाएर एक चड्कन उनका गालामा हिर्काएछन् र यसरी अर्ती दिएछन् - ***तिम्रो कुल कस्तो हो, तिमी कस्ताका छोरानाति हौ, तिमीलाई कुनै कुराको ख्याल छैन हो कि ? यत्रो लाठे भएर पनि अहिलेसम्म दुइ अक्षर पढ्न जानेको छैन । तिम्रो जीवनलाई धिक्कार छ - किनभने त्यत्रा पण्डितका छोराको यो चाला ।***

गाउँका थापा बूढाको यो कुराले जगन्नाथ अर्ज्यालको होस आएछ । यस अवस्थामा उनी २२ वर्षका तन्नेरी भैसकेका थिए । त्यसबेला देखिनै उनी पढाइमा संलग्न हुन थाले । महाकवि कालिदासलाई आफ्नी पत्नी विद्योत्तमाको वचनले पढेर महान् बन्ने प्रेरणा दिएजस्तै, तुलसीदासलाई आफ्नै पत्नीको बचन बिझेर कर्मक्षेत्रमा उत्रने प्रेरणा प्राप्त भएजस्तै र वाल्मीकिलाई व्याधाको कुकृत्यबाट क्रौञ्चपक्षीको वियोग देखेर रामायण महाकाव्य लेख्ने प्रेरणा प्राप्त भएजस्तै जगन्नाथ अर्ज्याललाई पनि थापा बूढाको वचनले अध्ययन गरेर ठूलो विद्वान् बन्ने हौसला प्राप्त भयो । उनले लघुसिद्धान्तकौमुदी घरमैं पढे । यसको केही वर्षपछि भागेर कास्कीपोखरा गई व्याकरणमा सिद्धान्तकौमुदी र कोषकाव्य पढी वृन्दावन गएर भागवतकोसमेत अध्ययन गरे । धेरै पहिलेदेखि ***न्याय हराए गोरखा जानु, विद्या हराए कास्की जानु*** भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. जगन्नाथ अर्ज्याल
जन्म वि.सं. १९०७
तिरोहित : वि.सं. १९९०

Nepal Sanskrit University, Balmeeki C...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उखान प्रचलित भए बमोजिम कास्की संस्कृत विद्याको केन्द्रका रूपमा विकसित भएको बुझिन्छ। वृन्दावनबाट जगन्नाथ काशी गएर केही समयसम्म धर्मशास्त्रसम्बन्धी गहिरा कुराको अध्ययन गरी आफ्नो घरमा फर्के। यसरी कास्की, वृन्दावन र काशीमा विद्याध्ययन गरी विद्वान् बनेर घर फर्किएका जगन्नाथलाई सबै गाउँलेहरूले स्याबासी दिए। मर्भूङ्का मैदानमा तिघ्रा ठटाउँदै गाउँका केटीहरूसँग जिस्किने र चाहिँदा-नचाहिँदा गफ हाँक्ने जगन्नाथको यसरी कायापलट भएकोमा सबै मानिस चकित भए। यसै सन्दर्भमा प्रेरणाकालागि एकजना नेपाली कविको कविता उद्धृत गर्न मनलाग्यो।

मान्छेले मन आँट्दछन् यदि भने के पो नहोला यहाँ
मान्छेकै भरमाछ जे जति कुरा होला अरू के कहाँ

जगन्नाथ घरमा आएपछि उनीबाट अध्यापन कार्य चल्यो। गाउँघरका आफ्ना भाइभतिजा र आफन्तहरूलाई बटुलेर उनले अध्यापन गर्न थाले। अहिलेको गुल्मी सिर्सेनी गाउँ विकास समिति अन्तर्गत रयाले अथवा राहाले अथवा राले भन्ने ठाउँमा आफ्नो जन्मस्थान मर्भूङ्बाट छुट्टिएर भिन्न भइआएर बसोबास गरेपछि जगन्नाथले निजीस्तरको घरेलु पाठशाला खोले। त्यस पाठशालामा वाग्ला बडाचौरका देवीप्रसाद, थोर्गाका हिरण्यलाल, पाल्पाका केही विद्यार्थीहरू र मर्भूङ्का डिल्लीराज तथा आफ्ना (जगन्नाथका) भतिजाहरूले अध्ययन गरेका थिए।

जगन्नाथ अर्ज्यालको विद्वत्ता र अध्यापन कुशलताको चर्चापरिचर्चा यस भेकमा निकैनै हुन्थ्यो। उनको प्रगाढ पाण्डित्यको परिचर्चा सुनेर प्यूठानका बडाहाकिम जर्नेल भैरवनरसिंह राणाले रयालेबाट जगन्नाथलाई झिकाएका थिए। जर्नेल भैरवनरसिंह राणा पनि वेदान्त दर्शनका ज्ञाता तथा संस्कृतका मर्मज्ञ भएका हुनाले त्यहाँ पनि उनले संस्कृत पाठशाला सञ्चालन गर्न जगन्नाथलाई झिकाएका थिए। बडाहाकिमले आफ्ना छोराहरू र अरुहरूलाईसमेत संस्कृत पढाउने उत्कट अभिलाषाले अभिप्रेरित हुँदै जगन्नाथलाई प्यूठान जिल्लाको सदरमुकाम खलङ्गामा बस्न अनुरोध गरेपछि जगन्नाथले *मेरा विद्यार्थीहरू मेरै घरमा मसित पढ्न बसिरहेका छन्। म यहाँ बस्ने बित्तिकै उनीहरू त्यहाँ अलपत्र पर्छन्* भन्ने कुराको समस्या देखाए। उनको कुरा सुनेर जर्नेल बडाहाकिम भैरवनरसिंह राणाले- *रयालेका विद्यार्थीहरूलाई पनि यहीं ल्याएर पढाउने* भन्ने कुराको निधो गरेपछि आफ्ना घरको पाठशालामा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई पनि आफूसँगै ल्याएर प्यूठान जिल्लाको खलङ्गामा रही अध्यापन गर्न थाले। रयाले घरमा बसेर पढेका बडाचौरे देवीप्रसादलगायत अरु विद्यार्थीहरू पनि प्यूठान खलङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गए ।[३] जगन्नाथले प्यूठान खलङ्गामा १०।११ वर्षजति पढाएको जानकारी प्राप्त भएको छ । त्यो समयावधिमा प्यूठानका विभिन्न विद्यार्थीहरूले जगन्नाथसँग अध्ययन गरेका थिए, तीमध्ये प्यूठान विजबार टारीका मणिराम सुवेदी, बाँदीकोटका मुक्तिनाथ आदि उनका प्रसिद्ध शिष्य हुन् ।

प्यूठानबाट बडाहाकिम भैरवनर्सिंह राणा सरुवा भएपछि जगन्नाथ पनि मर्भूङ्तिर फर्किए । पछि जर्नेल भैरवनर्सिंङको घर ठमेलमा जगन्नाथको आवतजावत कायमै रह्यो । अनेकौं गहिरागहिरा शास्त्रीय कुराको छलफल तथा निर्णय गर्न जर्नेलले जगन्नाथलाई समयसमयमा झिकाउने गरेको र अरु धार्मिक क्रियाकलापमासमेत बोलाउने गरेको चर्चा जगन्नाथकै कनिष्ठपुत्र चिरञ्जीवी उपाध्याय अर्यालद्वारा गरिएको हो र त्यसको प्रतिचर्चा दुर्गाप्रसाद अर्यालबाट प्रस्तुत सन्दर्भका अनुसन्धान कर्ताले थाहा पाउन सकेको हो ।

जगन्नाथ अर्ज्यालले दुइ विवाह गरेका थिए । सबैभन्दा पहिलो विवाह हाल अर्घाखाँची जिल्लामा पर्ने अर्घातोस भन्ने ठाउँमा खनाल परिवारमा भएको थियो । अर्घातोस विवाह गरेकी धर्मपत्नी असमयमै देहान्त भएपछि जगन्नाथले प्यूठानको उदयपुरका अधिकारी परिवारमा दोस्रो विवाह गरेका हुन् । पहिली पत्नी दमयन्तीको गर्भबाट एउटी मात्र छोरी जन्मिएकी थिइन् भने दोस्री पत्नीबाट ४ छोरा र ४ छोरीको जन्म भएको थियो । जगन्नाथका जेठा छोरा रश्मिराज र माहिला छोरा टेकनाथले रानीपोखरी संस्कृत छात्राबासमा बसेर व्याकरणको अध्ययन गरेका थिए । टेकनाथ अध्ययनको अवधिमै १५ वर्षको कलिलै उमेरमा काठमाडौंमा परलोक भए । विलक्षण प्रतिभा भएका टेकनाथलाई पीताम्बर पनि भन्ने गरिन्थ्यो । अत्यन्त तीक्ष्ण प्रतिभाशाली टेकनाथको मेधाशक्तिबाट उनका गुरूहरू निकै प्रभावित भएको चर्चा अद्यापि सुनिदैछ । साहिला छोरा चेतोनाथ र कान्छा छोरा चिरञ्जीवीलाई जेठाछोरा रश्मिराजलेनै *लघुकौमुदी*, *मध्यकौमुदी अमरकोष* र *रघुवंशमहाकाव्य* पढाएका थिए । शिक्षित पिताका शिक्षित पुत्रका रूपमा उदाएका जगन्नाथका चारै भाइ छोरा संस्कृतका ज्ञाता थिए । ती -मध्ये रश्मिराजले व्याकरणको गहिरो ज्ञान प्राप्त गरेका थिए । तौलिहवा, बाँदीकोट र मर्भूङमा केही विद्यार्थीहरूले रश्मिराजको विद्वत्ताबाट निकै लाभ उठाएका थिए । लेखनाथ पौडेल र दधिराम मरासिनीका समकालीन रश्मिराजले रानीपोखरी संस्कृत पाठशालामा व्याकरणको तत्कालीन अप्रतियोगी विद्यार्थीका रूपमा आफूलाई प्रस्तुत गरेको कुरा पनि सुनिन्छ । चेतोनाथले पनि दाङ्ग छिल्ली बिजौरीमा रहेर अन्दाजी २०।२५ वर्ष संस्कृत विषयको अध्यापन गरी सयौं विद्यार्थीहरू तयार पारेका थिए । कपिलवस्तु जिल्लाको बहादुरगञ्जमा पढाउन बस्नका निम्ति सबै कुरा ठीक भैसकेर पनि आफ्ना

---

३. पं. भीमकान्त पन्थी शास्त्री (सिर्सेनी गाउँविकास समिति बडाचौर) बाट दुर्गाप्रसाद अर्यालले जानकारी पाए, त्यही कुरा दुर्गाप्रसादबाट मैले जानकारी पाएँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिता जगन्नाथले *म बूढो भएँ, अब मलाई छोडेर तँ यताउति नलाग्* भन्ने वार्द्धक्यको अशक्तताको भाव प्रदर्शन गरेकाले पिताजीको सेवा सुश्रुषामैं चिरञ्जीवीले आफूलाई समर्पित गरेका थिए । उनलें आफ्नै घरमा केही विद्यार्थीहरू पढाएर आफ्नो अध्यापन परम्पराको थाती कायम गरे ।[४] लेख तयार गर्दाको समयसम्ममा जगन्नाथका कुनै पनि छोरा जीवित रहेको पाइएन । हाल जगन्नाथका ५ भाइ नातिहरू जीवित छन् । पनातिहरू दाङ, तौलिहवा र काठमाडौंमा छरिएर बसेका छन् । जेठी छोरीको २०४८ साल पुस महिनामा देहावसान भयो र कान्छी छोरी हालतक जीवितै छिन् । जेठी छोरीको घरबार धुर्कोट, भैरहवा र काठमाडौंको बानेश्वर र धोबीधारामा छँदैछ । कान्छी छोरीको घरबार प्यूठानको पुण्यखोलामा छ । जगन्नाथका छोरानाति र छोरीका नातिहरूले पनि संस्कृतकै माध्यमबाट शिक्षा ग्रहण गरेका छन् । यसरी जगन्नाथको कुलमा संस्कृत विद्याको अध्ययन र अध्यापनपरम्पराको लामो इतिहास भेटिन्छ।

खानाको हकमा जगन्नाथ स्वभावतः गुलियोवस्तु बढी रुचाउँथे । तीहुन तरकारीमा पनि उनी निकैनै रुचि राख्तथे । आफ्ना छरछिमेकीमध्ये कसैका घरबारीमा फर्सी, बोडी फलेको देखे भने आफैं टिपेर घरमा ल्याउँथे । यो, ऊको घरबारी नभनीकन तिहुनतरकारी चाहिं जोसुकैको बारीबाट पनि टिपेर घरमा संग्रह गर्दथे । आफ्नो घरबारीमा जगन्नाथ पसेर धमाधम तिहुनतरकारी टिप्न लागेको देखी गाली गर्न थाल्यो भने उनी सबैभन्दा पहिले *तेरो बाबुको क्या हो र नाहकमा मलाई गाली गर्छस्* भन्ने रुखो जवाफ पो दिन्थे । पछि कुराको प्रसङ्ग लम्बिंदै गएपछि अनेकौं शास्त्रीयर व्यावहारिक उदाहरण दिएर चित्त बुझ्ने गरी आफूले गरेका गलत कामको पुष्टि गरिदिन्थे । यस कुराको चर्चा अझै पनि मर्भूङ् रयालेका बूढापाकाहरू गर्दैछन् ।

जगन्नाथलाई घरव्यवहारको कुनै वास्ता थिएन । उनी आफ्नै सूरमा अध्ययन, अध्यापन र शास्त्रीय निर्णयका काममा संलग्न भइनै रहन्थे । घरायसी परिस्थिति चाहिं जसरीतसरी गुज्रिरहेको थियो । एकचोटि आफ्ना छोराहरूको अंशबण्डा गर्दा अनेक किसिमका विवाद खडा हुँदाहुँदै पनि तिनीहरूको समुचित समाधान गर्नुको सट्टा जुरुक्क उठेर जगन्नाथ त खोलापारीको गाउँ मर्भूङ्मा गएर समस्यासमाधानको बाटो पहिल्याउन पन्छिएको कुरा उनैकी कान्छी बुहारी हुमकुमारी अर्यालबाट सुनिएकोछ ।[५]

जगन्नाथ अर्ज्याल अतिथिको सत्कार गर्न खुबै रुचि राख्तथे । यस सम्बन्धमा एउटा रोचक प्रसङ्ग सुन्न पाइन्छ । एकचोटि असार महीनामा आफ्नी श्रीमतीको श्राद्धको दिन (

---

४. दुर्गाप्रसाद अर्ज्यालबाट प्राप्त जानकारी ।

५ दुर्गाप्रसाद अर्ज्यालबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भवत: जेठी पत्नीको हुनसक्छ) वारीमा भरखरै हारी बसेका मकै भक्कुचूर फाँडेर पाहुनापाछाको स्वागतसत्कार गरेछन् । यसरी कलिला मकै खुवाएको देखेर छोराहरूलाई खपिनसक्नु औडाहा छुटेछ । यो औडाहा खप्न नसकी जेठा छोरा रश्मिराजले प्वाक्क मुख फेरिहालेछन्- *बा त बहुलाउनुभयो क्यारे । यो काँचो मकैबाली यसरी एकैदिन पाहुनाहरूलाई भतेर लगाएर हामीले यी जहान छोराछोरी कुन उपायले पाल्नु ?* जेठा छोराको यस किसिमको वचन सुनेर जगन्नाथले यसरी प्रत्युत्तर दिएछन् -

यो काम गर्दा मलाई दुनियाँले चाहिं केही भनेन तर मेरै छोराले यत्रो जवाफ दियो । यो घटनापछि जगन्नाथ मनलागीसँग हिंड्डुल गर्ने र आफ्ना घरपरिवारको कुनै वास्तै नगर्ने स्वभावका भए ।

यस्तै - यस्तै व्यावहारिक विवादले ग्रस्त भएर छोराहरूलाई जगन्नाथले *तिमीहरूले मेरो काजकिरिया गर्नु पर्दैन* भन्ने वचन बोलेका थिए । जगन्नाथको मृत्यु वि.सं. १९९२ साल माघ महीनामा भएको अनुमान गरिन्छ । किनभने जगन्नाथ आफ्ना कान्छा छोरा चिरञ्जीवीलाई लिएर काशीबास गर्न जाँदा (काश्यां मरणान्मुक्तिः भन्ने शास्त्रीय वचन अनुसार) बनारस पुगेको ५।६ दिनपछि बिहान सबैरै उठेर गङ्गाजीमा नुहाउन गएका थिए । त्यो बेला उनले कसैलाई जानकारीसम्म दिएका थिएनन् । गङ्गाजीमै डुबेर जगन्नाथको मृत्यु भयो अथवा अरुनै भवितव्य पर्‍यो यसको पुष्टि नभएको हुँदा पछि घरमा किरिया भयो । जगन्नाथ अर्ज्यालको मृत्यु यसरी रहस्यमय ढङ्गबाट भएको बुझिन्छ ।

अर्ज्यालहरुले आफ्ना इष्ट देवताका रूपमा देवीलाई मान्ने परम्परा बमोजिम पाञ्चायन देवताको पूजा गर्दा बीचको भागमा देवीलाई स्थापना गरेर पूजा गर्ने चलन छ । पितृहरूको मुक्तिका लागि खगौतोमा तर्पण दिने परम्परा पनि कायमै छ । दिनहुँ चण्डीपाठ तथा पञ्च महायज्ञ गर्ने प्रक्रिया पनि जगन्नाथले नित्य कर्मका रूपमा चालू गरेका थिए । जगन्नाथ यात्रा गर्न खुबै रुचि राख्तथे । उनका छोराहरू पनि चारैतिर छरिएका थिए । जस्तो, कान्छा छोरा रयालेमा, जेठा छोरा तौलिहवामा, साहिंला छोरा *दाङबिजौरी*मा भएका हुँदा सबै छोराकहाँ पालैपालो भेटघाट गर्नजान अन्य साथीभाइ तथा इष्टमित्रकहाँ पनि जगन्नाथ बारम्बार गैरहन्थे । यही यात्राको प्रसङ्गले गर्दा पनि विद्वान् जगन्नाथको चर्चा विभिन्न ठाउँमा चल्दै गई विद्वत्ताको कदरसमेत हुँदै गएको हो ।

गुल्मीको रेसुङ्गा पर्वत (ऋष्यश्रृङ्ग आश्रम) मा तपस्या गरेर बसेका प्रभुसँग निकै ठूलो घनिष्ट सम्बन्ध भएको प्रसङ्ग पनि निकैनै उल्लेखनीय छ । एकदिन रेसुङ्गाका प्रभुले जगन्नाथलाई प्रसादका रूपमा आँप खान दिएछन् । प्रभुले दिएको सो आँपको प्रसाद पनि जगन्नाथले आफ्ना घरका परिवार र छरछिमेकी सबैलाई बाँडि दिएछन् । त्यही आँपको खोयो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. जगन्नाथ अर्ज्यालको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बारीमा रोपे । त्यो उम्रयो, बढ्यो । रयालेमा ऐतिहासिक संस्मरणका रूपमा यो आँपको रुख अहिलेसम्म पनि ठिङ्ग उभिएको उभियै छ । त्यहाँ फलफूलका बोटहरूमा चिउरी, आँप, काफलहरू छन् । अरु धेरैजसो मासिँदै गए । फूलको बगैंचा भने अद्यापि प्रसिद्धै छ ।

मर्भूङ्का जीतमान कप्तानलाई जगन्नाथले दर्शनशास्त्रको ज्ञान गराउनुका साथै मन्त्रदानसमेत दिएर आफ्नो प्रिय मान्छे बनाएका थिए । मर्भूङ्मा बस्ने अधिकांश घर्ती क्षत्री र थापाक्षत्रीहरूले त्यस समयमा जगन्नाथबाटै धार्मिक संस्कार गर्ने र मन्त्र सुन्ने गरेको परम्परा पनि यस सन्दर्भमा उल्लेखनीय छ । पौरोहित्यकर्ममा पूरै संलग्न नभए तापनि कड्गारो परेका बेला उनी पछि पर्दैनथे ।

आखिरीमा के भन्न सकिन्छ भने जगन्नाथ अर्ज्यालको नाम हालसम्म नेपालको विद्वत् समुदायमाअज्ञात हुनुको कारण के हुनसक्छ भने उनका बारेमा त्यति चर्चापरिचर्चा नै पर्याप्त मात्रामा हुनसकेन । यी विलुप्त प्रतिभाहरूबारे विस्तृत अध्ययन, अनुसन्धान गरी प्रकाश पार्नु हामी सबैको प्रमुख कर्तव्य हुन आएको छ ।

जगन्नाथको विद्वत्ताबाट प्रभावित भएर कैयौं मानिसले संस्कृत विद्याको अध्ययन र अध्यापनको परम्परालाई कायम राखेका छन् । उनैका छोरीज्वाइँ पण्डित हेमनाथ घिमिरे र पण्डित शशिधर रिजाल (जैसी पण्डित)लेपनि आफ्ना ससुराकै पाण्डित्यबाट प्रभावित भएर राम्रोसँग संस्कृत पढी आफ्नो जीवनलाई उच्च बनाएको बुझिन्छ । अर्घाखाँची निवासी हेमनाथ घिमिरे व्याकरणका प्रकाण्ड विद्वान् मानिन्छन् भने प्यूठान लुङ् निवासी शशिधर रिजाल पुराणवाचन र पौरोहित्य कर्ममा निकै नै प्रसिद्ध छन् । उनले आफ्नो जीवनकालमा ५०० पटक भन्दा पनि बढी पुराण भनेका र उनको विद्वत्ताबाट धेरै मानिस लाभान्वित भएको बुझिन्छ । पण्डित शशिधरले आफ्ना छोरा औषधीराज, मीनराज र डिल्लीराजलाई संस्कृत पढाएका र यसबाट उनीहरूको जीवन उन्नत बनाउनमा ठूलो सहयोग पुगेको देखिन्छ । विद्वान्को जीवनी र पाण्डित्यबाट प्रभाव ग्रहण गरेर संसारको कुनै पनि मानिसले आफ्नो जीवनलाई उन्नत बनाउन सकेको छ भने त्यसलाई ठूलो उपलब्धि मान्नुपर्छ । जगन्नाथ अर्ज्यालबाट प्रेरित भएका मानिसले आफूलाई योग्य बनाई समाजमा शिक्षा प्रचार र अन्य रचनात्मक कार्यमा समर्पित गरेका उदाहरण यथेष्ट पाउन सकिन्छ । वास्तवमा यो नै संस्कृत विद्याको अध्ययन र अध्यापन परम्परामा ठूलो उपलब्धि हो ।

☆

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. ऐतिहासिक पत्र

साके १७०८ मा श्री श्री श्री श्री श्री ५ महाराजा रणवाहादुर साहकासमये १

श्री वहादुरसाह मुक्तीयार भयामा -

साके १७०८ मा १ गोर्षा पाउ लागनु भयो श्री वाहादुरसाह पालपा गै वीहा (विवाह) गरी गोर्षा आयापछि गोर्षैमा पजनीभयो फेरि लडाञीको उद्योग चल्यो काजीसी (जी) वसाह काजी सीवनारान् षत्री सर्दार पारथ भँडारी सर्दार अंवसिंह राना सुब्बा जोग नारान मल्ल थर घर उमरा कंपनी फौजली कार्कीकोट गै वस्या फेरि कालीहेलि (तरी) गुल्मी गया राजा भाग्या गुल्मी सर्भयो सर्दार अंबरसिं राना २ कंपनी ली चंद्रकोट गया सुब्बा जोगनारान् मल्ल षाँची गया काजी जीवसाह काजी सीव नारान् षत्री सर्दार पारथभडारी थर घरले अर्जुगारमा हानि रेसुँगा हानी वस्या तस्तै विचमा कौडयाको ठानुमा स्यार्तानी सल्यानी वराह कुर्थ्या ताहा पर्वत्ले हान्न आउदा गोहारी नपुग्दै कौडया छीन्यो द्वाऱ्या सबल साही नराजलामा घा लागी पक्री पर्वत्या (त) ले लग्यो गोहारी फर्की रीसंगैमा आया अर्घातोस्मा वैरीको भारी फौज थियो ताहा कंपनी १ राषी सवै फौज (लस्कर) गै अर्घा सर गरि वस्याका थीया वीहाउदा अर्घातोस्को वैरी नीस्की अर्घामा वरुन्या गोरषाका (हाम्रा) लस्करलाई हान्न आउदा लडाञी ठूलो भयो जिरति गोर्षाको (अर्घा) सरभयो -

फेरी इस्मामा ठुलो लडाञी भयो त्यो पनि सरभयो ताहा कंपनी १ राषी चन्द्रकोट देषी सर्दार अम्वरसिं राना षाँची देखि सुषा जोगनारान मल्ल समेत सामेल भै वल्लेवा, बाक्लुं आइ काजि सिवनारान षत्रि पुग्या पछि काजी दामोदर पाडे काजी अभीमानसिं वस्न्यात क़ाजी जगजीत पाडे सर्दार प्रबलराना सुब्बा फौदसिंराया श्रीनाथ कालिदत्तली कंपनी २ उपल्लो बाटो जादा, दुर्लुङ बाफुङ्मा ठुलो लडाञि भयो कटक जिती वेनीमा साघु (गु) वनाउन लाग्या पर्वत हान्न उछिन्ना पछिना थियो तस्तै वीचमा वल्हेवा वाक्लुं पुग्याका लस्करले पर्वत छीन्या पाडे काजीहरुको मुष पनि वाही सामेल भया काजी सीवनारान् षत्री नेपाल गया -

२. ऐतिहासिक पत्र

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्रचुडामणी नरनायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्रीमहाराजे रणवहादर साह वहादुर समशेर जङ्गदेवानाम् सदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर विजयी नाम्- स्वस्तिश्री सर्वोपमा जोग्य राजभार सामर्थ - श्री ससिधर्षतृके आसिष पूर्वक पत्रमिदं इहाँ कुसल तहाँ कुसल चाहिये आगे यहाँको समाचार भलो छ , उप्रान्त गोर्खा गुल्मीको घाय घय्रास एकै छ तिमी भन्याका २ घरको सेवक है, एकत्वरहन्या ढुङ्गाको बन्न्या गनु छ। हिजोदेखि प्युठान गुल्मीलाई जिमीखान्या हो भनि विंति गयैको हो। आज घरी परी रहेछ। प्युठानालाई पनि जीखुवा, वन्यु गुल्मीले जिमी ख ...... ताहा विन्ति गरी गरावनु, जनधनले पुरन गरी तिमीलाई जस दिउँला। सुरो पुरो भै गर १८४२ साल श्रावण शुदी ११ रोज ३ मुकाम् कान्तिपुर शुभम्।

३. ऐतिहासिक पत्र

श्री दुर्गासहाय

स्वस्तिश्री गिरिराज चक्रचूडामणी नरनारायणेत्यादि विविध विरुदावली विराजमान. मानोन्नत श्रीममन्महाराजाधिराज श्री श्री श्रीमहाराज रणबहादुर साह वहादुर सम्सेर जङ्ग देवनाम सदासमर विजयी नाम स्वस्ति श्रीसर्वोपमा जोग्य राजभारा सामर्थ श्रीशशीधीर खत्रिके आसिष पूर्वक पत्रमिदं इहाँ कुशल तहाँ कुशल चाहिए आगे यहाँको समाचार भलो छ। उप्रान्त तिमी भन्याका हाम्रा सेवक हौ. हिजोभर भारा पनि गरिआयौ। आज पनि गोर्षा गुल्मीको एकत्वो रहन्या अर्थ गर, तुम्रो सेवा हामीले देख्याको छ। इति सम्वत् १८४१ साल मंसीर वदी १४ रोज ५ मुकाम कान्तिपुर शुभम्।[६]

४. ऐतिहासिक पत्र

श्रीरामः

स्वस्ति श्री नरनारायणेत्यादि विवीध बिरुदा बलि विराजमान मानोन्नत श्री महाराजाधिराज श्री श्री श्री मं तिल विक्रम सिंह शाहदेवेषु सदासमर बिजयिषुः उप्रांत रयाल्याको षरक महाराजाले वक्स्या जन्मजयपंडितले पाया साठि रूपयाका बाँधा अंके पि ६० साछि. त्रिलोचनसिंह चौतरियाः माघौ कँवँर दिसालि साछि दसरत कँवर साछि गंगाराम घर्ति साछि लिषक आत्मा रामजैसि रोज १ मुकाम् इस्मासुर्भ श्री शाके १६९६ सुभं

---

६. *इतिहास प्रकाश अङ्क २ भाग ३ बाट।*

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. रश्मिराज अर्ज्याल
जन्म : वि.सं. १९४३
देहान्त : वि.सं. २०१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. जगन्नाथले लेखेको चिठी

स्वस्ति श्री नानी चिरञ्जिवी पंडित चेतनाथ उपाध्यायके इत पण्डित जगन्नाथ उपाध्याको शुभाशी इत नीक तहाँ तिमीहरुका सरिरमा आनन्द भया हाम्रो मन सन्तोष होला उप्रान्त होतारीका हस्ते पठाएको पुस्तक चिठी त्यहाँ आइपुग्यो होला महातारिलाई छोडन नहुनाले हामि येतावती कहि गएका छैनं मधेसतर्फ पनि तेरा दाजुलाइ ७/८ दिन ज्वोरो आयेछ आजकल संचलाग्यो षेतीपाति पनि मधेसको बढीयै छ भन्छन् केटाकेटिहरुलाइ मन धैर्य गरी रांरोहिसाबसंग पढाउने गर्नु फागुन् निगल्दा बिदामागि घर आउनु चेतनाथ डिठ्ठाले असल षर्रा दियेकाछन् मानिस पाइन्छ भने बोकायेर ल्याउनु आफ्नु तलबपनि योर्कोष्मेत् बढिया हिसाबसँग मागेर ल्याउनु गाईल्याउँनलाइ बाटामा षोरेदको हल्ला गर्दछन् यो साल नल्यायेपनि होला जेष्ठ भगिन्यै कंवल बस्त्रादिकं अत्र मयैब दत्तम् अष्मिन् समये त्वयाकिञ्चि नदीयते चेदपि भविष्यत्येव एत विचरणियं गोपञ्च येता आउने मानिसका हात हालसुरथलेषदैरछन् त्यहाका सबै मानिस्ले पठाउने कुरामा तेरो रांरोयस् गायेका छन् यस्तर्फलाई आफ्नै भाइ गोपेले अकीर्त्ति गराओलाकी भने जस्तो छाडन् बुझिन्छ ताडना परिक्षा पूर्वकरांरो गरि पढाउनु अरु केटाकेटिको पाठ लगाउन पनि तेसैलाई दिनु इति संवत १९६९ साल माघ ३ गते बार ४ शुभम्

६. मित्रलालले जगन्नाथलाई लेखेको चिठी

श्री

श्रीमत्प्रपूज्य गुरुराज पदारविन्दे षाष्टाङ्ग युक्त नतयो विकसन्तु नित्यम्
यत्पादपीठकमलेषु पतन्ति शास्त्रार्थज्ञानवर्द्धधजना अपितेषु सर्वे ॥१॥

अहरहरहमत्र वर्ष्मणि हे सुखकुशले भवतां सुवेदितुं वै
वुधजनगणनाग्रगण्यकानां सुरगुरुतुलधियां पुण्यरूपे ॥२॥

अहमपि कुशली तथापि खिन्न : कथमितिचेभ्दवतामदर्शनत्वात् ।
ननु मम वसतीं विलङ्ध्यदूराच्चगतवतां कृपणञ्चमां वधार्य ॥३॥

विकसति भवतां द्वयाङ्घ्रिशाखानखमणिचन्द्रिकयाकदालयं मे ।
नु कृपण गृह खऽपिचन्द्रिकाया : प्रभवति चन्द्रमसः कथं प्रकाशः ॥४॥

रुचिरपङ्क्ति पदाङ्कित शुभरसाञ्जनभेषजमत्र नः
अथ भवत् करनिर्मित शीतलं नयनयोरनयो विदधातु शम् ॥५॥

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मठेऽपि ह्यस्मिन्नुदया पुरस्थिते विद्यार्थिन: सन्ति खवेदसंख्यका :
द्विषद्जना व्याकरणंत्वधीयते पठऽन्ति चान्येमरकोशकादि वै ॥६॥

कुशाग्रवद्बुद्धिमतां गणाग्रणीषुविस्तरेणात्यलमर्थ्यपत्सु वै ।
इयं ह्यशुद्धा यदि पत्रिका भवेत्तदैव क्षन्तव्यमितीह प्रार्थये ॥७॥

प्रकामयेऽहं सततं शुभाशिष : प्रपूज्यपादाद्गुरुतो दयावत: ।
कृपाभिलाषी भवतो हि बालकश्चपूर्वमित्रान्तिमलालभूसुर : ॥८॥

इति श्री सम्वत् १९७९ साल वैशाख रोज शुभम् -----

७. रश्मीराजले लेखेको चिठी

श्री परमेश्वर

स्वस्तिश्री कोटिकल्याण चिरञ्जीवी भाइ चेतनाथ उपाध्याय के इतय रश्मिराज उपाध्यायको शुभाशी: मलाई सन्चै छ . तेरा शरीरमा आनन्द रह्या वेस होला . उप्रान्त. म तौलिया. जमहरामा वसेको छु . ताहा तेरो हाल के छ . विद्यार्थि कति छन् . पाठ काँहाँ २ पुऱ्यायका छन् . पढाउने ग्रन्थ अभ्यास गर्नु . -- का अनुग्रहले तेरो र मेरो भेट होला . १० । ८ सर्ग असल काव्य तँलाइ पठाइदिउँला भन्ने मनमा लागेको छ के गर्नु द्रव्यार्जनका आशाले भिन्न २ जगामा वस्नु पऱ्यो . पढाउने कोहिनभये पनि . अमरकोष धेरै हितकारी ग्रन्थ छ . भाषा टीका पनि लगेकै होलास्. नाउँ लिङ्ग स्मेत कण्ठ गराउनु . काव्यटिका हेरेर सभै पढाउनु सक्ने उपाय मसिकाउला . वैशाखस्म . वाताँहाँ आउनु हुनेछ . विस्तार कुरा गर्नु हुनेछ . म पनि घरगै २२ दिन वसि ताहा आएको छु . विस्तार पछि लेखौंला . सम्वत १९६७ साल मिति चैत्र गते १५ वार ३ शुभम्

मलाइ चिठि लेखने ठेगाना- तौलिहवा जमहरा वावु साहेव कुलप्रसाद उपाध्यायका पास भै

८. रश्मीराजले लेखेको चिठी

स्वस्ति श्री कोटिकल्याण भाइ चेतनाथ उपाध्यायके इतो रश्मिराज शर्मण शुभाशी इत निकताहा तेरा शरिरमा सदा आनन्द रह्या मेरोमन आनन्दरहला उपरान्त ताहाबाट फर्कंदा बाले प्यूठानबाट १७ गतेमा पठाएको पत्र २७ गतेमा आइपुग्यो तेरा भाउजुहरु पौषमा ताहा आएका अस्ति फाल्गुन २७ गते वार ७ मा घर गये ताहाँ तौलियामा सर्कारि पाठशाला रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मू. र. ॥१७॥ आस्वाद्यमश्नुते शीघ्रमन्नपानादि सर्वशः ॥ भीमापि नीलवर्णा सा दंष्ट्रादशन-
॥५६॥ भासुरा ॥१८॥ विशाललोचना नारी वृत्तपीनपयोधरा ॥ चन्द्रहासं च डमरुं शिरः पात्रं
च बिभ्रती ॥१९॥ एकवीरा कालरात्रिः सैवोक्ता कामदा स्तुता ॥ तेजोमण्डलदुर्धर्षा भ्रामरी
चित्रकान्तिभृत् ॥२०॥ चित्रभ्रमरसंकाशा महामारीति गीयते ॥ इत्येता मूर्तयो देव्या
व्याख्याता वसुधाधिप ॥२१॥ जगन्मातुश्चण्डिकायाः कीर्तिताः कामधेनवः ॥ इदं र-
हस्यं परमं न वाच्यं कस्यचित्त्वया ॥२२॥ व्याख्यानं दिव्यमूर्तीनामधीष्वावहितः स्वय-
म् ॥ एतस्याः स्वयं प्रसादेन सर्वमान्यो भविष्यसि ॥२३॥ सर्वरूपमयी देवी सर्वं देवीम-
यं जगत् ॥ अतोऽहं विश्वरूपां तां नमामि परमेश्वरीम् ॥२४॥ःः॥ इति मूर्तिरहस्यम्
॥ःः॥ ॥ विक्रमसम्वत् २००५ आषाढगतदिनेषु ३२ गते शुक्रवासरे गुरोरस्मान्निर्गत
मर्युङ्ग्रामनिवासिनो जगन्नाथशर्मविदुषः सूनुना तौलिहवानिवासिना रश्मिराजश
र्मणा नेपाल दिल्लिबजार नगरे समापितेयं सप्तशती ॥ शुभम्भूयात् ॥ सिद्धिरस्तु ॥ श्रीः ॥५६॥

पं. रश्मिराज अर्ज्यालको हस्तलिपि

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनाले तेस्मा महिनाको कं रू ९मा कवोलगरि पढाउनलागैं आज ३।४ दिन भयो व्याहान वेलुका जमहरामा छदैछ जागिरको ठेगान छैन खान पाइएको छ जागिर केहि पाइने भये छ भने पछि लेखि पठाउला खेतिविग्रेर रिण छ सय पुगिसक्यो पासमा ८ गोरु बुढा र ६० रूप्यवाधामा परेका छन् अहिलेलाइ वालाइ खर्चसव चौपा ... चे लिनु पर्ने हो अब के उपायेले पारलागिन्छ ताँहा तँसँग भेट गर्नको बहुगत उत्कण्ठा भयेको थियो पूर्वोक्त काममा वल्भनाले मलाइ बिदा नपाइने भयो मेरामनमाता यस्तो लाग्दछ अहिले तँ पनि घरनआउनु पछि केहि तरहले बिदालिन सकियो भने अथवा दसैमा अनुकूलपारि घरमा भेटहुँला भन्ने मन छ - तेरा विचारमा जो लाग्दछ - चिठि बराबर लेखदै रहनु तैले लेखेको चिठि आयेको थियो जवाफ लेखेको थिन बनारसबाट ***आख्यात चन्द्रिका*** नाउ भयेको क्रियाकोस र ***मेदिनीकोश*** झिकाइ हेर्ने घोक्ने गर्नु कम्पनि १४/१४ आना पर्छ ३/३ आनाको कपडाको जिल्ला पनि उहि बाधि पठाउनुभन्नु जम्मा रू २ आना २ पर्ने भयो बिस्तारका हाँ तक लेखु जान्ने आफै छस शुभम् १९६८ चैत्र १ बार ४

९. रश्मीराजले लेखेको चिठी

श्री छ मत्पितृ चरण तलेषु रश्मिराज शर्मण: साष्टाङ्ग दण्डवत् - हामि आनन्द छौं पत्र पत्रे १८ हाते असल कोरार्था १ खाष्टो बनाउन मयलपोस सुरवाललाइ ३ टुकुरा गरी हात १२ र भित्रि ३ टुकुरा गरी रातो ४ खा ना गब्रुङ् १६ सोह्र पठाइ दियेको छु जनै जोर १३ पनि बन्द गरि पठाइदिएको छु अरु पठाउन काञ्छा बा को ठेगान नहुदा पठाइन ताहां संभार नपुगि दुख भयेको भये पुषमा हिं आउनु होला श्रावण २० बार १ सं १९८६ शुभम्

श्री चिरञ्जीवीके शुभाशी: कोरा हाल पाइयेन दल दांइको रुप्य तिर्न मो रु १ पठाइ दिएको छु हाल खबर लेखदै रहनु: बा को ससार गर्नु मिति सदर शुभम्

स्वस्ति श्री नानी भतिजा पण्डित चेतनाथ उपाध्यायके विष्णुदत्त उपाध्यायको शुभआशी विष्तार सदरबाट वुझिनेछ हाम्रा गोपेले ते. अव यस गराउँछकि भनेजस्तो सुनिन्छ ताडनागरि पढाउने छस् बदमासिगरी त्यहा कालक्षपण गररहननदिनु ।

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) सन्दर्भ ग्रन्थ

१. *मेचीदेखि महाकाली* (भाग ३) काठमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं. २०३१ ।

२. योगी नरहरिनाथ, *इतिहास प्रकाश* अङ्क २ भाग ३ काठमाण्डौ : इतिहास प्रकाश संघ, वि.सं. २०१३ ।

३. रामजीप्रसाद अर्याल, *नेपालको इतिहास र अर्याल परिवार* श्रीमती बिन्दु अर्याल (प्र.) वि.सं. २०४७ ।

३. विष्णुराज आत्रेय, *अर्ज्याल वंशावली र कुलवृत्त;* वाराणसी : अलका प्रकाशन, २०४२ ।

(ख) सन्दर्भ पत्रिका

दुर्गाप्रसाद अर्याल, "ईस्माको ऐतिहासिक झलक" - *हाम्रो पुरुषार्थ* - पूर्णाङ्क २५, २०४३ ।

(ग) सामग्री स्रोत

१. दुर्गाप्रसाद अर्याल, रामहिटी ।

२. विष्णुराज आत्रेय, बानेश्वर ।

Nepal Sanskrit University, Balmeeki C...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

व्याकरणका धुरन्धर विद्वान् विश्वनाथ रिमाल

प्रवेश

विश्वनाथ रिमाल व्याकरण विषयका प्रसिद्ध विद्वान् हुन् भन्ने कुरा मैले २०३६ सालको नौरथामा मात्र थाहा पाएँ । त्यो बेला म व्याकरण विषयकै प्रकाण्ड विद्वान् दधिराम पौडेलका सम्बन्धमा खोजीनीति गर्न रामेछाप जिल्लाको सैपू-घ्याङ्डाँडा गएको थिएँ । दुरागाउँ (घ्याङ्डाँडा र दुरा गाउँ नजीकै पर्छ) मा जन्मेका दधिरामले काठमाडौँमा आएपछि ज्यादै दुःख गरेर पढेका थिए । उनलाई पढाएर आवश्यकता परेको बेला सहयोग गर्नेमा विश्वनाथ रिमालको नाउँ आउँदो रहेछ । यसपछि मलाई उनका बारेमा पनि केही जानकारी लिने इच्छा भयो । टङ्कराज र विष्णुहरि पौडेलले विश्वनाथको घर डिल्लीबजार कालिकास्थानमा भएको जानकारीदिएका थिए । काठमाडौँ आएपछि विश्वनाथका आफन्तहरू पत्ता लगाउन शुरु गरें । एक, दुइदिनको प्रयासपछि २०३१ सालको माघ महिनादेखि चिनाजान भएका शैलेन्द्रनाथ रिमालसँग भेट भयो । सोधपुछ गर्दै जाँदा त उनी विश्वनाथकै सुपुत्र पो रहेछन् । यसपछि मलाई निकै नै खुशी लाग्यो । शैलेन्द्रनाथलाई - विश्वनाथ रिमालका बारेमा थाहा भएसम्मका सबै कुरा टिपोट गर्न आग्रह गरें, तर ४ वर्षसम्म बेलाबखत घच्घच्याई रहँदा पनि कुनै तथ्य फेला परेन । यहाँबाट निराश भएर म कविराज मुकुन्दनाथ रिमालकहाँ गएँ । उनबाट पनि भरपर्दो तथ्य फेला पार्न सकिएन । पुनः शैलेन्द्रनाथ रिमालसमक्ष अनुरोध गर्न गएँ । उनको भनाइ के थियो भने - *मेरो बा विश्वनाथ रिमालको देहावसान भएको समयमा म ६ वर्षको बालक थिएँ । त्यो बेलाको यथार्थ कुरा अहिले मलाई सम्झना छैन । अन्य लिखित सामग्रीहरू - विश्वनाथका सम्बन्धमा यसरी चासो राखेर कसैले अध्ययन, अनुसन्धान र प्रकाशनको क्रम चलाउला भनेर त्यो बेला सोच्न सकिएन र जतनसँग राखिएन पनि ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शैलेन्द्रनाथले आफ्ना बा'का सम्बन्धमा कुनै तथ्य जानकारी दिन नसक्ने कुरा बताए पनि मैले भने उनलाई बारम्बार कचकच गर्न छोडिनँ । म उनी कहाँ फुर्सत भयो कि गैहाल्थें, कुरा कोट्याइहाल्थें । शैलेन्द्रनाथलाई डिल्लीबजारको पानपसलमा पत्रपत्रिका पढ्दै गरेको अवस्थामा भेट्न पाइन्थ्यो । आजभन्दा ४ वर्ष अगाडि मैले उनलाई विश्वनाथ रिमालका बारेमा वास्तविक सामग्री संकलन गर्न आवश्यक प्रश्नहरू दिएको थिएँ र उनलाई बराबर म घच्घच्याइरहन्थें । कहिले फोन गर्थे (फोन नम्बर ४-१०३६० हो र यो नृपेन्द्रनाथ रिमालको नाममा छ), कहिले नेशनल रिसर्च एसोसिएट्सका प्रमुख निर्मलनाथ रिमाललाई पनि शैलेन्द्रनाथलाई यसो संझाउन (विश्वनाथका सम्बन्धमा यथार्थ बुंदा संकलन गर्न) कहिले फोनबाट (निर्मलनाथको फोन नम्बर ४-१७७३१ हो) दु:ख दिन्थें त कहिले उनीकहाँ आफैं गएर झिजो लाग्ने गरी कचकच गर्थे । मैले शैलेन्द्रनाथ र निर्मलनाथलाई ज्यादै नै दिग्दार पारें । सम्भवत: यसैको फलस्वरुप २०४७ सालको कार्तिक महिनामा मैले कार्य गर्दै गरेको कार्यालय (जनक शिक्षा सामग्री केन्द्र लिमिटेड) बाट भैपरि आउने आधा बिदा लिएर शैलेन्द्रनाथले बोलाए अनुसार म कालिकास्थान पछाडिपट्टिको उनको भव्य ठूलो घरमा पुगें । अपरान्ह २ बजेदेखि विश्वनाथ शास्त्रीका बारेमा कुराकानी गर्न शुरु गरियो ।

शैलेन्द्रनाथ रिमालको जन्म वि.सं. १९६९ साल जेठ, कृष्ण प्रतिपदाका दिन भएको हो । हाल (२०४८ सालमा) उनी ७९ वर्षको उमेरमा हिंडिरहेका छन् । पिता विश्वनाथको देहान्त हुँदा छोरा शैलेन्द्रनाथ ६ वर्षको उमेरका मात्र थिए । त्यो बेला शैलेन्द्रको उपनयन भएको थिएन । त्यसैले उनले आफ्ना पिता विश्वनाथ रिमालको देहान्त भएको बेला किरियापुत्री भएर काजक्रिया गर्न पाएनन् । उनको भनाइमा विश्वनाथ रिमाल ६२ वर्षका उमेरमा परलोक भएको हुनुपर्छ । यस हिसाबले त उनको जन्मसाल वि.सं. १९१३ हुन आउँछ । शैलेन्द्रनाथले पिताको परलोक वि.सं. १९७५ सालमा भएको वताएका छन् । तिथि चाहिं वैशाख कृष्ण द्वितीया भएको तथ्य छोराहरूले विश्वनाथको श्राद्ध सोही तिथिमा गर्नेगरेबाट छर्लङ्ग हुन्छ । पछि सन्दर्भ स्रोत पत्ता लगाउँदै जाँदा रवीन्द्रनाथ रिमाल पनि शैलेन्द्रनाथकै भनाइमा सहमत हुन पुगे । यसरी विभिन्न जानकारीबाट व्याकरणका धुरन्धर विद्वान् विश्वनाथ शास्त्रीको जन्म र मृत्यु मिति तय भएको देखिन्छ ।

उनको देहान्त भएको अहिले ७५ वर्ष पनि पुगेको छैन । उनका छोरानाति सबै पढेलेखेका र आफ्नोआफ्नो कार्यक्षेत्रमा सक्रिय भए तापनि आफ्ना बा'को बारेमा स्पष्ट जानकारी उपलब्ध गराउन नसकेकाले यस जीवनीका सबै पक्ष समावेश गर्न सकिएन । यसरी पत्ता लाग्नै नसक्ने विलुप्त विद्वान्हरु नेपालमा प्रशस्त छन् । तिनीहरू यस लोकमा आए, विद्या आर्जन गरे, आफ्नो समयमा ठूलो ख्याति कमाए, इहलीला विसर्जन गरे र उनीहरूका जीवनका सबै घटना पनि लोप भएर आज कतिको नामसम्म सुनिदैछ र कति चाहिं नामसमेत पत्ता नलाग्ने भैसके ।

Nepal Sanskrit University, Balmeeki C...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनी

विश्वनाथ रिमालको पुर्ख्यौली विद्वत्परम्पराको पूर्ण विवरण प्राप्त हुन सकेको छैन । हामीकहाँ पुराना सामग्रीहरू जतन गरेर राखिछाड्ने बानी नभएको हुँदा यसरी अनुसन्धान कार्य शुरु गर्दा सामग्रीहरूको कड्गारो पर्न गएको हो । प्रत्यक्ष कुराकानीका आधारबाट जेजति विवरण उपलब्ध हुन सक्यो त्यसैलाई यहाँ प्रस्तुत गर्नु उचित संझिएको छ ।

विश्वनाथका छोराले तर्पणपिण्ड दिने पितृहरूको नामक्रम यसप्रकार भेटिएको छः

पिता	-	लेखनाथ (विश्वनाथ)
पितामह	-	पृथ्वीनाथ
प्रपितामह	-	लोकनाथ
माता	-	रोहिणीदेवी
पितामही	-	भक्तकुमारीदेवी
प्रपितामही	-	गान्धारीदेवी
सपत्न-माता	-	योगमाया (ठूली आमा)
सपत्न-माता	-	चन्द्रप्रभादेवी (ठूली आमा)

रिमालहरूको कौशिक गोत्र हो । विश्वनाथको जन्ममितिका सम्बन्धमा त माथिनै विस्तृत चर्चा गरियो । उनको न्वारानको नाम लेखनाथ रिमाल हो । विश्वनाथको जन्मस्थान राजधानी काठमाडौंबाट दक्षिण दिशामा पर्ने चोभार भाजङ्गल हो । विश्वनाथका पिता पृथ्वीनाथ, पृथ्वीनाथका पिता लोकनाथ भएको बुझिन्छ । पृथ्वीनाथका तीन भाइ छोरा जन्मिएका थिए । तीमध्ये जेठा- दीनानाथ, माहिला विश्वनाथ र कान्छा रङ्गनाथ हुन् । रङ्गनाथ व्याकरणका धुरन्धर विद्वान् भएका र दीनानाथ पनि त्यत्तिकै विद्वान् भए पनि उनी अध्यापन कार्यमा भने लागेनन् । दीनानाथका नाति हाल जाउलाखेलमा र रङ्गनाथका छोरा ठाकुरनाथ, ठाकुरनाथका छोरा गोविन्दकुमार र माधवकुमार मैतीदेवीमा भएको जानकारी मिलेको छ ।

विश्वनाथको अक्षरारम्भ पाँच वर्षको उमेरमा भएको थियो । आठवर्षको उमेरमा व्रतबन्ध भयो । मन्त्र सुनाउने गुरु पिता पृथ्वीनाथ थिए । प्रथमपरीक्षा पास गरी १० वर्षकै उमेरमा विश्वनाथले पुराण भनेका थिए । यहीं (काठमाडौंमा) राम्रो अध्ययन गरी १२ वर्षका उमेरमा महिलाबाको साथ लागेर बनारस गएका र १४ वर्षका उमेरमा उनले मध्यमापरीक्षा उत्तीर्ण गरेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वनाथ रिमालको तीन पटक विवाह भएको थियो । जस्तै,

पहिलो विवाह - योगमाया (थानसिङ् भण्डारीकी छोरी)

दोस्रो विवाह - चन्द्रप्रभादेवी (?)

तेस्रो विवाह - रोहिणीदेवी (बानेश्वर)

पिता : कृष्णलाल पौडेल

माता : (?)

रोहिणीदेवीका दाजु ५, भाइ १ र दिदी दुइटी -

(१) उत्तरकुमारी

(२) टीकादेवी

जेठीपट्टि – सर्दार शिवनाथ रिमाल (आयुर्वेदाचार्य, राजकविराज), लक्ष्मीनाथ रिमाल र जगन्नाथ रिमाल ।

माहिलीपट्टि – राजेन्द्रनाथ, नरेन्द्रनाथ, वेदकुमारीदेवी र देवकुमारीदेवी ।

कान्छीपट्टि – योगनाथ, शैलेन्द्रनाथ, मेघनाथ, घनकुमारी र षष्ठिकादेवी (षष्ठिकादेवी बाल विधवा भई कालिकास्थानमैं बसेकी)

विश्वनाथ रिमालले प्रथमासम्मका पाठ्यपुस्तक घरमा पढेका थिए । त्यो बेला रानीपोखरी संस्कृत प्रधानपाठशालाको स्थापना भएको थिएन । त्यसपछि गङ्गाधरसँग बनारसमा गई व्याकरण विषय पढे र रवीन्द्रनाथ र उनी साथी-साथी थिए । विश्वनाथले ठूलो मिहेनतका साथ न्याय र मीमांसा विषय पनि अध्ययन गरेको बुझिन्छ । बनारसमै बसेर उनले व्याकरण विषयमा शास्त्री परीक्षा उत्तीर्ण गरे । न्याय र मीमांसा विषयको गहिरो अध्ययन गर्ने कार्यमा जुटेका थिए । उनको विद्वत्ताबाट प्रभावित भएर राजा श्री ५ पृथ्वीवीरविक्रम शाहका पालामा पुरोहित अम्बरराज पाण्डेले विश्वनाथलाई झिकाएका हुनाले उनी अकस्मात् नेपाल फर्कनु पर्‍यो यसमा अम्बरराजको भित्री स्वार्थ अर्कै देखिन्छ । अम्बरराजले आफ्ना छोरा प्रयागराजलाई काबूमा ल्याउन सकेका थिएनन् । आफ्नो छोरालाई तह लगाई पढाउन सक्ने एकजना योग्य गुरुको खोजीमा लागेका अम्बरराजले विश्वनाथ रिमाललाई नेपालमा झिकाएर आफ्नो घर चोभारमा बस्न दिएनन् । आफ्नै घरमा डेरा दिई राखेको बुझिन्छ । अम्बरराजले भने कि-***मेरो छोरा प्रयागराजलाई पढाइदिनुहोस् । राजालाई बिन्ति चढाएर म तपाईंका निम्ति कुनै राम्रो उपाय गरौंला ।*** त्यसपछि विश्वनाथ रिमालले पनि प्रयागराजलाई राम्ररी पढाउन शुरु गरे । पछि उनी रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापकका रूपमा नियुक्त भएपछि दिउँसो पाठशालामा व्याकरण पढाउने र बिहानबेलुका अम्बरराजका छोरा प्रयागराजलाई पढाउने गर्थे ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अम्बरराजका भाइ वामदेवका जेठीपट्टिका ज्ञानेश्वर प्रसाद र भुवनेश्वर प्रसाद, कान्छीपट्टिका जनकराज गरी तीन भाइ छोरा थिए। यी तीनै भाइलाई पनि विश्वनाथले पढाएको बुझिन्छ। गुरुले अनेक प्रयास गर्दा पनि प्रयागराज र जनकराजमा विद्याप्रतिको अनुराग बढ्न सकेन। यिनीहरू कतिसम्म शौखित थिए अरे कि आफू झूलभित्र बसेर झूलबाहिर बसेका गुरुसँग पाठ सोधपूछ गर्दथे अरे। यसबाट पनि उनीहरूलाई पढ्न मनचाहिं पटक्क नभएको, पछि स्वत: गुरुज्यू हुन पाइने आशाले मात्र करबलले पढ्न खोजेको बुझिन्छ। अम्बरराजको देहान्त भएपछि प्रयागराज पुरोहित भए तर उनीबाट दरबारमा राम्रोसँग पौरोहित्यकर्म चल्न नसकेको कुरा शैलेन्द्रनाथ रिमालबाट जानकारी मिलेको छ। कतिसम्म हुन्थ्यो रे भने - दरबारमा भोलिपल्ट कुन कुराको दान गर्नुपर्ने छ, त्यसको पूरा सङ्कल्प वाक्य, शास्त्रीय विधान र अन्य वाक्य राति अबेरसम्म बसेर भए पनि गुरु विश्वनाथ रिमालले प्रयागराजलाई लेखेर दिनुपर्थ्यो। आफूले तयार गरेको विधिविधान प्रयागराजलाई दिएर मात्र हुँदैनथ्यो, बुझाएर घोकाई गुरु घर फर्कंदा राति कहिलेकाहीं त १ पनि बज्थ्यो रे। कार्जे भएको ठाउँमा पनि प्रयागराज अड्किन थाले भने विश्वनाथले नै सच्याइदिनुपर्थ्यो रे। उनै गुरुले पढाएका ज्ञानेश्वर र भुवनेश्वर ठूला विद्वान् भए तर उनीहरूले पौरोहित्यकर्म गर्न पाएनन्। श्री ३ चन्द्रशमशेरका पालामा वामदेव पाल्पा धपाइएका थिए। साथमा उनका छोरा पनि गएका थिए। पछि श्री ३ जुद्धशमशेरका पालामा ज्ञानेश्वर र भुवनेश्वर काठमाडौं आएका थिए।

शैलेन्द्रनाथ रिमालले दिएको जानकारी अनुसार के देखिन्छ भने- ज्ञानेश्वर र भुवनेश्वर श्री ३ देवशमशेरको आज्ञा मान्ने मानिस थिए। त्यसैले श्री ३ चन्द्रशमशेरबाट यी दुवै भाइ पाल्पा धपाइएका हुन्। चन्द्रशमशेरले विश्वनाथ रिमाललाई पनि बाहिर धपाउन ठीकठाक पारिसकेका थिए। ऋषिभक्त पौडेलले *उनको कुनै दोष छैन, त्यसैले विश्वनाथ रिमाललाई पाल्पा नपठाउनू* भन्ने कुरा उनमा जाहेर गरेकोहुँदा उनी यहीं थमौती भएका हुन्।

प्राज्ञ नयराज पन्तले *मैले पनि सुनेको कुरा* भनी मलाई जानकारी दिए अनुसार - *श्री ३ वीरशमशेरका दरबारमा विश्वनाथ रिमाल र गङ्गाबत्त गोतामेका बीच शास्त्रार्थ भयो। व्याकरणमा दुवै बराबरीमा पुगे। पछि न्यायमा शास्त्रार्थ गर्दा विश्वनाथले - मैले न्याय पढेको छैन भन्ने जवाफ दिए। त्यसपछि विश्वनाथ रिमालको नम्बरी दक्षिणा रु. ४।५० भयो। गङ्गाबत्त गोतामेको रु. ५।- भयो।* त्यस्तै, विश्वनाथको नम्बरी दक्षिणाका बारेमा अर्को पनि यसप्रकारको कुरा सुनिएको छ।

श्री ३ देवशमशेरका पालामा *विश्वनाथ रिमाललाई नम्बरी पण्डितमा दर्ता गराई पुरोहित बराबरको दक्षिणा दिनू* भन्ने हुकुम भएअनुसार उनको नम्बरी पण्डितको दक्षिणा रु. ६।- भएको थियो, जबकि अरु पण्डितको नम्बरी दक्षिणा रु. ५।- मात्र थियो। श्री ३ देवशमशेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. विश्वनाथ रिमाल शास्त्री
जन्म : वि.सं. १९१३
देहान्त : वि.सं. १९७५, वैशाष कृष्ण तृतीया

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानमन्त्रीबाट हटाइएपछि श्री ३ चन्द्रशमशेरले विश्वनाथको दक्षिणा रु. ६।- बाट रु. ।५० पैसा घटाई रु. ५।५० बनाइदिएको बुझिन्छ ।

अर्को कुरा, श्री ३ देवशमशेर प्रधानमन्त्री भएपछि विश्वनाथ र गङ्गाधरले *गोरखापत्र*को प्रकाशनका निम्ति सुझाव दिएका थिए । विद्वान् द्वयको सल्लाह अनुसार *गोरखापत्र*को प्रकाशन पनि शुरु भयो । श्री ३ देवशमशेर धपाइएपछि श्री ३ चन्द्रशमशेर नेपालको प्रधानमन्त्री भए । सम्भवत: त्यसैको रीसीइवीले हुनसक्छ- आफू प्रधानमन्त्री हुनेबित्तिकै श्री ३ चन्द्रशमशेरले विश्वनाथ रिमाललाई बाहिर धपाउन खोजेका थिए । यस घटनाबाट विश्वनाथलाई कति ठूलो चोट परेको थियो होला, सहजै अनुमान गर्न सकिने कुरो हो । यो कुराको जानकारी मलाई रवीन्द्रनाथ रिमालले दिएका हुन् ।

श्री ३ देवशमशेरका पालामा देशमा भाषा पाठशाला खुलेका थिए । ती सबैको सम्पूर्ण अधिकार विश्वनाथ रिमाललाई दिएका थिए । पछि श्री ३ चन्द्रशमशेरले उनले पाएका सबै अधिकार खोसिदिए ।

एकपटकको कुरो हो । राजदरबारमा महारानीबाट आफ्नो गोठमा पालेका गाईमध्ये सबैभन्दा राम्रो गाई दान गर्ने इच्छा प्रकट भयो । गाईदान गुरु विश्वनाथ रिमाललाईनै गर्ने निधो पनि भएछ । त्यसका निम्ति उनका घरमा दरबारबाट औपचारिक निमन्त्रणा प्राप्त भैसकेको थियो अरे । त्यसपछि विश्वनाथले पनि मनमा कपट नराखी आफ्ना शिष्य प्रयागराजलाई भएको सबै कुरा बताएछन् -

महारानीबाट भोलि मलाई चाँडै आउनू भन्ने हुकुम भएको छ । त्यसका लागि मलाई दरबारबाट औपचारिक पत्र (निमन्त्रणासमेत) प्राप्त भैसकेको छ । त्यसैले म भोलि चाँडै दरबार जान्छु । म तिमीकहाँ आउन पाउँदिन । गुरुको कुरा प्रयागराजले तुरुन्त बुझिहालेछन् । त्यसपछि उनले विश्वनाथलाई भनेछन्- त्यसो भए म पनि दरबार चाँडै जान्छु र गुरुलाई बग्गीमा सँगै राखेर लैजान्छु ।

यसकिसिमको सल्लाह भए अनुसार भोलिपल्ट विश्वनाथ र प्रयागराज बग्गीमा बसेर दुवैजना सँगसँगै दरबार पुगे । दरबार पुगेपछि पूजाकोठामा जाने तरखर चल्यो । विश्वनाथ र प्रयागराज दरबार पुग्नुभन्दा अगाडिनै महारानी पूजाकोठामा सवारी भैसकेको रहेछ । तल चोकमा सिंगारपटार गरी हेर्दैमा अत्युत्तम लाग्ने उम्दाजातका गाई बाँधेका थिए । गुरु विश्वनाथ रिमाललाई दान गर्ने गाई प्रयागराजका आँखामा परे । महारानीबाट गाईमा पुष्पाञ्जली अर्पण भयो । सुनको गौको पूजा कोठामा पूजा भयो । त्यसपछि दान गर्ने गाईको बयान गरियो । गुरु विश्वनाथलाई टीका थाप्न बोलाहट भयो । विश्वनाथ रिमाल टीका थाप्न अघिसर्दा प्रयागराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंले हत्तनपत्त अधिसरेर निधार थापे । त्यसपछि महारानीको चेहरा एक्दमै बदलियो । त्यसबखत कुनै बोली निस्किएन । विश्वनाथलाई दान गर्न ठीक पारेको गाई प्रयागराजले जालझेल गरी दान थापेर लगे । यस घटनाबाट विश्वनाथको हृदयमा परेको चोट कम गर्न सात दिन पछि महारानीले नै गोठालालाई गाईबाच्छी उनको गोठमा लगेर बाँधिदिन अह्राइन् ।

विश्वनाथ रिमालले त्यतिका सहयोग गर्दा पनि गुरुप्रति प्रयागराजको कुनै सहयोगात्मक भावना भएको देखिएन ।

विश्वनाथले रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढाएका मुख्य-मुख्य शिष्यहरू निम्न बमोजिम छन् -

(क) दधिराम पौडेल (प्रिय शिष्य)

(ख) बाबुराम

(ग) मोदनाथ

(घ) कोमलनाथ

(ङ) कोमलनाथ (कोमल गीता लेख्नेवाला)

विश्वनाथले पढाएका विद्यार्थीहरू मध्ये धेरै जसो एक से एक विद्वान् भए । पश्चिम पाल्पा भेगका शिष्यहरू बढी भएको बुझिन्छ । घरमा पनि विद्यार्थीहरू पढ्न आउँथे । गुरुलाई प्राय: फुर्सदै हुँदैनथ्यो । घरमा बस्दा तमाखु खाँदै पढाउँदै गर्थे । बाहिर जान ठीकठाक परेका भए - तुना बाँध्दै अलिकपरसम्म पुग्दा पनि सोधेको कुरा विद्यार्थीलाई बताइदिन्थे । विश्वनाथ काव्य, सिद्धान्तकौमुदी, मुक्तावली त पुस्तकै नहेरी पढाउँथे ।

आफूले लगाएको दौरामा एउटा सानो खल्ती हुन्थ्यो । त्यसमा घडी राख्थे । विश्वनाथ बेलाबखत घडी हेरिरहन्थे । किनभने उनले जरुरी काम समयमै भ्याउनु पर्थ्यो । एउटा काममा संलग्न भएपछि त्यसैमा भुलिइएला भनेर घडी हेरिरहने उनको बानी बसेको हुनसक्छ ।

विश्वनाथ दोसल्ला ओढ्थे, मयलपोस लगाउँथे, साधारण जुत्ता लाउँथे र मोजा लाउँदैनथे । गाईको खूब सेवा गर्थे । गाईको खुरमा अलिकति गोबर देखियो भने पनि आफैं धुन्थे । आफूलाई बाहिर जान जरुरी परेको भए यस काममा नोकरलाई अह्राउँथे ।

गुरु पूर्णिमाका दिन विद्यार्थीहरू पानमसला, सुपारी, पेडा, कुँडिलोको मुठो राखेर गुरुलाई ढोग्थे । विश्वनाथले केही मानिसलाई कर्मकाण्ड पनि सिकाएका थिए । उनले दामोदर अर्ज्याललाई, शिष्य प्रयागराजलाई भनी दरबारमैं पुरोहित गराएका थिए । पछि दामोदरका छोरा विष्णुप्रसाद अर्ज्याल पनि दरबारमै पुरोहित भए ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वनाथका आत्मीय साथीमा दिव्यदेव पन्त, जयदेव पन्त, गङ्गादत्त गोतामे, पुरोहित प्रयागदत्त पण्डित भएको बुझिन्छ। प्रयागदत्त भूतपूर्व बडागुरुज्यू र हाल स्वर्गीय जुननाथकै काका भएको बुझिएको छ। उनलाई पनि प्रयागदत्त र विश्वनाथले पढाएका थिए।

दूध, दालभात, तर्कारी विश्वनाथका प्रियखाना थिए। तमाखु खुबै खानुपर्ने विश्वनाथ नरिवलको कालो हुक्कामा खान्थे। उनी ढलोटको हुक्कामा तमाखु खान रुचि राख्दैनथे। विश्वनाथको रुचिको विषय पढ्नु र पढाउनुनै थियो। कुनै पनि खेलबाडमा उनको रुचि थिएन।

विश्वनाथ गोरखा भाषा प्रकाशिनी समितिसँग पनि सम्बद्ध रहेको बुझिन्छ। राममणि आदीको **पुराना संझना** लाई सामग्री स्रोत मानी माधवलाल कर्माचार्यले पनि यो कुरालाई यसरी कोट्याएका छन्। जस्तै ,

१. *"नेपाली भाषामा सुनियोजित रूपमा पुस्तक निकाली नेपाल अधिराज्यभरका बालकहरूको ज्ञानवृद्धिको साधन तयार पार्ने उद्देश्यले १९७० मा सरदार पण्डित राममणि आचार्य दीक्षितको अध्यक्षतामा गोरखा भाषा प्रकाशिनी समितिको गठन भयो। त्यस समय उहाँको मातहतमा निम्न लेखकहरू कार्यरत थिए –*

पं. चक्रपाणि चालिसे

हरिप्रसाद

रामचन्द्र अधिकारी

गोतामे

दयानिधि रिमाल

लेखनाथ पौड्याल"

२. *"सरकारिया अड्डाबाट प्रकाशित हुने पुस्तकलाई एक अध्यक्षको भरमा छाडिनु ठीक हुँदैन भन्ने दृष्टिकोणले त्यस समितिबाट तयार गरिएका पुस्तकको जाँच गर्न एक बोर्डको गठन भयो र त्यस बोर्डले पुस्तक स्वीकृत गरेपछि मात्र पुस्तक छापिने भयो। त्यस बोर्डले १९७१ को वैशाखदेखि काम शुरु गर्‍यो। त्यस बोर्डमा निम्न व्यक्तिहरु थिए –*

पं. विष्णुहरि शर्मा

सु. वीरेन्द्रकेशरी अर्याल

पं. विश्वनाथ शर्मा

पं. जीवनाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. सोमनाथ

पं. तोयनाथ पुत्र

अनुकूल बाबु

शारदाप्रसाद मुखरजी" [१]

विश्वनाथ रिमाल धार्मिक प्रवृत्तिका मानिस देखिन्छन् । बिहान ४ बजे उठ्नु, गाईको सेवा गर्नु, शालिग्राम र अन्य देवीदेवताको पूजा गर्नु उनको नियम थियो । प्रयागराजलाई अह्राउने सिकाउने गर्दा विश्वनाथलाई कहिल्यै फुर्सत मिल्दैनथ्यो ।

श्री ५ त्रिभुवनकी आमा माहिली महारानी गुरुविश्वनाथको पाण्डित्यबाट निकैनै प्रभावित भएको बुझिन्छ । एकपटक दरबारमा एकाह लगाएर भागवत दान भएको थियो । त्यसबेला सातजना पण्डितको तस्वीर खिचेको थियो । त्यही समूहबाट विश्वनाथको मात्र तस्वीर उनैका सन्तानले झिकेर बनाएका छन् । सो तस्वीर यसै पुस्तकमा राखिएको छ ।

जब विश्वनाथ रिमाल विरामी भए र छाती, मुटु, पेट सबै एकनाससँग पोलिरहन थाल्यो । अनि उनलाई जुनसुकै बेला पनि असाध्य डाहा हुन थाल्यो । वारम्बार त्रिपुरेश्वरका वैद्यलिन पठाउँदा पनि उनले टेरपुच्छर लगाएनन् । त्यो बेलाको नेपालमा अन्य औषधीउपचारको कुनै सुविधा थिएन । परिवार र इष्टमित्रले थाहा पाएको औषधीले पटक्कै फाइदा भएन । पेटमा पोलाइको डाहा खप्नै नसकेर विश्वनाथ रिमालले रानीपोखरीमा जलसमाधिको माध्यमबाट देहत्याग गरे । विश्वनाथ रिमाललाई लागेको व्यथा आधुनिक विज्ञानको दृष्टिले विचार गर्दा क्यान्सर हुन धेरै सम्भव छ । त्यो बेला अहिलेको जस्तो रोग खुट्याउन कसैले सक्तैनथे । यसरी रोगको यथोचित औषधीको सुविधा नपाई विश्वनाथ रिमालको ज्यान गएको बुझिन्छ ।

❄ ❄ ❄

---

१. माधवलाल कर्माचार्य, "नेपालमा पुस्तकको उत्पादन र प्रकाशन हिजो र आज" मधुपर्क वर्ष २२, अङ्क ११ (२०४६ चैत्र) पृ.८ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

(क) हस्तलिखित कर्मकाण्ड

विश्वनाथ रिमालले कर्मकाण्ड विषयमा थुप्रो पुस्तक लेखेको बुझिन्छ । नेपालमा हस्तलिखित ग्रन्थहरु जतन गर्ने चलन त्यति नभएको हुँदा अन्य कयौं विद्वान्का कृति हराए झैं विश्वनाथले लेखेका कृति पनि अप्राप्य भए । उनले तयार पारेका कर्मकाण्डका थुप्रो पुस्तक मध्ये काठको जिल्ला हालेर जतनसँग राखिएको कर्मकाण्ड विषयको एउटा सानु पुस्तक शैलेन्द्रनाथ रिमालको सौजन्यबाट प्राप्त भएको छ । यो पुस्तक अपूर्ण छ । यसका केही पत्रहरू हराएका छन् । बाँकी रहेका पत्रहरू यहाँ समावेश गरिएको छ । विश्वनाथ रिमालको जीवनी प्रकाशका क्रममा भेटेसम्म कृति पनि प्रकाशन गर्नु राम्रो कुरा हो जस्तो मलाई लाग्छ । त्यसैले उनको यो सानो पुस्तक यहाँ समावेश गरिएको छ ।

देह शुद्धि गोदानम्	१	अष्टयोगिनी दानं	४५
वरण सङ्कल्प	२	योगिन्यन्तर्दशादानं.	४९
दीप वरुण गणेशादि प्रार्थना	३	मुन्थादानम्	४९
षड्विंशति तुला द्रव्य दान सं.	८	सर्वारिष्ट तिलपात्रदानं	५१
रौप्य कर्पूर श्रीखंड ताम्रादिप्रा.	११	जपपाठ संकल्प:	५४
सूर्यदानम्	२१	ब्राह्मणभोजन सं.	६२
चन्द्रदानम्	२३	पूर्णपात्र दानं	६३
मङ्गलदानम्	२६	मेधा	६४
बुधदानम्	२८	वस्त्र होम:	६५
गुरुदानम्	३१	घृतच्छाया	६६
शुक्रदानम्	३३	गोदानं	६९
शनिदानम्	३५	भूयसी	७०
राहुदानम्	३८	तत अभिषेक रक्षावंधन गं पोटलिका वंधन	७२
केतुदानम्	४१	दुग्धपानम्	७३

(यो मूलप्रति अनुसारको विषयसूची हो- भूहपौ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रतिष्ठामांगलासिद्धये इष्टदेवजनं च
ष्टदेवताकं यथानामगोत्राय॰
॥ ॥अथ [illegible] संकल्पः॥
अहंमम अमुक [illegible]
[illegible]
[illegible] यजमानो
स्व कर्म करिष्ये । तत्कर्माणि नि
र्विघ्नसिद्धये पूर्वोक्तेन गणे
शपूजन मातृकापूजनं नान्दि
श्राद्ध [illegible] गोदानक
[illegible]
[illegible] कर्म
[illegible] पूजनकर्म [illegible] चिरंजीवि
[illegible] पूजनकर्म पूजित देवानां

वनादिकर्म करिष्ये । तत्कर्मक
र्तुं नाना नाम गोत्रान् नाना नाम
शर्मणो ब्राह्मणान् एभिर्वरद
नपुष्पाक्षत पूगीफल वस्त्रज
नपाचामन सुवर्णमुद्रिकादि
भिः आचार्य ऋत्विक्त्वेन वृणे ।
॥ [illegible] प्रार्थना ॥
ॐ नमोस्त्वनन्ताय सहस्रमू
र्तये सहस्रपादाक्षिशिरोरुबा
हवे । सहस्रनाम्ने पुरुषाय शाश्वते
सहस्रकोटीयुगधारिणे नमः ।
॥ वरुणप्रार्थना ॥
वरुणस्त्वं महाभाग सर्वदेवप्रपूजित ।
[illegible] मम कर्मसि त्वं विघ्नं कुरुष्व [illegible]

पं. विश्वनाथ रिमालको हस्तलिपि

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री:१

॥ देह श्राद्ध गोदानं ॥

अहं मम करिष्यमाण जन्मोत्सव कर्मणि पूर्वदिनकर्तव्य नियमाना चरण जन्य प्रत्यवाय परिहार सद्योदेह शुद्धिद्वारा तत्कर्माधिकार सिद्धये प्राजापत्य प्रत्यान्तायी भूत गोनिष्क्रयी भूतं रजतं चन्द्र देवताकं अमुक गोत्राय ०॥ कपिले सर्वदिवानां पूजनीयासि रोहिणी ॥ तीर्थदिवमयी यस्मात्तस्माच्छान्तिं प्रयच्छमे ॥ १ ॥ कृतैतत् गोनिष्क्रयीभूतरजतद्रव्यदानकर्मण: प्रतिष्ठासांगतासिद्धये इदं रजतं चन्द्रदेवताकं यथानामगोत्राय

॥ अथ वरण संकल्प : ॥

अहं मम अल्पमृत्युविनाशन सर्वारिष्टशान्तिपूर्वक दीर्घायुरोग्यैश्वर्योदयावाप्तये जन्मोत्सवकर्म करिष्ये. तत्कर्मणि निर्विघ्नतासिद्धये पूर्वाङ्गत्वेन गणेशपूजनमातृकापूजन नान्दि श्राद्ध प्रत्यान्नायी भूत गोदान कर्म स्वगृस्वोक्तप्रकारेण अग्निप्रज्वालनपूर्वकं ग्रहमख कर्म वास्तु पूजन कर्म अष्ट चिरंजीवि संपूजनकर्म पूजित देवानां हवनादि कर्म करिष्ये. तत्कर्म कर्तुं नाना नाभ गोत्रान् नाना नाम शर्मणो व्राह्मणन् एभिश्चंदन पुष्पाक्षत पुगीफल वस्त्र जलपात्रासन सुवर्ण मुद्रिकादिभि :आचार्य ऋत्विक् त्वेन वृणे.

॥ दीप प्रार्थना ॥

ॐ नमोस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुवाहवे. सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणो नम:

॥ वरुण प्रार्थना ॥

वरुणत्वं महाभाग सर्वदेव प्रपूजित. वितते मम यज्ञेस्मिन्नविघ्नं कुरु सर्वदा

गणेश प्रार्थना

ॐ वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ॥ अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥

मातृप्रार्थना

व्रम्हाणी कमलेन्दुसौम्यवदना माहेश्वरी लीलया कौमारी रिपुदर्पनाशनकरी चक्रायुधा वैष्णवी ॥ वाराही घनघोरघर्घरमुखी चैन्द्री च वज्रायुधा चामुण्डा गणनाथरुद्रसहिता रक्षन्तु नो मातर: ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रह प्रार्थना

व्रह्मा मुरारिस्त्रिपुरान्तकारी भानु : शशी भूमिसुतो वुधश्च . गुरुश्च शुक्रः शनिराहुकेतवः सर्वे ग्रहा : शान्तिकरा भवन्तु .

वास्तुप्रार्थना

वास्तो पते नमस्तुभ्यं भूमिशय्यारत प्रभो . मद्‌गृहं धनधान्यदिसमृद्धं कुरु सर्वदा ॥

अग्निप्रार्थना

अग्निं प्रज्वलितं वन्दे जातवेदो हुताशनम् . सुवर्णवर्ण ममलं समृद्ध विश्वतोमुखम् ॥

अष्टचिरंजीविप्रार्थना .

चिरंजीवी यथा त्वंभो भविष्यामि तथा मुने ॥
रुपवान्वित वांश्चैव श्रियायुक्तश्च सर्वदा ॥ १ ॥
मार्कण्डेय नमस्तेस्तु सप्तकल्पान्तजीवन.
आयुरारोग्यसिध्द्यर्थं प्रसीद भगवन्मुने. ॥ २ ॥
चिरजीवियथा त्वं तु मुनीनां प्रवरद्विज.
कुरुष्व मुनिशार्दूल तथा मां चिरजीविनम् ॥ ३ ॥

॥ तुला प्रार्थना ॥

नमस्ते सर्वदिवानां शक्तिस्त्वं सत्यमाश्रिता .
साक्षीभूता जगद्धात्री निर्मिता विश्वयोनिना . १

एकतः सर्वसत्यानि तथा नृत शतानि च ॥
धर्माधर्मकृतां मंध्ये स्थापितासि जगद्धिते ॥ २ ॥

त्वन्तुते सर्वभूतानां प्रणामामिह कीर्तिता .
मां तोलयन्ति संसारादुद्धरस्व नमोस्तुते ॥ ३ ॥

यो सौतत्वधिपो देव : पुरुष : पंचविंशक : .
स एषोधिष्ठितो देवि त्वयि तस्मान्नमोनम : ॥ ४ ॥ ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ गोविन्दप्रार्थना ॥

नमो नमस्ते गोविन्द तुलापुरुषसंज्ञक :

त्वं हरे तारय स्वास्मा नस्या त्संसारसागरात् ॥ १ ॥

॥ तुलाकृत षड्विंशतिद्रव्यदान संकल्प : ॥

अहं मम अल्प मृत्यु सकल वाधा सर्वारिष्ट शान्ति अरिष्ट स्थान स्थित ग्रहयोगिनी जनित सकलापच्छान्ति शुभस्थानस्थित शुभफलावाप्तिपूर्वक दीर्घायुष्य प्राप्तये श्री नवग्रह योगिन्यादि देवता प्रीतये जन्मोत्सव दिने आत्मसमतोलित इदं रजतं चन्द्रदेवताकं कर्पूर द्रव्यं गन्ध व (र्व ?) देवताकं श्रीखण्ड द्रव्यं गन्धर्वदेवताकं ताम्रद्रव्यं श्री सूर्यदेवताकं कांश्य द्रव्यं पूषाशिवत देवताकं वस्त्रं वृहस्पति देवताकं रङ्गद्रव्यं विस्नु देवताकं पित्तलं भौमदेवताकं त्रपुर्विस्नु देवताकं सीसं वायुदेवताकं घृतं मृत्युंजय देवताकं पूगीफलं वनस्पति देवताकं शर्कराद्रव्यं सोमदेवताकं गुड द्रव्यं अदेवताकं लवणां समुद्र देवताकं मधु यक्ष देवताकं तिलान्नं सोमदेवताकं तण्डुलान्नं प्रजापति देवताकं क्षीरं तारागण देवताकं दधि सर्प देवताकं तैलं भैरव देवताकं पुष्पं गन्धर्व देवताकं यवपिष्ठान्नं प्रजापति देवताकं लोहद्रव्यं भैरव देवताकं गोमयं विस्नु देवताकं श्री परमेश्वर प्रीतये नाना नाम गोत्रेभ्यो नाना नाम शर्मभ्यो ब्राम्हणेभ्यो यथाकालेन यथा द्रव्यं दातुं समुत्सृजे ॥ तत्सन्नमम ॥ ॥

प्रार्थना-२६

॥ रौप्यस्य. चन्द्रो देवता ॥

ॐ शिवनेत्रसमुद्भूतं रजतं पितृवल्लभम्.

तस्मादस्य प्रदानेन रुद्र : संप्रीयतो मम. ॥ १ ॥

॥ कर्पूरस्य गन्धर्व : ॥

ॐ कर्पूर : कदलीभूतो देव देव प्रिय : सदा

भोग्योत्तमो नृपाणां च तद्दानात्सुखमस्तुते . २

॥ श्री खंडस्य गंधर्व : ॥

नन्दनावासमं दार सखेवृन्दा र कार्चित . चन्दनत्वत्प्रदानान्मे मासानन्द प्रदोभव ३

ताम्रस्य सूर्य :

ताम्रं पुष्टिकरं सर्व दोषक्षयकरं शिवम्. सर्वरक्षाकरं नित्यमत: शान्तिं प्रयच्छ मे ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ कांश्यस्य पुषाश्विनौ . ॥

यानि पापानि काम्यानि कामोक्तानि कृतानिच .
कांश्यधातुप्रदानेन तानि नश्यन्तु मे सदा . ५ ॥

॥ रंगस्य विस्नु : ॥

यानि पापानि काम्यानि कामोक्तानि कृतानिवै .
रंगस्य च प्रदानेन तानि नश्यन्तु मे सदा . ६

॥ पित्तलस्य. कुहू : भौम : ॥

पापानि यान्यनेकानि कामाकाम कृतानि च.
पित्तलरूप प्रदानेन तानि नश्यन्तु मे सदा ॥ ७

॥ त्रपुष : विस्नु : ॥

पापानि यान्यनेकानि कामाकाम कृतानिच . त्रपुषोत्र प्रदानेन तानि नश्यन्तु मे सदा. ८

॥ वस्त्रस्य वृहस्पति : ॥

शरण्यं सर्वलोकानां लज्जया रक्षणं परम् .
सुवेषधारि वस्त्र त्वमत : शान्तिं प्रयच्छमे ॥ ९ ॥

॥ सीसस्य ॥ वायु : ।

पापानि यान्यनेकानि कामाकाम कृतानिच.
सीस धातु प्रदानेन तानि नश्यन्तु मे सदा . ॥ १० ॥

॥ घृतस्य मृत्युञ्जयः ॥

कामधेनो : समुद्भूतं देवानामुत्तमंहवि : ॥
आयुर्विवर्धनं पुंसामाज्यं पातु सदैव माम् ॥ ११ ॥

॥ पुगीफलस्य वनस्पति : ॥

पुगीफलं मया विप्र प्रभूतं पुरतस्तव. तेन मे सफलावाप्रिर्भवेज्जन्मनि जन्मनि ॥ १२ ॥

॥ शर्करायाः सोम : ॥

अमृतस्य कुलोत्पन्न इक्षुस्तद्रस शर्करा .
सूर्य प्रीतिकरा नित्यमत : शान्तिं प्रयच्छमे ॥ १३ ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ गुडस्य आप : ॥

यथादेवेषु विश्वात्मा प्रवरश्च जनार्दन : ॥ वासुदेवश्च देवानां महादेवस्तु योगिनाम् ॥ १४ प्रणव : सर्वमंत्राणां नारीणां पार्वती यथा. तथा रसानां प्रवर : सदैवेक्षुरसो मत : ॥ मम तस्मात्परो लक्ष्मी. प्रयच्छ गुड सर्वदा . ॥

॥ लवणस्य समुद्रः पार्वती ॥

रसानाम ग्रह ? श्रेष्ठ लवणं वल वर्द्धकम्. ॥
व्रम्हणा निर्मितं साक्षादतः शान्तिं प्रयच्छ मे ॥ १५ ॥

॥ मधुनोयक्षः ॥

यस्मात्पितृणां श्राद्धेषु प्रियमस्य मृतोड्गव-तस्मात्तव प्रदानेन मम संतु मनोरथाः . १६

॥ तिलानां सोमः ॥

तिल पापहरा नित्यं विस्नोर्देह समुद्भवाः . तिलदानेन सर्वं मे पापं नाशय केशव . १७

॥ तण्डुलानां प्रजापति : ॥

पावनाः सर्वयज्ञेषु प्रशस्ता होम कर्मणि.
तस्मात्तण्डुल दानेन प्रियतां विश्वदेवता : ॥

॥ क्षीरस्य तारागणा : ॥

अलक्ष्मीहरणं नित्यं सुखसौभाग्यवर्द्धनम्.
क्षीरः मंगलमायुष्यं अतः शान्तिं प्रयच्छमे . ॥ १९ ॥

॥ दध्न : सर्पा : ॥

पवित्रं मङ्गलं चैव कुन्देन्दु धवलं दधि.
सर्वमङ्गलदं यस्मादत : शान्तिं प्रयच्छ मे . ॥ २०

॥ तैलस्य भैरवो विस्नु : ॥

तैलं पुष्टिकरं नित्यमायुष्यं पापनाशनम्.
अमङ्गलहरं पुण्यमत : शान्तिं प्रयच्छ मे . २१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ फलानां सोम : ॥

इमानि वन्य जातानि सुफलानि ददामि ते.

तेन मे सफला वाप्ति र्भवेज्जन्मनि जन्मनि ॥ २२

॥ पुष्पस्य गन्धर्व : ॥

ह्लादयन्ति मनो यस्मात्तस्मात्सुभनसस्मृता : ॥

दत्ता ददतु मे नित्यमत्याल्हादवर्ती श्रियम् ॥ २३ ॥

॥ यवपिष्टस्य प्रजापति : ॥

सर्वात्मा सर्वलोकेश : सर्वव्यापी सनातन : नारायण :

प्रसन्न : स्याद्यवपिष्टप्रदानत : २४

॥ लोहस्य भैरवः ॥

यस्मादायसकर्माणि तवाधीनानि सर्वदा.

मंगलाद्यायुधादीनि तत : शान्तिं प्रयच्छ मे ॥ २५ ॥

॥ गोमयस्य विस्नु : ॥

अग्रमत्रं चरन्तीनामोषधीनां रसं वने . तासामृषभपत्नीनां पवित्रं कायशोधनम् ॥ १ ॥

यन्मे रोगांश्च शोकांश्च पापं मे हर गोमय . गोमयस्य प्रदानेन पापं नश्यतु मे सदा. २६

इति प्रार्थना.

ततो दानप्रतिष्ठा .

कृतैतत् आत्ममानसमतोलित, कर्पूर श्रीखंड ताम्रकांश्य रङ्ग पित्तल त्रपुर्वस्त्र सीसघृतपुगीफल शर्करा गुड लवण मधु तिल मण्डुल क्षीर दधितैल फलपुष्प यवपिष्ट लोह गोमय द्रव्य दान कर्मणो यथोक्त फलावाप्तये दक्षिणाद्रव्यं रजतं चन्द्रदेवताकं दानप्रतिष्ठात्वेन नानानाम गात्रेभ्यो नानानाम शर्मभ्यो ब्राम्हणेभ्यो यथाकालेन दातुं समुत्सृजे तसन्नमम . ॥ ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ अथ नवग्रहयोगिनीनां पृथक् दानानि. ॥

आदौ सूर्यदानम् .

अहं मम जन्मलग्नात् वर्षलग्नात् ... यथोयोग्यस्थान स्थितेन सूर्य ग्रहेण सूचित सूच्यमान सूचयिष्यमाण नानाविध सर्वारिष्टापच्छान्ति .... शुभस्थानस्थित फलावाप्ति पूर्वक दीर्घायुरारोग्यावाप्तये श्री सूर्य देवता प्रीतये. इदं गोधूमान्नं प्रजापति देवताकं रक्तचन्दनं वनस्पति देवताकं रक्तवस्त्रं वृहस्पतिदेवताकं ताम्रं सूर्य देवताकं गुडं आपो देवताकं मधु यक्ष देवताकं घृतं मृत्युंजय देवताकं सुवर्णं वन्हि देवताकं माणिक्यं समुद्र देवताकं यथा नामः गोत्राय ० तत्सन्नमम ॥ प्रार्थना ॐ आकृस्नेनरजसा वर्तमानो निवेशयन्न मृतं मर्त्यञ्च .हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ॥ कृतैतत्. गोधूमान्नरक्तचंदन रक्त वस्त्र ताम्र गुड मधु घृत स्वर्ण दान प्रतिष्ठा सांगता सिद्ध्यर्थं इदं रजतं चन्द्र दैवतं तद्दान प्रतिग्रहीत्रे व्राह्मणाय सूर्यस्वरूपाय तुभ्यं सम्प्रददे. ॥

॥ चन्द्रदानम् २ ॥

अहं मम. जन्मलग्नात् वर्षलग्नात् गोचरात् भावात् यथायथा योग्य स्थान स्थितेन चन्द्र ग्रहेणा सूचित सर्वापच्छान्ति सकल रोगाल्प मृत्यु निवृत्ति शुभस्थान स्थित फलावाप्ति पूर्वक दीर्घायुरारोग्यै श्वर्योदयावाप्तये. श्री चन्द्रग्रह प्रीतये इदं तण्डुलं प्रजापति देवताकं घृतं मृत्युञ्जय देवताकं दधि सर्वदेवताकं श्रीखण्डं गन्धर्व देवताकं शंखं समुद्र देवताकं श्वेतवस्त्र वृहस्पति देवताकं मौक्तिकं समुद्रदेवताकं रौप्यं चन्द्रदेवताकं यथानामगोत्राय चन्द्रस्वरूपाय ब्राम्हणाय तुभ्यं संप्रददे

प्रार्थना

इमं देवा असपत्न ६ सुवध्वं महते क्षत्राय महते ज्यैष्ठाय महते जानराज्यायेन्द्रस्येन्द्रियाय इमममुष्य पुत्र मुमुष्यै पुत्रमस्यै विशएषवो मी राजा सोमोस्माकं व्राम्हणा ना ७ राजा . ॥

कृतैतत् चन्दंप्रीतये कृतस्य तंडुल घृत दधि श्रीखंड शंख श्वेतवस्त्र रौप्यदान प्रतिष्ठा सिद्ध्यर्थं इदं रजतं चन्द्रदेवताकं तद्दान प्रतिग्रहीत्रे ब्राह्मणाय चन्द्रस्वरुपाय तुभ्यं संप्रंददे. ॥ २ ॥

मङ्गलदानम् ३

अहं मम जन्मलग्नात् वर्ष लगनात् गोचरात् भावात् अमुकस्थान स्थितेन भौमग्रहेण सूचित सर्वापच्छान्ति पूर्वक दीर्घायुरारोग्यैश्वर्यो दयावाप्तये भौमग्रह प्रीतये इदं गोधूमान्नं प्रजापति देवताकं मसूरान्नं प्रजापति देवताकं रक्तचन्दनं वनस्पति देवताकं गुडं. आपो देवताकं ताम्रं सूर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताकं सुवर्ण वन्हि देवताकं प्रवालं समुद्र ० यथानाम गोत्राय भौमस्वरूपाय दातुं समुत्सृजे . तत्सन्न मम प्रार्थना ॐ अग्नि मूर्धा दिव: ककुत्पति : पृथिव्या अयम् ० अपा ७ रेता ७ सिजिन्वति कृतैतत् भौमग्रह प्रीतये गोधूम मसूर रक्तचंदन रक्तवस्त्र गुड ताम्र स्वर्णदान प्रतिष्ठा सिद्धयर्थं इदंरजतं चन्द्र देवताकं तद्दान प्रति ग्रहीत्रे ब्राह्मणाय ०३

बृधदानम् ४

अहं मम जन्म लग्नात् वर्ष लग्नात् गोचरात् भावात् अमुकस्थान स्थितेन वुधग्रहेण सूचित सर्वारिष्ट शान्तये दीर्घायुरारोग्यवाप्तये इदं मुद्गान्नं प्रजापति देवताकं श्रीखण्डं गंधर्व देवताकं हरितवस्त्रं वृहस्पति देवताकं कर्पूरं गन्धर्वदेवताकं घृतं मृत्युंजय देवताकं सुवर्णं वन्हि देवताकं हरिन्मगिंसमुद्र ० बुधग्रह प्रीतये यथा नाम गोत्राय वुध स्वरूपाय ब्राह्मणाय तुभ्यं संप्रददे **प्रार्थना** उद्बुध्यस्वाग्ने प्रतिजा गृहित्वमिष्टा पूर्ते स ७ सृजेथा मयञ्च. अस्मिन्सधस्थे अध्युत्तीरपादेवा यजमानश्चसीदत . ॥ कृतैतत् बुधग्रह प्रीतये मुद्ग घृत कर्पूर श्रीखंड हरितवस्त्र स्वर्णदान प्रतिष्ठा सिध्यर्थं इदं रजतं चन्द्रदेवताकं यथानाम गोत्राय ०

॥ गुरुदानम्. ५

अहं मम जन्म लग्नात् वर्ष लग्नात् गोचरात् भावात् अमुकस्थान स्थितेन सूचित सर्वापच्छान्ति नानाविधां कल्याणोत्पत्ति दीर्घायुष्य प्राप्ति पूर्वक बृहस्पति देवता प्रीतये. इदं पीत धान्यं प्रजापति देवता यवान्नं प्रजापति देवताकं हरिद्रां वनस्पति देवताकं शर्करां सोमदेवताकं पीतवस्त्रं बृहस्पति देवताकं स्वर्णं वन्हि देवताकं पुष्पराजरत्नं समुद्र ० यथानामगोत्राय बृहस्पतिस्वरूपाय तुभ्यं संप्रददे . प्रा. बृहस्पते अति यदर्यो अर्हाघुमद्विभाति क्रतु मञ्जनेषु. यद्दी दयच्छ वस Sऋत प्रजा तत दस्मा सुद्रविणं धेहि चित्रम् : कृतेतत् पीत धान्य यवान्न हरिद्रा शर्करा पीतवस्त्र स्वर्णदान कर्मण : प्रतिष्ठार्थं इदं रजतं चन्द्रदेवताकं यथानामगोत्राय ०

॥ शुक्रदानम् ६

अहं मम जन्म लग्नात् वर्ष लग्नात् गोचरात् भावात् अमुकस्थान स्थितेन शुक्र ग्रहेण सूचित सर्वारिष्ट शान्ति शुभैकादशं स्थान स्थित शुभ फल प्राप्ति पूर्वक दीर्घायुष्य नीरोगतादि सत्फल प्राप्त्यर्थं इदं तण्डुलं प्रजापति देवताकं वस्त्रं वृहस्पति देवताकं श्रीखण्ड गन्धर्व देवताकं घृतं मृत्युंजय देवताकं रौप्यं चन्द्र देवताकं श्वेतरत्नं समुद्रदे. यथा नाम गोत्राय ० *प्रा.* ॐ अन्नात्परिस्रुतो रसं ब्राम्हणाय व्यापिवत्क्षत्रभ्य : सोमं प्रजापति: । ऋतेन सत्य मिन्द्रियंविपान ६. शुक्रम् मधु. कृतैतत्तण्डुल घृत वस्त्र श्रीखंड रौप्य दान प्रतिष्ठा सिध्यर्थ शुक्र देवताप्रीतये.. इदं रजतं. चन्द्रदेवताकं यथानाम गोत्राय ० ॥ ६-

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ शनिग्रहदानम् .७

अहं मम जन्म लग्नात् वर्ष लग्नात् गोचरात् भावात् अमुकस्थान स्थितेन शनि ग्रहेण सूचितसूच्यमान सूचयिष्यमाण एतत्स्थूल शरीरोत्पन्न सर्वापच्छान्ति आधिव्याधि दुःखादि सर्वारिष्टं विनशना ऽकाल मृत्यु निवारण पूर्वक शुभैकादशस्थान स्थित शुभ फलावाप्तये श्री शनिग्रह देवता प्रीतये. इदं माषान्नं यमदेवताकं कुलत्यं प्रजापति देवतान्ं . तिलं सोमदेवताकं तैलं भैरव देवताकं लोहपात्रं भैरव देवताकं कृस्नवस्त्रं वृहस्पति देवताकं महिषीं यमदेवताकां सुवर्णं वन्हि देवताकं नीरमाणिक्यं समुद्रदेवताकं यथानाम गोत्राय शनिश्चर स्वरूपाय ब्राम्हणाय तुभ्यं संप्रददे ॥ **प्रार्थना** ॐ शन्नो देवीरमिष्टय आपो भवन्तु पीतये. शंयो रभिश्रवन्तुनः ॥ कृतेतत्. मासतिल **तैल** लोहपात्र कृस्न वस्त्र महिषी स्वर्ण नीलमणि दानकर्मणा : प्रतिष्ठासिध्यर्थं इदं रजतं चन्द्र ० यथाना ०

राहुदानम् . ८ ॥

अहं मम जन्म लग्नात् वर्ष लग्नात् गोचरात् अमुकस्थान स्थितेन राहु ग्रहेण सूचितसूच्यमान सूचयिष्यमाण एतत् स्थूल शरीरोत्पन्न नाना विधारिष्ट अकालमृत्यु सर्वापच्छान्ति पूर्वक शुभस्थान स्थित शुभफलावाप्तये दीर्घायुष्यप्राप्तये राहुग्रहदेवता प्रीतये इदं माषान्नें प्रजापतिदेवताकं. कुलत्यं प्रजापतिदेवताकं तिलं सोमदेवताकं तैलं भैरव देवताकं लोहपात्रं भैरव देवताकं लवणं समुद्र देवताकं धूम्रवस्त्रं बृहस्पति देवताकं महिषं यमदेवताकं कृस्नभेषं वरुण देवताकं स्वर्णं वन्हि देवताकं गोमेदरत्नं समुद्र देवताकं यथानाम गोत्राय राहुस्वरूपाय तुभ्यं संप्रददे ॥ **प्रार्थना** ॥ ॐ कयानश्चित्र आभुवदूती सदावृधः सखाकया शचिष्ठया वृता. ॥ कृतैतत् राहुग्रह प्रीतये माषकुलत्थ तिलतैल लोह पात्र लवण धुम्र वस्त्र महिष कृस्न मेष स्वर्ण गोमेद दानकर्मण : प्रतिष्ठा सिध्यर्थं इदं रजतं चन्द्रदेवताकं यथानामगोत्राय राहुस्वरूपाय ० ॥

॥ ॥ ॥

॥ केतुदानमू. ९ ॥

अहं मम जन्म लग्नात् वर्ष लग्नात् गोचरात् भावात् अमुकस्थान स्थितेन केतुग्रहेण **सूचितसूच्यमान सूचयिष्यमाण** नानाविध सर्वापच्छान्ति अकाल मृत्यु निवृत्ति शुभस्थानस्थित **शुभफलावाप्ति दीर्घायुष्य** प्राप्तिपूर्वक केतुग्रह देवता प्रीतये इदं मासान्नं प्रजापति देव० कुलत्थं **प्रजापति देवताकं** तिलं सोमदेवताकं . तैलं पूर्ण लोह पात्रं भैरव देवताकं चित्रवस्त्रं बृहस्पति **देवताकं. लवणं समुद्र** देवताकं छागं वन्हिदेवताकं स्वर्णं वन्हि देवताकं वैदूर्यरत्नं समुद्रदेवताकं **यथानाम गोत्राय केतु** स्वरूपाय तुभ्यं संप्रददे तत्सन्नमम ॥ ९ **प्रार्थना**. कृकेतुङ्करावन्नि केतवो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेशोमर्या अपेशसे. समुषभ्दिरजायथा: ॥ कृतैतत् केतु ग्रह प्रीतेय माषेकुलत्थ तिलतैल लोह पात्र चित्रवस्त्र लवण छाग स्वर्ण वैदूर्य रत्नदान कर्मण : प्रतिष्ठा सांगता सिध्द्यर्थं इदं रजतं चन्द्र देवताकं यथानाम गोत्राय केतुस्वरूपाय तुभ्यं संप्रददे . तत्सन्न मम . ॥ ॥ ९ । ९ । ९ । ९ ।

॥ ग्रहान्तर्दशादानम् ० ॥ १ ॥

अहं मम. अमुक ग्रह महादशायां अमुक ग्रहान्तर्दशया सूचित एतत्स्थूल शरीरोत्पन्न नानाविध सर्वारिष्टाकाल मृत्यु सर्वापच्छान्ति पूर्वक शुभफलावाप्तये. इदं रजतं चन्द्रदेवताकं,ये द्रव्यं तत्तद्दैवतं यथा नाम गोत्राय० **प्रार्थना** . आकृस्नेनेत्यादि ० ९ ॥ कृतैतत् तत्तद्रव्य दान कर्मण: प्रतिष्ठार्थं इदं रजतं यथानाम गोत्राय ० तत्सन्नमम ० ॥ ? ॥ ॥

अथ अष्ट योगिनी दशा सामान्यदानम् . १ ॥

अहं मम योगिनीदशया सूचित सर्वारिष्ट निवृत्ति दर्घायुष्य प्राप्ति अकाल मृत्यु सर्वज्वरा पस्मारादि रोग शान्ति पूर्वक (अमुक) योगिनी देवी प्रीतये. इदं घृतं मृत्युंजय देवताकं मधु यक्ष देवताकं शर्करां सोमदेवताकं ताम्रपात्रं विश्वकर्म पट्ट वस्त्रं वृहस्वर्णव० यथा । यथा नाम गोत्राय योगिनीस्वरूपाय ब्राम्हणाय तुभ्यं सप्रददे . । प्रार्थना. अम्वे Sअम्विके म्वालिकेन मान यति - कश्चन. ससस्त्यश्चक. सुभद्रिकाड्रू काम्पील वासिनीम् ॥ १ ॥ कृतैतत् . मंगला योगिनी प्रीतये घृत मधु शर्करा ताम्रपात्र पट्टवस्त्र सुवर्णदानकर्मण: प्रतिष्ठासांगतासिद्धयर्थं इदं रजतं चन्द्रदेवताकं यथाना ० ॥ १ ॥

॥ ॥

अथ योगिन्यन्तर्दशादानम् ॥

अहं मम. (अमुक) योगिनी महादशायां (अमुक) योगिन्यन्तर्दशया सूचित एतत्स्थूल शरीरोत्पन्न वातपित्त कफजन्य नानाविधारिष्ट सर्वापच्छान्ति अकाल मृत्यु निवृत्ति पूर्वक दीर्घायुरारोग्यैश्वर्योदयावाप्तये इदं घृतं मृत्युंजय देवताकं मधु यक्ष देवताकं शर्करां सोमदेवताकं ताम्रपात्रं विश्वकर्म देवताकं पट्टवस्त्रं वृहस्पति देवताकं सुवर्णं वन्हि देवताकं यथा नाम गोत्राय ० **प्रार्थना** . अम्वे S अम्विकेम्वालिके नमानयतिकश्चन . सससूत्यश्चक : सुभद्रिकाड्काम्पील वासिनीम् . ॥ . कृतैतत् . अमुकयोगिनीदशायां अमुक योगिनी प्रीतये घृतमधु शर्करा ताम्रपात्र पट्टवस्त्र स्वर्णदान प्रतिष्ठा सांगता सिध्द्यर्थं इदं रजतं चन्द्रदेवताकं दानप्रतिष्ठात्वेन दातुं तुभ्यं संप्रददे. ॥ १ ॥ ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF







पं. विश्वनाथ रिमालले श्रीमद्‌भागवत्‌को पहिलो श्लोकको ८४ किसिमको अर्थ गरेका छन्‌ भनेर शैलेन्द्रनाथ रिमालले मौखिक जानकारी दिए अनुसार सोही हस्तलिखित ग्रन्थको प्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

मुन्थादानम्

अहं मम. वर्ष लग्नात् अमुक स्थान स्थितेन मुंथा देव्या सूचित नानाविध सर्वापच्छान्ति अकाल मृत्यु निवृत्ति दीर्घायुष्य प्राप्तिपूर्वक श्रीमुंथादेवीप्रीतये . इदं कांस्यपात्रस्थ घृतं मृत्युंजय देवताकं पट्टवस्त्रं वृहस्पति देवताकं सुवर्णं वन्हि देवताकं यथा नाम गोत्राय० **प्रार्थना** . अम्वे S अम्विकेम्वालिके नमानयतिकश्चन: ससस्त्यश्चक: सुभद्रिकाङ् काम्पीलवासिनीम् १ कृतैतत् कांश्यपात्र घृत पट्टवस्त्र सुवर्णदान प्रतिष्ठार्थं इदं रजतं चन्द्र देवताकं यथानामगोत्राय ०

॥ सर्वारिष्ट तिलपात्रदान संकल्प : ॥

अहं मम . अनेक जन्मोपार्जित सर्वपाप क्षय सर्वारिष्ट शान्ति पूर्वक दीर्घायुरारोग्यावाप्तये इदं ताम्रपात्रं विश्वकर्म देवताकं तिलान् सोमदेवताकान् सुवर्णं. वन्हि देवताकं यथानाम गोत्राय० **प्रार्थना** तिला : पुष्पा : पवित्राश्च सर्वकामकरा : शुभा : शुक्लाश्चैव तथा कृस्ना विस्नु गात्र समुद्भवा: ॥ १ ॥ यानि कानि च पापानि ब्रह्म हत्या समानि च . तिल पात्र प्रदानेन तानि नश्यन्तु मे सदा ॥ २ ॥ कृतैतत् सुवर्ण तिल पूर्यं ताम्रपात्र दान कर्मण : प्रतिष्ठासिद्ध्यर्थं इदं रजतं चन्द्रदेवताकं यथानामगोत्राय ० ॥

॥ ॥

ततो जन्मोत्सव सामान्य जपपाठ सङ्कल्प : ॥ ॥

॥ जपपाठ संकल्प : ॥

अहं मम जन्मलग्नात् वर्षलग्नात् गोचरात् भावात् स्थान स्थितेन ग्रहेण सूचित सूच्यमान सूचयिष्यमाण सर्वारिष्ट सकलापच्छान्ति शुभस्थानस्थित शुभफलावाप्ति पूर्वक दीर्घायुरारोग्यैश्वर्योदयावाप्तये ... ग्रह प्रीतये - (अथवा येकेचिद्विरुद्धाष्टम चतुर्थ द्वादश मस्था स्थित क्रूर ग्रहा: स्तैः सूचितं यत्सर्वारिष्ट सकलापदं तद्विनाशद्वारा एकादशस्थान स्थित वच्छुभ फलप्राप्तये सूर्यादि नवग्रह देवताप्रीतये .)

अद्यारभ्य आगामी जन्मोत्सव दिवस पर्यन्तं प्रतिदिनं एक सहस्त्र संख्याक, ग्रहतांत्रिक मंत्र जप कर्म: तथा अद्यारभ्य आगामी जन्मोत्सव दिवसपर्यन्तं प्रतिदिनं एकावृत्ति, ग्रह योगिनी पाठ कर्म तथा अद्यारभ्य यथाकाल पर्यन्तं सप्तसहस्र संख्याक सूर्यग्रह वैदिक मंत्र (५७ पृष्ठ देखि ५० पृष्ठसम्मको मूलकपी भेटिएन - भूपहरि)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्चंदनपुष्पाक्षतादिभिर्वृणे . करिष्यमाणा जप पाठकर्मणः प्रतिष्ठार्थं इदं रजतं चन्द्र दैवताकं नानानाम गोत्रेभ्यो नानानाम शर्मभ्यो ब्राम्हणेभ्यो यथा विभागं विभज्य यथा कालेन दातुं समुत्सृजे . तत्सन्नमम .

॥ इति सामान्य जपपाठ संकल्पः शुभः ॥

॥ अथ ब्राम्हण भोजनसंकल्पः ॥

अहं मम सकलारिष्ठ शान्तये कृतस्यदानजपपाठ हवनादि सकलकर्मणः प्रतिष्ठा सांगतासिद्धचर्थं (मिष्टान्नेन) सिद्धान्नेन वा (सप्तविंशतिं) संख्याक ब्राह्माणेभ्यो भोजनं कारयिष्ये तत्कर्मणि गंधपुष्पाक्षताभिब्राम्हणाय (६३ पृष्ठ पछिको अंश पनि पाउन सकिएन - भूपहरि)

(ख) कृष्णप्रसाद शर्मा धिमिरेको पुस्तकबाट

राजपुरोहित द्वारा विश्वनाथ शास्त्री रिमाल को काठमाण्डू ले आना

तब दो.चार रोज वहाँ रहकर सोचते-समझने पर उनको पता चला कि एक नेपाली विद्वान् जो काठमाण्डू चोभार नामक गाँवके हैं., हर एक विषय में अच्छा ज्ञान रखते हैं । और यहाँ (वनारस में) भी अच्छी ख्याति प्राप्त कर रहे हैं । उधर इस समयके बडे विद्वानों मे भी गिने जा रहे हैं । ये अपनी अठारह सालकी उम्र में ही किसी बडे आदमी के पाचक-ब्राम्हणके रूपमें नेपाल सरहदको लाँघकर यहाँ आ पहुँचे हैं और अनेकों वर्ष-पर्यन्त विभिन्न विद्वानों से विविध विषयों का समुचित अध्ययन कर चुके हैं । अतः इन्हीं को ले जाना अच्छा है इत्यादि ।

इधर उपरि प्रस्तुत विश्वनाथ शास्त्री जी कभी-कभी नेपालके बडे-बडे प्रवासी व्यक्तियों के यहाँ आमन्त्रित होने पर श्रीमद्‌भागवत महापुराण का सप्ताहवाचन आदि भी कर देते थे । वैसे ही एक बार नेपाल शासन के अनेकों षड्यन्त्रों से बचकर उधर जा पहुँचे । श्री ३ महाराज जङ्गबहादुर के लडके श्री जीतजङ्ग, श्री पद्मजङ्ग आदि राणाओं ने अपने पुर्खों के दुष्कृत्यों से पार पाने के लिए मनः शान्त्यर्थ उन्हीको आमन्त्रित कर इनके मुख से श्री मद्‌भागवतका सप्ताहपारायण सुना था - इस की परिपूर्ति में अन्य माल-सामानों के अतिरिक्त रुपये मात्र छह हजार इनको दक्षिणा के रूपमें दिये थे । इसी से इन की घरगृहस्थी यहीं जम चुकी थी ।

उपरि निर्देशित-स्थिति के इन शास्त्री जी को एक दिन उन राजपुरोहित जी ने अपने यहाँ बुलाकर अपने साथ काठमाण्डू चलने को कहा । तब शास्त्री जी ने पहले तो आना-कानी की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीछे राजपुरोहित के *"क्या तुम यहाँ रहकर वर्तमान नेपाल-शासनमें सर्वे-सर्वा बने श्री ३ महाराज वीर सम्सेरके विरोधी एवं विद्रोही जङ्ग बहादुरके लडके जीतजङ्ग पद्मजङ्ग आदिके सहयोगी एवं विचार-विमर्श प्रदायक बने रहना ही चाहते हो ?"* इतना कहने पर सोचे -समझे बिना ही उनकी बातोंको स्वीकार कर लिया। तब वे अपनी दोनों पत्नियोंके साथ वि.सं. १९४४ सालमें जनमे शिवनाथ रिमाल नामक पुत्र (जो उस समय ढाई सालका मात्र था) को लेकर सीधे उन राजपुरोहित के संग काठमाण्डू आ पहुँचे। तदनन्तर राजपुरोहित जी ने भी उनको खाने-पीने रहने-बैठने आदिका सुप्रबन्ध कर दिया, और स्वयं श्री ३ महाराजसे सिफारिसकर उनको उसी रानीपोखरी संस्कृत पाठशाला में, मासिक रु ३० पानेवाले नव्य-व्याकरणाध्यापक के पद पर नियुक्त करवा दिया और समय-समय पर राजदरवार की ओरसे अच्छे अच्छे दान दिला दिए। इस तरह विश्वनाथ शास्त्री जी अब निश्चिन्त होकर साम-सुवह उपरि नामाङ्कित उनके चारों लडकों को पढाते रहे। समय खिसकता गया।

मेरे पिताजी एवं विश्वनाथशास्त्री जी

जब राजपुरोहित जी विश्वनाथ शास्त्री को अपने यहाँ ले आये, तभी से मेरे पिताजी एवं विश्वनाथ शास्त्री जी का पारस्परिक सम्बन्ध सुदृढ होता गया। वे दोनों अन्योन्य में एक दूसरे को आदर सम्मान की दृष्टि से देखने लगे ओर बात-व्यवहार भी वैसा ही होता गया। अत्यावश्यक काम-धन्धो में पारस्परिक विचार-विमर्शपूर्वक सहयोग लेना देना चलता गया। जिस से दोनों को निरन्तर अपने-अपने काम धन्धो में व्यवहारों में विशेष मन- शान्तिपूर्वक सहायता मिलती गयी। इधर समय आगे बढते जाने पर वामदेव पाण्डेय जी के मृत्यु हुई। इस समय १९५६ वि.सं.का वर्ष चल रहा था। तब उनके लडकों मे ज्येष्ठ इनं के भतीजे अमरराज के लडके प्रयागराज पाण्डेय जी श्री ५ नेपाल नरेशके पुरोहित पद पर सुशोभित हो बैठे। यद्यपि शास्त्री जी नें ही इन को भी पढाया था , तो भी ये उतना पढ नहीं सके थे। न तो इनके पितृव्यपुत्र जनकराज पाण्डेय ही संस्कृत-विद्वान् बन सके थे। उपर्युक्त, वामदेव पाण्डेय के उन तीनों लडकों में से भुवनेश्वर पाण्डेयजीं ही संस्कृतके विद्वान् बने थे। दूसरे भाई ज्ञानेश्वर पाण्डेय उन जैसे भी नही हो पाये थे।

तब उन प्रयागराज पाण्डेय के राजपुरोहित बनने पर राजदरबार में जिन-जिन दान धर्मादि की क्रियायें विशेषतः होती रहती थीं; उन सब में जो जो जैसे-जैसे शास्त्रीय विधानके अनुरूप सत्कर्म आदि करने पडे थे, इन सब में स्वयं शास्त्री जी इन पुरोहित जी का सिखलाया करते थे। कभी कभी तो शास्त्री जी को स्वयं राजदरबार में उपस्थित होकर पुस्तक बाँचकर

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रताप मल्लले बनाएको रानीपोखरी



पं. विश्वनाथ रिमाल शास्त्रीले
यहीं जलसमाधि गरी देहत्याग गरेका थिए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारी क्रियायें समाप्त कर देनी पडती थी । उस समय भी शास्त्री जी के साथ में सहयोगी के रूप में मेरे पिता जी को राजदरबार जाना पडता था ।

शिवनाथ रिमाल एवं पुरोहित जी के लडके

उधर विश्वनाथ- शास्त्री जी को अपना तीसरा विवाह भी करने की आवश्यकता आ पडी । क्यों कि एक तो अकस्मात् स्वर्गकी ओर चल बसी थी । दूसरी जो थी उस से भी घरका काम चलना मुश्किल हो रहा था । इस स्थिति में मेरे पिता जी ने भी उनको इस वैवाहिक कार्य में यथाशाक्ति सहयोग प्रदान किया । उधर उनकी ज्येष्ठ पत्नी से उत्पन्न शिवनाथ रिमाल नामका इनका लडका कलकत्ता जाकर पढ रहा था । शास्त्री जी चाहते थे कि यह मेरा लडका आयुर्वेदनिष्णात हो । इसीके अनुरूप उन्हों ने लडके की पढाई आगे बढा रखी थी । स्वयं आनन्दके साथ घर-गृहस्थी चला रहे थे ।

कविराज शिवनाथ रिमालजी

इसी समय उन विश्वनाथ शास्त्री जी के बडे लड्के शिवनाथ रिमाल जी जिन को आयुर्वेद पढने के लिए उहों ने कलकत्ता भेज रखा था, अपनी पढाई पूरी कर के काठमाण्डू लौट आये । जिसने बहां बैठकर एक सुयोग्य आयुर्वेदिक बंगाली विद्वान् से आयुर्वेद के अनेकौं ग्रन्थ सुश्रुतसंहिता, चरकसंहिता, भावप्रकाश, माधव निदान इत्यादि पढ लिये थे । जब इन की पढाई का छठा साल चल रहा था तभी उन बंगाली विद्वान् उनके गुरुदेव की अन्तिम अवस्था आ पहुँची । उस समय अपने शिष्य इन शिवनाथ रिमाल स सुप्रसन्न हुए उन गुरुदेव ने इन को उस अमोधा आयुर्वेद-विद्या की महत्ता की दीक्षा देते हुए आयुर्वेद का समस्त रहस्य खोलकर ही बतला दिया था । तब वे वहां से वाराणसी आकर कुछ समय पर्यन्त वहीं रहकर रसादि-काष्ठादि औषधियों की निर्माण-प्रक्रिया का उचित अभ्यास करते रहे । पीछे आत्मसन्तोषपूर्वक वे नेपाल लौट आये थे । अब ये इसी समय से अपने उसी काम में लगते हुए अधिक दक्षता प्राप्त करने लगे । शास्त्री जी ने उनकी शादी भी तत्काल में कर दी थी । पीछे जाकर इनकी नौकरी भी नियत हुई । ये उस समय श्री ३ महाराज चन्द्र समशेर के भाई जो उनके वाद के सर्वेसर्वा एवं कमाण्डर इन चीफ बने हुए थे उन्हीं भीम समशेर राणा साहब के यहां कुछेक रुपये मात्र मासिक-वृत्ति पाने वाले घरेलु कविराज के रूपमें काम करने लगे थे । समयान्तर में ये श्री ३ जुद्ध समशेर तथा श्री ५ नेपाल नरेश त्रिभुवन एवं श्री ५ महेन्द्र वीर विक्रम महाराजाधिराजके यहाँ अत्यन्त प्रिय होते हुए राजवैद्यके रूपमें औषधोपचार करते रहे ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वनाथ शास्त्री जी का प्राणत्याग

कुछेक महीने और बीतते गये । मेरे पिता जी के लिए यह वि.सं. १९७५ सालका वर्ष बहुत ही भयानक होकर निकला । अपने गुरुजनों के परलोक-गमनजन्य दुश्चिन्तायें पिता जी को बहुत ही व्यथित बना रही थीं । फिर अचानक शङ्कित हृदय लेकर तुरन्त उनके घर की ओर चल पडे । रास्ते पर अनेक प्रकार के अपशकुन देखते एवं भीतर ही भीतर घबडाते हुए चल ही रहेथे कि उनका हृदय जोर-जोर से धक्के खाखाकर चलने लगा । वे सोचते गये **छिद्रेष्वनर्था बहुली भवन्ति** । इन्हीं सब आशङ्काओं से द्रवित होकर शास्त्री जी के घर पहुँचने पर उन्होने देखा कि "उनके सारे परिवार बाहर प्राङ्गणमें ही एकत्रित हो बैठे रो रहे हैं ।" पिता जी को देखते ही अव वे सब के सब और जोर-जोर से रोने चिल्लाने लगे । अन्त में पिताजी को ज्ञात हुआ कि "पूज्यपाद विश्वनाथ शास्त्री जी वैसे ही दुष्ट-प्रकृतिके व्यक्तियों के अनेक रूप के षड्यन्त्रों से सताये जाने पर एवं अपने उन तीनों पत्नियों के एवं उन के भी दर्जनों पुत्र पुत्रियों के पारस्परिक कलहों से विक्षिप्त जैसे बना दिये जाने पर तथा सामाजिक रागद्वेषप्रिय- व्यक्तियों की दुर्भावनाओं से व्यथित-हृदय बना दिये जाने पर व्यतीत रात्रि के ब्राह्ममुहूर्त में अपने घर से बाहर निकल कर उसी संस्कृत पाठशाला के निकट के रानीपोखरी नामक बहुत बडे एवं गहरे तालाब में कूद पडे और प्राण गँवा वैठे । तदनन्तर तत्काल में समस्त प्रबन्ध मिलाकर स्वयं मेरे पिताजी ने शास्त्री जी के ज्येष्ठ सुपुत्र उन्ही शिवनाथ रिमाल जी के हाथों से उनकी शास्त्रोक्त अन्त्येष्टि करा दी ।

शास्त्री जी के कृत्य से शोकविह्वलता

आदरणीय पाठकवृन्द । अब मैं यहां क्या कहूँ ? किसकी जिन्दगी में क्या लिखा होता है ? इतने बडे विद्वानों को भी कैसे ऐसे-ऐसे कर्म करनेका साहस आ जाता है ? यह सब समझ से परेकी बात है । न तो यहां दार्शनिक विद्वत्ता ही काम कर सकती है न तो अन्य बौद्धिक- चातुर्य ही काम कर सफलता प्राप्त कर सकता है और समुचित सिद्धान्त पेश कर सकता है । यहीं आकर तो अत्याधुनिक मनोविज्ञान- वेत्ताओंका दिमाग भी चकराता दीख पडता है । अत: हम प्राच्यविद्यानुरागियो को झक मारकर मानना ही पडता है कि केवल अपने-अपने जन्म जन्मान्तरों के संस्कार मात्र हर एक प्राणी को उसी के अनुरूप क्रियायें करने एवं कराने को सदैव उत्प्रेरित करते रहते हैं । तभी शास्त्री जी जैसे विद्वान् के इस कृत्य से राजधानी काठमाण्डू भर में उस आत्महत्या की बातको लेकर क्षण भरमें दुःखद सनसनी फैल गयी कि "इतने बडे ख्यातिप्राप्त विद्वान् भी कैसे ऐसे कुकृत्य में प्रवृत्त हुए ? क्यों हुए ?" इत्यादि चर्चा-परिचर्चायें बहुत दिनोंतक चलती रही । औरों की तो बात ही क्या ? जिसको सुनकर वैसे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूटनीतिज्ञ श्री ३ चन्द्र शम्सेर जैसे व्यक्ति भी कुछ क्षण के लिए स्तब्ध होकर आंसुओ की धारा छोडते रहे । अस्तु ।[२]

(ग) देवाली

- कुमार रिमाल

हरेक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन काठमाडौंका केही रिमालहरू गौशालाको भण्डारखालमा देवाली गर्छन् । न्यूरोड, भम्सीखेल, ज्ञानेश्वर, मैतीदेवी र चावेलका गरी ५० । ६० घर रिमालहरू भण्डाखालमा गरिने देवालीमा सामेल हुन्छन् । मैतीदेवीको घर बेचेर भरतपुरमा गएका कुमार रिमाल पनि यहीं आएर देवाली गर्छन् । रिमालहरूका कुलदेवता भगवती र महादेव हुन् । भगवतीलाई बोको (बलि) र रातो ध्वजा तथा महादेवलाई खीर, फलफूल र सेतो ध्वजा चढाउँछन् । भगवतीलाई बोको बलि नचढाउनेले नरिवल र अन्य फलफूल चढाउँछन् । मण्डपमा काटिएका सबै बोकाको कलेजो झिकेर पकाई चढाउने चलन पनि छ । चामलको पीठोको बाबर र अन्य फलफूल (आफ्नो आफ्नो गच्छे अनुसार) सबैले चढाउँछन् । देवाली गर्ने मण्डपभित्र एउटा ठाडो र एउटा तेर्सो गरी दुइ रेखी हालिन्छ र त्यहाँ दियो, कलश, गणेश, ब्रह्मा छेवैमा पूर्ण पात्रो राखिन्छ । पुरोहितले रुद्रीहोम गर्छन् । पुरोहित अन्य थरको नभएर रिमालमध्येकै जान्ने मान्छेलाई छान्छन् । पूजा, रुद्रीहोम सबै सकिएपछि पूर्णपात्रो, दानदक्षिण गरिन्छ । यहाँनेर एउटा रमाइलो कुरा उल्लेख गरिहालौं - व्रतबन्ध नगरेका रिमालहरु देवालीको मण्डप भित्र पस्न हुँदैन । पूजा नसकिउञ्जेल अन्य थरका मानिसहरूको प्रवेश पनि निषिद्ध हुन्छ । देवालीको सबै काम सकिएपछि पर्साद बाँडिन्छ । मण्डपभित्र रिमाल थरका मानिसले बाहेक अरुले पर्साद खानु हुँदैन । मण्डपबाहिर सामान लगिसकेपछि जसजसले पर्साद खाए पनि हुन्छ । यसरी रिमालहरूको देवाली सकिन्छ ।

---

२. कृष्णप्रसाद शर्मा घिमिरे, ***गति-विधियों की रूपरेखायें,*** श्याम, गोपाल, मोहन तथा योगेश घिमिरे, वि.सं. २०४१, पृ.७१, ७२, ७३, ७५, ८२, ८३, ८९, ९० र ९१ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री स्रोत

१. कुमार रिमाल, भरतपुर
२. नयराज पन्त , नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
३. निर्मलनाथ रिमाल, नेसनल रिसर्च एसोसिएट्स, कालिकास्थान
४. महेशराज पन्त, वटु, सवलबहाल
५. रवीन्द्रनाथ रिमाल, कालिकास्थान
६. शैलेन्द्रनाथ रिमाल, कालिकास्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५

तन्त्रशास्त्रका विशिष्ट विद्वान् गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी

परिचय

गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी मकैपर्वमा परेका हुन् भन्ने कुरा मैले २०३२ सालमा नेपाली साहित्यको इतिहास अध्ययन गर्दा मात्र थाहा पाएको हुँ । २०३५ सालदेखि आफैंले ऐतिहासिक मकैपर्वको अनुसन्धान गर्न शुरु गरेपछि त विभिन्न व्यक्तिबाट उनका बारेमा प्रशस्त जानकारीहरू प्राप्त गर्न थालें । कृष्णलाल अधिकारीका कान्छा भाइ पद्मराज अधिकारीले दिएको (कठजोरको भलायो डाँडामा) अन्तर्वार्ता पछि त गुरुज्यू दुर्गानाथ शर्मा अधिकारीका वंशजसँग भेटैंभेटौं लाग्यो, तर उनको घर कहाँ हो र उनका सन्तान कोको कुन-कुन ठाउँमा छन् भन्ने कुरा पनि धेरै समयसम्म मेरो निम्ति अज्ञातनै रह्यो ।

वि.सं. २०४० सालमा ***ऐतिहासिक मकैपर्व*** भन्ने पुस्तक प्रकाशित भयो । तीनधारा संस्कृत छात्राबासको शतवार्षिक समारोह (२०४१) मा उपस्थित भएको बेला प्रा. चूडानाथ भट्टरायलाई मैले ***ऐतिहासिक मकैपर्व*** भन्ने पुस्तक समर्पण गरें । चूडानाथ गुरुबाट पुस्तक पल्टाउँदै गुरुज्यू दुर्गानाथ अधिकारीको मकैपर्वसँग के सम्बन्ध थियो भन्ने सबै कुरा अभिव्यक्त भयो । त्यो बेला मैले अरु कुनै पनि कुरा टिपिनँ । गुरुज्यूको पुरानो ठेगाना चाहिं गुच्चा टोलतिर भएको जानकारी पाएँ । चूडानाथ र दुर्गानाथ भानिज र मामाको सम्बन्ध भएको तथ्य थाहा पाएपछि त्यस दिन समारोहस्थलमा गयौं ।

२०४६ सालमा ***नेपालको विद्वत्परम्परा***को अनुसन्धानका सन्दर्भमा म बालुवाटार चूडानाथ गुरुकहाँ गएँ । यो पटक आफ्नै बारेमा मैले खोजेजति सामग्री उपलब्ध गराइदिन गुरुले

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असजिलो मानेपछि म अर्को पटक चूडानाथ गुरुका बारेमा जीवनीपरक अनुसन्धान गर्न आउने सङ्कल्प गरी गुरु र म सँगै बाहिर निस्क्यौं । त्यो दिन आशुकवि शम्भुप्रसाद ढुङ्गेलको शतवार्षिक समारोहको बैठकमा भाग लिन गुरु चूडानाथ शारदाप्रसाद उपाध्यायको घरतिर लागेपछि म आफ्नो बाटो लागें । बालुवाटारदेखि भाटभटेनीसम्म आउँदा चूडानाथ गुरुबाट दुर्गानाथ अधिकारीका बारेमा मैले धेरै कुरा सुन्न पाएँ तर त्यसबेला टिप्ने अनुकूल भने पर्न सकेन । गुरुज्यू दुर्गानाथ अधिकारी ऐतिहासिक मकैपर्वसँग सम्बन्धित छन् भन्ने कुरा मलाई थाहा थियो । उनी जीवनको एक घटनाका आधारमा मात्र प्रसिद्ध रहेनछन् । वास्तवमा उनी त तन्त्रविद्याका ठूला विद्वान् पो रहेछन् । तन्त्रशास्त्रमा दुर्गानाथको विशिष्ट योग्यता भएको थाहा पाएर मलाई उनका बारेमा अझ गहिरिएर अध्ययन गर्नुपर्ने कुरा महसुस भयो । चूडानाथ गुरुबाट तुरुन्तै दुर्गानाथका सन्तानको ठेगाना टिपिहालें । दुर्गानाथका सन्तानमध्ये रुद्रनाथ अधिकारी नक्साल भगवती बहालमा बस्ता रहेछन् र गुरुज्यू युगनाथको घर थापाथली पाञ्चायन देवताको थाननिर रहेछ । (रुद्रनाथको घरको फोन नम्बर ४-१४६६१ र युगनाथको २-२२३८२ हो) । त्यसपछि म युगनाथसँग फोनमा सम्पर्क गर्न लागें । मैले काम गर्ने कार्यालयकै साथी सुशीला लामिछानेले युगनाथको घर देखाइदिएर उनीसँग प्रत्यक्ष चिनापर्ची गरिदिएपछि त मैले उनलाई बारम्बार घच्घच्याउन थालें । उनले पनि मलाई दिल खोलेर सहयोग गरे । तन्त्रशास्त्रमा दुर्गानाथको विशिष्ट योग्यता भएको थाहा पाएर मलाई उनका बारेमा अझ गहिरिएर अध्ययन गर्नु पर्ने कुरा महसुस भयो।गुरुज्यू दुर्गानाथको बारेमा गुरुज्यू युगनाथबाट मलाई प्राप्त भएको टिपोटका आधारमा यो परिचयात्मक छोटो लेख तयार गरिएको छ । यसबाट संक्षिप्त रूपमा भए पनि दुर्गानाथका बारेमा जान्न सहयोग मिल्यो भने परिश्रम सफल भएको ठहरिने छ ।

जीवनी

दुर्गानाथ अधिकारीको पुर्ख्यौली थलो भक्तपुर जिल्लाको कटुञ्जे भन्ने ठाउँ हो । उनी गणेशदत्तका नाति र लीलानाथका छोरा हुन् । गणेशदत्त अधिकारी श्री ३ जङ्गबहादुरका गुरु थिए । कटुञ्जेबाट दरबार धाउन मुश्किल परेको हुँदा उनी वटुगुच्चाटोलमा आई बसोबास गरेका हुन् । गणेशदत्तले सो घर आफ्नै पैसाले किनेका थिए । गुरुज्यू दुर्गानाथ पनि वटु गुच्चाटोलमा जन्मिएका हुन् । उनको जन्म वि.सं. १९२१ साल पौष कृष्ण दशमी आदित्यबारका दिन भएको हो । उनको न्वारानको नाम पनि दुर्गानाथ नै भएको बुझिन्छ ।

धर्मानन्द अधिकारीका चार भाइ छोरा जन्मिएका थिए । तीमध्ये गणेशदत्त, नरेन्द्र-मोहन, शिवनिधि, षडानन्द र टीकाराम हुन् । गणेशदत्तका छोरा लीलानाथ हुन् । लीलानाथका दुइटी पत्नी थिए । प्रथम पत्नीबाट दुइ भाइ छोरा दुर्गानाथ, सूर्यनाथ र एउटी छोरी भए । द्वितीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी
सन्ध्या वन्दनादि कर्ममा संलग्न

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्नीबाट दुइ भाइ छोरा कोषनाथ र छत्रनाथ तथा चारओटी छोरी भए । त्यस्तै दुर्गानाथका दुइटी पत्नी थिए । प्रथम पत्नी देवकुमारीका गर्भबाट एकभाइ छोरा होमनाथ र तीनओटी छोरी भए । द्वितीय पत्नी शारदा देवीबाट तीनभाइ छोरा-हमनाथ, नीरनाथ र दिव्यनाथ तथा तीन ओटी छोरी जन्मिए ।

दुर्गानाथको अक्षरारम्भ ५ वर्षका उमेरमा भएको हो तर कसबाट भयो भन्ने कुरा पत्ता लाग्न सकेन । उनका वेदगुरु फणीन्द्रराज गौतमका पिता हुन् (थिनको पनि नाम थाहा भएन) । दुर्गानाथले प्राणायाम र योग मच्छे गाउँ निवासी (थिनको खास नाम थाहा पाउन नसकिएको तर नक्सालमा बस्ने मास्टर ज्ञानप्रसादका ससुरासँग) सिकेका हुन् । तन्त्रविद्या पाटन र भक्तपुरका बाँडा र गुभाजुसित सिकेका थिए ।

दुर्गानाथ अधिकारीको व्रतबन्ध सातवर्षका उमेरमा भएको हो । गायत्री र दीक्षा गुरु आफ्नै पिता लीलानाथ हुन् । विवाह नौ वर्षका उमेरमा मनोहरा निवासी ...... की सुपुत्री देवकुमारीसँग भएको हो । त्यसबेला श्रीमतीको उमेर ७ वर्षको मात्र थियो । जङ्गबहादुरका छोरा मुखिया जर्नेलले कन्यादान दिएका थिए । दोस्रो विवाह मखनटोल निवासी गोपाल पण्डितकी सुपुत्री शारदादेवीसँग भएको हो । लीलानाथको देहावसानपछि मासिक रु २००। पाउने गरी सदर मुलुकीखानाको खजाञ्ची पदमा श्री ३ चन्द्रशमशेरले दुर्गानाथलाई नियुक्त गरे ।

वास्तवमा दुर्गानाथ अधिकारीलाई प्रियलाग्ने विशेष खाना केही थिएन, तर खाना खाइसकेपछि उनलाई फलफूल खाने इच्छा भने हुन्थ्योनै । दुर्गानाथ दिउँसोको १ बजेतिर सधैंको खाना खान्थे । किनभने बिहान ८ बजेदेखि दिउँसोको १ बजेसम्म पूजाआजामै उनी व्यस्त हुन्थे । १ बजे खाना खाएर अफिस जान्थे । साँझमा आरती गरेपछि साबुदाना र एकश्लोक तरकारी खान्थे । वि.सं. १९९५। १९९६ सालदेखि दुइटा पोलेको आलु मात्रै खान थाले, त्यो पनि १९९७ सालको शुरुदेखि बन्द भयो । लाउने लुगाका हकमा - चाडपर्वमा उर्दीका लुगा लाउँथे । पूजा गर्न बस्दा रातो भोटो र प्राय: सेतो धोती फेर्थे । रुद्राक्षको माला लगाउँथे । अघिपछि बाहिर जाँदा दौरासुरुवाल लगाउँथे । घरमा बस्दा धोती नै फेर्थे । दिउँसो २ बजेसम्म पूजामा व्यस्त भैरहने हुँदा जरुरी काम पर्दाबाहेक अघिपछि धेरै टाढा जान फुर्सदै पाउँदैनथे ।

अन्य प्रमुख विवरण

१. त्यो बेला अंग्रेजी म्लेच्छहरूले पढ्ने भाषा मानिन्थ्यो । त्यसैले त्यो बेलाको नेपालका ब्राह्मणहरू अंग्रेजी पढ्दैनथे र आफ्ना सन्तानलाई पनि पढाउँदैनथे । गुरुज्यू दुर्गानाथ अधिकारीलाई अंग्रेजी भाषा सिक्न मन लाग्यो । उनी पाइखाना गएको बेलामा अंग्रेजी घोक्ने गर्थे । नेपालमा मौल्वी आउँदा दुर्गानाथले फारसी भाषा बोलेका थिए । विश्वका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गुरुज्यू दुर्गानाथ शर्मा अधिकारी
जन्म : वि.सं. १९२१ पौष कृष्ण दशमी
देहान्त : वि.सं.)१९९८ ?)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महान् लेखकका कृति पनि उनले पढ्ने गरेका थिए । वि.सं. १९९८ साल वैशाख पूर्णिमाको देवालीमा कटुञ्जे सूर्यविनायकको जङ्गलमा तीर्थनाथ अधिकारीसँग अंग्रेजीमा कुरा गरेको सुन्ने मानिस दुर्गानाथकै छोरीका छोरा गोविन्दप्रसाद भट्टराई अहिलेसम्म जीवितै छन् । संस्कृत विद्या कोसित पढे त्यसको भने पत्तो लाग्न सकेन ।

२. त्यस समयको नेपालमा विद्यालय नभएकाले दुर्गानाथ अधिकारीले घरमै पढेको बुझिन्छ । त्यो बेला अहिलेकोजस्तो लब्धाङ्कपत्रका आधारमा मांनिसको योग्यता जाँचिदैनथ्यो । अध्ययन, अध्यापन, व्यवहार, ज्ञान र लिखित प्रकाशित कृतिबाट मानिसको योग्यताको ठहर गरिन्थ्यो ।

३. दुर्गानाथ अधिकारीले तन्त्रका केही मौलिक पुस्तक र कूल देवताको पूजाविधि लेखेको बुझिन्छ । यस कोटिका कृतिहरू पनि (दुर्गानाथसँग रहेको एक तन्त्रको पुस्तकबाहेक अन्य) सुरक्षित छैनन् । ती सबै हराए । त्यस्ता कृतिको दूरगामी महत्त्व त्यो बेला कसैलाई थाहा भएन । त्यसैले सबै कृति सडेगले र त्यत्तिकै विलाए ।

४. वि.सं. १९८५ सालमा भारतबाट दुइजना ठूला विद्वान् नेपाल आएका थिए । नेपालमा गहिरो विद्वत्ता भएको मानिस खोज्दैजाँदा तिनीहरूले दुर्गानाथ अधिकारीको नाम सुनेछन् र उनै भाठौं आएछन् । शास्त्रार्थ र अन्य सामान्य कुराको छलफल भएपछि भारतबाट आएका विद्वान् दुर्गानाथको विद्वत्ताबाट अत्यन्त सन्तुष्ट भएर फर्किएछन् ।

५. दुर्गानाथ अधिकारी तन्त्र र धर्मशास्त्रसम्बन्धी पुस्तकहरू प्रशस्त पढ्थे । सुत्ने कोठाको लम्पटमा पल्टेर उनको पढ्ने बानी थियो । प्रत्येक दिन दुर्गानाथसँग पढ्न ५।६ जना मानिस आइरहन्थे ।

६. दुर्गानाथका सन्तानमध्ये जेठा छोरा हेमनाथ वैदिक र माहिला छोरा होमनाथ तान्त्रिक भएको बुझिन्छ । साहिला छोरा नीरनाथ चाहिं वेदान्त राम्रोसँग जान्दथे र उनमा अन्य विषयको पनि धेरै गहिरो ज्ञान थियो ।

७. कुनै एक रात बालनरसिंह कुँवरलाई सपना भएछ कि- *भुइँ छोडेर सन्ध्या गर्ने मानिसबाट बालात्रिपुरसुन्दरीको मन्त्र सुन्यौ भने तिमीलाई ठूलो सिद्धि प्राप्त हुनेछ ।* यस्तो सपना देखेपछि उनलाई निन्द्रा लागेन । बिहान उज्यालो हुने बित्तिकै (सपना देखेकै दिन) बालनरसिंह नरोत्तम अधिकारी समक्ष पुगे । त्यो बेला उनी स्नान गरी गुह्येश्वरी अगाडि बाग्मतीको किनारमा जमीन छोडेर सन्ध्या गरिरहेका थिए । सन्ध्यावन्दन सकेर यसो आँखा खोली हेर्दा आफू नजीकै बालनरसिंह कुँवर बसेको देखे । त्यसपछि नरोत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI

अधिकारीले सोधे - *तिमी एकाबिहानै के कामले आयौ ?* गुरुको प्रश्न सुनेर बालनरसिंह कुँवरले भने कि - *आज राति सपनामा जमीन छोडेर सन्ध्या गर्ने मानिसबाट बालात्रिपुरसुन्दरीको मन्त्र सुन्नू , तिमीलाई ठूलो कल्याण हुन्छ भन्ने कुरा देखेकाले गुरुसमक्ष आएको हुँ ।* बालनरसिंह कुँवरको कुरा सुनेर नरोत्तम अधिकारीले भनेछन् - *तिमी बडो स्वार्थी मानिस रहेछौ । मन्त्र त तिमीलाई दिन्छु तर त्यसको फल तिमीले पाउँदैनौ । तिम्रा छोरादेखि मात्र मन्त्रको फल प्राप्त हुनेछ । अनि अर्को कुरा-मेरा सन्तानबाट तिम्रा सन्तानले यो मन्त्र सुनुञ्जेल राज्यशक्ति प्राप्त भैरहला र तिम्रा सन्तान शक्तिशाली होलान् , मेरा सन्तानबाहेक अरुबाट जसले बालात्रिपुरसुन्दरीको मन्त्र सुन्ला त्यसैको पालादेखि सम्पूर्ण राज्यअधिकार पनि खोसिने छ ।* त्यसपछि बालनरसिंह कुँवरले नरोत्तम अधिकारीबाट मन्त्र सुने र आफूले मन्त्र सुनेका ठाँउमा बालात्रिपुरसुन्दरीको मूर्तिसमेत स्थापना गरे । गुह्येश्वरी मन्दिरको उत्तरपट्टिको ढोका अगाडि (वाग्मती) भन्दा माथि) बालात्रिपुरसुन्दरीको मन्दिर अझसम्म छँदैछ ।

बालनरसिंह कुँवरपछि श्री ३ जङ्गबहादुर राणा, श्री ३ रणोद्दीप, श्री ३ वीरशमशेर, श्री ३ देवशमशेर, श्री ३ चन्द्रशमशेर, श्री ३ भीमशमशेर, श्री ३ जुद्धशमशेर र श्री ३ पद्मशमशेरले नरोत्तम अधिकारीकै वंशजबाट मन्त्र सुने र उनीहरू नेपालको राज्य अधिकार प्राप्त सर्वेसर्वा व्यक्ति पनि भए । मोहनशमशेरको पनि बालात्रिपुरसुन्दरीको मन्त्र सुन्ने बेला आएछ । मन्त्र सुन्ने अघिल्लै दिन दुर्गानाथको डाहा गर्ने अन्य पण्डितले - *सरकार । दुर्गानाथलाई त सुतक पो परेको रहेछ* भन्ने भूटो कुरा सुनाइदिएछन् । त्यसपछि मोहन शमशेरले अरुनै ब्राह्मणको मुखबाट मन्त्र सुने । नरोत्तम अधिकारीले भविष्यवाणी गरेजस्तै जङ्गबहादुर राणाको पालादेखि चलेको १०४ वर्षको जहानियाँ राणाशासन मोहन शमशेरको प्रधानमन्त्रीकालमा समाप्त भयो (२००७ साल फागुन ७ गते) ।

८. सूर्यविनायकको जङ्गल (हाल शाही नेपाली सेनाको व्यारेक भएकै ठाउँ नजीक) मा विन्ध्यवासिनी भगवतीको मन्दिर स्थापना गरिएको छ । गुरुज्यू दुर्गानाथ अधिकारीले यसै ठाउँमा देवाली गरेको बुझिन्छ ।

९. कौसल अड्डाका नायबसुब्बा कृष्णलाल अधिकारीले लेखेको ***मकैको खेती*** पुस्तक पर्वमा गुरुज्यू तथा खजाञ्ची दुर्गानाथ अधिकारीको जागीर खोसिएको थियो । यसरी कृषि विद्यासम्बन्धी पुस्तकमा संलग्न भएबापत प्राइमिनिष्टर श्री ३ चन्द्रशमशेरले जागीर झिकिदिएपछि उनकै छोरा सिंहशमशेरले बराबर दुर्गानाथकहाँ आएर भन्ने गर्थे- *गुरुज्यू । एक चोटिलाई बिराएँ महाराज । भन्दिएदेखि म जागीर थमाइदिन्थें ।* सिंहशमशेरको कुरा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुज्यू दुर्गानाथकी धर्मपत्नी

श्रीमती डम्मरकुमारी अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

सुनेर दुर्गानाथले भने - *मैले के कुरा बिराएको छु र माफी माग्ने ?* सरोकारवालासँग माफी नमागेपछि दुर्गानाथको जागीर खोसिएको खोसियै भयो ।

१०. भीमशमशेर नेपालको प्रधानमन्त्री हुने बित्तिकै थापाथलीको मन्दिरमा आई उनले दुर्गानाथलाई बोलाउन पठाए । त्यसपछि श्री ३ भीमशमशेरले हीराको चाँद मगाई गुरुज्यू दुर्गानाथ अधिकारीलाई तुरुन्त लगाइदिई जागीरमा पुन:बहाल गरिदिए ।

११. श्री ३ जुद्धशमशेरको समयमा दुर्गानाथ अधिकारीलाई ४ कम्यान्डिङसरहको सम्मान प्रदान गरिएको थियो । श्री ३ जुद्धशमशेर आफ्नो जन्मदिवसमा र शुभ- विजया-दशमीको टीका गुरुज्यूकै हातबाट नलगाई खानासमेत खाँदैनथे । एक पटकको कुरा हो । दशैंमा जुद्धशमशेर बिरामी परेका रहेछन् । दशमीको टीका गुरुकै हातबाट नलगाई नहुने । उता, गुरुज्यू घरको पाठपूजा नसिध्याई अन्त कतै नहिंड्ने, जुद्धशमशेर पनि धेरै बेर पर्खिरहन नसक्ने त्यहाँ यस्तो स्थिति सिर्जना भयो । जुद्ध शमशेरले गुरुज्यू दुर्गानाथलाई जुन उपायले हुन्छ लिएरै आउनू भनेर बग्गी पठाए । उनले पनि जुद्धशमशेरको अवस्था बुझेर केही समयका निम्ति पूजा स्थगित गरी बग्गीमैं बसेर सिंहदरबार गए र जुद्धशमशेरलाई टीका लगाइदिई आफ्नो नित्यनैमित्तिक पूजा सिध्याउन त्यसै वग्गीमा बसी गुरुज्यू दुर्गानाथ अधिकारी आफ्नो घर फर्किए ।

१२. गुरुज्यू दुर्गानाथ अधिकारीसँग शास्त्रार्थ गर्न भारतका विभिन्न भागबाट ख्याति प्राप्त विद्वान्हरू समयसमयमा आइरहन्थे ।

१३. एक पटकको कुरा हो- पूर्वीय दर्शन र पूजाविधिका बारेमा यथार्थ जानकारी लिन जापानबाट २ जना मानिस आएका थिए । तिनीहरूलाई त्यो बेलाको मुन्सीखानाले ल्याएको बुझिन्छ । ३ दिनसम्म बसेर गुरुज्यूसँग संक्षिप्त रूपमा ज्ञान प्राप्त गरी उनीहरू फर्किएका थिए । ती २ जना जापानीको नाम थाहा हुन सकेन ।

१४. प्राइमिनिष्टर श्री ३ जुद्धशमशेरको समयमा पूर्वीया र कुमाइको भातभान्छा एकै ठाउँ गर्ने कुरा चलेको थियो । यसका निम्ति बढी जोड गर्ने कुमाइहरूनै थिए अरे । सिंहदरबारमा भात पकाइयो । आमन्त्रित ब्राह्मणहरूमध्ये गुरुज्यू दुर्गानाथ अधिकारी पनि थिए । उनी लुगा फुकाली, धोती फेरी, बुठजुत्ता लगाएर भान्छामा जान ठीक परे । त्यहाँ ठूलो खैलाबैला भयो । श्री ३ जुद्धशमशेर भान्छामा आएर सोधे - *गुरुज्यू के यस्तो काम गरेको ?* प्रधानमन्त्री श्री ३ जुद्धको कुरा सुनेर गुरुज्यू दुर्गानाथले भनेछन्- *सरकारको हुकुमले कुमाइ र पूर्वीयाको भातभान्छा एकै ठाउँमा चल्छ भने सरकारबाट बुठजुत्ता*

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाएर पनि चल्छ भन्ने हुकुम भैदिए यो पनि त चलिहाल्छ नि। यसपछि भान्छा रोकियो । पूर्वीया र कुमाइको भातभान्छा एकै ठाउँमा गर्ने भन्ने कुरै उठेन ।

१५. दुर्गानाथको देहावसान नहोउञ्जेलसम्म कुनै पनि शास्त्रीय निर्णय लिनुपर्दा उनैलाई गुहारिन्थ्यो । त्यो बेला माहिला गुरुज्यू हेमराज पाण्डेको निकैनै चर्तिकला थियो तर गुरुज्यू दुर्गानाथ कठिनभन्दा कठिन शास्त्रीय निर्णय आफैं गर्न सक्थे । हेमराज पाण्डे चाहिं सोमनाथ सिग्देल लगायत अन्य उनैका भक्त गुरुहरूको सहयोग लिएर मात्र शास्त्रीय निर्णय गर्थे ।

१६. सिंहशमशेरकी छोरी बलरामपुरका राजकुमार (राजा?) लाई विवाह गरेर दिएको थियो । तिलक दिन गुरुज्यूका हैसियतले दुर्गानाथ अधिकारी खटिएका थिए । त्यो बेला अंग्रेजसँग गुरुज्यूले अंग्रेजीमा कुरा गर्दा त्यहाँ सबै छक्क परेका थिए अरे ।

१७. नेपालको तन्त्रविद्का रूपमा कहलिएका धनशमशेरले दुर्गानाथ अधिकारीसँग तन्त्र विद्या पढेका थिए ।

१८. एक पटक राति दुर्गानाथ अधिकारीका घरमा सेतो ख्याक आएछ र उनलाई थिचेछ । त्यसपछि तन्त्रमन्त्रको बलले ख्याकलाई बाँधेपछि आजित भएर उसले भने छ- ***अबदेखि म यहाँ आउँदिन*** । ख्याकले ***यसरी म अबदेखि आउँदिन*** भन्ने कबोल गरेपछि उसलाई दुर्गानाथले छोडिदिए छन् ।

१९. गुरुज्यू दुर्गानाथ अधिकारीले सूर्यग्रहणका दिन आफ्नै हातमा श्राद्ध गरेका थिए ।

२०. दुर्गानाथ बिहान सधैं प्राणायाम गर्थे । त्यसैको प्रभावले हुनसक्छ - देहावसानको अवस्थामा- प्राणायामपूर्वक ॐ मन्त्रको उच्चारण गर्दागर्दै उनको शरीर ढल्यो । उनलाई मृत्युको आभास भएरै प्राणायाम गर्ने इच्छा भएको हुनसक्छ । गुरुज्यू दुर्गानाथको ७७ वर्षका उमेरमा देहावसान भएको बुझिन्छ ।

२१. नेपालमा ख्यातिप्राप्त तान्त्रिक गुभाजुहरू दुर्गानाथसँग तन्त्रका बारेमा बहस गर्न आउँथे ।

२२. बाबुले सिकाएको बटुक भैरवको जप गर्दा एक दिन बिहान दुर्गानाथका माहिला छोरा होमनाथलाई पूजाकोठाबाट बाहिर आउन लाग्दा एउटा सानो बालकले च्याप्प समात्यो । बाहिर बच्चाले तान्ने र भित्र होमनाथले बल गर्ने । यति गर्दा पनि नसकेर हल्लाखल्ला गरेपछि त्यहाँ थुप्रै मान्छे जम्मा भए । मान्छे जम्मा भएपछि बच्चा गायब भयो । त्यहाँ छलफल गर्दा त्यो बालक बटुकभैरव भएको कुरा सबैले अनुमान गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE





गुरुज्यू दुर्गानाथ अधिकारीको हस्तलिपि

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. जुद्धशमशेरले कोटी होम गर्दा गुरुज्यू दुर्गानाथ अधिकारीलाई आचार्य बनाउँथे । एक पटक अरुलाई आचार्य बनाउँदा मण्डप जलेछ । सम्भवत: विधिविधान राम्रोसँग पुऱ्याउन नसकेर पनि हुनसक्छ ।

२४. तान्त्रिक विधिबाट पूजा गर्दा दशैं कोठामा घटस्थापनाको दिन १ बोको, द्वितीयाको दिन २ बोका, तृतीयाको दिन ३, चौथीका दिंन ४, पञ्चमीका दिन ५, षष्ठीका दिन ६, सप्तमीका दिन ७, अष्टमीका दिन ८ र नवमीका दिन ९ गरी जम्मा ४५ ओटा बोका काटिन्थे । नौरथामा तीनओटा घडा स्थापना गरिन्थ्यो । त्यसमध्ये एउटा घडामा भगवती, अर्को घडामा अखण्डदीप र अर्को घडामा यन्त्र स्थापना गरिन्थ्यो ।

२५. दुर्गानाथ अधिकारी दैनिक पूजागर्दा रातो भोटो लगाउँथे । पूजाआजा सकेर निस्कँदा उनी भरभराउँदो तेज भएका देखिन्थे ।

२६. अधिकारीका कुल देवताको पूजाविधि दुर्गानाथ अधिकारीले लेखेका छन् । त्यसभन्दा पहिले कुल पूजाको विधि के थियो भन्ने कुरा थाहा पाउन सकिएको छैन ।

२७. अधिकारीको गोत्र-काश्यप हो र प्रवर चाहिं जस्तै-काश्यप आपवत्सार र नैध्रुवेति गरी त्रिप्रवर भएको बुझिन्छ ।

२८. स्वास्थ्य सचिव मुकुन्दशमशेर थापा आफ्ना बाबुसँगै गुरुज्यू दुर्गानाथ अधिकारीको हातबाट शुभ-विजया दशमीको टीका लगाउन आउँथे ।

❋ ❋ ❋

सामग्री स्रोत

१. गोविन्दप्रसाद भट्टराई, पाञ्चायन देवता, थापाथली
२. प्रा. चूडानाथ भट्टराय, बालुवाटार
३. युगनाथ शर्मा अधिकारी, थापाथली

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI

६
व्याकरणका विशिष्ट विद्वान् दधिराम पौडेल

परिचय

हाम्रा पूर्वीय आचार्यहरूले ***कीर्तिर्यस्य स जीवति*** भनेर कीर्तिविनाको जीवनलाई बेकम्मा ठानेका छन् । हुन पनि हो, मान्छे पाञ्चभौतिक शरीरको एउटा पिण्ड मात्र होइन, उसभित्र त अनन्त दिव्यशक्ति अन्तर्निहित रहेको हुन्छ । मान्छेले आफूलाई चिन्न र असल बाटोमा लगाउन मात्र जान्नु पर्छ ऊ ईश्वरभन्दा पनि महान् वन्दनीय हुनसक्छ । आखिरी यो विशाल विश्व-ब्रह्माण्डमा जन्म लिएका हरेक प्राणीले एकदिन अवश्य नै यो रङ्गमञ्चीय संसारलाई त्यागनै पर्छ, यहाँ अजम्मरी कोही छैन । बाँचेको समयमा खासगरी शिक्षित र सचेत मानिसहरू समाजलाई केही नयाँ कुरा दिएर गएका र बाँचेका गुणी मानिसहरूको गुणगाथा गाएर समय व्यतीत गर्छन् ।

संसारमा कीर्ति वंश दुइ किसिमको हुन्छ । पाणिनिले- ***संख्या वंश्येन*** भन्ने सूत्र लेखेका छन् । यो सूत्रको वृत्ति यस्तो छ- ***वंशो द्विधा, विद्यया जन्मना च*** । यसरी संस्कृत व्याकरणशास्त्रमा जन्मवंश र विद्यावंशको उल्लेख भएको पाइन्छ । विवाह गऱ्यो । लोग्नेस्वास्नी मिलेर केलिक्रीडा गऱ्यो । सन्तान जन्मायो । तिनीहरूको लालनपालन, शिक्षादीक्षामा जीवन बितायो । आफूले जन्माएका सन्तान पनि पछि गएर आफूले गरेजस्तै विवाह गर्छन् । त्यसैगरी छोराछोरी जन्माउँछन् । यसरी जन्मवंशबाट शाखाप्रशाखाहरू फैलिंदै र झाङ्गिदै जान्छन् । यसैलाई मात्र त मानवजीवनको कुनै ठूलो उपलब्धि मान्न सकिंदैन । किनभने मानिस भएर जन्मिएपछि खान, लाउन, बस्न र मोजमज्जामैं जीवन बिताउन चाहने हो भने त्यस्तो मानिसको जीवन र पशुको जीवनमा के पो फरक भयो र ? प्रशस्त पढ्नु, पढाउनु, अनुसन्धान गर्नु, राम्राराम्रा कृति लेख्नु, सबैले फलानोजस्तो राम्रो पढाउने र विद्वान् मानिस कहाँ पाउनु भनून्, सबैले- फलानाले लेखेको कृति त कति राम्रो अहा । भनून् यो पो जिन्दगी त । विद्यावंश पनि

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खासगरी यसैलाई भनिन्छ । विद्यावंश फैलाउन नसक्ने अर्थात् अज्ञानी सन्तान जन्माउने आमालाई पनि पुत्रवती भन्ने हो भने बाँझी चाहिं कसलाई भन्ने त । पञ्चतन्त्रमा लेखेको पनि छ -

गुणिगणगणनाऽऽरम्भे, न पतति कठिनी ससम्भ्रमाद् यस्य ।
तेनाऽऽम्बा यदि सुतिनी वद वन्ध्या कीदृशी भवति ?

त्यसैले यो विश्व ब्रह्माण्डको सृष्टि रहुञ्जेल विद्यावंशको महिमा अझ चम्किंदै जाने छ, घट्ला भनेर त कुनै पनि हालतमा सोच्नै पर्दैन । अर्को ठाउँमा पनि भनेको छ,

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा पुण्यवती च तेन

ज्ञानी मानिसको कुल पवित्र हुन्छ, जननी कृतार्था र वसुन्धरा पुण्यवती हुन्छिन् । ज्ञानी कसरी हुन सकिन्छ ? पढेर ? होइन - होइन, पढेर मात्र ज्ञानी होइँदैन । पढेर त पण्डित पो हुन सकिन्छ । पुस्तकमा छापेका अक्षर पढ्नुको पर्यायवाची ज्ञानी हुनु होइन ।

सतेषु जायते शूरः सहस्रेषु च पण्डितः ।
वक्ता सतसहस्रेषु दाता भवति वा न वा ॥

(सय जनामा १ जना शूरो हुन्छ, हजार जनामा एक जना पण्डित हुन्छ । सय हजारजनामा एक जना वक्ता हुन्छ तर दाता चाहिं हुन्छ वा हुँदैन यसै भन्न सकिंदैन)

त्यस्तै, संसारमा ज्ञानी मानिस ज्यादै दुर्लभ हुन्छन् । जो ज्ञानी हुन्छ, ऊ सांसारिक प्रपञ्चबाट मुक्त भई सबैभन्दा अग्र पङ्क्तिमा रहन पाउँछ । संसारलाई यथार्थरूपमा नबुझी कोही ज्ञानी हुँदैन । सृष्टिको यथार्थ कुरा पत्ता लगाउन पढेको मानिसले सक्छ भन्ने कुरा पनि त्यति सत्य होइन । साउँअक्षरै नचिह्नेको मानिस पनि ज्ञानी हुनसक्छ । त्यसैले, पढ्नु सहायक क्रिया हो भने ज्ञानी हुनु मुख्य क्रिया हो । जो कोही मानिस ज्ञानी या गुणवान् हुन नसक्ने हुँदा संसारमा यति बिघ्न बेथिति बढ्दै गएको हो । वास्तवमा कृति भनेको ज्ञान हो । मानिस ज्ञान प्राप्त गरेपछि अजरअमर, शुद्धबुद्ध र मुक्त हुन्छ । जो ज्ञान प्राप्तिका दिशामा समर्पित हुन्छ उही नै गुणवान् हो ।

जन्मवंश मानिसको कुलपरम्परामा मात्र सीमित हुन्छ । विद्यावंशको उन्नति गर्न नचाहने र नसकेका मानिसका निम्ति जन्मवंशको महत्त्व भए पनि कुनै पुस्तामा पुगेर कसैका सन्तान भएनन् भने त्यो वंशपरम्परा त्यसै टुट्न जाने हुन्छ । वंशमा कुनै सन्तान कुलङ्गार भएर निस्कन पनि सक्छ । त्यो बेला उसले आफ्नो वंशको अस्तित्व नै समाप्त पारिदिन्छ । त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI



पं दधिराम पौडेलको वंशक्रम

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिको स्वर्णिम प्रभातदेखि आजसम्म विद्यावंशको गरिमामय महत्त्व रहिआएको पाइन्छ । विद्यावंश दुइ किसिमको हुन्छ - *शिष्यपरम्परा* र *ग्रन्थपरम्परा* । एक थरी मानिस हुन्छन् - पढ्न र पढाउनमा मात्र जीवन समर्पण गर्ने । अर्काथरी पढ्न, पढाउन र ग्रन्थ लेख्नमा समेत संलग्न भएका हुन्छन् । त्यसैगरी पढाउनमा चाहिं मन नलगाउने तर पढ्न र लेख्न भने खुबै रुचाउने मानिस पनि समाजमा नपाइने होइनन् । वस्तुत: *शिष्यपरम्परा*भन्दा *ग्रन्थपरम्परा*को कीर्ति स्थायी हुन्छ । किनभने आफूले अध्यापन गरेका शिष्यहरूको अवसान हुँदै गएपछि शिष्यपरम्परामा गुरुका पनि गुरुको महत्त्व केही कम हुँदै जान्छ, तर उत्कृष्ट ग्रन्थपरम्पराको कीर्ति भने युगौंयुगसम्म रहिरहन्छ । जस्तो वाल्मीकि, व्यास, कालिदास, भास, श्रीहर्ष, राजशेखर, जगन्नाथजस्ता विद्वान् कविहरूका कृतिहरू आज सयौं वर्ष वितिसक्ता पनि उत्तिकै श्रद्धापूर्वक पढिन्छन् ।

व्याकरणका विशिष्ट विद्वान् दधिराम पौडेलले लेखेका सामग्रीहरु आजसम्म पाउन सकिएको छैन । उनी पढ्न र पढाउनमा मात्र रुचि लिन्थे । लेख्नपट्टि पण्डित दधिराम पौडेलको पटक्कै रुचि नभएको बुझिन्छ । बनारसमा बस्दा घरमा त कमसेकम चिठी लेखे होलान् । ती पनि कता परे, के भए, कुनै पाउन सकिएन । विष्णुहरि पौडेल र बाबुराम पौडेलले आफ्ना हजुर्वा दधिरामको लेख्य सामग्री खोज्नमा प्रयास गरेका हुन् तर यसमा उनीहरूलाई सफलता प्राप्त हुन सकेन । रामेछाप जिल्लाको भलुवाजोर गाउँका चन्द्रप्रसाद ढुङ्गानाले दधिरामले लेखेका व्याकरणको *प्रत्यय माला* पुस्तकको बारेमा मसँग चर्चा गरेका थिए । त्यो पुस्तक उनले वि.सं. १९९२ तिर साम्बभक्त शर्मा सुवेदीसँग मागेर पढेका थिए । १९९६ सालतिर *प्रत्यय माला पुस्तक पठाइदिनू* भनेर साम्बभक्तले चन्द्रप्रसादलाई बारम्बार चिठी लेखिरहेको हुँदा उनले पनि सो पुस्तक फिर्ता पठाइदिए छन् । हाल सो पुस्तकको अत्तोपत्तो छैन । पण्डित दधिरामका सुपुत्र पण्डित गङ्गाप्रसाद चाँडै परलोक भए । दधिरामको मृत्यु हुँदा नाति विष्णुहरि र बाबुराम सानै थिए । त्यसैले दधिरामले लेखेका चिठीपत्रहरू र अन्य कागजपत्रहरूको जोहो गर्ने मानिस कोही भएनन् । अर्को कुरा त्यो समयका मानिसले अहिलेकोजस्तो अनुसन्धानको महत्त्व बुझेका पनि थिएनन् । पछि गएर कुन कागजपत्रको कस्तो महिमा होला भनेर त्यो बेलाका मानिसले नबुझिदिएकाले पनि आज आएर दधिरामले लेखेका सामग्रीहरू पाउन नसकिएको हो ।

जन्म र परिवार

रामेछाप जिल्लाको सैपू गाउँ कानपुर निवासी ऋषिकेश पाध्याले काठमाडौंका मल्लराजा जयप्रकाश मल्लबाट ताम्रापत्र भई बिर्ता पाएका थिए । यिनै ऋषिकेश पाध्यादेखि सैपूमा बसोबासको प्रक्रिया चलेको हो । यिनका चारभाइ छोरा पनि जन्मिएका थिए । जस्तै- रघुपति, वशिष्ठ, उमापति र नारदमध्ये कान्छा छोरा नारदको कुनै सन्तान नभएकाले यिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

वंशपरम्परा टुट्न गएको देखिन्छ । तीनभाइ छोराका सन्तान तीनथरी भएर बाँडिए । जेठा रघुपतिका सन्तान माब्लापट्टे, माहिला वशिष्ठका सन्तान पारीपट्टे र साहिंला उमापतिका सन्तान बगाले भाइका रूपमा गाउँमा प्रसिद्ध हुँदै गए । सैपूमा पौडेलहरूको ठूलो बस्ती छ । गृहस्थी भएपछि देउतापितृ बुझाउनै पऱ्यो । इष्टमित्र दाजुभाइको मन पनि राखिदिनै पऱ्यो । आफैंले पनि चाडपर्वमा मीठोचोखो जो भएको घरमा बनाएर खानै पऱ्यो । घरका बालबच्चालाई पनि हँसिला र खुशीला गराइदिनै पऱ्यो । एकै गाउँमा एउटै थर भएका मानिसहरूको ठूलो बस्ती भएपछि बेलाबेलामा जुठोसुतक परिनै रहन्छ । यस्तो परेपछि आफ्नो घरमा देवकार्य र पितृकार्य गर्नु भएन । यसले गर्दा तिथिश्राद्ध, दशैंतिहार आदि चाडपर्वहरू रोकिने भए । यस्तो हुने सम्भावना कम होस् भन्नाका निम्ति एकै घरका मानिसहरू पनि खास गरी ७ पुस्तापछि विभिन्न भाइमा बाँडिएका छन् - माब्लापट्टे, पारीपट्टे र बगाले । आफ्नो भाइखलकमा पर्दा एउटै गाउँमा बसेको नाताले मलामीसम्म गए पनि त्यतिविधि जुठो सुतक बार्ने गरेको देखिंदैन । प्रस्तुत सन्दर्भमा चर्चा गर्न लागिएका पण्डित दधिराम पौडेल उमापतिका सन्तान भएकाले यिनी बगाले भाइमा पर्न गए । गाउँघरमा आफ्नो खलकमा परिआउँदा सुतकजुठो बारेनभने ऊ पानीबाहेक हुन्छ । धार्मिक, व्यावहारिक र सामाजिकरूपमा विश्लेषण गर्दा पनि यो कुरा ठीकै जस्तो लाग्छ । बगालेभाइ उमापतिका छोरा वीरभद्र पाध्या जन्मिए । यिनै वीरभद्रका सातभाइ सन्तानमध्ये जेठाको नाम शिवा र माहिलाको नाम पर्साम भएको देखिन्छ । पर्सामका छोरा देवदत्त र देवदत्तका छोरा बलभद्र भएको बुझिन्छ । बलभद्रका छोरा प्रेमलालको जन्म दुरागाउँमैं भएको बुझिन्छ । प्रेमलालका भक्तिविलास र दधिराम गरी दुई भाइ छोरा जन्मिएका थिए । दधिरामका चारओटी दिदीबहिनी भएको जानकारी पनि पाइएको छ । तीमध्ये एउटीलाई झाँगाझोलीका अचार्जलाई दिएको र अर्कीलाई चाहिं परेवाडाँडाका दाहाललाई दिएको थियो । विष्णुहरि पौडेल र बाबुराम पौडेलका भानिज दाइ (परेवाडाँडाका) लाई त्यसभेगमा ***रिफेल बूढा***का नामले सबैले चिन्थे । यी रिफेल बूढा (गङ्गाप्रसाद दहाल-परेवाडाँडा) र बोहोरेटारका मीनप्रसाद आचार्य दधिरामका भानिज भएको बुझिन्छ । अर्का एकजना चाहि सुनकोशीको नागदह भन्ने ठाउँमा डुबेर मरेका थिए । दधिराम पौडेल काठमाडौंबाट घर जाँदा र घरबाट काठमाडौं फर्किंदा भानिजकहाँ पस्थे भनेर मलाई परेवाडाँडाका रामप्रसाद दाहाल र रिफेल बूढाकै छोरी सीता आचार्यबाट जानकारी मिलेको छ । अरु विस्तृत कुरा थाहा पाउन सकिएन ।

पण्डित दधिराम पौडेलको जन्ममितिका सम्बन्धमा एकमत पाइँदैन । विष्णुहरि पौडेल र पण्डित टङ्कराज पौडेलको भनाइमा दधिरामको जन्ममिति प्राय: अनिश्चित छ । मलाई एकचोटि सैपू भेडाखोरका हवलदार देवीप्रसाद पौडेलले दधिराम पौडेलको जन्म वि.सं. १९३६ सालको पुस महिनामा भएको जानकारी दिएका थिए । उनैले संकलन गरी लेखेको ***सैपूका पौडेलको संक्षिप्त वंशावली*** (लियो गरी प्रकाशित गरिएको) को पृष्ठ ३१ मा दधिरामको जन्म

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दधिराम पौडेलका गुरु



पं. नित्यानन्द पर्वतीय

(बलदेव उपाध्याय लिखित 'काशीकी पाण्डित्यपरम्परा' पुस्तकबाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: ...

वि.सं. १९३८ सालको पुस महिनामा भएको कुरा लेखिएको छ । एकताका हवलदार देवीप्रसाद र दधिराम काठमाडौंमा हुँदा सँगैजस्तो बसेका थिए भन्ने जानकारी पाइएको छ । त्यस अवस्थामा हवलदारलाई दधिरामले आफ्नो जन्ममिति यसरी बताएका थिए अरे :-

मेरो जन्म मिति वि.सं. १९३६ साल पुस महीनामा भएको हो, तर दिन गए, जीवनमा केही उन्नति गर्न सकिएन । दधिरामका भानिज गोठगाउँका लक्ष्मीनन्दन सापकोटा - *मेरा मामा दधिराम पौडेलको जन्म वि.सं. १९३५ सालमा भएको* कुरा बताउँछन् ।

वि.सं. २०४५ साल वैशाख महिनाको कुनै शनिबार बाबुराम पौडेलले पण्डित सोमनाथ घिमेरे "व्यास" सँग फोनमा कुराकानी गरेका थिए । त्यस प्रसङ्गमा उनले बताएअनुसार- दधिराम पौडेलको जन्म-महिना पुस हो । माघकृष्ण सप्तमी तिथिमा कुम्भरास परेको थियो । त्यही इन्तिजामले दधिरामको जन्ममिति वि.सं.१९३५ साल हो या १९३६ हो भन्ने कुराको निर्क्योल गर्न सकिन्छ ।

विष्णुहरि पौडेलले दधिरामको जन्ममिति खुट्याउने एउटा स्रोत यसरी बताएका थिए । *सैपूसाथ्रा खापिङ्का एकजना सैनध्वज थापाका घरमा पात्रो छ । त्यो पात्रोमा सैनध्वजका बा नकुल थापाको जन्ममिति लेखिएको छ । सो अनुसार ती नकुल थापाभन्दा दधिराम ११ दिनले कान्छा हुन् ।* त्यो पनि कहिले के र कहिले के भएर पाउन सकिएन । दधिरामको जन्ममिति टुङ्गो लाग्ने एउटा स्रोत पनि त्यसै अधूरै रह्यो ।

दाताराम शर्मा पौडेलबाट पनि दधिरामको जन्म १९३५ सालमा भएको जानकारी प्राप्त भएको छ । यो कुरा पनि उनलाई आफ्ना गुरु खगनाथ दवाडीले बताएका थिए । यो प्रसङ्गमा म पनि दधिरामको जन्ममिति वि.सं. १९३५ नै मान्छु । पछि खोज्दै जाँदा लिखित या अन्य कुनै प्रामाणिक स्रोतबाट जन्ममिति १९३६ हो भन्ने कुरा पत्ता लाग्यो भने म त्यसपछि आफ्नो भनाइ संशोधन गर्नेछु । अहिलेलाई वि.सं. १९३५ साल नै दधिरामको जन्ममिति ठहर भयो। उनको जन्मघर चाहिं सैपू दुरागाउँको नयाँ घर हो ।

आमाको थैलीबाट -।५० पैसा ...

वि.सं. १९४१ सालमा दधिरामका पिता प्रेमलालको मृत्यु भयो । पिताको परलोक भएपछि जेठो छोरो भएको हुँदा भक्तिविलासलाई बाबुले लिएको ऋण तिर्न नसक्ता सजाय हुंने भयो । गाउँका धनीमानी साहुहरूले उनलाई धम्की पनि दिइहाले । तोकेको आखिरी समयसम्मको भाखामा ऋण तिर्न नसक्ता साहुहरूले भक्तिविलासलाई बाखाको खोरमा लगेर थुनिदिए । छोरालाई यसबाट छुटकारा दिलाउन आमा गाउँमा रुपियाँ खोज्न गइन् । यसै मौकामा दधिराम

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमाको थैलीबाटः सुटुक्क ।५० पैसा झिकेर भागे । यो त्यही वि.सं. १९४३/०४४ सालको घटना हो । व्रतबन्ध गर्नका लागि यसै वर्ष गौरीशङ्करले दधिरामलाई काठमाडौंबाट घरमा लिएर गएको बुझिन्छ । यी गौरीशङ्कर साझाभन्दा तल पालाकट्टीका बासिन्दा थिए र घरको आयस्ताबाट व्यवहार चलाउन मुश्किल परेर पल्टनमा जागीरें भएका थिए ।

काठमाडौंमा दधिराम

दधिराम पौडेल जसरीतसरी घरबाट काठमाडौं त आइपुगे तर यहाँ उनलाई बिहानबेलुकी छाकटार्ने समस्याले पिरोल्न थाल्यो । छिंडीको कोठामा डेरा लिएर बसेका थिए । चीसो छिंडी भएकाले आगो बालेर खाना बनाउनै बडो मुश्किल पर्‍यो । आगो फुक्ताफुक्ता उनलाई टाउको दुख्ने व्यथासमेत भएको बुझिएको छ । आफ्नो साथमा किन्ने पैसा नभएर ढ्याके पाथी कोदाको पीठो किनी यसैको खोले बनाएर खाई समय गुजारा गरेका थिए । ५-६ महीनासम्म यसरी ठूलो दुःख झेलेको कुरा थाहा पाएर उनलाई परेवाडाँडाका भिनाजुले लगेर पाले, तर भिनाजु पनि यसको लगत्तै झ्यालखानामा परेका हुँदा दधिरामका दुःखका दिनहरू फेरि दोहोरिए । यसपछि उनले त्यही कोदाको पीठोलाई पनि खोले बनाएर खान पाउन छोडे । त्यसपछि एकमुठी कोदाको पीठो चीसो पानीमा रगेटेर घुटुक्क पिई बिहानबेलुकाको छाक टार्न थाले । जस्तोसुकै दुःख झेल्नु परेपनि अध्ययनमा लगनशील भइरहनु दधिरामको ठूलो विशेषता थियो ।

विश्वनाथ रिमालको कृपा

दधिराम पौडेलका गुरु विश्वनाथ रिमाल शास्त्री थिए । तिनी व्याकरणका धुरन्धर विद्वान् थिए । दधिराम विश्वनाथका अत्यन्त प्रिय शिष्य थिए । उनी ज्यादै मिहिनेती भएको हुँदा गुरुले पनि दधिरामलाई विशेष कृपादृष्टि राखेको हुनसक्छ । उनको दयनीय आर्थिक स्थिति पनि गुरु विश्वनाथले राम्ररी बुझेका थिए । त्यसबेला नेपालका सबै विद्यार्थी परीक्षा दिन भारतमै जान्थे । सम्पूर्णमध्यमा परीक्षा दिन भारत जानुपर्ने समय भयो तर दधिरामका साथमा त्यहाँ पुग्न आवश्यक पर्ने बाटाखर्चसम्म पनि थिएन । परीक्षा दिन जानका निम्ति उनलाई गुरु विश्वनाथले रु ४०। बाटाखर्च दिए । भाइटीकाको भोलिपल्ट काठमाडौंबाट भारततर्फ परीक्षा दिनजाने योजना बनेको थियो तर तिहारमा जुवा खेलेर दधिरामले त्यो ४०। रुपियाँ हारे । यसपछि भने दधिरामलाई निकै नै कड्गारो पर्‍यो । उनका आफ्ना मान्छे भनेका डिठ्ठा लक्ष्मीनाथसँग बाटाखर्च माग गर्दा ***मेरो चिना लेखिदिएमा बाटाखर्च दिने*** आश्वासन लक्ष्मीनाथबाट पाएपछि दधिरामले पनि उनको तीन हात लामो चिना लेखिदिए । चिना लिएर गई बाटा खर्चमाग गर्दा ***तँ नातिले म हजुर्बाको चिना लेखेको पनि पैसा लिने हो ?*** भन्ने लक्ष्मीनाथको टर्रो जवाफ पाएपछि दधिराम त्यसै निरास भएर फर्किए । उनी डराई-डराई फेरि गुरु विश्वनाथ रिमालकहाँ गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुले दधिरामलाई फेरि पनि बाटाखर्च त दिने भए तर एउटा शर्तमा मात्र । शर्त के थियो भने- बनारसमा दिन जान लागेको सम्पूर्णमध्यमा परीक्षामा सर्वप्रथम हुन सकेमा गुरुले दिएको बाटाखर्च फिर्ता गर्नु नपर्ने, सर्वप्रथम नभएमा फिर्ता गर्नुपर्ने । गुरु विश्वनाथ शास्त्रीले आफ्ना प्रिय शिष्य दधिरामलाई पुनः बाटाखर्च दिए । दधिराम बनारस गई सम्पूर्णमध्यमाको परीक्षा दिएर घर फर्किए । केही समयपछि परीक्षाफल प्रकाशित हुँदा उनी नै सर्वप्रथम भए । यसबाट एकातिर नेपालको इज्जत रह्यो र अर्कातिर गुरु विश्वनाथको शर्त पनि पूरा भयो ।

केही शिष्यहरू

दधिराम पौडेलले व्याकरण विषयमा आचार्य परीक्षा पास गरे । त्यस अवस्थामा बनारसको क्वीन्स कलेजमा व्याकरण पढाउने एक जना अध्यापकको पद रिक्त रहेको थियो । यो एक पदमा दुइजना योग्य व्यक्तिको दर्खास्त पऱ्यो । दुइजनाबाट एकजना उपयुक्त उमेदवार छान्नु पर्ने भयो । आखिरमा दधिराम र उनका प्रतिद्वन्दीका बीच शास्त्रार्थ गराउने निर्णय भयो । शास्त्रार्थको विषय ***रोरि*** भन्ने सूत्र तोकियो । तीन दिनसम्म यसै सूत्रमा भएको शास्त्रार्थमा दधिरामको विजय भएको हुँदा उनले त्यस कलेजमा व्याकरण विषयमा अध्यापकको नियुक्ति पाए । अध्यापन गर्ने दिनको साइत हेरेर उनले गणेशको पूजा समेत गरिसकेका थिए । उनी भोलिको दिनमा क्विन्स कलेजमा अध्यापन कार्य शुरु गर्नेवाला थिए । त्यसैबेला आज जस्तो दिनमा अकस्मात् दधिरामलाई माहिला गुरुज्यू हेमराज पाण्डेका तर्फबाट तुरुन्त नेपाल आउनू भन्ने पत्र गयो । पत्र बुझेर उनी नेपाल फर्के र रानीपोखरी संस्कृत प्रधानपाठशालामा व्याकरण विषयको अध्यापकको नियुक्ति पनि उनले तुरुन्तै पाए ।

रानीपोखरी संस्कृत प्रधानपाठशालामा दधिरामले पढाएका केही शिष्यहरूमध्ये लोकनाथ ढकाल, रामचन्द्र पौडेल, बोधराज, बुद्धिनाथ अर्ज्याल आदि आदि हुन् । दधिराम पौडेलका सबैभन्दा प्रिय शिष्य चाहिं रामचन्द्र पौडेल भएको बुझिन्छ । त्यस्तै सतलुङ्गका टीका वाग्ले पनि प्रिय शिष्यकै रूपमा गणना हुन्थे । मध्यमश्रेणीका शिष्यहरूमा दीनानाथ वस्ती (यिनी तीनधारा संस्कृत छात्राबासमा बसेका थिए, पछि बहुलाहाकुकुरले टोकेर परलोक भए), जफेका अवन्तीनाथ काफ्ले आदि आदि पर्न आउँछन् । खोटाङ्गका पं. जयदेव अधिकारी पनि उनका शिष्य मध्येमा पर्छन् । मध्यकौमुदी कण्ठ पढाउनमा र अरु पाठपूजामा पनि उनी गुरुकै अनुसरण गर्दथे । अर्घाखाँचीको हरिहर संस्कृतपाठशालाका केही विद्यार्थीहरूलाई पनि दधिरामले पढाएका थिए । तीर्थराज सुवेदी, चूडामणि उपाध्याय, विष्णुप्रसाद ज्ञवाली र भुवनेश्वर दधिरामकै शिष्यभएको कुरा बाबुराम पौडेलबाट जानकारी मिलेको छ । साथै, यादवप्रसाद पन्तलाई पनि दधिरामले संस्कृत पढाएको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. दधिराम पौडेल

जन्म : वि.सं. १९३५ (१९३६ ?)

देहान्त : वि.सं.. २००७ साल, गुरुपूर्णिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

राजदरबारमा अध्यापक

युवराजाधिराजको अवस्थामा हुँदा श्री ५ महेन्द्रलाई दधिराम पौडेलले संस्कृत पढाएको बुझिन्छ । सबैभन्दा पहिले त राजदरबारमा एकजना योग्य अध्यापकको आवश्यकता भएको कुरा राणाहरूले सम्बन्धित ठाउँमा जनाउ दिए । त्यसमा योग्य भएर मात्र हुँदैनथ्यो, सरल प्रकृतिको हुनु पनि त्यत्तिकै आवश्यक थियो । श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवलाई राजनीतिसम्बन्धी कुनै कुरा नघुसाईकन संस्कृतका सम्बन्धित पुस्तकहरूको मात्र सरल ढङ्गले अर्थ बोध गराई अध्यापन गर्ने कार्यमा दधिरामनै योग्य ठहरिए र छानिए पनि ।

श्री ५ युवराजाधिराज महेन्द्रलाई अध्यापन गर्न टेकनाथ पौडेलको पनि नाम गएको थियो अरे । उनी झोक्की स्वभावका हुनाले दधिराम छानिएका हुन् भन्ने पनि सुनिन्छ ।

बाबुराम पौडेलको भनाइ अनुसार पण्डित दधिराम पौडेलले श्री ५ अधिराजकुमार हिमालय वीर विक्रम शाह र श्री ५ अधिराजकुमार वसुन्धरा वीर विक्रम शाहलाई पनि पढाएका थिए ।

पण्डित दधिराम मासिक तलब रानीपोखरी संस्कृत प्रधानपाठशालाबाट बुझ्दथे । उनी ज्यादैनै सोझो प्रकृतिका र आफ्नो विचारमा कट्टर मानिस थिए । काठमाडौं शहरको चलनचल्तीमा आएको जुत्ताभन्दा सैपू भोटिनीडाँडाको अने सार्कीका बाबुले सिएको काँचो छालाको काने जुत्ता लगाउननै रुचाउँथे । भोटिनीडाँडा दधिरामकै जग्गा हो । त्यहाँका सार्कीहरूले ***हाम्रो बसोबास गर्ने ठाउँ कतै भएन*** भनेर गुनासो पोखेपछि दधिरामले उनीहरूलाई कमाएर खान जग्गा दिएको बुझिन्छ । त्यहाँका सार्कीहरू पनि यसैको गुन सम्झिएर सैपूदेखि काठमाडौंसम्म एकजोर काने जुत्ता बोकेर आउँथे । अध्यापनकै सिलसिलामा श्री ५ युवराजाधिराज महेन्द्रबाट गुरु दधिरामलाई ***भोलिदेखि मोजा लगाएर आउनू*** भन्ने हुकुम भएको थियो । त्यसको भोलिपल्ट गुरु दधिराम राजदरबारमा पढाउन जाँदा मोजा त लगाएर गए तर उल्टो मोजा लगाएर पो गएछन् । ***श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवलाई दधिराम पौडेलले यही विषय पढाउनुपर्छ*** भन्ने कुराको कुनै निश्चित हुँदैनथ्यो । कुन पुस्तक कसरी पढाउने भन्ने कुरा पहिले त उनका निम्ति समस्याकै विषय थियो । पढाउँदै जाँदा कहिले ***रघुवंश*** पढाउनु पर्‍यो, कहिले ***कुमारसम्भव*** पढाउनु पर्‍यो त कहिले ***लघुसिद्धान्त कौमुदी, हितोपदेश, पञ्चतन्त्र*** पढाउनु पर्दा दधिरामलाई पनि सजिलै भएको थियो । दधिराम, विष्णुहरि र टङ्कराज कालिकास्थान विष्णुप्रसाद पन्तका घरमा डेरा गरी बसेका थिए । वि.सं. १९९५ सालको फागुन महिनादेखि १९९९ सालको मंसीर महीनासम्म टङ्कराज पौडेल पनि डेरामा सँगै बसेका थिए । त्यो बेला एक वर्षको तीनतले घरको भाडा जम्मा रु ५०। मात्र पर्‍यो ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि उनी प्रथमपरीक्षा पास भएर तीनधारा संस्कृत छात्राबासमा भर्ना हुन पुगे । २००४ सालको ***जयतु संस्कृतम्*** आन्दोलनपछि टङ्कराज पौडेल पढाइ छोडी घरतिर गई व्यवहार चलाएर बसे । हाल उनी सैपूभेगमा पण्डितकारूपमा प्रख्यात छन् ।

दानको विषयमा

दाताराम शर्मा पौडेल बर्माबाट फर्केपछि (१९९८-२००० सालको बीचमा हुनुपर्छ) प्रधानमन्त्री श्री ३ जुद्धशमशेरले पशुपतिमा सुवर्ण तुलादान गर्ने निधो गरे । सो दानमा पण्डित दधिराम पौडेल पनि आमन्त्रित थिए । उनी अगडि उपस्थित भएको मौका पारी माहिला गुरुज्यू हेम राज पाण्डेले हातको अभिनयपूर्वक दधिरामलाई व्यङ्ग्यात्मक पाराले भने कि - ***गुरु आज त ठूलो रकमको दान पाउनु हुने भएको छ ।*** उनको यस्तो छेडपेच सुनेर दधिरामले तुरुन्तै जवाफ दिए- ***म कुनै चोक्टालाम्टा लिन आएको होइन । मलाई केवल नम्बरी पण्डितको दक्षिणा भए पुग्छ ।*** त्यसबखत नम्बरी पण्डितको दक्षिणा रु. ४।= र एक तोला सुनको भाउ रु. ६०।= थियो । यो पटक माहिला गुरुज्यूबाट दधिराम पौडेल अपमानित भए पछि अर्को पटक जुद्ध शमशेरकी विवाहिता धर्म पत्नीका तर्फबाट जाउलाखेलको शिवालयमा (पुनः) सुवर्ण तुलादान गर्ने निधो भयो । पशुपतिमा भएको सुवर्ण तुलादानमा आफू अपमानित भएपछि दधिरामले यो पटक पनि उक्त दान लिन मानेका थिएनन् । उनैका पक्षका मानिसले निकै नै सम्झाइ बुझाइ गरेपछि बल्लतल्ल दधिरामले यस कुरामा सहमति जनाए र उनैलाई उक्त सुवर्ण तुलादानको अध्यक्ष बनाइयो । त्यसपछि प्रधानमन्त्री श्री ३ जुद्धशमशेरले दधिरामको पाण्डित्यको कदर गर्न पाए र हेमराज पाण्डेको अनावश्यक कचमच पनि भएन । यही सुवर्ण तुलादानमा मानशमशेरका दरबारका पण्डितका नाताले दाताराम शर्मालाई डबल असर्फीको एउटा टिकट प्राप्त भएको थियो । सो टिकट हातमा लिएर दातारामले भने - ***जुद्ध यजमान । मेरा भतिजा । दधिराम पौडेल अध्यक्ष भएका छन्, उनैका अधीनको दुइ पैसे द्याक दान लिन म कसरी जाऊँ ? जान्नँ ।*** त्यसपछि उनको नाममा आएको सो टिकट दातारामले आफ्नो मामाका छोरा अमृतनाथ अधिकारीका हातमा राखेर भने - ***तिमी यो टिकट लिएर जाऊ र सुवर्ण तुलादान लेऊ । घरमा ल्याए पछि आफैं खर्च गर्नु । मलाई देखाउनू र दिनु पर्दैन ।*** यसरी दातारामले आफ्नो स्वाभिमानलाई बचाइराखे । दधिरामले सुवर्ण तुलादान लिए । यसबाट उनलाई केही आर्थिक लाभ भयो र श्री ३ जुद्ध शमशेरको इच्छा पनि पूरा भयो ।

यो भन्दा पहिले दधिरामलाई श्री ३ चन्द्रशमशेरले हात्ती दान गर्न आँटेका थिए । यो दान उनले लिन मानेनन् । पछि यो हत्ती दान मोदनाथ गुरुले लिए । हात्ती दान लिएका हुनाले यिनलाई हात्ती पण्डित भन्ने नाम राखिएको थियो भन्ने सुनिन्छ । दधिरामले यो खराब दान लिनु उपयुक्त नभएको ठहऱ्याएर अस्वीकार गरेको हुनसक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized ...



(क)



(ख)

(ग)

पं. दधिराम पौडेलका खलकको देवाली: एक झलक

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेटमा तीनओटा प्वाल

पण्डित दधिरामको पेटको दाहिनेपट्टि तीनवटा प्वाल थिए । यी तीनैबटा प्वालबाट एक-एकवटा लाटा सर्प निस्किएका थिए। पछि त्यही ठाउँमा खत बसेको थियो। यसलाई अनौठो कुरा मान्नु पर्छ।

विवाह र अन्य कुरा

दधिरामले जीवनमा पाउनसम्मको दुःख पाएका थिए । रामेछाप जिल्लाको सैपू दुरागाउँदेखि १-२ पाथी मास आफैंले बोकेर काठमाडौं ल्याई बेचेर आवश्यक खर्च टारेका थिए। गैह्राथोकका श्रीकान्त घिमिरेसँग केही समय दधिरामले सम्पर्क कायम गरेका थिए । उनी आफू पुस्तक किनेर पढ्ने साबगासका थिएनन्। शुरुमा ***रघुवंश*** र ***श्रुतबोध*** एकजना उदारहृदय भएको व्यक्तिले किन्दिएर उनले पढ्ने मौका पाएका थिए। बनारसमा बस्दा दुर्गाघाटमा ताते शास्त्रीका घरमा डेरा लिएका थिए।

दधिरामले तीन विवाह गरेका थिए । उनको पहिलो विवाह सतलुङ् टङ्ककुमारीसँग भएको थियो । दोस्रो विवाह गाम्नाङ् भूपाल भट्टराईकी छोरी खड्गकुमारीसँग र तेस्रो विवाह कठजोरका अधिकारीकी छोरी तुलसीकुमारीसित भएको बुझिन्छ । सतलुङ्गपट्टिका सासूससुराका अरु छोराछोरी थिएनन्। दधिराम बनारसमा भएकै बखत सतलुङ्गका सासूससुरा पुगे। सुखदुःख जेजस्तो आइपरे पनि भोगेर सबै एकै ठाउँमा बसी गुजारा गरिरहेका थिए। मध्यमा परीक्षामा सर्वप्रथम भएपछि शास्त्री, आचार्य पढ्न उनी बनारस गए। शास्त्री, आचार्यका परीक्षामा पनि उनले प्रथम श्रेणी ल्याएका थिए। दधिराम बनारसमा बस्दा पौडी खेल्न सिपालु भएका थिए। भागीरथी नदी त पौडीखेलेरै वारपार गर्दथे रे।

बनारसमा बस्दा धेरै सुखसुविधा थियो। बडापत्र पठाएको रहेछ र आइयो तर यहाँ (नेपालमा) भने ज्यादै दुःख पाइयो भन्ने कुरा दधिराम बारम्बार गरिरहन्थे अरे।

पछि जुद्धशमशेरले दधिरामलाई श्री ५ युवराजाधिराज महेन्द्रका गुरु नियुक्त गर्दा *यिनीबाट पक्कै पनि अध्यापनका क्रममा अन्य राजनीतिक कुरा घुस्दैनन्* भन्ने सोचेका थिए। दधिरामलाई अध्यापनका समयमा पनि निकै सुविधा मिलेको थियो । अरु पण्डितहरूले पाठशालामा १० बजे हाजिर हुन पुग्नैपर्थ्यो तर दधिरामले भने ११ बजे हाजिर हुन पुगे हुन्थ्यो।

सासूससुरा र पत्नीको अवसान

केही वर्षपछि दधिरामका सासूससुराको अवसान भयो। उनैले काजकिरिया गरे। आफ्नी पत्नी खड्गकुमारीको चिना पनि दधिरामलेनै हेरिसकेका थिए । चिनामा उनी पनि अल्पायु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by ...

भएको देखिएकाले उनी त्यसै पनि खिन्न थिए । आखिरीमा दैवको लीला टारेर नटर्ने, पत्नी खड्गकुमारीको बनारसमै मृत्यु भयो । त्यो बेला छोरा गङ्गाप्रसादको भरखरै जन्म भएको थियो । त्यसपछि बालकलाई दूध ख्वाउने समस्या पऱ्यो । एउटा लैनु बाखो किनी त्यसैको दूध ख्वाउँदै दधिरामले बालक छोरा गङ्गाप्रसादलाई पहाडको घर दुरागाउँ पुऱ्याए । पछि पहाडमा पनि दूध ख्वाउन लैनु बाखो किनेर छोडी दधिराम बनारसतिर लागेको जानकारी उनैका नाति बाबुराम पौडेलले दिएका छन् ।

दधिरामका तीनओटी पत्नीहरुमा कान्छी चाहिं निकैनै कडा स्वभावकी थियिन् भन्ने कुरा कठजोरका केही अधिकारीहरूले मलाई बताएका छन् । उनी खसीको गिदी र जिब्रो खुबै मनपराउँथिन् अरे । साथै उनको, तमाखु खाने बानीसमेत भएको बुझिएको छ । यिनको मृत्यु २००९ सालमा भएको हो । दधिरामले तीनओटी पत्नी विवाह गरेको र तीनओटीलाई सिन्दूर हाल्नु हुन्न भनेर आँकलाईसमेत सिन्दूर हालेका थिए ।

गङ्गाप्रसाद पौडेल

पण्डित दधिराम पौडेलका सुपुत्र गङ्गाप्रसाद पौडेलको तीक्ष्ण प्रतिभा भएको कुरा मैले केटाकेटी अवस्थामा सैपूमा हुँदै सुनेको थिएँ । मेरो बा पण्डित रुद्रप्रसाद पौडेल भन्नु हुन्थ्यो - *बुझिस् गङ्गाप्रसाद ज्यादै तीखो बुद्धि भएका मानिस थिए । तैंले पनि त्यस्तै हुनसक्नु पर्छ ।* घरायसी परिस्थितिले उनले अन्य विषयहरू अध्ययन गर्ने मौका नपाएको बुझिन्छ, तर शुक्ल यजुर्वेद चाहिं गङ्गाप्रसादलाई कण्ठ थियो । उनी पुस्तकै नहेरी १० घडीमा मुखाग्र ४० अध्याय वेद पाठ गरिसक्थे रे । उनका दुइ भाइ छोरा विष्णुहरि पौडेल र बाबुराम पौडेल पनि प्रतिभाशाली छन् । यी दुवै जनाबाट आफ्नो-आफ्नो क्षेत्रमा धेरथोर सहयोग पुगेकै छ ।

आमाको देहावसान

आमा काशीमाया दुरागाउँबाट काशीवास गर्दा उहीं पढ्न बसेका छोरा दधिरामसँग बसेकी र पढाइ सकेर दधिराम काठमाडौं आउँदा आमा आउन नमानेकी हुँदा उनी उतै बसिन् । आमाको स्याहारसम्हार गर्न एक जना सुसारेको बन्दोबस्त गरिदिई दधिराम काठमाडौं आएको बुझिन्छ । केही समयपछि काशीमा आमाको परलोक भएको खबर पाएपछि दधिरामले काठमाडौंमैं आमाको किरीया गरे । दाजु भक्तिविलासले चाहिं ढिलो गरी आमा परलोक हुनु भएको समाचार सुने ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेतवारी

ढाँडेको मूलखण्ड, ढाँडेकै पगरी खण्ड, माडी, डाँडाखेत, दुरागाउँ (खेत) घ्याम्पे (पाखाखेत) सैपू-तिलौरी (खेत) यी दधिरामका खेत हुन् । बारी र खर्कमा - गैह्रबारी, बसेरी (पाखाबारी) , ठोसे खर्क, दोभान खर्क, चिलाउने खर्क आदि आदि पर्न आउँछन् । पहिले त सैपूको भोटिनीडाँडा पनि थियो । पछि दधिरामले त्यहींका सार्कीहरूलाई बसोबासका निम्ति दिएको बुझिन्छ ।

गुरुभक्ति

दधिराम पौडेल आफ्ना व्याकरणका गुरु विश्वनाथ रिमाल शास्त्रीलाई ज्यादै नै श्रद्धा गर्थे । जहाँ भेटे पनि गुरुको पाउमा ढोग्थे । गुरु.पूर्णिमाका दिन गुरुको पूजा पनि गर्थे । उनी गुरु आमालाई पनि त्यत्तिकै श्रद्धा गर्थे । बाटामा हिंड्दाडुल्दा कुनै गुरुपुत्रहरूलाई भेटेमा बडो नम्र भएर कुराकानी गर्ने पनि उनको बानी थियो । यसरी उनले गुरु तथा गुरुका परिवारप्रति सद्भावना र सौजन्य आफू जीवित रहुञ्जेल प्रकट गरिनै रहेको बुझिन्छ ।

थेगो

कुरा गर्दै जाँदा कुनै विशेष शब्दलाई बारम्बार दोहोऱ्याई रह्यो या वाक्यका बीचमा अनौठो शब्दको प्रयोग गर्दै गयो भने यो मानिसको थेगो यही रहेछ भनेर ठम्याउन सकिन्छ । यसरी ***थेगो*** प्रयोग गरेर बोल्ने बानी गर्नु राम्रो कुरो होइन तर कसैकसैको ख्यालठट्टामा र एक दुइकोटि प्रयोग गर्दागर्दै त्यो त बानीनै भैसकेको हुन्छ । त्यसमध्ये कसैले ***के छ त ?,*** कसैले ***कले हो जानेको क्या हो ?*** कसैले ***चाइन्जो ,*** कसैले ***चाइने*** जोछन्सो, ***के रे चाइने , क्या नाम सो हजुर्को मुखमा , बुझेनौ के ? , माने*** प्रयोग गरे जस्तै हाम्रा पण्डित दधिराम पौडेल चाहिं हरेक जसो वाक्यमा - ***चाइन्जो भाइ*** र ***क्या भाइ थेगो*** प्रयोग गर्थे । वाक्य विश्लेषणका क्रममा यो पनि एउटा अनुसन्धेय विषय हो ।

भतिजा विष्णुप्रसाद

पण्डित दधिराम पौडेलले पहाडमा खेत किन्नका लागि आफ्नै भतिजा विष्णुप्रसाद पौडेललाई दुइ हजार रुपियाँ दिएर पठाएका थिए । समयमा विष्णुप्रसादले जग्गा पास नगरिदिएको कारणले भतिजाको नाममा काका दधिरामले नालिस दिनु पर्ने भयो । यही कारणबाट काका भतिजामा मनमुटाव भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

श्री:१

स्वस्ति श्री सर्वोपमायोग्येत्यादि सकल गुणगरिष्ठ
स्य
मत्पुत्र विष्णुप्रसाद शर्मसु दाधिराम शर्मणः प्रत्यहं शुभा
शिषसन्तु । इहकुशलं तत्रास्तु लगौ हे ॐ प्राप्त कार्तिक शु
क्ल ४ पपूर्णिमा भा व्रतसमुद्र गयेका लेम अन
न्त खुसि छु । हाम्रो खेतबारी विर्ता वषतै मा ठेक्का
लगाइ सुनचाँदि का सोतामो लता कपडा
एइ पाखि गोभयेका १।७ नाम किटि जगाये
तिरमा ठेक्का लाग्ये जनाई जस्कॉजि मा ए
खे पनि जिम्मावालको हस्ताक्षरको कागत
स्पष्ट पठाइदे । एहि बमोजिं को कागत पै है
पनि पठाओ थे उन लो लेख्यु । कृष्णपनि बुझ
क्षए चिठ्ठि लेष देन किन हो । मेरो शरीर दुः
खी हुनाले आउन सकीन । अथवा हाम्रो अन्त
काल भै सक्यो तेरो हाम्रो हिसाब फर्स्योउनुपर्छ
भयेका कागत पत्र लिये आईज । पत्र भजाभिरे
एहि कागत लेष्यु बिइ ध्यालामू । इति सं २००४ पौ
षगते ऐ७ शुभम्

पं. दधिराम पौडेलको हस्तलिपि

स्रोत : विष्णुहरि पौडेल

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनचर्या

पढाउँदा विद्यार्थीहरूलाई खुबै हप्काउने, बिहान २ बजे उठ्ने, दिसा गर्न एक घण्टा लगाउने, पूजा गर्दागर्दै पिसाब लागेमा पिसाब फिरेर अनिवार्यरूपमा न्वाउने, कुकुरले छोए पनि न्वाउने, दिसा गरेपछि पनि नुहाउने दधिराम पौडेलको यस्तो कडा नियम थियो । १,००० (एकहजार) नित्य गायत्री जप्ने, एक महिनामा श्रीभद्भागवत पाठ गरिसक्ने, वलिवैश्वदेव गर्ने, बिहान ३ बजेदेखि ९।१० बजेसम्म पूजापाठनै गरिरहने, पूजामा बसेपछि कसैसित नबोल्ने र बोल्नु पर्दा संस्कृतमा मात्र बोल्ने, विद्यालय जाने बेलामा सधैं हतार हुने, बल्लतल्ल हतारहतार गरी भात खाएर लुगा लगाउँदै र पटुका बाँद्धै बाटो हिंड्ने, बेलुका एक घण्टा लगाएर आरती गर्ने, त्रिकाल सन्ध्या गर्ने, वेद पाठ गर्ने यी सबै दधिरामको दिनचर्याभित्र पर्ने कुरा हुन् । मार्सी चामलको भात, मुगीको दाल, आलुको तरकारी खान्थे । परवर दधिरामलाई विशेष मन पर्ने तरकारी हो । सागसब्जी खाँदा कीरा खाइन्छ भनेर उनी खाँदैनथे । दधिराम हरेक एकादशीको दिन व्रत लिन्थे । अष्टमी, प्रतिपदाजस्ता पाठशाला विदा हुने दिनहरूमा उनी दिनभरि पूजापाठ गरेर समय बिताउँथे । अघिपछि गरेर नभ्याएको पाठ विदाको दिनमा खप्टेर गर्ने नियम पनि उनले बसालेको बुझिन्छ । कुनै मतवालीले छोयो भने पनि उनी न्वाउँथे (नुहाउँथे) । डेरामा पण्डित दधिराम उस्तो अध्ययन गर्दैनथे । उनलाई व्याकरण कण्ठ थियो । फलाना पाताको यति हरफमा यस्तो-यस्तो विषय लेखिएको छ भनेर मुखाग्र भनिदिन्थे ।

दधिराम पौडेललाई वस्तुतः कुनै कुराको पनि त्यति पीर परेको थिएन । उनी कहिलेकाहीं खेतीको कुरा भने गर्थे । वि.सं.१९९२ सालमा अंशबण्डा भएर छुट्टिएपछि उनमा आफ्ना परिवारको बोझ थपियो । पण्डित दधिराम पौडेल बेलुका ९ बजे सुत्दथे । डेरामा उस्तो विद्यार्थी पढाउने चलन उनको थिएन । विष्णुहरि पौडेल र टङ्कराज पौडेललाई कहिलेकाहीं सुतेरै पाठ लगाइदिन्थे । पहिले उनी (दधिराम) खुबै तमाखु खान्थे । उनी एकदिन बेलुका तमाखु खाँदाखाँदै झसक्क निदाएछन् । चिलिम घोप्टिएर झसक्क सिरक डढेछ । त्यसपछि उनले तमाखु खान छोडेको बुझिन्छ । विष्णुहरि पौडेलको भनाइ अनुसार चाहिं आमाको किरीयाबाट चोखिएपछि दधिरामले तमाखु खान छोडेका थिए । उनी जीवनमा त्यतिविधि बिरामी भएको जानकारी पाइँदैन । वि.सं.१९६७ सालमा बनारसमा बस्दा उनलाई २३ दिन ज्वरो आएको थियो । पछि उनलाई कुनै पनि व्यथाले त्यति नच्यापेको जानकारी पाइन्छ । नेपाल राष्ट्रका विभूति पण्डित दधिराम पौडेलको मृत्यु वि.सं.२००७ सालको गुरु पूर्णिमाको दिन भएको हो ।

❋ ❋ ❋

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पं. दधिराम पौडेलको निवास

(रामेछाप, सैपू दुरागाउँ, नयाँ घर)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. 'पौडेल वंश प्रकाश' बाट

कान्तिपुरका राजा जयप्रकाश मल्लले कानपुर निवासी ऋषिकेश पाध्यालाई सैपू विर्ता दिएका थिए । ऋषिकेश पाध्याका साहिंला छोरा उमापतिका सन्तान दधिराम पौडेल हुन् । यहाँ त्यही वंशावलीको छोटो उल्लेख गरिन्छ ।

छोरा हुन् जमदग्नि फेरि पहिले देव्दत्त हुन् पर्शुका
जेठा हुन् वलभद्र वेलरुप औ हुन् रत्नलाल् देवका
त्यस्तै दो वलभद्रका पनि भए प्रेम्लाल् छवीलाल् यता,
भन्छन् भक्तिविलास फेरि दधिराम् दो प्रेमका पुत्र ता

भक्तिका सुत विष्णु हुन् र उनका गोपाल एक् पुत्र छन्
उन्का एक सुपुत्र आज क्रमलें-गोविन्द नै मिल्दछन्
थे विद्वान् दधिराम पण्डित ठूला जो वेदका शास्त्रका
कण्ठस्थै ति पढाउँथे गजबले त्यो पाणिनि ग्रन्थता

यस्ता हुन् कुलका सुदीपक ठूला वंशै उज्यालो गरी
अर्जी गौरव कीर्तिका सुमनले प्रख्यात छन् यस्तरी
एकै छन् उनका सुपुत्रकमला गङ्गा प्रसाद् नाम हों
गङ्गाका दुइ पुत्र विष्णुहरि औ हुन् बाबुराम् आज जो [१]

२. 'सैपूका पौडेलको संक्षिप्त वंशावली' बाट

उमापतिका-वीरभद्र, शिवा, पर्शाम, रामकृष्ण धर्मानन्द, जगन्नाथ, हरिकृष्ण, वाणीविलास (बसाईं गएका) । शिवाका रूपनारायण, श्रीधर (बसाईं गएका), मुहुनलाल । रूपनारायणका श्रीकृष्ण, उदयनारायण, रविलाल, हरिप्रसाद । श्रीकृष्णका रङ्गलाल, करबीर, ऐवर्णा । रङ्गलालका देवीप्रसाद र चन्द्रलाल । देवीप्रसादका भीमप्रसाद ।

---

१. पं. हरिप्रसाद पौडेल (ले. सम्पा.) ***पौडेल वंश प्रकाश*** पौडेल वंश प्रकाशन समिति,)२०४२) पृष्ट १९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

पर्शामका देवदत्त र जमदग्नि । देवदत्तका बलभद्र, वेलरुपा, (बसाईं गएका) , रत्नलाल । बलभद्रका प्रेमलाल, छविलाल । प्रेमलालका भक्तिविलास र दधिराम । भक्ति-विलासका - विष्णुप्रसाद । विष्णुप्रसादका गोपाल । गोपालका गोविन्द । दधिरामका गङ्गाप्रसाद । गङ्गाप्रसादका विष्णुहरि र बाबुराम । विष्णुहरिका शेखर, मुकुन्द र रामजी । बाबुरामका रमेश, विश्वराम, जनार्दन, अनन्त र जयन्त ।[२]

३. 'नवग्रहस्तोत्र' बाट

पं. दधिराम पौडेलको विषयमा मलाई अहिले धरमर परेको छ । किनभने आफ्नो उमेर ७० वर्ष पुगेपछि मेरा मातामह पं. भुवनाथ पाँडेले आफूखुशी वि.सं.१९९० मा राजदरबारमा पढाउने पण्डितपद छोड्नु भएको हो । त्यसपछि दरबारमा पढाउने पण्डितपद खालीनै रह्यो । वि.सं. १९९७ मा राजदरबारमा पढाउने पण्डितको आवश्यकता परेछ र मेरा मातामहलाई बोलाहट भयो । ७० वर्षको उमेरमा बूढो भएँ भनी यो काम छोडेको हुँ , अहिले त म ७७ वर्ष पुगिसकें, काम गर्न असमर्थ छु भनी मातामहले भन्नुभयो । त्यसपछि पं.दधिराम पौडेल राजदरबारमा पढाउने पण्डितको रुपमा काजमा खटिनुभयो । उहाँ तलबभने रानीपोखरी पाठशालाबाटै पाउनु हुन्थ्यो । यसकारण वि.सं. २००४ मा सो कागतमा उहाँको सहिछाप थियो वा थिएन भन्न मलाई धरमर पऱ्यो । १४ जना त अवश्य हुनुहुन्थ्यो । अरुको नाम पनि मैले संझेको छैन ।[३]

४. पं. दधिराम

पर्शामका वंशज प्रेमलालका सुपुत्र पं. दधिरामको जन्म १९३८ साल पौष महिनामा रामेछाप जिल्लाको सैपू दुरागाउँमा भएको हो । वहाँ बालककालदेखिनै सरल स्वभावको हुनुहुन्थ्यो । बहाँका पिता प्रेमलाललाई केही ऋण लागेको थियो । दधिरामको उमेर ६ वर्षको हुँदा पिता प्रेमलालको देहावसान भयो । साहू आएर दधिरामका दाजु भक्तिवेलासलाई कर्जा वापत पक्राउ गरे । त्यो देखेर दधिराम सारै डराउनु भयो । ६ वर्षकै उमेरमा पढ्ने इच्छा गरेर डिट्ठा लक्ष्मीनाथका साथ वहाँ काठमाडौं जानु भयो । ६ वर्षको बालकले घर त्यागेर पढ्ने इच्छाले टाढा गएको कुरा इतिहासमा बिरलै पाइन्छ । उहाँले काठमाडौं गै अर्काको दयापात्र भएर एक वर्ष अक्षराम्भ गरी चण्डी पढ्नु भयो ।

---

२. हवलदार देवी प्रसाद पौडेल, ***सैपूका पौडेलको बंशावली*** लियो प्रकाशन पुण्यप्रसादपौडेल, (२०३७)

३. नयराज पन्त, "नवग्रह स्तोत्र", *पूर्णिमा* २८ पूर्णाङ्क, पृ. २५७ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. दधिराम पौडेलको दोभानखर्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक वर्षपछि दाजु भक्तिवेलासले काठमाडौंबाट घर लिएर आए । १९४६ सालमा वहाँको व्रतबन्ध भयो । यो पछि पनि दधिराम घर बस्न मान्नु भएन । हुने बिरुवाको चिल्लो पात भनेझैं ।

अरु भनाइ छ - वहाँकी आमाले त्यस ताकाको समयानुसार खाँडीको रङ्गीन फरिया खरुवाको टालोमा सामलखाजा पोको बनाई वहाँलाई लिन पठाएकी थिइन् ।

काठमाडौं गएर वहाँ सरदार शिवराज कविराजका पिताको दयापात्र भएर पढ्न लाग्नु भयो। शिवराजको पिता रानीपोखरी पाठशालामा अध्यापक थिए । ३ वर्ष काठमाडौंमा पढेर ११ वर्षको उमेरमा गुरुका साथ वहाँ वनारस जानु भयो । प्रथम मध्यमा बनारसमा नै दिएर वहाँ उच्च शिक्षातिर लाग्नु भयो । वेद ता पूर्व परम्परागत अनिवार्य छँदै थियो - ज्योतिष धर्मशास्त्र, व्याकरण अरु विषय पनि धेरै नै वहाँलाई ज्ञान भयो वहाँको प्रतिभा देखेर गुरुहरु आश्चर्य मान्दथे । त्यो बेला शास्त्री, आचार्य आदिको प्रमाणपत्रको प्रथा नभएकोले त्यो वहाँसँग थियो वा थिएन त्यो कुरा अज्ञात छ । जेहोस बिद्यार्थीहरुलाई पढाउँदा जुनसुकै विषय पनि वहाँ सजिलोसँग पढाउनु हुन्थ्यो । काठमाडौंमा आएर रानीपोखरी पाठशालाको कयौं वर्ष अध्यापक हुनुभयो । पढाउने बेलामा वहाँलाई पुस्तकको आवश्यकता पर्दैनथ्यो । सिद्धानतकालमा लामा लामा फाँकी वहाँ कण्ठसँग भन्नुहुनथ्यो । सजिलो र रसिलो सरल तरिकाले उदाहरण दिई दिई पढाउने गुरुहरूमा वहाँ सर्वप्रथम हुनुहुनथ्यो । २००१ सालदेखि तत्कालीन युवराज श्री ५ महेन्द्र वीरविक्रम र अन्य राजकुमारहरूलाई पनि दरवारमा नै गएर पण्डितजीले संस्कृत पढाउनु भएको थियो । वहाँले पढाएका कयौं विद्यार्थी आजसम्म कयौं विद्यालयमा अध्यापक भै पढाउँदै छन् । परन्तु, दुःखको कुरा छ, यस्तो महान् विद्वानले पनि भविष्यका लागि कुनै पुस्तक वा केही लेखेर छाड्नु भएको छैन । त्यो महाविद्यासमेत वहाँ २००७ साल आषाढ शुक्ल गुरु पूर्णिमाका दिन सधैंका लागि विलीन भएर जानु भयो ।[४]

५. *'नेपालमा पाणिनि व्याकरणको अध्ययन परम्परा'बाट*

......दधिरामको पढाइमा ... व्यावहारिक पक्षभन्दा शास्त्रीय पक्षको बढी विचार राखिन्थ्यो । ग्रन्थलाई क्रमिकरूपमा काण्ठस्थ पार्ने, फक्किका र बीच-बीचका शङ्का उपशङ्कालाई पनि गहिरिएर विचार अध्ययन, मनन गर्नुपर्ने हुनाले विद्यार्थीहरु कुइराको काग हुन्थे र व्याकरणको पढाइलाई फलामको च्यूरा नै मान्थे । दधिरामको पनि अचार्यसंमको पढाइ

---

४. हवलदार देवीप्रसाद पौडेल, *सैपूका पौडेलको संक्षिप्त वंशावली* पृष्ठ ३१,३२र ३३ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही तरीकाले चल्दथ्यो । दधिरामसँगको पढाइमा विद्यार्थीहरू बीचैमा छाडी अर्को विषयमा लागेका देखिन्थे । हुन त मध्यमा सम्म जति छात्रहरू टिक्थे, त्यति छात्रहरु आचार्यसंमको पढाइमा रहँदैनथे, तापनि व्याकरणमा भने सबैभन्दा कम हुन्थे । ५

(क) सन्दर्भ ग्रन्थ

बलदेव उपाध्याय, ***काशी की पाण्डित्य-परम्परा,*** बिश्वविद्यालय प्रकाशन, वाराणसी (१९८३ ई)

(ख) सन्दर्भ पत्रिका

१. नयराज पन्त, "नवग्रह स्तोत्र," ***पूर्णिमा*** पूर्णाङ्क २८

२. लोकनाथ ढकाल, "गुरुवर- विद्वद्वर- श्रीदधिरामस्मरणम् ***मर्यादा*** पूर्णाङ्क १९, २०४७ ।

३. हर्षनाथ भट्टराई, "नेपालमा पाणिनि-व्याकरणको अध्ययन परम्परा", ***प्रज्ञा*** वर्ष२ अङ्क४ ।

(ग) अप्रकाशित लेख

	लेखक	लेख
१.	पूर्णप्रकाश नेपाल 'यात्री'	पं. दधिराम पौडेल: एक विवेचनात्मक अध्ययन - सारांश
२.	बाबुराम पौडेल,	पं. दधिराम पौडेल
३.	बिष्णुप्रसाद ज्ञवाली,	दधिराम पौडेल गुरुको व्यक्तित्व

(घ) सामग्री स्रोत

१.	अमृतनाथ अधिकारी	लगन खेल, महालक्ष्मीस्थान
२.	टङ्कराज पौडेल	सैपू, घ्याङ्डाँडा
३.	दाताराम शर्मा पौडेल	पाटन, नरडेरा
४.	देवीप्रसाद पौडेल,	सैपू, भेडाखोर
५.	बाबुराम पौडेल,	सैपू, दुरागाउँ
६.	विष्णुहरि पौडेल,	सैपू, दुरागाउँ
७.	सोमनाथ घिमिरे "व्यास"	टङ्गाल, गहनाखोज्ने पोखरी

☆ ☆

५. हर्षनाथ शर्मा भट्टराई, "नेपालमा पाणिनिव्याकरणको अध्ययन परम्परा" ***प्रज्ञा*** वर्ष २अङ्क ४ (२०३०) पृष्ठ ८१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI

व्याकरण र धर्मशास्त्रका उद्‌भट विद्वान्
टेकनाथ पौडेल

परिचय

नेपालमा साहित्यकार र कलाकारहरूका सम्वन्धमा अनेकौं अनुसन्धानकर्ताहरूले अध्ययन, अनुसन्धानको क्रम बसालेका छन् तर संस्कृतका विशिष्ट विद्वान्हरूका बारेमा खोजीनीति गरी ग्रन्थ प्रकाशनको जग अझै बसेको छैन । युगौंयुगसम्म आफू जीवित हुने सवल माध्यम उत्कृष्ट लेख्यपरम्परा हो तापनि संस्कृतजगत्का कतिपय नेपाली विद्वान्हरूमा लेखनप्रतिको अभिरुचि त्यति पाइँदैन । अध्ययन गर्नु र गराउनु , दान दिनु र लिनु यज्ञ गर्नु र गराउनु यी ब्राह्मणले गर्नुपर्ने षट्कर्म हुन् । आफूले आर्जन गरेको ज्ञान हजारौंहजार शिष्यहरूमा स्थानान्तरण गरी सन्तोष लिने विद्वान्हरू पनि हामीकहाँ नभएका होइनन् । जस्तो भनौं - पण्डितराज सोमनाथ सिग्देल नेपालका ठूला विद्वान्मध्येमा गनिन्छन् । अरु विद्वान्को अपेक्षा उनको विद्वत्ताको राम्रो कदर भएको छ । भारतमा उनी आधुनिक पाणिनिका रूपमा गनिन्छन् । यसको मूल कारण सोमनाथले लेखेको *प्रतिसंस्कृता सिद्धान्तकौमुदी* हुनसक्छ तर उनीभन्दा ज्यादै ठूला विद्वान् पनि नेपालमा अनेकौं छन् । उनीहरूको इतिहास तयार नहुनाले ठूलाठूला विद्वान्हरूको परिचय कसैलाई थाहा हुनसकेन । यसलाई एउटा विडम्बनाकै कुरा मान्नुपर्छ । हाम्रो समाज पनि यस्तै मतलबी छ । कसैले यसो लेख्ने अभ्यास गरेको छ भने उसमा विद्वत्ता नभए पनि समाजले उसलाई कुनै न कुनै रूपबाट पछिसम्म संझिरहन्छ । त्यसमाथि अझ, थोरबहुत पुस्तक पढ्ने बानी बसालेको छ र ठूलै रुखको आडमा बसेको भए त उसले नाम र दाम दुइटै कमाउन सक्छ । त्यस्तै, सोमनाथ सिग्देल माहिला गुरुज्यू हेमराज पाण्डेको आश्रयमा रहेका थिए । त्यसैले राणाभक्त हेमराजका कृपाबाट हेमराजभक्त सोमनाथले चाँडैनै ख्याति आर्जन गरे । यो सत्य कुरो हो । सोमनाथमा राम्रो योग्यता थियो । उनले ठूलै मान्छेको आश्रय

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ काशीस्थराजकीयप्रधानसंस्कृतपाठशालायाम् ॥

परिगृहीत: पौड्यालोपाह्वटेकनाथ शर्मा

शक्तिधरशर्म्मणः पण्डितस्य पुत्रः

नेपालदेशान्तर्गतायौँग्राम निवासी

चतुरधिके एकोनविंशतिशततमे शकीये वर्षे व्याकरण — मध्यमपरीक्षायाम्

उत्तीर्ण इति प्रमाणीकरोति ॥

SANSKRIT COLLEGE, BENARES:
The ____ 19__

Offg. Principal.

गवर्नमेंट-नाम -यन्त्रालये-मुद्रितम् । -५५ —१०००

पं. टेकनाथ पौडेलले मध्यमापरीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri

पाए । यसबाट आफ्नो क्षमता देखाउन उनलाई सजिलो भयो । आश्रय नपाएका सोमनाथभन्दा कयौं प्रकाण्ड विद्वान्हरू त्यसै बिलाएर गए । हेमराज पाण्डेले थुप्रै पुस्तक संग्रह गरेका थिए । पहिलो कुरा त पढ्न र लेख्नमा रुचि नभएको मानिसले पुस्तक संग्रह गर्दै गर्दैन। पुस्तक संग्रह गर्छ भने उसले अवश्य पनि केही न केही त पढेकै हुन्छ । पुस्तक संग्रह गरेर थोरबहुत पढ्दैमा कोही पनि मानिस महान् विद्वान् हुन्छ भन्न चाहिं सकिंदैन । थोरै पढेर र घरमा यसो दुइचार पुस्तक संग्रह गरेको मानिस पनि यदि उसमा आफ्नै क्षमता छ भने उसले ठूलो विद्वान्का रूपमा ख्याति आर्जन गर्न सक्छ । *एकः शब्दः सम्यग्ज्ञातः सुप्रयुक्तः स्वर्गेलोके कामधुक् भवति ।* वस्तुतः यो अभिव्यक्ति चिरकाल सत्य छ । हेमराज पाण्डेलाई विदेशका धेरै विद्वान्हरूले प्रशंसा गरेका छन् । यसरी उनी प्रख्यात हुनाको कारणमध्ये- पहिलो त हेमराजलाई राणाहरूको आश्रय प्राप्त हुनु र दोस्रो माहिला गुरुज्यूको पदमिल्नु नै हो भन्ने कुरामा दुइ मत नहोला । भनाइको अभिप्राय हेमराज पाण्डेमा बौद्धिक ल्याकत छँदै थिएन भन्ने चाहिं होइन । उनी संस्कृत र नेपाली भाषाका विद्वान् थिए । माहिला गुरुज्यू भएका नाताले पनि संस्कृतको ज्ञान त हुनुपर्ने नै भयो । यसका अतिरिक्त नेपाली भाषालाई क्रमबद्ध नियमका आधारमा अधि बढाउन हेमराज पाण्डेले रचना गरेको ***चन्द्रिका*** व्याकरणको नेपाली भाषा र व्याकरणको इतिहासमा छुट्टै स्थान छँदैछ । ***चन्द्रिका*** लाई नेपाली भाषाको परम्परागत आधिकारिक व्याकरण मानिन्छ । यसैका आधारमा तयार पारिएको सोमनाथ सिग्द्यालको ***मध्य चन्द्रिका*** अहिलेसम्म नेपाली भाषाको पठनपाठनका निम्ति मुख्य व्याकरण रहँदै आएको छ । भनाइको तात्पर्य के हो भने- ***मध्य चन्द्रिका*** लाई उछिन्ने खालको अर्को नेपाली व्याकरण अहिलेसम्म लेखिएको छैन । रोहिणीप्रसाद भट्टराईले ***बृहत् नेपाली व्याकरण*** लेखेका छन् । यो नेपाली भाषाको बृहत् व्याकरण हो । तैपनि यसलाई पुरानै खालको व्याकरण मान्ने बर्ग पनि त्यत्तिकै सक्रिय छ । उनको अर्को नेपाली व्याकरणको पुस्तक पनि तयार छ । ***बृहत् नेपाली व्याकरण*** भन्दा यो अझ परिमार्जित छ । यसको तुरुन्त प्रकाशन भैदिए राम्रो हुने थियो । प्रोत्साहन पाएको भए रोहिणीप्रसाद भट्टराईबाट नेपाली भाषालाई अझ व्यवस्थित रूपमा अगाडि बढाउने आधिकारिक व्याकरणको पुस्तक लेखिने थियो । किनभने संस्कृत, नेपाली र अंग्रेजीभाषाको राम्रो ज्ञान नभैकन नेपाली व्याकरणको पुस्तक लेख्न सकिंदैन । यो पक्का कुरा हो । जेहोस् अहिलेसम्म हेमराज पाण्डे, सोमनाथ सिग्देल र रोहिणीप्रसाद भट्टराइले देखाएकै व्याकरणको बाटोमा अहिलेसम्म सबै हिंडिरहेका छन् । ***काश्यपसंहिता***को उपोद्घात लेखी प्रकाशित गरेका छन् । माथि उल्लेख गरेजस्तै हेमराज र सोमनाथ दुवै विद्वान् हुन् । यी दुवैको संस्कृत भाषा, नेपाली भाषा- व्याकरण र साहित्यको विकासमा महत्त्वपूर्ण योगदान रहेको छ । विद्वत्ताको प्रचारप्रसारमा पदप्रतिष्ठाले ठूलो भूमिका खेलेको पाइए पनि सोमनाथ र हेमराजमा स्वकीय विद्वत्ता पनि भएको बुझिन्छ । नाम लिने वित्तिकै माथा निहुरने खालका विद्वान्हरू चाहिं नीलदेव पन्त, वाचस्पति पन्त, सुकृतिदत्त पन्त, विष्णुहरि रिमाल, टेकनाथ पौडेल, दधिराम पौडेल, पद्मप्रसाद भट्टराई आदि हुन् । माहिला गुरुज्यू

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

GOVT. COLLEGE. BENARES — BENARES SANSKRIT COLLEGE EXAMINATION

FORM B.

No. 2.

BENARES SANSKRIT COLLEGE EXAMINATION.

Roll No. 42

This is to certify that Pandit Jeknath Paudyal

age 26 years

son of Pandit Shaktidhar Sharma inhabitant of

Village Aghau, Nepal obtained the Title of Upādhyāya

in Vyakarana at the Annual Sanskrit

Examination of 1910, held in the Sanskrit College, Benares.

२

॥ काशीस्थराजकीयप्रधानसंस्कृतपाठशालीयपरीक्षायाम् ॥

रोल नम्बर ४२

पण्डित: पौड्याल्लोपाह्वटेकनाथ - शर्मा

२६ वय:

शक्तिधरशर्मण: पण्डितस्य पुत्र:

नेपालान्तर्गतार्घैग्राम - निवासी

दशाधिकैकोनविंशतितमे ख्रीष्टाब्दे वर्षे प्रातिवार्षिकपरीक्षायां

व्याकरणशास्त्रे उपाध्यायपदवीं लब्धवान् इति प्रमाणीकरोति ॥

Sanskrit College, Benares,
The 1st August 1911.

A. Venis M.A.,
Registrar,
Benares Sanskrit College Examinations.

पं. टेकनाथ पौडेलले व्याकरण विषयमा उपाध्याय पदवी पाएको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

हेमराज पाण्डे कुनै गहिरो शास्त्रीय निर्णय गर्नुपर्‍यो भने सर्वैभन्दा पहिले सोमनाथको सहयोग लिन्थे । सोमनाथबाट पार नहुने कुरा उनी आफैं टेकनाथ पौडेलसँग निर्णयका निम्ति आग्रह गर्दथे । टेकनाथ कसैको मुखमा नहेरी एउटा कुनातिर फलानो पुस्तकमा यस्तो लेखेको छ, ***फलानामा यस्तो र फलानामा यस्तो*** भन्दै खररर निर्णय सुनाइदिन्थे । सोमनाथ टेकनाथको निर्णय लिएर हेमराज पाण्डेकहाँ जान्थे । टेकनाथ पौडेल संस्कृतका प्राय: सबैजसो विषय जान्दथे तर विशेषत: व्याकरण र धर्मशास्त्र उनका अत्यन्त प्रिय विषय थिए । व्याकरणको चर्चा चल्दा मूल वा भाष्यमध्ये कुनको प्रसङ्ग आवश्यक छ, ***फलानो पुस्तकको फलानो पाताको यतिऔं हरफमा यस्तो यस्तो लेखेको छ*** भनी मुखैले निर्णय गरिदिन्थे । त्यसैगरी धर्मशास्त्रको प्रसङ्ग उठ्दा- ***फलानो पुस्तकको फलानो पेजमा यस्तो लेखेको छ*** भनी मुखैले निर्णय गर्ने खुबी उनको थियो । पद्मप्रसाद भट्टराई र टेकनाथ पौडेलको विद्वत्तामा के कुराको भिन्नता पाइन्छ भने - पद्मप्रसाद मूलत: न्यायका विद्वान् थिए भने टेकनाथ व्याकरणका । धर्मशास्त्रको निर्णय गर्नुपर्दा पद्मप्रसाद प्राय: रातभरि बसेर भए पनि सारा पुस्तक अध्ययन गरी एउटा कागजमा निर्णय लेख्दिन्थे भने टेकनाथ जुनसुकै कुराको निर्णय गर्नु पर्दा पनि पुस्तक पल्टाइरहँदैनथे । टेकनाथका शिष्यप्रशिष्यहरू नेपालभरि छरिएका छन् र ती सबैको मुखबाट टेकनाथको विद्वत्ताको अनौठो उदाहरण अहिलेसम्म सुनिदैछ । त्यसकारण कोही मानिस लेखेर महान् हुन्छन् त कोही नलेखीकनै आफ्नो विद्वत्ताबाट महानताको धुरीमा पुग्छन् । यी दुबै पक्षको अध्ययन, अनुसन्धान गर्नु अत्यावश्यक हुन्छ र यसबाट भावी पिंढीलाई प्रेरणा मिल्नुका साथै राष्ट्रिय प्रतिभाहरूको अध्ययन र प्रकाशनमासमेत सघाउ पुग्छ ।

सामग्री

नेपालमा विद्वत्परम्पराको चर्चाको सन्दर्भ अझै शुरु नभएको हुँदा प्रकाण्ड विद्वान् टेकनाथ पौडेलका बारेमा पनि हालसम्म अनुसन्धान कार्य भएको देखिदैन । नयराज पन्तले ***पूर्णिमा*** पत्रिकाको २८ पूर्णाङ्कमा अलिकति चर्चा गरेका छन् । २००४ साल (वि.सं.) श्रावण १ गतेको ***गोरखापत्र***को अङ्कमा हवलदार देवीप्रसाद पौडेलले - ***संस्कृत र संस्कृतज्ञ*** भन्ने लेख छपाएका थिए । उनी नेपाली साहित्यमा लेखकका रूपमा परिचित छन् । वि.सं २०४३ साल माघ २६ गते राति १ बजे उनको देहावसान भयो । हवलदार देवीप्रसादको लेख ***गोरखापत्र***मा छापिएपछि रानीपोखरी संस्कृत प्रधानपाठशालामा पढाउने गुरुहरूमा निकै खैलाबैला मच्चियो र केही गुरुहरूले आफूलाई चित्त नबुझेर सो लेखको प्रतिक्रियास्वरूप सही गरेर २००४ श्रावण १३ को ***गोरखापत्र***कै अङ्कमा छपाए । यस सम्बन्धमा भएका सबै कुरा - ***तीनधारा संस्कृत छात्रावासको ऐतिहासिक सामग्री*** भन्ने पुस्तकमा परिसकेका छन् तैपनि सन्दर्भ परेकाले यहाँ पनि पूर्णिमामा छापिएको विवरण अलिकति उद्धृत गर्नु मनासिबै देखिन्छ ।

21827 R

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डाइरेक्टर गुरुज्यूको इशाराले हेडपण्डित सोमनाथले जाल गरी हामीहरुलाई झुक्याएर हाम्रो जागीर नबढाउन हामीलाई सो लेखमा सहिछाप गराउन लाउनु भएको रहेछ, सो लेखमा हाम्रो मञ्जुरी छैन भन्ने हल्ला केही दिनपछि पण्डितहरुमा चल्यो । प्रधानाध्यापकज्यूले ठूलो विरोधको सामना गर्नुपऱ्यो । केही दिनपछि गुरुज्यूकहाँका पण्डित रामचन्द्र पौडेलले सो लेख ल्याई प्रधानाध्यापकज्यूलाई दिनुभयो । प्रधानाध्यापकज्यूले सबै पण्डितको अगाडि लेख यही हो, तपाईंहरुको सहिछाप यहीं छ, मेरो विचारमा त यो ठीक छ, जे गर्नुपर्छ, गर्नुहोस् भनी सबैको अगाडि त्यो लेख (जसको १ प्रति *गोरखापत्र*मा छापिएको थियो) राखिदिनु भयो । त्यसमा १४ जना पण्डितजीहरुले आफ्ना सहिछाप केर्नुभयो । सहिछाप केर्नेहरूका नाम यस प्रकारका छन् । श्री गुरू पं. देवीदत्त पराजुली, श्री गुरु पं. टेकनाथ पौडेल, पं. दधिराम पौडेल, पं. पूर्णभद्र सुवेदी, पं. हेमनाथ घिमिरे, पं. बोधराज पन्त, पं. डिल्लीराज रेग्मी, पं. गोविन्द प्रसाद भट्टराई, पं. लोकनाथ ढकाल, पं.जुनानाथ पण्डित, पं. तोयनाथ पाँडे, पं. सोमनाथ पौडेल, पं. बालमुकुन्द रेग्मी, पं. कोमलनाथ अधिकारी । नौ जनाले हामीले गरेको सहिछाप ठीक छ, हामी यसमा सहमत छौं हामी सहिछाप केर्दैनौं भनी भन्नुभयो । सहिछाप नकेर्नेमा श्री गुरु पण्डितवर सोमनाथ सिग्द्याल, पं. कालिदास पराजुली, पं. राधानाथ लोहनी, पं. रामनाथ आचार्य, पं. बद्रीनाथ अधिकारी, पं. रविनाथ आचार्य र म समेत ९ जना थियौं ।[१]

जीवनी

अहिलेसम्मको मोटामोटी अध्ययन अनुसार दुइ किसिमका पौडेलहरू देखापरेका छन् । तीमध्ये काला पौडेल र सेता पौडेल भएको बुझिन्छ । जो मानिस पौडेल लेख्छ त्यो काला पौडेल र सिग्देल लेख्ने चाहिं सेता पौडेल भएको जनश्रुति प्रचलित छ । झापामा राता पौडेल भएको कुरा दाताराम शर्माका माहिला छोरा ऋषिकेश पौडेलबाट मैले सुनेको छु । उनी झापामा जाँदा त्यहाँका केही पौडेलले ***हामी त राता पौडेल हौं*** भन्थे रे, तर उनीहरूले आफू राता पौडेल भएको कुनै पनि प्रभाण दिन नसकेको बुझिन्छ । पौडेल, अर्ज्याल, सिग्देल, ... पोखरेल आत्रेय गोत्री हुन् । सगोत्रीमा विवाह गर्नु हुँदैन । गोत्र दोष लाग्छ । म सानु छँदा बाको मुखबाट तलको श्लोक बारम्बार सुनिरहन्थें-

---

१. नयराज पन्त, नवग्रहस्तोत्र, पूर्णिमा, २८ पूर्णाङ्क पृष्ट २५७ र २५८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain

पं. टेकनाथ पौडेल
जन्म : वि.सं. १९३८
देहान्त : वि.सं. २००७

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोगी हुनु बरू बिहा नगरनू आफ्ना सगोत्रीमहाँ ।
बीहा भो उसगोत्रिमा भनि सुने राम्‌राम भन्नु त्यहाँ ॥

यो श्लोक मेरो बा'ले कुन पुस्तकबाट कण्ठ पार्नु भएको हो अहिलेसम्म मलाई थाहा छैन, तर यो व्यावहारिक श्लोक हो ।

यसले सगोत्रीमा विवाह गर्नु नहुने कुरा स्पष्टसँग बुझाउँछ । पौडेल थरका मानिसमध्ये कोही पौडेल लेख्छन् त कोही पौड्याल लेख्छन् । वस्तुत: बुज्रुक्याइँ देखाउन पौड्याल लेख्नुभन्दा सादा रूपमा पोडेल लेख्नु नै राम्रो हो भन्ने तर्क मेरो रहेको छ । जेहोस् ।

पण्डित टेकनाथ पौडेलको जन्मस्थान हालको गण्डकी अञ्चल अन्तर्गत पर्ने कास्की जिल्लाको अर्घौं अर्चले भन्ने ठाउँ हो । कविशिरोमणि लेखनाथ पौड्यालको जन्मभूमि पनि यहीं नै हो । ***शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति*** भनेजस्तै लेखनाथ शास्त्रीय विषयको सामान्य ज्ञानआर्जन गरी लेखनकलाको अभ्यास गरेर नेपालका ठूला कविका रूपमा प्रसिद्ध भएका हुन् । लेखनाथ मूलत: नैतिक कविका रूपमा देखापर्छन् । टेकनाथ पौडेल चाहिं संस्कृतजगत्‌का महान् विद्वान् हुन् । उनलाई दरबारमा ***नम्बरी पण्डित***मा राख्न खोजिएको थियो तर यसमा उनको रुचि देखिएन । स्वाभिमानी गुण र गहिरो शास्त्रज्ञानको कारणले टेकनाथको ख्याति उच्च र पवित्र भएको हो ।

मुक्षुले अर्घौं तंल्याक भन्ने बिर्ता पाए । यिनको नामबाट खिचिएर ध्रुव पण्डितका नाउँमा लालमोहर भई विर्ताको रूपमा दिएको हुँदा उनका सन्तानहरू यस ठाउँमा अहिलेसम्म भोग गरेर बसेका हुन् । यसै अर्घौं अर्चलेमा वि.सं. १९३८ सालको चैत महिनामा टेकनाथ पौडेलको जन्म भएको हो । उनका पिता शक्तिधर र काका हेमलाल भएको बुझिन्छ । शक्तिधरका जानकी र योगमाया गरी दुइटी पत्नी थिए । टेकनाथलाई जन्मदिने आमा जानकी थिइन् । टेकनाथका दाजु जयशङ्कर, भाइ बलराम र दिदी कमलावती थिइन् । यसबाट टेकनाथ शक्तिधर पौडेलका माहिला पुत्ररत्नको रूपमा देखा पर्छन् । टेकनाथले आफ्नै बाबुबाजेबाट अन्दाजी ७/८ वर्षको उमेरमा घरमै अक्षरारम्भ गरेका थिए । वि.सं. १९४५ तिरै उनको उपनयन संस्कार भयो र उनले आफ्ना पिता शक्तिधरबाट गायत्री मन्त्र सुनेका थिए । वि.सं. १९५८ कै आसपासमा उनको पहिलो विवाह गण्डकी अञ्चल, लमजुङ्ग चिसंखुकी बाटुलीसित भएको थियो । उनीबाट कुनै सन्तान पैदा भएनन् । दोस्रो विवाह वि.सं. १९६५।६६ तिर लमजुङ्गकै चिसंखुकी सन्तकुमारी घिमिरेसँग भयो । सन्तकुमारीबाट छोरा चोलेन्द्रनाथ र हुतनाथ तथा छोरी जानुका र शोभा पैदा भए । यसबाट टेकनाथको पारिवारिक जीवन निकै नै सुखी र सन्तोषी रहेको कुरा अनुमान गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain...

वि.सं. १९५० मा श्री ५ पृथ्वीवीर विक्रम शाहको राज्यकाल थियो र श्री ३ वीर शमशेरको जगजगी थियो । यसै समयमा टेकनाथ पौडेल अध्ययनलाई अगाडि बढाउने क्रममा काठमाडौं आए । पछि रहँदाबस्दा उनी काठमाडौंकै स्थायी बासिन्दा पनि हुनपुगे । टेकनाथले काठमाडौंको रानीपोखरी संस्कृत प्रधानपाठशालामा अध्ययनको शुभारम्भ गरे । शुरुमा यहाँ उनलाई पण्डित विष्णुहरि रिमालले पढाएका थिए । पछि बनारसमा गई राजकीय संस्कृत पाठशालाबाट ईस्वी सन् १९०४ मा उनले व्याकरण मध्यमाको परीक्षा उत्तीर्ण गरे । पछि त्यहींबाटै ईस्वीसन् १९१० मा व्याकरण विषयमा उपाध्याय पदवी पाएका हुन् । वि.सं. १९६७६८ तिर रानीपोखरी संस्कृत प्रधानपाठशालामा अध्यापन कार्यको शुभारम्भ गरे ।

टेकनाथ पौडेल चाकडी नगर्ने खालका विद्वान् भएकाले उनले कुनै ठूला पदमा रहेका मानिसको आश्रय पाउन सकेनन् । त्यसैले उनले कुनै प्रकारको ठूलो मानसम्मान पनि पाएनन् । कुनै पनि युगमा योग्य व्यक्तिको सम्मान कमै भएको पाइन्छ । आफ्नो विषयमा उद्‌भट विद्वान् भएकाले श्री ५ त्रिभुवनको राज्यारोहणको पच्चीस वर्ष पुगेको उपलक्ष्यमा रजतजयन्ती पदक (१९६८-१९९३) भने उनले पाएका थिए ।

टेकनाथ पौडेलले लेखेका खास कृतिहरू हालसम्म उपलब्ध भएका छैनन् । उनी लेखनवृत्तिभन्दा अध्यापन वृत्तिमैं संलग्न भएको पाइन्छ ।

धर्मशास्त्रसम्बन्धी गहिरागहिरा कुराको निर्णयका लागि त्यसबेलाका बडागुरुज्यूहरू समेत टेकनाथकहाँ आउने गर्दथे । उनी व्याकरणका अद्वितीय विद्वान् हुन् भन्ने कुरा त्यसैबेला सबैतिर फैलिएको थियो र अहिले पनि त्यो चर्चा सबैतिर सुनिदैछ ।

खगेन्द्रराज पाण्डे, जुननाथ पण्डित बडागुरुज्यू हाल स्वर्गीय, डा. विष्णुप्रसाद शर्मा (मानसिक रोग विशेषज्ञ) सोमनाथ पौडेल, रामचन्द्र पौंडेललगायत नेपालमा अहिले विद्वान्‌का रूपमा कहलिएकाहरूमध्ये सबैजसोलाई टेकनाथले पढाएका थिए ।

टेकनाथ पौडेल ज्यादै नैष्ठिक ब्राह्मण भएकाले अरु खास कुनै मानिससँगको सरसंगतबाट टाढै रहे । किनभने बिहानबेलुकाको समय नित्यकर्म गर्दै बित्दथ्यो भने दिउँसो पाठशालामा पढाउन जान्थे, तैपनि पण्डित कालिदास पराजुली, गोविन्द ढुङ्गेल, सोमनाथ सिग्देल, कविशिरोमणि लेखनाथ पौडेलसँग भने उनले सामान्य सरसङ्गत गर्ने गरेका थिए ।

टेकनाथ पौडेल शुद्ध सात्विक भोजन गर्दथे । राजसी र तामसी भोजन उनका लागि त्याज्य थियो । त्यसैले उनी तीक्ष्ण प्रतिभा भएका नैष्ठिक ब्राह्मणका रूपमा कहिलिन सके । राजसी र तामसी भोजन गर्ने मानिसको प्रतिभा क्षीण हुँदैजान्छ र ऊ क्रमशः भ्रष्ट आचरणतिर प्रवृत्त हुन्छ । टेकनाथको सात्विक खानामा गाईको दूध अटूट रूपमा हुन्थ्यो । उनी बिहान

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(हरेक दिन) एकछाक मात्र भात खान्थे । कहिलेकाहीं बेलुका भुटेका मकैको सातु पिंधी गाईको दूधमा ३ । ४ ओटा ठीकैका डल्ला बनाएर खान्थे भने कहिले दूध रोटी मात्र खान्थे ।

टेकनाथ पौडेल ढुङ्गेधारामा मात्र नुहाउँथे । अरु कुवा, इनार, कलधारामा नुहाउँदैन थिए । दैनिक नुहाउँथे । स्नान गरिसकेपछि न्यासध्यानपूर्वक गायत्री जप, पाञ्चायन पूजा, बलिवैश्वदेव, रूद्रीपाठ, वेदपाठ गर्दथे । उनी गोसेवामा अग्रणी मानिन्छन् । उनी यस्तै सात्विक भावनाका पक्षपाती थिएर नै उनलाई कडा रोगले पनि कहिल्यै सताउन पाएन ।

टेकनाथलाई वार्धक्यले पनि छोइसकेको थियो । दिसासम्बन्धी शिकायतबाट वि.सं. २००७ साल मंसीर १८ गते आइतवार कृष्णपक्षको नवमी तिथिमा उनको देहान्त भयो । शुरुदेखि आचार्यसम्म परीक्षा पूरा गराएपछि *महामहोपाध्याय* पदवी पाइने र उनका यस किसिमका थुप्रै शिष्यहरू भएको बुझिन्छ, तैपनि उनले *महामहोपाध्याय*को पदवी पाएको प्रमाण कतै भेटिंदैन । टेकनाथले शुरुमा रु ७। बाट जागीर खाएका थिए । अन्तिम अवस्था अर्थात् २००७ सालमा श्री ३ मोहन शमशेरको पालामा उनको मासिक तलव रु ६०। बाट १००। पुगेको थियो । उनको मुख्य विशेषता व्याकरण र धर्मशास्त्रका अद्वितीय विद्वान् हुन् र अरुको आश्रयमा रहन नचाहने स्वभिनानी विद्वान् अब नेपालमा विरलै जन्मिन सक्लान् ।

❋ ❋ ❋

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain...

सामग्री भाग



१. १९९६ साल आश्विनमा मध्यमा परीक्षाका जाचमा रहने निरीक्षकहरुको सूची ---

पण्डित टेकनाथ जाच छन्ज्याल सम्म निरन्तर रहने । अरु पण्डितजी हरु तल लेखिएका तिथिमा ३ जना पहिला ३ घण्टासम्म र ३ जना पछिल्ला ३ घण्टा रहने:–

१४ गते द्वितीया - पं. देवीदत्त, पं. कालीदास, पं. हेमनाथ भट्ट, पं.वद्रीनाथ, पं. कोमलनाथ, पं. वुद्धिनाथ.

१५ गते तृतीया- पं. दधिराम, पं. डिल्लीराज, पं. वद्रीनाथ, पं. वोधप्रसाद, पं. कविराज, पं. गोविन्द भट्टराई.

१६ गते चतुर्थी - पं. देवीदत्त, पं. रामनाथ, पं. पूर्णभद्र , पं. हेमनाथ घिमिरे, पं. कविराज, पं. वोधप्रसाद

१७ गते पञ्चमी - पं. वोधराज, पं. राधानाथ, पं. डिल्लीराज, पं.वद्रीनाथ, पं. पूर्णभद्र, पं. बोधराज.

१९गते सप्तमी - पं. दधिराम, पं. वद्रीनाथ, पं.डिल्लीराज, पं. हेमनाथ घिमिरे, पं. लोकनाथ, पं. रामनाथ,

२३ गते एकादशी - पं. कालीदास, पं. हेमनाथ भट्ट, पं. वोधराज, पं. कविराज, पं. पूर्णभद्र, पं. कोमलनाथ.

२५ गते चतुर्दशी - पं. राधानाथ, पं. लोकनाथ, पं. वुद्धिनाथ, पं. गोविन्द भट्टराई, पं. डिल्लिराज, पं. बोधप्रसाद.

इति संवत् १९९६ साल आश्विन १४ गते ७ शुम्भ् – – – –

२. नेपालमा पाणिनि व्याकरणको अध्ययन परम्परा'बाट

सोमनाथकै प्रधानाध्यापककालमा अर्का दुइ जना व्याकरण विषयका विशिष्ट विद्वान् टेकनाथ र दधिराम थिए । व्याकरण विषय जान्ने अरु पनि थिए, तर यी दुइ जनाले सिद्धान्त कौमुदीजस्तो गहन तथा कठोर ग्रन्थ पढाउने अभिभारा लिएका थिए । यहाँ त्यस बेलाको पठन-पाठन प्रणाली अनुसार मध्यकौमुदी समाप्त भएपछि छात्रलाई प्रथमा परीक्षाको निमित्त योग्य मानिन्थ्यो, र उक्त परीक्षाबाट उत्तीर्ण भएका छात्रहरुमा ५० प्रतिशत जति विद्यार्थी व्याकरण

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. टेकनाथ पौडेलको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digi...

पढ्न इच्छा गर्थे । त्यसमा पनि टेकनाथको पढाउने पालो परेको बेलामा त ८०/८५ प्रतिशत विद्यार्थीहरु व्याकरण पढ्न रुचाउँथे । यसको कारण थियो टेकनाथको पढाउने तरीका । टेकनाथले सिद्धान्त कौमुदीजस्तो कठोर ग्रन्थ पढाउँदा पढ्ने पढाउने दुवै थरीले कुनै कष्टको अनुभव गर्नुपर्दैनथ्यो । विद्यार्थीले पाठ सुन्दा व्यावहारिक दृष्टान्तद्वारा छर्लङ्ग पारी बुझाइदिने हुनाले विद्यार्थीलाई पाठ बुझ्न निकै सजिलो हुन्थ्यो । कुनै फक्किका लेख्ने र ज्यादा शङ्का समाधान गर्नुपर्दैनथ्यो । सजिलो भन्दा सजिलो तरीकाबाट विषयबोध गराएर विद्यार्थीमा उत्सुकता बढाउनु नै उनको पढाइको विशेषता थियो । यसरी पढाइएका विद्यार्थीहरू आफ्नो पाठ्य विषय अरु व्यावहारिक विषयमा पनि निकै चलाख देखिन्थे । टेकनाथको अध्यापनको तरीका आचार्यसम्म यस्तै थियो ।

...... पाठनपाठनको तरीकामा विद्वत्ता भईकन व्यावहरिक भएको हुनाले संस्कृत प्रधान पाठशालामा टेकनाथको राम्रो आदर थियो । टेकनाथ विष्णुहरिपछि व्याकरणलाई व्यावहारिक पक्षमा खिच्न सक्ने सामर्थ्य भएका मानिन्छन् । टेकनाथको वृद्धावस्थाले गर्दा व्याकरण जस्तो विषय पढाउन कठिन हुँदै गयो र टेकनाथजी बितेपछि त्यसकिसिमको शास्त्रीय पद्धतिलाई व्यावहारिकतामा ढालेर पढाउने परंपरा समाप्त भयो ।

टेकनाथजीको अध्यापन गर्ने तरीकाबाट चस्को लागेका दर्शन विषयका विद्वान् पण्डितराज सोमनाथजीले सिद्धान्तकौमुदीलाई नै व्यावहारिक ढंगबाट परिष्कार गरी *प्रतिसंस्कृता सिद्धान्तकौमुदी* नामको ग्रन्थ तयार गरेका हुन् । यसमा आजसम्मको व्याकरणको पठन-पाठनको अनुभवमा सिद्धान्तकौमुदीमा भएको अव्यावहारिक, जटिल तथा कठिन पक्षहरुलाई हटाई वा संरल पारी लौकिक संस्कृतलाई पुग्ने विषयहरू मात्र प्रस्तुत गरेका छन् । [२]

३. पं. एकनाथ शर्माले लेखेको चिठी

श्री

१. श्री युत गुरुज्यूका चरण कमलमा. निवेदनीयम्

भतिजा. माननीय. पं. लेखनाथ शर्मामा बाबु पं. एकनाथ शर्माको शुभाशीष : । विशेष, सदर उप्रान्त यहा हामि सबै चरणका आशीर्वादले कुशल छौ. सपरिवार चरणमा. कुशल भये.

---

२. हर्षनाथ शर्मा भट्टराई, "नेपालमा पाणिनि-व्याकरणको अध्ययन-परम्परा" प्रज्ञा वर्ष २ अङ्क ४ (२०३०) पृ. ८१ र ८२ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीन जनहरुको उत्तरोत्तर. कल्याणं हुने थियो. औ यस्तर्फको परिस्थिति विल्कुल वन्धु कल्याणमा. घुन लाग्ने मात्र देखियो. वास्तवमा आफ्नै. कलङ्गले लोक ढाक्ने मात्र हुने. चरणहरुको मान मर्यादा पनि देखिन विलोचन शर्माको निमित्त केहि शङ्का उभय तर्फका पार्टिवाट पनि न देखियाकाले चरणहरुको आज्ञा शिरोपर गरी निजलाइ हामि समाज ६।७ ले स्वीकार गऱ्यौ, अरु समाज नसजी मिल्न आउन्न वन्धुका आनन्द आरामको बानर हो. विज्ञेषु किंवहुना. विशेषः , बाबु अनन्तबाट सदर हुने छ. भवदीयकृपाकाङ्क्षी एकनाथ शर्माको दण्डवत्. ०५।१०।८।६ मा

सामग्री स्रोत

१. गोविन्दप्रसाद भट्टराई, रावा लामीडाँडा, हाल-अनामनगर

२. हुतनाथ पौडेल, ठमेल

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

८

व्याकरणका विद्वान् हेमनाथ घिमिरेको संक्षिप्त जीवनी

परिचय

नेपालमा अनेकौं विद्वान्हरू थिए र अझै छँदैछन् । ऐतिहासिक विद्वत्परम्पराको अध्ययन र अनुसन्धान गर्दा संसारका उत्कृष्ट विद्वान्मध्येमा अंग्रगण्य विद्वान्हरू नेपालमा थिए तर आजसम्म नेपालमा विद्वत्परम्पराको व्यवस्थित इतिहास तयार नभएको हुँदा कुनकुन विषयमा कोको र कुन ल्यागतका थिए भन्ने तथ्यमध्ये केही इतिहासका गर्भमैं विलीन भए, केहीको आंशिक इतिहास बाँकी छ र केहीको चाहिं पूरै सुरक्षित छँदैछ । त्यसलाई खोतलेर प्रकाशनको चाँजोपाँजो मिलाउने पात्रको खाँचो छ । नेपालको विद्वत्परम्पराको अनुसन्धान गर्न मैले दीर्घकालीन योजना बनाएको थिएँ । यसमा आफूले चाहे जस्तो हुन सकेन । कुनै प्राज्ञिक संघसंस्थाको सहयोगविना व्यक्तिगत प्रयासबाट मात्र यस्तो बृहत् कार्य सम्पन्न गर्छु भनेर आँट गर्नु कसैका निम्ति उपहासको विषय पनि हुनसक्छ तर आफूले चाहेजस्तो हुन नसके पनि ***अकरणात् मन्दकरणम् श्रेयः*** भनेको हुनाले व्यक्तिगत सम्पर्क र सहयोगबाट जेजति उपलब्ध हुनसक्यो त्यसैलाई यहाँ प्रस्तुत गर्ने प्रयास गरियो । विद्वान् हेमनाथ घिमिरेको बारेमा सबैभन्दा पहिले दुर्गा अर्ज्यालको मुखबाट मैले सुनेको हुँ । पण्डित जगन्नाथ अर्ज्यालका सम्बन्धमा खोज गर्दा हेमनाथ घिमिरेका बारेमा पनि चाख बढ्दै गएको हो । फेरि यो कस्तो रहस्यमय विषय रहेको छ भने - कुनै एकजना प्रतिष्ठित विद्वान्को खोज गर्दागर्दै आफूले नामै नसुनेको अर्को विद्वान्को पनि परिचय पाइन्छ । यसरी लामो समयसम्मको खोज र भ्रमणबाट मात्र नेपालको विद्वत्परम्पराको विषयलाई पूर्ण गर्न सकिने छ । दिउँसो १०-५ को जागीर खाएर बिहानबेलुकाको समयमा अनुसन्धान गरेको भरमा यस्तो बृहत् विषयमा कसरी पूर्णता प्राप्त होला र ?

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनी

पण्डित हेमनाथ घिमिरेको पुर्ख्यौली परम्परा यो जीवनी लेख्दासम्म पत्ता लागेन । त्यसैले यो पक्ष अहिलेलाई उल्लेख गर्न पाइएन । वैदिक सनातन धर्मावलम्बी उपाध्याय उच्च ब्राह्मण कुलमा घिमिरे थरमा हेमनाथको जन्म भएको हो । मूल पुर्खाको थलो लुम्बिनी अञ्चल, गुल्मी जिल्ला अन्तर्गत धुर्कोट रजस्थल लुड्खर्क भन्ने ठाउँ भएको बुझिन्छ । यो ठाउँ विर्ताको रूपमा मिलेको नभएको कुरा जानकारी पाइएको छ । हेमनाथको जन्म विं. सं. १९४९ साल मार्ग महिनामा भएको हो । उनको जन्मस्थान पनि उही लुम्बिनी अञ्चल गुल्मी जिल्ला अन्तर्गत धुर्कोट रजस्थल लुड्खर्क भएको बुझिन्छ । हेमनाथका पिताको नाम पण्डित पूर्णचन्द्र र माताको नाम रुन्धतीदेवी थियो । दाजु गोपीराम र शशिधर, भाइ मुक्तिराम तथा एउटी दिदीसमेत भएका हेमनाथले उपनयन संस्कारपछि शुरुमा वेदव्याकरण आदि विषय स्थानीय पण्डित ढुण्डीराज पन्थीबाट पढेका थिए ।

१२ वर्षका उमेरमा वि.सं.१९६१ सालमा गुल्मी जिल्ला अन्तर्गत मर्भूङ् रयाले निवासी पण्डित जगन्नाथ अर्ज्यालकी ज्येष्ठ सुपुत्री विष्णुकुमारी देवीकासाथ हेमनाथ घिमिरेको विवाह भएको थियो । उनका जेठान पण्डित रश्मीराज, पीताम्बर, पण्डित चेतोनाथ र साला चिरञ्जीवी थिए । विष्णुकुमारी देवीको कोखबाट ३ छोरा र २ छोरी जन्मिएकामा कान्छा छोराको बाल्यावस्थामैं मृत्यु भएको थियो । जेठा छोरा विश्वनाथ घिमिरे वि.सं. १९७७ सालमा जन्मिएका र उनले ज्योतिषमा मध्यमासम्म पढेका थिए । माहिला छोरा पुरुषोत्तमको जन्म विं.सं. १९८७ साल श्रावण शुक्ल पञ्चमी (नाग पञ्चमी) का दिन भएको हो र उनले साहित्य विषयमा शास्त्रीं पास गरेका छन् । उनले काशीबाट जाँच दिएका र उनी द्वितीय श्रेणीमा पास भएको बुझिएको छ । पुरुषोत्तम घिमिरे श्री ५ को सरकारको सेवामा शाखा अधिकृतदेखि प्रवेश गरेका र उपसचिवबाट स्वैच्छिक अवकाश लिएको कुरा थाहा पाइएको छ । उपसचिव भएपछि प्रमुख जिल्ला अधिकारीको पदभारसमेत बहन गरेका थिए । जस्तै,

(क) अर्घाखाँची- वि.सं. २०२९ – २०३३ तक

(ख) सप्तरी वि.सं. २०३३ – २०३६ तक

त्यसपछि मन्त्रालयमैं उपसचिवको पदमा कार्यरत रही २०४१ सालमा स्वैच्छिक अवकाश लिई हाल उनी घरव्यवहारमा संलग्न रहेको बुझिन्छ । कान्छा छोरा वासुदेवको सानै उमेरमा मृत्यु भयो । छोरीहरूमा -

(क) पूर्णकुमारी - गुल्मी मानकोटका भुवनेश्वर ज्ञवालीलाई दिएको ।
छोरा - हेमराज ज्ञवाली, भन्सारको महानिर्देशकसम्म भई हाल सेवा निवृत्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDT

(ख) दमयन्ती - पाल्पा तानसेनका नेत्रप्रसाद पोखरेललाई दिएको । यिनका पिता दुण्डीराज पोखरेल संस्कृतका विद्वान् भएको जानकारी पाइएको छ ।

तुलसीरामका नाति, पूर्णचन्द्रका छोरा हेमनाथ घिमिरे पढाइमा निकै नै प्रतिभाशाली थिए । प्रारम्भिक शिक्षा (वेद व्याकरण) पण्डित ढुण्डीराज पन्थीबाट हासिल गरेपछि आफ्ना ससुरा पण्डित जगन्नाथ अर्ज्यालको प्रेरणाबाट दामोदर पन्थीसँग उच्च शिक्षा हासिल गर्न काठमाडौं आई तीनधारा पाकशालामा भरना भएर रानीपोखरी संस्कृत प्रधानपाठशालामा पढी सम्पूर्णमध्यमा परीक्षाका लागि उनले पूरै तयारी गरे । त्यसपछि काशीको राजकीय संस्कृत महाविद्यालयबाट वि.सं.१९७२ (ईस्वीसन् १९१६) मा व्याकरण विषयमा सम्पूर्णमध्यमा परीक्षा उत्तीर्ण गरे । त्यसपछि काशीमैं बसी राजकीय संस्कृत महाविद्यालयमा पढेर तत्कालीन उत्तम परीक्षा (हालको आचार्य) नव्यव्याकरणमैं वि.सं.१९७९ (सन् १९२३) मा उत्तीर्ण गरी उपाध्याय पदवी समेत हेमनाथ घिमिरेले प्राप्त गरेका थिए । त्यसपछि वेदान्त विषयमा २ वर्षसम्म पोष्टाचार्यको जाँच दिएका तर तेस्रो वर्षको जाँच दिन घरायसी परिस्थितिले अवरोध खडा गरेको हुँदा उनले पोष्टाचार्य पूरा गर्न पाएनन् । हेमनाथले धर्मशास्त्र विषय पनि एक वर्षसम्म पढेको बुझिन्छ ।

वि.सं.१९७६ तिर सिराहाको कठकोलवामा, वि.सं. १९८० तिर परासीमा, वि.सं १९८१-८८ तिर दाङमा र वि.सं. १९८८-९० सम्म पाल्पाको भगवती स्थानमा सरकारी भाषा पाठशालामा पण्डित पदमा भरना भई हेमनाथ घिमिरेले अध्यापन कार्य गरेको बुझिन्छ । शुरुमा मासिक तलब रु २०।- मात्र थियो । त्यसपछि काठमाडौं आई तत्कालीन बडागुरुज्यू तर्कराजको सम्पर्कमा रही उनका नातिहरूलाई पढाउन बस्दाबस्दै वि.सं. १९९० सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालामा पण्डित पदमा भरना भए । त्यसबेला उनको मासिक तलब रु ४०।- थियो । हेमनाथ घिमिरेलाई नम्बरी पण्डितको उपाधि पनि प्राप्त भएको थियो । वि.सं.२०१८ सालमा उमेरको हदबाट हेमनाथ सेवा निवृत्त भए ।

सेवा निवृत्त भएपछि बनारसतिर लागे । शुरुशुरुमा त हेमनाथ काशीबाट बेलाबखत भैरहवामा आउनेजाने गर्थे । २०२२ सालमा गएपछि फेरि उनी नेपाल फर्किएनन् । काशीमैं कल्पवास बसी उहीं अध्यापन गरेर जीवन बिताउँदै वि.सं. २०३२ साल श्रावण शुक्ल द्वादशीका दिन हेमनाथ घिमिरेको स्वर्गवास भयो ।

अहिलेसम्मको खोज अनुसार हेमनाथ घिमिरेले रचना गरेका दुइ कृति ***गुरोरभ्यर्थना*** र ***उपहारपुष्पाञ्जलि*** पाइएका छन् । यी दुवै कृति संस्कृत भाषामा लेखिएका छन् ।

हेमनाथ घिमिरेले पढाएका विद्यार्थीहरू नेपालमा असंख्य छन् । तीमध्ये केही को नाम तल दिइन्छ । जस्तै, नयनराज पाण्डे, काशीश्वर पाण्डे, जनार्दन सम, टेकराज पाण्डेकासाथै गुरुज्यू

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Form C

GOVT. COLLEGE BENARES

परीक्षायाम् ॥

रोल नम्बर

पण्डित

निवासी

Benares Sanskrit College Examinations

पं. हेमनाथ घिमिरेले मध्यमा परीक्षा
समुत्तीर्ण गरेको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

भोगेन्द्रराजका सबै छोराहरूलाई पढाएको बुझिन्छ ! आफूले स्वाध्याय गर्नु , जुनसुकै समयमा पनि आफूसँग पढ्न आउने विद्यार्थीलाई पढाइदिनु , नित्य गोसेवा गर्नु , हेमनाथको मुख्य रुचिको विषय थियो ।

लवाइखवाइकाहकमा-मयलपोस सुरुवाल, कोट, टोपी र गलबन्द तथा धोती, भोटो, च्यादर मुख्य लगाउने लुगा हुन् भने - दालभात तर्कारी, दूधघ्यू र बेलुका गहुँका रोटी मुख्य खाने कुरा हुन् । हेमनाथ घिमिरे अभक्ष्य पदार्थ जस्तै, लसुन, प्याज, भान्टा, गोलभेंडा, माछामासु खाँदैनथे । यसरी सात्त्विक आहारविहारकै कारण उनको बौद्धिक क्षमता पनि उच्चस्तरको थियो ।

हेमनाथ घिमिरेकै माहिला छोरा पुरुषोत्तम शर्मा घिमिरेले महेन्द्र संस्कृत विश्वविद्यालयलाई चालीस हजार रुपियाँ अक्षयकोषको रूपमा प्रदान गरी त्यसबाट प्राप्त हुने व्याजबाट म.सं.वि.वि.को व्याकरण विषयको उत्तरमध्यमामा सबैभन्दा बढी नम्बर ल्याउने एक जना विद्यार्थीलाई मासिक रु ५००।- दिने गरी *पं. हेमनाथ छात्रवृत्ति* को व्यवस्था गरेका छन् ।

बसोबासका हकमा- धोवीधारा डिल्लीबजारमा हेमनाथ घिमिरेले वि.सं. १९९८ सालमा २,१००।- मा अढाइ रोपनी जग्गा र घर किनेका थिए । उनी त्यहीं बस्थे र हाल त्यसलाई उनका सन्तानले चर्चेकै छन् ।

☆ ☆

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. गुरोरभ्यर्थना

श्री गणेशायनमः ॐ परब्रह्मणेनमः

सच्चिद्घनं स्वं सुखबोधरूपं संख्यान्वितं दार्शनिकं त्वसंख्यम् ॥
आद्यन्तहीनं स्वयमादिभूतमुपाश्रये ऽहं गुरुमिष्ट देवम् ॥ १ ॥

पूर्णं परं ब्रह्ममयं विशुद्धं विद्याप्रदं भ्रान्तिवि .... ॥
आनन्दकन्दं बरदा ऽद्वितीयं भक्त्याभिवन्दे .... ॥ २ ॥

शब्दात्मनस्ते गुरुदेव ! आद्या सूक्ष्मा पराक्ति........... ॥
रुद्धेन्द्रियैर्योगविपक्वभावैः कैश्चिद्विपश्चित्प्रवरैः कदाचित् ॥ ३ ॥

पश्यन्ति ते तत्र कलां च पश्यन्तीं शब्दविद्वांस उत द्वितीयाम् ॥
ये योगिनस्तत्त्वविदित्सुवर्या ध्यानैकनिष्ठाश्च महानुभावाः ॥ ४ ॥

ध्यायन्ति बुद्धास्तव मध्यमांसमारोढुमिच्छन्त इतस्तृतीयाम् ॥
तत्साधयिष्यन्ति मनोरथं स्वं क्लेशं मृषन्तो विषयेषु सक्ताः ॥ ५ ॥

भक्तानुरागात्तव वैखरी तु विद्योतते द्वारबहिर्यदैव ॥
जानन्ति सर्वेऽभिमुखाः समुत्कास्तांतुर्यवस्थां मनुजास्तदेव ॥ ६ ॥

व्यक्तात्मिका विश्वजनीनरूपा सा चत्वदीया गुरुराज तुर्या ॥
मां मन्दभाग्यं न चकासयन्ती तद्दुर्भगं धिक् च महापराधम् ॥ ७ ॥

तद्भाग्यमेवं सुखदुःखहेतुः प्राग्जन्मजं जातु न कस्य दोषः ॥
मन्येय तर्हि व्यवसायिता हा अस्तं गता वेदपथप्रसिद्धा ॥ ८ ॥

पूर्वं गुरो नोचरितं मयाथ त्वत्सेवनं दुःखहरं पवित्रम् ॥
इच्छन्ति बालाः पितरौ सुदुःखा क्षुत्तृट्परीता रमणे हि सक्ता : ॥ ९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu



No. 11

Benares Government Sanskrit College Examinations.

Roll No. 394

This is to certify that Pandit Hemanath Ghimire

age 25 years

son of Pandit Purna Chandra [illegible] inhabitant of

Dhurkote, Nepal obtained the Title of Upadhyaya

in Vyakarana at the Uttama

Examination of 1923 held in the Sanskrit College, Benares.

[illegible]

घिमिरे [illegible] हेमनाथ नामा

२५ वर्षवयस्कः

पं. पूर्णचन्द्र [illegible] पुत्रः

नेपाल मण्डलान्तर्गत धुर्कोट निवासी

त्रयोविंशत्युत्तरैकोनविंशतिशततमे [illegible] उत्तमपरीक्षायाम्

व्याकरण [illegible] उपाध्यायपदवीं लब्धवान् इति प्रमाणीकरोति

MAHAMAHOPADHYAYA, M.A.,

REGISTRAR,

Government Sanskrit College Examinations,

Benares.

DATED BENARES;

The 15th [illegible] 1923.

पं. हेमनाथले उपाध्याय पदवी
पाएको प्रमाणपत्र

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावार्णवे मग्नमनन्यमीश ! श्रान्तं सुग्रस्तं क्षुधितैश्च ग्राहै : ॥
आधारहीनं स्वजनं समीक्ष्य मामुद्धरन्नो असि तन्मृतोस्मि ॥ १० ॥

को वा दयालुर्गुरुत: परो हि यो यच्छति स्वात्म ......: ॥
त्वत्त : परं वेद्मि न कश्चनात उत्कृष्टमिष्टं सु ... ॥ ११ ॥

मातापिता यच्छत इच्छतश्च भूतात्मकं देहमभी ... ॥
भूयो गुरुर्दिव्यमचिन्त्यमानमानन्दमात्रं विरत: प्रदत्ते ॥ १२ ॥

तस्यात्मभूतस्य गुरोर्दुरापं भ्रान्तै : प्रपञ्चादिषु व्यग्रभावै: ॥
संदर्शतं जन्म सहस्रभाग्यैर्लप्स्येकदा वा त्वदनुग्रहैश्च ॥ १३ ॥

नास्तीह कश्चिद्भवत : परो वा मान्य : शरण्योऽभयदो दयालु : ॥
जातेन तद्ब्रह्महरादिदेवान्त्वामेवमेवाऽभयदं प्रपद्ये ॥ १४ ॥

तस्मात्प्रयत्नं शरणं गुरो ! मां कारुण्यदृष्ट्यानुगृहाण नाथ ॥
दीनातिदीनं सुखशान्तिहीनं हानन्यनाथं ...... ॥ १५ ॥

नैतन्मया काव्यकलाविलासाद्विद्वत्तयावारी ... ॥
नूनं मनोदैन्यविवृत्तितस्तु संप्रेरिते नाधिगतिर्विकार ॥ १६ ॥

२. उपहारपुष्पाञ्जलि :

श्री ?

श्री गणेशाय नमः ॥ आकाश तेज : प्रपदश्चवार्भू :

सच्चिन्मयानन्दघनादखण्डात्सर्वात्मनोऽधिष्ठितविश्वरूपात् ॥
तस्मात्परब्रह्मण एव जातं दृश्यं जगत्स्थावरजङ्गमं च ॥ १ ॥

आकाशवाय्वात्मविकासवार्भूभूतात्मकं सर्वमिति प्रप ... ॥
तत्रैष लोक: किल पार्थिवस्तु पृथ्वीविभागाधिक तामगे ... ॥ २ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

अस्यां पृथिव्यां विविधा : प्रजाता जीवा जरायुवण्डज धर्मजाश्च ... ॥
प्रारब्धभोगार्थमिह प्रयुक्ता: संप्रेरकेणै वरजो गुणेन ॥ ३ ॥

तत्सर्वजीवेषु वरा मनुष्या : कृत्येष्वकृत्येष्वधिकारवन्त : ॥
सिध्यन्ति वेदोक्तविधानत : स्वे धर्मे सुनिष्ठा इह कर्मभूमौ ॥ ४ ॥

तत्रापि विन्ध्याद्रिहिमाद्रिमध्ये सत्त्वात्मिका भू : कथिता पुराज्ञै : ॥
वाञ्छन्ति यस्यां जननं हि निर्जरा: स्वर्ग स्थिता : का च कथा नराणाम् ॥ ५ ॥

शुद्धप्रजा : सच्चरिता सुगुप्ता पित्रा मनुष्येश्वर बाहुजेन ॥
एतादृशी सार्थकजन्मदात्री नेपालभूमिर्जननी विभाति ॥ ६ ॥

पित्रोश्चरित्रोत्तमयोस्तयोस्तु पुण्या : प्रजा धन्यतमा वयं च ॥
कर्तव्यमस्माकमत : स्वपित्रो: सेवोभयत्रापि सुखप्रदात्री ॥ ७ ॥

एवं स्वपित्रोरूपकारणाश: स्यान्निष्कृतिर्येन च साधनेन ॥
नह्यस्ति तद्वस्तु समस्तलोके व्यालोक्यमानेपि मन : प्रतीतम् ॥ ८ ॥

अस्मिन्कलौ भूमितलौकसां यन्नेपालदेशे जननं जनानाम् ॥
शम्भो : कृपादृष्टिलवं विहाय भाग्यं विना वा न सुलभ्यते तत् ॥ ९ ॥

अस्मिंश्च राष्ट्रे बहवो वहन्ति नद्य: सुधामय्य उदारवेगा : ॥
प्राक्सप्तकौशिक्यभिधानवत्य : सर्वांश्च देशान्सुपवित्रयन्त्य : ॥ १० ॥

प्रत्यक्तथा गण्डकिनामधेया: सप्तैव नद्य: प्रपुनन्ति लोकान् ॥
अद्भिर्भर्महद्भिर्विषयान्समन्तात्संमार्जयन्त्योपि विनाशयन्त्य : ॥ ११ ॥

तासूत्तमा गण्डकिकृष्णवर्णा श्रीविष्णुगर्भा जगति प्रसिद्धा ॥
यस्यां जले काष्ठ शिलास्थिभङ्गा : क्षिप्तानिम ... ॥ १२ ॥

यस्या जलस्पर्शनमात्रतो वै प्राणान्समुत्सृज्य ह ... ॥
जन्मक्षयौ सन्ददती विचित्रा संसारयात्रा नपु ... ॥ १३ ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यच्छालग्रामाख्यगिरौ स्थितस्य दामोदराख्यस्य सरोवरस्य ॥
अम्भः प्रवाहेण गता च कृष्णा सा गण्डकी मुक्तिजलेन भिन्ना ॥ १४ ॥

यस्या : सुचक्राङ्कितविष्णुरुपा तिष्ठेच्छिला यत्र गृहे वने वा ॥
तीर्थानि सर्वाणि वसन्ति तत्र भुक्तिश्च मुक्तिश्च भवेत्त्सुसिद्धि : ॥ १५ ॥

यत्संभवं तद्भुवि मुक्तिक्षेत्रं सर्वोत्तमं वैष्णवधाम जुष्टम् ॥
अप्सु ज्वलद्वन्हिमयो मुकुन्द : पापं प्रदह्य प्रददाति मुक्तिम् ॥ १६ ॥

अस्मिन्कलौ जन्मवतां नराणां मुक्तिं प्रदातुं जगदीश्वरेण ॥
यन्मुक्तिक्षेत्रं कृपया विसृष्टमन्तः प्रभोर्दीनदयात्वपारा ॥ १७ ॥

यस्यास्तटे वा रुरु नाम लोके क्षेत्रं प्रसिद्धं पवनं रिडीति ॥
मूर्तिं सुरम्यांहृषिकेशनाम विष्णो : प्रपश्यन्ति तपस्विनो यत् ॥ १८ ॥

पूर्वं तपन्त्या रुरुकन्ययात्र तीव्रं चतुर्बाहुरितोवदृष्ट : ॥
संप्रार्थितश्च प्रणयेन स्वीयां मूर्तिंवरं क्षेत्रवरे ... ॥ १९ ॥

एवं विधै : क्षेत्रशतै : प्रदेशै : पुण्यैस्तथान्यैः सु ... ॥
विभ्राजते राजमणिच्छटाभि : सा राजधानी त्वस ... ॥ २० ॥

यद्राजधान्यां हि महेश्वरेण संरक्षितायां निज ... ॥
सन्ति प्रजाधर्मविदोनयज्ञा : शूरा : सुवीरामनु ... ॥ २१ ॥

क्रूरे कलौ संप्रति दुष्टकाले ब्रविष्ठ धर्मिष्ठ सुधीर ... ॥
नेपालतोऽन्यत्र न सन्ति हन्त देशेषु राजन्यनृपा : ... ॥ २२ ॥

वर्णाश्रमाणमितरेषु धर्मो देशेषु साङ्गश्च कु ... ॥
म्लेच्छैश्च गौराङ्गगणैर्विलीनो राजापदेशौ ... ॥ २३ ॥

तद्धर्मरक्षार्थमिवेश्वरेण दुर्गाश्रिता क्षत्रिय राजधानी ॥
नेपालनाम्नी पशुपालधाम्नी सानन्तशक्तिरचिता विचित्रा ॥ २४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digiti...



पं. हेमनाथ घिमिरे

जन्म : वि.सं. १९४९ मार्ग

देहान्त : वि.सं. २०३२ श्रावण शुक्ल द्वादशी (काशीमा)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्यामिदानीं निखिलप्रजानां भाग्योदयेनैव तमस्थितानाम् ॥
ध्वान्तं निरस्यन्नुदयो विराजो वंशोदयाद्रौ भवतो नु पूष्ण : ॥ २५ ॥

धर्मो हि नष्टो दुरितं विवृद्धं सत्यं गतं वा नृतमिद्धमेव ॥
इत्थं त्वनर्थ बहुलं विचार्य धर्मस्य सत्यस्य च रक्षणाय ॥ २६ ॥

दीनस्य साधोरतिदुःखितस्य नाथैर्विहीनस्य च पालनाय ॥
तव्धस्य चौरस्य विधातकस्य वित्तापहर्तुश्च विहिंसनाय ॥ २७ ॥

देवं भवन्तं सुकृतावतारमीशस्य जानन्ति जना इदानीम् ॥
तेजस्विनं स्वामिगुणैश्च रम्यंस्तुत्यं स्तुवन्ति स्तुतिमिश्च भद्रम् ॥ २८ ॥

इन्द्राग्निधर्मा निर्ऋतिप्रचेतो वायुक्षपानार्थी ... ॥
अंशेन पृथ्वीश्वरमाहुरार्या ज्ञायेत कार्येण... ॥ २९ ॥

श्रीमन्महाराज । महीमहेन्द्र । धर्मार्थ मोक्ष ... ॥
विद्याकलाकौशलशासनेन पासि प्रजानाथ । पत ... ॥ ३० ॥

राजन्यवर्योसि च दीनबन्धो । प्रज्ञादयास्तिक्यविवेकसिन्धो । ॥
दाक्षिण्यशौर्यादिगुणा न्वित : सन्धर्मं पुनः स्थापयसीव राजन् ॥ ३१ ॥

कल्पद्रुमोस्यर्थिजनप्रजानां दीक्षागुरु : क्षत्रियकार्मुकाणाम् ॥
त्रातासि भीतार्तसुदुःखितानां ह्येषोर्थत : क्षत्रियसद्गुणानाम् ॥ ३२ ॥

एतर्हि राज्यस्य सुशासनान्ते धन्या : प्रजा नाथ । सुखं रमन्ते ॥
राज्यं नवं राजपृथोरिवैतद् निष्कण्टकं स्थास्यति वै चिरं सत् ॥ ३३ ॥

तस्मै विनीताय नये महीयसे दीर्घायुषे त्याग उदारचेतसे ॥
वेदोक्तिमत्स्वस्ति सहस्रसो S हं राजर्षिवर्याय समर्पयेयम् ॥ ३४ ॥

जङ्गादिनानाविरुदावलीभिर्विद्योत्तमानस्य नरेश्वरस्य ॥
तस्य प्रजावत्सलपार्थिवस्य श्रीयुद्धसंसेरबहादुरस्य ॥ ३५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

वंशोत्तमे ऽ पूर्वनृपोत्तमस्य साम्राज्यलक्ष्म्याश्रितविग्रहस्य ॥
सद्धर्ममूर्तेश्च मनस्विनस्ते भिक्षुर्द्विजन्मा शरणं गतो वै ॥ ३६ ॥

.... नेपालपाख्ये धूर्कोटनामाभिजनः प्रदेशे ॥
.... विहाय नेपालपालस्य सुपाकशालाम् ॥ ३७ ॥

.... दि विद्यामभ्यस्य काशीमगमं विकारिम् ॥
.... मां च तत्रैव वासाध्ययने विधाय ॥ ३८ ॥

.... नालयास्थां प्यदां परीक्षामपिचोत्त ...... ॥
.... कीयाध्यक्षेण प्रामाणिकपत्र यु ... ॥ ३९ ॥

उक्ते चतास्मिन्नथ राजकीये सारस्वते संस्कृतपुस्तकानाम् ॥
विद्यार्थिवृत्तिं भवने गृहीत्वा वेदान्तशास्त्राध्ययनं द्विवर्षम् ॥ ४० ॥

कृत्वाततो दैववशात्स्वकीयं गृहं गतोहं वन पर्वतीयम् ॥
पित्रादिलोकान्तरसंप्रयाणे विद्येव पोष्टाख्यपदा परीक्षा ॥ ४१ ॥

पूर्णा नभूता शरदेकतो मे दत्तं च खण्डं खलु धर्मशास्त्रे ॥
एतावतीं संस्कृतशास्त्रविद्यां बह्वब्दतोऽधीतवतः सयत्नम् ॥ ४२ ॥

अब्दा व्यतीता दशमेऽ धुनापि विद्याव्ययो यत्र न लभ्यते तत् ॥
.... मन्तरापि नवर्द्धते वारि यथा सरःस्थम् ॥ ४३ ॥

.... प्रजानां महोदयं न्यायविदं दयालुम् ॥
.... मनन्त कीर्तिमनन्यनाथोपि स हेमनाथ : ॥ ४४ ॥

इति

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. केही चिठी

श्री

(क) श्री युत पं. चिरंजीवि शर्मणि
शुभाशिष :

उप्रान्त यहां सवैलाई कुशल छ तंहां पनी कुशल रहोस् . धेरै भयो हालषवर केहि पाइदैन व्यवसाय के छ छोराहरू काहा छुन् के गर्छन् नेपाल आएका छोराले कति पढ्यो नजीकैमा भीमकान्त पंडीत वेश छन् . तिनैसंग पढनु वेश छ . देशान्तरमा जान आत्तिन्छन्. हुन त देश दङ्गल नषाएको छोरो उति चतुरो हुदैन तिमी स्वयं अभिज्ञ छौ के भनौ अर्को तृतीय पुत्र जन्म्यो भन्दा सुनिन्छ *यष्टव्या वहव : पुत्रा* भनेको पनी छ . असल हो दाङ्बाट वासुदेव आएको थियो रे भन्दा सुनिन्छ . गयो होला उसले पनी पढन छोड्योकी चिठी पनी लेखदैन. के व्यवसायमा छ फेरि विवाह गर्न षोजेको छ रे भन्दा पनी सुन्थे. क्या हो. हाम्रो छोराको के चाल्छ चिठी पत्र पनी लेषदैन. ठुला घरे ठाईला संग रु. लिनु थियो दिएकी . लीदा घरवास नदेर १५ दिनमा दिन्छु भवी लीएका हुन् अझ संम पनी दिदैनन् के चाला होला व्यवहार यस्तै हुदो रहेछ वासुदेवले दिनु पर्ने थियो उसले पनी पठाइ दिएन. म त रोगी बुढो पनी भने कलियुगको आयु ६० वर्ष हो ६० नाघीयो जन्म साफल्य भएन हुनता तिमीहरुले भन्दा हौ की नेपाल वसेको छस् चयन छ यहा= केही सुख जिन्तिन् प्राण धानेर वसेको छु . कहा जां घरआं भने पनी वसी वसी खान पुग्दैन. काम गर्न शक्तीदैन - अगत्यायहा वसेको छु . वेतन पनी शतदेषी वढेको छैन तेती यो मगीमा के हुन्छ जेठान् पनी झडा (झगडा?) मा आउनु भएको छ नाती सहित हुनुहुन्छ . वुढो भएपछि वढदै जाने तृष्णाको के वयान् गरौं तर जान्नेले घटाउनु पर्छ . वषतमा हालषवर लेषदै गरे

भवदीय – हेमनाथ

सं. २००९ चैत्र १३ गते

(ख)

श्रीमान् पुरुषोत्तम शर्मा अर्घाखाची नरपानी प्र.जि.अ. कार्यालय अ. लुम्बिनी जि. गोरखपुर पो. नौतनवा भैरहवा	पं. हेमनाथ उपाध्याय दुर्गाघाट २२ / ७२ वाराणसी

(२०३२ ।३ । २० मा प्राप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. हेमनाथकी धर्मपत्नी बिष्णुकुमारी घिमिरे
जन्म : वि.सं. १९५९ श्रावण
देहान्त : वि.सं. २०४८ पौष

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्ति श्री चिरजीवी पुत्र पुरुषोत्तम शर्मणि

शुभाशिष :

उप्रान्त तहाबाट पठाएका चिठीहरू करावर आएका छन् र यहाबाट लेखन आँखा नदेखेर हात कामेर न लेखेको हो राजेन्द्रले पनी वरावर लेखेको छ यसपालीका अक्षर त छापाका जस्तै थिए आफै लेखेको हो की अर्कालाइ लेखन लगाएको हो यस्ता अक्षर लेखला भन्ने त मनैमा थिएन गरे हुने रहेछ । यहा हामीलाई नटेरेर पो रहेछ गरे के नहुने हुन्थ्यो बाबुका साथमा वसेर यस्तो सिक्षित भएछ यस्तो होला भन्ने थिएन गरेर नहुने के छ । पठन पाठन कस्तो छ वैसै होला यहा पनी गर्मी ज्यादै बढेको थियो दशहराको दिनदेखी ३ दिन अविच्छन्न आयो अैले गर्मी छैन खाद्यवस्तु सवै शकियो केही पनी छैन दुलही पनी आइन मैलेनै ज्यादा गर्मी हुना(ले) गर्मी हटेपछि आउनु भनी लेखेको थीए अवता हट्यो ठूलाको त केहि पत्ता छैन भलोइमा ४ दिन वसेर गएको हो तहा देखी आवत्त जावत लेखापडी केही छैन महेन्द्र पनी जाच दिएर गएको हो तहा देखि केही पत्ता छैन यस्तो पनी मानिस हुदा रहेछन् अस्तु- अव हामीका निमित्त के वन्दोवस्त गर्दिन्छौ पानी ल्याएर ... गरेर खाने शक्ति छैन दुवै जना अशक्त छौ पहीले यति वाचिएला भन्ने थाहा हुदो रहेनछ अझ कति बाचने हो यस्तो लोटेर मरिएन तिमिहरुलाई दु:ख दियौं अव एक मानिसको वन्दोवस्त गर्नु पर्‍यो तेसलाइ खानका निमित्त थोरै पनी ५०। ६० रु मैनाको नभै हुदैन कोहि परिचित पढन खोजने लडको मैले उसलाई पनी पढनका निमित्त खर्च चाहिएन फाइदै हुन्छ सिदासादा तेस्मापनी संस्कृत पढने भए वेस हुन्थ्यो आजकाल तेस्ता पाइने छैनन् जसरी भए पनी यो नमिलाइ भएन वरु हामीले नखाएर भए पनी तेसलाई दिनु पर्‍यो आउदा लीएर नै आउनु पर्‍यो यहा हाम्रो अवस्था देखेपछी थाहा हुने छ डराउन-दिने- भूत जस्ता छौं भैरहवाको चामल ल्याएको भए पनी त १।२ मैना निर्वाह हुन्थ्यो तेती पनी पठाइ दिदैनं शक्ने १०।२० वर्ष भैरहवा वसेर पनी तेतीसंम पनी नसक्ने अलम् राजेन्द्रलाई आशीर्वाद

आषाढ ८ गते

शुभेच्छु – हेमनाथ

(ग)

श्री पुरुषोत्तम शर्मा प्र.जी.अ. अर्घाखाँची नरपानी हु. नरपानी भैरहवा P. नौतनवा Dit गोरखपुर (पश्चिम नेपाल)	हेमनाथ शर्मा दुर्गाघाट वाराणसी

(२०३१।४।३ मा प्राप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्तिश्री चिरंजीवि पुरुषोत्तम शर्मणि

शुभाशिष

उप्रान्त तहावाट मानिसका हात पठाएको पत्र हाम्रा हातमा नदी ब्रह्माघाटको घरको डेरै गएछन् पछी पत्ता पाइयो र हात पऱ्यो राजेन्द्र ञहा आएको छैन कहिंवाट चिठी पत्र पनी आएका छैनन् श्रावण लागेपछी अलि २ वर्षा भएकोले गर्मी हट्यो- आजकाल सुविधा छ महेन्द्र आएको १५।२० दिनभयो औषधी उपचार गर्न आएको हुं भन्छ वेचु (बी.एच.यू.) वरावर जान्छ रोग पत्ता लागेको छैन काठमाण्डूबाट सुरेन्द्रले चिठी लेखेको थियो V क्लासमा पढ्छु जाच पनी दें पास भएं विदामा भैरहवा आउने छु तहां पनी दर्श गर्न आउंला ञहा घरमा कमला सुशील बसनु भएको छ घरको नजिकै मोटर वाटो आएकोले हाम्रो जमीन अलिकति गयो भनी लेखेको थियो. यो लेखाइवाट राजेन्द्र भन्दा धेरै होसियार भएछ भन्ने लाग्यो वहुतै खुसी लाग्यो आफनु सन्तान असल भएकोमा खुसी लागनु स्वभावै हो राजेन्द्र पनी जडता होइन ग्रह दशाका प्रभावले वुद्धि विग्रन जान्छ १ वर्ष माष्टरका साथ राखेर पढाउनु पऱ्यो आफुले पनी ध्यान दिनु पऱ्यो अैले काहा छ आफ्नै साथमा राखनु पऱ्यो पढाउनु पऱ्यो दुलाहिहरु आई पुगे होलान् यो मलमास सीतालाई दुलाहासीत राखन हुदैन आमासित आइकी आफ्नो परंपरा छोडन हुदैन अनादिकालदेखि आएको हो कसले के जान्दछ २।४ दिन काल परिणाम भयो भन्दैमा सधै यस्तै रहन्न वद्लिदै जान्छ वैदिक धर्म छोड्नु हुदैन वेद अनादि हो पुरुषले वनाएको होइन: वेदले भनेको सत्य हो अरु के भनुं आज श्रावण २३ मा भैरहवा गयो माहिलावाको तारेख छ भन्थ्यो २० को तारेक छ भन्थ्यो गुज्रे होला

स्वस्तिश्री पुत्र पुरुषोत्तममा आमाको दिनदिनको आशिष छ

हितैषी – हेमनाथ
दुर्गाघाट
०३१ श्रावण २३ गते

श्री

। ३१० आषाढ ५ गते दुर्गाघाट २२।७२

(घ) स्वस्तिश्री चिरंजीवि पुत्र पुरुषोत्तम शर्मणि

शुभाशिष:

उप्रान्त ञहा हामी दुवै जना २।४ दिन भयो आषाढ लागे पछी यता पानी वर्षेकोले संचो लागेको छ ज्येष्ठमा आउँरगत परेर पाईखाना संमपनी जानशकेको थिन आजकाल औषधी

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाएर संच भयेको छ ठूलाको छोरो ध्रुव मोटरको काम शिकन भनेर आएको १ मैना जति बसेर काम पाइन भनेर घरै जान्छु भनेर गएको फेरी चिठी पत्र केही छैन। ठूलालाइ कति चिठी लेखें उत्तरै दिएन के स्वभाव हो सीतारामसंग ञही आएको भए व्याज समेत लिने थिए. सावाव्याज सवै ल्याएको रहेछ मसंग सावा मात्रै ल्याएको छु लिने भए लिनुहोस् व्याज दिन सकदिन भन्यो र सावा भए पनी बुझ्नु पर्‍यो भनी बुझें राजेन्द्रको बारेमा राजेन्द्र स्कूलमा जाने रहेनछ नाम काटिइसकेको रहेछ मलाइ थाहा थिएन वुझ्दा नाम काटिसकेको रहेछ जाचै दिन नपाउने हुदा राखेर के गर्नु भनी रेल भाडा खर्च दिएर पठाञे त्यो गएको अर्को दिन ताहा तलाइ सवै कुरा लेखी पठाइ डाकद्वारा चिठी लेखे हुं ताहा आएन की के भयो ताहाबाट तेस्को उत्तर केही आएन राजेन्द्रले म भैरहवा आइ पुगे भन्ने खबर पठायो अरु केही पनी नलेखेको दुलही सीताहरु कसैले पनी चिठी नै लेखेनन् ञाहाबाट ३।४ चिठी लेखें कसैले केही लेखेनन् आश्चर्य लागेको थियो यो चिठीबाट थाहा. भयो विवाहको काममा लागेका रहेछन् राजेन्द्रको वारेमा के गर्ने भन्ने विषयमा जति गर्नु पर्ने गरें केही लागेन। व्रतबन्ध गरेर पहिले संस्कृत पढला ... भनी २।४ मैना कोसिस गरें तेस्मा रुचि नभएकोले इङ्लिसमा लगाञे हिसाब जोड भाग पनी केही नजान्ने हिसाव पढाउन लगाञे त्यसमा पनि मनै नदिने ८ मा भर्ना गरेर पनी जिन्तिन् पास संम भयो रांरो पढेन साथिभाई पहिला दोश्रा हुन्छन् उ पास मात्र। ९ मा थाल्यो मात्र स्कूल जाने रहेनछ हामी बुढाबुढी खान दिन्छौ उ खेलने साथीहरुसंग घुम्ने सिनेमा हेर्ने चुरोट खाने तास खेल्ने यस्तै कुलतमा लागेर विग्रेको हो हामीले अधीनमा लिन सकेनं हाम्रै दोष हो ञहा हामी संग बुद्धि नै नभएको हैन. जाचमा हिसाव मुख्य छ व्यवहार पनी हिसाव नभै काम लाग्दैन. हिसावको जगैदेखी माष्टर राखेर पढाउनु पर्छ. वर्ष दिन राखेर पढाए पछी हाइस्कूल दिन आगे साल मानीसको साथ लगाइ पठाए ठीक पर्ला की व्याहान वेलुकी खाना मात्र हाम्रा साथ पठाए होला विचार गरेर १ वर्ष आफ्नै रेखदेखमा राखी पढाउनु पर्‍यो . नत्र विग्रने भयो मैले पढ्नु पर्छ भन्ने बुद्धि कहिले आउने हो ग्रहदशा पनी कस्ता छन् छोरो पाएर मात्र नहुने तह लगाउन सक्नुपर्छ रिसाएर मात्र हुदैन त्यो विग्रयो भने आफ्नु स्मेत इजत जान्छ छोरो जस्तो नाति त हप्काउन सकीने रहेनछ. मैले नसकने भएं तेसवाट मेरो सेवा पनी हुदैन उलटो संताप हुन्छ खान लाउन दिएकै छौ सेवा भएकै छ साथ वसेर मात्र हुदैन. तिमिहरुका साथ वस्ने प्रारब्ध रहेन छ दिदी भांजाहरुले पनी चिठीपत्र लेखदैनन् जहदाबाट पनि लेखदैनन् आमाको आशीर्वाद छ। कम्मर दुख्ने व्यथा छ पाखनवेत पठाउन दिदीलाइ भनी दिनु-

राजेन्द्रका हिसाब किताब पठाइ दिएको पाए नपाएको केही पनि लेखदैन पैसाको वासता छैन बादसाहा जस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

आषाढ ११ गते
२२। ७२ दुर्गाघाट

(ङ) स्वस्ति श्री चिरंजीवि पुत्र पुरुषोत्तम शर्मणि

शुभाशिष:

उप्रान्त त्यहावाट पठाएको चिठीको उत्तर अर्को दिन डाकद्वारा पठाएको हूँ हस्तगत भइकै होला सीताको विवाह भएछ वैशै भयो गोप्य राखनु भनेको ता पहिले नै थाहा पाई ... रहे छन् आजकाल ... न्छ सपत्नी रहिछ. केर. भवितव्य नभइ छोडदैन राजेन्द्रको विषयमा उत्तरकाल नविग्रोस हामीसंग वसदा सप्रला भनेको उल्टो विग्रेर गयो १ वर्ष माष्टर साथ गरेर अर्कोवर्ष जाच दिलाउनु पर्छ तेती नगर्ने हो भने सडेर जान्छ आफ्नु इज्जत पनी जान्छ ... पैसा जति पनी खर्च गर्न दिनेखाने उडाउने तासजुवा तेसपछी रण्डीवाजी पनी गर्न सक्छ तेसमा ध्यान दि राख्नुपर्छ ञहां नपठांउनू हीसावको कीताप पठाइदिएको छू हिसावको जगै छैन माष्टरकां लगाइ दिनुपर्छ .... आखा देखदिन

पिता-हेमनाथ

श्री

३१ भाद्र २० गते

(च) स्वस्ति श्री चिरंजीवि पुत्र पुरुषोत्तम शर्मणि

शुभाशिष:

उप्रान्त ञहा हामीहरु दुवैजना कुशलै छौ. वैरामी भनौं भने सदै के वैरामी भनौ विछाउनाबाट तलमाथी गर्दैछौ तहांबाट चिठीपत्र नआउदा मन प्रसन्न हुन्न यो मन तलै जादो रहेछ माथी जादो रहेनछ अनुभव हुन्छ यतिका भैशक्यो बुहारी नातिनीहरु राजेन्द्र काहा छन् थाहा पाउन सकेका छैनं ञहाबाट पठाएको चिठीको उत्तर पनी पाउन शकीन चिठी नै आउदैन की सानीलाई पनी कति चिठी लेखीयो बाटामा वसेकी छ खवर लेखदिन आफुले नजाने पनी वुहारी लेखने छ १ चिठी लेखेकी छैन अस्तु. राजेन्द्रले के गर्छ तेसैको पीर लाग्छ मान्छे हुन्छ कि हुन्न सुरेन्द्रले लेखेको थियो कस्ता राम्रा अक्षर कस्तो विनय लेखाइ तेसलाइ देखाउन पठाएको छु खर्च पनी सकियो ञहांको असल चामललाई किलोको रु ४। पर्छ १ रुको तर्कारी चुत्थो किलो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. हेमनाथको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

पनी पाइन्न भनी साध्य छैन घ्यू वली दिन पनी हरायो मानिसको अनुकूल पर्छ कि तौलियाका गोपीराज पनि आएछन् गङ्गाजी यो सालकम छ श्रावण देखि गर्मी कम छ महेन्द्र ऱहा १५ ।२० दिन वसेर गएकोले आवत जावत चिठी पत्र केही छैन अरु के लेखम्

हितेच्छु – हेमनाथ दम्पती

वुहारी नाति नातिनीहरुमा हामी दुवैको शुभाशिष :

४. छात्रवृति स्थापना

श्रीमान् उपकुलपतिज्यू ,
महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङ ।

महोदय,

मेरा पूज्य पिताज्यू स्व.पं. हेमनाथ उपाध्याय घिमिरेले नव्यव्याकरण विषयमा आचार्य परीक्षा उत्तीर्ण भएपछि नव्यव्याकरण विषयको उन्नति र बिस्तार होस् भन्ने उद्देश्यले उक्त विषयकै पठनपाठनमा आफ्नो सम्पूर्ण समय लगाउनु भएको थियो । तसर्थ उहाँको उक्त उद्देश्य पूरा गराई दिनु मेरो कर्तव्य भएको र म पनि संस्कृतप्रेमी भएकोले संस्कृत विद्याको उन्नति र विस्तारमा मेरो पनि केही योगदान होस् भन्ने ध्येयले उहांको सम्मान र सम्झनामा नव्यव्याकरण विषयको ***पं. हेमनाथ छात्रवृत्ति*** को स्थापना गर्ने निर्णय गरी उक्त छात्रवृत्तिका निमित्त चाहिने एकमुष्ट रकम रु. ४०,०००।- चालिस हजार रुपैयाँ अक्षयकोषको रुपमा त्यस विश्वविद्यालयलाई प्रदान गर्दछु । उक्त रकमलाई म.सं.वि.वि.ले. बैंकमा मुद्दती खातामा राखी त्यसबाट प्राप्त हुने व्याजबाट निम्न लेखिए बमोजिमको व्यवस्था भएको ***पं. हेमनाथ छात्रवृत्ति*** को स्थापना गरी विश्वविद्यालयबाटै संचालन गरिदिनुहुन विनम्र अनुरोध गर्दछु । साथै छात्रवृत्ति प्रदान गरेर बाँकी हुन आउने रुपैया त्यसै अक्षयकोषमा राख्ने व्यवस्था हुन पनि विशेष आग्रह गर्दछु ।

छात्रवृत्तिको विवरण

१. छात्रवृत्तिको नाम.- ***पं. हेमनाथ छात्रवृत्ति*** रहनेछ ।

२. छात्रवृत्ति मासिक रु . ५००।- का दरले दिइने छ । एक वर्षमा २ महीना छुट्टि अवधिको कट्टा गरी बाँकी १० महीनाको लागि मात्र प्रदान गरिनेछ ।

३. यो छात्रवृत्ति नेपाल अधिराज्यमा म.सं.वि.वि. को उत्तरमध्यमामा व्याकरण मुख्य विषय लिई सबै भन्दा धेरै अंक प्राप्त गरी परीक्षामा सफल भै नव्यव्याकरण मुख्य विषय लिई

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलसचिवको कार्यालय
OFFICE OF THE REGISTRAR

महेन्द्र संस्कृत विश्वविद्यालय
काठमाडौ कार्यालय, वसन्तपुर,
पो.ब.नं. ५००३
In reply please refer to

Mahendra Sanskrit University
Kathmandu Office, Basantapur
P.O. Box No. 5003

Date / दिनाङ्क :- २०४७।२।२७

पत्र संख्या :- (फा ७) आ.प्र.शा. (०४६।०४७)
चलानी नम्बर :- ५५६

विषय :- छात्रवृतिको लागि रकम प्राप्त भएको।

श्री पुरुषोत्तम शर्मा,
गुल्मी धुकोर्ट लुङखर्क,
हाल - धोबीधारा, डिलीबजार,
काठमाडौं।

यहांले महेन्द्र संस्कृत विश्वविद्यालयमा स्व. पं. हेमनाथ उपाध्याय घिमिरेको नाममा राख्नु भएको "पं. हेमनाथ छात्रवृति" कोषको रकम रु. ४०,०००। - (चालीस हजार) महेन्द्र संस्कृत विश्वविद्यालयमा नगदै प्राप्त भयो।

सहयोगको लागि धन्यावाद ज्ञापन गर्दछु।

(लक्ष्मण पोखेल)
नि. लेखा नियन्त्रक
महेन्द्र संस्कृत विश्वविद्यालय, केन्द्रीय
कार्यालय, दाङ।

पं. हेमनाथको नाममा छात्रवृत्तिको स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by ...

शास्त्री तहमा अध्ययनरत प्रतिभाशाली छात्र वा छात्रालाई दुई वर्षको लागि एकै व्यक्तिलाई प्रदान गरिने छ ।

४. यो छात्रवृत्ति पाउने छात्र वा छात्रा कुनै पनि वार्षिक परीक्षामा एक पटक अनुत्तीर्ण भएमा निजलाई फेरि यो छात्रवृत्ति दिइने छैन । त्यसपछि अर्को वर्षदेखिको छात्रवृत्ति पुनः उत्तरमध्यमा परीक्षामा सबैभन्दा धेरै अंक प्राप्त गर्ने दफा ३ बमोजिमको छात्र वा छात्रालाई प्रदान गरिने छ र त्यसपछि पनि सधैं भरि यही प्रक्रिया चालु रहने छ ।

५. यो छात्रवृत्ति प्राप्त गर्ने छात्र वा छात्राले अन्तिम परीक्षा उत्तीर्ण भएपछि ***पं. हेमनाथ छात्रवृत्ति र आफ्नो अध्ययन विषयमा*** गद्य वा पद्यमा एक लेख महेन्द्र संस्कृत विश्वविद्यालयमा दिनु पर्नेछ ।

५. पं. हेमनाथ छात्रवृत्ति स्थापना

काठमाडौं जेठ ३० गते गुल्मी, धुर्कोट, लुङखर्क घर भई हाल धोवीधारा डिल्लीबजार बस्नु हुने पुरुषोत्तम शर्माले आफ्ना स्वर्गीय पिता पं. हेमनाथ उपाध्याय घिमिरेको स्मृतिमा महेन्द्र संस्कृत विश्वविद्यालयमा रु चालीस हजारको ***पं. हेमनाथ छात्रवृत्ति*** स्थापना गर्न रकम प्रदान गर्नु भएको कुरा विश्वविद्यालयले जनाएको छ ।

उक्त विश्वविद्यालयबाट उत्तरमध्यमा तहमा व्याकरण मुख्य विषय लिई महेन्द्र संस्कृत विश्वविद्यालयमा अध्ययन गर्ने छात्र वा छात्रा एक जनालाई उक्त कोषको वार्षिक व्याजबाट मासिक रु पाँच सयको छात्रवृत्ति रकम प्रदान गरिने छ ।

स्व.पं. हेमनाथ उपाध्याय घिमिरेको २०३२ सालमा निधन भएको थियो । [१]

सन्दर्भ स्रोत

१. दुर्गाप्रसाद अर्ज्याल, बौद्ध रामहिटी
२. पुरुषोत्तम शर्मा घिमिरे, बानेश्वर

☆ ☆

१. "पं हेमनाथ छात्रवृत्ति स्थापना" (समाचार) *गोरखापत्र* २०४७ जेठ ३१ गते, बिहिबार पृ. ६ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डितप्रवर पद्मप्रसाद भट्टराईको संक्षिप्त जीवनी

मैले पद्मप्रसादलाई कसरी चिनें

(क) वि.सं. २०२५ सालको आखिरी या २०२६ सालको शुरुको वैशाख महिना हुनुपर्छ (ठीक मिति अहिले मैले बिर्सें) म र मन(वेदविषयका प्रकाण्ड नेपाली विद्वान् पण्डित सोमनाथ पौडेलका माहिला सुपुत्र) जसको नाम योगनाथ पौडेल हो तर व्यवहारमा मन प्रचलित थियो) वेद-वेदाङ्ग विद्यालय ठमेल (कविराज तीर्थराज आचार्यले संचालन गरेको तथा २०२२ सालमा स्थापित) को वार्षिकोत्सवको उपलक्ष्यमा निमन्त्रणा कार्ड पुऱ्याउन पद्मप्रसाद भट्टराईको घर गौह्रीधारा गयौं । योभन्दा पहिले मैले पद्मप्रसाद गुरुको नाम फाट्टफुट्ट सुनेको मात्रै थिएँ तर उनलाई प्रत्यक्षरूपमा देख्ने अवसर भने पाएको थिइन । हामी दुवैजना सरासर गुरु सुत्नु भएको पश्चिमपट्टिको कोठामा गयौं र निमन्त्रणाकार्ड दिएर हामी दुवै हिंड्यौं । समारोहमा गुरु उपस्थित हुनसक्ने अवस्था त छँदै थिएन तर सम्मानका लागि मात्र निमन्त्रणाकार्ड दिएको थियो ।

त्यसपछि २०२८ सालको गुरुपूर्णिमाका दिन विष्णुप्रसाद सुवेदी (ब्रह्मचारी डा. रामप्रसाद सुवेदीका भाइ) र म बेलुका पद्मप्रसाद भट्टराईको घर गैह्रीधारा गयौं । हामी गुरुको पूजा गर्ने उद्देश्यले गएका थिएनौं, त्यत्तिकै लहडबाजीमा घुम्दै गएका थियौं । गुरुको दर्शन गरेर दुवै जना थपक्क बस्यौं । यो पटक गुरुको ओछ्यान पूर्वपट्टिको कोठामा थियो । एउटा ढुङ्गामा गुरुको पूजा गरिएको थियो । अडिएर पूजा ग्रहण गर्न सक्ने अवस्था गुरुको नभएको हुँदा ढुङ्गालाई गुरुको प्रतीक मानेको पनि हुनसक्छ । अगाडि गुरु नभएर ढुङ्गालाई प्रतीक मानेको चाहिं होइन, अथवा यसो पनि हुनसक्छ- धेरै जनाले अवीर फूलले गुरुको जीउमा पूजा गर्दा गुरुलाई बढी पीडाको अनुभव हुने भएको हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजासामान जीउमा छुवाएर दुङ्गामा राखेको होस् । केही समय त्यसै बसेपछि गुरुसँग कुराकानी भयो । परिचयका क्रममा मैले आफ्नो घर रामेछाप जिल्लाको सैपू गाउँ र पढाइको मूल विषय व्याकरण हो भनेर बताएँ । धेरै बोल्न ठीक हुँदैनथ्यो । त्यसैले मैले पनि गुरुका प्रश्नको ठीक ठीक जवाफ मात्र दिएको थिएँ । त्यसपछि खुशी हुँदै गुरुबाट मलाई व्याकरणको - *संस्कर्ता* प्रयोग साध्न आज्ञा भयो । मैले जानेसम्म साधें । गल्ती भएका ठाउँमा गुरुबाटै सच्याउने काम भयो । विद्याप्रतिको अगाध प्रेमले गर्दा यस्तो रुग्ण अवस्थामा पनि पढ्न आउने र नजानेको कुरा सोध्नेलाई अत्यन्त जाँगर र उत्साहका साथ गुरुको सिकाइदिने बानी थियो । यो एउटा प्रसङ्ग यहीं तुरियो ।

(ख) बिहानको ठीक दश बजेको समय थियो । पद्मप्रसाद भट्टराईलाई व्यथाले झन्झन च्याप्दै लगेको र बनारसमा लैजाने तरखर चलिरहेको खबर संस्कृत छात्रावासमा आयो । हामी केही साथीहरू हस्याङ्फस्याङ्ग गर्दै गैह्रीधारा गयौं । शिव भट्टराई बनारस लैजान दौडधूप गर्दै थिए तर डाक्टरको सल्लाह अनुकूल नभएको हुँदा यो योजना खारेज भयो । पण्डित पद्मप्रसाद भट्टराईप्रति शिक्षामन्त्री कृष्णराज अर्ज्यालको पनि सहानुभूतिपूर्ण सहयोग प्राप्त भएको थियो । **काश्यां मरणान्मुक्तिः** भन्ने शास्त्रको भनाइ अनुसार कैयौं नेपाली विद्वान्हरू जन्मभूमिलाई त्यागेर काशीमा गई प्राण विसर्जन गर्न चाहन्छन् । उता पद्मप्रसाद भट्टराईलाई आर्यघाट लैजान थुप्रै मानिस जम्मा भैसकेका थिए । उनलाई एउटा खाटमा सुताए । खाटको चारसुरमा चारजना मानिसले समाए । नेपाल र भारतका विख्यात विद्वान् जोसित शास्त्रको गूढ रहस्य सन्निहित थियो ती अब आफ्नो घरपरिवार र संसार छोडेर अनन्त यात्रामा जाँदैछन् । सायद अब नबाँच्ने पक्का भएरै होला यहाँ उपस्थित सबैजनाको अनुहार पनि मलीन देखिन्थ्यो । मधुसूदन रिसाल "प्रदीप" गीता पाठ गर्दै थिए । मैले पद्मप्रसादलाई राखेको खाटको शिरानपट्टिको एकसुर समाएँ । यस अन्तिम घडीमा पनि पद्मप्रसाद न्यायकै कैयौं कठिन कुरा बरबराइरहेका थिए । उनको जाज्वल्यमान अनुहार थियो । दर्शन भनेको आँखो हो । पूर्वीय दर्शनलाई राम्ररी पचाएका हुनाले उनको विद्वत्तासँग प्रतिस्पर्धा गर्ने विद्वान् नेपालमा अरु कोही थिएनन् । त्यसैले पद्मप्रसाद नेपाल आमाका विभूति हुन् । गैह्रीधारादेखि आर्यघाटसम्म पद्मप्रसादको मुख खाली एक निमेष पनि रहेन । उनी आफूले पढेका कुराको आवृत्ति गरिरहेका थिए । आर्यघाटमा, पशुपतिनाथको पूर्वपट्टिको ढोकाकै समीपमा बेरामी राख्ने कोठामा पद्प्रसादलाई राखिएको थियो । त्यहीबेला योगी नरहरिनाथ आएर विख्यात विद्वान्को दर्शन गरे । एकछिन् बसेर हामी सबैजसो आ-आफ्नो बाटो लाग्यौं । बिरामीपाटीमा राखेको दोस्रो दिन २ बजे पद्मप्रसाद भट्टराई यो संसारबाट बिदावारी भई कहाँकहाँ यो लोकका मानिसमध्ये कसैले नदेखेको र अनुभव नगरेको संसारमा गए ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) मेरो पुर्ख्यौली घर जनकपुर अञ्चल अन्तर्गत रामेछाप जिल्लाको सैपू गाउँ हो । आमा र जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छन् तर विभिन्न कारणहरूले बाध्य भएर पुर्ख्यौली थातीलाई छोडेर मुग्लान भासिनु पर्दो रहेछ । मजस्तै व्यथा भोगिरहेका मानिसहरू यो संसारमा थुप्रै छन् । खासगरी सैपूमा सोझामानिसहरुले आफ्नो जन्मभूमि भनेर गर्व गर्दै त्यहीं जीवन गुजारा गर्न पाउँदैनन् । मलाई पनि यो गाउँबाट यहींका बुज्रुकहरूले नै नङग्याएर धपाइदिएका हुन् । त्यसबेला म त सानो बालक थिएँ । निर्धो भैदिनाले अन्यायलाई सहेर (***अन्यायलाई सहनु पर्छ निर्धो भैदिनाले - ...*** ८ कक्षाका विद्यार्थीले गाउने कक्षागतगीत) बा र म काठमाडौं आयौं । वि.सं. २०२८ साल माघ १५ गते शनिबार बा परलोक हुनुभयो । त्यसपछि मामाहरूसँग चिनजान गर्न सुनारपानीमा लगातार जसो चिठीचपेटा गरें । ४।५ वर्षसम्म चिठीको आदानप्रदान भएपछि २०३३ सालको दशैंमा म रामेछाप जिल्लाको सुनारपानी मावली गाउँ गएँ । यहाँनेर एउटा कुरा प्रष्ट पारिहालूँ । बा खस्ने वित्तिकै मलाई किन मावल जान मन लाग्यो । यो अनौठो कुरा छ । २०१३ सालमा मेरी आमा सिकिस्त बिरामी भएर माइत आएको बेला ज्वरो र अरु पनि व्यथा लागेको अवस्थामा मेरी आमालाई आफ्नै माइतीले परेवाको मासु खान दिएछन् । त्यसपछि तुरुन्तै मेरी आमाले यो संसार छोड्नु पऱ्यो । आमा परलोक भएको लगत्तै मलाई (२ वर्षको थिएँ) मामाहरूले करुवाको टुटीले पानी ख्वाउँदै सैपू पुऱ्याइदिए । घरमा त्यही वर्षको भदौ महिनामा हजुर्आमाले संसार छोडिसकेको हुँदा र चैतमा मेरी आमा परलोक भएको सातदिनका दिन काकाहरूले मेरो बालाई छुट्याई दिए । यो तोड बाले मलाई पहिले नै सुनाइसक्नु भएको थियो । त्यही कारणले यस्ता दया नभएका मामाहरूको अनुहार कस्तो रहेछ त भनेर चिनजान गर्ने मलाई ज्यादै ठूलो इच्छा थियो । मामाहरूसँग चिनजान भएपछि - उहाँहरूलेनै ***भानिज तपाईंकी सानीआमाले छोरा आउने वित्तिकै ल्याइदिनु भन्नुभएको छ*** भनेपछि म आश्चर्य मान्दै मावली भाइ शङ्कर आचार्यलाई साथी लिएर साँमलीस्थान गएँ । म पुगेको दिन सानी आमा पर सरेको बेला पर्न गएछ । केहीबेर गफगाफ भयो । त्यसपछि गाईलाई घाँस काट्न जान सानी आमालाई हतार भैसकेको थियो । मलाई पनि यहीं बसिरहनु त्यति मनासिब लागेन । हामी दुवै जना आफ्नो-आफ्नो बाटो लाग्ने भयौं । यसभन्दा पहिले सानी आमाले - ***बुइँगलमा राखेको च्यूरा, दहि र केरा झिकेर खा नानी ।*** भनेपछि लाजले म निकैबेर अनकनाएँ । पछि मैले नखाई सुखै पाइनँ । अलिकति च्यूरा, दहि दुइ कोसा माल्भोक केरा मुछेर खाएँ । असाध्य मीठो लाग्यो । त्यो स्वाद अहिलेसम्म मैले बिर्सेको छैन र पछि पनि शायद बिर्सन्न होला । त्यसपछि मेरो जीउ कस्तो कस्तो भयो । म त मोहनी लागेजस्तै भएँ । अनि, यो संसारमा सानी आमाबाहेक अरु त मान्छेनै होइनन् कि भन्ने भान मलाई हुन लाग्यो । यो के भएको होला ? तपाइँहरू आफैं निधो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding ...

गर्नुहोस् । त्यसपछि म वर्षको २/४ पटकसम्म ***साँमलीस्थान*** र ***काठमाडौँ*** आवतजावत गर्न लागें । सानीआमाका श्रीमान् , छोराछोरी कोही नभएकाले मलाई त्यहाँ गइरहनु त्यति लाजमर्नु कुरा पनि थिएन । तैपनि सैपूको पौडेल साँमलीस्थानको भट्टराई टोलमा आउनेजाने गरेको हुँदा गाउँलेहरू मलाई ढुकुवा, भतुवा भन्न पछि पर्देनथे, यो कुरा ठीकै पनि हो । अहिलेसम्म मैले प्रकाशित गरेका धेरैजसो निबन्ध, कथा, कविता, अनुसन्धानात्मक लेख पुस्तक ***स्व. साम्बभक्त शर्मा सुवेदी "मुरारि" का कविता*** र ***ऐतिहासिक मकैपर्व, थलैंथलाका पाटाहरू*** र अन्य केही फुटकर लेखरचना साँम ***गन***मा आवतजावत गर्दाकै उपज हुन् । ***साँमलीस्थान***मा आवतजावत गरेकै परिणामस्वरूप - तल घिमिरे टोलका गोविन्दप्रसाद घिमिरेकी छोरी माण्डवीसँग मेरों वैवाहिक सम्बन्ध कायम भयो, साथै वि.सं. २०४१ साल असार १८ गते आइतबार मेरो छोरो पनि सानीआमाकै घरमा जन्मियो । त्यसकारण ***साँमलीस्थान*** आवतजावत गर्ने परम्पराको थालनी गर्दा मैले धेरै कुरा सिक्ने मौका पाएँ । ब्रह्मवैवर्त पुराणमा १६ थरी आमा हुन्छन् भन्ने कुरा लेखिएको छ । [१] यही प्रमाण मानेर मैले आमाकी बहिनीलाई पनि - ***आमा*** भनेर सम्बोधन गर्दै मैले कैयौं रचनाहरू प्रकाशित गरेको छु ।

पण्डित पद्मप्रसाद भट्टराईको घर र मेरी सानी आमाको घर वल्लाघरपल्लाघर हो । सानी आमाको घर ***तल्ला घरको*** नामले चिनिन्छ भने पद्मप्रसादको घर ***ठूला घरको*** नामले परिचित छ । पद्मप्रसाद भट्टराईले मेरी सानीआमा लोककुमारी र लीलामाया भट्टराईलाई बुहारी भन्नुपर्छ । पद्मप्रसादकै सुपुत्र रामचन्द्र भट्टराई चाहिं भाउज्यू भन्छन् । पद्मप्रसादका नजीकैका दाज्यूभाइ लक्ष्मीप्रसाद भट्टराई (जसलाई कान्छा ज़िम्वाल भनिन्छ) का कान्छा छोरा डिल्लीप्रसाद भट्टराईसँग मैले मीत लाएको छु । उनीहरू अचेल ***घारी बथानमा*** बसाईं गएका छन् । पद्मप्रसादले आफ्नो घरबारी भतिजीबुहारीलाई कमाएर खान त्यसै छोडिदिएका छन् । ***पण्डितले मेरो यो कुलपितृ खेल्ने ठाउँ नबेच्नु*** भनेका छन् भनेंर हीरादेवी भट्टराई मसँग

---

१. स्तनदात्री गर्भदात्री भक्ष्यदात्री गुरुप्रिया
अभीष्ट देवपत्नी च पितुपत्नी च कन्यका
सगर्भकन्या भगिनी पुत्रपत्नी प्रिया प्रसू
मातुर्माता पितुर्भ्राता सोदरस्य प्रिया तथा
मातुः पितुश्च भगिनी मातुलानि तथैव च
जनानां वेदविहिता मातरः षोडसस्मृता

ब्रह्मवैवर्त पुराण १५/३८/४०

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्मीपति
।
शिवदास
।
जन्मेजय
।
मच्छेश्वर
।
रामदास
।
रामचन्द्र
।
रत्नेश्वर
।
कान्तमणि
।
दीनानाथ
।
पद्मप्रसाद

रामचन्द्र | शिव | हर | शम्भु | शङ्कर

पं. पद्मप्रसाद भट्टराईको हाँगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बारम्बार भनिरहन्थिन् । सालुमा पद्मप्रसाद भट्टराईलाई पण्डितको नामले चिनिन्छ । ***यो बारी पण्डितको हो र यो खेत पनि पण्डितकै हो*** भनेर गाउँलेहरू अझै औंल्याउँदैछन् ।

पद्मप्रसाद भट्टराईले पानी खाने पधेंरालाई ***रिठ्ठा पधेंरो*** भनिन्छ । यहाँ दुइटा कुवा छन् । कुवामुनि वस्तुले पानी खाने सानो आहाल पनि छ । अर्को पधेंरो ***ठूलो पधेंरो र धारापानी*** हो । ठूलो पधेंरो प्रेमबहादुर खड्काको घर नजीकै पर्छ भने ***धारापानी*** जम्दार विष्णुप्रसाद घिमिरेको घर नजीकै छ । वस्तुलाई पानी ख्वाउन ***साँदी खोला*** लगिन्छ । नजीकैको पधेंरो ***रिठ्ठा पधेंरो*** हो । रिठ्ठाको फेदमा रहेको कुवाका अगलबगलमा ठूलाठूला फणिलका रुखहरू छन् । व्याँगेसँग लाप्पा खेलेर भए पनि यो गाउँका मानिसहरू असारमा पाकेका फणिल टिपेर खाइछाड्छन् । ***रिठ्ठा पँधेरो*** भन्दा तलको चौर ***बाघमारे चौर*** को नामले चिनिन्छ । चौरभन्दा मुनि ***ढाँड***को जङ्गल छ । आजभन्दा केही दशक अगाडिसम्म यो जङ्गलमा बाघभालु लाग्दथे । अचेल कहिलेकाहीं बाघको चर्चा सुनिए पनि अन्य वन्यजन्तुहरू भने मासिएका छन् । चराहरू मध्येमा कंहलिएको कालीज भने वारम्वार देखिंदैछ । ***साँमलीस्थान***मा पर्ने अन्य ठाउँहरू हुन्- ***आचमाराहिटि, रातमाटे पाखो, रिठ्ठा पधेंरो*** माथिको ***धौराली, सानीटार, लिपनटार, ठूलीवारी (घर्तीटोल र जोगीटोल), पाखाको घर्तीटोल, मकैभुटे पाखो, सालुबोटे, खोरिया, बगुवा, खोलाखेत, धनेघडेरी, मगराँतीको आहाल, बुलासे, टार्बारी पीपूलाबारी, रोकाघर, मगरातीको बारी, राताघर, खड्का टोल, जाँगीरेघर, जिम्वालटोल*** मुख्य हुन् । ***साँमलीस्थान***मा ***अचारे बूढी***को घर छ । ***अचारे बूढी*** त आजभन्दा डेढ दशक अगाडिनै मरिसकिन् तर उनी होउञ्जेल यो घरमा मीठो अचार कहिल्यै टुट्तैनथ्यो । बूढीका तीनभाइ छोरा अझै छँदै छन् तर अचारभने त्यो घरमा पाइन छोडिसक्यो । ***साँमलीस्थान*** गाउँमा ***पालेको वन*** छ । यो वनमा कसैले झिक्रो पनि भाँच्न पाउँदैन । कसैले दाउरा काटेको, हाँगा लाछेको, बलाखाँवा काटेको फेला परेमा सम्बन्धित व्यक्तिलाई रु. ५।= देखि माथि विग्याईं हेरेर सजाय गरिन्छ । यहाँ गाईभैंसी, बाखा चराउँन भने छुट छ । पालेको वनमा चन्द्रप्रसाद भट्टराई र मनोरथ भट्टराई-लोककुमारी भट्टराई (दुइघरको सगोल) का एक/एक झाङ्ग बाँस छन् । बाँसको झाङ्ग भए नजीकै ठूलो ***हर्रा***को रुख छ । यही रुखको फेदमा हरेक तीनतीन वर्षमा साँमलीस्थानका भट्टराईहरू देवाली गर्छन् । पद्मप्रसाद भट्टराईले देवाली गर्ने ठाउँ पनि यही हो । देवाली गर्ने रुखभन्दा केही कदम पूर्व (तेर्सै जङ्गल हिंडे पनि मूलबाटो हिंडे पनि- गाउँले बाटो) हिंडेपछि ***फत्तेदेवी***को स्थान आउँछ । गाउँमा कुनै अनिष्ट भयो भने अथवा कुनै व्यक्तिलाई केही नराम्रो कुरा परिआयो भने ***फत्तेदेवी***लाई भाकल पूजागरेपछि अनिष्ट जति सबै शान्त हुन्छ । यहाँबाट पारी ***अर्चले, कठजोरको डाँडो, गैह्रायोक, सुनारपानी, मन्थली, कविलास*** आदि ठाउँहरू प्रस्ट देखिन्छन् । ***साँमलीस्थान***भन्दा माथि ***पोखरे, नेवारगाउँ, भोटेगाउँ, सालुपाटी*** पर्छ । ***अचारे बूढी***को घरकरेसाकै बाटो हिंडेर पहिले-पहिलेका पैदल यात्रीहरू सुदूरपूर्व ***दार्जीलिङ्ग***सम्म पुग्थे । ***सालुपाटी*** बजारमा पुगेर केही कदम

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिमदिशा गएपछि ***सेतीदेवी माध्यमिक विद्यालय*** आउँछ । यो ठाउँमा दमाइँहरूको वस्ती भएको हुँदा यसलाई ***दमाईडाँडा*** पनि भनिन्छ । दमाईँहरूको घर भएका ठाउँबाट खुत्रुक्क तल ओर्लिएपछि पूर्वपट्टि दलान फर्किएका दुइटा ***राता घर*** आउँछन् । धेरैजसो मानिसहरूले मलाई ***पण्डितको जन्मभएको ठाँउ यही हो*** भनी बताएका छन् । वस्तुतः यो भेगमा पण्डित पद्मप्रसादको जन्म भएको भए यो ठाउँमा उनको जग्गाजमीनको केही अवशेष हुनुपर्थ्यो, तर त्यो यहाँ केही पाइँदैन । पण्डित पद्मप्रसादको खेतबारी सबै ***साँमलीस्थान***मा थियो । ***ठूलाघरवारी, टारवारी, पीपलावारी, बुलासे*** आदि पाखोवारी र ***रिट्ठाबोटे, लिपनटार, आहाले, कर्कले*** .... आदि खेत हुन् । माथि उल्लेख गरिएका खेतबारीमा पद्मप्रसादको पुर्ख्यौली परम्पराको इतिहास सुरक्षित छ । उनको घरबारीखेत सबै अन्य ठाउँका मानिसका लागि ऐतिहासिक दर्शनीयस्थल हुन्छन् । अझ यिनको घरबारीलाई सुरक्षित राखी त्यहाँ सुन्दर बगैंचा बनाउनु पर्छ र घरै अगाडि आँगनमा पद्मप्रसादको सालिक राखेर यी महान् प्रतिभाको सम्मान गर्नुपर्छ ।

साँमलीस्थान नाम कसरी रह्यो ?

आजभन्दा कैयौंवर्ष अगाडिको कुरा हो । भोजपुर जिल्लामा घर-घरमा भएको अन्न समाप्त भएर भयङ्करको अनिकाल पर्नगएछ । गाउँमा नजीकै बेसाहा खोज्नकै लागि एउटा डफ्फा प्रस्थान गरेछ । त्यसै डफ्फाको साथमा एउटी ***साँमलीदेवी*** नाम गरेकी कन्या पनि रहिछन् । भोजपुरको घरबाट हिंडेको निकै दिनपछि रामेछाप जिल्लाको ***सालु*** भन्ने ठाउँमा आइपुगेछन् । पुरानो समयमा (ऐतिहासिक रूपमा) वर्तमान अवस्थामा ***सालुसाँमलीस्थान***को रूपमा कहलिएको गाउँ पश्चिमकिराँत अन्तर्गत पर्थ्यो । अहिलेको जस्तो यहाँ उसबेला बाक्लो बस्ती थिएन । अधिकांश भाग घना जङ्गलले ढाकिएको थियो ।

निकै तल, ***रणजोरखोला***को नजीकै आइपुगेपछि झमक्क साँझ परेछ । यहाँ भन्दा अगाडि बढ्न सक्ने कुरा पनि थिएन । त्यहीं एउटा ठूलो रुखमुनि त्यो किराँतीको बेसाहाखोज्ने डफ्फा वास बसे छ । ओरिपरि सबै जङ्गलले ढाकिएको थियो । सबैजना भोकले चूर भएका हुँदा कसैले ओरपरबाट सिस्नु टिपेर ल्याए , कसैले केलाए , कसैले दाउरा खोजे, कसैले भात पकाए र सबैजना मिलेर चाट्चुट्ट काम सिध्याई खाना खाएर त्यही रुखमुनिको ओडारमा तिनीहरू भुसुक्कै निदाए । त्यसमध्ये ***साँमलीदेवी*** नाम गरेकी कन्या बाटामै फाट्टफुट्ट ज्वरो आई थलिएकी रहिछन् । त्यसमाथि अहिले उनीहरू बास बसिरहेको ठाउँ पनि गढतिरजस्तै परेको हुँदा औलो लाग्नु, अरु नानाथरीका रोगहरू उब्जिनु र कसैलाई कुनै व्यथा लागेको रहेछ भने त्यसमाथि हजारौं किटाणुहरू फैलिएर थला पार्नु त स्वाभाविकै कुरा थियो । त्यस्तै क्रममा राति ***साँमलीदेवी*** कन्यालाई व्यथाले च्याप्दै ल्याएछ र अकस्मात् खटिरा निस्किएछ । त्यसै त मध्यरात, त्यसमाथि जङ्गलको बीचमा बास बसेको हुँदा कुनै किसिमको औषधीमूलो गर्ने मौका मिल्ने त कुरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पण्डितप्रवर पद्मप्रसाद भट्टराई जन्मिएको घर

(यो घर सालुपाटी, दमाइँडाँडामा छ ।)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएन । किराँतीहरूले माईखटिरा (बिफर) को जडीबुटी जानेका थिए र दिउँसो भएको भए बिसेक पनि पार्दथे तर अँध्यारामा कसैले रोगको जडीबुटी चिन्नसक्ने कुरा थिएन । ती कन्या अकालमैं परमधान गइन् । मृतकन्याको लाशलाई त्यतैकतै गाडे होलान् । भोलिपल्ट उज्यालो भएपछि उनीहरू बेसाहाको रित्तो धोक्रोको माथि पीरको पोको बोकेर हिंडे ।

घटनास्थलबाट पौने १ कोशमाथि *सालुपाटी* नजीकै *भोटे गाउँ* आउँछ । अचेल यो *सेतीदेवी माध्यमिक विद्यालय, दमाईं गाउँ*भन्दा मुनिरहेको छ । यहाँका भोटेहरू धामी बस्ने गर्छन् र यिनीहरूले लामाको विद्या पनि पढेका छन् । यहाँको एकजना धामी बस्ने भोटेलाई राति सपना भएछ । सपनामा वातमार्ने तिनै भूत भएकी *साँमलीदेवी* थिइन् । *भोजपुरबाट बेसाहा खोज्न एउटा किराँतीकै डफ्फाको पछि लागेकी थिएँ । अकस्मात् तल (सालु) को पुछारको जङ्गलमा बासबसेको अवस्थामा मध्यरातमा माई खटिरा निस्किएर मेरो प्राण गयो, तर मैले अकालमै संसार छोड्नु परेको थियो । म मुक्त भएकी छैन । त्यसकारण मलाई तिमीले विधिपूर्वक मेरो प्राण गएकै ठाउँमा स्थापना गर्नु र वर्षको एकचोटि गाउँबाट पूजासर्जाम उठाई आराधना गर्नू , गराउनू ।* यति कुरा बताएर *साँमलीदेवी* अलप भइन् । यस किसिमको सपना देखेपछि त्यो भोटेलाई निद्रा लागेन । भोलिपल्ट बिहान उज्यालो भएपछि राति सपनामा आफूले देखेको कुरा सबैलाई बतायो । जतिले यो कुरा सुनेका थिए ती सबै आश्चर्यचकित भए । राम्रो दिन जुराएर भोटेले देउता बोलाउन लाग्यो । निकै दिनपछि देउता खुशी भएर थपक्क भोटेको आङ्मा चढे । उसले आफ्नो मन्त्रबलले तल *साँमलीदेवी*को प्राण गएकै ठाउँमा देउता स्थापना गऱ्यो । त्यसपछि हरेक वर्ष जेष्ट कृष्ण औंसीको दिनलाई *साँमली औंसी* को रूपमा मान्न थालियो । यसदिन *साँमलीदेवी*को स्थानमा विशेष पूजा हुन्छ । पूजाका लागि गाउँबाटै सामग्री उठाइन्छ । *कोदाको पीठो, चामल, अन्य पूजाकासामान, भेटी,* भाकल गर्नेले अरु कुरा पनि आफ्नो गच्छे अनुसार घरैपिच्छेबाट उठ्छ । यसरी उठाउन तिनै भोटेका सन्तानहरू गाउँघर घुम्छन् । सामान जम्मा भैसकेपछि *कोदाको ढिंडो, रोटी* नैवेद्य पकाइन्छ । धूमधामसित पूजा सकिएपछि प्रसाद बाँडिन्छ । यहाँ *साँमली औंसी* दिन हलो जोत्नु, कोदालो खन्नु आदि कामहरू गर्न निषेध गरिएको छ । *साँमलीस्थान प्राथमिक विद्यालय* पनि यो दिन बन्द रहन्छ । उसबेलाको घना जङ्गल भएको ठाउँ भए तापनि अहिले त *साँमलीस्थान* भन्ने बेग्लै गाउँ खडा भैसक्यो । यो *सालुपाटी गाउँविकास समिति* को ४ ओडामा पर्दछ । कसैले *साँमली देवी* त कसैले *सामलीदेवी* भन्ने गरेका छन् । अहिले सिमलको रुखको फेदमा *साँमलीदेवी*को मन्दिर छ । ओरिपरि उम्दा टारबारी छ । अघिपछिको समयमा यहाँ *साँमलीदेवी*को मन्दिर छ भनेर चिन्न कसैले सक्तैन तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding

हरेक वर्ष साँमलीऔंसी (जेष्ठ कृष्ण औंसीलाई यो गाउँमा *साँमलीऔंसी* पर्व रूपमा मनाइन्छ) को दिनभने यहाँ धूमधामसँग पूजा हुन्छ । २

वंशक्रम

जीवनी पक्ष उल्लेख गर्नुभन्दा पहिले संक्षिप्त रूपमै भएपनि वंशावलीको क्रम उल्लेख गर्दा अझ बढी स्पष्ट हुने र अनुसन्धानमा यस्ता कुरा महत्त्वपूर्ण हुनसक्ने यथार्थतालाई मनन गरी विर्ता पाएर सालुमा गएपछि (पत्ता लागेसम्म) पद्मप्रसाद भट्टराईको छोटो वंशक्रम छुट्टै प्रस्तुत गरिन्छ ।

जीवनी

पद्मप्रसाद भट्टराईको जन्म वि.सं. १९५३ साल वैशाख १४ गते शुक्लपक्षको द्वादशी तिथि शुक्रबारको दिन भएको हो । उनका बाबुको नाम दीनानाथ र आमाको नाम कृष्णमाया थियो । *साँमलीस्थान, खोल्साघर*का देवीप्रसाद भट्टराईको भनाइ अनुसार (उनी वि.सं. २०४२ को हिउँदमा परलोक भए) पद्मप्रसादको घरायसी परिस्थिति साधारण थियो, उनका आमाबाबुले उनलाई घरबाट खर्च थेगेर पढाउन नसक्ने भएका हुँदा पद्मप्रसाद भट्टराई आमाको थैलीबाट ५।- रु. झिकेर कसैले थाहा नपाउने गरी सुटुक्क काठमाडौं पढ्न हिंडे । रामप्रसाद भट्टराईको भनाइमा काठमाडौंमा पढ्दा उनीसँग पुस्तक किन्ने पैसा थिएन । पद्मप्रसाद *सिद्धान्तकौमुदी* मूल पुस्तकबाट सारेर पढ्थे । साह्रै दुःख परेको हुँदा उनले घरमा- आफूले पुस्तक किन्न नसकेको व्यहोरा जनाइ चिठी लेखे । आमाले सुटुक्क रु ५।= पठाइदिएकी थिइन् । धेरै समयसम्म छोरो घर नआएको र काम विशेषले आमाले आफ्नो सन्दुसको ताला खोलेर थैली हेर्दा रु. ५।= नभएको कुरा पत्तो पाएपछि छोरो पक्कै पनि कतै हिंडेछ भन्ने कुराको अड्कल गरिन् । केही दिनपछि सबैतिर बुझ्दा छोरो पद्मप्रसाद पढ्नका लागि काठमाडौं गएको थाहा पाएपछि आमाबाबु पीर गर्न छोडेर सन्तोष मानी बस्न लागे । अहिलेसम्म पण्डित पद्मप्रसाद भट्टराईको जीवनी लेख्नेमध्ये कसैले पनि यो कुरो कोट्याएको देखिंदैन । यसपछिका प्रसङ्गहरूमा प्रकाशित स्रोतबाटै आधार सामाग्री लिएको छ ।

> ... रोग लाग्नु भनेको जीवनमा ठूलो शत्रुले आक्रमण गर्नु जत्तिकै हो । "बाल्यावस्था जन्मस्थलमै आफ्ना अभिभावकको संरक्षकत्वमा वित्दै थियो, तर पाँचै वर्षको उमेरमा पत्थरी रोगले आक्रमण गरेको हुँदा एक मात्र पुत्ररत्नको

---

२. भूपहरि पौडेल , "साँमलीदेवी" *झङ्कार* वर्ष २५ अङ्क ९ २०४० पुस, पृष्ठ २७, २८ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वास्थलाभ गराउन पिताज़ीलें बालक पद्मप्रसादलाई काठमाडौं ल्याउनुभयो । त्यतिखेर लैनको अस्पतालमा उपचार गराउँदा केही दिनको उपचारपछि बालक पद्मप्रसाद स्वस्थ बन्नुभयो ।

वस्तुतः रोग लाग्नु राम्रो कुरा हैन, तर त्यही रोग पनि ध्रुवलाई सौतेनी आमाको वागवाण र तुलसीदासलाई पत्नीको धिक्कार जस्तै अभिष्टसिद्धिमा कारण बन्यो बालक पद्मप्रसाद भट्टराईज्यूलाई । किनभने रोग नलागेको भए एक सामान्य हैसियतको पहाडी बालकलाई त्यति सानै उमेरमा राजधानीको आगमन अलि कठिनै कुरा थियो । ***लिखितमपि ललाटे प्रोज्झितुं कः समर्थः*** भनेझैं बालक पद्मप्रसाद काठमाडौं आउनुभयो, आएको मात्र हैन अध्ययनमासमेत सरिक हुनुभयो । उहाँका जेठा वा पं. जीवनाथ त्यतिखेर ज. फत्यशम्सेरकहाँ पौराणिक पण्डित रहेछन् उनैको रेखदेखमा गुरुवरको अध्ययन आरम्भ भयो । [३]

गुरुहरू

वि.सं. १९६४ सालमा पद्मप्रसाद भट्टराई तीनधारा संस्कृत छात्रावासमा भरना भए । मध्यमासम्म रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गरी परीक्षा दिन वनारस जानुपर्थ्यो । पद्मप्रसादले नेपालमा र भारतमा अनेकौं विख्यात विद्वान्हरुसँग विद्याअध्ययन गर्ने अवसर पाएका थिए । जस्तै, मोदनाथबाट ***लघुकौमुदी*** र पण्डितराज सोमनाथ सिग्देलबाट काव्यको अध्ययन गरे । त्यसपछि पद्मप्रसादले क्रमशः पण्डित विष्णुहरि रिमालबाट व्याकरण, पण्डित देवीदत्त पराजुलीबाट साहित्य, पण्डितराज सोमनाथबाट न्यायशास्त्रको प्रारम्भिक अध्ययन गरे । बामाचरण भट्टाचार्यसँग पढेर पद्मप्रसादले न्यायाचार्य परीक्षा उत्तीर्ण गरे । महामहोपाध्याय नित्यानन्द पर्वतीयसँग धर्मशास्त्र र उपनिषद्को पनि अध्ययन गरे । महामहोपाध्याय सुब्रह्ण्यम शास्त्री महामहोपाध्याय नीलदेव पन्तका साक्षात् शिष्य थिए । सुब्रह्मण्यमबाट लक्ष्मण शास्त्रीले अध्ययन गरे, लक्ष्मण शास्त्रीसँग पद्मप्रसादले अध्ययन गर्ने अवसर पाए । लक्ष्मणशास्त्री द्रविडबाट पद्मप्रसादले वेदान्त विषयको अध्ययन गरे । महामहोपाध्याय डा. गोपीनाथ कविराजको निर्देशनमा पोष्टाचार्य परीक्षा उत्तीर्ण गरे ।

पद्मप्रसाद भट्टराई १९६८ सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालामा भरना भए । एकचोटि सुनेको कुरा टपक्कै टिप्ने तीखो प्रतिभा भएका हुँदा पद्मप्रसादलाई सबै गुरुहरू अत्यन्त

---

३. चेतोनाथ शर्मा आचार्य, "न्यायरत्न, न्यायाचार्य, दर्शनालङ्कार-प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु पण्डितप्रवर पद्मप्रसाद भट्टराईज्यूको संक्षिप्त जीवनी" *मर्यादा*, पूर्णाङ्क ११, पृष्ठ. ३० र ३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

प्रिय शिष्यका रूपमा मान्थे । उनले १९७३ मा साहित्यमध्यमा परीक्षा पास गरे , १९७३ मा व्याकरण मध्यमामा सर्वप्रथम भए । यसपछि नेपालको पढाइ टुङ्गिएको हुँदा यसैवर्ष उनी काशीमा पढ्न गए । न्याय पढ्ने उत्कट अभिलाषाले अभिप्रेरित भएर- ***आनन्द रेग्मी र पद्मप्रसाद भट्टराई*** प्रसिद्ध नैयायिक ***महामहोपाध्याय*** वामाचरण भट्टाचार्यकहाँ गएका थिए । भट्टाचार्यद्वारा यी दुइजना जिज्ञासुहरूको कडा परीक्षा गरियो । गुरुले पढाइरहेको कक्षामा दुवैजना विद्यार्थी गएर सुनिरहन्थे तर गुरुले वास्तापास्ता नगर्दा ***आनन्द रेग्मी*** धाउन छोडे तर ***पद्मप्रसाद*** भने ***केही नसोध्नु गुरुको अवश्य पनि कडा छात्र परीक्षा हो*** भन्ने संझी धाउन छोडेनन् । यसरी अनवरतरूपमा धाएको डेढ महीनापछि गुरु वामचरण भट्टाचार्यद्वारा ***ल आइज त पढाउँछु*** भन्ने आश्वासन पाएपछि ***पद्मप्रसाद*** आचार्य परीक्षासम्म उनैसँग अध्ययन गरी न्यायमा अद्वितीय योग्यता हासिल गर्न सफल भए । ***महामहोपाध्याय*** लक्ष्मण शास्त्रीले जो आफैं ठूला विद्वान् थिए तर आफ्ना छोरा राजेश्वर (पछि ***पण्डितराज*** राजेश्वर शास्त्री द्रविड) लाई न्याय पढाउन वामाचरणकैं पठाएका थिए ।

मेरा दुइचेला निस्के- एउटा राजेश्वर द्रविड अर्का पद्मप्रसाद भट्टराई भन्ने वामाचरण भट्टाचार्यको अभिव्यक्तिबाट उनले अध्यापन गरेकामध्ये दुइजना अद्‌भुत योग्य शिष्य तयार भएको कुरा प्रमाणित हुन्छ । १९७४ मा प्रथम श्रेणीमा न्याय मध्यमा, १९८० मा प्रथम श्रेणीमैं न्यायमा आचार्य, १९८३ मा ***महामहोपाध्य*** डा. गोपीनाथ कविराजको निर्देशनमा - चोष्टाचार्य (पी.एच्.डी.) परीक्षा पूरा गरेका पद्मप्रसाद भट्टराई नेपाली माटोका उपज भएर भारतमासमेत ठूलो ख्याति आर्जन गरेका प्रकाण्ड विद्वान् हुन् । न्याय, व्याकरण, साहित्य, धर्मशास्त्र, अद्वैतवेदान्त, (***महापहोपाध्याय*** लक्ष्मण शास्त्री द्रविडबाट उपनिषद् आदि शास्त्रको) गहन अध्ययनगरी अद्वितीय योग्यता हासिल गरेका पद्मप्रसाद नेपाली (मातृभाषाभैगो) संस्कृत (यसैमा उनले गहिरो अध्ययन गरे) मैथिली, बंगाली, कर्नाटकी आदि भाषामा समेत गहिरो योग्यता हासिल गरेका पद्मप्रसादजस्तो योग्य विद्वान्को आविर्भाव अव यो माटोमा धेरै समयको प्रतीक्षापछि मात्र हुनसक्छ ।

कर्मशील जीवन

अध्ययनको समाप्तिपछि पद्मप्रसाद भट्टराई कर्मशील जीवनमा प्रवेश गर्छन् । वि.सं. १९८६ मा बनारसको मारवाडी संस्कृत कलेजमा प्राचार्यको पदमा नियुक्त भएर दर्शन शास्त्रको प्राध्यापनमा संलग्न भए । २००२ सालसम्मको सेवापछि २००३ सालमा पद्मप्रसाद भट्टराई गोयन्का संस्कृत कलेजमा प्रधानाचार्यको पदमैं सरुवा भए । २००८ सालसम्म यो कलेजमा रहँदा सन्यासी संस्कृत कलेजमा पनि दर्शनविषयको प्राध्यापक भएको प्रमाणित हुन आउँछ । यस अवसरमा पद्मप्रसादलाई भारतका विभिन्न ठाउँबाट दर्शनशास्त्री, धुरन्धर विद्वान् र प्रकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. पद्मप्रसाद भट्टराई
जन्म : वि.सं. १९५३
देहान्त : वि.सं. २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डितका रूपमा सम्मान र कदर पत्रहरू प्राप्त हुँदै गए । क्रमश: उनी काशीका मूर्धन्य विद्वान्का रूपमा प्रख्यात भए । अद्भुत् तर्कशक्ति र न्यायिक विद्वत्ताको कदर गर्न वि.सं. २००८ सालमा वाराणसी संस्कृतजगत्का तर्फबाट ***न्यायरत्न पदवी*** तथा गीर्वाणवाक् बर्द्धिनी सभाको ***विशिष्ट मध्यस्थ पद*** पनि पद्मप्रसादले आजीवन ग्रहण गर्ने सुअवसर प्राप्त गरे, तर नेपालमा भने अझै पनि यस्ता उद्भट विद्वान्हरूको कदर गर्ने परम्पराको विकास हुन सकेको छैन । भारतमा पद्मप्रसादको भयङ्कर ख्याति फैलिएपछि लाजगाल उनलाई यहाँ नेपालमा नझिकाई सुखै भएन । श्री ५ त्रिभुवनबाट पद्मप्रसादलाई नेपाल झिकाउने निर्देशन प्राप्त भए पनि त्यो बेला यहाँ ठूला विद्वान् कहलिएका टपरटुइयाँहरूको भाग खोसिने भयो भनेर मुटुले ढयाङ्ग्रो ठोकिसकेको थियो । ***पद्मप्रसाद नेपाल आएपछि तलदेखि माथिसम्म हाम्रो बौद्धिक हैकम चल्दैन भन्ने*** कुरा यहाँ नजानी र राम्रोसँग नपढीकन विद्वान् हुन खोज्नेहरूले सोचिसकेका थिए । जे भए पनि नेपालको सरकारी तवरबाट चिठी पुगेपछि पद्मप्रसाद भट्टराई जन्मभूमिकै सेवामा समर्पित हुन नेपाल आए । २००८ सालमा नेपाल राजकीय संस्कृत महाविद्यालयको स्थापना र श्री ५ त्रिभुवनबाट उद्घाटन भएर सोमनाथ सिग्देल प्रधानाचार्यको पदमा आसीन भैसकेका थिए । २००९ सालमा आएर पद्मप्रसाद भट्टराई सोही महाविद्यालयको उपप्रधानाचार्यको पदमा नियुक्त भए । २०१४ सालमा सोमनाथ सिग्देल रायल नेपाल एकेडेमीको सदस्य पदमा मनोनीत भई गएको हुँदा रिक्त प्राचार्यको पदमा पद्मप्रसाद भट्टराईले आसीन हुने सौभाग्य प्राप्त गरे । उनले पढाएका विद्यार्थीमध्ये कसैले पनि बुझिन भनी निराश हुनुपर्देनथ्यो । जस्तोसुकै कठिन विषय पनि १,२ पटकमैं राम्ररी बुझ्न सक्थ्यो । वास्तवमा यी कुरा पद्मप्रसादको विद्वत्ता र अध्यापनकलाकै माध्यमबाट सम्भव भएका हुन् । यसरी कर्मशील जीवनमा सक्रिय हुँदै जाने क्रममा पद्मप्रसाद २०१६ साल देखि २०२२ साल सम्म त्रिभुवन विश्वविद्यालयको संस्कृत विभागाध्यक्ष, २०१९ मा आर्ट फ्याकल्टीको डीनमा रही उनले आफ्नो योग्यताको राम्रो परिचय दिए । उनले २०१४ सालमा नयाँदिल्लीमा भएको धर्मरक्षा महासम्मेलनमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएका थिए । श्री ५ महेन्द्रबाट राजसभाको सम्माननीय सदस्यमा नियुक्तिका साथै- गोरखा दक्षिण बाहु तेस्रा र दोस्रा मानपदवीबाट समेत पद्मप्रसाद भट्टराई अलंकृत भएका थिए । काशीस्थ विद्याधर्मप्रचारिणी समितिको अध्यक्ष, बृहत् आध्यात्मिक परिषद्को अध्यक्ष, पञ्चाङ्ग विवेचक समितिको अध्यक्ष, संस्कृत सन्देश- इतिहास विषयको संरक्षक भई उनले आफ्नो अमूल्य सेवा प्रदान गर्ने अवसर पाए ।

लट्टे खड्का

पद्मप्रसाद भट्टराई सानै थिए । त्यो बेला सालु पाटी डाँडामा उनको घर थियो । तल साँमलीस्थानको ***लट्टे खड्का*** उनलाई ज्यादै माया गर्दथ्यो । ऊ मोही पारेको बेला प्रत्येक पालामा भरखरै झिकेको ताजा नौनी घ्यू पद्मप्रसादलाई दिन्थ्यो र उनी रमाइरमाई त्यो नौनी घ्यू खान्थे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानो केटाकेटी मान्छे । डाँडादेखि खुरुर्र कुद्दै तल आई *लट्टे खड्काले* दिएको नौनी घ्यू क्वाप्प खाएर पद्मप्रसाद भट्टराई पुन: आफ्नै घर सालु डाँडामा जान्थे । पछि घरका परिवार र अन्य मानिसहरूले जीवनको लामो अवधिसम्म यसरी निरोगी हुनुको कारण सोद्धा उनी भन्दथे -

म सानामा साँमलीस्थानको लट्टे खड्काले दिएको ताजा नौनी घ्यू खाएको मानिस हुँ। त्यसैले मेरो शरीर दह्रो छ र निरोगी पनि छ। ४

लट्टे खड्काको जन्म वि.सं. १८८५ सालतिर भएको अनुमान गर्न सकिन्छ । यिनैको छोरो हरिभक्त खड्का वि.सं. १९०६ सालमा जन्मेको बुझिन्छ । लट्टे खड्काका नातिहरूमा जेठा दलबहादुर खड्का, माहिला सानैमा परलोक भएका, साहिंला महीन्द्रमान खड्का र कान्छा गगनसिं खड्का भएको जानकारी पाइन्छ । वि.सं. २०४८-१२-९-१० तिर *सालु साँमलीस्थान*मा लट्टे खड्काको जीवनी खोज्दा आधिकारिक रूपबाट उनका बारेमा बताउन सक्ने मानिस कोही पनि फेला परेनन् । झट्ट सोद्धै जाँदा त *लट्टे खड्का साँमलीस्थानमा को थियो होला* ? भनेर सबैजना अकमक्क परे । *पद्मप्रसाद भट्टराईलाई नौनी घ्यू खान दिने लट्टे खड्का* भनेर हुलिया दिए पछि यहाँका खड्का सबैले बल्ल आफ्ना - आफ्ना पुर्खा खोज्न थाले । निकै समयपछि लट्टे खड्काको वंशसम्म पत्ता लाग्यो तर पूर्ण विवरण भने अझै पत्ता लाग्न सकेन । पद्मप्रसादको जन्म वि.सं. १९५३ सालमा भएको हो । तल साँमलीस्थानमा लट्टे खड्काको घरमा नौनी घ्यू खान झर्दा उनी अन्दाजी ९।१० वर्षका हुनुपर्छ । त्यो बेला लट्टे खड्का ५५ देखि ७० वर्षका बीचमा थिएन होला भनेर कसरी भन्ने ? लट्टे खड्काकै जेठो नाति दलबहादुरका छोरा लालबहादुर खड्का (७८ वर्ष) र कटबहादुर खड्का (७४/७५ वर्ष) को आधारबाट पनि लट्टे खड्काको जन्ममिति खुट्याउन सकिन्छ । लट्टे खड्काकै पुरोहितका नाति पद्मप्रसाद रहेछन् । पुरोहितका नाति गोठमा आउँदा नौनी घ्यू क्वाप्प खान दिएको बुझिन्छ । त्यो बेलाका जिम्वालका छोरानाति भनेपछि मानमनितो नै अर्कै हुन्थ्यो । पद्मप्रसाद पहिले माथि डाँडाको घरमा बस्थे । साँमलीस्थानको खड्का टोलमा गोठ थियो । त्यहाँ बाढी पहिरोले खाएर अलिक माथि पछि गोठ सारेको कुरा साँमलीस्थानमा सुनिदैछ । पद्मप्रसाद भट्टराई *सालु डाँडा*बाट तल *साँमलीस्थान*मा त धेरै पछि मात्र सरेका रहेछन् ।

---

४. रामप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्षाघात रोग

उहाँमा कट्टरता र वास्तविकताको सुन्दर समन्वय पनि थियो । शास्त्रार्थका निम्ति आमन्त्रित भएर उहाँ मद्रासतर्फ जाँदै हुनुहुन्थ्यो । बाटामा रेल अडिंदा कुनै स्टेशनमा ओर्लेर भात पकाउन थाल्नु भएछ । तिनताक महामारी रोक्न स्कूल, सभा र स्टेशनहरूमा घेरा हालेर सामूहिक रूपमा हैजाको सूइ दिइन्थ्यो । त्यस्तै टोलीले त्यो स्टेशन घेरेछ । उहाँ भने भान्छाबाट ओर्लनु भएनछ । उनीहरुले भान्छाको मान त राखेछन् तर रेल चाहिं छुटेछ । पछि त्यो कुरा सुनेर कसैले सूइ **लिएको भए हुन्थ्यो भन्दा जवाफमा उहाँले आफै पकाएर खान्छु बासी सडेगलेको खान्न अनि हैजा लाग्ने कुरै छैन** भन्नु भएछ । यसरी उहाँको त्यस चोखो पनको नाता सफाइससँग पनि थियो । हुन पनि अव त सुइभन्दा सफाइलाई नै महत्त्व दिइन्छ । ५

वास्तवमा बिहानबेलुका समयमा खाना खाने, दिउँसो खाजा नखाने, संयमित र आचारनिष्ठ मानिस, चुब्रुचुब्रु खाइरहने होटेलमा गएर दुनियाँको जुठो हसुर्ने (होटेलमा सफासुग्घर हुँदैन, भाँडा राम्रोसँग माझिदैनन्) र उत्ताउला लुगा लगाउने मानिसभन्दा हजारौं गुना निरोगी हुन्छ । अझै पनि विचार गरौं- आचारनिष्ठ मानिसहरू छाडा मानिसभन्दा कैयौं गुना बढी निरोगी छन् , यसमा कुने शङ्का छैन, तर संयमित हुँदैमा रोग लाग्दैलाग्दैन भन्ने कुरा चाहिं होइन । आखिरी हाम्रो पाञ्चभौतिक शरीर नहो । शरीरमा कहिलेकाहीं अनौठा-अनौठा कुलक्षणहरू देखापर्छन् जसलाई रोगको पूर्वसूचकका रूपमा लिइन्छ । शारीरिक यी कुलक्षणहरू देखा पर्नेवित्तिकै कविराज, वैद्य या डाक्टरकहाँ गएर जँचाइहाल्नु पर्छ । शुरुमा रोगलाई वेवास्ता गर्दा यसले पछि गएर विकराल रूप लिन सक्छ । पद्मप्रसाद भट्टराई संयमित थिए , एकछाक मात्र सात्विक भोजन गर्थे, लवाइमा स्वाभाविकता थियो (कुनै नक्कल झक्कल थिएन) र नै निरोगी पनि थिए । आफ्ना परिवारका कुनै सदस्य बेरामी भएर औषधी किन्न पैसा मागेमा **तिमीहरू धेरै अन्न खान्छौ, संयम गर्दैनौ, अनि बेरामी हुन्छौ, म एकछाक मात्र खान्छु खोइ मलाई कुनै रोगले छुँदैन** भन्ने गर्थे । पद्मप्रसाद भट्टराईबाट सबै कुरा प्राप्त गर्न सम्भव हुन्थ्यो तर परिवारका कुनै सदस्य बेरामी भएर औषधी किन्न पैसा मागेमा भने हात लाउन साह्रै मुश्किल पर्थ्यो । यसमा ठूलो गाली खानु पर्थ्यो, तर पछिगएर पद्मप्रसादलाई पक्षाघातजस्तो खतरनाक रोगले आक्रमण गऱ्यो । पक्षाघात हुनुभन्दा पहिले पद्मप्रसादमा देखापरेका पूर्वसंकेतहरू यहाँ क्रमैले उल्लेख गरिन्छ ।

---

५. रामराज पौड्याल, पण्डितप्रवर पद्मप्रसादको विद्वत्ता *गोरखापत्र* २०४१ मंसीर २३ गते , शविबार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. पद्मप्रसादको घरमाथि रहेको फत्तेदेवीको स्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. पद्मप्रसाद भट्टराई त्रिभुवन विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा भाग लिन गएका थिए । त्यसैबेला उनलाई **झुम्म पारेको थियो** । त्यो बेला उनले यताउति केही देखेनन् । केही क्षणपछि झल्याँस्स ब्यूँझिए । उनलाई वरपर यो घटना कसैले थाहा नपाएको अनुभव भयो । बेलुका घरमा परिवारसँग दिउँसोको घटना सुनाउँदा उनीहरूबाट **दिनभरि भोकभोकै हिंडनुस्, अनि ठीक हुन्छ** भन्ने जवाफ आयो । यहाँभन्दा अरु कुनै उपचार भएन ।

२. एकचोटि पद्मप्रसाद भट्टराई बेलुका भान्छामा भात पकाउन लागेको बेला अकस्मात् उनले आफ्नी श्रीमती र आफ्ना छोराछोरीको नाम विर्सिएछन् । त्यो बेला उनले कसैलाई चिन्हेमन् । अलिकवेरपछि परिवारसँग यो घटना सुनाउँदा ***भोकभोकै हिंड्न अलिक पुगेन*** को जवाफबाहेक अरु कुनै उपचार हुन पाएन ।

३. २०२२ सालमा लगाएको रुद्रयागमा पद्मप्रसाद भट्टराई आचार्य थिए । दुर्घटना हुने अघिल्लो दिन उनले ***आज मेरो जीउ भारी भएको छ । यज्ञ कहिले सिद्धिएलाजस्तो भएको छ*** भन्ने कुरा पद्मप्रसादले गरे । यज्ञ सिद्धिन ८ दिन बाँकीनै थियो । यसैको भोलिपल्ट यज्ञमण्डपमा शान्तिपाठ गर्दा गायत्री मन्त्र आएपछि सबै चूप भए, ***कयानश्चित्र आभूवदूति*** भन्न पाउँदानपाउँदै गुरु पद्मप्रसाद यज्ञ मण्डपमा ढले । त्यसपछि सबै जना समाउन गए । उनी १० दिनसम्म त बेहोस भए । उनलाई पक्षाघात भैसकेको थियो । श्री ५ महेन्द्र आफैं गएर **गुरुलाई डाक्टरकहाँ लगेर कहिल्यै चेक गराएको थिएन ?** भन्ने सोधनी हुँदा योभन्दा पहिले गुरु कहिल्यै बिरामी नभएको कुरा त्यहाँ सबैले बताएका थिए । पक्षाघातले आक्रमण गर्नुभन्दा पहिले पद्मप्रसादलाई रुघालेसम्म सताएको पनि कसैले कहिल्यै थाहा पाएन ।

पहिलो संकेतमैं औषधीउपचार गराइहालेको भए यस्तो दुर्घटना हुने स्थिति सायद आउँदैनथ्यो होला ।

पारिवारिक जीवन

गुरुवर पद्मप्रसादज्यूको समष्टि पारिवारिक जीवनलाई हेर्दा त्यति सुखकर रूपको देखा पर्दैन । किनभने चार पत्नीहरूको वियोग उनले आफ्नै जीवनको यौवन र प्रौढ अवस्थामा भोग्नु पर्‍यो । पाँचौं अर्थात् अन्तिम पत्नीको गर्भबाट जन्मेका छोराछोरीको उचित शिक्षादीक्षा र विवाह आदि हुन नपाई रोगशैय्यामा परी पछि दिवङ्गत हुनुपर्‍यो । गुरुवरको पहिलो विवाह उति बेलाको चलन अनुसार बाह्रै वर्षको उमेरमा पूर्व ३ नं. दारिमबोटे कृष्णप्रसाद सुवेदीकी छोरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकुमारीसित भयो, तर पहिली पत्नी बालकुमारीको कुमारी अवस्था पूरा नहुँदै निधन भएकाले ७२ सालमा दोस्रो विवाह ढुङ्गेछाप व्रजमोहन काफ्लेकी कान्छी छोरी कृष्णराज सुब्बाकी बहिनी चन्द्रप्रभासित भयो । यो विवाह भएको केही वर्षपछि ७८ सालमा पितृवियोग र अन्त्यमा पत्नी वियोगसमेत सहेर अध्ययनलाई अविच्छिन्न राखी ८२ सालमा ख: बाबुराम आचार्य (पछि ऐतिहासिक शिरोमणि) की माहिली छोरी पूर्णकुमारीसित तेस्रो विवाह सम्पन्न भयो । ८४ मा गएर तेस्री पत्नीमा एक पुत्ररत्न पनि जन्मेकोले सन्तानको सुख माधुर्यसमेत पूर्ण हुँदै थियो तर दुर्दैवशात् ८६ सालमा गएर तेस्री पत्नीको संगमलाई पनि तिलाञ्जलि दिनुपर्‍यो । त्यसपछि ८९ सालमा तराई प्रदेश नरभोगका मदनप्रसाद पोखरेलकी कन्या उमादेवीसित चौथो विवाह भई एक पुत्री जन्मिइन् तर ९९ सालमा गएर यो सम्बन्ध पनि दिगो रहेन । यसपछि २००० सालमा पं. मोहनराज रेग्मीकी सुपुत्री ललितादेवीसित भएको अन्तिम सम्बन्धलाई सुखकर र दु:खकर दुवै रूपमा पाउन सकिन्छ । किनभने ४८ वर्ष नाघेपछि कान्छी पत्नीमा एकपछि अर्को गरेर जन्मेका ८ र पहिलेका २ समेत १० सन्तानको भरणपोषण भार उहाँमाथि पर्‍यो । पहिलो पुत्रलाई पनि राजयक्ष्मा रोगले आक्रान्त गरेकोले शिक्षादीक्षामा अघि बढाउन सम्भव भएन । पछि जन्मेकाहरू आफ्नो शरीर स्वस्थ रहुञ्जेल उमेरमा कलिलै रहे । यसरी उहाँबाट मिलेको शिक्षादीक्षाबाट कतिपय शिष्य विशिष्ट पद प्राप्त गर्न पनि समर्थ भए भने स्वपुत्रलाई त्यो सुयोग प्राप्त हुन सकेन, यसलाई संयोग भनौं वा विधि विडम्बना ।

अर्को पक्षमा यो पछिल्लो विवाह नभएको भए उहाँको सुचारुरूपले गृहकार्य सञ्चालन र पछि लामो समयसम्म रोग शैय्यामा रहँदा उपयुक्त स्याहारसुसारको अभावमा उहाँलाई अझ वढी कष्ट सहनु पर्ने थियो होला । उहाँ लडेपछि अन्तिम पत्नी ललिताबाट भएको त्यो अनवरत सेवा शुश्रूषाले एक आदर्श हिन्दू नारीको मूर्त उदाहरण प्रस्तुत गरेको थियो । भएका सन्तानमध्ये एक पुत्र र तीन पुत्रीको विवाह उहाँको जीवनकालमैं भयो । अरु बाँकी ४ छोरा र २ छोरीको पनि क्रमश: विवाह हुँदै गएको छ । [६]

चेतोनाथ शर्मा आचार्य, न्यायरत्न, न्यायाचार्य, दर्शनालङ्कार(प्रसिद्ध प्रवल गोरखा दक्षिणबाहु पण्डितप्रवर पद्मप्रसाद भट्टराईज्यूको संक्षिप्त जीवनी : *मार्यादा* पूर्णाङ्क ११, पृष्ठ ४२, ४३ र ४४ बाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


साध्याविरोधप्रस्थापनसमर्थसमानबलोपस्थित्या प्रतिरुद्धकार्यक
लिङ्गत्वमिति लक्षणे विरोधिपरामर्शकालीनपरामर्शविषयत्व
निवेशे । अप्रामाण्यज्ञानास्कन्दितविरोधिपरामर्शदशायामपि
सत्प्रतिपक्षत्वापत्तिरतः कार्यप्रतिरोधानुधावनम् । कार्यप्रति
रोधानुधावनेऽपि यत्राऽप्रामाण्यज्ञानास्कन्दितविरोधिपराम
र्शः, अप्रामाण्यज्ञानानास्कन्दितविशेषे वा धानिश्चयस्य वर्तते तत्रा
तिव्याप्तिवारणाय साध्यविरोध्यनुमितिजनकतावच्छेदकरूपस्य
कार्यानुत्पादप्रयोजकतावच्छेदकत्वं निवेशणीयम् । एवं च समानबला
लीनोपस्थितिनिरूप्य साध्याविरोध्यनुमितिजनकतावच्छेदकरूपाव
च्छिन्नप्रयोजकतानिरूपितप्रयोज्यतावदनुत्पादप्रतियोगिकार्य
कपरामर्शविषयत्वं कालेऽसत्प्रतिपक्ष इति परिष्कारः कर्तव्यो गदा
धरेण ।
तन्चेवमपि वह्न्यभावव्याप्यवह्न्यभाववान् पर्वत इति विरोधि
परामर्शः, वह्न्यभावव्याप्यत्वांशेऽप्रामाण्यज्ञाने च तत्र सत्प्रतिपक्षत्वा
पत्तिर्दुर्वारा वह्न्यभावविषयताया विरोध्यनुमितिजनकतावच्छे
दकत्वात्कार्यानुत्पादप्रयोजकतावच्छेदकत्वाच्च । न च विरोध्यनु
मितिजनकतावच्छेदकसामान्यस्य कार्यानुत्पादप्रयोजकतावच्छे
दकत्वं विवक्षणीयम् । एवं च नोक्तदोषः । तादृशसामान्यान्तर्ग
तव्याप्तिविषयत्वस्य तादृशकार्यानुत्पादप्रयोजकत्वविरहादि
तिवाच्यम् । एवं सति जलव्याप्यकवह्न्यभावसमानाधिकरणा-

पद्मप्रसाद भट्टराई
मिति २०१९।६।१०।४।

पं. पद्मप्रसादको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद्मप्रसाद भट्टराई नेपालका भयङ्कर ठूला विद्वान् हुन् तर उनले लेखेका मौलिक कृतिहरू नगण्य प्रायः उपलब्ध छन् । उनको शिष्य-प्रशिष्य परम्परा भने फैलिँदै गएको पाइन्छ । नेपाल र भारतमा गरी पद्मप्रसादका थुप्रै शिष्यहरू छन् । तीमध्ये काशीनाथ पण्डित पद्मप्रसादका विशिष्ट शिष्य हुन् । लोकनाथ ढकाल, नवलकिशोरकर, दुर्गानाथ पाठक, केशवप्रसाद, छविलाल वास्तोला, पद्मप्रसादका यी प्रधान शिष्य हुन् । धर्मेन्द्रनाथ शास्त्री, गोपाल भट्टाचार्य, हरिहर शास्त्री, वेदबन्धु शास्त्री, रुद्रधर झा, शोभाकान्त झा, सुरेन्द्रनाथ द्विवेदी, मनसाराम, बालमुकुन्द रेग्मी, मुकुन्दनाथ भट्टराई, शिवहरि मरहट्टा, दीर्घराज घिमिरे, चेतोनाथ आचार्य, निरञ्जन भट्टराई, गोपीनाथ दवाडी, यज्ञप्रसाद थपलिया, विद्यानाथ उपाध्याय, हरिदेव मिश्र, विदुर पौडेल, गिरिधारी भट्टराई, विश्वनाथ, ऋषभदेव, कृष्णप्रसाद आदि पद्मप्रसादका थुप्रै शिष्यहरू छन् । अन्तिम अवस्थामा गुरुसँग विदुरले न्यायको गहिरिएर अध्ययन गर्ने मौका पाए साथै सेवा सुश्रूषा पनि गरे । वर्तमान समयमा पद्मप्रसादका शिष्य प्रशिष्यहरू पनि थुप्रै तयार भइसकेका छन् । [७]

साँमलीस्थानको प्रेम

जन्मदिने आमा र जन्मेको ठाउँको प्रेम कहिल्यै मेटिँदैन । पद्मप्रसाद भट्टराई पनि आफू जन्मेको ठाउँ सालुको ज्यादै माया गर्थे । गाउँबाट जोसुकै मानिस आए पनि - त्यहाँका अन्य मानिसको सञ्चबिसञ्च, गाउँको वातावरण, भाउबेसाहा, वस्तुभाउ आदि विषयमा सोधपूछ गरिरहन्थे । पक्षाघात रोगले थलिएको बेलामा पनि पद्मप्रसादले ***साँमलीस्थान*** र यहाँ बस्ने दाजुभाइको विषयमा जानकारी लिइनै रहे । ***साँमलीस्थान***मा - जेठा जिम्वाल, माहिला जिम्वाल र कान्छा जिम्वाल थिए । ***पद्मप्रसाद***कै आमा परलोक भएको अवस्थामा एघार दिनसम्म जिम्वाल टीकाप्रसाद भट्टराईले आफ्ना घरको गाईको दूध दिएछन् तर पछि सो दूधको पैसा मागेछन् । पद्मप्रसादले पनि आमाको काममा प्रयोग भएको दूधको लागेजति पैसा दिएछन् । पछि, पद्मप्रसाद जिम्वाल टीका प्रसाददेखि ज्यादै नै रिसाए । कसैले उनको नाम मात्र उच्चारण गर्दा पनि पद्मप्रसाद रिसाउँथे । कान्छा जिम्वाल लक्ष्मीप्रसाद भट्टराईले भूमिसुधार लागेपछि पद्मप्रसादको घरजग्गामा मोहनी हक लगाइ दिएपछि कान्छा जिम्वालसँग पनि उनी एकदमै झोक्किए । जेठा जिम्वाल पद्मप्रसादकै दाजुका छोरा थिए । पोखरेका चतुरबाबु भन्थे - ***मेरा अगाडि पद्मप्रसाद त***

---

७. शेषराज शर्मा रेग्मी र अरू (सम्पादक), ***पद्मस्मृति ग्रन्थ*** वि.सं. २०४१-४२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही जान्दै जान्दैनन् । मेरो अनुभवमा चतुरबाबु पढे लेखेर ज़ान्ने भएका मानिस होइनन् । गफकै भरमा घमण्ड गरेर अरूलाई मान्छे नगन्ने स्वभाव मात्र उनको हो । यसरी पद्मप्रसादलाई आफ्नै नजिकका दाजुभाइले दु:ख दिए आफ्नो जग्गा जमीनमा मोहनी हक लगाइदिए तैपनि ज़न्मस्थानप्रतिको प्रेम पद्मप्रसादको हृदयबाट कहिल्यै हराएन । जीवनको आखिरी अवस्थासम्म पनि पद्मप्रसाद ***सालुसाँमलीस्थान*** गाउँको चर्चा गरिनै रहन्थे ।

☆ ☆

सामग्री भाग

१. समस्यापूर्तिहरू

(क) वस्तु हस्तिमुखमस्तु वः श्रिये -

पाशचक्रसृणिसङ्घसज्जितं वाजिमन्नृगणराजिराजितम् ।
द्रागदन्प्रबलविघ्नवैरिणो वस्तुहस्ति मुखमस्तु वः श्रिये ॥ १ ॥

अमरभारती पृष्ठ ७१, भाद्र वि.सं. १९९२ (२९ अगस्त १९३५)

(ख) नान्नं धरित्रीतले -

विप्रा वेदविवर्जिता नृपतयो म्लेच्छाश्रिता: प्रायशो
वैश्या: कूटकुपण्यविक्रयपरा: शूद्रा द्विजाक्रामिण: ।
स्वच्छन्दा : सुकुलस्त्रियस्तदितरे प्राणिव्रजे का कथा
पूतं कृष्ण ! कलौ त्वदर्पण विधौ नान्नं धरित्रीतले ॥१॥

अमरभारती पृष्ठ ६५, वि.सं. १९९२, (२७ अ. ०१९३५)

(ग) इयं शर्वाणीव स्फुरतु सुरवाणी मनसि मे -

सुवर्णालङ्कारप्रवणपदविन्याससुरभि -
र्नियत्यास्पृष्टापि प्रथितगुणरीतिप्रणयिनी
दिशन्ती संवित्तिं भवजलनिधे: पारगतरी -
मियं शर्वाणीव स्फुरतु सुखाणी मनसि मे ॥ १ ॥ [८]

---

८. *पद्मस्मृति ग्रन्थ* २०४१, पृष्ठ १०६ र १०७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) पं. पद्मप्रसादले पानी खाने रिठ्ठाको पँधेरो

(ग) पं. पद्मप्रसादको घरबाट काठमाडौं आउने बाटो



(ख) पं. पद्मप्रसादको लिपनटार खेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) विश्वमा मातृभाषा-

दैवि मेरा कुरा यी झटपट बुझलान् आप्तले ली इरादा
निस्केका मूलदेखि उपरिउपरि भै कण्ठमा गै फुटेका
तोते ती बोलि नै हुन पटुगणका "विश्वमा मातृभाषा"
लाग्दैनन् ती सरीका नवरस झरिला स्रग्धरा वाक्य खासा ९

(ङ) शुभ-कामना

नेपालाधिनिवासः पशुपतिनाथो ऽखिलौ निर्जैरङ्गैः ।
रक्षतु वैदिकधर्मं धर्माभासै : समाच्छन्नम् ॥
त्रिभुवनमहेन्द्रजुष्टं त्रिभुवनविबुधैः सदासमाम्नातम् ।
त्रिभुवनभाषाक्रन्दं प्रत्नं "जयतु संस्कृतं" रत्नम् ॥
कृत्याकृत्यविवेकस्य निधानं हितसाधनम् ।
शान्तेर्निदानं "जयतु संस्कृतं" धर्मभूधनम् ॥
राजकीयमहाविद्यालयाध्यक्षपदं गत : ।
पद्मः कामयते दीर्घ दिष्टं "जयतु संस्कृतम्" ॥

जयतु संस्कृतम् वर्ष १ अंक १

२. *अभिनन्दनपत्र*

श्री :

श्रीवल्लभराम शालिग्रामसाङ्गवेदविद्यालयीय २९ गणेशोत्सवशास्त्रार्थसभापतीनां पण्डित प्रवर श्रीपद्मप्रसादन्यायाचार्यमहोदयानां विद्वद्भिः सबहुमानं कृतमभिनन्दनपत्रम् ॥

ये श्रीसद्गुरुसम्प्रदायमतुलं संसेव्य संपाद्य या
स्वान्तः सन्तमसान्तकारिगुणया विद्योतिता विद्यया
तेषां सम्प्रति सम्प्रतीतविदुषां मध्ये यशो मध्यगो
न्यायाचार्यहृदावृतः परिषदध्यक्षो भवान् वीक्ष्यते ॥ १ ॥

---

९. *समस्या पुर्ति कविता संग्रह* (२०२०-२०३७) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामं सन्तु विदां सदस्सु बहुधा सङ्ख्यातसख्या: परं
सद्विद्वान् विनयेन शोभत इति श्रीमत्युदीक्ष्यं वच:
विद्यावद्विनयेन विद्म गुणिनां पद्मप्रसादाभिधां
न्यायेनोभयलक्षणेन गुणिनां मान्यो ऽ भवद्भूषिताम् ॥ २ ॥

अस्यां संसदि सन्निधाय भवता विद्वद्भिरभ्यर्थित
यत्कार्यं कृतमत्र केवलमिमे सर्वेऽ धमर्णा वयम
अन्त: सारमथापदार्थविधुरं भावत्कवैदुष्यमि-
त्युल्लासो वृणुते स्वयं तु भवते सन्न्यायरत्नं पदम् ॥ ३ ॥

गोलोकन्यायरत्नेषु विरलेष्वदवीयसी ।
न्यायरत्नेति पदवी भवन्तमभिवर्धयेत् ॥ ४ ॥

भाद्रशुक्ल ९ सोमबासरे सं. २००८

श्री राजेश्वरशास्त्री द्राविड् — रामाचार्य :
अनन्तशास्त्री फडके — के.वी. नीलमेघाचार्य :
काशीनाथ शास्त्री — काशीराम शर्मा
विश्वनाथ पाण्डेय: — रामनाथ शास्त्री ज्योतिषाचार्य :
दुर्गादत्त वैद्य: — पं. श्यामराजमिश्रो वैद्य:
नीलकण्ठ जोशी — रघुनाथ प्रसाद: शुक्ल:
हरिराम शुक्ल: — गोपीनाथशास्त्री मण्डलीकर:
गणेशदीक्षित: — जयराम शा. शु .
मुकुन्द शास्त्री — विश्वनाथ दातार: १०

१०. *श्रद्धाञ्जलि* : संस्कृत अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं २०३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. बहुमत कि वास्तवमत ?

वि.सं. २०२० मा दुइटा अधिमास एउटा क्षयमास परेका थिए । पौष महीनामा क्षयमास परेको थियो । क्षयमासमा विवाहिता आइमाई आफ्ना लोग्नेकहाँ बसे भने आफैंलाई पिर्छन् भन्ने कुरा प्रख्यात भएकोले क्षयमासमा पतिगृहमा नबस्ने कुरा खुप चल्यो ।

पण्डितवर पद्मप्रसाद भट्टराईज्यूले विवाह भएको १ वर्ष नपुग्दै क्षयमास पऱ्यो भने मात्र पतिगृहमा बस्नु हुँदैन भनेको हो । यसकारण नवविवाहिताहरूले मात्र क्षयमासमा पतिगृहमा बस्नु हुँदैन । अरुलाई यो दोष लाग्दैन । यसकारण अघिल्ला-अघिल्ला वर्षमा विवाह भएकाहरूले घर छोड्ने आवश्यकता छैन भन्ने निर्णय दिई लेख प्रकाश गराउनुभयो । पं. जुननाथ शर्माज्यूले क्षयमासमा विवाह भएको १ वर्ष नपुगेका आइमाईले मात्र होइन, विवाहिता कुनै आइमाईले पनि पतिगृहमा बस्नु हुँदैन भन्ने लेख छपाउनुभयो । घरघरमा यसको चर्चा हुन लाग्यो ।

माथिको आदेशअनुसार श्रीबडागुरुज्यू खगेन्द्रराज पण्डितज्यूको घरमा वि.सं. २०२० मार्ग १६ गते यसको निर्णयको लागि सभा बस्यो । पं. जुननाथ शर्माज्यूको पक्षको समर्थन श्री गुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू , पं. रामनाथ आचार्यज्यू, राजज्योतिषी राधानाथ लोहनीज्यू आदि धेरै विद्वान्हरूबाट भयो । यसरी पद्मप्रसादज्यू एकलो हुनुभयो । मलाई आफ्नो विचार प्रकट गर्न बडागुरुज्यूबाट आज्ञाभयो । बडागुरुज्यूका पुत्र पीयूषराज गुरुज्यू र कविराज शिवनाथ रिमालज्यूले पनि यस विषयमा बोल्नोस् भनी मलाई ज्यादै आग्रह गर्नुभयो । तर मलाई यो विषय राम्रो आउँदैन भनी मैले बोलिनँ । आखिरमा तपाई आफ्नो घरमा के गर्नु हुन्छ त भनी उहाँहरूले मसँग सोध्नुभयो । मेरी पत्नीको देहान्त भएको अहिले ९ वर्ष पुगिसक्यो । यसकारण क्षयमासमा पत्नीसँग बस्नु हुन्छ कि हुँदैन भन्ने प्रश्न मेरो अगाडि छैन भनी मैले जबाफ दिएँ । अघि त म मेरो विचार पनि जुननाथ शर्माज्यूको जस्तै थियो । तर पद्मप्रसादज्यूको तर्क सुन्दा मेरो विचार धरमरियो । मलाई के हो के हो भन्ने भयो । यसकारण मैले बोलिनँ । मैले आफूलाई पक्का नभएको विषयमा नबोल्ने बानी बसाउन भरसक कोशिश गर्दै आएको छु । भास्करको अनुकरण गरी मैले यसो गरेको हुँ । यस विषयमा विस्तारपूर्वक म अर्को निबन्धमा लेख्नेछु । त्यहाँ उठेको मुख्य वादविवादको विषय तल दिइएका पद्यको अर्थगराइमा थियो ।

उद्वाहात् प्रथमे शुचौ यदि वसेद् भर्तुर्गृहे कन्यका
हन्यात् तज्जननी क्षये निजतनु ज्येष्ठे पति ज्येष्ठकम्
पौषे च श्वशुरे पतिं च मलिने चैत्रे स्वपित्रालये
तिष्ठन्ती पितरं निहन्ति नभयं तेषामभावे भवेत् ॥ ४१ ॥

(*मुहूर्त्तमार्तण्ड* विवाह प्रकरण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) घ्याप्चे शिर भएको यो रणजोर खहरे हो



(ख) रणजोर खहरेले पं. पद्मप्रसाद लगायत अरू धेरैको खेतबारी लगिसक्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(विवाह भएपछि पहिलो आषाढमा पतिगृहमा बसे दुलहीले सासुलाई पिर्छे, क्षयमासमा आफैंलाई पिर्छे , ज्येष्ठमा जेठाज्यूलाई पिर्छे , पौषमा ससुरालाई पिर्छे , अधिमासमा लोग्नेलाई पिर्छे । चैत्रमा बाबुको घरमा बसे दुलहीले बाबुलाई पिर्छे । जसलाई पिर्ने भनेको छ , उ नभएमा दोष लाग्दैन ।)

ज्येष्ठे पतिज्येष्ठमथाधिके पतिं हन्त्यादिमे भर्तृगृहेवधू :
शुचौश्वश्रूं सहस्ये श्वसुरं क्षये तनुं तातं मधौ तातगृहे विवाहत: ॥ ३ ॥

(*मुहूर्त्तचिन्तामणि* वधूप्रवेश प्रकरण)

(पहिलो ज्येष्ठमा पतिगृहमा बसे दुलहीले जेठाज्यूलाई पिर्छे, अधिमासमा लोग्नेलाई पिर्छे , आषाढमा सासूलाई पिर्छे , पौषमा ससुरालाई पिर्छे , क्षयमासमा आफैंलाई पिर्छे । चैत्रमा बाबुको घरमा बस्ने दुलहीले बाबुलाई पिर्छे)

प्रमाण यिनै हुन् । यहाँको लेखाइबाट पहिलो वर्षभन्ने अर्थ देखिन आउँछ भन्ने पद्मप्रसादज्यूको भनाइ थियो । पहिलो वर्ष भन्ने अर्थ होइन, पहिलो पटक आएको भन्ने अर्थ हुन्छ भन्ने जुननाथज्यूहरूको भनाइ थियो । दुवै भनाइ उत्तिकै जोडका थिए । ३।४ घण्टासम्म छलफल भइरह्यो । आखिर कुनै टुङ्गो लागेन । बहुमत जुननाथज्यूको पक्षमा थियो । शास्त्रार्थको विषयमा हुल गरेर निर्णय हुँदैन भनी गर्जदै पद्मप्रसादज्यू अटल हुनुहुन्थ्यो । बडागुरुज्यूलाई यस सभाले अप्ठ्यारोमा पारिदियो । उहाँले यसको निर्णयको लागि अर्को ठूलो सभा बसाउने निर्णय गर्नुभयो ।

मार्ग १९ गते अर्को सभा बस्यो । सो सभामा यहाँका प्राय: सबैजसो पण्डित ज्योतिषीहरू जम्मा भएका थिए । त्रिभुवन- विश्वविद्यालयले परीक्षाको काममा झिकाएका काशीका ४ जना पण्डित पनि सो सभामा सम्मानपूर्वक बोलाइएका थिए । पद्मप्रसादज्यू तथा जुंननाथज्यूले आफ्नो तर्क विस्तार पूर्वक प्रस्तुत गर्नुभयो । यस्तै किसिमबाट सबैबाट आफ्ना आफ्ना तर्क प्रस्तुत भए । काशीका पण्डितहरूका तर्क पनि सो सभामा आए । काशीका पण्डितहरूका तर्क पद्मप्रसादको पक्षको समर्थक भएकाले सभापतिको आसनबाट बडागुरुज्यूले पनि पद्मप्रसादको पक्षलिनु भयो । एक मतको निर्णय प्रकाशित भयो ।

मेरो मनमा निश्चयात्मक विचार थिएन । यसको केही पछि वृत्तशतकको टीका पल्टाउँदा मैले तलका श्लोक देखें-

मुहूर्त्तमालायाम् -

पत्युर्ज्येष्ठं ज्येष्ठे श्वशुरं पौषे शुचौ श्वश्रूम्
पतिमाधिके क्षयमासे हन्त्यात्मानं गृहस्थिता पत्यु: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हन्ति नवोढा पतिरं पितृसदने स्थिता चैत्रे
फलमेतत् प्रथमेऽब्दे दोषो नैष द्वितीयादौ ॥

(*वृत्तशतक*को टीका मुनिवाक्यार्थदर्पणको विवाह प्रतिबिम्ब १६२ पत्र)

(विवाह भएपछि पहिलो ज्येष्ठमा पतिको घरमा बसे नयाँ दुलहीले जेठाज्यूलाई पिर्छे , पौषमा ससुरालाई पिर्छे , आषाढमा सासूलाई पिर्छे , अधिमासमा पतिलाई पिर्छे , क्षयमासमा आफैँलाई पिर्छे । चैत्रमा बाबुको घरमा बस्ने नयाँ दुलहीले बाबुलाई पिर्छे । पहिलो वर्षमा मात्र यो बार्नुपर्छ । दोस्रो वर्षदेखि यो दोष लाग्दैन)

यस घटनाबाट पद्मप्रसादज्यूको शास्त्रको अर्थ गर्ने शक्तिमा मेरो विश्वास बढ्यो ।

बहुमतको भरमा मात्र निर्णय गर्ने हो भने वास्तव कुरो हात लाग्छ वा लाग्दैन भन्ने विचार पनि मेरो हृदयभित्र घुम्न लाग्यो ११ ।

४. *पञ्चाङ्गसुधारको विषयमा श्री ५ को सरकार शिक्षामन्त्रालयमा पञ्चाङ्ग विवेचक समितिले चढाएको प्रतिवेदनको सारांश*

वि.सं. २०२० मार्ग २२ गते शिक्षामन्त्रालयमा श्री शिक्षासचिवज्यूको अध्यक्षतामा पञ्चाङ्ग विषयको प्रबन्ध गर्न एक सभा बसेको थियो । सो सभामा शिक्षासचिवज्यू , शिक्षाउपसचिवज्यू , शिक्षा निर्देशकज्यू , पञ्चाङ्गविवेचक समितिका अध्यक्षज्यू , मन्त्रीज्यू तथा पञ्चाङ्गसंशोधकहरूको पनि उपस्थिति थियो । पञ्चाङ्गको प्रतिसंस्कार गर्नाको लागि उक्त प्रतिवेदन श्री ५ को सरकारमा पञ्चाङ्ग विवेचक समितिले प्रस्तुत गर्नुपर्छ भन्ने निर्णय पनि सो सभाले गरेको थियो । सो निर्णय अनुसार पञ्चाङ्ग विवेचक समितिका अध्यक्ष पण्डितवर पद्मप्रसाद भट्टराईज्यूको अध्यक्षतामा सो समितिले विचार गरी पञ्चाङ्गप्रतिसंस्कारको विषयमा एक प्रतिवेदन तयार गर्‍यो । सो समितिका मन्त्री पण्डित बुद्धिसागर पराजुलीज्यूले वि.सं. २०२० माघ २९ गते सो प्रतिवेदन श्री ५ को सरकार शिक्षामन्त्रालयमा चढाउनु भयो । सो प्रतिवेदनको सारांश ।

प्रत्येक राष्ट्रको आफ्नो परम्परा र संस्कृति हुन्छ । चाडबाड धर्मकर्महरू नियत तिथिमा नियत समयमा गर्नु परम्पराप्राप्त संस्कृतिको अङ्ग भएको हुनाले त्यस्तो काम गर्न धर्मशास्त्र

---

११. नयराजन्त, बहुमत कि वास्तवमत ? *पूर्णिमा* वर्ष ४ अङ्क ४, पूर्णाङ्क १६, पृष्ठ ४१६, २१७ बाट । (वि.सं. २०२० कार्तिक २८ गते, मार्ग १३ गते र मार्ग २१ गतेको गोरखापत्र हेरी यो विषयलाई विस्तृत रूपमा बुझ्न सकिन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत एक पञ्चाङ्ग तयार गर्नु आवश्यक हुन्छ । केही वर्ष यतादेखि पञ्चाङ्ग संशोधनको काम धर्मरक्षा महामण्डलान्तर्गत पञ्चाङ्ग विवेचक समितिले गर्दै आएको छ । "तपाईंहरू एकै पद्धति अनुसार पञ्चाङ्ग गन्नुहुन्छ तापनि तपाईंहरूका पञ्चाङ्गमा प्रतिवर्ष किन वैषम्य पर्छ" भनी पञ्चाङ्ग विवेचक समितिले पञ्चाङ्गकर्ताहरूसँग सोधनी गरेको थियो । त्यसको उत्तरमा "हाम्रो पञ्चाङ्ग गन्ने पुस्तक छापिएको छैन, उहाँको पुस्तकमा भिन्नै अङ्क छ, मेरो पुस्तकमा भिन्नै अङ्क छ, यसैले फरक परेको हो भन्ने जवाफ पञ्चाङ्गकर्ताहरूबाट आयो । यसकारण पञ्चाङ्ग गन्ने सारणीलाई प्रकाश गराउनु आवश्यक देखिन आएको छ । पाइए जति सारणीका प्रति भिडाई मूलाङ्कसँग तुलना गरी शुद्ध पाठ ठम्याई ती सारणीलाई प्रकाश गराउनुपर्छ । यस कामलाई पञ्चाङ्ग गन्ने र मूलाङ्कसँग सारणीको तुलना गरी सारणी शुध्याउन सक्ने योग्यता भएका चार जना ज्योतिषीहरूलाई नियुक्त गर्नु पर्छ । कमसेकम नन्‌गजेटेड् प्रथम श्रेणीका क्रममा तिनीहरूको नियुक्ति हुनुपर्छ । प्रतिवर्षको पञ्चाङ्ग शुध्याउने र शुद्धसारणी प्रकाश गराउने तथा यन्त्राध्यायमा बताए अनुसार गोलफलक आदि यन्त्र बनाउने र देशका प्रसिद्ध ठाउँ (काठमाडौ, इलाम, पोखरा, बैतडी इत्यादि) मा धूप घडी बनाई जडान गर्न लाउने काम ती चार जना ज्योतिषीकै जिम्मामा दिनुपर्छ ।

यो नयाँ दरबन्दी सदरभई नआएसम्म प्रतिवर्ष पञ्चाङ्ग संशोधनको कामको लागि र सारणी शुध्याउने कामको लागि हाल पञ्चाङ्गसंशोधनको काममा खटी आउनुभएका दुइजना ज्योतिषी कर्मचारीहरुलाई पञ्चाङ्ग संशोधनको काम र सारणी शुध्याउने काम गर्ना निमित्त हाल खाईपाई आएको दरबन्दीमा पञ्चाङ्ग विवेचक समितिमा काम गर्ने र वीरपुस्तकालय वा अरु कुनै उपयुक्त सरकारिया विभागबाट उहाँहरूलाई तलब खुवाउने प्रबन्ध मिलाउनुपर्दछ ।

आकाशका ग्रहस्थितिलाई हेरी आकाशको स्थिति र आफ्नो गणनालाई मिलाउने योग्यता भएका ज्योतिषीहरू तयार गराउँदै लाने र त्यस्तो योग्यता भएका ज्योतिषीहरूलाई पञ्चाङ्ग संशोधन, सारणी संशोधन, उपयुक्त यन्त्रहरूका निर्माणमा लाउँदै जानुपर्छ । यसकारण ज्योतिष सिद्धान्तग्रन्थमा बताए अनुसारको काम गरी आकाशको घटनालाई परीक्षा गर्ने शिक्षा दिनु आवश्यक छ ।

हाल ज्योतिष सिद्धान्त ग्रन्थको पढाइ हुन्छ तापनि ग्रन्थमा बताए जस्तै गरी परीक्षा गरी पढ्ने परम्परा बस्न सकेको छैन । पाठयपुस्तकमा बताए अनुसार आकाशको स्थितिलाई परीक्षा गरी सिद्धान्तज्योतिष पढ्ने परम्पराको थालनी सिद्धान्तज्योतिष पढ्ने चारजना योग्यतम विद्यार्थीहरूबाट गर्नुपर्छ । विशेष परिश्रमपूर्वक अध्ययन र काम गर्नुपर्ने भएकोले यस्ता काम गर्ने विद्यार्थीहरूलाई उनीहरूले खाई पाई आएको वृत्तिबाहेक मासिक रु १००। सय दिनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहहरूको परीक्षा गर्नकालागि सूर्य उदाएदेखि नअस्ताएसम्म घाम लागिरहने १५।२० हात लम्बा चौडा एक कौसी हुनुपर्दछ ।

वर्षको २०००।= रुपियाँको यन्त्रहरू बनाउनु पर्छ । यी यन्त्रहरूको रक्षा गर्न २ जना पाले हुनुपर्छ । परीक्षा गरी आएका परिणामलाई प्रकाश गर्दै जानुपर्छ । सो प्रकाश गर्न वार्षिक २०००। खर्च हुन्छ ।

यसरी वर्षको ६०००। रुपियाँ वेतन रूपमा र ४०००। रुपियाँ प्रकाशन र यन्त्रनिर्माण गर्ने काममा खर्च हुन्छ । यसरी वर्षको १०,००० दशहजार रुपियाँ खर्च गरी २ वर्षसम्म काम गऱ्यो भने सिद्धान्तज्योतिष ग्रन्थको त्रिप्रश्नाधिकारमा बताइएको विधिको प्रयोगात्मक अध्ययन हुन्छ र गणितगत सूर्य र आकाशका सूर्यको तुलना गर्ने योग्यता भएका ज्योतिषीहरू तयार हुन्छन् ।

यस कामको नतीजा हेरी अरु ग्रहको विषयमा विचार गर्ने योजना पछि बनाउनुपर्छ ।

यस कामकोलागि निर्देशन दिन दिनको २ दुई घण्टाको समय विना पैसामा दिन पं. नयराज पन्तज्यूको मञ्जूरी छ । निर्देशनको लागि यतिसमय पर्याप्त छ १२ ।

५. *नेपाल झिकाउँदा नेपाल सरकारबाट गएको पुर्जीको नमूना*

शिक्षा नं १०७५

द. शारदा

श्री शिक्षामन्त्री शारदा शम्सेरबाट तलबको हकमा २००९ साल आषाड १ गतेदेखि पाउने गरी अरू सदर २००९ । २ । ३१ । ६

द शारदा-

श्री शिक्षामन्त्री शारदा शम्सेरबाट

पं. पद्मप्रसाद भट्टराईले पुर्जि हेर्नुभई राजकीय संस्कृत महाविद्यालयमा प- कमिशनले निर्धारित गरे बमोजिमको तलब खान पाउनेमा तपाईको विशेष योग्यता हुनाले काम गरेसम्म

---

१२ पूर्णिमा वर्ष ४ अङ्क ३, पूर्णाङ्क १४ (संशोधनमण्डल) पृष्ठ ३२३, ३२४ र ३२५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरुले पाइआएको तलब माथि वर्ता भत्ता थप गरी महिनाको जम्मा ४००। (चारशय) पाउने गरी भाइस प्रिन्सिपलको दर्जा दी २००९ साल ज्येष्ठ ३१ गतेदेखि तपाईको नियुक्ति गरिएको छ र तपाईले काम गर्न सकेसम्म तपाईंलाई ६० वर्षमा झिकिने नियम लाग्ने छैन इति सम्बत् २००९ ज्येष्ठ ३१ रोज ६ शुभम् ।

द. कुमारदास श्रेष्ठ
द. नयनराज पाण्डे
द. हा. इन्द्रराज

६. काजको जनाउ

प्र.स्व.स. सिं.शि.मं. १८९५।१

श्री प्रमुख स्वकीय सचिव
राजदरवार नेपाल
६ मार्ग, २०२२

श्री ५ महाराजाधिराजका
सचिवालय
श्री सचिव, शिक्षा मन्त्रालय सिंहदरवार

श्री ५ महाराजाधिराजबाट गराइबक्सने श्री रुद्रमहायागको काममा संस्कृत महाविद्यालयका प्रिन्सिपल श्री पद्मप्रसाद भट्टराई आचार्य भै काम गर्न परेकोले निजलाई २०२२ साल मार्ग ११ गतेदेखि पौष १६ सम्म काज जनाईदिनु भन्ने श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेको (ले) लेखेको छु ।

बडाकाजी- पुष्पराज

बोधार्थ

श्री रजिष्टार, त्रिभुवन विश्वविद्यालय
श्री प्रिन्सिपल पद्मप्रसाद भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) हीरादेवी भट्टराई र उनको परिवार।
"यो घरमा तिमीहरू बस्नु" – पद्मप्रसाद

(ख) "यो घरबारी मेरा कुलपितृ खेल्ने ठाउँ हो।
यसलाई कहिल्यै नबेच्नू" – पद्मप्रसाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. आजीवनभत्ता

श्री ५ को सरकार शिक्षामन्त्रालय
उच्च शिक्षा विभाग

सिंहदरबार, काठमाडौं
नेपाल।
मिति:- २०२३।१०।५

श्री राजकीय संस्कृत महाविद्यालय

विषय:- प्रिन्सिपल श्री पद्मप्रसाद भट्टराईलाई अवकाश दी आजीवन मासिक रु ५००। भत्ता दिने।

उपरोक्त विषयमा मं.प. नं ५९ । ०२३ मिति ०२३ । ९ । २२ । ६ को मन्त्रिपरिषद् बैठकले संस्कृत महाविद्यालयका प्रिन्सिपल श्री पद्मप्रसाद भट्टराईलाई अवकाश दी आजीवन मासिक रू ५००। (पाँचशाय) को दरले भत्ता दिने सदर हुन श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्ने निर्णय हुँदा, उक्त निर्णयमा लेखिए बमोजिम गर्ने गरी सदर गरिदिनु भन्ने हुकुम बक्सेको सूचना श्री ५ महाराजाधिराजका प्रमुख सचिवालयबाट प्राप्त भएकोले सूचना गरेको छु भनी म. परिषद् सचिवालयबाट प.सं. २९९ । ०२३ मिति ०२३ । २० ।२ को पत्र लेखी आएकोले बेहोरा बोध गरी हुकुम बक्से बमोजिम गर्नु गराउनु हुन सूचना गरेको छु।

लवबहादुर
२०२३।१०।५
निर्देशक

बोधार्थ तथा कार्यार्थ
श्री अर्थ मंन्त्रालय
श्री निजामती किताब खाना
(किताबमा जनाउनु हुने
श्री पद्मप्रसाद भट्टराई)

८. प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु पदवीको प्रमाणपत्र

श्री

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध- विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अतितेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्री महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगे श्रीपद्मप्रसाद भट्टराई ... के यथोचित

उप्रान्त कदरलायक असल काम गरे बापत प्रसिद्ध प्रबल गोरखादक्षिण बाहुको मानपदवी लाउनाको अधिकार र सो सम्बन्धी मानमर्यादा औ हक समेत बक्सन योग्य ठहराई सो प्रदान गरिबक्सेका छौं । श्री ईश्वरका अनुग्रहले चिरकाल पर्यन्त सुख र आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो इज्जतको उपभोग गर्न मिलोस् ।

२०२३ । २ । २९ । ७

श्री ५ महाराजाधिराजका हुकुमले
(द.) विरेन्द्र
शाह पृथुलाधिश
(द.) नीरशमशेर
अध्यक्ष तथा तक्मा समिति
(द.) पुष्पराज
प्रमुख स्वकीय सचिव

ङ. *देहान्तपछिको पारिवारिक सहुलियत*

श्रीमती ललितादेवी भट्टराई १७।१६१ गैह्रीधारा, काठमाडौं

उपरोक्त बारे तपाईले आफ्नो छोराछोरीलाई अध्ययनको व्यवस्था गराई पाउँ भनी दिनुभएको निवेदनमा कार्यवाही हुँदा श्रीशङ्करप्रसाद भट्टराईलाई फेल नभएमा एस.एल.सी. पास नभएसम्म मासिक रु १००। का दरले र तपाईलाई केटाकेटीहरूको भरणपोषण र शिक्षाको लागि आजीवन मासिक रु २५०। (दुइशय पचाश) का दरले भत्ता दिने भनी श्री ५ को सरकारको निर्णय भएको बेहोरा मिति २०३१ । १ । ३ मा यस मन्त्रालयमा लेखी आएको हुँदा जानकारीको लागि अनुरोध गरेको छु [१३] ।

भवदीय
उदय शंकर गिरी
मुख्य लेखापाल
२०३१ । १ । ८

---

१३. यी पाँचओटा कागजपत्र मर्यादा पत्रिकामा चेतोनाथ शर्मा आचार्यले लेखेको पद्मप्रसाद भट्टराईको जीवनीबाट उतार गरिएको हो - भूहपौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. दुइटा शोक समाचार

१. श्री भट्टराईको स्वर्गवास

(कार्यालय प्रतिनिधि)

काठमाडौं, पुष २६ गते । संस्कृत भाषाका विशिष्ट विद्वान् तथा दार्शनिक श्री पद्मप्रसाद भट्टराईको हिजो पशुपति आर्यघाटमा स्वर्गवास भयो । उहाँ ७८ वर्षको हुनुहुन्थ्यो ।

श्री भट्टराई २०२२ सालदेखि पक्षाघातले पीडित हुनुहुन्थ्यो ।

श्री भट्टराई धेरै वर्षसम्म काशीको काशी मारवाडी कलेज र गोयन्का महाविद्यालयमा प्राध्यापक हुनुहुन्थ्यो । नेपाल आएपछि वाल्मीकि संस्कृत महाविद्यालयमा प्राध्यापक र पछि प्राचार्य हुनु भएको थियो ।

उहाँको अन्त्यसम्ममा धेरै विद्वान्हरू र उहाँका शिष्यप्रशिष्यहरू पशुपति आर्यघाटमा पुगेका थिए ।

श्री भट्टराईका ५ छोरा ५ छोरी र धर्मपत्नी हुनुहुन्छ ।

दिवङ्गत आत्माको शान्तिका लागि पुष २९ गते वाल्मीकि संस्कृत क्याम्पसमा शोकसभा हुने भएको छ । [१४]

२. शोकसभा

(कार्यालय प्रतिनिधि)

काठमाडौं, पुष २९ गते । वाल्मीकि क्याम्पसमा आज स्व. श्री पद्मप्रसाद भट्टराईको निधनमा एक शोक सभा भएको थियो ।

त्यस अवसरमा शिक्षामन्त्री श्रीकृष्णराज अर्यालले समवेदना सन्देश पठाउनु भएको थियो ।

सन्देशमा शिक्षा मन्त्रीले पण्डित स्व. श्री भट्टराईको आत्माको चिरशान्तिको कामना गर्दै श्री ५ को सरकारले उहाँको परिवारप्रति नियम अन्तर्गत रही सक्ने सहयोग गर्ने नै छ भन्ने आश्वासन दिनु भयो ।

---

१४. *गोरखापत्र* वर्ष ७३ अङ्क २४६, २०३० साल पुष २७ गते शुक्रबार, पृ १ र ८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त शोक सभामा स्थानीय विद्वान्हरूले स्वर्गीय भट्टराईज्यूको अगाध विद्याको प्रशंसा गर्दै श्रद्धाञ्जली दिनुभयो ।

सभामा प्राध्यापक, छात्रहरू एवं धेरै गन्यमान्य व्यक्तिहरूको उपस्थिति थियो ।

सभापतिको आसनबाट कविवर श्री धरणीधर कोइरालाले उहाँको व्यक्तित्व र प्रतिभाको विशेष रूपले उल्लेख गर्नु भएको थियो । १५

१. सन्दर्भ ग्रन्थ

१. ऋष्भदेव शर्मा रेग्मी "पण्डित प्रवराणां श्रीपद्मप्रसाद महोदयानां संक्षिप्तं जीवनचरित्रम्' *हैमवती* प्रथमेवर्षे, प्रथमोऽङ्कः ।

२. घटराज भट्टराई, "वरिष्ठ विद्वान् पद्मप्रसादः संभना र श्रद्धाञ्जलि" *गोरखापत्र* वर्ष ७३ अंक २५२, २०३० साल माघ ४ गते, बिहिबार ।

३. चेतोनाथ शर्मा आचार्य, "न्यायरत्न, न्यायाचार्य, दर्शनालङ्कार प्रसिद्ध प्रबल गोरखादक्षिणबाहु पण्डितप्रवर पद्मप्रसाद भट्टराईज्यूको संक्षिप्त जीवनी" *मर्यादा* (शुभराज्याभिषेक विशेषाङ्क) २०३२ ।

४. राधेश्याम भट्टराई, "विद्वत्ता, निर्भीक व्यक्तित्व र पं. पद्मप्रसाद भट्टराई" *रत्नश्री* वर्ष ११ अङ्क ४? ३०३० (माघ-फागुन) ।

५. रामराज पौड्याल "पण्डितप्रवर पद्मप्रसादको विद्वत्ता" *गोरखापत्र* २०४१. मंसीर १३ गते, शनिवार ।

६. शेषराज शर्मा रेग्मी (आचार्य)
डा. डिल्लीराम तिमल्सिना
जगन्नाथ कण्डेल (आचार्य)
डा. स्वामी प्रन्नाचार्य
(संम्पादक) *पद्म-स्मृति ग्रन्थ* वि.सं. २०४१-४२ ।

१५· *गोरखापत्र* वर्ष ७३ अङ्क २४९, २०३० साल माघ १ गते, सोमबार, पृ ८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. सन्दर्भ जानकारी

१.	गोविन्दप्रसाद घिमिरे (साहिला बा),	सालु साँमलीस्थान
२.	देवीप्रसाद भट्टराई,	सालु साँमलीस्थान
३.	पूर्णबहादुर खड्का,	सालु साँमलीस्थान
४.	मनोरथ भट्टराई,	सालु साँमलीस्थान
५.	माण्डवी पौडेल,	सालु साँमलीस्थान, हाल - सानो ठिमी भक्तपुर
६.	रामप्रसाद भट्टराई	(हाल) बानेश्वर
७.	लक्ष्मीप्रसाद भट्टराई,	सालु साँमलीस्थान, हाल - घारीबथान, सर्लाही
८.	लोककुमारी भट्टराई,	सालु साँमलीस्थान
९.	शम्भु भट्टराई,	(हाल) गैह्रीधारा
१०.	शिव भट्टराई,	(हाल) गैह्रीधारा
११.	हर भट्टराई,	(हाल) गैह्रीधारा
१२.	हीरादेवी भट्टराई,	सालु साँमलीस्थान

❋ ❋ ❋

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०
कविराज उमानाथ आचार्यको जीवन-चरित्र

उमानाथ आचार्यको जन्म गण्डकी अञ्चल, चुँदी (तनहुँ) तामाकोट, तेर्सेपानी हाल: भानु गाउँ विकास समिति वडा नं ३ तनहुँमा विक्रम संवत् १९५७ साल भदौ अमावाश्या (कुशें औंसी) का दिन भएको हो । यिनको जन्ममा अश्लेषा नक्षत्रको चौथो पाउ बाबु पिर्ने नक्षत्र परेको हुँदा जेठा बा विश्वनाथ आचार्यबाट शान्तिस्वस्ति भएको थियो ।

त्यो समयमा उमानाथका पिता लोकनाथ आचार्य पूर्व चैनपुरमा १२ । रु कम्पनी खाने गरी राइटर पदमा जागीरे भएका थिए । १९६३ सालको माघ महीनामा सूर्यग्रहण नुहाउन चैनपुरबाट काशी गएका थिए । ग्रहण नुहाइसकेपछि शुक्ल सप्तमी तिथिका दिन मणिकर्णिका घाटमा विसूचिका (हैजा) ले लोकनाथको मृत्यु भयो । त्यो बेलासम्म उनका अरु ३ जना सन्तानको जन्म भैसकेको थियो । गोपीनाथ (बालकैमा मृत्यु) कान्छो छोरा नरनाथ (१९६२) र छोरी आफलादेवी (तनहुँ **ब्यागदेका** घिमिरेसँग विवाह भयो) हुन् । लोकनाथको जन्म वि.सं. १९२७ सालमा भएको थियो । जेठा छोरा उमानाथको बाबु पिर्ने ग्रह परेको हुँदा उनी ६ वर्षको उमेरमा पुग्दा बाबु लोकनाथको मृत्यु भएको हो भन्ने कुराको चर्चा आफन्तमा चल्यो । वस्तुतः यसलाई निमित्त मात्र मान्न सकिन्छ । उमानाथभन्दा पछिजन्मिएका उनका भाइबहिनीलाई कसैले पनि बाबु पिराहा भनेनन् । शायद अरुमा पिराहा ग्रह परेको थिएन कि ? उमानाथको ८ वर्षको उमेरमा व्रतबन्ध भयो । उनलाई मन्त्र सुनाउने जेठा बा पण्डित विश्वनाथ आचार्य थिए । रुद्री, चण्डी र ***लघुसिद्धान्त कौमुदी***को सुवन्तसम्म उनैले पढाएका थिए । उमानाथ औंसीका दिन जन्मिएका हुँदा औसीकै दिन जन्मिएकी केटी विवाह गर्नु अत्यावश्यक थियो । उनी १३ वर्षको उमेरका हुँदा १९७० साल वैशाख १५ गते गोर्खा लिगलिग माल्दी गैह्रा गाउँका नन्दप्रसाद देवकोटाकी ९ वर्ष उमेरकी (औसीकै दिन जन्मिएकी) उत्तरादेवीसँग विवाह भयो ।

विक्रम संवत् १९७१ साल कार्तिक महीनाको कुरा हो । उमानाथ र नरनाथ गाई हेर्न गएका थिए । त्यो बेला उमानाथले नरनाथलाई ***हजुरआमा (देवीदत्तकी पत्नी पद्मादेवी जो विश्वनाथ, लोकनाथ र वेदनाथकी आमा) सँग भानुभक्तको रामायण मागेर ले*** भनी अह्राए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो रामायण उमानाथकै फुपू योगमाया (पद्मादेवीकै दिदी) ले बनारसबाट पठाईदिएकी थिइन् । उमानाथका फुपू (देवदत्तकी छोरी) छओटी भएको जानकारी पाइएको छ । जस्तै,

१. योगमाया - बालविधवा, काशीवासी ।

२. यशोदा - यिनका सन्तान: सोमनाथ पौडेल, रामचन्द्र पौडेल हुन् ।

३. कमला - यिनका सन्तान: विश्वामित्र खनाल हुन् ।

४. तारा - यिनका सन्तान: हरिनाथ, सूर्यनाथ र यदुनाथ खनाल हुन् ।

५. तिलोत्तमा - यिनका सन्तान: सु. केदारनाथ हुन् ।

६. खिनादेवी - यिनका सन्तान: जुननाथ पण्डित हुन् ।

पढ्नमा रस बसिसकेको हुँदा उमानाथले गाई हेर्दै भाइ नरनाथले (यिनको वि.सं. २०४५ वैशाख २५ शनिबार देहावसान भयो) पद्मादेवीसँग मागेर ल्याएको भानुभक्तको रामायण पढे । १९७१ सालमा जेठा बा विश्वनाथ आचार्यकहाँ उनी (उमानाथ) ***लघुसिद्धान्त कौमुदी*** पढ्न गएनन् । बर्खा खेतीपातीको कामले फुर्सत नहुने हुँदा हिउँदको समयमा मात्र पढ्न जान्थे । विश्वनाथले पनि हिउँदकै बेला आफ्ना भाइभतिजाहरू जम्मा पारेर पढाउने गरेका थिए । १९७१ सालको हिउँदमा उमानाथ जेठा बा विश्वनाथ कहाँ पढ्न नगएको कुरा उनले यशोदादेवी (उमानाथकी आमा) सँग गरे । आमा यशोदादेवीले आफ्नो छोरा उमानाथलाई हप्काइन् । १९७२ सालमा उमानाथले भने कि ***अब यहाँ पढेर काम लाग्दैन म पढ्न नेपाल जान्छु*** । पहिले चाहिं पढ्न नगएको, पछि डर लागेर त्यसो भनेको पनि हुनसक्छ ।

यतातिर कान्छा बा वेदनाथ आचार्य काठमाडौंमा अदालततिरका डिठ्ठा थिए । पछि यिनको जागीर खोसियो । जागीर खोसिनाको मुख्य कारण एउटा मुद्दा (मुद्दाको नाम थाहा हुन सकेन-भूहपौ) । श्री ३ महाराज चन्द्रशमशेरले ***पुनः दोहोऱ्याउनु*** भन्ने हुकुम दिएका थिए तर वेदनाथले भने ***यो मैले हेरेको मुद्दा हो, दोहोऱ्याउनु पर्दैन*** । श्री ३ को हुकुमलाई नमानेको हुँदा उनको जागीर खोसिएको हो भन्ने भनाइ छ । कठमाडौंमा छँदैको कुरा हो । वेदनाथले सोचे ***दाजु लोकनाथका दुइभाई टुहुरा छोरा छन्[1] । आफूलाई पनि दाइले निकै सहयोग पुऱ्याएका थिए । म पनि यहाँ एक्लै छु । केटाले भात पनि पकाउँछ । यहीं बसेर पढ्छ*** भनी घरमा समाचारसमेत पठाए । १९७२ सालमा बर्खा लाग्यो । आमा यशोदादेवीले छोरा उमानाथलाई काठमाडौं आउन पनि ५ दिन लाग्ने, छोरो ***उतै (काठमाडौं) जान्छु भनी जिद्दी गर्छ । त्यसैले उसलाई म उसैको ससुराली गोर्खामा पुऱ्याइदिन्छु*** भन्ने विचार गरिन् र ससुरालीमा पुऱ्याइदिएर उनी घर फर्किन् । पछि ससुरा नन्दप्रसादले ज्वाइँ उमानाथलाई काठमाडौं ल्याइदिए ।

---

१. उमानाथ र नरनाथ आचार्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाडौं आएपछि उमानाथले एक वर्ष अगाडि चुँदी रम्घामा छँदै जेठा बा विश्वनाथ आचार्यसँग सुबन्त प्रकरणसम्म **लघुकौमुदी** पढिसकेको भए पनि पहाडको पढाइ हुनाले फेरि शुरु गर्नु पर्‍यो भनेर ***नत्वा सरस्वती देवी*** देखिनै पुन: पढ्न शुरु गरे । मोदनाथ रेग्मीसँग उमानाथले ***लघुकौमुदी*** पढ्न थाले । त्यो वर्ष **होढः** सम्म पाठ पुग्यो । मोदनाथ रेग्मीले **होढः** सम्म पाठ पुगेका अरु विद्यार्थीहरूको समूह बनाई परीक्षा लिंदा उमानाथ पहिला भए । त्यसपछि मीनपचासकों विदामा उनी पहाड (तनहुँ) गए ।

त्यो अवस्थामा तीनधारा पाकशाला रानीपोखरीमा वर्षभरि खाली भएका सीटमा हरेक वर्षको फागुन महीनामा विद्यार्थी भर्ना गर्ने चलन थियो । यसरी फागुन महीनामा भर्ना खुल्दा पनि रानीपोखरी संस्कृत प्रधान पाठशालाका हेडपण्डित सोमनाथ सिग्देल वर्षभरि पढाएका विद्यार्थीहरूको ल्याकत हेरी छानेर माहिला गुरुज्यू हेमराज पाण्डेकहाँ लगेर दर्शन गराउँथे । माहिला गुरुज्यूले सदर गरिदिएपछि तीनधारा पाकशालामा खान र बस्न पाइन्थ्यो । यसैगरी उमानाथ आचार्यलाई पनि हेडपण्डितले माहिला गुरुज्यूकहाँ हाजिर गराए । उनी त अझ परीक्षामा पहिलासमेत भएका थिए । १९७२ सालको फागुन महीनामा उनी तीनधारा पाकशालामा भर्ना भए । तीनधारा पाकशालामा गुल्मीका उमानाथ पन्थी पनि भर्ना भएका थिए । उमानाथ आचार्य र उमानाथ पन्थीको नाम मिलेको हुँदा यी दुइ जनाले त्यहीं मीत लगाएको कुरा दुर्गाप्रसाद अर्यालले मलाई जानकारी दिएका छन् ।

त्यसपछि छ वर्षसम्म व्याकरण विषयमा सम्पूर्णमध्यमा परीक्षाको लागि तयारी गरी यहाँ (नेपाल) बाट योग्यता परीक्षा उत्तीर्ण गरी काशीमा अन्तिम परीक्षा दिन गए । काशीमा परीक्षा दिन जाने विद्यार्थीलाई कम्पनी रु. ५०।= दिने चलन थियो । त्यति रुपियाँले नेपालबाट काशीमा परीक्षा दिन जान, उहाँ परीक्षा सञ्चालन होउञ्जेल बस्न, खान र परीक्षा सकिएपछि नेपाल फर्कनसमेत मनग्य पुग्थ्यो ।

त्यो बेला भारतमा काङ्ग्रेसहरुको असहयोग आन्दोलन चलिरहेको थियो । आन्दोलनको हुलमा स्कूलकलेज सारा बन्द गरी जाँच दिनमासमेत रोक लागेको थियो । खै के के व्यवस्था गरेर हो पहिलो दिनको जाँचमा परीक्षार्थीहरू परीक्षा भवनमा पसे । त्यो दिन परीक्षा नदिने आह्वान मात्र गरेका थिए । भोलिपल्टको परीक्षा रोक्ने क्रममा काङ्ग्रेसहरू लाठा लिएर परीक्षा कोठाको ढोकाढोकामा बसेछन् । विद्यार्थीहरूले परीक्षा दिन सक्ने त कुरै भएन । नेपालबाट जाँच दिन गएका सबै विद्यार्थीहरू यताउता लागे । उमानाथ आचार्य चाहिं उनकी फुपू काशीवास बसेको हुँदा उतै बस्ने भए । ***सम्पूर्ण मध्यमाको परीक्षा दिन आएको मानिस, अब त्यसै किन जाने, यहीं फुपूकहाँ बसी कम्मर कसेर पढ्छु*** भनी उमानाथ काशीमै रहे । एक पत्रिका परीक्षा सबैले दिएका थिए । त्यसपछि केन्द्राध्यक्षले आफ्नो मुख्य ठाउँ (केन्द्र) मा ***एक पत्रिका परीक्षा रद्द***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. उमानाथ आचार्यको वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने कि ? भनेर सोधे । केन्द्रले चाहिं ***त्यो एक पत्रिका परीक्षा दिएकै मान्ने र त्यसमा जुन स्तरमा पास हुन्छ अरु जम्मै पत्रिकामा पनि त्यसै अनुरूप पास भएको मान्ने । पास भएकालाई पास गराउने र फयल भएकालाई फयल गराउने*** भन्ने कुराको जवाफ पाएकोले उमानाथले सम्पूर्णमध्यमा (व्याकरण विषयमा) परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र पाए ।

विक्रम संवत् १९७८ सालको वैशाख महीनामा उमानाथ आचार्य घर फर्किए । यसै सालको असार महीनासम्म उनी घरै वसे । त्यो बेला कान्छा भाइ (उमानाथका) नरनाथ आचार्य जेठा बा विश्वनाथ आचार्यसँग पढ्दै थिए । उमानाथले भाइ नरनाथलाई ***मूर्खस्य नास्त्यौषधम् , ऋणकर्ता पिता शत्रु माता च व्यभिचारिणी*** को अर्थ गर भनी सोधे । नरनाथ पनि दिनभरि आफ्नु घरको काम गर्थे । राति पढ्थे । मट्टितेल अशुद्ध भएको हुँदा त्यो बेला घरभित्र हुल्ने चलन थिएन । खाने तेल बाल्ने चलन थियो । धेरैजसो चाहिं दाउरा बाल्ने चलन थियो । दाउरा ठोस्यो अनि पुस्तक हेऱ्यो, घोक्यो, बस् । दाजु उमानाथले माथि सोधेको प्रश्नको भाइ नरनाथले उचित जवाफ दिएपछि ***यसले पढ्ला जस्तै रहेछ*** भन्ने अन्दाज गरे । त्यसपछि उमानाथले नरनाथलाई भने -

म काठमाडौं जान्छु । उहाँ पुगेर तँलाई झिकाउँछु । तैंले उतै बसेर पढ्नु पर्छ । मैले झिकाएपछि तँ तुरुन्त आउनू । १९७८ सालको असार महीनामा उमानाथ काठमाडौं आए । उनी काशीमा परीक्षा दिएर तुरुन्त काठमाडौं नफर्किएको हुँदा तीनधारा पाकशालामा गयलखालीमा परे । त्यसपछि उमानाथ बाहिरै डेरा गरी बसे । १९७८ सालको भदौ महीनामा भाइ नरनाथलाई पनि उनले काठमाडौं झिकाए । त्यसपछि पनि उमानाथको पढाइ चालू रह्यो । साहित्य- खासगरी कादम्बरी उनी हेडगुरु सोमनाथ सिग्देलसँग पढ्थे । भाइ नरनाथलाई पढाउने र आफू पढ्ने क्रम उनको चलिरहेको थियो तापनि आफ्नो पढाइमा तीव्रता भने आएको थिएन । त्यही बेला श्री ३ महाराज चन्द्र शमशेरले नेपालको विभिन्न भेगको प्रतिनिधित्व हुनेगरी विद्यार्थीहरूको ल्याकत हेरी आयुर्वेद पढाउन भारत पठाउने योजना बनाए । उनले यो काम माहिला गुरुज्यू हेमराजलाई अह्राए । उनले हेडगुरु सोमनाथलाई अह्राए । त्यो बेला धेरै विद्यार्थी छानिए । छानिएकालाई चन्द्रशमशेरकहाँ लगेर रुपियाँ राखी दर्शन गर्न लगाइयो । दर्शन गरिसकेपछि ***रुपियाँ झिकझिक ।*** भन्दा पनि झिक्न ढिलो गरेर पुनः नमस्ते गर्दै उमानाथले भने- ***सरकार । म त विदेश पढ्न जाने भएँ । मेरो साथमा एउटा भाइ छ । त्यो अलपत्रमा पर्ने भयो । गुठी (तीनधारा पाकशाला) मा १०८ नं. खाली छ । त्यही सीटमा भर्ना गर्ने प्रबन्धका लागि हुकुम प्रमाङ्गी पाउँ ।*** चन्द्रशमशेर खुशी भएको मौका परेको हुँदा कारिन्दा सुब्बा ज्वालाप्रसादलाई ***ल तुरुन्त गर्दे*** भनेर हुकुमप्रमाङ्गी गरिदिए । त्यसपछि तुरुन्त आठपहरिया दौडेर आएर राजाको हुकुम भएको छ । यो विद्यार्थीलाई १०८ नं. मा भर्ना गर्नुपर्छ भनी तामेली गरेर गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो बेला वीर शमशेरका छोरा धर्मशमशेर तीनधारा पाकशालामा विद्यार्थी भर्ना गर्ने अख्तियारवाला थिए । *तनहुँ घर हो* भन्ने विवरण दिएपछि विद्यार्थी टिपेर १०८ नं. मा भर्ना गराए ।

यसरी भाइ नरनाथलाई तीनधारा पाकशालामा भर्ना गराएर उमानाथ आयुर्वेद पढ्न काशी हिन्दू विश्वविद्यालयमा गएर भर्ना भए । त्यो बेला नेपाल सरकारले पाठशाला वन्दोवस्त अड्डाबाट २०।= रु कम्पनी दिने र उहींको विश्वविद्यालयबाट कम्पनी रु १०।= दिने प्रबन्ध मिलाएको थियो । नेपालबाट जानुभन्दा पहिले विद्यार्थीहरूलाई चन्द्र शमशेरले भनेका थिए -

तिमीहरू यताबाट गएर कुन-कुन विश्वविद्यालयमा भर्ना हुन्छौ । त्यसको ठेगाना पठाउनू । २०।= रु कम्पनी त्यही ठेगानामा आइपुग्छ । यसरी महिनाको ३०। रु कम्पनी खाएर आयुर्वेद आचार्य पास भई १९८३ सालमा उमानाथ काठमाडौं फर्किए । साथै, अरु पढ्न गएका विद्यार्थीहरू पनि आयुर्वेदमा आचार्य पास भई आए । सबै विद्यार्थीलाई राजाको दर्शन गराइयो । त्यसपछि चन्द्रशमशेरले **चन्द्रोदय** बनाउन लगाए । विद्यार्थीहरूले बनाएको **चन्द्रोदय** परीक्षणकालागि विदेशमा पठाइयो । अन्य मुलुकबाटसमेत परीक्षण भएर आएपछि *पारो* खान योग्य भएको ठहरियो । त्यसपछि चन्द्रशमशेरले सबै विद्यार्थीलाई ५०। रु दाम र आधाआधा तोला **चन्द्रोदय** दिए ।

त्यसपछि चन्द्रशमशेरले *अब यहाँ एउटा आयुर्वेदसम्बन्धी विद्यालय खोल्नु पऱ्यो । विभिन्न ठाउँमा आयुर्वेद औषधालय पनि खोल्नु पऱ्यो र आयुर्वेदिक औषधीको प्रचार-प्रसार पनि गर्नु पऱ्यो* भनी यी ६ ठाउँमा - *धनकुटा, दोलखा, पाल्पा, पोखरा, गोर्खा, डोटी*मा-कसैको मागै नभई आफ्नै हुकुमबाट पहिलो पटक खोलिदिए । औषधालयका प्रमुख कविराज तिंनै पास भएर आएका विद्यार्थीलाई बनाएर पठाए । यस क्रममा धनकुटामा नरपति शर्मा पोखरेल खटिए । उमानाथ, गणेशदत्त, दीनानाथ र मुक्तिनाथ काठमाडौंमै बसे । त्यो बेला महिनावारी रु. ३५।= थियो । रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढाउने साधारण गुरुलाई मासिक रु. ३०। र हेडगुरुलाई रु. ४५।= थियो भने आयुर्वेद पढाउने गुरुलाई विशेष रूपमा आयुर्वेद पढेर आएका हुनाले रु. ३५। दिएको थियो । १९८५ साल भाद्र महीनादेखि उमानाथ आयुर्वेद पाठशालामा अध्यापकका रूपमा नियुक्त भए ।

लिगलिग विवाह गरेकी पत्नीको आफ्नै कालगतिले १९७६ सालमा मृत्यु भयो । त्यसपछि १९८० सालमा म्याग्देका जगन्नाथ घिमिरेकी छोरी रेवतीदेवी (यिनी पनि औंसीकै दिनमा जन्मिएकी थिइन्) सँग उमानाथको दोस्रो विवाह भयो । त्यो बेला रेवतीदेवी ११ वर्षकी थिइन् । उनको जन्म चाहिं १९७० सालमा भएको हो । विवाह भएको ५ वर्षसम्म उमानाथकी पत्नी पहांडमैं बसिन् । १९८५ सालमा काठमाडौंमा डेरा लिएपछि पतिपत्नी यहीं बस्न थालेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यशोदादेवी चुँदी फाँट (मजुवा) मा धान रोप्न गएकी थिइन् । त्यो बेला नरनाथ आचार्य बालखै थिए । दूध ख्वाएर वारिपट्टि चौतारामा झोलुङ्गोमा सुताएर गएकी थिइन् । बच्चा त रुने नै भयो । त्यो बेला यशोदादेवीले संकल्प गरेकी थिइन् कि - ***कुनै बेला मसँग पैसा भयो भने म यहाँ यौटा ठाँटी बनाउनेछु ।***

पछि उमानाथ बनारसमा आयुर्वेद पढ्न बस्दा महिनाको रु. ३०।= कम्पनी पाउँथे । रु. १०।१५ कम्पनीले खान पुग्थ्यो । उनले जम्मा पारेर एकपटक रु. ५०।= कम्पनी घरमा पठाइदिए । त्यसपछि यशोदादेवीले ठाँटी बनाइन् । यिनको मृत्यु १९८५ सालको लक्ष्मी पूजाको दिन भएको हो ।

श्री ३ भीमशमशेरको पालामा भारतका ठूला-ठूला आयुर्वेदका विद्वान् नेपालमा आएका थिए । भीमशमशेरकै समुपस्थितिमा शास्त्रार्थ चल्यो । त्यस शास्त्रार्थमा भाग लिन आएका भारतका ठूला-ठूला कविराज पण्डितहरूले सोधे

सर्वदा सर्वभावानां सामान्यं वृद्धिकारणम् । ह्रासहेतुर्विशेषश्च प्रवृत्तिरुभयस्यतु । यसको अर्थ कुनै पण्डितले पनि गर्न सकेनन् । उमानाथले त्यसको अर्थ गरिदिए । भीमशमशेरले यी को हुन् ? भनी सोधे । महिला गुरुज्यू हेमराज पाण्डेले जवाफ दिए- ***यी कविराज उमानाथ आचार्य हुन् । यिनले मौकामा इज्जत राखे ।*** त्यसपछि उमानाथप्रति हेमराजको सुदृष्टि रहिरह्यो ।

चन्द्रशमशेरको पालामा निकालिएर पाल्पा गएका भुवनेश्वर गुरुज्यू रहेछन् । पछि पद्मशमशेरले उनलाई झिकाए । ***गुरुज्यू भनेका यस्तै सरल सोझा हुन्छन् । रकमी कामहरू गर्न सक्तैनन् ।*** पद्मशमशेरले यही कुरा सोचेर भुवनेश्वर गुरुज्यूलाई झिकाएका हुन् । यिनको निवास ज्ञानेश्वरमा थियो । भुवनेश्वर गुरुज्यू पद्मशमशेरकहाँ आउनेजाने गर्थे । एकपटक भुवनेश्वरका नाति बिरामी भएछन् । साँगे (तनहुँ) का कलाधर काफ्ले उनका केटाकेटी पढाउन जान्थे । यिनै कलाधर उमानाथकहाँ पनि डेरा गरी बसेका थिए । भुवनेश्वरका नाति बिरामी भएर अनेकौं डाक्टर लगाउँदा पनि विसेक नभएपछि उनले दुःख पाएकोपायै थिए । त्यसै प्रसङ्गमा कलाधरले ***एकजना कविराज छन् , देखाउने होकि त ?*** भन्ने प्रस्ताव राखेपछि गुरुज्यूले पनि बोलाउने सहमति दिए । कलाधरले उमानाथलाई लिएर गए । उमानाथ र भुवनेश्वर दुइटै विद्वान् भएकाले उमानाथको विद्वत्ता देखेर गुरुज्यू धेरैनै प्रभावित भए । आयुर्वेदीय उपचारबाट भुवनेश्वरका नातिलाई उमानाथले सन्चो गराए । त्यसपछि आफ्ना विभिन्न काममा उनलाई बोलाउन लागे । यस माध्यमबाट यी दुइ जनाका बीच सम्पर्क बढयो ।

भुवनेश्वर गुरुज्यूले पद्मशमशेर समक्ष गएर ***यी उमानाथ यस्ता कविराज हुन् । सीधा छन् । यिनलाई आर्थिक संकट परेको छ*** भनी बिन्ती चढाए । त्यसपछि पद्मशमशेरले ***म उनको***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम्रो बन्दोवस्त गरिदिन्छु भनेर ठाडो आदेश दिएका थिए । त्यो आदेश विभागमा गयो । विभागका मानिसहरूले *यो कुरा हुँदैन, उमानाथलाई दिंदा अरुले पनि खोज्छन्* भन्ने उत्तर दिए । यसरी उमानाथदेखि पद्मशमशेर निकैनै प्रभावित भएका थिए । बीचका मानिसहरूले हड्किएका हुँदा काम भने हुन सकेन ।

भुवनेश्वरको तनहुँ चुँदी वाङ्गेरह रम्घामा विर्ता थियो । त्यो विर्ता नरनाथले किन्न खोजेका थिए । भोजराज (नरनाथका जेठा छोरा) को ससुरालीबाट पैसा ल्याएर ठीक पारिसकेका थिए । पछि भुवनेश्वरले उमानाथलाईसमेत सम्मिलित गराएर उमानाथ र नरनाथका नाउँमा जग्गा पास भयो । गुरुज्यूले १२० मुरी माटो जम्मा ५ हजारमा दिएका थिए ।

विक्रम संवत् १९९० सालको भुईंचालो आउनुभन्दा केही अगाडि चण्डोल विशालनगरमा ३, ४ रोपनी जग्गा किनेका थिए । सरस्वती कलेजनिरै टेकनाथ पौडेल (गुरु) ले उमानाथलाई जग्गा किनिदिन बैनासमेत दिएका थिए । *म यो शहरिया वातावरणमा वस्दिन* भनेर सरस्वती कलजनेर नबसि विशालनगरमा बसोबास गरेका हुन् । यहाँ पनि बस्ती बढ्दै गएपछि लमटङ्गीन चुनदेवी (महाराजगञ्ज) मा जग्गा किनी एउटा काँचो ईंटको घर बनाएको थियो । खेतीपाती गर्ने र लेख्ने काम यहाँ हुन्थ्यो ।

जेठी पत्नीबाट उमानाथका सन्तान जन्मिएनन् । कान्छी पत्नीबाट ३ छोरा र ३ छोरीको जन्म भयो । जस्तै

१. सुशीला (ढकाल) यिनको विवाह उमानाथले आफ्नै जीवनकालमा गरिदिएका थिए । सुशीला आफ्नै विद्यार्थी (उमानाथका) देवीप्रसाद ढकाललाई दिएको हो ।

२. कृष्ण कुमारी (खनाल) हाल स्वर्गीय।

३. सुनिद्या- भट्टराई ।

४. बालहरि (यज्ञेश्वर) (१९९१ मा जन्म, अविवाहित, २०१४ सालमा मृत्यु ।) उमानाथले यिनलाई उपनयन संस्कारपूर्व जटापाल्न लगाएका थिए ।

५. शिवहरि (३ वर्षको उमेरमा मृत्यु)

६. नरहरि (जन्म २०१०) नेपाली साहित्यको स्नातकोत्तर परीक्षामा प्रथम श्रेणीमा प्रथम भई महेन्द्र विद्याभूषण प्राप्त गरेका नरहरि शुरुको केही समय त्रि-चन्द्र क्याम्पसमा अध्यापन गरी हाल त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर नेपाली विभागमा उप-प्राध्यापक छन् । ज्यादै राम्ररी अध्यापन गर्ने योग्य प्राध्यापक, लेखक र विद्वान्का रूपमा उनी प्रसिद्ध हुँदै गएका छन् नरहरीले लेखेको पण्डितराज सोमनाथ सिग्देल र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको महाकाव्य साधना (२०४१) भन्ने अनुसन्धानात्मक ग्रन्थ पनि प्रकाशित भएको छ । पा.वि. केन्द्रले ***नेपाली भाषामा अकरणको स्थिति : एक अध्ययन*** शीर्षक भएको लघु परियोजनाको प्रतिवेदन लिथो प्रकाशन गरेको छ । उनले संस्कृततर्फ वेद विषयमा आचार्यसम्म अध्ययन गरेका छन् ।[२] हाल नरहरी आचार्य राष्ट्रिय सभाका निर्वाचित सदस्य छन् ।

उमानाथले व्याकरणका ख्याति प्राप्त नेपाली विद्वान् टेकनाथ पौडेलसँग व्याकरण अध्ययन गरेका थिए । उन (उमानाथ) ले लेखेका कृतिहरू पनि पाइएका छन् । जस्तो- ***संहिता सारवाङ्मयी*** (संस्कृतमा शास्त्रकाव्य), संस्कृतमा फुटकर कविताहरू र अन्य नेपाली फुटकर कविताहरू मुख्य छन् । उनले अध्यापन गरेका शिष्यहरूमा २०१७ सालसम्म आयुर्वेद शास्त्री र आचार्य पास गर्ने सबै कविराजहरू लेखनाथ अधिकारी (भू.पू. रा.प.स. लमजुङ्ग), डा. कुमारबहादुर जोशी (सह-प्राध्यापक) नेपाली विभाग, कीर्तिपुर, प्रा. सोमनाथ पौडेल, वेदाचार्य, अग्निहोत्री कविराज तीर्थराज आचार्य, कविराज नरनाथ आचार्य मुख्य हुन् । उनका आत्मीय साथीहरूमा प्रीन्सिपल पद्मप्रसाद भट्टराई, प्रधानाध्यापक बालमुकुन्द रेग्मी (पोखरा) लाई मुख्यरूपमा लिन सकिन्छ । उमानाथ आचार्य सेतो धोतीकुर्था लगाउँथे । सेतो अथवा घ्यू रङ्गको दोसल्ला ओढ्थे । हरबखत फेटा बाँध्थे । उनी आजीवन स्वयंपाकी रहे । परम्परागत आचारमा सचेत र निष्ठावान्, संयमित पूजापाठ गर्ने खाना बनाएर (अचार र तरकारीका परिकार) अरुलाई ख्वाउनमा विशेष रुचि राख्ने, दयालु स्वभाव, आत्मसंमानी र रिसाहा स्वभाव भएका उमानाथ आचार्यको मृत्यु २०१७ साल आषाढ १७ गते, कृष्ण औंसी तिथिका दिन भएको थियो । घडीपलाको घटबढले गर्दा प्रतिपदाको दिन श्राद्ध गरिन्छ ।[३]

☆ ☆

---

२. नरहरि आचार्यका सम्बन्धमा ***झरेको पात*** भन्ने मेरो आत्मकथा (अप्रकाशित) पुस्तकमा भिन्नै चर्चा गरिएको छ ।

३. यो जीवनी जयराज आचार्यले कविराज पं. नरनाथ आचार्यसँग लिएको टेप अन्तर्वार्ता र प्रा. नरहरि आचार्यसँग भएको भेटवार्ताका आधारमा तयार पारिएको छ । कविराज पं. नरनाथले भनेका कुरा ऐतिहासिक महत्त्वका रहेका हुँदा उनकै शब्दावलीमा प्रस्तुत गर्ने प्रयास गरिएको छ-भूहपौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. नेपालमा आयुर्वेदको पठनपाठनसम्बन्धी पत्राचार

१. ऋषिकुल हरिद्वारलाई मार्ग २४ गतेमा

२. गुरु कुललाई मार्ग २४ गतेमा

३. विश्वविद्यालयलाई मार्ग १६ गतेमा

४. पट्नालाई मार्ग १६ गतेमा

श्रीयुत व्यवस्थापक महोदय की सेवा में नमस्कार पूर्वक-

नम्र निवेदन है कि आपके यहाँका विद्यालय संवन्धि संस्कृत विषय के जो कुछ नियम पत्र है उन की हमे आवश्यकता अत: कि शीघ्र भेजने की कृपा करें और उस के लिए ढाई आनेका टिकट साथ भेजा है।

निवेदक आपका

पण्डित उमानाथ आचार्य
आयुर्वेद शास्राचार्य,
अध्यापक- नेपाल राजकीय आयुर्वेद पाठशाला
c/o कुलचन्द्र गौतम, साहित्याचार्य
२३ नं टंगाल
Nepal

जहाँबाट पास दिलाउने-हकमा

सर्कारबाट राखी वक्सेको यो पाठशाला सर्कारको नोकरी गर्ने हामी पढाउने काममा मात्र खटिएका वन्दोवस्त गर्ने गराउने अडा अर्के महजूद खडा रहेको भए पछी उसैबाट यस विषयको पाठशाला खोलेपछी पनि २ कुराको वन्दोवस्त रहनुपर्छ यस ठाउँमा यतिसम्मको पास दिलाई ... पछी यसो गर्ने भन्ने इत्यादि कुराको समेत "इष्ट मेट" पहिले ने हुनुपर्ने भएकै होला भन्ने आशा भरोसा र तरताकिता समेत गर्दै रहदा रहदै ५।६ वर्ष हुदा र पनी कहिंवाट क्यै वन्दोवस्त र पास दिलाउनु भन्ने हुकुं मर्जी अर्डर गराई पढाउन नसकेको हुनाले सवै विद्यार्थीसंग जुनजुन वैद्यक किताव र जतिसम्म पढ्न सक्ने ल्यागत छ उति पढी तैयार गरेका हुनाले एकै ठाममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकैपटक् सबैले गै पासदिन नसक्ने हुँदा जसलाई जुन ठाउँमा जुन वखतमा जे पास दिन मन हुन्छ उसलाई उस ठाउमा उस वखतमा उही पास दिलाउदा अनवस्था पर्ने र अर्डरविना हामीले आफु खुसीले दिलाउनै पनि न हुने ।

उनिहरुले आफू खुसी दिदा कसैको यहीवाछ दिने मन भए तापनी वेगर यहाका अध्यक्षको दसकत दिन नपायने सो कुरा हामीले गरेर नहुने । दोस्रो कुरा यहावाट अध्यक्षको नियोग नभएपछी वलतल गरी पछी वाट दिए तापनी पासदिन जानका लागी चाहिने खर्च आदि र पास भएपछी उच्च श्रेणीमा शास्त्री वा आचार्यैसम्म गरेपनी पुरस्कारहरु क्यै नपाइने र अरुकै पाठशालावाट दिई पास भै आएता पनी उनिहरुको नियत पाउने गरेको भत्ता पेसकी तलव नोकरी समेतमा वाधा क्यै नभै सरासरै पाउने गरेका र आर्काले ज्यानदी कैयन वर्ष पढाई तयार गरेका विद्यार्थीलाई केवल फार्म भराई सही गरी दिनाले मात्र आफ्नो पाठशालाका नाऊँबाच पासदि उत्तीर्ण भै नाम राखी इज्जत वढाई दिने हुदा खुसीसाथ जस्ले पनी दिलाई दिन र त्यस्तालाई हामीले पढाई तयार गरेका विद्यार्थीलाई हामी नै वन्दोवस्त गरी आफ्नै पाठशालावाट पास दिलाउन सक्ने छौं तिमीहरुले ... आफ्नो नाम फरक पाउदेनौ नी आफ्नै यहा स्वतन्त्र वन्दोवस्त गर्नु गराउनु ता परै रहोस इनहरु खुसामद गरी पेसकी समेत दी दिलाई हामीलाई थाहै नदी पढाई गैर पर्नेहरुलाई पनी भत्ता खुवाई खुवाइरहेको हुनाले र । पाससंम दिलाउनालाई अरु विषयमा झै एक ठाऊ नियत गरी हिन्दुस्थानैमा पठाएतापनि - वढाउनैलाई समेत सधै उही पढाउनु पर्दा एकैव्यक्तिलाई कमसेकम २०।२५ । ३०।४० नोट मैन्हा भत्ता चाहिने हुदा धेरै खर्चले थोरै लडका तयार हुन सके र यही पढाएका पक्षमा १० रु. मोहरले व्या. मध्यमा पास भैसकेका विद्यार्थी र शास्त्री पास भै सक्नेहरु पनी केवल १५ रु मा खुसी साथ पढ्न मंजुर भैरहेकै देखिदा सर्व कुरावाट सवैको फायदा हओस् भन्ने कसो पवित्र उद्देश्य सर्कारवाट राखी पाठशाला खोली वक्सेकोमा भर्न्ना भै पढीरहेकै विद्यार्थीहरुलाई पनी यही वन्दोवस्त गर्दा आफुलाई कां पड्दा र सहज तलव मात्र साहर्न दिन भनी विचविचमा भडकाई डवल तलव भत्ता खुवाई सर्कारको नोकसान धेरै र पढ्ने लडकाहरुलाई पनी दूरदेशमा गै इलं गर्नुपर्दा जती खर्च गरे ता पनी नाना किसींको पीर वाधा सहनुपर्ने र आजकालको हिन्दुस्थानको पाडण्ड प्रथाले गर्दा लडकाहरुको वुद्धिवासना समेत अर्के हुन गै आफ्नो धर्ममा समेत आघात पार्लान् कि भन्ने समेत स्पष्टै संभव देखिने हुदा सवतर्फवाट वेफायदा हुने कुराको केही ख्यालै नगरी पाठशालामा चाहिने सर्कारवाट नियत भएका खर्चले पुग्नेसम्मको गर्नुपर्ने वन्दोवस्त अवश्य गर्न भनी त्यत्रो तलव खुवाई सर्कार राखेको त्यस अडाले केवल आफ्नो तलव पकाउने मतलव मात्र गरी आजसम्म उचित प्रवन्ध (वन्दोवस्त)...

हाम्रो अमूल्य समय मात्र न......सर्कारको धन र कीर्ति समेत पूर्ण वरवाद छ (आयुर्वेद) त्यसै वन्दोवस्त अड्डा अड्डाले गरीइ रहेकै छ भन्ने कुरा धर्म विद्याविचार विवेक शक्ति भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. उमानाथ आचार्य
जन्म : वि.सं. १९५७
देहान्त : वि.सं. २०१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन, मानीसको स्वच्छ प्रतिविंवित भै मानीसका हृदय दर्पणमा पूर्णतया (झल्केर) रहेको हो। न।

हिन्दुस्थानका सर्कारले पत्यार गरेका र पत्यार नगरेका संस्था कुन कुन हुन ती सवैको नाम कीटान गरी फलाना २ संस्था सर्कारले पत्यार गरेका हुनाले तिनमा पास दिलाउन सकेता पनी केही कां हुन सक्तैन। अमुक अमुक संस्था सर्कारले पत्यार गरेका छन् तिनमध्ये पनी यि यि संस्था यति यती कारणले उत्तम छन् तिनमा यो संस्था वा यो संस्थामा यहावाट पास दिलाउने वन्दोवस्त गरेको छ दिलाउनै पर्छ दिलाओ भनी विश्वास गरी जुन संस्थामा दिलाउने वन्दोवस्त वा आर्डर गराई तेस अड्डाले पठाउन सक्तछ उस संस्थामा हामीवाट कुन कुन जाच दिलाउन सक्ने वा नसक्ने के हुन्छ सो कुरा निश्चय गरी कोर्श ठेकान गर्न परे हामीहरु मा कसकसले कस्ता कस्ताले प्रवेश हुन पाउन सक्ने कुन कुन संस्थामा कति कती वर्ष लाग्नेमा कति कती वर्ष रही लगाई कति कती सम्म पढी के के कां सिकी जानी जाच दी कुन कुन पास गरी के के डिग्री पाई लिइ आएका हुनाले के के पास कहां कहां दिलाउन पाउने सक्ने रहेछो, के विचारले हामीलाई यस पाठशालामा... का लागी के विचारले के ठहराई हामीलाई नियुक्त गरीवक्सेको रहेछ सो हाम्रै डाइरेक्टर वा उसउसै संस्थाको प्रिंसिपल संग वुझे सव यथार्थ जाहेर हुन सक्ला सो वुझनालाई भनी हामीहरुले पढ्दै देखीको सवै कुराको श्रेस्ता त्यसै अड्डामा रहेको हुनाले सोही श्रेस्ता खोजी झिकी पल्टाई हेर्ने सम्मको तकलीफ उठाउन सके सहजै होला।

-मा-

पाठशाला खुलेको ५।६ वर्ष भैसकेको र यहाँ चाहिने सवै कुराको वन्दोवस्त गर्ने गराउने र जो जस्तोका हुदै गएको वा नभएको सवै कुरा जाच वुझ समेत गरी श्रेस्ता खडा गरी राख्ने अडा तेही भएको हुनाले आजसम्म यस पाठशालामा कहांकाहांका कतिकति सम्मको ल्यागत भएका कुन हिसावले भत्ता खानेमा भर्ती भै आएका कैल्हेदेखी कतीञ्जेलसम्म कति कती भत्ता पाए खाएका र कति कतीसम्म पढी कुन कुन वखतमा कहा कहां गै के के जाच दी उत्तीर्ण भै वा नभै वा पास नदी विचैमा, छोडी गएका वा पढीरहेकै को को कतिजना रहेछन् तिनलाई के पढाउन पर्दोरहेछ कुन कुन सालमा के पढछन् जाच दिएछन् वा दिएनछन् के केमा कति पास भएछन् जाच दिएछन् वा दिएन छन् के के मा कति पास भएछन् कति भएन छन् तेसको हरसालको श्रेस्ता (जो रानीपोखरी पाठशाला मार्फत तिही पेस भएको हुनुपर्छ) वाट यहाँ के के पढाउने जरुरत रहेछ पढाएका रहेछन् हरसाल विद्यार्थी कती हुदा रहेछन् हाल कति रहेछन् तिनलाई कतिजनासम्म अध्यापकहरूको जरुरतपर्दथ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री :

१९८३ मार्ग १७ गतेमा -

१. कोर्सको वदोवस्त गर्नलाई हिन्दुस्थानका सर्कारले पत्यार गरेका कुन संस्थामा जाच दिन सक्ने विद्यार्थी तिमिहरुवाट तैयार हुन सक्तछन् ?

२. त्यहाँ पढ्ने विद्यार्थी अन्तै गै अरुका पाठशालाहरुवाट जांच दिनसक्ने तिमिहरुका नाउँवाट जाच दिन नसक्ने किन हो ?

३. ५।७ जनालाई मात्र पढाउनु पर्दा समय वरवादै भैरहेछ ।

४. तिमिहरुसंग तेस पाठशालामा पढ्ने विद्यार्थी छन् छैनन् भए कति छन् भएसम्मका विद्यार्थी पढाउनालाई कतिजना पण्डितको दरकार छन् .

× × ×

(१) *"हिन्दुस्थानका सर्कारले पत्यार गरेका कुन कुन संस्थामा जाच दिन सक्ने विद्यार्थी तिमीहरुवाट तयार हुन सक्तछन् ?"* भनेका लाई

हिन्दुस्थानका सर्कारले पत्यार गरेका र पत्यार नगरेका संस्था कुन कुन हुन् ती सवैको नाम कीटान् गरी फलाना फलाना संस्थाहरु सर्कारले पत्यार नगरेका हुनाले तिनमा पास दिलाए तापनी केही कां लाग्दैन अमुक अमुक संस्थाहरु सर्कारले पत्यार गरेका छन् तिनमध्ये पनी यि २ यि संस्था यति यति कारणले उत्तम छन् तिनमा यो संस्था वा यो संस्थामा यहांवाट यस टायममा पास दिलाउने वन्दोवस्त गरेको छ दिलाउनै पर्छ दिलाओ भनी निश्चय गरी जुन संस्थामा दिलाउने वन्दोवस्त वा आर्डर गराई तेस अड्डाले पठाउन सक्तछ उसै संस्थामा हामीवाट कुन कुन जांच दिलाउन सक्ने वा नसक्ने के हुन्छ ? सो कुरा निश्चय गरी कोर्श ठेकान गर्नु परे हामीहरूमा कसकसले कस्ता कस्ताले प्रवेश हुन पाउन सक्ने कुन कुन संस्थामा कतिकति वर्ष लगाई कुन कुन विषय समेत कतीसम्म आयुर्वेदीय ग्रन्थ र अरु ग्रन्थ समेंत पढी के के कां सिकी जानी जाच दी कुन कुन पास गरी के के डिग्री पाई लिई आएका हुनाले के के पास कहां कहां दिलाउन पाउने सक्ने रहेछौं के विचारले हामीलाई सदर आयुर्वेद पाठशालामा कतिकतिकां गर्न योग्य ठहराई अध्यापकमा नियुक्त गरी वक्सेको रहेछ सो हाम्रै डाइरेक्टर वा उस उसै संस्थाको प्रिन्सिपलसंग वुझे सव यथार्थ जाहेर हुन सक्ला ।

सो वुझनालाई पनी हामीहरुले पढ्दै देखीको सवै कुराको श्रेस्ता त्यसै अडामा रहेको हुनाले सोही श्रेस्ता खोजी झीकी पल्टाइ हेर्ने सम्मको तकलीफ उठाउन सके सुगम होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) ***"त्यहा पढ्ने विद्यार्थी अन्तै गै अरुकै पाठशालाहरुवाट जाच दिन सक्ने तिमिहरुका नाउँवाट जाच दिन नसक्ने किन हो ?"*** भनेमा -

सर्कारवाट राखी वक्सेको यो पाठशाला, सर्कारको नोकरी गर्ने हामी पढाउने कांमा मात्र खटिएका र वन्दोवस्त गर्ने गराउने अडा अर्कै महजूद खडा रहेको भए पछी उसैवाट, यस विषयको पाठशाला खोलेपछी यति यति कुराको वन्दोवस्त रहनु मिल्नुपर्छ यस ठाउँमा यती सम्मको पास दिलाई उहाँ पछी यसो यसो गर्ने भन्ने इत्यादि सवैकुराको "इष्टमेट" पहिले नै हुनुपर्ने भएकै होला भन्ने आशा भरोसा र तरताकिता समेत गर्दै रहदा रहदै ५।६ वर्ष हुदा सम्म यती केही वन्दोवस्त र अमुक समयमा पास दिलाउनू भन्ने इत्यादि वक्सेका सनद सवाल ताम्रपत्रवाट र आफ्ना तर्फवाट समेत हूकुं मर्जी अर्डर वमोजिम तजवीज मिलाई सर्कारमा जाहेर गरी त्यस अडाले काम गरी सक्नु पर्नेमा नसकेकोले - सवै विद्यार्थीलाई एक नियम र पाठ समेत मिलाई पढाउन नपाएका हुनाले र जस जस विद्यार्थीसंग वैद्यक किताव र जतिसम्म पढ्न सक्नेल्यागत छ उति पढी तैयार गर्ने गरेका हुनाले एकै ठाउँमा एकै पटक सवैले गै एकै किसींको जाच दिन नसक्ने हुदा जसलाई जुन ठाउँमा उसवखतमा जे पास दिने मन हुन्छ उसलाई उस ठाउँमा उसवखतमा उहीं पास दिलाउन पर्दा अनवस्था हुन जाने र अर्डर विना हामीहरुले आफुखुसीले सो पास दिलाउन कतै पनी नहुने । उनी विद्यार्थीहरुले आफुखुसीले दिंदा कसैको कहींवाट दिने मनसाय भए तापनी वेगर यहाँका अध्यक्षको दस्तकत दिन नपाइने सो कुरा हामीले गरेर नहुने ... तेस अडालाई थाहै होला, दोस्रो कुरा यहांवाटै दिनू भन्ने अध्यक्षको नियोजन भएपछी वलतल गरी यहींवाट दिए तापनी पास दिन जानका लागी चाहिने विशेषवाट खर्च आदि र पास भएपछी उत्तम श्रेणीमा शास्री वा आचार्येसम्म जे गरे पनी यहावाट पुरस्कारहरु क्यै नपाइने हुनाले र अरुकै पाठशालावाट जाच दी पास भै आए तापनी उनीहरुले नियत पाउने गरेको भत्ता पेसकी तलव र नोकरी समेतमा वाधा क्यै नभै सरासरै पाउने गरेका र आर्काले कैयन वर्ष परिश्रम साथ पढाइ तैयार गरेका विद्यार्थीलाई केवल फार्म भराई सहि गरी दिएर मात्र आफ्नो पाठशालाका नाउँवाट जाच दी पास भै नाम राखी इज्जत वढाई दिने हुदा जस्ले पनी खुसीसाथ दिलाई दिने हुदा यहा पत्रै नदिई अर्कै वहाना गरी जहां मनलागछ उहीवाट नाम लेखाई आफ्नो मन मुताविकको पास दिदै आउने गरेका र त्यस्तै किसिमसंग जाच दिलाउनेहरुलाई हामीले भत्ता खुवाई पढाई तैयार गरेका विद्यार्थीहरूलाई हामी नै वन्दोवस्त गरी आफ्नै पाठशालाका नां वाटै पास दिलाउन सक्तछौं तिमीहरुले फकाई पास दिलाई आफ्नो नां गराउन पाउदैनौ भनी जानी त्यस अडरले आफ्नै यहांवाट स्वयं सफा वन्दोवस्त गर्नु गराउनु ता परैरहोस् । तेस्ता किसीम संग भागी यहाको भत्ता खाई पढी अन्तवाट जाच दिन जाने भगुवा विद्यार्थीहरुलाई पनी झन् खुसामद गरी भत्ता पेसकी समेत दि दिलाई हामीलाई थाहै नदी मनलाग्दी ठाउँमा जानदी पढाई कैयन् मैन्हा पाठशालामा हाजीर नहुदा पनी त्यसै अडाले ... भत्ता खुवाई रहेकै हुदा हाम्रो वास्तै राख्नु नपर्ने गराई दिएको हुनाले र यहाँवाट जाच दिंदा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदिंदामा समेत क्यै लाभ हानि विशेष नदेखेपछी किन हाम्रा नाउँवाट सरासरै जाँच दिन पाउने र दिएमा क्यै विशेष लाभ र नदिएमा क्यै हानि समेत हुने भएदेखी सवै कुरा अनुकूल भएको वस्दोवस्त भएको भए आफ्नै पाठशालावाट जाँच नदी यत्रतत्र गै हैरान गह्री अपरिचित व्यक्तिहरुसंग लगी इज्जत विकाउन तिनी विद्यार्थीहरु पनी किन रहर गर्दा हुन् ? हामीले पास दिलाउन सक्ने नसक्ने कुरा शास्री पास वरावर गर्दै आईरहेका विद्यार्थीहरुवाट पनी पस्टै जाहेर छदैछ । केवल अन्तै गै १।२ मैन्हा पढी सिकी त्यसैका भरले पास भएका होलान् कि भनौं भने त जगतै शास्त्रिमय हुदो हो । व्याकरणमा मध्यमा दिनेहरु पनी मध्यमाको ग्रन्थ पढाई संपूर्ण परीक्षा यहीं दी १।२ मैन्हाको खामस राखी जाने गरेका सवैलाई जाहेरै छ । तेती समयमा एकवाजी कण्ठै पारीसकेको विषयलाई पनी आवृत्ति गर्नै पर्याप्त हुदैन भने तुच्छ तेतीटायममा नयाँ विषय के कति पढी शास्री परीक्षामा कसरी उत्तीर्ण हुन सक्लान् ? यो कुरा विवेक शक्ति देवीलाई आफ्नो हृदय कमलमा क्षणभर आसन दिन सक्ने भए अगोचर हुने छैन ।

(३) *५-७ जनालाई मात्र पढाउनु पर्दा अमूल्य समय वरवादै छ ।* इत्यादि भनेकालाई -

क्रिया प्रधान (पढाईका साथसाथै काम समेत नसिकाईकन र पढ्दै गएका द्रव्य (औषधी समूह) साथै चिह्नाउदै नगए केही लाभ वास्तविक हुन नसक्ने) अगाध आयुर्वेद शास्र प्रवेश गरी पार उत्रानालाई विना व्याकरणादि संवन्धि मध्यमाको योग्यतारूप नौकाको सहारा, हुनै नसक्ने तेस्ताकिसीमका लडका भत्ता पाउने वाला हाल ५।६ जना देखी नभएका त्यत्ती विद्यार्थीलाई पनी प्रत्येकलाई प्रत्येक विषय वेग्ला वेग्लै र १ जनालाई र २५ जनालाई एकै पाठमा मिलाई पढाउनु पर्दा परिश्रम र समयको कति कति अन्तर पर्ला परोइन अध्यापकको काम र दर्कार समेत कतिसम्म देखिएला वा देखियो छ न । सो कुरा आफ्नै अन्तरात्मदेवले पनी वताउनै पर्छ । दोस्रो शास्री आचार्य पाससम्म हुने लक्ष्य जन्मभरमा पनी पूर्ण गर्न नसक्ने केवल अक्षर मात्र पनी राम्रो गरी नचिह्नी एकदम गहन आयुर्वेद विद्याटवीमा प्रवेश हुन आएका सिङाने केटाहरुलाई पढाई वस्नुपर्दा र तिनैलाई पनी वस्तु र काम समेत प्रत्यक्ष देखाई गराई दिन पाए जति समयमा जस्तो वोध हुन सक्ला उचित प्रवन्ध (वन्दोवस्त) नभै शास्रीय रीति वमोजीं शिक्षा गर्न न पाउदा ६ घण्टाकौ वदला १२ वाह्र घण्टा लगाई शिरफोडी घाटी सुकाई मिहिनेत गरी गराई संझाए तापनी पत्थर माथी वा काचो घडामा पानी खन्याएझैं मात्र हुने हुनाले सवैको अमूल्य समय मात्र वरवाद भए नभएको विचारवान्लाई स्वयं समझ हुनुपर्छ अर्कालाई सोधी रहनु पर्ने जरुरतैं क्यै हुदैन । शक्ति नहुनेले आफुभन्दा उपरको अधिकारीलाई सोधी कां गर्नु वा सक्ने कां जती मात्र कवुल गरी तिनको वन्दोवस्त गर्ने अधिकार मात्र लिन मुनासिव हुदो हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाससम्म दिलाउनालाई अरु विषयमा झैं एक ठाउँ नियत गरी हिन्दुस्थानैमा पठाए तापनी पढाउनैलाई समेत सधैं उहीं पठाई रहनु पर्दा एकै व्यक्तिलाई कमसेकम २०-२५-३०-४० नोटहरु मैन्हा भत्ता चाहिने हुदा धेरै खर्चले थोरै लडका तैयार हुन सक्ने र यहीं पढाएका पक्षमा १० रु मोहरले व्याकरण मध्यमा पास भै सकेका विद्यार्थी र शास्त्री पास भैसक्नेहरु पनी केवल १५।= रु मा खुसी साथ पढ्न मंजूर भै रहेकै देखिदा सवै कुरावाट धेरैको फायदा हओंस् भन्ने कस्तो पवित्र उद्देश्य सर्कारवाट राखी याही पाठशाला समेत खोली वक्सेकोमा भर्ती भै पढी रहेका विद्यार्थीहरुलाई पनी यही वन्दोवस्त गराउदा कां वन्ला र वर्ता तकलीफ गर्नु पर्ला भन्ने संझी विचविचमा भडकाई डवल तेवर चौवर पचवर समेत भत्ता खुवाई सर्कारको धेरै नोक्सान पारी र पढ्ने लड्काहरुलाई पनी विदेशहरुमा रहदा नाना किसींको पीर वाधा संहनु पर्ने र आजकलको हिन्दुस्थानको पाखण्ड प्रथाले गर्दा लडकाहरुको वुद्धि वासना समेत अर्कै हुन गै आफ्नो धर्ममा समेत आघात पार्लन् कि भन्ने समेत स्पष्टै देखिने हुदा सव तर्फवाट वेफायदा हुने कुराको यस पाठशालामा चाहि ख्यालै नराखी (ने ?) सरकारवाट नियत गरी वक्सेको खर्चले पुग्ने सम्मको गर्नु पर्ने वन्दोवस्त अवश्य गर्न भनी कत्रो तलव खुवाई राखेको त्यस अडाले केवल आफ्नो तलव पकाउने मतलव मात्र नगरी उचित प्रवन्ध (वन्दोवस्त) गरी गराई दिएको भए आजसम्म सर्कारको खर्चजती उपर भैकन पनी कती कती आमदानी समेत यस आयुर्वेद... म वाट हुन वढ्न सक्नेमा सो वन्दोवस्त नगराई कानमा तेल हाली काममा सुस्ती गरी वसी दिएको हुनाले हाम्रो र विद्यार्थीहरुको अमूल्य समय मात्र नहीं कि सर्कारको धन धर्म कीर्ति समेत वरवाद त्यसै वन्दोवस्त अडाले गराई रहेकै छ भन्ने कुरा धर्म, विद्या, विचार, विवेक, शक्ति भएको कुन कस्को स्वच्छ हृदय दर्पणमा प्रतिविम्वित भै (झल्की) रहेको हओइन ।

(४) ***"तिमीहरुसंग तेस पाठशालामा पढ्ने विद्यार्थी छन् छैनन् भए कति छन् भएसम्मका विद्यार्थीलाई पढाउनालाई कति जना पण्डितको दर्कार छ"*** भनेकालाई-

यो पाठशाला खुलेको ५।६ वर्ष भैसकेको र भैरहेका र दर्कारै नभएका केवल नचाहिने थाङ्ने कुराहरू समेत धेरै सोधी र अवश्य सोध्नु पर्ने कुराहरू वरु सवै नसोधी छुटाई वन्दोवस्त गर्नलाई वुझवुझारत गर्दै छु भन्ने भान पार्नाका लागी र सर्कारमा उजुर गरेका हुनाले भित्री इवी ली कतै चुकेको छिद्र पाई कविराजहरूलाई पनी दोषारोपण गरी धोका दिलाउन सकूलाकिं भन्ने कुनियतको लक्ष्य समेतले मात्र हाम्रा नाउँमा कार्तिक गतेमा लेखिएको मार्ग गतेमा वुझाउनल्याई त्यस अडावाट पठाएका ५ दिन भित्रमा जवाफ दिनु भन्ने पुर्जीको उचित जवाफ लेखी आजका मितिमा यहांवाट पठाउने कां भएको छ । त्यहांवाट पनी अव- प्राणिमात्रको श्रेयस्कर प्रत्यक्षफल प्रदर्शक अमोघ प्रयोगशस्त्र सहस्रकर आयुर्वेद मर्तण्ड धनन्तरि र तदुपासक द्विजराज संवन्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"प्रार्थना"

विद्या-रक्षा-वृत्ति-सेवापराणां
विप्रादीनां यत्र जागर्ति निष्ठा ।
अन्येषाञ्च स्वस्व-कर्माऽऽदराणां
नाऽसम्भाव्या तत्र सर्वप्रतिष्ठा ॥१॥

ोभूयादभयं जगत्कुशलिनः सन्तु स्वयं ब्राह्मणाः
राजन्याश्च निरामया नयविदः क्षेमाश्रया भूस्पृशः ॥
ारोग्या इतरे कलासु-निपुणाः श्री-रामराज्ये यथा
सर्वोपद्रवशान्तिरस्तु परितः पुण्यप्रभावोदयात् ॥२॥

प्रार्थयिता— उमानाथ उपाध्याय आचार्यः
(आयुर्वेदाध्यापकः)

पं. उमानाथ आचार्यको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहार हुनाले धेरै कुचोघ र विलम्व नगरी वन्दोवस्त गर्न भनी सर्कारको तलवखाई वसेपछि निमकको सोझो गर्नै पर्छ भन्ने संझी शक्ने भए अवश्य गर्नु गराउनु पर्ने वन्दोवस्त उचित समयैमा मिलाई जाहेर गर्ने र नसक्ने भए पनी थांन नसक्ने वोझ शिरले ढोई चक्करमा परी (मगज घुमाई) आँत समेत खल्वल्याई सर्कारको धेरैं हानि भै रिसानि हुन नपाउदैमा- "सवै पाठशालाहरूको चाहिने वन्दोवस्त गर्न भनी सर्कारवाट नियुक्त भएको र आफुले पनी कवुल गरी तलव खाई वसेपछि यस आयुर्वेद पाठशाला विषयको पनी आफ्नो वुद्धि मनले भेटेसम्म सुस्ती नगरी वन्दोवस्त गर्न गराउनु पर्ने हो तापनी यो मात्र कां नभएको र यस वाहेकका अरु पाठशालाको हुनसक्ने कां साधारण हिसावले पनी चलाई रहेकै र यो शास्त्रीयकार्य हुनाले हर्दं यत्न गर्दा गर्दै पनी साधारण व्यक्तिवाट मर्म विचार राखी वुद्धि पुर्‍याई यथोचित व्यवस्था गरी साध्य गर्न नसकिने हुदा आजसम्म र पछि सम्म दुरस्थ छ । यश गम्भीर विषयको वन्दोवस्त मेरो यो तुच्छ वुद्धिवाट हुनसकेन प्रभो । तस्मात् यसै विषयको मर्म जान्ने अन्यान्य व्यक्तिद्वारा गराई वक्से वेस होला कि भनी लाचार भै मालिकका संमुखमा जाहेर गरी विसाई दिएको भए, दिए वहींवाट शास्त्रतत्त्वज्ञ समर्थ पात्र जसलाई खटाउन योग्य उसैलाई खटाई वक्सी उत्तम वन्दोवस्त हुन नसक्ने थिएन, छैन । तसर्थ सर्कारवाट सर्कारको उच्छिष्ट लक्ष्य ताम्रपत्रमा लेखीए वामोजीं उन्नति हुने ।

अत: दूरदर्शीहरूले पछी हुने सव कुराको पहिले नै विचार्राखी कुनै कारणवाट कसैको केही दुस्परिणाम हुन देख्न सुन्न गर्न गराउन समेतं नपर्ने गरी त्यस वन्दोवस्त अडावाट हुने यस आयुर्वेद पाठशालाको जस्ता प्रकारले हुन्छ उन्नति दिल दी भरशक सुस्ती नगरी चाडो उचित वन्दोवस्तको तर्जुमा मिलाई जाहेर गरे जगद्‌गवनले जागारोके झैं गरी वन्दोवस्त गर्न भनी रहेको अडाले सर्कारको निमकको सोझो नगरी चूप लागी नीचमारी वसेको कुरा सर्कारमा जाहेर नभै कतीसम्म रहला सव तर्फवाट सवैको सर्वदा वेस होला इति संवत् १९८९ साल मार्ग गते रोज शुभम् -----

"आफ्नो देशलाई चाहिदो माफीक वैद्य विद्वान्‌हरूको संख्या वढ्ने गरी" याहा सदरमा पनी शारीरिक ज्ञान जडीवूटी धातुहरूको परिचय औषधीको निर्माणहरूको शिक्षा समेतको प्रवन्ध भएको आयुर्वेद पाठशाला खोली विद्यार्थी तालीम गराउने यो द्रव्य विशेष जगेरा नराखने गरी यही आयुर्वेद विद्याको उन्नति संवन्धी कांमा खर्च गरी दिनू देशमा पढाउन पठाएका र यहा पढ्ने विद्यार्थीहरू राम्रो हिसावसंग दिलदी पढने नपढ्ने पास भए नभएका शिक्षा विभागाध्यक्षले विचार राख्तै गरी पास हुने टायमभन्दा ३ साल वढी समय पढ्दा पनी पास हुन नसक्नेलाई खारेज गरी नया भर्ना गर्ने गर्नू ।

आफ्ने देशमा पाइने (वामु?) वाट कम खर्चले आफ्नै परिश्रमले पनी वनाउन सक्ने हुनाले आयुर्वेद शास्त्रको प्रचार हुन नै विशेष गरी यस देशलाई हितकारी र अनुकूल भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । जटीवुटी हलादि कुनै अमृत र कुनै विष कुनै रोगं दमन गर्ने कुनै उत्तेजन गर्ने हुनाले द्रव्य गुणको ठीक पहिचान नपाएका कच्चा वैद्यवाट आफ्नो ल्याकत र दृष्टिको भूलले मिथ्या प्रयोग हुन गै फायदाको वदला केही केहीले हानिसमेत हुने हुनाले देशमा जती सकीन्छ पढेका अनुभवी वैद्यहरूको संख्या वढाउनु नै पहिलो कर्तव्य

(अपूर्ण)

४. ज्ञानचन्द्र आचार्य:-वेदान्त शास्त्री, अर्थशास्त्रमा एम.ए., शाखा अधिकृत, परराष्ट्र मन्त्रालय - द्वितीय सचिव, शाही नेपाली राजदूतावास, इजिप्ट (कायरो), हाल - परराष्ट्र मन्त्रालय, काठमाडौं । संयुक्त राष्ट्र संघको ४६ औं अधिवेशनमा नेपाली प्रतिनिधि मण्डलको सदस्य भई भाग लिएको । त्यस्तै असंलग्न राष्ट्रहरुको एघारौं शिखर सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको सदस्य (२०४९)। ज्ञानचन्द्र आचार्य दैवगुण सम्पन्न मानिस हुन् । उनमा मानिसले यो जन्ममा आर्जन गरेर प्राप्त गर्नै नसकिने अलौकिक गुणहरू पाइन्छन् ।

५. दिव्यचन्द्र आचार्य :- स्नातक । इतिहास पुराण विषयमा स्नातकोत्तर र अर्थशास्त्र विषयमा एम.ए. मा अध्ययरत ।

६. पूर्णचन्द्र आचार्य :- आई.एस्सी.।

पिता कृष्णप्रसाद आचार्य गोरखा पाठशाला (सदरमुकाम) मा प्रधानाध्यापक भएकाले तीर्थराज पनि पिताजीसँगै बसी अध्ययनमा संलग्न हुन थाले । अध्ययनको प्रारम्भिक अवस्थाम *दुर्गाकवच, अमरकोष* र *लघुकौमुदी* अध्ययन गरेका थिए ।

तीर्थराज आचार्य १२ वर्षको हुँदा उनका ३९ वर्षीय पिता कृष्णप्रसाद आचार्यको देहान्त भयो । त्यसपछि उनी काठमाडौं आएर रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गरी तीर्थराजले प्रथम परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । त्यसबेलाको शैक्षिक परिपाटी अनुसार नेपालको पढाइ परीक्षण परीक्षा (टेष्ट) सम्मको अध्ययन सकेर बनारसको क्वीन्स कलेजबाट व्याकरण विषय लिई उनले सम्पूर्णमध्यमा परीक्षा उत्तीर्ण गरे ।

पढाउने गुरुहरू

तीर्थराज आचार्यलाई पढाउने गुरुहरूको नाम तल दिइन्छ ।

	विषय	गुरु
१.	लघुसिद्धान्त कौमुदी	मोदनाथ रेग्मी
२.	रघुवंश महाकाव्य	राधानाथ लोहनी
३.	सिद्धान्त कौमुदी	दधिराम पौडेल
४.	काव्य	कालिदास पराजुली र डिल्लीराज रेग्मी
५.	गणित	हेमनाथ भट्ट
६.	अनुवाद र तर्कसंग्रह	हेडगुरु सोमनाथ सिग्देल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीर्थराज आचार्यले सम्पूर्णमध्यमा उत्तीर्ण गरेपछि बनारसको क्वीन्स कलेजबाटै स्वतन्त्ररूपमा धर्मशास्त्र विषयमा शास्त्री परीक्षा उत्तीर्ण गरे । त्यसपछि त्रिभुवन विश्व विद्यालयबाट नियमित छात्रभई धर्मशास्त्रमा आचार्य परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । पढाउने गुरुहरू बदरीनाथ भट्टराई र जुननाथ पण्डित भएको बुझिन्छ ।

आयुर्वेद विषयमा सम्पूर्णमध्यमा गरी (स्वतन्त्र रूपमा) आयुर्वेदमा प्रवेश गरेर वैद्य विनोद, वैद्य भूषण र वैद्य रत्न (आचार्य सरह) प्रथम श्रेणीमा उत्तीर्ण गरे । तीर्थराजलाई आयुर्वेद पढाउने गुरुहरू -उमानाथ आचार्य, गणेशदत्त पौडेल, दीनानाथ अधिकारी र मुक्तिनाथ ढुङ्गेल थिए । तीर्थराज आचार्यले -नव्यव्याकरण विषयमा सम्पूर्णमध्यमा (१९९४), वैद्य विनोद, वैद्यभूषण, वैद्यरत्न (आयुर्वेदाचार्य), धर्मशास्त्र शास्त्री र धर्मशास्त्रमा आचार्य परीक्षाहरूउत्तीर्ण गरेका छन् । नेपाल आयुर्वेद विद्यालयमा नियमित अध्ययन गरी वैद्य विनोद उत्तीर्ण गरेका तीर्थराजले स्वतन्त्र रूपबाटै वैद्यभूषण र वैद्यरत्न (आयुर्वेदाचार्य) उत्तीर्ण गरेको बुझिन्छ ।

तीर्थराज आचार्यले वि.सं. १९९७ सालमा मासिक तलब रु १५।- पाउने गरी लमजुङ् जीता पाठशालामा अध्यापकका रूपमा नियुक्ति पाए । यो नै उनको पहिलो जागीर थियो । २ वर्ष ६ महिना पढाएपछि आफ्नै जन्मभूमि तनहुँ चुँदीरम्घा तामाकोट तेर्सेपानीमा गुरुकुल अनुरूपको वेद विद्याश्रम खोली सञ्चालन गरे । त्यसपछि वि.सं. २००२ साल कार्तिक १ गतेदेखि नरदेवी औषधालयमा कविराजपदमा सेवा गरे । त्यो बेला शुरु मासिक तलब १२।- रुपियाँ दिएको थियो । त्यसपछि २००२ कै मंसीर महीनादेखि मासिक तलब रु ३०।- मा राजदरबारमा राजकविराज पदमा सरुवा भए ।

मानसम्मान र पदवी

१. प्रबल गोर्खा दक्षिणबाहु (चौथा) मानपदवी
२. महेन्द्र विद्याभूषण
३. राजप्रासाद सेवा पदक (१५ वर्षे)
४. राजप्रासाद दीर्घ सेवा पदक (२५ वर्षे)
५. श्री ५ महेन्द्र शुभराज्याभिषेक पदक (२०१३)
६. श्री ५ वीरेन्द्र शुभ राज्याभिषेक पदक (२०३१)
७. स्व. श्री ५ महेन्द्रबाट २०१६ सालमा गरिबक्सिएको ब्रह्मगायत्री कोटिहोमको समाप्तिमा नम्बरी पण्डित (विशिष्ट विद्वान्) को सम्मान प्राप्त भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. गर्भाष्टम वर्षमा उपनयन भएका ब्राह्मणहरूलाई पढाउन वेद-वेदाङ्ग विद्यालय खोली सञ्चालन गरेको देखी अत्यन्त प्रभावित भई वटुका छात्रद्वारा रुद्रभिषेक गराउन लगाई सम्मानार्थ श्री ५ महेन्द्र सर्कारको सान्निध्यमा तात्कालिक वडागुरुज्यू खगेन्द्रराज पाण्डेद्वारा विशिष्ट विद्वान्लाई सत्कार गर्ने कार्चोभ भरिएको दोसल्ला ओढाई सत्कार गरिएको थियो । (श्रृङ्गेरी पीठका जगद्गुरु शङ्कराचार्य पादअभिनव विद्यातीर्थ महास्वामी)

९. वि.सं. २०१६ सालमा कोटिहोमको धार्मिक निर्णय र कार्यसम्पादन गर्न श्री ५ महेन्द्रबाट ५ जनाको एउटा समिति बनाइबक्सेएको थियो सो समितिमा निम्न व्यक्तिहरू थिए ।

(क)	काजी पुष्पराज राजभण्डारी	अध्यक्ष
(ख)	पण्डित सोमनाथ सिग्देल	सदस्य
(ग)	तीर्थराज आचार्य	सदस्य
(घ)	राधानाथ लोहनी	सदस्य
(ङ)	विष्णुप्रसाद अर्याल (राजपुरोहित)	सदस्य

यो यज्ञवरणमा आचार्य हेडगुरु सोमनाथ सिग्याल भएका थिए । ब्राह्मण रामनाथ आचार्य, होता विष्णुप्रसाद अर्याल, सदस्य राधानाथ लोहनी र गणेश तीर्थराज आचार्य भएका थिए । गणेशले श्री ५ महाराजाधिराज (यजमान) को प्रतिनिधि भई पूजा गर्नुपर्थ्यो ।

कृष्णप्रसाद आचार्यको पाण्डित्य

पण्डित कृष्णप्रसाद आचार्यको जन्म वि.सं. १९४७ साल आषाढमा भएको थियो । पाँच वर्षको कलिलै उमेरमा मातापिताको स्नेहिलो काखबाट यिनी विमुख भए । जेठा दाजु यज्ञनिधि र माहिला दाजु तुलसीप्रसादका संरक्षकत्वमा हुर्किए । कृष्णप्रसादको १३ वर्षको उमेरमा ९ वर्षकी कन्या शाम्भवी (साम्बवती) सँग विवाह भयो । विवाहपछि उनी नेपाल (काठमाडौं, त्यो बेला काठमाडौंलाई नेपाल भनेर पुकारिन्थ्यो) आए । काठमाडौं आएपछि यिनले अनेकौं प्रकारका दुःखहरूसँग सामना गर्नुपर्‍यो । यहीं बसेर कृष्णप्रसादले शुक्ल यजुर्वेद पूरा अध्ययन गरे । प्रथम परीक्षा पास गरेपछि रानीपोखरीको तीनधारा पाकशालामा भरना भए । त्यसपछि उनलाई बिहानबेलुका खाने , लाउने र बस्ने समस्या टऱ्यो । रानीपोखरी संस्कृत प्रधान पाठशालामा नव्य व्याकरण विषय पढी बनारसबाट सम्पूर्णमध्यमा परीक्षा पास गरे ।

त्यस समयमा माहिला गुरुज्यू हेमराज पाण्डेका जेठा दाजु हेरम्बराज पाण्डेका १ भाइ छोरा खगेन्द्रराज पाण्डे (च्यान्टा गुरुज्यूका नामले प्रसिद्ध) आफूभन्दा तल्लो पाठमा पढ्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कम योग्यताका हुनाले व्याकरणका धुरन्धर विद्वान् टेकनाथ पौडेलको सल्लाह अनुसार उनको निवासमैं गई पढाइदिने गरेका रहेछन् । कृष्णप्रसाद आचार्यको पढाइबाट गुरुज्यू हेरम्बराज पाण्डे अति प्रसन्न भएका रहेछन् । नव्यव्याकरण विषय लिई सम्पूर्ण मध्यमा परीक्षा पूरा गरेपछि उनलाई नव्यन्याय पढ्ने सदिच्छा प्रकट भएछ । नेपालमा राम्ररी न्याय पढाउन सक्ने विद्वान् कोही नभएका र केवल सोमनाथ सिग्द्याल पनि बनारसबाट भरखरै पढेर आएका हुनाले बनारसमा गई पढ्ने तीव्र आकाङ्क्षा भई गुरुज्यूसँग सल्लाह गर्दा उनले छोरो पढाइदिएको गुनले केही रकम छात्रवृत्ति जस्तै गरी खर्च दिएपछि बनारसमा गई पढ्न थालेछन् । त्यहाँभन्दा न्यायशास्त्रको केन्द्र नदीया शान्तिपुरमा वामाचरण भट्टाचार्यसँग गुरु सेवाकासाथ न्यायशास्त्र राम्ररी पढी सम्पूर्ण- मध्यमा पूरा गर्न एक वर्ष बाँकी थियो । ग्रीष्मऋतुको विदामा कृष्णप्रसाद आचार्य नेपाल आएछन् । यो कुरा पहाडमा पनि थाहा भएछ । उनी काठमाडौं आएदेखि घर नगएको पनि १० वर्ष भैसकेको रहेछ । उनकी धर्मपत्नीका सासूससुरा (कृष्णप्रसादका माता-पिता) नभएको हुँदा जेठाजुजेठान्नीको बुहार्तनमा कठोर तपस्या गरी बसेकी कुलवधू शाम्व देवीको ज्यादै कष्टमय जीवन संझिएर माइतीलाई असाध्य दया लागेर आएछ । माइतबाट आफ्नी सापत्न मातामहीले भरपर्दो मानिसका साथमा लिएर काठमाडौं आई अनेक कुरा गरेर ज्वाईं कृष्णप्रसादलाई जिम्मा लगाइदिछन् । त्यसपछि धर्मपत्नीलाई पनि साथै लिई कृष्णप्रसाद ग्रीष्मावकाश समाप्त गरेर काशी गए । आफ्ना कान्छा पितामहकी छोरी काशीबासी आफ्नी फुपू योगमायाकासाथ एउटै घरमा डेरा गरी बसेछन् । त्यसै समयमा तीर्थराजको गर्भबास भएछ । त्यसपछि शाम्वी (साम्बवती) समय समयमा विश्वनाथको दर्शन गर्नजान थालिन् । त्यो समयमा उनी विश्वनाथ बाबासँग यसरी प्रार्थना गर्थिन् :-

हे भगवान् ! जसरी हजुरको तेजिलो मुहार छ, त्यस्तै उज्यालो अनुहार भएको र ज्ञानी छोरो जन्माऊँ । ९ महिनाको गर्भ भएपछि ज्यादै दुःख र कष्टकासाथ तनहुँ चुँदीरम्घा तेर्सेपानी पुगेको १५ दिनमैं नवबालकको जन्म भयो । तिनै बालक तेजप्रसाद भनौं उनको बोलीचालीको नाम तीर्थराज आचार्य थियो । त्यसपछि कृष्णप्रसाद आचार्य बनारसमा पढ्न नगएको बुझिन्छ । उनलाई माहिला गुरुज्यूले गोर्खामा सबैभन्दा पहिले खुलेको पाठशालामा २ जना पण्डितमध्ये प्रधान पण्डित (ठूलो पण्डित भन्थे) मा नियुक्त गरी पठाएछन् । त्यहाँ श्री ५ त्रिभुवनका माहिला बुबा माहिला साहेवज्यू बसेका थिए । उनले कृष्णप्रसाद आचार्यलाई योग्य विद्वान् गराई कामकाज गर्न लगाएछन् । त्यसबेला ४ वर्ष उमेरका तीर्थराज पनि पिताजीकै साथमा रहेको बुझिन्छ । आफ्नो घर चुँदीरम्घाको तेर्सेपानीबाट गोर्खा टाढै पर्ने र बन्दीपुरमा पनि त्यसै समयमा खुलेको पाठशालामा आफ्ना सतीर्थ्य र भानिजभाइ पण्डित चन्द्रकान्त पौडेल (नेपालमा वेद विषयमा आचार्य पास गरी आउने पहिला विद्वान्) सोमनाथ पौडेलका पिता नियुक्त भएका थिए । उनले आफ्नो त्यस्तैत्यस्तै परिस्थितिले गर्दा छोडी खाली हुन आएको प्रधानाध्यापकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. तीर्थराजको जन्मस्थान

स्रोत: कविराज नरनाथ आचार्यले लेखेको - आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन-चरित्र (वी. सं.) बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदमा कृष्णप्रसाद आचार्य सरुवा भए । त्यही दमौलीको पाठशालामा अध्यापन गर्दागर्दै १९८६ साल मार्ग महिनामा ३९ वर्षको युवावस्थामैं कृष्णप्रसादको देहावसान भयो ।

पण्डित कृष्णप्रसाद आचार्य संस्कृतमा राम्रो योग्यता भएका विद्वान् थिए । न्याय विषयमा पनि उनको दह्रो योग्यता थियो । त्यसैगरी वेद कण्ठस्थ थियो । कर्मकाण्डको हस्तक्रियासहित पूर्ण योग्यता थियो । पुराण भन्ने क्षमता पनि प्रशंसनीय थियो ।

कृष्णप्रसाद आचार्यले न्यायका साक्षात् मूर्ति प्रधानाचार्य पद्मप्रसाद भट्टराईलाई नेपालबाट बनारस गई त्यसै अलपत्र परेको बेलामा न्याय पढ्ने सल्लाह दिनुकासाथै यस विषयको प्राथमिक ज्ञान पनि दिलाएका थिए । यो कुरा पद्मप्रसाद भट्टराई तीर्थराज आचार्यसँग भेट भएको बेला वारम्बार भन्ने गर्थे ।

एक चोटिको कुरा हो । मुकुन्द शास्त्री खिस्ते आएको समयमा पद्मप्रसाद भट्टराईलाई भेट्न गैरी धारामा जाँदा खिस्तेसँग तीर्थराजको परिचय गराउँदा पद्मप्रसादले ***यिनका पिताजीले मलाई न्यायशास्त्रमा दिग्दर्शन गरेको*** कुरा बताएका थिए ।

नेपालमा पण्डितराज सोमनाथ सिग्द्यालपछि न्यायशास्त्र पढ्ने दोस्रा व्यक्ति कृष्णप्रसाद आचार्यनै भएको बुझिएको छ । यसरी कृष्णप्रसाद नेपालका प्रसिद्ध नैयायिक भएको हुँदा- तीर्थराजहरूकै पालादेखि व्याकरण, न्याय, वेद, ज्योतिष, साहित्य यी पाँच विषयमा मध्यमासम्म पढाउने परम्पराको थालनी भएको कुरा मलाई तीर्थराज आचार्यले जनकारी दिएका छन् । त्यो साल (१९८९) प्रथम परीक्षामा ५० जना पास भएकाहरूमध्ये तीर्थराज तेस्रा भएका थिए । बढी योग्यता भएका विद्यार्थीलाई न्याय पढाउने परम्परा चलाउन आँटे बमोजिम सोमनाथ सिग्देलले पनि तीर्थराजलाई न्यायमा नाम लेखाइ दिए , तर तीर्थराजलाई भने न्यायको सट्टा व्याकरण पढ्ने तीव्र इच्छा भैरहेको थियो । उनले गुरुसँग आफ्नो व्याकरण विषय पढ्ने दृढ इच्छा भएको कुरा अनुनयविनय गरे । सोमनाथले ***प्रबुद्ध नैयायिक कृष्णप्रसाद आचार्यका छोरा तिमीले त न्याय विषय नै पढ्नु पर्छ*** भनी प्रोत्साहन दिए । त्यसपछि तीर्थराज ज्यादै चिन्तित भए । उनी गुरु सोमनाथको घर ठमेल झोसेमैं गई रुँदै ***म न्याय पढ्दिन, व्याकरण विषय पढ्छु*** भनेपछि गुरुले पनि तीर्थराजको व्याकरण पढ्ने इच्छा पूरा गरिदिएछन् , तर यो घटनापछि सोमनाथले तीर्थराजको नामै राखिदिएछन् ***न्याय पढ्दिन भनेर रुने ।***

शाम्भवी देवी (साम्बवती)

शाम्भवी देवीका पितामह ६ महिना आमाको र ५ वर्षमा बाका टुहुरा थिए । ५ वर्षमा पिताजीले नै मन्त्रदान दिएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रारब्धको प्रावल्यले गर्दा ७ वर्षको उमेरदेखिनै आफ्नो घर तनहुँ मान्हौ गुफदी (दमौलीदेखि १ कोश पश्चिम) मा एउटा बाराहीको मन्दिर छ । त्यहाँ ठूलो गुफा छ । त्यहीं बसेर उनी हरेक दिन हजार गायत्री जप्थे । एक दिनको कुरा हो । बाहिर निस्किएर फुपाजुसँग वेद पढ्ने, खाने कुरा फुपूले आफ्नो घरको वारीको छेउमा ल्याएर राखिदिन्थिन् । त्यसपछि कसैको मुखै नहेरी त्यो खाने सामान लिएर जाने गरी केही वर्षसम्म कष्टसाध्य तपस्या गरेपछि आफूलाई केही सिद्धि प्राप्त भएछ । यसरी सिद्धि प्राप्त भएपछि त्यही बाराहीको थानमाथि जङ्गलको बीचमा दुइटा स्वतन्त्र कुटी बनाई एउटा कुटीमा बस्ने र अर्को कुटीमा पकाउने, खाने गरेर बस्न थाले छन् र ती दुई कुटीका खण्डहरू अझसम्म छँदैछन् । त्यसमा एउटा स्मृतिभवन बनाउने इच्छा तीर्थराज आचार्यले व्यक्त गरेका छन् । यो घटनापछि एकजना योग्य गुरुको खोजमा जाँदाजाँदा रेसुङ्गाका सन्त स्वामी शशीधरकहाँ पुगेछन् । यी शशीधर स्वामीको जोसमनी सन्तपरम्परामा महत्त्वपूर्ण स्थान छ । देवीप्रसाद वाग्लेको कुरा स्वामीलाई चित्त बुझे छ र शशीधरले आफ्नै साथमा राखेछन् । उता घरमा देवीप्रसाद वेपत्ता भएको हुँदा ठूलो कोकोहोलो मच्चिएछ । निकै समयको खोज तलासपछि रेसुङ्गा गएको पत्ता लागेछ । त्यसपछि गाउँका इष्टभित्रहरूले रेसुङ्गाका सन्त स्वामी शशीधरसँग धेरैनै अनुनयविनय गरेछन् । स्वामीले पनि देवीप्रसादलाई दिने निधो गरेपछि घरमा ल्याएर विवाह गरिदिएछन् । विवाह भएपछि पनि देवीप्रसाद वाग्ले भारतमा घुम्न गएछन् । त्यहाँ हठयोगको माध्यमद्वारा उनले सिद्धि प्राप्त गरेछन् । घरमा आएपछि उनी अनासक्त गृहस्थ भएर बसेछन् । त्यसैबेलामा दुई भाई छोरा पनि जन्मिएछन् । जेठा छोरा तारानाथ पनि ज्यादै तपस्वी भएछन् । आफ्नो मुठीले ५ मुठी चामलको भात खाने र त्यही पनि एक छाक मात्र । यस्ता कडा नियम पालन गरेर आफ्नो दिनचर्या विताए छन् । पछि पिताजीको आज्ञा बमोजिम विवाह पनि गरेछन् । त्यसबाट १ छोरी शाम्भवी देवी (साम्ववती) र १ भाई छोरा पनि जन्मिए छन् । छोरा चाहिं ४ वर्षको कलिलै उमेरमा कालकवलित भएछन् । त्यसपछि एउटी छोरी शाम्भवी मात्र बाँकी भइछन् ।

यो संसार प्रारब्धकै खेल रहेछ । शाम्भवीका पिता तारानाथ पनि ३२ वर्षको युवावस्थामैं दिवङ्गत भएछन् । शाम्भवीकी आमा (तीर्थराजकी मातामही) श्रीभद्र शर्मा खनाल (भूतपूर्व माननीय) कै पिताजीकी फुपू भएको जानकारी पाइएको छ । उनी ज्यादै तपस्विनी थिइन् । चान्द्रायण, कृच्छ्र चान्द्रायण लगायंत अरु थुप्रो व्रत गरेकी थिइन् । परिवारका हकमा आमाछोरी मात्र भएको हुँदा प्रायशः छोरीकै घरमा बस्ने गरेकी थिइन् ।

देवीप्रसाद वाग्लेको सिद्धि

देवीप्रसाद वाग्ले ***युक्ताहार विहारस्य योगिनः*** अनुसार ५ मुठी मात्र चामलको भात त्यही पनि एक छाक मात्र खान्थे । मंसीर महीनाको कुरा हो । संयोगवश उनी आफ्नो ससुराली तनहुँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किहुँमा गएछन् । सासूले भोजन गराउँदा (ज्वाइँ) सधैं थोरै खाने र आफ्ना परिवार सबै प्रशस्त खाने स्वभावका हुनाले ***ज्वाइँले त किन हो किन राम्ररी खाना खानै सक्नु भएन*** भनी सासूले गुनासो गरिछन् । कार्यवशात् देवीप्रसाद वाग्ले ५।७ दिनजति ससुरालीमै बसेछन् । एक दिन ***ज्वाई त पटक्क खाना खानुनै हुन्न*** भन्ने सासूको आग्रहपूर्वकको दुःखमनाउनलाई स्वीकार गरी आफ्नो योग सिद्धि देखाइदिने इच्छाले भातखाँदा सासूले भात थप्न लाग्दा भोनै नभनी खाँदै गएछन् । दाईं हाल्ने खेतालालाई पकाएको समेतगरी ३ पाथी चामलको भात खाइदिएछन् । सासूलगायत त्यहाँ वरपर जम्मा भएका सबै जिल्ल परेछन् । यो कुरा एककान, दुइकान हुँदै मैदान भएछ । देवीप्रसाद वाग्लेका मामा (श्री ३ सरकारलाई रिझाई कर्नेलको पदवी पाएका थिए) शिवशङ्कर घिमिरेले यो कुरा थाहा पाई तनहुँ म्याग्दे आफ्नो घर आएको मौकामा त्यहाँको अत्युत्तम तीर्थ दमौलीमा-त्यहाँ वरिपरि ज्यादै रसिलो हुनाले दूध प्रशस्त हुन सक्ने र तिनताकका वहालवाला कर्नेल घर गएको बेला हुनाले प्रशस्त दूध जम्मा गरी ***मेरा भाञ्जा देवीप्रसाद कति खान सक्छन् त्यति ख्वाउनु पऱ्यो भनी आफ्नो पिताको श्राद्ध*** त्यहीं गर्न शुरु गरेछन् । त्यसमा दूध ३ मुरी (६० पाथी) जम्मा भएछ । त्यो सबै दूधको खीर पकाई सबै दर्शकका अगाडि श्राद्धमा भाञ्जालाई भोजन गर्न लगाएछन् । उनले त एकमुरी खीर हाँसीहाँसी खाइदिएछन् । कर्नेल छक्क परेर ***एक मुरी त खाए भने ३ मुरी खाँदैनन् भन्न सकिन्न*** भन्ने कुरा गरेछन् । यसरी भाञ्जा देवीप्रसाद वाग्लेको परीक्षा गरियो । उनमा अपूर्व दैवी सिद्धि प्राप्त भएको प्रमाणित भयो ।

यस्ता देवीप्रसाद वाग्लेको जन्म वि. सं. १९०० सालमा भएको हो र १९७५ सालको भाद्र महिनामा उनी ब्रह्मलीन भएछन् । त्यसपछि तारानाथ र अन्नपूर्णाकी छोरी शाम्भवी पनि ३५ वर्षको उमेरमा विधवा भइछन् । उनी तपस्विनी भएर रहन लागिन् । ४५ वर्षको उमेरदेखि उनमा वाक्शक्ति प्राप्त भएको हो भन्ने जानकारी पाइन्छ । कसैसँग सिकेर होइन स्वतः प्राप्त सिद्धिद्वारा हात हेरेर निश्चित भविष्य वताइदिन्थिन् । सिद्धिका प्रभावमा विभिन्न जरीबुटी कुटेर परोपकारका निम्ति औषधी निर्माण गर्थिन् । साथै, स्वप्नमा देवीले दिएको मन्त्रले फुकिदिन्थिन् । असाध्य रोगी पनि आयु शेष भएका मानिसहरूको उद्धार हुन्थ्यो । शाम्भवी गाउँघर सबैकी आमा भएकी थिइन् । उमानाथ, नरनाथ आचार्य उनैका सानी आमाका छोरा हुनाले दुवै भाई आयुर्वेद विशेषज्ञ भए पनि आफ्नी ठूली आमाकी छोरीको विशेष शक्तिबाट बढी प्रभावित भएका थिए । उनीहरूले तिहारमा टीका लगाउने दिदी भएको तथ्य जानकारी प्राप्त हुन्छ । २००९ साल चैत्र शुक्ल अष्टमीका दिन ५९ वर्षको उमेरमा उनको देहावसान भयो । उनको प्राण बोल्दाबोल्दै गएको भन्ने भनाइ छ । प्राण जाने बेलामा छोरा तीर्थराज र गिरीराज तथा छोरी चीजमायासमेत थिएनन् अर्थात् उनको यौगिक मरण भएको बुझिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तनहुँ चुँदीरम्घामा स्थापना भएको वेदाश्रम

तीर्थराज आचार्यले व्याकरण विषयमा मध्यमा तह पूरा गरी आयुर्वेद विषयमा पनि विनोद परीक्षा दिएर उत्तीर्ण भएपछि लम्जुङ्गको जीता पाठशालामा पण्डितमा नियुक्त भए । त्यो बेला महिनामा १५। रु. तलब आउँथ्यो । अँध्यारामा गाउँ आउँदा रम्घाको पँधेराको घुम्तीमा प्रायश: मानिसहरू लडेर निकै दु:ख पाउँथे । यो पँधेरो तीर्थराजको घरबाट नजीकै पर्थ्यो र त्यहाँ भएको आर्तनाद स्पष्टसँग सुनिन्थ्यो । त्यो कारुणिक घटना के गर्दा यसलाई हटाउन सकिन्छ भन्ने कुरा तीर्थराजका मनमा खेलिरहन्थ्यो । पछि कुहुने घुम्तीको छेउमा पर्खाल लगाइदिए । साथै, आमालाई र अरुलाई पनि पुराण सुनाउने सदिच्छाले घरको आँगनमा मन्दिर बनाएर एकादशी र कार्तिक वैशाख आदिमा तीर्थराजले पुराण भन्ने गरे । साथै, एउटी छोरी माधवी जन्मेपछि २ छोरा हुँदै जाँदै गरेकाले शिवजीको सेवाआराधना गर्ने इच्छाले तेर्सेपानीको पँधेरामा एउटा ठूलो चौतारा वेदी बनाई शिवलिङ्गको स्थापना गरे ।

वि. सं. १९९८ साल वैशाख महीनाको कुरो हो । रम्घामैं एकजना सज्जनले विशेष गायत्री अनुष्ठान गराउनलाग्दा गाउँका सबै ब्राह्मणहरूलाई गायत्री मन्त्र शुद्धरूपमा आउँछ कि आउँदैन भन्ने कुराको जिज्ञासा पूर्ति गर्न त्यहाँका बूढापाकाहरूले तीर्थराजलाई नै अह्राएछन् । उनले पनि क्रमश: सबैसित गायत्री सोद्धै गए । धेरैले शुद्धसँग भन्न सकेनन् । त्यसपछि सबैलाई कागजमा लेखेर दिए । त्यो बेला जेनतेन काम चल्यो ।

यो घटनापछि तीर्थराजलाई ईश्वरीय प्रेरणाले घच्घच्याउन थाल्यो । केकसो गरेर परापूर्वकालदेखि ब्रम्हपुरीको नामले प्रसिद्ध भएको चुँदीरम्घाको ब्रह्मपुरी हुनाको भाव स्थायी हुनसक्छ, उनी यसै विषयमा सोचविचार गर्न लागे । आखिरीमा एउटा वेदाश्रम राम्घामा नै खोल्नुपर्छ अन्यथा सम्भव छैन भन्ने कुरामा तीर्थराज अचार्यको मन निर्विकल्प रूपमा अडियो, तर आश्रम कसरी खोल्ने ? यो पनि त एउटा समस्याकै कुरा थियो । उनले त्यहाँका गण्यमान्य व्यक्तिहरूसँग परामर्श लिन लागे । भर्खर २३ वर्ष मात्र उमेर भएको केटाले भनेको मानिहाल्ने मानिस पाउन पनि त गाह्रै कुरा हो । यो समयमा वेदाश्रम खोल्ने कुरालाई लिएर कसैको सहमति भएन । त्यसपछि तीर्थराजले केवल आशीर्वादको चाहा राखे तर आर्शीविाद कसको माग्ने ? यो पनि त समस्याकै कुरा थियो । आखिरी उनकै वेदमन्त्रदाता गुरु पण्डित रुद्रशङ्कर पौड्यालसँग शुभाशीर्वाद लिने विचार गरेर डराईडराई उनीसँग अनुरोध गरे । त्यो समयसम्म पनि तीर्थराज लमजुङ्गको जीता पाठशालामा पढाउँदै थिए । अष्टमी प्रतिपदाको दिन घच्घच्याउन थाले । आखिरीमा रुद्रशङ्कर पौड्यालले भने- ***वेदाश्रम कसरी चलाउन सकिन्छ ? हामी दुइजनाले पढाउने ?*** उनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. तीर्थराज आचार्यले चलाएको तनहूँको
गुरुकुल अनुरूपको विद्यालयको झलक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(रुद्रशङ्कर) तनहुँ ज्यामरुक (भीमबहादुर अधिकारीको जन्मभूमि) मा सरकारी पाठशालामा पढाउँथे । रुद्रशङ्करले भने- *अझसम्म पाठशालामा पढाउँदै छौं । यो कुरा कसरी सम्भव हुन्छ ?* तीर्थराजले भने- *म पाठशालाबाट राजीनामा दिन्छु र म आफैँ वेदाश्रममा पढाउँछु ।* यो कुरा सुनेर रुद्रशङ्कर पौडेलले भने- *यो त केटाकेटी कुरा भयो । पाठशालामा पढाएर आएको आम्दानीले घरगृहस्थी चलाएको छ । त्यही पनि तेरो घरव्यवहार कसरी चल्छ ।* गुरुको कुरा सुनेर तीर्थराजले जवाफ दिए- *का चिन्ता मम जीवने यदि हरिर्विश्वम्भरो गीयते, नोचेदर्भक जीवनाय जननी स्तन्यं कथं निस्सरेत्* यो उद्गारपछि रुद्रशङ्करले पनि - *त्यसो भए हुन्छ त हुन्छ* भनी सहमति जनाए ।

यसपछि अर्को समस्या आइपर्‍यो - विद्यार्थीहरू कहाँ पढाउने र ठाउँ कहाँ बनाउने, कसरी बनाउने । त्यसैबेला तीर्थराजले सोचे- नरबहादुर राना भाट गाउँको मुखियाको माहिलो छोरो जसलाई सबैले मुखिया भन्थे, उनी ज्यादै हक्की र स्पष्टवक्ता थिए । जातका भाट भए पनि कृष्णप्रसाद आचार्यहरूकै समान उमेरका भएका हुनाले तीर्थराजलाई माया गरेर तपाइँ नभनी तिमी र तँ पनि भन्थे । उनैसँग भेटेर तीर्थराजले पनि आफ्ना मनका कुरा सुनाए । *माहिला बा सलाई अति कडा मानसिक रोग लागेको छ, कसरी छुटाउने हो ? सल्लाह गर्न आएको ।* भाटले पनि- *त्यस्तो के व्यथा हो ? भन त,* भनेपछि तीर्थराजले पनि आफ्नो मनको वह यसरी पोखे- *माहिला बा । हाम्रा गाउँमा ब्राह्मण क्षत्रीका छोराहरूलाई पढाउने एउटा पाठशाला बनाउनु पर्‍यो, यस गाउँमा तपाईंको पाखो जग्गा धेरै छ । एक टुक्रा जग्गा पाठशालालाई दिनुहोस् ।* यो कुरा सुनेर भाट माहिला बाले - *कस्तो छ यो त, के केटाकेटी कुरा गरेको ? यहाँ कसले पढाउने ? कसरी पढाउने ? र भवन कसरी बनाउने* आदि आदि कुरा गरेर पन्छाउन खोजे । त्यसपछि तीर्थराजले भने- *मैले गायत्री मातालाई र ब्राम्हण वर्गलाई मात्र देखिरहेको छु । म लमजुङ्गको जीता पाठशालामा पढाउन छाडेर यहीं पढाउने पण्डित बन्छु । भवन बनाउन पनि म आफैं मेलोमेसो मिलाउँछु । नाम्ले यो ब्रम्हपुर हो काम्ले पनी होस् भनी, प्रार्थना गर्दछु नित्य सबैको हितहोस् भनी ।* आदिकवि वाल्मीकिको पहिलो उद्गार झैं उनले पनि आफ्नो अभिव्यक्ति लिएर अगाडि बढेपछि पण्डित रुद्रशङ्करलाईसमेत सोधेर उनको हठी स्वभाव बुझेर यसबाट भविष्यमा राम्रै हुने संझी उनले आफ्ना दुइटी छोरीमात्र भएका र आफ्नो घरमा जेथा नभएकी दिदीलाई बस्न भनेर दिएको जग्गाको एक छेउ, जुन सार्वजनिक चौरमा जोडिन्थ्यो त्यहीनै दिने विचार गरेर निर्णय पनि तुरुन्त भयो । यसपछि तीर्थराजले गुरुसँग भने- *कतिपय व्यक्तिहरूसँग ५।५ रु. का दरले चन्दा उठाऊँ, बाँकी म हाल्छु ।* यस कुरामा गुरुको पनि स्वीकृति प्राप्त भयो । तीर्थराज बन्धुवर्ग र इष्टमित्रसँग चन्दा माग्न गए तर कसैबाट पनि चन्दा प्राप्त हुन सकेन । त्यसको भविष्य तीर्थराजका हृदयमा सीमित थियो । बाहिर कसैमा देखिएन । आशीर्वादको रूपमा गुरुबाटै रु ५।- प्राप्त भयो (अरूबाट १५ ˙ ५.२०) गर्दै रुपियाँ जम्मा भयो र वेदाश्रमको शिलान्यास भयो । यस काममा कसैले पत्यार गरेनन् बरु उनीहरू त उपहास पो गरिरहेका थिए । तीर्थराजकी आमा शाम्भवीलाई पनि यस कुरामा ठूलो चिन्ता पर्‍यो । *बाबु तैंले भकारीमा*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम्लो लगाइस् अब कसरी बोक्छस् भन्न थालिन् । *आमाको शुभसत्य आशीर्वाद र परमेश्वरको कृपा भए असम्भव कुरा कुनै नभएको* सान्त्वना दिँदै तीर्थराज आचार्य आफ्नो लक्ष्यमा अगाडि बढिरहेका थिए । उनले भाटगाउँका सबै पुरुषसँग श्रमको भिक्षा मागे । आफ्नो तलबको पैसा पनि थप्दै विद्यालयभवन बनाउँदै गए । माटो र ढुङ्गाको बीचको ठूलो जति एकापट्टिको गाह्रो जम्मै वैरियो । यो घटनाले सबैलाई हाँसो र उपहास थपिदियो । शाम्भवीलाई वारम्बार पीर परिरहेकै थियो, तर तीर्थराज भने–*यथा समुद्रेऽ पिहिपोत भङ्गे साम्यान्त्रिको वाञ्छति तर्तुमेव* भन्ने पञ्चतन्त्रको वचन संझिएर धैर्य र साहस लिइरहेका थिए । अनेक उपाय गरेर विद्यालय भवन तयार भयो ।

अव अगाडि आयो - पढाउने छात्रको समस्या- *म पढाउँछु । तपाईंहरू आफ्ना छोरालाई विद्यालयमा पठाइदिनुहोस्* भन्दा - गाईभैंसी हेर्ने, घर कुर्ने आदि समस्याले बाँधिएका कृषकहरूलाई पाठशालामा छोरा पठाउने साहसै आउन सकेन । त्यसपछि शुरुमा धेरै होइन ५ जनामात्र विद्यार्थी जम्मा पारेर पढाउनु पर्‍यो भन्ने विचारले गुरु पण्डित रुद्रशङ्करका छोरा पूर्णचन्द्र र रामचन्द्र , गिरिराज , डि. वेदनाथका छोरा रमानाथसमेत ५ जना छात्र बनाई विक्रम संवत् १९९९ साल वैशाख शुक्ल तृतीया (अक्षय तृतीयाका दिन) गुरुको आशीर्वाद लिएर तत्कालीन राणा सरकारको कठोर शासनमा पनि शैक्षिक क्रान्ति गरी तीर्थराजले वेदाश्रमको प्रारम्भ गरे । शुरुमा *रुद्री, कौमुदी, अमरकोश*को पढाइ चल्यो । यी पाँच जना विद्यार्थीले एउटै स्वरले रुद्री पढेको ध्वनि सुनेर गाउँका सम्भव भएजतिका छोराछोरीहरू पढ्न आउन थाले । यो कुरा थाहा पाएर ५, ६ कोश टाढाबाट पनि विद्यार्थी पढ्न आउन लागे । वेदाश्रममा सुचारुरूपले पढाइ चल्न थाल्यो । त्यो समयमा यस वेदाश्रमको दैनिक नियम पनि यस्तै किसिमको थियो ।

बिहान २/३ घडी रात बाँकी छँदैमा रम्घाको डाँडादेखि तेर्सेपानीसम्मका २५/ ३० जना छात्रहरू एकै स्वरले भागवत्को नामोच्चारण गर्दै तेर्सेपानीको पँधेरामा पुगेर (यहाँ तीर्थराज आचार्यले स्थापना गरेको शिवजीको स्थान छ) स्नान गरी सबैले एकै स्वरले दक्षिणी लयमा *नमस्तेका* १६ मन्त्रले रुद्राभिषेक गर्ने, *जयशंकर पार्वती-पते* यो उपमन्युको स्तोत्र पूरै पाठ गर्ने, *जयगङ्गाधर हर शिव जय गिरिशाधीश त्वं मां पालय नित्यम्* इत्यादि भजन भन्ने, कछाड, भोटो र एउटा रुमाल काँधमा राखेका छात्र आश्रमतिर जाने, त्यसपछि बिहान खाना नखाईकन रुद्रीवेदको पाठ लिने । अन्दाजी ९ बजे घरघरमा गएर खाना खाएर १० बजे भित्रैमा पाठशाला आइसक्नुपर्ने । अनि *वेद* घोक्ने, *कौमुदी, अमरकोष* र *श्रुतबोध* पढ्ने । बेलुका अन्दाजी ४ बजे (छाया नापेर) घरघर जाने । खाजा खाने । त्यो ठाउँमा ठूलो सालघारी भएको हुनाले सालको पातमा बाँसको कलम, मसी र कटुसको मसी बनाएर लेख्ने । आफ्नो क्षमताले कतिसम लेख्न सकिन्छ , लेखेजति जतनले राखी भोलिपल्ट विद्यालय आउँदा लिएर आउनु पर्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेख हेरी नम्बर दिने गरिन्थ्यो । प्रतिपदा र अष्टमीको दिन विद्यालय वन्द हुने भएकाले विद्यार्थीहरूले मसुरे खोज्न जानुपर्थ्यो अनि विदाकै दिन गाउँघरमा कहाँकहाँ बाटो बिग्रेभत्केको छ त्यो हेरीहेरी बनाउने । शिवजीको मन्दिर वरिपरि फूलको बगैंचा लगाउने आदि आदि काम गर्नु पर्थ्यो । हरेक सोमबारका दिन विधिपूर्वक षडङ्गरुद्राभिषेक गरिन्थ्यो ।

तीर्थराज आचार्य आफू मिहिनेत गरेर पढ्ने र अरुलाई पनि पढाउने तीव्र आकाङ्क्षा भएका मानिस हुनाले वर्षको २ महिना असार र साउन विदा दिने सरकारी नियम थियो । सोही अनुसार गर्न उनलाई परीक्षा दिन अनुकूल नहुने भएकाले त्यो दुइ महिने विदा काठमाडौंमा आयुर्वेदको परीक्षा दिन मङ्सीरमा लिने मेलोमेसो मिलाएका थिए , तर यस किसिमको विदा आफैंले मात्र लिने र विद्यार्थीहरूलाई पढाउन अर्को प्रतिनिधि राख्ने गरेका थिए ।

यसरी तीर्थराज आचार्यले ज्यादैनै परिश्रमपूर्वक पढाएको र आफ्ना छोराहरूले राम्रो प्रगति गरेका देखेर ***यो मानिसले ठूलो त्याग र तपस्या गरेर हाम्रा छोरा पढाइदियो । त्यसकारण यसको खेत हामी रोपाइ दिन्छौं*** भनेर तीर्थराजको अम्बोटे र विर्ता ३० मुरीको खेत गाउँलेहरूकै सहयोगबाट आदर्शमय रोपाइँ हुन्थ्यो । यतिमात्र नभएर मङ्सीरमा पनि आ-आफ्ना घरबाट १ । १ मुरी धान पनि दिन थाले । तीर्थराज चाहिं यसरी गाउँलेहरूबाट उठेको धान टाढाबाट पढ्न आएका विद्यार्थीहरूलाई केही खानामा र अरु सामान खरीद गर्ने काममा लगाइदिन्थे । परीक्षा दिन नेपाल (काठमाडौं) जाँदा र काशी जाँदा पनि विद्यार्थीहरूलाई चाहिने पुस्तकहरू किनेर ल्याइदिने गर्थे । वेदको स्वरको लय पनि सहपाठी अनि स्नेही भानिज भाइ सोमनाथ पौडेलबाट र बनारसमा परीक्षा दिन जाँदा साङ्ग-वेद विद्यालयमा पढेका गुरुवर दामोदर भट्टराई आदिसँग पनि अभ्यास गरी शुद्धरूपमा पढाउने गरेका थिए ।

पछि-सधैं एकै जनाले मात्र पढाएर साध्य हुँदैन । यो विद्यालयलाई सरकारी पाठशाला बनाउनु पर्‍यो । गुरु रूद्रशङ्करलाई यसैमा सरुवा गराउनु पर्‍यो भनी त्यसबेलाका इन्स्पेक्टर बा कृष्णप्रसादकै व्याकरण मध्यमा पढ्दाखेरिका साथी देवर्षि रुपाखेती भएकाले परीक्षा दिन काठमाडौं गएको बेलामा उनैका डेरामा र पाठशाला बन्दोबस्त अड्डामा समेत गई विशेष अनुरोध गरी केही उपभोग्य वस्तुको उपहारसमेत दिई तनहुँमा निरीक्षण गर्न गएको बेलामा विशेष गरी विद्यालयको स्वरूप परिचय गराई विद्यालयको पठनपाठनमा चित्त बुझेपछि उनैको सिफारिसमा एक जना पण्डित भएको रम्घा पाठशालाका रूपमा परिणत गराइयो, तर अध्ययन प्रणाली भने सोही अनुरूपको रह्यो । गुरु रुद्रशङ्करलाई नै यस पाठशालामा सरुवा गराउने कार्यमा सफलता पनि मिल्यो । यसै बेला यो उद्‌गार पनि निस्क्यो -

सा पाठशाला यदि राजकीया विद्यार्थिनश्चापि समे सुशीलाः ।
अध्यापकश्चापि गुरुर्यदिस्यात् किं नाम शम्भो नकृतं त्वयास्यात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि तीर्थराजले सो वेदाश्रम पाठशालामा पढाउने क्रम छोडेको देखिन्छ । प्रारब्ध नदीले बगाउँदै बगाउँदै उनलाई राजदरबारमा कविराज पदमा पुऱ्यायो । पछि २०१५ सालमा श्री ५ महेन्द्रको राजकीय भ्रमणका सन्दर्भमा तीर्थराज पनि सम्मिलित थिए । तीर्थराजले त्यहाँका सम्पूर्ण जनताका समक्ष श्री ५ महेन्द्रमा विशेष विन्ती चढाए । तीर्थराज आचार्यको जाहेरी सुनेर श्री ५ महेन्द्र ज्यादै खुशी भैबक्सियो । त्यसबेला तीर्थराजप्रतिको राजाको सद्भावना त्यहाँका जनताहरूले स्पष्टसँग बुझे ।

सरकार ! मैले शुभारम्भ गरेको यो भानु गाउँको पाठशालामा १ जना पण्डित छन् । अरु ३ जना थपेर माध्यमिक बनाइदिबक्सन र भानुको स्मारक बनाउन पनि आर्थिक सहयोगका लागि प्रार्थना गर्छु भनी तीर्थराजले श्री ५ महेन्द्रका समक्ष एउटा विन्तीपत्र चढाए । *पोखरा गएपछि हेरेर मिलाइदिन्छु* भन्ने सरकारबाट हुकुम भयो तीर्थराज पनि पोखरासम्म सँगै गए । उनी त्यहाँबाट विदा भइ फर्किए । श्री ५ महेन्द्र सरकारबाट तीर्थराजलाई *प्लेनमा जानू* भनी रु. २००।- बक्सिएको थियो । सरकारको निगाहबाट यो वेदाश्रमलाई भानु संस्कृत माध्यमिक विद्यालय (तिनताकाको नियमले) नाम दिएर ३ जना अध्यापक पनि थपिए । भानु स्मारकलाई ४ हजार रुपियाँ पनि त्यसैबेला श्री ५ महेन्द्रबाट बक्सियो । त्यसपछि विद्यालय पनि राम्ररी चल्यो । भानु स्मारक प्रतिमा र मन्दिर पनि बन्यो । हाल नयाँ शिक्षा योजनाले गर्दा सो विद्यालय अंग्रेजीतर्फको निम्न माध्यमिक तहमा परिणत हुन आयो, तर त्यस गाउँका सबैको प्रयासले अंग्रेजीतर्फको होइन कि स्वतन्त्र संस्कृत माध्यमिक विद्यालयका रूपमा चलाइएको छ, तर स्वीकृति भने प्राप्त भएको छैन ।

ठमेलमा स्थापना भएको वेद-वेदाङ्ग विद्यालय

ठमेल (काठमाडौं) मा तीर्थराज आचार्यले वेद-वेदाङ्ग विद्यालयको स्थापना गरेका थिए । यसको पनि रोचक इतिहास छ । विक्रम संवत् २०१५ सालदेखिनै कर्मकाण्डको संरक्षण गर्ने विद्यालय खोल्नु पर्छ जसमा *रूद्री, वेद र कर्मकाण्ड*का साथै व्याकरणादि विषय वेदाङ्गको पनि पढाइ चलोस् भन्ने धारणा लिएर तीर्थराजले प्रचारप्रसार गर्नुका साथै श्री ५ महाराजाधिराजका हजुर्मासमेत बारम्बार विन्तीपत्र चढाउन थाले । उनलाई कतैबाट चित्त बुझ्दो सहयोग प्राप्त हुन सकेन । अन्त्यमा आफ्नै विचारले गुरु जुनानाथ पण्डित र प्रा. सोमनाथ पौडेलसँग सरसल्लाह गरे । यसका साथसाथै प्रो.देवीप्रसाद रिमालज्यूसँग आन्तरिक सल्लाह गरे । *अब म एउटा वेद वेदाङ्ग विद्यालय खोल्छु । विद्यालय रवीन्द्रनाथ टाइगोरको झोपडीजस्तै मेरै ठमेलको आवासलाई बनाउँछु । प्रारम्भको दिन शुभाशीर्वादका लागि गुरुहरूको उपस्थिति होस् भन्ने प्रार्थना गर्छु ।* सबै गुरुहरूको स्वीकृति पाएपछि २०२२ साल वैशाख २६ गते अक्षय तृतीयाका दिन *१. शरच्चन्द्र आचार्य* (आफ्नै छोरा) *२. केशवराज लम्साल ३. केशववल्लभ पन्त*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. केशवप्रसाद खनाल र ५. रामहरि भण्डारी गरी पाँचजना विद्यार्थीहरूको उपस्थिति र उक्त विद्वान्हरूको सान्निध्यमा गणेश, भगवान् विष्णु, लक्ष्मी र सरस्वतीको विधिपूर्वक पूजा गरी-रुद्रीको पहिलो कण्डिकाबाट यस विद्यालयमा विद्यारम्भ भयो ।

पढाउने गुरुहरूमा सबैभन्दा पहिले संस्थापक तीर्थराज आचार्य नै थिए । पछि क्रमशः अरु गुरुहरू पनि थपिँदै गए । प्रा. सोमनाथ पौडेल र कविराज दीनानाथ अधिकारीको अपूर्व सहयोग प्राप्त भयो । त्यसपछि *सामवेद* पढाउन पुरुषोत्तम ढुङ्गाना, आसनमुद्रा सिकाउन वासुदेव खनाल, *अथर्ववेद* पढाउन वैकुण्ठ खनाल, *व्याकरण* पढाउन पण्डित बुद्धिनाथ अर्याल, गणित पढाउन हरिहर भट्ट र अन्य क्रमशः दामोदर अर्याल, भक्तिराम घिमिरे, दैवदत्त कोइराला, प्रा. वाल्मीकि पौडेल, रेवतीरमण रिजालहरू नियुक्त भए । केही समय *हार्बिन* बजाउन सिकाउन प्रा. खेमराज केशवशरण पनि नियुक्त भएका थिए । धेरै पढेका छात्रहरूले पनि विभिन्न विषयमा तल्लो कक्षामा अध्यापनकार्यमा सहयोग गरे । क्रमशः छात्र संख्या पनि बढेर गयो । यो कुरा श्री ५ महेन्द्रमा पनि जाहेर भयो । यो कुरा सुनेर मौसूफ सरकारबाट पनि प्रसन्नता व्यक्त गरिबक्सियो । श्री ५ बडामहारानीको शुभजन्मोत्सवको अवसरमा वार्षिक रु. २०००।- आर्थिक सहायता बक्सियो । छात्रहरूलाई पर्वपर्वमा एकै रङ्गको कोट, दौरासुरुवाल, सेतो पटुका, सेतो उपर्ना पनि विद्यालयकै तर्फबाट दिने व्यवस्था मिलाइयो । श्री ५ को सरकारले पनि त्यसबेलाको विद्यालय (हालको हिसाबले निम्न माध्यमिक) तहको स्वीकृति दियो । त्यसपछि वार्षिक २४ सय अनुदान सहयोग पनि मिल्यो ।

जर्नेल योगविक्रम राणाजस्ता उदात्त हृदय भएका व्यक्तिहरूबाट मासिक १५।२० का दरले सहायता पनि उपलब्ध हुन थाल्यो । नपुगेको रकम आफैं (तीर्थराज) बाट पूरा गर्न लागे । गुरुहरूलाई मासिक पारिश्रमिक दिन पनि केही सुविधा भयो । यसका साथसाथै विद्यार्थीहरूलाई पुस्तककापीहरू किन्न छात्रशक्तिको अवस्था जति सकिन्छ योग्यता र उपस्थिति हेरी १५ । १० । ८ सहायता गर्ने पनि निधो भयो । यसपछि प्रचार पनि पूर्ण रूपमा हुन लाग्यो । पर्वपर्वमा हुने उत्सवमा र अन्य सवारीमा पनि यसै विद्यालयले पहेंला लुगा लगाएका एकै रूपका विद्यार्थीहरूको वेदध्वनि र शङ्खचामर आदिद्वारा माङ्गलिक सत्कार र स्वागत गर्ने सौभाग्य मिल्न लाग्यो । राजाप्रजा सबैबाट लुप्त भएको आदर्शमय वेदाध्ययनको परिपाटीको पुनर्जागरणको प्रशंसा हुन थाल्यो । साथसाथै श्री ५ महाराजाधिराज महेन्द्र सरकारको निमन्त्रणामा पाल्नुभएका श्रृङ्गेरी मठका जगद्गुरु शङ्कराचार्य अभिनवविद्यातीर्थ स्वामीको त्रिभुवन विश्वविद्यालयले गरेको स्वागतसमारोहमा यस विद्यालयका ५ जना छात्रले वेदध्वनिबाट स्वागत गरेपछि अत्यन्त प्रभावित भएका श्री शङ्कराचार्यले तीर्थराज आचार्यलाई बडागुरुज्यू खगेन्द्रराज पाण्डेका हातबाट श्री ५ महाराजाधिराजका समक्ष विशिष्ट विद्वान्लाई दिने कार्चोभ भरेको दोसल्ला ओडाउन लगाए । साथै, तीर्थराजतिर लक्ष्य गरेर श्री ५ मा विन्ती चढाए *मैले*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतभरमा गर्भाष्टममा उपनयन भएका बटुहरूले वेद पढेको सुन्न पाइन तर यहाँ पाएँ । यसलाई प्रोत्साहन दिनुपर्छ । शंकराचार्यले यो कुरालाई ३ । ४ पटक दोहोऱ्याएका थिए । शायद त्यसैको फस्वरूप हुन सक्छ तीर्थराज आचार्यलाई प्रवल गोर्खा दक्षिण बाहुको मान पदवी पनि मिल्यो । यसैलाई आदर गरी स्थायी रूपमा वेद विद्याश्रम खोल्न सल्लाह गरिबक्सियो । तदनुरूप वनकालीमा वेद विद्याश्रम बन्यो । आखिरी खुल्यो पनि । यस किसिमको विद्यालय राजधानीका अतिरिक्त जिल्लाजिल्लामा स्थापना हुनु पनि अत्यावश्यक भएको कुरा सबैतिर महसुस गरिएको छ ।

यसै वेद-वेदाङ्ग विद्यालयले गायत्री लक्ष होम पनि गरायो । श्री ५ महेन्द्रको निगाहमा शिवपुरी, नागार्जुन, मणिचूड, चन्द्रागिरी र पशुपति गरी यी पाँच ठाउँमा ११ जना छात्रहरूद्वारा रुद्रयाग गराउने सौभाग्य मिल्यो । *त्यस्ता अनकन्टार जङ्गलहरूमा ब्राह्मणहरू र कर्मचारी पीपाहरूसमेत ३०/३२ जना लिएर गई राजा, राष्ट्र एवं विश्वकै कल्याणका निमित्त यस्तो परिश्रम गऱ्यौ* भनी श्र ५ महेन्द्रबाट बराबर धन्यवाद बक्सिइरहन्थ्यो । जहाँ पनि यी छात्रहरूलाई देखेपछि तीर्थराज नगीच पुगेभने श्री ५ महेन्द्र सरकार *यिनीहरू के गर्दैछन्* भनेर हुकुम हुन्थ्यो । *तीर्थराजले राम्रो गरेका छन् भन्ने कुरा विन्ती चढाएपछि वेसै छ* भनिबक्सन्थ्यो ।

तीर्थराज आचार्यले वेद-वेदाङ्ग विद्यालयको भवनका लागि सरस्वती क्याम्पस भएको ठाउँमा जग्गा माँगे । त्यो नपाएपछि पक्नाजोल कम्पूकोतको घर मागे, त्यो पनि युवक माध्यमिक विद्यालयले उछिट्यायो । त्यसपछि सोह्रखुट्टेको ठूलो सत्तल मागे । श्री ५ बाट भवन बनाई हस्तान्तरण गरिदिनु भन्ने ठोकुवा प्रमाङ्गी बक्सियो । त्यसमा पनि तत्कालीन आई. जी. पी. ले विशेष प्रमाण जुटाएर राजाको हुकुमलाई मान्न तयार भएनन् । आखिरीमा सो ठाउँ पनि वेद-वेदाङ्ग विद्यालयले पाउन सकेन । त्यसपछि सरकारबाट गुठीको कुनै जग्गा तुरुन्त मिलाइदिनू भन्ने हुकुम प्रमाङ्गी बक्सियो । तदनुसार गुठीका अध्यक्ष बडागुरुज्यू खगेन्द्रराज र मुख्य अञ्चलाधीश सरदार विष्णुमणि आचार्य २ जना गई हेरी अढाई रोपनी जग्गा वेद-वेदाङ्ग विद्यालयका नाउँमा दर्ता गराइदिने निर्णय भए अनुसार विष्णुमती पुल नजीकै नानक मठ (बालाजु) को २ रोपनी जग्गा उपलब्ध भयो । त्यसको डेढमुरी मकै विष्णुमती नानक मठको तिरो तिर्न पर्ने रहेछ । तीर्थराजले पनि सो जग्गाको तिरो तिर्दै गए । त्यही जग्गामा जोडिएको गङ्गाबहादुरको सत्तल भत्किएर त्यसै खेर गएको रहेछ । दातासँग अनुरोध गरी जीर्णोद्धार गरेर त्यही भवनमा वेद-वेदाङ्ग विद्यालयसमेत सञ्चालन हुन लाग्यो । यसका साथसाथै भवन निर्माणका लागि तीर्थराजले धार्मिक दाताहरूको खोज गर्दै श्री ५ मा विन्ती पनि गर्न लागे । धार्मिक दाताहरूमध्ये सरदार सोमप्रसादले विद्यालयभवन अथवा छात्रावास भवनमध्ये एउटा बनाइदिने वचन दिएका थिए । श्री ५ महाराजाधिराज सरकारबाट *डिटेलमा लेखेर दिनू* भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौखिक हुकुमबक्सिएको थियो । यस्तैमा दैवको लीला अपरम्पार छ । श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकारको स्वर्गारोहण भयो । साथै नयाँ शिक्षा योजनाले पहिल्यै माध्यमिक विद्यालयलाई निम्न माध्यमिक विद्यालय बनाएको र संस्कृततर्फ निम्न माध्यमिक विद्यालयको व्यवस्थानै नभएको हुनाले र माध्यमिक विद्यालय बनाउने स्वीकृति पनि नदिएकाले उक्त वेद-वेदाङ्ग विद्यालय स्वत: खारेज भयो । त्यसपछि तीर्थराज आचार्यले विद्यालयमा भएका कतिपय सामानहरू रानीपोखरी संस्कृत माध्यमिक विद्यालयलाई बुझाए । बाँकी सामान गङ्गाघाटको भवन (बालाजु जाने बाटामा विष्णुमतीको पुल नजीकैको सत्तल) भएकाले आफ्नै रुपमा वेद, रुद्री र व्याकरण पढाउन छोडेनन् । स्व. श्री महेन्द्र सरकारबाट बक्सिएको २०००।- रुपियाँ तीर्थराज आचार्यलाई उपलब्ध भैनै रह्यो । त्यो रकम र आफ्नो परिश्रमको रुपियाँसमेत थपी चल्दै थियो । पछि वेद-वेदाङ्ग विद्यालयका नाउँमा दर्ता भएको २॥ रोपनी जग्गा पनि कुनै जालझेलबाट दोहोऱ्याएर हुकुमप्रमाङ्गी गराई फिर्ता लिने प्रयास गरे । त्यसपछि तीर्थराजले पनि यो अभियान छोडे । आफ्नै आश्रममा वेद-वेदाङ्गको पढाइ चलाउँदै रहे र अहिलेसम्म पनि चलाउँदै छन् ।

अग्निहोत्रको प्रारम्भ

तीर्थराज आचार्यलाई धर्मशास्त्र पढ्न शुरुगरे देखिनै-***योऽग्नि वेद समन्वितः अग्नि र वेद दुवै भएको ब्राह्मण सच्चा ब्राह्मण हुन्छ*** भन्ने वचनले सधैं घच्घच्चाइरहन्थ्यो । वस्तुत:उनको आर्तनाद सुनेर परमेश्वरको कृपा प्राप्त भई उनलाई बालकालदेखिनै वेदको सेवा गर्ने अवसर मिलेको थियो । काठमाडौंजस्तो ठाउँमा पनि वैदिक क्रान्ति गरी वेद-वेदाङ्ग विद्यालय खोलेको हुनाले उनले वेदको सेवा गर्ने सौभाग्य पाए । अब अग्निको सेवा कसरी गर्ने भन्ने धार्मिक चिन्ता भैरहन्थ्यो । परमेश्वरीय प्रेरणाले २०२५ साल आश्विन महिनामा धेरै समयको प्रबल इच्छानुसार सोह्रौं दिन पार्वण श्राद्ध गर्ने निर्णय गरी ५ जना छात्रलाई घरैमा राखेर २ जना विश्वदेव ब्राह्मण, २ जना पितृ ब्राह्मण र १ जना भूस्वामी ब्राह्मण बनाई भाद्र शुक्ल पूर्णिमामा - लेप भागी ३ पुस्ताका पितृ वृद्ध प्रपितामह -वृद्धतर प्रपितामह-वृद्धतम प्रपितामहहरूको महालय श्राद्धसमेत गरी प्रतिपदादेखि औंसीसम्म प्रतिदिन श्राद्ध गर्दै थिए । हिजोआज महालय श्राद्ध एकै दिनमा सिध्याउने प्रचलन छ , तर यो कुरा ठीक होइन । वस्तुतः कुरा के हो भने महालय श्राद्ध सोह्रैदिन गर्नुपर्छ । तीर्थराज आचार्यले वेद-वेदाङ्ग विद्यालयका छात्रहरूलाई सोह्रश्राद्ध भरिनै आफ्नै घरमा राखेका थिए । यी पाँच जना विद्यार्थीहरू निम्न थिए-

१. केशव लम्साल
२. नरोत्तम भण्डारी
३. शङ्कर धिताल
४. विष्णुप्रसाद पौडेल र ,
५. गोकर्णराज लामिछाने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अग्निहोत्रशाला, ठमेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही श्राद्धका लागि खगौताको आवश्यकता परी तीर्थराज आचार्यले श्री ५ महेन्द्र सरकारमा विन्ती चढाएका थिए । मौसूफबाट जनरल रङ्गविक्रममार्फत सानो खाले खगौतो बक्सियो । तीर्थराज त्यही खगौतोले पितृहरूलाई तृप्ति गराउँदै थिए । एकादशीका दिन बिहान उनी पाञ्चायन पूजा गरी रुद्री गर्दै थिए । त्यो बेला उनकी धर्मपत्नी राजेश्वरी भगवान् राधाकृष्णको पूजा गर्दै थिइन् । पितृहरूको सेवा गरिरहेको बेलामा रुद्री पूजा गर्न लगाउनु पर्ने हो तापनि तीर्थराजलाई बढी प्रेरणा प्राप्त भएको हुँदा आफैले गर्न लागेका थिए । त्यसैबेला उनी रुद्रीको ***नमकाध्याय*** पाठ गर्दै थिए । उनले अकस्मात्-***अब अग्नि होत्र लिनुपर्छ*** भनेजस्तो आकाशवाणी सुने । त्यसपछि उनी छक्क परे । तीर्थराजका मनमा अनेकौं कुरा खेल्न थाले । श्राद्ध सकियो । त्यो कुरा जस्ताको तस्तै तीर्थराजले श्री ५ महेन्द्रमा विन्ती चढाए । ***अग्निहोत्रका लागि यज्ञपात्र वनारसमा बनाउन लगाउनु पर्छ । त्यसका निम्ति ५०० ।- भारु पाऊँ*** भनी विन्ती चढाए । श्री ५ महेन्द्रबाट तुरुन्तै निगाह भयो । सोही वर्षको माघ महिनामा शरच्चन्द्र आचार्यलाई लिएर तीर्थराज बनारस गए । उहाँबाट इष्टिका पात्र लिएर आएपछि उनले आफ्नो कामको सबै विवरण श्री ५ महेन्द्र सरकारमा विन्ती पनि चढाए ।

स्मार्ताधानलाई -पारस्कर गृह सूत्रमा ***आवसथ्या (स्मार्ता) धानं दारकाले (विवाहे) दायाद्य काले वा*** भनेर लेखिएको पाइन्छ ।

श्रौताधानलाई-श्रुतिमा- ***जातपुत्रः कृष्णाकेशाडाग्नीनादधीत*** भनेर दुई समय बताइएको छ । स्मार्त अग्निहोत्र विवाहको समयमा वा अंशवण्डा भएका बेलामा लिनुपर्ने विधान हुनाले र ती दुवै बेलामा लिन नसकिएको हुनाले त्यो बीचमा होमगर्दा लाग्ने चामल, घ्यू दान गरी प्रायश्चित्त गरेर अग्निहोत्र लिनुपर्ने कुरा शास्त्रमा लेखिएको छ । त्यसैले सबैभन्दा पहिले यस कार्यका लागि प्रायश्चित्त गर्ने विचार गरी वर्षदिनभरि विभिन्न थरी प्रायश्चित गरे । अग्निहोत्र लिनका निम्ति पनि तीर्थराजले श्री ५ महेन्द्रमा विन्ती चढाए । मौसूफ सरकारबाट रु नौ हजार नेपाली रुपियाँ बक्सियो । २०२७ सालको वैशाखमा स्मार्ताधान र त्यसै सालको चैत्रमा श्रौताधान गरे । स्मार्ताधानमा निर्देशक गुरु ऋषिशंकर दीक्षित सोमयाजी र अरणी दिने गुरु दामोदर भट्टराई बनाई आधान गरे । श्रौताधानमा अग्निहोत्री महायाज्ञिक-सम्पूर्णनन्द विश्वविद्यालय वाराणसीका वेद विभागाध्यक्ष ज्ञानवयोवृद्ध अग्निहोत्री श्री भगतप्रसाद मिश्रजीद्वारा आराधना गरेर अग्निलाई शास्त्रीय विधिअनुसार ***अयं ते योनिऋत्वियो व्योम*** द्वारा अरणीमा आरोप गरी काठमाडौं आएर विधिवत् मन्थन गरी तीर्थराज आचार्यले पाँचै अग्निको परिचर्या शुरु गरे ।

अग्निहोत्रमा स्मार्ताग्नि (आवसथ्याग्नि) को १ कुण्ड हुन्छ । श्रौताग्निका ३ कुण्ड हुन्छन् । १. आहवनीय २.गार्हपत्य ३. दक्षिणाग्नि गरी ३ कुण्ड हुन्छन् । यी ३ अग्निमा र स्मार्ताग्निमा सायंप्रातः होम अनिवार्य हुन्छ । यजमान पतिपत्नी दुवै जुठोसूतकमा पनि यी होममा शुद्ध हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी तीन श्रौताग्नि लिएपछि सभ्याग्नि पनि लिनुपर्छ । त्यो अग्निमा होम गर्नु पर्दैन । विद्यार्थीलाई वेद पढाउँदा र सभा गर्दा विशेष रूपले बाल्नुपर्छ । अघिपछि सायंप्रात: होममा साक्षीरूपमा वालिराख्नु पर्छ । १५ दिनसम्म सायंप्रात: होम गरेपछि पूर्णाहुतिका रूपमा प्रत्येक प्रतिपदाका दिन औंसीका भोलिपल्ट दर्शेष्टि (वा दर्श याग) र पूर्णिमाका भोलिपल्ट पूर्णमासेष्टि वा पूर्णमास याग हुन्छ ।

आवसथ्याग्निमा प्रत्येक प्रतिपदामा दार्शिक स्थालीपाक होम र पौर्णमासिक स्थालीपाक होम गर्नुपर्छ । ***यवै र्वा व्रीहिभिर्वा यजेत*** यो श्रुति अनुसार व्यवस्थित विकल्प मानेर जौ आएपछि वैशाख शुक्लपक्षमा (अक्षय तृतीया आदि पुण्य तिथिमा) जौको पीठाले आग्रयणेष्टि गरी त्यहाँदेखि ६ महिनासम्म जौले र कार्तिक शुक्लपक्षमा धान आएपछि फेरि आग्रयणेष्टि गरी ६ महिनासम्म चामलले होम गर्ने विधान छ । यहाँसम्मका कर्महरू तीर्थराज आचार्यबाट विधिपूर्वक सम्पन्न भैरहेका छन् । यसपछि गर्नुपर्ने चातुर्मास्य याग र निरुढ पशुबन्ध तथा अग्निष्टोम (सोमयाग)गर्ने उनमा तीव्र आकाङ्क्षा छ । ३० हजारजति खर्च गरी यज्ञपात्रहरू र कतिपय विशेष सामानहरू पनि वनारसबाट उनले ल्याइसकेका छन् । यो यज्ञ सम्पादन गर्न काशी-नाशिकर दक्षिणभारतबाट ऋत्विक ल्याउनु पर्छ । अहिलेको हिसावबाट पनि ३ लाख जति लाग्ने देखिन्छ तैपनि यस पुनीत कार्यमा तीर्थराजको उत्साह तीव्र भैरहेको छ ।

१५ । १५ दिनमा गरिने-इष्टि वा याग नामको यज्ञमा (यज् धातुबाट क्तिन् प्रत्यय भएर इष्टि र घञ् प्रत्यय भएर याग शब्द बन्छन् । दुइटैको अर्थ एउटै हो । प्रारम्भदेखिनै ४ जना ऋत्विकको वरण गर्नुपर्छ । ऋत्विकको नाम हुन्छ मर्यादा क्रमले- १. ब्रह्मा (स्मार्त यज्ञको आचार्य जस्तो, जसको आज्ञाविना कुनै काम हुँदैन) २. होता मन्त्र पढ्ने । ३. अध्वर्यु- सवै यज्ञ सञ्चालन गर्ने । ४. ***आग्नीध्र*** अग्नि जगाउने र आहुति दिने बेलामा अध्वर्युले ***ॐ ३ श्रावय*** भनेपछि ***अस्तु श्रौषट्*** भनेर अनुज्ञा दिने । इत्यादि ।

चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पञ्चभिरेव च ।

हूयते च पुनर्द्वाभ्यां समे विष्णुः प्रसीदतु को अर्थ यहींबाट थाहा हुन्छ । आहुति दिने बेलामा अध्वर्युले उच्चस्वरले ***ओं ३ श्रावय*** यी चार अक्षर उच्चारण गर्छ । त्यसपछि आग्निध्रले-***अस्तु श्रौषट्*** उच्चस्वरले भन्छ । त्यसपछि फेरि अध्वर्युले ***यज*** भन्छ । त्यसपछि होताले मन्त्रको आदिमा ***ये यजामहे*** भनेर पछि ***वौषट्*** भन्छ । अनि त्यो आहुति अग्निमा प्रक्षेप गरिन्छ । अर्थात्-***चतुर्भिः ओं ३ श्रावय । चतुर्भिः अस्तु श्रौ ३ षट् । द्वाभ्याम्-यज । पञ्चभिः येजामहे । पुनर्द्वाभ्याम्-वौषट्*** । यसरी हवन गरिने भगवान् विष्णु प्रसन्न होऊन् भन्ने अभिप्राय हो ।

तीर्थराज आचार्यले अग्निहोत्र लिनमा अदृष्ट बलको विश्वासमा उनको धारणामा उनैकी द्वितीय धर्मपत्नी राजेश्वरी देवी (जुन अग्निहोत्रकार्यमा सहधर्मिणी छन्) यिनका पितृकुलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सपत्नीक अग्निहोत्री

(क) तीर्थराज आचार्य (ख) राजेश्वरीदेवी आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज़ीवनपुरेँका गौतमहरूले वीसौं पुस्ता अघिदेखि वनारसमा सम्पर्क राखी शास्त्रीय विधिअनुसार अखण्ड रूपमा अग्निहोत्र लिएर आएको परम्परा अद्यावधि चल्दै छ । हाल यिनैका माहिला पितामह-चन्द्रशेखरका नाति गणेश गौतमले चलाइरहेका छन् । यो अग्निहोत्र सञ्चालन गर्नलाई मकवानपुरे राजाले गौतमवंशीय सच्चरित्र व्यक्तिले अखण्ड यज्ञ सञ्चालन गरून् भनेर जमीन दान गरेका हुनाले सो जमीनबाट आएको आयस्ताबाट सञ्चालन गर्न सुविधा भैरहेकाले यज्ञको अखण्डता कायमै छ ।

यही परम्परामा कुलचन्द्र गौतमका दाजु हरिश्चन्द्र गौतमले ४२ वर्ष अग्निहोत्र गरेका थिए । उनको अग्निहोत्र ज्यादै शास्त्रीय हुनाले पण्डितराज सोमनाथ बराबर भन्ने गर्थे- ***हरिश्चन्द्रकोजस्तो अग्निहोत्र कसले गर्न सक्छ ?*** उनकै कान्छा छोरा कल्पचन्द्र गौतमकी सुपुत्री तीर्थराजकी धर्मपत्नी हुनाले बाजेको अंश आएको रहेछ कि भन्ने उनले संझेका छन् । आचार्य वंशपरम्परामा अग्निहोत्र गर्ने व्यक्ति अहिलेसम्म थाहाभए अनुसार तीर्थराज आचार्य नै हुन् ।

☆ ☆

सामग्री भाग

१ तनहुँको वेदाश्रममा अध्ययन गरेका विद्यार्थी

सर्वप्रथम स्थापनाकाल ताकाका ५ जना विद्यार्थी पूर्णचन्द्र, रामचन्द्र, दामोदर, रमानाथ र गिरिराज हुन् ।

१. इन्द्रविलास आचार्य - आयुर्वेदाचार्य, कविराज, प्रा. वि. राम ३ ।

२. खगराज पौडेल - परीक्षा नदिएको, पौरोहित्य र किसानी ।

३. गिरिराज आचार्य - (तीर्थराज आचार्यका भाई) वेदमा सम्पूर्णमध्यमा उत्तीर्ण । आफैंले पढेको विद्यालयमा प्रधानाध्यापक भई काम गरेका ।

४. दामोदर पौडेल - सानै उमेरमा दिवङ्गत ।

५. दिवाकर आचार्य - पौरोहित्य र किसानी ।

६. पशुपति आचार्य - साहित्य शास्त्री, उप-सचिव ।

७. पूर्णचन्द्र - मीमांसाचार्यको १ खण्ड बाँकी, उप-सचिव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८.	भैरवराम पौडेल	-	पौरोहित्य र अध्यापन ।
९.	रमानाथ आचार्य	-	वेदान्ताचार्यको प्रथम वर्षसम्म अध्ययन गरेको । ना. सु. थिए । त्यो छोडेर चितौनको जुटपानीमा पुरानो जमीनदारी प्रथा कायम गरी बसेका ।
१०.	रामचन्द्र पौडेल	-	वेदान्ताचार्य (काशीमा शास्त्री परीक्षामा सर्वप्रथम भई स्वर्णपदक प्राप्त गरेको हाल आपूर्ति-सचिव ।
११.	शोभाकर आचार्य	-	मध्यमासम्मको पढाइ, पौरोहित्य ।
१२.	सत्यदेव आचार्य	-	साहित्यमा आचार्यसम्म अध्ययन गरेका, त्रिभुवन विश्वविद्यालयको बुलेटिनको वैतनिक सम्पादक । सगरमाथा पत्रिका निजी- को सम्पादक । निजी, स्वतन्त्र प्रेस खोलेर राम्रो व्यवसाय गरिरहेका ।

पछिल्लो समूहमा

१३.	उमाभद्र शर्मा खनाल	-	पूर्वमध्यमासम्म, भू. पू. रा. पं. सदस्य ।
१४.	कृष्णचन्द्र पौडेल	-	पूर्वमध्यमा , कृषि विशेषज्ञ, कृषि विभाग, रा.प. २ ।
१५.	गोपीनाथ आचार्य	-	पूर्वमध्यमा, शिक्षक ।
१६.	गौरीनाथ ढकाल "उपमन्यू"	-	मीमांसमा आचार्यसम्मको अध्ययन नेपालीमा एम. ए., उप-प्राध्यापक।
१७.	जनकराज आचार्य	-	सम्पूर्णमध्यमा, शिक्षक ।
१८.	जयराज आचार्य (डा)	-	व्याकरणाचार्य, अंग्रेजीमा एम.ए. (दुवै विषयमा प्रथम श्रेणीमा प्रथम) फुल ब्राइट छात्रवृत्ति अन्तर्गत अमेरिकाको जर्ज वाशिङ्टन विश्वविद्यालयबाट एम.एस. र भाषा विज्ञानमा पी.एच.डी., हाल-संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधि ।
१९.	दुर्गाभक्त ढकाल	-	वेदाचार्य, नेपालीमा एम. ए.,उप-प्राध्यापक ।
२०.	धर्मदत्त आचार्य	-	प्रथम परीक्षा पास, खरिदार ।
२१.	नरहरि आचार्य	-	(परिचय : उमानाथ आचार्यको लेखमा)
२२.	नारायणदत्त शास्त्री	-	साहित्य शास्त्री, जि. शि. अ. ।
२३.	प्रयागदत्त आचार्य	-	प्रथम परीक्षा पास, खरिदार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नमस्ते गार्हपत्याय नमस्ते दक्षिणाग्नये ।
नम आहवनीयाय महावेद्यै नमोनम: ।



नम: सभ्यावसथ्याभ्यां नमस्ते यज्ञमूर्तये ॥
श्रद्धां मेधां यश: प्रज्ञां विद्यां पुष्टिं श्रियं बलम् । तेजआयुष्यमारोग्यं देहि मे हव्यावाहन ।

अग्निहोत्र शालाको स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. भरतराज पौडेल	-	मीमांसमा आचार्यसम्मको अध्ययन शाखा अधिकृत, हुलाक सेवा विभाग, गृह मन्त्रालय (हाल) ।
२५. भाग्यशाली आचार्य	-	साहित्य शास्त्री, नेपालीमा एम.ए., नायब सुब्बा, शिक्षा मन्त्रालाय ।
२६. मधुविलास आचार्य	-	पूर्वमध्यमासम्म, इन्जीनीयर ।
२७. मणिभद्र शर्मा	-	साहित्याचार्य, उप-सचिव ।
२८. रामप्रसाद आचार्य	-	आयुर्वेदाचार्य, कविराज ।
२९. लक्ष्मीनाथ आचार्य	-	वेदमा शास्त्री निरीक्षक रा. प. ३ ।
३०. लक्ष्मीराज आचार्य	-	पूर्वमध्यमा, शिक्षक ।
३१. विश्वनाथ आचार्य	-	(अर्का) पूर्वमध्यमा, आइ. ए., प्रधानाध्यापक ।
३२. विश्वराज आचार्य	-	वेदाचार्य, नेपालीमा एम. ए., उप-प्राध्यापक ।
३३. विश्वनाथ ढकाल	-	वेदमा शास्त्री, नेपालीमा एम. ए., पहिले राम्रा राम्रा कविता लेख्ने गरेका र हाल चाहिं छोडेको । डोल्पा जिल्लासम्बन्धी एक पुस्तक प्रकाशित, उप-सचिव, पुरातत्त्व विभाग
३४. विश्वनाथ आचार्य	-	मीमांसा शास्त्री, अध्यापक, वन्दीपुर ।
३५. विष्णु आचार्य	-	साहित्य शास्त्री, माध्यमिक विद्यालय अध्यापक ।
३६. विष्णुप्रसाद आचार्य	-	पूर्वमध्यमासम्म, खरिदार ।
३७. व्रतराज आचार्य	-	वेदमा आचार्यसम्मको अध्ययन, नेपालीमा एम. ए. (प्रथम श्रेणी) उप-प्राध्यापक ।
३८. शिवराज आचार्य	-	पी. एच. डी., वेदान्त साहित्याचार्य, एम. ए., आयुर्वेद शास्त्री, सह-प्राध्यापक (चान्सलर पदक २ पटक प्राप्त), संस्कृतका धुरन्धर विद्वान् । डि.लिट्. २०४९
३९. श्रीभक्त आचार्य	-	साहित्य शास्त्रीं, नेपाली एम. ए., पत्रकार ।
४०. साम्बराज आचार्य,	-	ज्योतिषमा आचार्य (प्रथम श्रेणीमा प्रथम) (चान्सलर पदक प्राप्त) आई.ए., सह-प्राध्यापक, ज्योतिषका ठूला विद्वान् ।
४१. डा.हरिनाथ आचार्य	-	नव्यन्याय शास्त्री (द्वितीय वर्ष), एम.वी. सी. एम., द्वितीय श्रेणीका डाक्टर केरला ।
४२. हरिनाथ आचार्य	-	आयुर्वेदाचार्य, कविराज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. वेद-वेदाङ्ग विद्यालय (ठमेल) का गुरु वर्ग

(अ) २०२२ श्रावण

१. श्री तीर्थराज आचार्य
२. सोमनाथ पौडेल
३. वैकुण्ठनाथ खनाल
४. देवीप्रसाद रिमाल
५. खेमराज उपाध्याय दाहाल
६. स्वामी ईश्वरानन्दजी महाराज
७. पुरुषोत्तम ढुङ्गाना
८. शेषराज आचार्य
९. दामोदर चालिसे
१०. रामप्रसाद आचार्य

(आ) २०२३ कार्तिक

१. श्री तीर्थराज आचार्य
२. दीनानाथ अधिकारी
३. सोमनाथ पौडेल
४. खेमराज उपाध्याय
५. वैकुण्ठनाथ खनाल
६. देवीप्रसाद रिमाल
७. वासुदेव खनाल
८. राधानाथ लोहनी
९. मुक्तिनाथ ढुङ्गेल
१०. नरराज ढकाल
११. विजयराज आचार्य

(इ) २०२४ श्रावण

१. तीर्थराज आचार्य
२. वुद्धिनाथ अर्याल
३. दीनानाथ अधिकारी
४. सोमनाथ पौडेल
५. वैकुण्ठनाथ खनाल
६. खेमराज उपाध्याय
७. देवीप्रसाद रिमाल
८. दामोदर अर्याल
९ भरतराज पन्त
१०. पुरुषोत्तम ढुङ्गाना
११. रामप्रसाद सुवेदी
१२. विजयराज आचार्य
१३. नरराज ढकाल
१४. वासुदेव खनाल
१५. जुनानाथ पण्डित

(ई) २०२५ श्रावण

१. श्री तीर्थराज आचार्य
२. वुद्धिनाथ अर्याल
३. दीनानाथ अधिकारी
४. श्यामलाल घिमिरे
५. भरतराज पन्त
६. सोमनाथ पौडेल
७. विष्णुप्रसाद ढुङ्गाना
८. वैकुण्ठनाथ खनाल
९. खेमराज उपाध्याय
१०. ऋषिराम पोखेल
११. महेश्वर शर्मा पोखरेल
१२. देवीप्रसाद रिमाल
१३. जुनानाथ पण्डित
१४. जरराज ढकाल
१५. वासुदेव खनाल
१६. दामोदर आर्याल

(उ) २०२६ भाद्र

१. तीर्थराज आचार्य
२. दीनानाथ अधिकारी
३. वाल्मीकि पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. तीर्थराज आचार्य
जन्म : वि.सं. १९७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. दामोदर अर्याल
५. केशवराज आचार्य
६. लक्ष्मीप्रसाद पौडेल
७. विजयराज आचार्य
८. वैकुण्ठनाथ खनाल
९. भरतराज पन्त
१०. पुरुषोत्तम ढुङ्गाना
११. हरिहर भट्ट
१२. देवीप्रसाद रिमाल
१३. जुनानाथ पण्डित
१४. सोमनाथ पौडेल
१५. खेमराज उपाध्याय
१६. नरराज ढकाल
१७. वासुदेव खनाल

सहायक शिक्षक

१. श्री शम्भुप्रसाद रिमाल

(ऊ) २०२६ फागुन

१. श्री तीर्थराज आचार्य
२. वाल्मीकि पौडेल
३. दामोदर अर्याल
४. हरिहर भट्ट
५. भक्तिराम घिमिरे
६. वैकुण्ठनाथ खनाल
७. पुरुषोत्तम ढुङ्गाना
८. केशवराज आचार्य
९. जुनानाथ पण्डित
१०. सोमनाथ पौडेल
११. खेमराज उपाध्याय
१२. देवीप्रसाद रिमाल
१३. नरराज ढकाल
१४. वासुदेव खनाल
१५. वैकुण्ठनाथ खनाल

(ऋ) सहायक शिक्षक:-

१. शम्भुप्रसाद रिमाल
२. शरच्चन्द्र आचार्य

(ॠ)२०२७ श्रावण

१. तीर्थराज आचार्य
२. वाल्मीकि पौडेल
३. दामोदर अर्याल
४. इन्दुनाथ प्याकुरेल
५. भक्तिराम घिमिरे
६. वैकुण्ठनाथ खनाल
७. पुरुषोत्तम ढुङ्गाना
८. डमरुवल्लभ पौडेल
९. हरिहरभट्ट
१०. वासुदेव खनाल
११. भरतराज पन्त
१२. देवीप्रसाद रिमाल
१३. सोमनाथ पौडेल
१४. जुनानाथ पण्डित
१५. खेमराज केशवशरण

(लृ) २०२८ श्रावणमासे

१. तीर्थराज आचार्य
२. वाल्मीकि पौडेल
३. दामोदर अर्याल
४. इन्दुनाथ प्याकुरेल
५. केशवराज आचार्य
६. उपेन्द्रराज प्रेमी

(लृ) सहायक शिक्षक

१. शम्भुप्रसाद रिमाल
२. शरच्चन्द्र अचार्य
३. विष्णुप्रसाद अधिकारी

(ए) २०२९ जेठ

१. तीर्थराज आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. वाल्मीकि पौडेल
३. दामोदर अर्याल
४. भक्तिराम घिमिरे
५. हरिहर शर्मा भट्ट
६. इन्दुनाथ प्याकुरेल
७. दैवदत्त कोइराला
८. देवीरमण रिजाल
९. शरच्चन्द्र आचार्य
१०. जनार्दन खनाल
११. मोहन तिमल्सिना

(ऐ) २०३१ वैशाख

१. तीर्थराज आचार्य
२. वाल्मीकि पौडेल
३. सोमनाथ पौडेल
४. देवीरमण रिजाल
५. भक्तिराम घिमिरे
६. शरच्चन्द्र आचार्य
७. शम्भुप्रसाद रिमाल
८. श्यामलाल घिमिरे

(ओ) सहायक शिक्षक

१. कृष्णचन्द्र आचार्य
२. ज्ञानचन्द्र आचार्य
३. ओमप्रसाद ढकाल

(औ)२०३३ असार दिवा

१. तीर्थराज आचार्य
२. वाल्मीकि पौडेल
३. सोमनाथ पौडेल
४. देवीरमण रिजाल
५. भक्तिराम घिमिरे
६. शरच्चन्द्र आचार्य

(अं) सहायक शिक्षक

१. उपेन्द्रप्रसाद ढुङ्गाना
२. ज्ञानचन्द्र आचार्य
३. ओमप्रसाद ढकाल

(अः) प्रातः

१. तीर्थराज आचार्य
२. कृष्णचन्द्र आचार्य
३. ज्ञानचन्द्र आचार्य
४. कृष्णदेवं भट्टराई
५. शरच्चन्द्र आचार्य

(क) २०३४ वैशाख

१. तीर्थराज आचार्य
२. देवीरमण रिजाल
३. शरच्चन्द्र आचार्य
४. ओमप्रसाद ढकाल
५. ज्ञानचन्द्र आचार्य

३. वेद-वेदाङ्ग विद्यालय (ठमेल) का विद्यार्थीवर्ग

(ख) २०२२ भाद्र

१. श्री शरच्चन्द्र आचार्य
२. केशवराज लम्साल
३. केशववल्लभ पन्त
४. रामहरि भण्डारी
५. केशवप्रसाद सापकोटा
६. शम्भुप्रसाद रिमाल
७. गोविन्दप्रसाद भट्टराई
८. प्रभाकर भट्टराई
९. नरोत्तम भट्टराई
१०. ब्यासजी शर्मा पौडेल
११. सतीशचन्द्र तिवारी
१२. रन्तिदेव अधिकारी
१३. बलराम रिमाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तनहुँमा स्थापित हालको संस्कृत माध्यमिक विद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. उद्धवप्रसाद भट्टराई
१५. हर्षदेव भट्टराई
१६. गणेशप्रसाद पौडेल
१७. केशवप्रसाद खनाल
१८. रविप्रसाद खनाल
१९. बालकृष्ण सापकोटा
२०. उपेन्द्रप्रसाद ढुङ्गाना
२१. श्रीधरदेव भट्टराई
२२. गोपालकृष्ण पौडेल
२३. मुकुन्दप्रसाद गौतम
२४. लक्ष्मीप्रसाद पौडेल
२५. माधवप्रसाद ढोडारी
२६. पद्मप्रसाद आचार्य
२७. जयराज आचार्य

(ग) अभ्यासकक्षा

१. योगनाथ पौडेल
२. विष्णुप्रसाद चालिसे
३. कृष्णचन्द्र आचार्य
४. माधवप्रसाद सुवेदी
५. मिथिलाप्रसाद रुपाखेती
६. रामकृष्ण लामिछाने
७. माधवप्रसाद वासकोटा
८. राजवल्लभ पन्त

(घ) शनिवार कक्षा

१. दामोदर चालिसे
२. इन्द्रविलास आचार्य
३. रमानाथ पौडेल
४. रामप्रसाद आचार्य
५. नारायणदत्त खनाल
६. गणेशप्रसाद पौडेल
७. कृष्णदेव भट्टराई
८. शेषराज आचार्य
९. पुरुषोत्तम पन्त
१०. सुभाषचन्द्र तिवारी
११. रामहरि भट्टराई
१२. बालकृष्ण वासकोटा
१३. टंकनाथ रिमाल

(ङ) २०२३ वैशाख

१. शरच्चन्द्र आचार्य
२. केशवराज लम्साल
३. केशववल्लभ पन्त
४. रामहरि भण्डारी
५. शम्भुप्रसाद रिमाल
६. गोविन्दप्रसाद भट्टराई
७. प्रभाकर भट्टराई
८. नरोत्तम भण्डारी
९. रविप्रसाद खनाल
१०. टीकाराम पौडेल
११. रन्तिदेव अधिकारी
१२. उद्धवप्रसाद भट्टराई
१३. बलराम रिमाल
१४. लक्ष्मीप्रसाद पौडेल
१५. चन्द्रप्रसाद भण्डारी
१६. मुरारिप्रसाद ढुङ्गाना
१७. विष्णुप्रसाद ढुङ्गाना
१८. रुद्रप्रसाद सापकोटा
१९. रामप्रसाद सिग्द्याल
२०. योगनाथ पौडेल
२१. विष्णुप्रसाद चालिसे
२२. माधवप्रसाद सुवेदी
२३. रामकृष्ण लामिछाने
२४. मुकुन्दप्रसाद रेग्मी
२५. रामकुमार गौतम
२६. जनार्दन खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७. मधवप्रसाद वासकोटा
२८. नारायणप्रसाद गौतम
२९. कृष्णचन्द्र आचार्य
३०. मोहनप्रसाद पौडेल
३१. ज्ञानचन्द्र आचार्य
३२. शंकरप्रसाद धिताल
३३. भूपहरि पौडेल (११ वर्षीय)

(च) २४ गतेदेखि २०२३ ज्येष्ठ

१. शरच्चन्द्र आचार्य
२. केशवराज लम्साल
३. केशववल्लभ पन्त
४. रामहरि भण्डारी
५. शम्भुप्रसाद रिमाल
६. गोविन्दप्रसाद भट्टराई
७. प्रभाकर भट्टराई
८. नरोत्तम भण्डारी
९. रविप्रसाद खनाल
१०. टीकाराम पौडेल
११. रन्तिदेव अधिकारी
१२. चन्द्रप्रसाद भण्डारी
१३. मुरारिप्रसाद ढुङ्गाना
१४. वासुप्रसाद ढुङ्गाना
१५. विष्णुप्रसाद ढुङ्गाना
१६. योगनाथ पौडेल
१७. विष्णुप्रसाद चालिसे
१८. माधवप्रसाद सुवेदी
१९. रामकृष्ण लामिछाने
२०. मुकुन्द रेग्मी
२१. रामकुमार गौतम
२२. जनार्दन खनाल
२३. नारायणप्रसाद गौतम
२४. माधवप्रसाद वासकोटा
२५. मोहनप्रसाद पौडेल
२६. भूपहरि पौडेल
२७. शंकारप्रसाद धिताल
२८. उद्धव भट्टराई
२९. बलराम रिमाल
३०. लक्ष्मीप्रसाद पौडेल
३१. कृष्णचन्द्र आचार्य
३२. ज्ञानचन्द्र आचार्य
३३. हरिवंश आचार्य
(१ गतेदेखि उपस्थित)

(छ) शनिवासरीय कक्षा

१. पुरुषोत्तम पन्त

(ज) २०२४ ज्येष्ठ

१. शरच्चन्द्र आचार्य
२. केशवराज लम्साल
३. केशववल्लभ पन्त
४ रामहरि भण्डारी
५. शम्भुप्रसाद रिमाल
६. प्रभाकर भट्टराई
७. नरोत्तम भण्डारी
८. रविप्रसाद खनाल
९. रन्तिदेव अधिकारी
१०. चन्द्रप्रसाद भण्डारी
११. योगनाथ पौडेल
१२. विष्णुप्रसाद चालिसे
१३. माधवप्रसाद सुवेदी
१४. रामकृष्ण लामिछाने
१५. मुकुन्दप्रसाद रेग्मी
१६. भूपहरि पौडेल
१७. शंकरप्रसाद धिताल
१८. हरिवंश आचार्य
१९. कृष्णचन्द्र आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. जनार्दन खनाल
२१. नारायणप्रसाद गौतम
२२. माधवराज रेग्मी
२३. कृष्णप्रसाद अर्याल
२४. गोकर्णराज लामिछाने
२५. ज्ञानचन्द्र आचार्य
२६. कृष्णप्रसाद खतिवडा
२७. वैकुण्ठनाथ पौडेल
२८. रामप्रसाद आचार्य
२९. हरप्रसाद भट्टराई
३०. शंम्भुप्रसाद भट्टराई
३१. माधवप्रसाद वासकोटा
३२. कोमलप्रसाद सुवेदी
३३. सुरेशप्रसाद खकुरेल
३४. रामप्रसाद सुवेदी
३५. राजेन्द्रप्रसाद घिमिरे
३६. विनोदराज सुवेदी
३७. उपेन्द्रप्रसाद अर्याल
३८. प्रमोदराज पण्डित
३९. अर्जुनप्रसाद गौतम
४०. भक्तिप्रसाद खनाल
४१. बद्रीप्रसाद सुवेदी
४२. कृष्णप्रसाद खनाल
४३. यादवप्रसाद आचार्य
४४. शंकरप्रसाद सुवेदी
४५. जयहरि दवाडी
४६. कृष्णप्रसाद मिश्र
४७. जनक राज द्विवेदी
४८. कृष्णप्रसाद भट्टराई
४९. विष्णुप्रसाद सुवेदी
५०. विदुरप्रसाद घिमिरे
५१. उत्तमप्रसाद घिमिरे
५२. कृष्णप्रसाद लामिछाने

(झ) २०२६ फागुन

१. शरच्चन्द्र आचार्य
२. कृष्णचन्द्र आचार्य
३. ज्ञानचन्द्र आचार्य
४. योगनाथ पौडेल
५. कृष्णप्रसाद खनाल
६. पुरुषोत्तम् धिताल
७. विष्णुप्रसाद अधिकारी
८. कृष्णप्रसाद खतिवडा
९. जनार्दन खनाल
१०. वासुदेव अधिकारी
११. उपेन्द्रप्रसाद अर्याल
१२. रामकृष्ण अर्याल
१३. तेजप्रसाद दाहाल
१४. शम्भुप्रसाद रिमाल
१५. माधवप्रसाद रेग्मी
१६. दिवाकर खनाल
१७. भास्कर खनाल
१८. केशवराज लम्साल
१९. माधवप्रसाद अर्याल
२०. माधवप्रसाद धिताल
२१. विश्वनाथ कोइराला
२२. वासुदेव अर्याल
२३. दिव्यचन्द्र आचार्य
२४. वैकुण्ठनाथ पौडेल
२५. केशवप्रसाद धिताल
२६. राजेन्द्रप्रसाद पौडेल
२७. कृष्णप्रसाद मिश्र
२८. चक्रपाणि अर्याल
२९. सुवर्णराज लम्साल
३०. अर्जुनप्रसाद खतिवडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१. राजेन्द्रप्रसाद गौतम
३२. कृष्णप्रसाद रेग्मी
३३. रामप्रसाद भण्डारी
३४. गोरुनाथ लम्साल
३५. उत्तमप्रसाद धिताल
३६. विष्णुप्रसाद पौडेल
३७. कृष्णप्रसाद खनाल
३८. हरिप्रसाद धिताल
३९. गोविन्दप्रसाद धिताल
४०. गोकुलप्रसाद सापकोटा
४१. गोविन्दहरि अर्याल
४२. उद्धवप्रसाद पराजुली
४३. नरहरि गुरागाइँ
४४. नरोत्तम भण्डारी
४५. रन्तिदेव अधिकारी
४६. गोविन्दप्रसाद भट्टराई
४७. कृष्णप्रसाद पोखेल
४८. अमृतमणि आचार्य
४९. रामचन्द्र पौडेल
५०. गोरुनाथ लंसाल
५१. उत्तमप्रसाद धिताल
५२. विष्णुप्रसाद पौडेल
५३. कृष्णप्रसाद खनाल
५४. हरिप्रसाद धिताल
५५. गोविन्दप्रसाद धिताल
५६. गोकुलप्रसाद सापकोटा
५७. गोविन्दहरि अर्याल
५८. उद्धवप्रसाद पराजुली
५९. नरहरि गुरागाइं
६०. नरोत्तम भण्डारी
६१. रन्तिदेव अधिकारी
६२. गोविन्दप्रसाद भट्टराई
६३. रामचन्द्र गुरागाईं
६४. कृष्णप्रसाद पोखेल
६५. अमृतमणि आचार्य
६६. रामचन्द्र पौडेल
६७. ध्रुवप्रसाद पौडेल

(ञ) २०२७ भाद्र

१. शरच्चन्द्र आचार्य
२. कृष्णचन्द्र आचार्य
३. ज्ञानचन्द्र आचार्य
४. योगनाथ पौडेल
५. जनार्दन खनाल
६. पुरुषोत्तम धिताल
७. विष्णुप्रसाद अधिकारी
८. उपेन्द्रप्रसाद अर्याल
९. तेजप्रसाद दाहाल
१०. माधवप्रसाद धिताल
११. विश्वनाथ कोइराला
१२. केशवप्रसाद धिताल
१३. कृष्णप्रसाद मिश्र
१४. उद्धवप्रसाद पराजुली
१५. अमृतमणि आचार्य
१६. कृष्णप्रसाद रेग्मी
१७. विष्णुप्रसाद पौडेल
१८. शंकरप्रसाद अर्याल
१९. गोकुलप्रसाद सापकोटा
२०. नरहरि गुरागाईं
२१. शम्भुप्रसाद रिमाल
२२. माधवप्रसाद रेग्मी
२३. सुवर्णराज लम्साल
२४. रामप्रसाद अर्याल
२५. वासुदेव अर्याल
२६. रामचन्द्र पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७. चन्द्रहरि लुइँटेल
२८. हरिप्रसाद धिताल
२९. रामकृष्ण अर्याल
३०. सुदर्शन आचार्य
३१. चिरञ्जीवी आचार्य
३२. संकर्षण अर्याल
३३. दिव्यचन्द्र आचार्य
३४. अच्युतप्रसाद आचार्य
३५. लक्ष्मण धिताल
३६. मधुसूदन अर्याल
३७. केशवराज बस्न्यात्
३८. मुकुन्दप्रसाद अर्याल
३९. केशवप्रसाद अर्याल
४०. केशवप्रसाद दुलाल
४१. गणेशप्रसाद ढकाल
४२. अर्जुनप्रसाद आचार्य
४३. हरिशरण आचार्य
४४. सीताराम आचार्य
४५. वैकुण्ठप्रसाद आचार्य
४६. कुशप्रसाद फुयाल
४७. विष्णुप्रसाद दुङ्गाना
४८. दण्डपाणि फुयाल
४९. रामप्रसाद फुयाल
५०. रामेश्वर फुयाल
५१. श्रीकृष्ण फुयाल
५२. विष्णुप्रसाद पौडेल
५३. भरतप्रसाद फुयाल
५४. जयराम फुयाल
५५. नारायणप्रसाद रिमाल
५६. ईश्वरीप्रसाद फुयाल
५७. रामप्रसाद फुयाल
५८. रामचन्द्र रिमाल

(ट) २०२८ असार

१. शरच्चन्द्र आचार्य
२. कृष्णचन्द्र आचार्य
३. ज्ञानचन्द्र आचार्य
४. योगनाथ पौडेल
५. जनार्दन खनाल
६. पुरुषोत्तम धिताल
७. विष्णुप्रसाद अधिकारी
८. उपेन्द्रप्रसाद अर्याल
९. तेजप्रसाद दाहाल
१०. माधवप्रसाद धिताल
११. केशवप्रसाद धिताल
१२. रामकृष्ण अर्याल
१३. उद्धवप्रसाद पराजुली
१४. अमृतमणि आचार्य
१५. विष्णुप्रसाद पौडेल
१६. शंकरप्रसाद अर्याल
१७. वासुदेव अर्याल
१८. सुदर्शन आचार्य
१९. चिरञ्जीवी आचार्य
२०. चक्रपाणि अर्याल
२१. संकर्षण अर्याल
२२. दिव्यचन्द्र आचार्य
२३. विष्णुप्रसाद रिमाल
२४. शम्भुप्रसाद रिमाल
२५. अच्युतप्रसाद आचार्य
२६. केशवप्रसाद अर्ज्याल
२७. मुकुन्दप्रसाद आचार्य
२८. विष्णुप्रसाद पौडेल
२९. श्रीराम घिमिरे
३०. शशीप्रसाद पौडेल
३१. राजीवलोचन पराजुली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२. उत्तमप्रसाद धिताल
३३. बद्रीप्रसाद रिमाल
३४. शिवराज रिमाल
३५. रविप्रसाद चालिसे
३६. शिवप्रसाद चालिसे
३७. रमेशप्रसाद चालिसे
३८. रामप्रसाद नेपाल
३९. ऋषिराम अधिकारी
४०. अच्युतराम भण्डारी
४१. योगेन्द्रनाथ गौतम
४२. दामोदर पौडेल
४३. रामप्रसाद पौडेल
४४. श्यामकृष्ण पौडेल
४५. मञ्जुराम पौडेल
४६. हरिप्रसाद आचार्य
४७. जनार्दन पौडेल
४८. रमेशप्रसाद सिग्द्याल
४९. मधुसूदन सिग्द्याल
५०. मुकुन्दप्रसाद आचार्य
५१. हरिशरण आचार्य
५२. अच्युतप्रसाद पौडेल
५३. बद्रीप्रसाद भट्टराई
५४. नवराज पौडेल
५५. नारायणप्रसाद भट्टराई
५६. टीकाराम भट्टराई
५७. माधवप्रसाद अधिकारी
५८. मुकुन्द अधिकारी
६०. सीताराम आचार्य
६१. ध्रुवराज गौतम

(ठ) २०२९ आषाढ पूर्वमध्यमा द्वितीय वर्ष

१. शरच्चन्द्र आचार्य
२. विष्णुप्रसाद अधिकारी
३. पुरुषोत्तम धिताल

पूर्व मध्यमा प्रथम वर्ष

१. नारायणप्रसाद भट्टराई
२. उपेन्द्रप्रसाद अर्याल

(ढ) अष्टम कक्षायाम्

१. रामंकृष्ण अर्याल
२. माधवप्रसाद धिताल
३. केशवप्रसाद अर्याल
४. केशवप्रसाद धिताल

(ड) सप्तम कक्षायाम्

१. कृष्णचन्द्र आचार्य
२. ज्ञानचन्द्र आचार्य
३. शंकर अर्याल

(ण) अष्टम कक्षायाम्

१. उद्धवप्रसाद पराजुली
३. सुदर्शन आचार्य

(त) नवम कक्षायाम्

१. ओमप्रसाद ढकाल
२. श्रीराम घिमिरे
३. चतुर्थ कक्षायाम्
४. शिवप्रसाद चालिसे
५. रविप्रसाद चालिसे
६. टीकाराम भट्टराई
७. ऋषिराम अधिकारी
८. रामप्रसाद अर्याल
९. ध्रुवराज गौतम

(थ) तृतीय कक्षायाम्

१. वैकण्ठ गुरागाईं
२. नरहरि गुरागाईं
३. दीपक गुरागाईं
४. मधुसूदन सिग्द्याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. रमेशप्रसाद चालिसे
६. दामोदर प्याकुरेल

(द) द्वितीय कक्षायाम्

१. मणिराम धिताल
२. रामहरि धिताल
३. गोपालप्रसाद अधिकारी
४. मुकुन्दप्रसाद अधिकारी
५. माधवप्रसाद अधिकारी
६. उत्तमप्रसाद धिताल
७. दिव्यचन्द्र आचार्य

(ध) प्रथम कक्षायाम्

१. अनन्तप्रसाद खनाल
२. विश्वनाथ लुइँटेल
३. रामप्रसाद भण्डारी
४. गोविन्द गुरागाईं
५. रामचन्द्र गुरागाईं
६. पूर्णप्रसाद भण्डारी
७. ध्रुवप्रसाद गुरागाइं

(न) शिशु कक्षायाम्

१. चक्रपाणि अर्याल
२. संकर्षण अर्याल
३. रामचन्द्र पण्डित
४. श्रीभक्त आचार्य

(प) २०३० वैशाख पूर्वमध्यमा २ वर्ष

१. नारायणप्रसाद भट्टराई

(फ) पू.म. १ वर्षे

१. रामकृष्ण अर्याल
२. केशवप्रसाद अर्याल

(ब) अष्टम कक्षायाम्

१. कृष्णचन्द्र आचार्य
२. ज्ञानचन्द्र आचार्य
३. सुदर्शन आचार्य
४. शंकरप्रसाद अर्याल
५. ॐप्रसाद ढकाल

(भ) सप्तम कक्षायाम्

१. उद्धवप्रसाद पराजुली
२. श्रीराम घिमिरे
३. टीकाराम भट्टराई

(म) चतुर्थ कक्षायाम्

१. रामप्रसाद अर्याल
२. दामोदर प्याकुरेल
३. उत्तमप्रसाद धिताल
४. हरिराम खनाल

(य) ३ कक्षायाम्

१. ध्रुवराज गोतम
२. दिव्यचन्द्र आचार्य

(र) कक्षायाम्

१. चक्रपाणि अर्याल
२. संकर्षण अर्याल
३. माधव अधिकारी
४. मुकुन्द अधिकारी
५. रामचन्द्र पण्डित
६. विश्वामित्र पौडेल

(ल) प्रथम कक्षायाम्

१. राजप्रसाद पौडेल
२. रामप्रसाद खनाल
३. वैकुण्ठनाथ ढकाल
४. मणिराम धिताल
५. जगन्नाथ धिताल
६. वैज्यनाथ आचार्य

(व) शिशुकक्षायाम्

१. मुकुन्दप्रसाद आचार्य
२. दीपक गुरागाईं
३. सीताराम आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


INVEST WISELY Buy NATIONAL SAVINGS CERTIFICATES

INDIAN POSTS AND TELEGRAPHS DEPARTMENT

Prefix: 1 XF 152 No.

Recd. from R4 Sent at H. M. To By By

Handed in at (Office of Origin): R369 Zuerich | Date: 13 | Hour: 16 | Minute: 02 | Service Instructions: OCS | Words: 17/18

To Kaviraj Tirth Rajachari 12/898 Thamail KTM Nepal

With many thanks received your letter of 17th Marga 2011 Tribhuwan

N.B.—The name of the Sender, if telegraphed, should be written here, but separated from the text.

राष्ट्रपिता श्री ५ त्रिभुवनका तर्फबाट
तीर्थराज आचार्यलाई प्राप्त भएको तार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. शिवप्रसाद चालिसे
५. मधुसूदन सिग्द्याल
६. हरिशरण आचार्य
७. नरहरि गुरागाइं
८. कृष्णप्रसाद सापकोटा
९. नारायणप्रसाद तिमल्सिना

(श) २०३१ ज्येष्ठ

१. दिव्यचन्द्र आचार्य
२. गोपालप्रसाद अधिकारी
३. वैजनाथ आचार्य
४. नारायण रिमाल
५ जयराम आचार्य
६. चिरञ्जीवी आचार्य
७. रामराज आचार्य
८. रामप्रसाद आचार्य
९. उपेन्द्रदेव आचार्य
१०. माधवप्रसाद अधिकारी
११. मुकुन्दप्रसाद अधिकारी
१२. आनन्दप्रसाद घिमिरे
१३. दामोदर प्याकुरेल
१४. रामचन्द्र विडारी
१५. जगदीशचन्द्र पौडेल
१६. जनार्दन रिजाल

(ष) २०३२ वैशाख

१. दिव्यचन्द्र आचार्य
२. कृष्णप्रसाद अधिकारी
३. माधवप्रसाद अधिकारी
४. मुकुन्दप्रसाद अधिकारी
५. दामोदर प्याकुरेल
६. शंकरप्रसाद भण्डारी
७. श्यामप्रसाद खनाल
८. जनार्दन रिजाल

९. राजेन्द्र गौतम
१०. चिरञ्जीवी आचार्य
११. वैजनाथ आचार्य
१२. रामराज आचार्य
१३. गोविन्दप्रसाद गुरागाईं
१४. ध्रुवप्रसाद गुरागाईं
१५. हरिहर न्यौपाने

(स) २०३४ वैशाख

१. दिव्यचन्द्र आचार्य
२. रामराज आचार्य
३. अच्युतप्रसाद लम्साल
४. शंकरप्रसाद भण्डारी
५. शंकरप्रसाद न्यौपाने
६. कृष्णप्रसाद अधिकारी
७. श्याम खनाल
८. संकर्षण अर्याल
९. चक्रपाणि अर्याल

परीक्षाफल द्वितीय वर्ष २०२२

शरचन्द्र आचार्य - प्रथम
नरोत्तम भण्डारी - द्वितीय
केशववल्लभ पन्त - तृतीय

परीक्षक - जुनानाथ पण्डित

निरीक्षक - सोमनाथ पौडेल

२०२२ प्रथम वर्ष

रन्तिदेव अधिकारी प्रथम
शतीशचन्द्र तिवारी द्वितीय
लक्ष्मीप्रसाद पौडेल तृतीय

परीक्षक - सोमनाथ पौडेल

(ह) वेदाङ्ग कक्षायाम् २०२२

राजवल्लभ पन्त प्रथम
योगनाथ पौडेल द्वितीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामकृष्ण पौडेल तृतीय

परीक्षक - जुनानाथ पण्डित

निरीक्षक - सोमनाथ पौडेल

(क्ष) २०२३ तृतीयवर्ष

शरच्चन्द्र आचार्य प्रथम

प्रभाकर भट्टराई द्वितीय

केशववल्लभ पन्त तृतीय

(त्र) २०२३ द्वितीय वर्ष क

भूपहरि पौडेल प्रथम

हरप्रसाद भट्टराई द्वितीय

चन्दप्रसाद भण्डारी तृतीय

(ज्ञ) २०२३ द्वितीय वर्ष ख

शंकरप्रसाद धिताल प्रथम

रामकृष्ण लामिछाने द्वितीय

योगनाथ पौडेल तृतीय

हरिवंश आचार्य चतुर्थ

परीक्षक- सोमनाथ पोडेल

निरीक्षक जुननाथ पण्डित

२०२४ चतुर्थ वर्ष

शरच्चन्द्र आचार्य प्रथम

प्रभाकर भट्टराई द्वितीय

भूपहरि पौडेल तृतीय

२०२४ तृतीय वर्ष

नरोत्तम भण्डारी प्रथम

चन्द्रप्रसाद भण्डारी द्वितीय

रामहरि भण्डारी तृतीय

२०२४ द्वितीय वर्ष

गोकर्णराज लामिछाने प्रथम

योगनाथ पौडेल द्वितीय

शंकरप्रसाद धिताल तृतीय

अन्य- जनार्दन खनाल, हरिवंश आचार्य, रान्तिदेव अधिकारी, माधवप्रसाद सुवेदी, कृष्णप्रसाद खनाल

२०२४ प्रथमवर्ष

शिवप्रसाद सुवेदी प्रथम

२०२४ रुद्राध्याय कक्षा २ वर्ष

विनोदराज सुवेदी प्रथम

जनकराज द्विवेदी द्वितीय

२०२४ रुद्राध्याय कक्षाम् १ वर्ष

कृष्णचन्द्र आचार्य प्रथम

प्रमोदराज पण्डित द्वितीय

उपेन्द्र अर्याल तृतीय[१]

---

१. दिव्यचन्द्र आचार्यले ढड्डाबाट सारेर दिएका हुँदा वर्णमालाअनुसार मिलाइएको छैन - भूहपौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. सरस्वती-वन्दना

वेद-वेदाङ्ग विद्यालय (ठमेल) मा पढ्ने विद्यार्थीहरु हरेक दिन पढ्न आउँदा र पढाइ सकेर घर जाने बेलामा सरस्वतीको प्रार्थना गर्थे । उनीहरूले गरेको सरस्वतीको प्रार्थना यस्तो छ ।

उद्धर भारति मामज्ञानं त्वं खलु निखिल ज्ञाननिदानम् ।
देहि सुरासुर-सेवित-चरणे भीषण संसारार्णव शरणम् ॥

सुन्दरशतदलमण्डित चरणे कुन्द विनिन्दक सुस्मित वदने ।
शरसि चिरं मे क्षरतु तवाशी र्नश्यतु निमिषाद् दुष्कृत राशिः ॥

श्वेताम्बरधर तनु तनु युक्ते दीप्त्यव दाते मति मति मुक्ते ।
कुरु मे मात र्ध्वान्तविनाशं छिन्दि च भवसंभव भयपाशम् ॥

त्वमसि प्रणवच्छन्दसि नन्दे शंसय नाशिनी मुनि जन बन्धे ।
आद्या विद्या रचयसि सर्वं हर मे तामसमहमिति गर्वम् ॥

वेत्ति न कश्चन तव महिमानं त्वमनाद्यन्तं सत्यं ज्ञानम् ।
सृष्टौ त्वमसि च मूला माया त्वमसि जगत्तनु रपगतकाया ॥

त्वम्भू जलमरु दनलदिवात्मा वेद्याविद्यात्वमसि परात्मा ।
भामति शुद्धे सायंप्रात र्दहममबुद्धेर्जडतां मातः ।

प्रसरतु काव्ये शास्त्रे बुद्धिर्भवतु च वादे वाचां सिद्धिः ॥
कुञ्चतु कुण्ठा दयया महिते विधिहर पूज्ये माधवदयिते ।

जय जय देवि चराचर सारे कण्ठ विलम्बित मुक्ता हारे ।
वीणा रञ्चित पुस्तक हस्ते भगवति भारति देवि नमस्ते ॥

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. शुभ-कामना

श्री :

"राजा मे प्राणः"

ओजस्विराजन्यानां सर्वलक्षणलक्षण्यानां सुचिरञ्जीवनां श्री ५ युवराजाधिराजानां वीरेन्द्र वीर विक्रम शाहदेवानां सर्व सौभाग्यवत्या आयुष्मत्या श्री ५ युवराज्ञ्या ऐश्वर्यराज्य लक्ष्मीदेव्या सह सुसंपद्यमानेगौरीशंकरयोरिव सकल देव-नर-पशु-पक्ष्यादीनामपूर्वप्रमोदावहे सुमङ्गलमये शुभतमविवाह महोत्सवे

शुभाशीः परिपूर्णा, हार्दिकी-

शुभ-कामना

श्रीस्कन्द-हेरम्ब सुपुत्र भाविनौ
सदाशिवौ सर्व-सुमङ्गलालयौ ।
सन्मङ्गल-स्वस्तिकरौ वधूवरौ
स्मिताननौ भावयतां सुमंगलम् ॥

शुभ कामयिता
कविराज-तीर्थराज आचार्यः
२०२६।११।१६।६

६. परीक्षाफल

वेद-वेदाङ्ग विद्यालयको परीक्षाफल

(हाम्रा सम्बाददाताद्वारा)

काठमाडौं, माघ २९ गते । स्थानीय वेदवेदाङ्ग विद्यालयद्वारा लिइएको यसवर्षको परीक्षाफल प्रकाशित गरिएको छ । यस परीक्षामा प्रथम, द्वितीय र तृतीय कक्षामा गरी जम्मा २५ जना छात्रहरू समुत्तीर्ण भएका छन् । यस विद्यालयमा निःशुल्क पढाइ हुन्छ तथा स्थानीय संस्कृत महाविद्यालयका प्राध्यापकहरूले पनि यस कार्यमा निःशुल्क सेवा प्रदान गर्नु भएको छ ।

वेदवेदाङ्ग विद्यालयको स्थापना श्री तीर्थराज आचार्यको परिश्रमद्वारा गत साल गरिएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. वेद वेदाङ्ग विद्यालय

श्री २०२३ पौष १० गते मार्गशुल्कत्रयोदेश्यां प्रातः, आद्येश्वर ग्राम निवासिनः पं. वासुदेव खनालस्य प्रधानाध्यापकत्वे, विद्यालयस्यास्य शाखा संस्थापिता, उद्घाटनं च विद्यालयस्य संस्थापकेन-तीर्थराज शर्मा SS चार्येण सुसंपादितम् ।

काठमाडौं । पौष १० गते स्थानीयआदिश्वरमा त्यहाँको जनताले वेद-वेदाङ्ग विद्यालयको शाखाको स्थापना गरे । त्यसको उद्घाटन विद्यालयका संस्थापक श्रीतीर्थराज आचार्यले गर्नु भयो । अध्यापक पदमा पं. वासुदेव खनाल हुनु भएको छ ।

८. वेद-वेदाङ्ग विद्यालयको परीक्षाफल

(कार्यालय प्रतिनिधि)

काठमाडौं, पौष १७ गते । वेद-वेदाङ्ग विद्यालयद्वारा यस वर्ष लिइएको परीक्षाफल प्रकाशित गरिएको छ । यस परीक्षामा प्रथम, द्वितीय, तृतीय र चतुर्थ कक्षामा गरी ४५ जना छात्र समुत्तीर्ण भएका छन् । ६ जना प्रथम श्रेणीमा समुत्तीर्ण छन् । यस विद्यालयमा निःशुल्क तथा गुरुकुलको आदर्शमा पढाइन्छ । विद्यालयको सञ्चालकमा यसका सस्थापक श्री तीर्थराज आचार्यको प्रयत्न र संस्कृत महाविद्यालयका प्राध्यापकहरूको निःशुल्क सहयोग ठूलो आधार बनेको छ । विद्यालयमा हाल १० जना अध्यापकबाट पढाइ सञ्चालन भएको छ ।

काठमाडौं, माघ २१ गते आइतबार २०२३ साल

९. राजधानीमा लक्ष्य होमको आयोजना

(हाम्रा सम्बाददाताद्वारा)

काठमाडौं, माघ २२ गते । ठमेलस्थित वेद-वेदाङ्ग विद्यालयमा आगामी फागुन २ गते श्री पञ्चमीका दिनदेखि १०। १२ दिनमा समाप्त हुने गायत्री लक्ष्यहोम हुने भएको छ । उक्त होमको आयोजनाः विद्यालयका संस्थापक श्रीतीर्थराज आचार्यबाट भएको हो र यसको संचालन पण्डितराज सोमनाथ सिग्द्यालको निर्देशन अनुसार हुने भएको कुरा थाहा भएको छ ।

१०. जगद्गुरुद्वारा दोसल्ला

काठमाडौं, फागुन २६ गते । श्रृङ्गेरी मठका जगद्गुरु शंकराचार्यले आज बत्तीस पुतलीमा आयोजिंत रूद्र महायज्ञको पूर्णाहुतिको अवसरमा वेदवेदाङ्ग विद्यालयका प्रवर्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री :

वेद-वेदाङ्ग-विद्यालयः

श्रीः
दुहे कामान्
सरस्वती
नेपालस्थः बेद-बेदाङ्ग विद्यालय
२०२२बिसं

लब्धाङ्क पत्रम्
वार्षिकम् , षाण्मासिकम् ।

कक्षानाम ....

छात्रनाम...

क्रमसंख्या ....

विषया:	पूर्णाङ्का:	उत्तीर्णाङ्का:	लब्धाङ्का:	श्रेणी
शुक्लयजुर्वेदे	१००	३३		
रुद्राध्याये	१००	३३		
याज्ञवल्क्यशिक्षायाम्-	१००	३३		
लघुसिद्धान्तकौमुद्याम्	१००	३३		
रघुवंशे	५०	१७		
अमरकोशे	५०	१७		
गणिते	५०	१७		
अनुवादे	५०	१७		
अक्षराभ्यासे	५०	१७		
नेपाली विषये	१००	३३		
शौचाचारेषु	१००	३३		
आसने-मुद्रायाञ्च	१००	३३		
सन्ध्यावन्दनादिषु	१००	३३		
कर्मकाण्डविषये	१००	३३		
चरित्रे	१००	३३		

दिनाङ्क:-

लब्धाङ्क पत्रको नमूना

प्रधानाध्यापक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविराज श्री तीर्थराज आचार्यलाई विशिष्ट विद्वान्लाई दिइने दोसल्ला बडागुरुज्यू श्री खगेन्द्रराज पाण्डेद्वारा ओढाउन लगाउनु भयो ।

उक्त दोसल्ला सो विद्यालयका वटुक छात्रहरूको वेदाध्ययन प्रणाली र स्वरमाधुर्यबाट प्रभावित भई प्रदान गरिएको हो । रासस.

११. वार्षिकोत्सव समाचार

शुद्ध आचार सिकाउने शिक्षा पद्धति आवश्यक

वेद वेदाङ्ग विद्यालयको पाँचौं वार्षिकोत्सव

काठमाडौं, वैशाख ७ गते । प्रधानमन्त्री श्रीकीर्तिनिधि विष्टले भन्नुभएको छ - नेपालजस्तो धार्मिक देशमा वैदिक शिक्षाको आवश्यकता र उपयोगितालाई विर्सन सकिदैन ।

उहाँ आज अपरान्ह यहाँ आयोजित वेद वेदाङ्ग विद्यालयको पाँचौं वार्षिक जन्मजयन्तीको उपलक्ष्यमा आयोजित समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो ।

वेद वेदाङ्गको शिक्षा छात्रहरूलाई दिलाउने प्रयास गरिन्छ , त्यसलाई पाश्चात्य शिक्षाको दृष्टिकोणले हेर्दा त्यति गम्भीर रूपमा हेरिदैन भन्ने कुरा उल्लेख गर्नु भई श्रीविष्टले भन्नुभयो- आफ्नो परम्परा र गौरवमय संस्कृतको सम्मान गर्नु पर्दछ ।

उहाँले भन्नुभयो- पुर्खाहरूको ठूलो त्याग, साधना तथा परिश्रम गरी सामूहिक हितका लागि आफ्नो जीवन दिई आर्जित गरेका कुरालाई पनि सम्मान गर्नु पर्दछ ।

वैदिक शिक्षा सार नभएको होइन तर भौतिक रमझममा मानिस आश्चर्य चकित भएर प्रत्यक्ष कुरामा मात्र महत्त्व दिन थालिएकोले यस्तो भएको भन्नु हुँदै प्रधान मन्त्री श्रीविष्टले भन्नुभयो- वैदिक क्रियाकोरूप बृहत् छ यसलाई साधना गर्नु पर्दछ ।

आज संसारका कतिपय देशहरूमा अशान्ति छ , मानिसको मन कलुषित छ , हिंसा देखिन्छ यस्तो स्थितिमा आवश्यक भएको शान्ति र मानवहित वेदवेदाङ्गबाट प्राप्त गर्न सकिन्छ भनी उहाँले भन्नु भयो ।

आज संसारमा शान्तिपूर्ण वातावरणमा मानिसले मानिसमात्रको हित गर्न वातावरण आवश्यक भएको छ भनी श्रीविष्टले भन्नु भयो । शुद्ध आचार सिक्ने भावना छात्र छात्राहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिलाउन सके तिनले देशका लागि महान् कार्य गर्न सक्तछन् र त्यस किसिमको उत्सर्गको भावना सिकाउने शिक्षालाई अगाडि बढाउनु आवश्यक छ।

आफ्नो संस्कृति अनुरूपको वातावरणले मात्र प्रगति गर्न सकिन्छ भन्नुहुँदै उहाँले गुरुहरूले देखाएको परिश्रमले आदर्शरूप लिन लागेको छ र यस शिक्षाले चरित्र निर्माण गर्न र पंचायतलाई पोषण गर्न सकोस् भन्ने कामना व्यक्त गर्नु भयो।

सभामा प्राध्यापक श्रीसोमनाथ पौडेलले वौदिक विद्यालय खडा गराउने कुरा राष्ट्रको काम हो हिन्दू राष्ट्रमा सर्वाङ्गीण पूर्ण वैदिक विद्यालयको स्थापना हुन नसक्नु दुःखको कुरा हो भन्नुभयो।

श्री ५ महाराजाधिराज सरकारबाट हिन्दू धर्मको रक्षार्थ धेरै प्रेरणा प्राप्त भएको कुरा उल्लेख गरी श्री पौडेलले राजा नै प्राण हुन् भनेर वेदले घोषणा गरेको छ भन्नु भयो।

कायममुकायम शिक्षा सचिव श्री दीर्घराज कोइरालाले कर्मकाण्ड चलाउने वैदिक शिक्षाको आवश्यकता बारे बोल्नु भयो।

श्रीदेवीप्रसाद रिमालको सभापतित्वमा भएको सो सभामा विद्यालयका संस्थापक कविराज श्री तीर्थराज आचार्यले प्रगति विवरण प्रस्तुत गर्नु हुँदै धर्मको मूल वेदको संरक्षण गर्नु हो र यहाँ १६ जना शिक्षकद्वारा ५० जना छात्रलाई वेदको अध्ययन गराइन्छ भन्नुभयो।

विद्यालयमा कर्मकाण्ड शाखा, परीक्षा शाखा छन् भनी उहाँले मार्वलमा ४० अध्याय वेद लेख्ने कार्य भएको कुरा पनि बताउनु भयो।

समारोहमा श्री ५ महाराजाधिराज सरकार, श्री ५ युवराजाधिराज सरकारबाट पठाई बक्सेको समारोहको सफलताको सन्देश र श्री ५ अधिराजकुमार हिमालय र मौसूफको महारानीको शुभकामना सन्देश पनि सुनाइएको थियो। रासस

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ स्रोत

'गोरखापत्र'बाट

१. 'वेद-वेदाङ्ग विद्यालयको परीक्षाफल", २०२२ साल फागुन १ गते शनिवार ।

२. "वेद-वेदाङ्ग विद्यालय", २०२३ साल पौष १२ गते

३. "वेद-वेदाङ्ग विद्यालयको परीक्षाफल", २०२३ साल पौष १८ गते, सोमबार ।

४ "राजधानीमा लक्ष्यहोमको आयोजना", २०२३ साल माघ २३ गते, आइतबार ।

५. "जगद्गुरुद्वारा दोसल्ला" २०२३ साल फागुन ८ गते, आइतबार ।

६. "शुद्ध आचार सिकाउने शिक्षापद्धति आवश्यक" २०२६ साल वैशाख ८ गते, आइतबार ।

सामग्री स्रोत

कविराज तीर्थराज आचार्य, अग्निहोत्र शाला, ठमेल

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२
डा. हरिदेव मिश्रको पाण्डित्य

परिचय

वि.सं. २०२६।२०२७ सालतिर म रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढ्थें । त्यो बेला मेरो बा र डा. हरिदेव मिश्र गुरुका बीच चिनजान भयो । त्यसपछि हामी उनको सङ्गतमा आउन लाग्यौं । सरसङ्गत ठूलै मानिसको गर्नुपर्छ । किनभने सिंहका घरमा गयो भने मणि भेट्टाइन्छ तर श्यालका घरमा गयो भने बाखापाठा, बाच्छा र सुँगुरको पुच्छर भेट्टाइन्छ । त्यसैले ठूलो हुने इच्छा राख्ने मानिस आफूभन्दा नीच बुद्धि भएका मानिसको कहिल्यै सर सङ्गत गर्दैन । सामान्य बोलचाल भनेको अर्कै कुरा हो । यसै कुरालाई लिएर *हितोपदेश*मा भनेको पनि छ-

हीयते हि मतिस्तात । हीनैः सह समागमात् ।
समैश्च समतामेति विशिष्टैश्च विशेषताम् ॥

त्यस्तै अर्को प्रसङ्ग पनि त्यत्तिकै मननीय छ ।

मृगाःमृगैः सङ्गमनुव्रजन्ति गावश्चगोभिस्तुरगास्तुरङ्गैः ।
मूर्खाश्च मूर्खैःसुधियः सुधिभिः समानशील व्यसनेषु सख्यम् ॥

अनावश्यक गफ गरेर समय बिताउने, रचनात्मक कार्यमा मन नलगाउने, अरुलाई हेपेर बोल्ने, मैं ठूलो, मैं जान्ने, मेरा टुङ्गाटुङ्गामा ठूलाठूला मानिस छन्, भनेर फुइँ लाउने, अरुको कुरा नसुन्ने र अरुको प्रगतिमा रीसडाह गर्ने मानिस समाजका गोमन सर्प हुन् ।

बुद्धिमान् मानिसले यस्ता दुष्ट मानिसदेखि टाढै रहनु बेस हुन्छ । मैले अहिलेसम्म सङ्गत गरेका मानिसमध्ये डा. हरिदेव मिश्र विद्वत्ताका हिसाबले बेस मानिस हुन् । बा र म पालैपालो बेलाबखत डा. हरिदेव गुरुकहाँ जान्थ्यौं । त्यो बेला उनी त्रिभुवन विश्वविद्यालयको आवास गृह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जमल (हाल:- परीक्षा नियन्त्रण कार्यालय रहेको ठाउँ) मा बस्थे । हामी जुनसुकै बेला जाँदा पनि उनी *न्याय, वेदान्त, रसगङ्गाधर, काव्यप्रकाश र साहित्य दर्पण* अगाडि राखेर अध्ययन र चिन्तनमा लागेका देखिन्थे । यसबाट पनि मलाई पढ्नमा ठूलो प्रेरणा मिलेको थियो । हरिदेव गुरु बासँग भन्थे - *छोरालाई खूब पढाउनु । कुनै बाधाअड्चन आइपरेमा त्यसको समाधानकालागि मैले भनेर हुने ठाउँमा म भन्दिन्छु ।* त्यस्तै मसँग भेट हँदा भन्ने गर्थे - *खुब पढ । पानी पिएर भए पनि पढ । पढेपछि अमृत फल्छ । नपढ्ने मानिसको जीवन बेकम्मा हुन्छ ।* यस अर्तीबाट पनि मलाई पढ्ने प्रेरणा मिलेको थियो । पछि यो कुरा यस्तै भयो । २०२८ साल माघ १५ गते शनिबार मेरो बा पण्डित रुद्रप्रसाद पौडेलको देहावसान भयो । त्यसपछि धेरैवर्षसम्म डा. हरिदेव मिश्र र मेरो नजीकको सम्पर्क हुन सकेन । तीनधारा संस्कृत छात्राबासको शतवार्षिक समारोह समितिले आयोजना गरेको कार्यक्रममा भाग लिन गएको बखत उनले बाको सन्चविसन्चोबारे सोधेका थिए । मैले २०२८ सालमै बा परलोक हुनु भएको कुरा बताएपछि उनी त्यही बेला छक्क परेका थिए ।

नेपालको विद्वत्परम्पराको अनुसन्धानका क्रममा डा. हरिदेव मिश्रको जीवनी माग्न जाँदा उनले त्यति चासो दिएर सहयोग गरेनन् । उनी आफू लेखन र प्रकाशनतिरभन्दा अध्ययनतिरै बढी जोड दिने विद्वान् भएको हुँदा मेरो उद्देश्यमा उनले मन लगाएर सहयोग नपुऱ्याएको हुनसक्छ । कुनै आवश्यक काम पर्दा कतै पेश गर्न तयार पारेको छोटो परिचय मात्र मलाई उपलब्ध गराए । त्यसैका आधारमा हरिदेव मिश्रको यो सक्षिप्त जीवनी तयार पारिएको छ ।

जीवनी

डा. हरिदेव मिश्रको जन्म ईश्वीसन् १९२६ अक्टोवर १५ तारीखका दिन जनकपुर अन्चल अन्तर्गत महोत्तरी जिल्लाको नैनही गाउँ विकास समिति वडा नं. २ मा भएको हो । यिनले नव्यव्याकरणाचार्य (द्वितीय श्रेणी) ईस्वीसन् १९४४, न्यायाचार्य (द्वितीय श्रेणी) साहित्याचार्य (ईस्वीसन् १९४८), म्याट्रिक (सन् १९४९, प्रथम श्रेणी, गणित र संस्कृतमा विशेष योग्यतासहित, आई.ए. (सन् १९५१, द्वितीय श्रेणी, बी.ए. अनर्स, हिन्दू विश्वविद्यालय, बनारसबाट प्रथम श्रेणीमा प्रथम), एम.ए. (सन् १९५५ संस्कृत प्रथम श्रेणी र *ए क्रिटिकल स्टडी अफ संस्कृत ग्रामर* शीर्षकमा विद्यावारिधि गरेका छन् । यिनले आफ्नो शोधप्रबन्ध अंग्रेजी भाषामा तयार गरेका थिए । यस छोटो विवरणबाट उनको प्रगाढ पाण्डित्यको परिचय प्राप्त हुन्छ । डा. हरिदेव मिश्रले नेपालका प्रख्यात नैयायिक पण्डितप्रवर पद्मप्रसाद भट्टराई र हरेराम शुक्लसँग नव्यन्याय, बिहारमा राधाकृष्ण झा र ईश्वरनाथ झासँग व्याकरण तथा तारानाथ भट्टाचार्य र ईश्वरनाथ झासँग साहित्य विषय पढेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले आफूले आर्जन गरेको प्रगाढ पाण्डित्यको कदरस्वरूप विभिन्न मानपदवी र पुरस्कारहरू प्राप्त गरेका छन् । जस्तै, गोरखा दक्षिणबाहु चौथा र तेस्रा, महेन्द्र विद्याभूषण, बनारसको हिन्दू विश्वविद्यालयबाट वी.ए.अनर्समा प्रथम श्रेणीमा प्रथम भएबापत - शङ्कर गणेश कार्नेटकर पुरस्कार र संस्कृतका शास्त्रार्थहरूमा विजयी भएबापत अनेकौं पुरस्कारहरू प्राप्त गरेका छन् । उनले वि.सं २०११ सालदेखि ज्ञानकूप संस्कृत विद्यालयमा शिक्षण कार्यको प्रारम्भ गरेका हुन् ।

२०१७ सालदेखि राजकीय संस्कृत महाविद्यालय काठमाडौंमा र त्रिभुवन विश्वविद्यालयमा उप-प्राध्यापक, २०२४ सालमा सह-प्राध्यापक र २०२७ सालमा प्राध्यापक पदमा भए । २०२९ सालदेखि २०३१ सालसम्म त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको प्राचार्य, २०४३ साल पुस २६ गतेदेखि २०४७ वैशाख २६ गतेसम्म महेन्द्र संस्कृत विश्वविद्यालयको उप-कुलपति, २०४७ साल साउनदेखि २०४८ साल कार्तिकसम्म नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य, २०४८ कार्तिकको अन्तिम हप्तादेखि त्रिभुवन विश्वविद्यालयको सेवा आयोगको अध्यक्ष पदमा मनोनीत भएका डा. हरिदेव मिश्र यसभन्दा पहिले पनि विभिन्न प्राज्ञिक क्रियाकलापसँग सम्बन्धित थिए । जस्तै, केही समय सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा अतिथि प्राध्यापक, आचार्य विभागको विभागाध्यक्ष, एम.ए. विभागको विभागाध्यक्ष तथा संस्कृत अध्ययन संस्थान अन्तर्गतका विद्यापरिषद, विषय समिति, अनुसन्धान समिति, तीनधारा संस्कृत छात्रावासको सुपरीक्षक र त्रिविवि अर्न्तगतको उप-कुलपति छनोट समितिका सदस्य र अन्य विविध समितिका सदस्य भई कार्य गरेका थिए । नेपाल तथा भारतका केही पत्रपत्रिकाहरूमा उनका रचनाहरू पनि प्रकाशित भएका छन् । डा. हरिदेवले चीन, इङ्गल्याण्ड र पश्चिम जर्मनीको भ्रमण गरेका थिए ।

निधन

डा. हरिदेव मिश्रलाई केही वर्ष अघि दुइ पटकसम्म हर्टआट्याक भएको सुनिएको हो । यो पटक घरमा छोरालाई टाइफाइड भएको समाचार सुनेर उनी तुरुन्तै घर गएका र उनको उहीं हर्टआट्याक भएर निधन भयो । डा. हरिदेव मिश्रको निधनबाट नेपालको विद्वत्परम्परामा अपूरणीय क्षति भएको छ । निरन्तर रूपमा अध्ययन, अध्यापन र अन्य प्राज्ञिक क्रियाकलापमा लागिरहने विद्वान् हरिदेव गुरुले विद्यावंशको प्रकाश फैलाएका छन् । विद्वत्परम्परामा यो ठूलो उपलब्धि हो र उनको निधन ठूलो क्षति हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. अभिनन्दन (संस्कृतमा)

श्रीः

हिन्दुसंस्कृतेः संरक्षकाणां प्रजावत्सलानां
महेन्द्रसंस्कृतविश्वविद्यालयस्य कुलपतीनां
श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
देवानां करकमलेषु सभक्ति

समभिनन्दनम्

राष्ट्रनायकाः नेपालभूपालाः

आर्य-सदाचार-विचार-संस्काराणामाधारभूता हिन्दुसंस्कृतिर्नेपालीय-प्रजासु गौरवास्पदं पदमादधाति । हिन्दुसंस्कृति-मर्मस्वरूपाणां धर्म-संस्कृति-नैतिकतासम्बन्धिनीनां मान्यतानाम् ज्ञानविज्ञानयोः, विविधदर्शनानाञ्च समुन्नतपरम्परायाः संवाहकस्य संस्कृतवाङ्मयस्य अन्तरराष्ट्रिय-परिवेष-केन्द्ररूपेण नेपालेऽभिवर्धनाय "राजा परं दैवतमिति" वैदिकभावनानुकूलायां राजर्षेर्जनकस्य स्वपूर्वजानां शाहवंश्यानां नेपाल-भूपालानां च गौरवमय्यां सरण्यां महेन्द्रसंस्कृतविश्वविद्यालयस्य संस्थापकानां महनीयगुणविभूषितानां श्री ५ महाराजाधिराजानां समभिनन्दन-शुभावसरे प्रजानां हर्षप्रसरः सातिशयः।

शान्तिप्रस्तावसमुद्भावकाः नृपतयः

भौतिक समृद्धिदृशा भौगोलिकाकृतिदृशा च विशालकायै राष्ट्रान्तरैः साम्यमभजत्यपि संस्कृतेः सभ्यताया आध्यात्मिकचिन्तनस्य शान्तिकामनायाश्च दृशा गौरवपूर्णपदाञ्चिते जनकादिमहामानवमहिते अत्रैव नेपाले वर्षाणां सहस्रशः पूर्वमेव युवराजेन सिद्धार्थगौतमेन शान्तेरालोकः प्रसारितः । स एवाक्षय्यनिधिरस्माकं वैशिष्ट्यम् । नेपालीयराजकुलस्य तामेव महिम-मण्डित-परम्परां पोषयितुं शान्ति-सद्भावना-महित-विश्वभ्रातृत्व-भावनाद्वारा सञ्चालिता राज्यव्यवस्थैव वर्तमानेऽन्तरराष्ट्रजगति समुपयुक्तेति विविच्य प्रभुवर्य-देवैः स्वकीय-शुभराज्याभिषेकावसरे विश्वसमक्षं प्रस्तुतस्य शान्तिप्रस्तावस्य साम्प्रतं शताधिक-राष्ट्रैः समर्थनात् स्व-वंश्यधन्यतां गतानां श्री ५ महाराजाधिराजानां स्वागतार्चन-सम्पादनायै लब्धावसराणाममन्दानन्दसौरभः प्रसरति सर्वतः ।

प्रजावत्सलप्रभवः

भाषा न केवलं भाषादृष्ट्या महनीया, अपि तु तत्र विद्यमानानि विचाराः, दर्शनानि, कलाः, साहित्यानि, प्रयोगप्रविधय एवं संस्कारा इतिहासाश्च माहात्म्यभाञ्जि भवन्ति । मनु-व्यास-जनक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. हरिदेव मिश्र

जन्म : ई.सं. १९२६, अक्टोबर १५

देहान्त : वि.सं. २०४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याज्ञवल्क्य-गौतम-भरद्वाज-प्रभृतीनां तपोधनानां महर्षीणां ज्ञानविज्ञानानि, प्रयोगप्रविधिराशीन्, पौरस्त्य-मुनि-मनीषिणां चिन्तनानि, लिच्छवि-मल्ल-शाहवंशोद्भवानां गुणग्राहिणां राज्ञामनुसन्धानानि, तथा ऽनादिनिगमागमानपि संस्कृतभाषैव सम्भरन्ती सततमालोकं ददती विराजते । अद्यत्वे पाश्चात्त्यानां मनीषिणामनुसन्धातृणामपीत आकर्षणात् संस्कृतस्य महत्त्वमधिकं विद्योततेतमाम् । सन्दर्भे ऽस्मिन् प्रभुवर्यदैवैः संस्थापिते ऽत्र महेन्द्रसंस्कृतविश्वविद्यालये शिक्षिता दीक्षिताश्च विद्वांसो नीतिमन्तः सदाचारशीलाः सुसंस्कृता अनुशासनाञ्चिता राष्ट्रभक्ता राजभक्ताश्च सम्पद्यमानाः प्रभुवर्यदेवानां नेतृत्वे विश्वस्मिन् नेपालस्या ऽऽदर्शं प्रसारयितुं समर्था भविष्यन्तीति विश्वासविनतिसमर्पणाय मानसमुत्सुकतामाश्रयति ।

परमपितृभक्ताः देवाः

अस्यामेव दाङभूमौ वेद-बाहु-व्योम-नेत्र (२०२४) मिते वैक्रमाब्दे पूज्यपादाः ***स्व. श्री ५ महेन्द्रवीरविक्रमशाहदेवाः*** स्वदेश्यानां विदेश्यानां च विशिष्टविदुषां तथा शङ्कराचार्यप्रभृतीनां सतां महात्मनामप्युपस्थितिमहिते समारोहे ऐतिहासिकविद्वत्सम्मेलनस्य समुद्घाटनं विहितवन्त आसन् । अद्य पुनरत्रैव स्थाने स्वर्गीयप्रभुवर्यदेवानामेव पुण्यस्मृतये संस्थापितस्य महेन्द्रसंस्कृतविश्वविद्यालयस्य समुद्घाटनेन स्वकीयपूर्वजानां गौरवपरम्परां समुज्ज्वलयतां युगनायकानां ***श्री ५ महाराजाधिराजदेवानां*** कीर्तिस्तम्भो ऽनन्तयुगावधि देदीप्यमानरूपेण विराजतामिति सविनयप्रार्थना पुरःसरति ।

राष्ट्रप्राणप्रभुदेवाः

भगवतः श्रीरामस्य पादार्पणेन, अहल्याया जीवनसञ्चार इव अद्यात्र श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवीशाह समेतानां श्री ५ महाराजाधिराजप्रभुदेवानां मङ्गलमयशुभयात्रयाऽस्यां दाङभूमौ प्रभुदेव - सेवायां समर्पिते संस्थाजगति च जागरा स्फुरन्ती वर्तते । संस्कृतवाङ्मयविकासस्य सुवर्ण - प्रभातमुदयमानं वर्तते । अद्यत्वे राष्ट्रे प्रभुदेवानामेव प्रेरणया राष्ट्रविकासस्वर्णकाल - द्रढिमा ऽऽधापिनि शुभेऽवसरे सदेवीक - प्रभुवर्यदेवानां स्वागतोचितैः "जय जयेतिजयेति" मङ्गलध्वनिभिः समं सेवायां समर्पितस्य महेन्द्रसंस्कृतविश्वविद्यालयपरिवारस्य भक्तिश्रद्धासमन्वितमभिनन्दनं समर्पयति । यदाज्ञापयन्ति महाराजाः ।

अनन्य - राजभक्तः
(डा. हरिदेव मिश्रः)
उपकुलपतिः
महेन्द्रसंस्कृतविश्वविद्यालयस्य

मितिः- २०४५। १०। १९। ४
बेलझुण्डी, दाङ्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. *नेपाली रुपान्तर*

हिन्दुसंस्कृतिका संरक्षक प्रजावत्सल महेन्द्र संस्कृत विश्वविद्यालयका कुलपति *श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारका* करकमलमा सभक्ति अभिनन्दन

राष्ट्रनायक सरकार !

आर्यहरूको आचार-विचार र संस्कारको आधार स्वरूप हिन्दुसंस्कृतिले नेपाली प्रजाहरूको हृदयमा गौरवपूर्ण स्थान लिएको छ । हिन्दुसंस्कृतिका मर्म स्वरूप भएका धार्मिक साँस्कृतिक र नैतिक मान्यताहरू ज्ञान र विज्ञान तथा विभिन्न विचार दर्शनहरूको उत्कृष्ट परंम्परा अँगालेको संस्कृत वाङ्मयलाई अन्तरराष्ट्रिय परिवेषको केन्द्रको रूपमा नेपालमा विकास गर्न महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना गरिबक्सेर "राजा वास्तवमा देवता नै होइबक्सन्छ", भन्ने वैदिकभावनानुकूल राजर्षि जनक र मौसूफका पूर्वज शाहवंशीय राजाहरूको गौरवमय परम्परामा महनीयगुणविभूषित ***श्री ५ महाराजाधिराज सरकार***को अभिनन्दन गर्न पाउने हामी प्रजामा अतिशय हर्षको लहर फैलिएको छ सरकार ।

शान्ति प्रस्तावक सरकार !

भौतिक समृद्धि र भौगोलिक आकृतिको दृष्टिले ठूला राष्ट्रहरूसँग अतुलनीय भए पनि सभ्यता र संस्कृति, आध्यात्मिक चिन्तन र शान्तिकामनाको दृष्टिले गौरवपूर्ण स्थान लिएको जनकादि महामानवहरूद्वारा सेवित यही नेपालमा हजारौं वर्ष पहिले नै युवराज सिद्धार्थ गौतमले जुन शान्तिको आलोक फिंजाए त्यही अक्षयनिधि नै हाम्रो वैशिष्ट्य हो । नेपाली राजकुलको त्यही महनीय महिमामण्डित परम्परालाई अक्षुण्ण राखिबक्सन र शान्ति सद्भावनायुक्त विश्वभ्रातृत्वको भावनाद्वारा सञ्चालित राज्यव्यवस्था नै वर्तमान अन्तरराष्ट्रिय जगतमा उपयुक्त छ भन्ने ठानिबक्सी मौसूफबाट आफ्नो शुभराज्याभिषेकको शुभअवसरमा विश्वसमक्ष राखिबक्सेको शान्ति क्षेत्रको प्रस्तावलाई अहिले शताधिक राष्ट्रहरूले ससम्मान समर्थन गर्नुबाट स्ववंशमा धन्य होइबक्सेका***श्री ५ महाराजाधिराज सरकार***को स्वागत अर्चना गर्न पाउँदा हर्षले गद्‌गद भएका छौं सरकार ।

प्रजावत्सल सरकार !

भाषा केवल भाषाकै दृष्टिले मात्र उच्च हुँदैन अपितु त्यसमा रहेका विचार र दर्शनहरू, कला र साहित्य, प्रयोग र प्रविधिहरू एवं संस्कार र इतिहासहरू नै महत्त्वपूर्ण भएका हुन्छन् ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले मनु , व्यास, जनक, याज्ञवल्क्य, गौतम र भरद्वाज आदि तपोधन महर्षिहरूको ज्ञान-विज्ञान र प्रयोग प्रविधिका राशि तथा पौरस्त्य मुनि मनीषीहरूका दार्शनिक चिन्तनहरू र लिच्छविवंश, मल्लवंश र शाहवंशमा समुत्पन्न गुणग्राही राजाहरूका अनुसन्धान कृत्यहरू त्यस्तै अनादि निगमागम समेतलाई संस्कृतभाषाले नै संवहन गर्दै आएको छ र निरन्तर आलोक दिँदै आएको छ । हाल पाश्चात्य मनीषीहरू र अनुसन्धाताहरू समेत यसतर्फ आकृष्ट हुनुले संस्कृतको महत्त्व अझ चम्किएको छ । यस अवसरमा सरकारबाट संस्थापित यस महेन्द्र संस्कृत विश्वविद्यालयमा शिक्षित र दीक्षित विद्वान्हरू नीतिमान आचरणशील सुसंस्कृत अनुशासित एवं राष्ट्रभक्त र राजभक्त भएर सरकारको नेतृत्वमा विश्वमा नेपालको आदर्श फैलाउन समर्थ हुनेछन् भन्ने विश्वास विन्ती चढाउन पाउँदा मन प्रसन्न रहेको छ सरकार ।

पितृभक्त सरकार !

यसै दाङ भूमिमा वि.सं २०२४ सालमा पूज्यपाद स्व. ***श्री ५ महेन्द्र वीर विक्रम शाहदेव***बाट स्वदेशी र विदेशी विशिष्ट विद्वान्हरू एवं शङ्कराचार्य आदि सन्त-महात्माहरू समेतको समारोहमा ऐतिहासिक विद्वत्सम्मेलनको समुद्घाटन गरिबक्सेको थियो । आज फेरि यसै ठाउँमा स्वर्गीय मौसूफ सरकारकै पुण्यस्मृतिमा संस्थापित महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन गरिबक्सेर आफ्ना पूर्वजहरूको गौरवपूर्ण परम्परालाई चम्काइबक्सने युगनायक ***श्री ५ महाराजाधिराज सरकार***को कीर्तिस्तम्भ युगयुगसम्म चम्किरहोस् भन्ने सविनय प्रार्थना गर्दछु सरकार !

राष्ट्रप्राण सरकार !

भगवान् श्री रामको पदार्पण हुँदा अहल्याको जीवन संचार भए जस्तै आज यहाँ ***श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरार***का साथ ***श्री ५ महाराजाधिराज सरकार***को मङ्गलमय सवारी हुँदा यस दाङ्ग भूमि र सरकारको सेवामा समर्पित संस्कृत जगत्मा समेत जागृति स्फुरण भएको छ , संस्कृत वाङ्मय विकासको स्वर्णिम प्रभात उदाएको छ । आज राष्ट्रमा मौसूफकै प्रेरणाबाट राष्ट्रविकासको स्वर्णकाल दृढ हुन लागेको सुअवसरमा सरकारहरूको स्वागत जय जय गान गर्दै संस्कृत विश्वविद्यालयका समस्त सेवकहरूको श्रद्धाभक्ति समन्वित अभिनन्दन चढाउँदछु । सरकार । जो हुकुम, जो निगाह ।

अनन्य - राजभक्त
(डा. हरिदेव मिश्र)
उपकुलपति
महेन्द्रसंस्कृतविश्वविद्यालय

मितिः- २०४५। १०। १९। ४
बेलभुण्डी, दाङ्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. प्रथमः संस्कृतविद्वान्

अस्मिन् वर्षे पूनाकेन्द्रतः नेपालीयः श्री हरिदेव मिश्रः पी.एच.डी. (विद्यावारिधि) परीक्षामुत्तीर्णः । अस्मिन् क्षेत्रे नेपालीयसंस्कृत विद्वद्भिरधिगता एषा प्रथमा सफलता ।

नेपालराजकीयसंस्कृत - महाविदालयस्य तथा त्रिभुवनविशवविद्यालयस्य प्राध्यापकः श्रीमिश्र महोदयः चतुर्धु विषयेषु आचार्यपरीक्षान्तथा एम ए. परीक्षा समुत्तीर्णोस्ति । [१]

४. मिश्रको निधन

जलेश्वर, पुस २ गते । त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष डा. हरिदेव मिश्रको आज गए राति महोत्तरीको नैनीस्थित आफ्नो निवासस्थानमा हृदयगति बन्द भएर ६५ वर्षको उमेरमा निधन भयो ।

महेन्द्र संस्कृत विश्वविद्यालयका भूतपूर्व उपकुलपति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका भूतपूर्व सदस्य डा. मिश्रको श्रीमती, एक छोरा र ५ छोरी छन् । रासस [२]

५. डा. मिश्रको निधनमा शोकसभा

काठमाडौं, पस ६ गते । महेन्द्र संस्कृत विश्वविद्यालयका भूतपूर्व उपकुलपति डा. हरिदेव मिश्रको निधन भएकोमा वाल्मीकि विद्यापीठले अस्ति शोकसभाको आयोजना गरी दिवंगत आत्माको चिरशान्तिको कामना गऱ्यो ।

पीठका प्राचार्य डा. माधव भट्टरा[illegible]को सभापतित्वमा भएको सो शोकसभामा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुल[illegible]कृष्ण आचार्य, शिक्षाध्यक्ष टीका पन्थी, कुलसचिव माधव गौतम, विद्यापीठका सह प्रा. राधाकृष्ण अधिकारीले शोक व्यक्त गर्दै श्रद्धाञ्जलि अर्पण गर्नुभयो । शोक मनाउनका लागि सो विद्यापीठ गत बुधबार बन्द गरिएको थियो ।

यसैगरी त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष डा. हरिदेव मिश्रको असामयिक निधनप्रति शोक व्यक्त गर्दै नेपाल मैथिली समाजले अस्ति यहाँ एक शोकसभाको आयोजना गऱ्यो ।

---

१. "संस्कृत समाचाराः", *जयतु संस्कृतम्* द्वितीये वर्षे चतुर्थ - पञ्चमाङ्कौ, पूर्णाङ्क :- ११-१२, वि.सं. २०१८, आश्विनकार्तिकयोः पृ. ३८ ।

२. गोरखापत्र वर्ष ९१ अङ्क २२०, २०४८ पुस ३ गते बुधवार पृ. ९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त समाजका संयोजक अमरेश नारायण झाको सभापतित्वमा भएको सो शोक सभामा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गर्नुका साथै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गरिएको थियो । [३]

६. संक्षिप्त समाचार

काठमाडौं, पुस ७ गते । नेपाल प्राध्यापक संघको अस्ति यहाँ बसेको बैठकले महेन्द्र संस्कृत विश्वविद्यालयका भूतपूर्व उपकुलपति डा. हरिदेव मिश्रको निधनप्रति गहिरो शोक प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ ।

उक्त बैठक संघका अध्यक्ष श्रीमती सुप्रभा घिमिरेको अध्यक्षतामा बसेको थियो । [४]

७. शोकसभा

काठमाडौं, पुष ९ गते । त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष डा. हरिदेव मिश्रको निधनमा शोक प्रकट गर्न अखिल नेपाल मैथिली साहित्य परिषद्द्वारा यहाँ आयोजित प्रार्थना सभामा एक मिनेट मौनधारण गरी दिवंगत आत्माको चिरशान्तिका लागि प्रार्थना गऱ्यो । यसैगरी त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष डा. हरिदेव मिश्रको निधनमा नेपाल तराई विद्यार्थी भाषा एवं संस्कृति समन्वय समितिद्वारा कीर्तिपुर स्थित स्मृतिभवनमा आयोजित शोकसभामा उहाँप्रति श्रद्धाञ्जलि अर्पण गरियो ।

समितिका अध्यक्ष रमाचरण यादवको सभापतित्वमा भएको सो शोकसभामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा. केदारभक्त माथेमा, प्रा. डा. हर्षनारायण धौभडेल, नेपाल प्राध्यापक संघ त्रि.वि. एकाइका अध्यक्ष डा. कमलकृष्ण जोशी, लोकसेवा आयोगका सदस्य डा. राममोहन महतोले उहाँप्रति श्रद्धाञ्जलिका शब्दहरू व्यक्त गर्नुभयो ।

त्रि.वि. सेवा आयोगका अध्यक्ष एवं महोत्तरी परिवार काठमाडौं तदर्थ मूल समितिका सदस्य डा. हरिदेव मिश्रको असामयिक निधनप्रति महोत्तरी परिवारद्वारा हिजो स्थानीय वाल्मीकि क्याम्पसमा एक शोक सभाको आयोजना गरियो ।

३. *गोरखापत्र* वर्ष ९१ अङ्क २२४, २०४८ पुस ७ गते आइतबार, पृ. २ ।

४. *गोरखापत्र* वर्ष ९१ अङ्क २२५, २०४८ पुस ८ गते, पृ. २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोक सभामा लोकसेवा आयोगका अध्यक्ष प्रा. गणेशराज सिंहले तथा भूतपूर्व मन्त्री भोजराज घिमिरेले श्रद्धाञ्जलि अर्पण गर्नुभयो ।

सभापतिको आसनबाट डा. वीरेन्द्र मिश्रले स्वर्गीय डा. मिश्रको कोही पनि शत्रु नभएकोले उहांलाई हामीले अजात शत्रुको संज्ञा दिनुपर्छ भन्नु भयो । ५

८. डा. हरिदेव मिश्रको निधन

त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष डा. हरिदेव मिश्रको गत पौष २ गते राति महोत्तरीको नैनीस्थित आफ्नो निवासस्थानमा हृदयगति वन्द भएर ६५ वर्षको उमेरमा निधन भयो ।

तत्कालीन संस्कृत महाविद्यालयमा अध्यापनकार्य शुरु गर्नु भएका डा. मिश्रले त्रिभुवन विश्वविद्यालयमा सेवा प्रवेश गरी धेरै वर्षसम्म प्राध्यापनको कार्य गर्नु भयो । यस बीच उहाँ त्रि.वि. संस्कृत विभागको अध्यक्ष पदमा धेरै वर्ष रहनुभयो । संस्कृत विश्वविद्यालयको प्रथम उपकुलपति रहनु भएका स्वर्गीय डा. मिश्र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य पनि हुनुभएको थियो ।

त्रि.वि. सेवा आयोगका अध्यक्ष डा. मिश्रको निधनमा पौष २ गते त्रि.वि. प्रशासकीय भवन कीर्तिपुरमा एक शोक सभाको आयोजना गरिएको थियो । सो अवसरमा त्रि.वि. का शिक्षाध्यक्ष डा. देवेन्द्रराज मिश्रले उहाँको विद्वता र योगदान बारे प्रकाश पार्नु भएको थियो । साथै सभामा एक शोक प्रस्ताव पारित गरी उहाँको शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरियो र एक मिनेट मौन धारण गरियो ।

स्मरणीय छ- श्री ५ महाराजाधिराजबाट कुलपतिको हैसियतले त्रिभुवन विश्वविद्यालय ऐन २०२८ अनुसार सह-कुलपतिको सिफारिशमा गत कार्तिक २९ गते डा. हरिदेव मिश्रलाई त्रि.वि. सेवा आयोगको अध्यक्ष पदमा नियुक्त गरिबक्सेको थियो । ६

९. शोक प्रकट

काठमाडौं, फागुन १ गते । महेन्द्र संस्कृत विश्वविद्यालय सभाको अस्ति बसेको पाँचौं वार्षिक वैठकले सो विश्वविद्यालयका पूर्व उपकुलपति डा. हरिदेव मिश्रको निधनप्रति शोक प्रकट गऱ्यो ।

---

५. *गोरखापत्र* वर्ष ९१, अङ्क २२७, २०४८ पुस ३० वुधबार पृ. २ ।

६. त्रिभूवन विश्वविद्यालय पाक्षिक बुलेटिन, वर्ष २४ अङ्क ४, २०४८ माघ १ गते, पृ. ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैठकद्वारा पारित शोक प्रस्तावमा विश्वविद्यालयका पूर्व उपकुलपति, विश्वविद्यालय सभाका सदस्य, त्रिभुवन विश्वविद्यालय सवा आयोगका अध्यक्ष एवं प्राच्य दर्शनका प्रकाण्ड विद्वान् संस्कृत शिक्षाको उन्नयनको निमित्त सर्वदा प्रयत्नशील प्राध्यापक डा. हरिदेव मिश्रको आकस्मिक देहावसानले देश र खासगरी संस्कृत जगत्मा जुन किसिमको रिक्तता उत्पन्न भएको छ त्यो अपूरणीय रहेको छ भन्दै दिवंगत आत्माको अनन्तकालसम्म चिरशान्तिको कामना गरिएको छ ।

....

....

बैठक विश्वविद्यालयका सहकुलपति एवं शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्री गोविन्दराज जोशीको अध्यक्षतामा बसेको थियो । ७

☆ ☆

७. *गोरखापत्र* वर्ष ९१ अङ्क २७८, २०४८ फागुन २ गते शुक्रबार, पृ. २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३

पूर्वाञ्चलका न्यायका विशिष्ट विद्वान् पुरुषोत्तम भट्टराई

नेपालका विद्वान्हरूमध्येमा पुरुषोत्तम भट्टराईको नाम मैले वि सं. २०२८/०२९ सालदेखि सुन्दै आएको हुँ। यसको धेरै समयपछि विद्वान्हरूको खोज गर्न थालेपछि उनका बारेमा कसरी जानकारी लिने भन्ने कुराको समस्या परेको थियो, *तर तँ चिता म पुऱ्याउँछु* ईश्वरले भन्छन् अरे। सोही ठीक। मलाई पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने धरान जान अनुकूल परेको थिएन, तर पुरुषोत्तम भट्टराईका बारेमा लेख्नु पर्ने थियो। त्यस्तैत्यस्तै कुरा चलिरहेको बेला ज्ञानमणि नेपाल र कोषराज न्यौपानेलाई पुरुषोत्तमका सम्बन्धमा धेरै कुरा थाहा भएको पत्तो पाएँ। कोषराजले त पुरुषोत्तमका बारेमा आफ्नो डायरीमा धेरै महत्त्वपूर्ण कुरा टिपेर राखेका रहेछन्। त्यस्तै ज्ञानमणिलाई पनि अनुभवपरक ज्ञान नकैनै रहेछ। अर्को कुरा, महेन्द्र संस्कृत विश्वविद्यालयको विद्यापरिषद्को बैठकमा भाग लिन पुरुषोत्तम काठमाडौं आएको बेला मैले उनलाई भेट्न धेरै प्रयास गरें तर उनैको कार्यव्यस्तताले भेट हुन सकेन। कोषराजसँग चाहिं जसरी पनि भेट हुन्थ्यो। यसै मौकामा पहिलेका अशुद्धि कुरा सच्याई थप जानकारीसमेत दिलाएर कोषराजले यस अनुसन्धान कार्यमा मलाई ठूलो गुन लगाएका छन्।

पुरुषोत्तम भट्टराईका पुर्खा मध्यमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने सिन्धुपाल्चोक जिल्लाको सिन्धु भन्ने ठाउँबाट भोजपुरको भुल्के भन्ने गाउँमा आएका थिए। त्यसपछि भोजपुरकै सिक्तेलमा वसोवास भएको थियो। अहिले चाहिं धरानको विजयपुरमा स्थायी वसोवासको व्यवस्था गरिआएका छन्। सिन्धु र भुल्के भट्टराईहरूले विर्ता पाएका हुन्। सिक्तेल र धरानको विजयपुर चाहिं पछि किनेको हो। पुरुषोत्तम भट्टराईको जन्म वि. सं. १९८५ सालमा दार्जिलिङ खर्साङ्को दिलाराम भन्ने गाउँमा भएको हो। रोहिणी नक्षत्र वृष राशी परेको हुँदा न्वारनको नाम विष्णुप्रसाद राखिएको थियो। पिताको नाम विष्णुप्रसाद र माताको नाम कौशल्या देवी (संयोगले बा र छोराको नाम एउटै पर्न गयो) हो। पुरुषोत्तम भट्टराई तीन जनासन्तानमध्ये जेठो सन्तानका रूपमा जन्मिएका थिए। माहिला भाइ कृष्णप्रसाद र कान्छा भाइ हरिप्रसाद हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्छा भाइ २४ वर्षको उमेरमा वि. सं. २०१४ साल आश्विन कृष्ण तृतीया तिथिदेखि वेपत्ता भएका छन् । चन्द्रवदना नाम गरेकी एउटी मात्र दिदी थिइन् । भक्तिविलास र रङ्गलाल गरी भएको बुझिएको छ । पुरुषोत्तमका माहिला भाइ कृष्णप्रसाद भट्टराई पनि ज्योतिष र व्याकरणका ज्ञाता छन् ।

पुरुषोत्तम आठ वर्ष हुँदा उनका पिताको अवसान भयो र २०१३ सालमा आमाको पनि देहान्त भयो । उनको अक्षरारम्भ ५ वर्षको उमेरमा आफ्नै पिता विष्णुप्रसादबाट भएको थियो । खर्साङ्मा अक्षर चिन्हेको हुँदा उनी त्यो उमेरसम्म उतै रहेको बुझिन्छ । पुरुषोत्तमको ९ वर्षको उमेरमा व्रतबन्ध भयो । मन्त्र सुनाउने गुरु सिक्तेलका लीलावल्लभ न्यौपाने थिए । १२ वर्षको उमेरमा भोजपुर गोगने निवासी विष्णुकान्त न्यौपानेकी कान्छी छोरी सीतादेवीकासाथ शुभ विवाह भयो । यिनको गर्भबाट ३ छोरा र २ छोरी जन्मेकामा हाल एक छोरी र दुइ छोरा जीवित छन् ।

पुरुषोत्तम भट्टराईले शुरुमा खर्साङ्को दिलाराम स्कूलमा ६ वर्षको उमेरमा साउँअक्षर चिनेका थिए- त्यसपछि गोगने पाठशालामा अध्ययन गरे । यस पाठशालामा केही समय अध्ययन गरी काठमाडौंको रानीपोखरी संस्कृत प्रधान पाठशालामा भरनाभई अध्ययन शुरु गरे । उनले यसै पाठशालाबाट प्रथम परीक्षा पास गरे र त्यसपछि केही समयसम्म रांधानाथ लोहनीसँग ज्योतिषको अध्ययन गरे । योभन्दा पहिले गोगने पाठशालामा पण्डित जयदेव अधिकारी र रानीपोखरी संस्कृत प्रधान पाठशालामा पण्डित बुद्धिनाथ अर्यालसँग पढेका थिए । २००५ सालतिर पुरुषोत्तम अध्ययनका निम्ति बनारस गएको बुझिन्छ । त्यस अवस्थामा एउटा सानु घटना घटेको थियो जुन यसप्रकार छ -

पुरुषोत्तम भट्टराई आफ्नो घर भोजपुरको सिक्तेबाट भागेर धरान पुगे । त्यहाँ पुगेर उनले ***वनारसको सबैभन्दा ठूलो विद्यालय कुन हो ?*** भनी सोधपूछ गरे । सबैभन्दा राम्रो पढाइ हुने उच्च विद्यालय मदनमोहन मालवीयले स्थापना गरेको हिन्दू विश्वविद्यालय भएको कुरा त्यहाँ सब जनाबाट थाहा पाए । त्यसपछि पुरुषोत्तम सरासर वनारस गए । एकजना विद्यार्थीको माध्यमबाट मालवीयसँग भेट भयो र उनैद्वारा नेपाली समूहमा लैजाने कुरा भएपछि पुरुषोत्तम नेपाली धर्मशालामा बसी अध्ययन गर्न लागे । वनारसमा उनले अध्ययन गरेका विश्व विद्यालयहरूमा-धर्म संघ, मारवाडी कलेज, गोयन्का महाविद्यालय, राजकीय संस्कृत महाविद्यालय र साङ्ग वेद विद्यालय हुन् ।

यसबेला अर्को पनि चाखलाग्दो घटना घटेको थियो, त्यो के हो भने- ***बेखर्ची भएर तँ कसरी पढ्छस्*** भनी त्यस नेपाली धर्मशालामा कुनै सज्जनले सोद्धा पुरुषोत्तमले भनेका थिए - ***म गङ्गाजीको पानी पिएर पढ्छु तर कसैको घरमा गएर भान्छे र पूजारीको काम चाहिं गर्दिन ।***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी आत्मविश्वासपूर्वक उनी वनारसमा बसेर पढ्न शुरु गरे । पुरुषोत्तमले पढेका विषयहरूमासंस्कृततर्फ-दर्शनमा सम्पूर्णमध्यमा, नव्यन्यायमा शास्त्री र आचार्य, ज्यौतिष, धर्मशास्त्र आदि मुख्य मुख्य विषयको पनि पुरुषोत्तमले गहिरो अध्ययन गरेका छन् । अंग्रेजीमा आइ. ए. परीक्षा पास गरी गणितमा विशेष ज्ञान आर्जन गरेका छन् । भाषा ज्ञानमा संस्कृत, नेपाली, अंग्रेजी, तिब्बती, उर्दू , बङ्गाली, हिन्दी आदि आदि भाषा पर्न आउँछन् । पुरुषोत्तमलाई नेपालमा पढाउने गुरुहरूको नाम त अघिनै उल्लेख भैसक्यो, वनारसमा पढाउने गुरुहरूको नाम उल्लेख गर्नु पनि यस प्रसङ्गमा मनासिबै देखिन्छ । जस्तै, रामप्रसाद त्रिपाठी, सीताराम झा, पद्मप्रसाद भट्टराई, रुद्रधर झा, आनन्द झा, बालकृष्ण दीक्षित, हरेराम शुक्ल, जयराम शुक्ल, हेब्बर शास्त्री, वद्रीनाथ शुक्ल, केशव द्विवेदी, वामाचरण भट्टाचार्य, सुरेन्द्र शास्त्री र ऋषीकेशमा दण्डी स्वामीसँग वेदान्त पढेका थिए ।

पुरुषोत्तम भट्टराईका पिताको दार्जिलिङ्गमै देहावसान भएको बुझिन्छ । त्यसपछि आमा भोजपुरको सिक्तेलमा आई वसोवास गरेकी हुन् । सिक्तेलको भक्तपुरबाट पुरुषोत्तम गोगने पाठशालामा पढ्न जाने गर्थे । त्यसपछि उनले आफ्नो पुर्ख्यौली थलो भुल्के गाउँ छोडेको बुझिन्छ ।

पुरुषोत्तमलाई वनारसमा वस्दा आर्थिक सहयोग गर्ने मानिस वैदिक गोपालचन्द्र मिश्र हुन् । वनारसबाट हृषीकेशमा पनि उनी अध्ययनका लागि गएका थिए । त्यहाँ पुरुषोत्तमले दण्डी स्वामीसँग पञ्चदशीको अध्ययन गरेका थिए । बनारसमा पढ्न वस्दा उनी राम्रोसँग कहिल्यै सुतेनन् । पढ्दापढ्दै त्यहीं निदाउँथे । । फेरि व्यूँझन्थे, पढ्थे । बस्, यसैगरी पुरुषोत्तमले विद्याआर्जन गरेका हुन् । वनारसमा पुगेर उनले ***सबैभन्दा अपठ्यारा विषय कुन कुन हुन् भनी बुझे । गणित न्याय र विज्ञान सबैभन्दा गाहा विषय हुन्*** भन्ने प्रश्नको जवाफ सबैतिरबाट आएपछि उनले पनि न्याय र गणित घुँडा धसेर पढे । विज्ञान चाहिं दिउँसो पढाइ हुने विषय भएको हुँदा यतातिर उनी लाग्न पाएनन् । न्याय र गणित विषयमा त पुरुषोत्तम घागडान विद्वान् छन् । उनी ज्योतिष, धर्मशास्त्र, व्याकरण, इतिहास पुराण, प्राचीन न्याय आदि सबैजसो विषय पढाउँछन् । यसैले उनले नजानेको संस्कृतको कुनै पनि विषय छैन भन्दा हुन्छ । छन्दशास्त्रमा त सायद नेपालमैं अद्वितीय हुन् कि ? वनारसमा हुँदैखेरी खोटाङ् लामीडाँडाका रुद्रप्रसाद तिमसिनाले छन्दशास्त्रमा पुरुषोत्तमलाई जित्ने प्रयाश गरेका थिए तर सकेनन् ।

अध्ययन गरिसकेपछि पुरुषोत्तम जागीरे जीवनमा प्रवेश गरेको बुझिन्छ । सबैभन्दा पहिले उनी भोजपुर सिक्तेलको बतासेमा ससाना बच्चालाई अंग्रेजी पढाउने काममा लागे । त्यसपछि खार्पा (खोटाङ जिल्ला) को शारदा मिडिल स्कूलमा डेढवर्ष पढाए । वनारसमा बस्दा पनि उनले अनेकौं महाविद्यालयमा न्याय विषय पढाएका थिए । षडानन्द संस्कृत प्रधान पाठशालामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डेढवर्ष, जनता महाविद्यालय दाङमा डेढवर्ष, २०२३/०२४ सालतिर तथ्याङ्क विभाग काठमाडौंमा तीनवर्ष ना सु., टंगाल हाईस्कूलमा केही समय गणितको अध्यापन गरेको र २०२५ सालको भदौ २५ गतेदेखि हालसम्म पिण्डेश्वर संस्कृत विद्यापीठमा प्राध्यापन गर्दैछन् । यसका साथै २०३९ पौष १० गतेदेखि २०४७ सालसम्म सोही विद्यापीठको प्राचार्य पदमासमेत कार्यरत रहेको बुझिन्छ ।

यसरी धरानको पिण्डेश्वर विद्यापीठमा प्राचार्य पदमा रहेर प्राध्यापन र प्रशासनिक कार्य गरिरहेकै बेला शिक्षाध्यक्षको पदमा उनको पदोन्नति भयो । यो पद उनको व्यक्तिगत रुचिको विषय थियो वा थिएन भनेर अल्झिरहनुभन्दा पनि महेन्द्र संस्कृत विश्वविद्यालयमा उनीजस्ता विद्वान्‌को आवश्यकता थियो नै ।

वि.सं. २०४७ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष पदमा मनोनीत भए । उनीजस्ता प्रकाण्ड विद्वान्‌का निम्ति प्रशासनिक पद त्यति सुहाउने होइन । सम्मानका लागि दिनु अलग कुरा हो । जताततै असरल्ल समस्यैसमस्या तेर्सिएको अवस्थामा शिक्षाध्यक्षको पदमा रहिरहँदा आफ्नो नियमित अध्ययनमा समेत बाधा परेको हुँदा २०४८ साल मंसीर २ गते आफ्नो शिक्षाध्यक्षको पदबाट राजीनामा दिए ।

पुरुषोत्तमले पढाएका शिष्यहरू आज यत्रतत्र छरिएका छन् र उनको विद्यावश फैलिरहेको छ । उनका आत्मीय साथीहरूमा टीकादत्त दाहाल (घर खोटाङ), परशुराम न्यौपाने (भोजपुर गोगने), रामसुरेश त्रिपाठी (वनारस) र लेखनाथ भट्टराई प्रमुख छन् ।

पुरुषोत्तमलाई काठमाडौंमा वस्दा आर्थिक सहयोग गर्नेहरू मध्ये रत्न तुलाधर (असन), रत्नप्रसाद श्रेष्ठ (रत्नपुस्तक भण्डारका मालिक), भोटाहिटीको तमाखु पसले, र राधानाथ लोहनी (जसको घरमैं बसेर खाना खाई पुरुषोत्तमले विद्या आर्जन गरेका थिए) मुख्य छन् ।

पुरुषोत्तमले भोजपुरको ओवायुथान सिक्तेलमा ज्ञानमणि नेपालले खोलेको पाठशालामा पनि पढाए । पछि गाउँलेको क्षुद्र राजनीतिक दाउपेच, अरुले गरेको असल काममा रीस गर्ने प्रवृत्ति र त्यो वेलाका निमित्त वि. डि. ओ. नारायण भट्टराईको नीच मनोवृत्तिले ज्ञानमणिको प्रारम्भिक भाषा पाठशाला बन्द भयो ।

पुरुषोत्तम भट्टराई तथ्याङ्कविभागको ना. सु. हुँदा बानेश्वरमा डेरा गरी बसेका थिए । यहाँ बस्ता, मानिसको दिसा हालेर उब्जाएको हुँदा उनी कुनै पनि तर्कारी खाँदैनथे तर रानीपौवाका मूला भेटे भने तर्कारी पकाएर खाने, नभेटे दाल र भात मात्र खाने उनको बानी थियो । त्यो वेला पुरुषोत्तमसँग चारहजार रुपियाँ थियो । वानेश्वर हाइटमा त्यो समयमा त्यत्तिनै रुपियाँले चार रोपनी जग्गा आउँथ्यो । घरपट्टिले *गुरु ! अहिले बानेश्वर हाइटमा एक हजार रोपनीका दरले राम्रो जग्गा पाइन्छ । तपाईँसँग भएका त्यति रुपियाँले चार रोपनी जमीन*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनिराख्नुहोस् । पछि यसको भाउ बढ्नसक्छ भन्दा यो मान्छेको गुहु खाने ठाउँको जग्गा म किन्दिन र भविष्यमा मलाई यो गुहे ठाउँमा बस्न मन पनि छैन भनी पुरुषोत्तमले वानेश्वरको त्यति सस्तो जग्गा किनेनन् ।

पुरुषोत्तम भट्टराई आफैं पनि ज्योतिष विषयका विद्वान् हुन् । चिना लेख्ने, हात हेर्ने जस्तो व्यावसायिक काम उनले नगरेको बुझिन्छ । एकचोटि पुरुषोत्तमले एकजना हस्त रेखा हेर्ने मानिसलाई आफ्नो हात देखाएका थिए । त्यो बेला उसले पुरुषोत्तमको आयु ३२ बर्षभन्दा बढी नभएको कुरा उनी ठोकुवा गरेर बताएको थियो । चिना भने आजसम्म अरु कसैलाई पनि नदेखाएको र उनी आफैंले पनि नहेरेको बुझिएको छ । *लौत अव धेरै वर्ष नबाँचिने भयो* भनी उनले ३२ वर्ष उमेरसम्म गर्नुपर्ने र आफूलाई इच्छा लागेका सबै कामहरू गरेर सिध्याएका थिए, तर ३२ वर्षमा उनको मृत्यु भएन । त्यसपछि पुरुषोत्तमले बाँकी जीवन सत्यका पक्षमा लगाउने अठोट गरे । यो लेख छाप्दाको समयमा उनी ६० वर्ष भएको तथ्य बुझिएको छ । यस अवस्थामा उनी जस्तोसुकै विपत आइपरे पनि सत्यकै पक्षमा अडिग रहेको बुझिन्छ ।

पुरुषोत्तमले आइ. ए. (अंग्रेजी तर्फ) पास गरेका छन् र जम्मा सात ओटा भाषा सिकेको कुरा माथि पनि उल्लेख गरियो । एकचोटि उनी बी. ए. तहको अंग्रेजी साहित्यका पुस्तक किन्नका निम्ति धरानको कोशी पुस्तक पसलमा गएछन् । त्यो बेलामा उनी साधारण भेषभूषामा थिए । अंग्रेजी विषयको बी. ए. तहका पुस्तक किन्न मागेपछि पुस्तक पसलेले पुरुषोत्तमलाई ठूलो स्वरले हप्काएछ -

तपाईजस्ता कर्मकाण्डी बाहुनलाई अंग्रेजीका पुस्तक किन चाहियो ? यसरी पसलेको ठूलो डाको सुनेर पुरुषोत्तमले भनेछन् - *बुझ्यौ साहुजी । तिमी भनेका खीर चलाउने डाडु हौ । डाडुलाईभन्दा खाने मानिसलाई खीरको स्वाद भएझैं तिमी पुस्तक बेच्नेलाईभन्दा मलाई पुस्तकको महत्त्व बढी थाहा हुन्छ ।* उनको यो कुरा सुनेर पुस्तक पसले नाजवाफ भएछ र उसले पनि आफ्नो पसलबाट गुरुलाई चाहिने जति अंग्रेजी विषयका पुस्तक खुरुक्क झिकेर दिएछ ।

खाने मामलामा पुरुषोत्तम भट्टराई ऊष्ट्र प्रवृत्तिका देखिन्छन् । जस्तै:- भेटे ७ दिनको खाना एकैचोटि खान सक्ने, नपाए ७ दिनसम्म भोकै पनि बस्न सक्ने, तर उनी नरिवल, मिश्री खाइरहने भएकाले दह्रा र निरोगीसमेत भएको बुझिन्छ । किनभने मानिस जथाभावी र जेपायो त्यही खाने कुरा खाएर रोगी हुन्छ । खाने कुरामा संयम गर्नाले मानिसको आयु , बुद्धि र बल बढ्छ । आजको भौतिकवादमा लिसो टाँसिएझैं टाँसिने मानिसहरू यस्ता सत्य कुरामा विश्वास गर्दैनन् र नै उनीहरूले क्यान्सर एड्सजस्ता घातक रोगहरूको शिकार हुनु परेको तथ्य सबैका सामु छर्लङ्ग छँदै छ । अरुले पत्याए पत्याऊन् नपात्याए नपत्याऊन् , वास्तविक कुरो चाहिं यही हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. पुरुषोत्तम भट्टराई
जन्म : वि.सं. १९८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिले पहिले पुरुषोत्तम धरानबाट काठमाडौं आउनुपर्दा दिसा धोएर हात धुने माटो र दाँत माझ्ने दतिवनको काठ साथै बोक्थे । काठमाडौंको गुहे माटोले उनी हात धुँदैनथे । अचेल के गर्छन् थाहा छैन । पहिले चाहिं उनी त्यसै गर्थे भनेर मलाई कोषराज न्यौपानेले बताएका हुन् ।

पुरुषोत्तम भट्टराईले एकचोटि एकजना वटुकको चूडाकर्मको साइत हेरिदिएछन् । हेर्दै जाँदा आइतबार साइत जुरेछ । आइतबार कपाल काट्नु पर्‍यो जब कि आइतबार कपाल खौरनु र नङ् काट्नु हुँदैन । शास्त्रसम्मत मुहूर्त दिंदा अज्ञातवस आइतबार कपाल काट्नु हुँदैन भनेर सो कर्म नगरेकोले उनले ज्योतिष शास्त्रको व्यावहारिक पक्ष हेर्न कार्य चटक्क छोडिदिए, तर यो कुरा ज्ञानमणि नेपाल गलत हो भनी बताउँछन् । कोषराज न्यौपानेमार्फत यो लेखको खेस्राप्रति पुरुषोत्तमलाई देखाउँदा उनले यस कुराको प्रसङ्गलाई संशोधन नगरेको हुँदा मैले त्यसलाई हटाउनु आवश्यक ठानिनँ । विद्वान्हरूमा यस्ता प्रवृत्ति नपाइएला भन्न पनि सकिंदैन । अर्को कुरा, कुनै पनि विद्वान्का सम्बन्धमा एकैजनाले बताएको कुरा मात्र ठीक हुन्छ र त्यसैलाई मुख्य प्रमाण मान्नुपर्छ भन्ने छैन कुरा सबैतिरबाट बटुल्नु पर्छ । कुन शुद्ध हो र कुन अशुद्ध हो त्यो त राम्ररी छनविन गरेपछि थाहा भैहाल्छ ।

सर्वोच्च अदालतमा निकै वर्ष पहिलेदेखि पुरुषोत्तमको धरानको जग्गासम्बन्धी मुद्दा चलिरहेको छ । यस मुद्दाको जीतहारका सम्बन्धमा उनी भन्छन्- *सत्यमेव जयते नानृतम् भन्ने उक्ति साँचो हो भने मेरो अवश्य जीत हुन्छ, यो उक्ति झूटो हो भने मेरो हार हुन्छ । ३० वर्ष भन्दा बढी समय म सत्यकै पक्षमा अडिग भएको हुनाले मैले हार्ने वित्तिकै सत्यको तपस्या खतम भयो । त्यसकारण शास्त्र झूटो छैन र म मुद्दा पनि हार्दिन ।*

२०३० साल जेठतिरको कुरो हो । पुरुषोत्तम भट्टराई धरानको पिण्डेश्वर विद्यापीठबाट शैक्षिक भ्रमणमा जनकपुर आइपुगेछन् । साथमा अरु विद्यार्थीहरू पनि थिए । जनकपुरमा उनले ३६ ओटा ठूला ठूला आँप किनेर एकै थलामा बसी खाइसके छन् । यसरी आँप खाएको भोलिपल्टदेखि ३ दिनसम्म केही खाने अनुकूल नमिलेको हुँदा उनी भोकै पनि बसेछन् ।

एकचोटिको कुरा हो । बेलुका कोषराज न्यौपानेका घरमा उनैकी बहिनी गोमाले पकाएका रोटी १५ / २० ओटा खाएछन् । त्यसको कारण भोलिपल्ट खानाको बेटुङ्गो होला भन्ने डरले त्यसरी खाएको हो तर भोलिपल्ट चाहिं खाना खाएरै केशव खतिवडालाई भेट्नजाने निधो भएको हुँदा पुन: पहिलो दिन बेलुकाकैजति रोटी खाएका थिए । खानुभन्दा पहिले पुरुषोत्तमले भनेका थिए- *मैले हिजै बेलुका आजको पनि खप्टेर खाएको थिएँ । अहिले पनि खाँदा अलिक बढी पो हुन्छ कि ?*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक चोटिको कुरा हो । खाना पकाउन लाग्दा कोषराज न्यौपाने र पुरुषोत्तम भट्टराईलाई एक माना र तोयराज नेपाललाई दुई मुठी मात्र खाने भए पनि $\frac{1}{2}$ माना चामल पकाएको थियो तर रौसिएर खाँदै जाँदा तोयराजले शर्तभन्दा बढी खाना खाएको हुँदा अलिकति खाना नपुगेपछि पुरुषोत्तमले भनेछन्- *आज साहिंलाले धोका दियो ।*

वस्तुतः पुरुषोत्तम भट्टराईको जीवनमा यस्ता रमाइला कुरा कैयौं घटेका थिए । यो कुनै हास्य वा व्यङ्गय होइन । संसारका कुनै पनि महापुरुषका जीवनमा कुनै न कुनै किसिमका रोचक कुरा घटेकै हुन्छन् । पुरुषोत्तमका जीवनीमा भएका सबै कुरा सबैलाई थाहा हुनैपर्छ भन्ने पनि केही छैन । कसैलाई कुनै कुरा थाहा हुन्छ त कसैलाई कुनै कुरा । जस्तो -यी माथि लेखिएका कुरा कोषराजले देखे, भोगेका रहेछन् र नै मलाई बताए । मैंले लेखें । ज्ञानमणिले देखे, भोगेका कुरा पनि यहाँ टिपिए ।

पुरुषोत्तम भट्टराईको स्वभाव पनि विचित्रको छ । त्यसैले उनलाई अधिकांश मानिसहरू मन पराउँदैनन् । एउटा न एउटा अनौठो स्वभाव नभएको मानिस संसारमा ठूलो हुन निकै गाह्रो पर्छ । जो विद्वान् हुन्छ ऊ साधारण लवाइखवाइ र व्यवहारमा रमाउन चाहन्छ तर उसलाई समाजका अधिकांश मानिसहरूले तिरस्कार गर्छन्। किनभने मानिसको प्रवृत्ति अन्तर्मुखी भन्दा बहिर्मुखी ज्यादा हुन्छ । टिपटप भएर समाजमा मिल्ने मानिसलाई बहिर्मुखी प्रवृत्ति भएका मानिसले ज्यादा रुचाउँछन् । अन्तर्मुखी प्रवृत्ति भएको मानिस ढाँचा पारेर समाजमा धाक जमाउन जान्दैन । त्यसैले ऊ अरुबाट तिरस्कृत र शोषित हुन्छ । तैपनि ऊ अन्तर्मुखी प्रवृत्ति भएको मानिस कत्ति विचलित हुँदैन र आफ्नो कर्तव्यपथमा अडिग रही गर्नुपर्ने कार्य नियमितरूपमा गरिनै रहन्छ । आफ्नै सुरमा साधना गरिरहनेहरूलाई भवभूतिले यसरी संझाएका छन्-

उत्स्यतेऽस्ति मम कोऽपि समानधर्मा कालोह्ययं निरवधिर्विपुला च पृथ्वी

कुनै पनि असल विचार भएका मानिसका पछिपछि अरु पनि लाग्छन् । त्यस्तै पुरुषोत्तमको व्यक्तित्वलाई राम्ररी जान्ने मानिस वनारसका स्व. रामसुरेश त्रिपाठी, स्व. गोपालचन्द्र मिश्र, लेखनाथ भट्टराई (धरान) र कोषराज न्यौपाने (हाल:- काठमाडौं रामहिटी) भएको बुझिन्छ ।

धरानमा छविलाल र दुर्गाप्रसाद लम्साल महालय श्राद्ध गर्नमा निपुण मानिन्छन् । पुरुषोत्तमले पनि उनीहरूकै संगतबाट महालय श्राद्धमा विशिष्टीकरण गरेका हुन् । उनी विद्वत्तापूर्ण कर्मकाण्ड गर्छन् तर उनमा लोभी स्वभाव भने पटक्कै नभएको कुरा धेरै जनाको मुखबाट सुनिएको छ ।

ज्ञानमणि नेपाल गोगनेको-विद्येश्वर संस्कृत पाठशालामा पढ्न जाँदा पुरुषोत्तम *मध्यसिद्धान्त कौमुदी*को अन्त्य भागतिर पढ्दै थिए । त्यसपछि उनी काठमाडौं आए । २००४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालमा ज्ञानमणि काठमाडौं आउँदा पुरुषोत्तम यहीं थिए । २००५ मा उनी वनारस गए । पछि- ***नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश र पुराना कविता*** प्रकाशनका लागि ज्ञानमणि वनारस गए । परिवारको गुनासो पोखी ***घर जौं*** भनी उनले भने । त्यो बेला पुरुषोत्तम न्यायमा शास्त्री गरी तिब्बती भाषा पढ्दै थिए । ज्ञानमणिकै जोडले पुरुषोत्तम घर फर्किए । ज्ञानमणिले स्थापना गरेको भाषा पाठशालामा उनलाई महिनाको १००।- रु वृत्ति दिएर राखियो । २०१९ सालमा अंग्रेजी स्कूलका मास्टरहरूले उजुर गरी तहल्का मच्चिएको अवस्थामा त्यो बेलाका प्रधान पञ्च पनि उजुरी पक्षकै थिए । जि.शि.नि. नारायणप्रसाद भट्टराईले पाठशाला बन्द गर्न चिठी दिए । ज्ञानमणि कस्सिएर खोटाङ जि. शि. कार्यालयमा गई कुरा बुझ्दा नारायणप्रसादले ***सरजमिनका आधारमा बन्द गरेको*** भन्ने जवाफ दिए । त्यसपछि ज्ञानमणि- **म यो पाठशालाको रोक्का फुकाएर आउँछु** भनी कार्यालयबाट अलिकपरको मूल बाटो समातिसकेका थिए । पछि नारायणप्रसाद भट्टराईले नै बोलाएर ***पाठशाला व्यक्तिगत पठनपाठनका लागि रोक नलाग्ने*** भन्ने पत्र दिएपछि पाठशाला चल्यो । पछि पुरुषोत्तम भट्टराई सो पाठशाला छोडी दिङ्लातर्फ पढाउन थाले । ज्ञानमणिले पनि छोडे । एउटा सानोतिनो घरायसी रूपमा पछिसम्म पनि पाठशाला चल्दै गयो ।

त्यसपछि खार्पाको प्राइभेट पाठशाला र दिङ्लाको षडानन्द संस्कृत पाठशालामा पढाएका पुरुषोत्तम भट्टराई तथ्याङ्क विभागका सुब्बासम्म हुन पुगे । त्यो समयमा उनीसँग भएका ४ हजार रुपियाँ उनले ज्ञानमणिलाई दिए र उनले पनि बाहुनी (मोरङ्ग जिल्लामा) मा अढाइ विघा जग्गा किनिदिए । त्यसपछि पुरुषोत्तम धरानमा न्याय पढाउन थाले । यसरी धेरैजसो विषयका विद्वान् मूलतः पूर्वाञ्चलका न्यायका विशिष्ट विद्वान् पुरुषोत्तम भट्टराईका सम्बन्धमा ज्ञानमणि र कोषराजले वताएका कुरालाई आधार मानी संक्षिप्त जीवनी लेखियो ।

विद्वत्ताको बास्ना सबैतिर फैलिएको हुन्छ । व्यक्तिबाट होइन, उसको व्यक्तित्ववाट ऊ सवैतिर फिंजिसकेको हुन्छ । पुरुषोत्तम भट्टराई संस्कृतका धुरन्धर विद्वान् हुन् । उनले आजसम्म कुनै पनि कृति नलेखेको बुझिन्छ, तर अध्ययन र अध्यापनका फाँटमा उनको प्रगाढ पाण्डित्यको प्रस्फुटन भैरहेको छ । पुरुषोत्तम नेपाल राष्ट्रका गौरव हुन् । जीवित अवस्थामै उनको पाण्डित्यको समुचित मूल्याङ्क भई कदर हुनुपर्ने देखिन्छ ।

पुरुषोत्तमले कोषराजलाई चिठीमा लिखित सामग्री पठाएका थिए । त्यसमा एउटा श्लोक पनि समावेश भएको थियो । जुन श्लोक तल प्रस्तुत गरिएको छ ।

आयुष्मन् कोषराज शर्मन् ।
वृद्धिस्त उत्तरोतरा
विलम्बो विस्मृतेरे व दोष
संसर्गजो न मे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री स्रोत

१. कोषराज न्यौपाने, रामहिट्टी
२. ज्ञानमणि नेपाल, कलङ्कीस्थान
३. पुरुषोत्तम भट्टराई, धरान (कोषराज न्यौपाने मार्फत् लिखितरूपमा जानकारी उपलब्ध)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४
निम्बार्क वेदान्तका विशिष्ट विद्वान् हरिशरण उपाध्यायको पाण्डित्य

परिचय

वि. सं. २०४१ साल असौज महीनाको २८ गतेदेखि जनक शिक्षा सामग्री केन्द्रको सम्पादन शाखामा सम्पादक अधिकृतको पदमा जागीर खान शुरु गरेपछि कृष्णशरण लम्साल र मेरो चिनापर्ची भयो । हामी त एउटै विषयका र सँगै काम गर्ने साथी रहेछौं । यसरी संस्कृत र नेपाली विषयको कार्य सम्पादन यौटै, उनले र मैले व्याकरणमा मध्यमा र साहित्यमा आचार्यसम्मको अध्ययन गरेको भए पनि प्रतिभाका दृष्टिले हामी दुइ जनामा आकाशजमीनको फरक थियो । कृष्णशरण लम्साल तीक्ष्णबुद्धि भएका र निर्भीक व्यक्ति रहेछन् । कार्यसम्पादनका सन्दर्भमा कसैले केही कुरा सोध्यो भने उनी झ्वाट्ट उत्तर दिन सक्थे । (कहिले काहीं अड्किनु अलग कुरा हो) तर मेरो मगजमा गोबर भरिएरै होला म भने जवाफै दिन नसक्ने । यस्तै हो - कसैको स्मरणशक्ति तीखो हुन्छ त कोही बोधा हुन्छन् । हामी एकचोटि आफ्नै हात हेरौं त । यी किरिङमिरिङ रेखाहरू समान नभए जस्तै हातका औंलाहरू पनि त बराबर छैनन् । मैले यसैबाट चित्त बुझाउने गरेको छु । जेहोस्, यो प्रसङ्ग यहीं टुङ्ग्याऔं ।

मैले नेपालको विद्वत्परम्परा विषयमा एउटा पुस्तक लेख्ने विचार गरें । यो पुस्तकमा कृति लेख्ने र नलेख्ने दुइटैलाई समावेश गर्ने विचार गरें । हुनत कृति लेख्ने भन्दा नलेख्नेको विद्वत्ता कता हो कता गहिरो हुन्छ । कृति लेख्न धेरै योग्यता चाहिंदैन । अलिअलि पढेर लेख्ने अभ्यास गऱ्यो भने त्यो लेखक बन्नसक्छ । (यो पनि विषय अनुसार हुन्छ) तर विद्वान् हुन धेरै पढ्नु त पर्छ पर्छ साथै पढेको कुरा बारम्बार आवृत्ति गरिरहनु , योग्य विद्यार्थीहरूलाई तल्लो कक्षादेखि उच्च कक्षासम्म दैनिक अध्यापन गर्नु , आचारनिष्ठ हुनु , सिद्धि प्राप्त भएको हुनु , स्वयंपाकी हुनु , अरुले दिएको खाने कुरा नखानु ज्यादै आवश्यक छ । मैले खोजेका विद्वान्हरूमध्ये कृति लेख्ने भन्दा नलेख्ने बढी विद्वान् भएको पाएँ तर कुनै चाहिं कृति लेख्ने पनि कम विद्वान् रैनछन् । त्यसैले मैले यी दुइटैलाई यो पुस्तकमा समावेश गर्न खोजेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकचोटि कुराको प्रसङ्गमा कृष्णशरण लम्सालले काका हरिशरण उपाध्याय लम्सालको चर्चा गरे । चर्चा सुन्दा तिनलाई पनि, नेपालको ***विद्वत्परम्परामा*** समावेश गरूँ जस्तो लाग्यो । त्यसपछि मैले आफ्ना काकाका सम्बन्धमा तथ्य सामग्री उपलब्ध गराइदिन कृष्णशरणलाई केही प्रश्नहरू दिएँ । प्रश्नको उत्तर त उनले लेखकै रूप बनाएर ल्याइदिए । त्यसैले यसका लागि म उनलाई यथोचित धन्यवाद दिन्छु र हरिशण उपाध्याय लम्सालका सम्बन्धमा प्राप्त भएको लेखका आधारमा उनको जीवनीका केही कुरा उल्लेख गर्न चाहन्छु ।

पुर्ख्यौली इतिहास

हिजोआजको अवस्थामा लम्साल थरका रूपमा कहलिएका मानिसहरूको मूलपुर्खा- भगवान् विष्णुको नाभिकमलबाट उत्पन्न भएका ब्रह्माका दशभाइ छोराहरू मध्ये सातौं संख्याका भृगु ऋषि हुन् । यी ब्रह्माजीका त्वचाबाट उत्पन्न भएका हुनाले तीव्रगतिशील तथा वायुवेगशाली थिए । कुनै समयको एक दिनमा त्रिदेव (ब्रह्मा , विष्णु , महेश) को गुण वरूप परीक्षा गर्न सबै ऋषिहरूले यिनै भृगुलाई खटाए । यिनी ज्यादैनै शक्तिशाली तपस्वी र सच्चा ब्राह्मण थिए । त्यसैले भृगुले नै त्रिदेवको परीक्षा गर्ने अभिभारा लिएका थिए, तर परीक्षाको तरीका एकदमै भिन्न भिन्न थियो । विष्णु भगवान्को परीक्षा गर्दा उनको वक्षस्थलमा पादप्रहार गरे । एक किसिमले भन्ने हो भने यो उनको ठूलो साहस थियो । भगवान् विष्णुले भृगुपाद चिन्हलाई ब्राह्मगको प्रसाद संझिएर श्रद्धापूर्वक धारण गरे । वास्तविक रूपमा भन्ने हो भने भृगु तपस्या गर्ने ऋषि मात्र थिएनन् । उनी त एक महान् दार्शनिक, याज्ञिक, ज्योतिषका विशिष्ट ज्ञाता र धेरै शास्त्रहरू पढेका महान् पण्डित थिए । ब्रह्मज्ञानका सम्बन्धमा ***भृगुवल्ली*** नाम गरेको तैत्तिरियोपनिषद्मा एउटा तान्त्रिक प्रकरण छ भने, ज्योतिष शास्त्रमा त यिनले रचना गरेको ***भृगु सांहिता*** ज्ञानविज्ञानको क्षेत्रमा प्रख्यात छ । यज्ञद्वारा बलिमा अजेय शक्तिको आधान गर्ने यिनै भृगु हुन् । यिनी कान्यकुब्ज (कन्नौज) मा रहन्थे । भृगु निरवच्छिन्न रूपमा यात्रा गर्दथे । कुनै एक समयमा यिनले नेपालको यात्रा गरेर यहाँ पनि आसन जमाएको तथ्य धार्मिक र ऐतिहासिक रूपमा प्रष्ट हुन्छ । यिनले आसन जमाएकै ठाउँलाई हिजोआजसम्म पनि ***भृगुकूट*** (भीरकोट) नामले प्रख्यात छ । नेपालको राजनीतिक विभाजन अनुसार पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने स्याङ्जा जिल्ला पहिले यही ***भीरकोट*** प्रदेश अन्तर्गत पर्थ्यो । इतिहासका विशिष्ट विद्वान् योगी नरहरिनाथले पनि यसै वस्तुसत्यलाई स्वीकार गरेका छन् । वस्तुत: शुद्ध रूपको ***भृगुकूट*** शब्द भाषिक अपभ्रंश हुँदै जाँदा ***भीरकोट*** भएको हो ।

धार्मिक पुस्तकहरूको अध्ययन र ऐतिहासिक मननबाट पनि यो कुरा सिद्ध हुन्छ कि यिनका पुत्र र प्रपौत्रहरू नेपालकै भूभागमा बसेका थिए । यिनैका सन्तानमध्ये च्यवनऋषि भगवान् श्रीकृष्णसँग नेपाल आएका थिए । भृगुका ऋचीक नाम गरेका छोरा थिए । यी पनि पिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुरूप ठूला तपस्वी, ज्ञानी र विद्वान् ब्राह्मण भए । यिनले बरुणबाट एक हजार श्यामकर्ण घोडा लिएर गाधीको शर्त पूरा गरी उनैकी कन्या सत्यवतीसँग विवाह गरेका थिए । गाधी कुशका छोरा हुन् । यिनी पूर्वी नेपालमा बस्थे । गाधीकी छोरी सत्यवतीबाट ऋचीकका जमदग्नि नामक छोरा जन्मिए । जमदग्निकी आमा सत्यवती कालान्तरमा गएर पवित्र जलशायिनी कौशिकी नदी भइन् । यसबाट यो कुरा सिद्ध हुन्छ कि ऋचीक - सत्यवती हिमालयको काखमा बस्थे । यसैबाट कौशिकी नदी भएर बहेको (बगेको) सत्यसावित हुन आउँछ । जमदग्निको विवाह रेणु ऋषिकी छोरी रेणुकासँग भएको थियो । रेणुकाको गर्भबाट वशुभान् वत्स, परशुराम आदि गरिएका धेरै भाइ छोराहरू जन्मिए । वत्स गोत्र प्रवर्तन गर्ने महान् ऋषि भए । बत्स गोत्रमा पाँच प्रवरपुरुष मानिन्छन् । जस्तै भार्गव, च्यवन, आप्तवान, और्व र जामदाग्न्य । जमदग्निको परम्परामा वत्स गोत्र पर्छ र वर्तमान समयमा लम्साल थरका रूपमा प्रसिद्ध भएका मानिसहरू यसै परम्पराका हुन् । कुनै स्थलवाची नामबाट थर भएको हो भन्छन् । यसैले लम्साल थरका मूलपुरुष पनि कान्यकुब्जवासी भएकाले समष्टिमा भन्दा कान्यकुब्ज र व्यष्टिमा भन्नुपर्दा त्यस्तै विभिन्न स्थलका आधारमा लम्साल, रूपाखेती, दाहाल, राणा आदि थरहरू प्रसिद्ध हुँदै गएका हुन् । वत्स नाम गरेका ऋषिले नेपालको कुन ठाउँलाई अलङ्कृत पारेका थिए भन्ने कुरा यो प्रसङ्गमा तुरुन्त पत्ता लाग्न सकेन, तर यिनैका छोरा वात्स्यायन पोखरामा रहेको बुझिन्छ । पोखराको ***सल्यान*** भन्ने ठाउँ नै वात्स्यायनको कर्मभूमि भएको प्रमाणित भएको छ । यिनले लेखेको ***काम सूत्र*** ज्यादै महत्त्वपूर्ण ग्रन्थ हो । फ्रायडले यसैका आधारमा आफ्नो सिद्धान्त प्रतिपादन गरेका हुन् भने वात्स्यायन र महर्षिको क्वकडकै ***काम सू***त्रलाई पश्चात्य जगतका कामशास्त्रीहरूले विषयवस्तु अक्षरशः नक्कल गरेका छन् । यिनीहरूमा केवल भाषिक भिन्नता देखिन्छ । यो त भयो लम्साल थरको पौराणिक र ऐतिहासिक परम्पराको संक्षिप्त विश्लेषण ।

आधुनिक इतिहासमा लम्साल थरका दुइटा आधारहरू देखापरेका छन् । एकथरी विज्ञजनहरू भन्छन् - पोखराबाट एक जना कुनै प्रभावशाली पुर्खा जुम्ला (जम्बूला) तिर गई लम्बशूल (मूलस्थल) लमशूल- लंशूल-लंसुमा गई वसोवास गरेका हुँदा लंसु भन्दा - भन्दै जिब्रो फट्कारिदै जाँदा लम्साल भएका हुन् भन्ने एकथरीको भनाइ छ भने अर्काथरीको भनाइ छ - नेपालको राजधानी काठमाडौंबाट पूर्वोत्तर भेगमा पर्ने ***नक्साल*** मा वसोवास गरेका हुनाले ***नक्साल*** भन्दाभन्दै ***नक्*** का ठाउँमा ***लम्*** भनिन लागेको हो । यस किसिमका किवदन्तीहरूलाई प्रमाणका रूपमा ठाडै स्वीकार्न नमिले पनि प्रसङ्गवश चर्चासम्म गर्न सकिन्छ । यसमा तर्कवितर्क जेसुकै भए पनि लम्सालहरू ऐतिहासिक युगदेखिनै छन् । यो कुरा पक्का हो ।

यी लम्साल थर भएका मानिसहरू स्याङ्जा जिल्लामा को कहिले आए ? यसको तथ्य आजसम्म कसैले बताउन सकेको छैन, तर आज खास स्याङ्जा भनिने ठाउँमा मूलरूपमा लम्सालहरूनै छन् । त्यहाँ एक जना श्यामराज नाम गरेका लम्सालले वसोवास गरेका हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्याङ्जा नाम रहेको हो भन्ने जनश्रुति छ । स्याङ्जा जिल्लामा चाहे जुम्ला जिल्लाको *लंसु* भन्ने ठाउँबाट आएका लम्साल हुन् चाहे काठमाडौं जिल्लाको नक्सालबाट आएका हुन् - यहाँ धेरै संख्यामा लम्सालहरू रहेका छन् । यहींबाट लम्सालहरू अन्त गएका हुन् । यसै सन्दर्भमा स्याङ्जा ज़िल्ला अन्तर्गत *चित्रे भन्ज्याङ* गाउँ विकास समिति वडा न ४ को छिपुङ्ग (श्रीपुङ्ग) भन्ने पर्वत शिखरमा श्रीधर लम्साल ब्राह्मण आई वसोवास गरेका तथ्यहरू फेला परेका छन् । हरिशरण उपाध्याय लम्साल भन्दा १० पुस्ता माथिका पुर्खा यीनै श्रीधर हुन् । दशौं पुस्तासम्मका सबै नामहरू पत्ता नलागे पनि श्रीधरकै वशमा देवदास लम्साल भए । यिनी वैष्णव सम्प्रदायमा दीक्षित भए भन्ने कुरा यिनको नामबाटै स्पष्ट छ । देवदासका छोरा लक्ष्मीनारायण भए । लक्ष्मीनारायणका छोरा काशीनाथ जन्मिए काशीनाथका ३ भाइ छोरा भए । तीमध्ये जेठा मणिरत्न उपाध्याय (मधुसूदशरणन), माहिला लीलाधर उपाध्याय र कान्छा गणपति उपाध्याय भए । मणिरत्न उपाध्यायका तुलसीशरण उपाध्याय र हरिशरण उपाध्याय गरी दुई भाइ छोरा भए । साथै जीवमाया र पद्मावती नामका दुइटी छोरी पनि भए । तुलसीशरण उपाध्यायका एउटी छोरी राधा र एउटा छोरा कृष्णशरण लम्साल जन्मिए ।

हरिशरण उपाध्यायको जन्म कुलीनखोला, चित्रे भन्ज्याङ गाउँ विकास समिति वडा नं. ४ (स्याङ्जा) मा विक्रम संवत् १९८८ साल माघ कृष्ण अमावास्या तिथि श्रवण नक्षत्र शनिबारको दिन भएको हो । चलनचल्तीको नाम हरिशरण र न्वारनको नाम खोमराज थियो । यिनका पिता मणिरत्न उपाध्याय र माता यमुनादेवी हुन् । हरिशरणको उपनयन संस्कार आठ वर्षको उमेरमा भएको हो । ठूलीफुपूका माहिला छोरा भानिज दाजु शेषकान्त उपाध्यायले गायत्री मन्त्र सुनाएका हुन् । उनले वैष्णवी दीक्षा श्रीसार्वभौमाचार्य (भारतबाट प्राप्त प्रसिद्ध पदवी) श्रीभगवतशरण देवाचार्यज्यूबाट लिएका हुन् । अक्षरारम्भ चाहिं ५ वर्षको उमेरमा आफ्नै पिता मणिरत्न उपाध्यायबाट भएको हो । त्यसपछि उनले श्रीमद्भगवद्त गीताको अध्ययन गरे । यस प्रसङ्गमा एउटा कुरा उल्लेख गरिहालौं । १९ वर्षको उमेरसम्म व्याकरण पढ्नु हुँदैन भन्ने कुरा लम्सालहरूमा रूढी थियो, यस अन्ध रूढीले गर्दा हरिशरण मूढकल्परूपमा थिए ।

यस्तो नचाहिंदो रूढीलाई उनैका दाजु तुलसीशरण उपाध्यायले तोडिदिएका हुन् । उनकै साथ लागेर हरिशरण पनि २००७ सालको मार्ग महीनामा भारतको वृन्दावन भन्ने ठाउँमा गए ।

त्यसपछि वृन्दावनमा रहेको निम्बार्क संस्कृत महाविद्यालयका प्राचार्य वैद्यनाथ झाबाट व्याकरणको प्रारम्भिक अध्ययन भयो । हरिशरणले ईस्वी संवत् १९५२ मा प्रथम परीक्षा उत्तीर्ण गरे । त्यसपछि १९५३ देखि गोवर्द्धनमा रहेको माधव संस्कृत महाविद्यालयका प्राचार्य गणेशदत्त पाण्डेसँग आचार्य परीक्षासम्म व्याकरण अध्ययन गरे । यसै प्रसंगमा शास्त्री द्वितीय वर्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. हरिशरण उपाध्यायका गुरु

पं. गणेशदत्त पाण्डेय

जन्म : वि.सं. (?)

देहान्त : वि.सं. (?)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परीक्षामा उत्तरप्रदेशभरका विद्यार्थीहरूमध्ये द्वितीय स्थान प्राप्त गरेको हुँद। राजकीय छात्रवृत्तिबाट समेत उनी पुरस्कृत भएका थिए । व्याकरणाचार्य परीक्षा द्वितीय श्रेणी र वेदान्ताचार्य परीक्षा प्रथमश्रेणीमा उत्तीर्ण गरे ।

यसरी विद्यार्थी अवस्थादेखिनै मिहिनेत गरेर पढेका हरिशरण उपाध्याय लम्साल संस्कृतमा कविता लेख्न पनि ज्यादै नै रुचि राख्दथे । त्यसैले प्रतिभाशाली सिद्धहस्त कविका रूपमा पनि उनको स्थान छ । सर्वेश्वर, वृन्दावन, भारती, जयपुर, दिव्यज्योति, शिमला, जयतु संस्कृतम् , आदि पत्रपत्रिकाहरूमा उनका असंख्य कविता प्रकाशित भएका छन् । पुस्तकाकारमा लेखिएका, छापिएका र नछापिएका कृतिहरूको विवरण यसप्रकार छ ।

१.	सभ्यता प्रकाशः	(संस्कृत पुस्तक) प्रकाशित
२.	शब्दब्रह्म शतकम्	" "
३.	महेन्द्र विजयशतकम	अप्रकाशित
४.	इन्दिरा शतकम्	"
५.	निम्बार्काभिधानम्	(नाटक) प्रकाशित
६.	हिन्दूधर्म नेपालमा	अप्रकाशित (अभिनीत)
७.	श्रीभगवत्शरण देवाचार्यजीको	जीवनवृत्त प्रकाशित
८.	पञ्चायती परम्परा: एक साँस्कृतिक अध्ययन	अप्रकाशित
९.	नेपाल, वैष्णव धर्म र श्री ५ महेन्द्र	प्रकाशित

उनको लेखाइ ज्यादै गहिरो छ । प्रत्युत्पन्न मति भएका मानिसबाट यसकिसिमका महत्त्वपूर्ण रचनाहरू लेखिन सक्छन् । हरिशरण उपाध्यायले लेखेको शब्दब्रह्म शतकम् भन्ने पुस्तकबाट एउटा उदाहरण प्रस्तुत गरौं ।

ओङ्कारे परमेश्वरेऽस्ति नभिदा चोङ्कार एकाक्षरं
ब्रह्मेति प्रतिपादितं भगवता पुंसस्तु तद् ध्यायत:
मोक्षो निश्चित इत्य संशयमहो स्पष्टं विपश्चिन्बी मतम्
ओङ्कार: परमेश्वरोबुधजनै र्ध्येय: सदा सर्वदा

प्रस्तुत पद्यमा ओङ्कार र परब्रह्ममा कुनै भेद नभएको वस्तुसत्यलाई बडो गहिरोसँग प्रतिपादन गरिएको छ । कविको प्रतिभा दार्शनिक तरङ्गमा तरङ्गित हुँदै गइरहेको छ । त्यस्तै ***सभ्यता प्रकाश***मा कवि लेख्छन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नधर्म शास्त्राणि पठन्ति केचिन्नमानसे चास्तिकतास्ति शेषा ।
अधीयते म्लेच्छ गिरः प्रसन्ना हा हन्त । केयं पुरुष प्रवृत्तिः
नब्रह्मचर्यं परिपालयन्ति नोपासते ब्रह्म परं मदान्धाः ।
पित्रोरनुज्ञामवहेलयन्ति वधूगिरं प्रेमतयाऽऽचरन्ति ॥

यसरी आजको विश्वमानवसमाजमा व्याप्त भएको मानवीय सभ्यताको विनाश प्रसङ्गमा हाम्रो सभ्यता के हो ? अचारविचार र धारणाहरू के थिए र के भए भन्ने कुरालाई काव्यात्मक शैलीमा राम्ररी अभिव्यक्ति दिइएको छ । कृतिहरू पढ्दा हरिशरण आस्तिक कविका रूपमा देखापरेको कुरा प्रत्यक्ष अनुभव गर्न सकिन्छ । यसै सन्दर्भमा अर्को कुरा पनि उल्लेख गरिहालौं - ***काव्येन हन्यते शास्त्रम्*** भन्ने उक्तिलाई कवि हरिशरणले मिचेरै गएको देखिन्छ । किनभने उनी शास्त्रमा पारङ्गत छन् र कविता देवीको आराधनामा पनि संलग्न भएर उनले त्यत्तिकै सफलता प्राप्त गरेको देखिन्छ ।

ईस्वी संवत् १९५८ देखि अध्यापकका रूपमा संलग्न भए । १९६३ देखि निम्बार्क संस्कृत महाविद्यालयमा दर्शन विषयको विभागाध्यक्ष पदमा समेत कार्यरत हुनपुगे र हाल उनी यसै महाविद्यालयको प्राचार्य पदमा सेवारत छन् ।

हरिशरण उपाध्याय विद्वान् हुन् साथै कवि पनि । उनी राजनीतिमा संलग्न छैनन् । विद्वान् तथा कविले राजनीतिमा लाग्नु त्यति राम्रो कुरा होइन कि जस्तो मलाई लाग्छ । हो, राजनीति र प्रशासनिक पदमा योग्यताको कदर हुँदै गएपछि र त्यहाँ पनि उच्च बौद्धिक क्षमता भएका मानिसको आवश्यकता महसुस हुन थालेपछि भने अलग कुरा हो । साधारण मानिसको वोलवाला भएको अवस्थामा योग्य व्यक्ति राजनीति र प्रशासनमा लाग्नु आफ्नो क्षमताको दुरुपयोग गर्नु हैन र ? किनभने साहित्य, कला, संस्कृति, ज्ञानविज्ञानका सारा कुरा स्थायी हुन् र राजनीति भने अस्थायी कुरा हो । त्यस्तै हरिशरण उपाध्याय राजनीतिमा प्रत्यक्ष संलग्न नभए पनि यसमा सहभागी भएका आफन्त नेताहरूलाई हितैषीका नाताले सुझाव दिने बानी भने उनको रहेको देखिन्छ । जस्तै भारतका तत्कालीन प्रधान मन्त्री इन्दिरा गान्धीलाई भारतको त्यसबेलाको अव्यवस्थाका सम्बन्धमा एउटा पत्र लेखेका थिए । आपत्कालीन अवस्थामा यस किसिमको पत्र लेख्न हरिशरणले ठूलै साहस गरेका हुन् , तर विद्वत्ताको कदर गर्ने इन्दिरा गान्धीले सो पत्रमा उल्लेख भएका कुरालाई अत्यन्त गौरवशाली महसुस गरी आफ्नै हस्ताक्षरबाट ७ दिनभित्रै धन्यवाद दिएकी थिइन् । श्रीमती इन्दिरा गान्धीसँग उनको दुइचोटि साक्षात्कार भएको थियो । यस्तै किसिमले हरिशरणले यसैगरी २ पटक भारतमा स्व. श्री ५ महेन्द्रसँग दर्शनभेट पाएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिनव शंकराचार्यका नामले प्रख्यात भएका धर्मसम्राट् स्वामी करपात्रीजी महाराज तथा पूरी पीठाधीश्वर शङ्कराचार्य निरञ्जनदेव तीर्थज्यूसँगै हरिशरणले सत्सङ्गा गर्ने अवसर पनि पाएका थिए। उनले समय -समयमा उनले मानसम्मान पनि प्राप्त गरेका छन्। जस्तैः- सन्- १०।४।१९७६ मा अजमेर (राजस्थान) अन्तर्गत सलेमावाद स्थित ***सर्वेश्वर संस्कृत महाविद्यालय***का तर्फबाट अभिनन्दन ग्रहण गरेका थिए। त्यस्तै रेखा गुप्ता एम. ए. को ***व्रजके संस्कृत विद्वान् और कवि*** नामक शोध प्रबन्धमा हरिशरणको विशेष उल्लेख भएको छ। उनका आत्मीय साथीहरू पनि त्यस्तै सत्सङ्ग प्रेमीनै भएको बुझिन्छ। ज्ञानेश्वरशरण ज्ञवाली (देवेश्वर सरस्वती) नरहरि उपाध्याय उनका आत्मीय साथीका रूपमा देखापरेका छन्।

हरिशरण उपाध्याय लम्सालको विवाह तनहुँ किहुँ गाउँ विकास समितिको वडा नं. ५ बोमा भन्ने ठाउँमा कमलादेवीसँग भएको थियो। यिनबाट माधव लम्साल र देवेन्द्र लम्साल गरी दुइभाइ छोरा जन्मेका छन्। हाल उनी स्याङ्जाबाट नवलपरासी जिल्लाको गैंडाकोटमा बसोबास गरेका छन्। उनी सात्विक भोजन गर्न रुचि राख्छन्। जस्तो घ्यूमा पकाएको भुजा, हरियो बोडी उनलाई प्रियलाग्ने खानेकुरा हो। दैनिक पूजापाठमा पनि उनको केही समय बित्छ। शालिग्राम पूजा, वैदिक, विधिपूर्वकको पाठ, जपमा उनी दिनहुँ संलग्न हुन्छन्। विद्वान, कवि र सात्विक विचार भएका हरिशरण उपाध्याय लम्साल नेपालको विद्वत्परम्पराका एक विभूति हुन्। यो त संक्षिप्त जीवनीपरक अनुसन्धान मात्र भयो। उनको व्यक्तित्वको हरेक पक्षमा शोधपरक कृति लेखिनुपर्छ। संस्कृत भाषामा लेखिएका उनका कृति महाविद्यालयस्तरको पाठ्यक्रममा समावेश हुनुपर्छ। अनि वल्ल उनको पाण्डित्यको कदर गरेको ठहरिने छ।

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. अनन्त श्रीविभूषितानामभिनवशङ्कराचार्यत्वेन प्रख्यातानां
धर्मसम्राट् श्रीहरिहरानन्द सरस्वति मुख्याभिधानां
स्वामि श्रीकरपात्री महाभागानां
शब्दब्रह्मशतकं प्रति

सोद्गारं शुभाशीराशिः

श्रीहरिशरणोपाध्यायविरचितं शब्दमहिमप्रकाशकं शब्दबह्म शतकाभिधं पुस्तकं न्यदर्शि । शतकेऽस्मिन् प्राच्यनव्यविचारपराः सद्युक्तिसध्री-चीनाः शास्त्रीयसिद्धान्तसमीचीना विज्ञान निकषासीनाः काश्चनापूर्वोपत्तयोप्युपन्यस्ता दृश्यन्ते । शतकमिदमस्मिन् नास्तिकप्रायवातावरणेऽमुष्याञ्च विषमाया परिस्थितौ गभीर कुतर्क गर्त पतितायां धर्मशास्त्रमर्यादायां कान्दीशिके चास्तिक समाजे महद्रुपकारि भविष्यतीति द्रढीयान् मे विश्वासः । कविकल्पो युवा विद्वान् धर्मधुरन्धरः सन् धर्मदायित्वनिर्वाहेऽग्रणीः स्यादिति हार्दिकी शुभाशीराशिः ।

स्वामी करपात्री
धर्मसङ्घ शिविर, वृन्दावन
१४-३-१९७९

२. धर्मशास्त्रसदाचारैकाधाराणां गोरक्षार्थं समर्पितजीवनानामत
एव त्यक्त सिंहासनानां पूरीपीठाधीश्वराणां श्रीशङ्कराचार्याणां
श्रीनिरंजनदेवतीर्थ पादानां शब्दब्रह्मशतकं प्रत्यभिव्यक्तो

✪ हार्दिकः सद्भावः ✪

श्रीहरितत्त्वाभिन्नं श्रीहरिशरणेन विदुषा विरचितम् ।
शब्दब्रह्मशतकं मनीषिणां मुदे नास्तिकमनोनुदे च स्यात् ॥
तीर्थो निरञ्जनः सम्यक् शतकस्य समीक्षया ।
तद्गतेन विचारेण सुतरां संप्रसीदति ॥

(श्रीशंकराचार्य) श्रीनिरंजनदेव तीर्थ
१३-३-१९७९ धर्मसङ्घ शिविर, वृन्दावन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. हरिशरण उपाध्याय
जन्म : वि.सं. १९८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारत की प्रधामन्त्री श्रीमती इन्दिरा गान्धी की

✪ शुभ कामना ✪

प्रधान मन्त्री भवन
नई दिल्ली
११ मार्च, १९७६

प्रिय श्री उपाध्याय,

आपका ५ मार्च का पत्र और आपके द्वारा रचित संस्कृत श्लोक मिले । आपकी सद्भावनाओं के लिये धन्यवाद ।

श्रीहरिशरण उपाध्याय
श्रीनिम्बार्क महाविद्यालय
वृन्दावन (मथुरा)

भवदीया,
इन्दिरा गान्धी

श्री सर्वेश्वरो विजयते

४. ॥ श्री भगवन्निम्बार्क महामुनीन्द्रायनमः ॥

नेपालराज्यान्तर्गत स्याङ्जामण्डले लव्धजन्मनां व्याकरणवेदान्ताचार्य पदप्रतिष्ठितानां वृन्दावनमस्य

श्री निम्बार्क संस्कृतमहाविद्यालयस्य दर्शनविभागाध्यक्षाणां पण्डित प्रवराणां श्री हरिशरणा उपाध्याय महोदयानां करकमलयो: सादरं समर्पितमिदं

अभिनन्दन- पत्रम्

विद्वद्वरेण्याः ।

अतीव हर्षस्य विषयोऽयं यदत्र श्री निम्बार्काचार्यपीठद्वारा सञ्चालिते विद्यालये भवतां शुभागमनमजनि । वहवो नेपालदेशीयाश्छात्रा भवदनुग्रहेणैव विविधशास्त्रेषु निपुणतापूर्वकं स्नातकोत्तरपरीक्षासु साफल्यं सम्प्राप्य स्वदेशस्य समाजस्य सेवायां संल्लग्नाः सन्ति । गोवर्धनस्य कवर्गीय श्री माधवसंस्कृतमहाविद्यालये प्रारम्भतः आचार्यपर्यन्तमधीत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याकरणविभागाध्यक्षपदमलंकुर्वद्भि: अनन्तरं वृन्दावनस्थ कवर्गीय श्री निम्बार्कसंस्कृतमहाविद्यालये दर्शनविभागाध्यक्षपदमलङ्कुर्वद्भिश्च भारतीया नेपालीयाश्चान्तेवासिन: शास्त्रकुशला: व्यवहारपटवश्च कारिता: ।

लोकव्यवहारविचक्षणा: ।

भवद्भि: छात्रजीवने एव वृन्दावने नेपालीछात्र संघस्य स्थापनां कृत्वा सफलतापूर्वकं चिरं सञ्चालनं कृतम् । यतो हि विद्याध्ययनेन सह छात्रा: सर्वव्यवहारकुशला जाता: सम्प्रति च जायन्ते । यथा व्याकरणवेदान्तसाहित्य प्रभृति विषयेषु भवतामप्रतिहता गतिस्तथैव राजनीतौ लोकव्यऽहारेपि स्वभावसिद्धा निपुणता दृश्यते । न केवलं शास्त्रे व्यवहारे एव अपितु निजसम्प्रदायसिद्धान्तानुकूलं शास्त्ररचनाकौशलं भगवद्भक्तिनिष्ठत्वं च परिपूर्णं विद्यते श्रीमत्सु । नेपालराष्ट्रे श्रीनिर्म्बार्क सम्प्रदायप्रचारनिरतेभ्य: प्रात: स्मरणीयसार्वभौमाचार्य श्री १०८ श्री भगवत्शरणदेवाचार्येभ्यो वैष्णवींदीक्षां गृहीत्वा भवद्भि: स्वदेशे वैष्णवताया: प्रचुर:-प्रचार: कृत: । य: कोऽपि वैष्णवतां प्रति किमप्याक्षिपति तस्य शास्त्रीय पद्धत्या शास्त्रार्थपूर्वकं समाधानं सद्य एव विधीयते तत्र भवद्भि: । परमं वीतरागा: तत्र भवतां अग्रजा: पं. श्री तुलसीशरण महाराजास्तु अनवरतं नेपालराष्ट्रे श्री निम्वार्क सम्प्रदायस्य भूयान्सं-प्रचारं प्रसारञ्च विदधति । एतेन वयं सर्वे गौरवान्विता: स्म: ।

परम सरल हृदया: ।

दया औदार्यां सरलता प्रभृतिगुणास्त्वलङ्कारवत् भवन्तं सदा विभूषयन्ति । शास्त्रेषु दार्शनिक विदुषां प्रमाणचर्चा विभिन्नरूपेण परिलक्ष्यते । तत्रोत्तरमीमांसकैरौपनिषदै: प्रत्यक्षानुमानशब्दानां प्रमाणत्वं स्वीकृतं तत्रापि भवद्भि: पूर्वाचार्यसिद्धान्तानुसारं शब्दप्रमाणं मुख्यं मत्वा शब्द ब्रह्म शतकं श्रेष्ठतमं काव्यं रचितम् । सभ्यता प्रकाशेऽपि आधुनिकजीवनस्य स्वाभाविकं चित्रणं वरिवर्ति । एमतत्खण्ड काव्यं तु श्री मद्भि: विद्यार्थी जीवने एव विरच्य प्रकाशितम् ।

अस्माभिर्भूयो भूय: प्रार्थ्यन्ते भवन्त: यत् भविष्येऽपि सर्वदा स्वप्रतिभाप्रसाद प्रदाय स्वसम्प्रदायस्य समाजस्य देशस्य च अनिर्वचनीया सेवा विधास्यत इति । वयं तु हर्षातिरेकेण कामप्युचितां सेवां कर्तुं न पारयाम: केवलं हृदयोद्भवभावसुमनाञ्जलिं समर्पयाम: ।

श्रीमतां कृपाभिलाषिण:.

श्री सर्वेश्वरसंस्कृतमहाविद्यालय श्री निम्बार्कदर्शनविद्यालययीया

अध्यापकाअन्तेवासिनश्च

श्री निम्बार्क मुद्रणालय, निम्बार्कतीर्थ (सलेमाबाद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. श्रीयुगलनिकुञ्जकेलि गीतम्

हरिरनुखेलति राधिकया सह हीरकतोरणमाले ।
निसृतरसामृतसिन्धुतरङ्गे कुञ्ज तटे सुविशाले ॥
व्रतति वितानविलासमनोहरहेमविभामयशाले ।
शशिकिरणोपम यामुन सैकतदिव्यकदम्बरसाले ॥

सुरजनवाञ्छित दिव्य रज:कणशोभनपक्षिमराले ।
नवरसरञ्जित सौभ्यतरंगित यामुननीलिमचाले ॥
मरकतकान्तिमये कमनीयककल्परसारुहमूले ।
स्मितमुखसभ्यसखीजन सेवित दिव्यनिकुञ्ज सुकूले ॥

परमसुपावनयामुनसैकतमण्डलमण्डितशाले ।
अतिसुचमत्कृत हेम सुमौक्तिक हीरकदिव्यप्रवाले ॥
अमृतसरोवरदिव्यमनोरममोहनमन्दिरकेले ।
सुविमल भक्ति सरोज सुषट् पद प्रेमि शिरोमणि मेले ॥

श्रीवनकुञ्जे केलिविशेषे राधे ! देहि निदेशम् ।
सुललितमालमनोहर कृष्णं त्वाञ्च सुसेवेऽशेषम् ॥
युगलपदाम्बुजयुग्म मजस्रं सेवे प्रेमरसेशम् ।
किमपिच कार्यमनन्तर कार्यं कुर्वे प्रतिसन्देशम् ॥

कलितसुलीलं कृष्णमुपास्यं राधारूप विलासम् ।
मधुरमुखाभं वीक्षितुमीहे कृष्णापटतट वासम् ॥
विमलयमुनातीरविभागे सुन्दररासविलासम् ।
अनुपल मीहे दृष्टुमनन्तं युवयो: प्रेम विशेषम् ॥

प्रेम सुधारस मत्तमुदारं सख्यांवृत्तसंवेशम् ।
युगल मनावृत्त नेत्र पंक्तिभिर्वीक्षे श्रीकुञ्जेशम् ॥
नव कुसुमस्रजमर्पयितुं किल चेष्टे ते प्रतिवासम् ।
नव फल मिष्टरसा नहमर्पय आशां पूरय रासाम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री हरियुगलं नौमि उदारम् ।

धृतकरपुट गोवर्धनभारं व्रजजनताऽऽकुलताप्रविदारम्
विहितस्वजनपालनसंभारं कृतयमुनातटरसविहारम् ।
वितरितपरमानन्दप्रचारं विदलितदनुजाऽऽचार विचारम् ।
प्रकटित करुणा वरुणाधारं सकलेश्वरसत्कृष्णामुदारम् ॥

श्री हरियुगलं नौमि रशेशम् ।

सुमधुरशुभलीलारस काशं समुरीकृतसमजीववि‌कासम्
कृतस्वजनेच्छितवस्तुप्रकाशं शमनीकृतसमभक्त पिपासम् ।
निखिलनिगमसंवेद्यविभासं शकलीकृतजनदुःखविपाशम्
विहितजनहितोत्साहविलासं सुवशीकृतसमसंसृतिहासम् ॥

श्री हरियुगलं नौमि रसाख्यम् ।

सुमधुरवंशी वादनसन्क्तं व्रजवनिताकृतिवीक्षणसक्तम्
नवनवलीलोद्भावनदक्षं खादितमथुरा याज्ञिकभक्तम् ।
प्रमुदितमनसा रक्षितभक्तं करुणालयकमलानन सक्तम्
इति हरिभणितं गीतमशुष्कं जनते । जप यदि वाच्छसि सौख्यम् ॥

✪ श्री सर्वेश्वरो जयति ✪

संस्कृत-सौदामिनी

ययिन्नर्माणकला नितान्तरमणी द्रष्टुर्मनोमोहिनी
वर्गेष्वाद्यमवाप्तवान् प्रगतितो यो भव्यभाविक्रमः।
यो वै संस्कृत शिक्षणस्य कृतिषु क्रातिं नवां वाञ्छति
साऽयः शोभत ऋद्धितामभिलाषन्निम्बार्क विद्यालयः ॥
("हरिः")

संरक्षक

पूज्यपाद अनन्त श्री स्वामी श्री अखण्डानन्द जी महाराज

प्र. सम्पादक — श्री वैद्यनाथ झा, प्रधानाचार्य

सह सम्पादक — श्री हरिशरण उपाध्याय, दर्शनविभागाध्यक्ष

श्री निम्बार्क संस्कृत महाविद्यालय, वृन्दावन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. सर्वगुण सम्पन्नापि संस्कृतभाषा कथमुपेक्षिता

दर्शनविभागाध्यक्षाः आशुकवयः श्रीमन्तः हरिशरणशास्त्रिणः श्रीनिम्बार्क सम्प्रदायस्योदीयमानलेखकाः वक्तारश्च सन्ति । वस्तुतः एवंविधा विद्वांस एव भवन्ति सम्प्रदायस्यालंकाराः । देशस्य सर्वोच्चनेतृभिर्यदा कदा स्वकीये भाषणे लेखने च संस्कृतस्य विषये महत्त्वपूर्णे प्रकाशे प्रदीयमानेऽप्यद्यत्वे सर्वसाधारण जनतायां तद्विषये या हीनभावना दरीदृश्यते तया विदूयमानमानसैः सहृदयलेखकै स्तां संस्कृत सम्वन्धि हीनभावनामपाकर्तुं संस्कृतस्य महत्त्वविषये ये युक्तिसंगताः शास्त्रसम्पातश्च हेतवो दत्ता स्तैरवश्यं संस्कृतस्य भूयान् प्रचारः प्रसारश्च स्यातामित्याशास्ते ।

(सम्पादकः)

नीतिर्धर्मविधिः समाजपरिधिर्विज्ञानमाविष्कृति :
अर्थोवश्यकरोऽपवर्गमहिमा मन्त्रो महासंविधिः ।
ऋद्धिः सिद्धिरनन्त दिव्यसुचमत्कारः शुभा संस्कृतिः
सर्वं संस्कृतभारतीषु निहितञ्चान्यत्र चेत् चोरितम् ॥

सर्वभाषाजननी संस्कृतभाषा–

को नु खलु जनो न जानाति सर्वजनीनायाः सर्वभाषाजनन्याः सर्वमनोहारिण्याः पुण्यपीयूषधारावर्षिण्याः सन्मार्गदर्शिन्याः संस्कृतभाषाया निरतिशयं महत्त्वम् ।

एकः शब्दः सम्यग् , ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके च कामधुग् भवति इति निर्देशतो यस्याः सुज्ञानसुप्रयोगाभ्यामेव जनाः स्वर्गलोकपूज्यत्वं सर्वकामदोग्धृत्वञ्च समधिगच्छन्ति ।

ओंकार एव सर्वा वाक् सैव स्पर्शोष्मभिर्व्यज्यमाना वह्वो नाना रूपा भवति इति श्रुतिप्रमाणतो निश्चितमिदमेषा सुरभारती न केवलं भारतीय विभिन्नभषाणामेव प्रत्युत विश्वविभिन्नभाषाणामुपादानत्वमधिकरोति

यथा एकस्यैवा द्वितीयस्योपादानकारण भूतस्य परब्रह्म परमात्मनो विभिन्नाकृतिरूपाणि चराचराणि जगन्ति दृश्यन्ते, यथा चैकस्या एव उपादानकारणभूताया मृत्तिकाया विभिन्नाकृतिरूपाणि घटशरावादिभाण्डानि दृश्यन्ते तथैव एकस्या एवोपादानकारणभूताया ओंकाररूप संस्कृतवेदवाण्याः ***अ इ उ. ॠ ऌ ऋ‍ा क ख ग.*** आदिविभिन्नाकृतिरूपाणि अक्षराणि पदानि वाक्यानि च दृश्यन्ते । ओंकारवागात्मको वेदः खलु अनादिरस्ति" परब्रह्मणो निःश्वासभूतत्वात्" "निश्वसितमेतस्य ऋग्वेदो यजुर्वेद" इत्यादि श्रुतेः । अथच भगवतो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुखारविन्दगतस्य नासिकामाश्रितस्य दिव्याकाशस्यानादित्वेन तद्गुणभूतस्य ओंकाररूपवेदशब्दस्यापि अनादित्वं त्रिकालाऽवाध्यं तर्कं सम्मतञ्चास्ति ।

ब्रह्माण्डभाषा संस्कृतभाषासीत्

सर्वप्रथमं ब्रह्माण्डरचना काले कस्याश्चन भाषाया आवश्यकताऽवश्यमभवत् स्यात् तदा ब्रह्मणा का भाषाङ्गीकृता भवेदितिविचिकित्सायां" *आदौ वेदमयी दिव्या वागुत्सृष्टा स्वयंभुवा* इतिस्मृति वचनतः सिद्धिमेतत् तदा ब्रह्मणा वेदमयी दिव्या संस्कृत भाषैव ब्रह्माण्डभाषात्वेनाङ्गीकृतेति" कदाचिदपि कुत्रचिदपि कस्मिंश्चिदपि लोके राष्ट्रे समये वा कस्याश्चन भाषाया माध्यममवश्यमेवापेक्षितं भवति, अन्यथा सृष्टेर्मूकत्वेना किंचित्कत्वापत्तः, स्यात्,

सर्वेषां तु स नामानिकर्माणि च पृथक् पृथक् ।
वेदशब्देभ्य एवादौ पृथक्संस्थाश्च निर्ममे ॥

इति मनूक्तितः स्पष्टमस्ति ब्रह्माण्ड रचना समये वेद संविधानानुसारं संस्कृतभाषैव ब्रह्माण्डभाषासीदिति" इदानीमपि संस्थानामाश्रमाणां वस्तूनां जीवानाञ्च वेदेश्वर संकेतानुसारि नामानि व्यवह्रियमाणानि दृश्यन्ते ।

आधुनिकैरन्वेषकम्मन्यै भाषातत्त्वविचारकैरापि विद्वभ्दिः सर्वभाषातः संस्कृतवेदभाषायाः प्राचीनत्वमङ्गीकृतमस्ति । संस्कृत वेदभाषामतिरिच्य नान्या काचन भाषा प्राचीनास्तीति सर्वैरेव विपश्चिदपश्चिमैः पाश्चात्यैश्च भाषा विज्ञानिभिः सुतरां स्वीकृत मस्ति संस्कृतभाषातः पूर्वमन्यस्याः कस्याश्चन भाषायाः सत्तां नासीदिति विषये समेषां विपश्चितामैक्यमत्यमस्ति ।

ब्रह्मणः सृष्टिमये किंवा ततोऽपि परिवर्तिनि समये च सर्वस्मिन्नेव विश्वस्मिन् संस्कृतभाषायाः साम्राज्य मासीत् , सर्वेऽपि विश्ववासिनः संस्कृतभाषामाध्यमेनैव व्यवहरन्तिस्म । वैयाकरण महाभाष्ये भगवता पतञ्जलिना उषिताः तीर्णाः कृतवन्तः पक्कवन्तः इत्यादिभिः पर्यायवाचिभिरेव शब्दै र्व्यवहारनिर्वाहे जाते उष, तेर, चक्र, पेच, इत्यादिशब्दानां प्रयोगानर्हत्वमाशङ्कथ-तदुत्तर प्रसङ्गे समुद्घोषितं यत् -

"सर्वेऽप्येते शब्दा देशान्तरेषु प्रयुज्यन्ते, नैवोपलभ्यन्ते, उपलब्धौ यत्नः क्रियताम् , महान् शब्दस्य प्रयोग विषयः सप्तद्वीपा वसुमती त्रयोलोकाश्चत्वारो वेदाः साङ्गाः सरहस्या बहुधा भिन्नाः एक शतमध्वर्यु शाखाः सह्त्वस्रवर्त्मा सामवेदः एकविंशतिधा वाहवृच्यं नवधाथर्वणो वेदो वाको वाक्य मितिहासः पुराणां वैद्यक मित्येतावान् शब्दस्य प्रयोगविषय एतावन्तं शब्दस्य प्रयोगविषयमननुशिष्य सन्त्यप्रयुक्ता इति वचनं केवलं साहसमात्रमेव । एतस्मिञ्चाति महति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दस्य प्रयोगविषये ते ते शब्दास्तत्र तत्र नियतविषयो दृश्यन्ते-तद्यथा शवति र्गति कर्मा कम्वोजेषु (कम्वोडिया देशेष ु) भाषितो भवति विकारमेनमार्या भाषन्ते हम्मति सुराष्टैषु (काठियाबाढ देशेषु) रंहति प्राच्यमध्येषु दातिलवनार्थे प्राच्येषु दात्रमुदीच्येषु" इत्यादि महाभाष्य कारवचनैः प्रतीयते यत् सप्तद्वीपायां वसुमत्यां संस्कृतभाषायाः सत्तासीत् । न केवलं सप्तद्वीपायां वसुमत्यामेव प्रत्युत त्रिषु लोकेषु किंवा चतुर्दशसु भुवनेषु संस्कृतभाषाया अधिराज्यमासीत् ।

अतिप्राचीन समयस्य का कथा राज्ञो भोजस्य मयेऽपि राष्ट्रभाषा संस्कृतभाषैवासीदिति प्रतीयते । तदा कृषकाहलिनः पाचका इन्धनान्वेषका भारवाहकाः कर्मकरा भृत्याः स्त्रियो वालाः शूद्रा अन्त्थजा अपि संस्कृतभाषामेव वदन्ति स्मेति । एकदा भोजराजः कञ्चनेन्धनभारवाहकं पृष्टवान् -

भूरिभारभराक्रान्त तव स्कन्धं नबाधति ।

भारवाहकेनोक्तम् -

भारो न बाधते राजन् तथा बाधति बाधते

इति किम्बदन्त्यानुमीयतामेको भारवाहकोऽप्येवं संस्कृतं वदन्तिस्म चेत्तदा विद्वांसः कथंविधा आसन् भवेयुः । एवमैतिहासिकवृत्तैः ज्ञायते तदा संस्कृतभाषा जनभाषासीत् ।

सैषा भाषा इदानींकालप्रभावतस्तत्तदेशगत प्रकृति विपरिणामाच्च विकृतिमापन्ना सती तत्त द्देशगतभाषा रूपेण दृश्यमाना वर्तते । यथा जीवात्मब्रह्ममानपशुपिपीलिकाकीटपतंग देहादिगतं सत् तदेवेतीदानीं परिचेतुं न शक्यते तथैवेयमपि संस्कृतवाणी तत्त द्देशगतनानाप्रकृतिप्रभावमापन्ना सती सैवेति परिचेतुं मशक्यैव ।

संस्कृतभाषायां करणार्थे **डु कृञ् करणे** धातोः **डु** अनुबन्धं विहाय सप्रत्ययः करोति इति कृधातुः प्रयुज्यते । आंग्लभाषायान्तु, करणार्थे अस्माकं **डु कृञ्** करणे धातोः केवलमस्माभि त्यक्तः *O* अनुबन्ध एव प्रयुज्यते । एवं हि भाषाविकारो बोध्यः ।

संस्कृत भाषाया महत्त्वम्

अस्माकं संस्कृतभाषा सरला सरसा मधुरा प्राञ्जला व्यवस्थिता व्याकरणानुगता नियतनियमा एकरसा आनन्दप्रदा च वर्तते । संस्कृतभाषायां यदक्षरं तदेवोच्चारणम् । उच्चारणे च सुगमता पठने च पुण्यजनकता भावे च सरसता लेखने च सरलता दर्शने च सुन्दरता श्रवणे च श्रुतिप्रियता भाषणे च मधुरता भवति, अन्यस्यां भाषायान्तु एकमक्षरमन्य दुच्चारणम् , उच्चारणे न क्लिष्टता पठने च अधर्मजनकता भावे च नीरसता लेखने च कठिनता दर्शने च भयङ्करता श्रवणे च कर्णकटुता भाषणे च रुक्षता भवति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Light लाइटशब्दस्योच्चारणमक्षरानुपूर्व्यनुसारं *लिघ् ट* इति भवितव्यं किन्तु gh अक्षरयोरुच्चारणं न जाने क्वगतं भवति । C अक्षरं कदाचित्ककारस्य कार्यं करोति कदाचित्सकारस्य । s अक्षरं कदाचिज्जकारस्य कार्यं करोति कदाचित्सकारस्यैव । U अक्षरं कदाचिदुकारस्य कार्यं करोति कदाचिदकारस्य, कति गणयेयं कतिवर्शयेयम् ? किमियमनियत नियमापि भाषा भवति , लेखे एकमक्षरमुच्चारणे तदेवान्यत् किमिदं व्याकरणं भवितुमर्हेत् ?

अत: सगर्वं घोषयितु शक्यते संस्कृतभाषाया: समानो नियम: संस्कृत भाषाया: समानं महत्त्वं संस्कृतभाषाया: समानं व्याकरणं संस्कृतभाषाया: समानमौदार्य संस्कृतभाषाया: समानं लोकोपयोगित्वं संस्कृतभाषाया: समानं माधुर्यं संस्कृतभाषाया: समानं सौन्दर्यं संस्कृतभाषाया: समानं गौरवं संस्कृतभाषाया: समानमुभयार्थ साधकत्वं संस्कृतभाषाया: समानं व्यापकत्वं नान्यासां कासाञ्चन भाषाणामस्ति ।

संस्कृतभाषायां कस्य वस्तुनोऽभावोऽस्ति किंन्नास्ति । आयुर्वेदशास्त्रं नीतिशास्त्रं अर्थशास्त्रं समाजशास्त्रं भूगोलशास्त्रं खगोलशास्त्रं गणितशास्त्रमितिहासशास्त्रं तन्त्रशास्त्रं धर्मशास्त्रं शस्त्रशास्त्रं विज्ञानशास्त्रं देवविद्या ब्रह्मविद्या भूतविद्या क्षत्रविद्या नक्षत्रविद्या सर्पदेवजनविद्या, पाकविद्या, कामविद्या, शिल्पविद्या इत्यादि सर्वमपि संस्कृतभाषायां मिलति ।

मानवानां जन्मत आरभ्य यावत्संस्कारा: यावन्ति च कर्तव्यानि सर्वाण्यापि संस्कृतभाषायामुपदिष्टानि । मानवानां यावज्जीवनं किं कर्तव्यं का किल दिनचर्या-प्रात: कदा किमर्थमुत्थातव्यमुत्थाय च किं विधेयं शौचं कथं कर्तव्यं स्नानप्रक्रिया का कथं कदा वा सन्ध्योपास्या पाक: कथं कुत्र वा कर्तव्योभोजनं कथं कर्तव्यं कस्मै कस्मै वा देयं दिने नियत कार्यं कया रीत्या सम्पाद्य रात्रौ कथं शयितव्यं-किं कर्तव्य किं किन्न कर्तव्यं किं द्रष्टव्यं किन्न द्रष्टव्यं किं भक्ष्यं किमभक्ष्यं क्व गन्तव्यं क्व नगन्तव्यं किं वक्तव्यं किन्न वक्तव्यं को जीवात्मा क: परमात्मा किं शरीरं किं जगत् का माया किं ज्ञानं किमज्ञानं को मानव: को दानव: क: पशु: को ब्राह्मण: को वैश्य: क: क्षत्रिय: क: शूद्र: कोऽन्त्यज: कस्या जाते: किं किं कर्तव्यं किमर्ज्य किनार्ज्य किं पापं किन्न पापं को धर्म: कश्चाधर्म: क: स्वर्ग:-को नरक: का मुक्ति: का च भुक्ति: कुत: सृष्टि: कस्मिन् लय: किं तत्त्वं को व्यवहार: कश्च व्यापार: का कृषि: का राजनीति: का समाजनीति: का धर्मनीति: का व्यवहाररीति: का अर्थनीति: का ग्राह्यभिक्षा का श्रेष्ठप्रेक्षा इत्यादि समस्तपक्षाणां तथ्यपूर्णं युक्तियुक्तं समाधानं धर्मशास्त्राण्येव कुर्वन्ति ।

नैतावन्मात्रं संस्कृतभाषाया महत्त्वम् । वर्ततेऽन्यदपि वैज्ञानिकं चमत्कारपूर्णं तथ्यभूतं माहात्म्यम् । ऋग्वेदस्य महत्त्वपूर्णं विज्ञानचमत्कारं को नाम भारतीयो न जानीते । यस्य वेदस्य वास्तविक रहस्यं ज्ञात्वा पाश्चात्यैर्वैज्ञानिकैर्विज्ञानपूर्णं जगदकारि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दगुणकमाकाश मित्यस्य आकाशं खलु शब्दगुणकं भवतीति विद्यार्थिन: पाठयित्वा वयं सन्तोषमनुभवाम: कृतकृत्यताञ्चावहाम: । किन्तु इटलीदेश वास्तव्येन वैज्ञानिकेन मार्कोनिना शब्दगुणकमाकाशमित्यस्माकं प्रमाणनिर्देशानुसारं ***वायर लेश-रेडियोऽ पर नामकमाकाशवाणीयन्त्राविष्कृतमिति नापरोक्षं स्यात्प्रेक्षावतान्तु ।***

पुष्पयान-वायुयान-धूम्रयान-राकेश (राकेट) यानाकाश वाणीयन्त्र-विद्युदाविष्कारविधीनां प्रक्रिया च संस्कृतवैदिक ग्रन्थेषु उपलभ्यत एव । पाश्चात्यै: कोविदैर्भारतीय वैदिक साहित्येभ्य: विज्ञानकलामासाद्य चाकचिक्यपूर्णमकारि सर्वमपि जगत् । भारतीयेभ्य आर्येभ्य: सर्वापि कला पाश्चात्यैरासादिता भारतस्यार्यावर्तक्षेत्रमेवार्यजनकमित्यत्र न कश्विचत्सन्देह: । भारतीयेभ्य एवार्येभ्यो विश्ववासिनो मानवशिक्षामासाद्य मानवत्वमधिगतवन्त: विज्ञानशिक्षां समधिगत्य वैज्ञानिकाश्चाभवन् इत्यादि सुनिश्चितमेव ।

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मन: स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्या सर्व मानवा: ।

इति मनोरुद्घोषानुसारं भारतीया एव शिक्षका अन्ये शिष्या: इति । अध्यात्मवादो वा भवतु विज्ञानवादो वा अर्थविद्याभवतु राजविद्या वा समाजविद्याभवतु धर्मविद्या वा योगविद्या भवतु शिल्पविद्या वा भूगर्भविद्या भवतु नक्षत्रविद्या वा यत्किमपि भवतु तत्सर्वं भारतीय सम्पदिति पाश्चात्यैरधिगता । ***जनके जनक इति वै जना धावन्ति*** इति बृहदारण्यकोपनिषत्प्रमाणतो जनकराजा दध्यात्मविद्यामधिगतवन्त हति ।

मैक्समूलरप्रभृतय: पाश्चात्या जिज्ञासवो भारतमागत्यमानवजीवन स्येति कर्तव्यातां भारतीयग्रन्थोपलब्धां विज्ञान कलां ज्ञात्वा स्वदेशं गत्वा स्वभाषया तत्प्रचारश्च कृत: इति दिशा भारतदेशो विश्वगुरुरिति नातिशयोक्ति: ।

एकादशशताब्दमरव दशीयोऽलवेभ्रुनोनामको विद्वान् भारतमागत्य संस्कृतभाषामधीतवान् , गीतायां स मन्त्रमुग्धश्च जात: । मुगलसम्राट् शाह जहांनामकस्य ज्येष्ठ पुत्रो दाराशिकोह उपनिषदां महत्त्वपूर्णं कीर्तिं श्रुत्वा ता उपनिषद: पारसीभाषायामन्ववादयत् । अस्या: पारसीभाषाया अनुवाद: फ्रांसीसीभाषायाभभवदितीहासविदां मार्ग: ।

इमञ्च फ्रान्सीसीभाषानुवादग्रन्थं जर्मन देशीयप्रसिद्धविद्वान्शोपेन हरोऽधिगतवान् । तं ग्रन्थमधीत्यात्यन्तं स प्रभावित: शोपेहनरो लिखति -

In the whole world there is no study so elabating of that of the Upnishods it has been the salaes at my life.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् सम्पूर्णेऽस्मिन् विश्वस्मिन् उपनिषदोविहाय नान्यः कश्चनाध्ययन निषयोऽस्ति यो मम जीवनमुञ्चैरुत्थापयेत् इतीतिवृत्ततो ज्ञायते पाश्चात्या अपि विद्वांसो जानन्ति संस्कृतभाषाया महत्त्वम् । कुर्वन्ति च तस्याः समादरम् । उपयोजयन्ति च तां जीवने । अधीयते च प्रेम्णा ....

श्रूयते इदानीमपि जर्मनराष्ट्रे प्रतिदिनमेकवारं सरलसंस्कृतभाषया आकाशवाणीतः समाचारः प्रसार्यते । अत एषा संस्कृतभाषा इदानीमपि विश्वमान्या स्तीति सुतरां वक्तुं शक्यते । किन्न भवेत् । वेदव्यासमहर्षेरियं घोषणा वर्तते ***यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्कचित्*** इति । यत्संस्कृतभाषायामस्ति तद्वस्तु चान्यंस्यां भाषाया मपि सम्भवेत् यद्वस्तु संस्कृतभाषायां नास्ति तदन्यत्र न स्या देवेति । एवंविधापि भाषा कथमुपेक्षिता ।

एवं खलु सर्वगुणसम्पन्नायां संस्कृतभाषासंपदिसत्यां किमर्थं वयमुपेक्षिता इव प्रतिभामः, किमर्थञ्चात्महीनतामनुभवामः, कथं वा वयं भारतीयाः संस्कृत विद्वांसः संस्कृतभाषायाऽऽ कराद्विज्ञानचमत्कार निधि निष्काशयितुमसमर्थाः जाताः किमधुनातना नवयुवानः संस्कृतज्ञान् परिहासयन्ति, आलोचयन्ति च संस्कृतज्ञा अव्यवहारिका भवन्ति, इति कथमेवमभूत् किमस्त्यत्र कारणम् !

विचारणीयमेतत्-त्रुटिरस्ति खलु अधुनातनसंस्कृतपाठनप्रणाल्याः । संस्कृत विद्वद्भिरस्माभि : संस्कृतभाषाधीताः पाठिताश्च विद्यार्थिनः किन्तु तत्प्रयोगात्मकोपयोगो न कृतो वा न ज्ञातः । केवलं पठनपाठनयोरेव सीमितैषा भाषा । पाठयित्वा विद्यार्थिनो गुरवो हि कृतकृत्या भवन्ति, पठित्वा च विद्यार्थिनोऽपि कृतिनो भवन्ति । एतावानेव सन्तोषः ।

केचन विद्वांसस्तु ***अर्थवदादिसूत्राणां*** शास्त्रार्थविषयमवलम्ब्य वृथा समयमेव यापयन्ति-शास्त्रार्थद्वारा कञ्चन प्रतिपक्षिणं पराजयितुं यतन्ते , तत्र स्वकीयशुष्कव्यक्तित्वस्थापनमेव स्वकर्तव्यं प्रौढपाण्डित्यञ्च मन्वते । न तत्प्रौढपाण्डित्यं न तद्वैदुष्यं न सा चातुरी न सा कला यत् स्वकीयशुष्क व्यक्तित्वस्थापन एव सीमितं भवति । न सा प्रणाली अधुनातने समयेऽर्थोपयोगिनी परमार्थोहयोगिनो वा । विवेकानन्दसदृशा एव पण्डिता पण्डितपदवाच्याः यैर्महानुभावैः न केवलं भारत एवापितु विदेशेषुचार्य संस्कृते रार्यसभ्यतायाश्च प्रभावः पातितः ।

इदानीं शास्त्र्याचार्य परीक्षायां निर्धारितपाठचग्रन्थव्युत्पत्तिवादादीनां नीलो घटो घटः घटं इत्यादि वाक्यानां शुष्कशास्त्रार्थेन तथाकथितपठनपाठन प्रणाल्या च संस्कृतभाषायाः समुन्नतिः संस्कृतभाषायाः सर्वसाधारणजनभाषात्वञ्च कथमपि न सम्भवति । तथाविधेन विधिना संस्कृतभाषायाः समुन्नतिं मन्यमाना मन्येरन् नाहं मन्ये ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथाविधसंस्कृत पठनपाठन प्रणाल्या कथं संस्कृतभाषायाः प्रचारप्रसारौ स्याताम् । तथा कथित पठनपाठन प्रणाल्या संस्कृतभाषाया विश्वभाषाभवने च का कथा राष्ट्रभाषात्वे च का कथा अङ्गलिनिर्दिष्ट पण्डितभाषा-त्त्वेऽप्यतः परमस्ति सन्देहः ।

यल्लिङ्गंयद्वचनं या च विभक्तिर्विशेष्ये तल्लिङ्गंतद्वचनं सा विभक्तिर्विशेषणे" इति निर्विकल्प नियमेनैव वाक्यानां शाब्दबोधस्तु सुतरां सूपपन्न एव । नीलं घटमानयेत्त्युक्ते जनसाधारणोऽपि नीलमेव घटमानयति न रक्तं न श्यामं न पीतं, कावश्यकतास्ति तथाविधाडम्वररचनायाः ।

मन्ये कश्चन तथाविधः समयः समागतः स्यात् तथाविधभाषाया आवश्यकताऽभवत् भवेत् । परमार्थोपयोगित्वाभावेऽपि सीमितार्थोपयोगित्वेन प्रतिपक्षिपराजयोपयोगित्वेन च तथाविधभाषा मान्याभवत् ।

न स समय इदानीन्तनस्तथाविधाया भाषाया आवश्यकता भवेत् इदानीं तु सरलायाः प्राञ्जलायाः साधारणबुद्धिगम्यायाः भाषाया आवश्यकतास्ति यस्यां जनसाधारणा अपि मुग्धाः प्रभाविताश्च भवेयुः । इदानीं प्रयोगात्मकशिक्षाया आवश्यकतास्ति यया समेऽपि प्रभाविताः स्युः ।

एकस्मिन् समयेऽस्माकं प्रवृत्तिः शुष्क प्रौढपाण्डित्यरचनायां लग्ना । जनसाधारणनाञ्च तादृशभाषायां । काठिन्यमायातम् । भारतञ्च परतन्त्रमासीत् वैदेशिकैः कूटनीतिज्ञैश्चावसरः प्राप्तः स्वभाषाप्रचारस्य । तेस्तदा तथा प्रचारः कृतो यस्य प्रभावः इदानीमपि लौहलेपमयोऽस्ति ।

अस्माभिः परस्परं शास्त्रार्थं कृत्वा किमलाभि - विचार्यतां कश्च पुरस्कार उपलब्धः को वा उपाधिः समधिगतः ?

संस्कृतभाषातिकठिना दूरुहा अनुपादेया पठनपाठन एव सीमिता तत्त्वशून्या व्यावहारिकताहीनास्ति इति वदन्तो वैदेशिकाः संस्कृतभाषाया महत्त्वं तिरस्कृत्य संस्कृतविदुषोऽपि तिरस्कृतवन्तः इत्येव मस्माकं पुरस्कारः । संस्कृतविद्वांसोऽक्षरार्थवाचनमात्राः अव्यवहारिका विज्ञान शून्या भवन्तीत्युपाधिः समुपलब्धः । एतस्यां विषमायां परिस्थितौ संस्कृतविदुषां किं कर्तव्यमस्ति सुतरां विचारणीयमेतत् ।

समयः परिवर्तनं वाञ्छति

वर्तमानप्रचलितपाठ्य ग्रन्थानां पठनपाठनप्रणालीनाञ्च नितान्तमेव परिवर्तनमावश्यकम् । नायं परिष्कार युगः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्युत्पत्तिवादशक्तिवादादिन्यायग्रन्थानां शब्देन्दुशेखर प्रौढमनोरमादीनां सपरिष्कारग्रन्थानां नावश्यकतास्ति । उपदर्शितग्रन्थानां पठनपाठने विहायअस्ति कुत्रापि उपादेयत्वम् नास्त्येवेति नितरां वक्तुं शक्यते ।

व्युत्पत्तिवादादिग्रथानामध्ययनेन सूत्राणाञ्च वर्षपर्यन्तं शास्त्रार्थेन च किमप्यपूर्वं वस्तु समधिगतं भविष्यति ? किन्तेषां ग्रन्थानां तथाविधभाषया शास्त्रार्थं कृत्वा ऋग्वेदस्य विज्ञान यजुर्वेदस्य कर्मोपासनाज्ञानकाण्डानि सामवेदस्य गायनं अथर्ववेदस्य तान्त्रिकी मान्त्रिकी प्रणाली पुराणग्रन्थानां रहस्यमितिहास ग्रन्थानां तत्त्वं कोषग्रन्थानां महत्त्वं *यदि हास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्* इति प्रतिज्ञापूरकस्य महाभारतस्य महिमा स्मृतिग्रन्थानां माचारसंहितानीति शास्त्राणां मर्म तन्त्रशास्त्राणां चमत्कारः योगविद्याया गरिमा सिद्धीनां साधनम् आयुर्वेद शास्त्रस्य लोकोपयोगित्वं ज्ञातुं शक्यते ?

व्याकरणाध्ययनं नितान्तमेवाश्यकमस्ति किन्तु किन्तत् इति जिज्ञासाया सूत्रमेव व्याकरणमिति भगवता पतञ्जलिना निर्णीतम् । व्याकरणाध्ययनं तदर्थमेवापेक्षितमस्ति लेखने भाषणे अलापऽशुद्धिर्नस्यात् । ततः परमध्ययनमसमीचीनमेव । सिद्धान्त कौमुदी पर्यन्तं व्याकरणाध्ययनं सामयिकमस्ति । ततोऽधिकं तथाविधग्रन्थानामध्ययनम् सामयिकं दुराग्रहपूर्णमेव । कियतीनां भाषाणन्तु व्याकरणं नास्त्येव । आंग्लभाषाया अपि नास्ति विशालं व्याकरणं कियन्त एव नियमाः सन्ति तैरेव भाषाशुद्धिर्ज्ञायते । दृश्यतामांग्लभाषायाः कियान् प्रचारोऽस्ति । आंग्लभाषात्विदानीं अन्ताराष्ट्रियभाषास्ति । विज्ञानस्यापि चमत्कारस्तस्यां भाषायां दृश्यते । अतः व्याकरणाध्ययनं भाषाशुद्धिज्ञानाय भवतु ।

एकः शब्दः सम्यग्ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके कामधुग् भवतीति महिमानुसारं सर्वान् लोकान् कामदुहो विधातुं संस्कृतभाषायाः पठनपाठन प्रणाली सरलयितव्या । पुराणभाषा दृश्यतां महाभाष्यभाषा दृश्यतां कालिदासमहाकवेर्भाषा दृश्यतां धर्मशास्त्राणां भाषा दृश्यतां कियती सरलास्ति । तादृश्या सरलया प्राञ्जलया भाषया भवितव्यं यतः सर्वेऽपि लोकाः प्रभाविताः सन्तः संस्कृतस्य पठने उन्मुखा भवेयुः ।

नो चेत् संस्कृतभाषाया उपेक्षायां सत्यां भारतीयसंस्कृतिसभ्यते च सुतरामुपेक्षिते भविष्यतः । आंग्ल कालेजेषु पश्चिम पद्धत्या शिक्षा प्रणाली प्रचलति । तत्र च पश्चिम प्रभाव सम्पन्ना इतिहास भूगोलादयः पश्चिमप्रभावसम्पन्नसंस्कृतिसभ्यताश्च शिक्ष्यन्ते । आर्याः खलु नैतद्धेशवासिनः कुतश्चिदागताः नैतेषां मौलिकी संस्कृतिरस्ति । एतेषां संस्कृत भाषा तु दीना हीना च वर्तते । इमामेव दीनां हीनां पठन्तो भारतीयाः संस्कृत पक्षपातिनो दीना हीना : केवलं पुस्तक एव लीना भवन्ति इति तत्र बोध्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं रीत्या पठतां छात्राणां भारतीयत्वं कुतो रक्षितं भवेत् । अतः संस्कृतज्ञै रपि शिक्षाप्रणाल्या आमूलचूलं परिवर्तनं कृत्वा क्रान्तिकारिणी पद्धतिः स्थापनीया ।

अधुनातने समये तन्त्रशास्त्राणमुपनिषदां नीतिशास्त्राणामर्थशास्त्राणामायुर्वेदशास्त्राणां धनुर्विद्यानां योगविद्यानां सिद्धिसाधक विद्यानाञ्चाध्ययनाध्यापने समापेक्षिते स्तः ।

संस्कृतज्ञैरपि पण्डितैरस्मिन् विज्ञान चाकचिक्ये जगति दर्शयितव्यं किमप्यभूतपूर्व वैज्ञानिकं पारमार्थिकं वा वस्तु । बोधातिव्यंञ्चास्ति संस्कृतभाषायामपि चमत्कारपूर्णं रहस्यम् । पुरातने समये संस्कृतज्ञानां मान्यता तेनैव कारणेनासीत् । प्राचीनैः महमर्षिभिः पण्डितैश्च महता च तपसा सिद्धयो ऽपि समधिगताः तदानीन्तना विद्वांसो योगक्रियासिद्धाः तन्त्रतत्त्व परांगता दूरदर्शिनो महान्त आसन् । अतः एवमासीत्तेषां मान्यता । अधुना समये विज्ञानसाधनैरेवाकाशे उड्डीयते तदा कल्पनामात्रेण योगिनश्चाकाशे उड्डीयन्तेस्म । का कथा विज्ञानस्य । सापि प्रक्रियाऽस्माकं संस्कृतभाषायामस्त्येव ।

सर्वं तत्त्वं न जाने क्व गर्ते पतितम् । मनु-याज्ञ्यवल्क्य प्रभृतीनां स्मृतीनामध्ययनेन तट्टीकामिताक्षराणाञ्चध्ययनेन ज्ञायते सर्वस्मिन् विषये तेषां कियदगाध ज्ञानमासीत् । कालिदासभारविप्रभृतयः कवयः कियन्तो योग्या आसन् ।

यदि सर्वैरेव संस्कृतज्ञै विद्यालय संस्थापकैः सहायकसर्वकारेण वा संस्कृतभाषायाः संस्कृतसमाजस्य वा समुन्नतिः कम्यते नूतनो यत्नोऽवश्यं विधेयः ।

व्याकरणध्ययनं सा शब्दज्ञानाय वेदरक्षणाय भवतु , न्यायवैशेषिकं शास्त्रस्याध्ययनं युक्तिभिः पदार्थतत्त्वज्ञानाय भवतु , भाषाडम्वर रचनार्थं मास्त्वेव ।

संस्कृत भाषामाध्यमेनैव पदार्थमापन विधिः (इन्जीनीयरिङ्ग) भवतु , सर्वमपि संस्कृतसाहित्यं प्रयोगात्मक विधयाऽङ्गी क्रियताम् हंसः क्षीरनीर विवेकी भवतीति मात्रेण सन्तोषो मा धीयता परीक्ष्यतां तत् । संस्कृतज्ञा एव सर्वधिकारिणो भवन्तु । विद्यालये विद्यालये ग्रामे ग्रामे नगरे नगरे प्रदेशे प्रदेश राष्ट्रे राष्ट्रे सरलया प्राञ्जलया साधारणैरपि जनैबोध्या संस्कृतभाषया समाचारपत्राणि प्रकाश्यन्ताम् ।

अणिममहिमाद्यष्टासिद्धीनां वाचा वर्णनमेव न क्रियतां तत्सिद्धिसाधक संस्थामुद्धाटच तत्प्रयोगो विधीयताम् । सर्वं संस्कृतभाषातत्त्वं विज्ञाननिकषे निधाय उपयुज्यताम् ।

सर्वे भवन्तु सुखिनःसर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु मा कश्चिदुःख भाग्भवेत् ॥

इति संस्कृतभाषायाः सर्वजनीन मौदार्यं भेरीघोषतः सर्वतः विश्वस्मिन् प्रसार्यताम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतज्ञा एवात्महीनतामपहाय मनस्विन: सन्त: राष्ट्रपतय: सेनापतयो न्यायाधिपतयो दण्डदानाधिपतय: सर्वलोकाधिपतयश्च भूत्वा

सैनापत्यञ्च राज्यञ्च दण्डनेतृत्व मेव च
सर्वलोकाधिपत्यञ्च वेदशास्त्रविदर्हति ॥

इति मनोरुद्घोषणा च सार्थकीक्रियताम् ।

उद्घोष्यताञ्च-

योगो ज्ञानं तथा सांख्यं विद्या: शिल्पादि कर्म च ॥
वेदा: शास्त्राणि "विज्ञान" मेतत्सर्वं जनार्दनादिति ॥

जानोयुर्विश्ववासिनोऽपि सन्ति केचित्संस्कृत विद्वांस: अस्ति च काचित्संस्कृत भाषेति ।

आर्याणां वा समेषामतिशयमुयकृत्संस्कृतं रक्षणीयम् ।
सर्वै: साधारणैर्वा सचिवपदगतै: सज्जनै : संस्कृतज्ञै : ।
नो धावन्तु प्रमादात्परवचनकृतिं बुद्धिमन्तो भवन्त:
नाभाव: संस्कृतेऽस्मिन् वचसि बहुगुणे कस्यचिद्वस्तुनोऽपि ॥१॥

इति संस्कृतमुद्धृतं भवेद्
यतनीयं सकलैश्चिदात्मभि: ।
हरिरर्थयते विपश्चितां-
पदकञ्जा रुणरेणु सेवक: ॥२॥

सामग्री स्रोत

कृष्णशरण लम्साल, उप-प्रबन्धक, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद २

संस्कृत र नेपाली (दुवै क्षेत्र) को अध्ययन, अध्यापन, सिर्जनात्मक र अनुसन्धानात्मक लेखनमा समर्पित केही विद्वान्हरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५
साहित्यका विशिष्ट विद्वान् देवीदत्त पराजुली

परिचय

आजभन्दा ६/७ वर्ष अगाडि ईश्वरमान रञ्जितकारले मलाई कुनै दिन बिहान नेपालका इतिहासकार धनवज्र बज्राचार्यकहाँ चिह्नाउन लगेका थिए । यो चिनापर्चीपछि म कहिलेकाहीं उनीकहाँ जान लागें । अनुसन्धानमा आवश्यक पर्ने सामग्रीकालागि आफूसँग नभएका ***पूर्णिमा*** पत्रिकाका विभिन्न अङ्क माग्थें, उनी सर्लक्क झिकेर दिन्थे । पछि म त्यहाँ जान छोडें, तर बिरामी भएको बेला कुनैकुनै बखत पीयूषवर्षीय औषधालयको औषधी भने खान्थें । मलाई डाक्टरले दिने औषधीमा रोग निको हुन्छ भन्ने त्यति विश्वास लाग्दैन । म प्रायशः आयुर्वेदीय औषधीनै प्रयोग गर्छु । यो औषधालयमा पाइने औषधीहरू ज्यादै महँगा भएकाले पछि म त्यहाँ जान छोडें । धनवज्रसँग सङ्गत भएको बेला उनीसँग एक चोटि देवीदत्त पराजुलीका बारेमा अनुसन्धान गर्ने इच्छा प्रकट गरेको थिएँ । त्यसबेला उनले मलाई भनेका थिए - ***देवीदत्तको घर बाह्रबीसेमा हो, उनका छोरा अचेल आँखा त्यति देख्दैनन्, म इतिहासको मान्छे, म त्यसैमा केन्द्रित भएँ, विद्वान्को जीवनी खोज्नेतिर ध्यान दिनै पाइन ।***

त्यसपछि संस्कृतका धुरन्धर विद्वान्हरूका बारेमा खोज्दै जाँदा देवीदत्त पराजुलीको बारेमा पनि खोज्नु आवश्यक महसुस भयो । वि.सं. २००५ सालमा नेपाली भाषा प्रकाशिनी समितिले छापेको ***कविता-गुच्छहार*** मा उनको परिचय यसरी दिइएको छ -

यस ग्रन्थका कर्त्ता पण्डित देवीदत्त पराजुलीको जन्म काठमाडौंदेखि पूर्व फुल्पिङ् जिल्लाभित्र बाह्रबीसे बजारदेखि केही वर सुनकोशी नदीको उत्तर तटमा एक हजार गजमाथि स्थित खिमलिङ् बेसी भन्ने गाउँमा सम्वत् १९३० भाद्र वदी षष्टि तिथि तदनुसार श्रावण ३० गते बुधवारका दिन भएको हो । यिनी पण्डित परमानन्दका ज्येष्ठ पुत्र हुन् । व्रतबन्ध भएपछि पितासित यिनले वेदाध्ययन गरे । १९ वर्षको उमेरमा यिनी नेपाल आएर सदर रानीपोखरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठशालामा भर्ना भई ***मध्यकौमुदी*** पढ्न थाले ५२ सालमा यहाँ जाँच दिएर बनारस गए । उहाँ पण्डित गङ्गाधर शास्त्रीसँग ***सिद्धान्त कौमुदी*** पढे । यिनी ५३ सालमा प्रथमा, ५७ सालमा मध्यमा र ६३ सालमा साहित्यको आचार्य परीक्षामा उत्तीर्ण भए । यसपछि ६६ सालसम्ममा वेदान्त कर्मकाण्डादि शास्त्रहरू पढेर यी पण्डितजी नेपाल आए । १९६७ सालमा कोटिहोम समाप्तिका दिन स्वर्गवासी श्री ३ महाराज चन्द्र शमसेर जङ्गबहादुर राणाबाट यिनलाई सदर रानीपोखरी पाठशालामा साहित्यको अध्यापक र लम्बरी पण्डितमा भर्ना गरिबक्सियो । यिनी आजसम्म उक्त पाठशालामा सोही विषयका अध्यापक कायमै छन् ।

यिनको राष्ट्रभाषा नेपालीमा प्रेम हुनाले छात्रावस्थामा छँदै यिनले ***सुन्दरी*** नामक नेपाली भाषाको पत्रिका निकालेका थिए । त्यही भाषा प्रेमको परिणाम स्वरूपमा संस्कृत साहित्यका अध्यापक यी पण्डितजीबाट नेपाली भाषाले यो प्रथम मौलिक महाकाव्य पायो । यो काव्य पढेर पाठक वर्गलाई पण्डितजीको योग्यता, विद्वत्ता र कविता रचनाशैलीको ज्ञान आफैं प्राप्त हुनेछ ।

यसभन्दा पहिले यिनले ***रचना चन्द्रोदय, व्याकरण चन्द्रिका*** र ***रचना चन्द्रिका*** आदि व्याकरण विषयका पुस्तक पनि प्रकाशित गरेका थिए । यिनले ९२ सालदेखि ९८ सालसम्म ६ वर्ष मेहनत गरी तयार गरेको ***कविता-गुच्छहार*** महाकाव्य चढाउन ल्याएकोमा समिति निज पण्डितजीलाई उचित पुरस्कार समेत धन्यवाद दिन्छ । १

यो भयो ***कविता गुच्छहार*** मा छापिएको परिचय । वि.सं. २०४३ असौज ४ गते शनिबार वाल्मीकि क्याम्पसका उप-प्राध्यापक (साहित्य) (हाल:- सहप्राध्यापक) डा. माधव भट्टराई र म देवीदत्तका छोरा गङ्गादत्त पराजुली बसेको डेरा पुतलीसडकमा गयौं र आपसी चिनजानपछि गङ्गादत्तले दिएको जानकारीका आधारमा यो छोटो जीवनी तयार गरिएको छ ।

जीवनी

बाह्रबीसेमा बसोबास गरेका पराजुलीहरूको मूलथलो लमजुङ जिल्लाको रागीनास हो । धनञ्जय पराजुलीले यहाँको चिम्लिङ् बेसी विर्ता पाएका थिए । यस्तै किसिमको विर्ता कटुञ्जे, चौतारा आदि धेरै ठाउँमा पाएको जानकारी प्राप्त भएको छ । देवीदत्त पराजुलीको जन्म सिन्धुपाल्चोक जिल्ला, बाह्रबीसे, चिम्लिङ् बेंसीमा वि.सं.१९३० साल भाद्र कृष्ण षष्ठीमा भएको थियो । उनका पिताको नाम परमानन्द र माताको नाम पुनर्नमा थियो । परमानन्दका दुइटी

---

१. देवीदत्त पराजुली : ***कविता-गुच्छहार,*** नेपाली भाषा प्रकाशिनी समिति (१९) पृष्ठ १ र २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. देवीदत्त पराजुली
जन्म : वि.सं. १९३० भाद्र
देहान्त : वि.सं. (?)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्नी थिए । कान्छी पत्नीको गर्भबाट देवीदत्तको जन्म भएको हो । उनको न्वारनको नाम चिन्तामणि थियो । परमानन्दका ६ भाइ छोरा जन्मिएका थिए । तीमध्ये जेठा देवीदत्त, माहिला प्रेमदत्त, साहिंला गणेशदत्त, काहिंला रामदत्त, ठाहिंला मनोदत्त र कान्छा खगदत्त थिए । यीमध्ये माहिला प्रेमदत्त ज्योतिष विद्याका विशेष ज्ञाता थिए । साहिंला गणेशदत्तले रानीपोखरी तीनधारा पाकशालामा बसेर वेद, व्याकरण पढेका थिए । काहिंला रामदत्तले साधारण गृहस्थी भएर जीवन व्यतीत गरे । ठाहिंला मनोदत्तले रानीपोखरी तीनधारा पाकशालामा बसी ***वेद*** र ***सिद्धान्त कौमुदी*** पढेका थिए । कान्छा खगदत्तले पाकशालामा बसेर ४० अध्याय ***शुक्लयजुर्वेद*** पढे । इनले व्याकरण पढ्न शुरु गरेका थिए, त्यही मौकामा यिनी बनारस गए । त्यहाँबाट मटिहानी आई पढाइ पूरा गरे । देवीदत्तका एउटी दिदी र दुइटी बहिनी थिए ।

देवीदत्त पराजुलीको व्रतबन्ध ८ वर्षको उमेरमा आफ्नै घरमा भएको थियो । आफ्नै पिताबाट उनले गायत्रीमन्त्र सुनेका थिए भने वेदारम्भ गराउने काम पनि उनैबाट भएको हो । उनले घरमैः पिताजीसँग साउँअक्षर चिनी ज्यौतिष पढे । गाउँघरमा बसिरहेको बेला एक जना छिमेकीले देवीदत्तलाई पेच पारेर भनिदिएछ, त्यसैको ईखरले घरबाट जुरुक्क उठेर उनी काठमाडौं (भागेर) आए । त्यो बेला श्री ३ महाराज वीरशमसेर जङ्गबहादुर राणाको हजुरिया कर्णेल फौसिंहसित चिनापर्ची भएको हुँदा उसैले श्री ३ वीर शमसेरलाई जाहेर गरेर देवीदत्त तुरुन्तै तीनधारा पाकशालामा भरना भए । यहाँ बसेर रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गर्न लागे । शुरुमा उनले ***वेद*** पढे । उसबेला पर्याप्त मात्रामा पुस्तक किन्न पाइँदैनथ्यो । एकाधदुइ पुस्तक हुन्थे । त्यसैबाट सारेर अरु विद्यार्थीहरू पढ्थे । उनले ***वेद*** पढिसकेपछि ***मध्यकौमुदी*** सारेर पढेका थिए ।

देवीदत्त पराजुलीले रानीपोखरी संस्कृत (राजकीय) प्रधान पाठशालाबाट प्रथम परीक्षा दिए । त्यसपछि बनारस गएर त्यहाँबाट पनि पुनः प्रथम परीक्षा दिए । मध्यमा, आचार्यसम्मका सबै परीक्षाहरू उनले बनारसबाटै पास गरे । उनको मुख्य विषय साहित्यनै रह्यो । बनारसमा उनले ***महामहोपाध्याय*** गङ्गाधर शास्त्रीसँग पढेका थिए । उनका मुख्य गुरु यिनै हुन् । त्यसपछि देवीदत्तले नित्यानन्द पर्वतीयसँग पनि अध्ययन गरेका थिए । उनका उपगुरु चाहिं दामोदर शास्त्री (माध्व सम्प्रदायका विद्वान्) थिए । काशीमा बस्दा देवीदत्त पराजुली तीनओटा प्रेसमा काम गर्थे । ती प्रेस हुन्: १. तारा प्रेस २. हितचिन्तक प्रेस र ३. चौखम्बा सिरीज । उनले शुद्ध गरेका पुस्तकमध्ये व्याकरणमहाभाष्य पनि एक हो । उसबेला दिइने छात्रवृत्तिले नपुगेर यस किसिमको काम गरी देवीदत्तले खर्च टारेको बुझिन्छ ।

त्यसबेलाको सामाजिक परम्परा बमोजीम देवीदत्तको शुभ विवाह १० वर्षको उमेरमा सिन्धुपाल्चोक जिल्लाको घुंगा भन्ने ठाउँमा नन्दिकेशर अधिकारीकी छोरी जानुकादेवीसित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । यिनका दुइ भाइ छोरा मध्ये जेठा गङ्गादत्त र कान्छा ठाकुरदत्त हुन् । ठाकुरदत्त उहिल्यै परलोकवासी भैसकेका थिए । दुइटी छोरी जन्मिएकामध्ये जेठी छोरी चन्द्रकला वकिल कृष्णप्रसाद भण्डारीका पिता पशुपति भण्डारीलाई र कान्छी छोरी मनकुमारी कुमारीगालका अग्निहोत्री रामकृष्णका छोरालाई दिएको थियो । देवीदत्तका जेठा छोरा गङ्गादत्त संस्कृतको सामान्य अध्ययन गरी परीक्षा नदिईकन सङ्गीतको विशेष अध्ययनतिर प्रवृत्त भए । डिल्लीवजारमा पद्मकन्या विद्यालयको स्थापना भएपछि गङ्गादत्तले १५ वर्षसम्म सङ्गीतको अध्यापन गरे । पद्मकन्या विद्यालय स्थापना गर्दा गङ्गादत्तको पनि सहयोग प्राप्त भएको थियो । मदनस्मारक माध्यमिक विद्यालयमा पनि ८ वर्ष सङ्गीतको अध्यापन गरेका गङ्गादत्त वि.सं. २०४५।११।६ को मितिमा देवीदत्तका बारेमा सोधपुछ गर्न जाँदा ९२ वर्षका उमेरमा हिँडिरहेका थिए । यो पुस्तक छापिने बेलामा सङ्गीतका विशिष्ट अनुसन्धानकर्ता रामशरण दर्नालले - मैले गङ्गादत्त पराजुलीको देहावसान भएको खबर सुनें भनी मलाई बताए ।

देवीदत्त पराजुलीले **सुन्दरी** पत्रिकाको सम्पादन गरेर यसमा आफ्ना रसिक कविताहरूसमेत छपाएका थिए । संस्कृत भाषामा ***सूक्ति सुधा*** पत्रिकाको सम्पादन पनि यिनले गरेका थिए । १९६७ सालतिर देवीदत्त पराजुली बनारसबाट अध्ययन समाप्त गरी घरमा अंशबण्डासम्बन्धी जरूरी काम परेर जान लागेका थिए । काठमाडौंमा कोटीहोम परेको हुँदा उनी त्यसैमा अलमलिए । श्री ३ चन्द्रशमसेरले लगाएको यस कोटी होममा उनी संभवतः ऋत्विक् भएको हुनुपर्छ । साङ्गेको दिन श्री ३ चन्द्रशमसेरकहाँ दर्शनभेट गर्न जाँदा खाली हात जानु नहुने हुँदा माहिला गुरुज्यू हेमराज पाण्डेले देवीदत्तको हातमा एउटा सुन्तलाको दाना राखिदिए । उता राजकीय संस्कृत पाठशालामा साहित्यमा अध्यापकको पद पनि खाली थियो र दर्शनभेटकै क्रममा, श्री ३ चन्द्र शमसेरबाटै अध्यापकको नियुक्ति र नम्बरी पण्डितको दर्जासमेत देवीदत्तले यसै मौकामा पाए । साहित्य व्याकरणभन्दा मुनि भएको हुँदा उसबेला साहित्य विषयको नम्बरी पण्डितले रु. ३ । पाउँथे । उसबेला नम्बरी पण्डित ठूलो दर्जा मानिन्थ्यो । साहित्यमा परीक्षा दिन पाइँदैनथ्यो । देवीदत्तले बनारसमा गई परीक्षा सम्बन्धी कुरा गर्दा उताबाट स्वीकृति प्राप्त भएपछि ४ जना शिष्यः ऋषभदेव, गोविन्दप्रसाद भट्टराई, हरिहर ढुङ्गाना र ... लाई बनारसका विशिष्ट विद्वान् नारायण खिस्तेलाई चिठी लेखेर साहित्य विषयको परीक्षा दिलाए । त्रिचन्द्र कलेजका प्राध्यापकले सही गरेको फाराम यहाँबाट स्वीकृत हुन्थ्यो र विद्यार्थीहरू साहित्यमा परीक्षा दिन पाउँथे ।

देवीदत्तका शिष्यहरूमा गोविन्दप्रसाद भट्टराई, ऋषभदेव शर्मा शास्त्री मुख्य हुन् । दिव्यवज्र वज्राचार्यहरूलाई पनि उनले पढाएका थिए ।

देवीदत्त पराजुलीले लेखेका कृतिहरूमा- ***कविता गुच्छहार*** काव्य कृतिमध्येको मुख्य हो । उनले व्याकरणको पनि रचना गरेका थिए । जस्तै ***रचना चन्द्रोदय, व्याकरण चन्द्रिका*** -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यचन्द्रिकाभन्दा पहिल्यै छापिएका थिए भनेर गङ्गादत्तले जानकारी दिएका छन् । यो अनुसन्धानात्मक जीवनी लेख्नेले देवीदत्तले लेखेको व्याकरण हेर्न नपाएको हुँदा यसै हो भन्ने निर्णय गर्न मिल्दैन । देवीदत्तले संस्कृतमा ***चम्पूकाव्य*** पनि लेखेका थिए । यसमा पद्य मात्र १६०० थिए रे । गद्यभाग पनि त्यही अनुपातमा थियो रे । शारदाशमसेरले ***५०० दिन्छु छाप'*** देऊ भनेका र देवीदत्तले त्यति पैसामा दिन नमानेको बुझिन्छ । हाल यो पुस्तक दिव्यवज्रकै संग्रहमा हुनुपर्ने आशंका गङ्गादत्त पराजुलीबाट व्यक्त भएको छ । गृहस्थीहरूलाई काम लाग्ने किसिमले देवीदत्तले एउटा ज्योतिषको पुस्तक पनि लेखेका थिए, त्यो पनि छापिन सकेन । अन्त्य अवस्थामा आफ्ना पुस्तकहरूको संग्रह नहुने देखी आफूसित भएका सबै पुस्तक र अन्य लेख्य सामग्री दिव्यबज्रकै संग्रहमा दिएको कुरा पनि गङ्गादत्तलेनै बताएका छन् । ***सत्यनारायणको पूजाविधि र व्रतकथा*** नेपाली भाषामा अनुवाद भई बनारसबाट छापिएको थियो । नागेशभट्टको ग्रन्थ-***त्रिंशत्-श्लोकी*** अनुवाद गरी प्रकाशित गरेका थिए । यसको दुइ संस्करण छापिएको थियो भन्ने कुरा गङ्गादत्तबाट जानकारी मिलेको छ ।

देवीदत्त संस्कृत साहित्यका ठूला विद्वान् हुन् । उनले नेपाली भाषा र साहित्यको सेवा गरेका छन् । ***कविता गुच्छहार*** पुस्तक अध्ययन गर्दा उनी सहज प्रतिभा भएका कविका रूपमा देखा पर्दैनन् । उनको आभ्यासिक प्रतिभाले पनि उनलाई माथि उठाएको छ । उनको अभ्यापनकला पनि प्रशंसनीयनै थियो भन्ने सुनिएको छ । देवीदत्तका शिष्य-प्रशिष्यहरू अझै उनको गुण बखान गर्दैछन् । ***नेपालको विद्वत्परम्परा***मा र नेपाली भाषा तथा साहित्यको इतिहासमा देवीदत्त पराजुली अजर छन् , अमर छन् ।

☆ ☆

सामग्री स्रोत

१. गङ्गादत्त पराजुली, रामशाहपथ।

२. डा. माधव भट्टराई, सानो ठिमी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६
प्रतिभाका कुबेर विद्वच्छिरोमणि कुलचन्द्र गौतम

परिचय

राजधानीबाट नजीकै पर्ने पश्चिम दिशाको जीवनपुर भन्ने गाउँ मैले वि.सं. २०२३ सालदेखिनै सुन्दै आएको हुँ । म त्यो बेला कविराज तीर्थराज आचार्यद्वारा सञ्चालित वेद-वेदाङ्ग विद्यालय, ठमेलमा वेद-वेदाङ्गहरूको अध्ययन गर्थें । तीर्थराज गुरुकी धर्मपत्नी गुरुआमा[1] जीवनपुर कुलचन्द्र गौतमकै दाजुकी नातिनी भएको कुरा म बारम्बार सुन्दथें तर मलाई यी महान् साहित्यसेवी र साहित्यका धुरन्धर विद्वान् हुन् भन्ने थाहा नहुनु मेरो त्यो बेलाको केटाकेटीपनकै कारण हुनसक्छ । पछिपछि हुँदैजाँदा जीवनपुर र कुलचन्द्रको नामसँग म झनै नजिकिँदै गए । काठमाडौंमा विरामी भएपछि जङ्गलका जडीबुटीहरू यहाँ सुलभरूपमा उपलब्ध हुँदैनन् । त्यसैले म नरदेवी स्थानभन्दा पश्चिमपट्टि रहेको आयुर्वेदीय औषधालयमा रोग जँचाइ औषधी खान्थें । त्यहाँ धेरै कविराजहरूले पालैपालो रोगीहरूको रोग परीक्षण गर्थे । ती कविराजहरूले रोग परीक्षण गरी लेखिदिएको औषधी खाँदा मलाई रोग निर्मूल हुन निकै समय लाग्थ्यो तर श्रीमती मायादेवी गौतमले रोग परीक्षण गरी लेखिदिएको औषधी २।३ मात्रा खाएपछि म त्यो रोगबाट पूर्णतः मुक्त हुन्थें । रोगीप्रतिको सद्भावनापूर्ण व्यवहार, रोगको प्रकृति र रोग लाग्नाको मूल कारण पत्ता लगाउने अद्भुत् खुबी तथा जुन रोगका लागि जुन औषधीको प्रयोजन पर्थ्यो ठ्याक्कै त्यही औषधी लेखिदिने र सकभर वैकल्पिक औषधी नलेख्ने भएकाले मेरो मायादेवीप्रति विश्वास बढेको हो । अझै पनि म फुर्सदले भ्याएसम्म मायादेवीकहाँ गएर रोग जचाउँछु, उनले लेखिदिएको औषधी २।३ मात्रा खाएपछि मेरो रोग निर्मूल हुँदैछ । भोलि के, कसो

१. गुरुकी पत्नीलाई गुरुआमा भन्नुपर्छ । कविराज तीर्थराज गुरु मेरा वेद गुरु भएको हुँदा मेरा लागि अत्यन्त आदरणीय हुनु स्वाभाविकै कुरा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होला त्यो आजै भन्न सकिंदैन । समष्टिरूपमा भन्दा मायादेवी गौतमजस्तै कविराज नेपालमा १००० जना मात्र हुने हो भने नेपालीहरू प्रायः रोगबाट मुक्त हुने थिए । पछि बुझ्दै जाँदा श्रीमती मायादेवी गौतम पनि जीवनपुर कुलचन्द्र गौतमकै खलक भएको कुरा थाहा भयो । बेलाबखत हाजिरी जवाफ प्रतियोगितामा ***विद्वच्छिरोमणि*** पदवी पाउने नेपाली विद्वान् को हन् ? भन्ने प्रश्न सोधिन्थ्यो । यसको जवाफ कहिले कुलचन्द्र गौतम भन्दा ठीक हुन्थ्यो त कहिले हेमराज पाण्डे भन्दा ठीक हुन्थ्यो । यसबाट मलाई झनै धरमर भयो । यस किसिमका प्रतियोगिताहरूमा दुइटै नाम भन्न पनि पाइन्नथ्यो । कुन नाम भन्दा ठीक हुने हो ? सबैलाई कुन भनौं कुन भनौं हुन्थ्यो ।

मदन पुरस्कार गुठीको मुखपत्र ***नेपाली*** पूर्णाङ्क ५५ मा जीवनपुरकै आहिताग्नि चन्द्रशेखर गोतामेको बारेमा केही कुरा छापिएको छ । यिनी न्यायका ठूला विद्वान् थिए । रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढाउँथे । हरेक दिन हिंडेर जीवनपुर र रानीपोखरी संस्कृत प्रधान पाठशाला भ्याउँथे । उनको जुन किसिमको विद्वत्ता थियो त्यस्तै, शारीरिक बल पनि थियो । चन्द्रशेखर गोतामेको सम्बन्धमा नेपाली पूर्णाङ्क ५५ मा सम्पादकीयसमेत लेखिएको छ । मुख्य चर्चा क.दी.को को मुरली ? र मुरली पुत्र (?) को जितजंग भन्ने लेखमा भएको छ । यहाँ सम्पादकीय अंश उद्धृत गरिएको छ । जुन यस प्रकार छ –

> रणोद्दीपको शासनकाल या वीर शमशेरको समयसम्म पनि नेपाली विद्वान्हरूको बीच शास्त्रार्थको चलन रहेछ भन्ने बुझिन्छ । ... । राजनीतिक इतिहासमा चन्द्रशेखर गोतामेको पराजय ठूलो कुरो नभए पनि नेपाली विद्वत्-समाजको लागि यो एउटा महत्त्वपूर्ण विषय हो । किनभने शास्त्र चर्चा समाजमा बौद्धिक विकासको लक्षण हो । शास्त्रार्थको त्यो परम्परा पछि किन लोप भएर गयो विद्वान्हरूले खोजमेल गर्ने कुरा भएको छ । त्यसरी खोजमेल गर्दा पनि यी चन्द्रशेखर चाहिं निकै चाखलाग्दा विषय वन्ने लक्षण देखिन्छ ।
>
> हाम्रा पुराना पुराना कविहरूको बारेमा यता आएर केही खोजनीति हुन थाले तापनि नेपाली विद्वानहरूको विषयमा विशेष चासो राखिएजस्तो देखिंदैन । यो वेवास्ता त्याग्नु पर्छ । हाम्रा विद्वान्हरू पनि हाम्रा निधि हुन् - विभूति हुन् ।
>
> यिनै चन्द्रशेखरको कुरा उठाउँदा पनि यिनलाई हराउने विद्वान् को हुन् हामीले जान्न पाएनौं । त्यो जान्ने कोही व्यक्ति अझै नेपालमा नहोलान् ? भए, यसरी घच्घच्याएपछि केही भेटिन्छ कि ?[२]

---

२. *नेपाली* पूर्णाङ्क ५५, (२०३०) पृष्ठ ४१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी कुलचन्द्र गौतमको नाम मलाई स्पष्ट रूपमा थाहा हुँदै गयो । उनले लेखेको ***अमरकोषको*** टीका पढेपछि त कुलचन्द्र गौतमको व्यक्तित्वसँग अझ राम्ररी परिचित हुने अवसर प्राप्त भयो । ***नेपालको विद्वत्परम्परा***मा कुलचन्द्र गौतमको महत्त्वपूर्ण स्थान छ । उनका सम्बन्धमा कमै नेपाली विद्वान्‌ले अध्ययन, अनुसन्धान गरेका छन् । वनारसबाट एक जना विद्वान्‌ले (नाम थाहा हुन नसकेको) कुलचन्द्रका बारेमा विद्यावारिधि उपाधिका लागि अनुसन्धान गर्दै गरेको थाहा पाइएको थियो, पूरा भए, नभएको भने सुइँको पाइएको छैन ।

जीवनी

संस्कृत र नेपाली साहित्यका ख्यातिप्राप्त विद्वान् कुलचन्द्र गौतमको जन्म वि.सं. १९३२ सालमा वाग्मती अञ्चल धादिङ् जिल्लाको जीवनपुर भन्ने गाउँमा अग्निहोत्री ***विद्वत्परम्परा***मा भएको थियो । उनका पिताको नाम पण्डित रमाकान्त थियो । कुलचन्द्रको प्रारम्भिक शिक्षा घरमैं सम्पन्न भयो । ***काश्यां मरणात् मुक्तिः*** भन्ने उक्ति अनुसार केही विद्वान् र सर्वसाधारण मानिसहरू जीवनको अन्त्य अवस्थामा बनारस पुग्न चाहन्छन् । यसै क्रममा पं. रमाकान्त गौतम पनि ***अब पक्कै पनि धेरै बाँचिदैंन होला*** भन्ने निश्चय भएपछि काशीबास गर्न गए र उनले साथमा १२ वर्षका नाबालक छोरा कुलचन्द्रलाई पनि लगे । त्यसैले कुलचन्द्रले प्रथम परीक्षादेखिनै बनारसमै पढ्ने अवसर प्राप्त गरे । ***महामहोपाध्याय*** गङ्गाधर शास्त्री तैलङ्ग, ***महामहोपाध्याय*** रामशास्त्री तैलङ्गबाट साहित्य विषयको विशिष्ट अध्ययन गरी काशीको राजकीय संस्कृत महाविद्यालयबाट प्रथम श्रेणीमा साहित्याचार्यको परीक्षा उत्तीर्ण गरे ।

माध्यमिक तहको पढाइदेखिनै कुलचन्द्र गौतमले संस्कृतमैं पद्यरचना गर्न हात वसाइसकेका थिए । उनले आचार्य परीक्षामा सोधिएका सबै प्रश्नहरूको उत्तर कवितामै दिएर ***यीमध्ये कुनै आफू खुशी छानेर जाँच्नु, बाँकी वैकल्पिकका रूपमा छाडिदिनू*** भन्ने कुरा पनि पद्यमैं लेखेका थिए , तर यतिले मात्र परीक्षकहरूमा पूरा विश्वास परेनछ । ***प्रश्नपत्रहरू अघिबाटै सुइँको पाएर कविता रचना गरी घोकेर उत्तर पुस्तिकामा लेखेको पो हो कि ?*** भन्ने शङ्का उत्पन्न भएछ । आचार्य परीक्षा पूरा हुने वर्ष थियो । विद्वान् परीक्षक मण्डलीले फेरि ***शलाका परीक्षा*** लिने निधो गऱ्यो । कुलचन्द्रलाई बोलाएर तत्कालै सिन्का पुस्तकमा घुसारी जहाँपर्छ त्यहींत्यहींबाट प्रश्न झिकी उत्तर लेख्न लगाइयो । उनले फेरि पनि सबै प्रश्न श्लोकमैं कवितात्मक उत्तर दिएर चाहिनेजति लिने र वैकल्पिक प्रश्न छाड्ने पूर्ववत् अनुरोध गरे । यो अभूतपूर्व प्रतिभाको चमत्कारले सबै गुरुहरू सुप्रसन्न भए । सुयोग्य शिष्य पाउनु पनि गुरुको भाग्यमा हुनुपर्छ । यस किसिमसँग कुलचन्द्र गौतमको अध्ययन समाप्त भयो ।[३]

---

३. प्रा. चूडानाथ भट्टराय, महान् साहित्यसेवी कुलचन्द्र गौतम ***गोरखापत्र*** २०४१ माघ १३, पृष्ठ "ख" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलचन्द्रलाई ***गोतामे*** भन्ने परम्परा थियो । जस्तो जीवनपुरका चन्द्रशेखर गोतामेकै रूपमा प्रख्यात छन् । भनाइको अभिप्राय के हो भने नेपाली भाषामा नाम र थरका पछाडि ***ए*** प्रत्यय लगाइदिएपछि हीनताबोधक अर्थ लाग्छ । जस्तो - रामको-रामे, श्यामको-श्यामे, गौतमको-गोतामे, नेपालको-नेपाले आदि आदि । एककान दुइकान मैदान भनेजस्तै-एकदुइजनाले ठट्टा र हेंलाको रूपमा भन्दाभन्दै पछि त्यहीं ***ए*** प्रत्यय लागेको नाम र थर विकसित हुँदै जान सक्छ । ***महामहोपाध्याय*** गङ्गाधर शास्त्री तैलङ्गले कुलचन्द्र गोतामेको ***ए*** प्रत्यय हटाई ***गौतम*** थरको संशोधन गराएको उल्लेख पाइन्छ । यसपछि कुलचन्द्र गोतामे नभई गौतम हुनपुगे ।

पण्डितराज सोमनाथ सिग्देलले कुलचन्द्रको विद्वत्ता र कवि प्रतिभाको प्रशंसा गर्दै लेखेका छन् -

> गुम्फन कुशलहरूको श्रेणीमा साहित्याचार्य ***विद्वच्छिरोमणि*** कुलचन्द्र गौतमजीको विशिष्ट स्थान छ । उनको संस्कृत कवित्व ***भागवत मञ्जरी , गङ्गा गौरव, हरिवरिवश्याहरूमा*** उत्कृष्ट कक्षाको देखिन्छ । प्राचीन कविहरूका रचनामा पाइने प्रौढि र माधुर्यको प्रभाले ती कृति समुज्ज्वल छन् । उहाँको कवित्वको गौरव नेपालमा मात्र सीमित नभई भारततर्फका विद्वत्समाजमा पनि आदृत र विख्यात छ ।

कुलचन्द्र गौतम साहित्यमा जस्तै आयुर्वेद शास्त्रमा पनि रुचि राख्तथे । उनको ***स्वयं वैद्य*** भन्ने पुस्तकले रोगहरू लागेमा कुनकुन औषधी सेवन गर्ने भन्ने कुराको जानकारी गराउँछ । उनको विशिष्ट विद्वत्ताको कदरस्वरूप उनलाई ***गोरखा दक्षिण बाहु*** पदक र ***विद्वच्छिरोमणि***को उपाधि प्रदान गरियो । उनका संस्कृत पद्यहरू संस्कृत साहित्यका मूर्धन्य साहित्यकारका रचनासँग दाँजिन सक्छन् भन्ने कुराको चर्चा भारतीय विद्वान्हरूलेसमेत गरेका छन् ।

विद्वच्छिरोमणि कुलचन्द्र गौतमले पनि वैवाहिक परम्पराको जीवनपद्धति स्वीकारेका थिए । त्यसैले उनको पहिलो विवाह टिस्टुङ् सुवेदीकी छोरीसँग भएको थियो तर यिनको गर्भबाट कुनै सन्तान पैदा भएनन् । दोस्रो विवाह छप्कीका शिवप्रसाद पोखरेलकी छोरी हस्तकुमारीसँग भयो । यिनको गर्भबाट ४ छोरा दामोदर, काशीनाथ, राधाकृष्ण र लक्ष्मीनाथको जन्म भयो । वि.सं. १९८० सम्म कुलचन्द्रको आर्थिक अवस्था कमजोर भए पनि अन्य कतिपय कुराले उनको जीवन राम्रोसँग व्यतीत भैरहेको थियो । ***सन्तोषं परमं सुखम्*** लाई सुखको मूल कारण मान्ने कुलचन्द्रलाई लगनशीलता, प्रतिभा र अध्यवसायले महानताको शिखरमा पुऱ्याएको हो । वि.सं. १९९० मा ***भूकम्पपीडितोद्धारक*** नाम गरेको सप्ताह हनुमान ढोकामा लगाइएको थियो । यसमा श्री ३ महाराज जुद्धशमशेरको निर्देशानुसार कुलचन्द्र वाचकीका रूपमा नियुक्त भएका थिए । श्री ३ जुद्धले गरेको सुवर्णतुलादानमा पनि कुलचन्द्र नै आचार्यको पदमा विराजमान थिए । ६२ वर्षको उमेरसम्म कुलचन्द्रले कृति लेख्ने नियममा कुनै आँच आउन दिएनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



संस्कृत वाङ्मयका प्रकाण्ड विद्वान् पं. कुलचन्द्र गौतमको जन्म सम्बत् १९३२ सालमा धादिङ्ग जिल्लाको जीवनपुर गाउँमा भएको थियो । सम्बत् २०१५ सालमा काशी गङ्गा-तटमा उनको निधन भयो । उनी संस्कृत र नेपाली भाषाका ख्यातिप्राप्त साहित्यस्रष्टा थिए । यी दुवै भाषामा उनले अनेकौं ग्रन्थ रचना गरेका छन् । आलङ्कारिकता, माधुर्य र प्रौढता उनका रचनामा पाइने महत्वपूर्ण विशेषता हुन् । उनको विद्वत्ताको कदरस्वरूप उनलाई सम्बत् २००८ सालमा "विद्वच्छिरोमणि" उपाधि प्रदान गरिएको थियो ।

प्रस्तुत हुलाक टिकटमा पं. कुलचन्द्र गौतमको चित्र अङ्कित गरिएको छ ।

Pandit Kulchandra Gautam, a great Sanskrit scholar was born at Jeevanpur Village in Dhading District in 1932 V.S. He died on the bank of the Ganga in Kashi in 2015 V.S. He was a renowned litterateur of Sanskrit and Nepali. Rhetorical flourish, sweetness of expression and maturity of thought distinctively characterize his writings. He was awarded Vidvatshiromani (Crest Jewel among the Learned) in 2008 V.S.

The present postage stamp brought out today depicts a portrait of the Pandit.

पं. कुलचन्द्र गौतमका नाममा प्रकाशित

हुलाक टिकटको पहिलो टाँचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुतः कुलचन्द्र गौतम बहुमुखी प्रतिभाका धनी थिए । उनमा साहित्यका साथसाथै व्याकरणसमेत पढाउन सक्ने खुबी थियो । माहिला गुरुज्यू हेमराजसमक्ष आफू समर्पित नभएकै कारणले कुलचन्द्रले रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापनको अवसर पाएनन् । बागदरबारका साहेबज्यू रामराजाकहाँ पण्डित्याइँको काम गरी कुलचन्द्रले जीवन निर्वाह गरेका थिए । श्री ५ पृथ्वी वीर विक्रम शाहलाई ***नैषध महाकाव्य*** पढाउने सुखद् अवसर प्राप्त भएको थियो तर राणाहरूको क्षुद्रपनले गर्दा उनलाई यसबाट कुनै लाभ हुन सकेन ।

सम्भवतः बनारसमैं बस्दा हुनसक्छ, कुलचन्द्रले सन्यास ग्रहण गर्न खोजेका थिए । यो कुराको सुइँको पाएर कान्छा छोरा गई ***तपाईँभन्दा जान्ने मानिस (गुरु) भेट्टाउनु भएछ भने त्यस्ताबाट सन्यास ग्रहण गर्नुस्, नत्र लिनु उचित हुँदैन*** भनेपछि कुलचन्द्र केही बेर रिसाए छन् । उनको रिसाउने त स्वभावै थियो । पछि छोराको नम्रता र औचित्यपूर्ण तर्क सुनेर कुलचन्द्रले सन्यास लिने विचारलाई परित्याग गरिदिए ।

दश दिने दाज्यूभाइ कविप्रसाद गौतम मण्डलीले देवालीमा बलिप्रथा निषेध गर्न प्रयास गरेका थिए । ***देवालीमा बलिदिने परम्परा धेरै पहिलेदेखि चलिआएको हुँदा यसलाई छोड्नु मनासिब ठहर्दैन*** भन्ने तर्क पेश गरी कुलचन्द्रले बलिरोक्ने कुरालाई स्वीकार गरेनन् । अझै, पनि १२ वर्षमा जीवनपुरमा गई गौतमहरूको देवाली गर्ने परम्परा कायमै छ ।

कृति

कुलचन्द्र गौतमले रचना गरेका संस्कृत र नेपाली भाषाका कृतिहरूले उनको प्रगाढ पाण्डित्य र सफल कविव्यक्तित्वको परिचय दिएका छन् । ***भागवत मञ्जरी*** (***परिमल सहित***), ***गङ्गागौरवम्, कृष्णकर्णाभरणम्, हरिवरिवश्या,*** (अप्रकाशित), अन्य संस्कृत भाषामा लेखिएका पुस्तकहरू अज्ञात अवस्थामा रहेको अनुमान गरिएको छ । ***अमरकोष*** (भाषार्थ परिशिष्टसहित), ***स्वयं वैद्य, प्रपञ्च चर्चा, प्रेमपञ्चपञ्चाशिका, तुलसी रामायण-*** (अनुवाद) ***अलङ्कार चन्द्रोदय र राधवालङ्कार*** का साथै अरु अप्रकाशित नेपाली भाषामा लेखिएका कृति भएको कुराको चर्चा सुनिन्छ । यसका साथै ***पुरूषार्थकल्पवल्ली*** (१९५६), ***दत्तचर्या उन्माद, आदर्श दम्पती सीतारामौ, युगल वन्दना, विष्णु सहस्रनाम विवृत्ति, शिव महिम्नः स्तोत्र टीका, आदर्श शब्द रूपावली*** आदि कृतिहरूले उनको व्यक्तित्त्वका विविध पाटाहरूलाई उजिल्याउँदै लगेका छन् । कुलचन्द्रको तमाखु खाने बानी भएकाले तमाखुसम्बन्धी द्व्यर्थक श्लोकको रचना पनि उनले गरेका छन् ।

स्वच्छस्निग्ध समुज्वला कृतिमती श्रीमद्गुरूणां पुरः
सान्निध्यं जहती सतीति निपुणै र्लोकं पृ (गुं) णैरावृता
कूजन्ति प्रतिचुम्बनं धृतरसा शुक्काल शान्ति प्रदा
हुक्का मे दयिता समीपशयिता निर्माति शर्माद्वयम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलचन्द्र गौतमले दुर्लभग्रन्थ ***शब्द कल्पद्रुम*** धेरै समयदेखि खोजेर पनि पाएका थिएनन् । लक्ष्मीनाथजी वासुदेव भट्टराईकहाँ गएको अवस्थामा त्यसको बदला अंग्रेजी पुस्तकहरू पुर्ताल गर्ने गरी निजको अंशमा रहेको ***शब्द कल्पद्रुम*** पुस्तक ल्याई पिताजीलाई दिएको हुँदा कुलचन्द्र खुबै खुशी भएका थिए ।[४]

बनारस क्वीन्स कलेजबाट छापिएको ***संस्कृतम्*** (संभवत: यो पत्रिका हुनुपर्छ) मा प्रकाशित कविताका आधारमा कुलचन्द्र गौतमलाई ***महाकवि*** को उपाधि दिइएको थियो । त्यहाँका विद्वान्हरूले गरेको यस कदरबाट कुलचन्द्रको कवित्वशक्तिको बारेमा कसैलाई कहीं शङ्का गर्ने ठाउँ रहँदैन ।

यी महान् प्रतिभा वि.सं. २०१५ मार्ग कृष्ण अष्टमीका दिन ८३ वर्षको उमेरमा काशीको भागीरथी किनारमा अस्त भए ।

सामग्री भाग

शोक समाचार

(क) ***"संस्कृतका सुप्रसिद्ध नेपाली विद्वान् श्री कुलचन्द्र गौतमको देहावसान***

काठमाडौं, मार्ग २० गते । संस्कृतका सुप्रसिद्ध नेपाली विद्वान् गो.द.बा. श्री कुलचन्द्र, साहित्याचार्यको ८२ वर्षको उसेरमा हिजो काशीमा देहावसान भयो । उहाँ मुक्तिलाभको लागि काशीमा बस्नु भएको थियो ।

स्व. गौतमको जन्म ८२ वर्ष अघि प. १ नं. जीवनपुरमा भएथ्यो । उहाँका रचनाहरूमा परिशिष्ट सहितको ***अमरकोष***को विद्वत्तापूर्ण टीकाहरू, ***तुलसीकृत रामायणको गद्यानुवाद, भागवत मञ्जरी*** र टीका, ***हरिवरिवश्यास्या*** महाकाव्य अन्तर्गत ***गङ्गा गौरव, अलङ्कार चन्द्रोदय, कृष्णकर्णाभरण*** काव्य र ***स्वयं वैद्य*** आदि हुन् । स्व. गौतमको विद्वत्ताको कदर गर्दै स्व. श्री ५ त्रिभुवनबाट उहाँलाई अढाइसय रु. मासिक भत्ताका साथै ***विद्वच्छिरोमणि*** र गो. द. बा.को उपाधि प्रदान गरिबक्सिएको थियो । यस अतिरिक्त भारतका विद्वान्हरूको समाजले ***"साहित्यमणि" "विद्याभूषण"*** उपाधि प्रदान गरी उहाँप्रति सम्मान प्रकट गरेका थिए ।

---

४. डा. माधव भट्टराईबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathm...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री कुलचन्द्र गौतमको देहावसान नेपालीका निमित्त मात्र हैन कि समस्त संस्कृत समाजका निम्ति नै अपूरणीय क्षति हो भन्ने धेरैको राय छ । यसै सिलसिलामा कवि शिरोमणि लेखनाथ लगायत केही विद्वान्‌हरूको सभाले काठमाडौंमा एउटा शोकसभा पनि गऱ्यो ।" [५]

(ख) ***"विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतमको निधनमा शोकसभा"***

काठमाडौं, मार्ग २५ गते, । ***विद्वच्छिरोमणि*** पं. कुलचन्द्र गौतमको निधनमा शोक प्रकट गर्न र दिवंगत आत्माको शान्तिको कामना गर्न हिजो नेपाल एकेडेमीका भाइस चान्सलर श्री बालचन्द्र शर्माको अध्यक्षतामा नेपाल एकेडेमीको बैठक भयो । बैठकले निम्न लिखित प्रस्ताव स्वीकृत गऱ्यो ।

विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतमको देहावसानले नेपाली साहित्यको मात्र होइन, संस्कृत साहित्यकै पनि ठूलो क्षति भएको छ । नेपाली भाषा र साहित्यका अनन्य तथा दीर्घसेवी हुनको साथै उहाँ संस्कृतका प्रकाण्ड पण्डित श्रेष्ठ कवि पनि हुनुहुन्थ्यो । नेपाली भाषालाई पाण्डित्यपूर्ण शैली र शास्त्रीय मर्यादाले विभूषित पार्नमा गौतमको पनि ठूलो योगदान छ । देशबाहिर पनि विद्वत्‌समाजमा उहाँको ठूलो प्रतिष्ठा थियो । विशेष गरी संस्कृत भाषा र साहित्यमा उहाँका कृतिको सबैले आदर गरेका छन् । उहाँ हाम्रो राष्ट्रको गौरव हुनुहुन्थ्यो ।

नेपालले आफ्नो साहित्य, कला र ज्ञानविज्ञानको अतीत कालदेखिको गौरवपूर्ण परम्परामा आइपरेका व्यवधानलाई पन्छाई तिनको युगानुकूल विकास गर्न लागेको यस महत्त्वपूर्ण अवसरमा पं. कुलचन्द्र गौतमजस्ता साधनासम्पन्न विद्वान्‌हरूको ठूलो खाँचो थियो । यसै अवसरमा उहाँको निधन भएकोले नेपाल एकेडेमी यसलाई ठूलो राष्ट्रिय क्षति ठाम्दछ ।

नेपाल एकेडेमी दिवंगत आत्माको शान्तिको कामना गर्दै गौतम परिवारलाई यो असह्य दुःख सहन सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसित प्रार्थना गर्दछ ।[६]

सामग्री स्रोत

डा. माधव भट्टराई।

---

५. हंसपुरे सुवेदी, "संस्कृत प्रतिभा विद्वच्छिरोमणि कुलचन्द्र गौतम" *नेपाली* पूर्णाङ्क ११८ (पृ.) १० - ११ ।

६. हंसपुरे सुवेदी, ऐ., पृ. ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७

पण्डित दधिराम मरासिनी : संक्षिप्त अवलोकन

नेपालको विद्वत्परम्परामा पूर्वका दधिराम पौडेलको जुन ख्याति छ पश्चिम अर्थात् काठमाडौंबाट पश्चिम पट्टिका दधिराम मरासिनीको पनि त्यत्तिकै ख्याति छ । पूर्वका दधिराम व्याकरण विषयका प्रकाण्ड विद्वान् हुन् भने पश्चिमका दधिराम साहित्य विषयका विद्वान् हुन् । थरका हिसाबले पूर्वका पौडेल हुन् भने पश्चिमका मरासिनी हुन् । प्रस्तुत सन्दर्भमा नेपालको राजधानी ***काठमाडौं***बाट पश्चिम दिशामा पर्ने ***अर्घाखाँची*** जिल्लाका दधिराम मरासिनीका सम्बन्धमा संक्षिप्त रूपमा परिचर्चा गर्न खोजिएको छ । वस्तुत: उनका बारेमा धनञ्जय मरासिनीले ***हैमवती*** पत्रिकाको पहिलो वर्षको दोस्रो अङ्कमा ***पण्डित दधिराम शर्मा मरासिनी*** शीर्षक लेख प्रकाशित गरेका थिए । यो लेखबाट दधिरामका सम्बन्धमा केही कुरा थाहा पाउन सकिन्छ । धर्मेन्द्रनाथ भट्टराईले पनि स्नातकोत्तर (नेपाली) मा शोधपत्र लेख्न यही विषय रोजेका थिए । यसभन्दा अतिरिक्त ***हाम्रो पुरुषार्थ*** भन्ने ६ महीने पत्रिकाको लुम्बिनी अञ्चलका साहित्य र साहित्यकार विशेषाङ्कमा पनि दधिरामका सम्बन्धमा केही चर्चा छ, तैपनि ***नेपालको विद्वत्परम्परा*** भन्ने पुस्तकको अध्ययन अनुसन्धान गर्दा एकचोटि दधिरामका सुपुत्र धनञ्जय मरासिनीलाई भेट्ने धोको थियो । त्यो पूरा हुने कुनै सम्भावना देखिएन, तर इच्छा राखेपछि त्यो कुनै न कुनै रूपबाट पूरा हुन सक्छ भन्ने भनाइ अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको सम्पादन शाखामा सँगै काम गर्ने साथी कृष्णशरण लम्सालको हालको वसाइ ***नवलपरासी*** जिल्लाको ***गैंडाकोट*** भएको र धनञ्जय मरासिनी र लम्सालको वसाइ सँगसँगै भएको कुरा थाहा पाएर मैले उनलाई केही आवश्यक प्रश्नहरू बनाएर दिएँ । घर गएको मौकामा उनले धनञ्जयसँग लिखित उत्तर मागी मेरो काममा ठूलो सहयोग पुऱ्याए । यसकामका निम्ति धनञ्जय मरासिनी र कृष्णशरण लम्साललाई जति धन्यवाद दिए पनि थोरै हुन्छ । माध्यन्दिनीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाखा अन्तर्गत धनञ्जय गोत्रका वंशजहरूमा मरासिनी थर भएका ब्राह्मणहरूको उत्पत्ति भएको थियो । मरासिनी शब्दको अर्थ के हो त ? यस सम्बन्धमा एउटा यस्तो जनश्रुति पाइन्छ ।

यस वंशका पुर्खाहरूमा अत्यन्त तेजस्वी महर्षि भएका हुनाले महर्षिका पत्नीलाई महर्षिणी र यिनै महर्षिणीका सन्तानहरूमा पछि अपभ्रंश हुँदै गयो । महर्षि, महर्षिणी, महर्षिनी, मर्सिनी हुँदै मरासिनी भएको बुझिन्छ । यसबाट के कुरा प्रष्ट भयो भने नेपालमा मरासिनी थरका रूपमा कहलिएकाहरू ऋषिपत्नीका सन्तान रहेछन् । वस्तुतः यो जनश्रुतिकै रूपमा भए पनि सत्यताको धेरै नजीक भएको अनुमान गर्न सकिन्छ ।

यी मरासिनीहरू अर्घाखाँची जिल्लाको ***वामरूक*** भन्ने ठाउँमा बसोबास गरेका र त्योभन्दा पहिले यिनीहरू कहाँबाट को आएको हो भन्ने कुरा पत्ता लाग्न सकेको छैन । ***वामरूक***पट्टि मणिराम मरासिनी अर्घाखाँचीकै ***खिदीम*** भन्ने ठाउँमा आई स्थायी बसोबास गरेको हुँदा त्यहाँ तिनका वंशजहरू अझसम्म छँदैछन् । हाम्रा विद्वान् दधिराम मरासिनी पनि यसै वंशमा जन्मिएको बुझिन्छ ।

मणिराम मरासिनीका वंशमा धेरै प्रतापी सिद्ध पुरुषहरू जन्मिएको तथ्य नेपाली साहित्यको इतिहास अध्ययन गर्दा थाहा पाउन सकिन्छ । जस्तै, नेपालको जोसमनी सन्त सम्प्रदायका प्रसिद्ध दीक्षित पुरुष स्वामी शशीधर, लक्ष्मीनारायण, मणिराम, परीक्षित, दधिराम र धनञ्जयको मुख्य रूपमा नाम लिन सकिन्छ ।

अर्घाखाँची जिल्लाको ***खिदीम*** भन्ने गाउँमा ***पाणिनि तपोभूमि*** (दह) को काखमा बसेको र यसको उत्तरपट्टि दुर्वासा ऋषिले तपस्या गरेको सत्तलेओडार (साततला भएको गुफा) रहेको हिमालयको दृश्य राम्ररी देखिने काली गण्डकी (रिडी) को पञ्चकोशीभित्र पर्ने अति रमणीय र पवित्र स्थानमा मरासिनीहरू ***वामरूक***बाट आई बसोबास गरेका हुन् । नेपालका ख्याति प्राप्त विद्वान् दधिराम मरासिनीको बसोबास पनि यहीं भएको बुझिन्छ । उनको वंशवृक्ष यस्तो देखिन आउँछ ।

लालमणि → दिशै → प्रेमनारायण → मणिराम → परीक्षित → दधिराम →
→ धनञ्जय → वासुदेव

जोसमती सन्त र विद्वत्परम्परामा दधिराम मरासिनीको जन्म वि.सं.१९३९ साल आषाढ कृष्ण अष्टमी तिथि, शुक्रबारका दिन अर्घाखाँची (त्यो बेलाको विकास जिल्ला विभाजन अनुसार गुल्मी जिल्लामा पर्थ्यो) जिल्ला अन्तर्गत ***खिदीम***को मैदान भन्ने ठाउँमा भएको हो । पूर्वभाद्रपदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. दधिराम मरासिनी
जन्म : वि.सं. १९३९ आषाढ
देहान्त : वि.सं. २०२० चैत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नक्षत्र परेको हुँदा उनको न्वारानको नाम पनि दधिरामनै भएको बुझिन्छ । माता खगेश्वरी (सपत्नमाता नर्मदा) र पिता परीक्षितका सुपुत्र (खगेश्वरीबाट) एउटै मात्र भएको थाहा पाइन्छ । सपत्नमाताबाट भने २ भाइ तारानाथ र केशवराज तथा र बहिनी कृष्णकुमारी र भूमिकुमारी जन्मेका थिए , तर परीक्षित मरासिनीका सन्तानमध्ये जेठा छोरा दधिराम भएको बुझिन्छ ।

दधिरामका काकाहरू गङ्गाधर लगायत चार भाइ थिए । ५ वर्षको उमेरमा आफ्नै पिताजीबाट अक्षरारम्भ गरेका दधिराम मरासिनीको व्रतबन्ध संस्कार ८ वर्षको उमेरमा भएको थियो र उनलाई गायत्री मन्त्र सुनाउने गुरु ***खिदीम सल्लेना*** निवासी पण्डित दधिराम पौड्याल थिए । उनको १७ वर्षको उमेरमा ***खिदीम खुर्नौले*** निवासी शुकदेव गौतमकी सुपुत्री गङ्गादेवीसँग पहिलो विवाह भएको थियो । यिनकोकोखबाट जेठी छोरी कोशलेश्वरी र छोरा धनञ्जयको जन्म भएको थियो । दोस्रो विवाह वाग्लुङ जिल्ला अन्तर्गत ***धुल्लु*** निवासी चन्द्रेश्वर पौडेलकी सुपुत्री गोपीका देवीसँग ३५ वर्षको उमेरमा भएको थियो । कान्छी पत्नीको गर्भबाट कुनै सन्तान भएनन् । दधिराम मरासिनीले निम्न विद्यालयहरूमा पढेको तथ्य फेला परेको छ ।

१. महोदत्त ब्रह्मचारी (खिदीम) को आश्रय

२. पशुपंति शर्मा (कास्की पोखरा) बाट ***लघुसिद्धान्तकौमुदी***को अध्ययन

३. भारतको (तुल्सीपुर) पाटनदेवी संस्कृत पाठशालाबाट वि.सं. १९५६ मा प्रथमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण

४. काठमाडौंको राजकीय संस्कृत प्रधान पाठशालामा गएर दधिरामले विष्णुहरि रिमालबाट व्याकरण, जीवनाथ, गङ्गादत्त, हरिनाथबाट न्याय, वेदान्त, साहित्य आदि प्रमुख विषयहरू अध्ययन गरेर वि.सं १९६१ सालमा वाराणसेय संस्कृत माध्यमिक विद्यालयबाट नव्यव्याकरण विषयमा सम्पूर्णमध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे ।

दधिराम मरासिनी मुख्यतः जागीरतिर नलागी धार्मिक अनुष्ठान, स्वयं सेवकका रूपमा अध्यापन, साहित्य रचना, जपपाठ पूजा र योगाभ्यासमा जीवन व्यतीत गर्न लागे । हरिहर संस्कृत पाठशालामा धेरै वर्षसम्म स्वयं सेवकका रूपमा अध्यापन कार्य गरेको हुँदा हेडगुरु तथा त्यस क्षेत्रका सनातन धर्ममा तत्कालीन एक मात्र स्तम्भ मानिएको हुँदा ***महापण्डित*** शब्दद्वारा सम्मानित भएका थिए । सरकारी संघसंस्था तथा कार्यालयहरूमा संलग्न नभएको हुँदा उनले सरकारको तर्फबाट कुनै मानपदवी र अलङ्कारहरू पाएनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दधिराम मरासिनी नेपालका प्रकाण्ड विद्वान् हुन् । आफूले आर्जन गरेको विद्वत्तालाई उनले आफ्ना रचनाहरूमा बडो गम्भीरताका साथ प्रयोग गरेका छन् । दधिराम संस्कृत र नेपाली भाषामा समान रूपमा कलम चलेका सिद्धहस्त लेखक थिए ।

कृति (संस्कृतमा)

१. श्रीराम चरितामृतम्- ७ सर्गको पद्यात्मक काव्य (यो पुस्तक त्रि.वि.वि.को स्नातक तहको पाठ्यक्रममा रहेको बुझिएको छ) प्रकाशित

२. श्रीकृष्ण चरितामृतम्-७ सर्गको पद्यात्मक काव्य (अप्रकाशित)

३. गणेश वैभवम् ....(अप्रकाशित)

४. अपरोक्षानुभूति........... (अप्रकाशित)

५. गण्डकी स्तोत्रम्......... (अप्रकाशित)

६. शिवाष्टकम्-अकार मात्र स्वरात्मकम् ....(अप्रकाशित)

७. दशपदीस्तव............. (अप्रकाशित)

८. बालगोपाल स्तुति....... (अप्रकाशित)

९. हरियाचना............. (अप्रकाशित)

१०. अम्बिकाष्टकम्......... (अप्रकाशित)

११. विष्णुप्रार्थना........... (अप्रकाशित)

१२. मातृपितृ स्तोत्रम्....... (अप्रकाशित)

१३. नीलकण्ठस्तव .... (अप्रकाशित)

१४. हृषीकेषाष्टकम्......... (अप्रकाशित)

नेपालीमा प्रकाशित (नेपालीय भाषा श्लोक संग्रहमा)

१. भक्तिविलास	२. सदुपदेश	३. श्री कृष्णाद्भुत चरित्र
४. श्री काशी विरह	५. प्राण विचार	६. श्रसूिर्यनारायण स्तुतिः
७. श्रीराम कृपामृतलहरी	८. काल साम्राज्य	९. भस्माष्टक
१०. श्री भगवती महिमा	११. श्री विष्णुमानस पूजा	१२. गङ्गालहरी आदि ।

पश्चिम क्षेत्रका धनाढ्य व्यक्ति हरिहर गौतम दधिराम मरासिनीको पाण्डित्यबाट पूर्णतः प्रभावित भई निजकै आर्थिक सहयोगबाट वि.सं. १९९४ सालमा श्री हरिहर संस्कृत पाठशालाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नक्षत्र परेको हुँदा उनको न्वारानको नाम पनि दधिरामनै भएको बुझिन्छ । माता खगेश्वरी (सपत्नमाता नर्मदा) र पिता परीक्षितका सुपुत्र (खगेश्वरीबाट) एउटै मात्र भएको थाहा पाइन्छ । सपत्नमाताबाट भने २ भाइ तारानाथ र केशवराज तथा र बहिनी कृष्णकुमारी र भूमिकुमारी जन्मेका थिए , तर परीक्षित मरासिनीका सन्तानमध्ये जेठा छोरा दधिराम भएको बुझिन्छ ।

दधिरामका काकाहरू गङ्गाधर लगायत चार भाइ थिए । ५ वर्षको उमेरमा आफ्नै पिताजीबाट अक्षरारम्भ गरेका दधिराम मरासिनीको व्रतबन्ध संस्कार ८ वर्षको उमेरमा भएको थियो र उनलाई गायत्री मन्त्र सुनाउने गुरु ***खिदीम सल्लेना*** निवासी पण्डित दधिराम पौड्याल थिए । उनको १७ वर्षको उमेरमा ***खिदीम खुर्नौले*** निवासी शुकदेव गौतमकी सुपुत्री गङ्गादेवीसँग पहिलो विवाह भएको थियो । यिनकोकोखबाट जेठी छोरी कोशलेश्वरी र छोरा धनञ्जयको जन्म भएको थियो । दोस्रो विवाह वाग्लुङ जिल्ला अन्तर्गत ***धुल्लु*** निवासी चन्द्रेश्वर पौडेलकी सुपुत्री गोपीका देवीसँग ३५ वर्षको उमेरमा भएको थियो । कान्छी पत्नीको गर्भबाट कुनै सन्तान भएनन् । दधिराम मरासिनीले निम्न विद्यालयहरूमा पढेको तथ्य फेला परेको छ ।

१. महोदत्त ब्रह्मचारी (खिदीम) को आश्रय

२. पशुपंति शर्मा (कास्की पोखरा) बाट ***लघुसिद्धान्तकौमुदी***को अध्ययन

३. भारतको (तुल्सीपुर) पाटनदेवी संस्कृत पाठशालाबाट वि.सं. १९५६ मा प्रथमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण

४. काठमाडौंको राजकीय संस्कृत प्रधान पाठशालामा गएर दधिरामले विष्णुहरि रिमालबाट व्याकरण, जीवनाथ, गङ्गादत्त, हरिनाथबाट न्याय, वेदान्त, साहित्य आदि प्रमुख विषयहरू अध्ययन गरेर वि.सं १९६१ सालमा वाराणसेय संस्कृत माध्यमिक विद्यालयबाट नव्यव्याकरण विषयमा सम्पूर्णमध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे ।

दधिराम मरासिनी मुख्यत: जागीरतिर नलागी धार्मिक अनुष्ठान, स्वयं सेवकका रूपमा अध्यापन, साहित्य रचना, जपपाठ पूजा र योगाभ्यासमा जीवन व्यतीत गर्न लागे । हरिहर संस्कृत पाठशालामा धेरै वर्षसम्म स्वयं सेवकका रूपमा अध्यापन कार्य गरेको हुँदा हेडगुरु तथा त्यस क्षेत्रका सनातन धर्ममा तत्कालीन एक मात्र स्तम्भ मानिएको हुँदा ***महापण्डित*** शब्दद्वारा सम्मानित भएका थिए । सरकारी संघसंस्था तथा कार्यालयहरूमा संलग्न नभएको हुँदा उनले सरकारको तर्फबाट कुनै मानपदवी र अलङ्कारहरू पाएनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दधिराम मरासिनी नेपालका प्रकाण्ड विद्वान् हुन् । आफूले आर्जन गरेको विद्वत्तालाई उनले आफ्ना रचनाहरूमा बडो गम्भीरताका साथ प्रयोग गरेका छन् । दधिराम संस्कृत र नेपाली भाषामा समान रूपमा कलम चलेका सिद्धहस्त लेखक थिए ।

कृति (संस्कृतमा)

१. श्रीराम चरितामृतम्- ७ सर्गको पद्यात्मक काव्य (यो पुस्तक त्रि.वि.वि.को स्नातक तहको पाठ्यक्रममा रहेको बुझिएको छ) प्रकाशित

२. श्रीकृष्ण चरितामृतम्-७ सर्गको पद्यात्मक काव्य (अप्रकाशित)

३. गणेश वैभवम् ....(अप्रकाशित)

४. अपरोक्षानुभूति............ (अप्रकाशित)

५. गण्डकी स्तोत्रम्.......... (अप्रकाशित)

६. शिवाष्टकम्-अकार मात्र स्वरात्मकम् ....(अप्रकाशित)

७. दशपदीस्तव.............. (अप्रकाशित)

८. बालगोपाल स्तुति....... (अप्रकाशित)

९. हरियाचना.............. (अप्रकाशित)

१०. अम्बिकाष्टकम्......... (अप्रकाशित)

११. विष्णुप्रार्थना............ (अप्रकाशित)

१२. मातृपितृ स्तोत्रम्....... (अप्रकाशित)

१३. नीलकण्ठस्तव .... (अप्रकाशित)

१४. हृषीकेषाष्टकम्......... (अप्रकाशित)

नेपालीमा प्रकाशित (नेपालीय भाषा श्लोक संग्रहमा)

१. भक्तिविलास
२. सदुपदेश
३. श्री कृष्णाद्भुत चरित्र
४. श्री काशी विरह
५. प्राण विचार
६. श्रसूर्यनारायण स्तुतिः
७. श्रीराम कृपामृतलहरी
८. काल साम्राज्य
९. भस्माष्टक
१०. श्री भगवती महिमा
११. श्री विष्णुमानस पूजा
१२. गङ्गालहरी आदि ।

पश्चिम क्षेत्रका धनाढ्य व्यक्ति हरिहर गौतम दधिराम मरासिनीको पाण्डित्यबाट पूर्णतः प्रभावित भई निजकै आर्थिक सहयोगबाट वि.सं. १९९४ सालमा श्री हरिहर संस्कृत पाठशालाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्रीगणेशायनम

रथचरणाङ्करकमलभव-
दशशतनयनखगपनतचरणजलज ।
अशरणशरण । मरणभय-
मपहर मम शशधरशकलधर । १
गरलकवलनशबलगल ।
सकलजगदवनहरणखलनचरणतर ।
अमरसदनधरवरपत-
दमलजलतटजट । शठजनमव २
दहनखरकरभपनयन ।
प्रमथगणसहचर । समदमदनकदन ।
धरवरकटकतटसदन ।
धनदसख । मम यमभयमपनय ३
गरलधरमयकरवलय-
पदकटकरसदपघन । भवकुपटशबर ।
सदरमधनमवलमसख-
महह । जनमचलपदमवगमय ४
शरदमलजलधरपटल-
धवलनगवगमन । हर । सदयवचन ।
शमनभटदशनकटकट-
रवचलमनसमधममधापन ५
अनघ । चरणनमदघगण-
मथन । परपातर । परम । घनमदय ।
अलसजठरदहनजगद-
हतभवजनमरमसमशरहर । ६
सरसजलदहनसपवन-
गगनखरकरशशधरयजनपरमय ।
अगणनखलगणनमन-
समदमज । मदनखरशरहतभव ७
भव । हर । शरभसभवतर ।
नरकभयशमन । गजवदनजनक ।
जयजय नाकपटलधर ।
सततनटनरत । भगनयनहर । ८
अवर्णस्यगुवर्णस्य वर्णनानीतिसङ्गतः ।
अष्टकेतरष्टकंस्यादवर्णंतुष्टयसताम् । ९
श्रीसाम्बसदाशिवार्पणमस्तु
दधिरामस्य कृतिरियम्

पं. दधिराम मरासिनीको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थापना भएको हो । कुलचन्द्र गौतम, योगी नरहरिनाथ, हरिहर गौतम, दण्डी स्वामी (योगाश्रम) आदि विशिष्ट विद्वान्हरूसँग मरासिनीको उठवस भएको थियो भने कविशिरोमणि लेखनाथ पौड्याल, कालिदास पराजुली (रानीपोखरी संस्कृत प्रधान पाठशालाका शिक्षक) शिवराज र ढुण्डीराज उनका आत्मीय साथीहरू हुन् । दधिराम कर्मनिष्ठ विद्वान् भएका हुनाले सात्विक खानामा रुचि हुनु उनका निम्ति कुनै अनौठो कुरा भएन । किनभने सात्विक आहारविहार नभएको मानिसमा पढेको विद्या स्थिर भएर रहँदैन अर्थात् पात्रमा कुनै शक्तिको आविर्भाव हुँदैन । ब्रह्ममुहूर्तदिखि लिएर मध्याह्नसम्म ध्यान, गायत्रीजप, ब्रह्मयज्ञ, तर्पण, रुद्राभिषेक, पाञ्चायनदेवपूजन, ***शुक्ल यजु : संहिता- पूर्ण सप्तशती*** र ***श्रीमद्भगवद् गीता, विष्णु सहस्र नाम***, श्रीमद्भागवत पाठ, पञ्चयज्ञ आदि आदि गरी बाँकी रहेको समयमा योगोपयोगी शास्रालोचन, भक्तिरसप्रधान कविता लेखन कार्यमा समय व्यतीत गर्थे ।

वि.सं. २०२० अधिक चैत्र, शुक्लतृतीया, सोमबारको दिन काशी आनन्द भैरवमा वृद्धावस्थाको कारणबाट दधिराम मरासिनीको मृत्यु भयो । ३ वर्षको कलिलै उमेर छँदा उनको माताको अवसान भएको हुँदा उनको लालनपालन हजुरआमा जयन्तीदेवीबाट भएको बुझिन्छ । दधिराम ३० वर्षको उमेरका हुँदा पिता परीक्षितको देहावसान भयो ।

यसरी ***नेपालको विद्वत्परम्परा***मा दधिराम मरासिनीको महत्त्वपूर्ण स्थान रहेको बुझिन्छ ।

सामग्री भाग

दधिरामको एक अप्रकाशित कृति

श्रुतिपुटेननिपीयसुमेधसो
मुनिवरात्किलतेचरितत्रयम्
सुरथभूपसमाधिविशोर्गता
मरण भीरणभीरपिसंक्षयम्

सुरकुलप्रतिकूलमपघ्नती
जननि । दैत्यकुलंमहिषादिकम्
ऋसुलभंपदमैशरामजी गमो
गिरिसुते । ऽ रिसुते ऽ ति दयैवते

सृजतिसव्यमहर्दिनकृन्मयं
नयनमिन्दुमयं त्वितरन्निशाम्
तवतृतीयमथग्निमयं तनो-
त्युभयसन्धिमयंसमयेंसति:

तव पदाम्बुजयुग्ममहर्निशं
हरिहराजमनो ऽ लिनिषेवितम्
स्फुरतुमेहृदयेतुजनु र्जरा ?
मरणभी हृदये हृदयेश्वरि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकसितारुणपङ्कजरोचिषं
निजजनाय वराभयदायकम्.
महिषमर्दिनि ? मूर्धनिधेहिमे
तवशयंवशयन्तमरिव्रजम्

क्षणिकताजगत : परिदृश्यते
किमपिनध्रुवमस्तिमहेश्वरि ?
किमवलम्ब्यलभेमहिधीरता-
मपिहिता पिहितात्वमसिध्रुवा

तवदयायदिपार्वति ? जायते
शुभजनेभजने ऽ र्पितचेतसि
किमिदमद्भुतमद्भुतमत्रमां
त्वघकुलाकुलमप्यनुकम्पसे

नखलुपूजनमस्तिनचस्तव-
स्तवजपोनकलौनचचिन्तनम्
अथकदागुणनामसुकीर्तना-
त्कलयसेलयसोविनमम्ब ? माम् .

जननि ? सन्तिजगन्तिकियन्ति वा
त्वदुरान्तरिदन्तु विदन्तु के
अहमिहैववसँस्तादभेदभा-
गियमुदेतु मुदेतु मतिर्मम

जननि ? दीनजनोद्धरणक्षणे
भवतिकिंतवमद्विधयामति :
अयमनन्य गति : शरणागत :
स्मरतिमारतिमानितिकर्हिचित्

भवपराभववैभवसंभवा-
न्विदधती निज यैवकिलेच्छया
अतिविचित्र चरित्र पवित्रया
भवहराभवमेभवसुन्दरि ?

अवसरस्तवसोयमुपस्थितो
जननि ? कीर्तिमुपार्जयितुंपराम्
मृगयसेऽ गतिकं जनमद्यचे-
ज्जगतिको ऽ कोगति ऽ स्ति मया सम:

तवकृपामधिगम्यलयार्णवे
भवताम्बुजचक्रगदाभृता
विनिहतावसुरौमधुकैटभौ
जघनगौघनगौरवदुर्मदौ

जननि ? जन्मवतो ऽ भिहितं हितं
तवपदस्मरणंनिगमागमै:
किमिहवैकरवैविषयस्तुमा -
मिदमयंदमयन्नुपसर्पति

कतिनसन्तिमहर्षिगणेक्षित-
स्तुतिवचांसिजत्यपराजिते ?
प्रियतमस्तवसप्तशतीस्तव:
पुनरसौनरसौख्यविधायक:

जननमस्तुकुयोनिषुकोटिश-
स्त्यजतु सप्तशतीरसनांन मे
चरणयो र्विनिपात्य मयाशिर -
स्त्वमधुनामधुनाशिनि ? याच्यसे .

यतिवरैरुदिताभगवत्पदै :
स्तुतिरतिप्रथितास्तितवाम्ब ? या ।
श्रुतिपुटेषुसुधांसुरदुर्लभां.
वमतिसामति सारजुषां सताम्

कमलभूभवने ऽ सि सरस्वती
हरिगृहेतुरमासि, हरालये
गिरिसुता, तवरूपगुणाथभिधा -
प्रवचनायचनायमलं जन :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकृदपिस्मरणान्मरणादिकां
तवपदंविपदं विनिहन्तिचेत्
जननि ? जातुचिदेवनजायते
तवदयाजगदीश्वरि ? यं प्रति

भ्रमणमेवभवाध्वनिदुर्गमे
सततमाततमातनुतेसतु
अथदयातवयंप्रतिजायते
भवति भूपतिरत्रसभोग भाक्

लयमियात्तनुपातमनुत्वयी -
त्युभयतोभयतो ऽ यमनाकुल :
विधिहरीन्द्रकिरीटमणिच्छवि
च्छुरणशोभिपदस्थितिरञ्जसा

शिरसिपादसरोजरजोलवं
धृतवतातवता वदवाप्यते
त्वदितरत्सुखदायकमम्ब ? ने-
त्यप्रिविचारवतः कर वाणिकिम्

कुविषयग्रहणाय मनो ऽ ग्रत :
सरतिमेरतिमेतिनतुत्वयि
तवपदा ऽ र्चनतो ऽ र्चनमञ्जसा
भवतिविष्णुचतुर्मुखशूलिनाम्

चरणपीठमधो ऽ धइमेयत :
स्थितिमिताः स्तिमिताञ्जलिमस्तका :
निजदयालुतयैव तया ऽ म्ब ? मां
त्वरितमुद्धर भीम भवार्णवात्

यदिमदा चरणेतवदृक्पते -
न्नहितदाहितदा भवितासि मे

× × ×

श्री गणेशायनम :

रथचरणकरकमलभव-
दश शत नयन खगपनतचरणजलज ?
अशरणशरण ? मरणभय-
मपहर ममशशधरशकलधर ?

गरलकवलनशबलगल ?
सकलजगदवनहरणरचन चणतर ?
श्रमरसदनधरवरपत-
दमलजलतटजट ? शठजनमव

दहनखरकर भपनयन ?
प्रमथगणसहचर ? समदमदनकदन ?
धरवरकटकतट सदन ?
धनदसख ? ममयमभयमपनय

गरलधरमय करवलय -
पदकटकलसदपघन ? भव ? कपटशबर ?
सदरमधनमबल मसख -
महह ?? जनमचलपदमवगमय

शारदमलजलधर पटल -
धवलनरगवगमन ? हर ? सदयवचन ?
शमनभटदशनकटकट-
खचलमनसमधममधरयन

इतस्थाभवभीममहार्णवे
पतनमेव नमेबलमन्यतः
प्रमथनायकजीवितनायिके ?
सगणनायकषड्वदनाम्बिके ?

तुहिनभूधरनायककन्यके ?
जयनियोजयमां निजदास्यके
मयिदयामयिदेवि ? दयामयि ?
प्रकृरुषेयदि तर्हि तथाकुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरणपङ्कजमात्रपरायणा-
स्तवभवानि ? भवानियथा ऽ निशम् .
त्वमासिकल्पलतापद पङ्कजं
श्रितवतांसकलेप्सितपूरणी.

इतिभवच्चरणंशरणंमया
ऽ क्रियतशुंभनिशुंभनिषूदिनि.
किमनुतिष्ठतुपार्वति ? कर्मसु
श्रमफले ष्वितरे ष्वुबुधः श्रमम्.

तवमेहशगृहिण्यभिधा ऽ भिधा-
नवसुधावसुधातलमागता .
अयिमहीधरनन्दिनि ? नन्दय
द्रुतविलम्बितपातमनोहरै :

विलसितैर्नयनान्तरुचांचिरं
जनमिमंनमिण्डितमस्तकम्.
सकलसाधनहीनमपीहते
चरणपङ्कजलीनमनारतम्.

अयिदयामयि ? मामनुकम्पया
परमयारमया ऽ चलनन्दिनि ?
कलयतिस्मकलिः किलकालिके ?
नरकुलंसकलंकलुषा ऽऽ कुलम् .

ममभविष्यतिकागतिरद्यचे-
न्नभवतीभवतीहदयावती
मदवलम्बनमम्ब ? दयानिधे ?
पदसरोजरजः कणिकैवते ।

अनघ चरणनमदघगण -
मथन ? परपरतर ? परम ? घनतरदय ?
अलसजठरदहनजगद -
हतमवजनमरमसमशरहर ?

सरसजलदहनसपवन -
गगनखरकर शशधर यजनपरमय ?
अगणनखलगण नमन-
समदमज ? मदनखरशर हतमव

भव ? हर ? शरभसमवतर ?
नरकभयशमन ? गजवरवदन जनक ?
जयजय नरकपटलधर ?
सततनटनरत ? भगनयनहर ?

अवर्णस्य सुवर्णस्यवर्णनातीत सद्गते :
अष्टमूर्ते रष्टकंस्यादवर्णंतुहयेसताम्
श्रीसाम्बसदाशिवार्पणमस्तु
दधिरामस्य कृतिरियम्

× × ×

श्री गणेशनायनम :

चन्द्रचूडचरणार्चनचिन्ता-
चातुरीचिरचमत्कृतचित्ताः
चिन्तयन्तिचरुचर्वकचोष्यां
चेतसाकिमुसुधामपिसन्त :

शीतभानुखरभानुकृशानु-
ज्योतिरिद्धनयनत्रितयाय
चिच्चमत्कृतिमयायसमस्ते
तिष्ठतेजगतिनाथ ? नमस्ते

चिन्तयामिमनसाशिवमेव
स्तौमिहन्त ?? वचसा शिवमेव
पुस्तकेनशिवमेव नमामि
स्वेन्द्रियैश्चशिवमेव भजामि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्करोममपिता जननी वा
शङ्करो मम पतिश्च सखा च
शङ्करः सकलमेवमदीयं
शङ्करात्किमपिनान्यदवैमि

नीलकंठ पदपङ्कजसेवा
नीलकंठ पदपङ्कजपूजा
नीलकंठपदपङ्कजचिन्ता
जन्मजन्मनिसदैवममास्तु

× × ×

श्री गणेशायनमः

भुवनभावनपालन भञ्जन -
प्रभुदृगन्त विलासविलासिनि ?
मयिभवानि? निषिक्तमहादया
ऽमृतरसातरसाभवसा ऽऽ दरम् —

हरिहरादिमुरानपि पुन्तलाँ-
स्तृणमयानिवनर्तयसीह या
तरणकर्मणि साधुतरीसमा
ममशिवे ? भवसा भवसागरात्

सकृदपीहतवोच्चरितं शिवे ?
भवतिनामविमुक्तिकरं यदि
व्रततपश्चरणेश्रमकृद्बुध :
किमुसवेद सवेदपुराणत :

श्रुतिपयोनिधिमन्थनसंभवा
ममचिरंरसानच्चलमञ्चतु

सामग्री स्रोत

१. कृष्णशरण लम्साल, नवलपरासी, गैंडाकोट ।

२. धनञ्जय मरासिनी, नवलपरासी, गैंडाकोट (कृष्णशरण मार्फत्) ।

३. वासुदेव मरासिनी, हालः काठमाडौं ।

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८

पण्डितराज सोमनाथ सिग्देलको जीवनी र प्राज्ञिक योगदान

परिचय

नेपालका विशिष्ट विद्वान्हरू मध्ये सोमनाथ सिग्देल पनि एक हुन् । अहिलेसम्मको ***पाण्डित्य परम्परा***मा ***पण्डितराज***को उपाधि पाउने विद्वान्हरू हातको औंलामा गन्न पुग्ने छन् । जस्तै, संस्कृतका धुरन्धर विद्वान् र लेखक जगन्नाथले ***पण्डितराज***को उपाधि पाएका थिए । उनले रचना गरेको ***रसगङ्गाधर*** एकदमै पाण्डितपूर्ण ग्रन्थ मानिन्छ र यो ग्रन्थ राम्रोसँग पढाउनसक्ने गुरु खोज्दै जाँदा कान्छी औंलामैं सीमित हुनपर्ने पो हो कि जस्तो छ । त्यसपछि, राजेश्वर शास्त्री द्रविडले पनि ***पण्डितराज***को पदवी पाएको देखिन्छ । नेपालका प्रधान मन्त्रीसमेत भएका कुशल राजनीतिज्ञ र मूलतः तान्त्रिक विद्वान् रङ्गनाथ पौडेल ***पण्डितराज***कै रूपमा प्रसिद्ध छन् । उनका बा व्रजनाथले पनि ***पण्डितराज***को उपाधि पाएका थिए । त्यसपछिको ***पाण्डित्य परम्परा***मा ***पण्डितराज***को उपाधि पाउने सम्भवतः सोमनाथ सिग्देलनै हुन् । ***पण्डितराज***को उपाधि पाउने अरु विद्वान्को नाम मलाई थाहा हुन सकेन । नेपालको भूमिमा जन्मिएका अनेकौं ख्यातनामा विद्वान्हरूमध्ये सोमनाथको पाण्डित्य पनि अग्रपङ्क्तिमैं रहेको पाइन्छ । उनी विद्वान् थिए तर पण्डितप्रवर पद्मप्रसादको अगाडि सोमनाथको पाण्डित्य फिकाजस्तै थियो । माहिला गुरुज्यू हेमराज पाण्डे राणाका प्रियपात्र थिए । उनैको सान्निध्यमा रहेर सोमनाथको व्यक्तित्व चम्किएको हो भन्ने कुरा पनि त्यत्तिकै सत्य हो । सोमनाथ सिग्देलले हेमराज पाण्डेलाई रिझाउने कार्यमा सफलता पाएका थिए । कुलचन्द्र गौतम राममणि आदीको सम्पर्कमा आएका थिए । कुलचन्द्र र हेमराज ***विद्वच्छिरोमणि*** पदले विभूषित विद्वान् हुन् । हेमराज पाण्डे दानाध्यक्ष भएकाले यिनबाट सोमनाथले प्रशस्त फाइदा लुटे । २००७ सालसम्म राणाहरूको राज्य थियो र त्यो बेला माहिला गुरुज्यूको ठूलो रोल भएकाले सोमनाथ हेमराजको पिछा लाग्नु स्वाभाविकै थियो । राणाहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासन समाप्त भएपछि माहिला गुरुज्यू हेमराज पाण्डेको अधिकार गयो र सोमनाथ पनि उनको सम्पर्कमा आउन छोडे । यो कुरा नयराज पन्तले पनि *पूर्णिमा*मा प्रसङ्ग्रवश लेखेका छन् । उता, माहिला गुरुज्यू र राममणिको राम्रो मेल नभएको हुँदा कुलचन्द्र गौतमले राजकीय संस्कृत प्रधान पाठशालामा अध्यापन गर्न पाएनन् । उनी अन्य ठूलाठूला दानबाट पनि बञ्चित रहे । यसमा मुख्य कुरा के हो भने, कुनै पनि मानिससँग धेरथोर बौद्धिक क्षमता चाहिं हुनैपर्छ । त्यसपछि उच्च अधिकारवालाको सम्पर्कमा आउन पायो भने ऊ माथिनै पुग्छ । यो परम्परा पहिले थियो र अहिले पनि कायमैं छ । किनभने सुन गरीबका हातामा पऱ्यो भने सस्तो मोलमा बाणाको पसलमा बेचिन्छ । धनीका हातामा पऱ्यो भने कान, नाक, औंला र गलामा टल्किएर उसले सबैलाई आफ्नो स्वरूप देखाउन पाउँछ ।

नेपालको विद्वत्परम्परामा कुलचन्द्र गौतमको विद्वत्ता अनौठो थियो । उनलाई १/२ पटक हेरेपछि जस्तोसुकै अप्ठ्यारो श्लोक पनि कण्ठ आउँथ्यो । यस्ता विचित्रका प्रतिभा कुलचन्द्रले देशमा उचित सम्मान पाउन नसकेपछि ***तैं फलिफाप हुन्छ कि*** भनेर -***अलङ्कार चन्द्रोदय*** भन्ने ग्रन्थ लेखे । त्यसपछि सोमनाथले पनि ***चन्द्र-चरित*** लेखे, तर कुलचन्द्रको ***अलङ्कार चन्द्रोदय***को दाँजोमा ***चन्द्र-चरित*** पुग्न नसकेकोले त्यो बेला यो काव्यले छापिने मौका पाएन । २००७ सालमा प्रजातन्त्र आयो । त्यसछि ***चन्द्र-चरित*** जस्ता स्तुतिकाव्यको उपयोगिता नभएकैले होला भनै छापिन पाएन । यो काव्य अहिले वाल्मीकि विद्यापीठको पुस्तकालयमा हस्तलिखित ग्रन्थका रूपमा सुरक्षित छ । सोमनाथ सिग्देलका अन्य हस्तलिखित सामग्री थुप्रैनै वाल्मीकि विद्यापीठको पुस्तकालयमा राखिएका छन् । उनको यज्ञसम्बन्धी महत्त्वपूर्ण अप्रकाशित ग्रन्थ केही वर्ष अगाडि आफ्नो घरमा लगेर गायबै पार्ने एक जना वाल्मीकि विद्यापीठकै अध्यापकको उद्देश्य हालै आएर असफल भएको बुझिन्छ । सोमनाथका हस्तलिखित सबै ग्रन्थहरू त्यत्तिकै हराउने र चोरी हुने सम्भावनालाई रोक्न हस्तलिखित सबै कृति यथाशीघ्र प्रकाशित हुनुपर्ने यथार्थता सबैतिरबाट व्यक्त गरिएको छ । सोमनाथ र कुलचन्द्रको प्रतिभा एक अर्कासँग दाँज्नै नमिल्ने खालको भएको बुझिएको छ । किनभने सोमनाथ ठूलो साधनाबाट विद्वत्ता कमाएका मानिस हुन् भने कुलचन्द्र गौतमचाहिं सहज प्रतिभा भएका विद्वान् हुन् । उनले सोमनाथलाई छेड हानेर लेखेको एउटा श्लोक यस्तो छ -

स कौमुदीकस्य कृततमस्थिते
गलस्थमुक्तावलि कस्य याचतः
अशान्त चित्तस्य दशाविपर्ययात्
क्षमस्व गोविन्द मम व्यतिक्रमम्

पण्डितराज सोमनाथ सिग्देलजस्तै कुलचन्द्रले पनि हेमराज पाण्डेको सान्निध्य पाएका भए उनी निकै माथ्लो ओहदामा पुग्ने थिए होलान् । आफ्नो इच्छा पूर्ति गर्न मौका अनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जेजस्तो स्वरूप धारण गर्न परे पनि पछि नपर्ने सोमनाथ मूलतः संस्कृत र नेपालीका ठूला विद्वान् हुन् । आफ्नो साधनामय विद्वत्ताको अन्तिम कदरस्वरूप ***पण्डितराज***को उपाधि प्राप्त गर्नु, नेपाली भाषाको आधिकारिक व्याकरण तयार गर्नु, ***प्रतिसंस्कृता सिद्धान्तकौमुदी***को रचना गर्नु, ***आदर्श राघव*** जस्तो पूर्णतः लाक्षणिक प्रौढ महाकाव्यको सिर्जना गर्नु, नेपाली भाषामा लक्षण ग्रन्थ लेख्नु र संस्कृतमा अनुवाद गर्न सिकाउने पुस्तक ***अनुवाद चन्द्रिका*** ४ प्रकाशमा लेख्नु सोमनाथ सिग्देलको विद्वत्ताका मुख्य-मुख्य परिचय हुन् । अव त सोमनाथ जत्तिकै परिश्रमी र प्रौढ ग्रन्थ लेख्नसक्ने विद्वान् पाउन पनि मुश्किल पर्दै गएको छ । संस्कृत पढ्ने र पढाउने परम्परा अहिलेसम्म कायम छ तर त्यसलाई शास्त्रीयरूपमा विकास गर्न कोही तत्पर छैन । ***महामहोपाध्याय*** नीलदेव पन्त, ***महामहोपाध्याय*** वाचस्पति पन्त, ***महामहोपाध्याय*** जयमङ्गल पौडेल, ***महाकवि*** सुकृतिदत्त पन्त, ***पण्डितप्रवर*** पद्मप्रसाद भट्टराईजस्ता उच्चकोटिका विद्वान् नेपालमैं जन्मे तर हिजोआज आचार्य परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेर संस्कृत क्याम्पसमै अध्यापक हुँदा पनि संस्कृतमा एउटा वाक्य शुद्धसँग लेख्न र बोल्न नजानेर ढोका थुनेर विद्यार्थी पढाउने, परीक्षा अगावै प्रश्नपत्र र परीक्षा भवनमा पनि सिकाइदिनेजस्ता शिक्षक पनि उत्पादन हुन थाले । यसबाट संस्कृत विद्याको उन्नति होइन, अधोन्नति हुँदै गएको स्पष्ट छ । मैले सुनेको छु - भारतमा पनि प्रकाण्ड विद्वान्हरूको परम्परा लोप हुँदै गएको छ । अचेल प्रायशः विद्यामा प्रवेश गरेको मानिस शास्त्रीय विषयको गहिरो ज्ञान प्राप्त गर्नेतिरभन्दा अनुसन्धानतर्फ बढी उन्मुख हुँदै गएको पाइन्छ । वास्तवमा अनुसन्धान पनि कठिन परिश्रम नगरी सम्भव हुँदैन तर गहिरोसँग अध्ययन, चिन्तनमनन गरी मानवसमाजको भलाइका निम्ति ठोस उपलब्धि हुने किसिमको अनुसन्धानमा मात्र अनुसन्धानकर्ताको निजी व्यक्तित्व परिलक्षित भएको हुन्छ । टेबुलभरि किताब फिँजायो । एउटा अंश एउटा पुस्तकबाट झिक्यो, अर्को अंश अर्को पुस्तकबाट झिक्यो । सबैतिरबाट यस्तो जोडजाड गर्‍यो । अनुसन्धानपरक कृतिको संज्ञा दियो । छपायो । यसकिसिमको अनुसन्धान गर्ने सतही अनुसन्धानकर्ता पनि हामीकहाँ प्रशस्तै छन् । यसकोटिका ग्रन्थ लेखकमा न त शास्त्रीय योग्यता हुन्छ, न त संसारको यथार्थबोध गर्ने क्षमता नै हुन्छ । यसरी सतही किसिमका अनुसन्धानको परम्परा विकसित हुँदै गयो भने ***शास्त्रीय विद्वत्परम्परा*** पनि लोप भएर जान्छ । अनुसन्धानको परम्परा पनि प्रशस्त झाङ्गिनु पर्छ तर त्यो सतही किसिमको होइन । अनुसन्धानबाट नयाँ सिद्धान्तको प्रतिपादन हुनुपर्छ । त्यस प्रकारका अनुसन्धानबाटमानवसमाजलाई प्रत्यक्ष फाइदा पुग्नुपर्छ ।

जीवनी

नेपालका ख्याति प्राप्त विद्वान् सोमनाथ सिग्देलको जन्म वि.सं. १९४१ साल आश्विन शुक्ल चतुर्दशीका दिन काठमाडौं जिल्लाको झोंछे भन्ने टोलमा भएको थियो । उनका पिताको नाम जगन्नाथ र माताको नाम लक्ष्मी थियो । जगन्नाथ सिग्देल वेद, व्याकरण, धर्मशास्त्र र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिषमा दक्ष थिए तर उनी मूलत: वेदान्त विषयका विद्वान् मानिन्छन् । त्यो बेलाको विद्वत्समाजमा जगन्नाथको ठूलो सम्मान थियो । उनी रानीपोखरी संस्कृत प्रधान पाठशालाका अध्यापक थिए ।

त्यो बेला चाँडै विवाह गर्ने चलन थियो । जन्मेको १० वर्षभित्र केटा र केटीको विवाह गर्नु भनेको त एकदमै सामान्य कुरा थियो । बच्चा गर्भमा छँदै विवाहका लागि दुवै पक्षका बाबुआमाका बीच कुरा छिनिन्थ्यो । जस्तो कि, **क** भन्ने मानिसको छोरो जन्म्यो र **ख** भन्ने मानिसको छोरी जन्मी भने एकार्का बीचको वैवाहिक सम्बन्ध कायम गरिदिने । यदि **क** र **ख** कै छोरैछोरा या छोरीछोरी जन्मिए भने त्यसबेला केटो या केटी अन्तै खोजी विवाह गर्ने चलन पनि थियो । यति मात्र होइन । त्यो बेला ६५ वर्षे बूढासँग ८ वर्षे बालिकाको विवाह हुन्थ्यो । पर नसरेकी छोरी कन्या दान दियो भने ठूलो पुण्य मिल्छ भन्ने धार्मिक र साँस्कृतिक मान्यतालाई पछिको समाजले विकृतरूपमा ग्रहण गर्दै गयो । हिजोआज कानूनलेनै विवाहको समय निश्चित गरिदिएको छ । बालविवाह, अनमेलविवाह र बहुविवाह गर्नेमाथि कडा कानूनी कार्यवाही पनि हुनसक्छ । केटा र केटीका बाबुआमा, दुलहा, जन्ती पुरोहित सबैले सजाय भोग्नु पर्छ र पनि अझै नेपाली समाजका यस्ता विकृतिहरू हट्न सकेका छैनन् । गाउँघरको कुरा परै जाओस् शहरबजारमैं-बहुविवाह, अनमेलविवाह र बालविवाह गर्ने मानिस पाइँदैछन् । यसो गर्नु त वास्तवमा जघन्य सामाजिक अपराध हो । मनलाई आफ्नो अधीनमा राख्न नसक्ने मान्छेहरू लागूपदार्थको सेवन गर्दछन् । रण्डीवाजी गर्छन् । चोरीडकैती गर्छन् । कसैको हत्या गर्छन् । अर्काको धनमाल लुट्छन् । यस कोटिका मानिसहरू अनेकथरी औषधी सेवन गरेर पनि विसेक हुँदैनन् । कानूनी दण्ड सजायले पनि तह लाग्दैनन्।यो समाजकै ठूलो रोग हो ।

हाम्रा विद्वान् ***पण्डितराज*** सोमनाथ सिग्देलले त्यो बेलाको सामाजिक प्रचलन अनुसार सानै उमेरमा गिरिजासँग पहिलो विवाह गरे । धेरै वर्षसम्म पनि प्रथम पत्नीबाट कुनै सन्तान पैदा नभएका हुँदा तीस वर्षको उमेरमा सोमनाथले दोलकुमारीसँग सोमनाथले दोस्रो विवाह गरे । पहिलो पटक विवाह गरेकी पत्नीमा सौतेलो ग्रह परेको रहेछ । दोस्रो पटक विवाह गर्ने वित्तिकै गिरिजा (जेठीपत्नी) को गर्भबाट एउटा छोरो र दुइटी छोरीको जन्म भयो । तीन सन्तान जन्मिएका मध्ये- छोरो दुवै वर्षको उमेरमा परलोक भयो । अर्की छोरीको पनि देहान्त भयो र अर्की छोरी शान्ति सानै उमेरमा विधवा भइन् । दोलकुमारीबाट कुनै सन्तानको जन्म नभएपछि ४० वर्षको उमेरमा सोमनाथले ललितादेवीसँग तेस्रो विवाह गरे । वि.सं.१९९७ सालको माघ महिनामा सोमनाथकी जेठी पत्नी गिरिजाको देहावसान भयो ।

पिता जगन्नाथ सिग्देलबाट सोमनाथले प्रारम्भिक शिक्षा घरमैं ग्रहण गरे । रानीपोखरी संस्कृत प्रधान पाठशालामा भर्ना भएपछि आफ्ना पिता र त्यो बेला नेपालको विद्वत्ताका क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्धि कमाएका गुरुहरू जस्तै, पण्डित विष्णुहरि रिमाल, पण्डित विश्वनाथ रिमाल तथा गङ्गादत्त गोतामेसँग अध्ययन गरेका थिए । सोमनाथले ख्यातिप्राप्त गुरुहरूसँग पढेर मध्यमासम्मको पाठ्यक्रम पूर्ण गरे । यसरी मध्यमाको पढाइ पूरा गरेको वर्ष वनारसमा परीक्षा दिन जाने अनुकूल नपरेको हुँदा उनले त्यो वर्ष काठमाडौंमै रही विख्यात मैथिल विद्वान् सहदेवसँग न्याय विषयको मध्यमाको पाठ्यपुस्तक अध्ययन गरे । वि.सं. १९५६ सालमा दर्शन विषयमा मध्यमा परीक्षा उत्तीर्ण गरी शास्त्री, आचार्यको अध्ययन गर्न सोमनाथ बनारसमैं वसे । यहाँ बस्दा उनले विख्यात बङ्गाली विद्वान् कैलाशचन्द्र शिरोमणिसँग न्याय, सुब्रह्मण्यम शास्त्रीसँग वेदान्त र सुप्रसिद्ध दाक्षिणात्य विद्वान् गङ्गाधर शास्त्रीसँग साहित्यको अध्ययन गरे । सोमनाथले विभिन्न विषयको परिश्रमपूर्वक अध्ययन गरी बनारसको क्वीन्स कलेजबाट न्याय वैशेषिकमा ***उपाध्याय*** पदवी तथा कलकत्ताको ***काव्यतीर्थ*** परीक्षासमेत विशिष्ट श्रेणीमा उत्तीर्ण गरेका थिए । यसरी आफ्नो रुचिका विभिन्न विषयको अध्ययन समाप्त गरी सोमनाथ वि.सं.१९६४ सालमा काठमाडौं फर्किए । काठमाडौं आएकै वर्ष सोमनाथलाई रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापन गर्ने मौका मिल्यो । वि.सं. १९७१ (७२ ?) मा पण्डित हेडगुरु विष्णुहरि रिमालको देहान्त भयो उनको देहान्तको सम्बन्धमा मैले एउटा यस्तो कुरा सुनेको थिएँ-

विष्णुहरि रिमाल कहिल्यै पनि चीसो पानी खाँदैनथे । एक दिन खाजा खाने छुट्टी पाएको बखत सधैंझैं, भोटाहिटीको हलुवाइका पसलमा गएर हलुवास्वारी खाएको लगत्तै तीर्खा लागेको हुँदा उनले चीसै पानी खाइदिएछन् । त्यसपछि विष्णुहरिलाई क्रमिकरूपमा पेटको दुखाइ बढ्दै गई त्यही दिन उनको देहान्त भयो। यो कुरा अहिलेसम्म मौखिक रूपमा सुनिँदै आएको छ । आफ्ना परमपूज्य गुरु विष्णुहरि रिमालको देहान्त भएपछि सोमनाथ सिग्देल रानीपोखरी संस्कृत प्रधान पाठशालाका हेडगुरु भए । वि.सं. २००९ सालमा राजकीय संस्कृत महाविद्यालयको स्थापना भएपछि पनि पहिलो प्राचार्य सोमनाथनै भए । उनी साहित्य, सर्वदर्शन, वेदान्त, साङ्ख्य, योग, धर्मशास्त्र आदि विषयका विद्वान् थिए । उनले विभिन्न विषयहरूको अध्यापन गरी अनेकौं शिष्य प्रशिष्यहरु तयार पारेका थिए । वि.सं. १९७६ सालमा त्रि-चन्द्र कलेजको स्थापनापछि त्यहाँ सोमनाथले केही समय नेपाली विषयको अध्यापन गरेका थिए भने त्रिभुवन विश्वविद्यालयमा नेपाली विभागको स्थापनापछि पनि नेपालीको प्राध्यापन गरेका थिए । उनी थोरबहुत संस्कृत व्याकरण पनि जान्दथे । उनमा व्याकरणको विशिष्ट ज्ञान नभएको कुरा त्यो बेलाका गुरुहरू गर्थे रे ।***म अरु व्याकरण जान्ने विद्वान्भन्दा कम छुइन*** भन्ने देखाउन सोमनाथले - ***प्रतिसंस्कृतमा सिद्धान्तकौमुदी***को रचना गरे । सोमनाथले व्याकरण विषय पढाएको कुरा मैले आजसम्म सुनेको छैन ।

सोमनाथ सिग्देलले बनारसमा पढ्न बस्दाखेरिनै रचना लेख्ने अभ्यास गर्दै गएका थिए । संस्कृत भाषामा ***सूक्ति सुधा*** र नेपाली भाषामा ***सुन्दरी*** को प्रकाशन शुरु भएपछि सोमनाथका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डितराज सोमनाथ सिग्देल
जन्म : वि.सं. १९४१ आश्विन शुक्ल चतुर्दशी
देहान्त : वि.सं. २०२९ आश्विन २८ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचना प्रकाशित हुन थाले । ***सूक्ति सुधा*** (संस्कृत मासिक) वि.सं. १९६१ र ***सुन्दरी*** (नेपाली मासिक १९६३) को सम्पादक पनि सोमनाथ भएको बुझिन्छ । यी दुइ पत्रिकाका अन्य संस्थापक सदस्यहरूमा देवीदत्त पराजुली र विष्णुप्रसाद भण्डारी भएको बुझिन्छ ।

सोमनाथले आफूले आर्जन गरेको विद्वत्ता र् लेखेका कृतिको कदरस्वरूप धेरै मानसम्मान प्राप्त गरेका छन् । जस्तै, वि.सं. १९९८ सालमा ***गोरखा दक्षिण बाहु चौथा*** २००१ मा ***दीर्घ सेवा पट्ट,*** २००८ सालमा ***गोरखा दक्षिण बाहु तेस्रा,*** २०११ सालमा श्री ५ महेन्द्रको राज्यारोहणका अवसरमा ***आजीवन सेवा,*** २०१३ सालमा ***शुभराज्याभिषेक पदक,*** २०१४ सालमा रायल नेपाल एकेडेमीको सदस्य, २०१६ सालमा ***पण्डितराज***को उपाधि, २०२० सालमा ***गोरखा दक्षिण बाहु प्रथम*** र २०२४ सालमा ***त्रिभुवन पुरस्कार***द्वारा सम्मानित भएका थिए ।

सोमनाथ सिग्देलले विशेष प्राज्ञिक कार्य गरेर आफ्नो योग्यताको परिचय दिएका छन् । तीमध्ये, वीर पुस्तकालयका अभिलेख पञ्जीकरणमा सहभागिता (वि.सं.१९७९ मा प्रारम्भ), ***काश्यपसंहिता***को उपोद्घात लेखनमा असाधारण सहयोग (१९९५) र कोटी होममा प्रधान आचार्यत्व ग्रहण (२०१६) प्रमुख छन् । त्यसैगरी सार्वजनिक कार्यका क्षेत्रमा पनि सोमनाथको योगदान त्यत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ । जस्तै, नेपाली भाषा प्रकाशिनी समितिको सदस्य, दार्शनिक संघको अध्यक्ष, संस्कृत प्रचारिणी समितिको अध्यक्ष, नारी विद्या पीठको अध्यक्ष, धार्मिक स्थल सुधार तथा व्यवस्थापन समितिको सदस्यपदलाई मुख्य रूपमा लिन सकिन्छ ।

कृति

सोमनाथ सिग्देलले संस्कृत र नेपाली वाङ्मयका क्षेत्रमा अविस्मरणीय योगदान दिएका छन् । संस्कृततर्फ ***सुन्दरचम्पू*** (१९६१), ***अनुवाद चन्द्रिका १-४ भाग, प्रतिसंस्कृता सिद्धान्तकौमुदी*** र ***आदर्श राघव पुष्पाञ्जलि*** अहिलेसम्मका प्रकाशित कृति हुन् । सोमनाथका अप्रकाशित संस्कृत भाषाका कृति पनि भएको बुझिन्छ । ती सबैको सम्पर्क सम्पादन, प्रकाशन र वितरण गर्नु उनका कृति सुरक्षित रहिरहने एउटै मात्र उपाय हो । नेपाली भाषामा सोमनाथले लेखेका कृतिहरूमा - ***मध्यचन्द्रिका*** (१९७६), ***लघुचन्द्रिका*** (१९९१), ***आदर्श राघव*** (२००५), ***साहित्य-प्रदीप*** (२०१६) र ***सनातन धर्मसन्देश*** (२०१६) मुख्य हुन् । यी सबै कृतिको आ-आफ्नो क्षेत्रमा विशिष्ट महत्त्व त छदैछ, विश्वविद्यालयको पाठ्यक्रममा समेत समावेश भएर अझ बढी महत्त्व भएका कृतिहरूमा - ***मध्यचन्द्रिका, आदर्शराघव*** र ***साहित्य-प्रदीप*** मुख्य हुन् । अहिलेसम्म नेपाली व्याकरणको आधिकारिक ग्रन्थ यही ***मध्यचन्द्रिका*** हुन पुगेको छ । यसलाई उछिन्ने नेपाली व्याकरणको पुस्तक अहिलेसम्म लेखिएको छैन । त्यस्तै, ***आदर्शराघव*** नेपाली महाकाव्य परम्परामा शास्त्रीय मर्यादाको पूर्णतः पालना गरी लेखिएको प्रौढ महाकाव्य हो । ***साहित्य प्रदीप*** नेपाली साहित्यको लक्षण ग्रन्थ हो र सोमनाथीय परिष्कारवादी व्यक्तित्वको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिपाक पनि । ***अनुवाद चन्द्रिका*** चार भागमा प्रकाशित छन् । संस्कृत भाषामा लेख्न र बोल्न सक्ने तुल्याउन यी चार प्रकाशको ठूलो भूमिका छ । सोमनाथले ***सपरिचय सुधार कार्य विवरण*** (२०१७) र ***कौटिल्यको अर्थशास्त्र*** (२०२४) कृतिको सकुशल सम्पादन गरेका छन् र नेपाली वाङ्मयमा यी दुइ कृतिको छुट्टै ऐतिहासिक महत्त्व रहिआएको छ ।

सोमनाथ सिग्देलले लेखेका तर हालसम्म अप्रकाशित रूपमा रहेका ***चन्द्र चरित*** र ***वशिष्ठ दर्शन*** (नेपाली भाषामा) र ***सूक्तिविवेक शतकम्, सूक्ति कल्पलता, चन्द्र*** (खण्डकाव्य), विभिन्न पुराणका सारहरू, फुटकर निबन्ध, यज्ञसम्बन्धी ग्रन्थ र अन्य चिठीपत्रहरू पर्न आउँछन् । यी अप्रकाशित कृतिहरूको यथाशीघ्र प्रकाशन हुनुपर्छ । सोमनाथ र उनका कृतिमाथि अझ विशद व्याख्याविश्लेषण हुनु आवश्यक छ । संस्कृत र नेपाली वाङ्मयका ओजस्वी वर्चस्व सोमनाथको प्राज्ञिक महत्त्व नेपाली समाजले भविष्यमा अझ थाहा पाउँदै जाला । उनका बारेमा अनेकौं अनुसन्धानात्मक ग्रन्थहरू लेखिएलान् । प्रस्तुत पुस्तकको मूल उद्देश्य यथासम्भव अरुले चर्चा नगरेका र गरे पनि ज्यादै कम सामग्री उपलब्ध हुने संस्कृतका विद्वान्हरूको प्रामाणिक जीवनी प्रस्तुत गर्नु हो । सोमनाथलाई सबैले चर्चा गर्छन् र उनका बारेमा अध्ययन र अनुसन्धान गर्न लेख्न र प्रकाशन गर्न यथेष्ट सामग्री पाइन्छन् । यो त एउटा छोटो टिपोट मात्र हो ।

सन्तानको अनिवार्यतामा प्रकाश

गार्हस्थ जीवनमा प्रवेश गरेका मानिसहरूका निम्ति सन्तानको अनिवार्य आवश्यकता महसूस हुन्छ । सन्तानविना इहलोक र परलोक शून्य हुन्छ । मरेपछि पिण्डपानी दिने मानिसको आवश्यकता पर्ने हुँदा ***पुं नाम नरकात्त्रायत इति पुत्रः*** भनेर व्युत्पत्ति गरिएको हुनसक्छ । सोमनाथ सिग्देलको जीवनमा पनि पुत्रको अभाव अनुभव भैरह्यो । माहिला गुरुज्यू हेमराज पाण्डेले पुत्र प्राप्तिका लागि गरेको प्रयासका बारेमा कपनका बलराम खड्काको मुखबाट मैले धेरै कुरा सुनेको थिएँ । माहिला गुरुज्यू हेमराज पाण्डेले छोराको जन्म होओस् भन्नका निम्ति शास्त्रमा बताए अनुसार सबैकर्महरू गरे तर छोराको जन्म हुन सकेन । त्यसपछि काठमाडौं जिल्लाको उत्तरपट्टि पर्ने कपनडाँडो किनेर त्यहाँको थुम्कामा फलफूलका बिरुवा सारेपछि माहिला गुरुज्यूका छोराको जन्म भयो । त्यस्तै ***पण्डितराज*** सोमनाथ सिग्देलले पनि छोराको मुख हेर्न गर्नुपर्ने सबैकार्य गरे होलान् तर उनमा छोराको स्थायित्व हुन सकेन । आफ्नै आत्म मर्मलाई सोमनाथले ***आदर्श राघव*** महाकाव्यमा सन्तानको अनिवार्यता देखाई यसरी व्यक्त गरेका छन् -

भूपालले असल चाल शुभ व्यवस्था
साथै चलाइरहँदा निज राज्य संस्था
थामेर बोझ वय ढल्कन लागिहाल्यो,
विश्राम मार्ग नहुँदा मन शोचर्न थाल्यो

संसार षड्रस भरेर भई तयार
आस्वाद दिन्छ बहुधा समयानुसार
आनन्दमा पनि मिसाउँछ दुःख केही
जेले झसङ्ग भइ भित्र पिरिन्छ देही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याहाँ रहेन छ कहीं सुख सोहआना,
जाहाँतही कम कुनै न कुनै छ बाना
साम्राज्यको पद समेत रहेन पूर्ण
निःशेष विश्व रचिएछ यसै अपूर्ण

सीधा भएर कहिले, कहिले त वक्र
घुम्दो रहेछ नअडी दृढ कर्म-चक्र
संस्कारसाथ यसको, सुखदुःख शोक
बोकेर माथि तल गर्छ अशेष लोक

कर्मानुसार बहुधा वदलेर हाल,
चल्दो रहेछ सबलोक विचित्र चाल
देखाउँदो छ चटकी नट-तुल्य काल
संसार-रङ्गभर अद्भुत इन्द्रजाल

नानाथरी रङभरी यस विश्व भित्र
संसार चित्रपट बन्छ बडो विचित्र
छाया प्रकाश तकको बदलेर काया,
पाया जमाउँछ यहाँ बहुरूप माया

संसारमा सब चराचर छन् अनित्य,
योदेखि बाहिर छ उज्ज्वल सत्य नित्य
धारा प्रवाह- गति लौकिक यो चलाई
लाग्छन् सुधीजन अलौकिक खोजलाई

विख्यात पूर्वजनको अनुसारमा यो
भूभार-धारक हुने अधिकार आयो
हा ! हा ! चुँडाइ कसरी कुलतन्तु भारी,
जाऊँ कहाँ, सब यसै अलपत्र पारी
धारा अटूट गरि पूर्वजको समान
ढाकोस् समुद्रतक उज्ज्वल कीर्तिगान
भन्ने दिंदो छ शुभ सूचनको प्रसङ्ग,
धाराधर- ध्वनि गरी सरयू-तरङ्ग

यो राजकाज हुन गो रसिलो अगाडि
विश्राम- शून्य भइ नीरस भो पछाडि
देखिन्न छैन पछिको विषयाधिकारी
उम्कूँ बिसाइ कसको शिरमाथि भारी

यो दिव्य भोग, असमान कमान, मान,
लोकानुराग, शुभवैभव, वीर-गान
सारा भए पनि, सुपुत्र विना अँध्यारो,
संसारको सुख भएन कुनै पियारो

विद्याविना मनुज-जन्म ठहर्छ थारो,
ऐश्वर्य लोक-हित कार्य विना लठारो
कान्ता विना गृह कुटुम्बहरू पसारो,
संसार पुत्र-मुख-चन्द्र विना अँध्यारो

झल्कन्छ पुत्र- मुख मण्डलको जुनेली
आलोकमा सम भई झुपडी हवेली
आनन्द सागरमहाँ पनि बढ्छ भेल,
गर्छन् प्रफुल्ल भइ नेत्र चकोर खेल

दिव्य प्रवास- पथसंम दिने सहारा,
विश्राम-धाम मनको, सुख शान्ति धारा
संसारको गगन उज्ज्वल गर्न तारा,
सत्पुत्र हो भनि झुराउँछ लोक सारा

वेस्वार्थमा मन उमालि गयो जवानी
इच्छा छ दिव्य-पथमा लिन मेजबानी
वैलाई पितृ-ऋणले, नदिई जमानी,
जाँदा दिनेछ कसले अब अन्न पानी [१]

---

१. पण्डितराज सोमनाथ शर्मा, *आदर्श-राघव* तृतीय संस्करण पृष्ठ ९, १० र ११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण :

* त्वदीयं वस्तु राजेन्द्र तुभ्यमेव समर्प्यते *

श्री ५ महाराजाधिराज श्री ५ बडामहारानीका
विशाल कीर्तिसरोवरमा फुली सुवास दिने
सुवर्णपुष्पको मालामा मिल्न चाहने
यो एउटा नव कुसुम-कलिका
कौतुकको बाहुल्यमा
सादर समर्पण
गर्दछु

[illegible], सोमाश्रम ८/१२८   विनम्र
काठमाडौं नेपाल   [illegible]
२०२९ वैशाख

पण्डितराज सोमनाथ सिग्देलको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि प्रस्तुत गरिएका पद्यमा राजा दशरथले पुत्रको अभावमा गरेको विलौना मार्मिक रूपमा अभिव्यक्त भएको छ । बाह्यरूपमा विश्लेषणका क्रममा जेजस्तो भाव भेटिए पनि वस्तुतः यो कविकै अन्तर्हृदयको करुण क्रन्दन हो । व्याकरणका ख्यातनामा विद्वान् पाणिनिले उल्लेख गरेको दुइ किसिमका वंशमध्ये ***जन्मवंश*** त त्यसै टुटेर गयो । अब, सोमनाथको केवल ***विद्यावंश*** जीवित छ । व्यावहारिकरूपमा उनको जेजस्तो अवस्था र क्षमता देखिए पनि सोमनाथ संस्कृत र नेपाली वाङ्मयका उज्ज्वल नक्षत्र हुन् । नेपालमा उनी जत्तिकै शास्त्रीय परम्पराका अनुयायी विद्वान् पाउन पनि अब त मुश्किल पर्दै गयो । सोमनाथले आफ्नो जीवनकालमै देशबाट यथेष्ट मानसम्मान प्राप्त गरेका छन् । यसलाई एउटा संयोगकै रूपमा लिन सकिन्छ । यस्ता महान् प्रतिभाको निधन वि.सं. २०२९ आश्विन २८ गते काशीको रामघाटमा भयो र उनको विद्वत्ताको कदरस्वरूप श्री ५को सरकारले २०30 आश्विन १९ गते हुलाक टिकटको समेत प्रकाशन गरेको छ । यसरी नेपाली र संस्कृत वाङ्मयका साधकमध्ये सोमनाथले जेजति मानसम्मान पाउनुपर्ने हो त्यो सबै पाउन सफल भएका राष्ट्रिय प्रतिभा हुन् । ***जन्मवंश*** को दृष्टिबाट उनी खिन्न थिए । सम्भवतः कुनै पनि मानिस सबै कुराले पूर्णसन्तुष्टिको शिखर उक्लन असमर्थ रहने यथार्थ वस्तुसत्य सोमनाथ सिग्देलको जीवनीले स्पष्ट पार्छ ।

समाग्री भाग

विद्वान्‌हरूको सम्मति

प्रसाद चिन्हानि पुरः फलानि

२०१५ वैक्रमाब्द मार्गशुक्लाष्टम्यां वाराणस्यां रामघट्टशान्तिकुटीरभवने

विद्वद् गोष्ठी

नेपालराज्यप्रतिष्ठितैर्न्यायव्याकरणसाहित्यादिशास्त्रप्रौढपण्डित्यशालिभिरास्तिकमूर्धन्यैः पण्डितप्रवरैः श्रीसोमनाथ शर्मशास्त्रिमहोदयैर्बहुपरिश्रम्य निबद्धं सिद्धान्तकौमुद्यः सव्याख्यं नवं प्रतिसंस्करणं विशिष्टविद्वत्सभासु समुपस्थापितम् । तदिदं विशिष्टं ग्रन्थरत्नं व्यवहारोपयोगितया व्युत्पादकतया च वैयाकरणानामन्येषां च संस्कृतानुरागिणां विदुषां महते प्रमोदाय, अन्तेवासिनामुपयोगाय, सौविध्याय चानुकूलमवश्यं प्रकाशनीयमिति निर्धार्यते ।

तदिदमपरमपि धन्यवादास्पदं यत् - संस्कृत वाङ्मयरक्षा व्रतै वीरराजन्यकुलमुकुटलङ्कारैः संमाननीयनेपालराज श्री ५ मन्महाराजाधिराज महेन्द्रवीरविक्रमशाहदेवमहोदयैः नेपालएकेडमी महासंस्थाद्वारा अस्य ग्रन्थस्य प्रकाशनमङ्गीकृतमिति सप्रमोदमभिनन्दयामः ।

वयं वाराणसेया विद्वांसः स्तुत्यस्यास्य निबन्धस्य प्रकाशनं समर्थयामहे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभापतिः-

१. ***श्रीनारायणशास्त्री खिस्ते***- महामहोपाध्यायः साहित्यवारिधिः, वाराणसेय संस्कृतमहाविद्यालय भूतपूर्वाध्यक्षः, विद्वत्परिषदध्यक्षश्च ।

२. ***श्रीराजेश्वरशास्त्री द्राविड्***:- पण्डितराजः, साङ्गवेदविद्यालयाध्यक्षः ।

३. ***श्रीहरिराम शुक्ल*** :- न्यायाचार्यः, साङ्गवेदविद्यालयन्यायाध्यापकः ।

४. ***श्रीताराचरण भट्टाचार्य*** :- साहित्याचार्यः, टीकमाणिसंस्कृतकालेजभूतपूर्वाध्यक्षः ।

५. ***श्रीपूर्णचन्द्राचार्य*** :- व्याकरणाचार्यः, रामानुजसंस्कृतकालेजभूतपूर्वाध्यक्षः ।

६. ***श्रीराजनारायण शुक्ल*** :- न्यायाचार्यः, विद्वपरिषत्मन्त्री, वाराणसेय शास्त्रार्थमहाविद्यालयाध्याक्षश्च ।

७. ***श्रीकमलाकान्त मिश्र*** :- व्याकरण- वेदान्ताचार्यः, गोयनकासंस्कृतमहाविद्यालयाध्यक्षः ।

८. ***श्रीकालीप्रसाद मिश्र*** :- व्याकरणाचार्यः, हिन्दूविश्वविद्यालयीय संस्कृतमहाविद्यालय भूतपूर्वाध्यक्षः ।

९. ***श्रीनिरीक्षणपति मिश्र*** : - व्याकरणाचार्यः, हिन्दूविश्वविद्यालयव्याकरणप्राध्यापक : ।

१०. ***श्रीरामप्रसाद त्रिपाठी***- न्यायव्याकरणाचार्यः- हिन्दूविश्वाविद्यालय व्याकरणप्राध्यापक : ।

११. ***श्रीबदरीनाथ शुक्ल*** :- न्यायवेदान्ताचार्यः, वाराणसेयसंस्कृत विश्वविद्यालयन्यायविभागाध्यक्षः ।

१२. ***श्रीअनन्तशास्त्री फडके***- व्याकरणाचार्यः, मीमासातीर्थः वाराणसेयसंस्कृतविश्वविद्यालयेतिहासपुराणविभागाध्यक्ष : ।

१३. ***श्रीमुकुन्दशास्त्री खिस्ते*** :- साहित्याचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालय न्यायविभागाध्यक्षः ।

१४. ***श्रीमुरलीधर मिक्ष*** :- व्याकरणवेदान्ताचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयव्याकरण विभागाध्यक्ष : ।

१५. ***श्रीबालकृष्णशर्मापञ्चोली*** :- व्याकरणाचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयव्याकरण प्राध्यापक : ।

१६. ***श्रीराजनारायण त्रिपाठीः***- व्याकरणचार्यः, वाराणसेयसंस्कृत विश्वविद्यालयव्याकरण प्राध्यापक : ।

१७. ***श्रीविभूतिभूषण भट्टाचार्यः***- न्यायाचार्यः, वाराणसेयसंस्कृतविश्वविद्यालयग्रन्थपालः ।

१८. ***श्रीयागेश्वर झा*** - व्याकरणकेसरी, मुमुक्षुभवनसंस्कृतविद्यालयव्याकरणप्रधानाध्यापक : ।

१९. ***श्री रघुवीर पाण्डेयः***- व्याकरणाचार्यः, श्रीचन्द्रसंस्कृतकलेजप्रधानाध्यापकः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. ***श्रीब्रह्मदेव शुक्ल*** :- व्याकरणाचार्यः, श्रीदाजीसंस्कृतविद्यालयव्याकरणप्रधानाध्यापकः ।

२१. ***श्रीचन्द्रबालि द्विवेदी*** - व्याकरणाचार्यः, अग्रवालसंस्कृतविद्यालयाध्यक्षः ।

२२. ***श्रीरामअवध पाण्डेयः***- व्याकरणाचार्यः, एम.ए., बिरलासंस्कृतकांलेजव्याकरणप्राध्यापकः ।

२३. ***श्रीकृष्णमोहन ठक्कुर*** : - व्याकरणासाहित्यवेदान्ताचार्यः, एम.ए., हिन्दूविश्वविद्यालयीय - रणवीरसंस्कृत-पाठशालाध्यक्षः ।

२४. ***श्रीकृष्णमणि त्रिपाठी*** - व्याकरणसाहित्यसांख्ययोगपुराणेतिहासाचार्यः, एम.ए., साहित्यरत्नम् , भारतीयसाहित्यविद्यालयव्यवस्थापकः ।

२५. ***श्रीदिवाकर जोशी*** - व्याकरणाचार्यः, स्याद्वादविद्यालयव्याकरणंप्राध्यापकः ।

२६. ***श्रीरामप्रीत द्विवेदी*** - व्याकरणाचार्यः, दयालुसंस्कृतपाठशालाप्रधानाध्यापकः ।

२७. ***श्रीदामोदर भट्टराई*** - वेदाचार्यः, हरिहरसंस्कृतपाठशालाध्यक्षः ।

२८. ***श्रीकरुणाकर पनेरु***- सांख्यवेदान्तकाव्यतीर्थः, दुग्धविनायक वाराणसी ।

२९. ***श्रीकेशवशर्मा वास्तोला*** - वेदान्ताचार्यः, नेपालीसंस्कृतविद्यालयप्रधानाध्यापकः ।

३०. ***श्रीपूर्णचन्द्रोपाध्याय*** :- व्याकरणाचार्यः, केसरविद्यालयव्याकरणाध्यापकः ।

श्री विद्वद्वरसोमनाथशर्ममिः प्रतिप्रकरणं प्रतिविषयञ्च प्रतिसंस्कृता तदाह्वया ***सिद्धान्तकौमुदी*** सव्याख्या मया समवलोकिता अस्यां तत्र तत्रावसरप्राप्ता व्याकरणसिद्धान्ता उपपादिताः वर्णमातृकाणाञ्च भाषान्तरवर्णमातृकाभ्य औचित्य प्रतिपादित मूलानि उपपत्तीश्च समाश्रित्य । विप्रकीर्णानि च सूत्राणि प्रकरणकल्पनया सञ्चितानि । प्रयोगाणाञ्च व्यवहारभूमयः प्रदर्शिताः । धातूनाञ्च यथासम्भवं प्रयोगा उपन्यस्ताः । कारकाणाञ्च विप्रतिपत्तिभूमयो महताऽऽ सेन सिद्धान्तावधारणेन परिष्कृताः इति सर्वं सम्प्रधार्याहं संमन्येऽइयं कृतिः करिष्यति विनेयानां महतीमुपकृतिमिति।

रघुनाथ शर्मा
व्याकरणाचार्य :
वाराणसेय संस्कृत विश्वविद्यालय -
वेदान्त विभागाध्यक्षः[२]

यो उद्धृतांशबाट के कुरा बुझिन्छ भने ***पण्डितराज*** सोमनाथ सिग्देल नेपाली विद्वान्हरूका हृदयमा मात्र भिजेका रहेनछन्। भारतका प्रख्यात विद्वान्हरूका दृष्टिमा पनि उनी त्यत्तिकै महान् र आदरणीय रहेछन् । भारतीय विद्वान्हरूले सोमनाथलाई आधुनिक युगका पाणिनि मानेको प्रसङ्ग पनि यस सन्दर्भमा चर्चा योग्य देखिन्छ ।

---

२. सोमनाथ शर्मा ***प्रतिसंस्कृता सिद्धान्तकौमुदी*** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०१५) पृष्ठ ७-८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोकसमाचार

पण्डितराजको स्वर्गवास

काठमाडौं, कार्तिक ३ गते । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य ***पण्डितराज*** सोमनाथ सिग्देल गत आश्विन २८ गते शनिश्चरवार साढे नौ बजे राती काशीमा परलोक हुनुभयो । श्री सिग्देल ८८ वर्षको हुनुहुन्थ्यो ।

उहाँकी एक धर्मपत्नी र एउटी छोरी जीवित हुनुहुन्छ ।

श्री सोमनाथ सिग्देलले २०१६ सालमा ***पण्डितराज***को उपाधि, २०२४ सालमा ***त्रिभुवन पुरस्कार*** तथा २०१४ सालमा राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य हुनु भएको थियो ।

सुन्दरी मासिक पत्रिकाका संस्थापक सम्पादक श्री सिग्देलले नेपाली व्याकरणमा ***लघु चन्द्रिका, मध्य चन्द्रिका*** र महाकाव्यमा ***आदर्श राघव,*** छन्द ग्रन्थ ***साहित्य प्रदीप*** र ***प्रति संस्कृता सिद्धान्त कौमुदी*** लेख्नु भएको थियो ।

१९४१ मा जन्मनु भएका श्री सिग्द्यालले न्यायमा आचार्य तथा काव्यतीर्थ गर्नु भएको थियो । उहाँ ***गोरखा दक्षिण बाहु*** तथा ***दीर्घ सेवा पट्ट***द्वारा विभूषित हुनुहुन्थ्यो ।[३]

श्री व्यथितद्वारा समवेदना

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्री केदारमान व्यथितले गत आश्विन २८ गते राती ९.३० बजे बाराणसीमा नेपाल प्रज्ञाप्रतिष्ठानको आजीवन सदस्य ***पण्डितराज*** श्री सोमनाथ सिग्देलको देहावसान भएकोमा अत्यधिक दुःख व्यक्त गर्नु भएको छ ।

श्री व्यथितले भन्नुभएको छ, संस्कृत साहित्यका विद्वान् तथा नेपाली भाषा र साहित्यमा गत ४, ५ दशकदेखि अभूतपूर्व योगदान दिई आउनु भएको ***पण्डितराज*** सिग्देलज्यूको निधनबाट हाम्रो बौद्धिक र साहित्यिक जगत्लाई अपूरणीय क्षति पुग्न गएको छ ।

श्री व्यथितलें श्री सिग्देलज्यूको दिवङ्गत आत्मालाई चिरशान्ति प्राप्त होस् भन्ने श्री परमेश्वरसँग प्रार्थना गर्नुका, साथै उहाँका शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्नुभएको छ ।[४]

---

३. *गोरखापत्र* वर्ष ७२ अङ्क १६५,२०२९, कार्तिक ४ गते शुक्रबार, पृ.१ ।

४. *गोरखापत्र* पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि. सं. १९४१ आश्विन १९ गते जन्मनु भएका स्व. श्रीसोमनाथ सिग्देल संस्कृत वाङ्मयका विभिन्न क्षेत्रमा प्रौढ पाण्डित्य भएका प्रतिष्ठित विद्वान्, ग्रन्थकार एवं वाल्मीकि संस्कृत महाविद्यालय, काठमाण्डौका प्रथम प्राचार्य हुनुहुन्थ्यो । उहाँले गर्नुभएको शिक्षा एवं साहित्य सेवाको लागि उहाँलाई गोरखा दक्षिण बाहुको तक्मा, राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्यता, पण्डितराजको पदवी तथा त्रिभुवन पुरस्कार प्रदान गरिएको थियो । उहाँको स्वर्गवास वि. सं. २०२९ आश्विन २८ गते भएको हो ।

Born on Ashwin 19, 1941 B.S. Late Shree Somnath Sigdel was a renowned scholar and author who was highly respected for his in–depth knowledge of the various branches of the Sanskrit literature. He was the first principal of the Valmiki Sanskrit College, Kathmadu. In recognition of his precious contributions to the promotion of education and literature, he was invested with the order of the Gorkha Dakshin Vahu and was given the title of Pandit Raj (Master Scholar). Winner of the Tribhuwan Award, Shree Sigdel was made a member of the Royal Nepal Academy. He passed away on Ashwin 28, 2029 B. S.

पण्डितराज सोमनाथ सिग्देलको नाममा प्रकाशित हुलाकटिकटको पहिलो टाँचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपूरणीय क्षति

विकराल कालको गति जानि नसक्नुछ । केही अगि मात्र यसले हाम्रो सामुन्नेबाट इतिहास शिरोमणि श्री बाबुराम आचार्यलाई खोसेर लगेको थियो । बाबुराम आचार्यको वियोगव्यथा शान्त हुन नपाउँदै पुनः यसले यही आश्विन २८ गते शनिवारका दिन हामीहरूबाट ***पण्डितराज*** सिग्देलज्यूको ८८ वर्षको उमेरमा काशीमा मुक्ति भएको समाचारले केवल संस्कृत समाज होइन नेपाल अधिराज्यभरिका समस्त साहित्यिक समाज शोक विह्वल भएको छ । सिग्देलज्यूको प्रौढ पाण्डित्यको प्रशंसा भारतका ठूला ठूला विद्वान्हरूले पनि मुक्तकण्ठले गरेका छन् । आजको संस्कृत विद्वान्समाजमा उहाँको जस्तो बहुमुखी विद्वत्तापूर्ण व्यक्तित्व पाउनु भारतमा पनि दुर्लभ छ ।

सिग्द्याल काशीबाट अध्ययन समाप्त गरेर आउनु भएपछि रानीपोखरी प्रधान पाठशालाको प्रधान अध्यापक हुनुभयो । धेरै वर्ष त्यस ठाउँमा अध्यापन गरेपछि वाल्मीकि संस्कृत महाविद्यालयको प्रधानाचार्य हुनु भयो । यस बीचमा उहाँले विविध विषयमा अनेकौं आचार्य कक्षाका विद्यार्थीहरू तयार गर्नुभयो । प्रधानाचार्यको पदबाट उहाँ प्रज्ञा प्रतिष्ठानमा सर्नुभयो । त्यहाँ बसेर पनि गम्भीर पाण्डित्यले पूर्ण ***साहित्य प्रदीप*** जस्तो साहित्यको लक्षण ग्रन्थको निर्माण गर्नुभयो । साँच्चि भन्ने हो भने उहाँको जस्तो संस्कृत साहित्यको बहुमुखी विद्वत्ताले परिपूर्ण व्यक्तित्व अव नेपालले पाउनु असम्भव नभए पनि दुर्लभ हुन गएको छ । यिनै सव गुणहरूले गर्दा उहाँ ***पण्डितराज***को उपाधिले विभूषित गराउनु भयो ।

सिग्द्यालज्यूले केवल अध्यापनको मात्र काम गर्नुभएन । वीरपुस्तकालयमा रहेका विभिन्न हस्तलिखित लिपिका पुस्तकहरू हेरेर विषय छुट्याउने काम सर्वप्रथम उहाँकै अध्यक्षतामा भएको थियो । त्यसैले उहाँले नागरिलिपिका अतिरिक्त अरु पनि विभिन्न लिपिहरूको अभ्यास गर्नुभएको थियो । राजगुरु हेमराजज्यूका पुस्तकालयमा रहेका लिखित र प्रकाशित पुस्तकहरूमा यस्ता कुनै छैनन् जसमा उहाँको दृष्टि नपरेको होस् ।

संस्कृतका सिकारु केटाकेटीहरूका लागि अनुवादका विभिन्न पुस्तक तथा नेपालीमा ***मध्यचन्द्रिका*** लेखिदिनुभयो भने प्रौढहरूका लागि नेपालीमा ***आदर्श राघव*** र संस्कृतमा ***अनर्घराधव,*** सुतिसंशोधित ***सिद्धान्तकौमुदी*** लेखिदिनुभयो । उहाँ पढाउनु हुँदा अत्यन्त उत्साहले पढाउनु हुन्थ्यो । अतः उहाँको टटकारो र स्पष्ट आवाजले विद्यार्थीको अन्तःकरणमा रहेको अन्धकारलाई छिन्नभिन्न गराइदिन्थ्यो । न्याय पढाउँदा होस् वा साहित्य पदाउँदा पाठ्य विषयलाई उहाँ यति सरल भाषामा बुझाउनु हुन्थ्यो जुन विद्यार्थीहरूले राम्ररी बुझदथ्यो । संस्कृत साहित्यको विभिन्न विषयमा उहाँको अभ्याहत गति थियो र धारा प्रवाह संस्कृत बोल्नु हुन्थ्यो । संस्कृतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गद्यपद्यमा समानरूपले हात दगुर्दथे । आज हजारौं उहाँका शिष्यप्रशिष्यहरू नेपाल अधिराज्यमा यत्रतत्र रहेका छन् ।

छात्रावस्थामा काशीमा वस्ता देखिनै उहाँको नेपाली साहित्यप्रति दृष्टि आकृष्ट भएको थियो भन्ने कुरा हामी ***सुन्दरी*** पत्रिकाका प्रतिहरूलाई हेरेर सहजै अनुमान गर्न सक्तछौं । ***दिगम्बर विवाह*** जस्तो हास्यव्यङ्ग्य र यी ***अवला अवलाई म छोड्दछु*** जस्ता यमक प्रधान शैलीनै यसका प्रमाण छन् ।

संस्कृत समाज र नेपाली साहित्यिक समाज आज उहाँको वियोगमा शोक विह्वल छ । उहाँको शोक सन्तप्त परिवारप्रति हामी हार्दिक सहानुभूति प्रकट गर्दछौं । उहाँको दिवङ्गत आत्मालाई शाश्वत शान्ति मिलोस् भनी परमपिता परमेश्वरसँग प्रार्थना गर्दछौं । ५

श्रीसिग्देलको निधनमा नेपाल संस्कृत विभूतिबाट वन्चित
शोकसभामा स्व. पण्डितराजप्रति श्रद्धान्जली

काठमाडौं, कार्तिक ६ गते । ***पण्डितराज*** श्री सोमनाथ सिग्देल परलोक हुनुभएकोमा आज यहाँ वाल्मीकि संस्कृत महाविद्यालयद्वारा एक शोक सभाको आयोजना गरिएको थियो ।

सो सभामा बोल्नु हुँदै शिक्षामन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले ***पण्डितराज*** श्री सोमनाथको निधनमा नेपालले संस्कृतका एक विभूतिलाई गुमाएंको छ भन्नुभयो ।

श्री कार्कीले सोमनाथ सिग्देलको नेपाली भाषा र साहित्यको उत्थानमा ठूलो योगदान छ भन्नु हुँदै उहाँको दिवंगत आत्मालाई शान्ति मिलोस् भनी कामना गर्नुभयो ।

सभामा प्राचार्य शंकरदेव पन्त, प्रा. केशवशरण, श्री गोपाल पान्डे, ऋषभदेव शास्त्री, प्रा. वासुदेव त्रिपाठीले नेपाली भाषाका एक महान् सेवकको अस्त भएकोमा दु:ख प्रकट गर्नुभयो ।

त्यस्तै श्री शिवराज, विष्णुप्रसाद, कविराज तीर्थराज, देवीप्रसाद रिमालले स्वर्गीय सिग्देल संस्कृत र नेपाली भाषाविद् हुनुहुन्थ्यो भन्ने कुरा चर्चा गर्नु हुँदै उहाँको अध्यापन कुशलताको संस्मरण गर्नुभयो ।

श्री तोयनाथ, पण्डित बुद्धिसागर पराजुली, श्री दिनेशराज पन्त, श्री किरणप्रसाद ढुंगाना, श्री मधुसूदन रिसालले भाषा सेवीहरूको लागि कठिनतम अवस्थामा पनि स्वर्गीय सिग्देलले भाषा र साहित्यको लागि गरेको योगदान कहिल्यै नेपाली जातिले विर्सन सक्तैन भन्नुभयो ।

---

५. ***गोरखापत्र*** (सम्पादकीय) वर्ष ७२ अङ्क १६६, २०२९ साल कार्तिक ५ गते शनिबार, पृ. ४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गोपालनिधि तिवारी, श्री ढुण्डीराज दाहाल, श्री हरिनाथ 'दुङ्गेल, श्री विश्वनाथ पोखरेल, श्री चेतोनाथ आचार्यले श्री सिग्देल नेपाली भाषामा मात्र विद्वान् होइन अपितु संस्कृत भाषाका पनि मर्मज्ञ हुनुहुन्थ्यो भन्नुभयो ।

सभा आयोजक समितिका सभापति श्री रामचन्द्र पौडेलले स्वर्गीय सोमनाथले विभिन्न क्षेत्रमा देन दिनु भएको कुरा उल्लेख गर्नुभयो ।

सभापतिको आसनबाट बोल्नु हुँदै राजकीय प्रज्ञा प्रतिष्ठानका मानार्थ सदस्य श्री सूर्यविक्रम ज्ञवालीले स्वर्गीय श्री सोमनाथले राणाशासन कालमा पनि नेपाल अधिराज्य बाहिरबाट ***सुन्दरी*** पत्रिका प्रकाशनमा ल्याउनु भई नेपाली भाषाको उत्थानमा ठूलो योगदान गर्नु भएको कुरा बताउनु भयो ।

उक्त सभामा राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य श्री चूडानाथ भट्टराय, स्वर्गीय ***पण्डितराज*** सोमनाथका ७१ वर्षीय कान्छा भाई नेत्रनाथ सिग्देल, कवि धरणीधर, स्वामी ईश्वरानन्द नाटककार बालकृष्ण सम र भीमनिधि तिवारीले श्री सोमनाथको संस्कृत भाषा, नेपाली व्याकरण र नेपाली साहित्यको विकासमा गर्नु भएको योगदान बारे प्रकाश पार्नु भयो ।[६]

पण्डितराजको निधनले संस्कृत र नेपालीमा ठूलो क्षति

प्रज्ञाप्रतिष्ठान र अनेक संस्थाहरूद्वारा स्वर्गीय सिग्देलको निधनमा शोकसभा

काठमाडौं, कार्तिक ७ गते । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आज बसेको बैठकले ***पण्डितराज*** सोमनाथ सिग्देलको निधनले संस्कृत र नेपाली भाषाको क्षेत्रमा अपूरणीय क्षति भएको छ भनी एक प्रस्ताव पारित गर्‍यो ।

उक्त प्रस्तावमा स्वर्गीय श्री सिग्देल संस्कृत विद्यामा सर्वतोमुखी ज्ञान भएका प्रकाण्ड पण्डित हुनुका साथै अध्यापन क्षेत्रमा पनि उहाँमा वैशिष्ट्य रहेको कुरा उल्लेख गरिएको छ ।

सो प्रस्तावमा भनिएको छ - नेपाली भाषाको क्षेत्रमा त्यस बेला ***सुन्दरी***को प्रथम सम्पादन र लक्षण ग्रन्थ रत्नाको क्षेत्रमा पनि उहाँको विशिष्ट योगदान रहेको छ ।

ललितकला महाविद्यालयले पनि एक शोक सभा गरी स्वर्गीय सिग्देल एक महान् व्यक्ति धुरन्धर विद्वान्को साथै दिव्य स्रष्टा हुनु भएको कुरा उल्लेख गरी एक प्रस्ताव पारित गर्‍यो ।

श्री रत्नराज्य लक्ष्मी गर्ल्स कलेजको प्राध्यापक एवं विद्यार्थीवर्गको शोकसभाले ***पण्डितराज*** सिग्देलको निधनमा गहिरो शोक प्रकट गर्‍यो । उहाँको सम्झनामा आज कलेज बन्द गरियो ।

---

६. *गोरखापत्र* वर्ष ७२ अङ्क १६८, २०२९ कार्तिक ७ गते सोमबार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै शाही नेपाल चलचित्र संस्थानले पनि प्रसिद्ध व्याकरणाचार्य, साहित्यिक र विद्वान् प्राज्ञ पण्डितराज कवि श्री सोमनाथ सिग्देलको देहावसानमा सम्पूर्ण नेपालीहरूको मन विदीर्ण पार्ने यो दुखद घटना हाम्रो एउटा गहन र अपूरणीय क्षति हो भनी समवेदना व्यक्त गरेको छ ।

उक्त संस्थान परिवारले स्वर्गीय सिग्देल, बहुमुखी प्रतिभासम्पन्न साहित्यका महारथीले हामीलाई छोडेर गए पनि उहाँले लेखेका व्याकरण तर्फका ***लघु चन्द्रिका*** र ***मध्य चन्द्रिका*** तथा साहित्यतर्फका ***आदर्श राघव*** र ***साहित्य प्रदीप***जस्ता अति अमूल्य कृतिहरूले उहाँलाई सधैं नै अमरत्व प्रदान गरिरहने छन् भन्ने विश्वास व्यक्त गरेको छ ।

उक्त संस्थाहरूले ***पण्डितराज*** श्री सिग्देलको शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै उहाँको आत्माले अनन्तकालसम्मका लागि शान्ति पाओस् भनी कामना गरेका छन् ।[७]

शोकसभा

काठमाडौं, कार्तिक ९ गते । पण्डितराज सोमनाथ सिग्देलको निधनमा नेपाल राष्ट्रिय विद्यापीठ प्रधान शिक्षण संस्थानद्वारा शोक सभाको आयोजना भएको थियो ।

संस्थानका प्रधान अध्यापक श्री टी. आर. विश्वकर्माको सभापतित्वमा भएको उक्त शोक सभामा सहायक प्रधानाध्यापक श्री भैरवनाथ भट्टराई, श्री वासुदेव शर्मा, श्री गणेशकुमार खत्री एवं रामशरण लुइँटेलले ***पण्डितराज*** सोमनाथबाट हामीले राष्ट्रभाषाको विकासको निमित्त अनन्य बाटो पाएका छौं भन्नुभयो ।

उक्त अवसरमा एक मिनेट मौन धारण गर्नुका साथै उहाँको शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरिएको थियो ।[८]

श्री सिग्देलको निधनमा आधादिन विदा

काठमाडौं, कार्तिक ११ गते । ***पण्डितराज*** श्रीसोमनाथ सिग्देलको निधनमा शोक मनाउन आगामी आइतबार (कार्तिक १३ गते) श्री ५ को सरकारले काठमाडौं उपत्यकाका सरकारी कार्यालयहरूलाई आधा दिन बिदा दिने निर्णय गरेको छ । [९]

---

७. गोरखापत्र वर्ष ७२ अङ्क १६९, २०२९ साल कार्तिक ८ गते मङ्गलबार, पृ. १ र ८ ।

८. गोरखापत्र वर्ष ७२ अङ्क १७१, २०२९ साल कार्तिक १० गते विहिबार, पृ . ५ ।

९. गोरखात्र वर्ष ७२ अङ्क १७३, २०२९ साल कार्तिक १२ गते शनिबार, पृ. १ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री:१

प्रमाणपत्रम्

नेपालराज्यान्तर्गतपश्चिम ३ नम्बर तनहूँ मण्डलीय रतनपुरग्राम वा[illegible]
पं. श्रीकुबेरदत्तशर्मणः पुत्रः श्रीपशुपति शर्मा नेपालराजकीय [illegible]
प्रधानविद्यालयपरीक्षोपुरस्कारिणीमासाद्य सनियमं सपरिश्रमञ्चाधीत्य [illegible]
[illegible] वर्षे नेपालकेन्द्रतः नव्यपाणिनीयव्याकरणस्य तृतीयवर्षे [illegible]
परीक्षायां तृतीयस्थाने समुत्तीर्णवानयं सुशीलः सच्चरित्रो [illegible]

इति प्रमाणीकरोति

प्रिन्सिपल पं. सोमनाथ शर्मा।

क्रमाङ्क

दिनाङ्क

पुरानो प्रमाणपत्रको नमूना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोकसभा

काठमाडौं नेपाली शिक्षा परिषद्को तत्त्वावधानमा दिवङ्गत ***पण्डितराज*** श्री सोमनाथ सिग्देलको निधनको तेह्रौं दिनमा एक शोक सभाको आयोजना गरिएको थियो ।

समारोहको प्रारम्भमा नेपाली शिक्षा परिषद्का सचिव श्री गोपाल पाण्डे असीमले दिवङ्गत सिग्देलमा श्रद्धाञ्जलि अर्पण गर्नु हुँदै भन्नु भयो उहाँ गुरुका पनि गुरु हुनुहुन्छ । ***पण्डितराज*** सिग्देलको जीवनीमाथि प्रकाश पार्नु हुँदै उहाँले नेपाली शिक्षा परिषद्प्रति र नेपाली भाषाप्रति उहाँको ठूलो सहयोग थियो भन्नु भयो ।

सभामा श्री हरिहर शास्त्री , श्री नित्यराज पाण्डे, श्री कृष्णप्रसाद गौतमले पनि स्वर्गीय श्री सिग्देलमा श्रद्धाञ्जलि अर्पण गर्नु हुँदै उहाँको विद्वत्ताको चर्चा गर्नु भयो ।

सभाको सभापतित्व रानीपोखरी संस्कृत प्रधान पाठशालाका प्रधानाध्यापक श्री विष्णुप्रसाद शर्माले गर्नु भएको थियो । उक्त शोक सभामा श्री सिग्देलको चिरशान्तिका निम्ति एक मिनेट मौन धारण गर्नुका साथै एक शोक प्रस्ताव पनि पारित गरिएको थियो ।[१०]

पण्डितराज सोमनाथ पुरस्कार स्थापित

काठमाडौं, पुस २४ गते । ***पण्डितराज*** सोमनाथ सिग्देलको स्मृतिमा उहाँकी धर्मपत्नी ललितादेवी सिग्द्यालले रु. एकलाखको अक्षय कोष महेन्द्र संस्कृत विश्वविद्यालयमा खडा गरी ***पण्डितराज सोमनाथ पुरस्कार*** स्थापना गर्नुभएको कुरा ***पण्डितराज*** सोमनाथ शतवार्षिक समारोह समिति नेपालले आज यहाँ जनाएको छ ।

समितिका अनुसार महेन्द्र संस्कृत विश्वविद्यालय नेपाल र सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीबाट ***प्राचीन न्याय वैशेषिक*** वा ***नव्यन्याय*** मूल विषय लिई प्रथम श्रेणीमा आचार्य परीक्षा उत्तीर्ण गर्ने नेपाली व्यक्तिहरू मध्ये सर्वाधिक अङ्क ल्याउने विद्वान् वा विदुषीलाई आगामी २०४९ शैक्षिक वर्षदेखि प्रतिवर्ष दोसल्ला र प्रमाणपत्रसहित उक्त पुरस्कार प्रदान गरिने व्यवस्था गरिएको छ ।[११]

☆ ☆

.१० . ***गोरखापत्र,*** वर्ष ७२ अङ्क १७७, २०२९ साल कार्तिक १६ गते बुधबार, पृ. ३ ।

११ . ***गोरखापत्र,*** वर्ष ९१ अङ्क २४२, २०४८ साल पुस २५ गते बिहिबार, पृ.७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थ

१. चूडानाथ भट्टराय (प्रा), "बहुमुखी प्रतिभाका व्यक्तित्व पण्डितराज सोमनाथ सिग्देल" ***गोरखापत्र*** वर्ष ८४ अङ्क ४९, २०४१ असार १०, शनिबार ।

२. नयराज पन्त, "विद्वत् पूजा" ***पूर्णिमा*** वर्ष ७, अङ्क ४, पृ. २८ ।

३. नयराज पन्त, "श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ" ***पूर्णिमा*** पूर्णाङ्क ३० ।

४. नरहरि आचार्य, ***पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना*** सोमनाथ शतवार्षिक समारोह समिति २०४१ ।

५. यदुनाथ खनाल, "पण्डितराज सोमनाथलाई फर्केर हेर्दा" ***मधुपर्क*** वर्ष ७, अङ्क ६ ।

६. रामचन्द्र पौडेल, "पण्डितराज सोमनाथ सिग्देलज्यूको संक्षिप्त जीवनी" ***मर्यादा*** वर्ष ३, अङ्क २ ।

७. सोमनाथ शर्मा (पण्डितराज), ***आदर्शराघव*** (तृ.सं.) २०२८ ।

८. सोमनाथ शर्मा (पण्डितराज), ***प्रतिसंस्कृता सिद्धान्तकौमुदी***, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०१५)

९. हंसपुरे सुवेदी "पण्डितराज सोमनाथज्यू र उहाँको महाकाव्य" ***मधुपर्क*** वर्ष ५ अङ्क ५ ।

सन्दर्भ सहयोग

हरिहर दाहाल, शाखा अधिकृत, जिल्ला हुलाक कार्यालय, काठमाडौं । हाल: प्रशासकीय अधिकृत, सोलुखुम्बु ।

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९
राजज्योतिषी राधानाथ लोहनी

परिचय

नेपालको राजधानी काठमाडौंबाट पश्चिम दिशाबाट पौडेल, सिग्देल, भट्टराई घिमिरे आदि विभिन्न थरको विकास भएजस्तै लोहनी थरको विकास पनि पश्चिम दिशाबाटै भएको बुझिन्छ। ***नेपालको विद्वत्परम्परा***को सम्बन्धमा अध्ययन, अनुसन्धान गर्दा लोहनीको वंशावली फेला पर्न सकेन। दामोदरनाथ लोहनीको पुर्खा कुमाउँबाट अल्मोडा आएका थिए। यसैगरी अल्मोडाबाट फत्तेहपुर, फत्तेहपुरबाट कानपुर, कानपुरबाट बनारस, बनारसबाट तनहुँ हुँदै गोरखा आइपुगेका थिए र यही पुर्ख्यौली थलोमा राधानाथको जन्म भएको हो। गोर्खाका राजा नरभूपालशाहका दरबारमा भएका पण्डित रामनारायण पनि यिनैका पूर्वज भएको बुझिन्छ। पछि श्री ५ पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान शुरु गर्नुभन्दा पहिले पण्डित रामनारायणबाटै ***श्रीमद्भागवत् महापुराण*** सुनेका थिए भन्ने कुरा मौखिक जानकारीमा आएको छ।

केही वर्षसम्म रागिनासमा बसेर राधानाथकी पितामही: आफ्ना तीनओटा सानासाना टुहुरा छोराहरूलाई लिएर साहुको ऋण तिर्न काठमाडौं आइन्। उमेर नपुग्दै पतिको आकस्मिक मृत्यु भएको, छोराहरू नाबालक भएका, लेनदेनको मामलामा कसले के कति लिएको हो भन्ने कुराको सुइँको नदिएको र लिएकाहरूले पछि आएर रातदिन कचकच गर्न लागेकाले आफ्ना थलो छोडी आफ्ना छोराहरूलाई पढाई योग्य बनाउने र साहुको ऋणसमेत तिर्ने धोको पितामहीको थियो, त्यो पूरा भयो पनि। तत्काल थाहा भएसम्म राधानाथ लोहनीको वंशक्रम यस्तो देखिन आउँछ।

१. पद्मनिधि २. रमानाथ ३. लक्ष्मीदत्त ४. रङ्गनाथ ५. राधानाथ ६. दामोदरनाथ

जीवनी

विक्रम संवत् १९०३ सालमा काठमाडौं आएपछि पितामही हन्योखाको एउटा घरमा डेरा गरी बसिन्। पछि वि.सं. १९४७ साल असार २५ गते, सोमबार, पूर्वाभाद्र नक्षत्र, श्रावण कृष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्ष षष्ठीका रातमा राधानाथ लोहनीको जन्म भएको थियो । उनका पिताको नाम रङ्गनाथ र माताको नाम शीलकुमारी थियो ।

पूर्वाभाद्र नक्षत्रको चौथो पाउमा जन्मेको हुँदा राधानाथको न्वारानको नाम दीनानाथ रहेको हो । राधानाथकी आमा शीलकुमारी कान्छी थिइन् । यिनीबाट ब्रह्मा र शैलनाथ नामका दुइ भाइ छोरा जन्मिए । शैलनाथ १३ वर्षकै उमेरमा संवत् १९६३ सालमा परलोक भए । सपत्नमाता देवकुमारीको गर्भबाट नेपालका मध्यकालीन कवि गोपीनाथ लोहनी जन्मेका थिए । प्रयागनाथ लोहनी काका थिए । राधानाथका अजदकुमारी र अर्की (नबोल्ने) बहिनी पनि थिए । बहिनीको पछि मृत्यु भयो । अजदकुमारीका छोरा हाल ज्योतिर्विद गोविन्दनाथ लोहनी छँदैछन् ।

राधानाथ लोहनी (जसको पहिलेको नाम ब्रह्मा थियो) सानो उमेरदेखिनै भगवान् कृष्णप्रति भक्तिभाव राख्दथे । बाल्यावस्थामा राधा र कृष्णको मूर्ति बनाई खेल्ने गरेको हुँदा दाज्यू गोपीनाथ लोहनीले राधानाथ भन्ने नाम राखेका हुन् । पाँचवर्षको उमेरमा पिता रङ्गनाथले राधानाथलाई अक्षरारम्भ गराएका थिए । राधानाथको अक्षरारम्भ डोटीमा भएको बुझिन्छ । किनभने आफ्ना पिता रङ्गनाथ कप्तान भएर डोटीमा गएका हुँदा राधानाथको बाल्यकालको ४ वर्ष डोटीमा वितेको बुझिन्छ । डोटीमा छँदा जागीरबाट वर्खास्त भएपछि वि.सं. १९५३ सालमा पुनः काठमाडौं फर्किए । १९५६ सालमा राधानाथको व्रतबन्ध भयो । व्रतबन्धमा गायत्री मन्त्र सुनाउने गुरु पनि आफ्नै पिता रङ्गनाथ लोहनी थिए । वि.सं. १९६१ सालमा १४ वर्षको उमेरमा राधानाथको पहिलो विवाह काठमाडौंका नरवल्लभ पन्तकी माहिली छोरी टंकेश्वरी देवीसँग भएको थियो । यिनको गर्भबाट ३ छोरा र २ छोरी जन्मेका थिए । पछिसम्म पनि एक छोरा पशुपतिनाथ लोहनी बाँचेकै थिए । तिनै पशुपतिनाथको पनि वि.सं. २०३६ सालमा निधन भयो । वि.सं. १९८६ मा पत्नी वियोग भएपछि वि.सं. १९८७ मा कान्तानिधि तिवारीकी एकमात्र छोरी गीर्वाणलक्ष्मीसँग दोस्रो विवाह भयो । आफू तीन महीनाको गर्भमा छँदा बाबुको निधन भएकी गीर्वाणलक्ष्मीलाई मातामह भुवननाथ पाँडेले हुर्काएका थिए । लामो समयसम्म राजदरबारमा सम्पर्क कायम भएको हुँदा भुवननाथ पाँडेले दौहित्री (छोरीकी छोरी) को विवाह १२ वर्षको उमेरमा अत्यन्त तीव्र इच्छाले प्रेरित भएर राधानाथ लोहनीसँग गराएका थिए ।

स्वाध्याय प्रेमी राधानाथले पण्डित नरनाथ नेपाल (नेपाल ल कलेजका भूतपूर्व प्राध्यापक र राजनीतिज्ञ शङ्करप्रसाद नेपालका पिता) र पण्डित तोयनाथ पन्त (जसको नामबाट तोयनाथको पात्रो भनी यिनैका नाति सत्यनाथ पन्तले आजसम्म पञ्चाङ्ग प्रकाशनको परम्परालाई जीवित राख्दै आएका छन्) सँग अध्ययन गरेका थिए । वि.सं. १९६६ सालमा ज्यौतिषमा परीक्षा दिन तयारी गर्दै थिए । त्यही बेला अकस्मात् विरामी परेको हुँदा राधानाथ वनारस जान सकेनन् । त्यसपछि उनले प्रमाण पत्र बटुल्ने खालको अध्ययनलाई परित्याग गरी अझ बढी स्वाध्यायन गरी योग्य वन्ने विचारले गहिरोसँग अध्ययन गर्ने कार्यमा संलग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. राधानाथ लोहनी

जन्म : वि.सं. १९४७ आषाढ

देहान्त : वि.सं. २०२८ भाद्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनथाले । त्यसैले उनका परीक्षासम्बन्धी कुनै पनि प्रमाणपत्रहरू नभएको बुझिएको छ । भारतका विभिन्न संस्कृत भाषाका समितिहरूले पठाएका प्रज्ञापत्रहरू भने उनीसँग प्रशस्त थिए तर प्रस्तुत अनुसन्धानका सन्दर्भमा ती कुनै पनि उपलब्ध हुन सकेनन् । गुरुसँग अध्ययन गर्दा ज्यादै कम समय बस्ने भएको हुँदा गुरु रिसाएछन् । त्यसपछि गुरुलाई खुशी पार्न राधानाथले सम्पूर्ण पाठ्यपुस्तकनै कण्ठ गरी सुनाउँदा गुरु छक्क परेछन् । आफू तल्लो कक्षाका पाठ्यपुस्तकहरू अध्ययन गरेर पनि राधानाथ आफूभन्दा माथ्लो कक्षामा अध्ययन गर्ने साथीहरूलाई पाठ लगाइदिने प्रत्युत्पन्न मतिका थिए । उनको प्रत्युत्पन्न मतिको प्रशंसा गर्ने केही अनुभवी वृद्ध मानिसहरूमध्ये सुब्बा अमृतनाथ सिग्देल र सरदार पशुपतिभक्त पन्त पनि दिवङ्गत भैसके ।

वि.सं. १९७१ सालमा राधानाथ लोहनी स्रेस्ता पाठशालामा गणित पढाउने शिक्षक भई नोकरीमा प्रवेश गरेका हुन् । यस पाठशालामा ६ वर्षसम्म गणित पढाई वि. सं.१९७७ सालमा उनी रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रवेश गरेका राधानाथ लोहनी आयुर्वेदको समेत अध्ययन गरेको हुँदा उनले यसै बीचमा आयुर्वेद विषयको पनि अध्यापन गरे । न्याय र वेदान्तको अध्ययनमा पनि उनको विशेष अभिरुचि थियो । रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापन गराउँदागराउँदै उनी राजदरबारमा राजज्योतिषीको पदमा नियुक्त भए । वि.सं. २००३ साल श्रावण ३० गते तत्कालीन राजज्योतिषी रङ्गनाथको देहान्त भएपछि यस रिक्त पदमा राधानाथको नियुक्ति भएको बुझिन्छ ।

कृति

राधानाथले संस्कृत र नेपाली भाषामा कृतिहरूको पनि रचना गरेका छन् । **श्री जगदम्बा स्तुतिपद्य मालिका** नामक कृति संस्कृत र नेपाली भाषामा रचित छ । वस्तुतः यो भक्तिप्रधान पुस्तक हो र यसबाट राधानाथको धार्मिक आस्था र प्रवृत्तिको निरूपण गर्न सकिन्छ । उक्त पुस्तकको अगाडिको पेजमा यस्तो विवरण प्रकाशित भएको छ ।

श्रीजगदम्बास्तुतिपद्य मालिका
अर्थात्
श्री शुभाभगवती (बगला) का
(नेपाली भाषामा २ संस्कृतमा २ जमा ४ स्तुति)
राधानाथ लोहनि रचिता
“गोर्खापत्र इलेक्ट्रिक प्रेस-” नक्साल
नेपालमा
छापी प्रकाश गरियो
सं. १९७१ साल । प्रथम बार १०००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पुस्तकको नेपाली भाषामा लेखिएको अपराध क्षमापन स्तुतिको उदाहरण यस्तो छ -

अघि जनमाविषे न जानदामा । म परि गन्रे जननीकि कोखविच्मा ॥
तस अवसर दु:ख धेर पाइ । जनमिन्रे करुणा हुदा म भाइ ।

यसै पुस्तकमा संस्कृत भाषामा लेखिएको उदाहरण -

विष्णोरंध्रसरोजतो ऽ नुसरति स्रोतोवहा पावनी
यस्या वारिणि केवलाभिसवनान्नश्यन्ति पापाचला: ॥
यत्तीरे मरणेन जन्तुनिवहैर्विष्णो : पदं लभ्यते
लोके विष्णुपदीति शास्त्ररसिकै : सा कीर्त्यते सर्वदा

राधानाथले नेपाली भाषामा लेखेको ***मूक सहचर*** भन्ने तीर्थयात्राको वृत्तान्त गरिएको पुस्तक छ । यो पुस्तक नेपाली भाषा प्रकाशिनी समितिबाट पास भएर छापिएको हो । यसको मुद्रकमा पं. रिक्थदेव शर्मा, मेनेजर पशुपति- प्रेस, नेपाल भन्ने विवरण छापिएको छ भने यसको मूल्य मोरु । ३० र प्रकाशन वर्ष वि.सं. २००६ साल हो । ***चारधाम, त्रिस्थली, सप्तपुरी, द्वादशज्योतिर्लिङ्ग, अष्टभूर्ति दर्शन गराउने लाटो साथी*** भनेर पुस्तकको शीर्षकमुनि विवरण दिइएको हुँदा यस पुस्तकले तीर्थयात्रीहरूलाई ठूलो मद्दत पुऱ्याउने कुरा स्वत: स्पष्ट छ ।

राधानाथ लोहनीद्वारा रचित फुटकर कविता र निबन्धहरू पनि प्रशस्त प्रकाशित भएका देखिन्छन् । उनी ज्योतिषी भएकाले चिना लेख्थे तर चिना लेख्ने उनको ठोस आधार केही थिएन । शास्त्रीय आधारमा विंशोत्तरी र योगिनी दशाको चिना उनी लेख्थे । त्रिभागी दशामा उनको विश्वास थिएन ।

वि.सं. १९७४ सालमा ***सूक्ति सिन्धु***को प्रकाशन भएपछि नेपाली साहित्यमा निकैनै हल्लीखल्ली मच्चिएको थियो । यस पुस्तकको प्रकाशन रामशमशेरले गरेका थिए । श्रृङ्गार रसको कविता मार्ग पाई राधानाथ लोहनीले रामसँगको वियोगपछि सीताले गरेको विलाप (वियोगिनी छन्दमा) र ***दोलामुग्धोक्ति*** नामक दुइ कविता ***सूक्ति सिन्धु***को संकलनमा प्रकाशनार्थ दिएका थिए । पहिलो कविता विप्रलम्भ श्रृङ्गारको भएकाले उक्त संकलनमा प्रकाशित भएन । समालम्भ श्रृङ्गारको दोस्रो कविता भने छापियो । ***सूक्ति सिन्धु*** मा संकलित कवितामध्ये सबै राम्रा थिए । एक जना कविसँग चन्द्रशमशेरलाई निकै रीस उठेकाले उनको कवितामा दोष देखाई ती कविलाई सामान्य दण्ड गरेका हुन् । अरुका कवितामा दोष देखाई कविहरूलाई जरीवाना गरेको होइन भन्ने कुरा राधानाथ लोहनी गर्थे भनी उनैका सुपुत्र दामोदरनाथ लोहनीले प्रस्तुत अनुसन्धान कर्तालाई लिखित जानकारी दिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राधानाथ प्रायश: धार्मिक कविताहरू लेख्नमा रुचि राख्थे । पहिली पत्नीको मृत्युमा लेखिएका कविताहरूका केही टुक्रा घरका परिवार र आफन्तहरूलाई बेला-बेलामा सुनाउने गर्थे । तिनीहरू यो अनुसन्धान गर्दासम्म पाउन सकिएन । १६ वर्षको उमेरदेखि राधानाथले बिहान सबेरै उठेर नदी स्नान गरी देवीदेवताको दर्शन गर्ने अभ्यास शुरु गरेका थिए । शुरुमा १६ वर्षसम्म शोभाभगवती र त्यसपछि हिंड्न सकुञ्जेल वाग्मती (आर्यघाट) मा स्नानगरी पशुपतिको दर्शन गर्ने नियम उनको यथावतै रह्यो । वि.सं. १९७९ देखि वि.सं. २०२७ सम्म जम्मा ४८ वर्ष नियमित रूपमा राधानाथले आर्यघाटमा नुहाई पशुपतिनाथको दर्शन गरे । वि.सं. १९९० सालको भूकम्प र वि.सं. २००१ सालको हिमप्रपातले पनि लोहनीको नियमलाई भङ्ग गर्न सकेन । उनी भगवान् पशुपतिका साथसाथै गुह्येश्वरीको पनि दर्शन गर्थे । राधानाथ लोहनी कसैसँग वैरभाव गर्न चाहँदैनथे । कैयौं ठगहरूले उनको व्यक्तित्त्व ठग्ने दुस्साहस पनि गरे । केही मानिसहरू राधानाथकहाँ लेख कविता माग्न आउँथे । उनी थपक्क लेखिदिन्थे तर अरुको व्यक्तित्वबाट कवि/लेखक बन्न खोज्नेहरू राधानाथ लोहनीले लेखेका रचनाहरू आफ्नै नाममा प्रकाशित गरेर पुरस्कार प्राप्त गर्नसमेत सफल भएका थिए । प्राय: सबैजसो विषय पढाउने भएकाले उनका शिष्य-प्रशिष्यहरू नेपाल अधिराज्यभरि छरिएका छन् । स्रेस्ता, आयुर्वेद, पुराण, ज्यौतिष आदि विषयमा उनको बढी रुचि भएकाले यसमा उनले जीवनको अन्तिम घडीसम्म सफलता पाएका थिए । जेहोस् , ***नेपालको विद्वत्परम्परा***मा राधानाथको पनि योगदान रहेको कुरा यसै सन्दर्भमा उल्लेखनीय छ । यस्ता विद्वान्को मृत्यु २०२८।५।२८।२ मा भएको बुझिन्छ ।

☆ ☆

सन्दर्भ ग्रन्थ

१. राधानाथ लोहनी, ***श्रीजगदम्बा स्तुति पद्यमालिका*** (१९७१)।

२. राधानाथ लोहनी, ***मूकसहचर*** (२००६)।

सामग्री स्रोत

दामोदरनाथ लोहनी, ठमेल।

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०
साहित्यका विशिष्ट विद्वान् गोविन्दप्रसाद भट्टराईको संक्षिप्त जीवनी

परिचय

संस्कृतमा थुप्रो विषय छन् । ***वेद, व्याकरण, न्याय, ज्यौतिष र साहित्य***लाई प्रधान विषय मानिन्छ । नेपालमा माथि तोकिएका विषयहरू मध्ये कुनै एउटा विषय उत्तरमध्यमासम्म इच्छाधीन ***क वर्ग*** विषयका रूपमा पढ्नुपर्छ । भनाइको मतलब पूर्वमध्यमा पहिलो वर्षमा पाँच विषयमध्ये आफूलाई इच्छा लागेको एउटा विषय छानेर पढ्न शुरु गरेपछि उत्तरमध्यमा (पहिले पहिले सम्पूर्णमध्यमा भनिन्थ्यो) समुत्तीर्ण नगरुञ्जेलसम्म अरू ***क वर्ग*** का विषय फेर्न पाइन्न । त्यसपछि पूर्वमध्यमा पहिलो वर्षदेखि आचार्यसम्म एउटै विषय लिएर पढ्यो भने त्यस विषयमा त्यो विद्यार्थीको योग्यता राम्रो हुनसक्छ । उत्तरमध्यमा समुत्तीर्ण गरेपछि विषय फेर्न पाइन्छ । त्यसपछि फेर्न पाइने विषयहरू ***वेदान्त, सर्वदर्शन, पूर्वमीमांसा, इतिहासपुराण, प्राचीन न्याय र धर्मशास्त्र*** हुन् । साहित्यका विशिष्ट विद्वान् गोविन्दप्रसाद भट्टराईले शुरुदेखिनै पण्डित देवीदत्त पराजुलीसँग साहित्य पढेको बुझिन्छ । शुरुदेखिनै योग्य गुरुसँग ध्यान दिएर साहित्य विषय पढेका हुनाले उनको यसैमा रस बस्दै गयो । यसैको फलस्वरूप नेपाली साहित्यमा उनले महाकाव्य दिए । खोजपूर्ण ग्रन्थ दिए । त्यसैले संस्कृत र नेपाली साहित्यको अध्यापन र लेखनका क्षेत्रमा गोविन्द्रप्रसादको विशिष्ट योगदान रहेको बुझिन्छ । लामो जीवन अवधिमा नेपाली वाङ्मयमा विशिष्ट कृतिहरू प्रदान गरी उनी यो लौकिक संसारबाट विदावारीं भैसके तर उनको प्रतिभाको उपज हरेक बिहान सूर्यको लालिमाझैं भासमान भैरहेको छ र हुनेनै छ । वास्तवमा कुनै पनि मानिसको योग्यता र क्षमताभन्दा पनि युगौंयुग रहिरहने प्रवल पक्षनै प्रकाशित कृति हुन् ।

झाँगाझोलीका केही प्रतिभा

झाँगाझोलीमा राष्ट्रिय तहका प्रतिभाहरू पनि यथेष्ट छन् । तिनीहरूको सम्यक् अनुसन्धान आजसम्म हुन सकेको छैन । ऐतिहासिक दृष्टिले ***झाँगाझोली परेवाडाँडा***को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धानकार्य पनि त्यत्तिकै आवश्यक छ । गोविन्दप्रसाद भट्टराईको जीवनी खोज्ने क्रममा ***झाँगाझोली परेवाडाँडा***लाई पनि छोटकरीमा चिह्नाउन खोजिएको हो । वास्तवमा यसलाई अधुरो खोजी भन्नुभन्दा पनि यसबाट अरू सामग्री खोज्ने बाटो तयार भएको रहेछ, भन्नुनै उचित हुन्छ कि ? सीमित समयमा गरिएको कार्य पूर्ण त निश्चयनै असम्भव छ । पर्याप्त समय लगाएर गर्दा पनि कयौं महत्त्वपूर्ण कुरा छुटिरेहका हुन्छन् । ***झाँगाझोली***का केही प्रतिभाहरूको उल्लेख गर्दा यस भेगका कयौं महत्त्वपूर्ण प्रतिभाहरूको जीवनी छुटेको पनि हुनसक्छ । त्यस्तै इतिहासको चर्चा गर्दा पनि उल्लेख नगरी नहुने ऐतिहासिक घटनाको उल्लेख भएकै छैन । पर्याप्त समय उभारेर खोजी कार्य गर्ने हो भने ***झाँगाझोली*** प्रदेशको छुट्टै पुस्तक तयार हुनसक्छ । यो विस्तृत अध्ययन र अनुसन्धानको क्रमलाई बाँकी राख्दै तत्काल थाहा भएसम्म ***झाँगाझोली***का केही पुराना प्रतिभाको चर्चा गरिन्छ ।

सेतु पाध्या अचार्ज (आचार्य)

सेतु पाध्या अचार्ज ***झाँगाझोली बोहोरेटार***का ठूला विद्वान् मानिन्छन् तर उनको जीवनीमा प्रकाश पार्ने सामग्री अहिलेसम्म फेला परेका छैनन् । सेतु पाध्या अचार्जका सन्तान जन्मिएनन् । धार्मिक उद्देश्यले अभिप्रेरित भएर उनले यही ठाउँमा कलात्मक पाटी बनाए र त्यहाँ एउटा काठको गणेशको मूर्तिसमेत कोप्न लगाएर स्थापना गरे । अचेल यो पाटी भत्किसकेको छ । यहाँका काठपात र कलात्मक झ्यालढोका प्रगतिशील माध्यमिक विद्यालयकै हातामा बनाएको एउटा भवनमा प्रयोग भएका छन् । गणेशको मूर्ति र शिलालेख पनि यसै भवनको बाहिरपट्टिकै भित्तामा बडो जतनसँग टाँसिएको छ । यही पाटीमा पछि संस्कृत पाठशाला (भाषा पाठशाला ?) खुलेको थियो । यस पाठशालामा रामेछापको कुनाकुनातिरबाट र सिन्धुलीका विभिन्न ठाउँबाट विद्यार्थीहरू पढ्न आउँथे । ***काठमाडौँ***बाट धपिएर ***परेवाडाँडा*** गई बसेका राणा परिवारका सन्तान पनि यसै ***सेते पाटी*** मा पढ्थे । रामप्रसाद दाहाल, गोविन्दप्रसाद भट्टराई, रामनाथ भट्टराई पनि यसै पाठशालामा अध्ययन गरेका मानिस हुन् । परेवाडाँडाका नरनाथ पोखरेलको घर पनि २००७ साल अगाडि घरेलु पाठशालाकै रूपमा रहेको थियो । यहाँ पढेका मानिसहरू अझसम्म छँदैछन् । ***सेते पाटी***को पाठशालामा पढेका विद्यार्थीहरूले राम्रो योग्यता आर्जन गरेका थिए । यस पाठशालामा मुक्तिनाथ दाहाल, मनोहर दाहाल, रामनाथ भट्टराई र टीकानाथ ढुङ्गानाजस्ता संस्कृतका योग्य विद्वान्ले पढाएका थिए । २०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि यस पाठशालाको अस्तित्व समाप्त भयो । अब त ***सेते पाटी*** पनि इतिहासको खोजीको विषय भएको छ ।

पण्डित जगन्नाथ भट्टराई

पण्डित जगन्नाथ भट्टराईले नेपाली साहित्यको कविता विधामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । गोविन्दप्रसाद भट्टराईले ***नेपाली*** पूर्णाङ्क ५३ मा कविका रूपमा जगन्नाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. जगन्नाथ भट्टराई र उनकी धर्मपत्नी विष्णुकुमारी
जन्म : वि.सं. १९४३ श्रावण
देहान्त : वि.सं. २००४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भट्टराईको परिचय गराएका छन् । वास्तवमा उनी कवि मात्र नभएर विद्वान्का रूपमा पनि त्यत्तिकै प्रसिद्ध छन् । यहाँ जगन्नाथ भट्टराईलाई नेपालका विद्वान्का रूपमा संक्षिप्त रूपमा परिचय गराउन खोजिएको छ ।

जगन्नाथ भट्टराईको जन्म वि.सं. १९४३ सालको श्रावण महिनामा भएको हो । उनको न्वारनको नाम यज्ञप्रसाद हो । उनको प्रारम्भिक शिक्षा घरमैं भएको हो । ***दाम्चा***का पं. हेमलाल सत्यालसँग जगन्नाथले संस्कृत पढेका थिए । त्यसपछि काठमाडौंको त्रिपुरेश्वर फुपुकहाँ बसी रानीपोखरी संस्कृत प्रधान पाठशालामा उनले ***व्याकरण, काव्य, अमरकोष*** पढे । साथै, संस्कृतमा रचना गर्न र शुद्धसँग लेख्न अनुवादको पनि अभ्यास गरे । ***पञ्चतन्त्र***को अध्ययनबाट उनी व्यवहार कुशल भएको बुझिन्छ ।

वि.सं. १९७२ सालमा जगन्नाथ भट्टराई नोकरी पाएर डोटीमा गए । त्यहाँ रहँदा पनि उनले अध्ययनको प्रक्रिया कायमै राखे । जस्तो , पहिले पढेको ***कोष, कौमुदीको*** नियमित अभ्यास गर्नु , ***तन्त्रशास्त्र***को विषयमा अध्ययन गर्नु , फुर्सतको बेला कविता लेख्नु जगन्नाथको दिनचर्या थियो । पछि उनले डोटीमा पाएको नोकरी छोडिदिए । घरमा बस्दा पनि उनलाई घरव्यवहारले गाँजेको र सन्तानको वृद्धि पनि हुँदै गएको हुँदा लगभग १९७५ सालतिर उनी पुन: नोकरी खोज्न घरबाट निस्के ।

नोकरी खोज्ने क्रममा उनी बुटवल पुगे र त्यहाँको ***सक्रौंन माल***मा मुखियाको पदमा बहाली भए । त्यहाँ ईश्वरीप्रसाद धिताल थिए । उनका पिता परमानन्द धिताल र जगन्नाथ भट्टराईको त्रिपुरेश्वरमा फुपूका घरमा बस्तादेखिनै राम्रो सम्बन्ध कायम भएको थियो । त्यही सम्पर्कका भरमा जगन्नाथले तुरुन्त मुखिया पदमा जागीर खाने मौका पाएका हुन् । बुटौलको ***सक्रौंनमाल*** अड्डामा मुखिया पदमा छँदा ***आरूघाट***का विद्वान् भूपध्वजसँग जगन्नाथले ***व्याकरण, माघ, किरात, रघुवंश*** र ***दशकुमारहरू***को अध्ययन गरे । पण्डित भूपध्वज त्यो बेलाका कहिलिएका विद्वान् थिए ।

वि.सं. १९८० मा आफ्नो कार्यालयका हाकिम ईश्वरीप्रसाद धिताल सप्तरीको रामपुर मालमा सरुवा भएपछि जगन्नाथ भट्टराई पनि उहीं सरुवा भए ।

> अब कविजीलाई रामपुर मालमा नोकरी गरेर बस्न उराठ लाग्न लागेछ । त्यसैले बिदा लिएर मलाईसमेत लिई घरतर्फ जाने सुरमा लाग्नुभयो । तर धितालजीले छोरालाई समेत लिएर गएपछि शायद आउँदैनन् कि भन्ने ठानेर हो वा केले हो मलाई लान दिनुभएन । त्यसैले घर जाने वेलामा कतिपय संस्कृतका श्लोकमा आफ्नो अभिप्राय व्यक्त गर्दै कविता बनाएर हाकिम साहेबलाई दिनुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. जगन्नाथ भट्टराईको दाह संस्कार भएको
सुनकोशीको पल्दुरीघाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसमध्येमा मलाई धितालजीको जिम्मा दिनुहुँदा मेरा विषयमा लेख्नुभएको एउटा अनुष्टुप् श्लोक छन्दको अद्यापि मलाई आउँदैछ । त्यो यो हो-

अनुजानीहि मां स्वामिन् ! यान्तु मत्पर्णवाटिकाम् ।
मम तुल्यमतौ बाले गोविन्दे त्वं दयां कुरु ॥

(हे स्वामिन् मलाई घर जान मञ्जूरी दिनुहोस् र मेरो जत्तिकै बुद्धि भएको मेरो बालक छोरा गोविन्दमा तपाईंको कृपा दृष्टि रहोस् ।)

अब कविजी घर जानुभयो, म रामपुरमै वसें । उहाँको चित्त दुखेको थियो, त्यसैले घरबाट बिदाभित्र फर्केर आउनुभएन । चार छ महिना कति बिते म भन्न सक्तिनँ । उहाँ नआउनुभएकोले अड्डामा काम चलाउन गाह्रो पऱ्यो, तल्लो पदको मानिसलाई प्रमोशन पाउन पनि हतार भयो । त्यसैले काममा घुर्क्याउन लागे । कविजीले नै भर्ना गर्नुभएको व्यक्ति पछि कविजीकै पद लिनका निम्ति सधैं हाकिमसँग झगडा गर्न लागे । कविजीको भने चिट्ठी-पत्रको आदेश-न-उपदेश भयो । आखिरमा बहिदार हीरालालजीले प्रमोशन पाउनुभयो, शायद यो खबर पाइसकेर होला, कविजी म (लेखक) लाई लिन रामपुर आउनुभयो । भेट भएपछि हाकिम साहेबले छाड्नुभएन । अनेक फकाई फुल्याई उहाँलाई राख्ने नै कोशिसमा लाग्नुभयो । तर अब राख्ने कुन पदमा ? बहिदारको पद खाली थियो, मुखिया अर्कै भइसकेका थिए । मुखियाको खान्गी आफुतर्फबाट पुऱ्याउने कबुल गरी कविजीलाई राख्न हाकिम साहेबले अनुरोध गर्नुभयो । कविजी साह्रै सोझो हुनुहुन्थ्यो, उहाँले हाकिम साहेबको अनुरोधलाई नाघ्न सक्नुभएन, बस्न मञ्जुर गर्नुभयो । तर कविजीको प्रचलित नाम यो तल्लो पदमा राख्न अनुचित सम्झी त्यो तल्लो पदमा यज्ञप्रसाद भन्ने नाम लेखियो । यसमा उहाँलाई अन्तर्वेदना भएछ । त्यसैले उहाँले मदेशमा क्रोलमा तेल पेल्ने गोरुलाई कोल्हुवा गोरु भन्छन् । त्यस कोल्हुको गोरुको उक्तिमा आफ्नो वेदनालाई झल्काउँदै अप्रस्तुत प्रशंसाका कविता बनाउनुभयो । जसमा झट्ट हेर्दा लेखनाथजीको ***पिंजडाको सुगा*** को जस्तो अभिप्राय छ । यो पनि उहाँको अन्तर्वेदनाको उद्गार हो । उहाँ यस्ता मार्मिक जति कविता गर्नु हुन्थ्यो, हाकिमजीलाई सबै सुनाउनु हुन्थ्यो, उहाँ पनि सहृदयी हुनुहुन्थ्यो, त्यसैले कविजीको अभिप्रायमा समवेदना प्रकट गर्नुहुन्थ्यो, उहाँको रिसाउने बानी थिएन । अरू हरएक तरहबाट कविजीलाई सहयोग गर्नुहुन्थ्यो । तर त्यो जमीनको विषयमा मात्र के कारण परेर हो, कविजीको मन दुखाउनु भएछ वा दुख्न गएछ । उहाँहरूको साह्रै घनिष्टता थियो । तथापि त्यस घटनाले कविजीमा चोट पऱ्यो । त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतिसम्म हुन गयो । तर म सम्झन्छु धितालजी तैपनि निर्विकार नै हुनुहुन्थ्यो । त्यसै गुणले गर्दा नै ८७ सालमा धितालजी खोसिनुहुँदा हाल साबिकको काममा बुझबुझारथ गर्दा कविजीले आखिरीसम्म सहयोग गर्नु भएको थियो ।[१]

जागीरको क्रममा जुनसुकै ठाउँमा पुगे पनि जगन्नाथले आफ्नो अध्ययन र लेखन प्रक्रिया कहिल्यै छोडेनन् । उनी तन्त्रका पनि विद्वान् भएको बुझिन्छ । अध्ययनक्रम निरन्तर चलिरहेको हुँदा उनी त्यसबखत ***झाँगाझोली*** भेगका ठूला विद्वान् मानिन्छन् । बाहिर झट्ट हेर्दा साधारण भेषभूषामा देखिए पनि भित्र प्रखर प्रतिभा, योग्यता र क्षमता भएका हुँदा उनलाई देख्ने र उनीसँग उठबस गर्ने मानिसहरू अझै पनि उनको मुक्तकण्ठले प्रशंसा गर्दैछन् । विद्वान् तथा कवि जगन्नाथ भट्टराईको मृत्यु वि.सं. २००४ सालमा भएको बुझिन्छ ।[२] उनकी पत्नी बिष्णुकुमारीको मृत्यु २०१२ सालमा भएको थियो ।

पण्डित रामनाथ भट्टराई

पण्डित रामनाथ भट्टराई पनि ***झाँगाझोली परेवाडाँडा***का संस्कृतका प्रतिभा हुन् । संस्कृतमा उनको राम्रै दखल भएको बुझिन्छ । रामनाथ भट्टराई वि.सं. १९७२ साल मङ्सीर २१ गते सोमबारका दिन ***झाँगाझोली परेवाडाँडा***मा जन्मेका थिए । संस्कृत र नेपालीमा राम्रो दक्षता हासिल गरी उनले सबैभन्दा पहिले ***सेते पाटी*** प्राथमिक पाठशालामा संस्कृत भाषा अध्यापन गरेका थिए । पछि सो पाठशाला ***झाँगाझोली*** गुठ बजारमा सरेको हुँदा रामनाथले त्यहीं पढाउन लागे । उनको अध्यापन क्षमता प्रशंसनीय रहेको बुझिन्छ । विद्यालयमा उपाधि ग्रहण गर्ने उद्देश्यले उनले पढ्न नसके पनि घरमा अध्ययन गरेर संस्कृतमा राम्रो दक्षता हासिल गर्नु राम्रै उपलब्धि मान्नुपर्छ । रामनाथ भट्टराईको देहान्त वि.सं. २०२९ साल भदौ २६ गते आइतबारका दिन भएको थियो । उनले लेखेका कविता र गद्य लेख पनि पाइएका छन् ।

पण्डित डिल्लीश्वर भट्टराई

पण्डित डिल्लीश्वर भट्टराईको जन्म वि.सं. १९७५ साल माघ महिनाको २ गते ***सिन्धुली*** जिल्लाको ***परेवाडाँडा*** भन्ने गाउँमा भएको थियो । उनको विवाह पूर्व २ नं. ***रामेछाप*** जिल्लाको ***वावियाखर्क*** गाउँ बस्ने लोकनाथ घिमिरेकी छोरी बालकुमारीसँग भएको हो । बालकुमारीको गर्भबाट १ भाइ छोरा राजेश्वर र ३ ओटी छोरीको जन्म भयो । छोरा राजेश्वर हाल: शाही नेपाली सेनाको सैनिक सेवा अन्तर्गत प्राड उपसेनानी पदमा कार्यरत भएको बुझिन्छ ।

---

१ . गोविन्दप्रसाद भट्टराई, 'कवि जगन्नाथ भट्टराई' ***नेपाली*** पूर्णाङ्क ५३, पृष्ठ २० र २१ ।

२ . गोविन्दप्रसाद भट्टराई, , ऐजन पृष्ठ ३-४० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. रामनाथ भट्टराई
जन्म : वि.सं. १९७२ मंसिर
देहान्त : वि.सं. २०२९ भदौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डिल्लीश्वर भट्टराईले रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गरी मध्यमा, शास्त्री, आचार्यका सबै परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए। आचार्य परीक्षामा प्रथम श्रेणी ल्याएबापत उनले ***महेन्द्र विद्याभूषण*** पदक पनि पाएका थिए।

वि.सं. २००९ सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालामा राजपत्रअनङ्कित प्रथम श्रेणी सरहको शिक्षक पदमा नियुक्त भए। उनी त्यो बेला मुख्यतः वेद विषय पढाउँथे तापनि अन्य विषयमा पनि उनको विलक्षण योग्यता थियो। विद्वत्ताका दृष्टिले डिल्लीश्वर भट्टराई व्याकरणका विशिष्ट विद्वान् शुकदेव पौडेलबाहेक अन्य साथीलाई विद्वान्का रूपमा गणना गर्दैनथे। त्यसपछि २०१७ सालमा लोकसेवा आयोगबाट लिएको खुला प्रतियोगितात्मक लिखित र मौखिक दुवै परीक्षामा सर्वप्रथम भई प्रशासन सेवामध्ये आफ्नो रुचिको विभाग छनौट गर्न त्यसबेलाका मुख्य अधिकारीले अनुरोध गर्दा पण्डित डिल्लीश्वर भट्टराईले श्री ५ को सरकारको केन्द्रीय पुस्तकालय छनौट गरेपछि उनको त्यहीं पदस्थापन भएको थियो। डिल्लीश्वरले विद्यार्थी अवस्थामा अनेकौं प्रतियोगितामा भाग लिई थुप्रै पुरस्कार पाएका छन्। पछि जागीरे जीवनमा श्री ५ महाराजाधिराज वीरेन्द्रबाट २०३८।९।१४ मा ***सुप्रबल गोरखा दक्षिणबाहु*** तेस्रो बक्स भएको थियो। रचनाका हकमा **जयतु संस्कृतम्** र **गोरखापत्र** पत्रिकामा डिल्लीश्वरका केही रचना प्रकाशित भएका पाइन्छन्।

उनी साधारण भोजन, हरियो सागसब्जी, मासु खुबै मनपराउँथे। सादा पहिरन, सादा जीवन, विभिन्न साहित्यिक पत्रपत्रिकाको अध्ययन उनको मुख्य रुचिको विषय थियो। वि.सं. २०४३ साल पुस ९ गते महाराजगञ्जमा मोटर साइकलले ठक्कर दिई सोही दिनको करीब १७.३० बजे संस्कृतजगत्का होनहार प्रतिभा डिल्लीश्वर भट्टराईको निधन भयो।

पण्डित मुक्तिनाथ दाहाल

परेवाडाँडामा बसोबास गरेका दाहालहरूका पुर्खा रघुनाथ दाहाल हुन्। उनी ***कोट गाउँ***बाट ***परेवाडाँडा***मा बस्न आएका हुन्। रघुनाथका पुर्खा ***कर्मौल***बाट ***कोट गाउँ*** आएका हुन् भन्ने जनश्रुति पाइन्छ। यिनै रघुनाथका छोरा चन्द्रशेखर, इन्द्रमणि, अनिरुद्र र राधाकृष्ण भएको बुझिन्छ। चन्द्रशेखरका श्रीभक्त र गङ्गाराम गरी दुइ भाइ छोरा भए। अनिरुद्रका रामनाथ, उमानाथ र यदुनाथ गरी तीन भाइ छोरा भए। त्यस्तै,

रामनाथ-	कमलाकान्त	
	मुक्तिनाथ	
	रामप्रसाद	
	ठाकुरप्रसाद	अच्युत्तम
	नरेश	
	उमेश	केशव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. चन्द्रशेखर उपाध्यादाहालका दुइओटी पत्नीमध्ये जेठी ब्राह्मणीतिरका सन्तान माथि देखाइयो । कान्छी पत्नीबाट फैलिएका सन्तानलाई यसरी देखाउन सकिन्छ । जस्तै,

जितमान-दलकेशर-नरबहादुर-चन्द्रबहादुर-बद्रीबहादुर ।

२. चन्द्रशेखर उपाध्या दाहाल त्यो बेला निकै प्रतिष्ठित मानिस भएको बुझिन्छ । ***सुगौली सन्धि***मा हस्ताक्षर गर्ने नेपालका दुइ जनामध्ये एक जना यिनै चन्द्रशेखर उपाध्या हुन् । यस कुराको एउटा प्रमाण तल उद्धृत गरिन्छ ।

> २ दिसम्बर १८१५ ई.का दिन नेपाल र कम्पनी सरकारको बीच सुगौली सन्धि कायम भयो । नेपाल सरकारतिरबाट चन्द्रशेखर उपाध्याय तथा राजगुरु गजराज मिश्रले र कम्पनी सरकारतिरबाट मेजर ब्रेडशाले सन्धिपत्रमा हस्ताक्षर गरे ।[३]

३. ***परेवाडाँडा***का दाहालको छोटो वंशवृक्ष यस्तो छ

शिवलालका छोरा ६ भाइ भए । जस्तै - डिठ्ठा दीनानाथ, डिठ्ठा पृथ्वी विलास, अर्कलाल, कृष्णप्रसाद, तुलसीप्रसाद र .... हुन् । ती मध्ये -

जेठाका सन्तान- गुणराज आदि

माहिलाका सन्तान- विष्णुभक्त आदि

साहिंलाका सन्तान- बसाईं गएका, शैलेन्द्रकुमार आदि हुनसक्ने सम्भावना छ

काहिंलाका सन्तान- रङ्गनाथ आदि

ठाहिंलाका सन्तान- शैलेन्द्रराज आदि

कान्छाका सन्तान- अज्ञात ।

चन्द्रशेखरले परेवाडाँडा गाउँ विर्ता पाएका थिए [४] । यिनैका वंशज मुक्तिनाथ दाहालको जन्म काठमाडौंको ***सिफल*** भन्ने ठाउँमा भएको बुझिन्छ । उनको जन्म साल वि.सं. १९३८ हो । न्वारनको नाम टीकावल्लभ हो । पिता कमलाकान्त र माता भद्रकुमारी भएको बुझिन्छ ।

मुक्तिनाथका दाजुभाइ गङ्गानाथ, दण्डपाणि, महेश र एउटी मात्र बहिनी जन्मेकोमा बहिनीको विवाह चावेलमा गरिदिएको थियो । मुक्तिनाथको व्रतबन्ध ८ वर्षको उमेरमा भएको हो । पिता कमलाकान्तले गायत्री मन्त्र सुनाएका थिए ।

---

३ . ढुण्डीराज भण्डारी, ***नेपालको ऐतिहासिक विवेचना*** कृष्णकुमारी देवी (प्रकाशिका) (२०३०) पृष्ठ २३२ ।

४ . विर्ताको तामापत्र यसै लेखको सामग्री भागमा समावेश गरिएको छ । भूहपौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ दाहालले काठमाडौंमा गङ्गादत्त गोतामेसँग ***सिद्धान्तकौमुदी*** समग्र पढेका थिए। उनका साथीहरू देवीदत्त पराजुली, बुद्धिनाथ (चावेलका), गोपालजी (काठमाडौंकै) भएको बुझिन्छ। मुक्तिनाथले वि.सं. १९७२ साल आषाढ महिनादेखि १९९४ सालसम्म ***झाँगाझोली***को ***सेते पाटी***मा विद्यार्थी पढाउने काममा जागीर खाएका थिए। ***सेते पाटी***मा रहेको प्रारम्भिक पाठशालामा ***व्याकरण, काव्य, कोष, अनुवाद र शब्दरूपावली*** पढाएर मुक्तिनाथले संस्कृत विद्याको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए। उनले पढाएका शिष्यहरूमा गोविन्दप्रसाद भट्टराई, डिल्लीश्वर भट्टराई, नैनानन्द आचार्य, धोक्सिलाका कृष्णप्रसाद बराल, ठेटराज कोइराला, दुम्जाका गोविन्द दाहाल आदि आदि हुन्।

मुक्तिनाथ दाहालले आफ्ना छोरा रामप्रसादलाई पनि ***सेते पाटी***मा पढाएका थिए। उनको जन्म वि.सं. १९७७ साल आषाढ महिनामा ***परेवाडाँडा*** भन्ने ठाउँमा भएको हो। रामप्रसादका एक जना भाइ नारायणप्रसाद जन्मेका थिए। २००१ सालमा उनको देहान्त भयो। उनले ***लघुसिद्धान्तकौमुदी सुध्युपास्य***सम्म पढेका थिए। रामप्रसाद दाहालका भुवनेश्वरी, पुण्यवती र राधा गरी तीनओटी दिदीबहिनी थिए। उनलाई जन्म दिने आमा पद्मकुमारी साहिंली भएको बुझिन्छ। जेठी महामाया, माहिली बालकुमारी र कान्छी गङ्गादेवी हुन्।

रामप्रसादले पिता मुक्तिनाथसँग ***सेते पाटी***मा ***मध्यकौमुदी***को चुरादि प्रकरणसम्म पढेपछि काठमाडौं गएर पूर्णभद्र सुवेदीसँग व्याकरण, देवीदत्त पराजुलीसँग काव्य, पढेका थिए। त्यस्तै हेमनाथ घिमिरे र बुद्धिनाथ अर्ज्यालसँग पनि पढेको बुझिन्छ। ***व्याकरण (तद्धित प्रकरणसम्म), कोष*** र ***संस्कृत परिचय***को राम्रो अध्ययन गरी घरव्यवहारकै कारणले पढाइ छोडेर रामप्रसाद घरै गएर कृषि कार्यमा संलग्न हुन थाले र अहिलेसम्म पनि उनी यसैमा लागिपरेकै छन्।

पण्डित विष्णुविनोद दाहाल

विष्णुविनोद दाहालको जन्म वि.सं. १९३३ सालमा ***परेवाडाँडा*** भन्ने ठाउँमा भएको थियो। उनका पिताको नाम दीनानाथ र आमाको नाम जयादेवी हो। विष्णुविनोदका तीन जना भाइ- भक्तिविलास, हरिनाथ र भोजराज हुन्। विष्णुविनोदले तीन विवाह गरेका थिए। तीन विवाह मध्ये पहिलो विवाह ***मन्थली महादेव थान***मा, दोस्रो विवाह ***सिन्धुली***मा र तेस्रो विवाह ***मेथिनकोट***मा भएको थियो। विष्णुविनोद दाहालले पशुपतिनाथका भट्टसँग पढेका थिए। ***व्याकरण*** र ***वेद*** त उनलाई मुखाग्र थियो। जागीर खान अनुकूल नपरेको हुँदा विष्णुविनोदले जागीर खाएनन्। घरमा पढ्न आएका लड्काहरूलाई ***वेद, रुद्री, चण्डी*** र ***व्याकरण*** पढाउँथे। उनले पढाएका विद्यार्थीहरू निकैनै योग्य हुन्थे। उनी ईवरभक्तिमा बढी रुचि राख्तथे। ***मुकुटेश्वरी*** र ***गणेशस्थान***मा विष्णुविनोदले घण्टा पनि चढाएका थिए। यसो फुर्सत भएको बेला धार्मिक पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. मीनकुमार दाहाल
जन्म : वि.सं. १९७४ फागुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढ्ने, अड्कोपड्को यजमान गर्ने र अन्य धार्मिक कृत्यमा संलग्न हुने गरेको पाइन्छ । वि.सं. १९८६ सालको भाद्र मसान्तमा उनको देहावसान भयो ।

पण्डित मीनकुमार दाहाल

मीनकुमार दाहालको जन्म वि.सं. १९७४ साल फागुन १४ गते सोमबार ***परेवाडाँडा***मा भएको हो । उनले सानै उमेरदेखि संस्कृत विद्याको अभ्यास गरेका थिए । उनको विवाह तीन पटक भएको थियो ।

१. दुम्जा कोइरालाकी छोरी टीकादेवीसँग
२. खेट कुमारीसँग र
३. गोविन्दकुमारीसँग

मीनकुमारका ४ ओटी छोरी र तीन भाइ छोरा भए । सबै छोरीको विवाह भैसक्यो । छोरा तीन भाइ मध्ये -

१. सुदर्शन (पोषण कुमार)
२. तिलकराज र
३. दुर्गाविनोद हुन् ।

यीमध्ये सुदर्शन एस.एल.सी. उत्तीर्ण गरी अगाडि अध्ययन बढाउने बाटोको खोजीमा छन् । तिलकराज सुनकोशी क्याम्पस, रातमाटामा पढ्दै छन् । दुर्गाविनोद अहिले सानै उमेरका हुँदा तल्लो कक्षामा पढ्दै छन् ।

मीनकुमारमा अध्यात्मविद्याको राम्रो ज्ञान पाइन्छ । उनले व्याकरण धेरै पढेका छैनन् । ***लघुकौमुदी***को ***सुध्युपास्य***सम्म साथीसँग पढेका थिए । ***गीता, रामायण, भागवत*** र ***महाभारत*** त उनलाई कण्ठै छ । उनी आजको भौतिक विद्याप्रति अनास्था प्रकट गर्छन् । अध्यात्मविद्याको अध्ययन, अध्यापन र खोजी हुनुपर्ने कुरामा मीनकुमारको धारणा निश्चल छ । हुन पनि आज विश्वमा अर्थकरी विद्याको विकासमा सबै दिलोज्यानले लागेका छन् । यसबाट मानिसलाई क्षणिक सुख त प्राप्त हुनसक्ला तर दीर्घकालीन सुखसमृद्धि, शान्ति र इहलोक र परलोकमा आनन्द प्राप्ति त अध्यात्मविद्याबाट मात्र सम्भव छ । मीनकुमारको दृढ आस्था पनि प्राचीन विद्यामैं छ ।

नरनाथ पोखरेल

खुर्कोटबाट ***परेवाडाँडा***मा बसाइँ आएका पोखरेल यहाँ एकै घरमात्र भएको बुझिन्छ । उनले पनि संस्कृत पढेका थिए । नरनाथ आफ्ना घरमा पढ्न आउने विद्यार्थीलाई राम्रोसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) नरनाथ पोखेलको घरमा खासगरी २००७ सालभन्दा पहिले घरेलु पाठशाला चलेको थियो



(ख) छोरी र श्रीमतीका साथनमा पं. टीकानाथ ढुङ्गाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत विद्याको प्रारम्भिक ज्ञान दिलाउँथे । उनको घरलाई गुरुकुल अनुरूपको पाठशाला मानिंदो रहेछ ।

आगन्तुक प्रतिभा

झाँगाझोली परेवाडाँडा भेगमा दुइ जना आगन्तुक प्रतिभा फेला परेका छन् । ती दुइ जना आगन्तुक प्रतिभामध्ये एक जना टीकानाथ ढुङ्गाना र अर्का भूदेव टीकादत्त धिताल हुन् । पण्डित टीकानाथ ढुङ्गानाले शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान गरेका थिए भने भूदेव टीकादत्त धितालले आफ्नो जीवनको उत्तरार्ध भाग मुकुटेश्वरीमा बिताएर यहाँका जनतामा आध्यात्मिक क्षेत्रमा राम्रो नराम्रो दुवै थरी प्रभाव छोडेको बुझिन्छ ।

पण्डित टीकानाथ ढुङ्गाना

ढुङ्गानाका जिजुबराजु पश्चिम ३ नं. तनहुँबाट आएका रहेछन् । पूर्व १ नं. ***फर्सेला***मा बसी त्यहींनै विवाह गरी एक भाइ छोरा त्यहीं छाडी अन्य जहानछोरा लिई ***चाँगुनारायण***मा आई बसेका थिए । पछि, बहरका नाति नारद ढुङ्गानाकै बराजु ***गोकर्ण*** नजीक ***आरुवारी रानीपाटी*** भन्ने ठाउँमा आई बसेका र त्यहीं स्कूल र देवताको स्थान स्थापना पनि गरेका थिए । अद्यावधि उनकै सन्तानदरसन्तान मध्ये टीकानाथ ढुङ्गानाकै वराजु प्रद्युम्न बाजेका साहिंला छोरा भीमनाथ टीकानाथका बाजे भएको बुझिन्छ । उनी श्री ३ वीरशमशेरकहाँ डिठ्ठा पदमा जागीरे थिए । उनैबाट दम्पति पूजी बौद्ध नजीक उत्तरतर्फ ३०/३२ रोपनी जग्गा र अरू घरसम्पत्ति प्रशस्त पाएकोमा आफ्ना दुइ दाजु, दुइ भाइलाईसमेत दिएको विर्ता जग्गा आजसम्म भोगचलन गरिरहेकै छन् । बाजे भीमनाथका जेठा छोरा रविनाथ (टीकानाथका बा) हुन् । कान्छा छोरा रघुनाथका सन्तान अहिले ***काठमाडौं***मा नभएको बुझिन्छ । केही सन्तान ***भैरहवा***मा भएको जानकारी पाइएको छ । टीकानाथका दाजुको उहिल्यै मृत्यु भएको र उनका एक छोरा माधवप्रसाद टीकानाथकै पैतृक जमीनसमेत भोग गर्नेवाला छन् । माहिला रुद्रनाथले साम, दाम, दण्ड र भेदद्वारा ८८।९० रोपनी जमीन जोडे पनि अहिले त्यो सबैजसो सिध्याए । हाल: ***चावेल***मा एउटा घर किनी बसेका छन् । संग्रहितापट्टिको छोरा पूरा बन्दोबस्तसँग यहीं बसेका छन् । एउटी बहिनी थिइन् । ***मण्डन***का नेपाललाई दिएको थियो । एक जना भानिज ***गोकर्ण दक्षिण ढोका*** नजीक घरजम गरी बसेका छन् ।

पण्डित टीकानाथ ढुङ्गानाको जन्म वि.सं. १९६८ साल फागुन २१ गतेका दिन भएको हो । आठ वर्षका उमेरमा प्रवेश मात्र गरेका थिए । १९७६ सालमा बा र यसको तीन वर्षपछि आमाको १९७९ साल आश्विन नवरात्रको शुभारम्भ प्रतिपदाकै दिन देहावसान भयो । यसरी एघार वर्षको उमेरसम्ममा बाआमा नभएर टुहुरा भएका टीकानाथ दाजुका अधीनमा दुइ वर्ष र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक वर्ष आमाकी बहिनी सानीमाका घरमा बसे । १९८३ साल वैशाख ३ गतेदेखि तीनधारा पाकशाला (संस्कृत छात्रावास) मा भरना भएर *रुद्री, वेद, लघुकौमुदी, सिद्धान्तकौमुदी* पढे । रानीपोखरी संस्कृत प्रधान पाठशालामा दिउँसो पढ्ने र तीनधारा पाकशालामा खाने-बस्ने र बिहानबेलुका पनि त्यहीँ पढ्ने सुविधा पाएपछि टीकानाथलाई योग्यता बढाउने मौका मिल्यो । उनले यस पाठशालामा १२ वर्षजति पढे । उनका व्याकरणका गुरु पण्डित दधिराम पौडेल भएको बुझिन्छ । सम्पूर्णमध्यमा परीक्षा दिन सरकारका तर्फबाट दिइने रु. ४०। कम्पनी लिई ***बनारस***मा गएर करीब तीन महिना ***दुग्ध विनायक***मा बसेपछि फागुन महिनामा विश्वविद्यालयमा परीक्षा दिई काठमाडौं आई दाजुकै साथमा बसेर करीब नौ महिना बिताए । त्यसपछि पूर्व २ नं ***झाँगाझोली रातमाटा सेते पाटीमा*** पढाउने काममा सरिक भए । त्यसबखत मासिक तलब रु. १७ । थियो । यस पाटीमा टीकानाथ ढुङ्गाना संस्कृत पढाउँथे । ***परेवाडाँडा***का रामप्रसाद दाहालको गोठघरमा ५ वर्ष बसी त्यसै घरमा बसेको बेला जेठ महिनामा ***टाइफाइड*** ज्वरोले निकैनै सताई सबैबाट अब बाँच्तिनन् भन्ने भएपछि अघिल्ली पत्नी बालकुमारीलाई अन्तिम अवस्थामा ***मूलकोट सुवर्णकौशिका***मा पुऱ्याई त्यहींनै उनको देहान्त भयो । त्यहीं दाहसंस्कार गरी दश क्रियासमेत टीकानाथले नै गरे । त्यो बेला नौ महिनाकी एउटी छोरी थिइन् । त्यसपछि टीकानाथ रामप्रसाद दाहालको घर छोडेर प्याकुऱ्यालको घरमटानमा आठ महिनासम्म बसे । दोस्रो विवाह गरेको एक वर्ष बितेपछि ***दुम्जा***का गोविन्द दाहाल ***सेते पाटी***मा पढाउन आएपछि टीकानाथ ढुङ्गाना पं.१ नं. ***केवलपुर***मा सरुवा भए । त्यहाँ भैरव बास्कोटा र देवीप्रसाद पौडेलका घरमा बसी ***भीमसेन स्थान च्यूरी पाटी***मा केही विद्यार्थीहरू पढाएर ४ वर्षजति बिताए । त्यसपछि आधार शिक्षा केन्द्र छाउनीमा नौ महिनाजति तालिमी छात्रावासमा बसी सामान्य विज्ञान, मनोविज्ञान, कृषि विज्ञान, भूगोल, इतिहास, गणित, कताइबुनाइ आदि विषयको प्रयोगात्मक तालिम पाएर मास्टर बनी पश्चिम १ नं. ***नुवाकोट*** जिल्लाको ***सात तले दरबार***मा विद्यार्थीहरू पढाई त्यहाँ ९/१० महिनाजति बिताई त्यसपछि ***महाराजगन्ज बाँसबारी*** स्कूलमा सरुवा भए । २०२१ सालभर त्यही स्कूलमा बसेर २०२२ सालको वैशाखदेखि ***चावहिलमित्रमण्डल***मा सरुवा भई पढाएको १० वर्षपछि २०३३ साल असार मसान्तदेखि अवकाश ग्रहण गरें । आफ्नो निजी सम्पत्ति ४ रोपनी वारी र सानो पराले २ तले घरमा बसी २०२९ सालमा जेठो छोराको विवाह गर्न अर्को पक्की घर बनाउन बाध्य हुनुपरेको थियो । २०३९ सालमा १ तले घर ढलान गरेर बनाएको बुझिन्छ । २००२ सालमा जेठो छोरा, २००४ सालमा छोरी, २००८ सालमा माहिला छोरा, २०१० सालमा साहिंला छोरा, २०१२ सालमा काहिंला छोरा, २०१६ सालमा ठाहिंला छोरा, २०१९ सालमा अर्कोपछि २०२१ सालमा छोरी रेखा र २०२४ सालमा कान्छा छोरा गरी ७ भाइ छोरा र दुइओटी छोरी मध्ये २ भाइ छोरा र एउटी छोरीको देहान्त भई टीकानाथले शोक भोग्नु परेको बुझिन्छ । उनका मावली लुभूका ठूला घरे पौडेल हुन् । यिनीहरू खेतीवाल हुन् । ४ भाइ मामामध्ये माहिला र कान्छाका छोराहरू छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माहिलाका ३ छोरामध्ये जेठाका सन्तानहरू ***लुभूमै*** छन् । कान्छाका २ पत्नीबाट गरी ५ छोरा ***कुपन्डोल***मा बसेका छन् । ससुरालीतर्फ पहिलो ***लोहकिल्थली*** गाउँविकास समिति अन्तर्गत हाल : ***ढलेको खरीको बोट*** नजीक छन् । दोस्रो ससुराली पट्टिका सासूससुराको पनि देहावसान भैसक्यो । फणीन्द्रप्रसाद आचार्य (जेठान) , काहिंला र साला रुद्रप्रसाद (एस्पी) कान्छो साला बैंक मैनेजर छन् । टीकानाथ ढुङ्गानाका आत्मीय साथीहरूमा रामभक्त, ठाकुरप्रसाद, कालीदास गुरुका छोरा ताराप्रसाद, माधव सिग्देल, विष्णुप्रसाद , भुवनेश्वरी सत्याल, प्रधानाध्यापक इन्द्रप्रसाद , षडानन्द गिरी, बालकृष्ण पाण्डे, देवेन्द्र ढुङ्गेल, बालकृष्ण न्यौपाने, ईश्वरमान मानन्धर, मनोहर दाहाल र शम्भुप्रसाद दाहाललाई मुख्यरूपमा लिन सकिन्छ ।

यसरी टीकानाथ ढुङ्गाना संस्कृतका विद्वान् र अध्यापकका रूपमा चिरस्मरणीय रहिरहने छन् । मुख्यत: अध्यापनका क्षेत्रमा टीकानाथले पुऱ्याएको योगदान अत्यन्त प्रशंसनीय छ । २०४९ साल वैशाख महिनाको वैशाखी पूर्णिमाको दिन आफ्नै निवासस्थान बौद्ध रामहिटीमा उनको देहावसान भयो ।

भूदेव टीकादत्त धिताल

श्री :

शीतल जलमा अग्नि पुष्प पर्वतभित्र छ
लौकिक, औषध ईंट असि त्यो पूर्व भित्र छ
अरजि कोटमा वेद तृप्ति पारस भित्र छ
चितशक्ति ब्रह्मणो राम: सम्वाद देव भित्र छ

टीकादत्त धिताल ***बनारसमा सौभाग्य पुस्तकालय*** चलाएर बसेका थिए । पछि त्यत्तिकै वैराग्य लिएर पत्नी छोराछोरी घरव्यवहार सबै छोडी वि.सं. २०२१ सालमा उनी ***लप्से खोला***मा आएर बसे । ***बंगाला, लेकानपानी*** आदि धेरै ठाउँमा घुमे । ***लप्से खोलामा*** रुद्रप्रसाद दाहालका घरमा बसेका थिए । त्यहाँ एउटा धुनी थियो । चौका बनाएर केही गोप्य चीज राखेजस्तो गरी सेतो कपडाले ढाकेको हुन्थ्यो । धुनीमा कोही भक्तजन पूजा गर्न आउँदा ***फूल अक्षता त्यहीं चढाइदिनू*** भनेर टीकादत्त धिताल अह्राउँथे । कोही मानिस त्यस ठाउँमा पुग्यो भने उनी त्यस आगन्तुकलाई केही काम गर्न लगाउँथे । जस्तो कसैलाई दाउरा खोज्न लगाउने र कसैलाई ढुङ्गाको पर्खाल लाउन लगाउने त कसैलाई मूढा चिर्न लगाउने गर्थे । वि.सं. २०२७ साल वैशाखसम्म टीकादत्त धिताल ***लप्से खोलामैं*** बसेका थिए । यसबखत यहाँ एउटा बिघ्न पऱ्यो । रुद्रप्रसाद दाहालले आफ्ना घरमा श्रद्धापूर्वक राख्दा-राख्दै पनि उनका बा नैनानन्द दाहाललाई अशान्ति भयो । यसपछि उनले भने कि - ***यो जोगीलाई जसरी हुन्छ यहाँबाट निकालिदेऊ*** ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि ***नाङ्गेडाँडा***का मनोरथ गिरीसँग भनसुन गरी निकाल्ने प्रयत्न भयो । उनै गिरिमार्फत् ***बाबा तिमी यो ठाउँबाट निक्ल*** भन्न पनि लगाइयो । यसरी गाउँका मानिसबाट जवर्जस्ती निकाल्ने प्रयाश गर्दा बाबा टीकाप्रसाद धितालले भने कि - ***योगीहरू जुन दिन भन्यो त्यही दिन निक्लदैनन् । यो ठाउँबाट म पर्सी बिहिबार मात्र निक्लन्छु ।***

टीकादत्त धितालले तोकेकै बिहिबारको दिन ***परेवाडाँडा***का मीनकुमार दाहालसहित अन्य ५/७ जना मानिसका साथ लागेर ***लप्से खोला*** छोडे । ***कहिले गीत गाउँदै त कहिले भजन भन्दै बाटो*** कटनी भएको थियो ।

कैलेको झरी कैलेको बादल कैलेको घामपानी
घरमा सम्झौं बेंसीमा सम्झौं श्रीराम नाम पनि

माथिको गीत गाउँदै र अन्य भजन भन्दै वि.सं. २०२७ साल वैशाख २७ गते ***मूलकोटकी मुकुटेश्वरी***को थानमा झरी यहीं बस्ने र खानपिन गर्ने गरी टीकादत्त धितालको स्थायित्व कायम भयो । यहाँ बस्न थालेपछि बाबा टीकादत्त धितालले भने - ***म यहाँ मुकुटेश्वरीको पूजाहारी जस्तो भएर बस्छु । आफ्नो घरमा जे खान्छौ तिमीहरूले मलाई त्यहीं खानेकुरा ल्याइदिनू ।***

टीकादत्तका भक्तहरू जान्थे । उनीहरू आफ्नो गच्छेले भेटेसम्म सीधा लैजान्थे । त्यहाँ भक्तले नै भाँडापानी जुटाइदिनुपर्थ्यो । बाबा टीकादत्त धिताल देवीको थानबाट तल झर्दै झर्दैनथे । २/४ पटक उनी त्यहाँबाट कहाँ हो कहाँ बेपत्ता पनि भए । कहिले एक महिना, कहिले डेढ महिना त कहिले भने दुइ महिनासम्म बेपत्ता भएर उनी फेरि ***मुकुटेश्वरी***मैं फर्कन्थे । गाउँमा कसैले निम्ता गऱ्यो भने उसकहाँ टीकादत्त धिताल पालैपालो गरी जान्थे । गाउँका केही मानिस उनका भक्त पनि थिए । जस्तै ***ढाँडबारी***का ***जीवनाथ दाहाल*** बाबाका निम्ति पानी ल्याउने र अरू भैपरिआएको सबै काम गरिदिन्थे । ***मीनकुमार दाहाल*** पनि टीकादत्त धितालका भक्त थिए । नयाँ युवाहरू उनलाई त्यति रुचाउँदैनथे र टीकादत्त पनि युवकहरूको जमात देखेपछि झसङ्ग हुन्थे । किनभने उनी निकै ज्ञान आर्जन गरेर बाबा भएका होइनन् । सामान्य ज्ञान आर्जन गरेका थिए र पहिले भए, गरेका कार्यहरूबाट विरक्त भएर यसरी बाबाको रूपमा परिणत भएको बुझिन्छ ।

वि.सं. २०३९ सालको फागुन मसान्तमा टीकादत्त धितालको देहावसान भयो । परलोक भएपछि उनका नजीकमा मीनकुमार दाहाल, जीवनाथ दाहाल ढाँडबारी, ऋषिराम उपाध्याय दाहाल र सुवेदार मानबहादुर पनि थिए । ***मूलकोट***को ***त्रिवेणीघाट***मा टीकादत्तको लास जलाएको बुझिन्छ । उनलाई दागवत्ती दिने जीवनाथ दाहाल हुन् । टीकादत्तको मृत्युपछि उनका दुइ भाइ छोरा ***तौलिहवामा छन्*** भनेर उनकै भक्तहरूले रजिष्ट्री पत्र पनि पठाएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृति

टीकादत्त धितालको बारेमा अरू कुरा बुझ्दा उनी *लप्से*मा बस्दैखेरी उनले - ***यो गाउँका विद्वान्हरू जति सबै जम्मा भएर आओ*** भनेर अह्राए । उनका भक्तहरू -

१. मीनकुमार दाहाल

२. रुद्रप्रसाद दाहाल (घरकै मानिस)

३. पुण्यप्रसाद दाहाल

४. ऋषिराम दाहाल र

५. रामेश्वर घिमिरे गरी अन्य १२।१४ जना पनि जम्मा भए । त्यसपछि टीकादत्तले - ***म यहाँ नौलो काम गर्छु । सबैले हेरिरहनू*** भनेर सबैलाई ध्यानमग्न रहन अह्राए । त्यसपछि भक्तलाई एउटा सीधा ढुङ्गो पखाल्न लगाए । आफू चाहिं त्यही पखालेको ढुङ्गोमाथि बसे । अनि दुवै हात उठाएर श्रीराम ३ भने । त्यहाँ नजीकै बिहान लाल्टिन, लोहोटा, परालको मुठा, कागत, कलम र मसी मागे । भक्तहरूले पनि ती सबै सामान ल्याएर दिए ।

पराल, लोहोटा, लाल्टीन लेखेर देखाई- यसको मान्छे हुने, तिमी जस्तै छोरा पनि भएको, तिमी जस्तै लगाउने, यो लेखेको कुरा राजाकहाँ पुऱ्याइदेऊ

श्री ५ नाराहिटी

टिकट रु ५।

त्यसमा टिकट टाँसिएको थिएन । पठाउने कुरा मात्र भयो । माथि लेखेको कुरा ठाउँ ठाउँमा टाँसिएको थियो रे ।

यो कुरा सुन्दा अरूलाई पनि अनौठो लाग्न सक्छ । किनभने आजको व्यावहारिक समाजमा यस्ता कुरा गर्न र सुन्न कसैलाई फुर्सत छैन । पढे, लेखेकै मानिस भएका हुँदा उनका विचारलाई पनि यथोचित स्थान दिनु मनासिबै ठहर्छ । यहाँ प्रस्तुत गरिएका टीकादत्त धितालका कविता ***परेवाडाँडा***का मीनकुमार दाहाल र ***रामटार***का श्याम भट्टराईबाट उपलब्ध भएका हुन् । यी कविता उनले ***प्रकाशित गरिसकेको*** जानकारी पनि मैले पाएको थिएँ तर यतिखेर त्यसको पूरा विवरण पत्ता लाग्न सकेन । जेहोस्, टीकादत्त धितालको व्यक्तिगत जीवन चर्या कतिलाई मन नपर्न सक्छ तर उनले नेपाली साहित्यमा गरेको योगदान चिरस्मरणीय रहिरहने छ । यसमा कुनै सन्देह छैन । तल उनको कविताशक्तिको संक्षिप्त परिचय दिइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्र

स्वदेश विमल धन्य-धन्य भुवन भित्रछ
विमल भारत आत्मा सूक्ष्म अध्यात्म भित्रछ
जाग्रत् स्वप्न-स्वप्न द्रष्टा साक्षी जाग्रत भित्रछ
जाग्रत् -स्वप्न अहं पृथ्वी गज प्रकृति भित्रछ

स्वदेश विमल पृथ्वी कुटुम्ब देव भित्रछ
श्रीराम कृष्णको जन्म प्रकट रेणु भित्रछ
पुरूष प्रकृति पाई लीला पृथ्वी भित्रछ
व्रह्माण्ड प्रकृति क्षेत्र बह्म प्रकृति भित्रछ

दृष्टान्त सृष्टिको वृक्ष जीव वैचित्र्य भित्रछ
असङ्ख्य-दृष्टिमा जीव विवेक श्रेय भित्रछ
आगति लौटन अर्थ आवृत्ति क्रम भित्रछ
आवृत्ति उत्क्रम छैन पृथ्वी निगम भित्रछ

निखिल-दर्शन लक्ष ब्रह्म ब्रह्साण्ड भित्रछ
ब्रम्ह ब्रम्हाण्ड वा जीव - मायग त्रिगुण भित्रछ
स्थूल शरीर वा सूक्ष्म कारण देह भित्रछ
पिण्ड ब्रम्हाण्ड यो ऐक्य-ऐक्य स्वदेशभित्रछ

देखिन्छ त्यो ब्रम्ह वृक्ष जीव प्रकृति भित्रछ
वृक्ष अश्वस्थ निर्देश शरण देश भित्रछ
स्वज संसार यो वृक्ष नरूप कोही भित्रछ
विकाश प्रकृती तत्त्व सृष्टि व्रम्हाण्ड भित्रछ

प्राणमा जीवको बीज-जीव पुरूष भित्रछ
लौटन्छ पुरूष बीज जीव पुरूष भित्रछ
कारण पृथ्वी चित्र क्षर अक्षर भित्रछ
अक्षर कारण ब्रह्म क्षर पुरुष भित्रछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुन्द्र गामिनी गंगा-गंगा मानस भित्रछ
भक्ति प्राण तथा योग - शरीर प्राण भित्रछ
द्विधा गौडी पराभक्ति वैदी सेवन भित्रछ
सविकल्प तदाकार भक्ति लक्षण भित्रछ

अविज्ञेय सूक्ष्म तत्त्व गुण सत्रयि गुण्यछ
निस्त्रै गुण्य हुनु मोक्ष भाव लक्षण भित्रछ
असंग-शस्त्रले काट वृक्ष सत्रयि गुण्यछ
देव भूदेव यो पृथ्वी सूक्ष्म अध्यात्म भित्रछ

नर्मदे सिन्धु कावेरी अधिप्र बारि भित्रछ
पुरुष मिथुन पूर्व प्रकृति अग्नि भित्रछ
शरीर नाग हो बाह्य नाग बाहिर भित्रछ
पर्वत तट त्यो वस्त्र वारि पुस्तक भित्रछ

क्षिते क्षितिज सोहं त्यो लक्ष भोजन भित्रछ
वंदे वाशिष्ठ त्यो राम हेम को मृग भित्रछ
सूर्य्य मुकुट त्यो चन्द्र वाहन मन भित्रछ
धन्न्य विमल त्यो भाव पृथ्वी अंकुश भित्रछ

तरणि आश्रय देव श्रुति पुराण भित्रछ
लय पुरूष नारी हुनु प्रकृति भित्रछ
गज कमल त्यो पास बध्द जगति भित्रछ
मिथुन जयति शेतु जगत-पुरूष भित्रछ

षड् संपति पूर्वधर्म सद्वस्पर्शादि भित्रछ
द्रष्टा त्यो शरीर भित्र आत्मा बाहिर भित्रछ
मुमुक्षु चिन्मय सत्ता निवृत्ति हुनु भित्रछ
जाग्रत् त्रिकाल मा छैन अहं त्रिकाल भित्रछ

सूर्य विमल त्यो चन्द्र कला समल भित्रछ
जीव समल त्यो चन्द्र आत्मा विमल भित्रछ
समल विमल ज्ञान नारी पुरूष भित्रछ
आश्रय कसको आत्मा वाणी पुस्तक भित्रछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगति सदसद् भाव कार्य्य कारण भित्रछ
अहं त्यो कारण पूर्व सत्ता सद्भाव भित्रछ
विशाल वट झैं सूक्ष्म बीज प्रकाश भित्रछ
दृष्टान्त पुरूष नेत्र क्षर अक्षर भित्रछ

सत् चिद् आनंद त्यो पूर्व जड् सद ब्रम्ह भित्रछ
असुद्ध जब देखिन्छ विपर्य हुनु भित्रछ
आश्रय साधन विश्व निरोधाभाष भित्रछ
पुरुष कारण ब्रम्ह जरू सद्ब्रम्ह भित्रछ

अक्षर जीव त्यो ज्ञान पदार्थ चिद भित्रछ
ऐ स्वयं सुख स्वर्गादि मोक्ष आनन्द भित्रछ
पुरूष-पुरूष वेद असुद्ध सुद्ध भित्रछ
भुदेव वन्दना पृथ्वी गोर्खा पुस्तक भित्रछ

संचित तैलादि- आदि बटुक भित्रछ
पुरुष समल बीज प्रारब्ध भोगभित्रछ
विमल मिथुन कर्र चेतना क्षिति भित्रछ
चित्शक्तिः ब्रम्हणो रामः संवाद देव भित्रछ

श्री विद्या ने पा ल को इ ति हा स

श्री विषयेन समाभ्यास
समं च विषमं चैव विषमेन समं ततः ।
समाभ्यास विषमं हन्याद्विषमे ण समं पुन : ॥

श्रीविद्या कलामा भारत श्रीविद्यालाई राजविद्या भन्दछन् ।

ने नामका मुनिले पालना गरेको निवृत्ति कलामा सङ्ख्या २८ नेपालपद सिद्धछ । प्रतिष्ठा कलाको पद निवृत्ति कलामा राख्यौ किन । भारत पदको इतिहास अङ्क र नैपाल पदको इतिहास अङ्क न्यास गरी विद्या कलामा भारतर प्रतिष्ठा कलामा नेपालको अगाडि इतिहास (पेट) को सिद्ध न्यास राखिन्छ ।

न्यास

बाग्बीज वर्णांक राशि	१९	शिवपद वर्णाङ्क राशि	२९
त्रिपुरा वर्णांक राशि	३६	टीकादत्त वर्णांक राशि	२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखा वर्णांक राशि	२१	भारत वर्षांक राशि	१६
नैपाल वर्णांक राशि	२८	इतिहास वर्णांक राशि	२५

ि र + श + ६ व ७ ÷ प ५ + द ३ = २९ शिवपद

त १ + र ७ + ि ८ + प ५ + ३ + र ७ + ा ५.= ३६ त्रिपुरा

ठ ७ + ी २ + ि ८ + क २ + ा ५ + ढ ३ + १ + ल = २९ टीकादत्त

ग ५ + ो १ + २ ७ + ख ३ + ा ५ = २१ गोरखा

भ ३ + ा ५ + र ७ + त १ = १६ भारत

न र + ै ४ + प ५ + ा ५ + ल छ= २८ नेपाल

इ ८ + ि ८ + व १ + ह २ + ा ५ + स १= २५ इतिहास

एक सिद्धान्त अनादि सिद्धले ठूलो विचार गरी अङ्कमा राज इतिहास राखेको छ । राज अङ्कमा छ । प्रतिष्ठा कलामा तेइस तत्त्व (जलदेखि लिएर प्रकृति पर्यन्त) तेइस वर्ण (ह बाट - ट पर्यन्त) तीन मन्त्र अरू एक्काईस पर्दछ । निवृत्ति, प्रतिष्ठा, विद्या चौध अक्षरूमा तीन पद मूलसँगको नैपाल गोरखा भारत इतिहास (पेट) को सङ्ख्या सम विषम छ ।

पदको लागि विचार गरिन्छ । कुनै जातिको नामले नैपाल वा नेपाल शब्द बनेको छैन । श्रीविद्या राजदैवत पूर्व हेर ॥

स्वराध मुख्या न मुखास्तु तात कु क्षौ र मां कौ क गयो रधस्तादिति । न ८ + ` छ + प ५ + ८ ५ + ल ६ . ३० =

प्रेषक र प्रकाशक भूदेव टीकादत्त धीताल सौभाग्य पुस्तकालय, मंगला गौरी वाराणसी

वि.सं. २०१५ गुरु पूर्णिमा । ५

अनौठो पुस्तक

वि.सं. २०४८ सालको पुस महिनामा ***परेवाडाँडा*** जाँदा टीकादत्त धितालले लेखेको अनौठो पुस्तकको बयान मैले सुनें । त्यो बेला मीनकुमार दाहालसँग भेट हुन नसकेको हुँदा सो

---

५ . मैले यसको प्रतिलिपि पाएको हुँ - भूहपौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक हेर्ने मौका परेन । २०४९ साल वैशाखमा जाँदा मीनकुमारसँग भेट भयो । तीन दिनसम्म टीकादत्त धिताल र ***अनौठो पुस्तक***को बारेमा चर्चा भयो । उनले यसो मलाई पुस्तक देखाए । पुस्तक सरसर्ती पढ्दै जाँदा यसका लेखक टीकादत्त धिताल त होइन रहेछन् । मर्नुभन्दा अगाडि उनले भनेछन् कि ***यो पुस्तक दुम्जा डाँडो कटाएर नलैजानू र अरूलाई कुनै पनि हालतमा लान पनि नदिनू । यो पुस्तक यो भेगको मणि हो । यो पुस्तक मूलकोटबाट दक्षिण दुम्जाबाट पश्चिम कटेर गयो भने दिने र लानेलाई राम्रो हुँदैन र यस भेगको अस्तित्व पनि समाप्त हुन्छ ।***

म आफैंले पुस्तक पढें । केही अंश सारें । पुस्तक चाहिं तन्त्र विद्यासँग सम्बन्धित भएको बुझियो । यो ***शिवतांडव*** पुस्तकको केही अंश यहीं तल प्रस्तुत गरेको छु । यो पुस्तकको फोटोकपी गर्न सुनकोशी क्याम्पसका प्रमुख तथा प्रधानाध्यापक श्री केशवप्रसाद भट्टराईले मीनकुमार दाहालसँग धेरै पटक मागेका रहेछन् , तर मीनकुमारले - ***बाबाको आज्ञा नाघेर म यो पुस्तक यो ठाउँ कटाएर अन्त लान दिन सक्तिन*** भनेर जवाफ दिने गरेको बुझियो । उनी सार्न भने जो कोही जिज्ञासुलाई पनि दिन तयार छन् । यो पुस्तक जो पायो उहीले बुझ्दै-बुझ्दैनन् । अर्को कुरा, यो पुस्तक सार्न पनि अत्यन्त कठिन छ । टीकादत्त धितालका सामग्रीहरू मीनकुमार दाहालको जिम्मामा मात्र छैनन् । उनको देहान्त भएपछि ***शिवतांडव*** लगायत टीकादत्तका हस्तलिखित र मुद्रित सामग्रीहरूको सुरक्षा गर्न एउटा कमिटी बनेको रहेछ । यही कारणले पनि कुनै एक जनासँग खुसामद गरेका भरमा ***शिवतांडव*** पुस्तक हात लगाउन कठिन छ । आखिरीमा यसका मुख्य संग्रहकर्ता टीकादत्त धिताल हुन् । यो पुस्तक हालसम्म अप्रकाशित अवस्थामैं रहेको बुझिन्छ । उनले यो पुस्तकलाई यो भेगको मणि भन्दाभन्दै दिनेले दिनु र लानेले मूलजरै उठाएर लानु पनि त राम्रो कुरा भएन । किनभने यसबाट कुनै अनिष्ट पनि हुनसक्छ । यदि अनिष्ट भयो भने त्यसको जिम्मा पनि त दिने र लैजानेले लिनु पर्‍यो नि । हैन र ? त्यसैले अनुसन्धानको दृष्टिले यो पुस्तक अति उपयोगी छ । म अर्को पटक हस्तलिखित ग्रन्थ सम्पादनका क्रममा त्यसलाई सारेर प्रकाशन गर्ने प्रयाश गर्छु । यो पटकलाई मैले मीनकुमार दाहाल र उनका परिवारको सौजन्यबाट सारेर ल्याएको केही अंश यहाँ प्रस्तुत गर्छु ।

शिवतांडव

श्री गणेशायनम : ॥ अथ तांडवे द्वादशो पटले यंत्राणामाधारान् लेखन द्रव्याणि लेखनी ७वाहा देवेणेत्यादिना ॥ अथ देवेशि वक्ष्यामि परमाद्भुत कारणं । यन्नकस्य चिदाख्यातं तत्ते वक्ष्यामि साधतः स्पष्टं श्रुणु द्यै. नमना : कांते मत्त मातं गंगामिनि । नव्यं व्यक्त परिज्ञानं पृथक्पृथग्यथा तथा ॥ २ । नव्यानि स्तव्यानि च पूर्वाणि वा वस्तूनि यंत्राणि तेषां परिज्ञानं येन त ६ शिवत्यर्थ : । वश्यार्थे भूर्जपत्रे तु मोहने रौप्यपत्रक । मारणे लोह पत्रे तु स्तंभने पैतलं मतं ॥ ३ । स्पष्टं । विद्विषे तु रमण नस्य चीवरं समुदाहृतं । आकर्षे सी जलं प्रोक्तं राज्यार्थे ब्रह्मवृक्षजं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४ ॥ ब्रह्मवृक्ष : पालाश : । पलाश: किं शुक : कर्मेत्युपक्रम्य ब्रह्मवृक्ष : समिद्दर इति कैप्यदेव: । वज्र पीठे योग्यत्वात् । पुत्रार्थे पैत्तले पत्रे भार्यार्थे तु तमालजे । देशार्थे त्रंवुजे पत्रे भोगार्थे वटवृक्षजे ॥ ५ । तमालस्तपिछ : प्रसिद्द : । अवुजं शंख शुक्त्यादौ पद्मपत्रे वा । मोक्षार्थे ताड पत्रे तु णं त्यर्थे तु मधूकजे । कामार्थं कांस्य पत्रे तु भक्षार्थं कदली भवेत् ६।, स्पष्टा, ताम्रे जगत्सदा वश्यं पात्रे पर्वत चालनं ॥ ताडनेर्शिविकां पत्रे सर्वाभावेतु विल्वजे ॥ ७ ॥ ताम्रे पात्रे वश्यं । पर्वतानां वैदिक प्रसिध्या मेघानां पर्वत तुल्यानां प्रतिमादा नावाचालनं चेत्यर्थ : । शिंविका राजमाषादि अथवान्य प्रकारेण लेखनद्रव्यमुच्यते । चंदनागरु कर्पूर कस्तूरी रोचनान्वितं । मद : करि भवो लाक्षा रस: कुंकुम संनिभ : । ८ । चंदनादानि प्रसिद्धानि । यंत्र लेखन द्रव्याणि क्रूरे व्यष्ट विषाणि च । क्रूरेषु भारणा दिषु । भष्ट विषाणि वक्ष्यमाणानि । तान्येवाष्ट विषाण्याह । लवणे षण मे हां वु गृहधूमाग्नि संयुत :

× × × इति नीलकण्ठ कृतौ शिवतांडवीर्याक यंत्र व्याख्या ने ऽ नूपारामसंज्ञे उपोद्घात : समाप्त : ॥ ....

नवकोष्ठे पंचदशात्मक यंत्रे कोष्ठत्रय संख्या १५ त्रिगुण नवकोष्ट गता संख्या जाता ४५ द्विगुणा ९० कोष्ट संख्यया ९ गुणिता जायं च पुरश्चरण संख्या ८१० ॥ अथ षोडश कोष्टे चतुस्त्रिशदं व्रात्मके यंत्रे कोष्ट चतुष्टय शतांक संख्या ३४ चतु ४ र्गुणा जाता सर्वकोष्ट गता संख्या १३६ द्विगुण २७२ इयं कोष्ट संख्यया १६ गुणिता जाता पुरश्चरण संख्या ४३५२ । एवमन्यत्राप्यूहयं ॥

यंत्रमित्यादि वदुत्थिता नातिज्ञेयं । अनूपारामोयं परिशिव वचो वीज विभवो महायंत्रै : कल्पद्रुम शतसमै रुत्कटफलै : समस्त : संपन्न स्त मि मनु संधाय सकल श्रियो पेतो भूयाद् भुवि बुध जनो ऽ नुरूप कृपया ॥ १ ॥ दृक्पूर्णाष्टि १६०, २ समे शर्के र समये मास्याश्विने विलुमेटीकैषा परिपूर्णतामुपगता ***कर्णात्म***ज प्रीतये । षडतं श्री हृदयारविंद रविणा दि व्यार्थ रत्नाकर त्रैप्य भो निधि मंदिरेण विहिता श्री नील कंठेनया ॥

इति श्रीमत्समस्त सामेत चूडामणि मरीचि मंजरी समर्चित पाखपीठो पात भूमिश श्री महाराजाधिराज कर्णमहाशय सूनुना श्रीमदनृप सिंहेन प्रेरित पद वाक्य प्रमाण मर्यादा धुरंधर चतुर्धर वशावतंस गोविंद सूरि सूनो नीलकंठस्य कृतौ श्री शिव तांडवीयां कयंत्र व्याख्याने ऽ नू रूप पा रामसंज्ञे षोडशकोष्ट लेखन प्रकार कथनं नाम चतुर्दश : पटल : समाप्त : ॥ ६ ॥ समाप्तेयं टीका ॥ सं. १७९४ श १६५९ प्रभवाव्दे श्रावण शुक्ल द्वितीयामासे लिखितं स्वार्थं परार्थं च । श्री भवानी शंकरार्पणमस्तु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवताण्डव पुस्तकभित्रका केही तालिका

(१)

१४	११	५	४
१	८	१०	१५
१२	१३	३०	६
७	२	१६	९

(२)

९	१६	२	७
६	३	१३	१२
१५	१०	८	१
४	५	११	१४

(३)

१६	३	१३	२
९	६	१२	७
४	१५	१	१४
५	१०	८	११

(४)

८	१	१४	११
१३	१२	२	७
३	६	९	१६
१५	१०	४	५

(५)

३	९	१२	१३
१६	९	७	२
५	४	१४	११
१०	१५	१	८

(६)

१४	११	८	१
७	२	१३	१२
९	१	६३	६
४	५	१०	१५

(७)

६	१५	१	१२
३	१०	८	३
१९	५	११	२
९	४	१४	७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भट्टराईको पुख्र्यौली परम्परा

राजालाई ***राई*** भन्ने पनि गरेको पाइन्छ । ***तुलसीकृत रामायण***मा भगवान् रामचन्द्रलाई ***रघुराई*** भनिएको छ । राजा, राय र राई यी सबै राजाकै पर्यायवाची शब्द मानिन्छन् । भट्टराई शब्दको वास्तविक अर्थ हो - भट्टहरूका राजा । महर्षि वशिष्ठको वंशका रूपमा प्रसिद्ध हुँदै आएको हुँदा आदिकालदेखिनै यिनीहरूले भट्टराज भन्ने ख्याति पाएका थिए । यिनीहरूको मूलथलो ***गल्कोट*** हो । त्यहाँबाट कुनै भाइ ***ठोद्ने खोलामा,*** कुनै भाइ ***सिन्धु धुसेनीमा*** र कुनै भाइ ***सिन्धु कोट***मा बसाइँ गएको बुझिन्छ । ***सिन्धु धुसिनी***मा जाने भट्टराईले ठूलो ख्याति आर्जन गरेका थिए । सिन्धुका भट्टराईमध्येकै कुनै एक भाइले गोर्खा दरबारमासमेत प्रवेश पाएका थिए । श्री ५ प्रताप्सिंह शाहको राज्याभिषेक गराउने पण्डित जगन्नाथ भट्टराई भएको बुझिन्छ । सिन्धुको विर्ता सम्भवतः यिनैले आर्जेको हुनुपर्छ ।

सिन्धुका भट्टराईमध्येकै एक भाइ ***स्वातिकानन्द सिन्धु***मा बस्दा सन्तान फापेनन् भनेर करीब तीन सय वर्षअघि आफ्नो ससुराली ***सिन्धुली जिल्ला***को ***झाँगाझोली*** अन्तर्गत ***परेवाडाँडा*** गाउँमा बसाइँ सरे । त्यहाँ गएपछि उनका एक भाइ छोरा गङ्गाराम मात्र बचेछन् । गङ्गारामका चार भाइ छोरामध्ये कान्छा प्रेमनिधि भट्टराई त्यो भेगमा निकैनै प्रसिद्ध थिए । प्रेमनिधिका नौओटी छोरी र कृष्णदत्त नामका एक भाइ मात्र छोरा भए । कृष्णदत्तको न्वारनको नाम मनोहर थियो । काठमाडौंदेखि पूर्व दिशामा उनलाई ***अग्ले भट्टराई***का रूपमा सबैले चिन्थे । उनको जन्म वि.सं. १९११ सालमा र देहान्त वि.सं १९८२ सालको श्रीपञ्चमीका दिन भएको हो । कृष्णदत्तकी जेठी पत्नीको गर्भबाट गोपीकृष्ण र हरिदत्त गरी दुइ भाई छोरा जन्मिए । कान्छी पत्नीको गर्भबाट जगन्नाथ, भवानीदत्त र वेदनाथ गरी तीन भाइ छोरा र दुइओटी छोरी जन्मिए । कृष्णदत्तका पाँच भाइ छोरामध्ये जगन्नाथ भट्टराई विद्वान् र कविका रूपमा प्रसिद्ध भए । उनको जन्म वि.सं. १९४३ र देहान्त वि.सं. २००४ सालमा भएको हो । जगन्नाथका पाँच भाइ छोरामध्ये माहिला र कान्छा सानै उमेरमा परलोक भए । काहिंला छोरा डिल्लीश्वर भट्टराई ***सहसचिव***को पदबाट सेवानिवृत्त भई वि.सं. २०४४ सालमा मोटरसाइकलले ठक्कर दिएर अस्पतालमा उपचार गर्दागर्दै दिवङ्गत भए । साहिंला रामनाथ पनि मुरारी र नारायणहरि गरी दुइ भाइ छोरा र एउटी छोरी छोडेर वि.सं. २०२९ सालमा परलोकबासी भए । जेठा गोविन्दप्रसादका जेठी पत्नीबाट केशवप्रसाद (जन्मः २०१०) र एउटी छोरी भए । कान्छी पत्नीबाट दुइभाइ छोरा दीपक (जन्मः २००७) र किशोरप्रसाद (जन्मः २००९) भए । छोरीहरू ५ ओटी भए । दीपकका छोरा सलिल (जन्मः २०३९) , किशोरका छोरा उत्सव (जन्म : २०४१) , केशवप्रसादका दुइ भाइ छोरा अभिषेक (जन्म : २०३५) र अञ्चन (जन्म : २०३९) छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भट्टराईहरूको कुल पूजा गर्दाको चित्र

स्रोत : भट्टराई वंश दर्पण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रामटारमा अवस्थित परेवाडाँडाका
भट्टराईहरूको देवालीस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवाली

सिन्धुपाल्चोक जिल्लाको ***सिपा गाउँ धुसिनी***बाट भक्तिविलास भट्टराईले कुलदेवता ल्याएको बुझिन्छ । ***झाँगाझोली परेवाडाँडा***मा कुलदेवता ल्याएर स्थापना गर्नु पर्‍यो भनेर कुल देवता लिन भक्तिविलास ***सिन्धु धुसिनी***मा गएको बुझिन्छ ।

कुल देवता		अन्य पूजनीय देवता		
आद्यमष्टा	बारमण्डली	गङ्गा	जमुना	गणेश
↓	↓			
मामा	भानिज			

१. आद्यमष्टा मामालाई सेतो बोको चढाइन्छ ।

२. बारमण्डली भानिजलाई राता, काला बोका चढाइन्छन् ।

देवाली ***उँभौली*** र ***उँधौली*** गरी दुइ थरी हुन्छ । मङ्सीरको ***धान्य पूर्णिमा***मा गरिने देवालीलाई ***उँधौली*** भनिन्छ र भीम पूर्णिमाका दिन गरिने देवालीलाई ***उँभौली*** भनिन्छ । देवाली हरेक तीन तीन वर्षमा गर्ने परम्परा छ ।

	१३ ठाडा	मङ्सीरको धान्यपूर्णिमाका दिन देवाली गर्दा
	११ तेर्सा	(उँधौली)
रेखी	१३ तेर्सा	जेठ महिनाको भीमपूर्णिमाका दिन देवाली गर्दा
	११ ठाडा	(उँभौली)

अष्टदलमा गङ्गा, जमुना र गणेशको पूजा गरिन्छ । यहाँ १३ तेर्सा र ११ ठाडा रेखा हालिन्छ ।

पूजाविधि : पूजाका निम्ति घरैपिच्छेबाट पूजाका सामान ल्याइन्छ । अबीर, सिन्दूर, जौतिल, अक्षता, फूल, धूपबत्ती, अर्सा, अनर्सा, सेल, पुवा, पुरी च्यूरा, फलफूल, दूध, मह, घ्यू आदि घरघरबाट जम्मा हुन्छ । घरमा गाई दुहुनु हुनेले ढुङ्ग्रामा दूध लगेका हुन्छन् । मण्डपमैं पुगेर खीर पकाउँछन् । माथि बताएको नैवेद्यका साथै खीर, नरिवल, छोडा, र मरीच पनि चढाइन्छ ।

देवाली गर्ने अघिल्लै दिन देवाली स्थानमा ***मण्डप*** बारेको हुन्छ । ***झाँगाझोली परेवाडाँडा***का भट्टराईहरूले देवाली गर्ने स्थान ***रामटार***को पूर्वपट्टि ठूलो चौरमा छ । त्यहाँ एउटा चूवाको रूख छ । रूखको फेदमा मसिना घण्टीहरू पनि राखिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवाली गर्ने दिन यस भेगका सबै भट्टराईहरू जम्मा भएपछि पुरोहितले रेखी हालेर पूजा गर्छन् । ध्वजापताकाले मण्डप सिंगारिएको हुन्छ । देवाली स्थानमा होम पनि गर्नुपर्छ । सबै पूजाको काम सकिएपछि बोकाको बलि दिने क्रम शुरु हुन्छ । सबैभन्दा पहिले मूल बोको बलि दिइन्छ । मूल बोको सेतो हुन्छ । सबै दाजुभाइसँग दामासाहीले पैसा उठाएर बोको किनिन्छ । यसरी मूल बोको पूजा गरेपछि मण्डपमा ल्याएका अरू बोकाको बलि दिइन्छ । मूल बोकाको कलेजो झिकेर १०८ टुक्रा पारी हवन गर्नुपर्छ । पहिले पहिले सबै बोकाको कलेजो झिकेर हवन गरिन्थ्यो तर अचेल चाहिं त्यसो गरिंदैन । एक थरी मानिस मूल बोको बनाउन लाग्छन् । किनभने यसलाई यहीं पकाएर दामासाहीले बाँडेर खान्छन् । अर्काथरी मानिस जो शुरुदेखिनै पूजामा लागिरहेका छन् तिनीहरू कायेन वाचा र दान दक्षिणा गर्नेतिर लाग्छन् । पूजा सकिएपछि प्रसाद वितरणको कार्य शुरु हुन्छ ।

झाँगाझोली परेवाडाँडाका भट्टराईहरूको देवाली खुला रूपमा हुन्छ । ***सालुसाँमलीस्थान***का भट्टराईहरूले ***झाँगाझोली परेवाडाँडा***का भट्टराईहरूले झैं खुला रूपमा देवाली गरेको पाइँदैन । मण्डप बार्ने भनेर चित्रा, भकारी र स्याउला जे-जे उपलब्ध हुन्छन् तिनले चारैतिर घेर्छन् । पूर्वपट्टिको सुरमा एक जना मानिस छिर्न मिल्ने ठाउँमात्र खुला राखिएको हुन्छ । ***साँमलीस्थान***मा भट्टराईलेबाहेक अरूले मण्डप भित्रको पूजा हेर्नु हुँदैन । ***झाँगाझोली परेवाडाँडा***का भट्टराईहरूले देवाली गर्ने मण्डप ***साँमलीस्थान***का भट्टराईहरूलेझैं बार्दैनन् । यहाँ त मण्डप बार्ने भनेको देवाली गर्ने ठाउँ बढारकुँडार लिपपोत गरी सफा गर्ने हुन्छ । ***साँमलीस्थान***का भट्टराईहरू देवालीको मुख्य पर्साद आफ्नो थरका बाहेक अरूलाई बाँड्दैनन् । ***परेवाडाँडा***का भट्टराईहरू भने पूजा हेर्न आएका जोसुकैलाई पनि खुला रूपमा पर्साद बाँड्छन् । यहाँको यो मुख्य विशेषता मान्नुपर्छ । पर्साद खाइसकेपछि आफ्ना-आफ्ना बोका लिएर घर जान्छन् । यस क्रमबाट देवाली समाप्त हुन्छ ।

जीवनी

जन्म र अध्ययन शुरु

गोविन्दप्रसाद भट्टराईको जन्म वि.सं १९६७ साल आश्विन कृष्ण षष्ठी तिथि आश्विन ८ गते शुक्रबारका दिन भएको हो । उनको न्वारनको नाम उपेन्द्रप्रसाद हो । मावली ***दुम्जा***का कोइराला हुन् । गोविन्दप्रसादको अक्षरारम्भ ५ वर्षको उमेरमा काहिंला जीवा भक्तिविलासबाट भएको हो । पाटीमा खरीले लेखेर उनले साउँअक्षर चिह्नेका हुन् । ८ वर्षका उमेरमा गोविन्दप्रसादको व्रतबन्ध भयो । जीवा कृष्णदत्तले उनलाई गायत्री मन्त्र सुनाएका हुन् । पिता जगन्नाथ भट्टराइले रुद्री पढाए । पण्डित मुक्तिनाथ दाहालसँग गोविन्दले वेद पढ्न शुरु गरे । व्रतबन्ध हुनुअघि साउँअक्षर चिन्हेपछि ***अमरकोष, दुर्गाकवच, चण्डी*** पढेका र व्रतबन्ध भएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) देवालीस्थानमा बोका काटिँदै

(ख) देवालीस्थानमा अनुसन्धानकर्ता, दीपक भट्टराई, रामेश्वर भट्टराई (पछाडि उभिने) र अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्री, वेद, कर्मकाण्ड र *लघुसिद्धान्तकौमुदी* पढेका थिए । शुरु देखिनै योग्य गुरुसँग ध्यान दिएर साहित्य विषय पढेका हुनाले उनको यसैमा रस बस्दै गयो । यसैको फलस्वरूप काठमाडौं आएपछि गोर्खाका पण्डित भूपध्वजले पाठ घोकाएको बुझिन्छ । दिउँसो रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढ्न जाने र बिहानबेलुका पं. भूपध्वजसँग पाठ घोक्दा संस्कृत विद्यामा गोविन्दप्रसादको चाँडैनै जग बस्दै गयो ।

काठमाडौं जाँदाको घटना

१. गोविन्दप्रसाद भट्टराई विद्वान् वन्ने लक्ष्य लिएर पढ्न शुरु गरेका थिए ।

२. *दुम्जा* मावलीमा बस्दा खेतको आलीमा मास रोप्न गाउँको कुनै घरबाट बीउ ल्याउन अदेश पाएपछि गोविन्द्रप्रसाद मावली घरबाट बाहिर निस्किए, तर उनी बीउ लिने घरमा नपुगी उतैबाट भागेर काठमाडौं पुगे।

३. काठमाडौं जान लाग्दा गोविन्दप्रसाद भट्टराइले पढेर पण्डित भएर आएपछि *दुम्जा महादेव* स्थानमा सप्ताह लगाउने र *मास्ती भीमसेनस्थान*मा बोको बलि चढाउने भाकल गरेका थिए ।

४. यसरी भागेर काठमाडौं पढ्न जान लाग्दा असारको महिना थियो । *रोसीखोलो* वाढी आएर तर्नै नसकिने भएको थियो । पाखांबाट जान पत्ति कुनै गोरेटोबाटो सम्म पनि भेटिएन । काठमाडौं पुगेर पढ्ने पनि उत्कट अभिलाषा छ । मावलबाट भागेर पढ्न हिंडेको । *रोसीखोलो* पार हुने कुनै उपाय सुल्झिएन । त्यसपछि आफूले जीउमा लाएको लुगा टाउकामा बाँधी पार लाग्नु पर्‍यो भनी पानीमा हेलिए र अत्यन्त मुश्कीलले जँगार पार भए ।

श्रीगुरु देवीदत्त पराजुलीसँग अध्ययन।

गुरु देवीदत्त पराजुलीको निर्देशन र राम्रो हेरचाहमा गोविन्दप्रसादले शिक्षा आर्जन गर्दै गए । गुरु पं. मुक्तिनाथ दाहालसँग प्रारम्भिक अध्ययन गरी *हितोपदेश* घरमैं पढेर विद्याको जग बसिसकेका गोविन्दप्रसादले पण्डित कृष्णहरि धितालसँग *लघुसिद्धान्तकौमुदी*को केही भाग र *रघुवंश*को अध्ययन गरेको बुझिन्छ । वि.सं. १९८७ सालदेखि रानीपोखरी संस्कृत प्रधान पाठशालाका साहित्यका अति विशिष्ट विद्वान् तथा अध्यापक देवीदत्त पराजुलीको सान्निध्यमा रहेर गोविन्दप्रसादले आफ्नो अध्ययन क्रमलाई अगाडि बढाउँदै गए । वि.सं. १९८९ मा सम्पूर्णमध्यमा उत्तीर्ण गरेपछि बनारसको सम्पूर्णानन्दवि.वि.बाट वि.सं. १९९० मा शास्त्री प्रथम खण्ड र वि.सं. १९९१ मा शास्त्री द्वितीय खण्ड समुत्तीर्ण गरेको बुझिन्छ । वि.सं. १९९४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क)

परेवाडाँडाका भट्टराईको वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(ख) परेवाडाँडाका भट्टराईको वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(ग)

पं. गोविन्दप्रसाद भट्टराईको हाँगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) पं. गोविन्दप्रसाद भट्टराई
जन्म : वि.सं. १९६८
देहान्त : वि.सं. २०४२

पत्नीद्वय

(ख) लोकमाता

(ग) अच्युतकुमारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालमा बनारसबाट आचार्य प्रथम खण्ड र १९९६ सालमा आचार्यका सबै परीक्षा उत्तीर्ण गरे । श्रीगुरु देवीदत्त पराजुलीको शुभ-आशीर्वाद र टेकनाथ पौडेल तथा दामोदरलाल गोस्वामीजीको सौजन्य पाएर गोविन्दप्रसादले विश्वविद्यालयीय अध्ययनक्रम पनि समाप्त गरे ।

विवाह र जागीर

वि.सं. १९८४ सालमा १७ वर्षको उमेरमा ***सिन्धुली जिल्ला**को **रातमाटा बोहोरेटार**का* आचार्यकी १० वर्षीया छोरी लोकमातासँग पण्डित गोविन्दप्रसाद भट्टराईको पहिलो विवाह भयो । वि.सं. १९९७ सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालाका पहिला प्रधानाध्यापक (स्थापनाको शुरुदेखि १९७२ सालसम्म) पाणिनिका आठौं अवतार, व्याकरणका अत्यन्त विशिष्ट विद्वान् विष्णुहरि रिमालका साहिंला छोरा कीर्तिप्रसाद रिमालकी माहिली छोरी अच्युतकुमारीसँग दोस्रो विवाह भयो । वि.सं. १९९४ साल मार्ग २१ गतेदेखि रानीपोखरी संस्कृत प्रधानपाठशालामा साहित्य विषयको अध्यापकपदमा गोविन्दप्रसाद भट्टराईको पहिलो नियुक्ति भयो । त्यो बेला मासिक तलब रु. २२।= मात्र थियो । २००३ सालमा सो तलबमान वृद्धि भएर रु. ६०।= पुग्यो । रानीपोखरी संस्कृत प्रधान पाठशालाको अध्यापक पदबाट वि.सं. २०१६ सालमा वाल्मीकि संस्कृत महाविद्यालयमा साहित्य विषयको प्राध्यापक पदमा गोविन्दप्रसाद भट्टराईको पदोन्नति भयो । २०१८ सालमा भक्तपुर कलेजमा B.A. का विद्यार्थीहरूलाई नेपाली साहित्यको प्राध्यापन गर्न गोविन्दप्रसाद भट्टराई गएको बुझिन्छ । वि.सं. २०३० सालमा ६३ वर्ष उमेर पूरा गरी उनले सेवाबाट अनिवार्य अवकाश ग्रहण गरे ।

गोरखादक्षिणबाहु

वि.सं. २०२६ सालमा लेखन र अध्यापनको माध्यमबाट राष्ट्रमा इज्जत बढ्ने उल्लेखनीय कार्य गरेबापत गोविन्दप्रसादलाई श्री ५ महेन्द्रबाट २०२६ सालमा ***गोरखादक्षिणबाहु*** विभूषण पनि मिलेको थियो ।

सहकर्मी विद्वान्

गोविन्दप्रसाद भट्टराईका सहकर्मी विद्वान्हरूमा पण्डित नयराज पन्त, पण्डित रोहिणीप्रसाद भट्टराई, पण्डित जुननाथ पण्डित, पण्डित हरिनाथ दुङ्गेल, कविराज किरणप्रसाद दुङ्गाना, पण्डित खेचरनाथ आचार्य, पण्डित गोविन्दप्रसाद दुङ्गाना, बाबुराम अधिकारी (बालुवाटार) र पुष्पभक्त मल्ल (डिल्लीबजार) मुख्य हुन् ।

कृति

गोविन्दप्रसाद भट्टराई प्राध्यापन पेशामा मात्र समर्पित थिएनन् । उनले संस्कृत र नेपाली भाषामा असङ्ख्य कृतिको रचना गरेका छन् । अहिलेसम्म उनका संस्कृतभाषामा भन्दा नेपाली भाषामा लेखिएका कृति नै बढी पाइएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोविन्दप्रसादले लेखेका कृतिहरूको सूची तल दिइन्छ ।

प्रकाशित कृति	*प्रकाशन संवत्*	*प्रकाशन गर्ने संस्था*
१. पृथ्वीमहेन्द्र महाकाव्य	२०१८	स्वयम्
२. भावना महाकाव्य	२०२०	जगदम्बा प्रकाशन
३. पञ्चायत व्यवस्था	२०२५	स्वयम्
४.रामाङ्क नाटिका	२०२९	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
५. पूर्वीय काव्य सिद्धान्त	२०३०	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
६. वृत्तकल्पलतिका (अनुवाद)	२०३२	राष्ट्रिय अभिलेखालय
७. नेपाल र नेपाली	२०३७	स्वयम्
८. सत्य सङ्कल्प (उपन्यास)	२०३७	स्वयम्
९. भरतको नाट्यशास्त्र (अनुवाद)	२०३९	नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान
१०. मूर्तिकला	२०४१	स्वयम्
११. श्रीमद्भगवत्गीताको तत्त्व प्रकाशिका	२०४२	स्वयम्

(यो पुस्तकको आवरण डिजाइन गोविन्दप्रसाद भट्टराईको देहावसान हुनुभन्दा दुइ दिन अगाडि मात्र तयार भएको बुझिन्छ ।)

अप्रकाशित कृति

२०३४/०३५ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट ***विद्वत्वृत्ति*** प्राप्त गरी ***वेदमा विष्णु*** भन्ने ग्रन्थ तयार गरी उक्त संस्थानमा बुझाएका थिए । सो ग्रन्थ ने.रा.प्र.प्र.बाट हालसम्म प्रकाशित भएको देखिंदैन । ***वेदमा विष्णु*** भन्ने ग्रन्थ अत्यन्त महत्त्वपूर्ण र अनुसन्धानात्मक दृष्टिले उच्च कोटिको थियो । दीपक भट्टराईबाट जानकारी प्राप्त भए अनुसार गोविन्द्रप्रसाद भट्टराईका पुस्तकाकारमा र फुटकर गरी थुप्रो कृति प्रकाशोन्मुख स्थितिमा रहेका छन् ।

फुटकर कृति

गोविन्दप्रसाद भट्टराईका अन्य केही फुटकर लेखहरू ***गोरखापत्र, प्रज्ञा*** आदि पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । ***जयतु संस्कृतम्*** पत्रिकामा संस्कृत भाषामा लेखिएका लेखकविता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) पं. गोविन्दप्रसाद भट्टराईको जन्मस्थान (हाल भग्नावशेष)
पुर्खाको घडेरीमा दीपक, केशव र कृष्ण मुरारी

(ख) पं. गोविन्दप्रसादको महाराजगञ्जको निवास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशित भएका देखिन्छन् । गोविन्दप्रसाद बिहानबेलुका र विदाको दिनमा लेख्न बस्थे । एक क्षण पनि त्यसै खेर फाल्दैन थिए । उनले वि.सं. २०२५ सालदेखि २०३५ सालसम्म रेडियो नेपालको धार्मिक कार्यक्रममा प्रवचन पनि गरेका थिए ।

शिष्य

गोविन्दप्रसादले आफ्नो लेखन तथा अध्यापन कार्यबाट सन्तुष्टि प्राप्त गरेको बुझिन्छ । साहित्य लेखन र अध्यापन उनको मुख्य रूचिको विषय थियो । जीवनको उत्तरार्धतिर धार्मिक र साँस्कृतिक क्षेत्रका कृतिको लेखन र प्रकाशनतिर रूचि बढ्दै गएको बुझिन्छ । गोविन्दप्रसाद भट्टराईको लेखनको यथार्थविवरण त छुट्टै छँदै छ, उनले अध्यापन गरेका शिष्यहरूमा राजेश्वर देवकोटा, श्रीभद्र शर्मा, इन्द्रप्रसाद काफ्ले आदि आदिको नाम मुख्य रूपमा लिन सकिन्छ ।

खेतबारी

गोविन्दप्रसाद भट्टराईको खेतबारी सबै ***झाँगाझोली परेवाडाँडा*** मा थियो । जस्तै - ***तारूके कटहरे (सुभङ्गली)*** खेत १० रोपनी, ***परेवाडाँडा*** गाउँमा ५।६ रोपनी बारी, बैंसी ***रामटार*** मा जम्मा ६९ रोपनी बारी र अरू केही ***खरपाखो*** (खोरिया) भएको बुझिन्छ । त्यो सबै अहिले गोविन्दप्रसादकै भाइभतिजा र बन्धुबान्धवइतरले कमाइ आएका छन् ।

अन्य कुरा

गोविन्दप्रसाद बिहान पाञ्चायन, विष्णु , दुर्गा र सूर्यको पूजा, बलिवैश्वदेव तथा रुद्री गर्थे र साँझ आरती गर्थे । बिहान ९ बजे र बेलुका ८ बजे खाना खाएर १० बजे सुत्ने, फुर्सतको समयमा बगैंचातिर पनि हेरविचार गर्ने, बाहिर जाँदा दौरासुरुवाल, कोट, टोपी र घर बस्दा कमिज सुरुवाल लगाउने उनको बानी थियो । गोविन्दप्रसाद भट्टराईका सन्तान अहिले आफ्नो-आफ्नो क्षेत्रमा कार्यरत छन् । तिनीहरूको विवरण तलको उप शीर्षकमा यसरी दिन सकिन्छ ।

सन्तानको कार्यक्षेत्र

१. डा. इन्दिरा उपाध्याय : बालरोग विशेषज्ञ, हाल : टेकू अस्पतालमा कार्यरत । श्रीमान् - डा. रामरत्न उपाध्याय रिमाल, प्याथोलोजिष्ट ।

२. विमला रिजाल : म्याट्रिक पास, श्रीमान्-भोला रिजाल, हेटौंडामा बसोबास, पेशा: व्यापार ।

३. विन्दु घिमिरे: आइ. ए., नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, नेपालटारमा शिक्षिका । श्रीमान्-सुन्दर घिमिरे, उद्योग विभागमा कार्यरत । ठेगाना बालाजु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. दीपक : इञ्जिनियर, इञ्जिनियरिङ् अध्ययन संस्थानमा सह-प्राध्यापक, आफ्नो क्षेत्रका प्रकाण्ड विद्वान् ।

५. किशोर : अङ्ग्रेजी साहित्यमा एम.ए, केही समय ***राइजिङ् नेपाल***मा सम्पादक, हाल: संयुक्त राज्य अमेरिकामा कार्यरत र बसोबास ।

६. केशवप्रसाद : राजनीतिशास्त्रमा एम.ए., बी.एड, २०२९ देखि प्रगतिशील माध्यमिक विद्यालय, रातमाटा बोहोरेटारमा शिक्षक, २०३४ देखि सोही विद्यालयमा प्रधानाध्यापक, हाल: सुनकोशी क्याम्पसको क्याम्पस प्रमुख, ***नेपाल भारत सम्बन्ध*** कृति प्रकाशित, विभिन्न पत्रपत्रिकामा असङ्ख्य फुटकर रचना प्रकाशित, ***अग्नि शिखा*** (बृहत् उपन्यास) ***नलदमयन्ती*** (पौराणिक नाटक) ***राजनीतिशास्त्रको शब्दकोष*** उनका प्रकाशोन्मुख कृति हुन् । केशवप्रसाद अहिले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा विद्यावारिधिका निम्ति अनुसन्धानरत छन् ।

७. उषा न्यौपाने: प्राणीशास्त्रमा एम.एस्सी, केही वर्ष भानुभक्त मेमोरियल माध्यामिक विद्यालयमा विज्ञान विषय अध्यापन । हाल: महेन्द्र रत्न क्याम्पस, ताहाचलमा करार सेवा अन्तर्गत प्राणीशास्त्र विषयको प्राध्यापन । श्रीमान् - लम्बोदर न्योपाने, चुम्बकीय चिकित्साका ज्ञाता, महासचिव, दक्षिण एशिया साँस्कृतिक महासंघ र नेपाल चुम्बकीय चिकित्सा संघ । हाल - निजी व्यवसायमा संलग्न ।

८. शोभा अधिकारी अङ्ग्रेजी साहित्यमा एम.ए. श्रीमान्- प्रभाकर अधिकारी वकिल, ठेगाना: लैनचौर ।

सामग्री भाग

(क) सेते पाटीको शिलालेख

श्री ग णे श य न म सं व त् १ ७ २ ७ मि ति स के

सि त द ले वै शा ष मा से भ्य गो भाँ गा भो ली स मा ह ये त् ति रा यी मी ग्रा मे ती था वी सी तु : ॥ पौ त्रु ना र न् स र्म णों ष ली सु त श्री ।S। से तु ब न्ध्यो द्वि ज स्ते नै गो य सु व र्ण कौ शि की प रा पा ति य णा ला कृ ता ॥ १ ॥

षे त वा री स दी द म प्र सी ध्य म रि क म क्षे त्र य बो ह रि णा
तां र स्या स म ति ष्ठ य त्स्य म क रो त्र त त्र क स्या म म य
त्रि म स त्रु द क षा य का प.व य र मा घे त था श्र व णो वि ष्णु
भो ज यी तु कु जे ह तु म तौ S बि से टी का रा त य ॥ २ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादिविविधविरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

आगे श्री गोविन्दप्रसाद भट्टराई के यथोचित उत्रान्त सन्तोषपूर्ण रूपमा प्राध्यापन कार्य गर्नुको साथै पुस्तक प्रकाशित गरी साहित्य सेवा गरे बापत प्रबल गोरखादक्षिणबाहुको मानपदवी लाउनाको अधिकार र सो सम्बन्धी मानमर्यादा औ हकसमेत बक्सन योग्य ठहऱ्याई सो प्रदान गरिबक्सेका छौं । श्रीईश्वरका अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र नृपको सेवा चिताई यो इज्जतको उपभोग गर्न मिलोस् ।

श्री ५ महाराजाधिराजका हुकूमले

वि.सं. २०२६।२।३०।५

पृथुलाधीश

अध्यक्ष
विभूषण समिति

प्रमुख स्वकीय सचिव

गोरखादक्षिण बाहु मानपदवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सेतु पाध्याले सेतेपाटीमा स्थापना गरेको
गणेशको काठको मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्व स्ती श्री सं व त १ ८ ६ २ सा ल लि षि त श्री से तु
ब न्ध उ पा ध्या आ गे बो हो न्या टा र को मे रो षे त
मु री चा लि स ४ ० डि ही रा त मा ट् या को का (ल) गि री
ब श्या को पा टी ला ई गु ठी रा ख्या त्वा ४ ०
मु री षे त म ध्ये पौ वा मा जो ब स् ला त्य स्ले पा टी मा भा रु
ब ढा रू ग र्नु औ कौ शि का को पा नी भ री पा टी मा
आ उ न्या ला ई षा न दि नु कां ही ई ट भिं ग टी बि गा र्न न दि नु
बि ग्रे को आ फ्ना जि य ले ब ना उ नु श्री ह नु मा न ला ई मं ग ल बा र
का दि न अ क्ष ता फू ल धु प बा ती ज ल ले ग री पु जा ग र्नु ३ ०
मु री षे त आ फ्नु षु स ग री खा नु १ ० मु री षे त का अ घि ध
आं का बा ली ले सा उ न मा ना ग प ञ्च मी का दि न ब्रा ह्म ण

पत्र्यल्यत्र यथा सक्ति भोजन दिनु ब्राहूमणलाई दक्षिणा आंना आना दिनु माघ सुक्ल पंचमीका दिन श्री हनुमानलाई १ पापी विलको रोटी १ चढाउनु रातो अलग धूप वाती अक्षता फूल पूजाको सराजामफूलको माला चढाउनु तस दिन वालन सात ७ वार घरका थरी ४ भाइ ६ वाबुका सन्तानमध्ये जना ६ लाई यथासक्ती भोजन दिनु सात व्राह्मणलाई आना आना दक्षिणा दिनु यस कामका गुठियार श्री विसं पाध्या श्री हर्क पाध्या त्र्या दाजु यी दुइ जनाका सन्तानले पौवा पा. फेर्दा भाइको सल्लाहाले फेर्नु गूठी एक वर्ष भाईले १ वर्ष १ भाइका सन्तानले चलाउनु । यसमा जो लोभमा फस्ला लेख्या माफिक गरैत पाटी जो विगार्ला मुरि खेत जो विगार्ला जोन्नकार गर्ला तसलाई पञ्चमहापातक लागला सुभम् -

(ख) चन्द्रशेखर उपाध्याले पाएको विर्ताको तामा पत्र

श्री

श्री ५ बुबा ज्यू

१. स्व स्ति श्री गि री रा ज च क्र चू डा म णि न र ना रा य णे त्या दि वि वि ध वि रू दा व लि वि रा ज मा न मा नो न्न त श्री म न्म हा

२. रा जा धि रा ज श्री श्री श्री म हा रा ज गी र्वा ण यु द्ध वि क्र म सा ह व हा दू र स म से र ज ङ् दे वा ना म् सदा स म र वि

३. ज यी ना म् :..... आ गे च न्द्र शे क र उ पा ध्या दा हा ल को स म्व त १८६३ सा ल ज्ये ष्ट व दि ४ रो ज ३ का दि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. न ... का सू द्ध शा न्ति मा सं क ल्प भ या का षे त म ध्ये षे त १ घ ड् या रि रो प नि ७ कु श ... सं क ल्प वी र्ता म हो ... स

५. तां वा प त ग री व क्स्यौं भा गा भो लि को अ म्व ल भि म टा र म ध्ये षे त य क् १ घ ड् या रि रो प नि सा त ७ त स्को सां ध पू।

६. र्व चि न्ता म णि पा ध्या दा हा ल का ज फ ति वि र्ता सि त को लु ह कि ल द षि न रै क र पा ध या ढुं गो लु ह कि ल प श्चि

७. म रै क र कु लो लु ह कि ल उ त्त र रै क र पहरो लु ह कि ल ये ति शि वा ना का टा र लु ह कि ल भि त्र वन य क १ घ

८. ड् या रि रो प नि सा त ७ कु श वि र्ता जा नि पु स्ता दर पु स्ता प र्य न्त सु ष भो ग्य गर- यो वि र्त्ता ब क्सं दा सं क ल्प वा

९. क्य प ह र्ना प्रो हि त य दू ना थ अ र्ज्या ल पा नि हा ल न्या का जि भि म से न था पा सां ध ल गा उ न्या थ र घ र लि ला

१०. ध र अ र्ज्या ल वं स वि रा ना का सि रा म पाँ डे श्री ना थ पं थ भा नु ष ना ल ह रि वं स वो हो रा भा स्क र पा ध्या उ

११. गो ल ना थ कु ध त्तं सिं जु अ म्मा लि रा म च न्द्र रा ना थ रि द त्त अ चा र्ज तु ल सि रा म ने व पा न्या सा नु जै सि धि ता ल

१२. सि वा जै सि चौ ला गा त्रि. राम चन्द्र ज्यू द्वा न्या प्रति मं था पा सि वु था पा के स र सिं था पा जो ग ना रा न ष न्या ल. कि प

१३. टि या मा झि ष्पा व त्या ल स प ति कि म्या मि झा र मु र्भि हा कु कं था म ह त्त गो सा त्रि का लु पा ध्या चा र कि ला भ न्दा

१४. अ र्घ्या लो वि र्त वा र ले न चा प नु वि ना व कि स स र्का र बा ट न ह र्नु जो य स व न्दे ज मा र हो ई न सो य स लो

१५. क मा भ न्या को पा त कि हो ला स्व द त्ता म प र द त्ता म्वा यो हे रे च्च व सु न्ध रा म ष ष्टि व र्ष स ह स्रा णि वि ष्टा यां जा य

१६. ते क्रि मि इ ति स म्व त् १८६६ सा ल आषा ढ सु दि १४ रो ज २ शु भ म्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) मूलकोटको शिलालेख

जनकपुर अञ्चल, *सिन्धुली* जिल्लाको *मूलकोटको* पाटीमा एउटा शिलालेख रहेको छ । यो शिलालेख प्रस्तुत अनुसन्धान कर्ताले २०४२ साल कार्तिक ९ गते शुक्रवार दिउँसो ४ बजे सारेको हो । अहिलेसम्म प्रकाशित भएको सुइँको नपाइएकोले र यसको ऐतिहासिक महत्त्वसमेत देखिएकाले यथासम्भव शुद्धसँग सारी यहाँ प्रस्तुत गरिएको छ ।

श्री स्व व र्ण कौ शि कि १
श्री स्व व र्ण कौ शि कि २
पि त्रि श्री दे व ता ३

१. स्व स्ति श्री ग णे शा य न मः ॥ व्र ह्मा वि स्नु शि वे न्द्र व ह्नि म रु त वा णि र मा पा र्व ती ॥ मा म न्य त् कृ त पू र्व ज न्म क लु

२. षा तु भा गी र थी कौ शि की ॥ १ ॥ म त्पि त्री र घु ना थो भू त्मा ता व ई श्व री तथा । पि त्रो धर्म स्य वृ ध्य र्थं अ र्पि तो धा न्य क्षे त्र कः

३. ॥ २ ॥ भे म टा रं ति प्र ख्या त स्व नि त्र प रि मा ण तः ॥ त त्रा द् भू ति न वा न्य न भो ज नी याः द्वि जा स दा ॥ ३ ॥ श्रा व ण स्य तु रा का यी मु ल्को

४. टे प्र थि ते स्थ ले । रु द्रा ध्या य प्र कु र्वी त रु द्र स ख्या सं म न्वि ताः ॥ ४ ॥ कौ शि क्या श्च त टे र म्ये न्य ग्रो ध श्च त्थ पा द पौ ॥ रो पि तौ ता त ता

५. ते न ध र्मा न न्द द्वि जे न वै ॥ ५ ॥ त यो छा यां स मा श्रि त्य भो ज्या न्नं प रि क ल्प ये त् । म त्पु त्र पौ त्र सं त त्या मा तृ सं त ति भि स्त था ॥ ६ ॥ प

६. त्नी पु त्रा हि सं यु क्त श्च न्द्र शे ष र श र्म ण । श्री म त्पि त र प्री त्य र्थं कृ तो ऽ यं ध र्म सं ग्र हः ॥ ७ ॥ ऋ षी वा ण मु नी च न्द्र सं मि ते रा क शे शु भे

७. ॥ आ षा ढ स्या र्सि ते प क्षे दु र्गो आ श्व ति थौ त था ॥ ८ ने त्र च न्द्र यु ते धी उ मे क र्णे तु ग र सं ज्ञ के ॥ वा ह्व अ क पु त्र स्य यो गे व्र ह्म स मा

८. ह्व ये ॥ ९ ॥ श्री शा के १७५७ आ षा ड मा से शु क्ल प क्षे अ ष्ट म्यां ति थौ उ त्त रा षा डा न क्ष त्रे व्र ह्म यो गे श नि वा स रे त द्दि ने च न्द्र शे ष र

९. उ पा ध्या दा हा ल ले आ फ् ना वा ज्या ध र्मा न न्द उ पा ध्या ले ---- १ का कि ना रा मा ला या का व र पि प ल का वो ट मा जा ई म ह ता री स

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) झाँगाझोली परेवाडाँडामा अवस्थित रामटार



(ख) परेवाडाँडाबाट खुलस्त देखिने वरपरको ठाउँ
(बीचमा सुनकोशी बगेको देखिन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. मे त भै वा वा र घु ना थ उ पा ध्या ले रु द्रा ध्या य ग रा ई दा ज्यु भा ई स मे त. भै. श्रा व ण शु क्ल पू र्ण मा सि मा व्रा ह्म न भो ज न दि

११. या ते हिं धर्म था म ना नि मि त्य म ला ई भा ई ह रु ले ले जे टा क भ नि रा ष्या को भै म टा र को वा द न्या षे त मु रि २० वि स पा नि ला

१२. ग्न्या कां न्ह्लो स मे त भा ई अ नि रु द्र उ पा ध्या. रा धा कृ स्न उ पा ध्या. भ ति जो प द म ना भ उ पा ध्या का हा त वा ट पा नि हा लि

१३. छो रा श्री भ क्त उ पा ध्या. स न मा न सिं ह ष त्रि जि त मा न सिं ह ष त्रि द ल ब हा दू र सिं ख त्रि स मे त भै प्रो हि त श्री ह र्ष उ पा

१४. ध्या अ चा र्ज ला ई सं क ल्प भ न्न ला ई पि त र दे व ता पृ ति ग रि सं क ल्प ग रि गु ठ रा षि च न्या आ: ये सै षे त का उ व ज नि

१५. कु त घ्यु षा नि हि उं द्या वा लि स मे त धा न मु रि १२ षे त रो प न्या मो हि ले त प सि ल व मो जि म को स रा जा

१६. म त या र ग रा ई हा म्रा वा र भा ई र भा स् क र उ पा ध्या ध र्म भ क्त उ पा ध्या पु र्ना न न्द उ पा ध्या व द्रि ना थ उ पा ध्या

१७. ले र ई नि ह रू का सं ता न ले पु ग्या न पु ग्या को जा चि ई नै अं सि या र भ ई म कुं द्या टा र मा वा ज्या ध र्मा न न्द उ

१८. पा ध्या ले - २ - का कि ना र मा ला या को व र पि प ल का छा या मा जा ई श्रा व ण शु क्ल पू र्ण मा सि का दि न

१९. मा । ११ ये घा र ज ना व्रा ह्म ण ला ई नि मं त्र न ग रि ये घा र ११ आ व र्ति रु द्रि ग रा ई पृ ट्टि प ट्टि का ये

२०. क ये क ज ना मा भा ई र स रा जा म ले षा न्या स म्म आ म दा नि त ज वि ज ले व र्ष प्र ति वो ला ई व्रा ह्म न भो ज न

२१. दि गु ठि च ला ई दिनु. यो गु ठि सि ला प त्र मा ले ष्या व मो जि म. ज स ले का म च ला ई ज गे रा ग रि था

२२. म ला त स्को. त स्का स न्ता न को उ त्त र उ त्त र वृ द्धि हो ला, यो गु ठि मा ज स्ले लो भा नि पा पा नि ग रि सि ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. प त्र मा ले ष्या व मो जि म का का म च ला वै न जो वि गा र ना ना स ना मा स ना र्मा ज दे षि वि व र्जि त ....३............

२४. षा ना मा प स ला त स ला ई त स का. स न्ता न ला ई को कु दृ ष्टि हो ला पं च म हा पा त क ला

२५. ग ला ...... आ म दा नि षे त मु रि वि स २० को कु त धान मु रि वा ह्र १२

२६. *ष र्च त प सी ल*

२७. श्री षं न्ड र क्त च न्द न. सिं दु र सु पा रि . पं चा मृ त रु मा ल्. धु प वा ति नै व्य द्य गै ह्र के धा न मु रि। १०

२८. पू जा के भे टि र व्रा ह्म ण ज ना ये घा र ११ के द क्षि ना के धा न मु रि ----- १|०||०

२९. अ रु व्रा ह्म ण भे टि भि छु क छो रि वे टि के भू र सि द क्षि ना के धा न मु रि ------- १|०|०

३०. चा म ल के धा न मु रि .... ३|१|०|०

घि उं के धा न मु रि .... |१|०|०

३१. स ष र के धा न मु रि .... ०|०

द हि के धा न मु रि .... १|५|०

३२. के रा के धा न मु रि .... १|०|०

ता मा के धा न मु रि ....०|५|०

३३. नु न के धा न मु रि .... ०|१|०|०

ते ल के धा न मु रि .... ०|५|०

३४. जि रा अ मि लो बे सा र षा मा नि धा न मु रि .... ०|५|

३५. य सै स रा जा म ब मो जि म व र्ष प्र ति श्रा व ण शु क्ल पू र्ण मा सि मा ११ ये घा र आ व र्ति रु द्री

३६. ग रा ई म कु द्या टा र मा व्रा ह्म ण भो ज न ग रा उं नु ई ति स म्व त् १८९२ सा ल मि ति आ

३७. षा ड शु दि ८ रो ज ७ शु भ म् ....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) तामापत्र

स्व स्ती श्री गि री रा ज च क्र चु डा म णी न र ना रा य णे त्या दी वि वी ध वि रु दा व लि वि रा ज मा न मा नो न्न त श्री म न् म हा रा ज धि रा ज श्री. श्री. श्री. मा हा रा ज सु रे न्द्र वि र वि क्र म सा हा वा हा दु र स म शे र ज ङ् ग दे वा ना म स दा स म र वि ज ई ना म-

श्रीमदत प्रचण्ड भुज
दण्डे त्यादि श्री श्री श्री
माहाराज जङ्ग वाहादुर
प्राई मिनिष्टर यण्ड कम्यांडर ईन चीफ

१

श्री ३ जङ्ग माहारानी

२

आगे .... १... श्री मद्राज कुमार कुमारात्मज श्री प्राईमिनीष्टर यण्ड कम्याण्डर ईन चिफ जनरल वम्वाहादुर कुमर राणाका छोरा श्री मद्राज कुमार कुमारात्मज श्री मे.ज. जनरल वं विर वीक्रम वहादुर कुवर राणा श्री मद्राजकुमार श्री कर्णेल यज्ञ विक्रं बाहादुर कुमरराणा श्री मद्राज कुमार कुमारात लेफटेन्ट कर्णेल टेकवाहादुर कुमर राणा श्री मद्राज कुमार कुमारात मज श्री पश्चीम तर्फका कम्याण्डर ईनचीफ जनरल वद्री नरसिं कुमर राणा वाहादुर श्री मद्राज कुमार कुमारात मज श्री कम्याण्डर ईन चीफ जनरल कृष्ण वाहादुर कुमर राणा वहादुर श्री मद्राज कुमार कुमारात मज श्री मे.ज. जनरलवुद्धी विक्रं वाहादुर कुमार राणा श्री मद्राजकुमार कुमारात मज श्री कम्यांडर ईन चीफ जनरल रण उद्दीप सिं कुमर राणाश्री मद्राज कुमार कुमारात्मज श्री पश्चीं तर्फका कम्यांडीङ्ग जनरल श्री जगत समशेर जङ् कुमर राणा श्री मद्राज कुमार कुमारात मज श्री पुर्वतर्फका कम्याङ्डीङ् जनरल श्री धीरसमशेर जङ्ग कुमर राणाके निज १ ले १९१७ सालमा बक्स्याको नया मुलुक्को आमदानी मध्ये मलाइ आधी मेरो ६ भाई लाई आधी आमदानी मध्ये वरोवर अंस गरी षाने गरी सर्वथर अकर सर्वाङ्क माफ विर्ता वितलवको लालमोहर गरी बक्सेको हो अव मेरा नाउमा र भाईहरूमा आजसम्म दुनिञ्याहरूका नाउमा र मऱ्याका भाइहरूका छोराहरूका नाउमा अघी भयाका लालमोहर बमोजिंको व्यहोरा हाली तामा पत्र गरी दीनु भन्ने हुंकु भै सदर कौसल व्यहोरा हाली तामा पत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी दीनु भन्या मुद्दामा व्यवहार प्रमाण अडाले विचार गऱ्याको अैं सवालका ... हले साधक कौसल्मा जाहेर गराउदा कौसलबाट पनि २४ साल आश्वीन वदी ६ रोज ५ क़ा दीं कौसलका पुर्जि र सदर दफदर खानाका २२ नंवरका भवात मुतावीक तामापत्र गर्नालाई निज ... १ ... का नाउमा १९१७ साल प्रथम आश्वीण सुदी ६ रोज ५ मा हाम्रा मुलुक्का माहाजन रैयेत भोट जानेहरूलाई भोटबाट विजाई विदुत गरी महसुल वढाइ ली अन्याये गर्दा आफ्ना फौडेज उठाइ जगा जगामा आफ्ना भाईहरूलाई पठाउदा जील्ला सम्म आफ्ना जीयेगै १८-१९ लडाई गरी पश्चीम ताक्लाखार पुर्व कुती सुनागुम्बा धारकेली छेवर गुम्बा सम्म मुलुक सर गरी पछी भोटका भारदार जगा जगाका लामा चीनीया नालोयर भारदार स्मेत नेपालसम्म आई घा. गर्न आउँदा आफुले सर गरायेको मुलुक छोडी अगीदेखि भोटले नेपालका माहाजन रैयतसंग ली आयाको महसुल जगात अव उप्रान्त भोटबाट नलीनु भन्या व्यहोरा र फेरी १२ साल देषी सालवसाल १० हज्जार रुपैञ्या भोट सरकारबाट हाम्रो सरकारमा तीर्नु भन्या गैह्र १० मुदाको अहद गऱ्याको रीभ १ हीन्दुस्थानमा रह्याका व्रीटीस सरकारका फौज औ जगा जगाका राजारजोटाहरू उठी व्रिटिस सरकारसंग हंगमा गरी जगाजगामा रहेका मिम बाबा बाकेहरू लाई मार्दा व्रीटिस सरकारका मदत निमीत्त आफ्ना फौज पठाइ हंगमा रेवीलहरू संग लडाई गरी खरखजानाको ताकीती र सरकारको गाथगाधीको सै संसारलाई कोही भाई नेपालमा राखी फेरी भरी फौज ली आफै गै लडाइ गरी गोरखपुर फत्ते गरी व्रीटीस सर्कारको मपुदगऱ्याको र गोरषपुरदेषी जगाजगामा लडाई गरी व्रीटीस सर्कारका कम्यांडर ईनचीफसंग सामेल भै लखनौमा लडाई गरी लखनौ फत्ते गरी रेवीलहरूसंग २४-२५ लडाई गरी तीम्रा जमामर्दि र अक्कल्ले व्रीटीस सर्कारसंग दोस्ती वडाई दी वद्यौ रातालदेषी पश्चीम घागरा नदीदेषी पुर्व खैरीगढ वहराईचका सिमानादेषी उत्तर हाम्रा सीमाना पाहाड देखी दक्षिण येती सीमाना भीत्रको मुलुक १८७२ सालमा व्रीटीस सर्कार तर्फ गयाको व्रीटीस सर्कारबाट हाम्रा सरकार्को सपुर्द गरायाको रीभ १ रेवील्को वन्दुक हतीयार खरखजाना लुटी ल्याई हाम्रा सिलखाना दाषील गरी येस्ता काम गरी हाम्रा निमक्को सोभो चिताई हाम्रा फौजरैयतहरूलाई अैं बमोजिं ... वसा ...... गरी राजी राखेको रीभ १ यती रीभ वापत १९१७ सालमा आयाको नया मुलुक मध्ये मान नारा देषी पश्चीम कर्णालीदेषी पूर्व नया सीमानाका लद्दादेषी उत्तर हाम्रा ... मुलुक सिमाना पाहाडकाडाडाको पानी ढलो देषी दक्षीण येती सीमाना भीत्रको जगाका मालसायेर काठमाहाल का स्वराई गञ्जगोला चढती नभनी दण्डकुण्ड मध्ये अपुताली चाकचकुवाई वन गोडू धुवा गादी ममारख गैह्रकंकलं सर्वकर अकर सर्वाङ्क माफ विर्ता वेतलव गरी वक्स्यौं त्यसजगाको आधी आम्दानी ... २ ... २ नीजका दाईजो खान्या तीम्रा छोरा श्रीमद्राज कुमार कुमारात मजश्री दक्षीण तर्फका कम्याण्डर जनरल श्री जगतजं वाहादुर कुमर राणा वाहेक अदवी वाहीना र ल्याई ता प छोरा पाउन्या र छोरा पऱ्या रानीहरूलाई अैं बमोजिं सौतान्या अंस गरी दाइजो दीनु आधी आमदानी तीम्रा छ भाईलाई बरोवर गरी खानु भन्ने गरी लालमोहर गरी वक्सेको हो सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

... अघी भयाको लालमोहर थामी तीमीहरूका नाउमा सो माथी लेखीया वमोजिंको व्यहोरा ली तामापत्रको लालमोहर दीनु मनासीव ठहराई सदरदफदर खानाका डीठा कारिन्दाले २४ साल पौख सुदी ७ रोज़ ४ मा साधक कौसल्या जाहेर गरी गराउँदा कौसलवाट ... ची वुझी अडाले ठहर्‍या ल्याये वमोजिम मुनासिव ठहर्‍या ... १ ... र श्री मद्राज कुमार कुमारात मजश्री कम्याण्डर ईन चीफ जनरल रणउंदीप सिं कुवर राणाका हजुर्मा साधक हाल्दा सो साधकमा हुकुँ मर्जिको सदर भये वमोजिं तीमीहरूले हाम्रा हजुर्मा विन्ती पार्दा जाहेर भयो तसअर्थ माथी लेखीये वमोजिंको रीझ वापत १९१७ सालमा आयाको नयाँ मुलुक मध्ये माननारादेषी पश्चीम कर्णालीदेषी पुर्व नया सिमानाका लद्दादेषी उँत्तर हाम्रा पुराना मुलुक्का सीमाना पाहाड्काडाडाको पानी ढलो देषी येती समीप सिमाना भीत्रको जो आयेको आमदानी आधी आमदानी तीमी ... १ ... का ... २ र निजका दाइजो खाने छोरा श्री मद्राज कुमार कुमारात मजश्री दक्षीण तर्फका कम्यांडीङ जनरल श्री जगत जङ्ग वाहादुर कुवर राणा वाहेक अरु वि वाहीनार ल्याई ता छोरा पार्उन्या र छोरा पालन्या रानीहरूलाई अैं वमोजिं अंस गरी दाइजो दीनु आधी आमदानी ६ भाईले बरावर अंस गरी दाइजो दीनु आधीको लालमोहरमा नयां मुलुक विर्ता जगा माथी लोषीयाको चौतर्फी ससिं साँध सीवाना जगा भीत्रको माल सायेर काठमहालका स्वराईगञ्जगोला चढनी नयती दण्ड कुण्ड पर्‍या अपुताली चाक चकुई चुमावन गोडू धुवा गादी ममारष गैर रकं कलम स्मेत सर्वकर अकर सर्वाङ्क माफ विर्ता वेतलव गरी हारा वर्ष ३९ का उमेर हुदा तावापत्र गरी वक्स्यौं सो वेकर अकर सर्वाङ्क माफ वीर्ता वीतलव जानी माथी लेखीयका व्यहोरासँग तीमीहरूका सन्तान दरसन्तान पर्येन्त परम सुख भोग गर : इती सम्वत् १९२५ साल मिती भाद्र वदी ४ रोज ६ शुभम् ...

(ङ) जङ्ग सन्ततिको पर्चा

श्री :

व्रह्म हत्या र गोहत्या गूठी हर्नु बराबर ॥
एस्को विरोधमा हामी अघि बढछौं सरासर ॥ १ ॥
चाहे मरौं परौं जेल आजीवन सडीकन
गुठी हाम्रो लुटी जान्न लिई छोड्छौ. लडीकन ॥ २ ॥

गूठीको लागी हामी जङ्गबहादुरका सन्तानले उठाएको कदम कतिसम्म सराहनिय छ र न्यायपूर्ण । सो कुराको संक्षिप्त वर्णन हाम्रा नेपाली दाजुभाईहरूका सामुमा पेश गर्ने अवस्था आइपर्दा आज पर्चाको रूपबाट स्पष्टिकरण गरेका छौं । कस्तो र के को गूठी भन्ने भ्रममा पर्नु भएका सज्जन बृन्दहरूबाट न्याय र समान दृष्टीले हर्नु भै, उचित सहयोग दिनुहोला भन्ने हामीहरूको पूकार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो गूठी, जुन राणागूठी हाम्रा पुर्खाहरूबाट स्थापित गरी आएको थियो र तेसैलाई बलियो पार्दै र थप्दै हाम्रा बाबु बाजेहरूले गूठी राखेका थिए । जस्लाई संस्थापक समेतका राणाहरूले श्री ३ सरकार गूठी भनि घोषित गरें । २००७ सालको प्रजातन्त्रले जब हामीहरूलाई बोल्ने मौका दियो र हामी गूठीको लागी अघि पनि बढ्यौं । जस्को फलस्वरूप नावालक केटाकेटी, स्त्री जाति समेत जवान जम्मा ४० नक्खु, सदरजेल, पूलिस गोश्वारामा जबर्जस्ती सरकारले सजाइ राखेको छ । तेस्तैमा गूठी विषयको बास्तविकता खोज र पत्तो नपाई, बुझदो न सुझदो कूट्दो भुसा खाने ब्रह्मचारी जस्ता खड्गमान सिंहजीले पनि आफ्नु नीजि विचारको भरमा न्याय र धर्मको गला रेट्दै पेटको तीतो पोखदै मंत्री बन्ने धूनमा जनतामा धोखाको छारो फेक्दै छन् । यस्ता मल्लराजाहरूको गूठी पनि आजसम्म संस्थापकका सन्तानबाट नै चलेको छ र श्री ५ सरकार गूठी पनि चलेको छ । तेस्तै राणा गूठी पनि हुनु पर्नेमा नभै सरकार पापको भागी र हिट्लरको नीति अपनाउन चाहन्छ । हाम्रो गूठी जति राखिएका छन् र जुन गूठीको लागी हामी जङ्ग सन्तति अघि बढेका छौ. , सो गूठी आफ्ना नीजि पैसावाट खरिद गरी राखिएका हुन् । कसैको जगाजेथा लूटी अधिकारको आधारमा राखिएको गूठी होइन । जस्तो पूरा पूरा प्रामाणिक, तामापत्र, शिलापत्र लालमोहरहरू संग जिबीतै छ । तेसमध्ये कतिता श्री ५ सरकारले रुपैया बुझी बेचेको किनुवा गूठी पनि छ । जुन चांही मध्येको एक १९३३ सालमा श्री ५ सरकारबाट ३३५४९ मा बिक्री गरी जङ्गबहादुरले किनी स्थापित गरेको जंग हिरण्य हेमनारायण गूठी हो जस्मा हामीहरूको फिर्ता गराउने माग छ , जस्लाई आजभोली कालमोचन गूठी भन्दछन् । तेस किशिमबाट आफ्नु नीजि संपतिबाट किनी राखेको गूठीमा सरकारले हस्तक्षेप गर्नु कहाँसम्मको लज्जाजनक र अन्यायपूर्ण व्यवहार हो । अझै हामी गूठीका हकवालाहरूले हाम्रा गूठी हामी नै चलाउँछौं भनि अगाडि बढी हामी गूठी राखनेका सन्तानलाई विश्वको कुनै कानूनले पकड्न नहुनेमा कून अैन र धर्मको आधारमा नकखूको जेलमा सडाई राखेको छ । अब पछि सो प्रजातन्त्र देशमा एस अन्यायपूर्ण व्यवहारको जवाफदेही को हुने हो । के यसमा सरकारले ध्यान दिएको छ ? अथवा आफ्नो ओहदाको ख्यालमा मात्र मशत छ । यसमा हामी जङ्ग सन्तति यही भन्दछौ कि सरकारले केको आधारमा गूठीको हकवालाई अर्काको गूठीमा कब्जा जमाउन चाह्यो । यसैलाई भन्दछन् , काँ कोलाई थाँ- को हाल्यों थाँ-कै धनि । सत्यको आधारमा अगाडि बढेका हामीहरू कहिल्यै पछि हट्ने छैनौ जुन सत्यको आधारमा विश्व छ ।

करूण पुकारक वर्ग :-

जङ्ग सन्तति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) शिवप्रताप ज.ब.रा.को दरबार



(ख) चन्द्रप्रताप ज.ब.रा.को दरबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(च) अभिनन्दन पत्र

श्री :

श्री गिरीराज चक्रचुडामणी नेपालका भाग्य विधाता

सम्राट श्री ५ महाराजाधिराज मंहेन्द्र वीर विक्रम शाहदेवका हजुरमा

पूर्वि पहाड जिल्ला भ्रमणको उपलक्षमा श्री ३ जङ् सन्तती तर्फबाट चढाएको

अभिनन्दन पत्र

राष्ट्रनायक

प्रकृति देवीको काखमा हुर्कको नेपाल आमाले जन्मायकी सपूत छोराहरू मध्ये मौसूफका बुवाज्यू स्वर्गिय राष्ट्रपिता श्री ५ त्रिभुवन र मौसूफको श्रेणी उच्च तरछ, मौसूफहरूबाट एकतन्त्री शासनकालमा पिसीएका शोसित जनता र ४२ सालमा जगाज्येथा अपहरण गरी अब्धी समेत नराखी जखडबन्द जेलमा राखीएका श्री ३ जङ्गका सन्ततिहरूमा नयाँ आलोक फिजाई बक्सी समयको पुकारलाई साकार रूप दिन जुन त्याग साथै परिश्रम बलिदान द्वारा प्रजाबत्सल्यताको परिचय बक्सीयो । त्यो नेपालको इतिहासमा नयाँ अध्यायको श्री गणेश हो, उनै राष्ट्र हितैषी पिताज्यूका पुत्र सरकारको बलिष्ट बाहुलियमा हाम्रो मुलुकको शासन बागडोर हस्तगत भएदेखि आज सम्मको मौसूफको उदारता र कर्मण्यताद्वारा महत्त्वपूर्ण कदमहरू विकसितभै मौसूफको छत्र छाँयामा हाम्रो मुलुक चाडो प्रगतीभै विकाश होला भन्ने विश्वास गरेका छौं

प्रजावत्सल ।

आज हाम्रो पहाडी प्रदेशको उकालो ओरालो र भिरपहरा, नदिनाला तथा जङ्गलको बाटो गरी दु:ख कष्ट सहँदै प्रजाहरूको निकट सम्पर्कमा आई प्रजाको दु:ख हरण गर्नका लागी उठाइबक्सेको महत्त्वपूर्ण र ऐतिहासिक कदम अत्यन्त प्रशंसनीय छ ।

दिनबन्धु ।

मौसूफको यस महान् कदमले हामीहरू र हाम्रा भावी सन्तानहरूले कहिले पनि विर्सेन छैनन्, हामी सधैंको लागी मौसूफको ऋणी छौं । आशा छ यस पूर्वि जिल्ला भ्रमणबाट हाम्रा देश र नरेशको शुभ आकाङक्ष्यामा सारा जनताको सहयोगले कामना पूर्ण सफल होला भन्ने समझेका छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दयासागर ।

हामीलाई पूरा विश्वास छ सरकारको सवारी जहाँ जहाँ हुनेछ डाँडा फाँडामा लखट्टी बसी वास गरेको प्रत्येक श्री ३ जङ्गको सन्तानले आफ्नो दुःख पोखी मौसूफको भव्य स्वागत गर्नेछन् ।

न्याय प्रिय

सरकारको न्याय र ईन्साफ गराईबाट हामी प्रजाहरु प्रभावीत छौं पोहर साल पश्चिम नेपाल र हालको पूर्व तराहीको भ्रमणमा गरिबक्सेको इन्साफ सराहनिय छ , आज राणा शासनकालमा पूर्व २ झागाझोलीमा जखडबन्द गरी राखिएका श्री ३ जङ्ग सन्तति हामीहरूले र अन्यायमा पिसीएका दुःखी प्रजाहरूले आफूमा आई परेको दुःख पिरवाधा सरकारको पाऊमा विन्ती चढाउन मौका पाउँदा अत्यन्त हर्षित छौं ।

धर्म अवतार ।

यो पहाडी प्रदेशको निरीक्षण डौडाहाको उपलक्षमा श्री कुशेश्वर वावा र कमला माईले मौसूफमा नव नेपाल निर्वाण गर्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दै स्नेह यो सदभावनाका प्रतित श्री जङ्गका ६५० जवान सन्तती तर्फबाट अभिनन्दन् पत्र जढाउँछौ जो हुकूम्

सरकारको प्रजा

श्री ३ जङ्ग सन्तती

(१) श्री आनन्द प्रताप जङ्ग बहादुर राणा
(२) श्री नरेन्द्र प्रताप जङ्ग बहादुर राणा
(३) श्री निरविर जङ्ग बहादुर राणा
(४) श्री सुर्जे प्रताप जङ्ग बहादुर राणा
(५) श्री परत प्रताप जङ्ग बहादुर राणा
(६) श्री मदन प्रताप जङ्ग बहादुर राणा
(७) श्री जितविर जङ्ग बहादुर राणा
(८) श्री बालचन्द्र जङ्ग बहादुर राणा
(९) श्री पृथु प्रताप जङ्ग बहादुर राणा
(१०) श्री छत्र प्रताप जङ्ग बहादुर राणा

(छ) परेवाडाँडाका राणाहरूको इतिहास

नरेन्द्रप्रताप जङ्गबहादुर राणा

जङ्गबाहादुरको हक्मा केही त तावापत्रले वुझाउनै छ । जङ्गबाहादुका जेठा छोरा जगतजङ्ग राणा मुख्य जर्णेल हुनाले राजदर्वारको रेखदेख र आर्मिस्मेतमा हेरविचार वाहाकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) आनन्द प्रताप ज.ब.रा.को दरबार

(ख) छत्रप्रताप ज.ब.रा.को दरबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम थीयो । तेस्तैमा श्री ५ सुरेन्द विरविक्रम साहबाट आफ्नो साहाज्यादि वक्सी जगतजंगको वीवाहा भयेको हो । श्री ५ को जस्तै जेठा छोरामा रोल जाने प्राईमिनिष्टरको पनि रोलगर भन्ने वराबर जङ्गबाहादुरलाई दर्वारको सल्लाहा थीयो । तर जङ्गबाहादुरले भाई भाईले पनी प्राईमिनिष्टर हुन पाउन् भन्ने हेतुले भाई भाईमा क्रमैसँग रोल जाने गरे जङ्गबाहादुरको मृत्यु पश्चात वाहाँका माईला भाई राणोद्दीप सिंह प्राईमिनिष्टर भए । वाहाँका सन्तान नभएकाले कान्छो भाई धीर समशेरको १७ भाई छोरा वीच अरू भाई भन्दा आर्थीक कमजोड पनि थिए । तेसैले धीर शमशेरको जेठा छोरा वीरसमशेरलाई गोद लि छोरा वनाइ हजुरीया जर्णेलको पद दिये नियं वमोजिं ३ पल्टन पनि आफ्नो हात्मा भयेको र अरु १६ भाई पनि लेफटें कपतान कर्णेल पल्टं पल्टंमा क्रमैसंग हुँदै गयेकाले वीरशमशेर समेत्का १७ भाईले जेठावुवा जङ्गबाहादुरका सन्तां प्रति सडयेन्त्रको चक्र विहो रच्न थालेको केही संकेत रणोद्दीपका साहीला भाई जीतजंले थाहा पाइ अव भाई भाईमा रक्तपात हुने पो हो की भनी कानको औसदी गर्ने वाहानाले श्री ३ संग विदा मागी विदेस तर्फ गये । रणोद्दीप सिंह आफ्नो सन्तान नहुदा चीन्तित थीये धार्मिक प्रवृत्तीका पनि हुनाले चण्डी रामायण गीता आदीका पुस्तक आफ्ना हातवाट लेषि बखत बखत्मा व्राह्मणहरुमा दान पनी गर्दथे । तेस्तैमा एकदिं श्री ३ का वुढा वुढीको कुरो येस्तो भए छ की राजदर्वारको जस्तो जेठो छोरामा रोल राष भन्ने दर्वारको सल्लाहा पनी नमानी हाम्रै दाईले भाई भाईमा रोल राषे मन मेरो समयेको प्राईमिनीष्टरीको वोफ जगतजंलाई नै वोलायेर सोंपी दीउं र हामि वुढावुढि तीर्थवासमागै जीन्दगी बिताउ जस्तो लाग्छ तिमि के भन्छौ माहारानी भनि सोद्धा माहारानीले भन्नु भयो की मेरो त तिर्थवास जान पाये हुन्थ्यो भन्ने त हजुर प्राईमिनीष्टर होईवक्सनुभन्दा पहीलेनै वीचार आयेको थीयो विन्ती गर्न मात्र नसकेकी हुं यो कुरा त मलाई ज्यादै नै खुसि लाग्छ १ पटक दर्वारमा विन्ती गर्नु पर्छ की कसो होला भन्नु भयो र रणोद्दीप सिंहले भन्नुभयो की ठीक भन्यौ म १ दिं मौका पारी विन्ती गरुला भन्ने कुरा हजुरीया जर्नेल वीरले थाहा पाई १९४२ साल कार्तिक मैन्हामा सर्वप्रथं रणोद्दीप सिंहलाई सुतेको कोठैमा गोलीहानि मारे । तेसैरात १२-१ को समयेमा उक्त ३ पल्टे ली मनोहरा दर्वारमा आई जगत जंग र साहाज्यदरी स्मेत लाई मारी तेसै रात थापा थलीमा आई ३- ४ को समयमा साहाज्यादीको छोरा युद्ध प्रतापलाई मारे । युद्ध प्रताप थापाथलीमा वस्नुको कारण यै थीयोकी जगत जंले साहाज्यादी वीवाहा गरीवक्सदा साहाज्यादीले दाईजोमा धंमाल घोडा हात्ती वग्गी धाई सुसारे आदी वीवाहाकै समयेमा पाई वक्सेको घर येक चाही पछी सम्वत १९३९ साल मिति आषाढ सुदी १५ रोज ७ मा रुका दस्कत भै थापाथलिको घर पाइवक्से पछी युद्ध प्रताप आफ्ना मुमाज्यूको दाईजो हाल राष्ट्र वैंक भएको घरमा राजहुन्थ्यो उपर्युक्त ४ जनाको हत्या पश्चात मनोहरा थापाथलिसमेत घरको घरधं सवै र वर्दिया आदी विर्ता र निजी जग्गहरू समेत हरण जफत भयो । जगत जंगको जफदी भन्ने जगाहरुको काठमाण्डौ माल्मा अद्यापी लगतघर दर छँदैछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) भविन्द्रप्रताप ज.ब.रा.को दरबार
(फणीन्द्रप्रताप ज.ब.रा.को दरबार चाहिं नयाँ छाप भन्ने ठाउँमा थियो)



(ख) परेवाडाँडा गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) तेसवेला जंगबाहादुरका भाई जीतजं कानको औषधी गर्न वीदेस पसेको र अरु भाईहरु र छोराहरु रणोद्दीप मारी मनोहरातर्फ लागेको कुरा थाहा पाई लइन दुतावासमा पसे र आफ्नो ज्यान वचाई पाल्पा पोखरा धनकुटा आदीमा धपाईये र सवैको घर धं सर्वश्व भयो ।

(ख) काटिये भनेकोमा उक्त ४ जना (रणोद्दीप, जगतजं, साहाज्यादी-जगतजंकी श्रीमती टीका कुमारीदेवी र युद्धप्रताप) गोलीद्वारा हत्या भयेको ।

(ग) जंगबाहादुरका भाई जीतजं पैलैनै वीदेस गयेका अरु भाई छोरा लइन पसी भागेका या धप्पीयेका झागाभोली परेवाडाडामा गयेका युद्धप्रतापका छोरा जगतप्रताप, चन्द्रप्रताप, लेषप्रताप, फविन्द्र प्रताप र भविन्द्र प्रताप स्मेत ५ जना तेसमध्ये कांन्छा भविन्द्रप्रताप त गर्भमै भयेकाले थापाथलीवाट निकाली धपाईदा संखुमा पुगी पैदा भयेकोले संखुमै एक डेढ वर्ष नजर वंधमा राषी भागाभोली परेवाडाडाका काजी तिलवीक्रम थापाले पायेको विर्तारहेछ नीजकाजीले तहवील मसोट गरे भन्ने आरोपमा खोसी युद्धप्रतापका ५ जना छोराकै लागी वनेको सो भग्नावसेस मात्र भयेको घर ३५ हात लमाई २१ हात गज ३ तले २ कवले उत्तर पट्टी वाँके २ तले १ कवले १७ हात लमाई १० हात गज र दछीण पट्टी १५ हात लमाइ १० हात गज माथी कौसी भयेको थीयो । तेस्मा वगैचा फूल्मा पारीजात चुवा जाई बेलिचमेलि अमला अम्वा म्यावा भोगटे कागती आदी थीए । क्याम्पाको वरीपरी नै सलिफाको रुख थीयो । उपर्युक्त पाँचै जनाको वीवाह भयेपछी चन्द्र समशेरले जेठो सन्तानकीन धपाईस भन्ने कुल्देवताले सपनामा भने भनी जगतप्रतापलाई भक्तपुरचमरपोखरी तलाछे टोलमा घर बनाई राषे । चन्द्रप्रतापलाई झागाझोलीमै दोनाले घर बनाई राषे लेषप्रताप पुरानै घर्मा र फविन्द्रप्रताप भविन्द्र प्रतापलाई झागाझोली नया छाप भन्ने ठाउँमा दुइ नाले २ कवले वाँके ३ तले घर वनाई राषेर पाले स्मेत थीये तर येताउता गयेको र अरु के के गर्छन् भन्ने हाम्रो सि आडी पनी गर्दथे । पछी चन्द्रप्रतापको छोरा शीव प्रताप र भविन्द्र प्रतापका छोरा आनन्दप्रतापको पनी १-१ घर वनायेको थीयो ।

(घ) मनोहरा दर्वारको वयान ९ तले २ कवले पूर्व पश्चीम लमाई ६० हात गज ३२ हात पश्चीम छेउवाट उत्तरतर्फ गयेको लमाई ३० हात गज २१ हातको वाँके र कवले ९ तलेकै थीयो उक्त ठुलो नाल्को पछिं दक्षिणपट्टी गोलो भयेको २ तले वेनघर थीयो । सो घरको मोहडा पछी पट्टी र पछिं दषिं उत्तरमा ३ चोक थीयो । भीत्रको क्याम्पा वाहीर वाहिरी क्याम्पाभीत्र दषिंवाट घुमेर पछिं पट्टिसम्म गयेको कमलाखोंज भन्ने बगैचा युद्धप्रताप नास्पाती, सुन्तला, भोगटे, मुन्तला, लुकुस, वोखर, काफल, ऐंसेलु, किम्बु, केरा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Form C (1) No. १८५

Government Sanskrit College Examinations, Benares

तमसो मा ज्योतिर्गमय ।

Roll No. ६५८

डिल्लीश्वर भट्टराई नामा, १५ अक्टूबर १९४१ दिनाङ्के

२३ वर्ष ६ मासवयस्क, श्री जगन्नाथ भट्टराई नाम्नः पुत्रः

श्री श्रीरंग शर्म नाम्नो विद्यार्थी, नेपाल

मण्डलान्तर्गत फागाफोली परेनाडाडा निवासी १९८२ वर्ष शुक्ल यजुर्वेद

मध्यमपरीक्षायां प्रथम श्रेण्यामुत्तीर्ण इति प्रमाणीकरोति ।

M.A., D.PHIL. (OXON),

REGISTRAR,

Govt. Sanskrit College Examinations, United Provinces, Benares.

OFFICE OF REGISTRAR, U.P. BENARES, DATED BENARES

The DEC 10 1942 194

(क) पं. डिल्लीश्वर भट्टराईले मध्यमा परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र



श्री

पत्र संख्या

तिथिः

रानीपोखरी संस्कृत प्रधान पाठशाला

विद्यया अमृतमश्नुते

क्रमिक संख्या……

प्रधानाध्यापकः

रानीपोखरी संस्कृत प्रधान पाठशाला

नेपाल

(ख) पं. डिल्लीश्वर भट्टराईले शास्त्री परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीवुवा, ज्यामीर, कागती, सुपारी, राङभाङ जगर आदी थीयो । देसी सल्ला भन्ने ठुला ठुला वृक्ष पनी थीये । उत्तर पछीं हात्तीसार वाघको खोर घोडाको तबेला चीडीयाखाना त्यहाँ भन्दा माथी ईचोटको टारमा गाई गोरु भैसी वाखाको षोर आदी भयेकोले सो टारको नाउ गोठाटार अद्यापी भनिन्छ र पञ्चायेती व्यवस्ता भये पछी ज्ञाहाँको पञ्चायेतको नाम गोठाटार भन्ने रहेको थीयो । येस्तो हीसावले मुख्ये जर्णेल याहावसेकोले अब केहीडर छैन भनि वोडे ठिमी नक्देस टिकनी स्मेतका नेवारहरुले *भये माल* भनेकोले भैमाल भन्ने पनी येस वरीपरी कै नाउ छ ।

(ज) डिल्लीश्वर भट्टराईका केही रचना प्रकाशित र अप्रकाशित दुवै

(क) मानवतां प्रति

वयम् जीवन्तीं शान्तिं वाञ्छाम: *सत्स्वातन्त्र्यं वाञ्छामः* न्याय्यां प्रगतिं वाञ्छामः ।

१- हे मानवते मारोदीरित्थं दुर्जनं निरीक्ष्य नाशयेत् किं स मामिति भावं मनसि विमृश्य-चेतसा संस्मृत्य । वयं जीवन्तीं शान्तिं ०

२- केषांचिद् द्वेषोऽस्मद्विश्वप्रेम्णि लेशो व लीयेत केषांचित् क्रोधोऽस्मत् स्मितैरङ्के पुत्रो व गृह्येत-दुर्भावनया नष्टया भूयेत वयं जीवन्तीं शान्तिं

३- पूजकास्तव गण्यन्तां सन्ति धरायां कियन्त: शक्नुयात् कर्तुं कमपकारं विकृतस्वभाव: अत्यन्तं कुभाव: । वयं जीवन्तीं शान्तिं ०

४- अण्वस्त्रात् त्रस्ता ? न त्रस्य हीत्थं किं कुर्यात्तव तत् केषांचित् कुराजनैतिकानां भीराजनीतियवत्-सेवकं तव भविता काले यत् वयं जीवन्तीं शान्तिं ०

५- स्म: कटिबद्धास्त्वां पुष्टां कर्तुं मानवा इलायाम् सद्भावनाग्रे नमयेच्छिरस्तदस्त्रं वेलायाम् वयं जीवन्तीं शान्तिं ०

६- विश्वस्य नरा भ्रातरो वयं समानस्वार्था:स्म:
विश्ववन्धुत्वकामा:स्म: विश्वशान्त्यर्थप्राणा: स्म:
प्रगति-शान्ति-स्वातन्त्र्यै: सह जीवितुं वाञ्छाम:
वयं जीवन्तीं शान्तिं ०

(ई.१९५७ वर्षे विश्वयुवकमहोत्सवे संमिलितुं रुस (मास्को) गत नेपालीय प्रतिनिधिमण्डलेन गीतं गीतम्-सं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) परिस्थिति-चित्रणम्

कण्टकयुक्ते पाटले यथा सुमं सुगन्धि समैरेव स्वीकार्यम्, एवं विषमे संसारे, साम्यं सुमं सुगन्धि, समैरेव स्वीकार्यम् संभवि नैतद् भौतिकाद्, एतत् सत्यं निश्चित्य, आध्यात्मिकं यत् साम्यं तत् , स्वीकार्यं वै स्वीकार्यम् ।

(ततः प्रविशति सूत्रधारः)

सूत्रधारः- (नेपथ्याभिमुखमवलोक्य) अयिप्रिये ? न चिरायस्व । अस्ति संभ्रमो महान् अत, द्यअल्पीयसा समयेन प्रदर्शनीयमस्ति परिस्थितिचित्रणं नाम लघु नाटकमेकम् । यस्य लेखकः प्राचीनानां स्वनामधन्यानां महाकवीनां पुरतः शिशुसमानः सन्नपि सम्प्रति प्रतिपलमधो ऽ धो गच्छतो नेपालीसमाजस्योद्धारं विधित्सु भट्टराईत्युपनामा झाँगाझोलीपरेवाडाँडानिवासी विष्णुकुमारीजगन्नाथतनूजन्मा डिल्लीश्वरः ।

नटीः- नास्ति विलम्बे कारणम्, संभाराः सभृता एव, आरभ्यतां तावत् ।

(प्रथमे दृश्ये)

(ततः प्रविशन्ति षद् छात्र्यः ।)

विलासिनी- भो भोः सहचर्यः ? यस्य विषयस्य निर्णयाय वयमेकत्रिताः प्रक्रम्यतां स विषयः , यदि पर्याप्ताः सदस्या : ।

मोहिनी-पर्याप्ताः सदस्याः, त्वमेव आरभस्व वक्तुम्

विला- (उत्थाय) अयि सहचर्यः ? अस्माकं यद् व्यक्तिगतं स्वातन्त्र्यं तद् नाममात्रेणापि न लभ्यतेऽनुभवितुमस्माभिः अतः स्मराम्यहं यत् पूर्वजन्मनः पापेन एतादृशि दीने हीने नेपाले जन्म लब्धवत्यस्मीति,- यतः अत्र स्वातन्त्र्येण यदिष्यते तत्कर्तुं न प्राप्यते अनेकाः सन्ति प्रतिबाधिका रूढयः । यदि द्विचक्रिका ऽऽ रुढय स्माभिस्तदा त्यज्यतां पुरुषाणां वार्ता, स्त्रिय एव उपहसन्ति यदि च शाटिकामय वेषमिम जाङ्गल परिहाय बुद्धिमत्तापूर्णो वैज्ञानिकः ? पाश्चात्यो वेषः स्वीक्रियते तदा सर्वेषां नयनानि अन्यत्र न भवन्ति अस्मास्वेव, हन्त !! इदमपि जीवनम् ? यत्र व्यक्तिस्वातन्त्र्यस्य नास्ति लेशोपि (आवेशमुद्रया हस्तमुन्नम्य) शक्तिरभविष्यच् चेद् इमां प्राचीनां जीर्णा परम्पराम् अधक्ष्यम् (इति अग्रमञ्चं हस्तेन ताडयति) ।

(सर्व : करतलध्वनिना ऽ तुमोदन्ते)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



No. 103

Government Sanskrit College Examinations, Banaras

OFFICE OF REGISTRAR U. P., BENARES SANSKRIT COLLEGE EXAMINATIONS

तमसो मा ज्योतिर्गमय

Roll No. 821

This is to certify that Dillichwar Bhattarai,
son of Shri Jagannath Bhattarai, of
J.M. Goyanka Sanskrit Mahavidyalaya, Benares, and inhabitant of
Jhangajholi Pasekadanda, Nepal, obtained the title of
Acharya in Shukla Yajurveda at the Examination
of 1948 and was placed in the First Division.

डिल्लीश्वर भट्टराई नामा, जगन्नाथ भट्टराई
नाम: पुत्र:, जी० म० गोयनका सं० महाविद्यालय, बनारस विद्यालयच्छात्र:
१९४८ वर्षे आचार्यपरीक्षायां प्रथम श्रेण्यां शुक्लयजुर्वेद शास्त्रे
आचार्यपदवीं लब्धवानिति प्रमाणीक्रियते।

पं. डिल्लीश्वर भट्टराईले
आचार्य परीक्षा समुत्तीर्ण गरेको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदनमञ्जरी (उत्थाय) सत्यमुक्त. सहचर्या विलासिन्या अहं यदा एतस्मिन् विषये विमृशामि तदा ज्वलितेव भवामि रोषाग्निना त्यज्यतां दुग्धमुखीनां प्राचीनपरं परायष्टे : साहाय्येन चलन्तीनां वयसो ऽ पेक्षया ऽ पिं विचारेण जरतीनां जरतीनां वार्ता एतेषां यथेच्छं कुर्वतां पुरुषाणामधीनता तु न स्वीक्रियते न स्वीक्रियते के इमे अस्माकम् ? ये आज्ञया दातारः नियमानां निर्मातारः अधीनतायाः प्रवर्तयितारः एकस्य कृते अनेकाः स्वीकर्तारः अस्मासु अत्याचारं विधातार अस्मान् स्वच्छया व्यवहर्तुं निरोद्धारः यथावश्यकतां विक्षिप्ता एव कदाचिद् अस्मान् जीवनसर्वस्वमिति हृदयसम्राज्ञीति लपन्तः ।

समीपे स्थापयितारः पुनः कदाचन दुग्धे पतितां मक्षिकामिव दूरे ऽ स्मानेव निक्षेप्तारः ।

अरालकेशी (बाहुमुद्यम्य) सर्वं सत्यम्, यावत्यो नार्यः सम्प्रति ज्ञाततत्त्वाः रम स्तापतानाम् अहं स्मरामि नस्यादस्मिन्विषये विमतिरिति, अहं तु एतावत् कथयामि यद् अद्य प्रभृति पुरुषाणां विरोधे विधीयतां क्रान्तिरिति ।

मदन मञ्जरी - पुरुषाणां विरोधे क्रान्तिः करणीयेत्यत्र तु नास्ति विवादः सर्वा स्त्रियो वाच्छन्त्येव क्रान्ति कर्तुम् । उज्ज्वलमुखा मलीमसमानसा हितचिन्तका इव भूत्वा हितचिन्तका मनमोहका सन्त : सर्वस्वस्य हतरिस्ते किम् अकृत्यं न कृतवन्तो ऽ स्मासु परन्तु विषयो ऽ यं महत्त्वपूर्णः बहूनां सहायतां विना सफलो न भविष्यति, सा च सहायता स्त्रीभ्य एव ग्रहीतव्या विशेषतः पुरुषैः सह अकृतघनिष्टसम्पर्केभ्यः यतः पिञ्जरस्थां सारिकां यथायथेच्छं वाचयन्ति मानवास्तथैव स्वमायाजाल वर्तिनीः कामिनीर्यथेच्छं नर्तयन्ति पुरुषा । अस्माकं कृते तु पुरुषपेक्षयापि पुरुषस्य कृते स्वं जीवनम् अपि अर्पयितुं हसन्त्य एव तत्पराः स्त्रिय एव शत्रव ताभ्यो ऽ पि सहायताया आशा न करणीया ।

विला. तर्हि कथं कार्यं सिद्धं भविष्यति ।

मदनमञ्जरी अहं तु नितरां साश्चर्यास्मि यद् अत्रत्या महिलाः कियत्यो ज्ञानिन्य इति ये पुरुषा अस्मासु अत्याचारं कुर्वन्ति तानेव इष्टदेवताः स्मरन्ति तेषां मुखे दृष्टिं दत्तवत्यो विस्मरन्ति ततो दृष्टिं निवर्तयितुमपि तेषां संगतिमुपलभ्य मदिरयेव उन्मत्ताहिताहितविवेकरहितास्तेषामेव सार्वदिकं सांनिध्य कामयन्ते प्रार्थयन्ति च परमात्मानम् न केवलं जागरणे स्वप्ने ऽ पि रमसाणा भवन्ति तै सहैव हन्त । । केन खलूपायेन पुरुषग्राहेभ्यः स्त्रियो मोचयेरन् (यति विषामुद्रया तिष्ठति)

चारुहासिनी - साहचर्य ? अस्ति अस्मिन् विषये मामकीन् एकः प्रस्तावः इदानीं प्राचीनेषु आधुनिकेषु च विषयेषु निष्णाता एका तपस्विना अस्माकमेव नगरं समायातास्तीति सां ऽ त्यन्त जटिलं विषयमपि सरलयतीति श्रूयते, तया सहापि विमर्शौ विधेय इति तदनन्तरं यदुचितं तद्विधास्याम इति । (सर्वाः करतलध्वनिना तमनुमोदन्ते) (यवनिका पतति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) नेपालस्तथासंस्कृतभाषा

अस्माकं दुर्भाग्यात् सम्प्रति विक्रीतात्मानो विकृतबुद्धय एतादृशा अपि तथाकथितविद्वांसः सन्ति नेपाले, ये संस्कृतो-न्नतेरावश्यकता नवर्तते इति दुःसाहसमयं मन्तव्यं प्रकाशयितुमपि न लज्जन्ते यथाश्वा गोप्यमङगं दर्शयितुं न लज्जते, तान् प्रति किमप्यधिकमनुक्त्वा केवलमेतावत् कथ्यते यत् कथं ज्ञातं युष्माकं तादृशम् ? ।

यदि इंग्लिशमधीत्य, तर्हि किमवबुद्धं भवताम् ? । अरविन्द - विवेकानन्द - रामतीर्थ - गान्धि - काटजू - गेटे - मेक्समूलर - नेहरू - राजेन्द्र - संपूर्णानन्दादयस्तु नावबुद्धवन्तस्तादृशं द्रोहमयं कुतत्त्वम् , एतेषामपेक्षयापि नितरामुच्चकोट्या विवेको स्माकमिति गवश्चेत् , नमो भवतां बुद्धिमत्तायै ।

यदि चाङलभाषैव देशोन्नतेः कारणं नसंस्कृतमिति कुसंस्कारमलीमसा कुमति स्तर्हि पृच्छामो यद् यदान्यद् विश्वं बर्वरमासीत् तदा भारतउन्नतेः शिखरे विराजमान् आसीत् कया भाषया ? सम्प्रति च रूसादयो देशा उन्नतौ केभ्यो ऽ पि देशेभ्यः पश्चात् नसन्ति तत्रापि कारणमिग्लिशम् ? ।

अपरं च भवन्तु केचनदेशाः कस्याश्चनभाषायाः माध्यमेन समुन्नताः परं नास्माकं तेन प्रयोजनम् अस्माकं प्रयोजनं तु एतद्वर्तते यदस्माकं देशस्य समुन्नतौ का भाषा नितरामुपयोगिनी स्याद् अस्माकं देशः कथमुन्नतो भवेदिति । पुनश्चैकस्य देशस्योन्नतौ यत् कारणं सर्वोन्नतां तत् कारणमिति च न व्याप्तिः ।

उदाहरणार्थं रामस्य समुन्नतौ नितरामपयोगिनी राममाता रामा श्यामापुत्रस्य श्यामस्य समुन्नतौ तादृशी उपयोगिनी न संभवति, संभवति श्यामावनतौ नितरामुपयोगिनी, विशेषेणरामश्यामयो : स्वार्थसंघर्षे , सर्वस्योन्नतौ आत्मनो मातेवात्मनो भाषा सहायिका भवतीत्यत्र नास्ति विवादः, अथ च विचारणीयं संपन्नमेतद् यत् संस्कृतभाषास्माकं नेपालिनां कृते कीदृशं स्थानं दधातीति, तद्विरोधिनश्च कीदृशेन तत्त्वेन संचालिता इति ।

या संस्कृतभाषा विश्वभाषाणां जननी विशेषेणास्माकं मातृभाषायाः, पितृभाषाया, राष्ट्भाषा, राष्ट्भाषाया, नेपालीभाषायाः । यस्यां संस्कृतभाषायामज्ञातायां राष्ट्भाषायाः शुद्धिर्नितरां नसंभवति, अस्माकं राष्ट्भाषायां यस्याः संस्कृतभाषायाः प्रतिशतं नवतिः पदानि सन्ति, आर्याणामस्माकं जन्मन आरभ्य मृत्युपर्यन्तं सर्वाणिकर्माणि यया संस्कृतभाषया संसाध्यन्ते यस्यां संस्कृत भाषाया मात्मसंस्कृतेः स्वसभ्यतायाः ।

स्वीयगौरवस्य स्वकीयर्धर्मस्य निजपरम्परायाश्च निधिः - सुरक्षितो ऽ स्ति यस्यां संस्कृतभाषायामुपनिबद्धानि दर्शनानि समनुशील्यास्माकं पूर्वेषां पुरूषाणां बुद्धिमत्तायां चकितं वर्तते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वज्जगत्, वयं के ? अस्य प्रश्नस्य गौरवमयमुत्तरं यस्यां संस्कृतभाषां लिखितेषु गन्थेषु लभामहे निर्मले दर्पणे प्रतिविम्वमिव । ज्ञानविज्ञानरत्नाकरो वेदो यस्यां संस्कृताभाषायां वर्तते यस्यतुलां वश्वस्य ग्रन्था नगता गमिष्यन्तीत्यत्र नास्ति विवादः । सर्व - प्रथमं विश्वबन्धुत्वभावना यद् भाषामयैर्मन्त्रै रुद्घोषिता गम्भीरस्वरेण गिरिशिखरे नद्रीसंगमे च वर्तमानैर्विश्वबन्धुत्वकामै र्ब्रह्मविद्भिः ।

नेपालिनामस्माकमैतिहासिका : प्रायेण सर्वे संभारा यस्यां संस्कृतभाषायां सन्ति, विश्वस्य शान्त्यै सर्वप्रथमं प्रयतमानानां प्रातः स्मरणीयानां विश्वशान्तिकामनामयाः सदुद्गारा यस्यां संस्कृतभाषायां विराजन्ते द्यौः शान्तिरन्त ...... सर्वं शान्तिरिति । सर्वोदयासिद्धान्तो यया संस्कृत भाषाया सर्वप्रथममुद्घोषितः सर्वे भवन्तु सुखिनः ... । मा कश्चिद् दुःखभाग् जन इति । न केवलं मानवानाम्, अपितु सर्वेषां प्राणिनां महाशत्रून् रोगान् आदिकालादेव विनाश्य विराजमान आयुर्वेदो यस्यां भाषायामुपनिबद्धोऽस्ति । यस्य महिमा वर्णनातीतो वर्तते । विश्वस्मिन् विश्वे स्वेन शब्दमहिम्नाऽर्थमहिम्नाचेतरभाषा ग्रन्थान् अतिलघीयसो विधाता महाभारतग्रन्थो यस्याः संस्कृतभाषायाः शोभां वर्धयति आकृत्याऽतिलघ्वी परं स्वकीययान्तः सारवत्तया विश्वभाषाग्रन्थसार मतिसारहीनं विदधती श्रीमद्भगवद् गीता यस्यां संस्कृतभाषायां वर्तते यस्याः सर्व श्रेष्ठता संसारे सर्वैः स्वीकृतास्ति । व्याकरणं - साहित्यं-दर्शनमर्थशास्त्रं योगं किमधिकपरिगणनेन सामान्यतो वटवृक्षसदृशान् विशालान् विषयान् वटबीजमात्रैः सूत्रैर्बोधयद् यद्भाषायाः सामर्थ्यं विश्वं चकितयति, वास्तविकं धर्मतत्त्वं यद् भाषायां संदृब्धमस्ति । विश्वभाषासु यस्य विषयस्य गन्धोऽपि नास्ति तादृशं तन्त्रशास्त्रं मोहितविश्वं मन्त्रशास्त्रं च यस्यां संस्कृतभाषायाम् ।

तस्या एव संस्कृतभाषाया आर्यभूमौ नेपाले नास्त्यावश्यकता इति विक्षिप्ता इव कथयन्त आत्मन आर्यान् कथयितुमपि अनधिकारिणो ऽनुच्चारणीयनामानो निर्लज्जाः कृतकमयूराः स्वकीयं गौरवं संस्कृतिं सभ्यतां निजां स्वतन्त्रतां किमधिकं स्वमातुरपेक्षयापि रक्षणीयां स्वां जन्मभुवं च विक्रीयापि स्वं कुस्वार्थं पूरयितु कामा यूयं दाव्यां जलं तापयित्वा किमिति न निमज्जत ? । बुद्धिमतां नेपालिनां सुमतेतु नेपाल एकस्तादृशोऽस्ति य उन्नते संस्कृते समुन्नतो भवति अवनते संस्कृते ऽवनतो भवित नितरां विलीने संस्कृते स्वकीयां स्वतन्त्रतामपि रक्षितुं नपारयिष्यति- यतो ऽस्माकं प्राणेभ्यो ऽपि प्रियस्य नेपालस्यात्मा संस्कृतम् देहो देशः ।

अतोऽहं सर्वान् सम्बोध्य हस्तमुद्यम्य ब्रवीमि देशोन्नतये संस्कृतभाषायाः सार्वभौमविकाश आवश्यक इति । **(जयतु संस्कृतम्बाट)**

(घ) प्रश्नपत्र तयार गर्ने फाराम

मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षे । मित्रस्य चक्षुषा समीक्षामहे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. डिल्लीश्वर भट्टराई को छात्रजीवन ज्यादै उज्ज्वलछ, किनकि निजले मध्यमपरीक्षा प्रथम-द्वितीय-तृतीयखण्ड का वार्षिकपरीक्षा हरुमा प्रथम र द्वितीयमै पुरस्कार पाउनुभएकोर छात्रजीवनमा २ पटक होलफार भएको रोरत्ता बाट देखिन्छ प्राचीन नियमानुसार नेपालमा टारमा प्रथम भई वाराणसीमा प्रथमश्रेणीमा समुत्तीर्ण हुने छात्र स्वर्णपदक प्राप्त गर्दछ। त्यस नियमानुसार पं.डिल्लीश्वर पनि स्वर्णपदक पाउने अधिकारी हुनुहुन्छ, निजलेम्यनका संस्कृत महाविद्यालबाट पनि पुस्तक पुरस्कार पाउनु भएकोछ, वहाँ मध्यमा देखि आचार्य सम्ममा वाराणसीमा दिनु पर्ने ७ वर्षका ७ परीक्षाहरु मध्ये ६ परीक्षाहरुमा प्रथमश्रेणीमा समुत्तीर्ण हुनुहुन्छ, वहाँको विद्वत्ता. र इमानदारी ले म अत्यन्त प्रभावित भएको छु र वहाँ जीवनका हर एक योग्य क्षेत्रमा सफलता हासिल गर्नुहुने छ भन्ने विश्वास प्रकट गर्दछु।

२०१६।२। ... जि भट्टसुवेदी
प्रधानाध्यापक:
रा. पो. सं. प्र. पाठ
शाला नेपाल

पं. डिल्लीश्वर भट्टराई यस रानी पोखरी संस्कृत प्रधान पाठशालामा २००८ साल भाद्र ८ गते भर्नामै पढाई आउनुभएको छ, निजको अध्यापन कला ज्यादै सुन्दरछ र निजको चरित्र विद्वत्ता आदि ज्यादै अनुकरणीयभएकोले र निजको अध्यापनमा छात्र हरु ज्यादै संतुष्ट हुने हुनाले म निजको प्रशंसा गर्दछु. वहाँ प्रमोशन पाउन योग्य हुनुहुन्छ

प्रधानाध्यापक
२०१६।३।१८५ ... भट्ट सुवेदी
रा. पो. सं. प्र. पाठशाला
नेपाल

यसबाट पं. डिल्लीश्वर भट्टराईको योग्यता प्रमाणित हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(प्रश्नपत्र सफा र बुझिने गरी एकातिर मात्र लेख्नु वा टाईप गर्नु पर्दछ ।)

समय:-३ घण्टा विषय:- निबन्ध, मजबुन, सामान्य नेपाली, पत्र:- प्रथम

पूर्णाङ्क:-१५० पद: सहायक अधिकृतस्तर ६ तह, प्रश्नको किसिम:-विषयगत । वस्तुगत

प्रश्न नं. प्रश्न प्रत्येक प्रश्न पाउने अङ्क

१. निम्नलिखित विषयहरूमध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस् (क) नेपाली एकताको प्रतीक हाम्रो राजमुकुट (ख) मानवको कर्तव्य । (ग) वर्तमानविश्वका खास समस्याहरू (घ) नेपाली जनजीवन ।

२. निम्नलिखित अनुच्छेदको शीर्षक समेत दिई मजबुन लेख्नुहोस्

कतिपय फूलहरू यस्ता हुन्छन्- जसको जिन्दगी मात्र केही समय हुन्छ, बिहानीपख शीतको थोपा पर्दा फुल्दछन् र सूर्यको किरण राम्ररी फैलियो कि वैलिएर धर्तीमाताको काखमा खसिहाल्दछन् । कति नाजुक छन् ती फूलहरू । तर त्यस्ता ती फूलहरूको अति छोटो जिन्दगी भए पनि त्यस्तो अति अल्प समयमा जसजसको सौन्दर्यपारखी आँखाले ती फूलहरूको सोन्दर्य पान गर्ने मौका पाएका हुन्छन् ती आँखाभित्र कहिल्यै नमेटिने गरी ती सुन्दर फूलहरूका सौन्दर्यसुषमाको तस्वीर अमर भएर रहेको हुन्छ । त्यस्तो किसिमको ईश्वरको विशेष सृष्टिलाई मानिसहरूले मृत्युशील जगतमा क्षणिकतालाई उपहास गर्ने अमरताको प्रतीक मान्दछन् । यो त भयो फूलको कुरा । यसरी नै मासुको फूल-मान्छेको पनि न जिन्दगीनै दिगो छ न सौन्दर्य नै दिगो छ, तर मानिसको जिन्दगी दिगो भएन त के भयो-ऊ अमर कामले वनिहाल्दछ, कसैको सौंन्दर्य दिगो नभएर के भयो र ? कसैको सौन्दर्य अरु कसैको हृदयमा अजर अमर भएर बसिहाल्दछ । जिन्दगीको सफलता के मा छ भने मृत्युको सेरो फेरोभित्र रहे र अमरहुनुमा, जिन्दगी क्षणिकनै किन नहोस् त्यसै क्षणिकता भित्रनै बढी भन्दा बढी सुन्दर एवं सुगन्धमय हुनुमा र एकै छिन् मात्र नै भए पनि अतिनै चहकिलो हुनुमा धन्य छन् ती फूलहरू जसजसले सृष्टिको सुरुदेखि आजसम्म यस धर्तीमा सुगन्ध र सौन्दर्य दिए एवं भविष्यमा पनि दिंदै जाने छन् । त्यसरी नै धन्य छन् ती मानव पुष्पहरू पनि जो अनेकन काँडाले भरिएको यस धर्तीमा कहिल्यै फुल्न पछि परेनन् र भविष्यमा पनि पछि पर्ने छैनन् । तर हिजोआज भने मानव पुष्पहरू बढी फुल्न नसकेझैं अनुभव हुन थालेको छ, सायद मलजलमा केही गडवड भएको हुन सक्छ, तर हामीले विर्सन नहुने कुरा के भने कुनै समयमा कुनै विकृति देखियो भन्दैमा आत्तिनु पर्ने केही छैन, किनभने सृष्टिको सुरुदेखि फुल्दै आएका फूलहरू अनन्त कालसम्म फुलिनै रहने छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवकुसुमहरूले पनि अनन्तकालसम्म फुली सुगन्ध र सौन्दर्य छर्न छोड्ने छैनन् । यस कुरामा पूरा विश्वास लिन सकिन्छ ।[१]

(ङ) प्रकृतिले मानवलाई गिज्याएझैं लाग्छ

१. वगैचामा मात्र हैन, घोर जंगलमा अनेकन विषालु काँडाकाभित्र पनि जव दिव्य सौन्दर्य लिएर फूलहरू हाँस्तछन् अनि मलाई- जो आफूलाई मानव भन्दछु तर अलिकति दु:खमा कालो नीलो बन्छु र न आफ्नो जीवनमा सुगन्ध छ न सौन्दर्य । यी फूलहरूले खिसी गरेझैं लाग्छ ।

२. जब रातमा विशाल आकाशमा हेर्छु-अनन्त ताराहरूले मतिर आँखा कर्क्याएर आपस आपसमा आँखा झिंक्याए झैं लाग्छ र सांकेतिक भाषामा मलाईनै लक्ष्य गरेर मानवताको भारी वोक्ने तर कति नीच कति मलिन भनेझैं लाग्छ ।

३. जब वनमा मलाई देखेर मिर्गका वथान वुर्कुसी ठोकेर भाग्छन् अनि मिर्गका वुर्कुसीको एक एक वुरुक् वुरुक् शब्दले-मलाई औंल्याएर ***यो घरैयूया जनावर वनैयूया हिंस्रक जनावरभन्दा अनन्त गुना भयानक हुन्छ, साथी हो । भाग भाग, जंगली हिंस्रकले भोक लागेका वेलामा भोक मेट्न मात्र मार्छ खान्छ, तर यो घरैयूया जनावर एकै ठाउँमा वसेर संसारभरका आफू जस्ता सवै जनावरहरूको रगत चुस्न सक्छ र सवैलाई जिउँदो सुकुटी वनाउन सक्छ हेर है । । होसियार । । । भनेझैं*** लाग्छ ।

४. जव म कुनै छहराको नजिक जान्छु अनि निर्मलता शीतलता जीवनदातृता गतिशीलता तिम्रो जीवनमा कतिको छ मानव ? भनेर मलाई ललकारेझैं लाग्छ ।

५. "जव वादल दरररर पानी छर्दछ अनि- "मानव । मं तँ झैं एक छिनमै विश्वलाई नाश गर्न प्रयासमा छैन, म त वैलिनलागेका मर्न तयार परेकालाई कणकणमा रस संचार गरी जीवनदान गर्न प्रयासशीलछु भनेर मसित गर्जेझैं लाग्छ ।

---

१ . डिल्लीश्वर भट्टराई संस्कृतमा जति दक्ष थिए प्रशासनिक क्षेत्रमा पनि उनी त्यतिकै सक्षम र योग्य प्रशासकका रूपमा प्रसिद्ध थिए । दैनिक प्रशासनिक कार्य त उनले सम्हाल्नु पर्नेनै थियो । त्यो भन्दा अझ अर्को जिम्मेवारी पनि उनमा आइपर्थ्यो । त्यो के हो भने- लोक सेवा आयोग र विभिन्न संस्थानहरूले कर्मचारी छनौट गर्न लिने परीक्षाका प्रश्नपत्र तयार गर्ने, उत्तर पुस्तिका जाँच्ने र अन्तर्वार्तामा सम्मिलित हुने जस्ता महत्त्वपूर्ण कार्य पनि डिल्लीश्वर भट्टराईबाट अत्यन्त राम्रोसँग सम्पन्न हुन्थे । आजभन्दा धेरै वर्ष अधि उनले तयार गरेको प्रश्नपत्रको खेस्राप्रति उपलव्ध भएको हुँदा अनुसन्धानका क्रममा उपयोगी हुने ठानेर यहाँ प्रस्तुत गरिएको छ । -भूहपौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदर गर्न लायक सुयोग्य काम गरेबापत श्री ५ महाराजाधिराजबाट
पं. डिल्लीश्वर भट्टराईलाई गोरखादक्षिणबाहु मानपदवी प्रदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. *अनि जब विजुली चंकन्छ मेरो जिन्दगी छोटो छ तर तेरो झैं मलिन छैन अभिमानी मानव ।* भनी मलाईनै होच्याए झैं लाग्छ ।

७. जब म कुनै रूखको फेदमा सियाँलमा बस्छु पानी परेमा ओत लिन्छु फूलको निम्ति हात पसार्छु फूलको निम्ति आँखा मास्तिर फर्काएर हेर्छु अनि फरफर गर्ने पाते ओठ पटपटाएर रूखले *युग युग संमतले रहन्छस् क्यारे स्वार्थी मानव ?* तैले कहिल्यै परार्थ जीवन जानिनस् भनेर मलाई झख्याएझैं लाग्छ ।

८. जब स्वादिलो मह स्वाद लिई लिई खान थाल्छु कता कताबाट ए डाँका ३ भनेर मैलाई संवोधन गरेझैं लाग्छ र जव मेचमा वसेर केही उपदेश दिन थाल्छु वा मंचवाट केही फलाक्न थाल्छु अनि कसैले ए फटाहा ? भनेझैं लाग्छ,

९. त्यतिमात्र कहाँ हो र जब म चेतनशील तत्त्व हुं भनेर धिरौला जत्रो नाक पारेर वसेको हुन्छु अनि जडका कणकणले *ए मानव जसले सधैंनै अर्काको मद्दत गर्छ त्यो ठूलो कि जो सधैं अर्काको मद्दतले टिकेको छ त्यो ठूलो हुं णा । । ।* भनी मलाई सोधे झैं लाग्छ,

(च) के. आई. सिंहले लेखेको चिठी

व्यक्तिगत

सांफे ०२६।११।३

प्रिय भट्टराईज्यू नमस्कार

भैरव सिंह राउल मेरो परममित्र तथा भक्त हुनुहुन्छ । ऐन कानून र न्यायको आधारमा वहांले पाउनुपर्ने इन्साफमा तपाईवाट हुनसक्ने सच्चाइ गरि दिनुभये विशेष गुन मान्ने छु । तपाइको कुशलताको कामना गर्दै यो पत्र बन्द गर्दैछु-शेष पछी भेटमा ।

तपाईको शुभचिन्तक

के.आई. सिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री स्रोत

१.	अच्युतकुमारी भट्टराई (गुरुआमा)	महाराजगञ्ज, काठमाडौं
२.	उषा न्यौपाने	विशालनगर, काठमाडौं
३.	कृष्णमुरारी भट्टराई	झाँगाझोली, रामटार, परेवाडाँडा
४.	केशवप्रताप जङ्गबहादुर राणा	गोठाटार (मनोहर दरबार) काठमाडौं
५.	केशवप्रसाद भट्टराई	बोहोरेटार, सिन्धुली
६.	गुणराज दाहल	झँगाझोली, परेवाडाँडा, सिन्धुली
७.	टीकानाथ ढुङ्गाना (हाल: स्वर्गीय)	बौद्ध रामहिटी, काठमाडौं
८.	दीपक भट्टराई	महाराजगञ्ज, काठमाडौं
९.	नरेन्द्रप्रताप जङ्गबहादर राणा	गोठाटार (मनोहरा दरवार) काठमाडौं
१०.	महेशकुमार पौडेल	बौद्ध जोरपाटी
११.	मीनकुरमार दाहाल	झाँगाझोली, परेवाडाँडा, सिन्धुली
१२.	रामप्रसाद दाहाल	झाँगाझोली रामटार, सिन्धुली
१३.	रामेश्वर भट्टराई	झाँगाझोली, रामटार, सिन्धुली
१४.	राजेश्वर भट्टराई	बालुवाटार, काठमाडौं
१५.	लम्बोदर न्यौपाने	विशालनगर काठमाडौं (जन्मस्थान, बाबियाखर्क, रामेछाप)
१६.	वेदनिधि भट्टराई	झाँगाझोली, रामटार, सिन्धुली
१७.	श्यामप्रसाद भट्टराई	झाँगाझोली, रामटार, सिन्धुली
१८.	सुधीर घिमिरे	बालाजु, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१

ज्योतिषका अति विशिष्ट विद्वान् नयराज पन्त

प्रस्तावना

वि.सं. २०२८/०२९ साल तिरको कुरा हो । त्यो बेला म रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढ्थें । धेरैजसो साथीहरू राजनीतिमा चाख राख्थे तर मलाई भने किनकिन यसप्रति त्यति रुचि थिएन । राजनीति खासगरी चलाख र सम्पत्तिवालाले गर्ने विषय हो । यसभन्दा अन्य वर्गका मानिसहरूले विद्यार्थी अवस्थादेखिनै राजनीतिमा लागेर जीवन वर्वाद गर्नु मेरो विचारमा मनासिब ठहर्दैन । अर्को कुरा, राजनीति क्षणिक कुरा हो । साहित्य, कला, संस्कृति, ज्ञान- विज्ञान स्थायी चीज हुन् । एक चोटिको कुरा हो - म विद्यालयमा पढाइ नभएर भद्रकाली, सिंहदरबार हुँदै पुतली सडकमा अवस्थित वाल्मीकि संस्कृत महाविद्यालय (अहिले गुठी संस्थान रहेको भवन) मा आइपुगेको थिएँ । विद्यार्थीहरू छात्र कार्य समितिको चुनाव प्रचारप्रसार कार्यमा लागेका थिए । कक्षा भिन्न भए पनि हामी सबै छात्रावासमैं बस्ने भएको हुँदा एकअर्कासँग नजीकको सम्वन्ध भैनै हाल्थ्यो । माथिको एउटा कोठामा नयराज पन्त ***अष्टाध्यायी***का सूत्रहरू घोकिरहेका थिए । मैले उनलाई राम्ररी चिन्हेको थिएँ तर उनले भने मलाई चिन्हेका थिएनन् र अझै पनि छैनन् । म सरासर उनकै कोठा (भऱ्याङ्ग उक्लिने वित्तिकै आउँथ्यो) को मुखमा गएर टक्क उभिएँ र गुरुलाई हेरिरहें । त्यो अवस्थामा उनका अगाडि टेबुलमा- ***अष्टाध्यायी*** त घोकिरहेको पुस्तक भैगो । ***अमरकोष, काशिका, सिद्धान्त शिरोमणि*** थिए । यीभन्दा अरु पुस्तक ***गोरखापत्र***को जिल्ला हालेर नाम छोपिएको हुँदा सबैको नाम चिन्ह सकिनँ । नयराज कराएर पढ्थे र यो बानी धेरैलाई रुचिकर हुँदैनथ्यो । लवाइ साधारण थियो । आँखाको ज्योति कमजोर भएर- *आँखाको ऐना* लगाएर अक्षर पढ्थे । त्यही अवस्थामा अन्य ४/५ जना साथीहरू आएर गुरुलाई अपशब्दले गाली गरे । नयराज महाविद्यालयमा ज्योतिष पढाउँथे । उनैका शिष्यहरू पनि ***बूढो विद्वान् त हो तर साह्रै अव्यावहारिक तथा असभ्य*** भनेर वारम्वार नचाहिंदा कुरा गरेको म सुन्दथें । नयराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पन्तले लेखेका लेख, पुस्तक पढ्ने योग्यता त्यो बेला ममा थिएन । म आफ्नै कक्षाका निर्धारित पाठयपुस्तक मात्र एकोहोरो पढिरहन्थें । अहिले आएर म बुझ्न खोज्दैछु- नयराज पन्तलाई नानाथरी गालीगलौज गर्ने विद्यार्थीहरूमध्ये कोही लगातार दुइवर्ष फेल भएर छात्रावास छोडी दुःखको जीवन बिताउँदैछन् त कोही भने स्नातक पूरा गरी शाखा अधिकृत भएर जिल्ला-जिल्लामा अधिकारको अध्यापक भएका छन् , तर नयराज पन्तजस्तै मिहिनेत गरेर समाजलाई योगदान गरौं भन्ने भावना भएकाहरू हातका औंलामा पनि गन्न पुग्ने संख्यामा छैनन् । यस सन्दर्भमा मलाई हरिहर शास्त्रीको एउटा कविताको संझना हुन्छ-

फल्ने फुल्ने रहर नभए जिन्दगीको मजा के?

मानिस व्यावहारिक र अव्यावहारिक हुनु , धनी हुनु र गरीब हुनु, साधारण हुनु र स्मार्ट हुनु यी सबै बाँचुन्जेलका कुरा हुन् । स्थायी कुरो चाहिं बौद्धिक क्षमता हो र यसैबाट मानिस अजर, अमर हुन्छ । नयराज पन्त जति विद्वान् मानिस सायद कोही छैन होला । तर उनको साधारण लवाइ, खवाइ र समाजमा मिल्न नचाहने आफ्नै किसिमको मौलिक पनले गर्दा झट्ट हेर्दा तडकभडक रुचाउने मानिसले उनलाई मन पराउँदैन । नयराज पन्तको व्यावहारिक अवस्था यस किसिमको भए पनि बौद्धिक प्रखरताले उनी एउटा कुनै प्राज्ञिक संस्थाभन्दा पनि अझ महान् हुन पुगेका छन् ।

जीवनवृत्त

नयराज पन्तको जन्म वि.सं. १९७० साल श्रावण २६ गते श्रावण शुक्ल नवमी तिथिका दिन काठमाडौं जिल्लाको महाबौद्ध टोलमा भएको थियो । उनका पिताको नाम पण्डित कृष्णदत्त पन्त हो र माताको नाम चिनीमैयाँ (यज्ञप्रिया) हो । नयराज ठीक डेढ वर्षको उमेर भएपछि उनका पिता कृष्णदत्तको वि.सं. १९७१ साल माघ २७ गते मङ्गलबार फागुन कृष्ण एकादशीका दिन देहान्त भयो । उनी भागवत्का ज्ञाता भएका हुँदा उनको ख्याति बौद्धिक समाजमा फैलिसकेको थियो । उनी रानीपोखरी संस्कृत प्रधान पाठशालामा व्याकरणका अध्यापक थिए । पाँच वर्षको उमेरपछि नयराज मातामह भुवननाथ पाँडेको घरमा बस्न थाले । उनी रानीपोखरी संस्कृत प्रधान पाठशालामा ज्योतिष विषय पढाउने गुरु थिए । भुवननाथ वि.सं. १९२० सालमा जन्मेका हुन् र १९६० मा उनले पत्नी वियोग जस्तो मर्मान्तक घटना सहनु पऱ्यो । त्यसपछि उनले अर्को विवाह गरी पारिवारिक झन्झट बेसाउने काम गरेनन् । भुवनाथ नयराजलाई हात समाएर आफूसँगै पाठशालामा लैजान्थे । भुवनाथ बिहान ३ बजे उठेर नित्यकर्म सकी अध्ययन, लेखनको काम गर्थे । नयराजले पनि यही सिको सिके ।

हीयते हि मतिस्तात । हीनैः सह समागमात्
समैश्च समतामेति विशिष्टैश्च विशेषताम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले कुनै पनि मानिस महान् हुनु र साधारण भएर जीउनुमा सङ्गतमा पनि भरपर्छ । नयराज पन्त अहिले जुन बौद्धिक शिखरमा पुग्दै गएका छन्, त्यसको प्रेरणा स्रोत नै भुवननाथ पाँडे हुन् ।

नयराज पन्तले रानीपोखरी संस्कृत प्रधान पाठशालामा पण्डित देवीदत्त पराजुलीसँग साहित्य पढेका थिए । १९८८ सालको पौष महीनामा उनी काशीमा परीक्षा दिन जान लागेका थिए । मार्खुमा दिव्यदेव पन्तका छोरा गोवर्धनसँग उनको भेट भयो ।

कहाँ जान लाग्यौ भनी उनले सोद्धा- ***काशी जान लागें*** भनी मैले भनें । ***किन काशी जान लाग्यौ*** भन्दा ***मध्यमा परीक्षा दिन*** भनी मैले भनें । पछि टुँडीखेलमा भेट हुँदा गोवर्धनले ***तिमीले त मुक्तावली पढ्यौ होला*** भनी भने । ***मैले मुक्तावली पढेको छैन*** भनी जवाफ दिएँ । ***उसोभए तिमीले – मुहुर्त चिन्तामणिमा तनोनि भनी पढ्यौ होइन, तिम्रा बाबु भागवतका श्लोकका चार, पाँच, छ सम्म अर्थ गरेर छोड्थे त्यस्ताका छोरा भएर तिमी यस्तो काम गरेर हिंड्छौ धिक्कार छ तिमीलाई भनी गोवर्धनले भने ।*** [१]

बनारसमा नयराज पन्तले पद्माकर द्विवेदीसँग ज्योतिष पढेका थिए । अध्यापनको सन्दर्भमा उनी वारम्बार भन्ने गर्दथे-***अन्वेषण नगर्ने हो भने अब सिद्धान्त ज्योतिष पढेर विशेष काम छैन ।***

नयराजमा यो भनाइको गहिरो प्रभाव परेको देखिन्छ । सायद यसैको परिणामस्वरूप निकै वर्षपछि अध्ययन र अनुसन्धानको उपज उनको ***प्राचीन र नवीन गणितको तुलना*** नामक पुस्तक २०३९ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भयो । यसरी अति विशिष्ट विद्वान्को अध्यापनबाट नयराजमा पनि ज्यौतिष विद्याप्रतिको गहिरो अभिरुचि पैदा भयो । पछि नयराजले वैद्य जीवमङ्गल वज्राचार्यको सहयोगबाट नेवारी लिपि पढ्ने अवसर पनि पाएका थिए ।

नयराज पन्तलाई पुराना कागजपत्र अध्ययन गर्नमा सहयोग गर्ने रामजी तिवारी हुन् । ***मेरा मातामह प्रायः पुराना कागजपत्र हेर्नु हुन्थ्यो । उहाँका प्रपितामह दैवज्ञ शिरोमणि पाँडे*** (वि.सं. १८१५-१८८८) ***जैसीकोठाका तालुकदारवाला हुँदा काम गरेका केही कागजपत्र मेरा मातामहसँग थिए ।*** [२]

---

१. नयराज पन्त,***लिच्छविसंवत्‌को निर्णय*** उपोदघातपृष्ठ ३, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (२०४३) ।

२. नयराज पन्त***लिच्छविसंवत्‌को निर्णय*** ऐजन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु पण्डितवर सोमनाथ सिग्द्यालज्यूको दर्शन मैले आफ्नो ५ वर्षदेखि ७ वर्षभित्रका कुनै दिनमा पाएको हुँ । (किनभने मेरो अक्षरारम्भ ५ वर्षमा भएको हो तथा म ७ वर्षको हुँदा मेरा मातामहले रानीपोखरी संस्कृत पाठशालामा पढाउन छोड्नु भएको हो ।) मलाई अहिले त्यस बेलाको आफ्नो ठीक उमेर ज्ञान छैन । त्यसबेला मेरा मातामह पं. भुवनाथ पाँडे रानीपोखरी पाठशालामा ज्योतिषका अध्यापक हुनुहुन्थ्यो र मलाई हात समाती आफूसँगै पाठशाला लानु हुन्थ्यो । म पाठशालामा पनि उहाँ सँगसँगै बसिरहन्थें । सबै पण्डितहरू पहिले प्रधान पण्डित श्रीगुरु सोमनाथको कोठामा जम्मा हुने र केही बेर गफगाफ गरी बिताउने चलन थियो । दिउँसो १ बजे पनि फेरि जम्मा भई गफ़गाफ गरी तमाखु खाने काम हुन्थ्यो । त्यसबेला श्रीगुरु सोमनाथको अनुहार मैले देखेको हुँ परन्तु त्यसबेलाको श्रीगुरुको अनुहार अहिले म सम्भन सक्तिनँ । जसरी अहिले म पण्डित गोपाल पाँडेको अनुहारलाई सम्झन सक्तिन ।

वि.सं. १९७७ वा १९७८ देखि कुमारीचोक पाठशालामा श्रीगुरु कविराज पाँडे (मेरी आमाको फुपुका छोरा) सँग म पढ्न लागें । त्यहाँ एक दिन केही मानिस पं. कविराजलाई भेट्न आएका थिए । तीमध्ये एक जना मानिसले मेरो मुख हेरेर ***यो ठग यहाँ पनि आएछ*** भनी भनेछ । त्यसबेला त मैले यसको अर्थ केही पनि बुझिनँ । अहिले विचार गर्दा ती मानिस रानीपोखरी संस्कृत पाठशालामा पढ्ने माथिल्ला कक्षाका कुनै छात्र होलान् जस्तो मलाई लाग्छ । मातामहसँग रानीपोखरी पाठशाला जाँदा ***अमरकोष*** लिएर म जान्थें । त्यहाँ कसरी पढ्थें, यो कुरो त म अहिले ठीकसँग भन्न सक्तिनँ । परन्तु ***अमरकोष*** ३०।४० श्लोकभन्दा बढ्ता मैले पढ्न सकेको थिइनँ । एक दिन मातामहले ***यसको चाख पनि छैन, यो पाठशालामा गएर पल्टन्छ*** भनी घरमा कुटेको मैले सम्झेको छु । यसकारण त्यसबेला मैले रानीपोखरी पाठशालामा गरेका ***अविनीत*** कामलाई सम्झी उनले त्यो कुरा बोलेका हुन् भन्ने मलाई लाग्छ । पाठशालामा र गुरुज्यू हेमराजको घरमा पनि पण्डितवर सोमनाथसँग मेरा मातामहको बराबर सम्पर्क भइरहने हुनाले उहाँको नामलाई मैले बालककालदेखिनै सुनेको हुँ । तिहारमा एकदिन ***आज पाठशालामा जूवा भयो, सोमनाथले धेरै हारे मैले यति जितें*** भनी मातामहले भन्नुभएको थियो । जितहारको रकम र वर्ष अहिले मलाई याद छैन ।

कुमारीचोक पाठशालामा १, २ वर्ष मैले पढें । गुन्नेसम्मको हिसाब र नेपालीमा सानासाना कथा लेख्ने अभ्यास त्यसबेला मलाई भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. नयराज पन्तको मातामही कुल

- अर्जुन पाँडे
  - कृष्ण
    - लक्ष्मण
      - गौरीश्वर
        - राजीवलोचन
          - रामहृदय
            - वाणीविलास
              - विश्वेश्वरविलास
                - चन्द्रप्रभा + भुवननाथ पाँडे
                  - यज्ञप्रिया + कृष्णदत्त पन्त
                    - नयराज

बडखोला पाँडे

- कलानिधि पन्त
  - भोजनिधि
    - बलभद्र
      - कृष्णदत्त
        - काशीप्रसाद
        - नयराज
          - महेशराज
            - मेघाविराज
          - दिनेशराज
            - मनस्विराज
            - यशस्विराज

सरम पन्त

नयराज पन्तको मातृकुल

- केशव पाँडे
  - काशीनाथ
    - रत्नेश्वर
      - कृष्णानन्द
        - लक्ष्मीपति
          - लीलानाथ
            - विश्वनाथ
              - भुवननाथ
                - यज्ञप्रिया + कृष्णदत्त पन्त
                  - नयराज

कुलेठा पाँडे

नयराज पन्तको वंश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि वि.सं. १९८० तिर म मेरा मामा मास्टर मेरुनाथ पाँडेका साथमा स्रेस्ता पाठशालामा पढ्न पुगें । यहाँ मेरा ४ जना गुरु हुनुहुन्थ्यो - मेरा मामा, मास्टर ललितनरसिंह जोशी, मास्टर जगतमान प्रधान, हाकिम मास्टर दिव्यमान जोशी । स्रेस्ता पाठशालामा मैले ४ वर्षजति पढें । उनताकाको नियम अनुसार हिसाब, औंठा, स्रेस्ता, लेखसमेत चार पास दिएँ । लेखबाहेक अरुमा म पास भएँ ।

स्रेस्ता पाठशालामा पढ्दै मैले मेरा मामाका साथी श्री गुरु तीर्थप्रसाद नेपालसँग उहाँको घरमा अलिकता अङ्ग्रेजी पढें । उहाँ म्याट्रिक परीक्षामा उत्तीर्ण हुनुहुन्थ्यो । मेरा मामाको ***लिहाजले*** उहाँले मलाई ४ वर्षजति घरमा अङ्ग्रेजी निःशुल्क पढाइ दिनुभएको थियो ।

वि.सं. १९८४ को अन्त्यमा पाँचौं कक्षामा दरबार हाइस्कूलमा भर्ना हुन म ठीक भएको थिएँ । मेरा मामाले पनि यो प्रबन्ध मिलाइदिनुभएको थियो । दैवसंयोग त्यसैबेला मलाई ज्योतिषी हुने इच्छाले छोप्यो । मैले मामासँग ज्योतिष पढ्छु भनी भनें । मामाले पनि पढ्ने भए पढ् भनी भन्नुभयो । तिनताका मामासँग म ***बीजगणित*** पढ्थें । तिनताका मेरा मातामह नाराहिटी राजदरबारमा पढाउनु हुन्थ्यो । ***प्रिन्सिपल सरदार वटुबाबु दरबारमा पढाउन आउँछन् बाटामा फर्कँदा कहिलेकहीं सँगसँगै हुन्छौं । उनी मसँग बडो मिजास गर्छन् तँलाई अङ्ग्रेजी पढ्न म उनीसँग कुरा गर्छु*** भनी मातामहले मसँग एक दिन भन्नुभयो । मत अङ्ग्रेजी पढ्दिनँ ज्यौतिष पढ्छु भनी मातामहसँग मैले भने । मातामहले ज्यौतिष पढ्ने भए कौमुदी पढ्नुपर्छ भनी भन्नुभयो । पण्डित बाबुराम पोखरेल राम्रोसँग कौमुदी पढाउँछन् । उनसँग गएर पढ् भनिदिउँला । साइत हेरेर पढेपछि राम्रो हुन्छ । फलानो दिन साइत छ । म घरमा यही थालिदिन्छु । पछि पाठशालामा गई बाबुरामसँग पढ्लास् भनी एक दिन रातमा साइत पारी मलाई मेरा मातामहले ***लघुकौमुदी*** प्रारम्भ गरिदिनुभयो ।***संज्ञाप्रकारण***सम्म मैले मातामहसँग घरमैं पढें । यही बीचमा मेरा मामाले पठशालाका ज्यौतिषका अध्यापक श्री गुरु पं. हेमनाथ भट्टसँग मेरो ज्यौतिष पढ्ने कुरा भनिदिनुभयो । ***पञ्चसन्धि***सम्म कौमुदी पढेपछि ज्यौतिष पढ्न बढियां हुन्छ भनी पं. हेमनाथले भन्नु भएछ ।

वि.सं. १९८४ को फालगुन महीनादेखि म रानीपोखरी संस्कृत पाठशालामा गई श्रीगुरु पं. बाबुराम पोखरेलसँग ***लघुकौमुदी*** पढ्नलागें । त्यसको केही महीनापछि श्री गुरु पं. हेमनाथ भट्टसँग ***लीलावती*** पढ्न म लागें । त्यसैबेला त्यहाँका प्रधान पण्डित श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्यालको राम्रो दर्शन मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएँ । पं. सोमनाथको अधिकार तथा रवाफिलो रङ्गढङ्गले सबै दबेका देखिन्थे । वि.सं. १९८५ मा मैले ***सुबन्त***सम्म ***लघुकौमुदी*** र सम्पूर्ण ***लीलावती*** पढें । मीनपचासको विदामा श्रीगुरु पं. बाबुराम पोखरेलको घरमा गई बडो प्रार्थना गरी ***तिङन्तभ्वादि***को भाग पढें । वि.सं. १९८६ मा श्रीगुरु पं. देवीदत्त पराजुलीकहाँ अनुवाद पढ्न म गएँ । उहाँकहाँ जानलाग्दा श्री गुरु हेमनाथ भट्टले ***उहाँ त बडो जाज्वल्यमान पण्डित हुनुहुन्छ*** भनी भन्नुभयो । यसरी वि.सं. १९८६ मा रानीपोखरी पाठशालाका तीन जना अध्यापक मेरा गुरु हुनुभयो । हुनत म ज्यौतिष पढ्न तम्सेको थिएँ , तर श्री गुरु बाबुराम पोखरेलको पाठन शैली र विद्वत्ताले मेरो मनमा बढ्ता प्रभाव पार्‍यो र म सबभन्दा बढ्ता मिहिनेत कौमुदीमा गर्न लागे । त्यसै वर्ष श्रीगुरु देवीदत्तसँग रघुवंश चतुर्थ सर्ग र ***श्रुतबोध*** मैले पढें । तीन वर्षमा पढ्नु पर्ने प्रथम परीक्षाका ग्रन्थ मैले २ वर्षमा पढेको हुनाले ***श्रुतबोध***को पढाइ अघिबाटै सिद्धिइसकेको थियो । त्यसबेला गणका कुरा मैले केही पनि बुझिनँ । साथी मुक्तिनाथ लुइँटेलको सङ्गतले गणको कुरालाई बुझेपछि ***श्रुतबोध***लाई बुझीकन मैले कण्ठस्थ गरें । हुनत स्रेस्ता पाठशालामा पढ्दा वि.सं. १९८३-८४ देखि नै साथी टुकराज मिश्रको सङ्गतले म कविता गर्न लागेको थिएँ । त्यसबेला मलाई छन्दको नियम केही पनि थाहा थिएन । वि.सं. १९८६-८७ देखि छन्दोबद्ध ढङ्गले पद्यरचना गर्न म लागें । वि.सं. १९८६ मा मैले प्रथम परीक्षा (व्याकरण दिएँ र तेस्रा भएँ । यस वेलासम्म ज्यौतिषमा मैले ***लीलावती*** र ***बीजगणित*** पढेको थिएँ । यसपछि वि.सं १९८६को हिउँदमा श्री-गुरु बाबुराम पोखरेलसँग परिश्रम पूर्वक ***मध्यकौमुदी*** पढ्न म लागें । ***मध्यकौमुदी*** सिध्याई ***काशिका*** पढ भनी श्रीगुरु बाबुरामले भन्नुभएको थियो । यसै वर्षाको हिउँददेखि श्रीगुरु देवीदत्तको उपदेशले म मिहिनेत गरी ***अमरकोष*** कण्ठ गर्न लागें । वि.सं. १९८७ मा श्रीगुरु हेमनाथसँग मैले ***रेखागणित*** ४ अध्याय पढें । वि.सं १९८७ को अन्त्यदेखि श्रीगुरु देवीदत्त पराजुली साहित्य मध्यमाका ग्रन्थ पढाउन लाग्नु भएको थियो । उहाँसँग म ती ग्रन्थ पढ्थें । ***कौमुदी*** र ***कोष***मा बढ्ता मिहिनेत गरेको हुनाले मलाई काव्यको अर्थ गर्न त्यति गाह्रो हुँदैनथ्यो । मेरो धेरै समय व्याकरण र साहित्य पढ्नमै बित्न लाग्यो । यो कुरो श्रीगुरु हेमनाथ भट्टलाई मन परेनछ । मेरा मामासँग हेमनाथ गुरुले तपाईंका भानिज त तपाईंले भनेजस्तो गरी ज्यौतिष पढ्दैनन् भनेर भन्नु पनि भएछ । वि.सं. १९८८ को प्रारम्भमा श्री ३ महाराज भीमशमशेरकहाँ कोटिहोम लाग्यो । त्यहाँ श्रीगुरु पं. बाबुराम पोखरेल जानु भएको थियो । २ महीना जति कोटिहोममै बित्यो । त्यसपछि लगत्तै श्रीगुरु बाबुरामको स्वर्गवास भयो । यस घटनाले म अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खिन्न भएँ । व्याकरण पढ्ने मेरो इच्छा अपूर्ण रहन गयो । अब व्याकरण पढ्न छोडी म मिहिनेत पूर्वक ज्यौतिष पढ्न लागें र त्यसै वर्ष ज्यौतिष मध्यमा दिने विचार गरें । मध्यमामा १ पत्र व्युत्पत्ति थियो । सो पत्र प्रधानाध्यापक पढाउनु हुन्थ्यो । त्यस वर्ष परीक्षामा ***पञ्चतन्त्र*** पनि रहेकोले ***पञ्चतन्त्र***लाई व्युत्पत्तिको रूपमा पढाउने श्रीगुरु पण्डितवर सोमनाथजीको निर्णय भएछ । त्यो पढ्न म पनि उहाँको कोठामा पुगें । उहाँको पढाइ बडो रवाफिलो ढङ्गको थियो । व्याख्यानात्मक ढङ्गले उहाँ पढाउनु हुन्थ्यो । पुस्तकका कुराभन्दा बाहिरिया विषयका कुरा ल्याई पढाउने उहाँको स्वभाव थियो । त्यस शैलीले म प्रभावित भएँ । श्रीगुरु देवीदत्त पराजुली पनि काव्य पढाउनु हुन्थ्यो । श्रीगुरु सोमनाथ सिग्द्याल पनि काव्य पढाउनु हुन्थ्यो । यी दुइ पढाइको तुलना त्यस वेला मैले गरें र श्रीगुरु सोमनाथको पाठनशैलीमा नै म बढ्ता प्रभावित भएँ । श्रीगुरु बाबुराम पोखरेलको व्याकरणको पढाइले मेरो हृदयमा अत्यन्त प्रभाव पारेको थियो । म सबै रूपलाई पाणिनिका सूत्रमा कस्न लागेको थिएँ । बाबुराम गुरुलाई मेरो यो स्वभाव मन परेको थियो । श्रीगुरु सोमनाथ कहाँ यो रीतले पढ्ने मेरो इच्छा थियो तापनि त्यसो गर्न मैले पाइनँ । वि.सं १९८८ मा मैले यहाँ ज्यौतिष मध्यमाको परीक्षा दिएँ, उत्तीर्ण भएँ । काशीमा ज्यौतिष मध्यमाको परीक्षा दिन जाने भएँ । सोमनाथ गुरुले ***संस्कृत लेख्न राम्ररी सिक्नु पर्छ*** भन्ने उपदेश दिनुभयो र मलाई २ महीना जति व्यक्तिगत रूपमा अनुवाद गर्न सिकाइदिनु भयो ।

वि.सं. १९८९ देखि म काशीमा ज्यौतिष पढ्न लागें ...

वि.सं. १९९७ को अन्त्यदेखि म रानीपोखरी संस्कृत पाठशालामा पढाउन लागें । म सत्ताईस वर्षको अनुभवहीन जोशिलो युवक थिएँ ।[३]

यस उद्धरणबाट नयराज पन्तको छोटो जीवनी थाहा पाउन सकिन्छ । वस्तुतः महान् व्यक्तिको जीवनी लेख्नु स्वयंमा दुःसाध्य कुरा हो तैपनि आफ्नो क्षमताले भ्याएसम्म अध्ययन, अनुसन्धान गरी यस दिशामा गहकिलो पाइला चाल्नु उत्तिकै आवश्यक हुन्छ । नयराज पन्त एक जना व्यक्ति हुन् तर उनको जीवनभरिको साधनाबाट कुनै संस्थाले सयौं वर्षसम्म पनि गर्न नसक्ने काम एकै जनाको लगनशीलताबाट भएको छ । त्यसैले नयराज पन्तको जीवनीले विद्याको अध्ययन, अनुसन्धान र अध्यापन परम्परामा महत्त्वपूर्ण स्थान राख्दछ ।

---

३ . नयराज पन्त , विद्वत्पूजा (२ सङ्ख्या) प्रस्तावना ***पूर्णिमा*** वर्ष ७ अङ्क ४, पूर्णाङ्क २८, पृष्ठ १८९, १९१, १९२ र १९३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत पाठशाला

काठमाडौंमा तीनओटा विद्यालय चलेका थिए । ती मध्ये पहिलो-रानीपोखरीसंस्कृत प्रधान पाठशाला हो र यहाँ सम्पूर्ण मध्यमासम्म अध्ययन गरेर विद्यार्थीहरू बनारसमा गई परीक्षा दिन्थे र त्यहाँभन्दा माथ्ला कक्षाहरूमा अध्ययन गर्नु परे बनारसमैं रहन्थे । यस विद्यालयमा पढाउने गुरुहरू सरकारी वेतनभोगी हुन्थे र विद्यार्थीहरूलाई पढाइको शुल्क लाग्दैनथ्यो । दोस्रो-नयराज पन्तद्वारा स्थापित विद्यालय थियो । यस विद्यालयमा परीक्षा नदिने शर्तमा मात्र विद्यार्थीहरू पढाइन्थ्यो । यसमा कडा नियम पालना गर्नु पर्थ्यो । परीक्षा नदिने त मुख्य नै भयो । अर्धकपाल पाल्न नपाइने, शर्टपाइन्छ लगाउनु नहुने, दौरासुरुवाल लगाउनु पर्ने, गुरुलाई नियमित रूपमा पाठ बुझाउनु पर्ने, अन्य तडकभडक देखिने खालको लवाइखवाइ गर्नु नहुने आदि आदि थिए । सवैभन्दा पहिले पाँचओटा पुस्तक कण्ठ गर्नु पर्थ्यो । ती पाँचओटा पुस्तक यिनै हुन् । १.*अष्टाध्यायी* २. *अमरकोष* ३. *भट्टिकाव्य* ४.*रघुवंश महाकाव्य* र ५.*हर्षचरित*। यी पुस्तक कण्ठ पारेर गुरुलाई पाठ बुझाइसकेपछि अरु विभिन्न विषयका गरी १०० पुस्तक आफैंले हेरी गुरुले सोधेका ठाउँमा राम्ररी अर्थ गर्नुपर्थ्यो । यसमा अङ्ग्रेजी शिक्षा हासिल गर्न निषेध थियो । यसरी अध्ययन गरेपछि विद्यार्थी थोरै समयमा विद्याको परम्परा रक्षा गर्न र इतिहास संशोधन गर्न सक्षम हुन्थ्यो । नेपालमा इतिहासको पढाइ हुन्थ्यो तर इतिहास कसरी बनाउने भन्ने कुराको पढाइ हुँदैनथ्यो । इतिहास बनाउनमा तल्लीन इतिहास शिरोमणि बाबुराम आचार्य मात्र थिए । नयराज पन्तले चलाएको विद्यालयबाट इतिहास बनाउने मानिसहरू थुप्रै पैदा भए । रानीपोखरी संस्कृत प्रधान पाठशालामा होइन कि नयराज पन्तले आफ्नै निजी विद्यालयमा पढाएका विद्यार्थीहरूमध्ये अहिलेसम्म ज्ञानमणि नेपाल मात्र गुरुका दृष्टिमा योग्य, नियमित र विश्वासपात्र विद्यार्थीको रूपमा देखापरेका छन् । तेस्रो - शेषराज रेग्मीले चलाएको विद्यालय पनि चर्चाकै विषय थियो । यहाँ पढ्ने विद्यार्थीहरू बनारसमा गएर परीक्षा दिन्थे । यी तीनओटै विद्यालयमा विद्यार्थीलाई पढाइको शुल्क लाग्दैनथ्यो ।

नयराज पन्तको विद्यालयमा पढ्ने विद्यार्थीहरू

नयराज पन्तले मासंगल्लीका वैद्य दिव्यवज्र वज्राचार्यको घरमा चलाएको सानो पाठशालामा थोरै विद्यार्थीहरूले मात्र नियम पालना गरी पढे । पढ्ने मध्ये पनि थोरैले इतिहास संशोधनको परम्परा चलाए । नयराजसँग वि.सं. १९९८ सालदेखि तोयनाथ पाण्डे शास्त्री परीक्षा दिनका लागि पढ्न आए । उनको मूल विषय *सिद्धान्त ज्यौतिष* थियो । यसैगरी अर्को वर्ष मङ्गलराज जोशी पढ्न आए । यिनको ध्येय पनि परीक्षा दिनेनै थियो । वि.सं. २००१ सालमा भोलानाथ पौडेल, सरस्वतीप्रसाद घिमिरे, नारायणप्रसाद लामिछाने, सत्यनाथ पन्त (पञ्चाङ्ग निर्माता) ले नयराजसँगै पढेर ज्यौतिष विषयको मध्यमा परीक्षा उत्तीर्ण गरे । माथि नाम प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएका चेलाहरू मध्ये नियमित रूपमा पाठ सुनाउने र व्याकरणको राम्रो अभ्यास गर्ने प्रतिज्ञा भोलानाथ पौडेलले मात्र पूरा गरे । वि.सं २००६ सालमा देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी ज्यौतिषमा मध्यमा परीक्षा उत्तीर्ण भए ।

वि.सं. १९९७ सालदेखि नयराज पन्तले आफ्ना मामाका जेठा छोरा चन्द्रनाथ (१९८७ - २००३) लाई पढाउन शुरु गरे । यसमा श्रीनाथ पाँडेबाट सहायता प्राप्त भएको थियो । यो देखेर चूडानाथ भट्टरायको सिफारिशबाट उनकै साला केशवमणि आ. दी. र उनका मामाका छोरा महेन्द्रनाथ तथा सुरेन्द्रनाथ अधिकारी पढ्न आएका थिए ।

पण्डित श्रीनाथ पाँडेको सिफारिशमा धनवज्रवज्राचार्य नयराजसँग पढ्न आए । २००४ सालको हिउँदमा पण्डित लक्ष्मीप्रसाद पोखरेलले ज्ञानमणि नेपाललाई लिएर आए । ज्ञानमणि नयराजका शिष्य हुनुभन्दा पहिले आफ्ना मामा जयदेव अधिकारीसँग ***मध्यकौमुदी*** पढेर संस्कृत भाषाका साधारण पुस्तकहरूको अर्थ गर्ने भैसकेका थिए । वि.सं. २०१० सालको वर्षमा महेन्द्र र सुरेन्द्रले नयराजको पाठशाला छोडे । यी दुइ जना गुरुज्यू छत्रनाथका छोरा र भतिजा थिए । पछि पण्डित लक्ष्मीप्रसाद पोखेलका भतिजा रामले पनि पाठशाला छोडे । २०११ सालको वर्षमा केशवमणिले यो पाठशाला छोडे । २०१३ मा किशोरमणि आ. दी. (राममणिका छोराका छोरा) तथा शीलकुमार पोखरेल (राममणिका छोरीका छोरा) ले पनि नयराजको पाठशाला छोडे । धनवज्र बज्राचार्यले आफ्नो उद्देश्यलाई डग्मगाउन दिएको भए वि.सं. २०१३ सालमैं इतिहास संशोधनको क्रम बन्द हुने स्थितिमा पुगिसकेको थियो । नयराज पन्तले आफ्नो विद्यालयमा संस्कृत भाषा, गणित तथा इतिहासको शिक्षा दिनमा आफूलाई समर्पित गरे । उनको पाठशालामा कविराज हरिप्रसाद खकुरेलका छोरा डम्बरप्रसाद पनि पढ्न आएका थिए । डेढ वर्षजति अध्ययन गरेर उनी पनि छोडेर गए । पेशलराज पोखरेल, केशवमणि आ. दी., महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारीले वि.सं २००६ सालको हिउँद महीनामा, मृगस्थलीको ब्रह्मचर्याश्रममा भएको सभामा ती चारै जनाले आफू-आफूले संस्कृतमा बनाएका कविता सुनाएका थिए । उनीहरूको कवित्व शक्तिबाट प्रभावित भएर हरिप्रसाद खकुरेलले बह्मचर्याश्रममा पनि नयराज पन्तद्वारा सञ्चालित पाठशालामा चलाएको पद्धतिनै लागू गर्ने विचार गरेका थिए । त्यो बेला संस्कृत भाषामा लेखिएको केशवमणिको कविता निकै सामयिक र स्तरीय भएको बुझिन्छ ।

कालानुसार कुशलो ननु लेखनाथ :

भोलानाथ पौडेल र ज्ञानमणि नेपाल मृगस्थलीको बह्मचर्याश्रममा अध्यापक भए । २००७ सालमा प्रजातन्त्र आएपछि योगी नरहरिनाथ राजनीतिमा सक्रिय रूपले भाग लिन थाले र ब्रह्मचर्याश्रमका गुरुहरूलाईसमेत यसमा सामेल गराउने उनको योजना थियो, तर भोलानाथ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानमणि राजनीतिमा खुल्ला रूपमा नलाग्ने भएका हुनाले २००८ सालमा यी दुवै जनाले मृगस्थलीको ब्रह्मचर्याश्रम छोडे । त्यसपछि भोलानाथ पौडेल आफ्नै गाउँ लुभुमा संस्कृत पाठशाला खोली अध्यापन गर्न लागे । ज्ञानमणि नेपाल चाहिं मासंगल्लीमा चलाएको एउटा सानो पाठशालामा पढाउन लागे । केही समयपछि नयराज पन्त भोलानाथ पौडेलको लुभु पाठशालामा जान लागे । शुरुमा साथीका रूपमा धनवज्र वज्राचार्य पनि थिए । यसको केही समयपछि नयराज पन्तका साथी भएर उनी जान चाहेनन् । यसपछि ज्ञानमणिलाई नयराजले साथी बनाए । धेरै समयसम्म यिनलाई पनि जाने अनुकूल मिलेन । ज्ञानमणिपछि शङ्करमान राजवंशीलाई साथी लिएर नयराज लुभु जान लागे ।

इतिहास संशोधनको परम्परा

साँच्चिकै भन्ने हो भने नयराज पन्त तथा उनको पाठशालामा अध्ययन गरेका उनकै विद्यार्थीहरूबाट मात्र शुद्ध रूपको इतिहास तयार भईछापिएको देखिन्छ । नेपालका प्राय: इतिहासकारहरू संस्कृत भाषा र प्राचीन लिपि जान्दैनन् । संस्कृत भाषा र प्राचीन लिपिको ज्ञान नभई पुराना अभिलेखहरू पढ्न सकिदैन । हामीकहाँ कतिसम्म विडम्बनाको कुरा भैराखेको छ भने नेपाली भाषामा निस्किएका शुद्ध अभिलेखहरू पनि पढ्ने कोशीस नगरी विदेशी इतिहासकारहरूले लेखेका वैज्ञानिक लेखाइको नाउँमा प्रचलित अशुद्ध लेखाइको अनुशरण गरी नेपाली इतिहासकारहरू इतिहास लेख्न अघि सर्दैछन् । यसरी आफूसँग भएका प्रमाणलाई लत्याएर अरुकै मात्र अनुशरण गरी लेखिएको इतिहासको संशोधन, संशोधन- मण्डलले गर्दै आएको छ ।

वि.सं. २००९ साल ६।५ मा केशवमणि आदी महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीहरूले पहिलो पटक इतिहास संशोधन गरे । वि.सं. २०१० सालको मंसीर महीनामा भोलानाथ पौडेल, धनवज्र बज्राचार्य र ज्ञानमणि नेपालले दोस्रो इतिहास संशोधन गरे । पौष महीनामा तेस्रो इतिहास संशोधन र २०१० सालको श्रीपञ्चमीका दिन धनवज्र र ज्ञानमणिले इतिहास संशोधन निकाले । भोलानाथ पौडेलले आफ्ना चेलाहरूद्वारा इतिहास संशोधन निकाल्न लागे । उनकै चेला लक्ष्मण सत्याल, अक्रूर, कुइँकेलले वि.सं. २०१०।१२।१७ देखि इतिहास संशोधन गर्न थाले । यी दुइ जनाबाट ११ ओटा संशोधन भएकामा पहिलोमा नयनाथ पनि सम्मिलित भएका थिए ।

धनवज्र बज्राचार्यका चेला घनश्याम सुवेदी, ऐश्चर्यधर शर्मा, गौतमवज्र वज्राचार्य, कुमारधर शर्मा, ज्ञानमणि नेपालका चेला श्यामराज पोखरेल, मोहननाथ पाँडे, बाबुराम नेपाल इतिहास संशोधक भई निस्के । केशवमणिका चेला महेश्वरराज सुवेदी, महेशराज पन्त र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयनाथ पन्त मिली इतिहास संशोधनपत्र निकाल्न थाले । केशवमणिले वि.सं. २०११ सालको वर्षामा नयराज पन्तद्वारा सञ्चालित विद्यालय छोडे । त्यस पाठशालाका सबै विद्यार्थीलाई शङ्करमान राजवंशी गणित पढाउँथे । देवीप्रसाद सबैलाई अक्षर राम्रा पारेर लेख्न सिकाउँथे । महेशराज पन्त, दिनेशराज पन्तलाई देवीप्रसाद, भोलानाथ, शङ्करमान र धनवज्र बज्राचार्यले पढाएका हुन् । दिनेशराज पन्तलाई रामजी, मोहननाथ, गौतमवज्र तथा महेशराजले पनि पढाएका थिए । यसरी विद्याको परम्परामा नयराज पन्तको पाठशालाले ठूलो भूमिका खेलेको छ । यसलाई आजको युगको गुरुकुल अनुरूपको परम्परा भन्नुमा कुनै अत्युक्ति हुने छैन । यस सन्दर्भमा नयराज पन्तको विचारलाई अघि सारौं ।

विद्वान् भास्करका कुराकन सुनी राम्रो परीक्षा गरी
पढ्दा मात्र रहेछ वास्तव भलो भन्ने कुरामा परी
सोही माफिक पढ्न उद्यम गरें, बेकार भो उद्यम,
लागें विज्ञ वराहको पछि, त्यता साफल्य क्यै पाइनँ

श्रीलक्ष्मीपतिका त्यता अलिकता भेट्टाइए पाइला,
थोरै दूर पुगेर नै हुन गए ती पाइला बेपता
जाँच्ने खेचरलाई गोलविधिले धोको त्यसै नै रह्यो
खाली पुस्तकको रटाइतिरमैं त्यो काल बित्दै गयो

राम्रो जाँगर साथ ली स्थिर भई छोडेर पूर्वाग्रह
जाँची शुद्ध विवेकले गहिरिई गर्ने स्वयं निर्णय
विद्वान् भास्करको प्रथाकन लिई राम्रो बसाली तह
पढ्ने पूर्वकथा स्वदेशतिरका मैले गरें निश्चय

केही काम त एकलै पनि गरें विस्तार बोझा बढ्यो
आफ्नो संग्रह यो पछाडि कसले हेर्ला नि भन्ने भयो
साझीदार बढून् अरू पनि भनी मैले गरें कोशिश,
क्यै जिज्ञासु र धूर्तले पनि लिए मेरो कुरामा रस

अल्झेका इतिहास जन्य घटना होऊन् खुलासा भनी
केलाई तिनलाइ सूक्ष्म विधिले संशोधको थालनी
विद्यार्थीहरूबाट भो, यसमहाँ मेरो थियो प्रेरणा,
त्यो रोक्नाकन धूर्तले अनि गरे नानाथरी साधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थोरै विज्ञ र धेर मूर्ख जनता यो लोकमा भैदिंदा
छद्‌टूका परिपञ्चबाट पनि ता हुन्छन् अनेकौं कुरा
सोही कारणबाट शोध गति भो अत्यन्त नै मन्थर,
क्यै जिज्ञासु मनुष्यबाट यसको भो प्राणरक्षा तर

सच्चानै इतिहासजन्य घटना यो देशमा फैलियून्
विद्यार्थीहरू पाठ्यपुस्तक पनि प्रामाणिकैनै पढून्
भन्ने आशयले कडा श्रम गरी यो साधना गर्दछु
धेरै मानिसका कुराकन सही बाँचीरहेको म छु । ५

नयराज पन्तलाई हेमराज शर्माले लेखेको चिठी

पण्डित नयराज पन्तके नमस्कार

पण्डित भुवननाथ पाँडेले अकस्मात, देहत्याग गरेको खवरले तिमीहरुलाई मात्र होइन मलाई पनि अत्यन्त अपसोस लाग्यो पुरानो कुरा जान्ने वयोवृद्ध असल ज्योतिषी थिए, बडो भरपर्दो काम गर्दथे मलाई पनि बखत बखतमा धेरै मदत गरेका थिए प्रतिवर्षको पञ्चाङ्ग हेर्ने सोध्ने काममा त धेरै जसो उनैको साहारा थियो के लाग्दो रहेछ दैवको लाठा सहन पर्दो रहेछ. ८१ वर्षको उमेर पुगी आफ्नो धर्म कर्ममा निरन्तर लागी तिमीहरु जस्ता छोरा नाती छोडी गएकाले उनको असल गति हुने कुरामा त सन्देह छैन. तिमीहरुले पनि उनको मार्गबाट हिड्नाले इहलोक परलोकमा कल्याणै हुनेछ, उनी गए ता पनि तिमिहरुबाट पुरा मदत पाउँला भन्ने मलाई पुरा विश्वास छ । दैवले पारेको कुरामा आफ्नो देहलाई ज्यादा चिन्तामग्न गराइ राख्ता अब हानि शिवाय केही नपाइने हुनाले धैर्य धारण गरी शोकलाई पातलो पार्दै लैजान्यै छौ भन्ने पुरा मलाई विश्वास छ.

तिमीहरूलाई परेको दुःखले दुःखी हेमराज शर्मा ६

हेमराज शर्माले नयराज पन्तबाट सहयोगको निकैनै आशा राखेको र अनुभवी, पुराना विद्वान् भुवननाथ पाँडेको निधनबाट उनलाई गहिरो चोट पुऱ्याएको कुरासमेत यो पत्रबाट स्पष्ट हुन्छ । हेमराज शर्मालाई नयराजले निकै सहयोग गरेको र यसकै बदला स्वरूप भनौं- हेमराजले आफ्ना पुस्तकालयमा रहेका पुस्तकहरू नयराज पन्तलाई हेर्न दिने गरेका थिए ।

---

५ . नयराज पन्त, ***इतिहाससंशोधनकोप्रमाण प्रमेय,***(उपोद्घात) पृष्ठ ९४९ र ५० ।

६ . *इतिहास संशोधनको प्रमाण प्रमेय* - पहिलो भाग, संशोधन मण्डल, उपोद्घातका रचयिता नयराजपन्त पृष्ठ १३,१४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपोद्घात र कृति

नयराज पन्तले केही पुस्तकहरूको उपोद्घात लेखेका छन् । आफैंले अनुसन्धान गरी तयार पारेका उनका कृतिहरू पनि थुप्रो छन् । अप्रकाशित पाण्डुलिपि पनि कैयौं छन् । ***पूर्णिमा*** पत्रिकामा पनि इतिहाससम्बन्धी उनका रचनाहरू छापिएका छन् । नयराजले निम्न पुस्तकहरूको उपोद्घात लेखेका छन् ।

१. धनवज्र बज्राचार्यले सम्पादन गरेको - ***त्रिरत्न सौन्दर्य गाथा*** वि.सं. २०१९ ।

२. भोलानाथ पौडेल र धनवज्र बज्राचार्यले सम्पादन गरेको ***गल्लीमा फ्याँकिएका कसिङ्गर*** वि.सं. २०१८ ।

३. धनवज्र बज्राचार्य र ज्ञानमणि नेपालले तयार पारेको ***ऐतिहासिक पत्र संग्रह*** भाग १ ।

४. रामजी तिवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र बज्राचार्यले तयार पारेको ***ऐतिहासिक पत्र संग्रह*** दोस्रो भाग वि.सं. २०२१ ।

५. धनवज्र बज्राचार्य, रामजी तिवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र बज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल मिली सम्पादन गरेको ***इतिहास- संशोधनको प्रमाण-प्रमेय*** पहिलो भाग वि.सं. २०१९ ।

६. नयराज पन्त, देवीप्रसाद भण्डारी, धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, दिनेशराज पन्तको संयुक्त प्रयाशबाट तयार भएको ***श्री ५ पृथ्वीनारायणको उपदेश*** भाग-४ वि.सं. २०२५ ।

७. रामजी तिवारी देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र बज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको प्रयाशबाट वि.सं २०१८ सालको शुरुमा ***संशोधन मण्डल*** भन्ने संस्था खडा भयो । यस संस्थाबाट ***अभिलेख संग्रह १-१२*** भाग छापिएका छन् । तिनीहरूमा पनि नयराज पन्तले उपोद्घात लेखेका छन् ।

८. रामजी तिवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल, दिनेशराज पन्त यी नौ जनाको सत्प्रयासबाट वि.सं. २०२१ सालदेखि ***पूर्णिमा*** त्रैमासिक पत्रिकाको प्रकाशन शुरु भएको हो । यसमा नयराज पन्तले लेखेका विभिन्न विषयका प्रामाणिक लेखहरू छन् ।

९. धनवज्र बज्राचार्य र ज्ञानमणि नेपालले सम्पादन तथा अनुवाद गरेको ***जयरत्नाकर नाटक*** २०१४ को उपोद्घात नयराज पन्तले लेखेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. नयराज पन्त
जन्म : वि.सं. १९७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै गरी उनले आजसम्म अनुसन्धान गरी लेखेका कृतिहरुको विवरण यस प्रकार छ -

१. नेपालको संक्षिप्त इतिहास (तोत्रराज पाण्डेयसँग मिलेर)
२. संस्कृत-बोध १-३ भाग (बदरीनाथ भट्टराई र चूडानाथ भट्टरायसँग मिलेर)
३. इतिहास-सहायक
४. ज्यौतिष (भूगोलसम्बन्धी)
५. बुद्धिविनोद प्रश्नोत्तरी
६. विद्यारक्षा (१-१५ सङ्ख्या)
७. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (देवीप्रसाद भण्डारी, गौतमबज्र बज्राचार्य र दिनेशराज पन्तसँग मिलेर)
८. गोलबोध
९. सुमतितन्त्रम् (ज्यौतिष)
१०. रत्नदीपको मूल भाग
११. वृत्तशतक
१२. श्री ३ महाराज पद्मशमशेरका कुरा
१३. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति
१४. प्राचीन गणित र नवीन गणितको तुलना
१५. त्रिकोणमिति (ज्योत्पत्ति)
१६. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या
१७. लिच्छविसंवत्को निर्णय
१८. कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना (दिनेशराज पन्तसँग मिलेर)
१९. हिन्दू सिद्धान्त ज्यौतिष र ग्रीक सिद्धान्त ज्यौतिषको तुलना
२०. रत्नदीप

माथि प्रस्तुत गरिएका पुस्तकाकारमा प्रकाशित महत्त्वपूर्ण अनुसन्धानात्मक कृति हुन् । नयराज पन्तले रचना गरेका फुटकर कृति पनि असङ्ख्य छन् । ***अमर भारती, नयाँ समाज, ज्ञानविकास, समय, मर्यादा, हैमवती, कल्पवृक्ष, कविता, पूर्णिमा, प्रज्ञा, गोर्खापत्र, मधुपर्क, शारदा, साहित्य स्रोत, पुरुषार्थ, नेपाली, प्राचीन नेपाल, अरुणोदय, सिंहनाद, जयतु संस्कृतम्, संस्कृत सन्देश*** आदि पत्रपत्रिकामा नयराज पन्तका कृति प्रकाशित छन् । यसरी नेपालको इतिहासको अनुसन्धान र संशोधन, गणित र ज्यौतिषको इतिहासको अनुसन्धान तथा व्याकरणको संशोधनका क्षेत्रमा विद्वान् नयराज पन्तबाट महत्त्वपूर्ण कार्य भएको छ । उनबाट गणित र इतिहासका क्षेत्रमा नवीन तथ्यको प्रकाशनकार्य यथावत् रहेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरस्कार

नयराज पन्तले वि.सं. २०४३ सालमा *लिच्छवि संवत्को निर्णय* भन्ने ग्रन्थका लागि रु. ५०,०००। = को मदन पुरस्कार प्राप्त गरे । त्यसैगरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले नेपालको इतिहासका क्षेत्रमा अध्ययन, अनुसन्धान र अशुद्धिहरूको संशोधन गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा प्रशंसनीय कार्य गरेबापत २०४५ सालको त्रिभुवन प्रज्ञा पुरस्कार विशिष्ट विद्वान् नयराज पन्तलाई प्रदान गरेको छ । यो पुरस्कारको रकम रु १,५०,०००।= रहेको छ । वास्तवमा यस्ता तपस्वी विद्वान् र अनुसन्धान कर्ताले पुरस्कारहरू पाउनु पर्छ । कवि, कथाकार, उपन्यासकार, निबन्धकार र नाटककार जस्ता सिर्जनात्मक लेखकलाई मात्र पुरस्कार दिने परम्परा बसाउँदा अनुसन्धानात्मक साहित्य निकैनै पछाडि पर्छ । सिर्जनात्मक कृति लेख्न पनि प्रतिभा र साधनाको जरूरत त पर्छ नै तर अनुसन्धानात्मक कृति लेख्न जति अप्ठ्यारो भने अवश्य हुँदैन । किनभने सिर्जनात्मक ग्रन्थ लेख्न शास्त्रको गहिरो ज्ञान आवश्यक पर्दैन । यो त हृदय पक्षको कुरा हो । कोमल हृदयको उद्घाटन गर्न अनुसन्धानात्मक कृतिहरुले सहयोग पुऱ्याउन सक्छन् भन्ने कुरा मेरो विचारमा त्यति सत्य होइन । शास्त्रको गहिरो ज्ञान नभएको मानिस सिर्जनात्मक साहित्यकार हुन्छ । शास्त्रको गहिरो ज्ञान भएको मानिस अनुसन्धानात्मक कृतिकार हुन्छ । ***शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति*** भनेर लेखेको पनि छ । वास्तवमा यो शाश्वत कुरो हो । त्यसैले नयराज पन्तजस्ता अनुसन्धानकर्ता विद्वान्हरूको योगदानको कदर गर्नु र उनीहरुलाई पुरस्कृत गर्नु कुनै पनि प्राज्ञिक संस्थाको प्रमुख कर्तव्य हो भन्ने म ठान्छु । यसको अभिप्राय सिर्जनात्मक लेख्नेको कदर गर्नु पर्दैन भन्ने होइन । सिर्जनात्मक साहित्यले मानिसलाई मनोरञ्जन प्रदान गर्छ । यसको पनि यथास्थानमा उचित सम्मान हुनु राम्रै कुरा हो

नयराज पन्त ज्ञानका सागर हुन् । उनका सम्बन्धमा आजसम्म नगण्य मात्रामा लेखिएको छ । मदन पुरस्कार गुठीको मुखपत्र ***नेपाली*** ४७ पूर्णङ्कमा - ***विद्वान् पन्तज्यू र उहाँको साधना*** शीर्षक दिई हंसपुरे सुवेदीले र ***रूपरेखा*** १७० पूर्णाङ्क २०३२ असारको अङ्कमा - ***पं. नयराज पन्तः जस्तो मैले देखें*** शीर्षकमा चेतोनाथ शर्मा आचार्यको लेखनै मुख्य छन् । ***नेपाली***कै ४७ पूर्णाङ्कमा नयराज पन्तका सम्बन्धमा एउटा सम्पादकीय छापिएको छ । उनको गुणको महत्त्व नबुझ्नेहरूका लागि यसले ठूलो सघाउ पुऱ्याउने कुरा महसूस गरी यहाँ त्यो शीर्षकसहित सम्पादकीय भाग उतार गरिएको छ ।

> पण्डित नयराज नेपालका एक विभूति हुन् । तर उनको गुणको पारख नेपालले गर्न सकेको छैन । उनको बाह्य अवयवबाट अप्रभावित भएर उनको लोकाचार रहित व्यवहारबाट असन्तुष्ट भएर उनको विद्वत्ताको अगाडि तेज हीन भएर हामीले उनको उपेक्षा गरेका छौं । तर उनको गुदीको कदर गरेका छैनौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डित नयराज ज्ञानका सागर हुन् । त्यस ज्ञानसागरबाट निस्केका मोतीहरू टिप्ने मान्छे त छन् तर आफैं डुबुल्की मारेर मोती खोज्न कोही तम्सँदैनन् । विद्याको भण्डार छ उनीसँग । त्यस भण्डारबाट नेपालको ढुकुटी भरिन सक्छ तर त्यहाँबाट यहाँ ओसार्ने मान्छे पाइँदैनन् । नयराज कलियुगका शिवि हुन् । उनी आफ्नो सम्पत्ति सिध्याएर नेपाली इतिहासको क्षुधा शान्त गराउँदैछन् । प्राचीन युगका शिविको परीक्षा पुरा भएपछि उनले मोक्षलाभ गरेथे तर यिनको चाहिं परीक्षा कहिल्यै पुरा हुँदैन कि क्या । यिनी स्वर्गलाभ गर्दैनन् यिनी मोक्ष पाउँदैनन् । यस्ता छन् हाम्रा आधुनिक शिवि । नयराजले नेपालमा नयाँ परम्परा चलाए, कि भनूँ नयराजले नेपालमा पुरानो परम्परा उजिल्याउन खोजे- धेरै पुरानो ऋषिकुलको परम्परा । तर त्यस परम्पराले कति राम्रो फलफलायो, त्यो हेरिएन । उनको परम्परा त्यसै कठ्याङ्ग्रियो। उनले प्रोत्साहन पाएनन्) सरकारबाट न जनताबाट । इतिहासको कत्रो विडम्बना ।

अब पनि हामीले नयराजलाई चिन्ने बेला भएन ? ८

९. श्री ५ को सरकारमा नयराज पन्तले चढाएको निवेदन

माननीय श्री शिक्षा सहायक मन्त्रीज्यूमा नम्र निवेदन

पञ्चाङ्ग सुधार विषयको पत्र पाएको हुँ । पञ्चाङ्गसँग मेरो धेरै कालदेखिको सम्बन्ध भएको हुनाले श्री ५ को सरकारले सहानुभूतिपूर्ण दृष्टि लिई सुधार गरिदिने इच्छा प्रकट गरेकोले त्यस समितिको सदस्यता मलाई पनि दिएकोले स्वभावतः हर्ष लागेको छ ।

ऐतिहासिक शिरोमणि बाबुराम आचार्यज्यू हाम्रो देशको गहना हुनुहुन्छ । उहाँले आफ्नो तीक्ष्ण बुद्धि र परिश्रमबाट धेरै कुरा पत्ता लगाई हाम्रो देशलाई दिनुभएको छ । वि.सं. १४०६ मा नेपालमा मुसलमानको आक्रमण भएको थियो भन्ने कुरा सबैभन्दा पहिले उहाँले नै पत्ता लगाई सुन्दर निबन्ध लेख्नु भएको हो । उसवेलाको सरकारको अनुदार नीतिले गर्दा सो निबन्ध प्रकाश हुन पाएन र त्यसको यश पछिबाट विदेशीले लिए । उहाँको निकटतम सम्पर्कमा म धेरै वर्ष बसेको छु । उहाँसँग मिली *संस्कृत - सन्देशमा* मैले लेख पनि प्रकाश गराएको छु ।

उहाँ अहिले ७६ वर्ष भइसक्नु भएको छ । दमको रोगले सताएकोले उहाँलाई हिंडडुल गर्न पनि गाह्रो हुँदै आएको छ । उहाँले सञ्चय गर्नु भएका धेरै ऐतिहासिक ज्ञानहरू उहाँका मनमैं

---

८. *नेपाली* पूर्णाङ्क ४७, पृष्ठ ६९ र ७० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । उहाँले संग्रह गर्नु भएका पत्रहरू पनि प्रकाशित हुन सकेका छैनन् । उहाँले ने.भा.प्र. समितिमा बसी नेपालको सुन्दर इतिहास लेख्नु भएको थियो । सो पनि प्रकाश हुन सकेको छैन । उहाँले विशेष सुविधा नपाउनु भएकोले तिनलाई प्रकाश गराउन सक्नु भएको छैन ।

विद्वच्छिरोमणि नायब बडागुरुज्यू हेमराजज्यूसँग धेरै अमूल्य ज्ञान थिए तथा उहाँले भाषाशास्त्र र व्याकरण विषयका नयाँ ग्रन्थ पनि लेख्नु भएको थियो भन्ने कुरा उहाँको निकट सम्पर्कबाट मैले थाहा पाएको थिएँ । एक दिन उहाँले मलाई भन्नुभएको थियो- मेरो जाने बेला भइसक्यो तिमीलाई केही सोध्नु छ भने सोधिहाल । तर मैले यसमा राम्रो ध्यान दिन सकिन । जान्न सकिने ज्ञानलाई उम्काएँ । यो मलाई साह्रै दुःखको कुरो भइरहेछ । ऐतिहासिक शिरोमणिज्यूको ज्ञान पनि उहाँ सँगसँगै नजाओस् भन्ने कुरामा हामीले विशेष विचार राख्नुपर्छ । यसकारण श्री ५ को सरकारले उहाँलाई विशेष सुविधा दिई केही मानिस उहाँले बोल्नुभएको ऐतिहासिक ज्ञानलाई टिप्न खटाओस् र तिनको संकलन गराई उहाँको नामबाट उहाँकै जीवनमा प्रकाश गराओस् भन्ने प्रार्थना मैले श्री ५ को सरकारसँग गरेको छु ।

ऐतिहासिक शिरोमणिज्यूले इतिहासविषयका केही निबन्ध पत्रपत्रिकामा प्रकाशित गराउनु भएको छ तर नेपालका पत्रपत्रिकाहरू शास्त्रीय लेखलाई प्रकाश गराउने खालका नभएका र ऐ. शि. ज्यूसँग काम गरिदिने मानिस पनि नभएकाले उहाँले अल्पशिक्षितहरूबाट पनि लिपिकारको काम लिनुपरेको छ । *नेपाली* १५ पूर्णाङ्कको१९पृ.) । यस अवस्थामा उहाँका लेखको सप्रमाण व्याख्या हुन सकेको छैन । जस्तै- लिच्छविकालको संवत्को निर्णय उहाँले धेरै अघि गरी लेख छपाउनु भएको हो (वि.सं १९९६ को फाल्गुनको शारदामा) तापनि त्यस विषयमा सम्पूर्ण ऊहापोह नभएकोले कुरो टुङ्गो लागेको छैन, विभिन्न कचिङ्गल उठिनै रहेछन् । त्यस्तै जयप्रकाश मल्ल, राजेन्द्रलक्ष्मी इत्यादि विषयका लेखमा पनि सम्पूर्ण प्रमाण प्रकाश हुन सकेका छैनन् । यस कारण तिनका प्रमाण उहाँबाट खुलाई लेखी उहाँकै जीवनमा प्रकाश गराउनु नेपालको इतिहासको रक्षाको लागि आवश्यक हुन आएको छ ।

शिक्षामन्त्रालयमा श्री शिक्षासचिवज्यूकहाँ यही मार्गमा बसेको बैठकको निर्णय अनुसार पञ्चाङ्गविषयको सुधारका लागि गर्नु पर्ने प्रबन्धको विषयमा हाम्रो बुद्धिले देखेको कुरो पञ्चाङ्गविवेचक समितिमार्फत श्री ५ को सरकारमा माघमै चढाइसकिएको छ । पञ्चाङ्ग विषयमा ऐ. शि.ज्यूले अझसम्म विशेष काम गर्नु भएको वा त्यस विषयमा ग्रन्थहरू लेख्नुभएको चाल पाइएको छैन । राणाकालमा "गुरुज्यू हेमराजज्यूकहाँ" तथा प्रजातन्त्रकालमा "शिक्षा मन्त्रालयमा" वर्षेनी बस्ने पञ्चाङ्गविषयको सभामा उहाँ आउन हुँदैनथ्यो । सो कुरो उस वेलाको पञ्चाङ्गविषयको निर्णय लेखिएका पत्रमा सहिछाप गर्नेहरूको नामावली हेरे थाहा हुन्छ । ती कागत गुरुज्यूकहाँ वा राष्ट्रिय पुस्तकालयमा तथा शिक्षामन्त्रालयमा होलान् । अफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमलो स्वभाव अनुसार देशको निमित्त आफ्नो अमूल्य समय दिई परिश्रम गरिदिने ऐ.शि.ज्यूले मञ्जूर गर्नु भए तापनि उहाँलाई नयाँ विषयमा अलमल्याई उहाँबाट हामीले लिन सक्ने सोझो फाइदालाई गुमाउनु बुद्धिमानी हुँदैन होला ।

हाम्रो देशमा पञ्चाङ्गहरू धर्मकर्मको लागि नै बन्छन् । धर्मसँग सम्बन्ध नराख्ने विरलाकोटि मनुष्यहरूले मात्र पञ्चाङ्ग हेर्लान् । दशैं कहिले गर्ने, क्षयमास बार्नु पर्छ कि पर्दैन भन्ने विषयमा माथिको आफ्ना देशबाट ठूलठूला सभा बसेको हालसालैको कुरा हो । यसकारण हाम्रो देशमा धर्मशास्त्रको अनुयायी नै पञ्चाङ्ग बनेको छ भन्नु अत्युक्ति हुँदैन । प्रकाण्ड धर्मशास्त्रज्ञहरूलाई नराखी पञ्चाङ्गसुधार विषयको सभा बसाउँदा त्यसको निर्णय लोकग्राह्य हुन्छ वा हुँदैन भन्ने कुरामा शङ्का गर्ने ठाउँ नभएको होइन । यसकारणले तथा विषयान्तरका विशेषज्ञको अध्यक्षता भएको हुनाले पनि यस सभाको सदस्यता स्वीकार गर्न म असमर्थ छु । यसमा म क्षमा चाहन्छु ।

अतो ऽ र्हसि क्षन्तुमसाधु साधु वा हितं मनोहारि च दुर्लभं वच: ।

२०२०।११।२६।२
महाबौद्ध, काठमाडौं नेपाल

निवेदक
नयराज पन्त [९]

लिओ.ई.रोजले गोकुलचन्द्रलाई लेखेको पत्र

यूनिभर्सिटि अफ् क्यालिफोर्निया,
बर्कले, क्यालिफोर्निया,
यू.एस्.ए.

वि.सं.२०१५ आश्विन १४ गते

इतिहास-संशोधन-पुस्तिकाका रचयिताहरूका साथमा भेट भएमा इतिहासका संशोधनमा उनीहरूले गरेका उच्च कृतिहरूलाई हामीहरू अत्यन्त प्रशंसा गर्छौं भनी सुनाइदिनु होला । प्राय: उनीहरूका कृति ठूलो पाण्डित्यका छन् । नेपालको इतिहासको अन्वेषणमा उनीहरूले धेरै उपयोगी काम गरेका छन् भन्ने मेरो विचार छ । नेपालको इतिहास अथवा ऐतिहासिक वर्णन लेख्ने धेरै रचयिताहरूले केही ज्यादै असावधानी गरेका छन् । तिनीहरूले गरेका अशुद्धिलाई

---

९. *पूर्णिमा* वर्ष ४ अङ्क ३, पूर्णाङ्क १५, पृष्ठ ३२५, ३२६ र ३२७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) पं. नयराज पन्तको निवास (ख) पं. डुम्बरुवल्लभ पन्तको निवास

वटु, सबलबहाल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आक्रमण गर्न र शुद्ध गर्न तयार रहेको मण्डलले जुन विषयमा हामीहरू लेख्न लागेका छौं, ती हामी सबैलाई धेरै सावधान गराइदिनेछ । यहाँ बर्कलेमा हामीले तयार गरेका ग्रन्थमा (नेपालको इतिहासका विषयमा) तिनीहरूले धेरै अशुद्धि भेट्टाउने छन् भन्ने कुरा मलाई लागेको छ । तर उनीहरूले गरेका आलोचनालाई हामीहरू स्वागत गर्नेछौं भन्ने कुरामा म तपाईँलाई विश्वास दिलाउँछु ।

लिओ ई. रोज
क्यालिफोर्निया-विश्वविद्यालय बर्कले, क्यालिफोर्निया,
संयुक्त- राज्य अमेरिका १०

यो पत्रको उतारबाट विदेशका विद्वान्लेसमेत नेपालका अन्य इतिहासकारहरूले गरेको अशुद्धिको दुत्कार र ***संशोधन- मण्डल***द्वारा प्रामाणिक इतिहास निर्माणमा गरिएको प्रयाशको प्रशंसा गरेको कुरा पुष्टि हुन आउँछ ।

लिच्छवि संवत्को निर्णयमा नयराज पन्तको विचार

छन् चैत्रादिक कार्तिकादिक दुवै संवत् चलेका यहाँ
चल्थ्यो लिच्छविकालमा कुन भनी शङ्का थियो चित्तमा
शङ्कानाशक अश्मलेख अहिले संशोधले ल्याइद्यो,
भोलाकी गृहिणी हुँदा मतिमती पाषाण त्यो देखियो ॥

बेन्डालादि शतत्रयी ३०० भनिदिने यै चिह्न हो भन्दछन्
यो हो पञ्चशती ५०० प्रबोधक भनी लेभीहरू भन्दछन्
चर्को वादविवाद यो चलिरह्यो पौने शताब्दीतक,
ल्याई सामु प्रमाण यो छिनिदियो संशोधले आखिर ॥

इन्द्राजीहरू तीन ३ सूचक यही सङ्केत हो भन्दछन्,
ऐ. शि. ज्यूहरू तीन ३ होइन यही नौ ९ हो भनी भन्दछन् ।
दोला पर्वतको शिलाभिलिखित श्लोकस्थ संकेतले,
यो हो सात ७ भनेर निर्णय गरे नानी धन-ज्ञानले ॥

---

१० . हाम्रो बक्तव्य, श्री डिल्लीरमण रेग्मीज्यूको छटेलपन *पूर्णिमा* वर्ष ३ अङ्क ३, पृष्ठ १०७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो साधारण बात झैं छ, तर यै सङ्केतको बोधले,
ठूलो काम भयो, म भन्छु अहिले यो बात संक्षेपले ।
पाइन्छन् तिनका षडङ्ग, तिनमा यौटा त हो ज्यौतिष,
त्यो वेदाङ्ग भनिन्छ, वर्ष त्यसमा अत्यन्त नै स्थूल छ ॥

त्यल्ले पार्दछ भेद तीस दिनको चालीस नै वर्षमा
लोकग्राह्य हुँदैन त्यो विधिकसै क्यै देश क्वै कालमा ।
त्यस्तो ग्रन्थ बन्यो अहो, किन, उही चल्दै गयो लोकमा
धेरै काल अड्यो त्यही किन, भनी उठ्छन् निकै तर्कना

प्रत्य-ज्ञान-निमग्न विज्ञजनको संदेह यो जो थियो,
अङ्कज्ञान यथार्थ भो र त्यसले सन्देह क्यै दूर भो ।
त्यो प्राचीन विलुप्त पद्धति अली उघ्रेसरीको भयो,
हामीलाई अगाडि बढ्न त्यसले केही सुविस्ता भयो ॥

दाह्री श्वेत भयो, बहत्तर पुगें भो देह क्यै दुर्बल,
आँखा कान दुवै गले, स्मृति भने ताजै छ मेरो अझ ।
ऐले पाणिनी- भास्कर-प्रभृतिका सूत्रार्थ सम्झीकन,
गर्दैछु श्रम यो कडा लगधका सूत्रार्थ बुझ्नाकन ॥

गर्दै काम शतायु बन्नजनले इच्छा लिनै पर्दछ,
यो वेदध्वनिजन्य अर्थ मनमा मेरो सधैं खेल्दछ ।
लुप्तार्थ श्रुतिनेत्र पढ्न त्यसले लागी परेको म छु
साथी छैन, छु एकलै, अलिअली यी पाइला चाल्दछु [११]

सन्दर्भ स्रोत

१. ज्ञानमणि नेपाल, कलङ्कीस्थान
२. महेशराज पन्त, वटु सवलबहाल

☆ ☆

११. नयराजपन्त, *लिच्छविसंवत्को निर्णय*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०४३) पृष्ठ ५७६र ५७७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२
मन्थलीका विशिष्ट विद्वान् भरतराज "मन्थलीय" को जीवनी

उठान

वि.सं. २०३४।११।२७।१ को मितिमा दाताराम शर्मालाई भेट्न (हजुर्वा) साझा प्रकाशनमा गएको थिएँ । त्यस बेला उनी साझा प्रकाशनमा कार्यरत थिए । त्यही मितिमा, त्यहीं दातारामलाईनै भेट्न साम्बभक्त सुवेदी पनि आएका थिए । त्यो बेला साझा प्रकाशन नयाँ भवनमा सरिसकेको थिएन, पुरानै भवनमा थियो । अनेकौं गफ चल्दै गए । त्यही बेला सम्बभक्तले भरतराज शर्मा "मन्थलीय"ले लेखेको ***महेन्द्रोदयम्*** महाकाव्य दुइ प्रति ल्याएका रहेछन्, दाताराम र मलाई उनैका हस्ताक्षरले तलको व्यहोरा लेखेर दिए ।

श्री भूपहरि पौड्याललाई
समर्पित
२०३५।११।२७।१ साम्बः

यसरी हामीले भरतराजले लेखेको एक एकओटा पुस्तक पायौं । यो महाकाव्य संस्कृतमा लेखिएको छ र यसका टीकाकार मन्थलीका शङ्करप्रसाद सत्याल हुन् । हुन त योभन्दा केही वर्ष पहिले देखिनै मैले भरतराज मन्थलीयका कृतिहरू पढ्दै आएको थिएँ तर उक्त महाकाव्य मेरो संग्रहमा भने थिएन । साम्वभक्तको सौजन्यबाट पाएँ, राम्रै भयो । ***नेपालको विद्वत्परम्परा***को विस्तृत अनुसन्धान गर्ने योजना बनाएपछि मैले ***मन्थलीको विद्वत्परम्परा***को खोज गर्न मन्थलीका ज्ञानप्रसाद घिमिरेलाई प्रश्नहरू दिएँ । वृद्धावस्थाको कारण उनी सधैंजसो विरामी भैरहेको हुँदा यो पुस्तक तयार गर्दा आफूले खोजेजति सामग्री पाउन सकिनँ । पछि भरतराज "मन्थलीय" लाई घट्टेकुलामैं भेटेर उनको विद्वत्ताको सम्वन्धमा प्रकाश पार्ने सामग्रीका निम्ति र ***मन्थलीको विद्वत्परम्परा***को इतिहास झल्काउने तथ्यका लागि केही प्रश्नहरू दिएँ । उनले आफूले जानेसम्म लिखित जानकारी दिए । वास्तवमा भरतराज शर्मा "मन्थलीय" संस्कृत, अङ्ग्रेजी र नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषाका प्रतिभाशाली विद्वान् हुन् । उनले आफ्नो प्रतिभालाई संस्कृत र नेपाली काव्य सिर्जनाको फाँटमा उपयोग गरेका छन् । भरतराज मन्थलीय संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका ज्ञाता भएको हुँदा उनको शास्त्रीय पाण्डित्य र काव्यसिर्जनाबाट संस्कृत र नेपाली वाङ्मयमा ठूलो योगदान पुगेको छ । उनी अझै साधनारत छन् र उनबाट नेपाली साहित्यले गहकिला कृति पाउँदै जाने विश्वास गर्न सकिन्छ ।

पुर्ख्यौली परम्परा

रामेछाप जिल्लाको उत्तरी पर्वत शिखर (लेख) ***नाम्दु***मा अहिले पनि घिमिरेहरूको बसोवास छँदैछ । ***नाम्दु***मा घिमिरेहरू कुन ठाउँबाट किन र कसरी बसाइँ आए यस सम्बन्धमा वास्तविक तथ्य अझ प्राप्त गर्न सकिएको छैन । ***नाम्दु***कै धनपति उपाध्याय घिमिरेका छोराहरूमध्ये एक जना ***तामाकोशी*** गङ्गाजीको किनारमा अवस्थित ***चिसापानी*** गाउँमा, अर्का एक जना ***रामेछाप*** जिल्ला सदरमुकामबाट ४ कोश पूर्व ***गैह्राथोक*** भन्ने गाउँमा, अर्का एक जना ***ओखल्दुङ्गा*** जिल्ला अन्तर्गत ***गामनाङ्ग*** गाउँमा, अर्का गङ्गाराम नाम गरेका ***रामेछाप***को सदरमुकाम नजिकै ***बाबियाखर्क*** भन्ने गाउँमा, अर्का देवाराम (राजनीतिक कारणले नाम परिवर्तन गरेर देवानन्दका रूपमा चर्चित भएका) ***मन्थली बेंसी***मा र अन्य छोराहरूमध्ये (जसको नाम थाहा हुन सकेन) कोही ***नाम्दुमै*** बसे र कोही चाहिं यसैगरी अरूअरू ठाउँमा बसाईं सर्दै गए ।

हामीले यहाँ चर्चा गर्न लागेको ***मन्थली*** गाउँ पुरानो भौगोलिक विभाजन अनुसार ***तिल्पुङ्ग थुम***मध्येमा पर्छ । ***कालिञ्चोक***को लेखबाट अविरलरूपमा बगेर आएकी ***तामाकोशी*** र ***सालु गैह्राथोक*** नजीकै ***ध्याप्चे***बाट बगेर आएको ***रणजोर खोला***को बीचमा एउटा सस्यानो डाँडो छ । यो त्यति अग्लो छैन र होचो पनि छैन । यसलाई एउटा ***थुम्को*** मात्र भन्न पनि मिल्दैन । किनभने यो अलिक धेरै क्षेत्र ओगटेर पसारिएको छ । यो ज्यादै मनोरम डाँडो हो । यहाँबाट वरपर लम्पसार परेर सुतेको कहिले धान र गहुँ लहलहाउने त कहिले एक हात घोगा मकै फल्ने खेतको फाँट देखिन्छ । बाटो हिंड्ने परदेशीलाई त यो फाँटले एकचोटि मोहनी नलगाई छोड्दैन । ***तामाकोशी***को नागबेली परेर बगेको नीलो रेखा र ***गौरी शङ्कर हिमाल***को मनोरम चुली देख्दा यो त धर्तीको स्वर्ग पो हो कि भन्ने भान पर्नजान्छ । यो मन्थलीलाई विद्वान् तथा कवि भरतराज "मन्थलीय" ले संस्कृत भाषामा लेखेको ***महेन्द्रोदयम्*** महाकाव्यमा यसरी बयान गरेका छन् -

> नात्युन्नतेनातिदीर्घे वेश्मराजिस्रमुज्ज्वले ।
> ***मनः स्थली*** मधा ऽ ऽ सन्ने गिरिश्रृङ्गे ददर्शसः ॥ १

---

१ . भरतराज शर्मा, ***महेन्द्रोदयम्***, दशम सर्गः श्लोक ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही कुरालाई अर्को शब्दमा ***देवयानी*** महाकाव्यमा पनि भरतराजले यसरी उल्लेख गरेका छन् -

छ शैल सानो, तर दीर्घ सुन्दर, उचालिएको वनले उतातिर
दुई नदीका जलको विभाजक, वसुन्धराको सुकुमार भाग छ
विशाल यो छैन, विशाल गौरव यहाँ जुटेको छ र यो विशाल छ
छ शैलको गौरव रम्य प्राकृत बनौट सम्पूर्ण हुँदा कलात्मक

छ भित्तिमा बारि यहाँ दुवैतिर, छ बारिका मन्तिर खेत सुन्दर
कुलो सबै याम चलेर कल्कल, अनेक बाली भइ गाउँ झलमल
छ रम्य यो पूर्व हिमाद्रि खण्ड नै, त्यहीं छ यो गाउँ नदी नजीकमैं
नदी हुँदै सुन्दर हुन्छ सिर्जन, यहाँ त झन् छन् वन शैल शोभन [२]

कवि (भरतराज मन्थलीय) परदेशिंदा आफ्नो जन्मस्थल मन्थलीको घर संझिएर उनले लेखेको यो पद्य पनि त्यत्तिकै मार्मिक छ-

त्यो डाँडाका शिखर गृहमा एउटा, सानु, राम्रो,
मैले छाड्दा मलिननहुने मात्र ऐले नराम्रो
मेरो प्यारो घर छ, पुरुखाको थलो, तीर्थ जस्तो,
विर्सौं भन्दा पनि नसकिने, चित्तमा छाप कस्तो [३]

नाम्दुबाट ***चिसापानी***मा बसाईं आएका सन्तानहरूमा बोधप्रसाद, यज्ञराज, मेघप्रसाद आदि अचेल ***धनुषा*** जिल्ला अन्तर्गत ***कपिलेश्वर***मा बसोबास गरिरहेका छन् । ***विनोदिनी*** काव्यका लेखक गोविन्दप्रसाद पनि यही वंशका भएको बुझिएको छ । ***गैह्राथोक***मा बसाईं जानेका सन्तानमा पण्डित सोमनाथ घिमिरे "व्यास" अचेल ***काठमाडौंकै टङ्गाल गहना खोज्ने पोखरी***मा बसेका छन् । ***गामनाङ्ग***मा बसाईं जानेका सन्तानमा सुब्बा भीमप्रसाद काठमाडौंकै गैह्रीधारामा बसेका छन् । ***बाबियाखर्क*** र ***मन्थली***मा बसाईं सर्ने गङ्गाराम र देवानन्दका छोराहरू बाह्रभाइका रूपमा प्रसिद्ध छन् । तीमध्ये पाँच भाइ (जेठो हाँगो) गङ्गारामका र सात भाइ (कान्छो हाँगो) देवानन्दका हुन् । यी बाह्रैभाइको मिलोमतोबाट ***मन्थली डाँडामा विश्वेश्वर महादेव***को स्थापना गरी मन्दिर र पाटी पाको इटँले बनाएका थिए । अहिले पाटी भग्नावशेषको

---

२ . भरतराज शर्मा "मन्थलीयः" ***देवयानी*** (महाकाव्य) सर्ग ९, श्लोक ६४।६५

३ . भरतराज शर्मा "मन्थलीय" ***व्योमपथ*** (खण्डकाव्य) २।१६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामेछाप जिल्ला अन्तर्गत 'नाम्बु' गाउँबाट मन्थली बेसीमा आएका काश्यप गोत्री उपाध्याय ब्राह्मण घिमिरे, दुइ भाइ, जस्तो कि:–

जेठा–गङ्गाराम र देवाराम

बालकृष्ण वाचस्पति जगन्नाथ ४.. ५... ६... ७...

प. विद्याधर

प. रामलाल शिवलाल रविलाल इन्द्रलाल

धर्म पत्नी कृष्ण मञ्जरी

पद्मराज मुक्तिराज पुण्यशील जीवनाथ

धर्मपत्नी चन्द्रप्रभा

लक्ष्मी प्रसाद विष्णु प्रसाद भव प्रसाद

धर्मपत्नी सुभद्रा देवी र सोम कुमारी

कमलादेवी ढकाल हरिगङ्गा देवी भरतराज मन्थलीय डुकु कुमारी (मानो कान्छी)

धर्मपत्नी खड्ग कुमारी

मेघनाथ तिमल्सिना (मिठु)

नीरराज, हरिप्रसाद, जानुका, विष्णु कुमारी

माधव प्र. कोइराला, अर्जुन प्र.

विमला, शैललता, ललिता

पद्मा भट्टराई उदयराज रश्मि कोईराला झङ्काररराज ज्योत्स्ना दाहाल सीमा घिमिरे

पति निरञ्जन लक्ष्मी पति पराशर (अविवाहित) पति शङ्कर प्रसाद (अविवाहिता)

अपर्णा(पूजू) शैली रोचि, यशा विनायक

पं. भरतराज घिमिरे 'मन्थलीय'को वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा रहेको र त्यस ठाउँमा ***महेन्द्रोदय माध्यमिक विद्यालय*** स्थापना गरिएको छ । हृदयराज शर्मा, भरतराज शर्मा "मन्थलीय", स्वर्गीय योगेन्द्रराज शर्मा र पण्डित शङ्करप्रसाद सत्यालको संयुक्त प्रयासबाट स्थापना भएको विद्यालय केही वर्ष अगाडि अस्थायी रूपबाट माध्यमिक तहको पढाइ सञ्चालन भएकोमा केही वर्षसम्म स्थायी स्वीकृति प्राप्त नभएको हुँदा पढाइ स्थगित गर्नु परे तापनि हाल माध्यमिक तहको स्थायी स्वीकृति प्राप्त भएको छ । ***रामेछाप*** जिल्लाको सदरमुकाम ***मन्थली***मा सरेपछि सो विद्यालय हाल ***मन्थली पुराना गाउँ***को बेंसीमा अवस्थित छ । शिवालय अहिलेसम्म छँदैछ । मन्दिरको पुनरुद्धार गरिएको छ । यहाँका शिवजीको सम्बन्धमा महाकवि भरतराज "मन्थलीय"ले ***महेन्द्रोदयम्*** महाकाव्यमा यसरी लेखेका छन् -

यत्रा ऽऽस्ते भगवान् शर्वः श्रीविश्वेश्वर संज्ञकः ।
पुण्यवान् सुन्दरः शैलः कैलास इव भासते ॥[४]

गङ्गारामका सन्तानमध्ये हिजोआज केही ***बाबियाखर्क*** र ***मन्थली कुँडहर***मा, केही ***जनकपुर***मा भूतपूर्व न्यायाधीश छविरमण आदि , केही जलेश्वर अन्तर्गतको ***औरही***मा भूतपूर्व मन्त्री भोजराज घिमिरे आदि आदि छन् । ***मन्थलीको कुँडहर*** निवासी एक जना घिमिरे परिवारका सदस्य व्याकरण र वेदान्त विषयमा आचार्य पास गरेर ***हरिहरानन्द स्वामी***का रूपमा रहेर अचेल ***हरिद्वार***मा बसेका छन् । देवानन्दका हाँगाको एउटा पात चाहिं यिनै विद्वान् तथा महाकवि भरतराज 'मन्थलीय' हुन् ।

देवानन्दका सात भाइ छोराहरूमा जेठा बालकृष्णका सन्तानहरूमध्ये ***मन्थली बेंसी***, ***विराटनगर, जनकपुर*** र ***भारतको आसाम***सम्म फ़ैलिएर रहेका छन् । माहिला वाचस्पतिका सन्तानमध्ये कुनै ***मन्थली बेंसी*** र कुनै चाहिं ***मन्थली डाँडाखर्क***मा बसोबास गर्दै आएका छन् । साहिंला जगन्नाथ समाजसेवी थिए । यिनले ***मन्थली डाँडा***मा वरपीपल रोपी चौतारो बनाएका थिए । यिनका सन्तानमध्ये कुनै ***मन्थली बेंसी***मा, कुनै ***विराटनगर***मा, कुनै ***काठमाडौं***मा, कुनै ***जनकपुर***मा, कुनै ***धनुषा*** जिल्ला अन्तर्गत ***गोदार***मा, कुनै ***वीरगञ्ज***मा, कुनै ***सर्लाही***मा त कुनै भने ***बनारस***मा पुगेर विभिन्न ठाउँमा छरिइबसेका छन् । जगन्नाथको हाँगोमा भरतराज मन्थलीय हुन् । देवानन्दका अन्य छोराका सन्तानहरू कहाँकहाँ फैलिएर बसेका छन् । यस कुराको अहिले टुङ्गो लाग्न सकेन । कान्छा ऋषिरामका सन्तानमध्ये केही चाहिं ***मन्थलीकै पात्ले*** भन्ने ठाउँमा बसोबास गरेका छन् ।

जगन्नाथका एउटै मात्र छोरा विद्याधर भए । यिनी ठूला विद्वान् थिए । काशीका ठूला-ठूला विद्वान्हरूले शास्त्रीय विषयमा यिनै विद्याधरसँग परामर्श लिन्थे । यिनी नेपालमा भन्दा पनि

---

४ . भरतराज शर्मा, ***महेन्द्रोदयम्*** दशमसर्गः श्लोक ३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशीमा निकैनै चर्चित भएको बुझिन्छ । विद्याधरका चार भाइ छोरा जन्मिएका थिए । तिनीहरू क्रमैसँग पण्डित रामलाल ,शिवलाल, रविलाल र इन्द्रलाल हुन् । पण्डित रामलालका सन्तानहरू पनि विद्वान् भएको बुझिन्छ । शिवलालले नेपाल अधिराज्यभरका सैनिकको रासनठेक्का लिइएको जानकारी पाइएको छ । रविलाल भोगविलासमा बढी लम्पट भए । यिनको हाँगो ***भालचन्द्र***मा पुगेर यसभन्दा अगाडि नबढ्ने स्थित देखापरेको छ ।

भरतराज "मन्थलीय" का प्रपितामह इन्द्रलाल हुन् । उनी समाजसेवी र ज्यादैनै जनप्रिय भएको जानकारी पाइएको छ । यिनै भरतराजका पितामह जगन्नाथले ***मन्थली डाँडा***मा बनाएको परस्पर आलिङ्गित वरपीपलको चौतारामा अन्यत्रबाट राम्रा-राम्रा ढुङ्गा ल्याई, तिनीहरूमा विभिन्न देवदेवीहरूका राम्राराम्रा मूर्ति कुँद्न लगाई , मास र चाकुले शिला टाँस्न लगाई अत्यन्त भव्य तथा सुन्दर बनाए । यसरी जीर्णोद्धार गरेको प्रमाणस्वरूप त्यही ठाउँमा एउटा शिलालेख पनि स्थापना गरे । यहाँ हरेक वर्ष ***अक्षय तृतीया***का दिन छाताजुत्ता दान गरी बटुवाहरूलाई सर्वत र जौको सातु बाँड्ने चलन पनि चलाए । यो परम्परा अहिलेसम्म पनि कायमै रहिआएको पाइन्छ । यो शुभकार्य अनन्तसमयसम्म कायम राख्न आफ्नो एउटा खेत गुठीको रूपमा राखेका थिए । यो चौताराको वर्णन भरतराजले ***महेन्द्रोदयम्*** महाकाव्यमा यसरी गरेका छन् -

यत्रा ऽ न्योन्यसमाश्लिष्टवटपिप्पलयोवधः ।
भा "तीन्द्रलाल" विप्रेण कारितं ग्रावचत्वरम् ॥ ५

यसैलाई अर्को शब्दमा अर्थात् नेपाली भाषामा पनि ***व्योमपथ*** मा उनले यसरी व्यक्त गरेका छन् -

गर्छिन् स्वामी वरकन वधू पिप्पली अङ्कमाल,
चौतारी नै मिलन- मधुरस्थान हो हेरिहाल
मिल्छन् आफैं रुख पनि हुँदा प्राकृती प्रीति गाढा,
मान्छे बाँच्ने भन त कसरी राखि मायालु टाढा

फेरि ***देवयानी*** महाकाव्यमा पनि महाकविले यो चौतारोलाई यस रूपमा बयान गरेका छन्-

अँगालिएका दुइ भिन्न वृक्षको
नियालि आलिङ्गनको उमङ्ग त्यो
रसज्ञयी सज्जनबाट सादर
बन्यो कि शय्या तिनलाइ चत्वर

---

५ . भरतराज शर्मा, ***महेन्द्रोदयम्***, दशमसर्गः श्लोक ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सखे ! सयौँ वर्ष बिते, अझै पनि
नबिग्रिएको बलियो महागुनी
पवित्र, सौन्दर्यमयी कलाकृति
बचाउने वंशज हुन् महामति [६]

यसरी आफ्नो कीर्तिलाई समाजसेवाको माध्यमबाट स्थायित्व प्रदान गर्न चाहने इन्द्रलाल एक बखत उदयपुर जिल्लाका बडाहाकिम पनि भएका थिए । यिनले त्यसबेलाका राजपुरोहित सत्याल खानदानकी कुलजा कृष्णमञ्जरीसँग शुभ विवाह गरेका थिए । कृष्णमञ्जरी पनि पढेलेखेकी विदुषी हुनुपर्छ । यिनले रचना गरेको ***मालश्री*** मधुर गीत हरेक दशैं-दशैंमा अहिलेसम्म पनि विशेषत: ***मन्थलीका स्वास्नीमानिसह***रू गाउँदै छन्।

यिनै इन्द्रलालका चार भाइ छोरा जन्मिए । ती क्रमश: पद्मराज, मुक्तिराज, पुण्यशील र जीवनाथ हुन् । पद्मराजका सन्तानमध्ये ***काठमाडौं स:माखु (को?) सी नयाँबजार*** घर हुने रेडक्रसका प्रमुख अधिकृत लक्ष्मणराज, नेपाल बैंकको शाखामा मेनेजर पदमा रहने ***नयाँ बानेश्वर*** घर भएका भवनाथ र ***सर्लाही*** जिल्लामा घर हुने बलराम हुन् । मुक्तिराजका सन्तानमध्ये ***काठमाडौं***को ***चावहिल***मा बसोबास गर्ने विघटित पञ्चायती व्यवस्थाका प्रधान पञ्च लोकनाथ आदि आदि र ***बीरगञ्ज***तिर बस्ने सुब्बा गोपालप्रसाद आदि हुन् । पुण्यशीलका छोरा पण्डित मायानाथ ***काशी***मा प्रसिद्ध विद्वान् भएर बसेका थिए । उनका छोरा ढुण्डीराज, मास्टर दुवनाथ र इष्टनाथ गरी तीन भाइ भए । इष्टनाथका छोरा डा. टेकनाथ ***विराटनगर***मा छन् । मायानाथकै छोरा ढुण्डीराजका सन्तान माधवप्रसाद आदि आदि वीरगञ्जमा छन् ।

इन्द्रलालका कान्छा छोरा जीवनाथ ज्यादै जनप्रिय तथा परोपकारी थिए । उनले गरेको परोपकार ज्यादै प्रसिद्ध र अनुकरणीय रहेको छ । उनी यतिसम्म परोपकारी थिए कि कुनै अपरिचित मानिसलाई सरकारी रकम बाँकी लागी नेलठोक्न लागेको देख्ता दयाले द्रवीभूत भएर आफैं जमानी बसी छुटाइदिएको र आफ्नो घरसर्वस्वले पनि नपुग्ने जमानत दिनु परेको थियो । यस्तै किसिमसँग वटोहीहरूलाई आफ्नै घरमा बोलाई दिनहुँ आतिथ्य प्रदान गर्दथे । उनका- लक्ष्मीप्रसाद, विष्णुप्रसाद र भवप्रसाद गरी तीनभाइ छोरा भए । अम्बिका, हृदयसुन्दरी र गोपसुन्दरी गरी तीनओटी छोरी जन्मिए । अम्बिकाका सन्तानमध्ये एक जना ***उमरखय्याम***का पद्यानुवादक र अन्य विविध ग्रन्थका लेखक तथाएकताकाअख्तियार दुरुपयोग निवारण आयोगका आयुक्त फणीन्द्रप्रसाद आचार्य आदि हुन् । अम्बिकाकै एकजना छोरा देवीप्रसाद महात्मा भएका

६ भरतराज शर्मा "मन्थलीय" *देवयानी* (महाकाव्य) सर्ग ९, श्लोक: ८० र ८१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए । उनका सम्बन्धमा एउटा के भनाइ पाइन्छ भने यिनले ईश्वरको साक्षात्कार गरेका थिए । हृदयसुन्दरीका सन्तान भएनन् । गोपसुन्दरीका सन्तान नन्दराज आदि ***झापा***मा भएको बुझिएको छ ।

लक्ष्मीप्रसादका दुइ भाइ छोरामध्ये जेठा सुब्बा मेघराज उपाध्याय. युधिष्ठिरजस्तै सत्यवादी र राजाजनक जस्तै ज्ञानी थिए । यिनका एक मात्र सुपुत्र शाखा अधिकृत स्व. योगेन्द्रराज शर्मा हुन् र नाति राजेश शाखा अधिकृत पदमा छन् । लक्ष्मीप्रसादकै अर्का छोरा दोर्दण्डप्रसादका छोरामध्ये जेठा भोजराज पूर्णतः ब्राह्मण धर्मका कट्टर तथा तपस्वी थिए । उनका छोरा ***सिन्धुलीमाडी***मा पनि घरवास हुने रविप्रसाद र ***काठमाडौं कुमारीगाल***मा पनि घर हुने चन्द्रदीप हुन् । दोर्दण्डका माहिला छोरा बालक अवस्थामैं दिवङ्गत भए । साहिला छोरा सरल स्वभाव भएका स्व. उद्धवप्रसाद हुन् । उनका छोरा पुरुषोत्तम र नरोत्तम हुन् । काहिँला छोरा गौरीघाटमा पनि घर हुने अजात शत्रु फणीन्द्रनाथ हुन् । कान्छा छोरा ना सु. कल्याणराज हुन् । यिनी हाल ***सिन्धुलीमाडी***मा छन् ।

जीवनाथका माहिला छोरा जिम्मावाल (जिम्वाल) विष्णुप्रसादका चार भाइ छोरा जन्मिएका थिए । तिनीहरू क्रमशः जिम्मावाल (जिम्वाल) ज्ञानप्रसाद, भूतपूर्व न्यायाधीश इन्द्रप्रसाद, प्रेमप्रसाद र ***निषिद्धा*** नाटक तथा अन्य महत्त्वपूर्ण ग्रन्थका लेखक, राजसभाका भूतपूर्व सदस्य हृदयराज शर्मा, काव्यतीर्थ, बी.ए हुन् । ज्ञानप्रसादका एक मात्र छोरा दीपकराज हुन् । यिनले बी.ए. परीक्षा उत्तीर्ण गरेका छन् र हाल यिनी ***जनकपुर सूर्ति विकास कम्पनी***मा अधिकृत छन् । जनकपुरमा पनि घर भएको हुँदा ज्ञानप्रसाद अधिकांश समय उतै बस्तथे । केही वर्ष अघिसम्म ***मन्थली***मा त बाली लगाउने र उठाउने समयमा मात्र आउनेजाने गरेकोमा अत्यन्त वृद्धावस्थाको कारण उनी जनकपुरमैं बस्ने गरेकोमा २०४९ सालमा उनको देहावसान भयो ।

इन्द्रप्रसादका चारभाइ छोरा जन्मिए । तीमध्ये- जेठा भूतपूर्व कर अधिकृत, विघटित पञ्चायती व्यवस्थाका मन्थली गाउँ पञ्चायतका प्रधानपञ्च दिनेशराज शर्मा हुन् र यिनले एम.ए. परीक्षा उत्तीर्ण गरेका छन् । यिनी गाउँमा त यत्तिकै बसिरहेका छन् । माहिला छोरा ***चावहिल***मा घर हुने कथाकार, उपन्यासकार तथा ***अभिव्यक्ति*** पत्रिकाका सम्पादक नगेन्द्रराज शर्मा हुन् । साहिंला ***बत्तीसपुतली*** लगायत अन्यत्र पनि घर हुने. ***लीलाम, सावित्ति***जस्ता उत्कृष्ट उपन्यासका लेखक, कथाकार, मैनाली कथा पुरस्कार विजयी तथा राम्राराम्रा गद्य कविता लेख्ने जगदीश घिमिरे हुन् । यिनले एम.ए. परीक्षा उत्तीर्ण गरेका छन् र यिनी वैदेशिक सेवामा उच्चस्तरका अधिकृत रहेकोमा सो सेवाबाट अवकाश ग्रहण गरी हाल राजनीतितिर लागेको बुझिन्छ । कान्छा ***जनकपुर***मा पनि घर हुने समीरराज शर्मा राजनीतिक कार्यकर्ता हुन् । साहिंला प्रेमप्रसादका छोराहरूमध्ये क्रमशः ***हेटौंडा***मा पनि घर हुने केशवराज, ***विराटनगर***मा पनि घर हुने ओभरसियर शम्भुराज बी.ए., ***सर्लाही***मा पनि घर हुने उत्तमराज एम.ए. र ***सर्लाही***मैं पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर हुने भुवनराज हुन् । कान्छा हृदयराजका छोरा सुहृद्राज हुन् । यिनको ***मैतीदेवी***मा पनि घर छ । यिनी बाणिज्यव्यसायमा समर्पित भएका पाइन्छन् । यिनका भाइ सुमनराज पनि छन् ।

जीवनाथका छोरा कान्छा ज्यादै नै इमानदार, कर्मिष्ठ, धर्मिष्ठ, वरपीपल रोपी हुर्काउनमा आनन्द मान्ने, कविता रचना गर्ने, भरतराज शर्मा "मन्थलीय" लाई लेख्ने प्रेरणा दिने, पितृ ऋणलाई चुक्त्याई बन्धकमा परेका खेत निखन्ने (उकास्नु), साधुसन्तहरूको सङ्गतमा रमाउन चाहने र भगवद्भक्तिमा निर्लिप्त हुने स्वभावका हुन् । यिनका एउटै मात्र छोरा ***काठमाडौं डिल्लीबजार घट्टेकुलो*** निवासी भरतराज "मन्थलीय" हुन् । उनका घरको ढोकामा ***"मन्थलीयपल्ली"*** भनेर लेखिएको छ । संस्कृत साहित्यमा ***महेन्द्रोदयम्*** महाकाव्य लेखेर महाकवि भएका र नेपाली साहित्यमा पनि महाकाव्य र खण्डकाव्यका रचयिता संस्कृत र नेपालीका विद्वान् भरतराजले आफ्नो उपनाम पनि आफ्नो जन्मभूमि ***मन्थलीय***लाई चिरकालसम्म आफ्नै नामसँग जोडाई राख्न ***मन्थलीय*** राखेका छन् । उनका ***महेन्द्रोदयम् , देवयानी, व्योमपथ*** आदि महाकाव्य र खण्डकाव्यमा मन्थलीकै बयान गरेका छन् । यसबाट उनलाई ***आञ्चलिक महाकवि***का रूपमा पनि लिन सकिन्छ ।

मन्थलीका घिमिरे परिवारले आर्जन गरेका विर्ता खेत र पाखाबारी ***खिम्ती, मन्थली, मरिनखोला जयमङ्गल***मा र ***धनुषा*** जिल्लाअन्तर्गत ***खजुरी***मा प्रशस्त थिए । विर्ता उन्मूलन हुँदा ती सबै रैकरमा परिणत भए । तीमध्ये कुनै सुक्रीबिक्री भए भने कुनै चाहिँ उनीहरूकै दाजुभाइले भोगचलन गरिआएका छन् । ***मन्थली*** भेगमा रहेको खेत र पाखोबारी त्यही ***गढवारी***मा बसोबास गरेका माझीहरूको स्वामित्वमा थियो । अहिले यो स्वामितव माझीबाट अरूमा सरिसकेको छ । यस वस्तुसत्यलाई भरतराज मन्थलीयले आफ्नो ***व्योमपथ*** खण्ड काव्यमा यसरी बयान गरेका छन् -

तामाकोशी -तट निकटका उर्वरा खेतवारी
माझीका हुन् तर छ अरूको स्वामिता दुःखकारी
क्यै बाँकी छन् तर कुटिलले जाल हाली रँदा छन्
ती सोझाका परिजन त्यसै दास-दासी हुँदाछन् [७]

यसै कुरालाई महाकविले ***महेन्द्रोदयम्*** महाकाव्यमा पनि यसरी बयान गरेका छन् -

श्ववृत्त्या जीवितैर्नित्यं पर्युदञ्चनपूरितै :
कुसीदकगृहीतस्व- गृहक्षेत्रैर्जनैर्युतम् [८]

---

७ भरतराज "मन्थलीय" ***व्योमपथ*** २।१८१।

८ भरतराज शर्मा, ***महेन्द्रोदयम्*** (महाकाव्यम्) सर्ग १०.श्लोक : २० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी *मन्थली*का घिमिरेहरूको वंशविस्तार क्रम संक्षेपमा वर्णन गरियो । अब भरतराजको जीवनीपरक खोजमा केन्द्रित हुने प्रयास गरिने छ । यो सबैको समष्टिरूपमा अध्ययन गरेपछि मात्र भरतराजलाई राम्ररी बुझ्न सजिलो पर्नेछ ।

जन्मको रोचक प्रसङ्ग

भरतराज जन्मनुभन्दा एक वर्ष अगाडिको कुरा हो । उनका पिताले पण्डित साम्बभक्त शर्मा सुवेदी "मुरारि" लाई व्यासासनमा राखेर पुत्रप्राप्तिको उत्कट अभिलाषाले अभिप्रेरित भई ***हरिवंश पुराण***को नवाह यज्ञ लगाएका थिए । भरतराजका दाजु जन्मेर शिशु अवस्थामैं दिवङ्गत भएको हुँदा शायद ***हरिवंश पुराण*** लगाएको हो भन्ने अनुमान गर्न सकिन्छ । ***स्वर्गद्वारी महाप्रभु***ले ***तामाकोशी*** पारी ***मुगीटार*** भन्ने गाउँमा ठूलो यज्ञ हुँदा यज्ञशालामा रहेका भरतराज शर्माका पिताजीलाई ***तिमीलाई पुत्र वरदान दिएँ*** भनी आशीर्वाद दिनु भएको थियो अरे । ***स्वर्गद्वारी महाप्रभु***बाट यसरी आशीर्वाद पाएको दिनमा भरतराजकी आमाको रजस्वला भएको सोह्रौं दिन भएको रहेछ । पिताबाट त्यही दिनको रात शुभ नक्षत्र परेको घडी पारेर आफ्नी पत्नीमा गर्भाधान भएको थियो । यसका साथै ***स्वर्गद्वारी प्रभु***ले नै जन्मिने बालकको नाम ***भरत*** राख्नु भनेर पनि अह्राउनु भएको थियो अरे । यसो भन्नुको मुख्यकारण भरतराजकै माहिलाबाका छोरा हृदयराज शर्माको केटाकेटीको नाम रामु थियो अरे । यसैले भन्न सकिन्छ- संस्कृत साहित्य र नेपाली साहित्यको क्षेत्रमा चर्चित व्यक्तित्व भरतराज शर्मा, मन्थलीय" को जन्म पितामाताको यौनक्रीडाजन्य प्राप्तिबाट मात्र नभएर ***स्वर्गद्वारी महाप्रभु***को वरप्रसादको फल रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । यिनै भरतराजको जन्म वि.सं. १९८२ साल माघे संक्रान्ति, अमावास्यातिथि, बृहस्पतिबार ***मन्थली बेंसी***मा भएको हो । उनको उत्तरषाढा नक्षत्र र धनराशी हो । एकादशस्थानमा चन्द्रमा छन् । न्वारनको नाम भेषराज हो । बोलाउने नाम चाहिं स्वर्गद्धारी महाप्रभुकै आज्ञामुताबिक ***भरत*** राखियो ।

भरतराजको मावली हाँगो

हालको पूर्वाञ्चल विकास क्षेत्र, सगरमाथा अञ्चलको ***ओखल्ढुङ्गा*** जिल्लाअन्तर्गत ***खार्पा*** भन्ने गाउँका पोखरेली खानदानका शिवनिधि शर्मा भरतराज मन्थलीयका वृद्ध प्रमातामह, राजनीतिक क्षेत्रमा ख्याति आर्जन गरेका त्रैलोक्यनाथ शर्मा प्रमातामह, चक्रप्रसाद शर्मा मातामह, नन्दराज शर्मा तथा ज्ञानकेशरी मामाहरू भएको बुझिएको छ । भरतराजकी आमाको नाम सोमकुमारीदेवी हो । सुभद्रादेवी भन्ने ***खुर्कोट***की आचार्यकी कुलजा उनकी ठूली आमा थिइन् । पहिलो विवाहिता पत्नीको देहावसान भएपछि सोमकुमारीदेवीसँग दोस्रो विवाह भएको हो । सुभद्रादेवीको कोखबाट कुनै सन्तानको जन्म भएन । भरतराज मन्थलीयका बूढा मावली ***रामेछाप***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिल्ला अन्तर्गत **केवलेश्वर**का सुवेदीहरू हुन् । त्यही क्षेत्रका सुवेदी भए पनि विघटित राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समितिका अध्यक्ष नवराज सुवेदी भरतराज मन्थलीयकै पुर्खाका छोरीतिरकै कुनै हाँगोको सम्बन्धबाट भानिज खलकका पर्छन् ।

भरतराज पिताका एक मात्र छोरा हुन् । दुइटी दिदीमध्ये जेठी कमलालाई ***सिन्धुली*** जिल्ला अन्तर्गत **मरिनखोला**का ढकाललाई दिएको र माहिली हरिगङ्गादेवीलाई ***सिन्धुली चैनपुर***का तिमल्सिनालाई दिएको हो । एक मात्र बहिनी डुकुकुमारीलाई ***सर्लाही*** जिल्लाको ***भक्तिपुर***का कोइराला परिवारमा दिएको थियो ।

अक्षरारम्भ

भरतराजका पिता भवप्रसादले शास्त्रीय विधिअनुसार **चान्द्रायण** व्रत लिएर शास्त्रीयविधि अनुसारकै हतियार, समिधा, अग्नि प्रज्वालन आदि गरेर बनाएको ***सरस्वती चूर्ण*** को रसले पीपलको पातमा ***सरस्वती यन्त्र*** लेखेर आफ्ना सुपुत्र पाँच वर्ष भएपछिकै वर्षको ***श्रीपञ्चमी***को शुप्रभातमा वैदिक विधिपूर्वक त्यो ***सरस्वती यन्त्र***को रस पियाएर भरतराजको अक्षरारम्भ गराएका हुन् । काठको फल्याकमा रातो माटोको धूलो राखी ***मालिङ्गा***को कलमले आफ्ना सुपुत्र भरतराजलाई सबैभन्दा पहिले **क** अक्षर चिन्हाउन लगाएका थिए । अक्षरारम्भ गराउने गुरु ***रामेछाप*** जिल्लाअन्तर्गत ***सालु*** गाउँ निवासी चुनिलाल ज्योतिषी थिए । त्यसपछि पिता भवप्रसादले हरेक अक्षरका काठका गाई बनाई सबै उनेर मालाका रूपमा भरतराजकै घाँटीमा लगाइदिए । अनि **क** भनेको कालन्द्री, **ख** भनेको खैरी भन्दैभन्दै सबै गाई वाच्छाबाच्छी देखाई साँवाअक्षर चिन्हाएका थिए । अन्य अक्षर सिकाउँदा त सजिलै भयो । ***ट*** अक्षरबाट नाम भएको कुनै गाईवस्तु नपाउँदा उजेली गाईले बाच्छो पायो र त्यसको नाम ट्याम्के राखियो र भरतराजलाई ***ट*** अक्षर सिकाइयो । यसैगरी अप्ठ्याराअप्ठ्यारा अक्षरबाट उठेका गाईवस्तुको नाम राखेर अक्षरारम्भको नौलो र सजिलो प्रथा शुरु गरियो ।

व्रतबन्ध

भरतराजको व्रतबन्ध ६ वर्षको उमेरमा भएको थियो । सामान्यत: आठ वर्षको उमेरमा उपनयन संस्कार गर्ने चलन छ । पाँच वर्षको उमेरमा पनि ब्रतवन्ध गरेको पाइएको छ । यो कुरा बेग्लै हो । यस सन्दर्भमा एउटा उल्लेखनीय मार्मिक कुरा हुन गएको छ । ***सालु साँमली-स्थान***का ज्योतिषी चुनीलाल त्यस भेगमा निकै जान्ने कहलिएका थिए । अरूभन्दा पनि भविष्यवाणी वताउने काममा उनले निकै सफलता प्राप्त गरेको बुझिन्छ । एक दिन अक्षरारम्भकै क्रममा भरतराजलाई चुनीलालले ***तिमी सात वर्षको हुँदा तिम्री आमाको देहावसान हुनेछ*** भन्ने कुराको भविष्यवाणी गरेका थिए । नभन्दै उनी सात वर्षको उमेरमा टेक्ता उनकी आमाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहावसान भएको थियो । भरतराज मन्थलीयलाई आफ्नै पिताले ब्रह्मगायत्री सुनाई वेदारम्भसमेत गराएका थिए । साथै, अलिक ठूलो भएपछि उनैले चालीस अध्याय **वेद** पनि पढाए । व्रतवन्ध भएको दुइ वर्षमै भरतराजले ***रुद्री*** र ***चण्डी*** कण्ठ पारेका थिए । त्यो बेला व्रतबन्ध गरेको १२ वर्षसम्म भात खाँदा बोल्नु हुँदैनथ्यो । उनले पनि यो मौन व्रत पालना गरेका थिए । हाम्रो समाजमा यो परम्परा क्रमशः टुट्दै गएको देखिन्छ ।

विवाह र सन्तान

दुइ, तीन दिनसम्म समाधिस्थ रहने र ***महात्मा*** उपनामले प्रख्यात भएका ***सिन्धुली मरिनखोला डाँडी***का निवासी ईश्वरीप्रसाद ढकालकी चौध वर्षकी खड्गकुमारी (मिठ्ठु) नाम गरेकी छोरीसँग भरतराजको ब्राह्म विवाह भयो । त्यो बेला उनी सोह्रवर्षका थिए । ***व्योमपथ***मा उनले पत्नीको वर्णन विरहावस्थामा यसरी गरेका छन्-

मोटी ह्वैनन् हृदयरमणी, पातलीनै न वा हुन्,
होची छैनन्, न त हलकिंदो बाँसझैं टिङ्गरी छन्,
सेती ह्वैनन्, न त मसिदले तुल्य काली अँधेरी,
बाला छैनन्, शरम न हुने प्रौढ नारी न मेरी

लामो चुल्ठो कटितल पुगी हुन्छ रोमाञ्च क्यार ।
लामा आँखा भृकुटि मुनिका माइतीका जुहार,
मोती राता अधरभरि छन् उक्सिएको छ छाती
चिन्छौ, देख्छौ जब विरहिणी पद्मिनीकै सँगाती

सुश्रेणीले अलसगमना बारुली कम्मरीका,
देख्ने छैनौ युगल सुकिला ऊरु काखै भरीका,
देख्छौ पक्का पद-कमल, जो पाउजूही न ऐले,
यौटै औंलो पनि नरँगिने भाउजूका तिमीले [१]

भरतराजकी पत्नी खड्गकुमारी पतिमा अत्यन्त भक्ति राख्ने, आचारविचारको परिपालनमा दृढ प्रतिज्ञ, ईश्वरको ध्यानमा मग्न भइरहने, ईश्वरको भजनमा भक्तिविभोर हुने,

---

१. भरतराज "मन्थलीय" **व्योमपथ** २-१७४-१७६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. भरतराज धिमिरे 'मन्थलीय'
जन्म : वि.सं. १९८२ माघे संक्रान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मानन्दको आनन्दलाई मात्र मुख्य आनन्द मान्ने, सांसारिक विषयसुखतिर वितृष्णा राख्ने, आफ्नो मन, वचन र कर्मलाई सधैं पवित्र राख्ने खालकी थिइन् । यतिका गुणहरू भएकाले उनलाई आदर्श गृहिणीका रूपमा लिन सकिन्छ । खड्गकुमारी घिमिरेले आफ्ना ससुराले रोपी हुर्काएको वरपीपलमा चौतारो बनाउन आफ्ना पति भरतराजलाई प्रेरित गरी कार्यसम्पन्न भएपछि त्यहाँ वृक्ष प्रतिष्ठासमेत गरिन् । उनले दुइ पटक सप्ताह लगाइन् । ***पशुपतिनाथ***को मन्दिरमा, ***जनकपुर***को ***राममन्दिर***मा, ***काशी विश्वनाथ***को मन्दिरमा र ***वदरीविशाल***मा गरी जम्मा चार पटक लाख बत्ती बालिन् । यस्तै किसिमले अनेकौं यज्ञयागादि, तीर्थयात्रा, नित्यनैमित्तिक व्रतहरू तथा व्रतप्रतिष्ठा समेत गरी यो जीवनलाई कृतकृत्य तुल्याइन् । आफ्ना पति भरतराजले संस्कृत भाषामा लेखेको ***महेन्द्रोदयम्*** महाकाव्य र नेपाली भाषामा लेखेको ***पहाड र झर्ना***को लोक खण्डकाव्यको प्रकाशनमा सहभागी (प्रकाशिका) भइन् । यसरी आफ्नो जीवनलाई आस्तिक मार्गमा परिणत गर्दै ५८ वर्षको उमेरमा (त्यो बेला भरतराज ६० वर्ष पुगेको देखिन्छ) आफ्नो सौभाग्यमय जीवनलाई आफ्नै पतिका काखमा बिसाइन् । पत्नीको अवसानपछि भरतराज "मन्थलीय"ले ***मिट्ठु*** नामक शोककाव्यको रचना गरे । यसलाई नेपाली साहित्यको शोककाव्य परम्परामा नौलो प्राप्ति मान्नुपर्छ । सिङ्गो काव्य पढ्दा बीचबीचका केही अमिल्दा शब्दहरूको संशोधन गरेपछि माधवप्रसाद घिमिरेको ***गौरी*** शोककाव्यपछि ***मिट्ठु*** दोस्रो उत्कृष्ट शोककाव्यका रूपमा प्रतिष्ठित हुनसक्छ । कविका अन्य नेपाली काव्य मध्ये पनि यो निकै उत्कृष्ट हुन पुगेको छ । यस ***मिट्ठु*** काव्यमा कविले पत्नीको वर्णन यसरी गरेका छन् -

नारीथ्यौ पनि भक्तिपूर्ण, त्यसमा आचारको शुद्धता
स्रष्टा माथि अनन्यभक्ति र निजी आनन्दमा मग्नता,
प्राणि प्रेम र स्वच्छ शुद्ध मनका व्यापारको हेतुले,
देवीथ्यौ गुणको वखान नहुँदै खोसी लग्यो दैवले

राम्रो देख्तिन व्योमको झिलिमिली, देख्ने कला गै गयो,
राम्रो देख्तिन भूमिको रिमिझिमी, देख्ने पला गै गयो,
राम्रो देख्न सिकाउने सहचरी आँखापरी भै गयौ
राम्रो देख्न र सुन्न छैन, मनको राम्री तिमी नै गयौ

यसरी पत्नीको अवसान भएपछि भरतराज विधुर भएर बाँच्न बाध्य भैरहेका छन् । उनका ४ ओटी छोरी र दुइ भाइ छोरा गरी ६ सन्तान जन्मिए । तीमध्ये ज्येष्ठ सुपुत्र उदयराज शर्मा ***देहरादून***बाट वन विषयमा स्नातक भई वन्यजन्तु संरक्षणका प्रमुख अधिकृत (रा.प.द्वि.श्रेणी) छन् । ***अमेरिका***बाट एम.एस उत्तीर्ण गरी हाल विद्यावारिधि उपाधिका लागि सपरिवार अमेरिका गएर बसेका छन् । बुहारी लक्ष्मी शर्मा अङ्ग्रेजी विषयमा एम.ए.मा अध्ययनरत छिन् । हाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MiDi

शैली नामकी एक मात्र नातिनी छन् । कान्छा सुपुत्र झङ्कराज शर्मा बी.कम.उत्तीर्ण भएर ***चार्टर एकाउन्टेन्सी*** विषयमा तीन वर्षसम्म ***दिल्ली***मा अध्ययन गरी काठमाडौं आई यहीं पूरा गर्न लागेका छन् । उनी शाखा अधिकृतको पदमा कार्यरत भएको बुझिएको छ । यो लेख छाप्दासम्म उनको विवाह भएको छैन ।

छोरीहरूमा जेठी पद्मा ***वत्तीसपुतली***का भट्टराई परिवारमा छिन् । यिनकी एउटी छोरी जन्मिएकी छिन् । यिनको नाम अपर्णा राखिएको छ । माहिली छोरी रश्मीले बी.एड. उत्तीर्ण गरेकी छिन् । यिनी ***वत्तीसपुतली***मैं कोइराला परिवारमा जीवन बिताइरहेकी छन् । यिनका रोचि र यशा गरी दुइटी छोरी छन् । साहिली छोरी ज्योत्स्ना ***विराटनगर***का दाहाल परिवारमा छिन् । यिनका शशाङ्क (विनायक) र मृगाङ्क गरी दुइ भाइ छोरा छन् । आफू बी.ए. मा पनि अध्ययन गर्दै छिन् । कान्छी छोरी सीमा आइ.ए. मा अध्ययनरत छिन् र उनको ***संखुवासभा*** जिल्ला अन्तर्गत वानाका रेग्मी परिवारमा विवाह भएको छ । यसरी भरतराज मन्थलीयको परिवार आजसम्म सुखमय जीवन बिताउँदै विभिन्न पेशामा कार्यरत रहेको बुझिन्छ ।

अध्ययन

भरतराज शर्मा "मन्थलीय" को प्रारम्भिक अध्ययन कुनै पनि विद्यालयमा नभएको बुझिन्छ । ***नक्साल*** निवासी नेपालका विख्यात् विद्वान् शेषराज रेग्मी (धर्मशास्त्र आचार्य, साहित्य आचार्य) ले आफ्नै घरमा नि:शुल्करूपमा पढाइ ***कलकत्ता***को हरिहर संस्कृत महाविद्यालयमार्फत ऋषिराज त्रिपाठीको शिष्यका रूपमा काव्यतीर्थ र ***काशी***को क्वीन्स कलेज मार्फत आफ्नै शिष्यका रूपमा शास्त्री उत्तीर्ण गराए । त्यसपछि भरतराज "मन्थलीय" ले ***पुतली सडक***मा रहेको पद्मोदय हाईस्कूलको छात्रका रूपमा भरना भएर एकै वर्षको अध्ययनमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि पटना युनिभर्सिटी अन्तर्गत त्रिचन्द्र कलेजबाट अर्थशास्त्र, भूगोल तथा अनिवार्य विषय अङ्ग्रेजी र नेपाली लिएर बी.ए.को पहिलो वर्ष उत्तीर्ण गरे । त्यसपछि २००७ सालको क्रान्तिमा लागेको हुँदा भरतराजको पढाइमा अवरोध खडा भयो । बी.ए.को द्वितीय वर्षको पढाइ सकिएर पनि उनलाई टेस्ट परीक्षा दिने मौका मिलेन । भरतराजले काव्यतीर्थ परीक्षा प्रथम श्रेणीमा र आइ.ए. बाहेक अन्य परीक्षाहरू द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् ।

जागीरे जीवन

भरतराज "मन्थलीय" को जागीरे जीवन वि.सं. २०१६ सालदेखि शुरु भएको देखिन्छ । पहिले रेडियो नेपालको प्रोग्राम असिस्टेन्ट (ना.सु. सरह) मा जागीर खाएका थिए र त्यो बेला उनको मासिक शुरुको तलव १४०।- थियो । त्यसपछि पदोन्नति हुँदै गई श्री ५ को सरकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रालय अन्तर्गत विभाग कार्यालय हुँदै राजपत्राङ्कित द्वितीय श्रेणी उपनिर्देशकको पदसम्म उनी पुगे । भरतराज अन्तिम अवस्थामा मालपोत विभागका उपनिर्देशक थिए । साठी वर्षको उमेर पुगेर सेवाबाट निवृत्त भएपछि उनले अहिले निवृत्तिभरण' पाइरहेका छन् । उनको जागीरमा प्रवेश नेपाल लोकसेवा आयोगद्वारा लिइएको परीक्षा उत्तीर्ण गरेरै भएको हो । अधिकांश मानिसहरू जागीर खानका लागि मात्र पढ्छन् । जागीर पाएपछि उनीहरूको अध्ययन र लेखनको क्रम टुट्छ । वास्तवमा अध्ययन र लेखनको क्रम साउँ अक्षर चिन्हेदेखि जीवन पर्यन्त अनवरतरूपमा चालू रहनुपर्छ । भरतराज "मन्थलीय" लगायत अन्य हजारौं मानिसहरूले यस्ता वृत्तिका लागि मात्र पढ्नेहरूको जमात देखेका छन् । त्यस्ता सीमित सोचाइ भएका मानिसलाई बुद्धिजीवीका श्रेणीमा गन्न सकिंदैन । भरतराजले आफ्नो जागीरे जीवनकालमा विद्वान् साथीहरूसँग संगत गर्ने मौका पाएका थिए तर तिनीहरूले पछि अध्ययनको क्रमलाई त्यसै छोडेकाले तिनीहरूको उल्लेख इतिहासमा नहुने कुरा निश्चित भएको छ । जेहोस् भरतराजको जागीरे जीवनका साथीहरू जागीर छँदा निकट र जागीर छुट्दा टाढाटाढा बन्दै गएका छन् । विद्यार्थी अवस्थाका, सामाजिक सेवा अवस्थाका र साहित्यिक साधनाको अवस्थाकाजस्ता निकट हुने जागीरे जीवनका साथीहरू हुँदैनन् । यो कुरा भरतराज स्वयंले भोग्दै आएका छन् । यसैगरी आजीवन निकटका नहुने साथीहरूमा राजनीति गर्दाखेरीका साथीहरू पनि हुन् । त्यसैले निचोड रूपमा भन्न सकिन्छ - जागीरे जीवन र राजनीतिक जीवन क्षणिक हुन्छ । यो कुरा हामीलाई इतिहासले देखाइरहेको छ । साहित्यिक र सामाजिक सेवाको जीवन युगौंयुगसम्म जीवित रहिरहन्छ ।

भरतराज "मन्थलीय" ले जागीरे जीवनकै अवधिमा ***भारत, थाइल्याण्ड, मलेशिया, सिङ्गापुर, जाभा, फिलिपिन्स, दक्षिण कोरिया***सम्म भ्रमण गर्ने मौका पाएका थिए । शायद व्यक्तिगतरूपबाट उनका निम्ति यी मुलुकहरूको भ्रमण असम्भव हुन्थ्यो होला । ती मुलुकहरूको भ्रमण गर्दा भरतराजले केही तालिम पनि लिएका थिए । त्यस्तै आर्थिक प्रशासन तथा अनुसन्धान केन्द्रबाट पनि तालिम लिई प्रमाणपत्र प्राप्त गरेका थिए ।

मानसम्मान

भरतराज "मन्थलीय" नेपालकै एक जना प्रतिभाशाली विद्वान् र महाकवि हुन् । उनले आजसम्म उल्लेखनीय राष्ट्रिय तहको ठूलो सम्मान पाउन सफलता पाएको देखिंदैन तैपनि सस्याना पुरस्कार भने उनले निकैनै पाएको बुझिन्छ । विद्यार्थी अवस्थामा एस.एल.सी.को टेष्ट परीक्षामा सर्वप्रथम भएकाले विद्यालयका तर्फबाट केही पुस्तक पुरस्कार स्वरूप पाएका थिए । कविता क्षेत्रमा ***विराटनगर***मा शनिवारे साहित्यिक समूह, भानुकला केन्द्र, हिडपा साहित्यिक परिवार, विराटनगर साहित्य संस्थान र प्रतिभा पुरस्कार प्रतिष्ठानबाट संयुक्त रुपमा आयोजना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

गरेको लेखनाथ शतवार्षिकी समारोह समिति मार्फत ***सम्मानित प्रतिभा*** भनेर भरतराजलाई भव्य पूजाआजा गरी सबै संस्थाले उपहार दिई वाद्यध्वनिकासाथ रिक्सामा राखी कविहरूको जुलुसले नगरपरिक्रमा गरेको थियो । अन्त्यमा प्रमाणपत्र पनि वितरण गरिएको थियो । यसलाई साहित्यिक संस्थाले एक जना कविको सम्मान गरेको घटनाले यस क्षेत्रमा नौलो क्षितिजको उद्घाटन हुँदै गएको मान्नुपर्छ । जागीरे अवस्थामा २८ वर्षको सेवा हुँदा २५ वर्षे ***दीर्घसेवा*** पदक प्राप्त भयो । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको राज्याभिषेकको शुभ अवसरमा ***राज्याभिषेक पदक*** पनि भरतराजलाई प्राप्त भएको थियो । आफ्नो पुरुषार्थले पाएको पुरस्कार सम्मान चाहिं ***गोरखा दक्षिण बाहु*** चतुर्थ हो । यो पदक उनले विनापुरुषार्थ पाएको होइन, कस्तो किसिमको पुरुषार्थ गरेका थिए त्यो कुरा यहाँ उल्लेख गरिरहनु मनासिव हुँदैन र भरतराजले पनि आफ्नो जानकारीमा उल्लेखगरेका छैनन् । लेखनाथ शतवार्षिकी समारोह समितिको विशेष प्रकाशन विराटनगरबाट प्रकाशित भएको सम्मान पत्रिकाले र तनहुँ मिरलुङ् कवाचितको सहयोग समितिले ***थापाथली***बाट प्रकाशन गरेको ***गाउँ सेवा कोष*** नामक पत्रिकाले भरतराज "मन्थलीय" को जीवनी छापेर उनको प्राज्ञिक क्षमता फैलाउनमा सहयोग पुऱ्याएको देखिन्छ ।

कृति

भरतराजले संस्कृत र नेपाली भाषामा गरी अनेकौं कृतिहरूको रचना गरेका छन् जसको विवरण तल दिइन्छ ।

(क) संस्कृत भाषामा लेखिएका प्रकाशित कृति

१. महेन्द्रोदयम् महाकाव्यम् , २०१५,
२. गिरिबालम् खण्डकाव्यम् , २०३९
३. मोतीवृत्तम् खण्डकाव्यम् , २०४१

(ख) संस्कृत भाषामा लेखिएका अप्रकाशित कृति

१. कवितावल्ली
२. कृष्णाभिसर्पणम् खण्डकाव्यम्
३. गीतिलये चाँदनीशाहकीयाः कविता, मन्दाक्रान्ता छन्दसि पद्यानुवादः

(ग) नेपाली भाषामा लेखिएका प्रकाशित कृति

१. अमरत्वको सन्देश, गीतिकाव्य (रुपान्तर)

विलियम वर्डवर्थको ode on intimations of immortality from Recollections of Earty Childhood . को पद्यानुवाद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. गिरिबाला खण्डकाव्य, २०३९
३. पहाड र झर्नाको लोक खण्डकाव्य, २०४०
४. व्योमपथ खण्डकाव्य, २०४१
५. मिठ्ठु खण्डकाव्य (शोककाव्य), २०४३
६. विभिन्न पत्रपत्रिकामा फुटकर कविता र निबन्ध लेखहरू प्रकाशित

(घ) नेपाली भाषामा लेखिएका अप्रकाशित कृति

१. मेघदूत पद्यानुवाद
२. लङ्काप्रवेश खण्डकाव्य
३. मनुस्मृति गृहस्थाश्रम वर्णन पद्यानुवाद
४. विष्णुसहस्रनाम अनुवाद अर्थ, उदाहरण र केही लीलानुकथनसहित
५. पातञ्जल योगशास्त्र पद्यानुवाद (कैवल्य पादबाहेक)
६. कवितालोक संग्रह
७. अग्रसन्ध्या महाकाव्य
८. चेतन चक्षु उपन्यास
९. श्रुति-सौरभ महाकाव्य
१०. अन्य धेरै फुटकर लेख र कविताहरू

भरतराज "मन्थलीय" संस्कृत र नेपालीका विद्वान् हुन् । उनले दुवै भाषामा समानरूपमा हात बढाएका छन् । भरतराज ब्रह्ममुहुर्तमा लेख्न रुचाउँछन् । उनको साधना अझै चालु रहिआएको छ र भविष्यमा पनि रहिरहने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

संस्मरण र प्रेरणा

भरतराज "मन्थलीय" लाई आफ्नै पिताजी र गुरु शेषराज शर्मा रेग्मीबाट आचार र विद्याप्राप्त भएको थियो । दाजु मेघराज उपाध्यायबाट पहिले र अहिले प्रा. गोपालनिधि तिवारीबाट आध्यात्मिक ज्ञान, **केवलेश्वर** निवासी पण्डित साम्बभक्त शर्मा सुवेदीबाट सामाजिक सेवातर्फ अभिरुचि र अर्थशुचिप्रति विशेष चेष्टा, बी. पी. कोइरालाको सम्पर्कबाट राजनीतिक ज्ञान, महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्पर्कबाट नेपाली साहित्यमा काव्योपासनाप्रति रति, महाकवि कृष्णप्रसाद घिमिरे र पूर्णप्रसाद ब्राह्मणको सम्पर्कबाट संस्कृतमा लेख्ने प्रेरणा, ***मकवानीबाला*** महाकाव्यका लेखक स्वर्गीय उमानाथ शास्त्री "सिन्धुलीय" को सम्पर्कबाट सरल जीविता प्राप्त भएका हुन् । भरतराजका निम्ति यी सबै अविस्मरणीय छन् । यसैगरी ***श्मशान*** नाटकका लेखक गोपालप्रसाद रिमालको सम्पर्कबाट कवितामा समसामयिक ध्वनि र जागरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन भरतराजले जानेका थिए । गोपालप्रसादलाई २००५ सालतिर उनले एउटा कविता लेखेर दिएका थिए जसको शीर्षक- ***अबला सबला बनौं*** थियो । ***अहिले छपाउने बेला भएको छैन*** भनेर यो कविता रिमालले नै राखेको अनुमान "मन्थलीय" ले गरेका छन् । यो कविता हाल भेटिएन । उनलाई अहिले आउने केही श्लोक यस प्रकार छन् -

किसान गेह- गेहिनी ! जुलूस खोल हूल भै
कुटो खनी खनी वृथा न देउ रक्तदान यो
नदी प्रवाह वेगको दिंदो छ तीव्र सूचना
अभीत गीत पुष्पको छ भृङ्गबाट गुञ्जिदो
वधू कपोल लांलिमा नपार पार तन्त्यमा इत्यादि

शिष्यहरू

वि.सं. २००८ सालदेखि २०१२ सालसम्म ***सिन्धुली गढी***मा भूतपूर्व बडाहाकिम, अञ्चलाधीश तथा गुठी संस्थानका अध्यक्ष (हाल: सेवा निवृत्त) वद्री विक्रम थापा, **जनकपुर** निवासी वकील विष्णुप्रसाद उपाध्याय, हृदयराज शर्मा र अन्य साथीहरूको सहयोगले कमला हाईस्कूल खोली भरतराज "मन्थलीय" प्रधानाध्यापक भई त्यहाँ स्वयंले अध्यापन गरेका थिए । पछि, त्यही स्कूल ***मन्थली***मा एक वर्ष र केही महिना रामेछापमा लगी नि:शुल्क चलाएका थिए । भरतराजले ***सन्धुली गढी***, ***मन्थली*** र ***रामेछाप*** मा पढाएका शिष्यहरू प्रतिभाशाली विद्वान् तथा अत्युच्च सरकारी ओहदामा आसीन छन् । यो देख्दा उनलाई अहिले आफूले रोपेको ***जुनारको बोट*** हुर्की पहेंलपुर भएर दाना पाकेजस्तै रमाइलो र आनन्दको अनुभव भैरहेको छ । यो कुरा भरतराज स्वयं पनि भन्छन् । ती को को हुन् त भन्ने जिज्ञासा प्रकट गर्दा उनले यो कुरा बताउन चाहेनन् । किनभने कथा तथा उपन्यासका लेखक र पत्रकार लीलासिंह कर्माबाहेक अरुले आफ्ना जीवनी प्रकाश गर्दा पनि गुरु भरतराज "मन्थलीय" लाई संझेका रैनछन् । उनको अध्यापनको अनुभवमा-***छात्रहरूले गुरुप्रति कृतज्ञता प्रकट गरेर पाठ्यपुस्तक पनि आफ्नो परम्परागत संस्कृति र धर्मप्रति आस्था जगाउने किसिमका भए मात्र अध्यापन गर्न आनन्द लाग्छ । कृतघ्न विद्यार्थीहरूलाई पढाएर आनन्दको अनुभूति नहुने रहेछ । अनि विद्यार्थीहरूमा राष्ट्रिय भावना प्रवलरूपमा भए मात्र गुरुहरूलाई राम्ररी पढाउने प्रेरणा प्राप्त हुने रहेछ ।***

आत्मीय साथीहरू

मानिसहरू व्यवहार र विचारसँग मेल खाए पछि साथी बन्छन् । त्यस्तै ,भरतराजका पनि आत्मीय साथीहरू नभएका होइनन् । कुन-कुन साथीबाट के कति सहयोग प्राप्त भएको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको यथातथ्य विवरण प्राप्त गर्न कठिनै छ तापनि जेजति प्राप्त भएको छ त्यसैको संक्षिप्त चर्चा गर्नु पनि मनासिवै ठहर्ने छ । विशेषत: भरतराजको पढाइमा सहयोग गर्ने साथीहरूमा ***डिल्लीबजार कालिकास्थान*** निवासी अङ्ग्रेजी साहित्यका धुरन्धर विद्वान् स्व. हरिहरनाथ रेग्मी, त्यहींकै राष्ट्र बैंकका प्रमुख अधिकृत स्व. ऋषीकेशनाथ रेग्मी, ***ज्ञानेश्वर***का रामजी अर्याल र उनका भाइहरू आदि आदिको नाम लिन सकिन्छ । सामाजिक कार्यक्षेत्रमा सहयोग दिने साथीहरू ***जनकपुर*** निवासी विष्णुप्रसाद उपाध्याय, बद्रीविक्रम थापा आदि आदिको नाम लिन सकिन्छ । साहित्यिक क्षेत्रमा सहयोग गर्ने साथीहरूमा ***सिन्धुली*** जिल्लाको ***हैवार***मा घर भई राजनीतिमा लागेका र पछि यस क्षेत्रमा सफलता प्राप्त गर्नसक्ने सम्भावना कम देखी हाल अध्ययन, अनुसन्धानमा लागेका कुलचन्द्र कोइराला, विराटनगरका प्रसिद्ध काव्यकार, नेपाली काव्य सिद्धान्तका प्रतिपादक, सह-प्राध्यापक साहित्याचार्य, भानुभक्त पोखरेल, ***विराटनगर*** निवासी सह-प्राध्यापक डा. गणेश भण्डारी, ***झापा***बाट प्रकाशित हुने ***जुही*** त्रैमासिक पत्रिकाका सम्पादक सह-प्राध्यापक चूडामणि रेग्मी, महाकवि पूर्णप्रसाद ब्राह्मण, महाकवि कृष्णप्रसाद घिमिरे, जनकपुर निवासी याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका प्राध्यापक रोहिणीवल्लभ र ***महन्द्रोदयम्*** महाकाव्यको पाण्डुलिपि ठाउँमा पुऱ्याउन बाटो देखाउने महोत्तरी सागरनाथ निवासी चूडाराज काफ्लेको नाम मुख्य रूपमा लिन सकिन्छ ।

अन्य कुरा

भरतराज "मन्थलीय" लाई मनपर्ने ***निरामिष सात्विक*** भोजन हो जसमा विशेषत: गो-रस र शुद्ध मधु एवं मौसमी ताजा फल-फूल तिनमा पनि मेवा, मालभोक केरा, सलिफा र ग्यामरा ऊखु हुन् । पहिरनमा उनी राष्ट्रिय पोशाक मन पराउँछन् त्यो पनि स्वदेशी वस्त्रको । सजिलाका लागि विदेशी वस्त्रका धोक्रे सुरुवाल र कमिज पनि लगाउँछन् । कहिलेकाहीं कुर्थासुरुवाल लगाएर हिंडेको पनि देखिएको छ । पहिरनमा त्यति नियमितपन भएको पाइँदैन ।

भरतराजकी माता सोमकुमारी ४५ वर्ष पुग्दा र उनी ७ वर्षका हुँदा ज्योतिषी चुनीलालले बताए बमोजिम ***मन्थली तामाकोशी*** किनारमा बिरामी भएर स्वर्गवासी भइन् । पिता ७६ वर्ष पुग्दा २०१४ सालको फागुनमा विरामी भएर उही ***तामाकोशी*** किनारमैं दिवङ्गत भए । माताजीको स्वर्गारोहण भएको ३,४ वर्षपछि अर्थात् भरतराज १०/११ वर्षको हुँदा उनले ***मातृ-शोक*** शीर्षकमा २६ श्लोकको कविता बनाएका थिए । ती श्लोक यहाँ उल्लेख गर्न खोज्दा भेटिएन । उनका मावलीतिरका कुनै कुनै वृद्धालाई ती कण्ठ आउँछन् भन्ने जानकारी पाइएको छ । तीमध्ये एक श्लोक यस्तो छ -

शठ पुत्र म हुँ हजूरको जगतै शून्य म देख्तछु अहो ।
सुकुमार मुहार हे मुमा । किन भो हाय । विकाम नै यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) पं. भरतराज 'मन्थलीय'को सँदियार गाउँ



(ख) पं. भरतराज 'मन्थलीय'को जन्मस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००७ साल अगाडि शिवरात्रीजस्ता पर्वहरूमा राणाशासन्को उन्मूलनको चूरो बोकेर टङ्कविलासको नेतृत्वमा स्वयंसेवकभै सामाजिक सेवामा संलग्न भएका भरतराज *श्मशान* नाटकका लेखक गोपालप्रसाद रिमालको प्रार्थना सभा अन्तर्गत प्रमुख संदस्य भएर श्रीपशुपतिनाथ र श्री शोभाभगवतीको मन्दिरमा प्रार्थनामा सहभागी हुन्थे । ***बुद्यार्ईंले छोएपछि वनकालीस्थित सनातन धर्म सेवा समितिको केन्द्रीय कार्यकारी सदस्य भई केही वर्ष काम गरे तर त्यहाँ धर्मलाई राजनीतिकरण गरेको देखेर काम गर्न मन लागेन र जान छोडिदिए*** । यिनै शब्दमा भरतराज भन्छन् ।

भरतराज "मन्थलीय" पैदल हिंड्नमा बढी रुचि राख्छन् । ***घट्टेकुलाको मन्थलीयपल्ली***मा साधारण जीवनयापन गरिरहेका छन् । अहिले उनको दिनचर्या स्वाध्यायन गर्नु रहेको छ । उनी संक्षिप्त स्तोत्ररूपमा वैदिक विधिपूर्वक पूजाआजा गर्छन् । ***श्रीमद्भागवत् गीता र विष्णुसहस्रनाम*** आदि पाठ गर्छन् । विहान ९ बज़े र बेलुका ६, ७ बजेतिर भोजन गर्छन् । राति १० बजे सुत्छन्, ब्रह्ममुहूर्तमा उठ्छन् ।

काठमाडौंमा करकुटुम्ब, नातागोता हुंदा, त्यसैगरी वृद्धाहरू काशीवास गर्ने हुँदा, अनि ***काशी***मैं नातासम्बन्ध पनि हुँदा आफ्नो धर्म र संस्कृतिको प्रतिपालन गरिरहेको हुँदा र कुलको शालीनता हुँदा ***मन्थली***का घिमिरेहरू विद्वान् कवि् लेखक भएका हुन् । अव भने मन्थलीलाई विद्वान्हरूको वासस्थान भन्नुभन्दा जन्मस्थान भन्नु मनासिव ठहर्ने छ । किनभने जिल्ला सदरमुकाम ***मन्थली***मा सरेपछि त्यहाँको घिमिरेको वस्ती अधिग्रहण भएको छ र त्यहाँ हाल सरकारी कार्यालयहरु रहेका छन् ।

सामग्री भाग

१. कृष्णाभिसर्पणम्

उर: प्रदेशे हरिचन्दनायित: श्व एव गन्ता विरहय्य न: प्रिय: ।
इन्थं विषण्णा वनमालिवल्लभा न लेभिरे स्वाप सुखं स्व वेश्मनि ॥

संभूय सर्वा भवने क्वचित् तत: प्राक्षालयन् स्वस्तनरागमश्रुत: ।
गोविन्द दामोदर माधवेति या: स्वैररभिन्दंश्च निशीथ नैरवम् ॥

गृहे पितृभ्यां शिशुरित्यवेक्षितं तथापि दैत्यौघ विदारण क्षमम् ।
विना मुकुन्दं न भवेम सावना इत्थं बुवाणा रुरुदु र्व्रजाङ्गना: ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदश्रु सातत्य कृताभिषेचनं निजे निजे मानस मन्दिरे स्थिरम् ।
बभूव वंशीधर मेकमाननं नैकोद कुम्भ प्रतिबिम्बितेन्दुवत् ॥

आसन्न मौकुन्द वियोग बाधिता गोप्यो न गोप्या जुगुपः कथा निजा : ।
अन्योन्यमूचू रहसीप्सिते स्थले प्रियेण साकं कलितां क्रियामपि ॥

एका ऽ वदत् पार्श्वशयां सखी मिदं भुजान्तरे ऽ शेत कदाचिदच्युतः ॥
सलोमहर्षं चषकामृतायित आचामि चैतस्य मया ऽ धरासवः ॥

तत्पान निःशेषित पापपुञ्जया कृपाकटाक्षेण विवृद्ध सत्त्वया ।
समाधिलभ्या ह्यनपायिनी मया तदा ऽ न्वभावि स्वहृदा ऽऽ त्म विर्वृति : ॥

इहत्य पारक्य सुख प्रदायिनः कृतं मया चा ऽ स्य कृते परन्तु किम् ॥
विश्राणिता ऽ स्मै स्वयमप्यहं निशि जीवेयमादित्य मुखीव वल्लरी ॥

अन्या ऽ वदत् तस्य विविक्त मेकदा ऽ गच्छं निवासं निशि कार्य कैतवात् ॥
साकूतमागूहत मां मनस्विनीं तपस्विनीकाङक्ष्य पदे निधाय सः ॥

आलोक्य तं मन्मथमन्मथं मम मनो भुवा ऽ मोचि मनोरमं मनः ॥
तदङ्गसंस्पर्श विशुद्ध चेतसि नवानुभूत्याः किरणास्ततो ऽ स्फुरन् ॥

आसेदुषीं मां परमास्पदं ततो बाधेत धूमो न वियोग वह्निजः ॥
तत्संगम स्तद्विहो ऽ थवा मया समीकृतो ऽ स्ति प्रशमेन चेतसा ॥

सितोरसा मे मृदु-नीलिमोच्चयो ना ऽ ऽ श्लिष्यते ऽ दच् प्रभृतीति चिन्तनात् ॥
विदूयते ऽ न्तः करणं तथाप्यहो शरीरिणा स्वा प्रकृतिः किमुज्झ्यते ॥

क्लिन्नं कपोलं गलदश्रुधारया काभिच्चिरं पाणितलेन बिभ्रती ॥
अवोचदाली मिदमेकदा ऽ ञ्जयन् मल्लोचनं ज्योतिरलोचयत् परम् ॥

मनोरमा ऽ सीत्यति मानिता सती तमप्यपृच्छं किमिहेच्छसीत्यहम् ।
प्रत्यब्रवीन्न स्मित विद्युदुल्ल सन्नवाम्बुद श्याम रुचा स मां भजन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौने ऽ प्य मौने नयनेन तेन मे दृशो गृहीता मनसि स्थिता : कथा: ॥
इत्थं व्यतीतेषु कियत्क्षणेषु स प्रचक्रमे ऽ न्यं विषयं च सुस्फुटम् ॥

हृतान्यहङ्कार तमांसि मद्धियां साकं दुकूलै र्हसता मया स्त्रियाम् ॥
आलोकि तत्तद्वपुषां सुसौष्वं ज्योतिष्मतो ज्योति रिवात्मन: परम् ॥

ऐच्छं हि लावण्य महं निरीक्षितुं ता ना ऽ स्पृशं स्वीकृति सूचनादृते ॥
किं नोचितं त्वं निगदेत्युदीरिता ह्रिया ऽ ह्रिया वा ऽ त्र वशीकृता ऽ भवम् ॥

आलोकि तल्लोचन दर्पणे मया तादात्म्यत: प्राप्त रुचि स्ववैभवम् ।
क्षेत्रं स शालीव तदात्मनो वपु-रमाति चा ऽ ऽ लि प्रथमं फलोदयम् ॥

स सौरतात् स्त्रीति न मां समैक्षत लावण्य दृष्ट्या ऽ ऽ दृतवान् प्रियद्युति: ॥
मन स्तदीये मनसि प्रतिष्ठितं न भिन्न मासीद् ऽऽ भिदया शरीरयो : ॥

स श्वो हि गन्ता परिहाय मामहो प्राणा न यास्यन्ति शरीरत: किमु ॥
न प्राप्नुयां किं तमत: परं प्रियं पुराङ्गना विभ्रम कृष्ट लोचनम् ॥

तं संस्मरन्त्री हृदये तथा ऽ श्रृणोत् कथा स्तदीया : कुतुकेन या सखी ॥
सा ऽ भाषता ऽ स्माभिरितो विलोकित: स प्राप्यते सन्मुनिभि : समाधिना ॥

१. मन्थली भैंसेसुरको शिलालेख

राधाकृष्णस्य पौत्रो 'रमण' पदवत: 'शेष' पूर्व द्विजाते-
र्जात: श्रेष्ठ: कनिष्ठो गुणिगणगणनोपक्रमे ज्येष्ठकश्च: ।
'नन्दा'ऽग्राया: 'कुमार्या:' प्रियतमतनय: 'शङ्कर:' स 'प्रसाद:'
सत्यालाख्यान्वयायं प्रथयति पृथुधी: कर्मतो धर्मतश्च ॥

सेवां कुर्वञ्जनानां विपदि सुनियाति: कोविदो देववाण्यां-
विद्यां चाऽध्यापयन्सन् कृषकजनसुतान् राष्ट्रसेवां तनोति ।
तेनाऽश्वत्थो वटश्च प्रथिततरुवरौस्थापितौ यौ तदङ्के
मातुर्हस्ताच्छिलाया न्यसनमपिमहत् कारितं चत्त्वराय ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकीर्णे नव्य पर्णैर्वटुक वटतरौ पत्रिके पिप्पले च
कृत्वा स्निग्धैरलभ्यैः सदुपल फलकै श्चत्वरं सत्वरं सः ।
चक्रे वृक्ष प्रतिष्ठां जलनिधि तनया वल्लभःप्रीणनाय
त्रातारः सन्त्वमीषां तदमलकुलजा भाविनो मानवाश्च

वि.सं. २०३८ वैशाख अक्षय तृतीया

२. मन्थली भ्याउरेको शिलालेख

श्री

मङ्गलमूर्तये नमः

सत्याल कुल जातेन शङ्करेण मनस्विना
पुञ्जीकृत यशः पुण्याविवेमो वटपिप्पलौ

भैंसे सुराभिधे शैले यथानेन् पुराकृतम्
तथा ऽ त्र रोपिता वेतौ वर्धितौ च स चत्वरम्

शङ्करः शङ्करो नृणं नूनं वाक्ष्यां सदास्थया
यतः क्षितौ वृहद् वृक्षौ लोकं रक्षति रक्षितः

सामग्री स्रोत

१. भरतराज 'मन्थलीय', हाल : घट्टेकुलो, काठमाडौं ।
२. शंकरप्रसाद सत्याल मन्थली रामेछाप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३

न्यायका विद्वान् चेतोनाथ शर्मा आचार्य

परिचय

न्याय कठिन विषय हो । यसलाई राम्ररी बुझेर पढ्न सके अरू विषय पढ्न धेरैनै सजिलो हुन्छ । मैले कक्षा ८ मा पढ्दा देखिनै न्याय पढाउन सक्ने गुरुहरूको नाम थाहा पाइसकेको थिएँ । तीमध्ये चेतोनाथ शर्मा आचार्यको नाम पनि आउँथ्यो । मैले प्रथमपरीक्षामा ***तर्कसंग्रह*** पढेको थिएँ । पढाउने गुरु उपेन्द्रभक्त सुवेदी थिए । उनी पनि न्याय विषयका विद्वान् थिए । विद्यार्थीलाई आफ्नो विषय राम्ररी बुझाएर पढाउन सक्थे । त्यो बेला हामीलाई ***तर्कसंग्रह***को मूल मात्र पढ्नुपर्थ्यो । त्यसको ***पदकृत्य*** पढ्नु पर्दैनथ्यो । पूर्वमध्यमामा चाहिं ***तर्कसंग्रह***को ***पदकृत्य***समेत पढ्नुपर्थ्यो । यो विषय गुरुले कक्षामा पढाउनञ्जेल बुझिन्थ्यो । घरमा गएर पुस्तक पल्टाइहेर्दा सबै भुस्कुट भैसक्थ्यो । त्यसैले यो विषय बुझ्नु र घोक्नु दुवै बराबर पर्थ्यो । पूर्वमध्यमा परीक्षा आउनुभन्दा दुइ महिनाअघि रामप्रसाद सुवेदीसँग हामी व्याकरणका साथीहरुले ***तर्कसंग्रह*** लेखाइ मागेर पढेका थियौं । रामप्रसाद न्याय विषय बुझाएर पढाउन सक्थे । उनी नेपालका धुरन्धर विद्वान् शिवराज आचार्यका वेदान्त विषयका शिष्य थिए । रामप्रसाद सुवेदीले ***तर्कसंग्रह*** पढाएपछि हामीले त्यति घोकिरहनु परेन । १,२ पल्ट पुस्तक हेर्दैमा आइहाल्थ्यो । निर्धारित तालिका अनुसार हामी परीक्षाभवनमा गयौं । ठीक ११ बजे प्रश्नपत्र आयो । हेर्‍यौं । ज्यादै सजिलो लाग्यो । मजासँग लेख्यौं । मैले चाहिं १०० पूर्णाङ्कमा ८० नम्बर त पक्का आउला भनेर अड्कलेको थिएँ । पछि परीक्षाफल प्रकाशित भएर लब्धाङ्क पत्र हातमा लिंदा त ***तर्कसंग्रह***मा मेरो ५९ नम्बर मात्र आएछ । एकछिन् त म छानाबाट खसेजस्तै भएँ । पछि जाँच्ने मान्छे बुझ्दै जांदा चेतोनाथ गुरुले जाँचेको हल्ला फैलियो । उनी जति राम्रो लेखे पनि नम्बर नदिने गुरु भनेर त मैले यसभन्दा पहिले पनि धेरै पटक सुनिसकेको थिएँ । यसबाट त झनै स्पष्ट भयो । पछि पछि भएपछि यो घटना बिर्सदै गइयो । विद्यापीठमा पढ्न गएपछि थाहा भयो- सबै गुरुहरूको नम्बर दिने तरीका ठीक रहेनछ । शिवराज आचार्य, खेमराज केशवशरण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतोनाथ आचार्य, दीर्घराज घिमिरेजस्ता गुरुहरू निकै उच्चस्तरको उत्तर नलेखीकन उच्च अङ्क दिदैंनथे, तर यस्ता गुरुहरु पनि थिए (र अझै छन्) जो एउटै वाक्य शुद्ध लेख्न नसक्ने विद्यार्थीलाई पनि ९० भन्दा बढिनै नम्बर दिन्थे । कोही गुरुहरुभने भाषा शुद्ध मात्र लेखिदिए पनि थुप्रो नम्बर दिन्थे । विद्यार्थीको योग्यताभन्दा बढी नम्बर दिनु राम्रो कुरा होइन । अहिले म संझन्छु- जाँचमा लेख्दा केही गल्ती भयो होला । त्यसैले पूर्वमध्यमा परीक्षा दिंदा ***तर्कसंग्रह***मा ५९ नम्बर मात्र आयो। यसमा मेरो गल्ती या गुरुको नम्बर दिने इच्छा जे भने पनि भयो । साहित्य विषयको आचार्यमा ***मुक्तावली***को ***अनुमान खण्ड*** पढ्नुपर्थ्यो । त्यो बेला केही समय चेतोनाथ गुरुले पढाएका थिए । राम्रोसँग बुझाएर पढाउँथे । केही समय चेतोनाथ आचार्यले र केही समय दीर्घराज घिमिरेले पढाएका थिए । दुवै न्याय पढाउन निकै सिपालु थिए र अझ प्रौढ पाण्डित्य चाहिं दीर्घराज घिमिरेमा भएको बुझियो । न्याय र वेदान्तमा उनको एकदम राम्रो दखल थियो । दीर्घराज संस्कृतको अध्ययन, अनुसन्धान र अध्यापनमैं समर्पित छन् । चेतोनाथ पनि संस्कृतमा राम्रो योग्यता होओस् भन्ने धारणा राख्छन् । मैले देख्दा उनी विद्यापीठमा कक्षा नचलेको बेला संस्कृतका अनेकौं प्रौढ ग्रन्थहरु बुझेर पढ्थे । खालि कहिल्यै बस्दैनथे । यो उनको राम्रो बानी थियो । चेतोनाथ अझ अन्त पनि छरिएका थिए । जस्तो नेपाली भाषामा लेख लेख्थे, ठाउँठाउँमा धार्मिक प्रवचन गर्थे । यिनी पनि न्यायका मूर्ति पद्मप्रसाद भट्टराईका शिष्य हुन् । नेपालीतिर नअल्मलिकन न्यायमै सधैँ घोटिइरहने हो भने चेतोनाथ नेपालका ठूलै नैयायिक हुनसक्थे । तर यिनी अचेल न्यायको अभ्यासतिर भन्दा पौराणिक कथावाचन तिर र नेपाली भाषामा कृति लेखनतिर पनि लागेका छन् । साँच्चिकै भने हो भने अब शास्त्रको मर्म बुझेर त्यसैको चिन्तनमनन गर्ने मानिस पाउन दुर्लभ भैसक्यो । चेतोनाथ शर्मा आचार्यजतिका विद्वान् पनि अव उत्पादन हुन्छन् कि हुँदैनन् शङ्कैको कुरा छ । संस्कृतका विद्वान्हरुको इतिहास तयार गर्ने क्रममा मैले चेतोनाथलाई पनि प्रश्न दिएको थिएँ । अरु कैयौं गुरुहरूबाट उत्तरै आएन । उनले सुशीला लामिछाने मार्फत ढीलै उत्तर लेखेर पठाए । जस्तै,

श्री भूपहरि

२०४५।१२।२१

सामान्य विवरण अहिले पठाएको छु । पदक प्राप्तिका प्रमाण (प्रतिलिपि) र अन्य सामग्री एवं फोटो पनि यथासम्भव चाँडै पठाउने छु । संस्कृतज्ञहरूको गुप्त एवं प्रच्छन्न जीवनीहरु प्रकाशमा ल्याउने काममा उत्साह एवं जाँगर देखाएकोमा धन्यवाद, काममा सफलता मिलोस् भन्ने शुभ कामना व्यक्त गर्छु ।

चेतोनाथ आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुर्ख्यौली परम्परा

तुरुष्कहरूको आक्रमणले गर्दा आफूले परम्परादेखि पालन गरिआएको वैदिक धर्ममा निकैनै बाधा पर्न गयो । त्यसपछि ***कान्यकुब्जबाट*** सच्चिदानन्द र सदानन्द नामका दुइ भाइ त्यहाँको वस्ती छोडेर हिंडेछन् । क्षत्रीय राजाले शासन गरेको निरापद ठाउँको खोजीमा हिंडेका ती दुइ जनाले ***जुम्लामा*** आइपुगेपछि उपयुक्त ठाउँ भेट्टाएछन् । त्यसबखत **जुम्लामा** रणकेशर सिंह राज्य गर्दथे । उनले राजसूय यज्ञको आयोजना गरेर अग्नि प्रज्वलन गराउने बेला भएको रहेछ । आगन्तुकहरुले ***अरणिमन्थन नगरीकन अग्नि उत्पादन गर्न सक्ने कोही छ ?*** भनी प्रश्न गर्दा यज्ञमा वरण भएका ब्राह्मणहरूले - ***हामी त्यसो त गर्न सक्तैनौं तर यदि कसैले यो साहसी काम गर्न सक्यो भने हामी त्यसलाई ऋषिमुनिले पाएको सम्मान दिन्छौं*** भन्दै उपहास गरेछन् । आगन्तुकले पनि ***यस यज्ञमा हामीलाई आचार्यको पद प्राप्त हुन्छ भने अग्नि प्रकट गर्न तयार छौं*** भन्ने जवाफ दिएछन् । त्यही अवसरमा राजाले पनि ***अरणिमन्थनविना अग्नि प्रकट गर्न सकेमा सधैंका लागि आचार्यपद*** दिने कवोल गरेछन् । दाजुको आज्ञा पाएर सदानन्दले यज्ञकुण्डभन्दा अलिक वर केही माटो उधिनेर वरुण मन्त्रद्वारा जल आविष्कार गरेछन् र दाजु सच्चिदानन्दले आंविष्कृत जलकुण्डको समिधामा छर्किंदा अग्नि प्रज्वलित भएछ । त्यसपछि अत्यन्त खुशी भएका राजाले तिनैलाई आचार्य र उपाचार्य पद दिई यज्ञ सम्पन्न गराएछन् । आफ्नो ज्येष्ठ पुत्र नरेन्द्रसिंहलाई पनि उनैबाट मन्त्रदान दिलाई अत्यन्त आदरसत्कारपूर्वक आफ्नै राज्यमा राखेछन् । तिनै दुइ दाजुभाइमध्ये भाइ सदानन्दले मन्त्रद्वारा नयाँ पानी निकालेको हुँदा ***नवपानीय*** र दाजुले आचार्य पद पाई यज्ञको कार्य सञ्चालन गरेको हुँदा ***आचार्य वंश*** र ***न्यौपानेवंश*** चल्यो ।[१] पछि पछि यो वंश बढ्दै गएर नेपालका विभिन्न भागमा फैलियो ।

न्यायका विद्वान् चेतोनाथ शर्मा आचार्यका पुर्खा **काठमाडौं** जिल्लाको उत्तर दिशा बालाजुभन्दा केही पर मुड्खु भन्ने ठाउँमा बसेका र त्यहाँबाट पनि यताउता छरिएछन् । अहिलेसम्म पनि चेतोनाथका वंशजको देवाली **मुड्खुमै** गर्ने परम्परा कायमै छ । **मुड्खुभन्दा** उत्तरको डाँडो जङ्गबहादुर राणाबाट त्यहींका आचार्यहरूले विर्ता पाएको जनश्रुति छ तर आजसम्म यसको ठोस प्रमाण भने भेटिएको छैन । राजधानी ***काठमाडौंमा*** बसेर ख्याति आर्जन गरेका मणिखलक पनि चेतोनाथ आचार्यकै वंशज भएको बुझिन्छ । मणि खलकका शिरोमणि

---

१. ***अग्निहोत्री कविराज तीर्थराज आचार्यको जीवन वृत्तान्त*** भन्ने परिच्छेद १ को लेख पनि यस कुराको पुष्टिका लागि हेर्नलायक छ । - भूहपौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDI



पं. चेतोनाथ शर्मा आचार्यको वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्य दीक्षित, काशीनाथ, राममणि र कमलमणिहरू नेपाली वाङ्मयको इतिहासमा प्रसिद्ध छन् । काशीनाथको ***भएका कुरा*** र राममणिको ***पुराना समझना*** नेपाली भाषाका महत्त्वपूर्ण पुस्तक हुन् । कमलमणि दीक्षित समालोचक र निबन्धकारका रूपमा प्रसिद्ध छन् ।

जीवनी

पण्डित चेतोनाथ शर्मा आचार्यको जन्म वि.सं. १९९१ साल वैशाख शुक्ल प्रतिपदा तिथि, शविवार अश्विनी नक्षत्र, मेषराशिमा ललितपुर जिल्लाको ***झरुवारासी***मा भएको हो । उनका बा भोजराज आचार्य र आमाको नाम गुणकुमारी हो । ***शुक्लयजुर्वेद*** माध्यन्दिनीय शाखा सारस्वरसहित भोजराजलाई पूरा कण्ठ थियो । ***व्याकरण*** र ***कोष***को पनि उनमा सधारण ज्ञान भएको बुझिन्छ । भोजराजले मणि खलकको संस्कृत पाठशालामा पढेका र उनी त्यो समयका प्रसिद्ध कर्मकाण्डी मानिन्छन् । बाको चाँडै परलोक भएको हुँदा चेतोनाथको लालनपालन आमा गुणकुमारी र दाजुहरुबाट भयो । उनका दाजु ५ भाइ र सबै भाइकी एउटी दिदी भएको बुझिन्छ । परिवारमा कान्छो छोरा भएर जन्मिए पनि बाआमाका ७ जना सन्तानभित्र रंमाउनु पर्दा पारिवारिक रमाइलो वातावरण भए पनि आफू खुशी रमाउन नपाइने बाध्यता छँदैछ । चेतोनाथका काकाहरु नभएको र घरको आर्थिक स्थिति सामान्य रहेको बुझिन्छ । वैदिक धर्म र संस्कृतिमा पूरै आस्था प्रकट गर्ने परिवार भएको हुँदा घरमा दाजुबाट बारम्बार पञ्चमहायज्ञको अनुष्ठान भैरहन्थ्यो ।

चेतोनाथको अक्षरारम्भ र प्रारम्भिक अध्ययन ४।५ वर्षको उमेरमा घरमैं दाजुहरुबाट भएको हो । व्रतबन्ध ८ वर्षको उमेरमा भएको र उनलाई मन्त्र सुनाउने गुरु साहिंला दाजु नारायणप्रसाद, वेदारम्भ गराउने पनि माहिला दाजु गेहेन्द्प्रसाद र साहिंला दाजु नै थिए।व्रतबन्ध गरेपछि १२ वर्षसम्म भोजन गर्दा नबोल्नु भन्ने छ तापनि उनी ६ महिना मात्र मौन रहेका थिए । साधारण अक्षरको ज्ञानपछि ***सप्तशती चण्डी, रूद्री*** र २० अध्यायसम्म ***शुक्ल यजुर्वेद माध्यन्दिनीय शाखा***को सम्यक अध्ययन गरे ।

चेतोनाथ आचार्यको विवाह २९ वर्षको उमेरमा ***काठमाडौं*** जिल्ला ***गोकर्णको दक्षिण ढोका*** वस्ने कृष्णप्रसाद अर्ज्यालकी छोरी सुभद्रादेवीसँग भएको हो । ससुराली श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहका साथमा नेपाल आएका अर्ज्यालका वंशज भएको र पुर्खा चाहिं विद्वत्ता, ग्रन्थनिर्माण र पौराणिकरुपमा प्रसिद्ध रहेको बुझिन्छ ।

चेतोनाथले रानीपोखरी संस्कृत प्रधान पाठशाला, राजकीय संस्कृत महाविद्यालय र त्रिभुवन विश्वविद्यालयमा अध्ययन गरेका थिए । विद्यालयस्तरमा पण्डित बुद्धिनाथ अर्ज्याल, रोहिणी प्रसाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

भट्टराई र अम्विकाप्रसाद अधिकारीसँग विभिन्न विषयको अध्ययन गरेका थिए । उच्च शिक्षातर्फ उत्तर मध्यमादेखि आर्चायसम्मको मूल विषय नव्यन्याय पण्डितप्रवर पद्मप्रसाद भट्टराईसँग पढेका थिए । चेतोनाथले पढेका विषयहरु - ***नव्यन्याय***, अनिवार्य ***व्याकरण मध्यकौमुदी***, संस्कृत साहित्यको निर्धारित अंश, इच्छाधीन ***राजशास्त्र*** र साहित्य विषय शास्त्रीसम्म पढेका थिए । आचार्यमा आफूले रोजेको शास्त्रीय विषयको मात्र अध्ययन गरे पुग्थ्यो र अहिलेसम्म यही परम्परा कायम छ । प्रथमा परीक्षादेखि आचार्यसम्मका सबै परीक्षाहरू द्वितीय श्रेणीमा उत्तीर्ण गरेका छन् । निजी अध्ययनबाट निजामती मध्यमा ऐनस्रेस्ता दुइ विषय र २०२७ सालमा नेपालीमा एम.ए. समेत गरेको देखिन्छ । बनारसको वाराणसेय विश्वविद्यालय (हाल **सम्पूर्णानन्द**) को पाठ्यक्रम अनुसार शास्त्रीसम्म पूरा गरेको हुँदा पाठ्यक्रम र निजीस्तरमा पनि हिन्दी साहित्य अन्तर्गतका ***उपन्यास, नाटक, निबन्ध, सन्तसाहित्य*** (तुलसी, सूर र कबीर) आदिको अध्ययन गरेका थिए । शुरुको प्रथम परीक्षा बनारसबाटै २००९ सालमा उत्तीर्ण गरेका र २०२२ सालमा त्रिभुवन विश्वविद्यालयबाट आचार्य परीक्षा उत्तीर्ण गरे । २०१४ सालमा जाँच अड्डा सरस्वती सदनबाट ***निजामती मध्यमा*** पास गरेर २०२७ सालमा नेपालीमा एम.ए. समेत गरेको बुझिन्छ ।

चेतोनाथले विद्यार्थी अवस्थामैं २०१४ सालदेखि २०१९ सालसम्म संस्कृत प्रचारिणी समिति अन्तर्गतको नारी विद्यापीठमा ६ वर्ष पढाई महिलाहरुलाई प्रथमा र पूर्वमध्यमा उत्तीर्ण गराउन ठूलो सहयोग पुऱ्याएका थिए । २०२० साल असौज १६ गते लोकसेवा आयोगको सिफारिस अनुसार ***रानीपोखरी*** संस्कृत प्रधान पाठशालामा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा नियुक्त भए । त्यो बेला शुरूको तलब मासिक २००/- थियो ।

वि.सं. २०२६।५।७ को मितिदेखि वाल्मीकि संस्कृत महाविद्यालयमा सरुवा र बढुवा भएको बुझिन्छ । २०३३ सालको श्रावण महिनादेखि २०३४ सालको भाद्र महिनासम्म याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठमा सरुवा, २०३४ श्रावणदेखि २०३९ श्रावणसम्म शिक्षा मन्त्रालय पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रमा काज र २०३९ भाद्र महिनादेखि अहिलेसम्म वाल्मीकि विद्यापीठमा बेतलवी काजमा कार्यरत छन् ।

चेतोनाथ शर्मा आचार्य न्यायका विद्वान् मात्र नभएर नेपाली भाषासाहित्यका प्रतिभाशाली लेखक पनि हुन् । विद्यार्थी अवस्थादेखिनै वादविवाद, साहित्यगोष्ठी आदिमा भाग लिएर धेरै पटक पुरस्कृत भएका छन् । २०२३ सालमा त्रिभुवन स्मारक समितिद्वारा आयोजित श्री ५ त्रिभुवन हीरक जयन्ती साहित्य सम्मेलनमा प्रथम भई सुवर्णपदक र प्रमाणपत्र प्राप्त गरेका छन् । त्यस्तै, २०३१ सालमा श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकका अवसरमा ***शुभराज्याभिषेक*** पदक, १५ वर्ष सेवा पुगेपछि पाइने ***जनपद सेवापदक*** २०४३ सालको पुस महिनामा ***प्रबल गोरखा दक्षिण बाहु***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथा, २०४४ सालको ***हाम्रा धार्मिक चाडपर्व*** नामक ग्रन्थका लागि गुणराज पुरस्कार मुख्य छन् ।

चेतोनाथ शर्मा आचार्यका कृति पनि निकै नै छन् । धर्म र संस्कृतिसम्वन्धी महत्त्वपूर्ण कृति २, पाठ्यपुस्तक ४ (मुख्यत: कक्षा ९।१० को न्याय) मुख्य छन् । यसका अतिरिक्त ***रेडियो नेपाल, गोरखापत्र, हाम्रो संस्कृति, धर्मसन्देश, मर्यादा, नेपाल टेलिभिजनमा*** धर्म र संस्कृतिसम्बन्धी असंख्य लेख रचनाहरू प्रकाशन र प्रसारण भएका छन् । चेतोनाथले ६०० भन्दा बढी रचनाहरू नेपाली भाषामै लेखेको बुझिन्छ । आवश्यक परेको अवस्थामा जुनसुकै समयमा पनि लेख्न बसेपनि सामान्यत: बिहान र अपराह्नमा चेतोनाथलाई लेख्न बढी मन लाग्ने कुरा उनैले बताएका छन् ।

उनका अविस्मरणीय घटना पनि थुप्रै छन् ती मध्ये केहीको उल्लेख गर्नु यस प्रसङ्गमा मनासिबै होला । वि.सं. २०१८।७ को मितिमा भारतसरकारको निमन्त्रणामा महाविद्यालयस्तरका विद्यार्थी प्रतिनिधिहरुको औपचारिक भ्रमणमा जाँदा विदुषीलीला रावदयालसँग संस्कृत भाषामा भएको कुराकानी, दिल्लीको संसदभवनमा राष्ट्रपति सर्वपल्ली राधकृष्णनले संस्कृतको उद्धरण दिदै अंग्रेजीमा बोल्दा उच्चारण गरेको श्लोक -

विद्यामदोधनमदस्तृतीयो ऽ भिजनो मद: ।
मदा ह्येते ऽववालित्पानामेत एव सतादमा : ॥

२०२६ सालदेखि २०३० सालसम्म ***मर्यादा*** पत्रिकाको सम्पादकमण्डलको सदस्य हुँदा मुद्रणका लागि चयन गर्ने लेख पढ्दा पण्डित नयराज पन्तसँग भएको भेटवार्ता, २०२४ सालमा नवगठित सनातन धर्म सेवा समितिद्वारा जन्माष्टमीका दिन श्री कृष्णको शोभायात्रा निकाल्दा राष्ट्रिय नाचघर रानीपोखरी छेउ प्रसूतिगृहको जन्मजयन्तीका लागि सवारी हुन लागेका अवस्थामा अप्रत्याशित रूपमा भेटभई सोधनी गरेको बेला स्व. श्री ५ महेन्द्रसँगको कुराकानी अविस्मरणीय घटना हुन् ।

२५/३० वर्ष यतादेखि आफ्नै शिष्य भनेर तोक्नलायक शिष्यहरू कमै छन् । आफ्नो मूल विषय पनि २/३ जना मिलेर पढाउने चलन छ । नारी विद्यापीठमा महिलाहरूलाई पढाउँदा व्याकरण विषय ***मध्यकौमुदी*** पढाएको र संस्कृत माध्यमिक विद्यालयमा आफ्नो मूल विषय न्याय पढाएको बुझिन्छ । महाविद्यालय (विद्यापीठ) मा आफ्नो न्याय विषय पनि पत्र विभाजन गरेर पढाउने परम्परा बसेको हुँदा आफ्नो निजी शिष्य भन्न सुहाउने स्थिति छैन । यसरी संयुक्त अध्यापनबाट तयार भएका शिष्यहरु कतिपयले निकै उन्नति र अर्थोपार्जन पनि गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI



पं. चेतोनाथ शर्मा आचार्य

(बायाँभागमा स्पष्ट अनुहार देखिएका व्यक्ति तथा अन्य खेमराज केशवशरण, मधुसुदन रिसाल)

जन्म : वि.सं. १९९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यापनमा पहिले जति सन्तुष्टि मिल्थ्यो त्यति अचेल मिल्न छोडिसकेको छ । मुख्य कुरा के हो भने अचेल विद्यार्थीहरू छात्रावास र छात्रवृत्ति जोगाउने उपाय मात्र गर्छन् । मन लगाएर संस्कृत पढ्ने परम्परा लोप हुँदै गएको छ ।

शुरुमा, विद्यार्थी अवस्थामा कतिपय साथीहरूबाट चेतोनाथलाई सहयोग मिलेको थियो । अहिले पनि व्यवहारमा विभिन्न पक्षको आवश्यक सहयोग उपलब्ध भएकै देखिन्छ ।

खाने कुराका हकमा चेतोनाथ साधारणत: गुलियो भन्दा नमकिन खाना मनपराउँछन् । चामल गहुँको पिठोबाट तयार भएको खाना, सागसब्जी, परिमित नूनमसला प्रयोग भएको सादा खाना नै रुचाउँछन् । ज्यादा पीरो, अमिलो, खरो, गरिष्ट र आमिष खाना उनी रुचाउँदैनन् । दहिदूध र फलफूल विशेष रुचाउँछन् । दिनको दुइ पल्टभन्दा बढी अन्न खानु ठीक नहुने कुरा चेतोनाथ पनि स्वीकार गर्छन् । उनको खाना खाने समय बिहान ९ बजेदेखि १/२ सम्म र बेलुका ७ बजेदेखि ८ सम्ममा हो । वैदिक, पौराणिक, धार्मिक र ऐतिहासिक ग्रन्थहरुको अवलोकन, नित्य केही स्वाध्याय, पूजा, चिन्तन र मनन तथा लेखनमा रुचि छ । लगाउने लुगाका हकमा सादा, हल्का पहेंलो, उत्ताउलो डिजाइन नदेखिने बेश मान्छन् ।

सामग्री भाग

चेतोनाथले लेखेको आफ्नो जीवनी

काष्ठमण्डप नगरात्क्रोशत्रय दूर वर्तिनि चम्पापुर (***चापागाउँ***) ढौखेल ग्रामे १९९१ मित वैक्रमाब्दस्य वैशाख मासे S नेन पण्डितेन जनि रलभ्यत । भोजराज नामास्य पिता तात्कालीक: प्रसिद्धो वैदिक:कर्मकाण्डी च । माता गुण कुमारीदेवी सरल स्वभावा श्रीकृष्ण भक्ति निरता च । अस्य जन्मनो वर्ष द्वयानन्तरमेव पितृपादा दिवंगता: । अत: पञ्च भ्रातृभि:सहितया मात्रैवास्य सर्वमपि भरणपोषणादिकं विहितम् । भर्तृपाद विधुरा गुणकुमारी देवी सर्वेष्वपत्येषु समान रूपापि पितृपादानुराग वञ्चितं कनिष्ठ पुत्रमिम मत्यन्त स्निह्यातिस्म । माध्यमिकी पारिवारिकी स्थिति: आयस्रोतश्च नाति सन्तोषजनक: । ईह श्यामेवावस्थायामाचार्यस्य बाल्य कालो व्यतीत: । स्वभावश्चास्यार्भक कालादेव सरलोSपकार भीरुश्च ।

अक्षरारम्भत: स्वशाखाध्ययनं यावत् प्राथमिकी शिक्षाचास्य यथाकथञ्चिद्रूपेण भ्रातृणांसह योगेन गृहे एवं सम्पन्ना । माता पुस्तकीय शिक्षायां नाति निपुणापि स्वचारस्य, आर्य धर्मस्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

ईश्वर भक्ते: भूत दयाया महत्त्वञ्च स्वयमेवेमं संस्मरितवती । अत एवोक्तेषु तेषु महान्समादरोऽस्य बाल्यकाला देव समुत्पन्नः । विशेष शिक्षा प्राप्तये गृहात्प्रव्रजितेना नेन छात्रावस्थायामार्थिक क्षेत्रे महत्कष्ट मनुभूतम् । परं स्वलक्ष्ये दृढपरिकरं वध्वा पुरोगामिनेऽस्मै सर्वकार वृत्तिश्चिरकाल पर्यन्तं मिलिता । तस्या एव साहाय्येन दर्शन पूर्व मध्यमोत्तीर्णानन्तरमुत्तर मध्यमातो नव्य न्याया चार्यपर्यन्तं प्राप्तः स्मरणीयस्य न्याय मूर्तेः श्री पद्मप्रसाद भट्टराई महोदय सकाशादनेन शिक्षा प्राप्ता । यद्यस्यस्य प्रधान विषयो नव्य न्यायस्तथापि संस्कृत, हिन्दी, नेपाली ***साहित्य, उपनिषदि, श्रीमद्भागवत्, महाभारत, रामायण, गीतायाञ्च,*** गाढतरा रुचिर्वर्तत । अध्ययनकाले मुहुर्मुहु र्निपतितानां विघ्न सङ्घाना मपससारणे बद्ध परि करस्यास्या ध्यायन कालो दीर्घतरः । अध्ययन प्रणाली च प्राचीना नवीना चोभय विधैवा नु भूताऽनेन ।

अध्ययन काले द्विधा विभक्तं कार्य क्षेत्रमनेन पूरितम् । तच्च छात्र कार्यमध्यापन कार्यञ्च । तत्र छात्र जगति संस्कृतच्छात्र संघ, संस्कृतच्छात्र संघ उपत्यका समिति, महा विद्यालयच्छात्र समिति, प्रधान पाठशालाच्छात्र समित्यादिषु सभापति, उप-सभापति रुपेण वहुकाल पर्यन्त मनेन पण्डिते न कार्य सञ्चालनं विहितम् । संस्कृतच्छात्र संघस्य प्रथम द्वितीय महासम्मेलने उपत्यका समिते वार्षिक सम्मेलने च तत्तत्पाठशालातो भागोपि गृहीतः । उपर्युक्त रूपेण ज्ञातुं शक्यते छात्र जगति सक्रिय योगदान मनेनार्पितमिति ।

अन्यदध्यापन कार्यञ्चास्य प्रशंसास्पद रुपम् । यतो हि नेपाले नारी जातिषु संस्कृत शिक्षा प्रचारो दश द्वादश वर्ष पूर्वमभाव इवासित् । संस्कृते:प्रधानागङ् भूतासुनारी जातिषु निःशुल्क संस्कृत शिक्षा प्रचाराय संस्कृत प्रसारिणो समितेर्योजनायां समुदघाटिते नारी विद्यापीठ विद्यालये षड्वर्ष पर्यन्त मनवरताध्यापक प्रधानाध्यापक रूपेण सहयोगं विधाय कतिपयाश्छात्र्यः प्रथमायां पूर्वमध्यमायाञ्चोत्तारयितुं सफल प्रयासोऽनेन विहितः । शिक्षा क्षेत्रे इदं नूतनमेव कार्यमासीत् ।

लेखन, प्रवचन प्रभृति केलासुचास्य पण्डितस्या सीमिता रुचि र्वर्तते, यस्य प्रतिफल स्वरूपं छात्रावस्थायां विद्यालयैछात्र संस्थाभिश्चा योजितवाद विवादे बहुवारं वक्तृ पारितोषिक मनेन प्राप्तम् । नेपाली भाषायामस्य कतिपया लेखाः प्रकाशिताः, प्रकाशित लेखेषु साहित्यिकानामपि रुचि र्दरी- दृश्यते । निबन्धेषु सरला गम्भीरा चास्य शैली । लिखित लेखेषु कतिपया लेखास्तु पुरस्कार भाजोऽपि सञ्जाताः । लेख विषयास्तु प्रायेण दार्शनिकाः साँस्कृतिकाश्च । साहित्यिक रुचि रूपेणैव छात्रावास निवास समये सहयोगिना मनुरोधेन तत्काले प्रकाशितायाः ***अरुणोदय*** पत्रिकायाः प्रधान सम्पादक पदमपि किञ्चित्काल पर्यन्त मनेनालङ्कृतम् । परं शीघ्रमेव राजकीय सेवायां नियुक्तस्यास्य पत्रिका सम्पादन तृष्णा न पल्लवता मापन्ना ।

२०१८ मित वैक्रमाव्दे भारतीय सर्वकारस्य मैत्रीपूर्णा मन्त्रणे खिलऽभारत भ्रमणं स्वकीय महाविद्यालय प्रतिनिधि रुपेणानेन विहितम् । उक्त भ्रमण समये दिल्यां सम्पद्यमानेऽखिल भारतीय विश्वविद्यालयीय यूनां सम्मेलने सप्ताह पर्यन्तमतिथि रूपेण भागं गृहीत्वा तस्मिन्नेवावसरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तात्कालीक भारतीय सर्वकारस्य-वरिष्ठै राष्ट्रपति, प्रधान मन्त्रि, शिक्षा मन्त्रि, राजदूत महोदयै: सह साक्षात्कारोपि व्यधायि । २०२० मित वैक्रमाब्दस्य- आश्विन मासतोऽस्य नियुक्ति राजकीय संस्कृत प्रधान पाठशालायां समजनि । अनेन पूर्वमध्यमा पर्यन्तं पठित मय्यस्यां पाठशालायामेव । राजकीय सेवायां नियुक्ते रनन्तरमपि "अखिल नेपाल माध्यमिक विद्यालय शिक्षक सम्मेलने सप्ताह पर्यन्तं पाठशाला प्रतिनिधि रूपेण भागो गृहीत: । अध्यापन कालश्वास्य नाति दीर्घतर: । अत एव छात्र संख्याऽपि स्वल्पैव वर्तते । तथापि विंशति संख्यातो वहव एव छात्रा: कति पयाश्छात्र्यश्चानेन पाठिता उत्तारिताश्च । अत: परमपि प्रति दिनं शिष्य वर्गानुन्नमयितुं लेखादि लिखितुं च बद्ध परिकरो वर्तते । तेषु विषयेषु भविष्ये कति सफलो भवतीतितु जानाति तस्यै वेष्ट देव: सर्वनियन्ता सर्वज्ञ: श्रीकृष्ण: ।

अद्य पर्यन्तं विविध शास्त्राध्ययनेन, विदुषां सङ्गत्या, साधूनां भक्तानाञ्च समागमेनानेन पण्डितेन निश्चितो राद्धान्त: ।

आर्याणां सर्वस्वं संस्कृते एव वर्तते, उपनिषदां गीताया अध्ययनं तदनुकूलाचरणञ्च सर्वेषां कृते श्रेयसामेव पन्थी:, स्वास्थ्यलाभाय मन शुद्धये च सदाचार एवं मूलं कारणम्, तुलनात्मिका (आध्यात्मिकी भौतिकी च) उन्नतिरेव सदा सर्वत्र हितकरी, सर्वप्राणिष्वात्मक भावो मनुष्यता, भौतिक शरीराणां भेदआवश्यकं, जीविकौ पार्जनमेव न मनुष्यलक्ष्यम्, अत्यावश्यक रूपेण योग्यतां भौतिक वस्तुना भूप योगी नाति क्लेश जनक:, ईश्वरे पुनर्जन्मनि धर्मे च विश्वास आस्था चास्तिकत्व रक्षणायैव न किन्तु सर्व भूत हिताय, सतलश्रमाय कदाचार वारणायचात्यन्तमावश्यकम् । आर्य संस्कृति: सर्व प्राणिषु स्वात्म भावं जनयति, पवित्रतरा च वर्तते । अतएव तस्यां विश्वास आश्रयश्चो भयलोक कल्याण कारक: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI

संस्कृत छात्र संघ (नेपाल)

केन्द्रीय कार्यालय, काठमाडौं ।

पत्र संख्या............ मिति ....

प्रशंसा-पत्र

श्री चेतोनाथ शर्मा आचार्य पहिलेदेखि नै विभिन्न छात्र-संगठनहरूमा सक्रियरूपले भाग लिदैं आउनु भएका एक क्रियाशील व्यक्ति हुनुहुन्छ । संस्कृत छात्रसंघको प्रमुख शाखा प्रधानपाठशाला छात्र-समिति, महाविद्यालय छात्र समिति संसद, सं. छा.सं. उपत्यका समिति आदिमा अध्यक्ष, उपाध्यक्ष तथा मन्त्री जस्ता जिम्मेदार ओहदा सम्हाल्नुका साथै सं.छा.सं. का २०१२ तथा २०१५ मा भएका २ महाधिवेशनहरूमा समेत प्रतिनिधित्व गर्नु भएको थियो ।

यसै छात्र संघमा पछि केन्द्रीय कार्य समितिको विद्यार्थी हित विभागमा पुग्नु भयो र १६ सालमा सभापतिको पदमा निर्वाचित हुनुभयो । राष्ट्रिय निर्देशन मन्त्रालयको निर्देशन अनुसार विद्यार्थी संगठन संगठित नहोउन्ज्याल उक्त पदमा रही योग्यतासाथ काम गर्दै आउनु भएको हो । छा.सं. का विभिन्न माग पूरा हुनुको साथै संसदीय अधिवेशन समेत उहाँका कार्यकालमा सुसम्पन्न भएका हुन् । यति लामो कार्यकालको खदिला अनुभवबाट भन्न सकिन्छ उहाँको कार्य क्षमता प्रशंसनीय छ ।

भवदीय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

श्री ५ को सरकार

शिक्षा विभाग

नेपाली निजामती मध्यम परीक्षामा पास भएको

प्रमाण पत्र

सम्वत् २०१४ साल वैशाख पटकको ने.नि. मध्यम परीक्षामा फारम नम्वर ६१२८ भई काठमाडौ परीक्षा केन्द्रबाट ने.नि. मध्यम परीक्षाको लेख र ऐ. श्रेस्ता विषयमा उत्तिर्ण हुने यसै सालको वैशाख महिना मा २० वर्ष ४ महिना मा उमेर पुगेको .... वर्णको छातीमा पोलेको खत चिन्ह भएको ल.पु.ई. चापा गाउँ टौखेल बस्ने चेतोनाथ शर्मा आचार्यलाई यो प्रमाण पत्र दिएको छ ।

श्री ५ को सरकार

शिक्षा मन्त्रालय, शिक्षा विभाग

माध्यमिक बहु-उद्देश्यीय शिक्षा शाखा

सिंहदरवार सचिवालय

काठमाडौ, नेपाल ।

पत्र संख्याः-

मितिः..................

विषयः नैतिक शिक्षा कार्यक्रम चलाउने ।

श्री चेतोनाथ शर्मा,

थापाथली ।

विद्यालयमा नैतिक शिक्षाको प्रवचन कार्यक्रम चलाउने सिलसिलामा लुम्विनी अंचलका नवलपरासी, रुपन्देही, कपिलवस्तु जिल्लाका माध्यमिक विद्यालयहरूमा प्रवचन गर्न तपाईंलाई खटाइएको छ । तपाईंले ८ प्रवचन दिनु पर्नेछ । आफूले दिएको प्रवचनको प्रतिलिपि १ प्रति विभागमा पनि पेश गर्नु पर्नेछ । प्रवचन दिए वापत एक प्रवचनको रु. ३०।- का दरले पुरस्कार र नियमानुसारको भ्रमण भत्ता प्रदान गरिने छ ।

पुनश्चः- नैतिक शिक्षा कार्यक्रम चलाउने वारेको स्वीकृत सिद्धान्त १ प्रति साथै छ ।

[signature]

२०२०।१३।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

प्रशंसा–पत्र

श्री चेतोनाथ आचार्यजीले यस नारी विद्यापीठ माध्यमिक विद्यालयलाई योगदान दिनु भएको ६ वर्ष पूरा भयो । यस विद्यापीठले आचार्यजीबाट जेजति सहयोग हासिल गऱ्यो त्यो विद्यालयको इतिहासमा अविस्मरणीय रूपमा रहन योग्य छ ।

आर्थिकदशा राम्रो हुन नसकेको यस विद्यापीठले प्रदान गरेको नाम मात्रको पारिश्रमिकलाई स्वीकार गरी यति लामो समयसम्म दिनु भएको योगदानलाई यो समिति निशुल्क नै ठान्दछ । अल्पबोध भएका बालिकालाई सरलतासाथ सम्झाउन सक्ने यहाँको शैलीले विशिष्ठ स्थान राख्छ भन्नु अत्युक्ति हुने छैन । पाठन प्रणालीले गर्दा यहाँसँग छात्रीहरुको अध्ययनको लालसा सधैं ताजा रहेको हामी पाउँछौं । सरलता मिलनसार आदि गुणले गर्दा आदर्श प्रौढको आदर्श पाउँछौं । बहुसंख्यक छात्रीहरूलाई प्रथमा परीक्षा र ज्योतिष, साहित्य पूर्वमध्यमा आदि परीक्षा उत्तीर्ण गराउनमा आचार्यजीको विशेष योगदान मिलेकोले यो विद्यापीठ गर्व गर्दछ ।

अन्त्यमा यस विद्यापीठलाई मिलेको सहयोगको निमित्त आभार प्रकट गर्दै आचार्यजीको उत्तरोत्तर उन्नति होओस् भनी यो विद्यापीठ कामना गर्दछ ।

भवदीय,

रानीपोखरी संस्कृत प्रधान पाठशाला
काठमाण्डु , नेपाल ।

प्रशंसा–पत्र

श्री चेतोनाथ शर्मा आचार्य मैले जाने वुझेका व्यक्ति हुनुहुन्छ । २०१९ वैशाख १९ गतेदेखि २०१९ मार्गसम्म करीव ७ महिना जति यस पाठशालामा स्वयं सेवकको रूपमा रही दर्शन पूर्वमध्यमाका ग्रन्थहरू पढाउनु भएको हो । सो अध्यापनबाट थाहा भएको छ कि वहाँको पढाउने कला राम्रो थियो र छात्रहरू पनि वहांको पढाइमा सन्तुष्ट थिए । यसै गरी भविष्यमा पनि वहाँको सफलताको आशा राख्न सकिन्छ ।

अध्यापक नभएर छात्रहरूले पढ्न नपाएको बेलामा स्वयं सेवकको रूपमा रही पढाइदिनु भएको वहाँ विशेष प्रशंसा-पात्र हुनुहुन्छ । निजको चाल चलन मैले जाने वुझेसम्म राम्रो छ ।

प्राधानाध्यापक

रानीपोखरी सं.प्र. पाठशाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री :

दिनाङ्क ०२०। ५। १५। ७

प्रशंसापत्रम्

नेपालाधिराज्यान्तर्गत ललितपुर मण्डल सविध वर्ति चापागाऊँ ग्राम नगर .... वास्तव्य आचार्योपनामा चेतनाथ ... नामायंकाष्ठमण्डपस्थराजकीयसंस्कृतमहाविद्यालयस्यच्छात्र: ।

१. चरित्रम् , सामयिका नवद्यम्.

२. साम्प्रतिको व्यवसाय:, अध्ययनम् , कृषि: सेवा, शिक्षा

३. अभिरुचि:, सामाजिके राजकीये च कर्मणि

४. नाविदितो ऽ द्य यावत्तादृशो दोषो , यतोऽ यं न संगृह्येते

प्रधानाचार्य:

भट्टराई-पद्मप्रसाद:,

उक्तमहाविद्यालयस्थ: ।

श्री

परिचयपत्र

श्री चेतोनाथ आचार्यज्यू अध्ययन, अध्यापन, संगठनात्मक विभिन्न छात्रहरूको कार्यक्षेत्रमा दक्षहुँदानै साहित्यिक क्षेत्रमा पनि विशेषरूपेण सुयोग्य व्यक्ति संझी सं.छा. वासीय समस्त साथीहरूको आकाङक्ष्या अनुसार वहालाई नवोदित साहित्यिक पत्रिका ***अरुणोदय*** को सञ्चालक सदस्य एवं प्रधान सम्पादकको दायित्व पनि सुम्पिएकोछ ।

छात्रावास जस्तो बुद्धिजिवी क्षेत्रबाट प्रकाशित पत्रिकाको प्रधान सम्पादकमा चुनिनालेनै बहाको इमान्दारिता, मिलनसारता र कार्यक्षमता सम्पन्न व्यक्तित्व स्वत: प्रस्फुटित हुन्छ । पुनश्च: उक्त पत्रिकाले वहाँको प्र. सम्पादकत्वमानै गहकिला सामग्री प्रस्तुत गर्दै पाठकहरूको अभिरुची तथा समर्थन अधिक मात्रामा पाउन सक्ला भन्ने यस अरुणोदय परिवारलाई पूर्णविश्वास छ ।

भवदीय:-

दिनाङ्क २०- ५- १८- ३ मा । अध्यक्ष:-अरुणोदय सञ्चालक समिति सं.छा.वास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाण-पत्र

त्रिभुवन विश्वविद्यालय प्रथम पुनर्मिलन समारोह तथा यूनियन दिवसको उपलक्षमा आयोजित वादविवाद गोष्ठीमा "के वर्तमान युगमा ज्ञान विज्ञानको समन्वय सम्भव छ ?" भन्ने विषयमा पक्षतर्फबाट वोली द्वितीय हुनु भएका श्री चेतोनाथ शर्मा आचार्यलाई धन्यवाद सहिंत यो प्रमाण पत्र वितरित गरिएकोछ ।

(अध्यक्ष, त्रि.वि.वि यूनियन)

श्री ....

....

श्री चेतोनाथ शर्मा आचार्य यस संस्कृत प्रधान पाठशालामा न्याय विषय पढाउने स्थायी हाईस्कूल शिक्षक हुनुहुन्छ । वहुश्रुत र बहुज्ञ आचार्यजीको मिलनसार र सदाचारपूर्ण चरित्रले गर्दा उहाँको अध्यापनदेखि यहाँका छात्रहरू सदैव सन्तुष्ट रहेका छन् र जहाँसम्म मलाई थाहा छ , उहाँको चरित्र पनि वेश छ ।

बहुमुखी प्रतिभा, सामाजिक विचार, उत्साही स्वभाव र हँसिलो मुहार भएका आचार्यज्यू आफ्नो नव्यन्याय विषयको गहनता प्रति त सदैव सजग रहनुहुन्छनै, साथै आफ्नो सरल, सुबोध र विद्वत्तापूर्ण अध्यापन शैलीद्वारा रोचकतासाथ छात्रहरूलाई विषयबोध गराउन सक्नु र अरुको भन्दा छात्रहरूसँगको सहवासलाइनै अधिक रुचाउनु आदि उहाँका विशेष गुण हुन् । उहाँ जस्तो योग्य शिक्षकको सेवा पाएर यो प्रधान पाठशाला गर्व गर्दछ । अध्यापनवाट बचेको समयलाई विभिन्न पुस्तकको अध्ययन र लेखनमा प्रयोग गर्ने आचार्यज्यूको यस क्षेत्रमा अझै पिपासा बढेको देखिन्छ । यही प्रयास स्वरूप तीन दर्जन भन्दा वढी अन्वेषणात्मक रोचक लेख मातृभाषालाई चढाएर भाषा सेवामा अग्रसर हुँदा प्रारंभमै उहाँका कतिपय लेखहरू पुरस्कृत पनि भएका छन् । उपयुक्त स्थान मिले अधीन विषयमा पनि अन्वेषणात्मक कामगर्ने इच्छा तदनुकूल स्थान मिलेर पूर्ति हुन सकोस् भन्ने कामना गर्दछु ।

विश्वनाथ पोखरेल
०२४।२।२५।२
प्रधानाध्यापक

४३२ - का. संस्कृत सं. प्र. पाठशाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रमाङ्क: १८४४

शास्त्रिपरीक्षा

चेतोनाथ शर्मा आचार्य नामा , श्री भोजराज शर्मा आचार्य नाम्न: पुत्र: १९६१ वर्षे ऽस्य विश्वविद्यालयस्य निर्दिश्यमानविषयेषु शास्त्रिपरीक्षां द्वितीय श्रेण्यामुत्तीर्य शास्त्रिपदवीं लब्धवानिति प्रमाणीकरोति ।

१- संस्कृतसाहित्यम्

२- साधारणहिन्दी

३- मुख्यविषय: नव्यन्याय:

४- उपविषय: साहित्यम्

५- अतिरिक्तविषय:

वाराणसी

दिनाङ्क:...............

उपकुलपति:

त्रिभुवन विश्वविद्यालय कलेजका चेतोनाथ शर्मा आचार्य सन् १९६६मा भएको वार्षिक परीक्षामा नव्य-न्याय विषय लिएर द्वितीय श्रेणीमा उत्तीर्ण भई आचार्य उपाधिको निमित्त योग्य ठहरिएकोले दिनाङ्क २०२४ श्रावण ४ मा कीर्तिपुरमा निजलाई आचार्य उपाधि प्रदान गरिएकोछ भनी प्रमाणित गरिन्छ ।

त्रिभुवन विश्वविद्यालय महाविद्यालयस्य आचार्योपनामा चेतोनाथ नामा छात्र:२०२२ वै.वर्षे सम्पन्नायां वार्षिकपरीक्षायां नव्य-न्याय- विषये द्वितीय श्रेण्यां समुत्तीर्ण आचार्योपाधिप्राप्तये योग्यश्चेत्ययं कीर्तिपुरे २०२४।४।४ वैक्रमाब्दे दिनाङ्के .... इत्युपाधिना समलङ्कृत इति प्रमाणयति

कीर्तिपुर , काठमाडौं,

नेपाल ।

दिनाङ्क ....

उपकुलपति:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDI

त्रिभुवन स्मारक समिति

काठमाडौं, नेपाल

पत्र संख्या ....

दिनाङ्क १७ असार०२४

राष्ट्रपिता श्री ५. त्रिभुवन वीर विक्रम शाहदेव

को

हीरक जयन्तीमा

साहित्य गोष्ठीका रचनामा

प्रथम हुनेको

प्रमाणपत्र

का.इ. थापाथली कुरिया गाउँ बस्ने वर्ष ३२ को श्री चेतोनाथ शर्मा आचार्य साहित्य गोष्ठीमा प्रथम हुनुभएकोले सुवर्ण पदक सहित यो प्रमाण पत्र प्रदान गरिएको छ ।

त्रिभुवन स्मारक समिति

अध्यक्ष

त्रिभुवन स्मारक समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ को सरकार
वाल्मीकि संस्कृत महाविद्यालय

रामशाह पथ
मिति ०२६। १२। ६

पत्र संख्या:-

विषय:-

श्री प्रा. चेतोनाथ आचार्य
वा.सं.म.वि.

पाचौं सामाजिकसेवा कार्यक्रममा प्राध्यापकका साथ छात्रहरुलाई पठाउनेवारे श्री ५ को सरकार शिक्षा मंत्रालयबाट प्राप्त भएको मिति ०२६ । ८ । २९ का निर्देशानुशार छात्रहरूलाई साथमा लिई सामाजिक सेवा कार्यगर्नको निमित्त तपाईलाई काज खटाइएको छ । व्यवस्था र राज मुकुटको मर्यादानुकुल देशको हितलाई ध्यानमा राखी उपयुक्त सेवा कार्य गर्नु होला ।

रामचन्द्र पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

ॐ

ओमित्येतदक्षरमिदँ सर्वम्

सेवा धर्म समिति

स्थापित २०३७

प्रमाण-पत्र

२०३८ साल भाद्र १ गते भृकूटी मण्डप, काठमाडौंमा सुसम्पन्न भएको आध्यात्मिक हाजीरी जवाफ प्रतियोगितामा तृतीय स्थान प्राप्त गर्नु हुने सनातन धर्म सेवा समिति का श्री प्रा. चेतोनाथ आचार्यलाई बधाईका साथ सम्मानपूर्वक यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति	अध्यक्ष	सभापति	प्रमुख अतिथि
२०३८।५।१	सेवा धर्म समिति	सामुदायिक सेवा समन्वय समिति	माननीय शिक्षा तथा संस्कृति मन्त्री

सल्यानस्थान, किर्तिपुर, काठमाडौं । दिनाङ्कः-२०४४-११-१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणराज स्मारक व्याख्यान पुरस्कार

प्रमाण-पत्र

महाकवि पं.गुणराज उपाध्याय "रामदास" का पवित्र स्मृतिमा गुणराज स्मारक समितिद्वारा स्थापित रु. २००१ दुईहजार एक को गुणराज स्मारक व्याख्यान पुरस्कार पं. गुणराजको भगवद्भक्ति महिमा विषयमा लिखित व्याख्यान प्रस्तुत गरे बापत विद्वान् श्री चेतोनाथ शर्मा आचार्य लाई यो प्रमाण-पत्र सहित स-सम्मान प्रदान गरिन्छ।

सदस्य सचिव .... सभापति .... प्रमुख अतिथि ....

७३ औं जन्म जयन्ती समारोह

रजिष्टर सं.द.न.३२/०३२ प.फा.नं.५९६

मिति ०३२।११।१२ दिनाङ्क:- २०४७-११-८

गुणराज-पुरस्कार

प्रमाण-पत्र

स्वर्गीय महाकवि श्री गुणराज उपाध्याय "रामदास" का पवित्र स्मृतिमा गुणराज स्मारक निधि (समिति) द्वारा भक्ति तथा अध्यात्मज्ञान सम्बन्धी उत्तम नेपाली ग्रन्थलाई प्रतिवर्ष प्रदान गरिने रु. १५००१ पन्धहजार एक को गुणराज पुरस्कार हाम्रा धार्मिक चाडपर्व ग्रन्थकालागि श्री चेतोनाथ शर्मा आचार्य लाई यो प्रमाण-पत्र सहित स-सम्मान प्रदान गरिन्छ।

सदस्य सचिव सभापति प्रमुख अतिथि

गुणराज स्मारक निधि (समिति) ७६ औं जन्म जयन्ती समारोह

सामग्री स्रोत

१. चेतोनाथ शर्मा आचार्य, कुरियागाउँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

२४

नयाँ पुस्ताका प्रतिभाशाली विद्वान् डा. माधव भट्टराई

परिचय

कक्षाको दृष्टिले आनको तान फरक भए पनि तीनधारा संस्कृत छात्रावासमा एकताका (२०२८।०२९ तिर) माधव दाइ र म एकै भान्छामा भात खाएर अध्ययन गर्ने विद्यार्थी थियौं । कुरा के थियो भने यहाँ आफूलाई पढाउने गुरुनै भए पनि ***दाइ*** भन्ने चलन रुढ भैसकेको थियो । माधव भट्टराई ***प्रकाश टोल***को दक्षिणपट्टिको कुनाको छिँडीमा बस्थे । म चाहिं ***पण्डित टोल***को छिँडीमा बस्थें । यौटै संस्थामा बसेको भए पनि कहिलेकाहीं आकलभुकलबाहेक आफूले नजानेको र नबुझेको कुरा सोध्न म प्राय: जाँदैनथें । अरु कुराले होइन मलाई लाज र धक बढी लाग्थ्यो । कुरा यस्तै भैराखेको थियो । २०२९ सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालामा एक जना ***साहित्य*** पढाउने शिक्षकको पद खाली भयो । रिक्त पदमा प्रधानाध्यापक विष्णुप्रसाद न्यौपानेले माधव भट्टराईलाई लगे । त्यसपछि उनले छात्रावास छोडे । विद्यालयमा माधव भट्टराईले मूल र अनिवार्य साहित्य जस्ता विषयका पुस्तकहरू पढाउन थाले । हामीलाई साहित्यका अनिवार्य पुस्तकहरू पढ्नु पर्थ्यो । त्यसमध्येमा अम्बिकादत्त व्यासले लेखेको ***शिवराजविजय*** पनि पर्थ्यो । यस सन्दर्भमा अर्को आश्चर्य लाग्दो कुरो भनिहालुँ- मेरो मस्तिष्क ज्यादै बोधो भएको हुँदा कक्षामा गुरुले पढाएको कुरा म हम्मेसी संझिन सक्तैनथें, तर जे जसरी भए पनि नपढी नहुने र परीक्षा पास नगरी नहुने अवस्था पनि छँदै थियो । मलाई निकै गाह्रो लागेका पुस्तकहरूमध्ये ***शिवराजविजय*** पनि एक थियो । त्यसैले कक्षामा पढाइ नभएको यसो फुर्सतको बेला पारेर मैले माधव भट्टराईसँग ***शिवराज विजय*** पढें । धेरैजसो भाग त लेखाइनै मागें । कुरा यस्तै भयो । म पनि पूर्वमध्यमा पास गरेर क्याम्पस गएँ र माधव पनि रानीपोखरी संस्कृत प्रधान पाठशालाबाट क्याम्पसमा पढाउन गए । यो कुरो यहीं टुङ्गियो । पछि उनैका माहिला भाइ गोविन्दप्रसाद भट्टराईसँग छात्रावासमैं बस्ने मौका मिल्यो । उनी पनि ज्यादै प्रतिभाशाली थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेलामौकामा साहित्यिक प्रतियोगिताहरूमा प्रथम भएका उनका रचनाहरू पढ्दा विचित्र स्फुरणको नमूना लाग्थ्यो । पछि उनकै कान्छा भाइ ध्रुव भट्टराईसँग सम्पर्क भयो । उनी पनि त्यत्तिकै प्रतिभाशाली विद्यार्थी रहेछन् । यसरी एकै आँतका तीनओटै दाजुभाइ प्रतिभाका धनी देखापर्नु ***नेपालको विद्वत्परम्परा***मा विशेष चाखलाग्दै विषय हुन आएको छ । फेरि अर्को कुरा, तीनओटै दाजुभाइको मूल विषय पनि साहित्यनै हो । गोविन्दले मध्यमासम्म व्याकरण विषय पढे पनि शास्री (स्नातक) मा साहित्य विषय लिएका थिए । गोविन्द र ध्रुवलाई अहिलेनै संस्कृतको विद्वत्परम्परामा समावेश गर्नु मानासिब ठहर्दैन, तर माधवले संस्कृत क्षेत्रमैं आफ्नो प्रतिभाको छाप छोडिसकेका छन् र उनी साहित्यको विद्वान्का रूपमा देखापरिसकेका छन् ।

भौगोलिक परिचय

पूर्वाञ्चल विकास क्षेत्रमा कोशी, मेची र सगरमाथा गरी तीन अञ्चल र १६ जिल्ला पर्छन् । ***खोटाङ्*** जिल्ला सगरमाथा अञ्चलमा पर्छ । संसारलाई माथ गर्ने ***सगरमाथा हिमाल*** पनि यसै अञ्चलमा पर्छ । ***दोलखा*** जिल्लाको ***जिरी*** बस बिसौनीबाट पारीपट्टिको गौंडामा ***जिरी*** गाउँको तर्फबाट गरिएको सर्वेक्षण अनुसार प्रतिदिन ६०० देखि ७०० सम्म विदेशी पर्यटकहरू ***नाम्चे बजार*** जाँदा रहेछन् । यी त पैदल यात्री मात्र हुन् । प्रतिदिन १० देखि २० फ्लाइटसम्म काठमाडौं ***लुक्ला*** चार्टर र साधारण उडान हुन्छ । यसरी आज संसारको कुनाकुनाबाट हँसिलो सगरमाथा हेर्नका लागि कोही गुडेर आउँछन् त कोही उडेर आउँछन् । कोही ***नाम्चे बजार***सम्म पुगेर फर्कन्छन् त कोही ***सगरमाथा***को शिखरमा पुगेर आफ्नो विजयको झण्डा गाडी शान र रवाफले आफ्नो मुलुकतिर फर्कन्छन् ।

यो त भयो ***सगरभाथा***को गरिमा । ***सगरमाथा*** अञ्चलकै ***खोटाङ्ग*** जिल्लामा प्राकृतिक आश्चर्य ***हलेश्वर महादेव गुफा*** छ । यसको नाम शायद कमै विदेशी यात्रीले सुनेका होलान् । ***हलेश्वर महादेव***को गुफाबाट ३ घण्टा पैदल हिंडेपछि ***लामीडाँडा*** भन्ने ठाउँ आउँछ । यहाँ अहिले हवाई सेवा पनि उपलब्ध छ । यहाँ अन्य जात र थर भएका मानिसका अतिरिक्त भट्टराईहरूको बस्ती पनि छ । पहिले त ***लामीडाँडा***मा ८० घरजति भट्टराईहरू थिए । अहिले धेरैजसो बसाइँ गएर ३५ घरजति बाँकी रहेको बुझिएको छ । यहाँ नजीकै ***दूधकोशी*** बगिरहेको देखिन्छ । यसैमा ***रावानदी*** पनि मिसिएको छ । यसको छुट्टै ऐतिहासिक र धार्मिक महत्त्व रहेको देखिन्छ ।

खरदार टोल

हलेश्वर महादेव, रावा दोभान, दूध कुण्ड, सगरमाथा हिमालको समीपमा ***लामीडाँडा*** भएको हुँदा यसको आफ्नै किसिमको वैशिष्ट्य रहेको देखिन्छ । पहाडको ठाउँ भएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

लामीडाँडामा कुनै कुराको असुविधा थिएन । घरव्यवहारमा चाहिने सबै कुरा त्यहीं जुट्थ्यो । माधव भट्टराईकै हजुरबा मुखिया केदारनाथको घर भनेपछि त्यो इलाकामा नचिन्ने र नजान्ने मानिस कोही थिएनन् । अड्डाअदालत र पञ्चभलादमीले गर्नुपर्ने प्रशासनिक न्याय, सेवा आदि सबै कुरा त्यही घरबाट सम्पन्न हुन्थे । न्यायनिसाफका लागि मानिसहरू अड्डा, अदालत धाउन लागेको कति पो भयो र ? अझै पनि गाउँका मानिसहरू तिरो उठाएर माधवकै घरमा बुझाउँछन् र उनका पिता चाहिं मालपोत कार्यालयमा सबैको तिरो तिरी रसीद लिइदिन्छन् । उनकै घरमा चाडपर्वमा मुखिया मान्न आउने चलन छँदैछ । मुखिया केदारनाथ भट्टराईको नाम लिने बित्तिकै सबै मानिसहरू नतमस्तक हुन्थे । कसैले उनको आलोचना र प्रत्यालोचना गर्ने हिम्मत गर्दैनथ्यो । मान-मर्यादाकै लेखाजोखा गर्ने हो भने पनि केदारनाथ ***चैनपुर***को माल अड्डामा मुखियाको पदमा बहाली भएका थिए । उनका जेठा छोरा कृष्णप्रसाद भट्टराईको प्रथम सन्ततिका रूपमा माधव भट्टराईको जन्म वि.सं. २००९ साल चैत २१ गतेका दिन भएको हो । उनी जन्मेको ठाउँ ***खोटाङ*** जिल्ला, ***लामीडाँडा*** गा.वि.स. अन्तर्गतको खर्दार टोल हो । त्यसबेला यो गाउँ ***ओखलढुङ्गा*** जिल्लामा पर्थ्यो । अचेल पनि माधव भट्टराईको घर भएको टोल ***खरदार टोल***कै रूपमा चिनिन्छ । यो ठाउँ भट्टराईहरूकै बिर्ता हो । ***लामीडाँडा***का भट्टराईहरू ***ओखलढुङ्गा*** जिल्लाको ***सेर्ना*** गाउँबाट बसाईं सरेर गएको बुझिन्छ । त्यहाँ बसाईं सरी गएका दुइ जना भट्टराईहरू रघुनन्दन र वशिष्ठ भएको तथ्य पत्ता लागेको छ ।

खर्दार रङ्गलाल भट्टराई

लामीडाँडाको भट्टराई परिवारमा खर्दार रङ्गलाल भट्टराई बडो शक्तिशाली व्यक्तिका रूपमा चिनिन्छन् । उनी (वि.सं. १८५०-१९२८ फागुन शुक्ल नवमी) आफ्ना केही महत्त्वपूर्ण कार्यहरूले गर्दा बढी चर्चित भएका हुन् । खर्दार रङ्गलालका सम्बन्धमा मुख्यत: ***लामीडाँडा*** भेगमा अनेकौं अनौठा-अनौठा कुरा सुनिन्छन् । उनी निर्भीक तथा महत्त्वाकाङ्क्षी व्यक्ति थिए । उनको चरित्रमा पनि कुनै किसिमको खोट नलागेको सुनिन्छ । रङ्गलालले ३ ओटी पत्नी विवाह गरेका थिए । तीमध्ये जेठीको नाम शिवमाया, माहिलीको नाम छिता र कान्छीको नाम उमा भएको बुझिएको छ । पहिलेका दुई पत्नीबाट १६ ओटी छोरी मात्र जन्मिए । त्यसपछि ५२ वर्षको उमेरमा तेस्रो विवाह गरे र यताबाट ५ छोरा २ छोरीको जन्म भयो । रङ्गलालका तीनओटी पत्नीमध्ये जेठी शिवमायाको पहिल्यै मृत्यु भैसकेको थियो । माहिली छिता रङ्गलालसँग सती गइन् र कान्छी उमा चाहिं आफ्ना नाबालक सन्तान सह्यारेर बसिन् ।

खर्दार रङ्गलालको श्री ३ प्राइमिनिष्टर जङ्गबहादुर राणासँग विशेष सम्पर्क थियो । उनले रङ्गलाललाई ***मुलुकी खरदार***मानियुक्त गरेका थिए । उनका कान्छा भाइ रविलाल भट्टराईले ***म घरमा बस्तिन । परदेश गई जागीर खान्छु*** भन्दा ***तैं घरैमा मेजर भइस्*** भनी सरकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रम्हा	वशिष्ठ	शक्ति
पराशर	व्यास	शुकदेव
कृष्ण	ऋषिभट्ट	रघुभट्ट
कपिल भट्ट	लीला भट्ट	देवी भट्ट
गर्भु भट्ट	थलु	रिट्ठु
श्रीकृष्ण	ब्रम्हानन्द	लक्ष्मीश्वर
शिवेश्वर	ऋषीश्वर	लक्ष्मीदास
गङ्गादास	काशीराम	देवहरि



यहाँदेखि ऐतिहासिक प्रमाण पाइन्छ

(गोरखाबाट आई सिन्धुबिर्ता लिएर बसेका)

(लामी डाँडामा गएका पहिला भट्टराई)

पं. माधव भट्टराईको हाँगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्फबाट मेजरको पद दिलाएका थिए भन्ने सुनिन्छ। एकचोटिको कुरा हो। रङ्गलाल जीउभरि सेतो कपडा ओढेर बाटामा लम्पसार परी श्री ३ जङ्गबहादुरको सवारी रोक्न सफल भए। यसो गर्नाको तथ्य कुरा बुझ्दा रङ्गलालले ***मेरा घरमा १८ ओटी छोरी जन्मेका छन्। तिनीहरूको पालनपोषण र विहादान गर्न घरमा सम्पत्ति छैन। गहत छरेर खाने प्रशस्त जग्गाजमीन बिर्ता पाऊँ*** भन्दा जङ्गबहादुरले पनि तुरुन्तै बिर्ता दिए। लामीडाँडाको आधा गाउँ रङ्गलालले बिर्ता पाएका थिए। उनकै पदवीबाट हिजोआज ***लामीडाँडा***को तल्लो गाउँ **खर्दार टोलका** रूपमा प्रसिद्ध भएको छ।

रङ्गलालका सम्बन्धमा अर्को पनि रोचक प्रसङ्ग सुन्न पाइएको छ। उनी काठमाडौंमा जागिरे भई बसेका थिए। त्यो बेला उनी नियमित रूपमा मासु खान्थे। एक दिन भान्सेले ***अब ४ पैसाको मासुले छाक टर्न छोड्यो*** भनेको हुँदा त्यसपछि रङ्गलालले मासु नखाने प्रतिज्ञा गरी सात्विक भोजनको क्रम शुरु गरेका थिए।

उनका सम्बन्धमा यस्तै अर्को रोचक कुरा पनि सुनिएको छ। रङ्गलाल जागीर छोडेर घरमा बस्न गए। गाउँमा गोरसको निकै नै कमी थियो। उनले आफ्नो गाउँबाट डेढकोश ठाढाको अर्को लेखाली गाउँ ***बिजुले खिल्कु*** भन्ने ठाउँमा खर्क बनाई गाई भैंसी थुप्रो पालेर आफ्नो घरको आँगनसम्म पुग्ने गरी एउटा पक्की कुलो खनाई यसैबाट बगाएर मोही पठाउने योजना गरेको कुरा यस सन्दर्भमा विशेष उल्लेखनीय छ तर यो योजना पूरा हुन नपाउँदै रङ्गलालको देहावसान भयो, उनले खनाएको कुलाको अवशेष अझसम्म देख्न सकिन्छ।

खर्दार रङ्गलाल भट्टराई कवितामा पनि रुचि राख्थे भन्ने कुराको सुइँको पाइएको छ। प्रसङ्ग अनुसार कुनै पनि विषयलाई टपक्क टिपेर उनी शब्दमा भाव व्यक्त गर्न सक्थे भन्ने कुराको प्रमाण वैशाख महिनाको बयान गरी लेखिएको तलको कवितालाई अघि सार्न सकिन्छ।

वैशाखको दिन पनी अति हुन्छ मज्जा
चौथो प्रहर त दिनको पनि हुन्छ राजा
वन्मा गई पवन खाइ बजाइ बाजा
काफल् जिराहरु बनाएर खानु खाजा

अहिलेसम्मको अनुसन्धानमा रङ्गलालको यही एउटा मात्र कविता पाउन सकिएको छ। उनले यो कविता ***खिल्कु खर्कमा*** बस्दा बनाएका हुन् भन्ने जानकारी उपलब्ध भएको छ। यी रङ्गलालका लोकनाथ, परशुराम मुकुन्दकृष्ण, शिवप्रसाद र गौरीकान्त गरी ५ भाइ छोरा जन्मेका थिए। यिनीहरूले विशेष किसिमको बौद्धिक प्रतिष्ठा हासिल गर्न सकेनन्। साहिला छोरा मुकुन्दकृष्णबाट केदारनाथ भट्टराईको जन्म भएको हो। केदारनाथका दुइ छोरा जन्मेका मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्छा कम उमेरमैं नि:सन्तान भई स्वर्गवासी भए । जेठा कृष्णप्रसाद भट्टराईका दुइटी पत्नीबाट गरी ७ भाइ छोरा जन्मेका छन् । जेठी पट्टिबाट माधव, गोविन्द र ध्रुव भए भने कान्छी पट्टिबाट जन्मेका ४ भाइ छोराहरू सामान्य शिक्षित र अध्ययनरत छन्। माधव संस्कृत विश्वविद्यालयको वाल्मीकि विद्यापीठमा साहित्यविषयको सह-प्राध्यापक छन् भने गोविन्दप्रसाद नेपाली विषयको स्नातकोत्तरमा ७९ प्रतिशत अङ्क प्राप्त गरी हाल त्रि-चन्द्र क्याम्पसमा उप-प्राध्यापक पदमा कार्यरत छन् । ध्रुव स्नातकतहको परीक्षामा ७८ प्रतिशत अङ्क प्राप्त गरी हाल स्नातकोत्तर तहमा अध्ययनरत छन् । यसरी रङ्गलालका सन्तानहरूले आफ्नो वंशलाई उजिल्याउन अथक प्रयत्न गरिरहेको पाइन्छ ।

अक्षरारम्भ

माधवले ज्यादै कलिलो उमेरमा अक्षर चिन्हेको घटना सुन्दा आश्चर्यचकित होइन्छ । पहिलो वर्णमालामा समावेश गरिएको स्तोत्र र अन्य पाठ तथा ***चण्डी दुर्गाकवच*** पढेको मात्र संझना राख्ने माधवले साउँ अक्षर त पितामह मुखिया केदारनाथको नरिवल र छोडाको फकाइमा चिन्हेको सुन्दा अद्‌भुत प्रतिभाशाली व्यक्ति अकस्मात् धर्तीको प्राङगणमा उदाएको अनुभव हुन्छ । उनको आठ वर्षको उमेरमा व्रतबन्ध भयो र उनले पितामह मुखिया केदारनाथबाटै गायत्री मन्त्र सुन्ने शुभ अवसर पाएका थिए । यसको केही समयपछि त ६० वर्षकै उमेरमा उनको देहान्त भयो । माधवकै भनाइ अनुसार- केदारनाथ अरु १० वर्ष बाँचेका भए उनको जीवनको क्रम अन्तै मोडिने थियो ।

शिक्षा आर्जन

७८ वर्षको उमेरमा प्रवेश गर्दा गाउँमै माधव भट्टराईले पण्डित रुद्रप्रसाद तिम्सिनासँग ***लघुसिद्धान्त कौमुदी***को शुभारम्भ गरे । त्यसपछि केही समयसम्म आफ्नै गाउँको पाठशालामा अध्ययन गरी उनी भोजपुर जिल्ला अन्तर्गतको दिङ्लाको षडानन्द संस्कृत पाठशालामा अध्ययन गर्न पुगे । उतातिर–घरमा पितामह मुखिया केदारनाथको निधन भएको हुँदा घरको अथाह सम्पत्ति त्यसै असुरक्षित भैरहेको थियो । यतातिर–शारीरिक अस्वस्थता, खर्चको अपर्याप्तता, केटाकेटीपनको चञ्चलता, व्यावहारिक ज्ञानको कमी आदि असङ्गतपक्ष भएको हुँदा माधवको कञ्चन र ***दूधकोशी***जस्तै सलल बगेको प्रतिभा आशातीतरूपमा फस्टाउन सकेन तैपनि उनको जो स्वत: स्फूर्त प्रतिभा हो त्यसले समस्यामा अझल्टिइरहनु भने परेन । कक्षा ८ प्रथम परीक्षासम्म उनलाई कहिल्यै पनि किताप किन्नु र दैनिक विद्यालयीय पाठ घोक्नु परेन । कक्षामा गुरुको मुखबाट एक पटक सुनेपछि र साथीहरूको पाठमा ध्यान दिएर सुनेपछि उनलाई पर्याप्त हुन्थ्यो । यस्तै क्रमबाट पुस्तकको राम्रो संसर्गै नगरी माधव भट्टराईले २०२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालमा प्रथम श्रेणीमा प्रथम परीक्षा उत्तीर्ण गरे । दिङ्लाको पढाइका सन्दर्भमा *अङ्कगणित, तर्कसंग्रहका* केही पाठ र अन्त्याक्षरीका निम्ति आवश्यक पर्ने केही श्लोकको अभ्यास गरेको सन्दर्भ पनि विशेष उल्लेखनीय हुन आउँछ ।

दिङ्लाको षडानन्द संस्कृत पाठशालाबाट प्रथम परीक्षा उत्तीर्ण गरेपछि पूर्वमध्यमाको अध्ययनका लागि धरानको पिण्डेश्वर संस्कृत पाठशालामा गएका माधवलाई अकस्मात् औलाले समातेपछि एक वर्ष उनको पढाइ छुट्न गयो । अर्को वर्ष पूर्वमध्यमाको लागि तयारी गर्दा उनलाई उर्वर प्रतिभाले साथ दिएकै देखिन्छ । सामान्यत: पूर्वमध्यमाको तयारी गर्न दुइ वर्ष लाग्छ । पाठ्यक्रम पनि दुइ वर्षकै निर्धारण गरिएको छ, तर उनले एकै वर्षमा अध्ययन पूरा गर्न कम्मर कस्दा तथा कक्षामा गुरुहरूले पढाएको र साथीहरूको पढाइ सुनेकै भरमा ५०% तथा ५०% निजी अध्ययनका भरमा परीक्षा दिंदा पनि (जनकपुरबाट) सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण हुन सफल भए । यसरी जनकपुरमा पूर्वमध्यमाको अध्ययन गरी उत्तरमध्यमाको अध्ययनका लागि ***मटिहानीको राजकीय संस्कृत पाठशालामा*** पुग्नुपरेको थियो जहाँबाट उनले २०२५ सालमा उत्तरमध्यमा परीक्षा दिंदा अधिराज्यभरिका संस्कृतका विद्यार्थीहरूमध्ये सर्वप्रथम भएको विवरण **गोरखापत्र**मासमेत प्रकाशन भएको थियो । शास्त्री तहको अध्ययन गर्न माधव भट्टराई काठमाडौंको वाल्मीकि संस्कृत महाविद्यालयमा प्रविष्ट भए । २०२५ सालको मध्यमध्य समयमा उनी तीनधारा संस्कृत छात्रावासमा भरना भए । त्यसपछि उनको शैक्षिक स्थितिमा सुधार हुदै गयो । यसरी अध्ययन गर्दै जाँदा २०२६ सालमा शास्त्री र २०२९ सालमा आचार्य परीक्षामा सर्वप्रथम ***भई महेन्द्र विद्याभूषण*** र ***सरदार सोमप्रसाद*** पदकले समेत विभूषित भए । छात्रावासमैं बस्दा उनले ***अंग्रेजीतर्फ*** एस.एल.सी., आई. ए. उत्तीर्ण गरी बी.ए.सम्मको अध्ययन गरे । त्यसपछि अंग्रेजीको अध्ययन छोडी २०३० सालमा नेपालीमा एम.ए. परीक्षा दिई उत्तीर्ण गरे । २०३७ सालमा जर्मन भाषामा डिप्लोमा गरेका माधव भट्टराईले २०४३ सालमा संस्कृत साहित्यमा विद्यावारिधिको उपाधि समेत हासिल गरे । यसरी उनी ***खोटाङ्ग*** जिल्लामैं विद्यावारिधिको उपाधि प्राप्त गर्ने पहिला व्यक्ति हुन पुगेका देखिन्छ । यो बडो गौरवको कुरा हो ।

पारिवारिक अवस्था

वि.सं. २०३१ सालको असार १५ गते माधव भट्टराईको **जनकपुर** निवासी महेश्वर घिमिरेकी छोरी सुश्री कान्ताधिमिरे सँग शुभ विवाह भयो । कान्ता भट्टराईले विवाह गर्दा एस.एल.सी. मात्र उत्तीर्ण गरेकोमा अहिले उनी साहित्यमा आचार्य पूरा गरी नेपालीमा एम्.ए. पनि पूरा गरिसकेकी छन् । उनी पनि प्रतिभाशाली छात्रा भएको तथ्य प्रमाणपत्र तह र स्नातक तहमा संस्कृत पढ्ने महिलाहरूमध्ये सर्वप्रथम भई **ऐश्वर्य विद्या पदक** प्राप्त गरेबाट पुष्टि हुन्छ । हाल २ छोरा र १ छोरीका बाबु माधव भट्टराई पारिवारिक रूपमा सन्तुष्ट देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढाउने गुरुहरू

माधव भट्टराई प्रतिभाशाली मानिस भएको हुँदा उनलाई त्यतिविधि गुरुको आवश्यकता नपरेको देखिन्छ तैपनि समय-समयमा गुरुहरूको प्रेरणा र मार्गदर्शन पाएर उनको जीवनमा परिवर्तनका रेखाहरू कोरिएको देखिन्छ । जस्तै- शुरुमा **लघुकौमुदी** थालिदिने रुद्रप्रसाद तिम्सिना, मटिहानीमा स्नेहसाथ पढाउने श्री शिवशंकर झा, काठमाडौं आएपछि पढाउने र पुस्तकसमेत दिई सहयोग पुऱ्याउने साहित्यका वरिष्ठ विद्वान् शेषराज शर्मा रेग्मी, संस्कृतमा कविता रचना गर्न शिक्षा दिने रामनाथ आचार्य, स्वाभिमानी जीवन-चर्याको पाठ पठाउने चूडानाथ भट्टराय, नेपाली साहित्यका क्षेत्रमा प्रवेश गराउने बदरीनाथ भट्टराई, संस्कृत साहित्यको अध्यापन गर्ने खेमराज केशवशरण र डा. हरिदेव मिश्र तथा समय समयमा शिक्षा र परामर्श दिने सम्माननीय बडागुरुज्यू अम्विकाप्रसाद अधिकारी (एकताका संस्कृत अध्ययन संस्थानका डीन), पूर्णप्रसाद ब्राह्मण, कृष्णप्रसाद घिमिरे र डा. देवराज पौडेल माधव भट्टराईका आदरणीय र चिरस्मरणीय गुरुहरू हुन् ।

सेवा

आचार्यमा अध्ययन गर्दागर्दै २०२९ सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापकमा नियुक्त भएका माधव भट्टराई २०३०/११/१ देखि वाल्मीकि विद्यापीठमा सहायक प्राध्यापक (अस्थायी) र २०३१/७/२७ उप-प्राध्यापक (स्थायी) पदमा कार्यरत रही ०४७ माघदेखि सहप्राध्यापक भएका छन् । २०३३ सालको एक सेमेस्टर जनता क्याम्पस दाङमा र केही समय याज्ञवल्क्य लक्ष्मीनारायण क्याम्पस मटिहानीमा काम गरेका माधव भट्टराई वाल्मीकि विद्यापीठमा प्राचार्यको पदमा २०४५-३-१६ देखि २०४९-३-१५ सम्म कार्यरत रहेको बुझिन्छ । यस बीचमा तीनधारा संस्कृत छात्रावासका सुपरीक्षक, साहित्य शिक्षण समितिका अध्यक्ष, वाल्मीकि विद्यापीठमा सहायक प्राचार्य, विभिन्न परीक्षाहरूमा केन्द्राध्यक्ष र पर्यवेक्षक, विद्यार्थी हितशाखा प्रमुख आदि विभिन्न पदमा रही उनले आफ्नो अमूल्य सेवा प्रदान गरिसकेका छन् ।

पुरस्कार र पदक

(क) उपत्यकाव्यापी प्रतियोगितात्मक साहित्यसम्मेलन (२०२८) मा पद्यतर्फ प्रथम भई सुवर्णपदक र पुरस्कार प्राप्त ।

(ख) आचार्य परीक्षामा सर्वप्रथम भएबापत महेन्द्र विद्या भूषण-पदक प्राप्त (२०३०)

(ग) आचार्य परीक्षामा सर्वप्रथम भएबापत सरदार सोमप्रसाद पदक प्राप्त (२०३०)

(घ) स्थानीय साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत भई विभिन्न पुरस्कार प्राप्त ।

(ङ) राष्ट्रिय शिक्षा समितिबाटशिक्षा पुरस्कार - २०४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

कृति

(क) **गोरखापत्र, हाम्रो संस्कृति, बालक, धर्म सन्देश, प्रज्ञा, झङ्कार, स्वदेश-गौरव, मर्यादा, हैमवती, विश्वहिन्दू, खोटाङ्ग, *कलरव*, विवेक- विन्दु, रासेद, शुभ- शान्ति क्षेत्र** आदि पत्रपत्रिकामा साहित्यिक, साँस्कृतिक, धार्मिक विषयका अनुसन्धानात्मक, समालोचनात्मक, परिचयात्मक र भावात्मक नेपाली लेखहरू र विभिन्न पत्रपत्रिकामा समेतमा संस्कृत र नेपाली कविताहरू प्रकाशित भएका देखिन्छन् ।

(ख) "***(अप्रकाशित)***" नैपालक- कविविरचितानां संस्कृतमहाकाव्यानां समालोचनात्मकमध्ययनम् (२०४३)" शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेको शोध प्रबन्ध ।

(ग) वक्रोक्ति सिद्धान्त : परम्परा र प्रयोग (अप्रकाशित) ।

(घ) क्रन्दन (खण्डकाव्य) (अप्रकाशित) ।

(ङ) प्रधान सम्पादक- स्वदेश-गौरव (२०३५) सम्पादक- धर्म सन्देश, मर्यादा (हाल), खोटाङ, विश्व हिन्दू, प्रजातन्त्र, जन-रश्मि

(च) बाबुराम आचार्य स्मृतिग्रन्थ (२०४६)

विशेष सहयोग -

(छ) नेपाली संक्षिप्त शब्दकोष - ने.रा.प्र.प्र. (२०४०)

(ज) धर्म-विज्ञान (१-४ खण्ड) - स्वामी सच्चिदानन्द (खप्तडबाबा) ने.रा.प्र.प्र. (२०४४-२०४७)

(झ) श्री पशुपतिनाथ दर्शन पद्धति तथा महात्म्य, श्री ५ को सरकार, सूचना विभाग

सहयोगी साथीहरू

माधव भट्टराईका थुप्रो सहयोगी साथीहरू भएको तथ्य फेला परेको छ । जस्तै, रामचन्द्र भट्टराई (दिङ्ला), टीकाप्रसाद पोखरेल, भरतमणि भट्टराई (ज्ञानकूपको संस्कृत छात्रावासमा रहँदा सहयोग गर्ने), राधेश्याम भट्टराई, कविराज ढकाल , तारानाथ खनाल हाल - स्वर्गीय, ज्ञानहरि निर्मल, चूडामणि खनाल, बुद्धिप्रसाद खजन्ती, (भट्टराई) कृष्णप्रसाद नेपाल, विदुर पौडेल, हेमाङ्ग अधिकारी, दुर्गा दाहाल, स्थिरप्रसाद पराजुली, धनञ्जय तिमल्सिना, दैवदत्त कोइराला, विष्णुप्रसाद लुइँटेल आदि साथीहरूले मित्रताको गाँठो दह्रो बनाएको देखिन्छ । यी सबै माधवका अन्तरङ्ग साथीकै रूपमा देखा परेका छन् ।

सारांशमा उल्लेख गर्दा माधव भट्टराई नेपाली हावापानीमा हुर्किएका प्रतिभाशाली व्यक्तिका रूपमा देखापरेका छन् । उनी पढ्न शुरु गरे देखिनै प्रथम हुँदै आएका विद्यार्थी हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. माधव भट्टराई

जन्म : वि.सं. २००९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

अध्यापनमा लागिसकेपछि पनि उनले आफ्नो प्रतिभालाई अझ उजिल्याउँदै लगेको देखिन्छ । उनीजस्ता सहज प्रतिभा भएका मानिसलाई अध्यापनका साथसाथै अनुसन्धान र लेखन क्षेत्रमा समेत संलग्न गराउने व्यवस्था भएमा देशले बौद्धिक क्षेत्रमा धेरै महत्त्वपूर्ण कुरा पाउने थियो ।

सामग्री भाग

(क) व्यर्थो वसन्तागमः

उद्याने विपिने सुगन्धिपवने माद्यन्ति भृङ्गा न वा
एकान्ते नवचूतपल्लवतले कूजन्ति नो वा पिकाः ।
सर्वां काननवल्लरीमभिनवां व्याप्य स्वदीप्त्या द्रुतं
स्वच्छन्दां गतिमाकलय्य सहसा को ऽ यं वसन्तागमः ?

प्रीत्यालिङ्गितपाणिपाद-लतिका हास-प्रसूनोद्गमाः
पत्राली - वसनाञ्चिता युवतयो भूषा-प्रवालान्विताः ।
वृत्त्यर्थं परदेशगामितरुणप्राणप्रियैर्वञ्चिताः
क्रन्दन्ति प्रतिवासरं परमहो को ऽ यं वसन्तागमः ?

रथ्यासु स्खलिताः प्रणष्टगतयश्चित्तेन वित्तेन च
हीना दीनजना दिगम्बरवपुर्भाजः सहस्राधिका : ।
"मेदिन्येव कुटुम्बकम्" वच इदं स्वाङ्गीकृता भूषिता
राजन्ते परमत्र कीर्तितगुणः को ऽ यं वसन्तागमः ?

यत्रैव स्फुरितप्रपञ्चभरितं ते स्वागतं शोभते
तत्रैव प्रतिमानवं प्ररुदितध्वानश्च संश्रूयते ।
हर्षाहर्षविरुद्धभावशबलं चेतो ऽ नुभूय स्वकं
काव्यं नूत्नमिवातनोषि सततं कस्त्वं वसन्ताधम ?

केचिद् यानविमानचारिण इति त्रासं विनाशं गताः
केचिद् दुर्धरभारधारिण इमे हासं विकासं गताः ।
इत्येवं विपरीततामुपगते लोके प्रमादादिव
बाह्याडम्बरवैभवाञ्चितपदः को ऽ यं वसन्तागमः ?

सौन्दर्यं धनमस्ति लोक- विपिने सौदामिनीशोभनं
ह्लादः सौख्यमपि क्रमेण जगति ह्रासं समेयात् तव ।
सर्वं वण्टय, निर्धनान् भर, जयं प्राप्नोषि तेभ्यो मुदा
नो चेन्मोहकहावभावलसितो व्यर्थो वसन्तागमः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाशं गच्छति संस्कृतिः प्रतिदिनं स्वैः पूर्वजै : पालिता
पातालं समुपैति विश्वजननी भाषा परोत्पीडिता ।
ऋत्वीश, स्वकरग्रहेण मृदुना तामुन्नतौ प्रेरय ।
नो चेत् स्रक्सुमसुन्दरीसुललितो व्यर्थो वसन्तागमः ।

(ख) वैशाख

उन्माद बोकेर नवीनताको
एकान्त डाकेर विशालताको
वैशाख छर्दा यस सृष्टिमाथि ?
यी कोपिलाको नव बैंसमाथि ।

यै सिर्जनामा मृदु मोहनी छ
यै तिर्सनामा नव जीवनी छ
यै चिन्तनामा अब प्रीति फुल्छ
यै कल्पनामा सुन बैंस डुल्छ ।

यी फूलका कल्पित सुन्दरीमा
उद्यानका सिञ्चित मञ्जरीमा
वैशाख ज्योतिर्मय भर्छ प्यार
सौन्दर्यले दिन्छ नयाँ सिँगार ।

यौटा वसन्ती मृदु सिर्जनामा
आभास झल्कन्छ विशालताको
त्यै सिर्जनामा अनि चुम्छ ज्योति
वैशाख मायामय बैंस बोकी ।

लेखौं कि लेखिन्न सबै भने झैं
बोलौं कि बोलिन्न सबै भने झैं ।
हेरेर पाइन्न कि तृप्तिजस्तो
यो सृष्टि यस्तै छ भनिन्न जस्तो ।

मेटौं कि मेटिन्न पिएर प्यास
साटौं कि साटिन्न दिएर आश
गाँसौं कि गाँसिन्न उनेर प्यार
वैशाख यस्तै पनि भर्छ प्यार ।

छाया उही हो तर रूप अर्को
माया उही हो तर बैंस अर्को
संसार योटै तर सृष्टि अर्को
वैशाख उस्तै तर मोह अर्को ।

यौटै लतामा कलिलो मुना छ
यौटै मुनामा रसिलो टुना छ
जादू त्यसैमाथि गएर डुल्छ
उन्माद नौलो त्यसमै थपिन्छ ।

मीठो कलामा जब चित्र खुल्छ
मीठो गलामा अनि सृष्टि डुल्छ
वैशाख यात्रीसरि अल्पिजान्छ
यो बैंस मेरो पनि वैलिजान्छ

फर्कन्न कैले अनि फूलजाति
फर्कन्न कैले पनि रूप-राशि
वैशाख एक्लो अनि सृष्टि एक्लो
माया चुँडाएपछि बैंस एक्लो [1]

---

१. उपत्यकाव्यापी प्रतियोगितात्मक साहित्य सम्मेलनमा प्रथम भई सुवर्ण पदक प्राप्त गरेको कविता, २०२८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

(ग) भोलिका गहना

(उत्तर मध्यमामा प्रथमस्थान प्राप्त)

- मधुसूदन

दिनको दुइघण्टा पढेर मात्र उत्तर मध्यमामा प्रथम स्थानमा उत्तीर्ण भई आफ्नो जीवनको दुइ दशकमै शास्त्री उत्तीर्ण गर्ने हिम्मत लिनुभएको देखेर माधव भट्टराईको सन्हाहना कसले नगर्ला ? ***उत्तर मध्यमामा पढ्नेताका म दुइ घण्टामात्र पढ्दथे*** एक भेटवार्तामा उहाँले भन्नुभयो - विहान एक घण्टा र बेलुकी एक घण्टा, जाँचको ताका म चार घण्टा पढ्दथें, कोर्सका पुस्तक पढ्न मलाई झर्को लाग्थ्यो साहित्य, नेपाली इत्यादि विहान र दिउँसो र अनिवार्य विषय घोक्ने काम म साँझ गर्थें । मलाई एकान्तमा एक्लै पढ्न मन लाग्छ । यसपालि उत्तरमध्यमामा १००० मा ६७२ अङ्क ल्याई प्रथम स्थान प्राप्त गर्नुभएका भट्टराईज्यूको घर पू. ३ नं. रावालामीडाँडामा छ । उहाँको पिता श्री कृष्णप्रसाद भट्टराई गाउँ पञ्चायतको सदस्य हुनुहुन्छ । माधवज्यूले आफ्नो अध्ययन दिङ्ला पू. ४ नं. बाट प्रारम्भ गर्नुभयो । त्यहींबाट उहाँले प्रथमा प्रथम श्रेणीमै उत्तीर्ण गर्नुभयो । प्रथमा उहाँले प्रथम श्रेणीमै उत्तीर्ण गर्नुभएको थियो तर केही परिस्थितिले गर्दा पूर्वमध्यमामा उहाँ द्वितीय श्रेणीमा उत्तीर्ण हुनुभयो । पूर्वमध्यमा उहाँले जनकपुर संस्कृत प्रधान पाठशालाबाट गर्नुभएको थियो । पूर्वमध्यममा उहाँ नियमित पाँच घण्टा अध्ययन गर्नु हुन्थ्यो । उत्तरमध्यमा उहाँले मटीहानीवाट गर्नुभयो । मटिहानीमा उहाँ कुनै छात्रवृत्ति पाउनुहुने थिएन तापनि भोजन इत्यादिको सुविधा थियो । उत्तरमध्यमामा उहाँको मुख्य विषय साहित्य, नेपाली थियो । सजिलो पनि उहाँलाई साहित्य नै लाग्थ्यो र अनिवार्य नेपाली उहाँलाई केही गान्हो लाग्थ्यो ।

"के तपाईलाइँ प्रथम स्थान प्राप्त गरुँला भन्ने लागेको थियो भन्ने एक प्रश्नमा उहाँले भन्नुभयो-" आफ्नो परिश्रम अनुसार दोस्रो र तेस्रो सम्म आउँला भन्ने ठानेको थिएँ ।"

आफ्नो अध्ययनक्रममा उहाँसँग कोर्शका सबै पुस्तक थिएनन्, वरपीपल, माइतीघर इत्यादि पुस्तक त कहीं न पाइने पुस्तक पनि उहाँको विषयमा राखिएको हुनाले उहाँलाई उक्त पुस्तकहरूको कठिनाइ भएको थियो ।

हाल माधवज्यू काठमाडौंमा बसी शास्त्रीमा ***साहित्य*** पढ्दै हुनुहुन्छ । यसै सन्दर्भमा एक प्रश्नको उत्तरमा उहाँले भन्नुभयो- "विदेशमा भन्दा स्वदेशमैं बसी अध्ययन गर्न मलाई मन लाग्यो, काठमाडौं राजधानी भएको हुनाले र यहाँ विशेष सुविधा पाइने आशाले मलाई यहीं बसी पढ्ने इच्छा भयो ।" शास्त्री पास गरेर उहाँ साहित्यमा नै आचार्य गर्नु हुनेछ र पछि साहित्यको उन्नति गर्नेतिर लाग्ने उहाँको विचार छ । अङ्ग्रेजी भाषाको अध्ययन गर्नेतिर पनि उहाँको औंधी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाख छ र शास्त्री पास गरेर अङ्ग्रेजी अध्ययनतिर पनि लाग्नुहुनेछ । अङ्ग्रेजीमा बी. ए. सम्म गर्ने उहाँको विचार छ "यहाँलाई साहित्यतिर नै त्यति रुचि किन उत्पन्न भयो" भन्ने एक प्रश्नको उत्तरमा उहाँले भन्नुभयो - साहित्य सजिलो, राम्रो र व्यावहारिक हुनुका साथै मानिसलाई यसले प्रगतितिर लम्काउन प्रेरित गर्छ ।" यही कारणले होला उहाँलाई अहिले देखिनै कविता लेख्ने विशेष चाख छ र उहाँले सय डेढसय कविता लेखिसक्नु भएको छ । उहाँ विशेष गरी मन्दाक्रान्ता छन्दमा कविता रच्नुहुन्छ र यही कारणले उहाँ पछि यदि कुनै महाकाव्यको सृज़ना गर्नु भए मन्दाक्रान्ता छन्दमा गर्नु हुने संकल्प छ । त्यसमा उहाँलाई राम्रो लाग्ने करुण र श्रृङ्गार रसको प्रधानता हुनेछ ।

माधवज्यूलाई संगीततिर पनि विशेष अभिरुचि छ र ***लोकगीत*** उहाँलाई साह्रै मन पर्छ । संस्कृत साहित्यमा "***अभिज्ञानशाकुन्तलम्***"उहाँको प्रिय पुस्तक हो र पद्यमा उहाँ "***मेघदूत***" लाई रुचाउनुहुन्छ । यहाँ ***मेघदूत*** किन रुचाउनु हुन्छ भन्ने एक प्रश्नको उत्तरमा उहाँले भन्नुभयो - यसमा लालित्य र माधुर्यको साथै-

कस्यात्यन्तं सुखमुपनतं दुःखमेकान्ततो वा
नीचैर्गच्छत्युपरि च दशा चक्रनेमिक्रमेण

जस्ता शाश्व विचार छन् । "नेपाली साहित्यमा श्री लक्ष्मीप्रसाद देवकोटा उहाँको प्रिय कवि हुनुहुन्छ र यसै सन्दर्भमा देवकोटाको कुन कविता राम्रो लाग्यो भन्ने प्रश्नमा उहाँले ***माग***तिर औल्याउनु भयो- "***खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ? आफू मिटाई अरुलाई दिनु जहाँ छ ।***" कविको यही प्रेरणादार्या विचारले प्रभावित भएर होला, एक लाख रुपैयाँ पाए तपाई के गर्नुहुन्छ भनी सोधिएको एक प्रश्नमा उहाँले स्वयं केही गर्ने इच्छा व्यक्त नगरेर गाउँ घरमा शिक्षालय खोल्ने र साहित्यको उन्नतितिर लगाउने इच्छा व्यक्त गर्नुभयो । यसै प्रश्नको क्रममा उहाँले मासिक तीनसय रुपैयाँ पाए कोर्सका सबै पुस्तक किन्ने, त्यसपछि नेपालीका सबै महाकाव्य किन्ने र यदि रुपैयाँ बच्यो भने एउटा रेडियो किन्ने इच्छा व्यक्त गर्नुभयो ।

मटिहानीको अध्ययन क्रममा उहाँ ***गोरखापत्र*** रोज पढ्नु हुन्थ्यो र गो. प. मा अगि निस्किने "***अञ्चल गतिविधि***" कालम उहाँलाई मन पर्थ्यो । खेलमा उहाँलाई भलिवल मन पर्छ , क्यारेम र राष्ट्रिय खेल बाघचालको पनि उहाँ राम्रो खेलाडी हुनुहुन्छ ।

उहाँले पूर्वीतराई डुल्नु भएको छ र काठमाडौं उहाँलाई पहाडहरूले घेरिएको हुनाले विशेष रमणीय लाग्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu



नाट्यसम्राट बालकृष्ण समबाट साहित्य सम्मेलनमा पद्यतर्फ प्रथम पुरस्कार ग्रहण गर्दै माधव भट्टराई (२०२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढाइको बीचमा उहाँलाई आफ्नो भविष्यबारे अनेक प्रकारको चिन्ता उठ्थ्यो र अध्ययनमा व्यवधान उत्पन्न हुन्थ्यो । अहिले पनि उहाँ गैरी धारामा डेरा लिएर बस्नु भएको छ र त्यस सानो डेरामा उहाँसँगै अरु चार जना विद्यार्थी छन् । उहाँहरू, आफ्नो भोजन स्वयं पकाउनु हुन्छ र माधवज्यूको पनि चार दिनमा एकदिन पकाउने पालो आउँछ । यस प्रकार अध्ययन क्रममा उहाँलाई अवश्य नै केही कठिनाइको अनुभव भइरहेछ । त्यसैले यदि उहाँले संस्कृत छात्रावासमा बस्ने सुविधा पाउनु भयो भने, उहाँ आफ्नो लगन र परिश्रमले भविष्यमा अझ बढी नम्बर ल्याउने आशा गर्नु हुन्छ । [२]

(घ) सफलताको कथा

काठमाडौं साउन ७ गते । आचार्य परीक्षामा प्रथम हुने श्री माधव भट्टराई अहिलेका विद्यार्थीहरूमा प्रतिभाको स्तर बढ्दै गएको अनुभव गर्नुहुन्छ । त्रिभुवन विशवविद्यालयद्वारा सन् १९७३ मा लिइएको आचार्य परीक्षामा प्रथम भएपछि पनि उहाँलाई पढ्ने अभिलाषा अझै बढ्दै गएको कुरा बताउनुभयो । २००९ साल फागुनमा खोटाङ् जिल्लामा जन्मनुभएका श्री भट्टराई उत्तरमध्यमा र शास्त्री परीक्षामा पनि प्रथम श्रेणीमा प्रथम हुनुभएको थियो । हाल वाल्मीकि क्याम्पसमा सहायक प्राध्यापकको रूपमा काम गरिरहनु भएका श्री भट्टराई साहित्यको कुनै पक्षमा अनुसन्धानात्मक अध्ययन गर्ने विचार राख्नुहुन्छ । तीनवर्षसम्म संस्कृत छात्रावास रानीपोखरीमा आफ्नो अध्ययन समय बिताउँदा सामाजिक विषयमा रुचि बढेको कुरा पनि उहाँले बताउनुभयो । पत्रपत्रिकाहरू नियमित रूपले पढ्ने बानी बसाल्नुहुने माधव भट्टराई नेपाली र अंग्रेजी साहित्यका सबै पक्षबारे विस्तृत अध्ययन गर्न रुचाउनुहुन्छ ।

गोरखापत्र साउन ८,२०३१ ।

(ङ) श्री भट्टराईलाई विद्यावारिधि उपाधि

काठमाडौं चैत २७ गते । त्रिभुवन विश्वविद्यालयले उप-प्राध्यापक माधव भट्टराईलाई विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

श्री भट्टराईलाई उक्त उपाधि दिने निर्णय ***नैपालक कविविरचितानां संस्कृतमहाकाव्यानां समालोचनात्मकमध्ययनम्*** शीर्षक उहाँको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय संस्कृत अनुसन्धान समितिले गरेको हो ।

---

२ .मधुसूदन, "भोलिका गहना माधव भट्टराई", *गोरखापत्र* २०२५, आश्विन १३ शनिवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

उहाँले नेपालका संस्कृत भाषाका महाकविहरू पूर्णप्रसाद ब्राह्मण, भरतराज शर्मा, हरिप्रसाद आचार्य, कृष्णप्रसाद घिमिरे र पशुपतिझा का प्रकाशित महाकाव्यहरूबारे विविध पक्षीय शोध गर्नुभएको छ ।

२००९ सालमा खोटाङ् जिल्लाको लामीडाँडामा जन्मनु भएका श्री भट्टराईले उत्तरमध्यमा, शास्त्री र आचार्य परीक्षामा प्रथम स्थान प्राप्त गर्नुभएको थियो । हाल उहाँ वाल्मीकि विद्यापीठ (क्याम्पस) मा अध्यापन गर्नुहुन्छ ।[३]

सामग्री स्रोत

डा. माधव भट्टराई

---

३ . *गोरखापत्र* चैत्र २८,२०४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

परिच्छेद ३

संस्कृत क्षेत्रमा गहिरो विद्वत्ता आर्जन गरेर पनि नेपाली भाषा, साहित्य, व्याकरण, पत्रकारिता र इतिहास–संस्कृतिको अध्ययन, अनुसन्धान गरी सृजनात्मक तथा अनुसन्धानात्मक ग्रन्थरचनामा समर्पित केही विद्वान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MiDI

२५

सैपूका पहिला विद्वान् ऋषिकेश पाध्या पौडेल

परिचय

ऋषिकेश पाध्या नेपालको ***ऐतिहासिक विद्वत्परम्परा*** का एक उज्ज्वल नक्षत्र हुन् । ***रामेछाप*** जिल्लाकै सैपूमा ऋषिकेश पाध्या र उनका नाति वीरभद्र पाध्याका बारेमा महत्त्वपूर्ण इतिहासका सामग्रीहरू पाइन्छन् । तीमध्ये केही प्रकाशित छन् र धेरैजसो अप्रकाशित पनि छन् । अप्रकाशित सामग्रीहरू मध्ये कैयौं त उपलब्ध हुनै सकेनन् । उपलब्ध भएजति सामग्री यहाँ समावेश गर्ने कोशिश गरिएको छ । पौडेल थरको इतिहासमा पनि ऋषि पाध्याको अविस्मरणीय भूमिका रहेको देखिन्छ । त्यसैले यस लेखमा पौडेल थरको पनि छोटो चर्चा गरिएको छ । ऋषि पाध्याले बनाएको पाटी कानपुर (काभ्रेपलाञ्चोक) मा अझसम्म छँदैछ भन्ने थाहा पाइएको छ । ***नेपालको विद्वत्परम्परा*** र इतिहासको अनुसन्धान गर्न हरेकका घरघरमा रहेका कागतपत्रहरू खोतल्नु पर्छ । वास्तवमा अहिलेसम्म योगी नरहरिनाथ, धनवज्र बज्राचार्य, ज्ञानमणि नेपाल, मोहनप्रसाद खनाल आदि इतिहासका अनुसन्धानकर्ताहरूको प्रयासबाट इतिहासका धेरै सामग्रीहरू प्रकाशमा आएका छन् तर त्यत्तिनै मात्रामा अझै प्रकाशित हुन पनि बाँकी छन्, तर ***नेपालको विद्वत्परम्पराको*** क्षेत्रमा त आजसम्म काम भएकै छैन भने पनि हुन्छ । जुन बेला नेपाल अधिराज्यभर प्रत्येकका घर-घरमा रहेका ऐतिहासिक सामग्रीहरू र सरकारी अड्डाअदालतमा रहेका कागतपत्र प्रकाशित भैसक्लान्, अनि नेपालका कुना-कुनामा रहेका र हाल विलुप्त अवस्थामा रहेका संस्कृतका विद्वान्हरूको वास्तविक इतिहास प्रकाशमा आउला, त्यस अवस्थामा मात्र सिङ्गो नेपालको इतिहास पनि थोरबहुत तयार हुन्छ भन्ने कुरामा ढुक्क हुन सकिन्छ ।

पौडेल थरको परम्परा

पौडेल थरको परम्परा खोतल्न हामीले सबैभन्दा पहिले अर्ज्याल थरको परम्परा थाहा पाउनु आवश्यक देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशित स्रोतकै आधारबाट भए पनि पौडेलको नालीबेली कोट्याउने प्रयास गरौं ।

आदि मालव गढ् कनौज धरती धारानगर् ख्यातको ।
तेस्मा ब्राह्मणं भट्ट अत्रिकुलका बासै सबै जातको ॥
वाद्शाहा त नवा (फ) को कलहमा कसै त वात्वातको ।
देशै छाडी हिंड्या चतुर्दिशी सबै छोडी विभव् साथको ॥ १ ॥

कुश् बन्दा सब भट्टमा अति वडा आर्का उदै भट्ट हुन् ।
पाहाड्तर्फ गया उनी दुई जनाको सबै जान गुन् ॥
कान्छाका सदु भट्ट पुत्र त तहाँ विद्वान् पुरा भैगया ।
उन्का पुत्र ति राय भट्ट जनम्या ज्ञान्ले परम्पद् गया ॥ २ ॥

तिन्का पुत्र त देवदत्त तिनका सुत् वत्सराज् नाउँका ।
छैटौं सुत् उपवत्सराज् सुगुणका पुरा सबै काजका ॥
फेरि सृष्ठिपरम्परा बढी गई श्री वत्सराज् भैगया ॥
तिन्की ब्राह्मणी दुइ जेठीतिरमा श्रीकृष्ण पुत्रै भया ॥ ३ ॥

सिग्दी ग्राम त अंश भो र उनको सिग्द्याल पद्वी भयो ।
कान्छीका सुत एक ज्ञानी सवमा श्रीदेव संज्ञा थियो ॥
उन्लाई पनि पौडी अंश त दिंदा पौड्याल् कहया तहाँ ।
आठौं वंश बिती उनै कि त फिरी अर्की दुलही माहाँ ॥ ४ ॥

जुम्लाका नृपतिकी छोरीतिरका थर्का समान् भैगया ।
भित्र्यानीतिरका त पुत्र त ताहाँ खस् थर् वगाल्या भया ॥
सूत् श्रीनन्द त फेरि ब्राह्मणी विषे तिन्का त श्रीराम् बनी ।
श्रीराम्का हरिदत्त सुत त भया आफ्ना कुलैका मणि ॥ ५ ॥

तिन्का पुत्र त कृष्णराम तिनका छोरा दुई भै गया ।
जेठा भट्ट सदु कनिष्ट उनका चावा भन्याका थिया ॥
चावाकी दुई ब्राह्मणी त कुलका जेठी की सन्तान् जति ।
अर्जीवासी हुँदा त उही थर भो अर्ज्याल् कहाया उति ॥ ६ ॥[१]

पण्डित उदयानन्दकै शब्दमा बराजु जोसी इन्द्रमनी त ज्योतिषविषे भन्थ्या त गर्गै भनी, यस पद्यांशबाट हामी इन्द्रमणिको विद्वत्ता, आत्मज्ञान र शक्तिमा गर्गमुनि समान रहेको र बूढा

---

१. बालकृष्ण पोखरेल, उदयानन्दकृत दोस्रो कविता" *नेपाली* पूर्णाङ्क १४, पृष्ठ ३३-३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain

पुरानामा पनि चर्चा भएको प्राय: पाउँदछौं । यस प्रशसा बमोजिम उनको कुनै कृति नहोला भन्न सकिंदैन । उनका अरू पनि सन्तान काठमाडौंमा नै होलान् र सम्भव छ उनीहरूबाट इन्द्रमणि जोशीको विषयमा केही कृतिहरू उपलब्ध हुनेछन् । जोशी पदले भ्रम उत्पन्न गर्ने सम्भावना देखिन्छ तापनि पहिले ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान् र ज्ञाता हुँदा जोशी भन्ने थर जस्तो चलन थपिएको मात्र हो । नारायण अर्ज्यालले ज्योतिष विषयका ज्ञाता भएरनै द्रव्यशाहको चिना हेरी भविष्यवाणी गरेका थिए । यिनैका छोरा उद्धवदास धौलुदेखि जोशी भन्ने चलन चलेको देखिन्छ ।

यस्तै प्रकारले उद्धवदास धौलु जोशीका पिता नारायणदास अर्ज्यालदेखि माथि भट्ट भन्ने चलन पनि चलेको देखिन्छ । कन्नौजको धारा नगरबाट आउँदा भट्ट भन्ने चलन रहेको थियो । यिनैका पूर्वज चावा भट्ट (यिनका सन्तान अर्ज्याल, पौड्याल, सिग्द्याल र मैधाली भए) इस्माका राजा भई वाजसनेय यज्ञसमेत गरेको उल्लेख पनि पाइन्छ । यिनका भित्र्यानीपट्टिका छोरा कालु थापा भन्ने उल्लेख भएको पाइन्छ । चावा भट्टका पनाति प्रभाकर भट्टले पछि गुल्मीका राजपुत्रलाई राज्य दिएर ***अर्जयी*** भन्ने विर्ता ली घर बनाई बसेको हुँदा पछि अर्ज्याल थर बन्न गएको हो । उदयानन्दकै शब्दमा-***जुम्लाका नृपतिकी छोरी तिरका थर्का समाल् भै गया*** यो भनाइ बमोजिम जुम्लाका राजाकी छोरी विवाह गरेका र त्यसबाट समाल थर भएको देखिन्छ ।[२]

कनौजदेव प्रथमा गच्छादेवी द्वितीयकम् ।
जयन्तमाला तृतीयं मष्टदेव चतुर्थकम् ॥
पञ्चमं वराह नाभं च सुरूपालं च षष्ठकम् ।
सप्तमं वत्सदेवं च शाखा माध्यान्दिनी तकम् ॥

१. श्री रङ्गनाभ २. श्री पुरनाभ ३. श्री ब्रह्मनाभ ४. श्री प्रसरनाभ ५. श्री भीमदेव ६. श्री पूर्णदेव ७. श्री देवदेव ८. श्री कुमारदेव ९. श्री शक्तिभट्ट १०. श्री पृथ्वीभट्ट ११. श्री कुबेर भट्ट १२. श्री उदै भट्ट १३. श्री थत्तु भट्ट १४. श्री राई भट्ट १५. श्री देवदत्त १६. श्री वत्सराज १७. श्री वंशराज १८. श्रीवत्सराज चतुर्वेद आगम पुराण सामर्थ्य यज्ञपति पुरोहित थिए, मंत्रागमले लोहाका समिधा जलाया, ताहादेखि कुमाउ पौडि आया । १९. श्री कृष्ण २०. श्री देव २१. श्री श्रीनन्दा २२. श्री हरिदत्त २३. श्री हरिराम २४. श्री कृष्णराम २५. श्री चावा: - डोटीका पौडी देवता, मष्टा देवता पुज्या, ताहादेखि आया सामाका पौडि साततलाको विहार बनाया, देवता वामर पुज्या एक लाटा थिया भुंडि मऱ्या नाउ सुरूपाल हो । चावाका परिवारमा दोष भयो

---

२. धवप्रसाद अर्ज्याल, "कवि उदयानन्द" *नेपाली* पूर्णाङ्क १८, पृष्ठ ४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्या छन् । पुजा गऱ्या दोष छाड्यो तसकारण लुकी पुजा गर्छन् । उहि हुन नाउ ब्रह्म हो । तनका वंश यहा ब्रह्मदेव भनि पुजा गर्छन् ताहादेखी मोतीराज आया दघास्या आई ५ चेला भया । २६. श्री मोतीराज २७. श्री जोगा २८. श्री जैदास २९. श्री चापू ३०. श्री चन्द्रमा ३१. श्री धर्माखर ३२. श्री लक्ष्मीदास ३३. श्री दामोदर ३४. श्री विश्वामित्र ३५. श्री ऋषि पाध्या

यस किसिमले ऋषि पाध्या सम्ममा ३५ पुस्ता लेखिएको छ । ऋषि पाध्याको नाम कतै ऋषि पाध्या, कतै ऋषिकेश पाध्या र कतै रिषि पाध्या लेखिएको पाइन्छ ।[३]

पूडासैनि र पारिजाइ कहुँला पोखेल् र पौडेल भनी ।[४]
आशाखेति कबर्खेति रूपाखेति सिग्याल ।
कालाखेति सुनाखेति मिल्का धोती पौडेल ॥४॥[५]
काला र गोरा दुइटै पौडेलको आत्रेय गोत्र हुन्छ ॥५॥[६]
दूवाडी र दुलाल पौडेल र थापा कालिकोटे अनी ।
थापा फेरि पुवार चाहिं र खुलाल्, थापा बगाले पनि ॥
पानीपोखरेल कालिकोटि खडका अर्ज्याल सिक्देल् अरु ।
यी एघार सगोत्रि त्रि प्रवर हुन् आत्रेय गोत्रीहरू ॥
प्रवर - आत्रेयो ऽ र्चनानसः श्यावाश्वेति त्रिप्रवरः ॥६॥[७]

हरिद्वारदेखि पूर्व अलमोडादेखि पश्चिम बीचमा पौडी भन्ने गाउँ छ । त्यस पौडीमा बसी विचित्र चालले नदीमा पौडी खेल्दा देख्नेले ***क्यासित पौडे ल*** भन्दा पौडेल थर भएको हो ।[८]

स्थान कनौज व्रजदेवता गच्छदेवी गोत्र आत्रेय प्रवर ३ अत्रि, आत्रयः आर्च इशावास्य त्री प्रवराय कनौज देवता प्रथम गच्छदेवी द्वितीय देवता जयन्तमालाः तृतीय शुभयालिंग मष्टादेव चतुर्थकम् । पन्चमं वराह नामं च सुरुपालं च षष्टमम् । सप्तमं ब्रह्मदैवं च शाखा माध्यान्न्येः गढस्थानादि वंशावली ।

पौडेलहरूको देवाली पद्धति

१ लिङ्गा मष्टा ११ तेर्सो, १३ ठाडो षोडशोपचार पिण्डदान ।

---

३. हवल्दार देवीप्रसाद पौडेल, *सैपूका पौडेलको संक्षिप्त वंशावली* पृष्ठ ५,६ र ७ ।

४, ५. पं. शिखरनाथ सुवेदी, *थरगोत्र प्रवरावली* कृ.प्र. ढुङ्गाना (प्रकाशक) पृष्ठ ३-४ ।

६, ७, ८. पं. शिखरनाथ सुवेदी, ऐजन, पृष्ठ १५, १९ र २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain

पञ्चवारा - ७-११ पंचोपचार तण्डुलदान

श्री विन्ध्या - ५-५ षोडशोपचार बलि

श्री विन्ध्यवासिन्यै - श्वेताक्षत पुष्प श्रीखण्ड चन्दन कर्पूर श्वेतवस्त्रालंकार ।

ॐ सायाह्ने सरस्वती रवि मण्डल मध्यस्था शुक्लवर्णा चतुर्भुजा त्रिशूल डमरु पाश पात्रकरा वृषभासनारूढा, वालावया वृद्धा, रुद्राणि रुद्रदैवत्या सामवेदोदाहृता ध्येया ।

बीज :– ऊँ क्लींब

सर्वं खल्विदमेवाहं न्यान्यदस्ति सनातनम् ।

१२० कोठामा क्रमश: ऊँकारा ॐशक्र, ॐ स्रष्टा इत्यादि पूजा गरिन्छ ।

गोप्य पूजा वामनद्वादशीका दिन हरेकका घर-घरमा हुन्छ । यसलाई वनमा र कोशीको छेउमा पनि गरिन्छ । (काम श्राद्ध) ।

सेतै सेतो । मन्त्र बीज, लिङ्गा मष्टाको १२० कोठामा पिण्डदान । मन्त्र - ॐ नमो भगवते वासुदेवाय । पञ्च वाराहमा कोष्ठ, जलपुष्प पायसदान, मन्त्र ॐ अथ क्र ब्रम्हस्वरूपाय । गुप्त पूजा : ब्रह्माको गुप्त पूजा पायसदान, मन्त्र - ॐ मध्य प्रणाय: कूलपूजा - ॐ नम: विन्ध्यवासिन्यै ।

१३८२	श्रीपरा	षोडशोपचार
१५०५	श्री गोरक्षकाली	"
१५९२	श्रीकमला	"
१६२०	महाकाली	बलि
१६९९	महाकाली भैरवी	बलि
१७८१	श्री विन्ध्या	
१७८९	श्री विन्ध्यवासिनी	
१८१८	श्री विन्ध्यवासिनी उपर्युक्त सबै	
१८८२	१८ मष्टा, महाभैरवी उपर्युक्त सबै	
१९०३	लिङ्गा मष्टा र उपर्युक्त सबै - पञ्चवाराह शब्दादीमा ॐकार	

ॐ अखिल खं ब्रह्म

ॐ उकार ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ऋषिकेश पाध्याले बिर्ता पाएको सैपू गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Dig...

सरस्वती आवाहन, ॐ नमः सरस्वत्याय । ॐ वाक ॐ स्वरी पूजा भैसकेपछि ढाकी दिने र केराको पात ओछ्याउने । विन्ध्यवासिनीमा मास, रक्तपान, पुंगीफल वर्जित छ । प्रसाद चल्छ । अभिषेक चल्दैन । ब्राह्मणहरूले श्राद्ध रुद्री सकेपछि मन्दिर प्रवेश निषिद्ध छ ।

नीच वर्णले कुनै पनि बेला हेर्नु हुँदैन ।

पूजा शुरुदेखि अन्त्यसम्ममा मौलो छुन निषिद्ध छ । ९

सैपूको इतिहास

सैपूका पौडेल थरका मूल पुर्खा ऋषि पाध्या कानपुर (पू. १ नं.) बाट सैपूमा बिर्ता ली बस्न आएका हुन् । कानपुरमा ऋषि पाध्याका पिता विश्वामित्रको बिर्ता थियो । विश्वामित्रका ४ भाइ छोरा थिए । ती मध्ये जेठा सुदर्शन, माहिला कुबेर, साहिंला ऋषि पाध्या र कान्छा केशव हुन् । यिनीहरूका सन्तान ठाउँठाउँमा अद्यावधि विभिन्न व्यवसाय गरेर बसेका छन् ।

कान्तिपुर मानगृह– दामोदर भवनमा १७५२ साल फागुन शुक्ल नवमी तिंथिमा ऋषि पाध्याको जन्म भएको हो । ऋषि पाध्याले साङ्गोपाङ्गो ***यजुःसंहिता, ज्यौतिष*** र ***तन्त्रविद्या*** पढेका थिए । उनी महाकालीका परमभक्त पनि थिए । ऋषि पाध्या त्यसबेला पूरा राजनीतिज्ञ पनि थिए । समकालीन राजा जयप्रकाश मल्लसँग उनको घनिष्ट सम्बन्ध थियो । उनले जयप्रकाशको आज्ञालाई कहिल्यै उल्लङ्घन गरेनन् ।

कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ललाई विजय गरेर वि.सं. १८२५ सालमा श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले नेपालको शासन सूत्र आफ्नो हातमा लिएको कुरा त इतिहासमा छँदैछ । जयप्रकाशले आफ्नो शासनकालमा भोटसँग पनि लड्नु परेको थियो, साथै गोरखालीसँग पनि । यी राजा सारै धर्मभिरू थिए । यिनले एक लाख सालिग्राम झिकाएर शहरभरीका जनतालाई पूजा गर्नु भनेर बाँडेका पनि थिए । यिनैमध्ये कुन कार्यमा नपुग भएर हो कोनि ? ऋषि पाध्यासँग सापट लिएर काम चलाएको कुरा तामापत्र लालमोहरमा देखिन्छ ।

जयप्रकाशले ***मैले लिएको ऋण बापत तिमीलाई विर्ता दिन्छु कसैको सन्धीसर्पन नपर्ने ठाउँ खोज*** भनेर ऋषि पाध्यालाई ने.सं. ८६३ वि.सं. १७९९ मा भनेका थिए । कार्यवश १८०० को मार्ग महिनामा ऋषि पाध्या जग्गा हेर्ने मनसायले पूर्व पहाडतर्फ लागे । दैवागत ***झाँगाझोली*** पुग्दा दलवीर थापासँग भेट भएछ । दलवीर थापा साभाका निवासी रहेछन् ।

---

९ . यी सबै सामग्री हवलदार देवीप्रसाद पौडेलको निजी डायरीबाट उतार गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषिकेश पाध्याको घडेरी

(अचेल यो घडेरी बिर्ताको नामले चिनिन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

उनैको भनाइ मानेर सँगै कसैको बसोबास नभएको र कसैको सन्धिसर्पन पनि नपर्ने सैपूको बेंसी ढाँडेमा ऋषि पाध्या आएर जग्गा हेर्न लागे । लेखबेंसी टक्क मिलेको देखेर उनलाई त्यो जग्गा ज्यादै राम्रो लाग्यो ।

मानिसको भनाइ छ - ढाँडे वेंसीबाट जग्गा हेर्दै घर बस्ने ठाउँ, घडेरीमा आइपुग्दा उनले बाँधेको नैनसुतको २० हातको फेटा अरअरिका काँढाले लुछेर धुजा-धुजा भै च्यातिएर बाँध्नै नहुने भएको थियो रे ।

सन्तानलाई भविष्यसम्म गुजारा हुने जग्गाको निरीक्षण गरी मार्ग महिनामा नै ऋषि पाध्या काठमाडौं पुगे । जग्गा हेरेर आएको कुरा जयप्रकाश मल्लसँग निवेदन गरे, तर कुनै कारवाहीले गर्दा विर्ताको तामापत्र ने.सं. ८६५ (वि.सं. १८०१) जेष्ठमा मात्र भयो । [१०]

ऋषि पाध्याको बारेमा

खेत रोपनी १०० को मोल ८०८ । घडेरी आरू बोटे फेदी ९८ को मोल १२० ।

विश्वामित्रका तृतीय पुत्र ऋषि पाध्याको जन्म वि.सं. १७४४ साल फागुन शुक्ल नवमी, मानगृह (दामोदर भवन इन्द्रचौक, आकाश भैरव) मा भएको थियो । निधन वि.सं. १८३८ साल मार्ग, ९४ वर्षको उमेरमा आर्यघाटमा भएको थियो । उनले वेद, ज्यौतिष र तन्त्र विद्या अध्ययन गरेका थिए । चण्डी, महाकाली तन्त्र, वेद, भागवतका पुस्तक चाहिं ऋषि पाध्याले लेखेका थिए । यी ग्रन्थको पाण्डुलिपि हाल उपलब्ध हुने स्थितिमा छैनन् ।

ऋषि पाध्याका गुरु यसप्रकार देखिन आउँछन् ।

वेद गुरु - दामोदर

ज्यौतिष गुरु - धनपति जैसी

तन्त्र गुरु - मधु भट्ट

ऋषि पाध्याको जीवनी प्रकाश पार्ने किसिमका अरू सामग्रीहरू अहिलेसम्म यहाँभन्दा बढी पाउन सकिएको छैन । ऋषि पाध्याले लेखेका चिठी, हस्ताक्षरका अरू पुस्तक जति सबै जलेको घर डडेवारी हो । त्यहाँ नीलप्रसादका बा मनोरथ र मनोरथका बा लक्ष्मीवेलासको घर थियो, तर वि.सं. १९५६ साल ज्येष्ठ १४ गते अन्दाजी ४ बजेको समयमा अकस्मात् चट्याङ परेर घर

---

१० . हवलदार देवीप्रसाद पौडेल : *सैपूका पौडेलको संक्षिप्त वंशावली* (लियोप्रति) पृष्ठ ३, ४ र ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF





ऋषिकेश पाध्याले सारेको वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain

ध्वस्त भयो । यसमा सिमाने घर्ती र भ्याण्टी घर्तिनी पनि परेका थिए । धेरै समयसम्म आगो निभेन । यसमा ३०० मुरी कोदोमध्ये १०० मुरी चल्तीको र २०० मुरी अचल, यसैगरी मकै, धान आदि सबै अन्न सखाप भएको थियो । १९५६ साल कार्तिक १७ गते चतुर्थी गर्दा घर जलेकै आगोबाट गरिएको थियो भन्ने कुराको जानकारी भित्ताघर नीलप्रसाद पौडेलले दिएका छन् । [११]

ऋषि पाध्याको घर अहिलेको बाटुलीबारी मुनि थियो भनेर जिष्णुप्रसाद पौडेल र नीलप्रसाद पौडेलले मलाई बताएका छन् । घर-मटान भत्किएको अवशेषका रूपमा रहेका ढुङ्गाहरू अझै पनि बारीका डीलमा राखिएका छन् । ऋषि पाध्याको घडेरी भएको ठाउँलाई अचेल *विर्ता* भन्छन् ।

सामग्री भाग

ऋषिकेश पाध्याले लेखेको वेद

वि.सं. २०३९ साल माघ २६ गते बुधवार रामेछाप जिल्लाको सैपू गाउँ विकास समितिमा ऋषि पाध्याले लेखेको वेद फेला परेको छ । आफूले ल्याउन नपाए पनि इतिहासका कुनै पनि जिज्ञासुले सो गाउँ विकास समितिमा गई उक्त पुस्तकको अध्ययन गर्न सक्नेछ । ऋषिकेश पाध्याले आफैंले लेखेको शुक्ल यजुर्वेदका १७१ पत्र छन् । उनीबाट जम्मा वीस अध्याय मात्र लेखिएको देखिन्छ । मड्याएको कागजमा कालो मसीले लेखिएको छ । सारस्वरमा रातो चिन्ह छ ।

सं हि.	राम :
१३८	१३८

९७ पाताको अन्तिम दुई हरफदेखि कलमको टाँका बदलिएको, बीच बीचमा अक्षर टुटेर थपेको पनि देखिन्छ । ऋषिकेश पाध्याले आफूले लेखेको वेदको अन्तिम पातामा यस्तो (बेहोरा भनौं अथवा परिचय) लेखेका छन् ।

१. इति व्याजसनेय संहितायां दीर्घ पाठे विंशो ध्यायः ॥६॥६॥६॥ श्री शाके १६५९

२. श्री सम्वत् १७९४ चैत्र मा से दिनगता २९ सोमवासरे विशाषा पर अनुराधान

३. क्षेत्रे त्रिति यायां तिथौ श्री मत्कान्तिपुर नगरे श्री श्री जयप्रकाश मल्ल राज्य सम

४. ये लिपितं पुस्तकं श्री रिषिकेश उपाध्याय लिखितं पुस्तकं ॥ या द्रिसिपु

११. नीलप्रसाद, देवीप्रसाद (ह.) जिष्णुप्रसाद र पुण्यप्रसाद पौडेलबाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. स्त कं दृष्ट्वा ता दृ शि लिषि तं मया यदि शुद्ध मशुद्धं वा मम दो षो न दी यते ॥
६. नग्न पृष्टा कटि ग्रीवा वंध मुष्टि मू धो मु षं कष्टेन लिषितं विद्या यत्नेन परि
७. पाल ये त् ॥ पुत्र पौत्रादि पठनार्थं ॥ श्री नारायणार्पण मस्तु शुभम् श्री २ स्तु

सैपूका पुराना सामग्री

वास्तविक रूपमा भन्ने हो भने कुनै विषयको सिङ्गो इतिहास तयार गर्नु भनेको त साहै गाह्रो काम हो । इतिहासमा किम्वदन्तीलाई मात्र आधार मानेर सही इतिहास तयार हुँदैन । यस क्षेत्रमा पुराना कागजपत्रहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । कागजपत्र भएको मानिसलाई विश्वास पारेर आफूले सार्न वा सक्कल प्रति नै प्राप्त गर्न खोज्नु भनेको त जीवनलाईनै इतिहासमा समर्पण गर्नु हो । अहिलेसम्म पाउन सकिएका सैपूका ऐतिहासिक सामंग्रीहरू ऋषि पाध्यासँग सम्बन्ध भएका मात्र यहाँ प्रस्तुत गरिएको छ । वीरभद्र पाध्यासँग सम्बन्ध भएका सामग्रीहरू वैदिक **वीरभद्र पाध्या पौड्याल** भन्ने निबन्धमा समावेश गरिएका छन् ।

सैपूमा भएका पुराना कागजपत्रहरूको सूची

१. ने.सं.८६५ विक्रम संवत १८०१ को तामापत्र
२. विक्रम संवत् १८७२ सालको तामापत्र
३. नेपाल संवत् ८९५ को लालमोहोर
४. नेपाल संवत् ८९९ को थमौती सनद
५. विक्रम संवत् १८६३ को लिखापत्र
६. विक्रम संवत् १८६३ को सलामी बुझाएको रसीद
७. विक्रम संवत् १८७० को सनद
८. विक्रम संवत् १८९८ को श्री ... का व्रतबन्ध विवाहमा मुवारक बुझाएको रसीद
९. विक्रम संवत् १९०५ को गादी मुवारक बुझाएको रसीद
१०. विक्रम संवत् १९०६ को रुक्कादसखतको सनद
११. विक्रम संवत् गोडधुवा बुझाएको रसीद
१२. विक्रम संवत् १९१२ को अफर्नामा
१३. विक्रम संवत् १९१२ को ठाडीजंगी गोदामको रसीद
१४. विक्रम संवत् १९१४ को जंगीजाँचको पुर्जी
१५. विक्रम संवत् १९१४ को त्रीखण्डी बुझाएको रसीद [१२]

---

१२. हवलदार देवीप्रसाद पौडेलबाट प्राप्त सूची ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

(क) सैपूको ताम्रपत्र

१. स्वस्ति ॥ श्रीमत्पशुपति चरन कमल धूलि धूसरित शिरोरूह श्री मन्मानेश्वरीष्ट दे
२. वता वरलब्ध प्रसाद देदिप्यमान मानोन्नत श्री रघुवंशावतार रविकुल तिल
३. क हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकलराज चक्रा
४. धिश्वर निजेष्ट देवदेवेश्वरी कृपा कटाक्ष बलित विक्रमो पार्जित वारणा
५. कलसमुद्‌भूत गजेन्द्रपति श्री श्री जयप्रकाश मल्ल परम भट्टारक देवानां सदासमर वि
६. जयिनां प्रभूठाकूर सन कान पुरस चोङ श्री ऋषि पाध्या नाम्ने प्रसादीकृतं सयपु
७. छात्राघाद्य छत्रनाम संज्ञकं श्री लिषुगदे पश्चीमतो देवरालि उत्तरतो पू
८. र्वतो श्री चूकट्या खोरान दक्षिनत पूजोल ध्वते वात्रा घात नवु सताङ कलस अङ्क
९. पि कर्ष १०० फेदिङ्यकलस अंकेपि कर्ष ५० ध्वतेय मूलटंका च्या श्रच्या टंका १०८ दूकास्य प्रसन्नजुया ॥ प्रति चैत्रावलि वाकि धंजुयात चेकन मूल
१०. दूगंवजि मधिपुर सरमास देहि कर्ष २ बुझि वाय ॥ घत्यादि ओखत्या कर्ष २ घ
११. त्यादि कर्ष २० निचपि केपि २४ ध्वतेय । मूल सत हीजो नियोटंका १२० ध्वते दूकास्य
१२. प्रसन्न जुया ॥ अन्न पत्रार्थ दृष्टसाक्षि श्री श्री ज्योति प्रकाश मल्लदेव सम्वत् ८६५ जेष्ट वदि ५ शुभम् ॥[१३]

यो तामापत्रका सम्बन्धमा मोहनप्रसाद खनालद्वारा प्रस्तुत परिचय यस्तो छ।

यी जयप्रकाश मल्ल कान्तिपुरका राजा तथा जगज्जय मल्लका छोरा हुन् । यिनकी आमाको नाम कुमुदिनी थियो । यिनैको दोस्रो गर्भबाट श्री जयप्रकाश मल्लको जन्म भएको थियो । बाबु जगज्जय मल्ल परलोक भएको हुँदा यिनी कान्तिपुरका राजा भएका थिए ।

यो तामापत्र कान्तिपुरका राजा जयप्रकाश मल्लले सयपुका ऋषि पाध्यालाई जग्गा बेची लेखिदिएका हुन् । यो तामापत्रका धनीको भनाइ अनुसार राजा जयप्रकाश मल्लले सिंधुलीमा सेन राजाहरूको आक्रमण भएको हुँदा त्यस सैन्यदललाई रोक्नाको निमित्त तथा सैनिक दल खडा गर्न पैसा चाहिएर केही जमीन र केही जमीन तेल चिउरा रोटी इत्यादि लिने गरी बेचेको हुन् भनी भनेका थिए । तर तामापत्रमा लडाइँको निमित्त पैसा चाहिएर जग्गा बेचेको कुनै कुरा परेको छैन बरु तेल चिउरा रोटी आदि बुझाउनु पर्ने कुराको उल्लेख भने यहाँ गरिएको छ । कान्तिपुरका दासहरूको जग्गा बेचेको प्रमाणपत्रहरूबाट केहीनकेही राज्यवस्थामा आधारित

---

१३. मोहन प्रसाद खनाल, *अभिलेख संकलन* साझा प्रकाशन (२०२८) पृष्ठ ६५- ६६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराहरू बुझाउने काममा यसले मदत गरेको छ । पूर्व २ नं. को र ३ नम्बरको साँधमा यो गाउँ पर्छ । त्यहाँबाट कान्तिपुरसम्म रोटी चिउरा तेल आदि कुराहरू लेह्राउनु पर्ने अवस्था यहाँ परेको देखिँदैन । फेरि सोही जग्गा केही समयपछि मकवानपुरका राजा हेमकर्ण सेनले थामिदिएका थिए । इत्यादि कुराहरूबाट तामापत्रका धनीको जुन भनाइ थियो त्यसमा केही सत्यता छ भन्न सकिन्छ ।

यो पत्र कान्तिपुरका राजा जयप्रकाश मल्लले पूर्व २ नं. सयपुका ऋषि उपाध्यालाई जग्गा बेची गरिदिएका हुन् । यस पत्रको छेउमा सम्वत् नभएको ***श्री श्री जयप्रकाश मल्ल*** नामाङ्कित बाटुलो छाप छ । यसको लम्बाई १० इञ्च छ चौडाई साँढेपाँच इञ्च छ । हरप १२ छन् । लिपि नेवारी छ । यसमा ज्योतिप्रकाश मल्ल साक्षी छन् ।[१४]

(ख) तामापत्रको नेपाली अनुवाद

श्री

प्रभु राजाबाट कानपुरमा बस्ने श्री ऋषि पाध्या नाम भएकालाई खुशीभै वक्से सैपू धारामा गाध्या भन्ने जग्गाका नाम भयाका रीषु गदे भन्नेले पश्चिम देवरालीले उत्तर र पूर्व पनि चुकद्या खोलाले दक्षिण तुपुज्वला यति चार किल्ला भयाको छ यकसय कर्ष अङ्कले पनि कर्ष १०० फेदि पचास कर्ष अङ्कले पनि कर्ष ५० यसको मोल मोहर टंक आठसय आठ मोहर ८०८ लि खुसि भै बक्से बापत चैत्रावलीको वाकी धंजुलाई तेलको मोल दुर्गवजी मदिधर सरमालाई देही कर्ष २ षेत सगै ॥ घल्यादी अखोत्या कर्ष २ घल्यादी कर्ष २० चौविश अङ्कले पनि २४ यसको मोल एक सय विश टंका मोहर १२० यति खुसिभै बक्से । यस पत्रमा देख्ने साछी श्री श्री ज्योति प्रकाश मल्लदेव सम्वत ८६५ ज्येष्ठ बदी ५ शुभम् ---[१५]

(ग) तामापत्रका सम्बन्धमा

जयप्रकाश मल्लले ऋषि पाध्यालाई गरी दिएको तामापत्र मोहनप्रसाद खनालको अभिलेख सङ्कलन भन्ने पुस्तकमा छापिएको छ । यसमा छापिएको तामापत्रमा जम्मा १२ हरफ छन् तर सैपूका जिष्णुप्रसाद पौडेलसँग रहेको सक्कलप्रति तामापत्रमा भने १३ हरफ छन् ।

---

१४. मोहनप्रसाद खनाल, ऐजन, पृष्ठ ६४-६५ ।

१५. हवलदार देवीप्रसाद पौडेल, *सैपूका पौडेलको संक्षिप्त वंशावली*, पृष्ठ ९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) लालमोहर

लेखिएका चार किल्ला भित्रको विर्ता २० वर्ष अकन्टक भोग गरेपछि वि. सं. १८२० तिर सैपू गाउँका सुनुवारहरूले यो हाम्रो सिकार खेल्ने ठाउँ सन्दी सर्पनमा वाहुन आएर बसेकोले वाहुनलाई यहाँबाट हटाई पाउँ भन्ने निवेदन जय प्रकाशसँग गर्दा ऋषि पाध्यालाई बोलाई निर्णय गरेर सुनुवारलाई हटाई ऋषि पाध्यालाई गरिदिएको लालमोहर यस प्रकार छ ।

श्री

स्वस्ति श्री पसुपति चरण कमल धुरी धुत्सरित शिरोरुह श्री मन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसाद देदिप्यमान मानोन्नत: श्री रघुवंशावतार रविकुल हनुमध्वज नेपालेश्वर महाराज धिराजेन्द्र सकलराज चक्राधीश्वर निवेष्ट देवदेवेश क्रमाकटाक्षवलित विक्रमोपार्जित वारण कलश मुद्‌भुत गजेन्द्रपति श्री श्री जय प्रकाश मल्ल परमभट्टारक देवदेवानां सदा समर विजयिनाम् ॥ ॥ ॥

सैपूका जोख्या सुनुवारलाई दियाको मोहर ट्टानुलाभ असहि ऋषि उपाध्यालाई दियाका पट्टा कि सहि गरिबक्स्यौं जो नापि दियाको माटो छ निर्धक्कसित भोग्य गर ईति सम्वत् ८८५ जेष्ठ वदि ५ शुभम्[१६]

(ङ) स्याहामोहर

श्री ल......कृष्णनारायण ब्राह्मणजी

१. स्वस्ति ॥ श्री रूप नारायणे त्यादि विविध विरूदावली

२. विराजमात्त मानोन्नत श्रीमन्महाराजाधिराज

३. श्री श्री श्रीमद्हेम कर्णसेन देवदेवानां सदासमर वी

४. जैनाम्

५. जयेप्रकाश

६. आगे ऋषि उपाध्याकन सैपुमहा श्री... १ ले वीर्ता

७. दियाको रहेछ सो हामीले पनि तावापत्र हेरीकन

८. थामीदियौं ढाड्या खेत महारोपनी सय फेदि रो

९. पनी पचास डिही रोपनी दुई घल्याडि रोपनी

---

१६ हवलदार देवीप्रसाद पौडेल, *सैपूका पौडेलको संक्षिप्त वंशावली,* पृष्ठ ९-१० (लालमोहरको सक्कलप्रति बेलौरीका गणेशप्रसाद पौडेलसँग सुरक्षित छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. दुई फेरि घल्याडि रोपनी वीस ग़ाउमाहा **फेदिरो**
११. पनी चौवीस जुमिला रोपनी एकसय अठानवे
१२. १९८ यसको सीवाना पुर्व नदि लीषु पश्चीम दे
१३. उराली उत्तर चुकट्या षोलो दछिन सेतो प
१४. हरो अपना खातीर जमा सौवीतिं षाउनु सेवा ग
१५. रुन आसीरवाद दिउन इति संवत् ८९९ सं [१७]

(च) सलामी बुझाएको रसीद

श्री

पत्र सह
मोहोर
एक रूपै ऱ्या
चौध आना
लिनुँ : ८।

स्व स्ति श्री जे टा बु डा वा हा दु र था पा क स्य प त्र म् ---

आ गे ति ल्पुं को अं व ल सै पु गा उँ का पौ ड्या ल का कु रि या घ र ९ को - व मो जिं स ला मि को ओ दा नि रु पै ऱ्या चौ ध आ ना १ ।॥-) लि र सि द दि ऱ्यू - -

तपसील

जै रा ज् घर्ति - ॥. का लु आ ले - । - वं स्या रा ना टु -S-) ज ग घ ट रा ना - । र त भि म आ ले - ।. वे स र्था पा रो गि - S -) का ल्या का मी - S -) फु ल्या सा र्कि - -) ला टो द मा इ - -)

इ ति सं व त् १८६३ सा ल् जे ष्ट शु दी ३ रो ज् ४ शुभम् –

(ज) ठाडीजंगी गोदामको रसीद

स्व स्ति श्री ला मा व ग र जंगी गो दा म् क स्य पु र्जी – ।

आ गे सु वे दा र नै न सिं ष ड का मु षि या का शी ना थ उ पा ध्या मा र्फ त् र स द ला ई ति ल्पुं म धे सै पु वि र्ता का मु षि या स मी व ल्ल व उ पा ध्या ह रू ले व ह्न सा

---

१७. मोहनप्रसाद खनाल, *अभिलेख संकलन* पृष्ठ ७०-७१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल मा दि या का रु पै ञा म धे म हा रू द्र उ पा ध्या ह रू ले त प सी ल् व मो जीं दा षि ल् ज म्मा चा म ल् मु रि --- ८।१७।१

त प सी ल्

मि ति का र्ति क सु दि ४ रो ज ३ मा चा व ल् मु रि - ८।५।१

मि ति का र्ति क सु दि ५ रो ज ४ मा चा व ल् मु रि ।१२।

ई ति स म्व त् १९१२ सा ल मि ति का र्ति क सु दि ६ रो ज ५ शु भ म्–

(छ) श्रीका व्रतबन्ध विवाहमा मुवारक बुझाएको रसीद-

श्री ?

श्री ५ म यु व रा जा धि रा ज

स्व स्ति श्री मे ज र ल क्ष्मी ना रां पा ध्या को पु र्जी - - - आ गे दा षि ल आ म् दा नी - - - - का वि वा ह ब्र त वं ध का म मा र ष चु मा वन सा ल् ९७ सा ला ग्या को सै पू वि र्ता का घ र १५ के रु पै ७ मु षि या ल क्ष्मी ध र पा ध्या ह स्ते त ह वि ल दा षि ल भ यो र सि द ग रि दि ञ्यौ ९८ सा ल मी ती का र्ति क सु दि ९ रो ज २ सुभम् --

(ज) मुवारक बुझाएको रसीद

श्री

श्री ५ म यु व रा ज धी रा ज

स्व स्ति श्री मे ज र ल क्ष्मी ना रा य ण पा ध्या को पुर्जी -- आ गे दा षि ल आ म दा नी – १ का वि वा ह ब्र त वं ध न का म मा र स चु मा व न सा ल ९७ मा ला ग्या को सै पू वि र्ता षे त् म ल व ७ के नृ ८ ॥। सिंह ना रां ले बु झी ली या को वै हि हे रिं र शि द ग रि दि ई ९८ सा ल मि ति का र्ति क सु दि रो ज २ सु भ म् –

(झ) गादी मुवारक बुझाएको रसीद

श्री

श्री ५ मा हा रा जा धी रा ज

स्व स्ति श्री सु वा व ल भ द्र ज्यू क स्य पु र्जी - - आ गे दा षि ल आ म दा नी का स म्व त १९०४ सा ल मा ला ग्या को गा दि म मा झ स ति ल्पुं म धे सै पु कु स का मु षि या रा म कृ ष्ण पा ध्या पौ डे ल्को गा उ उ त्त र का ढा ञ्या षे त् त प सी ल् का व मो जीं क रु पै ञा बु झी ली ञ्यौ क चा बा हे क र सि द ग रि दि ञौ --

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त प सी ल

ढा क्र्या ज म्मा घ र – ९ के रू – ५ ।॥=

ष तृ ज म्मा – ६ के रू – १५

ई ति सं व त् १९०५ सा ल मि ति चै त्र व दि ४ रो ज २ सु भ म्

(ञ) गोडधुवा बुझाएको रसीद

श्री ?

श्री ५ स र्का र   श्री जे ठा मै ञा सा हे व

१   २

स्व स्ति श्री डि ट् ठा स रु प सिं था पा क स्य पु र्जी –

आगे दा खि ला आ म्दा नि स म्व त् १९११ सा ल मा - -मा - - का

१   २

वि वा ह हु दा ला ग्या को गो ड धु वा उ नी म मा र ... ष र क् म् ति ल्पुं म ध्ये सै पू कु सू मुखिया मा हा रू द्र पा ध्या जिं मा का ढा ऋ्या घ र ७ म ध्ये ८ ह ले घ र १ वा हे क घ र ६ के पै सा १६ गं दि रू १॥। त ल प् वि र्ता षे त् ग्र ह न् का दा न् वा हे क षे त् ६।० के १६ गं दी रु पै ञा ३॥। ज मा १६ गं दी रु प ञा ५॥ त ह वि ल दा षी ल भ यो बु झि लि ज्यू क ठ्ठा बा हे क र सि द ग रि दि ज्यू इ ति सं व त् १९११ सा ल् मि ति पौ ष सु दि ५ रो ज् ७ शुभम् –

(ट) त्रीखण्डी बुझाएको रसीद

श्री ?

स्व स्ति श्री ज ङ्गी जा च क च ह रि क स्य पु र्जी आ गे दा खि ल् आ म्दा नी ति ल्पुं म ध्ये सै पू कु स पा खो वि र्ता घ डे रि का मु खि या स क्ति व ल्ल भ पा ध्या का भा इ स्मे त् को त प सी ल व मो जि म का घ र १८ को ह ल द्द र ले चा ही न्या ज्मा रु पै ञा १४ को १९१३ सा ल मा स ला मि वा प त ला ग्या को त्री षं डी मो रु ४॥=॥३ नि ज ह स्ते बु झी डि ठ्ठा र त्न म णि मा र्फ त त ह वि ल् दा खि ल भ यो त स्को क चा व हि क र ण ग रि दि ज्यूँ –

त प सी ल

आ सा मी – घ र ह ल द्र र ध नी बो टी भो हो रु त्री षं डी मो रु - - -

मु खि या श क्ती व ल्ल भ मा ध्या –   १ के – ह – १- ।/। २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म हा रु द्र पा ध्या –	१ के – ह – १-।/। २
दे उ श र्म पा ध्या –	१ के – ह –– १ ।/। २
वे नु पा ध्या –	१ के – ह – १ ।/। २
वि दु पा ध्या –	१ के – को – ॥ - ।=॥ ३
ज ये मं ग ल् पा ध्या –	१ के – ह – १ ।/। २
जे म द ग्नी पा ध्या –	१ के – ह – १ ।/। २
स दा नं दा पा ध्या –	१ के – ह – १ ।/। २
रु प ना रां पा ध्या –	१ के – को – ॥। //॥ ३
श्री कृ ष्न पा ध्या –	१ के – को – ॥ – // ॥ ३
उ द या नं द पा ध्या –	१ के – ह – १-।/। २
ति लो चं पा ध्या –	१ के – ह – १-।/। २
ने ना नं द पा ध्या –	१ के – को – ॥ –। = ३
रा धा पा ध्या –	१ के – ह – १ ।/। २
च क्र चु डा म णि पा ध्या –	१ के – को – ॥ / । = ॥ ३
उ दै ना रां पा ध्या –	१ के – को ॥ - । // ॥ ३
कु वे र पा ध्या –	१ के – को ॥ - । // ॥ ३
च न्द्र से ष र पा ध्या –	१ के – को ॥ - । // ॥ ३
	१८ १४
	४॥२॥३

इ ति सं व त् १९१४ सा ल् मी ती पौ ष सु दी ३ रो ज शु भ म् –

(ठ) सु वा व ल भ द्र ज्यू क स्य पु र्जी

श्री ?

स्वो स्ती श्री सु वा व ल भ द्र ज्यू क स्य पु र्जी – –

आ गे सै पु का कु सि या र ना रा न् पा ध्या ध र नि पा ध्या के य थो चि त् उ प्रां त मा मा रु द्र पा ध्या को वा ध्य ह स्ते कु म षे त् को र ढा क्र् या का घ र १० का पै सा बु भी लि ज्यु ति मि २ का अं श का ढा क्रया घ र म ध्ये का पैसा रु १॥९॥ लाई भ रि दे उ चि त बु झ्दै न भ न्या ति म्रा घ र का पै सा ली ई ने का सा थ मा। जो रि आ र्उ

इ ति सं व त् १९०५ सा ल् मि ति चै त्र व दि ४ रो ज २ शु भ म्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ड) जंगी जाँचको पुर्जी

श्री ?

स्था

स्व स्ति श्री जं गि जा च क च ह रि क स्य पु र्जी आ गे दा षि ला आ म दा नी ति ल्पुं म ध्ये सै पु कु स्का मु षि या स क्ती व ल्ल व पा ध्या मा हा रु द्र पा ध्या देउ स र्म पा ध्या का त प सी ल् व मो र्जी का घ र २२ को १९११ सा ल्मा ला मा व ग र द न्या उ नु प र्न्या अ न्न २४। १८ म ध्ये दा षि ल १४। १६। ५ वा की १०।१।३ डे ढा ५॥५॥५ जं मा अं न १५।२।५ को द र मु री १ को मो रु २॥ का द र ले आ या को मो रु ३७ ॥।९२ नि ज मु षि या ह स्ते डी ठ्ठा र त्न म णि मा र्फ त ह वि ल दा षी ल् भ यो त स्को र सि द क ८ चा बा हे क ग रि दि न्यू

त प सी ल्

आ सा मि – चा हि ने दा षी ल् वा की – डे ढा ज्मा अं न रु पै त्रा नि ज स क्ती	
व ल्ल व पा ध्या –	१।८।४–१।१–७।४–३।६–१।१।२–१।२
नि ज मा हा रु द्र पा ध्या –	१।८।४–१।१–७।४–३।६–१।१।२–१।२
नि ज दे व सर्म पा ध्या –	१।८४–१९।७–८।५–४।२।५–१२।७।५–१॥
वे णु पा ध्या –	१।८।४–१।१–७ ।४–३।६–१।१।२–१।२॥
वि दु पा ध्या –	१।१।६–१६–५।६–२।७ –१८।५–१।१॥
ज य मं ग ल पा ध्या –	१।१०–१।४–६–३–९–१२॥
ज म द ग्नि पा ध्या –	१।१०–१।४–।६–३–९– १२॥
स द नि द पा ध्या –	१।१०–१।४–६–३–९–१२॥
रु प ना रां पा ध्या –	१।१।६–।१६–५।६।२।७ –८।५–१॥
श्री कृ स्न पा ध्या –	१।१।६–।१६–५।६–२॥७ –८।५–१॥।
रा म ना थ पा ध्या –	१।१०–१।४–६–३–९– –१॥।
ति लो चं पा ध्या –	१।१०–१–१०–५।१५–१–२
न हि ना नं द पा ध्या –	१।१।६–१२–९।६–४।७ –१४।५–१॥।
रा धा पा ध्या –	१।१०–।१२– –१८–।९–१।७ –३।२
च क्र चु डा म णि पा ध्या –	१।१।२–१२–९।२–।४।५–१३।७ – –१॥।
मो ति ला ल पा ध्या –	१।१।२–१२–९।२–।४।५–१३।–७।–१।३
कु वे र पा ध्या –	१।१।२–१२६–१९।४–९।६–१।९–२ –३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

चं द्र सं ष र पा ध्या – १।१।२–+८–४–।१२– –१॥।

हि म द ल्सु नु वा र – १॥–× – ८।–४–।१२– –१॥।

मा हि ला सा र्की – ८+–।–८–४–।१२– –१॥।

सा हि लो ने वा र – ८––× –८–४–१२ ––१॥।

मा हा ग ने द मा ई – – – ८ + – । ८–– ४– १२ – १॥

– – – – –

२४।१८

१४।१६।५

१०।१।३

५।५।५

१४।२।५

३७ ॥। ऽ२

इ ति सं व त् १९१४ सा ल् मि ति नौ ष सु दि ३ रो ज ७ सु भ म्–

(ढ) टींगरी मैदानमा रसद बुझाएको रसीद

श्री ?

स्व स्ती श्री ति ल्पुं म धे सै पु वि र्ता प ट्टी का मु षि या स क्ती व ल्ल व उ पा ध्या मा हा रु द्र पा ध्या चौ स र्म उ पा ध्या जं मा त प सी ल् व मो जी म का गा उ ल्या रै ति ला ई ला ग ने द र वं दी व मो जी म का अ न्न स र स द ष रि द के रू पै ञ्या दि टिं रि मै दा न फौ ज पु ग्या प छि र स द ल्या उ नु भ नी उ र्दी भ या का ले ला मा आ फु आ फु ले बो कि वो का ई टी ग री मै दा न का गो दां मा दा षि ल ग रि र सि द ली आ उं ला भ न्या अ क्रा र ना मा ब मो जीं मा वा रि को उ ता र ---------

त प सी ल्

अं न ज म्मा मु रि – – ता के रु पै ञ्या

आ सा मि – – – घ र – चा व ल् द र ४।४ ता के रू

– – – –

नि ज मु षि या स क्ती व ल्ल व पा ध्या ४५।१० – । १७ ॥ ५ – ३॥ ऽ॥१

नि ज मु षि या मा हा रु द्र पा ध्या – ह–१–।१६-३॥ ऽ॥।२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नि ज मु षि या दे उ स र्म पा ध्या – ह–१–।१६-३॥ ऽ॥।२
वे तु पा ध्या – ह–१–।१६-३॥। ऽ॥२
वि स्नु पा ध्या – – – पा–१–।१२- ।२॥ ऽ॥२
भो टु पा ध्या – – ह–१–।१६-३॥ ऽ॥।२
ज म द ग्नी पा ध्या – – ह–१––१६-३॥ ऽ॥।२
रा म कृ स्न पा ध्या – – ह–१–१६-३॥ ऽ॥।२
नृ प ना रां पा ध्या – – – को –१–८–१॥। ऽ।३
का लु पा ध्या – – को –१–८–१॥। ऽ।३
वि द्या नं द पा ध्या – ह–१–१६-३१॥ ऽ॥।२
नि ल भं पा ध्या – ह–१–१६-३॥ H।२
नै न क नं द पा ध्या – को–१––८–१॥। ऽ।३
रा धा पा ध्या – ह–१–१६-३॥ ऽ॥।२
चु डा म णि पा ध्या –ह–१–१६-३॥ ऽ॥।२
मो ति ला ल पा ध्या – ह–१–१६-३॥ ऽ॥।२
कु वे र पा द्द या – ह–१–१६-३॥ ऽ॥२
चं द्र सं ष र पा ध्या वि र्ता षे त् – ४४५।१०–१७॥५–३॥ ऽ॥१
जि उ न्या सु नु वा र – को – १–८–१॥।ऽ।३
मा ध्या सा र्की – को –१–८–१॥। ऽ।३
मा ई लो न्या वा र–१–८–१॥। ऽ।३
ध्वा क् या द मा ई –१–८–१॥। ऽ।३

----

२२ १४।१४।१।६५॥९

ते री ज

जं म्मा अं न्न मु रि – १४।१४।१
चा व् ल मु रि – १४।१४॥
इ ति सं व त् १९१२ सा ल मि ति ज्ये स्ट सु दी रो ज ४ सु भ म् – – –

(ण) सलामी बुझाएको रसीद

श्री

श्री ५ गा दी म मा र ष का आ म दा नि का डि ठ्ठा स त वी र ष वा स मा र्फ त् ति ल्पुं ङू कौ सै पु कु स का ल छि मी प ति पा ध्या को त ल प षे त् ६०० को रु पै ञा १५ कु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

रि या घ र ८ को रु पै १।४ ज्मा रु पै ञ्या १९ उ न्न इ स् रु पै या त ह वि ल् दा षि ल् भ यो र सी द दि ञ्यू स म्व त् १८७४ सा ल मि ति भा द्र शु दि ४ रो ज् २ शु भ म् ....

(त) सलामी बुझाएको रसीद

श्री ?

पत्र सा र ७ रु पै ञा
चौ ध आ ना ली ञौ

श्री मो हो र

स्व स्ति श्री जे ठा बु डा बा हा दु र था पा क स्य प त्र म्

आ गे ति ल्पुं को अ म्ब ल् सै पु गा उँ का ल क्ष्मी ध र वि र भद्र वि श्वं भ र व सि ष्ट सि व ना रा ये ण ना र द दि ना ना थ् पा ध्या पौ डया ल् घ र ७ को वि र्ता षे त ७ को ------ व मो जीं को स ला मि को आ म दा नि ७ रु पे ञा चौ ध आ ना ७ ।।। .... लि न .... स मे त् को र सि द दि ञौं– –

त प सी ल

पु रा नो वि र्ता षे त् – ६ ग को रु पै ञा – ६ ।।।.

वि रु पा ध्या ले पा या को न-

ञा वि र्ता षे त् – १। को रु पै ञा – १ ॥

इ ति सं व त् १८६३ सा ल जे ष्ट सु दि रो ज ४ सु भ म् –

(थ) रसद बुझाएको रसीद

श्री

स्व स्ती श्री ठा डी जं गी गो दा म क स्य पु र्जी आ गे ति ल्पुं का अ म्व ल म धे सै पु वि र्ता का मु षि या स त्ती व ल्ल भ पा ध्या मा हा रु द्र पा ध्या दे उ स र्म पा ध्या जिं मा र स द ष रि द ग र्ना के ग या का मो ह र रु पै ञा । ६५ ॥ को जिं मा वा रि फ द व मो जीं आ ना ज म्मा मु रि १४ ॥ १६। ५ त प सी ल् व मो जीं प ल्टं का पा ल्या स छि रा षि ह स्ते मा हा रु द्र पा ध्या अ ना ज गो दा न दा खि ल भ यो र सि द ग रि दि ञ्यौ – –

त प सी ल

छो ह र गो दा म-दा षि ल्

का र्ति क व दि ३० रो ज ६ मा मु रि- २।१६।६

चा व ल् – – २।३ च्यूहा - ॥१३।६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ला मा ब ग र गो दा म

का र्ति क सु दि ४ रोज ३ मा चा व ल मु रि - ८।५।१

ऐ. सु दि - १ रो ज ४ मा ऐ ।१२

मा र्ग व दि - ३ रो ज ३ मा २।- ३।२।६

ई ति सं व त् १९१२ सा ल् मि ति ४। द र शु भ म्

(द) जंगी परेठलाई रसद बुझाएको रसीद

श्री ?

स्व स्ति श्री जं गी जा च क स्य सै पु का ठे क दा र द्वा न्या व ल भ द्र पा ध्या मु खि या स त्ती पा ध्या पौ डे ल के पु र्जी उ प्रां त सं व त् १९११।१२ सा ल् मा ला ग्या को र स द १ वा की डे ढा का रु पै ञ्या र १३ सा ल मा ला ग्या को त्री षं डी का रु पै ञा हा म्रा दि त रि मा उ ल्या दा न मा ला ई स मे त ला ग्या का र सि द ब मो जी म का रु पै ञा आ फ्ना अ स ब मो जीं ति र्नु प र्न्या भा ई ले ढा क्रे कु रि या स मे त् ले ति न्या नं हा म्रा चि त्त बु झे न भ नि मा हा रु द्र पा ध्या पौ ड्चा ल् ञा हा क रा उ नु आ या त त अर्थ वे हो रा ये हि हो भ न्या हा मि ले ७ मी ली र सि द ग द्वि दि ना ब मो जीं का रु पै ञा आ फ्ना आ आ फ्ना भा ई ला ई लाग्ने रु पै ञा र आ फ्ना ढ क्रे ला ई ला ग्या का रु पै ञा उ ठा ई भा इ को चि त अं स मा दि ला ई मा हा रु द्र पा ध्या का चि त बु झा ई दे उ ता हा चि त बु झा उ न स क्यौ न भ न्या रु पै ञा ति न्या का र सि द ली ति सि ठे ति सि ठे क दा र मु खि या ह रु ले जो जो चा हि ने भा ई र र्म त लि ञा हा आ उ र चि त बु झा ई आ उ ला ता हा चि त बु झा उ न प नि स क्यौ न ती री ञा हा प नि आ यौ न भ न्या झै ब मो जीं ति मि ह रु ले बु झा उ न प र्ला सं व त् १९१४ सा ल् मि ति चै त्र सु दि ५ रो ज शु भ म् –

सन्दर्भ सामग्री

१. देवीप्रसाद पौडेल (हवलदार) ***सैपूका पौडेलको संक्षिप्त वंशावली,*** (लिथोप्रति) (२०३७ ?)

२. मोहनप्रसाद खनाल, ***अभिलेख संकलन*** साझा प्रकाशन (२०२८)

सामग्री स्रोत

१.	जिष्णुप्रसाद पौडेल,	सूर्यघडेरी
२.	टङ्कराज पौडेल	घ्या–ङ्डाँडा
३.	देवीप्रसाद पौडेल (हवलदार)	भेडाखोर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digi

२६

वैदिक वीरभद्र पाध्या पौडेलको संक्षिप्त परिचय

परिचय

ऋषिकेश पाध्याका चार भाइ छोरा जन्मेका थिए । तीमध्ये जेठा रघुपति, माहिला वशिष्ठ, साहिंला उमापति र कान्छा नारद थिए । ऐतिहासिक तथ्यका आधारमा विश्लेषण गर्दा ऋषिकेश पाध्या र वीरभद्र पाध्याका बारेमा अझ राम्ररी अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ । हामी एक चोटि यी दुइ प्रतिभाहरू भएको ठाउँको परिचय गरौं । मध्यमाञ्चल विकास क्षेत्रमा जनकपुर अञ्चल पर्छ । जनकपुर अञ्चलमा दोलखा, रामेछाप, सिन्धुली, धनुषा, महोत्तरी र सर्लाही गरी ६ जिल्ला पर्दछन् । यिनै ६ जिल्लाहरू मध्ये रामेछाप पहाडी जिल्ला हो । दोलखा, रामेछाप र सिन्धुली एउटै ठाउँबाट प्रशासनिक काम कारबाही भएको २०१७ सालभन्दा पहलेको समयमा पनि रामेछापनै मुख्य प्रशासनिक एकाइ थियो । अहिले आएर यहाँ अन्तको दाँजोमा केही परिवर्तन हुन नसकेको भए पनि केही नकेही परिवर्तन त अवश्यनै भयो । जस्तो-दोलखाको जिरीसम्मं दैनिक बससेवा चालू भयो । रामेछापको मन्थली-आकाशेमा हप्ताको तीन दिन सोमवार, बुधबार र शुक्रबार हवाई सेवा चालू छ । अशिक्षितको सङ्ख्या जत्तिनै बढी भए पनि पढेलेखेका मानिसहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ, तर अझै त्यहाँको इतिहास राम्ररी प्रकाशमा आउन सकेको छैन । पढेलेखेका मानिसहरू ***हिरण्येमेवार्जय निष्फलाः कला*** भन्ने उक्तिमा विश्वस्त छन् । उनीहरू कुन ठाउँमा, कहिले, के भएको थियो र अहिले के हुँदै छ, भन्ने कुराको सामान्य जानकारी राख्नसम्म चाहँदैनन् । सबै मानिसहरू पैसाकै लागि कुदेका छन् । यो कुरो यस्तै हो । धनवज्र बज्राचार्य, टेकवहादुर श्रेष्ठले नेपाल र एशियाली अनुसन्धान केन्द्रवाट ***दोलखाका ऐतिहासिक सामग्री*** प्रकाशित गरे । रामेछापका ऐतिहासिक सामग्री अहिलेसम्म प्रकाश हुन सकेका छैनन् । केही सामग्रीहरू मोहन खनालको प्रयासबाट प्रकाशित भए पनि ती नगण्य रूपमा छन् । रामेछापका पुराना सामग्रीहरू खोज्ने सन्दर्भमा मोहन खनालले वीरभद्र पाध्या पौड्यालका बारेमा पनि हात हालेका छन्, तर उनले छापेका ती सामग्रीहरू केही अशुद्ध छन् । सकभर शुद्ध र प्रामाणिक इतिहास प्रकाश होस् भन्ने उद्देश्यले सैपूका ज्योतिषी जिष्णुप्रसाद पौडेल, हवलदार देवीप्रसाद पौडल र पारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ्याङडाँडाका टङ्कराज पौडेलसँग सम्पर्क राखी तामापत्र र अरू कागजपत्रहरूको अध्ययन गरी शुद्ध पाठ सार्ने कोशीश गरिएको छ ।

पौडेल थर कसरी रह्यो ?

(क) वत्सराजका ६ भाइ छोरामध्ये कान्छा उपवत्सराज हुन् भन्ने पनि पाइन्छ तर अरू ५ भाइ छोराको नाम भने आजसम्म पाइएको छैन ।

(ख) वत्सराजले चारै वेद पढे, लोहाको समिधा जलाए, वाजपेय यज्ञ गरेर वाजपेयी भट्टाचार्य भनिए । यिनका ब्राह्मणीतिर जेठीपट्टिका श्रीकृष्ण र कान्छीपट्टिका श्रीदेव भए । भित्र्यानितिरबाट राधामाधव (राजपूत) जुम्लाका राजाकी छोरीतिरबाट हमाल, विष्टकी छोरीतिर-बाट बगाले, खसया थापा अर्थात् कालु थापा आदि थरका सन्तान पनि भएका छन् ।

(ग) श्रीकृष्णले सिग्दी ग्राम अंश पाएर सो गाउँमा बसे । यिनका सन्तान सिग्द्यालका रूपमा कहलिए ।

(घ) चावा भट्टले ईस्माका राजा भई ४ वर्ष बसेपछि गुल्मीका राजपुत्र ल्याई राज्य दिए । आफू राजगुरु भएर अर्जी, पौदी आदि धेरै गाउँ विर्ता लिई बसे । यिनकी जेठी ब्राह्मणी अर्जी गाउँमा बसिन् । तिनका सन्तान अर्ज्याल भनिए । कान्छी ब्राह्मणी पौदी गाउँमा बसिन् । तिनका सन्तान पौड्याल भनिए । १

जीवनी

कुलभूषण ऋषि पाध्याका साहिंला छोरा उमापतिका एक मात्र सुपुत्र वीरभद्र पाध्या पौडेलको जन्म वि.सं. १८३७ सालमा भएको मानिन्छ । उनी जन्मेको १४ महिनामा उनका पिता उमापतिको २० वर्षकै कलिलो उमेरमा परलोक भयो । वीरभद्रकी आमा पनि आफ्नो सानो छोरालाई जेठानीहरूको जिम्मा लगाई पतिसँगै सती गइन् । त्यसपछि वीरभद्रलाई काका काकीहरूले ज्यादै राम्रोसँग पालनपोषण गरे । रघुपतिले त वीरभद्रलाई अपहत्तेनै गरेका थिए । उनी आफ्ना छोरालाई तताएको साधारण दूध दिन्थे तर वीरभद्र आमाको दूध कटुबा बालक भएको हुँदा उनलाई दूधको खुवा बनाएर खान दिन्थे । पछि अक्षरारम्भ भयो । आफ्नो छोरालाई अलग्ग राखेर पाठ घोकाउँथे । वेद पढ्न शुरु गरेपछि आफ्ना छोरालाई दिनको ४,५ कण्डिका पाठ दिन्थे । वीरभद्रलाई भने आफ्नै काखमा राखेर अक्षरारम्भ गराउँदै दिनको एक कण्डिकाका दरले वेदको पाठ घोकाउँथे । यसरी वीरभद्र काका र काकीहरूको स्नेह र ममतामा हुर्किंदै गए । उनले यसै क्रमले शुक्ल यजुर्वेदको ४० अध्याय कण्ठ पारे । ऐतिहासिक कथन के छ भने वीरभद्रले काशीको मणिकर्णिका घाटमा घाँटीसम्म पानीमा डुबेर ६

---

१ . बगाले अर्ज्यालका सन्तानबाट प्राप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain...

हजार आवृत्ति वेद पाठ गरेका थिए । वस्तुत: तामापत्रको आधारमा यो ऐतिहासिक प्रमाण सत्य ठहर्छ । यसलाई कसैकसैले असम्भव कुरा भनी लेखेको पनि पाइन्छ तर असम्भव कुरा चाहिं पक्का होइन । सरकारबाट प्रत्येक आवृत्तिको एक एक सुकाका दरले दक्षिणा दिने कबुल गरिएको थियो । पछि काठमाडौं आएपछि संवत् १८६२ साल आषाढको पञ्चग्रहयोग र १८६५ साल वैशाखको श्री ५... को व्रतबन्धमा समेत गरी १८७२ सालमा उनलाई घ्याङ्डाँडा घडेरी, सिरीसे, कवै, वोवसै समेत खेत बिर्ता बक्सी त्यसको तामापत्र भएको थियो । यो विर्ता वीरभद्र पाध्या पौडचालकै सन्तानहरूले भोगचलन गर्दै आएकोमा २०१६ सालको विर्ता उन्मूलन ऐनद्वारा सो विर्ता रैकरमा परिणत भयो ।[२]

वीरभद्र पाध्या पौडचालको बारेमा अरू पनि कैयौं आश्चर्यलाग्दा किम्वदन्तीहरू सुनिएका छन् ।

(क) वीरभद्र ढाँडेबैसीबाट माथि गाउँमा आइपुगुन्जेल पल्लीबीस वेद मुखाग्र उध्रिसक्थे । कसैको भनाइमा पल्ली र उपल्लीबीस गरी ४० अध्याय वेद उध्रिसक्थें भन्ने पनि छ ।

(ख) वीरभद्र भोर्लिनीको जङ्गलबाट या: बडेमाका दुइटा निदाल दुइतिर काँधमा एकै चोटि बोकेर कहीं नबिसाई माथि गाउँमा ल्याई पुऱ्याउँथे । बाटाको दुरीका हिसाब गर्दा ढाँडेबाट गाउँमा आउन एक कोश बाटो पर्छ । भोर्लिनीको जङ्गल लामो छ । वीरभद्रले निदाल काटी बोकेको ठाउँबाट गाउँको घरमा पुग्न ठ्याक्क एक कोश बाटो पर्छ ।

(ग) वीरभद्र पाध्या पौडचालले एकचोटि उखु पेल्नेकोल एक्लैले जडान गरे । साथै कामदारहरूलाई दिन भनेर पकाएको ३ डाला सेल रोटी पनि एक्लैले, एकै चोटि र एकै ठाउँमा बसेर खाइसकेका थिए ।

(घ) वीरभद्र बलिया थिए, साहसी थिए । एउटा अर्को अचम्म लाग्दो किम्वदन्ती पनि सुनिएको छ - एकचोटिको दशैंका निम्ति ३२ धार्नीको सिर्दाल खसी[३] छुट्याएको रहेछ । त्यो बेला मौका पनि त्यस्तै पर्न गएछ-खसी मार हान्ने मानिस पनि पाइएन छ । वीरभद्रले एउटा साधारण खुकुरीले एकै चोटिमा ३२ धार्नीको खसी अगाडि-पछाडिका खुट्टा पनि आफैंले समाएर एकै पटकमा च्वाट्ट छिनेका थिए रे ।

(ङ) ऋषिकेश पाध्याका चार भाइ छोरामध्ये जेठा रघुपतिका सन्तान माख्लापट्टे, माहिला वशिष्ठका सन्तान पारीपट्टे, साहिंला उमापतिका सन्तान बगालेका रूपमा प्रख्यात छन् । कान्छा नारदका कुनै सन्तान नभएका हुँदा उनको अपुताली पर्न गयो ।

---

२. हवलदार देवीप्रसाद लेखक तथा सङ्कलनकर्ता *सैंपूका पौडेलको संक्षिप्त वंशावली,* प्रकाशक तथा टाइपिष्ट प्र.हु.पुण्यप्रसाद पौडेल पृष्ठ २९ र ३० ।

३. सिंदाल खसी भनेको लेखतिर पाइने जीउभरी झयाप्ल्याङ्ग लामा लामा बाक्ला रौं भएको एक किसिमको जात (सिंदाल) को खसी हो । पलाइ पुग्दा ३ वर्षमा यसको ३२ धार्नी मासु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

ऐतिहासिक सामग्री

वीरभद्र पाध्याका बारेमा थुप्रै कागजपत्रहरू छन्। ती सबै उनैका शाखा-सन्तानहरूका घरमा छरिएर बसेका छन्। वीरभद्रकै सन्तान सूर्यघडेरीका दैवज्ञ जिष्णुप्रसाद पौडचालले मलाई ऋषिकेश र वीरभद्र पाध्याका सम्बन्धमा थुप्रो कागजपत्रहरू दिई ठूलो सहयोग गरे। टङ्कराजले तामापत्र सार्न दिए। अरू कागजपत्र सार्ने अवसर मिलेन। विष्णुहरिकहाँ पनि छन् भन्ने सुनिएको छ। तल प्रस्तुत गरिएका वीरभद्रसम्बन्धी सामग्रीहरू मोहन खनालले दिएको परिचयसहित उध्दृत गरिएको छ। मैले खोजेका कागजपत्र मेरै क्षमता अनुसार प्रस्तुत छन्।

(क) तामापत्र ***अभिलेख संकलन*** भन्ने पुस्तकमा मोहनप्रसाद खनालद्वारा प्रस्तुत गरिएको तामापत्रको पाठ यस्तो छ -

"परिचय- यो पत्र सयपुका वीरभद्र पौड्याललाई पञ्च ग्रह शान्तिमा तथा व्रतबन्धमा जग्गादान गरी दिएका हुन्। यसको लम्बाइ २० इञ्च छ। चौडाइ १५ इञ्च छ। लेख पंक्ति २२ छन्।

श्री दुर्गासहाय

मूलभाग-

१. स्वस्ति श्री गिरीराज चक्रचुडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान
२. मानोन्नत श्रीमन महाराजाधिराज श्री श्री श्री महाराजे गिर्वाणयुद्ध विक्रम शाह बहादुर समसेर
३. जङ्ग देवानाम् सदासमर विजयी नाम............
४. आगे विरभद्र पाध्या पौडेल वेडवाके सम्वत १८६३ साल मिती आषाढ वदि ३० रोज ७ दि
५. न पञ्च ग्रहको हाम्रा बाहुलिबाट संकल्प भएको खेत मध्ये षेत १।० औ सम्बत १८६५ साल वैसा
६. ष सुदि १० रोज ५ का दिन व्रतबन्धमा हाम्रा बाहुलिवाट संकल्प भयाको षेत मध्ये १।का षेत १। का षेत २।० तस्को सद बमोजिं भयाको
७. घड्यारी समेत विर्ता बकस्याको मोहर तामापत्र गरि बकस्यौ तसमध्ये सैपूका लागि मध्ये श्रेस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by

८. षेत १। तस्को साध पूर्व रैकर लुहकिलको साध १ हेमगङ्गा सेतिखोलाका दोभांको ठूलो ढुङ्गो

९. लुहकिल पश्चीम कुलाका वाधका चेपटो ढुङ्गा लुहकिल उत्तर भञ्ज्याङ लुहकिल औ बिजुलि कोटका आ

१०. वल मध्ये कवइ वाफोटार पानि षेतको साटो पाषोदिदा रोपनि ३० का दर्ले पाषोमध्ये मुरि । ६० तस्को साध पू

११. र्व लीषु खोलाको डिल साध लुहकिल दक्षिण पश्चीम उत्तर ५ देखेको वाठया ढुङ्गो द लुहकिल दफे वोकन्या ठाउँ वा

१२. भो घर पाषो मुरि । ६० तस्को साध पूर्व दक्षिण लपुखोलाको ढीक साध लुहकिल पश्चीम छराको कालो

१३. साध लुहकिल उत्तर रैकर आली साध लुहकिल औ जिल्युका अवाल दुराउ मध्ये घड्यारी पहाडका सर

१४. ह पाषो रोपनि १४ त्यसको साद पूर्व रैकर खोलो साद लुहकिल दक्षिण रैकर लुहकिल पश्चीम सामा का

१५. सादको उजेषोल्योपाद लुहकिल षोल्सालु उत्तर साभ्राकासादको काध धलोस छ लुहकिल यति सबै सिमाना

१६. भित्र षेत २ मध्ये पानि षेत एक पाषो षेत एकमुरी विस औ छड्या पाषो रोपनि चौदह बिर्ता

१७. जानी सन्तान दर सन्तान परमसुख भोगगर यो विर्ता संकल्प हुदा संकल्प वाग्दां पढ्ने चन्द्र पाध्या पुरोहित

१८. यदुनाथ पण्डित अर्ज्याल पानी हालन्या काजी भीमसेन थापा साध लाउन्या सधियार भानुपाध्या

१९. षनाल गण पति पन्थ वदाह टोलको १ नारायण सुवेदी श्रीकुल भट्टराइ अच्युत मान भट्टराइ विर्ता वार

२०. ले अधालो नचापनु विना तकसीर जवद नगर्नु जो यो बन्देजमा रहोइन सो यस लोकमा महाको पातकी

२१. होला स्वदतां परदताम् वा यो हरेद्वोइ वसुन्धरा षष्ठि वर्ष शहस्राणि विष्टायाम् जायते कृमिम्

२२. इति सम्वत् १८७२ साल मिति आषाढ शुदी १५ रोज ६ शुभम् [४]

---

४ . मोहनप्रसाद खनाल : *अभिलेख-संकलन,* साभा प्रकाशन, (२०२८) पृष्ठ ८८-९० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो तामापत्र मैले वि.सं.२०३९ साल माघ २५ गते मंगलबार दिनको चार बजे सैपू घ्याङ्डाँडाका टङ्कराज- पौडेलका घरमा सारेको हुँ । यो तामापत्र टङ्कराज पौडेलसितै सुरक्षित छ । मैले टङ्कराज पौडेलकहाँ सारेको तामापत्रको पाठ यस्तो छ ।

श्री दुर्गा सहाय २

१. स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणे त्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री मन्महाराजा धिराज श्री श्री श्री

२. महाराज गीर्वाण युद्ध विक्रम शाह बहादुर सम्सेर ज ङ देवानाम् सदा समर विजयी नाम् ...

३. आगे विर भद्रपाध्या पौडचाल वेदुवाके सम्वत् १८६२ साल आषाढ वदि ३० रोज ७ का दिन पंच ग्रह योग सान्तिमा हाम्रा वाहु

४. लिवाट संकल्प भयाका षेत मध्ये षेत १।. सम्वत १८६५ साल वैसाष शुदि १० रोज ५ का दिन ब्रत वंधमा हाम्रा बाहुलीवाट

५. संकल्प भयाका षेत मध्ये षेत १। ज्मा षेत २।. तस्को साध बमोजीमको घल्यादी समेत विर्ता वक्स्याको मोहर तामापत्र गरि वक्स्यौं

६. तस मध्ये सैपूका लगामध्ये सिरिस्या षेत तस्को साध पुर्व रैकर लुहकिलको साथ दछिण हेम गंगा सेति षोलाका दोभानको

७. ठूलो ढुंगो लुहकिल पश्चिम कुलाका वाधका चेपको ढुंगोलुह किल उत्तर भज्यां लुहकिल औ विजुलिकोटका अम्वल मध्ये कवई वा

८. झोटार पानी षेतको साटो पाषो दिदा रोपनी ३० का दरले पाषोमध्ये मुरि । ६० तस्को साध पूर्व लिषु षोलाको ढिक साध लुहकिल द

९. छिण पश्चिम उत्तर पहरोको वाध्या ढूगो साध लुहकिल दफे वोक्स्या ढाड वाझो टार पाषो मुरि । ६० तस्को साध पूर्व दक्षिण लिषु षोला

१०. को ढिक साध लुह किल. पश्चिम पहराको कान्लहो साध लुह किल. उत्तर रैकर आली साध लुह किल औ तिलपुंका अम्वल दुरा गाउमध्ये. घ

११. ड्यादि पहाडका सह्र पाषो रोपनी १४ तस्को साध पुर्व रैकर कांह्लो साध लुहकिल दछिण रैकर डाडो साध लुहकिल पश्चिम सावराका साध

१२. को ठाडो षोल्सो साध लुहकिल उत्तर सावराका साधको कांधलो साधलुहकिल. यति सवै सिमाना भित्र षेत दुइमध्ये पानी षेत येक पाषो षे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by

१३. त येक मुरि वीस औ घ. आदी पाषो रोपनी चौदह विर्ता जानी संतान प्रजत परम सुख भोग्ये गर यो विर्ता संकल्प वाक्य पढ्न्या

१४. पुरोहित यदुनाथ पंडित अर्ज्याल.. पानी हाल्न्या काजी भिमसेन थापा साध लाउन्या सधियार जानु पाध्या षनाल गणपति पंथ व वा हा टोल

१५. को डंगोल ठूलो मद्यांङ मजाक देवलको अंत सिविल वन्त सैपुका द्वाऱ्या अम्वली चामुराना जेठा बुढा मोतिराज़ रोकाया थरि. रन्तश्वर जैसी भट्टरा

१६. ई माधो ढकाल गोविंद गोताम्या. रन्तेश्वर धिमिऱ्या नरपति पाध्या भर्त सिं षत्री रनविर का र्कि भर्त सिं षड्का वसुवानीत्रा महिन्द्र थापा कासि विष्ट

१७. दिपु भडारि जव्वर महत मोडया जोगी नैन सिं रोकाया रामचन्द्र कुवर. रन्या विजुली कोटका द्वाऱ्या. धनराम वराल. इन्द्रजित राउत श्री धिमि भा रचा स्क

१८. र भट्टराई देव रिषि भट्टराई चामु धिमिऱ्या चंपा षर गोताम्या जगमनी थापा पुलामी राम चन्द्र षत्री रामु कार्कि धर्मे मुर्मि. उँत्तिभ्या

१९. मुर्मि तिलपुंका द्वाऱ्या मधुनारान् जेठा अजित थापा सिव नारायण सुवेदी श्री कुल भट्टराई अच्युतानन्द भट्टराई विर्ता बारले अर्ध्या

२०. लो नचा पनु विना तक्षी र जवद न गर्नु जो यस वंधेजमा र हन सो एस लोकमा भन्याको पातकी होला स्वदत्तां परदत्ताम्वा यो हरे

२१. द्वै वसुं धराम् षष्टि वर्ष स ह स्रा णि विष्टायां जायेते क्रि मि: ईति सम्बत १८७२ साल मिति अषाढ शुदि १५ रोज ६ शुभम्

लिखापत्र

"परिचय-यो पत्र पूर्व २ नं. सयपुका रघुपति पाध्या समेतलाई विर्ता थामी गरिदिएको हो । वि.सं.१८६२ सालमा विर्ता हरिंदा सो विर्ता पनि हरिएकोमा श्री ५ रणबहादुर शाहबाट उक्त विर्ता थामिदिएका थिए । यसको लम्बाई ६ इन्च छ । चौडाइ पौने पाँच इन्च छ । लेखपंक्ति ७ छन् । लिपि देवनागरी छ ।

श्री दुर्गासहाय
श्री स्वामीज्यू

१. स्वस्ति श्री सुवा दसरथ षत्रीकस्य लिषा पत्रम्........

२. आगे पूर्वतिर जाच गर्न जान्या गजसिं जामादार गैर

३. हसम जनाके यथोचित उप्रान्त रघूपति पाध्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. विरभद्र पाध्या पौड्यालको विर्ता सैपू भन्याको

५. जाचि बुझि......... बाट थामि बक्सनु भयाको छ

६. तेस जगगामा छेक थुन नगर सर्वथा ३ सम्वत १८६३

७. साल भाद्र वदि १३ रोज ४ मुकाम काठमाडौं शुभम् [५]

विर्ता थमौति पत्र

"परिचय-यो पत्र सयपुका वेदवार द्वारकावासी पौडेललाई श्री ५ गीर्वाणयुद्ध विक्रमले विर्ता थामी गरिदिएका हुन् । सो पत्रको लम्बाइ ११ इन्च छ । चौडाइ ८ इन्च छ । हरप ८ छन् । लिपि देवनागरी छ ।

मूल भाग

श्री दुर्गा सहाय

श्री ५ बुबाज्यू

१. स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री मन

२. महाराजाधिराज श्री श्री श्री महाराजे गिर्वाणयुद्ध विक्रम शाह बाहादुर समसेर्जङ्ग देवानाम् सदा

३. समर विजयिनाम्

४. आगे वेदवार द्वारकावासी पौडेल के तम्रो अघिको सैपू विर्ता मल्ल राजाले दियाको रहेछ

५. ६१ सालमा रामानन्द मुढयाले जाच गरी ल्याउदा...... वाट थामि बहाल गरि बक्स्याको रहे

६. छ आज हामीले पनि तिमीले खाई विहोरी आयाको विर्ता सैपू षेत घड्यारि पाखोरेखो अघिको साध वमो

७. जीम थामी बक्स्यौ आफ्ना खातिर्जमासित विर्ता जानि हाम्रो सोझो चिताई आसिर्वाद दि भोग्य गर

८. इति सम्वत १८७० साल मिती [६]

---

[५] . मोहनप्रसाद खनाल ऐजन पृष्ठ ८६, *अभिलेख संकलन ।*

[६] .मोहनप्रसाद खनाल, *अभिलेख संकलन*, ऐजन पृष्ठ ८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिखापत्रको पाठभेद

सैपूका पौडेलको संक्षिप्त वंशावली (लेखक तथा संकलनकर्ता हवलदार देवीप्रसाद पौडेल, प्रकाशक तथा टाईपिष्ट प्र. हु. पुण्यप्रसाद पौडेल) मा "६२ हरणको थमौति" शीर्षक दिइएको छ ।

सुब्बा, दशरथ, खत्री, कश्यप, लिखा

पुर्वतिर, जगसिं, दमादार, उप्रन्त, रघुपति

यसको शिरानमा "दुर्गासहाय र श्री स्वामीज्यू" भन्ने लेखिएको छैन । यसको पुछारमा लेखिएको छ -

यो विरता श्री ५ महेन्द्र विर विक्रमको समयमा २०१६ सालमा विर्ता उन्मुलन ऐनले रैकरमा परिणत भयो ।

ज्यो. जिष्णुप्रसाद पौडेलको घर बेंसी ढाँडेमा गएर वि.सं.२०३९ साल माघ २५ गते मंगलवार बिहान सक्कल प्रतिबाट मैले सारेको पाठभेद यस्तो छ -

जामदार, रघुपति, वीरभद्र, वीर्ता, सैपू, जाचीबुझी, थामी, जगामा, छेग, वदी

थमौति पत्रमा पाठभेद

विरुदावलि,बहादूर, विरभद्र पाध्या पौडचालके, रामानन्द बुढाले, खाई, साँध, बमोजिम, षातिर्जमासित, मीती ।

यो सबै मोहन खनालले छपाएको पाठ र दैवज्ञ जिष्णुप्रसादका घरमा मैले सारेको सक्कल प्रतिमा पाइएको पाठभेदको नमूना हो ।

रामचद्र आलेलाई पत्र

श्री

श्री स्वामि प्रभूज्यू

स्वस्ति श्री कपतान् रामचन्द्र आलेकस्य पत्रम् -----------

आगे तिल्पुङ्का डिट्ठा श्री मत् वस्न्यात् मुषिया गजदल् सुनुवार के ज्यथोचित उंप्रान्त ६२ सालमा ब्राह्मण हरणको विर्ता विलप् हरिदिंदा सैपुका पौडचालको विर्ता विरभद्र पाध्यालाई चालिस अध्याय वेद पारायण रोज रोज गरी ६ हजार आवर्ति वेद पुऱ्याउनु तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरानु विर्ता थामि दिन्छौं भन्या -१- बाट हुकुम्भै थामी दियाको विर्तामा लाग्याको लगान् र षायाको षर्च टार्छौं की विर्ताको रेषो छाड्छौं भनि हामिले भन्दा. लगान् पनि तार्दौन. षर्च दिदौन. रेषो पनि छाड्दौन भनि देव सर्मा पाध्या. विद्यानन्द पाध्या. नारान् पाध्या. वेनुपाध्याले हाम्रा दान्मध्ये थामि दियाको जगा जफत गरि षाया. भनि विरभद्र पाध्याका छोरा नाति ञाहां कराउन आया. तसर्थ वेहोरा यही हो भन्या हिजो लाग्याको लगान् षर्चमा. सपुत्याहमा. नपस्याका भया. त्यो जगाहा थुनी देउ. त्यो कुरा हेर्न ञाहांवाट पठाउन्या छन्. जगा वलियोगरि २ अंस थुत्न्या काम गर. इति सम्बत् १९०६ साल कार्तिक शुदी ९ रोज ५ शुभम्[७]

बम्बहादुर राणा कुंवरको पत्र

श्री ५ स्वामीप्रभू श्रीकाशी श्री विश्वेश्वर

१ २ ३

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री प्राईम्मीनीष्टर वान् कम्यांडर ईन चिफ जनरल जंग बाहादुर कुवर राणा जि श्री कम्यांडर ईन चिफ जनरल बम्बाहादूर कुवर राणा जी कस्यपत्रम्..............................

आगे तिल्पुंका द्वार्‍या थरि मुषिया भला मानिस गैर के यथोचीत् उप्रांत १।२ मा पाउ उ लाग्नु हुदा हाम्रा वावा विरभद्र पाध्यालाई - ३ - का स्थानमा वरंगति तिमिले छ हजार आवर्ति वेद पारायेण गरि हाम्रो जये मनाउनु हामिले पालामा पुग्यापछि तम्रा मिहेतं अनुसार तिम्रो दोजफ भरिदिउँला भन्या हुकुं भै कामलाई वकसनु भयाको हो नेपालमा आउलान् गर्नु भयापछि ६२ साल्मा सवै ब्राम्हणहरूका विर्ता जफत् हुदा तिमिले वेदपारायण गरि हाम्रो जये मनायाका रिझमा ६२ का स रु झ मा जफत् भयाका तिम्रा पुरानु विर्ता षेत् थामि वकस्यौ भन्या हुकुम् भै थामि वकसनु भयाको हो हरियाको विर्ता थाम्दा लाग्याको लगान् हामिले दिनुपर्छ दिउला भन्या कवोल् गरि षेत् पाया आज लगान् देउभन्दा विद्यानंद पाध्या देव शर्म पाध्या नारां पाध्या वेनु पाध्याहरूले झेल् षेल् गरि दिदै नं भनि विरभद्र पाध्याका छोरा पर्साम् पाध्या स्मेत् ५ भाई ञाहा कराउन आया तसर्थ वेहोरा येहि हो विरभद्र पाध्याका रिझमा थामियाको विर्ता हो भन्या विर्ता षान्या भाईले त्यो विर्ता थाम्दा लाग्यो को लगान्मा सामेल् भै तिर्नु पर्छ ई दुवै थर झगडीया जोरि जस्ताको तस्तो श्रेस्ता बुझी लाग्याको लगान् भराई दिन्या काम गरि छिनिदेउ विहोरा आर्कै रहेछ ताहा छिन्न सक्यानौ भन्या २ थर

---

७ यसको सक्कलप्रति जिष्णुप्रसाद पौडेलसँग सुरक्षित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

जोरि आहा पठाई दे र ति रो प न गरि जानान् ईति सम्वत् १९०६ साल् मिति पौष वदि ५ रोज ४ शुभम् --- ८

कुल जम्मा दुइ सय त्रियानब्बे क पगरि

(च) लिखापत्र

स्वस्तिश्री जोगनारायण मल्लकस्ये लिषापत्रम्

आगे दिलया दावा छिनामुक रिम्‌विम् दिव्यानि एति ३ को मुडहि. सलामि उद्यावन वसिष्ठ उपाध्या र किसन जैसिकन लायाथ्यौं. मामिला मध्ये असुल गऱ्याको तावो काणे नया कपरा गरि सव जम्मा सय दुइ २९३ एति दाषिला गऱ्या वहि वुझयौ फार्षति लेषि दिनौ दावा मुद्दा कसैको नास्ति सम्वत् १८३२ साल अगहन् (मार्ग) सुदि ६ रोज ३ मोकाम हुनुवा शुभम् ९

(छ) लिखापत्र

श्री दुर्गा

स्वस्तिश्री जोगनारायेण कस्ये लिषापत्रम् आगे वसिष्ट उपाध्याकन कमारि बक्स्यौं आफुले गऱ्याका मर्मामिलामा रहता वहताहा षोजि लिनु संवत् १८३२ वैसाष सुदि ३ रोज ५- १०

रघुपतिको स्वभाव

ऋषि पाध्याका साहिला पुत्र उमापतिको निधन भैसकेको थियो । वहाँका एक मात्र सुपुत्र वीरभद्र घ्याङ्डाँडामा सपरिवार वस्तथे । ढाडे बेंसी खेत ३ भाग लगाई चर्चेका थिए । भदौ लागेको थियो । एक दिन विहानै वशिष्ट खेतमा पानी लगाउन ढाँडे गएका रहेछन् । रघुपति पनि केही बेर पछि गएछन् , भतिजा वीरभद्र पनि पुगेछन् । तिनै जनाले पानी लगाएर बेलुका घर फर्केछन् । जेठा र माहिलाकों घर खोला वारी हुनाले सिकरकटेरीतिर उभो लागे, वीरभद्र खोलाखर्कतिर तेर्छो लागे । त्यस बेला पानी लगाउनमा निकै परिश्रम गरेकोले वशिष्टको खेतमा धान सारै राम्रो रहेछ । साँझ पऱ्यो । सिकरकटेरीमा आई पुगेपछि रघुपतिले वशिष्टलाई लहरो चुँडेर रूखको फेदमा पाता फर्काएर बाँधे छन् र भनेछन् - ***सधैं तैं मात्र पानी लगाउने ? लौ खावस् बाघले ।***

---

८. यसको सक्कलप्रति दैवज्ञ जिष्णुप्रसाद पौडेलसँग सुरक्षित छ ।

९. यसको सक्कलप्रति भित्ताघर पुण्यप्रसाद पौडेल (जो वशिष्ठाका सन्तान् हुन्) सँग सुरक्षित छ ।

१०. यसको सक्कलप्रति पुण्यप्रसाद पौडेलसँग सुरक्षित छ र यी दुइ लिखापत्र उनैले आफ्नो संग्रहबाट ल्याई मलाई सारेर दिएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाजुले रुखमा बाँधेर हिंडेपछि वशिष्टलाई आपत पर्‍यो, भयङ्कर जव्बर अन्धकार रात के गरुन् ? पारी खोलाखर्कतिर हेरेर भतिजा वीरभद्रलाई बोलाउन लागेछन् - विरु । विरु ॥

माहिला काकाको बोलाइ सुनेर वीरभद्र झस्के किनभने जेठा काकाको क्रोधी स्वभाव उनलाई थाहा थियो । फर्केर त्यतै आउदा माहिला काकालाई पाता फर्काएर चिलाउनेका रूखमा बाँधिराखेको पाए ।

वशिष्टलाई फुकाएर लिएर वीरभद्र पनि काकाहरूकै घरतिर लागे । सरासर दुबै जना रघुपतिकै घरमा गए । वशिष्ट बाहिर दलानमा बसे वीरभद्र घरभित्र पसे । त्यो बेला रघुपति पूजा चौकामा बसेर सन्ध्या गर्न लागेका रहेछन् । जप सकेपछि वीरभद्रतिर हेरेर रघुपतिले भनेछन् - वीरु ! तँ पनि यतै आइस् ? मैले ता त्यो वशिष्टेलाई बाघले खावस् भनेर सिकरकटेरीको रुखमा बाँधेर आएँ । यति बेला त बाघले खायो होला । हेर धान कति राम्रो, सधैं पानी ऊ मात्रै लाउने । वीरभद्रले नम्रभावले भने - पिताजी किन त्यसो गरेको ? दाजुले भाइलाई रूखमा बाँधेर बाघलाई खुवायो भने कसको बदनाम हुन्छ ? सन्सारले के भन्ला ? फलानाका छोराको चलन भनेर कसको नाम जाला ? भोलिदेखि हामीले सैपूमा बस्न सुहाउला त ?

वीरभद्रका कुरा सुनेर रघुपति निकै झस्के । किं कर्तव्य विमूढ हुँदै भने - लौ विरु । वर्वाद भयो क्यारे ! अब के गर्ने । यतिबेर वशिष्टेलाई बाघले सक्यो होला हिंड जाऊँ राँको बालेर ।

वीरभद्र अलि खिन्न भावले भने - मैले लिएर आएँ । बाहिर हुनुहुन्छ । रघुपतिले भने - लौ भैगो ।

यस्ता घटना कयौं घटे । रघुपति सारै उज्जण्ड रिसाहा थिए । वशिष्ट पनि रघुपति भन्दा बलबुद्धि विद्यामा कम थिएनन् तापनि - जेष्ट भ्राता पितृसम वचनलाई धारण गरेरै दाजुले जे गरे पनि जे भने पनि सहने गरेर वशिष्टले ९२ वर्षको उमेर व्यतीत गरे ।

जे हवस् , रघुपति जेठा थिए, बाबु पछिको व्यवहारको भार उनकै काँधमा थियो । साहिंला भाइको निधन भएपछि बालक भतिजा वीरभद्रको जिम्मा समेत उनैमा पर्न आयो । कान्छा भाइ गुमाए पछिको सन्ताप वा सन्तोष पनि उनैलाई थियो । ११

वीरभद्र

कुलपूज्य ऋषि पाध्याका नाति उमापतिका एक मात्र सुपुत्र वीरभद्रको जन्म वि.सं. १८३७ मा भएको हो । जन्मेका १४ मैनामा वहाका पिता उमापति २१ वर्षको कच्चा उमेरमा परलोक

११. हवलदार देवीप्रसाद पौडेल, *सैपूका पौडेलको संक्षिप्त वंशावली,* पृष्ट २७,२८ र २९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

हुनुभएकोले वीरभद्रकी आमा बालक छोरालाई जेठानीहरूको जिम्मा लगाई पतिको साथ सहगामी भइन् । वीरभद्रका काकाकाकीद्वारा पालनपोषण भयो । काकाहरूबाटै अक्षरारम्भ भयो । उमेर भएपछि काशीमा गएर वेद पढ्न लागे । यी प्रतिभासम्पन्न महान् व्यक्ति थिए । ४० अध्याय शुक्ल यजु संहिता उनलाई कण्ठ थियो र उल्टोसुल्टो गरी भन्न सक्तथे ।

भनाइ छ- यिनले काशी मणिकर्णिका घाटमा घाटीसम्म पानीमा डुबेर ६ हजार आवृत्ति वेद पाठ गरेका थिए । (कहाँसम्म सत्य हो, असम्भव छ) त्यसैले सरकारबाट प्रत्येक आवृत्तिको एकसुकाका दरले दक्षिणा दिने वचन बक्सेको थियो । पछि काठमाडौं आएपछि संवत् १८६२ साल आषाढको पञ्च ग्रहयोग र १८६५ साल वैशाखको श्री .... को व्रतबन्धमा समेत गरी सं. १८७२ सालमा उहालाई घ्याङ्डाँडा घडेरी र सिरीसे, कवै, वोवसेसमेत खेत विर्ता वक्सी त्यसको तामापत्र भएको थियो । सो विर्ता वहाँका सन्तानहरूले अविच्छिन्न भोग गरेकै थिए । २०१६ सालको विर्ता उन्मूलन ऐनद्वारा मात्र रैकरमा परिणत भयो ।

वीरभद्रको जीवनीबारे उहाँका वंशजहरूले स्वन्त्र रूपबाट लेख्न लागेका छन् भन्ने सुनेकोले विशेष अगाडि कलम बढाउन अनावश्यक ठाने ।[१२]

सन्दर्भ ग्रन्थ

१. लेखक तथा संकलनकर्ता हवलदार देवीप्रसाद पौडेल, ***सैपूका पौडेलको संक्षिप्त वंशावली,*** प्र.हु. पुण्यप्रसाद पौडेल (प्र.) ।

२. मोहनप्रसाद खनाल, ***अभिलेख संकलन*** , (२०२८) साझा प्रकाशन ।

सामग्री स्रोत

१. जिष्णुप्रसाद पौडेल, सैपू सूर्यघडेरी
२. टङ्कराज पौडेल, सैपू घ्याङडाँडा
३. दाताराम शर्मा, नरडेरा, मानभवन
४. देवीप्रसाद पौडेल (हवलदार), सैपू भेडाखोर
५. नीलप्रसाद पौडेल, भित्ताघर सैपू
६. पुण्यप्रसाद पौडेल, सैपू भित्ताघर,

☆ ☆

१२ . हवलदार देवीप्रसाद पौडेल, *सैपूका पौडेलको संक्षिप्त वंशावली* ,पृष्ट २९-३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७

वैयाकरण नेपालका सम्बन्धमा संक्षिप्त अध्ययन

प्रस्तावना

आजभन्दा ६।७ वर्ष पहिलेको कुरा हो । म एकराज शमसेरका छोरा इन शम्सेर राणाद्वारा लिखित *पूर्णाहुति* र *सोमनाथ भङ्ग* दुइ उपन्यास साफी गरिसकेर प्रकाशन गर्ने तरखरमा लागेको थिएँ । पाटन पीम्वहालको नवजीवन छापाखानामा ***सोमनाथ भङ्ग*** पुस्तक छाप्न दिएको थियो । ३०००।- पेश्की दिएकोमा छापिएर पूरा नहुँदै २०० पाना छापिएपछि प्रेसले पुस्तक फिर्ता दियो । पुस्तक छापिएर बजारमा आउनै पाएन । मेरो आफ्नो कार्य व्यस्तताले गर्दा इन शमसेरकहाँ आवतजावत गरिरहन भ्याइन । यसै प्रसंङ्गमा गफ चल्दा मलाई केही भद्र मानिसहरू भन्थे ***-तैंले नेपाली पढेर के गर्छस् ? यो भाषा रक्सौलमा पुगेछि काम लाग्दैन । तँ यही नेपालको भूभागलाई सिङ्गै संसार हो भन्ने ठान्ने हो भने नेपाली मात्र पढ्नु नेपालभन्दा अन्त पनि भौगोलिक एकाइ छ भन्ने जान्न चाहने हो भने अङ्ग्रेजी भाषामा लेट्न दिनु ।***

हिजोआज राष्ट्र भाषा नेपालीमा वर्षौंने अनेकौं पुस्तकहरु प्रकाशित हुन्छन् । विद्यालय र विद्यापीठहरूमा नेपाली भाषाबाटै अध्यापन गरिन्छ । अरु त के कुरा अनिवार्य अङ्ग्रेजी पनि नेपाली भाषामा नबुझाए विद्यार्थीहरू बुझ्दैनन् । मिहिनेत गर्ने बानी विद्यार्थीहरूमा ज्यादै कम छ । संस्कृत र नेपाली भाषालाई नकारात्मक दृष्टिले हेर्ने विद्यार्थीहरू झन नेपाली र अङ्ग्रेजीमै व्याक लागेर दशौं पटकसम्म पनि उत्तीर्ण हुन असमर्थ बन्दैछन् । संस्कृत र नेपाली पढ्ने, साधारण भेषभूषामा हिँड्ने जाँड , रक्सी चुरोट विंडी नखाने र नचाहिने कुरा वक्वक गर्न नजान्ने मानिस पाखे, असभ्य र गँवारको रूमा गनिन्छ । आज वीसौं शताब्दीको उत्तरार्धमा त मानिसहरूको सोचाइ संकुचित छ भने वि.सं. २००७ सालभन्दा अगाडि नेपाली भाषामा लेख, कविता लेख्ने मानिस अपहेलित हुन्थो । फरक कति पाइन्छ भने पहिले - नेपाली भाषामा लेखपढ गर्ने मानिस अपहेलित हुन्थे त संस्कृत पढ्ने मानिस सम्मानित हुने अवसर पाउँथे । अचेल संस्कृत र नेपाली भाषाको सट्टा अङ्ग्रेजीमा बरबराउनेनै भलादमी ठहरिन्छ । वास्तवमा मानिसले यथार्थता नबुझिदिएपछि र वाहिरी तडकभडकमै व्यक्तित्वको मापदण्ड कायम गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

खोजेपछि ***सबको औषधी दैवले रचिदियो विर्सेछ कि मूर्खको*** भन्ने कुनै कविको अभिव्यक्तिमैं सन्तुष्टि लिनु पर्ने हुन्छ तर ***ढुङ्गाको कापफोरेर पनि उम्रन्छ पीपल*** भनेजस्तै मानिसमा आँट, साहस र जाँगर मात्र हुनुपर्छ ऊ कठिन भन्दा कठिन परिस्थितिसँग मुकाविला गरेर पनि सर्लक्क माथि उत्रनसक्छ ।

पण्डित भएर पनि भाषामा लेख्ने हो भनेर गिज्याउने समाज हुँदाहुदै पनि कैयौं स्वनाम धन्य कवि लेखकहरू मातृभाषामैं कलम चलाउन डराँदैनथे । हाम्रा पूर्वीभेगका कवि वैयाकरणले भाषामा लेख्ता कतिको हप्की पनि खानु परेको थियो, तर उनले नेपाली भाषामैं रचनाहरू लेखे र उनी अमर भए । गण्डकी अन्चलको चुँदीरम्घामा जन्मिएका भानुभक्तलाई पहिलो चोटि जनसमक्ष उतार्ने युवा कवि मोतीराम भट्ट भएका थिए । त्यसपछि उनका बारेमा कलम चोब्ने थुप्रै भए र अहिले उनी राष्ट्रिय विभूतिका रूमा प्रख्यात छन् । वैयाकरणका बारेमा खोजीनीति गरेर सामग्री प्रकाशित गर्ने उनैका नाति ज्ञानमणि नेपाल हुन् । बाबुराम आचार्यले ***पुराना कवि र कवितामा*** समावेश गर्न वैयाकरणका कृति जम्मा पारेका थिए तर नेपाली भाषा प्रकाशिनी समितिको पृष्ठ सङ्ख्याको सीमा निर्धारणभित्र उनका कृति अटाउन सकेनन् । पछि ज्ञानमणिको जिज्ञासु प्रवृत्तिको परिणाम स्वरुप वैयाकरण नेपालको जीवनी र कृति प्रकाशित भयो । अनुसन्धान र मूल्याङ्कनको अभावमा कुनै पनि कविको ख्याति फैलिन सक्तैन । प्रकाशित जीवनी अनुसार भानुभक्त वैयाकरणजत्तिकै निर्भीक र विद्वान् देखिँदैनन् । रचनाधर्मिता वैयाकरण नेपालमा पनि कम छैन । शोधखोजको क्रम वढ्दै जाने हो भने वैयाकरण माध्यमिककालीन नेपाली साहित्यमा एक प्रखर प्रतिभाका रूपमा प्रतिस्थापित हुन सक्नेछन् ।

जीवनी

वैयाकरण नेपालको जन्म भोजपुर जिल्लाको पोखरे भन्ने ठाउँमा भएको थियो । उनका बा बलभद्रका आठभाइ छोरा जन्मिएकामध्ये कान्छा चाहिं वैयाकरण हुन् । साहिला र काहिलाका सन्तान नभएको बुझिन्छ । ***काहिलाको तरुणावस्थामा विहे हुँदा ४ वर्षकी नावालख कन्यासँग गर्नु पऱ्यो । यस चोटले विरक्तिएर आजीवन ब्रह्मचारी बस्ने अठोट गरी उनी हिंडे ।*** अरु वेदपाठी र कर्मकाण्डी भए । वैयाकरण सानै हुँदा आमा परलोक भइन् । कान्छा छोरामा बाबुको विशेष प्रेम थियो । बाबुका काखमैं हुर्की बाबुसँगै समग्र कर्मकाण्ड पढे । तल्ली वेदका ऋचा मुखजावत पारे । बाबुले जानेसम्मका कर्मकाण्ड, तन्त्रमन्त्र फलितज्योतिष पनि सिकिसकेछि वैयाकरण सिपालु भएर निस्के । विशेष प्रतिभाले गर्दा उनी व्यवहार नीतिमा पनि निपुण भए । बहिदार हुँदा बलभद्रले जुन कानूनी व्यावहारिक ज्ञान हासिल गरेका थिए सो पनि वैयाकरणमा सरेको पाइन्छ । यस अतिरिक्त भानुभक्तको रामायण अरु पाएसम्म नेपाली सिलोक पनि कण्ठ पारेका थिए । जन्नेमा सिलोक भनेको भन्यै छर्लङ्ग उज्यालो पारिदिन्थे । बिहे वदुलोमा जन्त जान सिलोकेका रूपमा उनलाई अग्रिम निम्तो आउँथ्यो । कान्छा पनि ठिटा चलाख हुँदा बाबु दाजुहरू धेरैजसो कार्यमा उनैलाई अघि सार्थे । वरपर इष्टमित्र पनि उनको विशेष चाह गर्थे ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैयाकरणसम्वन्धी केही तिथिमिति

वि.सं. १९१२ आषाढ शुदी १४ मा वैयाकरणको जन्म

वि.सं. १९१६ मा हरिशङ्कर बलभद्रहरू छुट्टिई भिन्न भएका

वि.सं. १९३३ मा वैयाकरणका जेठा छोरा ब्रह्मलालको जन्म

वि.सं. १९३५ मा विद्याध्ययनका निम्ति काशी गएको

वि.सं. १९२७ मा वैयाकरणको अंशवण्डा

वि.सं. १९२९ पूर्व ३ नं. खार्पाका कृष्णानन्द पोखेलकी छोरी पद्मादेवीसँग वैयाकरणको दोस्रो विवाह

वि.सं. १९४० मा पोखरे वस्ने ऋतुवर्ण उपाध्यायबाट ठेकी ४ दाममा आरुबोटे खेत पाएको १९४२ मा गोगने रैकरमा वसाइँ आएको हुं" (वैयाकरणको १९५१ को एक लेखबाट)

वि.सं. १९४१ मा बलभद्र वैयाकरणको वतन सल्लेनी (आहाले गोगने)

वि.सं. १९४१ कार्तिकमा सल्लेनीमा घर किनेको

वि.सं. १९४१ को हिउँदमा मोरङ्गमा

वि.सं. १९४१ फागुनमा झापामा जग्गा पाएको

वि.सं. १९४३ को पौष मैन्हामा म तीर्थ गर्न भनी .... गयाको वाहाबाट आही नेपाल आई पढ्न्या इलम गरी वस्याको छु ।" (१९४४ मार्ग शुद्धि ६ को बिन्तिपत्र

वि.सं. १९४६ आषाढमा जेठी छोरीको जन्म

वि.सं. १९४६ मा मोरङ्ग झापामा

वि.सं. १९५० कान्छीपट्टि जेठा छोरा भानुभक्तको जन्म

वि.सं. १९६० मा ओलाङ्गचुङ्ग गोलामा चतुर्मासा भनेको

वि.सं. १९७० आषाढमा वद्रीकेदारमा

वि.सं. १९७९ कार्तिक शुदिमा जनकपुरमा परलोक

यसरी वैयाकरण नेपालको छोटो जीवनवृत्त बडो घतलाग्दो देखिन्छ ।[१]

---

१ . *वैयाकरण नेपालको विष्किन्धाकाण्ड र पुण्यशिक्षा,* साझा प्रकाशन (२०३४) पृष्ठ २१९-२२० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri

व्यक्ति र कृति

वि.सं. १९७२-७३ सालतिर कर्णेल गङ्गाबहादुर भोजपुरमा दौडाहाको रूपमा गएका थिए । उनको न्यायप्रतिको स्पष्टवादिताले उनी त्यसबेला निकै लोकप्रिय थिए । साथै उनमा म जति जान्ने कोही छैन भन्ने घमण्ड पनि थियो । उनले संस्कृत पढेका थिए । साधारण किसिमका ***नीतिश्लोक र समयोचित भाण्डागार***का पद्यहरूकण्ठ गरेर संस्कृतज्ञहरूसँग शास्त्रार्थ गर्न तम्सिन्थे । भोजपुरमा गएको वेला गङ्गाबहादुरले त्यहाँका सवै संस्कृत पढेका मानिसहरुलाई हराई दिएछन् तर वैयाकरण नेपालको सहज प्रतिभासंग भने उनी नतमस्तक बन्न पुगेछन् । सायद यसैले हुनसक्छ, वैयाकरणलाई गङ्गाबहादुरले गुरुका रूमा स्वीकार गरे । वैयाकरणले व्यावहारिक मामलामाहोस् अथवा शास्त्रीय निर्णयमा होस् कहिल्यै पनि आफूलाई दोस्रो श्रेणीमा दर्ता गराएनन् । यसको तात्पर्य के हो भने - वैयाकरण ढोकामा पनि ठिक्क हुन्थे र डोकामा पनि पछि हट्तैनथे । उनको व्यक्तित्वका विभिन्न फाँटहरूमध्ये साहित्यिक व्यक्तित्व पनि एक हो । उनले विभिन्न कृतिहरूको रचना गरेर नेपाली साहित्यलाई समृद्धिको शिखरमा पुऱ्याउन एउटा तेलिया इँटको काम गरेका छन् ।

कृति

१.	किष्किन्धा काण्ड (रामायण)	१९४८	रचना
२.	पुण्यशिक्षा	१९६१	रचना
३.	शालिहोत्र	१९६१	रचना
४.	तर्कारी कल्प	१९७२,७३	रचना
५.	लङ्का वर्णन		
६.	टक्सार वर्णन		
७.	विराट वर्णन		

वैयाकरण नेपालले रचना गरेका यी कृतिहरू उनी जीवित छँदै प्रकाशमा आउने सौभाग्य पाएनन् , तर रचना हुने वित्तिकै कैयौं मानिसहरूले सारेर लगी कण्ठ गरिसकेका थिए र यिनीहरू (कृतिहरू) को महिमा सवैतिर फैलिसकेको थियो । उनको एउटा कविमा हुनु-पर्ने गुण के थियो भने उनी कुनै पनि विषयमा तत्कालै कविता रच्न सक्थे । अर्को शब्दमा वैयाकरणलाई आशुकविका रूपमा पनि लिन सकिन्छ । भानुभक्त आचार्य र वैयाकरण नेपाल दुवैले आ-आफ्नो विशेषता आफैंले यसरी लेखेका छन् -

भानुभक्त भनी प्रसिद्ध नरमा जस्को छ नामै पनि
घर तिन्को तनहुँ त वैसी चुँदी हो गाउँछ रम्घा भनी
प्रख्यात् छन् सवलोकमा ति गुणि हुन् विद्वान् बडाखुब थिया ।
यो प्रश्नोत्तर बुझ्नलाई सजिलो भाषा बनाई दिया ।

भानुभक्त आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चित्राङ्कन : रत्नदीप बज्राचार्य

पं. वैयाकरण नेपाल

जन्म : वि.सं. १९१२

देहान्त : वि.सं. १९७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैयाकर्ण कवी भनेर नरमा प्रख्यात् भयाका जहाँ
गोर्खाराजविषे पवित्र भूमिमा नेपाल देशैमहाँ
वैयाकर्ण कवी प्रकट् हुन गया त्यै ग्राम सिक्तेलमहाँ
नेपाल् हुन् थरमा ति पण्डित बडा सज्जन् दयालू थिया

वैयाकरण नेपाल

भानुभक्तले ***अध्यात्म रामायणको*** भावानुवाद गरी लोकप्रियता आर्जन गरे भने वैयाकरणले ***बाल्मीकि रामायण***लाई आधार मानी ***किष्किन्धाकाण्ड***को पद्यमयी रचना गरे । भानुभक्तभन्दा वैयाकरण साहित्यिक क्षेत्रमा पछिउदाएका हुँदा अघिल्लो पिंढीको प्रभाव पछिल्लोमा पर्नु स्वाभाविकै हो । व्यक्तित्वका कैयौं पाटाहरू भानुभक्तकाभन्दा वैयाकरणकै बढी फैलिएका देखिन्छन् । त्यसैले त्यसबेलाको साहित्यिक परिवेश अध्ययन गर्दा हामी के कुराको निक्यौंल गर्न सक्छौं भने नेपालको राजधानी पूर्वका तारा वैयाकरण नेपाल हुन् भने राजधानीभन्दा पश्चिमका तारा भानुभक्त आचार्य हुन् । सिङ्गो नेपाली साहित्यको क्षेत्रमा भानुभक्त आचार्य नै चम्किला तारा बन्न पुगेका छन् । त्यसकारण समसामयिक नेपाली साहित्यको मूल प्रेरणास्रोत त प्राचीन साहित्यनै हुन्छ । नेपालको पुरानो साहित्यको इतिहास धेरै लामो छैन । बाह्रौं शताब्दीभन्दा पहिलेको अभिलेख पनि पाउन सकिएको छैन, तर अझै पनि कैयौं साहित्यिक प्रतिभाहरूको अध्ययन, अनुसन्धान हुनै बाँकी छ । वि.सं. १९२५ मा भानुभक्त आचार्यको मृत्यु भयो । त्यसको १५ वर्षपछि अर्थात् १९४० देखि १९७४ (सूक्तिसिन्धुको प्रकाशनकाल) सम्मको अवधिलाई नेपाली साहित्यको माध्यमिक काल भनिन्छ । वैयाकरण नेपालले १९४८ देखि १९७२,७३ सम्म लेखेका कृतिहरू पाइएको हुँदा उनलाई माध्यमिककालकै प्रतिभाको रूपमा अध्ययन, अनुसन्धान गर्न सकिन्छ । वैयाकरण नेपालका कृतिहरू प्रकाशित भैसकेका छन् । तिनै कृति र जीवनीका आधारमा गहिरिएर अध्ययन, अनुसन्धान गरेको पक्षमा वैयाकरणको व्यक्तित्व अझै उजिलिंदै जाने थियो । उनको पहिलो रचना ***किष्किन्धाकाण्ड रामायण*** हो । प्रकाशन चाहिं सबैभन्दा पछि हुन गयो ।

सामग्री भाग

केही ऐतिहासिक पत्र

(क) घर किनेको

लिखीतम् आहाले गोगन्या बस्न्या लीला धर जैसी ढुंगाना आगे म वस्याको पुरानु घरवारी मलाई विसहज्मै गाउँका मुखिया रीतुवर्ण पाध्याले नेपाल् संग चौतारो खायल नीज मुखिया रीतुवर्ण पाध्याले कमायाकोमा मैले ४ दाम राखी पुरानु खायल राजीभै मैले छोड्याकामा नीज मुखियाले पंडित वैयाकर्ण उपाध्या (बाट) ४ दाम खाइ मेरा पुरानु खायल दीयकै गाउ हो म घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भत्काइ घर लगी नञा षायलमा घर वनाउछु भनी मैले भन्दा घर कीन भत्काउछौं तम्रो घर नआ षायलमा वनाउम्या खर्च मोरु ७ म दिन्छु भनी नीज पंडीतले भन्दा मेरा चित्त वुझी नीज पंडीतबाट मोरु ७ नयां खायलमा घर वनाउन्या खर्च मैले वुझी लीञा मेरा मनोमांसंग मेरा घर मताको समेत् राजीनामा लेखी नीज पंडित्लाई दीञा साछि दधीपुर वस्न्या भरथ जैसी तीलचं जैसी फुपाल खीलाल जैसी कोइराला लीखक विश्नुभक्त पाध्या नेपाल इति सम्वत् १९४१ साल कार्तिक वदि २ रोज २ शुभम् --------

(ख) झापामा जग्गा पाएको

अस्थान झ्यापा मठको बहाली -

स्वस्ति श्री अस्थान झ्यापा मठका महन्त शिवराम भ्वार्थिज्यूकस्य आगे पण्डितज्यू वैयाकर्ण उपाध्याय नेपाललाई मठक प्रोहित्याइ गर्न र हामीले भन्याका वखतमा श्रीरामेश्वरका मंदीरमा पुराणभंना निमित्त अस्थान झ्यांपा मठका जमिन मध्ये विगाहा २५ जमिन् संकल्प गरी दिञ्यू श्री ५ सर्कारमा जान्या २५ विगाहा जमिन्को त्रिखंडी पनि माफ गरिदिञ्यू श्री ५ सर्कारको जय मनाइ संकल्प गरी तिमिल्रे पायाको जमिन् भोग चलं गर तिमिलेक तिम्रा संतान दर संतानले मठको प्रोहित्याइ गरुन्ज्यालसम्म हामीले र हाम्रा चेलानाति दर संतानले खोसमोस नगर्नु पछि जसका पालामा लोभानि पापानि गरि खोसमोस गर्ला तसलाई - २ - को पंचमहा पातक लाग्ला भनि प्रोहित्याईको बहाल गरिदीञ्यू इति सम्वत् १९४१ साल मिति) फाल्गुण सुदी १३ रोज ६ शुभम् --------

(ग) वैयाकरणले घर बनाउँदा लिएको ऋणमा जग्गा बन्धकी दिएको कागत

स्वस्तिश्री सम्वत् १९४१ साल मिति चैत्र सुदी १ रोज ३ तद्दिने लिखितम् धनिका नाम सुवेदार रंगनाथ उपाध्याय धन व्येहोरिनिक नाम पोखआ वस्न्या वैयाकर्ण उपाध्याय नेपाल गत मोहो रुपया येकसठ्ठी पचास आना ६१। कर्जा लिया वात् अधि ३८ सालमा घर वनाउंदा घर खर्चका काम काममा हीसाव गर्दा ठहऱ्याका रुँपैञा येकसठ्ठी पचास आना ६१ । कर्जा लिया वापत् अधि ३८ सालमा घर वनाउदा घरखर्चका काम काममा हीसाव गर्दा ठहऱ्याका रुँपैञा हुन् इ रुपैयाको वोलकवोल हाम्रा वावाले आर्या वनायाका आफ्ना रोपनीका खेत मध्ये दाज्यू गोरिदत्त उपाध्यासित भाइवंडा गरि रोपनी छुट्याउंदा मेरा भागमापऱ्याको मेरो नीज रोपनी अंसका रत्न्ये खंडको आधी र सिमखंड माझखंड भन्या कुत तिरी खानु साहुले व्याज नखोजनु आसामीले व्याज नतिर्न रुपञा तिरि वस्न आया जगा छाडी दीनु साहुको थैली याम वेलामा वुझाइ आफ्नु खेत रोपी चलं गरि खांला भनि आफ्ना मनोमान खुसि राजीसंग भोग बन्धकको तमसुक लेखि दिञां येस वातका साछि धंकुटा वजार वस्न्या अजंबर मकै साहु जितमान् रानाभाट् लिखका साछि नीज आसामी सोहस्त सालमिति सदर शुभम् -------

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) टक्सार अड्डाले सरकारी दस्तुर उठाउने कर्मचारीलाई लेखेको पुर्जा

स्वस्तिश्री खास अमानत खिकामा छा पैसा टक्सार कस्ये काभ्रे चोलं ती खानिका द्वाय्रा कर्नवीर आले डीठ्ठा धोकल थापा के पुर्जी उप्रान्त सोहि गाउका पण्डित वैयाकर्ण पाध्याले मैले खानिमा ल्याग्याको दस्तुर काछोचित्रे मेजमानि गैह्र रकम वुझाउंदा वुझिनलि मैले कमाइ आयाको वारि २ रुपैञा त नाममा दी दुखदीयो भनि ञाहा कराउन आउंदा तिमिहरुका नाउंमा पुर्जि गरि पठायाको छ नीजले तिरोभरो गरि आयाको काछो पैसा १ छ गेडी रु. १ चीत्रे झाराको पै.रु. ञाहा वुझाउनु आउंदा ञाहा वुझिलियां पछि तिमिहरुले ञाहा वुझाउंदा मिन्हा होला नीजले अघिदेखि कमाइ आयाको कमत वारिमा रोक टोक नगर मकै गोड्न दिन्या काम गर दीयेनौ र झेल बखेडा गर्नु पछि लाग्यौ भन्या तिमिहरुलाई अैन सवाल वमोजिम तिमिहरुलाइ भै आउन्या छ। इति सम्वत् १९५० साल मिति ज्येष्ठ वदी १४ रोज १ शुभम् --

(ङ) डि. वीरबहादुरले वैयाकरणलाई लेखेको पत्र

स्वस्तिश्री हरिवद् वंदनीये चरण आराधनीये श्रीमत् गुरुपुत्र पिताज्यू पंडितज्यू वैयाकर्रा पाध्यायेकै चरणतल डीठ्टा कार्कि क्षेत्रीको सदा रोज रोज पावोमाथ राखि सेवा दण्डवत संत पुर्वका पत्रमिदम्।

ञाहां नीक ताहां चरणका गाथ पावो सदा क्षम कुसल मंगल रही वक्स्या मेरो सर्ववातको यथार्थ होला चरंहरुका आसीरवातले मनीका आनं(द) छु उप्रान्त अस्ती भेट हुदा १ जोर लुगालाइ नम्वु थान १ पठाइ दिनु भनी आगे भयाकोमा हाल तलास गर्दा भने जस्तो मिलेन अव लंगुर खुलेछि तपाई लायकको कीनि पठाउने छु चरं विद्या अर्थी होइ वक्सीदा धेरै कुराको आद्यार्थीयो तर क्या गर्नु जनम फलीत छोटो भया छ. काही गया पनि न हुने भो तानि देव ईछा हो वखत संयोग भयो भने वींती चढाइ झिजो गर्ने चु सवै कुरामा समझनाराखिवक्सी आसीरवात वक्सनु पर्छ ज्यादा झिजो क्या गरु मंका कुरा जाहेरै छ ईती सम्वत् १९५० साल मिति जेठ सुदी ४ रोज ६ शुभम् -----

(च) वैयाकरणलाई एक अज्ञात खण्डित पत्र

भाइल्ये --------- इ कसैले ...... दर घर गोघनेमा पनी वसे ताहाबाट हिडेर ... (यो) खन्यालका घरमा पनी वसे ताहाबाट .... २० वर्ष भयो अव त उमेरका तासिरले हीडडुल गर्न ---- (मे) रा भाइहरूको को छन् तीनलाइ लेख पढी गरी झिकाई दिया नीज भाइहरुका समीपमा गै कुटी वाधी वस्ता हुं भनी एक वम्हचारी मसंग हरवखत आइ कल्पना गऱ्याका र उमेर पनि वृद्ध फला हारी सवै (शरी) र सीथील भयाका अलीअली साथमा धंदौलथ पनि रह्याका तेसै - मा रहे परे भने नीजको कृया गर्न पनि नहुने संको धंदौ लथ पनी वुथै जाने इनी तपाइहरुका दाज्यूभाइ पक्का हुं भने जाचीवुझी पक्का ठहराई लगी यैउटा कुटी वनाइ राखी दीया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) पं. वैयाकरण नेपाल परलोक भएको ठाउँ
जनकपुरको बिसहरा धर्मशाला



(ख) पं. वैयाकरण नेपालको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding

वस्त्र पस्त्र सवै सम्भार हुंदा हो कि भंनाले तपाईलाई लेखेको छ टाढा लामु वाटो छैन ४दीं आउनु ४दीं जानु १।२ दिन परीक्ष्या विचार गर्नु १० दीनका खातिर तपाइ याहासम्म आउनु पऱ्यो हुं भने दाज्यू पितातुल्य हुं लानु पऱ्यो होइन भने पक्का ठहराइ आयो मार्नु पऱ्यो म संग आइ म बलभद्र पाध्याको छोरो नेपाल व्राम्हंण तपाईहरुको जात कुटुम्ब हो मैले आफ्नु स्वधर्म छाडी जात फालेको छैन भनी कल्पना ज्यादै गर्छन् । हुं होइनन् तपाइहरु ठहराउनु होला भंनाले लेखेको हो आउनु नआउनु तपाइको खुसी अरु कुरा भेट भयामा गरौला इति सम्वत् १९६० साल मिति ज्येष्ठ वदी ५ रोज शुभम् ----

(छ) पुष्पलाल उपाध्यायले काठमाडौंबाट पठाएका २ चिठी

स्वस्ति श्री वावाज्यू पंडीत वैयाकर्ण उपाध्याय महासयेषु षुस्पलालको दण्डवत्सेवा सहश्र उभयो: कुशल योप्रान्त कृपापात्र आइपुगी सिरचढाऱ्या बेरामी हुनाले चरणबाट आज्ञा भयाको कुरा केही पनि गर्न नसकेको हुँ वांहांलाई मामीला मुद्दाले दुख परेका छन् । हेमोत्खंड सुद्धपुरा काही नपाइन्या आफुलेखन नपाउन्या वडालाई लेखाउदा असुद्धको असुद्धै सरुवा हुन्या सोध्ने पुस्तक नपाइन्या हुदा ढीलीयाको बुझीवक्सनु . अव वडा गेर्ज्यू कहाँ ८० अध्यायसम्म छ भन्या पत्तालागी वीन्ती चढायाको . म आफैले खोज्नुपर्छ . सो खोजनालाई अैले अनुकुल छैन केही दीन् पर्ख भन्या मर्जि हुदा रहेको छ । कीनभने हेमोत्खंडग ताहा फैलिनाले आफै वस्याको जगा पनि यस्तो रहेछ भन्या सवैलाई अैना हुनजान्छ तेसो हुनाले मलाइ पनी मं लाग्याको कुरा आज्ञा भयाको अवस्य तन्मन् गर्छु ज्यादा झेजोकहाँतक इति संवत् १९५५ साल आश्विण वदी ५ रोज २ शुभम् -

२ स्वस्तिश्री पंडीत बावा वैयाकर्ण उपाध्याके पुस्पलाल पाध्याको सेवा ताहां कुसल रहीवक्सनु भया बढीया होला आगे ताहां कुसल छु . उप्रान्त मैले २।३ चीठी लेखें ज्वाफ वक्सीयेन . तायु वीडंग के रहेछ बुझी पठाउनु भन्नु भयाको पनी सो वायु वीडंग भन्याको गेडा फल्ने मख भयाको (१) ताही पहाडमा हुने कालीकाठ रहेछ भनी लेखी पठायाको पनी पुग्यो पुगेन हाल गोगने वावुलाई २।३ मानो पठाइ दीनु भनी लेखनुभयाको रहेछ . स्व पनी पठाइ दिन्या छौं . केसर असल नपाउदा नपठायाको असल पंनी अव पाइयो पठाउन्याछु पुस्तक र खोजनैलाई गाह्रो मीली गये पनी लेख्लामा असुद्ध हुने सुद्ध लेखने मानिस खोजी लेखाउनालाई धेरै खर्च लाग्ने हुनाले ढीलीयाको छ . पडीत हरीकृश्न उपाध्या पनी कुशल छं उनलाई अघील्ली स्वास्नीसंगका झगडाले तभा गराइ रहेछ . अरु हाल पछी वीन्ती चढाइ पठाउँला डीठ्ठावाजे जीवनाथ पाध्यालाई २।३ चीठी लेखें जवाफ आयेन साह्रै संच छैन भन्या सुनिन्छ अव केही वीसेष भयो की उत्तीकै छ स्वहाल पनी लेखनुभया सीर चढाउदा हुं जो निगाहा ५५ साल कार्तिक सुदी ४ रोज ५ शुभम् - [२]

---

२. ज्ञानमणि नेपाल, ***वैयाकरण नेपालको किष्किन्धाकाण्ड तथा पुण्यशिक्षा*** साझा प्रकाशन (२०३४) पृष्ठ १९१-१९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैयाकरण नेपालका सम्बन्धमा यो एउटा सानो टिपोट मात्र हो । उनका बारेमा उपलब्ध भएसम्मका सामग्रीहरू ज्ञानमणि नेपालले प्रकाशित गरिसकेका छन् । ती प्राप्त सबै सामग्रीहरूको परीक्षा गरी अध्ययन, अनुसन्धानको प्रक्रियालाई अगाडि बढाउँदै लैजानु पहिलो काम हुनसक्छ । वैयाकरण नेपाल संस्कृतका विद्वान् हुन् साथै माध्यमिककालीन नेपाली साहित्यका उर्वर प्रतिभा पनि । त्यसैले उनका सम्बन्धमा शोधखोजको प्रक्रिया अगाडि बढाउँदै लानुपर्छ । यसवाट नेपाली अनुसन्धान विधाको अभिवृद्धि हुँदै जानेछ ।

सामग्री स्रोत

ज्ञानमणि नेपाल, *वैयाकरण नेपाल विरचित किष्किंधाकाण्ड तथा पुण्यशिक्षा* काठमाडौं : साझा प्रकाशन, २०३४ ।

सन्दर्भ जानकारी

ज्ञानमणि नेपाल

वैयाकरण नेपालको तस्वीर तयार पार्ने कलाकार

रत्नदीप वज्राचार्य, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड , सानो ठिमी

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

२८

पूर्वीभेगका ज्योतिषी पद्मप्रसाद (घनश्याम) पौडेल

परिचय

समाजमा ज्यौतिष विद्याले ठूलो स्थान ग्रहण गरेको हुन्छ । मानिस जन्मन्छ र विभिन्न कर्मको फल उपभोग गरी ऊ एक दिन अवश्य अर्को लोकमा जान्छ । यसरी जाने र आउने क्रम सृष्टिदेखिनै चलिआएको छ र सृष्टि बाँकी रहुञ्जेल यो प्रक्रिया निरन्तर चलिनै रहने छ । जन्मेको दिनदेखि मृत्यृ शैय्यामा नपुगुञ्जेल मानिसले भोग्नु पर्ने सवै कर्मको फल ज्यौतिष विद्याले अगाडि नै सङ्केत गरिसकेको हुन्छ । ज्यौतिष वैज्ञानिक विद्या हो । राम्रोसँग पढेर शुभाशुभ फल हेर्नमा पोख्त भएका ज्योतिषीहरू कुनै पनि मानिसको भूत, वर्तमान र भविष्यको सवै कर्मको फल वताउन सक्छन् । ज्यौतिष विद्यामा प्रवेश मात्र गरेको तर राम्रोसँग विषय नजानीकन अरूको हात र चिना हेर्न तम्सिने मानिसलाई पक्का ज्योतिषी भन्न मिल्दैन । फलित ज्यौतिष र सिद्धान्त ज्यौतिषमा प्रकाण्ड विद्वान्ले हात र चिना जेसुकै हेरे पनि जीवनमा भोग्नु पर्ने राम्रो र नराम्रो कर्मको फल सवै वताउन सक्छ । यसै कारणले पनि ज्यौतिष विद्यालाई ***ज्यौतिषम् नेत्रमुच्यते*** भनेको हुनसक्छ । नेपालमा ज्यौतिष पढेका मानिस धेरै छन् तर ज्यौतिष विद्या राम्रोसँग पढेका मानिस भने अत्यन्त कम छन् । यसरी राम्रोसँग ज्यौतिष जान्ने मानिसहरूको नाम संझिन पनि केही समय त घोत्लिनै पर्छ । ***अनामिका सार्थवती बभूव*** भने जस्तै मैले जानेसम्म ज्यौतिषका अत्यन्त प्रकाण्ड विद्वान् नयराज पन्त हुन् । उनीभन्दा पहिलेका ज्यौतिषीको क्षमताको अनुसन्धान मैले गरेको छैन । ज्यौतिष विद्या र ज्यौतिषीको इतिहास विस्तारमा खोज्दै जाऔंला । नयराज पन्तका शिष्य साम्वराज आचार्य ज्यौतिषका अत्यन्त योग्य विद्वान् हुन् । अरूको बारेमा मलाई ज्ञान छैन ।

ज्यौतिषी पद्मप्रसाद (घनश्याम) पौडेल नेपालको राजधानी काठमाडौंभन्दा पूर्वका ठूला ज्यौतिषी मानिन्छन् । उनले खासगरी चिना लेख्ने र हेर्ने कार्यमा विशेष दक्षता हासिल गरेका थिए । पद्मप्रसाद (घनश्याम) पौडेलले पात्रो पनि निकालेका थिए । पूर्ववाट अहिलेसम्म पात्रो लेख्ने र छपाउने विद्वान् पद्मप्रसाद (घनश्याम) वाहेक अरू नभएको बुझिन्छ । लेख्न चाहिं मनोरथ पाध्याले पनि प्रशस्त पात्राहरू लेखेका थिए । तिनीहरूमध्ये केही अनुसन्धानका क्रममा मैले पाएको पनि छु ७ तर प्रकाशमा आएका पात्राहरू पद्मप्रसाद पौडेलका हुन् । नामाडी बेतालीका ज्यौतिषी गङ्गाप्रसाद घिमिरे नामूद ज्यौतिषी हुन् भनेर मलाई बोधप्रसाद घिमिरेले

---

७. मनोरथ पाध्याले लेखेका पात्राहरू प्राविधिक कठिनाइले यस पुस्तकमा समावेश गर्न सकिएन ।-भूहपौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक पटक छ्वास्स बताएका थिए । उनको क्षमताको विस्तृत अनुसन्धान हुन सकेको छैन । रामेछाप जिल्लाको भलुवाजोर गाउँका विद्वान् चन्द्रप्रसाद ढुङ्गानाले पनि काठमाडौंबाट पूर्वी भेगका पक्का ज्योतिषी पद्मप्रसाद नै हुन् भनेर मलाई मौखिक रूपमा बताएका छन् । त्यसैले *नेपालको विद्वत्परम्परा*मा पद्मप्रसाद पौडेललाई एक जना पक्का ज्यौतिषीका रूपमा चिन्हाउन खोजिएको छ ।

जीवनी र कृति

पद्मप्रसाद (घनश्याम) पौडेलको जन्म वि.सं. १९४० श्रीशाके १८०५ फागुन ४ गते गुरुवार प्रात: घटी ८ प ११ गत लग्न १ अ ४ नक्षत्रमा भएको हो । उनको जन्मस्थान रामेछाप जिल्लाको सैपू सूर्यघडेरी हो । पद्मप्रसादको व्रतबन्ध आठ वर्षको उमेरमा भएको हो । त्यो बेला सानै उमेरमा विवाह गर्ने चलन थियो । त्यसैले, उनको विवाह १३ वर्षको उमेरमा भयो । यसैक्रममा पहिलो विवाह ओखल्ढुङ्गा जिल्लाको सिल्खु भन्ने ठाउँका सुवेदीकी छोरी प्रेमकुमारीसँग भएको हो । यिनको कोखबाट कुनै सन्तानको जन्म हुन सकेन । दोस्रो विवाह लिखुखोला काती दाहालकी छोरी खड्गकुमारीसित भयो । यिनको गर्भबाट मोहनकुमारी, जिष्णुप्रसाद र सोमप्रसाद गरी ३ ओटा सन्तान जन्मिए । कान्छी पत्नी टङ्ककुमारीबाट दुई छोरा र दुई छोरी जन्मिएकामा ती सबै सानै उमेरमा परलोक भए ।

पद्मप्रसादका मातापिता ललितादेवी र कृष्णलाल थिए । भाइ एक जना तुलसीप्रसाद र दिदीबहिनीहरूमा -जेठी रन्दता घिमिरे (बेताली दिएको), माहिली रूपमाया सुवेदी (सिल्खु दिएको), साहिंली कन्यमाया सुवेदी (सतलुङ् दिएको), काहिंली वेदकुमारी भण्डारी (सुकाठोकर दिएको) र कान्छी पद्मकुमारी अधिकारी (कठजोर दिएको) भएको बुझिन्छ ।

पद्मप्रसाद (घनश्याम) को देहावसान वि.सं. २०१० साल वैशाख १८ गते दिउँसोको १२ बजे फेदीमा भएको थियो । उनको पार्थिव शरीरको दाहसंस्कार लिखुको किनारमा अवस्थित ढाँडे खेतकै छेउ तीतेखानी भन्ने मशानघाटमा भएको थियो ।

अध्ययन

पद्मप्रसाद (घनश्याम) ले १७ वर्षका उमेरमा साउँअक्षर चिन्हेका थिए । त्यसपछि बनारस गई जो मिलेको खाएर चीसो भुइँमा बसी रातभरिभरि मिहिनेत गरेर ज्यौतिषशास्त्रको अध्ययन गरे ।

बृहत् जातक, मुहुर्त चिन्तामणि, श्याम संग्रह, ज्यौतिष सार आदि ग्रन्थको गहन अध्ययन गरे । पद्मप्रसादले धेरथोर व्याकरणको पुस्तक पढेको हुनुपर्छ । बनारसमा उनले चार वर्ष मात्र पढे । परीक्षा पास गरेर जागीर खाने उद्देश्य पद्मप्रसाद (घनश्याम) को नभएको बुझिन्छ । ज्यौतिषको थोरबहुत सैद्धान्तिक र व्यावहारिक ज्ञान प्राप्त गर्नुनै उनको मुख्य उद्देश्य रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

बुझिन्छ । यसरी पद्मप्रसादले आफ्नो कडा परिश्रम गरेर थोरै समयमा ज्यौतिषको पक्का ज्ञान प्राप्त गरे ।

कृति

पद्मप्रसाद (घनश्याम) पौडेलले लेखी प्रकाशित गरेको ज्यौतिषको व्यावहारिक ग्रन्थ ***पद्मविरोचन*** पूर्वी भेगमा निकैनै प्रसिद्ध छ । बूढापाका अरूका मुखबाट अझै पनि यो ग्रन्थको समग्र भाग मुखाग्रै सुन्न सकिन्छ । ***पद्मविरोचन***का अतिरिक्त चिना र पात्राहरू पनि लेखेका छन् । वि.सं. २००९ र २०१० सालमा पद्मप्रसादले लेखेका पात्रा छापिएका छन् । २०११,२०१२, २०१३, २०१४, २०१५ र २०२२ सालका पात्राहरू दैवज्ञ जिष्णुप्रसाद पौडेलले लेखी प्रकाशित गराएका थिए । पद्मप्रसादले लेखेको ज्योतिषसम्बन्धी अर्को कृति ***ज्यौतिषको सारसंग्रह*** भन्ने हो । पाको मड्याएको नेपाली बाक्लो कागजमा लेखिएको पाण्डुलिपिका रूपमा हालसम्म सुरक्षित छ । यो कृति उनले पढाउनका लागि तयार गरेको बुझिन्छ । १२० पृष्ठको ज्यौतिषको ***सारसंग्रह*** प्रकाशित भएमा निश्चयनै ज्यौतिषका क्षेत्रमा नयाँ प्राप्ति ठहर्ने छ ।

पद्मप्रसाद (घनश्याम) को विचारसँग ठ्याक्क मिल्ने मानिस हैवारका मनोहर कोइराला भए पनि आफ्नो विशेष क्षमताले अन्यत्रका मानिसलाई पनि पद्मप्रसादले आफ्ना मान्छे बनाएका थिए । ज्यौतिष पढे । पढेको विषय गाउँघरमा उपयोगमा ल्याउँदै गए । त्यसपछि उनी आफ्नो विषयमा विशेष दक्ष र अनुभवी पनि बन्दै गए । ज्यौतिषमा विशेष ज्ञान आर्जन गर्दै गएपछि चिना लेख्ने र हेर्ने तथा सालबसाली पञ्चाङ्ग गन्ने गर्दा उनको योग्यताको कदर सबैतिर हुन थाल्यो । टाढा-टाढाका मान्छेले पनि पद्मप्रसादलाई चिन्हा लेखाउन र हेराउन थाले । आफ्नो मुलुकको विभिन्न ठाउँमा मात्र नभएर उनी आसामसम्म पनि चिना लेख्न जान्थे र उताका विद्यार्थीहरू ज्योतिष विद्या पढ्न पद्मप्रसाद (घनश्याम) को घर सैपू सूर्य घडेरीमा आउँथे । उनका जिष्णुप्रसाद र सोमप्रसाद गरी दुई भाइ छोरा पनि व्यावहारिक ज्यौतिषमा पारङ्गत विद्वान् भएका छन् ।

दैवज्ञ जिष्णुप्रसादको जन्म वि.सं. १९७६ साल असार २९ गते सोमबार प्रात:घटी २.१३ पला लग्न ४ नक्षत्र[८] उत्तरषाढाको चौथो पाउमा भएको थियो । यिनको व्रतबन्ध ८ वर्षको उमेरमा १९८४ सालमा भएको थियो । विवाह १९८८ साल माघ १६ गते कठजोर लप्टन चिरञ्जीवी अधिकारीकी छोरी टोपकुमारीसित भएको थियो । यिनको गर्भबाट ८ ओटा छोराछोरी गुरुप्रसाद, धनेश्वर र लालप्रसाद गरी तीन भाइ छोरा तथा योगमञ्जरी, पूर्णकला, ॐकुमारी, रत्नकुमारी र मोहनकुमारी (मेनुका) हुन् । छोरा र छोरीतिरका गरी जम्मा सन्तान ४० जना भैसके । जन्मिएकामा सबैले आफ्नो-आफ्नो क्षेत्रबाट समुन्नति गर्दै आएका छन् । जिष्णुप्रसाद र

---

८. पद्मप्रसाद पौडेल, ***पद्मविरोचन*** पूर्ववत् पृष्ठ ८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमप्रसादले घरैमा पिता पद्मप्रसाद (घनश्याम) सँग ज्यौतिष विद्या पढेका थिए । जिष्णुप्रसाद चिना लेख्ने र हेर्ने , प्रकाशित गर्ने कार्यमा पनि सफल देखिन्छन् । चिना लेख्ने र हेर्ने क्षमता जिष्णुप्रसादको भन्दा सोमप्रसादको बढी भएको बुझिन्छ । यिनीहरूका पिता पद्मप्रसादले चरिकोटका डिठ्ठा हृदयरामको ५८ हातको चिना लेखिदिएको बुझिन्छ ।

ज्यौतिषी पद्मप्रसाद, जिष्णुप्रसाद र सोमप्रसादले लेखेका चिनाहरू यत्रतत्र पाइन्छन् । यस क्षेत्रमा यी तीनै जनाले विशेष ख्याति आर्जन गरेका छन् । तिमध्ये पद्मप्रसाद (घनश्याम) र सोमप्रसाद अरूको चिना हेरेर भूत, वर्तमान र भविष्यको फल मिलाउनेमा विशेष चर्चित छन् । जिष्णुप्रसाद पनि चिना हेर्नमा कम छन् भन्ने चाहिं होइन, बा र भाइको जस्तो प्रभाव जिष्णुप्रसादको नभएको कुरा अनुसन्धानात्मक सर्वेक्षणबाट स्पष्ट हुन्छ । पद्मप्रसाद (घँनश्याम) का नातिहरु ज्यौतिष विद्यामा रुचि भएका र हजुरबाको विंडो थाम्ने आकाङ्क्षा भएका देखिएका छैनन् । सोमप्रसादका छोरा माधव पौडेल कानूनमा विशेष दक्ष छन् । उप-सचिवको पदमा कार्यरत माधवका छोरा कल्याण पौडेल अत्यन्त प्रतिभाशाली र मेहिनेती विद्यार्थीका रूपमा देखापरेका छन् । उनको क्षमता यही रूपमा विकसित हुँदै गयो भने विज्ञानका क्षेत्रमा उनले ठूलो देन दिनसक्छन् ।

वंशवर्णन

कान्पुर नगरी जात: ऋषी नामक भूसुर:
तत्पुरस्तु व्यतिक्रम्य सैपूग्राम ययौ तदा
दस्रगगन हस्तेन्दु संवतो ज्येष्टमासके
पञ्चमे दिवसे प्राप्ते मल्लराजो भुवं ददौ

ऋषि नामक विप्रर्षेरभूत्पुत्र उमापति
तस्माच्च वीरभद्रोऽ भूवेदवेदान्त पारग
तस्य पुत्रो जगन्नाथ: सर्वधर्म विशारद
तस्य पुत्रोश्च दैवज्ञ: श्चक्रचूडामणि स्मृत

कृष्णलालश्च धर्मज्ञ: तस्य पुत्रो भवेत्तदा
तस्मात्पद्म प्रसादोऽभूत् ज्योति: शास्रस्यसंग्रही
तस्य पुत्रोति तेजस्वी जिष्णुप्रसाद नामक:
तस्य पुत्रा भविष्यन्ति बहव: शास्रपारगा:[९]

---

९. पद्मप्रसाद पौडेल, **पद्मविरोचन**, पूर्ववत् पृष्ठ १०,११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य पुत्रोऽति तेजस्वी जिष्णुप्रसाद नामकः
तेन शास्त्रस्यऽ धुनाऽ अस्ति पितृ प्रसादतः
तस्य पुत्रा त्रयायस्यादाद्य गुरुप्रसादकः
कनिष्ट लालप्रसादो धनेश्वरश्चमध्यमा

गुरु प्रसादतः पुत्रो, 'नवराज' इति नामकः
तथा धनेश्वरो पुत्रो भोलाप्रसाद नामकः
लाल प्रसादतः पुत्रो पुरुषोत्तमिति स्मृतः
तस्यपुत्रा भविष्यन्ति बहवः शास्त्रपारगाः[१०]

कविता

श्रीतात पूज्यपद पद्मप्रसादनाम
स्वर्गीय आत्मकन शान्ति प्रदान कामः
हूँ ज्येष्ठ पुत्र उहि जिष्णुप्रसाद नाम
गर्छू यथामति विशेष नमोऽभिरामः

श्री वैक्रमीय नलचन्द्र खनेत्रसाल
पञ्चांग पत्र रचियो बुझि कर्मजाल
गंगाप्रसाद मिलि सोमप्रसाद साथ
पाऔं प्रकाश उचनिच हवसमाफ [११]

जिष्णुप्रसादका घरमा ऐतिहासिक कागजपत्र थुप्रो छन् । साथै उनले लेखेका केही रचना पनि छन् । ती सबैको प्रकाशन हुन सके नेपालको इतिहास, साहित्य र ज्यौतिष विद्याका क्षेत्रमा ठूलो उपलब्धि हुने निश्चित छ ।

---

१०. पद्मप्रसाद पौडेल, ***पद्मविरोचन*** : द्वितीय संस्करण, पृष्ठ १०२, १०३ ।
११. यो कविता जिष्णु प्रसादले लेखेको बुझिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

'पद्मविरोचन' को दुइटै संस्करणको गाता

श्री

पद्मविरोचन

रचयिता-

ज्योतिष पं.पद्मप्रसाद उपाध्याय पौडचालय:

पूर्व २ नम्बर सैपु निवासि

प्रकाशक -

पं. जिष्णुप्रसाद उपाध्या पौडचालय:

"भगवति प्रेस ठहिटीमा"

छापी प्रकाश भयो ।

प्रथमबार २०००

९५ साल ज्येष्ठ

मूल्य ८४ पैसा [१२]

(यो हो पद्मविरोचन पहिलो संस्करणको मुखपृष्ठ)

किताब पाइने ठेगाना-

ज्योतिष पं. पद्मप्रसाद उपाध्याय पौडचालय पूर्व २ नम्बर सैपु

ज्योतिषकार्यालय ठहिटी नेपाल

पं. खेमराज उपाध्या पौंडचालय हाडीगाउँ

अरु ठाउँ-ठाउँ किताब पसलहरूमा पाइन्छ । [१३]

(यो हो अन्तिम बाहिरी पृष्ठ)

---

१२. पद्मप्रसाद पौडेल, **पद्मविरोचन** पहिलो संस्करणबाट ।

१३ पद्मप्रसाद पौडेल, पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

ॐ

श्री गणेशायनमः

पद्मविरोचन

लेखक

स्व. पद्मप्रसाद पौडेल

प्रकाशक गुरुप्रसाद धनेश्वर पौडेल

जिल्ला - रामेछाप

सैपू १४

पुस्तक पाईने ठेगाना

श्री साहू बद्रीदास अशोक कुमार

भौकाजी साँघुटार बाजार

लीलानाथ अधिकारी

सालूपाटी, बाजार

इन्द्रसेन सुनवार

सिरीसें, पसल

हरेक पुस्तक पसलमा १५

पद्मविरोचन पहिलो संस्करणको भूमिका

प्रिय महाशय यो भाषा छपाई ताहाँहरूका करकमलमा चढाउँदा यस्तो छ कि क्या बयान गरौं १ चोटी अधिबाट अन्तेसम्म हेर्दा यो किताब हेरी नशकी भैंमा राख्न मन हुने छैन अ। हा !! हा !! हेर्नुहोस् साह्रै परिश्रम गरी भिक्षुक ब्राह्मणले चन्द्रमा आदी गरी हेर्ने रीति बनाई दिएको छु चन्द्रमा हेर्ने राशि छुट्याउने वर्णघात जेमघण्ट ध्रुवचर उग्रछिप्र मृदुमिश्र तीक्ष्ण इन्को फलादिक्शूल यात्रा बाण शूल होम रुद्री नाग राहु नन्दादी तिथि ऋतु गर्भाधान अक्षरारम्भ

---

१४. *पद्मविरोचन* द्वितीय संस्करण ।

१५. पद्मप्रसाद पौडेल, *पद्मविरोचन* पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यारम्भ चूडा व्रतबन्ध विवाह रवि चन्द्र गुरु बलपात लत्ताएकार्गललग्न विषमनाडी वार वेला अन्धा बहीरा कुब्जा लग्न गण योनी नाडी खड्गाष्ट राशि मेल ग्रह गुण इत्यादि र वधु प्रवेश गृहारम्भ गृहप्रवेश पैल्हा भागमा सूतिका बाल अरीष्ट मूल ज्येष्ठा अश्लेषा मातृ पितृकष्ट चन्द्रयोग नासादियोग स्त्रीजातक भाग्योदय, परमायु मरणस्थान रोग प्रथम दशम लग्न भाव सन्धि खड्वर्ग तात्कालि अष्टवर्गी भुक्तभाग्ये स्वामी पत्नी अन्तर फल सूर्य्यादि अष्टयोगिनी इत्यादि विचारतर्फका वारेमा केही संस्कृति पनि ठाउँठाउँमा लेखेको छ संस्कृत र भाषा करीव ४०० पुग नपुग श्लोक हुनन् किताब ली हेर्नुभया मालुम हुनेछ महासयेहरूलाई पहाड पर्वतमा विशेष जानुन् भन्ना निमित्त सोडकाका ठुला महासयबाट यो भाषा बनाई प्रचार गरेको छु महानुभावहरूबाट अशुद्ध केही देखिएमा क्षमा राख्नु भै शुद्ध गरिदिनु हुन्यैछ भन्ने आशामा छु । लेखक उही पद्मप्रसाद सैपुनीवासी [१६]

पद्म विरोचनको दोस्रो संस्करणमा यो भूमिका हटाइएको छ । यसको सट्टा ज्यो. जिष्णु-प्रसाद पौडेल आफैंले लेखेको भूमिका राखिएको छ । प्रस्तावना हवल्दार देवीप्रसाद पौडेलले लेखेका छन् । दुई शब्द धनेश्वर पौडेलको परेको छ । समर्पण जितेन्द्र नेपालले गरेका छन् ।

वास्तविक रूपमा भन्ने हो भने बाबुको कृतिमा छोरालेयसरी तोडमोड गर्नु ठीक थिएन अर्को दृष्टिकोणबाट विचार गर्दा दोस्रो संस्करणमा पहिलो संस्करणभन्दा निश्चयनै थपघट् हुन्छ नै तर मूल लेखक जीवित भए मात्र उसैको इच्छानुसार थपघट गर्न सम्भव हुनसक्छ, तर मूल लेखकको अवसान भएपछि अरूले थप संस्करण निकाल्दा पुस्तकको मूल मर्मलाई समाप्त गरी निकाल्न पाईदैन । पहिलो संस्करणको जस्ताको तस्तै विवरण प्रस्तुत गरी दोस्रो संस्करणमा आवश्यक कुरा मात्र थप्न पाइन्छ, तर यहाँ त्यसो भएको पाईदैन ।

निवेदन

पंचाङ्गे ग्रह गुन्ने कर्मजति हो यस्मा सबैरै गयो,
जातक् दिनदशा मुहुर्त हेरने संक्षेप भाषाभयो ।
जुन्बेला यसमा नजर्दिनुहोला विद्वान् बडाजन् जति
जाहानेर अशुद्ध देखिन गयो सच्याइमाड्छु अति ॥
१
ज्योतिष् जो छ समग्र ग्रन्थहरूको सारांश खीचेर यो,
लेखी पद्मप्रसाद नामी भइले श्लोकबद्ध भाषा भयो ।
मेरो यो कविता महाशयहरू जाँची सच्याई दिउन्,
यस्को पद्मकृत विरोचन नाम प्रख्यात जानी लिउन् ॥

---

१६. पद्मप्रसाद पौडेल, ***पद्मविरोचन*** पहिलो संस्करण (१९९५) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

नैपालाल्पूर्व दिशी सैपुग्राम: निवासिन:
पौड्यालयोपनाम्नावै पद्मप्रसाद शर्मण:
परदत्ते मुहूर्तेषु ज्योतिशास्त्रानुसारग:
शुद्धाशुद्धौ विनिश्चित्य लिखिता जन्मपत्रिका [१७]

३

व्यारकणको दृष्टिबाट *पद्मविरोचन*को मूल्याङ्कन नगरौं । केवल पहाडको एउटा कुनामा बसेर पनि पद्मप्रसादले गरेको योगदानको चर्चा गर्नु मात्र यसको मुख्य उद्देश्य रहेको छ ।

यी माथि प्रस्तुत गरिएका तीनवटा पद्य दोस्रो संस्करणमा हटाइएका छन् । यसपछि दुइटै संस्करणका विषयसूची मध्ये कुनमा केकति भिन्नताहरू छन् , तिनीहरूको प्रस्तुति तल गरिन्छ ।

पहिलो संस्करणमा विषयसूचीको विवरण यस प्रकारको छ ।

विषय	पृष्ठ	विषय	पृष्ठ
मङ्गलाचरण	१	आनन्दादि योग	१५

दोस्रो संस्करणमा यसरी रहेको देखिन्छ ।

विषय-सूची

विषय	पृष्ठ	विषय	पृष्ठ
पूर्वार्द्ध		शुभयात्रा	८[१८]
मंगलाचरण	१		

मंगलाचरण

श्री माई पार्वति । जिका रहि काख माहाँ
स्तन् पाठगरेर सुढ आफ्नु उठाइ बाहाँ
कान्को फिकेर फुल माइजिको रमाई;
खेल्ने गणेश्वर । हरून् सब बिघ्नलाई

---

१७. *पद्मविरोचन,* पहिलो संस्करण ।

१८. *पद्मविरोचन* दुइटै संस्करण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय संस्करणमा *माता जगज्जननिका* मात्र बदलिएको छ ।

दण्डौत गर्छु म त यो दुई हात जोडी,
सिद्धी मिलोस मकनै सब विघ्न तोडी ।
पूर्णै मुहुर्त कि असल् कविता बनाई ;
दीनुहवस् खुशिभई भुवनेशि माई [१९]

प्रार्थना

श्रीमान्नेवर मित्रहेरु सबमा हात्जोडि विन्ती गरी,
भाषा श्लोक म गर्दछू अलिकती पैल्हे शरण्मा परी ।
साराले हेरने मुहुर्त बुझ्ने भाषा सजीलो भयो ;
भन्दै यी कविता नजर्दीनु भए तक्लीफ मेरो गयो ॥

धेरै जान्दिन जान्दछु जति जती उस्कोम भाषा गरी
सजन्मा गरछु समर्पण लिनू भुल्चुक् सच्याई वरी ।
एक ऋक्षको चारइ पाउ जान्नु ,
नौ पाउको राशि भनेर ठान्नु ।
सो ऋक्षदेखी लिइ पाउ खास;
राशी बनाइन्छ त हेर भाषा ॥[२०]

राशिचक्र

अश्वीनी भरुणी भयो र कृतिकाको एक पाउ गरी,
यो मेष, राश भयो क्रमैसँग सबै हेर्नू हवस् खर्खरी ।
कृत्तिका तीन पाउ रोहिणि गृगासीर्को दुई पद् झिके;
यो वृषराश कहीं छ कंठ गरनु आउँछ क्यैं बेर्सिके ॥

मघा पूर्व फाल्गुणि र उतरा फाल्गुणिको पाउ एक;
सिंहै राश कहिन्छ यो पढनु होस् होला कुनै दिं विवेक ॥

---

१९. **पद्यविरोचन** पहिलो संस्करण ।
२०. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by ...

तिन् पद् उत्तर फाल्गुणि र चितराको दुई पाऊ लिनु ,
हस्ता पट्टि मिसीदिदा त यसको भो कन्य राश्भंदिनू ।

चित्राको दुइ पाउ स्वाति र अनि तिंपद् विसाखा जिको ;
जम्मा पारि लिदा तुला हुन गयो मानेर पढ्नोस् निको ॥

विशाखा पद एक् र फेरि अनुराधा ज्येष्टा जम्मा गरें,

यस्को वृश्चिक रास् सिलोक सजिलो पाइन्न फेरी भरे उत्तरा ;
खाढाको पदएक् लिइन्छ तव यो हुन्छ धन रास् पुरा ॥

उत्तरको तिनपाउ भोर अभिजित् श्रवण् धनेष्टा जिको
दुवै पाउ श्रवण पटि धरिदिंदा यो भो मकर रास् निको ।

धनिष्ठा दुईपाउ भो शतभिषा तिं पाउ पूर्वा लिनु ;
यस्को ता बुझ कुंभ राश हुनगो यस्मा बहुत मं दिनु ॥

एक्पाउ पुर वा र फेरि उतरा भाद्रा अनी रेवती,
यस्को नां मीन हुन्छ रास्पनि पुगे बाह्रै बताउँ कती ।

नाम्ले रीक्ष तयार गर्नू परदा श्रीचन्द्रमा हेरदा;
राशी वर्ग र वश्यआदिहरूमा काम्दिन्छ यस्ले पुरा ॥ [२१]

पहिलो संस्करणमा परेका यी पद्यहरू दोस्रो संस्करणमा भाँचभुँच पारेर राखिएका छन् ।

सकृत चन्द्र

पञ्चेदु त्रिषु सिर्ष संस्थित विधू लाभं परं सर्वदा,
पृष्ठेचाब्धि ऋतौ स दुःख हृदय सप्ताय खे सुसुखम् ।

हस्ते युग्म नवाभिलाष सततं सम्पूर्य्य दोषौविधु ;
पादे चाष्टम चार्क संस्थितविधु नाशंपरं सर्वदा ॥ [२२]

☆

---

२१. पूर्ववत् ।
२२. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९

पण्डित तीर्थप्रसाद ढुङ्गानाको संक्षिप्त परिचय

नेपालको प्राज्ञिक जगत्मा गर्नुपर्ने काम धेरै छन् तर काम गर्न चाहने मानिसलाई सहयोग र प्रोत्साहन दिने संस्था र अनुसन्धान केन्द्रहरू छँदै छैनन् भन्दा पनि कुनै अत्युक्ति हुने छैन । विद्याको अध्ययन, अनुन्धानका क्षेत्रमा जे जतिले सुविधा र सहयोग पाएका छन् तिनीहरू मध्ये हातको औंलामा गन्न नपुग्नेले थोरबहुत काम गरेका छन् । अधिकांश अनुसन्धान प्रतिवेदनहरू एकदमै साधारण स्तरका पनि देखिन्छन् । मौलिक सिर्जना गर्न कसैको सहयोग र सुविधाको दरकार पर्दैन तर अनुसन्धान कर्तालाई हरेक कुराको सहयोगको आवश्यकता पर्दछ । मैले ***नेपालको विद्वत्परम्परा*** विषयमा अध्ययन, अनुसन्धान गर्न शुरु गरेपछि - राष्ट्रिय वाणिज्य बैंक- जनक शिक्षा सामग्री केन्द्र, सानो ठिमी शाखाका तत्कालीन मेनेजर पदमा श्री उद्धवप्रसाद ढुङ्गाना सरुवा भएर आएपछि उनीसँग तुरुन्तै चिनजान भयो । जनक शिक्षा सामग्री केन्द्रको सम्पादन शाखा र राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय वल्लो कोठा र पल्लो कोठा भएको हुँदा उनीसँग चाँडैनै हिमचिम पनि भयो । एक दिन गफको प्रसङ्गमा मैले नेपालका विद्वान्हरूको जीवनी अनुसन्धान गर्न लागेको कुरा वताएपछि उनले ***मेरा हजुर्बा तीर्थप्रसाद ढुङ्गाना विद्वान् हुनुहुन्थ्यो*** भन्ने वित्तिकै मैले उनलाई तुरुन्त आवश्यक प्रश्नहरू तयार गरिदिएँ । उद्धवप्रसाद ढुङ्गानाले बडो धैर्य गरेर आफ्ना हजुर्बाका सम्बन्धमा तथ्य कुरा पत्तालगाई मलाई सहयोग गरेकामा उनलाई जति धन्यवाद दिए पनि थोरैनै हुन्छ । तीर्थप्रसाद ढुङ्गाना नेपालको सन्दर्भमा गहिरो पाण्डित्य भएका मानिस हुन् । उनका सम्बन्धमा वस्तु तथ्य कुरा प्रकाश पार्नु अवश्यक छ ।

ढुङ्गानाको वंश केलाउँदा- 'राधाकृष्ण ढुङ्गानाका छोरा चित्तविलास भए । चित्तविलासका छोरा पूर्णानन्द भएको बुझिन्छ । यहाँभन्दा माथिको पुर्ख्यौली इतिहास प्राप्त हुन सकेन । पूर्णानन्दका दुइटा सन्तान 'जन्मेका थिए । त्यसमध्ये तीर्थप्रसाद ढुङ्गाना र गोविन्दप्रसाद ढुङ्गाना भएको बुझिन्छ । तीर्थप्रसादको जन्मस्थल टौफीकल हो र जन्ममिति चाहिं वि.सं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पं. तीर्थप्रसाद ढुङ्गानाको टिपन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९४५ साल भाद्र २७ गते, भाद्रशुल्क पञ्चमीका दिन भएको बुझिन्छ । तीर्थप्रसादको अक्षरारम्भ पिता पूर्णानन्दबाट ५ वर्षका उमेरमा भएको थियो । सात वर्षको उमेरमा व्रतबन्ध भयो र उनलाई आफ्ना पिताले गायत्री मन्त्र सुनाएका थिए । उनका मावली त्रिपुरेश्वरका पोखरेलहरू हुन् । पिताजीबाट अक्षरारम्भ भएपछि प्राथमिक तहको अध्ययनका लागि तीर्थप्रसाद संस्कृत प्रधान पाठशाला रानीपोखरीमा भरना भएपछि बनारसको क्वीन्स कलेजबाट साहित्य विषयमा सम्पूर्णमध्यमा परीक्षा उत्तीर्ण गरेका ढुङ्गानाले सोही कलेजबाट आचार्य परीक्षामा सर्वप्रथम भई सुवर्ण पदक-समेत पाएका थिए । बनारसमा अध्ययन गर्न बस्दा त्यहाँ नाम कहलिएका ठूला-ठूला पुस्तकालयमा नियमित रूपमा अध्ययन गर्ने बानी बसालेका हुनाले आफ्नो मूल विषय साहित्यभन्दा अतिरिक्त उनी अरू पनि विषय जान्दथे । आफूले अध्ययन गरेको विषयमा गहिरो योग्यता भएकै कारणले वनारसवाट अध्ययनको क्रम समाप्त गरी काठमाडौं आउनासाथ माहिला गुरुज्यू हेमराज पाण्डेले हेडगुरु सोमनाथ सिग्देल र तीर्थप्रसाद ढुङ्गानालाई आफ्नो निजी पुस्तकालयमा केही समयसम्म काम गर्ने मौका दिएका थिए । यसरी काठमाडौंमा आउनासाथ राणाहरूका दाहिने हात भएका माहिला गुरुज्यूको विश्वासपात्र भएर उनैको पुस्तकालयमा काम पाउनु उनको शास्त्रीय योग्यताका साथै सबैसँग मिल्न सक्ने योग्यतासमेत भएको बुझिन्छ । त्यसपछि सरकारी नोकरी गर्न संस्कृत तर्फका डाइरेक्टर हेमराज गुरुज्यूसँग अनुरोध गर्दा उनले तीर्थप्रसादलाई रानीपोखरी संस्कृत प्रधान पाठशालाको प्राध्यापकमा नियुक्त नगरी अंग्रेजीतर्फको पढाइ हुने दरवार हाइस्कूलमा संस्कृत पढाउने शिक्षक पदमा नियुक्त गरे । यसरी सरकारी नोकरीमा प्रवेश गर्नुभन्दा पहिले त्यस समयका प्रधानमन्त्री राणाहरूलाई रुपियाँ राखेर दर्शन गर्नु पर्थ्यो । त्यसपछि मात्र नोकरी पक्का हुन्थ्यो । त्यसै सन्दर्भमा माहिला गुरुज्यूले ***आचार्य परीक्षामा सर्वप्रथम भई भारतबाट सुवर्ण पदक ग्रहण गरेका विद्वान्*** भनेर विन्ति चढाएको हुँदा ***अरु आचार्य परीक्षा उत्तीर्ण गरेका पण्डितले खाइपाइ आएको तलवमा रु १० । बढाएर उनलाई नियुक्त गरिदिनु*** भन्ने राणा प्रधानमन्त्रीले हुकुम दिएका थिए । यसपछि अरु पण्डितहरूको भन्दा तीर्थप्रसाद ढुङ्गानाको तलव १० । रुपियाँ बढी भएको बुझिएको छ । आफू संस्कृतको विद्वान् तर अंग्रेजी भाषा पढाइ हुने विद्यालयमा पढाउनु पर्ने भएको र यस विद्यालयमा संस्कृत पढाउने अर्को शिक्षक कोही नभएको हुँदा त्यस समयमा- शारदाशमशेर, विजयशमशेर, अर्जुनशमशेर र जर्नेल एकराजशमशेरका छोराहरूलाई उनैले पढाएको बुझिन्छ । यी राणा परिवारका सदस्यबाहेक अङ्ग्रेजी भाषाको माध्यमबाट शिक्षा ग्रहण गरिरहेका त्यस समयका अर्थात् १९७६,७७ भन्दा पछिका सवै विद्यार्थीहरूले तीर्थप्रसादवाटै नेपाली र संस्कृत भाषा सिकेका थिए ।

तीर्थप्रसाद ढुङ्गाना अध्यापक मात्र थिएनन् उनी शिक्षण संस्थाहरूको स्थापना र सञ्चालनमा समेत सरिक थिए । जस्तो, २००४ सालमा डिल्लीबजारको पद्मकन्या स्कूलको स्थापनामा उनको ठूलो योगदान रहेको बुझिन्छ भने पद्मकन्या क्याम्पसको स्थापनामा पनि तीर्थप्रसादले उत्तिकै रुचि लिएको बुझिन्छ । उनी २००४ सालमा नेपाली भाषा प्रकाशिनी समितिमा संलग्न रहेको तथ्य फेला पर्छ भने यसै सालको खड्ग निशानबाटै एजुकेशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Form C.

No. १२४

OFFICE OF REGISTRAR
GOVT COLLEGE
BENARES

॥ काशीस्थराजकीयप्रधानसंस्कृतपाठशालीय-
परीक्षायाम् ॥

रोल नम्बर ११२५

पण्डितः [illegible] शर्मा

२५ वयः

[illegible] पण्डितस्य पुत्रः

[illegible] निवासी

पञ्च[illegible]कोनविंशतिशततमेशवीये वर्षे [illegible]

मध्यमपरीक्षायाम् उत्तीर्ण इति प्रमाणीकरोमि ॥

[illegible] M.A.,
Registrar,
Benares Sanskrit College Examinations.

Sanskrit College, Benares :
The 10th August 1915.

पं. तीर्थप्रसाद ढुङ्गानाले व्याकरण मध्यमा परीक्षा
समुत्तीर्ण गरेको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोर्डको मेम्वरसमेत भएका थिए । पद्मकन्या स्कूलका प्रधानाध्यापक र पद्मकन्या कलेजको पनि प्रधानाचार्य भै कार्य सञ्चालन गरेका तीर्थप्रसाद ढुङ्गानाको शिक्षा क्षेत्रमा लामो समयसम्म योगदान रहेको बुझिन्छ । आफूले आर्जन गरेको ज्ञान शिक्षा क्षेत्रमा लगाएर आजीवन यसैको उन्नतिमा लागिपरेकैले स्व. श्री ५ महेन्द्रको शुभराज्याभिषेक (२०१३) को अवसरमा सोमनाथ सिग्देल र तीर्थप्रसाद ढुङ्गानालाई आजीवन नोकरी मिलेको थियो । यसरी यी दुइ विद्वान्हरूको आजीवन सेवाकालागि तत्कालीन बडागुरुज्यू भोगेन्द्रराज पाण्डेले स्व. श्री ५ महेन्द्रमा विन्ति चढाएको कुरा पनि जानकारीमा आएको छ । तीर्थप्रसादले पढाएका प्रमुख शिष्यहरूमा कल्याणविक्रम अधिकारी, प्रो. रामप्रसाद मानन्धर, सरदार गुञ्जमानसिंह आदि आदि भएको बुझिएको छ । तीर्थप्रसादले अध्यापनका अतिरिक्त तल्लो कक्षाका लागि उपयुक्त हुने खालका संस्कृतका पाठ्यपुस्तक समेत लेखेको बुझिन्छ, तर तिनीहरू हाल अप्राप्य हुँदै गएका छन् । नेपाली शिक्षा परिषद्ले हरेक वर्ष मोती जयन्तीको उपलक्ष्यमा ***समस्यापूर्ति*** कवि सम्मेलनको आयोजना गर्ने गरेको छ । २०२४ सालको समस्यापूर्ति कवि सम्मेलनका लागि तीर्थप्रसाद ढुङ्गानाले ***खोजे नमिल्ने छ के*** ? भन्ने शीर्षक चयन गरिदिएका थिए । यसरी संस्कृतका विद्वान् भएर पनि अंग्रेजी भाषाको माध्यमबाट पढाइ हुने विद्यालयमा संस्कृत र नेपाली पढाएर उनले आफ्नो विद्वत्ताको परिचय दिएका थिए । यसरी तीर्थप्रसादले शिक्षाको क्षेत्रमा दिएको योगदान अविस्मरणीय रहेको छ ।

तीर्थप्रसाद ढुङ्गानाका पिता पूर्णानन्द पनि आफ्नो समयका ठूला विद्वान् मानिन्छन् । त्यो बेला परीक्षा दिई प्रमाणपत्र बटुल्ने मात्र चलन थिएन । पढेर योग्य हुनेतिर सबैको ध्यान केन्द्रित थियो । पूर्णानन्दले गङ्गाधरसँग व्याकरण पढेको बुझिन्छ । गङ्गाधर कहाँका थिए र उनको घर कहाँ हो पत्ता लाग्न नसके पनि यिनी बनारसका पो हुन् कि भन्ने अनुमान गर्न सकिन्छ । पूर्णानन्द बनारसमैं पढी योग्य भएर नेपाल फर्किएपछि यहाँका गुरुज्यूहरूलाई शास्त्रीय परामर्श दिने र उनका छोराहरूलाई पढाउने काममा सरिक हुनुका साथै धर्म शमशेरकहाँ पण्डितका रूपमा पनि रहेका थिए । पूर्णानन्दले व्याकरण शेखरभाष्यको टीकाटिप्पणी समेत गरेको सुनिएको छ । ***नेपालको विद्वत्परम्परा***मा पूर्णानन्दको विशिष्ट स्थान भएजस्तै उनैका छोरा तीर्थप्रसाद ढुङ्गानाको पनि आफ्नै किसिमको विद्वत्ता र प्रभाव रहेको पाइन्छ ।

तीर्थप्रसाद ढुङ्गानाको पारिवारिक स्थितिको उल्लेख गर्दा उनकी आमा देवकुमारी भएको बुझिन्छ । उनकी पत्नीको नाम उमा हो । छोराहरू मुकुन्दप्रसाद, आनन्दप्रसाद, ऋषिकेशप्रसाद, वासुदेवप्रसाद र दामोदरप्रसाद जन्मेका थिए । ऋषिकेशप्रसादका छोरा उद्धवप्रसाद भएको बुझिन्छ । अर्को हाँगो- गोविन्दप्रसाद ढुङ्गानाकी आमा झककुमारी थिइन् ।

यसरी मोटामोटी रूपमा अध्ययन र अनुसन्धानको क्रमलाई अगाडि बढाउँदै जाँदा- तीर्थप्रसाद ढुङ्गाना नेपालका एक जना प्रसिद्ध शिक्षा प्रेमी भएको र नेपालको शैक्षिक विकासमा उनको विशिष्ट योगदान रहेको छ । घरमा पढ्न आएका विद्यार्थीहरूसँग उनी पैसा लिदैनथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१६

Form B.

No. 42

Benares Government Sanskrit College Examinations.

Roll No. 616

This is to certify that Pandit Tirtha Prasad Dhungana

age 27

son of Pandit Purnanand Sharma inhabitant of

Kathmandu, Nepal obtained the Title of Upadhyaya

in Sahitya at the Uttama

Examination of 1921, held in the Sanskrit College, Benares.

काशीस्थराजकीयप्रधानसंस्कृतपाठशालीयपरीक्षासु

संख्या ६१६

दुङ्गनाकुलपाठ तीर्थप्रसाद नाम्ना

२७ वर्षवयस्कः

पं. पूर्णानन्दशर्मा नाम्नः पुत्रः

नेपाल मण्डलान्तर्गत काठमाडौं निवासी

एकोनविंशत्यधिकै [illegible] उत्तमपरीक्षायाम्

साहित्य [illegible] इति प्रमाणीकरोति ।

[illegible]

Mahamahopadhyaya, M.A., D. Litt.,

Registrar,

Government Sanskrit College Examinations,

Benares.

Dated Benares:

The 27th April 1921.

पं. तीर्थप्रसाद ढुङ्गानाले

साहित्यमा उपाध्याय पदवी प्राप्त गरेको प्रमाणपत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या बेचेर धन कमाउने परम्परा त नेपालमा भरखरै शुरु भएको हो । विद्याको महत्त्व बुझेका विद्यार्थीलाई पढाउँदा लोभलालच नगर्ने विद्वान्हरू अझै पनि छन् । हामीकहाँ मूलत: संस्कृत शिक्षा ग्रहण गरेका विद्वान्हरू शिक्षालाई व्यापारीकरण गर्न त्यति रुचि लिदैनन् । यो ध्रुव सत्य कुरा हो । तीर्थप्रसादले अन्य विषयका अतिरिक्त ***सामवेद***को पनि अध्ययन गरेको जानकारी पाइन्छ ।

तीर्थप्रसाद ढुङ्गानाको पण्डित्य र शैक्षिक योगदानकै कारण पद्मकन्या कलेजले भव्य अभिनन्दन गरेको हो । मिष्टभाषी, कहिल्यै कसैसित नरिसाउने, आफू जतिसुकै सख्त बिरामी भए पनि घरमा पढ्न आएका विद्यार्थीहरूलाई पढाउन झर्को नमान्ने आदि अनुकरणीय र महत्त्वपूर्ण गुणले गर्दा नेपालको शैक्षिक इतिहासमा तीर्थप्रसाद ढुङ्गाना अजर छन्, अमर छन् । उनीजस्ता नि:स्वार्थी शिक्षाप्रेमी विद्वान् पाउनु नेपाल राष्ट्रका निम्ति ठूलो गौरवको कुरा हो ।

सामग्री भाग

१. *खड्ग निशाना*

पण्डित तिर्थ प्रसादले पुर्जी हेरि यजुकेशन वोर्डमा ठेकिएका मेम्वरहरु मध्येमा वृ. क. शिव प्रताप शमशेर थापा चिफ क. किसोर नरसीङ् राणा सर्दार हरी गोपाल मि.सु राममणि आदी पं कुलचन्द्र समेत जवान ५ को ठाउँ खाली भएकोले. निजहरुलाई खारेज गरी तेसको वदलामा तपसीलका ज्वान ५ पाचलाइ मेम्वर कायम गरी पाउ भनि शिक्षा विभागका श्री डाइरेक्टर जनरलले विन्ति चढाएको वेहोरा हाम्रा हजुर्मा जाहेर भयो तसर्थ सो माथी लेखिएका मेम्वरहरु जवान ५ पाचलाइ खारेज गरी तेस्को वदला तपसीलका ज्वान ५ पाचलाइ साल वसाली मेम्वर मुक्रर गरी वक्सेको छ सो वमोजिम गर्न जजस्को नाउमा चाहिन्छ जो चाहिने वेहोराको सनद पुर्जी गरी दिनु भनी त्यस अडालाई लेखि पठाउनु भने श्री ३ महाराजवाट हुकुंम वक्सेको हुनाले हुकुंवक्से वमोजिम गर्न जो चाहिने वेहोराको सनद पुर्जी सदर गराइ पढाइ दिने कां गर भने वेहोराको २००० साल पौष २३ गते रोज ६ मा श्री मे. ज. सारदा शमशेर जङ्गवहादुर राणावाट दस्तखत भै आएको हुनाले सो वमोजिम सवाल सनद गरी दिनालाइ वुझदा यजुकेशन वोर्डमा ठेकियका मेम्वरहरु मध्ये ज्वान ५ को ठाउ खाली भएकोले तेस्को वदला अरु मेम्वर कां गर्ने वेहोरा जाहेर भयवाट माथी लेखिय वमोजिम हुकुंप्रमाङ्गी भै आयको देखिनाले जाहेर गरेका छौ नीकासाका हकमा यजुकेसवोर्डमा ठेकियका मेम्वरहरु मध्ये वृ.क. शिव प्रताप शम्शेर थापा चीफ क किसोर नरसीं राणा सर्दार हंरी गोपाल मीसु. राममणि आदी पं कुलचन्द्र समेत ज्वान ५ को ठाउ खाली भएकोले सो मेम्वरहरु ज्वान ५ पाचलाइ खारेज गरी तेसको वदला तपसीलका ज्वान ५ पाचलाइ सालवसाली मेम्वर मुक्रर गंरी वक्सेको छ सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वमोजिम मेम्वर मुकरर गरी कां चलाउने गर्नु भन्या यो रिपोट सदर गरी वक्से पछी सो मुकरर भयका मेम्वरहरुका नाउमा समेत जो चाहीने वेहोराको सनद आडर पाठशाला वन्दोवस्त मार्फत गराइ पठाइ लेखीये वमोजिम गर्नु गराउनु भनि यो रपोट पाठशाला वन्दोवस्तमा पठाइ दिने ठहराञ्यू जो मर्जि हुकुम भनि मुल्की अड्डा औ. सवाल फाटवाट रीपोट लेखि जाहेर गरेकोमा २००० साल माघ १७ गते रोज १ मा श्री ३ महाराजको ठुलो छाप र श्रीकम्याण्डर इनचिफ साहेवको वाहुली नीसाना लागी ह्रीपोट सदर गरी वक्सेको हुनाले सो वमोजिम यजुकेसं वोर्डका नीमीत्त तपसीलका मेम्वरमध्ये तिमीलाइ पनि खटाइ वक्सेको हुनाले सो मीटीङ्को कांमा उर्दि दिएका दे हाजिरभै मीटीङमा छ़लफल गरी आफ्ना राय समेत दिने गर्नु भनी पं. तिर्थ प्रसादका नाउँमा सालवसाली सनद सदर गरी वक्सनु पर्ने ठहराई पाठशाला वन्दोवस्त अंग्रेजी फाटका हाकिम कारिन्दाले मुल्की अड्डा अैं सवालफाट मार्फत हाम्रा हजुर्मा विंति पार्दा जाहेर भयो तसर्थ सो ठहरायकोमा हामीवाट पनि सदर गरी बक्सेको छ सो वमोजिम गर्ने कां गर इति संवत् २००० साल फागुन १३ रोज ५ शुभम्

२. *खड्ग निशाना*

पं. तीर्थप्रसाद आचार्यज्याथा षावहालले पुर्जी हेरी यो मुल्की अड्डा अैं सवाल फाट नं ८२० को पाठशाला वन्दोवस्त अंग्रेजी फाटको रीपोर्ट अैं सवाल वमोजिम जाँच्दा नेपाली भाषा प्रकासीनी समितिका नाउमा भयका ३३ नंवरको सवाल वमोजिम समितिको सव कमेटिर उप समितिको काम लाई ठेकियका मेम्वरहरुले मात्र मदत पुगेन अझ मेम्वर खटाइ पाउ भने वेहोरा शिक्षा विभागका डाइरेक्टर जनरलले जाहेर गर्दा सो कामको मदत निमित्त तपसीलका ज्वांहरुलाइ नञा थप मेम्वर कार्ये गरी कामकाज गर्न लाउनु भंने श्री ३ महाराजबाट हुकुंवक्सेकोले हुकुंवक्से वमोजिम तपसीलका ज्वानहरुलाई नेपाली भाषा प्रकासीनी समितिका उप समितिको मेम्वरकार्ये गर्ने निकासा पाउ भनि जाहेर गरेकोमा वुझदा हुर्कुवक्से वमोजिम मेम्वर थप गर्ने नीकासालाई जाहेर गरेको वेमनासीव भंन नहुदा जाहेर गरेका छौ निकासाका हकमा नेपाली भाषा प्रकासीनी समितिका नाउमा भयका ३३ नंवरका सवाल वमोजिम समितिको सव कमिटि र उप समितिको काम लाई ठेकीयेका मेम्वरहरुले मात्र मदत नपुगेकोले तपसील वमोजिमको ज्वानलाई थप मेम्वर कार्ये गरी वक्सेको छ सो विषय भएका सनद सवाल वमोजिभ गर्नु गर्न लाउनु भंने यो तोक सदर गरी वकसे पछी मेम्वरहरुका नाउमा समेत जो चाहीने वेहोराको सनद आडर गराई पठाई लेखिये वंमोजिम गर्नु गर्न लाउनु भनि तोक सहीतको रिपोट पाठशाला वंदोवस्त अंग्रेजी फाटमा पठाई दिने ठहराञ्यू जो मर्जि हुकुं भनि मुल्की अड्डा औं सवाल फाटवाट तोक वोली जाहेर गरेकोमा २००३ साल फागुन २९ गते ४ मा खड्ग निसानावाट तोक सदर गरी वक्सेको हुनाले सो वमोजीम सव कमेटिर उप समितिको मेम्वर भै काम काज गर्ने गर्नु भने प. तिर्थ प्रसादका नाउमा सनद सदर गरी वक्सनु पर्ने ठहराई पाठशाला वन्दोवस्त अंग्रेजी फाटका हाकिम कारीन्दाले मुल्की अड्डा अैं सवाल फाट मार्फत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. तीर्थप्रसाद ढुङ्गाना
जन्म : वि.सं. १९४५
देहान्त : वि.सं. २०२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE



पं. तीर्थप्रसाद ढुङ्गाना एजुकेशन बोर्डमा
मनोनीत भएको खड्ग निशाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा हजुर्मा विन्ति पार्दा जाहेर भयो तसर्थ सो ठहरायकोमा हामीवाट पनि सदर गरी वक्सेको छ सो वमोजिम गर्ने कां गर इति संवत २००४ साल ज्येष्ट २० गते २ रोज शुभम् ।

३. *अभिनन्दनपत्र*

सम्मानित गुरूवर

प्राचार्य

श्री तीर्थप्रसाद ढुंगानाज्यूमा

पदम कन्या कलेजले चढाएको

अभिनन्दनपत्र

सम्मानित गुरूवर,

यो कलेजको जन्म, पालन पोषण र शिक्षादीक्षामा गुरूको महत्वपूर्ण योगदान छ । आज पदम कन्या कलेजको जुन रूप छ र पछि जुन विकसित एवं उज्ज्वल रूप हुने छ त्यसमा गुरूको गौरवपूर्ण व्यक्तित्व अजर अमर बनेर रहने छ । गुरू, आज हामी कृतज्ञताले अति गदगद वन्दै हजुरमा विनयपूर्ण आदर, सम्मान र अर्चनाको अन्जली टक्र्याउँछौं ।

शिक्षासेवी गुरू,

आफ्नो जीवनको उज्ज्वल तथा समर्थ समग्र माग हजुरले शिक्षाकै उत्थानमा, विस्तारमा, विकासमा र प्रगतिमा लगाउनु भएको छ । शिक्षाको लागि सदा संघर्षरत शिक्षकको परिपक्व व्यक्तित्व वुझ्न वाहने को निमित्त गुरूनै एक श्रेष्ठ अध्येतव्य व्यक्ति हुनुहुन्छ । कालो अशिक्षासंगको संघर्षनै गुरूको जीवन्त जीवनी हो । हाम्रा कमजोर शब्दहरुले गुरूको जीवनको एक कोणमा मात्र पनि राम्रो प्रकाश पार्न सक्तैनन्, हामीलाई थाहा छ, तैपनि हामी आफ्नो गुरूको समक्ष तोते बोली टक्र्याउदै छौं, यो हाम्रो कृतज्ञ हृदयको भक्ति हो, पूजा हो ।

नारी शिक्षा प्रेमी आचार्य,

गुरूको जीवनवृत्त नारी शिक्षाको वृत्तमानै अविराम गतिले घुमेको छ । अध्ययनको आवश्यकतानै नबुझेको नारीलाई समेत पढाई, गुनाई पदम कन्या विद्याश्रमको स्थापना गराउनमा गुरूले गर्नु भएको प्रयास नारी शिक्षा जगतमा प्रात स्मरणीय छ । पदम कन्या विद्याश्रमकै जगमा उडेको पदम कन्या कलेजले शुर देखिनै गुरूकै शिक्षा दीक्षा पाएको हो र फलस्वरूप आजसम्मको विकास गरेको हो । गुरूको भूमिकानै यसको आधार भूमि हो । गुरू, यो पदम कलेजमा सर्वत्र गुरूकै सौजन्य, विद्या, विनय, सदाचार, सद्विचार, सद्भावना आदिको आनाले उज्यालो दिइरहेछ । श्री ५ बाट, श्री ५ को सरकारबाट गुरूको हाल जुन कदर भयो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI



पं. तीर्थप्रसाद ढुङ्गाना नेपाली भाषा प्र. समितिको सदस्यमा मनोनीत भएको खड्गनिशाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अतितेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे श्री तीर्थप्रसाद ढुङ्गाना ………………

के यथोचित उप्रान्त कदर लायक असल काम गरे बापत प्रबल गोरखादक्षिणबाहुको मानपदवी लाउनाको अधिकार र सो सम्बन्धी मानमर्यादा औ हकसमेत बक्सन योग्य ठहऱ्याई सो प्रदान गरिबक्सेका छौं । श्रीईश्वरका अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो इज्जतको उपभोग गर्न मिलोस् ।

२०२२। २ । २८। श्री ५ महाराजाधिराजका हुकूमले

भूपुलाधीश

अध्यक्ष

तक्मा समिति

प्रमुख स्वकीय सचिव

पं. तीर्थप्रसाद ढुङ्गानाले पाएको

गोरखा दक्षिण बाहु मानपदवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

त्यो शिक्षा सेवको कदर हो । गुरूले उपलव्ध आफ्नो कदरबाट पनि हामी समस्त शिक्षा सेवीलाई प्रेरणा र प्रोत्साहन दिन भएको छ । गुरू, शरीरको अशक्ति बेग्लै कुरो, हामी गुरूका प्रिय छात्र छात्रा हो, गुरूले हामीलाई कहिल्यै छाड्नु हुन्न, हामी गुरूको गौरवलाई कहिल्यै छाड्दैनौ, यो ध्रुवसत्य हो । गुरूवाट मिलेको शिक्षाले हामीमा गौरवमय गुणहरुको आविर्भाव गराओस्, प्रज्ञाका ज्योति जगाओस्, देशको र नरेशको सेवामा हामीलाई अधि बढाओस् । हामीलाई गुरूको आशीवार्द चाहिन्छ । गुरूवर, दयामय भगवानले हजुरलाई चिरजीवनको साथै सुख समृद्धिको वरदान दिउन् भन्ने प्रार्थना गर्दै भक्तिले भरिएको यो अभिनन्दनपत्र टक्र्याउँछौं ।

.गुरूको कृतज्ञ

नि. पदम कन्या कलेज परिवार

स्वस्ति श्री सम्वत २०२६ साल जेष्ठ १७ गते रोज ६ शुभम्......

सन्दर्भ स्रोत

उद्धवप्रसाद ढुङ्गाना, पुतली सडक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३०

व्याकरणविद् रोहिणीप्रसाद भट्टराईको जीवनी

परिचय

प्रमाणपत्र र स्नातक तहमा अनिवार्य नेपाली विषय खासगरी नेपाली व्याकरण पण्डित हरिश्चन्द्र न्यौपानेले पढाउँथे । त्यसमा ***मध्यचन्द्रिका*** प्रमुख पुस्तक थियो । ***मध्यचन्द्रिका*** हरिश्चन्द्र राम्ररी बुझाएर पढाउँथे । ठाउँ-ठाउँमा दिइएका उदाहरणमा शङ्का लागी विद्यार्थी साथीहरूले सोधे भने उनी ***रोहिणी गुरु यसो भन्नुहुन्थ्यो*** भनेर प्रमाण पेश गर्थे । यसरी नेपाली व्याकरण पढ्दा रोहिणी गुरुको नामसँग परिचित हुन थालियो । वि.सं. २०३३ सालमा प्रथम संस्करणको रूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट ***बृहत् नेपाली व्याकरण*** को प्रकाशन भएपछि रोहिणी गुरुसँग प्रत्यक्ष रूपमा दोहोरो चिनाजान नभए पनि र पढ्ने मौका नपाए पनि उनको वैयाकरणिक ज्ञानसँग राम्ररी परिचित हुने अवसर मिल्यो । पुस्तक पढ्दै जाँदा एउटा के कुरा थाहा भयो भने रोहिणी गुरु अत्यन्त सरल रहेछन् । वाल्मीकि क्याम्पसमा अतिरिक्त क्रियाकलाप अन्तर्गतको प्रवचन कार्यक्रममा एक पटक विद्यानाथ भट्टले भनेका थिए - ***वीरभोग्या वसुन्धरा भन्ने उक्ति संस्कृतमा लेखिएको हुँदा मान्छेले सधैं शूरो हुनुपर्छ , बेलामौकामा वाङ्गोटिङ्गो पनि हुनुपर्छ । आफू सोझो भइयो भने सबैले हेप्छन् र आफूसँग भएको बुद्धिको शोषण गर्छन् । यो कुरा पक्का हो ।*** वास्तवमा यो कुरामा म पनि पूर्णतः सहमत हुन्छु । तल्लोतहको मानिसदेखि माथ्लोतहको मानिससम्म टाठाबाठाको थिचोमिचोमा परेकै छन् । यो त सृष्टिदखिनै अनवरत रूपमा चलिआएको कुरा हो । यहाँ एउटा उदाहरण दिउँ । रोहिणी प्रसाद भट्टराईले लेखेको र प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको ***बृहत् नेपाली व्याकरणमा*** यस्तो व्यहोरा लेखिएको छ -

बनाउने
व्याकरण समिति
ने.रा. प्र. प्र.
लेख्ने
रोहिणीप्रसाद भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट ***बृहत् नेपाली व्याकरणको*** प्रकाशन भएपछि ***बनाउने, लेख्ने र लेखक*** शब्दलाई लिएर नेपालको विद्वत्समाजमा निकैनै खैलाबैला मच्चिएको थियो । अब बनाउने र लेख्ने दुइ शब्दको अर्थ के हो ? एक पटक विचार गरौं ।

बनाउनु प्रेरक क्रिया हो । त्यसमा प्रत्यय लगाउँदा बनाउने शब्द बन्छ ।

बनाउनुः - प्रे. क्रि. बनिबनाउ पार्नु , रचना गर्नु , निर्माण गर्नु, मर्मत गर्नु र जीर्णोद्धार गर्नु । तुल्याउनु, तयार पार्नु । कसैलाई सामान्य अवस्थाबाट विशेष अवस्थामा पुऱ्याउने काम गर्नु । स.क्रि. - कल्पना गर्नु, अजमाउनु [१] । बनाउनु शब्दका यति अर्थ भए , यीभन्दा अरू अर्थ पनि बनाउनु, ले बुझाउन सक्छ ,यहाँ यति भए हामीलाई काम चल्यो ।

कुनै पनि पुस्तक, लेख आदि लेख्ने मानिसलाई लेखक भनिन्छ । लेखक भन्ने शब्दले आधुनिककालमा रचनाकार र ग्रन्थकार भन्ने बुझाउँछ । ***लेख्*** शब्दमा ***'ए'*** प्रत्यय लगाउँदा लेख्ने शब्द बन्छ । कसैले केही कुरा लेख्न दियो भने जो लेख्छ त्यो ***लेख्ने*** र आफूखुशी रचना गर्ने चाहिं लेखक हुन्छ । ***बृहद् नेपाली व्याकरण*** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले गठन गरेको व्याकरण समितिले सम्बन्धित विषयमा उपयुक्त ठहराएका विद्वान्लाई लेख्न लगाएको पुस्तक हो । यसमा लेखकले पारिश्रमिक पाएका छन् । किनभने ने.रा.प्र.प्र. ले वृत्ति दिएर लेखाएका अन्य पुस्तकहरूमा बनाउने नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र लेख्ने फलानो भनेर छापेको कतै भेटिंदैन । ***बृहत् नेपाली व्याकरण***मा यस किसिमको नौलो कुरो देखियो । प्रस्तुत पुस्तकको भूमिकामा प्रा. चूडानाथ भट्टरायले रोहिणी गुरुको व्याकरणसम्बन्धी योग्यताको तारीफ गर्दै यस्तो लेखेका छन् - व्याकरण लेखाउँदै लइजाने काममा विद्वान् व्यक्तिमा संस्कृत व्याकरणमा आचार्य भएका, नेपाली भाषाका त्रि-चन्द्र कलेजका प्राध्यापक नेपाली व्याकरणका विशिष्ट विद्वान् श्री रोहिणीप्रसाद भट्टराईलाई हामीले उपयुक्त ठान्यौं । उहाँले हाम्रो अनुरोध स्वीकारेर यस कार्य सम्पादन गर्नमा आफूलाई समर्पित झैं गर्नुभयो । आंशिक कार्यलाई दिइएको पारिश्रमिक लिएर घरमा समेत अहोरात्र यस कार्यमा संलग्न रही भाषा प्रेमको ज्वलन्त आदर्श देखाएकोले नै यो व्याकरण यति छिट्टै यस रूपमा उपलब्ध हुन सुक्यो । उहाँको यस उदारताप्रति जति धन्यवाद ज्ञापन गरे पनि मन अघाउँदैन । उहाँको परिश्रमले गर्दा यो तयार हुन गएको हो । [२]

जीवनी

रोहिणीप्रसाद भट्टराईका पाँच पुस्ता अघिका इच्छाधर जोसी पच्चीसौं पुस्ता अगिका अयोनि शम्भुका वंशमा पैदा भएका थिए । उनी गोर्खाको अमराई गाउँबाट काठमाडौं आई

---

१ . रोहणीप्रसाद भट्टराई, *वृहद् नेपाली व्याकरण,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान् (२०३३)

२. रोहणीप्रसाद भट्टराई, *वृहद् नेपाली व्याकरण* ऐजन पृष्ठ "इ" बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाबौद्ध (महाभूत) मा बसेका थिए। उनका नाति धनेश्वर लेफ्टेन बानेश्वरमा आई घर किनी टीकादत्त डिट्ठाका साथ यहाँ वसोवास गरेका हुन्।

धनेश्वरका दुइ छोरा जीवराज र पद्मराजमध्ये कान्छाबाट रोहिणीप्रसाद भट्टराईको जन्म वि.सं. १९६१ साल मार्ग कृष्ण त्रयोदशी आदित्यबार २० गते स्वाति नक्षत्रमा वानेश्वरमा भएको हो। दाजुदिदी उनी जन्मिनुभन्दा पहिले नै दिवङ्गत भैसकेका थिए। काका जीवराज र दुइ-ओटी फुपू नआउने बाटो गए।

रोहिणीप्रसादका पिता काठमाडौंभन्दा बाहिर गएकाले काकाबाट उनले पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए। आठौं वर्षको उमेरमा व्रतबन्धमा मन्त्र सुनाउने र वेदारम्भ गराउने पनि उनका काका नै थिए।

हाल नयाँ सडक रहेको ठाउँ मखनगल्लीमा घर भएका शेषरमण सिग्देलकी छोरी श्री वालकुमारी देवीकासाथ वि.सं. १९८१ सालमा विवाह भयो। यिनको कोखबाट चारभाइ छोरा र दुइटी छोरी जन्मेका थिए। विश्वेशप्रसाद, दिनेशराज, महेन्द्रप्रसाद र पार्थसारथि मध्ये महेन्द्रप्रसादको दुइ छोराको जन्मपछि वि.सं. २०३३ सालमा देहान्त भयो। रोहिणीप्रसादकी पत्नीको भने वि.सं. २०१९ सालमै निधन भैसकेको थियो।

रोहिणीप्रसाद भट्टराईले प्रारम्भमा ***चाणक्य नीति*** आदि र व्रतबन्धपछि रानीपोखरी संस्कृत प्रधान पाठशालामा पण्डित पद्मचन्द्र लामिछानेज्यूबाट रुद्री सकी वेदारम्भ गरेका हुन्। पछि श्री ३ महाराज चन्द्र शमशेरबाट दान लिएपछि पद्मचन्द्र लामिछाने वनारस गएकाले पण्डित बाबुराम पोखरेलबाट ***लघुकौमुदी,*** पण्डित देवीदत्त पराजुलीबाट **रघुवंश** आदि काव्य, पण्डित गोपाल पाण्डेबाट ***गणित***को अध्ययनसमेत सफलता पूर्वक गरे। मीनपचासको विदामा पिताजीको कार्य क्षेत्र वीरगन्जमा बसी काठमाडौं आउन गङ्गास्नान गरी काशी जाँदा त्यहीं पढ्ने विचार भएकाले क्वीन्सकलेज हाल: सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयका प्राध्यापक पण्डित महादेव शास्त्रीसँग रोहिणीप्रसादले *सिद्धान्तकौमुदी*को अध्ययन प्रारम्भ गरे! त्यसको दुइ महिनापछि त्यहाँको प्रथम परीक्षा दिई खण्ड खण्ड गरी मध्यमा दिने निर्णय भएकाले त्यहाँको प्रथम परीक्षाको पाठ्यक्रममा रहेका ***मेघदूत*** र अरु अरु विषयको अध्ययन गरी त्यसै वर्ष प्रथम परीक्षा दिई क्रमश: चार वर्षमा मध्यमा, तीन वर्षमा शास्त्री, तीन वर्षमा आचार्य तथा एक वर्ष ***शाङ्कर वेदान्त*** शास्त्रीको विषय अध्ययन गरी सन् १९२० मा प्रथम परीक्षा उत्तीर्ण गरेका हुन्। प्रथम परीक्षाको अपुग विषय वरेवा निवासी पण्डित हरिप्रसाद भट्टराई, व्याकरण मध्यमा र त्यसका सहायक विषयहरू तथा शास्त्री प्रथम खण्डका विषयहरू चाहिं त्यहीं पढी व्याकरणमा आचार्य परीक्षा उत्तीर्ण भई वेदान्तमा विद्यावारिधिको दोस्रो वर्षमा दिवङ्गत भएका पण्डित तीर्थप्रसाद ढुंगानाका ज्येष्ठ पितृव्यका कनिष्ठ पुत्र पण्डित दीननाथ ढुङ्गानाज्यूबाट पुत्रझैं पढी सन् १९२४ मा रोहिणीप्रसादले खण्ड खण्ड गरी मध्यमा उत्तीर्ण गरेका हुन्। गुरु दिवङ्गत भएका र उनलाई पनि ब्रोङकाइटिस भएकाले दुइ वर्ष पढाइमा व्यवधान खडा भई सन् १९२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by



पं. रोहिणीप्रसाद भट्टराई
जन्म : वि.सं. १९६१ मार्ग
देहान्त : वि.सं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्म महादेव शास्त्रीसँगै पढी शास्त्री र सन् १९३३ मा आचार्य उत्तीर्ण गरेका हुन्। सन् १९३४ मा शाङ्करवेदान्त विषयको प्रथमखण्ड गरेका र त्यही अवस्थामा माताको निधन भएकाले उनी काठमाडौं आए, तर त्यस अवस्थामा रानीपोखरी संस्कृत प्रधान पाठशालामा स्थान रिक्त थिएन। त्यसैले त्यस बेलाका संस्कृत विभागका डाइरेक्टर राजगुरु हेमराजका छोरा केशरीराज र पुत्रीलाई चारवर्षसम्म पढाइ वि.सं. १९९७ साल श्रावण ११ गते रानी पोखरी संस्कृत प्रधान पाठशालामा पण्डित मोदनाथको स्थानमा भर्ना भई रोहिणीप्रसाद भट्टराईले पनि आचार्य परीक्षा उत्तीर्ण गरेका अरु अध्यापक सरह मासिक रु. ४०।- पाउने भए। वर्षमा रु. ४।- बढी ५ वर्षमा ६०।- हुने नियम भए तापनि ७।८ वर्षपछि मात्र पण्डित टेकनाथ पण्डित दधिराम गुरुहरूसरह रु. ६०।- सबैको मासिक वृत्ति भयो। पछि श्री ३ मोहन शमसेरको पालामा सबैको मासिक तलब रु. १००।- भयो।

वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि २००९ सालमा वाल्मीकि संस्कृत महाविद्यालयको स्थापना भयो। त्यसमा दुइटा मात्र व्याकरण विषयको स्थान रहेको र त्यसमा डबल आचार्य पास भएका रामचन्द्र र डेढ आचार्य पास भएका पण्डित बोधराजको स्थान भएकाले रोहिणीप्रसादले महाविद्यालयमा अध्यापन गर्न जाने अवसर पाएनन्, प्रधान पाठशालामैं रही अध्यापन गरिरहे।

रोहिणीप्रसाद भट्टराईले पहिले देखिनै संस्कृत र हिन्दी प्रथमा र मध्यमामा रहेका विषय पढाइ आएको भए तापनि हिन्दी पढाउन पनि परीक्षा उत्तीर्ण हुनुपर्ने नियम भएको हुँदा हिन्दी साहित्यालङ्कार र हिन्दी साहित्यरत्नको प्रथम खण्डको परीक्षा उत्तीर्ण भई वाल्मीकि संस्कृत महाविद्यालयमा दुइ वर्ष हिन्दी विषय पार्टटायम पढाएका थिए।

महाविद्यालयमा हिन्दी प्राध्यापकको पद कैविनेटबाट पास भए तापनि भर्ना गर्ने उपक्रममा त्रिचन्द्र कलेजका प्राध्यापक पुष्करशमशेर अशक्त बिरामी भएकाले उनका ठाउँमा लोकसेवा आयोगबाट बढुवाका प्रार्थी १५।२० मध्ये अन्तर्वार्तामा प्राध्यापक नरेन्द्रमणि आदिबाट रोजिई रोहिणीप्रसाद वि.सं. २०१५ साल वैशाख १९ गते त्रिचन्द्र कलेजमा सरुवा भई १८ वर्ष ३ महिना सेवा गरी उनले वि.सं. २०३३ साल श्रावण ११ गते सेवाबाट अवकाश प्राप्त गरे।

शुरुमा त्रिचन्द्र कलेजकै प्रो. रामराज, प्रो. ताराप्रसाद र खड्गमान मल्ल नेपाली विभागमा रहेका र वि.सं. २०१७ सालमा खड्गमान मल्ल चीनमा नेपाली पढाउन गएकाले उनका ठाउँमा विश्वविद्यालयमा अरू सरह पार्टटायम पढाउने भई संस्कृत, हिन्दी, नेपाली प्राकृत आदि पढाउने गरी नियुक्ति पाएका थिए। यसरी रोहिणीप्रसादले वि.सं. २०२४ सालसम्म पढाए। त्यसपछि विश्वविद्यालय सेवा र सरकारी सेवामध्ये एउटा मात्र सेवा रोज्नुपर्ने नियम भएको हुँदा आफ्नै वर्गबाट गएर बनेको विश्वविद्यालय सेवा भन्दा सरकारी सेवामा रहनु नै उचित लागेकोले सरकारी सेवामा रही रोहिणीप्रसादले त्यहींबाट अवकाश प्राप्त गरेका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

कृति

रोहिणीप्रसाद भट्टराईद्वारा रचित कृतिहरू थोरै छन् तर ती ज्यादै महत्त्वपूर्ण छन् । ***बृहद् नेपाली व्याकरण*** राजकीय प्रज्ञा प्रतिष्ठानबाट वि.सं. २०३३ सालमा प्रकाशित भएको छ । यो पुस्तक हतारमा साप्ताहिक प्रगतिको रफ्तारमा लेखिएकाले यसमा धेरै कुराहरूको कमी र त्रुटि रहेको कुरा उनी स्वीकार्छन् । नेपाली भाषाको अर्को ठूलो व्याकरण रोहिणीप्रसादले तयार पारिसकेका छन् । यो पुस्तक प्रकाशित भएपछि नेपाली व्याकरणको क्षेत्रमा ठूलो उपलब्धि हुने देखिन्छ । मौलिक र अनुसन्धानात्मक लेखहरू डेढ दर्जनभन्दा बढी विभिन्न पत्रपत्रिकामा छापिएका छन् । नेपाली व्याकरण बनाउँदा र त्यसपछिको उनको अनुभव यस्तो देखिन्छ ।

नेपाली भाषाको व्याकरण लेख्ने विद्वान्हरू पहिले बनारसमा बसी अध्ययन गरेकाले नेपाली भाषाको र हिन्दी भाषांको स्वभाव एउटै हो भन्ने सम्झी नेपाली भाषाको अध्ययन राम्ररी नगरेकाले नेपालीमा पनि पदमध्ये इ-उ दीर्घ हुन्छन् भन्ने सम्झी कोश र व्याकरणमा एक रूपता नभएको हुँदा र नेपाली भाषामा व्याकरणकारहरुको भन्दा भाषा विज्ञानीहरूको प्राबल्य भएकोले नेपाली भाषाको विकासमा दिनानुदिन ह्रास आएको छ र छात्रहरूको त के कुरा अध्यापक र प्राध्यापकहरू पनि भ्रान्त छन् । तसर्थ नेपाली भाषामा एक रूपता ल्याउन नेपालका र नेपाल बाहिरका पनि यस भाषासँग सम्बन्ध रहेका संघसंस्था , विद्यालयहरूसँग सम्पर्क राखी एउटा भाषा समिति खडा गरी बहुमतले होइन शास्त्रसम्मत निर्णय गरी तदनुसार व्याकरण लेखी प्रचारप्रसार गराई संस्कृत र हिन्दी अंग्रेजी भाषामा पनि नपाइने अनेक विशेषताले सम्पन्न नेपाली भाषालाई समृद्ध बनाई सर्वत्र एक रूपता ल्याउने प्रयास हुनुपर्छ नत्र नेपाली भाषा गोठाले भाषामा परिणत हुनेछ ।

शिष्य

रोहिणीप्रसाद भट्टराईले पढाएका शिष्यहरू संस्कृततर्फ पौने अठार वर्ष अनिवार्य नेपाली व्याकरण र हिन्दी पढाएको तथा अंग्रेजीतर्फ त्रिचन्द्र कलेजमा प्रधान विषय अनर्स, अनिवार्य विषयहरू पढाएकाले त्रिभुवन विश्वविद्यालयमा र शुरुमा अमृत साइन्स कलेजमा पनि पार्टटायम पढाएकोले अनिवार्य विषय तथा नेपालीं प्रधान विषय, हिन्दी प्राकृत, संस्कृत र नेपाली विषय पनि पढाएकाले काठमाडौंमा पहिलेका संस्कृत र अंग्रेजी पढेका अहिलेका प्राध्यापक उच्च ओहदामा रहेका र प्राय: अन्तरराष्ट्रिय संघसंस्थाका शिक्षित समुदायमा ***मैले गुरुजीसँग पढेकोछु*** नभन्ने व्यक्ति कमै पाइन्छन् । विश्वविद्यालयमा पढाउनेहरूमा भाषा विज्ञानी प्रोफेसरबाहेक अहिलेका माथिल्ला तहका सबै नेपाली प्राध्यापकहरूको प्रशिक्षक बन्ने सौभाग्य रोहिणीप्रसादले प्राप्त गरेका छन् । शिक्षा क्षेत्रमा यो एउटा ठूलो उपलब्धि हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. रोहिणीप्रसाद भट्टराईको सम्मान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुचिको विषय

रोहिणीप्रसाद भट्टराई भ्रमणप्रिय मानिस हुन् । विभिन्न ठाउँमा रहेका विद्यार्थीहरूलाई पढाउँदा, पुराण, काव्य आदिको अध्ययन गर्दा हेर्न मन लागेका तर हेर्न नपाएका स्थानहरू घुम्ने तीव्र आकाङक्षा उत्पन्न भएकाले आफ्नो देशमा पूर्व पश्चिम मेचीदेखि महाकालीसम्म पहाडको बाटो र तराइको बाटो गरी पटकपटक सबै ठाउँ जस्तै तीर्थ, देवस्थल र दर्शनीयस्थान, समग्रभारत, पाकिस्तान, बर्मा, श्रीलङ्का बैङ्कक, आसाम, अरुणाचल, सिक्किम, भूटान, काश्मीर, मानसरोवर आदि ठाउँमा भ्रमण गरी उनले गहिरो र प्रत्यक्ष ज्ञान हासिल गरेका छन् । रोहिणीप्रसाद फूललाई ज्यादै मन पंराउने भएकाले घर ओरिपरि फूलका विरुवा र फलफूलका विरुवा लगाउन विशेष अभिरुचि राख्छन् ।

अन्य कुरा

रोहिणीप्रसाद भट्टराईको प्रिय खाना हो - शुद्ध, सात्विक, स्वदेशी किसिमको खाद्यपदार्थ । अनि चट्किलो रसभन्दा विशेष रूपले उनलाई मधुर रस प्रिय लाग्छ ।

रोहिणीप्रसाद भट्टराईकी आमाको मृत्यु वि.सं. १९९१ साल श्रावण र पिताको वि.सं.२००० साल वैशाख पूर्णिमाको दिन भएको थियो ।

रोहिणीप्रसादले धेरै वर्ष भारतमा बसेर पढेकाले उनका यहाँका घनिष्ट साथीहरू कोही भएनन् । पछि जागीरे जीवनमा प्रवेश गरेपछि अध्यापक साथी र नातेदारबाहेक अरू कसैसँग पनि उनको उठबस भएको छैन ।

सेवा निवृत्त भएपछि सात वर्ष नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा रही व्याकरण र छात्रोपयोगी कोषको निर्माणमा रोहिणीप्रसाद भट्टराईले ठूलो सहयोग पुऱ्याएका हुन् तर करार बमोजिम नेपाली प्रवृत्ति अनुसार ह्रस्व मध्यवर्ती लेखिएको छात्रोपयोगी कोषमा दीर्घ मध्य बनाएकोले राजीनामा दिई त्यहाँको सेवाबाट अलग भएका हुन् ।

सामग्री स्रोत

कोषराज न्यौपाने र दुर्गाप्रसाद अर्यालले रोहिणीप्रसाद भट्टराईसँग लिएको अन्तर्वार्ता *हाम्रो पुरुषार्थ* पूर्णाङ्क २५ ।

सन्दर्भ स्रोत

१. अन्नपूर्णा शर्मा पौडेल, मानभवन, नरडेरा ।
२. दाताराम शर्मा पौडेल, „ „
३. रोहिणीप्रसाद भट्टराई, बानेश्वर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१

दाताराम शर्माको पाण्डित्य

हिलोमा भ्यागुतो बस्छ हिलैमा कमलस्थिति
स्थानले मात्र के गर्नु भिन्नै छ उसको गति

लेखनाथ पौड्याल

दाताराम शर्मा पौडेल ऋषिकेश पाध्याका जेठा छोरा रघुपतिका सन्तान (माख्लापट्टे) हुन् । सैपूमा पारीपट्टे र बगाले पौडेलको वंशवृक्ष पनि सुरक्षित छ । माख्लापट्टेमा विद्वान्‌हरू निकैनै थिए तर सम्यक अनुसन्धानको अभावमा ती सबै इतिहासको गर्भमा विलाएर गए ।

दाताराम शर्माका हजुर्बा त्रिलोचन पौडेलको ६५ वर्षको उमेरमा वसुन्धरासँग विवाह भएको थियो । वसुन्धराको गर्भबाट ३ भाइ छोरा र एउटी छोरी शिवमाया (भुजा)को जन्म भएको थियो । हुर्किएपछि घ्यू हालेर नपकाई भातै नखाने स्वभावकी हुनाले यिनै शिवमायालाई घर (रोपारू) र गाउँका सबैले *भुजी बूढी* भन्थे । पछि यिनले ढाँडे खेत अंश पनि पाएकी थिइन् । शिवमायाको *रामेछाप*कै *बाबियाखर्क*का नरनाथ घिमिरेसँग विवाह भयो । यिनको गर्भबाट तीनभाइ छोरा (काशीनाथ, भीमनाथ र लोकनाथ) र एउटी छोरीको जन्म भएको थियो ।[१] श्याम ढुङ्गेलले बताए अनुसार छोरीलाई चाँगुनारायणमा दिएको थियो । छोराहरू मध्ये माहिला डिठ्ठा भीमनाथ त्यो बेला निकै चल्तापुर्जा भएको सुनिन्छ ।दाताराम पनि धनाढ्य परिवारमाजन्मिएका मानिस हुन् । सैपूमा अझै पनि उनको खेतबारी छँदैछ । जस्तो - गाउँखेत, भैंसे, फ़ेदी आदि आदि, अव दाताराम शर्माको जीवनी प्रस्तुत गरौं । उनको लामो जीवनी अरूले पनि लेख्लै जालान् । म चाहिं दातारामको छोटो जीवनी लेख्दै *नेपालको विद्वत्‌परम्परा*मा उनलाई चिह्नाउन खोज्दैछु ।

दाताराम शर्मा पौडेलको जन्म वि.सं. १९७० साल भाद्र महिना शाके १८३५ मा रामेछाप जिल्लाको सैपू रोपारू गाउँमा भएको हो । उनका पिताको नाम लोकनाथ हो । अझ उनको पुर्ख्यौली परम्परासमेत कोट्याउँदा यस्तो देखिन आउँछ - ऋषिकेश उपाध्यायका जेठा

---

१. यो कुरा मैले पिता पण्डित रुद्रप्रसाद पौडेलको मुखबाट उहिल्यै सुनेको हुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE



(क) पं. दाताराम शर्माको जन्मस्थान, रोपारू घडेरी

(ख) सैपूमा छँदा पं. दातारामले पानी खाने पँधेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा रघुपति, रघुपतिका जेठा छोरा विश्वम्भर भए। विश्वम्भरका साहिला छोरा विद्यानन्द, यिनका एक मात्र छोरा त्रिलोचन, यिनका जेठा छोरा लोकनाथका कृष्णप्रसाद, अनिरुद्र र दाताराम गरी ३ भाइ छोरा जन्मे। यसरी वंशावली केलाउँदा दाताराम लोकनाथका कान्छा छोरा देखिन्छन्। कृष्णप्रसादका तीन भाइ छोरा जन्मिए - विष्णुप्रसाद, रुद्रप्रसाद र कविप्रसाद। कृष्णप्रसाद काठमाडौंमा जागीरे थिए। भोलिजसो उनी डिठ्ठा हुने भैसकेका थिए तर आजजसो उनको देहावसान भयो।[२] अनिरुद्रका जगन्नाथ, चूडामणि र लोकहरि गरी तीन भाइ छोरा जन्मिएका थिए। अनिरुद्र पौडेल पनि सैपूका प्रतापी मानिस देखिन्छन्। उनले सैपूमा अरुले गर्न नसकेका अनौठा अनौठा काम गरेका थिए। सबैलाई उछिन्ने खालका मानिस भएको हुँदा अनिरुद्र पौडेलको डाह गर्नेहरू पनि प्रशस्तै थिए।

१९७० सालमा दातारामको जन्म भयो। १९७५ सालको पौष महिनामा उनकी आमा सुदामादेवीको देहावसान भयो। त्यसंपछि १९८० सालको वैशाख महिनामा पिता लोकनाथको पनि स्वर्गारोहण भयो। लोकनाथ पौडेल ज्योतिष विद्याका प्रकाण्ड विद्वान् थिए। दातारामको अक्षरारम्भ पिताजीकै जीवनकालमा भएको थियो। पिताको बरखी सकिएको केही महिनापछि अर्थात् १९८१ सालको माघ महिनामा उनी शिक्षा आर्जन गर्ने अभिलाषाले काठमाडौं आए। यहाँ भनेको समयमा शिक्षा ग्रहण गर्ने व्यवस्था नमिलेको हुँदा उनी पहाडै फर्किए। त्यसपछि १९८३ सालमा उनका मामा पद्मनाथ अधिकारी[३] का आग्रहमा बारा जिल्लाको कलैया बरेवामा १९८६ सालसम्म बस्ता दातारामले अङ्ग्रेजीको पहिलो पुस्तक र हिन्दी भाषा (पक्का भाषा) को सामान्य ज्ञान हासिल गर्ने मौका पाए। त्यही बेला उनमा भोजपुरी भाषामा सुगमतापूर्वक बोल्ने क्षमताको विकास हुनुका साथै नेवारी भाषाको समेत बीजारोपण भयो।

त्यसपछि दाताराम शर्मा पौडेल १९८७ सालमा पढ्नका लागि काशी पुगेको बुझिन्छ, तर त्यहाँ उनलाई पढ्ने प्रबन्ध नमिलेको हुँदा चार महिनापछि जनकपुर पुगेर उनले १९८८ सालको असार महिनासम्म अध्ययन त्यहीं गरे। त्यहाँ उनलाई छात्रवृत्ति मिल्न सकेन र उनी काठमाडौं आए। केही समयसम्म त पाटनमा अध्ययन गर्ने मौका पाएका थिए तर १९८८ कै फागुनदेखि उनले पाठशाला जान पनि छोडिदिए। १९९१ सालदेखि यसो फुर्सतका समयमा श्री खगनाथ दवाडी गुरुसँग दातारामले शिक्षा ग्रहण गरेको बुझिन्छ। त्यसै बेला साहित्य विषयमा सम्पूर्णमध्यमा परीक्षाका लागि तयारी गर्न लागे तर त्यस समयमा उनलाई फाराम भर्न त्यति रुचि भएन।

वि.सं. १९९३ सालको वैशाख महिनामा बानेश्वरकै भट्टराईकी छोरी अन्नपूर्णा (न्वारनको नाम सिन्धुराजकुमारी) सँग दाताराम शर्मा पौडेलको विवाह भयो। यस दाम्पत्य प्रेमबाट -

---

२. यो कुरा पनि मैले पिताजीबाटै सुनेको हुँ।

३. दाताराम शर्माको मावली गाउँ रामेछाप जिल्लाकै क्यौरिनी हो जहाँ अधिकारीहरुको ठूलो बस्ती छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoD



पं. दाताराम शर्माको वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माधव, ऋषीकेश, चारुचन्द्र र भास्कर गरी चार भाइ छोरा तथा शारदा, सुषमा, विदुला, अपर्णा (अपु) र हिमाली गरी ५ ओटी छोरी जन्मिए। फागुन महिनामा आफूले गरिरहेको चाकरी छोडेर भागी उनी हरिद्वार पुगे तर त्यहाँ पनि उनका निम्ति पढ्ने प्रबन्ध मिल्न सकेन । त्यहाँबाट बनारस पुग्दा पनि अनुकूलको सुविधा उपलव्ध भएन । अनुचित काम (दलाली) गरेर पाएको वृत्तिले विद्या आर्जन गर्न पनि दातारामले नरुचाएको बुझिन्छ । वि.सं. १९९४ सालको असार महिनामा उनी बर्मा पुगे । त्यहाँ उनले विनावेतन अध्यापन गर्नुपऱ्यो । अध्यापनका साथै संस्कृतमा आफैंले अध्ययन कायम राखेर अङ्ग्रेजी भाषाको ज्ञान बढाउन पनि उनी सफल भए। वि.सं. १९९८ सालमा बर्माबाट फर्किएका दातारामले पुरानै मालिककहाँ पढाउने र पुराण भन्ने काम पाए र त्यसैमा संलग्न भए। वि.सं. २००८ सालमा गरिरहेको नोकरी छोडेर विद्यालयमा पढाउन थाले । २००९ सालमा वनारसको राजकीय संस्कृत महाविद्यालयको सम्पूर्णमध्यमा परीक्षामा राजशास्त्र विषय लिएर सम्मिलित भए। सन् १९९५ को शास्त्री परीक्षामा अङ्ग्रेजी लिएर साहित्य विषयमा सम्मिलित भए। शास्त्री उत्तीर्ण गरेपछि १९५६ को आचार्य पहिलो वर्षमा सम्मिलित भएको तर यसमा सफलता नमिलेको हुँदा यसपछि दातारामले उपाधि लिने उद्देश्यले अध्ययनको प्रक्रिया छोडिदिए।

वि.सं. २०१३ सालको कार्तिक महिनामा ***हालखबर*** दैनिक पत्रिकाको प्रकाशन शुरु भयो। यो पत्रिका २०२० साल जेठ मसान्तसम्म चलेर बन्द भएको देखिन्छ। ***हालखबर*** पत्रिकामा काम गर्दा यसैपत्रिकाको माध्यमबाट २०१६ साल फागुनमा दाताराम शर्मा चीनको भ्रमणमा पनि गएका थिए। ***हालखबर*** त्यसबेला निकैनै चर्चित पत्रिका थियो। यसलाई जनमानसमा रुचिकर बनाउनमा दाताराम शर्माकै प्रमुख हात रहेको बुझिन्छ। यो पत्रिका अचेल ऐतिहासिक महत्त्वको विषय भएको छ र मदन पुरस्कार पुस्तकालयमा वाहेक अन्यत्र सुलभ हुनसक्ने सम्भावना त्यति देखिंदैन। ***हालखबर*** पत्रिकामा प्रकाशित एउटा सामग्रीलाई उच्च ओहदामा बसेका त्यो बेलाका टाठाबाठाहरूले व्यङ्ग्यात्मक अर्थ लगाएर हालखबर पत्रिकाले सजायको भागीसमेत हुनुपरेको थियो।

हालखबरबाट छुटेपछि २०२२ सालदेखि २०३३ साल आषाढसम्म ***गोरखापत्र***को सह-सम्पादक पदमा कार्य गरेका दाताराम शर्माले उमेरकै हदबाट अवकाश ग्रहण गरेको बुझिन्छ। त्यसपछि २०३३ कार्तिक महिनादेखि २०३६ सालको पौष महिनासम्म उनी साझा प्रकाशनसँग सम्बद्ध रहेका थिए। साझा प्रकाशनबाट पनि छुटेपछि उनी घरमैं आरामको जीवन विताउन लागे। २०४४ सालको असार साउनतिर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशनार्थ स्वीकृत भएका पाण्डुलिपिहरूको सम्पादन कार्यमा पनि उनले सहयोग पुऱ्याउने मौका पाए। यो मौका प्रज्ञा प्रतिष्ठानसँग सम्बद्ध रामशरण दर्नालबाट मिलेको थियो। दातारामबाट राम्ररी सम्पादन कार्य हुँदै थियो, आफ्नोपन नछोड्ने मानिस भएको हुँदा समाजमा उनीजस्ता विद्वान्को कदर गर्ने संस्था र व्यक्तिको खोजी कार्य हामीकहाँ सधैं भै नै रहनेछ। प्रज्ञा प्रतिष्ठानका कुनै आधिकारिक मानिससँग आफ्नो सम्पादन कार्यमा विचार नमिलेरै हुनसक्छ दातारामले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डुलिपि सम्पादन गर्ने कार्य पनि छोडे। उनी संस्कृत, अंग्रेजी र नेपाली भाषाका राम्रो ज्ञाता भएका हुनाले हरेक शब्दहरूउपर राम्ररी चिन्तनमनन गरी व्याकरणबाट शुद्ध र कोषमा प्रयोग भएको पाइएपछि मात्र त्यस शब्दको प्रयोग गर्दथे। त्यसकारण उनका अगाडि लेख्न बोल्न ज्यादै सतर्क हुनुपर्थ्यो तर यसबाट नजानेका धेरै कुरा सिकिन्थ्यो र नयाँ नयाँ शब्दको ज्ञान पनि हुन्थ्यो। यस्ता मिहिनेती विद्वान् वि.सं. २०४४ साल पुस ५ गते आइतबार औंसी तिथिका दिन राति ९.५० बजेको समयमा पक्षाघात रोगले ग्रस्त भई (अन्त्य अवस्थामा त हर्टआट्याक समेत भएको बुझिन्छ) परलोकबासी भए।

दातारामको जीवन ज्यादै संघर्षमय रह्यो। विद्या आर्जन गर्दाको दुःख, कहीं पनि स्थायी सेवा नहुनुको पीडा (दातारामले एकै ठाउँमा मात्र कार्य गरेनन्) र व्यावहारिक झन्झटले उनको जीवन समाजका लागि अनुकरणीय उदाहरण वन्न पुगेको छ। शुरु देखिनै संस्कृत र अङ्ग्रेजी भाषासगँसगैं अध्ययन गरेका हुनाले प्राज्ञिक समाजमा उनको प्रतिष्ठा अग्रपङक्तिमा रहिनै रह्यो।

दाताराम शर्मा पौडेलको व्यक्तित्व पत्रकारिता र सम्पादनका क्षेत्रमा मात्र सीमित छैन। उनी व्यङ्ग्य कविताका फाँटमा समेत उत्तिकै सफल छन्। विभिन्न पत्रपत्रिकामा फुटकर लेख, कविताका साथै *सिस्नु* ९७ नामको एउटा व्यङ्ग्य प्रधान कविताको पुस्तक पनि छापिएको छ। ***गोरखापत्रमा*** छँदा र पछि पनि उनका समसामयिक अनेकौं लेखहरु प्रकाशित भएका छन्।

दातारामले आफ्नो क्षमता अनुसार जति सम्मान र पुरस्कार पाउनु पर्ने थियो त्यो कुनै पनि नपाउँदा केही न केहीका ऐरेजैरे माथि उठेका तर दाताराम जस्ता ब्यक्ति तलै पर्न बाध्य हुनुपरेको घटना देख्दा नजाति लाग्नु स्वाभाविकै हो। दाताराम शर्मा संस्कृत र नेपाली भाषाका विद्वान् थिए। उनलाई ***ध्वन्यालोक, काव्य प्रकाश, साहित्य दर्पण, अमरु शतक, मेघदूत, नैषध*** र ***कल्हणको राजवरङ्गिणी*** जस्ता पुस्तकहरू कण्ठ थिए। साथै उनलाई इतिहासको पनि राम्रो ज्ञान थियो। **इतिहासः पञ्चमो वेद,** भने जस्तै दाताराम शर्मा महाभारत, रामायणका घटनाहरू विश्लेषणात्मक रूपमा व्यक्त गर्थे। नेपालको इतिहासका सम्बन्धमा लेखिएका उनका कुनै लेख, पुस्तक नपाइए पनि यसमा उनको गहिरो रुचि भने अवश्य थियो। नेपालको इतिहासका हरेक घटनाहरू उनलाई कण्ठ थिए। यसरी विद्वान् भएर पनि उनले पाउनु पर्ने सम्मान, पुरस्कार पाउन सकेनन्। राष्ट्रिय तहमैं उनको सम्मान हुनुपर्ने थियो तर हुन सकेन। सबभन्दा दुःख मान्नुपर्ने कुरा यही हुन आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाताराम शर्मा पौडेलका गुरु



पं. खगनाथ दवाडी

जन्म : वि.सं. १९६०
देहान्त : वि.सं. २०३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

सामग्री भाग

१. कविता

(क) हाम्रो गौरव

नेपाल

योटै मात्र छ टाकुरो हिमशिखी अग्लो जगत्- माझमा
बग्छन् निर्मल-स्वादु शीतजलका धारा हजारौं जहाँ
देख्यो मानवले नबिर्सि सकिने ज्योति अनौठो जहाँ
त्यो नेपाल नृपाल-नेमि मुनिको विख्यात संसारमा

सुन्दर

नाच्छन् छम्छम तालमा मृगहरू पन्छी सबै गाउँछन्
ठूला सालहरू शिरोनति गरी सर्वाङ्ग हल्लाउँछन्
डाक्छिन् श्यामल शाटिकावत धरा नेत्रान्तका सानले
राता नेत्र बनाउँछन् हिमगिरी सन्ध्या सुरापानले

शान्त

बग्छन् कोटि मनुष्य झैं नभगडा खान्छन् कमाई गरी
भिर्छन् कम्मरमा खुंडा र खुकुरी वीरत्व आफ्नै सरी
बग्छन् संयममा गृहस्थ जनता मानो तपस्वी बनी
जन्मे बुद्ध यहाँ र शान्ति सबमा थुप्रै लुटाए पनि

विशाल

यौटा मानिस जन्मियो दुई तथा आधा शताब्दी अघि
पृथ्वी नाम लिएर त्यै पुरुषले साच्चै तपस्या गरी
जो ज्यो राष्ट्रिय भावको जलछरी टुक्रा र टाक्री सब
फैले साँधहरू भयो अनि ठूलो नेपालको गौरव[४]

(ख) तीन सम्बोधन

नेपाली होस् नविर्सेस् हिमशिखर ठूला, फाँट, पाखा, पखेरा
काली मेचीयताका विविधनदनदी स्वच्छ सोझा र फेरा
धूपी सल्ला हिमाली जल, फल गतिला फूल लाली गुराँस
गैंडा, हात्ती घुमेका वन समतलको, लेख डाँफे निवास

---

४. (पृथ्वीजयन्तीको उपलक्ष्यमा श्री ५ को सरकार संस्कृति विभागद्वारा आयोजित कवि सम्मेलनमा प्रस्तुत)
हाम्रो संस्कृति वर्ष ३ अंक २, २०२५ फागुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लोकनाथ पौडेलले छोरा कृष्णप्रसादलाई लेखेको चिठी

(स्रोत : घनश्याम पौडेल, सैपू, रोपारू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitiz...

नेपाली होस् नविर्सेस् कुलपुरूषहरूबाट यो दिव्य नासो
नेपाली होस् नविर्सेस् अरुजनहरूका दासताको गुनासो
नेपाली होस् नविर्सेस् अमर पुरुषको काँगडाको फँडानी
नेपाली होस् नविर्सेस् जननवसुमती खुम्चिएका कहानी

× × ×

नेपाली होस् नविर्सेस् हिमशिखर विषे एउटा पाउ राख्न
अर्को गाडी नछाडेस् समतल तटमा भावनासाथ टेक्न
काली मेची यताका थरघर जति छन् बन्धु आफ्ना नबिर्सेस्
नौला आए कि खाए मुलुक भनि बुझी गर्नुपर्ने नबिर्सेस्

गोरखापत्र वर्ष ८४ अङ्क ११२, २०४१ भदौ, शनिबार, पृष्ठ "ख"

(ग) चार टुक्रा

१. भन्नुभयो हुन्छ भनी अगाडि लुक्नु भयो आज गई पछाडि
पाल्नोस् नभाग्नोस् डर मान्नु के छ ? छिः है हजूरको मुखमात्र रेछ

(वि.सं. १९९२ सालमा रचित)

२. मेरा शरीर बिचमा जब सम्म प्राण
बस्ला उहाँतक तिमी मनमै वसौली
होला शरीर जब नष्ट म नाश हुँला
प्यारी त्यहाँ पछि तिमी पनि नाशियौली

(वि.सं. १९९९ सालमा रचित)

३. छु एकलो धेर बनूँ भनेर चिताउनाले गइएछ खेर
सकिन्न बान्की कहिल्यै गनेर छुटिन्न आफू पनि यो भनेर

(वि.सं. २०४२ सालमा रचित (०४२।३।२४))

४. अति सुन्दर चित्र चरित्रमा म सिनीको कसदोष छर्किई
विकृताकार बनाउनाकन कुन होला नसिपालु दुर्जन

वि.सं. २०४३।२।११।१ बजे रचित

(घ) विन्ति

(२००७ साल चैत्रमा त्रि-पद्म विद्याश्रम पाटनको सरस्वती पूजाको अवसरमा तत्काल बनाएर सुनाएको-दाता)

स्वातन्त्र्य हाम्रो जो खोस्न खोज्छ त्यो हाम्रो वैरी हो
घरको होओस् वनको होओस् त्यो हाम्रो वैरी हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली हावा नेपाली पानी नेपाली माटाले
बनेका देह न छोपौं हामी विदेशी ढाँचाले

भेष र भाषा संस्कृति हाम्रो हामीले नछाडे
अड्ने छौं हामी होइन भने उड्ने छौं हाहाले

भूस्वर्ग जस्तो नेपाल माथि विश्वका आँखा छन्
हामीमा फूट देखिनासाथ बलिले लुट्ने छन्

नफुटौं हामी नेपाली जाति नेपाल भरीका
शत्रुका दाँत अमिला पार्ने यही छ तरीका

नेपाली हामी नेपाल हाम्रो यतिनै नविर्से
स्वातत्र्य हाम्रो अमर हुने यो मन्त्र नविर्से

हुनेछौं हामी अमर देशै अमर हुनेछ
नविर्सौं हामी नविर्सौं हामी यो मेरो विन्ति छ

जाँड र रक्सी मासुको मात्रा सकेको घटाऔं
घूस र चोरी डकैतीलाई सर्वथा हटाऔं

बाहिर भित्र स्वतन्त्र बनौ, नबनौं कमारा
स्वातन्त्य आफ्नो नथाम्ने मान्छे बन्दछन् कमारा

छ तातो रातो रगत यहाँ वगेको पुर्खाको
नविर्सौ हामी पूर्वजद्वारा संग्राम गरेको

श्री ५ पृथ्वी त्रिलोकी जस्ता ...

(अन्तिममा यस्तै अपूरो भेटिएको छ- भूप)

(ङ) सु-बाटो

कस्को गर्नु सिको ? महापुरुषको ?
पाइन्छन् के सद्‌गुण !
को हुन् ती ?
धृति-दाक्ष्य-क्षान्ति-करूणा- सौजन्यका भाजन
घोटिन्छन् किन काममा तिनीहरू ?
सारा रमाउन् भनी
लाछी हुन् कि ? प्रवीर हुन् , किनभने,
छाड्छन् सु-बाटो खनी [५]

---

५. नैतिकता (२०२२) बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

(क)

(ख)

पं. दाताराम शर्मा पौडेल

जन्म : वि.सं. १९७०, शाके १८३५ भाद्र, कृष्ण तृतीया

देहान्त : वि.सं. २०४४ पौष ५, पौषकृष्ण औंसी

मेचमा बस्ने दातारामकी धर्मपत्नी अन्नपूर्णा (सिन्धुराजकुमारी)

जन्म : वि.सं. १९८१ माघ शुक्ल चतुर्थी

देहान्त : वि.सं. २०४७ कार्तिक ५, सोमबार, कार्तिक शुक्ल चतुर्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(च) विश्वमा मातृभाषा (२०२२)

गिनि र डलर छर्दी फुर्तिली एउटी छन् !
घर-घर घुमि अर्की नाच्तछे नक्कली झन्
सपुत पनि यहाँ छन्- गर्दछन् खालि आशा
कुन विधि अधि सर्छ्यौं "विश्वमा मातृभाषा" [६]

(छ) "देशको निम्ति बाँचौं" (सं. २०३१)

हामी आफैं बनाऔं कलहरू अरुको आश मात्रै नराखौं ।
हामी केही उबारौं प्रतिदिन अरुकै दान मात्रै नचाखौं
खोजौं विज्ञान आफैं हित अहित दुवै बुद्धि लाएर जाचौं
पृथ्वी- मोती महेन्द्राSमर - बलहरू झैं "देशका निम्ति बाँचौ" [७]

(ज) "बोलेर पो हुन्छ के ? "

कालो गोल हजार पल्ट दहिमा घोलेर पो हुन्छ के ?
त्यो हो पित्तल नै भने अनलमा पोलेर पो हुन्छ के ?
बालो छैन भने तुना युवतिले खोलेर पो हुन्छ के ?
बोलेकै अनुसार काम नगरे "बोलेर पो हुन्छ के" [८]

(झ) .... स्वादु चीया म खान्छु

मेचीमा हात धोई अलिपर म पुगी कोशिमा स्नान गर्छु
सन्ध्याका निम्ति बग्दो कलकल स्वरले वाग्मती तीर झर्छु
ओर्ली श्रीगण्डकीमा अरमुडि नृपको कीर्ति पानी अचाई
कालीमा पुग्छु ... कुशतिल जलले ... पितृलाई

× × ×

रारामा गास्छु माला विविध कमलका बोक्तछु जुम्लिअर्सा
मुस्ताङे कस्तुरीको नवनव मदली मुक्तिको गर्छु पर्श
पालपाली थाल राम्रा भरिभरि सुनका पोखरे सुन्तलाले
आई कान्तिपुरीमा शिव सहित उमा पुज्दछू भावनाले

---

६. समस्यापूर्ति - कविता संग्रह (सं. २०२०-२०३७)
७. समस्या पूर्ति-कविता संग्रह (सं. २०२० - २०३७)
८. समस्या पूर्ति-कविता संग्रह (सं २०२० - २०३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

चौतारामा विसाई प्रणति पर भई भीममा भक्तिसाथ
जीरीको दूध बोकी अलि पर म पुगी हेर्दछू विश्वनाथ
वैरीको प्राण चाट्ने तर प्रिय खुकुरी नामको भोजपूरे
त्यो देख्ता हुन्छु अर्को सबकिन नभनूँ विश्वनै देख्छु लूरे

धन्कूटे अप्सराका कनककलसका पानले मात्तिएका
मौरीको शेखी झार्ने मह जति गुलियो स्वादमा साँदिएका
राम्रा, मीठा रसीला तर अलि हलुका सुन्तला बोक्छु जान्छु
झापाको सर्करा ली अलि शिखर चढी स्वादु "चीया" म खान्छु [९]

(ञ) "देशको शान राखौं" (सं. २०२६)

तल-तल नघसीई माथि माथि नहेरी
समथर अनि पाखा- छेउ संम्पूर्ण घेरी
समहित लिइ हालौं काममा हात लाखौं
विनय-श्रम नछाडी "देशको शान राखौं"[१०]

(त) "खोजे नमिल्ने छ के ?" (सं. २०२४)

यौटा अद्‌भुत ज्योतिको उदयले नेपाल चम्क्यो अरे,
हाम्रै पूर्वजले त गण्डक नदी थुन्थे र खोल्थे अरे
ठूला वीर भए, महासती भए नाना कृति सिर्जिए
नेपाली इतिहासमा भन सखे । "खोजे नमिल्ने छ के ?"[११]

(थ) शुभ दिवस

१. राजन् अठचालिसौं भै शुभ दिवस यहाँ फेरि फर्केर आयो
तिम्रा प्यारा प्रजा का हृदय कमलमा भक्ति श्रद्धा बढायो ।
नेपाली कीर्ति थाम्न नवनव थितिको गर्न सक्थे प्रबन्ध वर्ष ३ अङ्क ७, २०२३, चैत्र

२. नेपाल पालेन्द्र महेन्द्र भूपको
पचास संवत्सरको प्रवेशमा
छ उर्लिदो सागर भक्तिभावको
नेपालको मानवचित्त चन्द्रमा

२०२६ जेष्ट ३० गते, बिहिवार

---

९. " यो कविता गोरखापत्रमा छापिएको थियो " भनेर दातारामकै मुखबाट सुनिएको हो ।
१०. समस्यापूर्ति कविता संग्रह (सं. २०२०-२०३७)
११. समस्यापूर्ति कविता संग्रह (सं २०२०-२०३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

श्री:

२०३४।११।

सहृदयाग्रणी पूज्य सुवेदीज्यूमा
प्रणतयः सन्तु ।

धेरै दिन पछि समाचार पाउँदा लागेन खुशीलाई आराम भएन, निमोनिया भयो, भन्ने कुराले छोरो पारिदियो। संयोगले अस्पतालको नजिकै पुग्नुभएको रहेछ। अन्यथा आइरहेको भन्दा पनि बढी कष्ट हुने थियो होला। रोग ता हाम्रै कर्मको फल होलान् तर भगवत्कृपा रोग सँगसँगै आएकाले आराम भएछ। फागुनमा नभए चैतमा दर्शन पाऊँला भन्ने हाम्रो विश्वास छ। हामीलाई सत्सङ्गको लोभ हो किनभने -

प्रियप्राया वृत्तिर्विनयमधुरो वाचि नियमः
प्रकृत्या कल्याणी मतिरनवगीतः परिचयः।
पुरो वा पश्चाद्वा तदिदमविपर्यासितरसं
चरित्रं साधूनां किमपि निरवद्यं विजयते।

काठमाडौंको नयाँ समाचार केही छैन। वासुदेवजी र मेरा परिवारमा सबैलाई सन्चै छ। यहाँको क्रान्तिमा बढ्ने कुरा होइन। हजूरले धेरै आस्तिक भएको गाउँ पाएँ भन्नुभएको सुन्दा आश्चर्य जस्तो भइरहेछ। 'हितं मनोहारि च दुर्लभं वचः' भने जस्तै आधुनिक शिक्षा र स्वास्थ्यसेवा ~~सुरक्षा~~ सँगै साधुता पनि रहिरहे ता सुनमा सुगन्ध भइहाल्थ्यो नि। हामीलाई त्यस्तो ठाउँ छ भन्ने सुन्दा पनि आनन्द लाग्यो भने हजूरलाई पनि आनन्द दिएकै होला।

हामी दुइजना, वासुदेवजी र म, दिनको एकदुइ घण्टा सँगै बस्छौं। बडो धैर्य गरेर एक पटक पञ्चतन्त्र पढ्यौं। रघुवंश पनि एक पटक पढौं भनेर थालेको श्रेयाँसि बहुविघ्नानि भएर बीचैमा छाडिदिएछौं। वासुदेवजी जस्तो परोपकारी सहृदय पाएकाले म बडो भाग्यमानी भइरहेछु। यस जन्ममा त मैले पुण्य गर्न सकिन; पहिले कुनै जन्ममा गरेको रहेछु र नै यस्तो रत्न मित्र पाएँ होला।

हामीले अस्वस्थ हजूर भएको ठाउँमा पुग्न सक्नु पर्थ्यो, सकेनौं। पत्र पनि चाँडै पठाउन सकेनौं भनेर क्षमा माग्नु कुराको मात्र हुनेछ। शरीर बोधो भएकाले उठेर गर्ने काम ढिलो भए पनि हाम्रो मनले टाढा गरेको छैन। संक्षिप्तमा छिटो बन्ने उपाय त्यही एउटा छ। आगामी खबरको प्रतीक्षामा -

विनयावनतो,
दाताराम शर्मा।

पं. दाताराम शर्माको हस्तलिपि

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. रुन पनि परमाङ्गी चाहिने क्रूर चाला
अधिक दिन रहेमा टिक्न सक्तैन छाला
शत शिशिर विताई पृष्ठ नेपाललाई हसायौ
त्रिभुवन तिमीद्वारा प्राप्त त्यो लोकतन्त्र
विकल बनी विलाई गर्दथ्यो के अनर्थ
यदि तिमि नदिंदा हौ वीर छोरो महेन्द्र
रुन्थ्यौं हामी थिचिइ-मिचिई बोल्नसम्मन् नपाई
चुस्थे हाम्रो रगत पसिना स्वाद मानी पराई
पाई तिम्रै त्रिभुवनदया हाँस्तछौं मुक्ति आज
तिम्रो त्यत्रो गुन तिरिसकौं के गरी हे धिराज

भूतपूर्व सैनिक बाट

२. अन्य सामग्री

(क) पत्नीलाई चिठी

श्री :

आफ्नै घर
फाल्गुन १३ गते २००६

मेरी प्यारी पत्नी,

तिमी आफ्ना कोठामा सुती रहिछ्यौ । तिमी सुत्न जाँदा म चिठी लेख्तै थिएँ चिठी लेखिसके र चुरोट सल्काउनलाई सलाई खोजें सलाई पाइन । सलाई खोज्दा एउटा गौरीशंकर जोडिएको रुद्राक्ष पाएँ । दराजमाथी फाली राखेको रहेछ । तल गएर चुरोट सल्काएँ । तल पनि सान्है फोहर रहेछ हुनत हाम्रो घर सँधैं फोहोरै हुन्थ्यो आज किन हो कुन्नी मलाई त्यो फोहर देखेर तिमीलाई चिठी लेख्न मन लाग्यो त्यसैले मनको केही कुरा कागतमा लेखेर तिमीलाई दिन लागी रहेछु गर्नु नगर्नु तिम्रो खुस ।

लोग्ने स्वास्नी नभइकन घर गृहस्थी हुँदैन । लोग्नेको काम घर बाहिर मात्र हुन्छ र स्वास्नीको काम घर भित्र हुन्छ । कमाएर ल्याएन भने लोग्ने खराब - घरमा आइपुगेको माल र घरको हिफाजत भएन भने स्वास्नी खराब हुने । तर मैले प्रशस्त धन कमाउन सकेको छैन - तर ईश्वरको कृपाले आएको थोर वहुत सम्पतिलाई पनि तिमीले हिफाजत गर्न सकेकी छैनौ । विहान कोठा सफा गऱ्यो दिउँसो केटाकेटीले उस्तै फोहोर पार्दछन् भन्ने पनि तिम्रो मनमा लाग्दो हो तर केटाकेटीले फोहर गरे भन्दैमा फोहोरै राख्नु पनि मनासिव हो भन्न सकिंदैन ।

सुघरमा देवता बस्तछन् फोहरमा भूत बस्तछ - तिमी कुन रोजदछ्यौ रोज । स्वास्नी असल भई भने खराब लोग्ने पनि असल हुन्छ - मान्छेको शीलस्वभाव राम्रो हुनुपर्छ मुख मात्रै राम्रो भएर काम लाग्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन त घरधन्दा गर्नु निकै नै गान्हो कुरा हो तर तिमीहरु जस्तै देवीहरूले गरी आएको काम हुनाले तिमीहरूलाई सजिलो छ ।

घरमा भएको मालताल लत्ताकपडा राम्ररी राख - १

बिहान सवेरै उठेर न्वाई धोई सिंगार पार - १

भांडा भान्सा चोख्याएर भान्सा पस - १

आफूले सके सम्म भंडार र भान्साको काम अरुलाई नलगाऊ - १

छोरा छोरी नोकर चाकर छिमेकीहरू कसैलाइ पनि नराम्रो बोली नगर - १

कसैलाइ नहोच्याऊ - नघुर्क्याऊ कसैसंग नबाझ - १

छोरा छोरीलाई राम्ररी हँसिलो मुखले खानदेऊ - १

नन्द आमाजूहरूसंग दिदीबैनी संगजस्तै झ्याम्यौ - १

एकलै बस्ता पनि लाज मान्ने गर - १

कसैलाई धोका नदेऊ - १

दु:खी गरीबलाई सकेको खुशीसँग देऊ - १

अर्काको निन्दा नगर - अर्काको कुरा नलाऊ - १

अरुले असल भनुन् कि नभनुन् तर तिमी असल काम गर - १

घरको आम्दानी खर्चको हिसाब राख- थोरै खर्चले पुऱ्याउने कोशिश गर - १

नभै नहुने माल मात्रै किन देखा सेखी पटी नलाग - धेरै मोल जाने एउटा सारी भन्दा थोरै मोल जाने ४ ओटा धोती किन्न त्यसो भए किफायत पनि हुन्छ सफा ,पनि रहन सक्तछ्यौ -१

कुबेलामा र कुभक्ष खानुभन्दा बरु भोकै बस्नु असल छ - १

थोर बहुत औषधी गर्न पनि जान्नु पर्दछ किन भने हिजो आज डाक्टर साह्रै महगा छन् र तिनीहरुको औषधी पनि हितकारी छैन त्यसैले विरामी स्याहार गर्न र मामुली रोग को पथ परहेज गर्न गराउन सिक - १

घर धन्दा बाट फुर्सद पाएको वेलामा लेख्न पढ्न सिउन बुन्न-कात्न गाउन बजाउन-गास्न-सजाउन अभ्यास गर (बानी लाऊ) - १

काम टार्ने हिसाबले केही पनी नगर जे काम पनि सिप लाएर गर - १

आफ्नो घरको आनी बानी कसैलाई पनि नभन - १

पतिव्रताहरुको कथासुन- उनीहरु जस्तै सहन शील बन - १

छोटा मान्छेको संगत नगर उनीहरुलाई असल बन भनेर उपदेश पनि नदेऊ उनीहरुको कुभलो नचिताऊ - तिम्रो चलन राम्रो भयो भने तिम्रो संगत गर्ने मान्छे अवश्य असल हुन्छ - मान्छेले बानी सिक्तछ बोली सिक्तैन - १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिठो चोखो एक्लै नखाऊ - भोको मान्छे अगाडी राखेर आफु मात्रै केही पनि नखाऊ - १

मनमा पाप न चिताऊ जिउमा मयल नराख मैलो लुगा नलाऊ तिमीलाई भूतप्रेत बोक्सी कुनै पनि लाग्दैनन् - १

बाहिर ज्यादा नजाऊ धेरै डुलुआ भयौ भने घरको धन्दा गर्न मन लाग्दैन कुनै काम विशेषले बाहिर गए मा पनि साँझ नपर्दै घरमा आऊ र आफ्नै हातले कातेको एक जोर बत्ती दुइ चार थोपा तेल वा घिउमा भिजाएर साँझको बत्ति जगाऊ र हात जोरेर " हे परमेश्वर मेरो घर हजुरको बास होस्-यो सबै हजूरको हो हजूरलाई मेरो नमस्कार छ" भनेर सधैं भरी ढोग्ने गर - १

ईस्वरले असल बुद्धि दिन्छन् असल पाए पछि सवैकुरा पाइन्छ त्यसैले ईस्वरलाई नविर्सनू र जे काम गरे पनि ईश्वर कै लागी भन्ने ठान्नू - १

मनमा अरु पनि कुरा छन् तर रात धेरै गइ सक्केछ । आजको गौरी शंकरको दर्शनले यति सम्म लेखें यो फेरी पनि केही माल देवताको रुप लिएर वसेको रहेछ भने लेखेर दिउँला । तिमी असल भयौ भने संसारमा म पनि असल हुने थिएँ हामीले असल काम गरे पछि हामीलाई धन सम्पत्ति दिन ईश्वरलाई कर लाग्छ - लक्षिनकी स्वास्नी मान्छे नै लक्ष्मी हो ।

तिमी मा पनि दोष धेरै छैन । एक दुइ ओटा राम्रा गुण पनि छन् । चोखिनितीमा तिमी अलि वास्ता गर्दिनौ त्यसो गर्नु ठिक होइन अव उप्रान्त चोखिनिती र सुघर सफा पटि ध्यान देऊ - तिम्रो जिउ ठूलो छ ता पनि तिम्रो त्यो एक किसिमको रोग हो । सुघर सफा पटी लाग्यौ भने तिमीलाई हतपत्त रोगले पनि छुने छैन ।

मेरो पनि केही भूल छ भने मलाई पनि भन मान्छेले आफ्नु भूल चूक आफैले अलिदेख्न सक्तैन त्यसैले मेरो भूल पनि केही भए भनी देऊ तिमी मेरी साथी हौ भन्नु हुन्छ - सके सम्म त म पनि असल काम गरेर असल मान्छे बन्न सकूँ भन्नेमा त्यसमा परमेश्वरको र तिम्रो कृपा बराबर चाहिन्छ किन भने यो सरीरको आधा भाग तिमी हुन आएकी छौ - आधामा ईश्वर वसेका छन् त्यसले तिमीसंग गुनासो गरेको हूँ । नरिसाये है । एक वज्न लागे छ जब सुतें ।

तिम्रो प्यारो पति

(ख) मञ्जुरीनामा

श्री ५ को सरकार अर्थमन्त्रालय
मालपोत विभाग रामेछाप माल अड्डा

विषय:- जग्गाधनीको प्रमाणपत्र लालपूर्जा पठाइदिने

उप्रान्त रामेछाप जिल्ला सैपु गाउं पन्चायतमा जन्मीहाल ललितपुर जिल्ला जाउलाखेल बस्ने त्रिलोचनको नाति लोकनाथको छोरा वर्ष ६९ को म दाताराम शर्मा पौडेलका नाममा दर्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानभवन नरडेरामा अवस्थित
पं. दाताराम शर्माको निवास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका सैपु गाउ पञ्चायतका खेतवारीहरुको त्यस मालमा रहेको जग्गाधनीको प्रमाण पत्र लालपुर्जा अहिले सम्म लिने अनुकूल नपरेकाले मेरा दाजुका नाति श्री भूपहरि पौडेललाई लिन पठाएको छु । निजका हात सो लालपूर्जा जिम्मा लगाइ दिएमा फरक नपर्ने हुनाले सो पूर्जा वुझ्ने अधिकार पत्र दिइ पठाएको छु । यसै वमोजिम निज भूपहरि पौडेललाई मेरा नामको लालपूर्जा दिइ पठाउनु हुन अनुरोध गर्छु ।

भवदीय

दाताराम शर्मा
ललितपुर, मानभवन

(ग) दाताराम शर्मा अस्वस्थ

(गोरखापत्र सम्बाददाताबाट)
काठमाडौं, पुस १ गते ।

गोरखापत्रमा सह-सम्पादकको रूपमा ११ (एघार) बर्षसम्म कार्यरत रहनुभएका श्री दाताराम शर्मा अस्ति सोमबार देखि दायाँ हात तथा खुट्टा पक्षघात भई बेहोस् हुनु भएकोले वीरअस्पतालमा भर्ना गरिएको थाहा भएको छ ।

उहाँ गत ४। ५ बर्षदेखि उच्चरक्तचापबाट पीडित हुनुहुन्थ्यो । उहाँले वि.सं. २०२१ सालदेखि २०३२ सालसम्म ***गोरखापत्र***को सह-सम्पादकको रूपमा सेवा गर्नु भएको थियो ।[१२]

(घ) दाताराम शर्माको निधन (गोरखापत्र संवाददाता)

काठमाडौं, पुस ८ गते लामो समयसम्म नेपाली पत्रकारिताको क्षेत्रमा काम गर्दै आउनु भएका दाताराम शर्माको पुस ५ गते हृदयगति बन्द भई ७५ वर्षको उमेरमा वीर अस्पतालमा निधन भयो ।

उहाँले ***हालखबर*** दैनिकको सम्पादकबाट पत्रकारिताको सेवा प्रारम्भ गर्नु भएको थियो । उहाँले २०२० सालदेखि ***गोरखापत्र*** दैनिकको सह सम्पादकको रूपमा पन्ध्र वर्ष काम गर्नुभएको थियो ।

हास्यव्यङ्ग्यको क्षेत्रमा पनि नाम कमाउनु भएका स्व. शर्मा राष्ट्रवादी पत्रकारको रूपमा चिनिनु हुन्थ्यो ।

उहाँको श्रीमती, चार छोरा र पाँच छोरी छन् ।

---

१२ . *गोरखापत्र* वर्ष ८७ अङ्क २१८, २०४४ पुस २ गते बिहिबार, पृ. ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री स्रोत

१.	अमृतनाथ अधिकारी	लखनखेल, महालक्ष्मीस्थान
२.	ऋषिकेश शर्मा,	मानभवन, नरडेरा
३.	चारुचन्द्र पौडेल,	"
४.	दाताराम शर्मा पौडेल,	"
५.	निरु शर्मा पौडेल,	"
६.	भास्कर शर्मा,	"
७.	माधव शर्मा,	"
८.	रमा शर्मा पौडेल,	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२

सैपूका पण्डित हरिप्रसाद पौडेलको जीवनी

परिचय

म सानो थिएँ । मेरा घरमा जहानपरिवारका नाउँमा बा र म मात्र थियौं । घरको धन्दा गर्दागर्दै समय वित्दथ्यो । *चण्डीडाँडा*को प्राथमिक पाठशालामा गएर मलाई पढ्ने अवसर पनि मिलेको थिएन । गाउँका सबै केटाहरू पढ्न जान्थे । पाटी, खरी र बाह्रखरीको पुस्तक च्यापेर मेरै घर माथिबाट ओहोरदोहोर गर्थे । कोही चाहिं *वेद, रूद्री* र *चण्डी*का पुस्तक काखी च्यापेर *चण्डीडाँडा*मा पढ्न जान्थे । पहिला शुरु शुरुमा त आफूलाई विद्यालय जाने मौका नमिलेकोमा खिन्न पनि लाग्थ्यो तर पछिपछि बाको अर्ती र पढाइबाट म मख्व पर्दै गएँ । त्यसपछि मेरो मंमा उत्पन्न भएको खिन्नता हराउँदै गयो । वास्तवमा कुरा बुझ्दै गएँ । विद्यालयमा गएर पढ्दैमा कोही पनि मानिस योग्य हुँदैन । यदि योग्य हुँदो हो त विद्यालयमा गएर पढ्नेजति सबै विद्वान् हुने थिए । परीक्षामा सबै पास हुने थिए । जान्ने हुनका लागि घरमैं पढ्नु पर्छ, तर त्यो पढाइ नियमित र उद्देश्यमूलक हुनुपर्छ ।

यसै चण्डीडाँडा प्राथमिक पाठशालामा स्थापनाकालदेखिनै हरिप्रसाद पौडेल अध्यापक थिए, साथै यिनी गाउँमा कहलिएका विद्वान् पनि थिए । यिनको घर भेडाखोरमा थियो । मेरो घर रोपारूमा थियो । पाठशालामा पढाएर बेलुका घर फर्किदा नेभाराको पोथ्रो नजीकै उभिएर हरिप्रसाद पौडेल मेरा बासित निकैबेर गफ गरेर मात्र घर जान्थे । दुवै जनाको गफ म बडो चाख मानेर सुन्थें । पछिं, सैपूका मानिसले बस्न नदिएर लखेटेपछि हामी काठमाडौं आयौं । हरिप्रसाद पौडेल पनि लालगढमा जग्गाजमीन किनेर बसाईं सरे।त्यसपछि उनको पढाउने थलो ठोसेको शारदा माध्यमिक विद्यालय हुन पुगेछ । यो ठाउँमा प्रवेश गरेदेखिनै हरिप्रसाद पौडेल गुरुका रूपमा चिनिदै आएका रहेछन् । त्यसैले यहाँ उनलाई सैपूका पण्डित र ठोसेका गुरुका रूपमा चिह्नाउन खोजिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैपूको विद्वत्परम्परा

सैपूको विद्वत्परम्परा लामो छ । हस्तलिखित सामग्री स्रोतहरू क्रमशः हराउँदै र नष्टभ्रष्ट हुँदै गएकाले यसको वास्तविक लगत प्राप्त हुन सकेन । अझै पनि घ्याङ्डाँडाका पण्डित टङ्कराज पौडेल, बाटुलेबारीका बद्री पौडेल (उनी परलोक भएको हुँदा उनीसँग रहेका कागजपत्रहरू तिलकराम पौडेल जो उनैका सुपुत्र हुन् सँग सुरक्षित रहेको सुइँको पाइएको छ , ओखेणीका लालप्रसाद, भेडाखोरका हवलदार देवीप्रसाद पौडेल (उनी परलोक भएका हुँदा उनैका सुपुत्र राजेन्द्रसँग ऐतिहासिक कागजपत्र सुरक्षित छन्) भित्ताघरका नीलप्रसाद पौडेल पनि दिवङ्गत भएकाले उनका साथमा रहेका सबै पुराना कागजपत्रहरू उनैका कान्छा छोरा पुण्यप्रसाद पौडेलसँग सुरक्षित छन् । सूर्यघडेरीका जिष्णुप्रसाद पौडेलसँग त सैपूका पौडेलको इतिहास पूरै सुरक्षित रहेको छ । दैवज्ञ जिष्णुप्रसादले मलाई ऋषि पाध्या र वीरभद्र पाध्याका सम्बन्धमा अनुसन्धान गर्न ठूलो सहयोग गरेका छन् । मोटामोटी रूपमा भन्दा अरूका घरमा रहेका ऐतिहासिक सामग्रीहरू अध्ययन गर्न, सार्न ज्यादै मुश्किलले पाइन्छ । अनुसन्धान कर्ताले यसरी कागजपत्र हेर्न नपाउनाका मुख्यतः दुइटा कारण छन्-

पहिलो कारण हो - यी कागज पत्रहरू लगेर यो मानिसले कसलाई बुझाउँछ ? के गर्छ ? यसलाई तुरुन्त प्रकाशित गर्छ वा गर्दैन ? अथवा प्रकाशित गरेपछि हाम्रो घरभित्री पो उड्ने हो कि ? आदि आदि

दोस्रो कारण - हिजोआज अरूका घरमा रहेका इतिहासका सामग्री चोर्नेहरू फाट्टफुट्ट देखा पर्न थालेका छन् । यसरी चोरेका सामग्री उनीहरूले कहाँ लगे र के गरे ? त्यसको कुनै अत्तोपत्तो छैन । एउटा कुनै मानिस इतिहासको खोज गर्ने निहुँमा कागजपत्रका मुठाकामुठा बोकेर बेपत्ता हुन्छ र ऐतिहासिक कागजपत्र लुटिएकोमा त्यस घरमा रुवाबासी चल्छ । अर्का सही इतिहासकार पुस्तक छाप्ने नियतले सामग्री बटुल्न जाँदा उनीहरूले ज्यान जोगाउन मुश्किल परेका घटनाहरू हामीले बारम्बार सुनेकै छौं । *नेपालको विद्वत्परम्परा*को अनुसन्धान गर्न ऐतिहासिक सामग्रीहरूको पनि ठूलो भूमिका रहेको छ । यस प्रसङ्गमा विचार गर्दा *सैपूको विद्वत्परम्परा*को नालीबेली पत्तालगाउन पुराना सामग्रीहरूकै भरपर्नु पर्छ । अब म आफूले प्रत्यक्ष देखेका र सुनेका विद्वान्हरूको नामावलि थाहा पाएसम्म यहाँ उल्लेख गर्छु ।

सैपूका पण्डित हरिप्रसाद पौडेलले बताए अनुसार सैपूकै उपज टीकादत्त पौडेल विद्वान्कै रूपमा प्रसिद्ध छन् । वृद्धिलालका नाति, कृष्णप्रसादका माहिला छोरा टीकादत्त पौडेलको जन्म सैपूको भेडाखोर भन्ने ठाउँमा वि.सं. १९८४ साल वैशाख महीनामा भएको हो । उनका दाजु जगन्नाथ र भाइ विश्वनाथ थिए । टीकादत्तका ४ ओटी दिदीबहिनी थिए- तीमध्ये मैयाँ, मेनुका, लोकमाया (एउटीको नाम थाहा पाउन सकिएन) हुन् । उनको अक्षरारम्भ घरैमा पिता कृष्णप्रसादबाट भयो । त्यसपछि केही समय ढुङ्गेछाप लक्ष्मीप्रसाद काफ्लेका घरमा बसी अध्ययन गरे । १९९५ सालमा काठमाडौंमा बोधराज गुरुसँग रूद्री अध्ययन गरेका टीकादत्त पौडेलले १९९७ को शुरुमा वुद्धिनाथ अर्ज्यालसँग र पछि पूर्णभद्र सुवेदीसँग प्रथम परीक्षासम्म व्याकरणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययन गरे । प्रथम परीक्षा पास गरेपछि उनले साहित्य विषय अध्ययन गर्न शुरु गरे । टीकादत्तले साहित्य विषय बद्रीनाथ अधिकारीसँग अध्ययन गरेका थिए । उनले वि.सं. २००६ सालमा द्वितीय श्रेणीमा मध्यमा परीक्षा उत्तीर्ण गरे । त्यसैगरी २०१० सालमा तृतीय श्रेणीमा शास्त्री परीक्षा उत्तीर्ण गरे । टीकादत्तले २००७ सालदेखि ठोसेको भाषा पाठशालामा पढाए । २ वर्षसम्म वेतालीको भाषा पाठशाला, सुन्नामको भाषा पाठशाला, मुढाजोर, पकरवास, गैह्राथोक भाषा पाठशालाको पण्डित भई केही समय शिक्षा कार्यालयमा काजमा पनि काम गरेको र केही समय सिन्धुलीको निभुवाटारको भाषा पाठशालामा पनि काम गरेको बुझिन्छ । त्यसपछि अन्य केही ठाउँमा काम गरी हरिऔनको प्राथमिक विद्यालयमा अध्यापन गरी २०४३ सालमा अवकाश ग्रहण गरेर हाल उनी घरैमा स्वाध्याय गरी बसिरहेका छन् । हालसम्म टीकादत्तले लेखेका कुनै पनि रचना प्राप्त गर्न सकिएको छैन ।

सैपूका अन्य संस्कृतका ज्ञाताहरूमा घ्याङ्डाँडाका टङ्कराज पौडेल, दुरागाउँका विष्णुहरि पौडेल र उनकै भाइ बाबुराम पौडेलको नाम लिनु पर्छ । बाबुरामले साहित्य विषयमा आचार्य पास गरेका छन् तर उनी प्रशासनतिरै समर्पित भए । विद्याको अभ्यासमा उनको रुचि जागेन उनले प्रमुख जिल्ला अधिकारीको पद समेत सम्हाल्ने अवसर पाए । हाल उनी सह-सचिवको पदबाट सेवानिवृत्त भएका छन् । बाबुराम पौडेलले नेपाली भाषामा- ***नेपाली भाषा एवं साहित्यको संक्षिप्त विकासक्रम*** नामको पुस्तक पनि प्रकाशन गरेका छन् । उनी नेपालका विख्यात विद्वान् दधिराम पौडेलका नाति हुन् । यिनको जन्म वि.सं. १९९७ साल श्रावण पञ्चमी तिथि बृहस्पतिबार सैपूको दुरागाउँ भन्ने ठाउँमा भएको हो । बाबुरामका पिता गङ्गाप्रसाद र माता चित्रकुमारी भएको बुझिएको छ । उनको अक्षरारम्भ हजूरबा पण्डित दधिराम पौडेलबाट भएको हो । बाबुरामको व्रतबन्ध २००५ सालमा र विवाह २०१२ सालमा कठजोरका अधिकारीकी छोरीसँग भएको थियो । उनले रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गरे । उनलाई पढाउने गुरुहरूमा पण्डित दधिराम पौडेल, पण्डित रामचन्द्र पौडेल, पण्डित हरिहर भट्ट र पण्डित गोपीलाल भएको बुझिन्छ । तीनधारा संस्कृत छात्राबासमा बस्दा पढाइमाभन्दा राजनीतितिर बढी ध्यान दिई परीक्षा उत्तीर्ण हुन नसकी सो पाकशाला छोडेर उनी पढ्न दिल्ली गए । दिल्लीमा पढ्दा स्थानेश्वर उप्रेती, विद्यानन्द जिज्ञासु आदि आदिले उनलाइ पढाउँथे । बाबुराम पौडेलले साहित्यमा आचार्य, नेपालीमा एम.ए.र कानूनतर्फ बी.एल. परीक्षा उत्तीर्ण गरेका छन् । २०२३ सालमा भूमिसुधार अधिकारीको पदबाट जागीरे जीवन शुरु गरेका बाबुराम पौडेल उप-सचिव, प्रमुख जिल्ला अधिकारीदेखि सह-सचिवको पदमा पुग्दासम्म उनको परिचय नेपालमा प्रायः सवैजसोले थाह पाइसकेकाछन् । पण्डित विष्णुहरी पौडेल पनि संस्कृतका विद्वान् हुन् । मध्यमा परीक्षा मात्र उत्तीर्ण गरेका भए पनि संस्कृतमा उनको राम्रो योग्यता छ । ***अष्टाध्यायी*** र ***अमरकोष*** त उनी अझै मुखाग्र भन्न सक्छन् ।

त्यस्तै, सैपू रोपारूका पण्डित रुद्रप्रसाद पौडेल संस्कृत र नेपालीका विद्वान् हुन् । विविध विषयका ज्ञाता रूद्रप्रसादले विद्यापरम्पराको विकास गर्न ठूलो प्रयत्न गरेको बुझिन्छ । सूर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घडेरीका पद्मप्रसाद, जिष्णुप्रसाद र सोमप्रसादहरूले ज्योतिष विषयमा राम्रो ज्ञान हासिल गरेका छन् । पुराना प्रतिभाहरूको समेत उल्लेख गर्दा ऋषिकेश पाध्या र वीरभद्रको नाम नलिई हुँदैहुँदैन । अरुको नाम र जीवनी खोजबीन गर्न बाँकीनै छ ।

जीवनी

सैपू भेडाखोरमा जन्मेका ठोसेका गुरुका रूपमा प्रख्यात भएका हरिप्रसाद पौडेलको जीवनीका बारेमा केही लेख्ने प्रयास गरिएको छ ।

ऋषिकेश पाध्याका माहिला छोराको नाम वशिष्ठ हो । वशिष्ठकै सन्तान श्रीविलासका जेठा छोरा-वृद्धिलाल, वृद्धिलालका माहिला छोरा- पुष्पराज र उनैका जेठा छोरा हरिप्रसाद हुन् । पहिला यिनीहरूको मूल वासस्थान चिलाउने हो । पछि वेणीदत्तले एक जना भोटेसँग चौतारा, भुवनेथान, गैरावारी, भेडाखोर (५० रोपनी भन्दाबढी) किनेर सरेका हुँदा हिजोआज उनीहरूलाई भेडाखोरे भन्ने गरिएको हो, अहिले पनि यिनीहरूका वंशज भेडाखोरे भनेर चिनिदैछन् ।

हरिप्रसाद पौडेलको जन्म वि.सं. १९८० साल कार्तिक १५ गते बिहिबार सप्तमी तिथिमा भएको हो । उनको न्वारनको नाम पनि हरिप्रसादै हो । यज्ञराज, शिवप्रसाद, भवनाथ र भानुभक्त गरी उनका ४ जना भाइहरू पनि थिए । पवित्रादेवी नाउँ गरेकी एउटी बहिनी पनि थिइन् । उनको विवाह रातमाटाका दाहालसँग भएको थियो । यिनका पिता पुष्पराज र माता विष्णुकुमारी भएको बुझिएको छ । हरिप्रसादका जेठा वा कृष्णप्रसाद, साहिंला वा खेमलाल र कान्छा वा गणेशराज थिए । यिनको अक्षरारम्भ हजुर्वा वृद्धिलालबाट ७ वर्षका उमेरमा भएको हो । अक्षर राम्ररी चिन्हेको चाहिं नन्दीकेशर दाहालबाट हो । हरिप्रसादको ८ वर्षका उमेरमा व्रतबन्ध भयो । चिसापानीका ढुण्डीराज घिमिरे (मामा) बाट उनले गायत्री मन्त्र सुनेका थिए । त्यसपछि वि.सं. १९९६ साल वैशाख १० गते अक्षयतृतीयाका दिन सिन्धुली जिल्लाको ग्वालटारका कुलनाथ अधिकारीकी छोरी डेढकुमारीसँग हरिप्रसादको विवाह भयो । विश्वनाथ, शरद र आनन्द गरी उनका ३ भाइ छोरा र जानकी र शान्ति गरी दुइटी छोरीसमेत जन्मिए । जानकीको बाबियाखर्कका घिमिरेसँग विवाह भएको थियो र शान्तिको विवाह चाहिं रानीगञ्जमा भयो ।

हरिप्रसाद पौडेल पढ्न काठमाडौं आए । वि.सं. १९९० सालको भूकम्पमा दरबार हाईस्कूल भत्कियो । त्यो बेला टीनको छानो हालेर तीनधारा संस्कृत छात्रावास नजीकैको चौरमा बसेर उनले रुद्री पढेका थिए । रानीपोखरी संस्कृत प्रधान पाठशालामा ४ वर्ष लगाएर वेद पढे । त्यसै बखत थोरबहुत गणित पनि पढे । ***लघुकौमुदी*** पनि अध्ययन गरेका हरिप्रसाद पौडेल १९९०/ ९१ सालमा रुद्री पढिसकेपछि पहाडै फर्के । वोतालु खर्कमा गोठ वस्थे । त्यसबेला उनका साथमा ६० ओटा गाई र १७ ओटा भैंसी थिए । त्यो बेला उनलाई ११ छाक अन्न खाने मौका मिलेन । ३ छाक त वाच्छाका निम्ति ल्याएको ढुटो खाएर उनले छाक टार्नु परेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूध, दहि त सधैं भैहाल्थ्यो । त्यसमा अझ सिंगटो र गुल्फो समेत खाएर उनले जीविका गरेका थिए । यसरी साउन, भदौको दुइ महीना खर्कको गोठमा बसेपछि हरिप्रसाद पौडेल सैपू भेडाखोरमा फर्किए । पहिले यो खर्क चारदाम ठेकीमा कुभिण्डेको समशेरे भन्ने सुनुवारसँग लिएको थियो । पछि उसैका छोराहरूले मुद्दा गरेर सो खर्क फिर्ता लिए ।

हरिप्रसाद वि.सं. १९९४ मा पुन: काठमाडौं आए । यसै वर्षदेखि १९९७ सालसम्म पढी उनले ४० अध्याय ***वेद*** सिध्याए । १९९९ सालदेखि ***मध्यकौमुदीको*** पढाइ शुरु गरे । यसलाई प्रथम परीक्षाको पहिलो वर्षको पढाइ भनिन्थ्यो । यस परीक्षामा हरिप्रसाद उत्तीर्ण मात्र भए । २००० सालमा द्वितीय वर्षको परीक्षा दिए र उनी यसमा द्वितीय स्थान प्राप्त गर्न सफल भए । २००१ सालमा तृतीय वर्षको परीक्षा दिए र पहिला भए । २००२ सालमा प्रथम परीक्षा दिए र तृतीय भए । त्यसपछि २००३ सालदेखि २००६ सालसम्म सम्पूर्णमध्यमाको तयारीमा लागे । २००४ सालमा "जयतु संस्कृतम्" आन्दोलन भयो । यसमा ***नवग्रह स्तोत्र*** पनि लेखिएको थियो । हरिप्रसाद पौडेलको भनाइ अनुसार- ***यो लेख्ने विद्यार्थी तीनधारा संस्कृत छात्रावासको हिमान्चल टोलको छिंडीमा वस्थ्यो । ऊ प्राय: कविता लेखिरहन्थ्यो । मोटो मोटो होचो थियो । त्यो बेला साहित्य विषयमा आचार्य कक्षामा पढ्थ्यो । उसको घर काठमाडौंबाट पश्चिमतिर पर्थ्यो ।*** [१]

हरिप्रसादले व्याकरण विषयमा सम्पूर्णमध्यमाको तयारी गरे । "जयतु संस्कृतम्" आन्दोलनकै परिणामस्वरूप वनारसबाट प्रश्नपत्र आए र काठमाडौंमा परीक्षा हुने भयो । शुरुमा उतैबाट प्रश्न पत्र आए पनि पछि पछि त प्रश्न तयार गर्ने र परीक्षा लिने काम काठमाडौंमैं हुन थाल्यो । हरिप्रसादले पहिलो पटक सम्पूर्णमध्यमाको परीक्षामा सफलता प्राप्त गर्न सकेनन् र पछि परीक्षा पनि दिएनन् । पछि एकैचोटि २००८ सालको जेठ महिनामा परीक्षा उत्तीर्ण गरेको लब्धाङ्क पत्र आयो । उनी दङ्ग परे । यस्तो घटना त्यो बेला जम्मा तीन जनामा परेको थियो । ओखल्ढुङ्गाका चन्द्रलाल दाहाल, रामेछाप सैपूका हरिप्रसाद पौडेल (अर्को एक जनाको नाम थाहा हुन सकेन) हुन् । हरिप्रसाद तृतीय श्रेणीमा उत्तीर्ण भएको लब्धाङ्क पत्र आयो । त्यसपछि हरिप्रसादले २००९ सालदेखि धर्मशास्त्र विषय लिएर शास्त्री पढ्न शुरु गरे । पहिलो वर्षमा सफल हुन् सकेनन् । दोस्रो वर्षमा तृतीय श्रेणीमा उत्तीर्ण भए । २०१५ सालमा आचार्य पढे । २०१६ मा प्रथम खण्डको परीक्षामा उत्तीर्ण भए । दोस्रो र तेस्रो खण्डको परीक्षा दिएनन् । २०१२ र २०१३ सालमा नपढीकन त्यसै बसे । यसरी हरिप्रसादले आचार्य परीक्षा पास गरेका छैनन् । उनी बेलाबखत परीक्षामा अनुत्तीर्ण पनि भएका देखिन्छन् तर पढेर जति जानेका छन्

---

१. यी कुरा हरिप्रसाद पौडेलले भनेका हुन् । "जयतु संस्कृतम्" आन्दोलनकै प्रसङ्गमा - नवग्रह स्तोत्रम् कसले लेख्यो ? यसको अहिलेसम्म टुंगो लागेको देखिंदैन । धेरै जनाबाट यस्तै हुलिया मात्र प्राप्त भैरहेको छ । वास्तविक नाम पत्ता लाग्न अझै बाँकी नै छ । "वादे वादे जायते तत्त्वबोध:" भनेजस्तै तर्कवितर्कबाट एक दिन सक्कली कविको नाम पत्ता लाग्ने छ भन्ने विश्वास गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैमा अझ योग्यता बढाई, अनुभव सँगाली आफ्नो समाजमा योग्य पण्डित र गुरू बनेर सेवा प्रदान गरिरहेका छन् । विद्वत् परम्परामा यसलाई पनि ठूलै उपलब्धि मान्नु पर्छ ।

हरिप्रसादलाई १९९१ सालमा गङ्गानाथले वेद पढाएका थिए । बोधराज, बुद्धिनाथ अर्ज्याल र दधिराम पौडेलले व्याकरण र डिल्लीराज रेग्मीले धर्मशास्त्र विषय पढाएका थिए ।

हरिप्रसाद पौडेलले २००७ साल भाद्र १७ गतेदेखि दरबारमा पूजा कोठाको पण्डित्याइँ काम गर्न शुरु गरे । श्री ३ भीम शमशेरकी कान्छी रानी दिलकुमारी देवीकहाँ उनी बसेका थिए । अहिले बाल मन्दिर भएको ठाउँ (नक्साल) लाई त्यो बेला सीता भवन भनिन्थ्यो । त्यो बेलाको समयमा खाइलाइकन प्रतिमहिना ९। रुपियाँ तलब (पारिश्रमिक) थियो ।

२०१७ साल कार्तिक महीनासम्म हरिप्रसाद दिलकुमारी देवीकहाँ बसे अर्थात् यसै मितिदेखि उनले त्यहाँको काम छोडे । सैपूको चण्डीडाँडा पाठशालामा अध्यापन गर्ने अवसर मिलेको हुँदा गरिआएको साबिक काम छोडेको हुनसक्छ । २०१७ साल भाद्र १ गतेदेखि सैपूको चण्डीडाँडा प्राथमिक पाठशालामा हरिप्रसादले अध्यापन कार्य शुरु गरे । यस विद्यालयमा उनीसित ३ जनाले चण्डी पढे । दधिराम पौडेल-भेडाखोरका .... अधिकारी र १४ जना पौडेलले रुद्री पढे । (तीमध्ये ओख्रेणीका ३ जना, माझाघरे, डाँडाघरे र भेडाखोरे आदि पर्छन् । उनीसित वेद पढ्नेहरूमा ज्यावगादीका दाहाल, टङ्कनाथ भित्ताघर नीलप्रसाद पौडेलका जेठा छोरा) र सानुभाइ पौडेल थिए । जम्मा ८० जना विद्यार्थीमध्ये २० जना वेद, रुद्री र चण्डी पढ्नमा प्रवृत्त भए । बाँकी ६० जना प्राथमिक तहको पाठ्यक्रममै अल्झिए । शुरुको वर्षमा ५० जना विद्यार्थी भरना भएका थिए । २०१८ सालमा ७५ जना भए । अन्य ५ जना पछि थपिँदै गएको बुझिन्छ । सैपूको चण्डीडाँडा प्राथमिक पाठशालाको शिलान्यास ओख्रेणीका लालप्रसाद पौडेलले गरेका थिए । २०२२ साल श्रावण महिनादेखि हरिप्रसाद पौडेलले सैपूको प्राथमिक पठशाला छोडे । छोड्ने बेलामा उनले विद्यालयको प्रदक्षिणा गरी ***यो विद्यालयले मेरो बराबर शैक्षिक योग्यता भएको शिक्षक पाउने छैन*** भनेका थिए । उनी २०२२ साल भाद्र ३ गतेदेखि शारदा माध्यमिक विचालय, ठोसे बजारमा शिक्षक छन् । शुरुमा यो प्राथमिक विद्यालयका रुपमा थियो । पछि निम्न माध्यमिक हुँदै माध्यमिकमा परिणत भएको थियो । एउटा साधारण निवेदनका आधारमा हरिप्रसादले शिक्षकको पदमा काम गर्ने मौका पाएका थिए ।

हरिप्रसादले आजसम्म त्यति ठूलो सम्मान र पुरस्कार पाएको देखिँदैन । सानोतिनो पुरस्कार भने उनले पाइरहेकै देखिन्छन् । जस्तो - अध्ययन गर्दागर्दै रानीपोखरी संस्कृत प्रधान पाठशालावाट प्रथम, द्वितीय र तृतीय भएर विभिन्न विषयका पुस्तकहरु पुरस्कार पाएका थिए । तीमध्येमा ***मध्यसिद्धान्त कौमुदी*** ***रघुवंश*** आदि प्रमुख थिए । वि.सं. २०३७ सालमा जिल्ला शिक्षा कार्यालय शिक्षा शाखा रामेछापले राम्रो काम गरेबापत रु. ५००।- नगद पुरस्कार दिएको थियो । त्यसपछि राणाजीको नोकरी गर्दाकै क्रममा शिमला जाँदा ***शकुन्तला*** नाटक हेरेर लेखेको कविता बापत १५। कम्पनी पुरस्कार मिलेको थियो । हरिप्रसादले साम्बभक्तसँग सङ्गत गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सैपूका पण्डित हरिप्रसाद पौडेल
जन्म : वि.सं. १९८० कार्तिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए । साम्वभक्त र हवलदार देवीप्रसाद पौडेलसँगको सङ्गतबाट उनलाई आनन्द पनि प्राप्त भएको थियो । हरिप्रसादले पढाएका र ठोसेको माध्यमिक विद्यालयबाट उत्तीर्ण भई गएका विद्यार्थीहरू अहिलेसम्म सबै वेसै छन् । विद्यार्थी अवस्थामा उनको नजीकका साथी गणेशप्रसाद गौतम भएको बुझिएको छ । अन्य व्यक्तिहरूसँगको सम्पर्क हरिप्रसादको साधारण रहेको बुझिन्छ । उनी कसैसँग पनि त्यतिविधि निर्लिप्त हुन चाहँदैनन् । हरिप्रसाद साधारणतः चलनचल्तीकै खाना रुचाउँछन् । आफ्नो गच्छेले भेटेसम्म गायत्री जप, पाठ गर्छन् । उनी प्रायः चतुश्लोकी भागवत पाठ गर्छन् ।

उनका पिताको मृत्यु २०१५ सालको असारमा भएको थियो भने माताको मृत्यु २०३६ साल भाद्र ***महीनामा*** भएको थियो । हरिप्रसाद पौडेलले पनि तीनधारा संस्कृत छात्रावासमा भरना भएर अध्ययन गर्ने अवसर प्राप्त गरेका थिए । २००२ साल चैत्र घोडे जात्राको दिनदेखि प्रवेश गरेका र २००७ साल आश्विन १ गतेदेखि सो छात्रावास छोडेका हुन् । दरवारमा जागीर खाने मौका मिलेको हुँदा हरिप्रसादले छात्रावास छोडेका हुन् । हाँडी गाउँको टालटोलमा भीमशमशेरका छोरा हिरण्यशमशेरले एउटा घर तीन जनालाई दिएका थिए । तीमध्ये वृद्धिलाल, दवाडी र धनेश्वर हुन् । २०१३ सालमा साँढे चारहजारमा सो घर बिक्री भयो । पुष्पराजको भागको रु. १४००। परेकोमा त्यो रुपियाँ त्यसै सकियो । व्याकरणका प्रख्यात दधिराम पौडलले हरिप्रसादसँग भनेका थिए रे -

मैले २९ वर्ष पढाएँ तर आफ्नो वंशलाई पढाउन पाएको थिइनँ । तिमीलाई पढाउन पाउँदा मलाई ज्यादै खुशी लागेको छ ।

हरिप्रसादले २००४ सालमा समस्यापूर्ति कविता लेखेका थिए जो यसप्रकार छ ।

अतिदीन अनाथ हेरुमा
सबको खोजि गरी गरीकन
धन र बास लगी लुटाउन
चमचम् चम्कि रहेछ यो मन ।

यसरी सैपूमा जन्मी र काठमाडौंमा हुर्की पढेर अध्यापनको अधिकांश समय ठोसेमै विताएको हँदा हरिप्रसाद पौडेल हाल ठोसेका गुरुका रूपमा बढी प्रसिद्ध भएका हुन् तर उनको जन्मथलो सैपू हो । त्यहाँ उनको पाण्डित्यको प्रभावकै कारण पण्डित भन्ने वित्तिकै हरिप्रसादकै नाउँ आउँछ । उनले जन्मथलो छोडेको २५ वर्ष नाधिसक्यो, तर हरिप्रसादको योग्यताको प्रभाव सैपूमा अझसम्म फिँजिदैछ । आशा गरौं, भविष्यमा पनि सैपूको विद्वत् परम्परामा हरिप्रसादको नाम अजरामर भएर रहनेछ ।

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भाग

१. साम्बभक्त शर्माले लेखेको चिठी

श्रीः

श्रीमत्सु पण्डितवर्येषु हरिप्रसाद शर्मसु

मदीयाः प्रणतितयः समुल्लसन्तु

तत्र कुशलं कामये भवतो भवतः ॥ भवता यत्साहाय्यदानेनानुगृहीतोऽहम् ॥ अतः पुनरपि प्रार्थये ॥ मया प्रत्यर्थितान् द्वि पन्चाशत् परिमित रौप्य खण्ड मुद्राङ्कितान् स्वीकृत्य मदात्मजयोर्हस्ते स्वर्णाङ्गुलीय प्रदाने मदभीष्ट सिद्धि साम पर्यन्तक बहुल विलम्वः क्षन्तव्यः श्रीमद्भि । विज्ञेषु किं बहुना पल्लवितेन ।

भवदीयः साम्वभक्त शर्मा

मार्ग कृष्ण ३

२. तद्धित पूजायां समुपस्थिता मामकीनाः स्नेहभाजनाः

१.	गणेशप्रसाद गौतम	१	२.	हरिप्रसाद पौडेल	१
३.	विजयराज अचार्ज	१	४.	ईश्वरी दाहाल	१
५.	विश्वनाथ अचार्ज	१	६.	विश्वरमण मरहट्टा	१
७.	हरिनाथ खनाल	१	८.	ऋषिराम ढकाल	१
९.	गिरीन्द्रराज देवकोटा	१	१०.	खिलनाथ रिमाल	१
११.	तुलसी ढकाल	१	१२.	अवन्तिनाथ पुडासैनी	१
१३.	देवीभक्त.........	१	१४.	फणीन्द्र घिमिरे	१
१५.	गदाधर पोखेल	१	१६.	जयप्रसाद भट्टराई	१
१७.	देवराज पौडेल	१			

तृतीयायां सितेपक्षे .... भौमवासरे ।
पक्षाम्वर नभश्चक्षुर्वत्सरे सुदिने खलु ॥ १ ॥

गुरुभिः सहितैश्छात्रैर्निर्विघ्न परिपूर्वकम् ।
मदीयैःसखिभिः सर्वैः समाप्ता मध्यकौमुदी ॥२ ॥

२००८।८।२१ मिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. शकुन्तलाको प्रभावबाट

कटट्ट कट्ट कट्ट कट् गरेर टाप कट्किए
फटट्ट फट्ट फट्ट फट् वुरुक्क अश्व दौडिए ॥
करर्र कर्र कर्र कर् गरेर यान कड्किYो
धुरुर्र धुर्र धुर्र धुर्भएर पृथ्वी थर्कियो ॥

लिएर लामु वाँण त्यो खिचेर कान सम्ममा
गरे प्रहार मिर्गमा गएर वज्रियो शरः ।
भयि अत्यन्त विव्हलः कुरुङ्ग दौडियो जब
वित्यसभो मरें नि लौ भनेर दौडिए सब ॥

अतीव दीर्घ श्वासले कुरङ्ग लौन दौडिए
पुगें शकुन्तला नजिक् लिएर (त्रास) बाण सँगसँगै ॥
गऱ्यो प्रहार हामीमा वचाउ लौन लौन ती
भनेर गर्दथे पुकार् कुरङ्गका बथान ती ॥

पुग्यो दुष्यन्तको रथः शकुन्तला समीपमा
स बाण विद्ध मिर्ग त्यो देखेर छट्पटाउँदो ॥
तरक्क आँशु काढदी झिकेर बाण सुस्तरी
अत्यन्त नम्र भावले वचन् दिइन् दुष्यन्तमा ॥

तपोवनः यो आश्रमः महर्षि कण्वको भनी
सुझेन ? लौ तिमीमहाँ गऱ्यौ वधः कुरङ्गको ॥
पवित्र यो स्वतन्त्र यो थिएन डर्कुनै कुरा
मयूर मिर्ग बाघमा थिए स्वच्छन्द प्रेममा ॥

अहो ! गरे कसुर् कउन् वताउ लौन खर्खरी
गरे विगार के ? भन गए कि चर्न (वाग) राज्यमा ॥
अनाथ छन् अजान छन् यि बाल छन् यि शान्त छन्
स्वतन्त्र यो अरण्यमा इ घुम्दछन् इ फिर्दछन् ॥

पराक्रमी तिमी भयौ शिकार सिंह वाघको
गरी देखाउ लौ गयी मृगेन्द्रका समीपमा ॥
महर्षिका इ सन्तती बढाइए यी शोखमा
कठै यी मिर्ग शावक भनी लिएर काखमा

× × ×

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के हो दान ? गएर सोध झरना झर्झर्गरी भन्दछ
के हो धर्म ? गएर सोध रुखले छायामनी भन्दछ
के हो न्याय ? गरीबको झुपडीमा गै सोध त्यो भन्दछ
के हो सत्य मसानमा गइ बुझे अँगारनै भन्दछ

४. छात्र र विद्यार्थी

छा:- ए कान्छा दाजु आउन यता पुस्तक समाऊ
पढन जाऊँ परिश्रम साथ विद्यानै कमाऊँ ।
इलम गरे वन्नेछौं ठूलो, नाम र कामले
वन्नेछ देश, नेपाली भेष तिंमीले नबिर्से ।

गो:- गाई र भैंसी बाखा र भेडा चराउँछ कसले ?
खेती र पाती कोदालो हलो जोत्दछ कसले ?
सबैले पढे नाम्ला र दाम्ला वन्ने र वाट्ने को ?
डाला र नाङ्ला डोको र फुङ्लो हर्दम बन्नेको ?

छा:- ए कान्छा दाजु नभन त्यसो अहिले पढन
विद्याले पूर्ण ज्ञानले तिमी घर्पार गरन
शिक्षित बनी गरेको काम त्यो हुन्छ उत्तम
विद्याको जस्ले उपेक्षा गर्छ त्यो बन्छ अधम ।

गो :- पढेपछि सुट्वुट् टाई बाँधी हाल्नु पर्छ
इज्जत्दार बनेपछि खेति कस्ले गर्छ ?
ध्वाँसे चश्मा हात्मा घडी लाइ हाल्नुपर्छ
साथी भाइ जम्मा गरी होटेल धाउनु पर्छ ।

छा:- नवीन शिक्षा फैलेर आयो प्रत्येक जिल्लामा
इच्छाले पढ जे मनमा पर्छ स्कूलमा गएर ।
पहिले पढी शिक्षाको काम तिमिले गर्नुछ
शिक्षाको ज्योति बालेर सब्ले अगाडी बढ्नुछ ।

गो:- होइन भाइ नभन त्यसो विद्याले के गर्छ ?
देशमा सबै शिक्षित बने किसान को बन्छ ?
गर्नेछु काम खानेछु माम जोत्नेछु म हलो
किसान बनी उब्जाए अन्न हुनेछ त्यो भलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गो:- तिमीले भन्यौ लौ हिंड भाइ म जान्छु पढन
साथी र भाइ मिलेर पढी शिक्षित वनौंन
खियाइ नङ्ग्रा विकास गरौं यी मातृभूमिको
अगाडी बढौं उज्ज्वल पारौं आमाको मुहार त्यो

५. वसन्तोत्सव

कठाङ्ग्रिएर पात सब् शिशीरमा त झर्दछन्
समस्त वृक्षमा कुनै हुँदैन पत्र झारमा
लुगा फुकालिए समान् देखिन्छ वृक्ष वागमा
कता गयो कती सड्यो हराभरा कता उड्यो

वसन्तको बहारमा वसन्त सन्त बन्दछ
जताततै नवीन भो नवीन वाग कानन
बुटाहरू झुले अब नवीन पत्र पाउँदा
गमक्क गम्किए सब सुवास मग्मगाउँदा

नवीन पालुवा झुले समस्त वाग कानन
नवीन शब्द शब्दले भयो सुरम्य आनन
नवीन पक्षि देखिए नवीन भीड देखियो
नवीनता जताततै वसन्तको बहार यो

सुवास मग्मगाउँदा भ्रमर्झभूँ कराउँदा
भयो वसन्तको जब स्वराज नित्य वैभव
फली फुली जताततै सुरम्य स्वच्छ कानन
चरा चुरुङ्गी वर्गको बन्यो नवीन नीड त्यो

सुपक्ष पक्ष चालदै नवीन कण्ठ शब्दले
प्रभातको सुस्वागतं प्रभाति राग गाउँदै
समस्त पक्षि गण् उडे अकाश मार्ग धाउँदै
प्रभातकाल झ्यालमा सुशब्द कण्ठ कानमा

कतै कमल्फुले भने कतै छ जाई बेलीको
कतै गुराँस फूलले सुवास मग्मगाइँदो
सुनाखरी वनै भरी फुलेर श्वेत पारिंदो
कठै वसन्तराजको स्वतन्त्र राज्य वन्न गो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोकील कण्ठ सूरिलो को हो ? को हो ? अवाजमा
भएर मुग्ध बेसरी नाच्छन् मयूरका गण
विहाल सुन्दरी परे झरे दृगन्तका जल
युवा समस्त वर्गको लुटेर चित्त वेसरी

विचित्र चित्र वोलीमा समस्त पक्षि गाउँछन्
मुनाल कोइली ढुकुर् चिवे सुरम्य तालमा
हराभरा जताततै भएछ विश्वमा सबै
वसन्त यो वसन्तको वसन्तराज राज्यमा ।

सन्दर्भ स्रोत

१. देवीप्रसाद पौडेल, सैपू, भेडाखोर
२. पं. हरिप्रसाद पौडेल, ठोसे मेक्चन बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३३

ज्ञानमणि नेपालको जीवनीमा संक्षिप्त प्रकाश

जीवनी

नेपाल अधिराज्यका पाँच विकास क्षेत्र, चौध अञ्चल र ७५ विकास जिल्लाहरू मध्ये भोजपुर जिल्ला पनि आफ्नै किसिमको वैशिष्टच बोकेर उभिएको पहाडी जिल्ला हो । भोजपुर माझकिरात अन्तर्गत पर्छ । अब यस ठाउँमा नेपाल थरका ब्राह्मणहरू यहाँ कुन उपायले आए यस कुराको चर्चा गरौं ।

वागमती अञ्चल अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको सीपा मण्डनबाट लक्ष्मीनारायण नेपालका दुइ भाइ छोरा शिवराम र गोपाल पूर्वतिर लागे । शिवराम पूर्व ४ नम्बर भोजपुर जिल्लाको सिक्तेलमा चतरा गुठीको जमीन आवाद गरी बसेकाले उनका सन्तान गुठाली कहलिए । गोपाल त्यसै कतै *यथा नाम तथा गुणाः* भनेजस्तै गाईगोठ सम्हालेर रहन लागे । उता विर्ता पाउने उद्देश्यले त्यहाँको तात्कालिक राजासमक्ष हाजिर भएर वैदिक ऋचा पढी राजालाई स्वस्ति गर्ने पनि गर्थे । त्यो बेला हतुवा गढीका किरात काजीकी बहिनी सिक्तेल्नी यो प्रदेशमा गोठ राखेर बसेकी थिइन् । यिनैको नामले यो थुमको नाम सिक्तेल रहेको हो । यी बूढीले गोठ राखेको ठाउँ बूढीलोहोसे भनिंदै छ । तिनैले देखाएको किपट बाहेकको जग्गामा घरघडेरी खेत खर्कका चार किल्ला टिपेर गोपालका जेठा छोरा हरिनारायण राजाकहाँ हाजिर भए । वि.सं. १८०८ मा चौदण्डीका राजा विक्रम सेनले चार किल्लामा लोहकील ठोकी कुश छरी घरघडेरी खेतखर्क मिलाएर हरिनारायण नेपालका नाउँमा कुशविर्ताको स्याहामोहर गरिदिए । घडेरी कुशविर्ताको नामले प्रसिद्ध छ, खर्क गोगने आहाले (हाल रैकर सल्लेनी) हो, खेत सिक्तेल खोला किनारमा सहेले र पाखो व्यासी थियो । पाखो खेत सिक्तेल मौलामा अक्षता चढाएर कुनै जागीरेको खान्कीमा रहेछ र पछि यसको सट्टा पिखुवाका किनारको झगरे खेत भयो ।[१]

---

१ ज्ञानमणि नेपाल, *किस्किन्धाकण्ड तथा पुण्य शिक्षा*, साझा प्रकाशन, २०३४ पृष्ठ २ र ३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुत: नेपालका अधिकांश मानिसहरू पश्चिमतिरबाट पूर्वतिरका भूभागहरूमा बसाइँ सर्दै गएको पाइन्छ । कोही जग्गाजमीन खरीद गरेर बस्न लागे त कोही राजाहरूबाट विर्ता पाएर स्थायी बसोबासको प्रबन्ध मिलाएर रहन लागे । कसै कसैले भने निश्चित जग्गाजमिन किपटको रूपमा पनि प्राप्त गरे । पूर्वतिर मानिसहरूको वस्ती विस्तार हुने क्रम शुरु भयो । घना जङ्गल फाँडिएर खेतवारी बने । बस्ती बसाइको कैयौं वर्ष वितिसक्ता पनि वारीका कैयौं पाटाहरू अझ भिरालै छन् । पहाडका पाखापखेराहरूमा घरहरू बने, स्थायी बसोबासको प्रबन्ध हुँदै गयो । मौसमको प्रतिकूलताले गर्दा र खेतवारीमा उब्जा घट्तै गएपछि मानिसहरू दक्षिणको तराई भेग र पश्चिमतिरै बसाई सराइको कारणबाट पातलिदै गए पनि कसोकसो स्थानीय बसोबास प्रक्रियामा कुनै असर परेको देखिंदैन । अहिले जे जति मानिसहरू पहाडमा बसेका छन् तिनीहरू लेखबेसी गाउँवेंसी गर्दै दुःखसुख जीवन गुजारा गर्दै जीवन बिताउँदै छन् । गाउँघरमा जतिसुकै कहलिएको मानिस भए पनि उसले कुनै न कुनै दु:ख त भ्फेलिरहेको हुन्छ ।

भोजपुर जिल्लामा वैयाकरण नेपालको ठूलो नाम थियो, काशीमा पढेर आएका स्पष्टवक्ता र निर्भीकपनले यिनी थोरै समयमा प्रख्यात भएका हुन् । वैयाकरणका छोरा भानुभक्त नेपाल पनि पण्डित त भएका थिए तर धेरै समय सम्म कुनै सन्तानको जन्म नभएकोमा निकै पिरोलिएका थिए । यसै मौकामा अर्थात् ४० वर्षको उमेरमा वि.सं. १९८९साल माघ शुदि ५ श्रीपञ्चमीका दिन ज्येष्ठ पुत्रको रूपमा ज्ञानमणिको जन्म भएको हो । त्यो बेला गाउँघरमा कुनै किसिमका अस्पतालहरू खोलिएका थिएनन् र अझै पनि पर्याप्त छैनन् । राजधानी बाहिर सुविधायुक्त अस्पतालहरू त कति पो छन् र ? उसबेलाको त झन् कुरै भएन । पहाडको कुनाकाप्चातिर बच्चा जन्माउन नसेकर कैयौं स्वास्नीमानिसहरूको अकाल मृत्यु हुन्छ । ज्ञानमणिकी ठूली आमा पनि प्रसूति व्यथाले परलोक भएकी हुँदा अब त्यस किसिमको अनिष्ट नहोस् भन्नका लागि आमा अम्बिकादेवी नेपाललाई बालक जन्मने बेलामा मामाको घर खोटाङ्ग जिल्लाको पुरानागाउँ पुऱ्याइयो । ज्ञानमणिको न्वारानको नाम चक्रपाणि हो । पछि उनैका दाजु पण्डित वासुदेव नेपालले होडाचक्र जुराई ज्ञानमणि भन्ने नाम राखिदिएका हुन् । यसपछि एउटी बहिनी रुक्मिणी देवी जन्मिएपछि वि.सं. २००० सालमा आमा अम्बिकादेवीको परलोक भयो । ज्ञानमणिकी कान्छी आमा पट्टिबाट अरू पाँचभाइ छोरा दुइ बहिनी र छोरी जन्मिए । यसरी भानुभक्त नेपालका दुइटी पत्नीबाट ६ भाइ छोरा र ३ ओटी छोरी भए ।

पहिले पहिलेका मानिसहरू सानै उमेरमा विवाह गर्दथे । बच्चा जमीनमा उत्रिन पाएको हुँदैन, उसको विवाहको कुरो छिनिसकेको हुन्थ्यो । बाल विवाह गर्ने परम्परा नेपालको कुनाकाप्चातिर अझै छँदैछ । नेपालका गाउँघरको सामाजिक चालचलन र शास्त्र अनुसार आठ वर्षको उमेरमा ज्ञानमणिको व्रतबन्ध भयो र नौ वर्षमा टेक्नेवित्तिकै विवाह पनि भयो । यसबाट घर व्यवहारमा छँदा बाआमालाई सन्तोष मिले पनि ज्ञानमणिलाई भने सन्तुष्टि मिलेको थिएन । वि.सं. १९९८ साल माघ ४ गते उनको पहिलो विवाह भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामाजिक रीतिस्थिति र व्यवहारले गर्दा ज्ञानमणि नेपालको कलिलै उमेरमा विवाह भयो । यसले गर्दा उनको मनमा असन्तुष्टिको भावना पैदा भयो । यस अवस्थामा पण्डित वासुदेव नेपालले गरेका विद्याध्ययनमा ब्रह्मचर्यको महिमा भीष्म हनूमान् आवाल ब्रह्मचारी षडानन्दका जीवन चरित्रको वर्णनले ज्ञानमणिको मनमा शान्ति दिन्थ्यो । २५ वर्षको उमेरसम्म ब्रह्मचर्यमा रही विद्या पढ्ने प्राचीन परिपाटीको छाप उनका मनमा पनि परेको थियो । यसैले उनलाई १२ वर्षको उमेरदेखि २५ वर्षको उमेरसम्म परदेशिएर विद्या पढ्नमा प्रेरणा प्रदान गर्दिनै रह्‌यो औ यसै बेलादेखिनै बालविवाहको विरोधको भावना र ब्रह्मचर्यको माहात्म्य ज्ञानमणिको हृदयमा जागेकोजागै रहेको बुझिएको छ ।

पण्डित वैयाकरण नेपाल पनि नेपाली साहित्यका एक ओजस्वी प्रतिभा रहेछन् भन्ने कुरा हामीलाई ज्ञानमणि नेपालकै शोधखोज र लेखनबाट थाहा भएको हो । वैयाकरण नेपालका पनि दुइटी पत्नीबाट ४ भाइ छोरा जन्मेका थिए । जेठी पट्टिबाट ३ भाइ र कान्छी पट्टिबाट १ भाइ (जो भानुभक्त हुन्) जन्मेका थिए । भानुभक्तका धेरै पछाएर हर्कमा जन्मेको छोराको चाँडै विहा गर्ने चाहना बुझेर भोजपुर ***खिकाभाछा*** टक्सार पाठशालाका पण्डित ध्रुवलाल खतिवडाले आफ्नी छोरी दिएकाले पनि ज्ञानमणिको सानै उमेरमा विवाह भएको हुनसक्छ । दुर्भाग्यले गर्दा ११ वर्षका उमेरमा आमा र १६ वर्षको उमेरमा पत्नीको परलोकवास भयो । पिताको ज्यादा ढिपीले ज्ञानमणिको अनिच्छा हुँदाहुँदै छिटैनै उनको पुनः विवाह सिम्पानीका लक्ष्मीप्रसाद पोखरेलकी छोरी जयन्तीदेवीसँग सम्पन्न भयो । पछि यिनीबाट ५ भाइ छोरा पैदा भए । अहिले सन्तोष र शेखर नामका दुइ भाइ छोरा छन् । अरू छोरा सानैमा चाँडै स्वर्ग भएकामा त्यति धक्का नलागे पनि ***स्यमन्तक*** नामको एक छोरो चाहिं ७ वर्षको उमेरमा अपर्झट परलोक हुँदा उनलाई ठूलो वज्रपात पर्न गयो । यो पीरको शूलले अहिले पनि ज्ञानमणिको मुटुमा चस्स चस्स घोचिरहेको छ । विधिको विडम्बना, टारेर टार्न नसकिने । जुनसुकै बेला जेजस्तो दुःखहण्डर खप्नु परे पनि र जस्तोसुकै कठोर वज्रपात परे पनि सहनै पर्दो रहेछ । बालकृष्ण समले भनेजस्तै -

"सहू सहू सहू बाबु सहनै नसके पनि"

बालककालमा मातृ वियोग र बालविवाहका कारणले ज्ञानमणि दिनप्रतिदिन विरक्तिदै गए । त्यसैले उनको मन विद्या पढ्नमा एकोहोरियो र उनलाई घरको सुखसुविधावाट विमुख बनाएर विद्या पढ्नमैं प्रेरणा प्रदान गरायो ।

रूखको-जरो जस्तो छ, त्यसका हाँगाबिगा र फल त्यस्तै हुन्छन् । त्यस्तै मूल अनुसार त्यसका शाखा सन्तानहरुको प्रतिभा र योगदान हुनसक्छ । ज्ञानमणिका बा भानुभक्त शिक्षित पण्डित भएकाले उनलाई पाँच वर्षको उमेरमा अक्षरारम्भ गराए । ७ वर्षको उमेर हुँदा चण्डी सम्पूर्ण कण्ठ पारेका थिए । चाँडै वाचक चल्छ र अन्य पुस्तकहरूको अध्ययन गर्न सजिलो हुन्छ भनेर भानुभक्तले आफ्ना छोरालाई भानुभक्तीयरामायण र अरू भाषा श्लोक पनि पढाएका थिए । व्रतबन्ध भएपछि ज्ञानमणिले वेदरुद्री पढे । त्यसपछि ***अमरकोश, रघुवंश, लघुकौमुदी*** र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. ज्ञानमणि नेपालको वंशवृक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाणक्यनीतिदर्पण पढ्न शुरु गरे । दाजु पण्डित वासुदेव नेपालसँग ***शीङ् स्वप्ने*** धातुसम्म ***लघुकौमुदी*** पढेपछि गोगने पाठशालामा आफ्ना मामा पण्डित जयदेव अधिकारीसँग ***मध्यकौमुदी*** समग्र पढे ।

बालककालमा ज्ञानमणिलाई उनैकी आमैले भाषा श्लोक र पुराणका कथा तीर्थका वार्ता वारंबार सुनाइरहन्थिन् । मुखजावत सुन्दासुन्दै वैयाकरणका कतिपय सिलोक मुखाग्रै आउँदो भैसकेका थिए । आमैका मुखबाट सुनेका महापुरुषका कथा र जिवाका जीवन चरित्रले पनि ज्ञानमणिका बालजीवनमा ठूलो हौसला र प्रेरणा जगाएको थियो । यसबाहेक दाजु वासुदेवले दिएका वारंबारका उपदेशले वर्णव्यवस्थाका कुरा, आश्रम धर्म र नाना धर्मसम्प्रदायका मत, वेदान्तका कुराले साधारण पण्डित्याइँमा उनलाई पोख्त पारेको थियो । व्रह्मचर्यको महिमा उदासीनतार (भीष्म हनूमान् आदिको जीवनी), आवाल ब्रह्मचारी गुरु महाराजको कथाले ज्ञानमणिलाई अत्यन्त प्रेरणा दिएको थियो । उनको आत्यन्तिक व्रह्मचर्यमा बसी विद्या पढ्ने आकाङ्क्षा थियो । २५ वर्षसम्म व्रह्मचर्य व्रत धारण गरी विद्या पढ्नु पर्छ भन्ने प्राचीन परम्परालाई नाबालकमै करबलले विवाह भए तापनि ***असीधारव्रत*** ले उनले आफ्नो दृढसङ्कल्प पूरा गरी छाडे । बालककालमा दाजुले दिएको उदासीनताको पुस्तक दोहऱ्याईतेहऱ्याई पढेका थिए । यस अतिरिक्त ***सत्यार्थप्रकाश*** पनि दाजुबाटै पढेका थिए । दयानन्दका तार्किक कुरा उनलाई ज्यादै चाख लाग्थ्यो । यसैको प्रभावले ज्ञानमणिभित्र रहेको अन्धविश्वास धेरै हटिसकेको थियो । पञ्चतन्त्रको ***अनन्तपारं किल शब्द शास्त्रं*** भन्ने सिलोक पढाउँदा व्याकरण शास्त्र पढेर कहिल्यै सकिदैन मूल ***अष्टाध्यायी*** पढे सबै व्याकरण जानिन्छ, तर त्यो पढाइ अहिले छैन भनी दाजु वासुदेवले व्याख्या गरेको सुन्दा मूल ***अष्टाध्यायी*** पढ्ने जिज्ञासा उनका मनमा जागेको थियो । यही जिज्ञासालेनै पछि गएर नयराज गुरुले चलाएको ***अष्टाध्यायी*** पढाउने पाठशालामा ज्ञानमणिले पढ्ने प्रेरणा पाएका हुन् ।

पण्डित लक्ष्मीप्रसाद पोखरेलको साथ लाएर भानुभक्तले छोरालाई काठमाडौं पठाएका थिए । उनले काठमाडौं जाने कुरा गर्दा हिंड्ने बेलामा-काठमाडौं गए पनि काशीमा गए पनिं पाकशालामा भरना भएर भात नखानू क्षेत्रको अन्न नखानू, तीर्थमा दान नलिनू भन्ने बाले छोरा ज्ञानमणिलाई अर्तीउपदेश दिएका थिए । तीर्थदान महादान आदि शास्त्रले निषेध गरेका दान नलिने कुरामा जिबाका उपदेश आमैको मुखबाट सानैदेखि सुन्दै गरेकाले उनी त्यसमा दृढप्रतिज्ञ थिए । राजदरवारमा बसेकी एउटी पूर्वकी महिलाले निकै ठूलो दान पाशुपतक्षेत्रमा दिलाउन खोज्दा ज्ञानमणिले प्रत्याख्यान गरिदिएकाले उनी अहिलेसम्म पनि ज्ञानमणिदेखि रिसाएकी रिसायै छन् ।

काठमाडौं आउँदा उनमा मध्यमासम्म दिनसक्ने योग्यताका भैसकेको थियों । ***मध्यकौमुदी, अमरकोश*** १ काण्ड जति **रघुवंश** ५ सर्ग ***तर्क संग्रह, श्रुतबोध, पञ्चतन्त्र*** आदि पढिसकेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसबाहेक ***भागवत, अध्यात्मरामायण*** आदि पनि ज्ञानमणिले अर्थसहित पढिसकेका थिए । काठमाडौं आइपुगेपछि उनका अगाडि तीनटा बाटा विकल्पमा तेर्सिएका थिए -

(क) रानीपोखरी पाठशालामा भरना भएर मध्यमा परीक्षा दिने

(ख) शेषराज रेग्मीसँग पढी बनारसमा गएर जाँच दिने

(ग) नयराज गुरुसँग अष्टाध्यायीको पाठ्यक्रम अनुसार पढी ग्रन्थकण्ठ पार्ने, परीक्षा नदिने ।

यी तीन कुरामध्ये परीक्षा नदिने प्रणालीमा लगाउँदा पछिबाट आफूलाई अवजस आउँछ कि भन्ने शङ्काले शेषराज रेग्मीको पाठशालामा पढ्नेमा लक्ष्मीप्रसादको राय ढल्केको थियो । आफ्ना छोरालाई नयराजकहाँ पढाएको हुँदा त्यहाँ जानेमा पनि उनको निषेध चाहिं थिएन, ***बाबुको आँट*** भन्ने राय थियो । रानीपोखरी पाठशालाको पढाइमा भने असन्तोष व्यक्त गरेकोमा त्यहाँ नजाने चाहिं पक्का निधो लागेको थियो । १०/८ दिन यस्तै दोधारमा विते आखिर ***अष्टाध्यायीको*** पढाइमा दाजुको कुरादेखिनै ज्ञानमणिको श्रद्धा जागेकाले त्यसै पाठशालामा पढ्न जाने निधो उनले गरे । परीक्षा नदिने, ग्रन्थ कण्ठ गर्ने पद्धति नै उपयुक्त ठानेर नयराज गुरुको पाठशालामा उनी भरना भएका हुन् । यद्यपि शहरवासीका निम्ति यो पाठशालाका नीति नियम ज्यादै कठोर र कडा पनि थिए, तर ज्ञानमणिका लागि भने ती सहजनै वन्न पुगे । ***पढ्छस् कि भाग्छस्*** भन्ने शङ्का उपशङ्का उठाएर गरिने गुरुको तीखो शङ्का भने उनका निम्ति निकै घाउघोचा अनुभव हुन्थे । ***अष्टाध्यायी, रघुवंश, भट्टिकाव्य, अमरकोश*** कण्ठ पार्ने, ***हर्षचरित रफत*** गर्ने, अरू सय पुस्तक हेर्ने, पढ्ने नियम थियो । त्यस पाठशालामा आफूभन्दा तलका विद्यार्थीहरूलाई पनि नियमितरूपमा पढाउनुपर्थ्यो । यसका अतिरिक्त नेपालको इतिहास मूलस्रोत पहिल्याएर पढ्ने, शुद्धाशुद्धिको निर्क्योल गर्ने काम पनि नियमित रूपमा हुँदै थियो । २ वर्ष पढ्नु पढाउनु गरेपछि नयराज गुरुको पाठशालामा पढेका विद्यार्थीहरूको योग्यताको चर्चा चल्यो । ब्रह्मचर्याश्रम गृगस्थलीमा अध्यापक भरना गर्ने कुरा उठ्यो । ज्ञानमणिको परीक्षा नभएको हुँदा मौखिक जाँच लिइयो । शास्त्री आचार्य परीक्षा पास गरेका मान्छेले अर्थ लाउन नसकेको पद्य अर्थ गरेबापत योगी नरहरिनाथबाट ज्ञानमणि नेपालले पुरस्कार पनि प्राप्त गरेका थिए । निश्चल नि:स्वार्थरूपले प्राप्त गरेको यो सानो पुरस्कार पनि उनका निम्ति ठूलो उपलब्धि वन्न पुग्यो । भोलानाथ पौडेल पनि यहाँ पढाउने अध्यापकमा भरना भए । परीक्षाको प्रमाण पत्र हुँदा उनलाई मौखिक अन्तर्वार्ताको झन्झट परेन । ३/४ वर्ष पढाएपछि त्यहाँका विद्यार्थी झण्डा लिएर सडकमा जुलुसमा जाने कुरा चले । ज्ञानमणिजस्ता राजनीतिमा प्रत्यक्ष संलग्न भएको देखाउन रुचि नलिने (अप्रत्यक्ष रूपमा त कुनै न कुनै प्रति आस्था हुनसक्छ) हरूलाई त्यो कुरा मान्य भएन र उनीहरूले ब्रह्मचर्याश्रम छोडे । साथीसँग मिलेर ***रघुवंश*** पाठ्य पुस्तक, ***कौटलीय अर्थशास्त्रको*** ऐतिहासिक व्याख्या २ भाग, ***इतिहास संशोधन*** १-५ तथा ***ऐतिहासिक पत्रसंग्रह*** १ भाग आदि ग्रन्थ प्रकाशन गरी शक्तिवल्लभ अर्ज्यालद्वारा लिखित ***जयरत्नाकर*** नाटकको सम्पादनसमेत गरे । त्यसपछि ***अष्टाध्यायीसम्म***को पाठ सुनाएर ज्ञानमणि नेपाल आफ्नो घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गए । उनले घरमा बसेर एउटा पाठशाला खोली आठ वर्षजति त्यहाँ नि:शुल्क पढाए । बनारसमा बसेर पढिरहेका साथी पुरुषोत्तम भट्टराईलाई पनि ल्याई सोही पाठशालामा अन्यान्य विषय पढाउने प्रबन्ध मिलाएका थिए । यस्तैमा स्थानीय प्रधानपञ्च उपप्रधान पञ्चसँग मिलोमतो गरी अङ्ग्रेजी स्कूलका हेडमास्टरले श्री ५ को सरकारको पाठ्यक्रमका अतिरिक्त पढाइ चालू गराएर गाउँ भाँडे भन्ने बेहोराको उजूरी पारे । यसमा कार्यवाही गरी तात्कालिक जि.शि.नि ले ज्ञानमणिको सो पाठशालामा प्रतिबन्ध लाए । उनले व्यक्तिगत पढाइ समेतमा प्रतिबन्ध लाउने खालको पत्र लेखेका थिए । पछि यो चाहिं फुक्का भयो ।

संस्कृत पाठशालाको सञ्चालन, पुस्तकालय खोल्ने र अरू यस्तै यस्तै सामाजिक कार्य गर्दै ज्ञानमणि आफ्नो व्यक्तिगत पढाइलेखाइमा समेत संलग्न रहन लागे । गोगने पाठशालाको गुठी समितिको र पाठशाला सञ्चालक समितिको अध्यक्षसमेत भएर उनले काम गर्ने मौका पाएका थिए । यातायातको असुविधा, आर्थिक कठिनाइ, अशिक्षा आदिले गर्दा गाउँमा सामाजिक कार्य गर्न अत्यन्त असुविधा पर्ने र संकुचित संकीर्ण मनोवृत्ति, झैझगडा, व्यक्तिगत रीसइवीले पनि सामाजिक कार्य गर्न कठिन हुँदा उनी पुन: काठमाडौं हालसम्म आई पढाइलेखाइमा संलग्न भइरहेका छन् । घरव्यवहार सामाजिक अरू सबै कार्य छाडी इष्टमित्रबाट पनि टाढा रही पडाइलेखाइमै एकाग्र भएर लागेका ज्ञानमणि नेपालले नेपाल र एशियाली अनुसन्धान केन्द्रमा अनुसन्धानकार्यमा संलग्न भई काम गरेको पनि अहिले १६ वर्ष व्यतीत हुन लाग्यो । अनुसन्धानको यस्तो महिमा व्याप्त भएको बेला अनुसन्धान कृतिकै आधारमा त्रिभुवन विश्वविद्यालयले प्राध्यापक पद पनि दिने नियम बाँधेको भए तापनि अनुसन्धानमा पहिलेदेखि प्रखरता प्राप्त गरेका र अनुसन्धान मूलक कृति प्रकाश गरेका ज्ञानमणि नेपालले अहिलेसम्म कुनै स्थायी पद नपाउनु एक विडम्बनानै हो । विद्याको महत्त्वको अभाव, राष्ट्रिय जागरणको कमी, योग्यताको कदर गर्ने प्रवृत्तिको विपरीत चाकडी चापलुसी वढेकोमा उनी अत्यन्त दु:ख मान्छन् । स्वतन्त्र सार्वभौमसत्तासम्पन्न देशका लागि नसुहाउँदो दासमनोवृत्ति र धनको लागि कर्तव्याकर्तव्यको विवेक हराएको देख्ता विचलित बनेको कुरा गर्छन् । विना आत्मवल देशको विकास र जनताको उत्थान असम्भव ठान्दछन् । जे भए पनि यस्तै स्थिति हँदाहुँदै कठिन परिश्रमले आफ्नो अध्ययन अनुसन्धान कार्य जारी राखेकै छन् ।

विद्याको उन्नति भएर राष्ट्रिय जागरण नआई देशको उत्थान हुन सक्तैन । पश्चिममा पहिले विद्याको उन्नति भएर राष्ट्रिय जागरण आयो र त्यसपछि प्रजातन्त्रको विकास सुस्थिर भएर रहेको छ । त्यसकारण हामीले विद्या पढ्नामा सबै कुरा छाडेर प्रयास गर्नुपर्छ । परन्तु आधुनिक शिक्षा पद्धतिबाट यो कुरा सम्भव छैन । आज शिक्षाको सङ्ख्यात्मक वृद्धि भएको छ । गुणात्मका विकास ठ्याम्मै भएको छैन । अर्को कुरा पनि खट्किने खालको के छ भने पश्चिमी अङ्ग्रेजी शिक्षा पाएका मानिस आफूलाई अनन्यसाधारण ठान्दछन् र अङ्ग्रेजीमा लेख्नु बोल्नु गौरव मान्दछन् । यसकारण पनि नयाँ कुरा नेपाली साधारण जनमा पुग्न पाउँदैन र यसै हुँदा नेपालमा शिक्षित साधारण जनताबीच दिनपरदिन ठूलो खाई बढ्दै छ । यसले राष्ट्र भाषामा ज्ञानविज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घट्तै छ र उच्चकोटिका ग्रन्थ लेख्ने, तिनमा चर्चा परिचर्चा हुने , तिनको महत्त्व बदाउनेतर्फ कसैको ध्यान छैन । काल्पनिक कथा कहानीमै हाम्रो वाङ्मयको इयत्ता आँकिरहिएको छ । यसले पनि दिनानुदिन राष्ट्रिय चिन्तनको साथै राष्ट्र भाषाको महत्त्व कम भैरहेछ । राष्ट्रभाषालाई सवल र सक्षम पार्न पनि यसमा पुराना ग्रन्थ र आधुनिक ज्ञानविज्ञानका अनुवादले पनि भर्नु आवश्यक छ भन्ने ज्ञानमणि नेपालको धारणा छ ।[२]

नयराज पन्तले दिएको योग्यताको प्रमाणपत्र

श्री नानी ज्ञानमणि नेपाल

वि.सं. २००४ को अन्त्यमा तिमी मकहाँ पढ्न आएथ्यौ, बीचमा एक वर्ष जति घर गई अरू समय तिमीले पढ्दै आएका छौ । ***मध्यकौमुदी***संम तिमीले घरमा पढी आएका रहेछौ । मसँग ***रघुवंश, अष्टाध्यायी , भट्टिकाव्य र अमरकोश*** पढी कण्ठ गरी सुनायौ । काव्य नाटकहरू हेर्दै अर्थ गर्ने हाम्रो परिपाटीको शिक्षा तिमीले पाएका छौ । नेपालको इतिहासको ज्ञान तिमीलाई भइसकेको छ । इतिहासको अनुसन्धान गर्ने रीति पनि तिम्रो मनमा चढेको छ । संस्कृतमा गद्यपद्य लेख्न तिम्रो हात राम्रो बसेको छ । हामीहरूको पाठशालामा पढाउँदै आएकाले पढाउने रीति तिमीले जानेका छौ । ***रघुवंश*** पाठ्यपुस्तक १ भाग, ***कौटलीय अर्थशास्त्र***को ***ऐतिहासिक व्याख्या*** १-२ भाग, ***इतिहास संशोधन*** १,२,३,४,५ भाग तिमीहरूले रचना गरी प्रकाश गराइसकेका छौ । ***संस्कृत सन्देश***को सम्पादकत्व पनि तिमीहरूले चलाएका छौ । ***जयरत्नाकर नाटक***को सम्पादन र अनुवाद पनि तिमीहरूले गरेका छौ । यी दुवै ग्रन्थ नेपाल साँस्कृतिक परिषद्ले प्रकाशित गराउँदैछ । तिमी अब पढाउन लेखाउन समर्थ भइसकेका छौ । आफूले पढेको विद्याको सदुपयोग गर्ने समय तिम्रो अगाडि छ । विद्याको ज्योति फैलाउनू तिम्रो विद्या विषयक काममा जुनसुकै अवस्थामा पनि म तिमीलाई सकेसंमको सहायता दिनेछु ।

सहनाववतु । सह नौ भुनक्तु । सहवीर्यं करवा वहै ।
तेजस्विनावधीतमस्तु मा विद्धिविषावहै ।

उपनिषद्को यो उपदेशलाई सदैव मनमा संझिराखे

तिम्रो सदैव कल्याण चिताउने
नयराज पन्त
महाबौद्ध काठमाडौं नेपाल

२०१२।१०।२।२

२. ज्ञानमणि नेपालको वार्तालापवाट प्राप्त जानकारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृति

पाणिनिले आफ्नो ग्रन्थ ***अष्टाध्यायीमा संख्या वंश्येन*** भन्ने सूत्र लेखेका छन् । यो सूत्रले विद्यावंश र जन्म वंशको उल्लेख गरेको छ । वस्तुतः जन्म वंशभन्दा विद्यावंशकै बढी महत्त्व छ । मानप्रतिष्ठा, स्थायी वेतन वृत्ति केही नहोस् तर एउटै गहकिलो सन्तानरूपी कृतिले मानिसलाई अमर बनाइदिन्छ । ज्ञानमणिले अहिलेसम्म अनुसन्धान गरेका (प्रकाशित र अप्रकाशित दुवै), अरूसँग मिलेर लेखेका र सम्पादन गरेका कृतिको सूची सामग्री भागमा छुट्टै प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यको अनुसन्धानकर्ताका रूपमा

ज्ञानमणि नेपाललेत्रिभुवन विश्वविद्यालयमा अहिलेसम्म स्थायी सेवा पाउन सकेका छैनन् भन्ने कुरा त माथि प्रकाश भैसक्यो । नेंपाल र एशियाली अनुसन्धान केन्द्रमा परियोजनाको काममा संलग्न हुँदा तयार गरेका उनका अनुसन्धानात्मक प्रतिवेदनहरूले नेपालको प्रामाणिक इतिहासका पक्षमा ठूलो सहयोग मिलेको छ । आजभन्दा केही दशक पहिले सरदार रुद्रराज पाण्डे पुरातत्त्व विभागको निर्देशक हुँदा उनले ज्ञानमणिलाई अनुसन्धानको काममा नियुक्ति गर्ने प्रसङ्ग चलाएका थिए । पछि नियुक्तिको पदको सम्बन्धमा कुरा नमिलेर ज्ञानमणिले पुरातत्त्व विभागमा जागीर खान स्वीकार गरेनन् । उनीसितको संझौता नमिले पछि त्यही ठाउँमा शङ्करमान राजवंशी नियुक्त भए । वेतनवृत्तिलाई गौण मानी अध्ययन अनुसन्धानलाईनै जीवनको मुख्य उद्देश्य ठान्ने ज्ञानमणि एक्लैले कुनै संस्थाले पनि गर्न असम्भव प्रायः हुने प्रामाणिक ज्ञानको खोजीकार्य गर्दै आएका छन् ।

१६. ***इतिहास-संशोधन,*** प्रिन्सिपल श्रीभैरवबहादुर प्रधान एम्.ए.ले हाम्रो सद्भावनापूर्ण सल्लाह मानी आफ्ना अज्ञानलाई हटाउनुहोला अथवा आफूले बोलेका कुरा सिद्ध गर्न सक्ने कुनै बलियो प्रमाण उहाँसँग भए सो लिई हामीसँग शास्त्रार्थ गर्न मैदानमा उत्रनुहोला । (धनवज्रसँग मिलेर), प्रकाशक-आफैँ, काठमाडौं, विं.सं. २०१० ।

१७. मानदेवस्याभिलेखः (वि.सं. ५२२) (धनवज्रसँग मिलेर) , ***संस्कृत-सन्देश*** १ वर्ष १०-१२ अङ्क, वि.सं. २०१०) ।

१८. मांनदेवपौत्रस्य राज्ञो वसन्तदेवस्य शासनाभिलेखः (वि.सं. ५७०) (भोलानाथ र धनवज्रसँग मिलेर), ***संस्कृत-सन्देश*** १ वर्ष १०-१२ अङ्क ।

१९. महापात्रमेघधपालवर्मणः शिलालेखः (समयो विसं. १४१६) भोलानाथ र धनवज्रसँग मिलेर), ***संस्कृत-सन्देश*** १ वर्ष १०-१२ अङ्क ।

२०. अर्जुनमल्ल-जयस्थितिमल्लसमयाभिलेखः (वि.सं.१४२९) भोलानाथ र धनवज्रसँग मिलेर), ***संस्कृत-सन्देश*** १ वर्ष १०-१२ अङ्क ।

२१. राज्ञः पृथ्वीनारायणस्य शिलालेखः वि.सं. १८२६ (धनवज्रसँग मिलेर) संस्कृत-सन्देश १ वर्ष १०-१२ अङ्क ।

२२. वि.सं. १७५५ समयस्य नेपालोपत्यकायाः स्थिते : परिचायकं ताम्रपत्रशासनम् (धनवज्रसँग मिलेर) ***संस्कृत-सन्देश*** १ वर्ष १०-१२ अङ्क ।

२३, साभिलेखः पाषाणः ***संस्कृत-सन्देश*** १ वर्ष १०-१२ अङ्क ।

२४. श्रंचशोः शासनाभिलेखः अस्य समयः ६७२ विक्रमाब्दः (पशुपतिनाथको पश्चिम दोबाटाका गणेशको बाँयापट्टि रहेको अभिलेख) । धनवज्रसँग मिलेर) । ***संस्कृत-सन्देश*** २ वर्ष १-३ अङ्क, वि.सं. २०११ ।

२५. लिच्छविसमयस्य पाषाणस्तम्भोत्कीर्णो ऽभिलेखः (अनुपरमकृतं द्वैपायनस्तोत्रम्) धनवज्रसँग मिलेर), ***संस्कृत-सन्देश*** २ वर्ष १-३ अङ्क ।

२६. ललितपुराधिपतेः श्रीविष्णुसिंहस्य शिलालेखः (वि.सं. १६१०) (पाटनदेखि दक्षिण सुनागुठीका भृङ्गारेश्वरमन्दिरको ढोकाको लेख) । (भोलानाथ र धनवज्रसँग मिलेर) । ***संस्कृत-सन्देश*** २ वर्ष १-३ अङ्क ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७. *इतिहास-संशोधन (२ संख्या)* श्रीसरदार रुद्रराज पाँडे एम्. ए. ले कसरी यस्तो लेख्नुभएको होला (धनवज्रसँग मिलेर) प्रकाशक- आफैं। काठमाडौ, वि.सं. २०११।

२८. *इतिहास-संशोधन (३ संख्या)* विदेशतिर हेरी स्वदेश देखिदैन। (धनवज्रसँग मिलेर)। प्रकाशक- आफैँ, काठमाडौं, वि.सं. २०११।

२९. *इतिहास-संशोधन (४ संख्या)* प्रो. तोत्रराज पाण्डेय एम्. ए. तथा पं. नयराज पन्त ज्यौतिषाचार्यविरचित नेपालको संक्षिप्त इतिहासमा रहेका अशुद्धिहरू (धनवज्रसँग मिलेर)। प्रकाशक- आफैँ, काठमाडौ., वि.सं. २०११।

३०. इतिहासदूषक: *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्क वि.सं. २०११।

३१. कान्तिपुरेश्वरस्य श्रीशिवसिंहस्य समयस्य स्वयम्भूस्थ: शिलालेख: (वि.सं.१६६१) (यो शिलालेख स्वयम्भू चैत्यको उत्तरपट्टि शान्तिपुर जाने बाटोमा जाईको फेदमा रहेको छ) (धनवज्रसँग मिलेर) । *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्क।

३२. *इतिहास-संशोधन (५ संख्या)* श्रीकेशरबहादुर खत्री क्षत्री एम्.ए.ले फैलाउन खोज्नुभएको भ्रमको निराकरण । हामीले सप्रमाण खण्डन गरेका उहाँका उक्तिलाई सिद्ध गर्ने प्रमाण उहाँसँग छ वा उहाँले "महापुरुष तथा निष्पक्ष इतिहासकार" भनी प्रख्यापन गरिनुभएको श्रीजिशेपटुचीसँग छ भने पनि सो लिई हामीसँग शास्त्रार्थ गर्न आउनुहोला। (धनवज्रसँग मिलेर)। प्रकाशक- आफैं काठमाडौं।२०१४।

३३. *ऐतिहासिक पत्रसंग्रह* (धनवज्रसँग मिलेर) । प्रकाशक-नेपाल सांस्कृतिक परिषद् काठमाडौं, वि.सं. २०१४।

३४. *जयरत्नाकरनाटक* (नेपाली अनुवादसहित) (धनवज्रसँग मिलेर), प्रकाशक-नेपाल सांस्कृतिक परिषद्, काठमाडौं २०१४।

३५. *पुराना कविता* (कवि पं. वैयाकरण उपाध्यायका केही कवितासंग्रह), प्रकाशक नेपाल इतिहास विकाससमिति, भोजपुर, वि.सं. २०१८।

३६. *नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश,* प्रकाशक-नेपाल इतिहास विकाससमिति, भोजपुर, वि.सं. २०१९।

३७. *राष्ट्रको संझना* (गीतिकाव्य), प्रकाशक- नेपाल इतिहास विकाससमिति, भोजपुर, वि.सं. २०२४।

३८. *संगीतलहरी* प्रकाशक- जगदम्बाप्रकाशन, ललितपुर, वि.सं. २०२५।

३९. *वनका फूल* (पूर्वाञ्चलका पुराना कविका कविता र परिचयसहितको समीक्षात्मक कृति), प्रकाशक- नेपाल इतिहास विकास समिति, भोजपुर, वि. सं. २०२५।

४०. *धौता र मान्छे,* सगरमाथाबाट प्रकाशित।

४१. मोरङ्ग के हो ? विराटनगर कता ? *प्रवाह* (१ संख्या), साहित्यसंगम, भोजपुरबाट प्रकाशित।

४२. *विजयपुर एक परिचय, पीपल* (संस्कृत छात्र पुस्तकालयको वार्षिक मुखपत्र), ८ वर्ष ८ हाँगो, संस्कृत छात्र पुस्तकालय पिण्डेश्वर धरान, वि.सं. २०३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६५. नेपाली संस्कृति, ***प्रवक्ता*** २ वर्ष ५ अङ्क, वि.सं. २०४० ।
६६. नेपाली संस्कृति, ***प्रवक्ता*** २ वर्ष ६ अङ्क, वि.सं. २०४० ।
६७. कालाभन्दा गोरा प्रामाणिक ? ***नयाँ क्षितिज*** १ वर्ष ४ अङ्क, वि.सं. २०४० ।
६८. सिद्ध औतारीको रजाइँ गर्ने उत्कण्ठा, ***प्रज्ञा*** ४४ पूर्णाङ्क, वि.सं. २०४० ।
६९. वाग्भूषणका बूढा पुराना कुरा, ***रूपरेखा*** २४ वर्ष १० अङ्क, वि.सं. २०४० ।
७०. ***नेपाल निरुक्त***, प्रकाशक- नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं., वि.सं.२०४० ।
७१. ***जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन,*** प्रकाशक नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, वि.सं. २०४० ।
७२. हरिश्चन्द्रविलाप (खण्डकाव्य) ***प्रज्ञा*** ४५ पूर्णाङ्क, वि.सं. २०४० ।
७३. (पुरानो कविता) ***रूपरेखा*** ।
७४. नेपालको प्राचीन इतिहासमा पं. उदयानन्दका उद्‌गार , ***रश्मि*** १ वर्ष ३ अङ्क, वि.सं. २०४० ।
७५. भौगोलिक स्थितिअनुरूप तान्त्रिकविधिको अनुष्ठान, ***इन्दु*** (मासिक) ६ वर्ष ३ अङ्क, वि.सं. २०४१ ।
७६. सं. १८७८ का छवटा फैसला र सजायका स्वरूप, ***नेपाल कानून परिचर्चा*** ८ वर्ष १ अङ्क, वि.सं. २०४१ ।
७७. नेपालमा अनुसन्धानको स्थान, ***पारिजात*** ६ वर्ष २ अङ्क, वि.सं. २०४१ ।
७८. नेपाली निर्वचन (३) नेपाली बृहत् शब्दकोश नियालेर हेर्दा , ***नेपाली*** (त्रैमासिक) १०० पूर्णाङ्क, वि.सं. २०४१ ।
७९. हरिश्चन्द्रविलाप- एक समीक्षा ***प्रज्ञा*** ४७ पूर्णाङ्क, वि.सं. २०४१ ।
८०. लेखनस्वतन्त्रता - पुरानो उदाहरण (ऐतिहासिक दस्तावेज) ***राष्ट्रिय पुनर्जागरण,*** ४ वर्ष ८-९ अङ्क, वि.सं. २०४१ ।
८१. देवशमशेरका सुधारकार्य र अंग्रेजप्रतिको भावना, ***अन्तर्राष्ट्रिय मञ्च*** (द्वैमासिक पत्रिका) १ वर्ष २ अङ्क, वि.सं. २०४१ ।
८२. ***नेपाल सुखीमसम्बन्ध*** (वि.सं. १८३१-१९०७) प्रकाशक- नेपाल इतिहास विकास समिति, पूर्वाञ्चल, वि.सं. २०४१ ।
८३. नेपालका अंग्रेज रेजिडेन्टहरू, ***अन्तर्राष्ट्रिय मञ्च*** १ वर्ष ३ अङ्क, वि.सं. २०४१ ।
८४. राजकुमार नायव वहादुर शाह र उनले बाँधेका स्थिति बन्देज ***प्राचीन नेपाल*** ८३ सं. पुरातत्त्व विभाग, २०४१
८५. धर्मसहिष्णुता तथा समन्वय, ***नेपाल कानून परिचर्चा*** ८ वर्ष ४ अङ्क, वि.सं. २०४२ ।
८६. प्राचीनकालको भाषासम्बन्धमा एक सानो चर्चा, ***किरातेश्वर सन्देश*** १ वर्ष १ अङ्क, वि.सं. २०४२ ।
८७. इतिहास लेख्ने प्रमाणले कि आफ्ना अनुकूल कल्पनाले, ***रूपरेखा*** २६ वर्ष ४ अङ्क, वि.सं. २०४२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८. जङ्गबहादुरप्रति दगा र गोठू बस्नेतको अवज्ञा, *प्राचीन नेपाल* ८९ संख्या, वि.सं. २०४२ ।
८९. जङ्गबहादुरका मान अपमानका कुरा, *प्राचीन नेपाल* ९० पूर्णाङ्क, वि.सं. २०४२ ।
९०. पृथ्वीनारायण शाह र नेपाल, *अन्तर्राष्ट्रिय मञ्च* २ वर्ष ५ अङ्क, वि.सं. २०४२ ।
९१. पृथ्वीनारायण शाह र त्यसपछि *अन्तर्राष्ट्रिय मञ्च* २ वर्ष ७ अङ्क, वि.सं. २०४२ ।
९२. नेपाल बृहत् शब्दकोशमा प्राप्त इतिहाससम्बन्धी केही अशुद्धिको समीक्षा, *रोलम्ब* ५ भाग ४ संख्या, वि.सं. २०४२ ।
९३. देशोत्थानमा बाधक आन्तरिक संघर्ष र न्यायाभाव, *अन्तर्राष्ट्रिय मञ्च* २ वर्ष ११ अङ्क, वि.सं. २०४३ ।
९४. चीनमा अन्त्यक्रियापद्धति र सतीप्रथा, *प्रज्ञा* ५५ पूर्णाङ्क, वि.सं. २०४३ ।
९५. सन्त कवयित्री शक्तिमाता योगमाया, *जिज्ञासा* (नेपाली सन्त विशेषाङ्क) ४ पूर्णाङ्क, वि.सं. २०४३ ।
९६. चिया खाने चलन, *अरुणोदय* २२ वर्ष ३-४ अङ्क, २३, वर्ष १-४ अङ्क, वि.सं. २०४३ र *मुहूर्त* १ अङ्क २०४४ ।
९७. *पशुपतिनाथको, दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा,* महेशराज पन्त (प्रकाशक) वटु, वि.सं. २०४३ । [१]
९८. कर्तव्यनिष्ठा उहिले अहिले, *बालक* (मासिक पत्रिका) प्रकाशक बाल संगठन ।
९९. नेपालनिरूपण (स्वस्ति नेपालेभ्यः को शुद्ध पाठ र सही अर्थ) *प्राचीन नेपाल,* १०३ सं.प्रकाशक-पुरातात्त्वविभाग वि.सं.२०४४ ।
१००. भोन्त र भोन्तका भण्डारी पशुपतिमा *शैवभूमि* ५।५। वर्ष २०४५। अङ्क ,
१०१. पिंजडाको शुगा अनुकृत कि उपज्ञात: (अनुसन्धानात्मक लेख) *समष्टि* १२-१३ संयुक्ताङ्क प्र. कर्मचारी क्लब, कृषि विकास वैंक रामशाह पथ, २०४४ मंसीर-फागुन ।
१०२. सत्य असत्यको द्वन्द्व, *समष्टि* १५ पूर्णाङ्क २०४५ असार साउन ।
१०३. तेह्रौं चौधौं शताब्दीका दुइ महाभूकम्प *अन्तर्राष्ट्रिय मञ्च*
१०४. माझकिरातको संक्षिप्त सिंहावलोकन (इतिहास) *भोजपुर,* प्रकाशक भोजपुरे सेवासमाज काठमाडौं २०४५ ।
१०५. *नेपाल भोटचीनसम्बन्धका केही साँस्कृतिक पक्ष,* प्रकाशक - नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान कमलादी वि.सं. २०४५ ।
१०६. कोशार्थ निरूपण, *प्रज्ञा* १७ वर्ष ३ अङ्क ६५ पूर्णाङ्क, ने.रा. प्रज्ञा प्रतिष्ठान वि. सं. २०४५ माघ फागुन चैत ।

---

१. ज्ञानमणि नेपाल *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा;* महेशराज पन्त (प्रकाशक) २०४३ चैत, पृष्ठ ६३ - ७१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४३. ***वैयाकरण नेपालरचित किष्किन्धाकाण्ड तथा पुण्यशिक्षा,*** प्रकाशक- साझा प्रकाशन, वि.सं. २०३४ ।

४४. चौसठ्ठी सालपर्व, ***मधुपर्क*** १० वर्ष ६ अङ्क, वि.सं. २०३४ ।

४५. संस्कृतप्राज्ञको कर्तव्य, ***समीक्षा*** (साप्ताहिक) १९ वर्ष १ अङ्क, वि.सं. २०३४ ।

४६. लिच्छविसंवत्को तथ्यतामा टिप्पणी, ***नेपालको इतिहासका विवादास्पद विषयहरू,*** इतिहास शिक्षणसमिति र पुरातत्त्वशिक्षणसमिति, त्रिभुवनविश्वविद्यालय, कीर्तिपुर, वि.सं. २०३७ ।

४७. वीरशमशेरको सुनबेपार (इतिहास अनुसन्धान) ***सिसार,*** ३ वर्ष ३ अङ्क, वि.सं. २०३७ ।

४८. जङ्गबहादुरको विदेशनीति र वि. सं. १९०४ मा पेचिन जाने प्रतिनिधिमण्डलको यात्रावर्णन, ***कन्ट्रिब्यूशन्स् टु नेपलिज् स्टडिज्,*** ८ भाग २ संख्या, वि.सं.२०३८ ।

४९. सन्तानब्बे सालपर्व, ***प्रज्ञा*** ३५ पूर्णाङ्क, वि.सं. २०३८ ।

५०. साम्राज्यको संकल्प ***धर्मसन्देश*** ११ वर्ष १ अङ्क, वि.सं.. २०३९ ।

५१. ***नेपाली संस्कृति संरक्षण र संवर्द्धन*** (एक दिने विचारगोष्ठी) (साहित्यिक पत्रकारसंघद्वारा गठित कार्यपत्र समितिमा धनवज्र वज्राचार्य, प्रचण्ड मल्ल र विश्वविमोहन श्रेष्ठ थिए) । वि.सं. २०३९ ।

५२. बाँधपैनीको व्यवस्था विकासको पहिलो चरण हो (ऐतिहासिक दृष्टान्तसहित), ***नयाँ क्षितिज*** १ वर्ष २-३ अङ्क ।

५३. बासठ्ठीहरणको दोष मेट्ने प्रयास ,***नेपाल कानून परिचर्चा*** ६ वर्ष १ अङ्क, वि.सं. २०३९ ।

५४ नेपाली साहित्यका एक उज्ज्वल तारा अझै ओझेलमा, ***प्रज्ञा*** ३९ पूर्णाङ्क वि.सं. २०३९ ।

५५. नेपालको धन विदेशी बैङ्कमा, ***आर्थिक नेपाल*** १ वर्ष १ अङ्क वि.सं. २०३९ ।

५६. के किरातीहरू आयुधजीवी थिएनन् ? ***रोलम्ब*** २ भाग ४ संख्या १९८२ ई. ।

५७. साँपको खुट्टा साँपले देख्ने बुद्धिजीवीहरू विवेक माझ्ने (सूर्यविक्रम ज्ञवालीबारे) ***चक्षु*** साप्ताहिक ५ वर्ष ७ अङ्क, वि.सं. २०३९ ।

५८. नेपालीको एउटा नौलो कविता ***नेपाली ९४ पूर्णाङ्क,*** वि.सं. २०३९ ।

५९. महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्यसाधना ***प्रज्ञा*** ४१ पूर्णाङ्क वि.सं २०३९ ।

६०. भानुभक्तका बाबु खरीदार धनञ्जय आचार्यसम्बन्धी २ पत्र (साहित्य संस्कृति) ***प्रवक्ता*** साप्ताहिक १ वर्ष २५ अङ्क, वि.सं. २०४० ।

६१. तात्कालिक राजनीतिको पृष्ठभूमिमा भानुभक्तको कलम , ***पारिजात*** ५ वर्ष २ अङ्क, वि.सं. २०४० ।

६२. नेपाली संस्कृति , ***प्रवक्ता*** २ वर्ष ४ अङ्क, वि.सं. २०४० ।

६३ वलीअहद त्रैलोक्यविक्रमका महारानीहरू र रणोद्दीपसिंहको तीर्थयात्रा, ***प्राचीन नेपाल*** ७८ संख्या, वि.सं २०४० ।

६४. स्थिति बाँध्ने राजाहरू एक अध्ययन, ***नेपाल कानून परिचर्चा*** ७ वर्ष १ अङ्क, वि.सं. २०४० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०७. कपर्दार भोटु पाँडे, ***प्राचीन नेपाल*** ११५ संख्या २०४६ पुस, माघ पुरातत्त्व विभाग, काठमाडौं
१०८. इतिहास लेख्ने परम्परा र नेपालवृत्त, ***प्रचीन नेपाल*** १०७ सं. वि.सं. २०४५
१०९. अमरसिंह थापाका उत्तराखण्डका धर्मकृति र गङ्गोत्तरीका पण्डालाई गरिदिएको पछिका रुक्का, ***दृष्टिकोण,*** म.ब. क्याम्पस, धरान ।
११०. आधुनिक इतिहासमा एउटा अमिल्दो निष्कर्ष, ***विमर्श*** २०४७ ।
१११. राजनीतिले जिउँदैमा चोला बदलिदिन्छ, ***विमर्श,*** २०४९ ।
११२. पिंजडाका सुगाको व्यथाको कथा, ***गरिमा*** ११२ पूर्णाङ्क २०४८ ।
११३. महाकवि उदयानन्द अर्जेलको महाकाव्यवारे केही छलफल, ***धरणी*** १८ पू, विराटनगर ।
११४। महाकवि उदानन्द अर्जेलका ग्रन्थ, संस्कृतपद्य र ग्रन्थसंगह, ***उन्नयन*** ८ । २०४८
११५. भारतीय नाट्यशास्त्रको आवाहमा आवास पाठ साँचो हो कि सच्याइएको हो, ***प्राचीन नेपाल*** १२३-२५ संख्या, वि.सं. २०४८ ।
११६. नेपालमा आर्य समाजको पूर्वावस्था, ***उन्नयन*** ९ । २०४९
११७. छयालिस साल चैत सात गतेको सभा पर्व, ***गरिमा*** ११७ पू. २०४९ भाद्र
११८. नेपाल भारत सन्धिको एक प्रसङ्ग, ***बिमर्श*** २०४९ भाद्र २६ गते

अप्रकाशित

नेपाल एशियाली अनुसन्धान केन्द्रमा बुझाएको प्रतिवेदन

१. भोट चीनसम्बन्धी अभिलेख, १ भाग (८०० पृ)
२. भोट चीनसम्बन्धी अभिलेख, २ भाग (४०० पृ.)
३. भोट सम्बन्धी संग्रह, ३ भाग (३०० पृ.)
४. नेपाल भोट चीनसम्बन्ध प्राचीन र मध्यकाल, ०४१/४२ (२३९ पृ.)
५. नेपाल भोट चीनसम्बन्ध (१८०१-१९०३), ०४०/४१ (३८५ पृ.)
६. नेपाल भोट चीनसम्बन्ध (१९०३-२०१२), ०४२/४३ (५०० पृ.)
७. नेपालका पूर्वमध्य कालको इतिहास (सं. ९३६ - १५३८), ०४३/४५ (३५८ पृ.)
८. जाग्रत नेपाल (उन्नाइसौं शताब्दीको साहित्यिक गतिविधि) ०४५/०४६/४७, (१०० पृ.)
९. कोत पर्व ०४७, (३०० पृ.)
१०. २००७ सालको नेपाल भारत सन्धिको पृष्ठभूमि ०४७/४८
११. मध्यकालका विद्वच्छिरोमणि माणिक्यवर्द्धन र उको साहित्यसाधना (पन्ध्रौं शताब्दी), ०४८/४९ (२०० पृ.)
१२. अलौ आदि पर्व (वर्तमान), ०४९/५०

२०५० सालमा प्रकाशित

नेपालमा महाभारत

☆ ☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद ४

नेपालको विद्वत्परम्परा: संक्षिप्त अवलोकन

(तत्काल भेटेसम्मको छोटो विवरण मात्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको विद्वत्परम्पराः संक्षिप्त अवलोकन

परिचय

वि.सं. २०४० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित*बृहत् नेपाली शब्द कोषमा* विद्वान् शब्दको अर्थ यसरी गरिएको छ-

धेरै विद्या आर्जन गरेको, ज्यादै शिक्षित; पण्डित । शास्त्रको मर्म बुझ्ने, तत्त्वको वेत्ता, तत्त्वज्ञ । धेरै लेखपढ गरेको व्यक्ति; पण्डित ।

वस्तुतः विद्वान् भनेको पनि धेरै शास्त्रहरू पढी ठीकबेठीक छुट्याउनसक्ने विवेकी पुरुष हो । नेपालमा अङ्ग्रेजी शिक्षाको प्रचारप्रसार नहुउन्जेल संस्कृत विद्याको निकैनै बोलवाला थियो । अङ्ग्रेजी शिक्षा भित्रिएपछि प्रायः शिक्षित मानिसहरूले पाश्चात्य ढङ्गको जीवनपद्धति अपनाउन थाले । त्यसपछि हाम्रो परम्परागत साँस्कृतिक मान्यताहरूमा धमिरा लाग्दै गयो । यस सन्दर्भमा नढाँटीकन भन्ने हो भने-कसैले पनि प्रकाण्ड विद्वान् हुनका निम्ति संस्कृत नपढी धरै छैन । किनभने ज्ञानविज्ञानका सारा कुरा संस्कृत भाषामा गहिरोसँग जसरी व्यक्त गरिएको छ त्यसरी संसारका अन्य कुनै पनि भाषामा व्यक्त गरेको पाइँदैन । त्यसैले संस्कृत भाषा भनेको प्रशान्तमहासागर जस्तै गहिरो समुद्र हो जसभित्र डुबुल्की मारेपछि अमूल्य निधिहरू पाउन सकिन्छ । यसै प्रसङ्गमा महाभारतमा लेखिएको एउटा श्लोक उद्धृत गर्नु मनासिब होला । जस्तै,

धर्मे अर्थे च कामे च मोक्षे च भरतर्षभ
यदिहास्ति तदन्त्र यत्नेहास्ति नतद् क्वचित्

नेपालमा संस्कृतका प्रकाण्ड विद्वान्हरू कैयौं भए । तीमध्ये जजसले कृति लेखेर प्रकाशन गरे वा लेखेर मात्र भए पनि छोडेर गए ती अमर छन् अर्थात् त्यसस्तरका विद्वान्हरूको इतिहास तयार पार्ने सामग्री उपलब्ध हुनसक्छन् । जजसले केही कुरा लेखेर छापेनन् वा छोडेनन् ती विद्वान्का बारेमा इतिहास तयार पार्दा जनश्रुतिलाई मात्र आधार मान्नु पर्ने अवस्था छ । संस्कृतका कैयौं विद्वान्हरू लेख्नमाभन्दा पढ्न र पढाउनमा बढी रुचि लिन्थे । त्यसैले त्यस कोटिका विद्वान्हरूले आफूले आर्जन गरेको विद्या जेजति विद्यार्थीलाई दिए दिए, अरू सबै आफैंसित लिएर गए । नेपालमा संस्कृत शिक्षाको प्रचारमा संस्कृत पढेका मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करफोकस्वामी सोमेश्वरानन्द

(स्रोत : गोरखापत्रमा प्रकाशित डा. स्वामी प्रपन्नाचार्यको लेखबाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्त्वपूर्ण योगदान छ । गाउँघरमा संस्कृत पाठशाला खोलेर, सरकारी तवरबाट खुलेका पाठशालामा पढाएर र गुरुकुल आश्रम सञ्चालन गरेर पुऱ्याएको योगदानलाई कुनै पनि हालतमा बिर्सन सकिँदैन । यस किसिमको रचनात्मक कार्यमा लागेका विद्वान् आफ्नो स्वाभीमानलाई त्याग्न सक्तैनथे। शायद त्यसैले पनि हुनसक्छ - त्यस्ता विद्वान्हरूलाई स्वार्थी समाजले तिरस्कारको भावनाले हेऱ्यो र उनीहरू परपर बन्दै गएको उदाहरण पनि नपाइने होइन । यस्तो परम्पराको विकास हुनाले विद्याको समुन्नतिमा खग्रास ग्रहण लाग्दै गयो । अर्को कुरा पढाउने र लेख्ने कार्य नगरी गुप्तवास बसेजस्तै एकान्त ठाउँमा बसी पढिरहने विद्वान्को सङ्ख्या पनि नेपालमा कम छैन । फेरि- पढ्न, पढाउन र लेख्नमा रुचि लिने तर कृति प्रकाशन गरी कीर्ति फैलाउनुलाई सुँगुरको विष्टासँग तुलना गर्ने साम्बभक्त शर्मा सुवेदीजस्ता विद्वान् पनि नेपालमा नपाइने होइन । नेपालको ऐतिहासिक मकैपर्वका एक जना पात्र साम्बभक्त सुवेदी सारस्वत प्रतिभा भएका मानिस हुन तर उनी प्रतिष्ठालाई यसरी व्यक्त गर्दथे, जुन एककिसिमले ठीकै हो कि जस्तो पनि लाग्छ । किनभने, अरुले आफ्नो गुणगान गर्दा मख्ख पर्ने तर आफू चाहिँ अरूको छिद्र खोज्दै हिंड्ने विद्वान् पनि नेपालमा नभएका होइनन् । वास्तवमा साँच्चिको विद्वान् त आफू खुरुखुरु प्राज्ञिक कार्य गर्दै जान्छन् । यस कोटिका विद्वान् न त अरूको व्यक्तिगत जीवनमा आघात पर्ने गरी छेडपेचका कुरा छाप्न रुचि लिन्छन्, न त अरूले आफ्नो बयान गर्दा र आफूले लेखी प्रकाशित गरेका कृति पढेका सुन्दा मख्ख पर्छन् । यी त विद्वान्का लक्षण होइनन् । अर्को कुरा, प्रतिष्ठा आर्जन गर्ने उद्देश्य लिएर काम गर्न थाल्ने मानिस सफल हुन सक्छ नै भन्न सकिँदैन । निन्दा र स्तुतिलाई कुनै वास्ता नगरी काम गर्ने मानिस नै वास्तविक रूपको मानिस हो ।

विष्टासरी सूकरको प्रतिष्ठा
हो रौरवै गौरव तुल्य निष्ठा
त्यै हो सुरापान विषे समान
गर्छन् कुनै सज्जन यै बयान [१]

यसरी विभिन्न विचार राख्ने र विभिन्न विषय पढी दक्षता हासिल गरेका नेपालका विद्वान्हरूको इतिहास धेरै लामो छ । यसको राम्रोसँग अध्ययन, अनुसन्धान र प्रकाशनको परम्परा बस्दै जानुपर्छ । यस कार्यबाट नेपालको कुन-कुन युगमा के कस्ता विद्वान् भएका रहेछन् भन्ने तथ्य थाहा हुन्छ । विद्याको परम्परामा यो पनि एउटा सुकार्य नै हो भन्ने मलाई लाग्दछ । यसरी नेपालका विद्वान्हरूको खोजबीन गर्दै गएपछि संसारमा नेपाली विद्वान्हरूको कुनस्थान रहेछ भन्ने कुरा निर्क्योल गर्न पनि सजिलो पर्छ । यस पुस्तकमा लिच्छविकालदेखिकै

---

१. भूपहरि पौडेल, स्व. श्री साम्बभक्त शर्मा सुवेदी 'मुरारि' का कविता *दीपज्योति* (प्रकाशक) (२०३९) पृष्ठ ७२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आवालब्रह्मचारी षडानन्द अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. कुलचन्द्र कोइराला
जन्म : वि.सं. १९८५
देहान्त : वि.सं. २०५० जेठ १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान्हरूको इतिहास लेख्न पाएको भए अझ राम्रो हुन्थ्यो होला तर समय, सम्पर्क, फुर्सत र सहयोगको अभावबाट त्यसो गर्न सकिएन । त्यसैले डा. वासुदेव त्रिपाठीका शब्दमा भन्ने हो भने - ***यो यस्तै नै भयो*** । अब, यस लेखमा थाहा भएसम्मका केही विद्वान्हरूको सूची दिइएको छ । साथमा, तत्काल थाहा भएसम्म त्यस्ता विद्वान्को छोटो परिचय पनि दिइएको छ । परिचय थाहा नभएका विद्वान्को नाम मात्र लेखेर त्यसै छोडिएको छ । यसबाट पनि ***नेपालको विद्वत्परम्परा*** संक्षिप्तरूपमैं भए पनि बुझ्न सहयोग मिल्यो भने पछि पछि काम गर्न सजिलो पर्नेछ ।

१. अखिलानन्द - ***सनातन धर्म - विजय*** महाकाव्यका रचयिता ।

२. अच्युतानन्द, वि.सं. १९०७ धादिङ जिल्लाको चरङ्गे फेदीनेर अचानेमा जन्म, संस्कृत पढ्न बनारस गएको, भारतमा पुगेपछि बाटामा रेल चढेको, वास्पशक्तिले रेल चलेको देखेर पढाइ समाप्त गरी घर आएपछि २० वर्षसम्मको अनवरत प्रयासबाट दुइ जना अटाउन सक्ने चार पाङ्ग्रा भएको गाडा निर्माणं गरेको, त्यसपछि काठमाडौंको पचलीमा बसेर विमान निर्माण गरी वागमतीको कालो पुलको केही माथिसम्म सो विमान उडाएको भन्ने जनश्रुति पाइन्छ ।

३. अम्बिकाप्रसाद अधिकारी, दर्शनमा आचार्य, लामो समयसम्म प्राध्यापन, नेपाली साहित्यका प्रसिद्ध समालोचक, संस्कृत र नेपालीका विद्वान्, हाल-बडागुरुज्यू ।

४. आदित्यनाथ लामिछाने, प्रसिद्ध वैदिक ।

५. इन्दिरापति पन्त ।

६. उमानाथ अर्ज्याल, जन्म: वि.सं. १९१८, वि.सं. १९९५ मा देहावसान, भयङ्कर ठूला विद्वान् ***मुक्तावली, माथुरी, पञ्चलक्षणी, जागदीशी शेखर भाष्य*** र ***नैषध काव्य***को टीका अत्यन्त उत्तम कोटिका ग्रन्थ ।

७. उमानाथ पण्डित ।

८. उमानाथ पन्थी, ***गण्डकी गौरवम्*** (प्रकाशित) र ***सूर्याष्टकम्*** (अप्रकाशित) सं.प्र. पाठशालाका प्रधानाध्यापक

९. उमानाथ भट्ट, धुरन्धर विद्वान् डोटीका ।

१०. ऋषिराम पोखरेल, काठमाडौंदेखि उत्तर दिशामा पर्ने सुन्दरीजलका स्थायी बासिन्दा ऋषिरामले वेदमा आचार्य परीक्षा उत्तीर्ण गरी धेरै वर्ष संस्कृत अध्ययन संस्थान, वाल्मीकि विद्यापीठमा अध्यापन गरेका, वेदमैं विद्यावारिधि गरेका, फाट्टफुट्ट लेख पनि लेख्ने, प्राध्यापक । यिनी नेपालका प्रसिद्ध वैदिक गुरु प्रा. सोमनाथ पौडेलका शिष्य हुन् ।

११. करुणाकर पन्त, यिनी डडेलधुराका बासिन्दा हुन् । करुणाकरले साहित्यमा विशिष्ट योग्यता हासिल गरेको कुरा डा. भोजराज पन्तबाट जानकारी मिलेको छ ।

१२. कलानिधि भण्डारी, याज्ञिक, गुल्मी ।

१३. कुलचन्द्र कोइराला, १९८५ सालमा जन्म, व्याकरणमध्यमा, साहित्याचार्य, लेखक, अनुसन्धानकर्ता, २०५० जेठ १४ गते बिहिबार दिउँसो २.१४ बजे देहावसान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. कुवलयानन्द सिल्वाल, युवानन्दका दाजु, पूर्वका प्रसिद्ध पण्डित ।

१५. कृष्णप्रसाद दुङ्गाना, ***नेपाली हिन्दी शब्दकोष*** जस्ता केही ग्रन्थका रचयिता, ज्यौतिषमा आचार्य) काव्यतीर्थ, २०४९ चैतमा देहावसान ।

१६. केशवदत्त पौडेल ।

१७. कोमलनाथ अधिकारी ।

१८. खकुर्याल पण्डित ।

१९. खेमराज "केशवशरण", यिनी सानै उमेरदेखि दुःख पाएर वृन्दावनमा गई पढेका साहित्यका प्रकाण्ड विद्वान् हुन् । सहज प्रतिभाबाट भन्दा आभ्यासिक प्रतिभाबाट उपार्जित यिनको विद्वत्ता हो । यिनी प्राध्यापन कार्यमा कुशल, प्रवक्ता, भागवतका विशिष्ट ज्ञाता, सनातन धर्म सेवा समितिका संस्थापक सचिव, हाल अध्यक्ष, धर्मिक प्रवचन कर्ता । ***हर्ष-चरित*** (अनुवाद) , ***आफैंतिर नियाल्दा, अन्तर्जगत्***जस्ता अनेकौं कृतिका रचयिता ।

२०. गङ्गादत्त गोतामे, धुरन्धर विद्वान् , यिनले पिण्ड खाएका थिए भन्ने सुनिन्छ ।

२१. गङ्गाधर पराजुली, पोखरा निवासी, न्यायका विशिष्ट विद्वान् , लामो समयसम्म संस्कृत विद्यापीठमा न्यायमा प्राध्यापन, नेपालका संस्कृतका विद्वान्हरूका सम्बन्धमा अनुसन्धान कार्यमा केही समयसम्म संलग्न रहेका, हाल सेवाबाट अवकाश ।

२२. गङ्गादत्त लामिछाने ।

२३. गङ्गानाथ भट्टराई, वैदिक, पकनाजोल ।

२४. गणेशदत्त पौडेल, तनहुँ ।

२५. गायत्री गणेश अर्ज्याल, गोर्खा, त्यसभेगका प्रकाण्ड विद्वान् ।

२६. गिरिधारी भट्टराई, न्यायका विशिष्ट विद्वान् , असाध्य स्वावलम्बी, धेरै वर्षसम्म वाल्मीकि विद्यापीठमा प्राध्यापन, बनारसमा विद्यावारिधि उपाधिका लागि अनुसन्धान गरिरहेकै बखत काठमाडौंमा प्राध्यापक पदको अन्तर्वार्ताका लागि आउँदाआउँदै बाटामा मोटर दुर्घटनामा परी सख्त घाइते, हाल-बनारसमा कल्पवास ।

२७ गोकुलचन्द्र मलहोत्रा, सँस्कृतमा विद्यावारिधि, शुरुमा पञ्जाबका पछि नेपाल आएर बसेका ।

२८. गोविन्दवल्लभ पन्त ।

२९. गोपालचन्द्र दुङ्गाना, ***ब्राम्हण सर्वस्व*** ग्रन्थका रचयिता ।

३०. गोपाल पाँडे, त्रैराशिकबाट घनमूल ल्याउने रीति पत्ता लगाउने ज्यौतिषका धुरन्धर विद्वान् । यिनले सैद्धान्तिक गणितका क्षेत्रमा नयाँ कुरा पत्ता लगाएको हुँदा यिनलाई ज्योतिष विषयका नेपालका ठूला वैज्ञानिक मान्न सकिन्छ । यिनका बारेमा नयराज पन्तले विस्तृत अनुसन्धान गरी***पण्डित गोपाल पाँण्डे र उनको घनमूल ल्याउने रीति*** नामक पुस्तक समेत प्रकाशन गराएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१. गोपालनिधि तिवारी, वेदान्ताचार्य, अङ्ग्रेजी साहित्यमा एम.ए., वाल्मीकि विद्यापीठमा लामो समयसम्म प्राध्यापन, लेखक, हाल: ६० वर्ष उमेर पुगेको हुँदा सेवाबाट अवकाश प्राप्त ।

३२. गोपीनाथ ।

३३. गोपीनाथ (पण्डित), स्तवकाव्यका रचयिता ।

३४. गोविन्द सुवेदी , यिनका दाज्यू पनि संस्कृतका धुरन्धर विद्वान् हुन् ।

३५. घनश्याम पौडेल (राजतीतिज्ञ मोदनाथ प्रश्रितका बा) व्याकरणका प्रकाण्ड विद्वान्, हरिहर संस्कृत पाठशालाका अध्यापक।

३६. चक्रपाणि दत्त, गोरखनाथ र ज्यौतिष विषयसम्बन्धी संस्कृत ग्रन्थका रचयिता।

३७. चन्द्रदत्त पण्डित ।

३८. चन्द्रशेखर गोताम्या ।

३९. चिन्तामनि भट्ट ।

४०. चिरञ्जीवी शर्मा पोखरेल, १० भन्दा बढी आध्यात्मिक पुस्तकका लेखक ।

४१. चक्रपाणि चालिसे, संस्कृत र नेपाली (दुवै) विषयका विद्वान् ।

४२. चूडानाथ भट्टराय, सर्वदर्शनमा आचार्य, वाल्मीकि संस्कृत महाविद्यालयमा सर्वदर्शन विषयमा प्राध्यापन गरी स्वैच्छिक अवकाश ग्रहण, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्राज्ञ सदस्य, आजीवन सदस्य, संस्कृत र नेपालीका ख्याति प्राप्त विद्वान्, लेखक ।

४३. छज्जुराम,*सुल्तान चरित* महाकाव्यका रचयिता ।

४४. छविलाल पोखरेल, व्याकरणाचार्य, पिण्डेश्वर संस्कृत विद्यापीठ धरानमा हालसम्म पनि प्राध्यापन गरिरहेका (करार सेवामा), संस्कृत र नेपालीका विशिष्ट विद्वान्, धर्मशास्त्रानुसार छोरीको व्रतबन्ध गरी प्राचीन हिन्दू संस्कारको पुनरुत्थान गरेको, समाजसेवी र प्रशस्त कृतिका रचयिता ।

४५. जगन्नाथ सिग्द्याल, संस्कृतका ख्यातनामा विद्वान् ।

४६. जयराज पाण्डे, (कुवलयराजका छोरा), *अर्थशतकम्* र *विवेकशतकम्* का रचयिता ।

४७. जीवनाथ नेपाल, (नरनाथका जेठा छोरा) ।

४८. जीवनाथ भट्टराई ।

४९ जुननाथ पण्डित, संस्कृतका विद्वान् , धेरै वर्षसम्म वाल्मीकि संस्कृत महाविद्यालयमा मीमांसा विषयमा प्राध्यापन, लेखक, नायब बडागुरुज्यू , पछि बडागुरुज्यू , उमेरको हदबाट अवकाश, २०४७ कार्तिकमा देहावसान ।

५०. टङ्कनाथ पौडेल, पोखराका व्याकरणाचार्य ,हरिहर पाठशालामा व्याकरणका अध्यापक, *सिद्धान्त गुरु* नामद्वारा प्रसिद्ध ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. डिल्लीराज रेग्मी
जन्म : वि.सं. १९५२
देहान्त : वि.सं. २०१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१. तिलमाधव देवकोटा, संस्कृतका विद्वान् तथा कवि ।

५२. टीकाप्रसाद कोइराला, व्याकरण, कोष र काव्यका विशिष्ट ज्ञाता ।

५३. टीकाप्रसाद शर्मा ।

५४. टीकाराज पाण्डे, संस्कृतका प्रकाण्ड विद्वान् भएर अँग्रेज़ीका पनि प्रकाण्ड विद्वान् ।

५५. टीकाराम अधिकारी, साहित्याचार्य, वाल्मीकि विद्यापीठमा प्राध्यापन, सह-प्राध्यापक, ***महाकवि कालिदास*** पुस्तक प्रकाशित । ***रङ्गनाथ पौडेलका*** विषयमा विद्यावारिधि उपाधिका निम्ति अनुसन्धानरत ।

५६. टेकनाथ गौतम, गुरुकुल आश्रम सञ्चालक ।

५७. डमरुवल्लभ पन्त, जन्मः वि.सं. १९०१, वि.सं. १९६० मा देहावसान, संस्कृतका धुरन्धर विद्वान् ***साहित्य दर्पण***का सम्पादक ।

५८. डमरुवल्लभ पौडेल, ***अश्वायुर्वेद***का अनुवादक ।

५९. डिल्लीराज रेग्मी, धर्मशास्त्रका धुरन्धर विद्वान् , विद्यार्थी अवस्थादेखिनै मिहिनेती, संस्कृतमा दुइ कृतिका लेखक, अच्युतराज रेग्मी र जयराज रेग्मी गरी दुइ भाइ छोरा, रानीपोखरी संस्कृत प्रधान पाठशालाका अध्यापक, २०१९ सालमा देहावसान ।

६०. डिल्लीशमशेर थापा, ***पेरिसकाण्ड*** संस्कृत गद्यमा लेखेर उनैका मित्र सिलवान लेबीलाई समर्पण गरेको ।

६१. ढुण्डीराज आचार्य (पाल्पा), भानुभक्तले लेखेको ***भक्तमाला***को संस्कृतमा उही छन्दमा रूपान्तर ।

६२. ढुण्डीराज शर्मा, संस्कृतका प्रकाण्ड विद्वान् ।

६३. ढुण्डीराज पन्थी, रिडी संस्कृत प्रधानपाठशालाका प्रथम प्रधानाध्यापक, व्याकरणका विद्वान् ।

६४. ढुण्डीराज भण्डारी, व्याकरणमा सम्पूर्ण मध्यमा, नेपालका इतिहासकार, त्रिचन्द्र कलेज, वाल्मीकि संस्कृत महाविद्यालय र त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्राज्ञ भएका, इतिहाससम्बन्धी ३ कृति प्रकाशन ।

६५. तुलसीरमण पराजुली ।

६६. तेजकेशरी शर्मा, साहित्याचार्य, भूतपूर्व प्रधानाध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापक, संस्कृत, नेपाली अङ्ग्रेजी, नेवारी र हिन्दीका विद्वान् *You and I* महाकाव्यका रचयिता (यो महाकाव्य प्रकाशोन्मुख छ), अन्य असंख्य कृति ।

६७. तोयनाथ पन्थ ।

६८. तोयनाथ पण्डित ।

६९. तोयनाथ पाण्डे, ज्योतिषमा आचार्य, वाल्मीकि संस्कृत महाविद्यालयमा प्राध्यापन, संस्कृत अध्ययन संस्थानका डीन, प्राध्यापक, हाल-अवकाशप्राप्त, यिनी प्राज्ञिक क्षेत्रमाभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशासनिक क्षेत्रमा काम गर्न चाहन्छन्।

७०. तोयराज नेपाल, इतिहास पुराणमा आचार्य, विशेषयोग्यतासहित, उप-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, प्रतिभाशाली विद्वान्, अत्यन्त खरो स्वभाव, तीक्ष्ण प्रतिभा भएर पनि विशिष्ट अध्ययन र लेखनमा त्यति चासो राखेको नपाइएको ।

७१. दामोदर प्याकुरेल, संस्कृतका विद्वान् ।

७२. दिवाकर भट्टराई, तनहुँ।

७३. दीर्घराज घिमिरे, नव्यन्याय र वेदान्तमा आचार्य, सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, विद्यावारिधि उपाधिं प्राप्त, रामेछाप चिसापानीका बासिन्दा । न्यायमा अत्यन्त योग्य विद्वान् । हाल: कुमारी गाल ।

७४. दीनानाथ अधिकारी (कविराज), साहित्य र आयुर्वेदका विद्वान्, सेवाबाट अवकाश पाएपछि बनारसमा कल्पबास बसी उहीं देहावसान ।

७५. दीनानाथ उपाध्याय (सुब्बा) पृथ्वी नारायण शाह, प्रतापसिंह शाह र रणबहादुर शाहका समयका नेपालका तर्फबाट कलकत्ताका राजदूत, फारसी र संस्कृतका ज्ञाता ।

७६. दीपकेश्वर लोहनी ।

७७. दुर्गाप्रसाद दवाडी (डा.), सर्वदर्शनाचार्य, विद्यावारिधि, संस्कृतका विशिष्ट विद्वान्, अंग्रेजीका ज्ञाता ।

७८. दुर्गाप्रसाद दाहाल, व्याकरणाचार्य, नेपाली एम.ए. सह-प्राध्यापक, रा.पो. सं. प्र. पाठशालामा अध्यापन, वाल्मीकि विद्यापीठमा नेपाली विषय प्राध्यापन, यिनी आभ्यासिक विद्वान् हुन् । हाल-जनक विद्यापीठमा प्राचार्य ।

७९. देवचन्द्र रेग्मी, संस्कृतका धुरन्धर विद्वान्

८०. देवराज पौडेल (डा.), साहित्याचार्य, सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, यिनले आयुर्वेद ग्रन्थ ***चरक संहिता***को नेपाली भाषामा अनुवाद गरेका छन् । हाल : सेवाबाट अवकाश ।

८१. देवीभक्त पन्त, संस्कृतका विशिष्ट विद्वान् ।

८२. धनञ्जय मरासिनी, हरिहर संस्कृत पाठशालाका अध्यापक, निष्ठाकर्ममा प्रवृत्त ।

८३. धनवज्र बज्राचार्य, संस्कृत र इतिहासका विद्वान् , नयराज पन्तले खोलेको पाठशालामा शिक्षा हासिल गरेका, इतिहाससम्बन्धी अनेकौं कृतिको प्रकाशन ।

८४. नरनाथ नेपाल, झिल्टुङ्ग ।

८५. नरेन्द्रनाथ पन्त, ***अनुवाद कौमुदी***का रचयिता

८६. नित्यानन्द सिग्द्याल, संस्कृतका प्रख्यात विद्वान्, कलङ्की ।

८७. नित्यानन्द (आयुर्वेदपट्टिका) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८. नीलकण्ठ जोशी, ***पञ्चाङ्ग सिद्धि, जैमिनि सूत्रवृत्ति*** आदि ज्यौतिषसम्बन्धी र अन्य ग्रन्थका रचयिता

८९. नीलदेव पन्त (***महामहोपाध्याय***) , न्यायका धुरन्धर विद्वान् ।

९०. नीलमणि ढुङ्गाना, साहित्याचार्य, नेपालीमा एम. ए. संस्कृत र नेपालीका विद्वान्, दुवै विषयमा अत्यन्त कुशल प्राध्यापन, सह-प्राध्यापक, संस्कृत र नेपाली भाषामा फाट्फुट राम्रा राम्रा रचनाको प्रकाशन । हाल: प्राचार्य, वाल्मीकि विद्यापीठ ।

९१. नीलहरि ढकाल, मध्यमा परीक्षा समुत्तीर्ण, संस्कृतका प्रतिभाशाली विद्वान् , ***छोरीलाई अर्ती*** पुस्तकका रचयिता, यो पुस्तक अत्यन्त लोकप्रिय र महत्त्वपूर्ण भएको छ ।

९२. नेत्रप्रसाद ज्ञवाली ।

९३. पद्मकान्त भट्टराई ।

९४. पद्मचन्द्र लामिछाने, वैदिक ।

९५. पद्मनाथ पन्त, ***संस्कृत विन्दु*** (१९७५० का रचयिता ।

९६. पद्मनाभ केशरी ।

९७. पद्मनाभ कोइराला, जन्म - १९२० हैवार, देहान्त - २००२ । ***सिद्धान्त कौमुदी*** कण्ठस्थ । ***ज्योतिष, आयुर्वेद काव्य***को विशेष ज्ञान ।

९८. पद्मनाभ शास्त्री ।

९९. पहाडिया पण्डित (नाम थाहा नभएको) ।

१००. पीताम्बर वाग्ले, संस्कृतका ठूला विद्वान् , नैष्ठिक ब्राम्हण ।

१०१. पुरुषोत्तम ढुङ्गाना, सामवेदका विशिष्ट विद्वान्, हाल वयोवृद्ध जीवन व्यतीत गरिरहेका ।

१०२. पुष्करनाथ पोखरेल, व्याकरणाचार्य, प्रतिभाशाली विद्वान्, अङ्ग्रेजीका ज्ञाता, जेलजीवन भोग्दा अङ्ग्रेजीको ***अजन्ता शब्दकोष*** समग्र कण्ठ पारेका, तर यिनलाई विद्यामाभन्दा राजनीतिमा बढी रुचि छ, सैद्धान्तिक राजनीतिमा पनि यिनको त्यति स्थिरता देखिँदैन ।

१०३. पूर्णप्रकाश नेपाल "यात्री", यिनका नेपाली भाषामा कैयौं पुस्तक प्रकाशित छन् । कृतिका आधारमा नेपालीका उप-प्राध्यापक । सहजभन्दा आभ्यासिक विद्वत्ता पूर्णप्रकाशमा बढी पाइन्छ ।

१०३. पूर्णभद्र सुवेदी, व्याकरणाचार्य, संस्कृतका विद्वान्, रानीपोखरी संस्कृत प्रधान पाठशालाका हेडपण्डित, दिवङ्गत ।

१०४. प्रपन्नाचार्य (स्वामी डा.) , वेदान्तमा आचार्य, ***विद्यावारिधि,*** संस्कृतका प्रकाण्ड विद्वान्, ***वेदमा के छ*** ? आदि ग्रन्थका रचयिता, ***मिल्किएका भिल्का*** र ***कार्तवीर्योदय*** महाकाव्य (सम्पादन)

१०५. प्राणनाथ कोइराला, वि.सं. १९१७ मा जन्म (हैवार) ***लघुकौमुदी, अमरकोष*** कण्ठ पारेका र ज्यौतिषका प्रकाण्ड विद्वान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०६. प्रेमनारायण गौतम, सल्यान।

१०७. प्रेमनिधि पन्त, *प्रायश्चित्त प्रदीप*का रचयिता

१०८. बाबुराम पोखरेल, इतिहास पुराणमा आचार्य, ***हिमवत्खण्डको समीक्षात्मक अध्ययन*** विषयमा विद्यावारिधि उपाधि प्राप्त, यिनी संस्कृत भाषामा पनि अनुसन्धानमूलक रचनाहरू लेख्छन् । ***रुपमतीको पात्र विन्यास*** भन्ने यिनले लेखेको पुस्तक निकै महत्त्वपूर्ण देखिन्छ । सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, रुद्रराज पाण्डे साहित्य समितिसँग पनि सम्बद्ध ।

१०९. वाल्मीकि पौडेल, वेदाचार्य , सरल स्वभावका विद्वान् ,वाल्मीकि विद्यापीठमा वेद विषयको प्राध्यापन ।

११०. बालमुकुन्द रेग्मी, संस्कृतका प्रख्यात विद्वान् ।

१११. बुद्धिनाथ अर्ज्याल, व्याकरणका विद्वान् , अध्यापनका क्षेत्रमा कडा स्वभाव, रानीपोखरी संस्कृत प्रधान पाठशालाका अध्यापक, केही समय वद-वेदाङ्ग विद्यालयमा अध्यापन, दिवङ्गत ।

११२. बुद्धिसागर पराजुली, पूर्वमीमांसाचार्य, पोष्टाचार्य, संस्कृतका विशिष्ट विद्वान्, नेपालीका पनि प्रसिद्ध विद्वान् । सेवाबाट अवकाश -२०४९ श्रावण १ गते दिवङ्गत ।

११३ वृषभध्वज जोशी, संस्कृतका विद्वान् ।

११४. बृहस्पति पन्थ ।

११५ भद्रकाली पोखरेल (गुल्मी धुर्कोट), व्याकरण, वेदान्त र साङ्ख्यका ज्ञाता, याज्ञिक र पौराणिक पण्डित ।

११६ भीमप्रसाद गौतम, वेदाचार्य, वेदका विशिष्ट ज्ञाता, दिवङ्गत ।

११७ भोजराज आचार्य (कविराज) ।

११८ भोजराज पन्त ।

११९ भोग्यप्रसाद भण्डारी, साहित्याचार्य, प्राध्यापक, पिण्डेश्वर विद्यापीठ, धरान ।

११२ मकरन्द पण्डित, (तनहुँ) संस्कृत ग्रन्थका रचयिता।

११३ मणिदत्त पन्त ।

११४ मधुसूदन रिसाल "प्रदीप" ,सर्वदर्शनाचार्य, ***पशुपति पुराण***का अनुवादक, धार्मिक प्रवचन कर्ता, वाल्मीकि विद्यापीठमा प्राध्यापन ।

११५ महादेव रिमाल शास्त्री, व्याकरणका धुरन्धर विद्वान् । विश्वनाथ रिमालकै सगोत्री बन्धु।

११६ माधवप्रसाद देवकोटा, संस्कृत र नेपालीका विशिष्ट विद्वान्, लेखक, कवि, महेन्द्र प्रज्ञा पुरस्कार विजेता, दिवङ्गत ।

११७ मीनप्रसाद नेपाल, वेदान्तका विद्वान्, प्रखरपाण्डित्य भएका, नेपाली र संस्कृतमा धेरै कृतिका लेखक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११८. मुक्तिनाथ खनाल (कविराज) ।

११९ मुक्तिनाथ खनाल, ज्योतिषाचार्य, नयराज पन्तका शिष्य ।

१२० मुकुन्दनाथ भट्टराई, नव्यन्यायाचार्य, न्यायका विद्वान् , वाल्मीकि संस्कृत महाविद्यालयमा प्राध्यापन, नि:सन्तान, हाल: सांसारिक मोहजालबाट वाक्क भई सन्यास ग्रहण गरेर वनारसमा कल्पबास ।

१२१ मोदनाथ, साहित्यका विद्वान् , रा.पो. सं.प्र.पा. का अध्यापक ।

१२२ यज्ञेश्वर कोइराला, जन्म १९८८ वैशाख २२ गते (हैवार), व्याकरण मध्यमा (जनकपुर र मटिहानीमा पढेको) बलदेव झा र शिवशङ्कर झासँग पढेका । प्रसिद्ध पौराणिक ।

१२३ यदुनाथ, वैदिक ।

१२४ यदुनाथ घिमिरे, रामेछाप बाबियाखर्क, संस्कृतका अति विशिष्ट विद्वान् र लेखक ।

१२५ यमदग्नि कोइराला, (सत्यधर सूरिभन्दा दुई वर्ष अगाडि) ***ज्यौतिष, आयुर्वेद, व्याकरण*** र ***कोष***का ज्ञाता ।

१२६ यमनाथ दाहाल, धुरन्धर पौराणिक।

१२७ रमापति ।

१२८ रविनाथ आचार्य ।

१२९ राधाकृष्ण अधिकारी, धर्मशास्त्राचार्य, धर्मशास्त्रका विद्वान्, सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, विद्यावारिधि उपाधि प्राप्त।

१३० रामचन्द्र रेग्मी।

१३१ रामचन्द्र शर्मा जोशी, डोट्याल, संस्कृतका धुरन्धर विद्वान् ।

१३२ रामचन्द्र पौडेल, व्याकरण र साहित्याचार्य, व्याकरण र साहित्यका विशिष्ट विद्वान् । नेपालका प्रसिद्ध व्याकरणका विद्वान् दधिराम पौडेलका अत्यन्त प्रिय शिष्य, ***संस्कृत व्याकरणको परम्परा*** शीर्षकमा एक पुस्तक प्रकाशित, वाल्मीकि संस्कृत महाविद्यालयमा धेरै वर्ष उप-प्राचार्य, व्याकरण विषयमा प्राध्यापन हाल: सेवाबाट अवकाश, वृद्ध अवस्था ।

१३३ रामनाथ अचार्ज, बोहोरेटार, हैवारका सत्यधर कोइराला सूरिसँग पढेको ।

१३४ रामनाथ आचार्य, साहित्याचार्य, वाल्मीकि संस्कृत महाविद्यालयमा धेरै वर्षसम्म प्राचार्यका पदमा कार्यरत, संस्कृतमा प्रौढ कविता रच्न सक्ने, हाल: दिवङ्गत ।

१३५ रामहरि दाहाल, साहित्याचार्य विशिष्ट योग्यतासहित ।

१३६. रामेश्वर शर्मा मजगैयाँ, प्राचीन न्यायमा आचार्य, संस्कृतका विद्वान्, संस्कृत विद्यापीठ दाङ्गमा प्राध्यापन ।

१३७ लक्ष्मीपति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) पं. वद्रीनाथ अधिकारी
जन्म : वि.सं. १९६४
देहान्त : वि.सं. २०१६



(ख) पं. वद्रीनाथ अधिकारीको निवास, नरदेवी..

उपहिमालयमालयमाश्रयन्
सुरमणीरमणीयगुणोज्ज्वलः
अमितभूति विभूति विभूषितो
रसमयं समयं कुरुतां शिवः

बद्रीनाथ अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३८ लक्ष्मीप्रसाद पोखरेल, *वेन-वैन्य-वन्य,* महाकाव्यका रचयिता । मध्यमा समुत्तीर्ण

१३९ लोकराज पण्डित (गुरुज्यू)

१४० लोकनाथ आचार्य, धर्मशास्त्रमा शास्त्री, संस्कृतका विद्वान् , शिक्षक, ६ पुस्तक प्रकाशित - ***पशुपति दर्शन महात्म्य, सन्त दर्शन, जूठो सुतक*** तथा ***व्रतादि निर्णय, नेपाल महात्म्य भव मुक्तिको उपाय तथा गोरखापत्र*** लगायत पत्रपत्रिकामा विभिन्न रचनाको प्रकाशन, १५ पुस्तक प्रकाशोन्मुख, यिनकी छोरी गायत्रीदेवी आचार्य पनि शास्त्रीय छन्दमा कविता लेख्न सिद्धहस्त थिइन् । अचेल किन हो ? साहित्यको क्षेत्रबाट उनी बिलाए जस्ती छन् ।

१४१ लोकनाथ ढकाल, प्राचीन न्यायाचार्य, संस्कृतका विशिष्ट विद्वान्, वाल्मीकि विद्यापीठमा प्राध्यापन, हालः सेवाबाट अवकाश, करार सेवामा कार्यरत, वयोवृद्ध विद्वान् ।

१४२ वद्रीनाथ अधिकारी (१९६४ मा जन्म), साहित्याचार्य, संस्कृतका विशिष्ट विद्वान्, रानीपोखरी संस्कृत प्रधान पाठशालाका अध्यापक, यिनैका छोरा विश्वनाथ अधिकारीको भनाइ अनुसार-वद्रीनाथले बाण भट्टको गद्यकाव्य ***कादम्बरीकै*** आधार लिएर त्यत्तिकै कठिन शैलीमा पद्यमा ***कादम्बरी*** लेखेका छन् । यो काव्य अप्रकाशित छ । वि.सं. २०१६ भदौ १७ गते देहावसान ।

१४३ वाणीविलास धर्मशास्त्रका संस्कृत व्याख्याता

१४४ वाचसपति पन्त (***महामहोपाध्याय***), संस्कृतका धुरन्धर विद्वान् । मूलतः ज्योतिषी, ***महामहोपाधयाय*** नीलदेव पन्तका छोरा ।

१४५ वामदेव आचार्य, नव्यव्याकरणाचार्य, वेदान्त शास्त्री, नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष ।

१४६ विजयराज (बडागुरुज्यू)

१४७ विद्यानाथ उपाध्याय, नव्यन्यायाचार्य, प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, नैयायिक पाराले नेपाली भाषाका विश्लेषक, तन्त्रका ज्ञाता, महेन्द्र संस्कृत विश्वविद्यालयको पहिलो शिक्षाध्यक्ष, प्रशासनतिर बढी रुचि ।

१४८ विद्यानाथ चालिसे

१४९ विदुर पौडेल, व्याकरणाचार्य, संस्कृतका विशिष्ट विद्वान्, सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, तन्त्र र दर्शनका ज्ञाता, असाध्य मिहिनेती, खूब घोक्न सक्ने, ***मुक्तावली***जस्तो कठिन पुस्तक कण्ठ पारी पुस्तकै नहेरी गुरुलाई समग्र पाठ बुझाएका, राजनीतिमा नलागेका भए विदुर पौडेल पनि विष्णुहरि रिमालजस्तै पाणिनिका नवौं अवतार मानिने थिए होलान् । अब उनी पुनः व्याकरणको आराधनामा फर्किन्छन् कि फर्किदैनन् शङ्कै छ । यिनको प्रतिभा आभ्यासिक हो । सहज मान्न अलिक सकिंदैन ।

१५० विष्णुप्रसाद भण्डारी, साहित्यका विशिष्ट विद्वान् , वि.सं. १९९० सालतिर बनारसको गोयङ्का संस्कृत कलेजमा प्रिन्सिपल, १९९२/९३ सालतिर परलोक । यिनी नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



विद्वद्वरेण्य विष्णुहरि रिमाल र उनकी धर्मपत्नी

(स्रोत : मोहन रिमाल र विमल अर्याल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा पनि कविता लेख्थे, सम्पर्क सूत्र: ढुण्डीराज भण्डारी, बानेश्वर र कृष्णप्रसाद भण्डारी, विराटनगर, मील एरिया ।

१५१ विश्वनाथ पोखरेल, वेदान्ताचार्य, संस्कृतका विद्वान् , रानीपोखरी संस्कृत प्रधान पाठशालाका प्रधानाध्यापक, वाल्मीकि विद्यापीठमा वेदान्त विषयको प्राध्यापन, लेखक, हाल: दिवङ्गत ।

१५२. बिश्वेश्वर पण्डित ।

१५३ विष्णुहरि रिमाल, व्याकरणका अति विशिष्ट विद्वान्, ***सिद्धान्तकौमुदी*** २१ पटकसम्म गुरुकै मुखबाट सुनी पढेका । यिनी पाणिनिका आठौं अवतार मानिन्छन् ।

१५४ वीरेन्द्रकेशरी अर्ज्याल व्याकरणका विद्वान् ।

१५५ वेणीमाधव ढकाल, साहित्याचार्य, दर्शन र मनोविज्ञानका ज्ञाता, साहित्यका विशिष्ट विद्वान् । नेपाली भाषामा प्रशस्त कृतिको प्रकाशन, शुरुमा - गृह मन्त्रालयमा अस्थायी शाखा अधिकृत । सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, अध्यापनमा कुशल, अत्यन्त रसिक , संस्कृतको दयनीय अवस्था देखेर निराशावादी ।

१५६ शक्तिवल्लभ अर्ज्याल ***जयरत्नाकर नाटक*** र ***हास्यकदम्ब***का रचयिता ।

१५७ शिवशर्मा पण्डित, (भीमसेन थापाका समकालीन तनहुँका विद्वान्) ***विष्णु महिम्न स्तोत्र, गोविन्द गुणानन्द, राम चिन्तालहरी, कृष्ण महिम्न स्तोत्र*** र ***वासुदेव रसानन्द*** (दार्शनिक ग्रन्थ) का रचयिता ।

१५८ शिवनाथ रिमाल (कविराज), संस्कृतका प्रख्यात विद्वान् ।

१५९ शिवहरि मरहट्टा, प्राचीन न्यायमा आचार्य, जन्म - २००५ श्रावण, जन्मस्थान - गोर्खा मनकामना- वक्राङ भोगटेनी, मरहट्टाका पुर्खा रामशाहको समयमा गोर्खामा प्रवेश, २०२६ मा आचार्य, २०२७ मा नेपालीमा एम.ए. २०२७ वैशाखदेखि विश्वविद्यालय सेवामा प्रवेश, सह-प्राध्यापक, वाल्मीकि विद्यापीठमा प्राध्यापन, लेखक ।

१६० शुकदेव पौडेल, व्याकरणाचार्य, व्याकरणका विशिष्ट विद्वान्, सरल स्वभाव, अध्यापनमा विशिष्ट योग्यता र योगदान, यति भएर पनि सेवाको हिसाबले राजपत्राङ्कित प्रथम श्रेणीबाट पदोन्नति हुन नसकेकोमा यसलाई विडम्बना मान्नु पर्छ । यस्ता धुरन्धर प्रतिभाको कदर नगर्नु ठूलो भूल हो ।

१६१ श्रीकृष्ण शर्मा आचार्य, ज्यौतिषमा आचार्य, वाल्मीकि विद्यापीठमा ज्यौतिष विषयको प्राध्यापन, महेन्द्र संस्कृत विश्वविद्यालयका उप-कुलपति, इतिहास शिरोमणि बाबुराम आचार्यका कान्छा छोरा ।

१६२ श्रीकृष्ण अधिकारी, ज्यौतिषाचार्य - प्रथम श्रेणी, महेन्द्र विद्याभूषण, ***सरदार सोमप्रसाद पदक***, रानीपोखरी संस्कृत प्रधान पाठशालाका अध्यापक ,वाल्मीकि विद्यापीठमा प्राध्यापन, पाठ्यपुस्तकका लेखक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. शुकदेव पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६३ सत्यधर कोइराला 'सूरि' , जन्म वि.सं. १८७९, २१ वर्षका उमेरमा घरबाट पढ्न भनी निस्केको, १६ वर्षसम्म मिथिलाको विद्यालयमा पढेर जाँच दिनुपर्‍यो भनी आफ्नो घर हैवारबाट ३१ दिन लगाएर बनारस पुगेको । त्यहाँ पुग्दा जाँच शुरु भएको दुईदिन भइसकेको रहेछ । अर्को वर्ष भरिया लिएर जाँच दिन गएको, २४ दिनसम्म विभिन्न विषयमा भएको मौखिक परीक्षामा सफल भएपछि 'सूरि'को उपाधि प्राप्त । यसरी जाँच दिएर 'सूरि'को उपाधि पाउने पकरवास सिम्पानीका छविलाल उपाध्याय पनि हुन् । सत्यधर 'सूरि'को विवाह मन्थलीका दिवाकर घिमिरेकी छोरीसँग भएको हो । कृति - ***वाल्मिकी रामायणको बालुन*** । १९३१ सालमा लेखेको सय पेजको यो बालुन हस्तलिखित ग्रन्थका रूपमा हालसम्म कुलचन्द्र कोइरालाको संग्रहमा सुरक्षित छ । हाल - उनैबाट उक्त हस्तलिखित ग्रन्थको फोटोकपी प्राप्तभई प्रस्तुत अनुसन्धानकर्ताबाट सम्पादनको कार्य हुँदैछ । सारेका कृतिहरुमा ***सिद्धान्त कौमुदी, तत्ववोधिनी टिकासहित, नैषध महाकाव्य, नारायणी टिकासहित, मध्यसिद्धान्त कौमुदी*** र अन्य ग्रन्थ ।

१६४ सदाशिव आचार्य दीक्षित, ***आचार्य वंशावली*** (चम्पूकाव्य) को रचना

१६५ साम्वराज आचार्य, ज्यौतिषमा आचार्य - प्रथम श्रेणीमा प्रथम, ***चान्सलर पदक, सरदार सोमप्रसाद पदक, महेन्द्र विद्या भूषण,*** ज्यौतिषका विशिष्ट विद्वान्, सह-प्राध्यापक, वाल्मीकि विद्यापीठ, अनुसन्धाता, लेखक, विद्यावारिधिका निम्ति शोध-प्रबन्ध बुझाएको ।

१६६ साम्बभक्त सुवेदी, व्याकरण मध्यमा संस्कृतका विशिष्ट विद्वान् , सारस्वत प्रतिभा, नेपाली भाषाका कवि । २०३८ सालमा देहावसान ।

१६७. सुकृतिदत्त पन्त, साहित्यका विशिष्ट विद्वान्, ***कार्तवीर्योदय*** महाकाव्यका रचयिता, श्रीहर्ष कैंजस्तो प्रौढ पाण्डित्य र कवित्व शक्ति ।

१६८ सुमित्रानन्दन पन्त ।

१६९ सोमनाथ रेग्मी, पोखरा, व्याकरण र धर्मशास्त्रका धुरन्धर विद्वान्, २०४९ सालमा दिवंगत ।

१७० सोमनाथ (पोखराका) ।

१७१ सोमनाथ घिमिरे, संस्कृतका विद्वान्, संस्कृत र नेपालीका कवि, लेखक, हाल: वृद्ध ।

१७२ सोमनाथ पौडेल, वेदाचार्य, नेपालमा वेदविषयका एक मात्र विशिष्ट विद्वान्, वाल्मीकि संस्कृत महाविद्यालयमा धेरै वर्षसम्म प्राध्यापन, त्रिभुवन विश्वविद्यालय, संस्कृत अध्ययन संस्थानबाट तत्कालका डीन तोयनाथ पाण्डेको पालामा लिएको वेद विषयको प्राध्यापक पदको अन्तर्वार्तामा, नेपालमा वेदका एक मात्र जीवित विशिष्ट विद्वान् भएर पनि आफू असफल हुनु परेको र उमेर ढल्किँदै गई सेवामा लागिरहन पनि अनुकूल नपरेको हुँदा उनले अवकाश ग्रहण गरे । जीवनको वृद्धावस्थामा ज्येष्ठ सुपुत्र व्यासजी पौडेलको नौबीसेमा साझा बस दुर्घटनामा परी असामयिक निधन भएको हुँदा सोमनाथ पौडेलको शेष जीवनमा ठूलो वज्रपात पर्न गएको छ । यो असह्य चोटको खाटा कहिले बस्ला र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क) पं. भवदत्त 'सूरि' को हस्तलिपि



(ख) पं. अग्निदत्त पन्तको हस्तलिपि



(ग) पं. ज्वालादत्त पन्तको हस्तलिपि



(घ) पं. शिवराम 'सूरि'को हस्तलिपि (स्रोत: भरतराज पन्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. साम्बभक्त शर्मा सुवेदी 'मुरारि'
जन्म : वि.सं. १९५८
देहान्त : वि.सं. २०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. सोमनाथ उपाध्याय घिमिरे 'व्यास'
जन्म : वि.सं. १९६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. हरिनाथ शर्मा प्याकुर्‍याल
जन्म : वि.सं. १९०९
देहान्त : वि.सं. १९८६
(स्रोत : शिवराज आचार्यद्वारा लिखित कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः बाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७३ स्थांनेश्वर शर्मा, रुकुम, संस्कृतनिष्ठ पण्डित।

१७४ हयग्रीव पन्त।

१७५ हरिदास सिद्धान्त वागीश (२० औं शदी) *रुक्मिणीहरण* महाकाव्यका रचयिता।

१७६ हरिहर गौतम, वर्दिया, भारत र नेपालमा गरी ४२ वटा संस्कृत पाठशाला खोलेका।

१७७ हरिनाथ खनाल, सम्पूर्ण मध्यमा।

१७८ हरिनाथ प्याकुर्‍याल।

१७९ हरिप्रसाद खकुरेल।

१८० हिमनाथ पन्त, ज्योतिषमा आचार्य पास गर्ने नेपालका पहिला धुरन्धर विद्वान्।

यहाँभन्दा माथि आधुनिककालका संस्कृतका विद्वान्हरूको थाहा भएसम्म छोटो विवरण प्रस्तुत गरियो। अब तल प्रस्तुत गरिने केही विद्वान्हरूका सम्बन्धमा अलिक बढी सामग्री पाइएको हुँदा कालक्रम अर्थात् जन्ममितिका आधारमा तिनीहरूको परिचय यसरी लेखिएको छ।

अन्य केही विद्वान्हरू

ज्योतिषी मनोरथ पाध्या (वि.सं. १९१५)

वंशक्रम

ऋषिकेश पाध्या

वशिष्ठ[२]

मार्कण्डेय धर्मानन्द ब्रम्हानन्द छिताराम देउ शर्मा

(किराँत हान्न वशिष्ठ भोजपुर गएका थिए। उतै बस्दा उनले ७२ वर्षको उमेरमा भोजपुरकै एउटी केटी कान्छी श्रीमतीका रुपमा बिवाह गरे। कान्छी श्रीमतीको गर्भबाट देउ शर्मा जन्मे। यिनै देउ शर्माका सन्तान –

---

२. वशिष्ठ – काशीराम – वेनु – व्रजमोहन – तुलसीराम – प्रेमलाल – पेशलकुमार
प्रेमप्रसाद पौडेलले ८ वर्षको उमेरमा कृष्णप्रणामी धर्म ग्रहण गरेका थिए। उनलाई गाउँका सबैले जोगी भन्छन् र उनको आधा व्यवहार जोगीको जस्तो र आधा व्यवहार चाहिं भोगीको जस्तो छ। उनलाई संस्कृत वाङ्मयका केही पुस्तक कण्ठ छन् तर व्याकरण र कोष नपढेका हुनाले प्रेमप्रसाद बोल्दा र लेख्दा अशुद्ध रूप प्रयोग गर्छन्। आध्यात्मिक व्यावहारिक र राजनीतिक क्षेत्रमा उनको रूचि देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ज्योतिषी मनोरथ पाध्याले लेखेको हस्तलिखित पात्रो

(स्रोत : पुण्यप्रसाद पौडेल, सैपू)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जीवनी

जन्म : वि.सं. १९१५ साल

जन्मस्थान: सैपू डढेवारी

मातापिता : सुशीला, लक्ष्मीवेलास (दास)

दाजुभाइ, दिदीबहिनी : मनोरथ (आफैं) नन्दलाल, अमृत, हरिप्रसाद (डि.) पृथ्वीवेलास ४ ओटी दिदीबहिनी

विवाह: दुइटी-



मावली : ओखल्ढुङ्गा पराप्चाका दाहाल

अध्ययन : २१ वर्षका उमेरमा अक्षर चिन्हेको, ज्यौतिष, कानून र नेपाली ।

कृति : रुद्री, वेद (सारेको) पात्रो र मिसिल मौलिक रुपमा थुप्रै लेखेको

शिष्य : ललितबहादुर (गोठगाउँ) बीरध्वज (गोठगाउँ) बिजुलीकोटका महतलाई ज्यौतिष पढाएको ।

सेवा: बहिदार, अमालकचहरीमा ।

(वि.सं १९५६ साल जेठ १४ गते) धर्मदत्तकी पत्नी धनमायाले मनोरथलाई पालेको । मनोरथकी आमा चाँडै परलोक भएकी थिइन् । मनोरथकी श्रीमती १९७३ सालमा परलोक भइन् । मनोरथकी बहिनी जेठी ताप्केका अधिकारीलाई दिएको, कान्छी सालुका काफ्लेलाई दिएको हो)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. दिव्यदेव पन्त
जन्म : वि.सं. १९२०
देहान्त : वि.सं. १९७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डित दिव्यदेव पन्त (वि.सं. १९२०)

वंशक्रम



* (विजयराज पाण्डेकी छोरीज्वाइँ । श्रीमतीको नाम : प्रेमकुमारी)

जीवनी

जन्म : वि.सं. १९२० साल

मातापिता : प्रेमकुमारी र वाचस्पति

शिक्षा : आफ्ना पिता वाचस्पति पन्तबाट षडशास्त्र अध्ययन

कार्यक्षेत्र : प्राइमिनिष्टर श्री ३ देवशमशेरलाई राज्याभिषेक गराएको, दरबार पाठशालाको डाइरेक्टर भै नेपाल अधिराज्यका ठाउँ ठाउँमा संस्कृत पाठशाला खोलेको, पशुपतिनाथको दक्षिणपट्टिको भित्रपट्टिको चाँदीको ढोकामा चाँदीको बार हालेको, भक्तपुर जिल्ला अन्तर्गत लोहकिल्थली गाउँ विकास समितिमा दिव्येश्वरीको मन्दिर स्थापना गरेको, श्री ३ देवशमशेरकै समयदेखि राजदरबारमा प्रवेश गरेर कार्यभार सम्हालेको, श्री ३ चन्द्रशमशेरका पालामा पूरा सुब्बा दर्जा पाएको, १९८२ सालतिर श्री ३ चन्द्रशमशेरसँग आफ्नो सिद्धान्त नमिलेर काठमाडौं छोडी बनारसमा गई बसोबार गरेको, बनारसमा बस्दाखेरी जम्मा गरेका किताबहरु ***साङ्गवेद*** विद्यालयको पुस्तकालयमा राखिदिएको, बनारसमा बस्दैखेरी ***शाहवंशचरित*** नाम गरेको पुस्तकको प्रथम भाग प्रकाशन गरेको, प्राइमिनिष्टर श्री ३ चन्द्र शमशेरको देहान्त भएपछि बनारसबाट काठमाण्डूमा प्रवेश गरेको, प्राइमिनिष्टर भीमशमशेरबाट बनारसमा बसे मासिक आइसी ३००।= र नेपालमा बसे ने.रु. ३००।= का दरले भत्ता प्राप्त गरेको । त्यसपछि कहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लुकन्थलीमा पं. दिव्यदेव पन्तले स्थापना गरेको
दिव्येश्वरी भगवतीको मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनारस र कहिले नेपाल गरी जीवन बिताएको, वि.सं. १९९२ सालको कार्तिक महिनामा पशुपति क्षेत्रको आर्यघाटमा ७२ वर्षमा पण्डित दिव्यदेव पन्तको देहावसान ।[३]

शिक्षा प्रणाली र शिक्षाको माध्यमका विषयमा पनि देव शमशेरका यस विषयका सल्लाहकारहरूमा पर्याप्त विचार भएको थियो । यी सल्लाहकारहरूमा पण्डित हरिहर आचार्य दीक्षित, पं. दिव्यदेव पन्त, बझांगी राजा जयपृथ्वी बहादुर सिंह र दरबार स्कूलका बंगाली प्रिन्सिपल वटुकृष्ण मैत्रको नाम विशेष उल्लेखनीय छ । बटुकृष्णले कलकत्ता विश्वविद्यालयबाट एम.ए., बी.एल. पास गरेका थिए । अतएव उनी स्वभावतः भारतीय आदर्शमा अङ्ग्रेजी शिक्षा दिने पक्षपाती थिए । राजा जयपृथ्वीबहादुर र पण्डित हरिहर आ.दी. नेपाली भाषाका समर्थक थिए । दिव्यदेव पन्तको झुकाउ संस्कृततिर देखिन्थ्यो । जयपृथ्वीबहादुर राजा हुनाका साथै चन्द्र शमशेरका ज्वाइँ पनि हुनाले दरबारमा उनको रवाफ बढ्ता थियो । उनले भारतमा अङ्ग्रेजी शिक्षा लाभ गरेको, त्यसै बीच जापानको अभ्युदय भएको र साथै भारतमा पनि स्वदेशी भावना जागृत भइरहेको देखेका र अनुभव गरेका थिए । उनी जापान जस्तै स्वदेशी शक्तिकै आधारमा नेपालको विकास गर्न चाहने उत्साही युवक थिए । उनले उत्साहपूर्वक "अक्षराङ्क शिक्षा" नामक पहिलो नेपाली पाठ्यपुस्तक तयार गरी त्यस्तै किसिमको शिक्षा दिने जोड दिए । ठूलो तानातान पछि माथिल्लो कक्षामा अङ्ग्रेजीका साथै भारतका स्कूलहरुमा स्वदेशी भाषाहरु गौणरुपले पढाउने प्रथाकै अनुकरण गरियो । तर जे भए पनि नेपाली पनि कुनै भाषा हो र, त्यसको पनि पढाइ हुनुपर्छ र ? भन्ने सामान्य तिरस्कारको हिलोबाट कुनै न कुनै किसिमले जयपृथ्वीबहादुर, हरिहर आचार्य र दिव्यदेवले नेपाली भाषालाई तल्लै कक्षामा भएतापनि विद्यालयका स्तरका मान्य गराए ।

अब विद्यालय खोल्ने समस्या खडा भयो । संस्कृत पढेका व्यक्ति पनि ज्यादै थोरै थिए । तिनको शिक्षा पनि सामान्य कर्मकाण्डमै धेरैजसो सीमित थियो । उनीहरुलाई शिक्षा दिने कुनै विशेष पद्धतिको ज्ञान पनि थिएन । तर जे भए पनि दिव्यदेव पन्तमाथि विद्यालय खोल्ने उत्तरदायित्व आएपछि उनले आफ्नो सामर्थ्यभर गरेकै हुन् । राजधानी र पूर्वतिर प्रायः सबै मुख्य-मुख्य ठाउँमा केही न केही गर्न सकेता पनि सल्यानभन्दा पश्चिम त्यति छोटो समयमा शिक्षा प्रसारको कुनै काम गर्न उनी समर्थ भएनन् ।[४]

---

३. भैरवदेव पन्त र डा. हरिहरदेव पन्तबाट जानकारी प्राप्त ।

४. *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट* श्री ५ को सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग (२०१८) पृष्ठ ६ र ७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दिव्येश्वरी भगवतीको मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डिट्ठा लोकहरि अधिकारी (वि.सं. १९३४)

पण्डित डिट्ठा लोकहरि अधिकारीको जन्म वि.सं. १९३४ सालमा ओखल्दुङ्गा जिल्लाको पोकली छाँगो नजीक पर्ने डाँडाखर्क बिर्तामा भएको थियो । उनका पिता खरिदार नरहरि अधिकारी[५] र आमा इन्द्रलक्ष्मी थिइन् । यिनी गाम्नाङ्टार राधा उपाध्यायकी छोरी भएको बुझिन्छ । काकाहरू-चम्पाकर र करुणाकर थिए । लोकहरिको १० वर्षको उमेरमा व्रतबन्ध भएको हो ।

विवाह

१. ओलल्दुङ्गा रामप्रसाद दाहालकी छोरी रेणुका देवीसँग पहिलो विवाह भएको थियो ।

२. रेणुकादेवीको अवसान भएपछि पाल्पामा जागीरे भएको बेलामा अमृतादेवीसँग दोस्रो विवाह भयो । यिनको कोखबाट कुनै सन्तान जन्मिएनन् ।

३. त्यसपछि मूलपानीकी धर्मकुमारी देवीसँग तेस्रो विवाह भयो । यिनी पनि नि:सन्तान भइन् ।

अध्ययन

लोकहरिले कुनै डिग्री हासिल गर्ने उद्देश्यले पढेका होइनन् । आफू जान्ने हुन सकूँ भन्ने चाहना उनमा तीव्र थियो । संस्कृतमा शास्त्रीसरहको योग्यता हासिल गरेका डिट्ठा लोकहरिले १८ पुराण कण्ठसँग कथावाचन गर्न सक्थे । यिनी ज्योतिषका पक्का ज्ञाता थिए । ग्रहदशा, भविष्यफल हेर्न र चिना लेख्नमासमेत लोकहरिको अपूर्व क्षमता भएको बुझिन्छ । पहाडको ठाउँमा बसेर पनि संस्कृतमा अपूर्व दक्षता हासिल गर्नु कम उपलब्धि होइन । उनले अनेकौं चिनाहरूको संग्रह पनि गरेका थिए ।

समाजमा सर्वसाधारण मानिसले पनि विद्वत्ताको प्रत्यक्षरूपमा पहिचान गर्ने क्षेत्र स्पष्ट र निर्भीकताका साथ पुराणवाचन तथा ज्योतिषसम्बन्धी विविध पक्षहरूको ज्ञाननै हो भन्नुमा कुनै अत्युक्ति नहोला । नेपालको पहाडपर्वतमा संस्कृत पढेलेखेका धेरैजसो मानिसहरू पौराणिक कर्म र ज्यौतिषको विविध पक्षमा लागेका हुन्छन् तर लोकहरि अधिकारीमा अलिक परबाट समेत जाने बुझ्नेसम्म त्यसप्रति बढी चासो देखाई लाग्ने प्रवृत्ति देखिंदैन तर कतै परिआएमा उनी पछि हट्दैनथे । उनको संस्कृतमा राम्रो योग्यता थियो । धर्मशास्त्रले बताए अनुसारकै ब्राह्मण कर्ममा उनी तल्लीन हुन्थे । सरकारी जागीर खाएर पनि उनले आफ्नो नित्यनैमित्तिक कर्म छोडेका थिएनन् । यसो फुर्सत भएको बेलामा पनि लोकहरि शास्त्रकै चिन्तनमा लागिरहन्थे । त्यसैले उनले संस्कृतमा राम्रो दक्षता हासिल गरेका थिए ।

---

५. नरहरिको थरहरि र दशरथको जाल भन्ने उखान यसभेगमा अझसम्म प्रचलितै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. लोकहरि अधिकारी
जन्म : वि.सं. १९३४
देहान्त : वि.सं. १९९४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जागीर

१९५१ सालमा तेह्रथुम मालको तहरीर खरिदार पदमा जागीर खाएका थिए र यहाँ लोकहरि ५ वर्षसम्म बसे । यहीं बस्दाबस्दै प्रथम पत्नीबाट सन्तानको जन्म भएको बुझिन्छ । जस्तै, (क) दुर्गाहरि (ख) नारायणहरि (ग) नीलहरि (घ) रुद्रहरि तीनधारा पाकशालामा भर्ना भई संस्कृतमा राम्रो योग्यता प्राप्त गरेको बुझिन्छ । उनका सम्बन्धमा अनुसन्धाका निम्ति उपयोगी सामग्री पाउन सकिएन ।

तेह्रथुम मालमा ५ वर्षसम्म बसेपछि लोकहरि पाल्पा अदालतको डिठ्ठा (अचेलको जिल्ला अदालतको न्यायाधीश सरहको मान्यता) पदमा पदोन्नति भए । यहाँ बस्दा राम्रो काम गरेबापत अपील (पुनरावेदन अदालत जस्तै) को डिठ्ठा (न्यायाधीश) भए । त्यहाँबाट डोटी अपीलमा सरुवा हुँदा उनले त्यहाँ जान अस्वीकार गरे । आफ्नै माहिला बा सुब्बा करुणाकर डोटिमैं बसेर आएका र उनको मुखबाट त्यहाँको नराम्रो कुरा सुनेको हुँदा लोकहरि डोटी जान नरुचाएका हुनसक्छन् । ***गयो डोटी खायो रोटी फर्कने बेलामा धोती न टोपी*** भन्ने उखानले पनि उनका मनमा डरको भावना पैदा गराएको हुनसक्छ । त्यसपछि लोकहरि काठमाडौं आई अन्तै सरुवाका लागि पैरवी गर्दा तत्कालीन भारदार श्री ३ चन्द्रशमशेरका मामाका छोरा क. डिल्लीशमशेरसँग सम्पर्क गरे । उनबाट लोकहरिलाई अन्तै सरुवाको आश्वासन प्राप्त भयो । १९८६ सालमा चन्द्रशमशेरको निधन भएपछि क. डिल्लीशमशेरको शक्ति गयो । उनले लोकहरिलाई सरुवा गर्न नसक्ने कुरा बताए । पछि आफ्नो कमोतमा जान काका डम्बर शमशेरले भनेपछि त्यहींका लागि नियुक्ति लिई सप्तरी जिल्लाको भगवतपुर कचहरीमा आफ्नो काममा पठाए । तत्कालीन भारदारहरू जस्तै, डम्बरशमशेर थापा, डिल्ली शमशेर थापा, कुबेर शमशेर थापा, शिवप्रताप शमशेर थापा, गजराजजङ्ग थापा प्रभृतिका १६ भाइका १६ ओटा कार्यालय (प्राइभेट कचहरी) थिए । त्यहाँ आफ्नो मौजाको रेखदेख गर्ने, आम्दानीखर्चको बहि बुझ्ने काम हुन्थ्यो । डम्बरशमशेरको २२ मौजाका मुख्य हाकिम डिठ्ठा लोकहरि अधिकारी भएको बुझिन्छ । उनका अधीनमा अरु कैयौं कर्मचारी हुन्थे । मौजेपिच्छे १,१ जना गुमस्ता (सुवेदार), दण्डीदार, चौकीदार हुन्थे । हाकिमलाई हात्तीघोडाको सुविधा मिल्थ्यो । हाकिमका अधीनमा ४ जना दौडाहा सिपाही हुन्थे । २२ मौजामा काम गर्ने माथ्लो तहका कर्मचारीलाई तलबबाहेक धानको सुविधा पनि मिल्थ्यो । यस्तो शोखको निजी जागीर छँदै धर्मपत्नी धनकुमारीको देहावसान भयो । त्यसपछि डिठ्ठा लोकहरि अधिकारी घरायसी सबै व्यवहारबाट निवृत्त भए ।

तीर्थाटन

वि.सं. १९९५ साल जेठ महिनादेखि डिठ्ठा लोकहरि अधिकारी घरव्यवहार र अन्य सांसारिक प्रपञ्चबाट विरक्त भई तीर्थाटनमा निस्के । सप्तकोशी किनार (जहाँ भङ्गालो आउँछ) मा स्नान गरी सन्ध्यावन्दनादि कर्म गर्न लाग्दा उनको तस्वीर खिचेको थियो जुन तस्वीर यसै पुस्तकमा संग्रहित छ । त्यसपछि लोकहरि भारतका विभिन्न तीर्थस्थलको भ्रमणमा लागे । वद्री,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केदार,ऋषिकेशमा पुगी गायत्रीपुरश्चरण गरे । त्यसपछि वृन्दावनको भ्रमण गरे । १९९६ सालताका भजनाश्रम (गोलकुञ्ज भागवत विद्यालय जहाँ सिन्धुली जिल्ला अन्तर्गत तिल्पुङ्का काफ्लेहरू, साहिंला छोरा र नीलहरिका साथीसँग बसेको छु भन्ने चिठी घरमा बारम्बार आउँथ्यो ।

त्यसपछि लोकहरिलाई व्यथाले च्याप्दै लगेछ । त्यो बेला उनलाई मूत्रकृच्छ्र रोगले सताएको बुझिन्छ । उनले आफ्नो चिना हेरेछन् । अब मेरो ***यो संसारबाट जाने बेला भएछ*** भन्ने ठहर गरेपछि आफ्नो झिटीगुन्टा लिई अयोध्याबाट बनारस पुगेर न्यायका प्रख्यात विद्वान् पद्मप्रसाद भट्टराईकहाँ बास बसे । पद्मप्रसाद लोकहरिकै जेठी सासुका छोरा भएको बुझिन्छ । बनारस पुगेको भोलिपल्ट लोकहरिले भनेछन्- ***अब मलाई यहाँ धेरैबेर नराख । तुरुन्तै मेरो प्राण जान सक्छ । मलाई साथ मात्र दिए पुग्छ ।*** यो कुरा सुनेर पद्मप्रसादले उनलाई डोऱ्याएर मणिकर्णिकाघाट पुऱ्याए । त्यहीं लोकहरि अधिकारी यस लोकबाट मुक्त भए । त्यसपछि पद्मप्रसादलेनै उनको दाहसंस्कार गरे र छोरा लेफनेन्ट नारायणहरिलाई खबर गरे । त्यसपछि पहाडमा पनि खबर पुग्यो । पहाडमा दुर्गाहरि, नीलहरि र रुद्रहरिले पनि केही दिनपछि खबर पाए र उहीं बाको काजक्रिया गरे ।

कृति

वि.सं. १९९२ ताका लोकहरि अधिकारीले ***सर्वसंग्रही*** नामक ग्रन्थ लेखेका थिए । सो पुस्तक दुइ प्रति तयार गरेर १ प्रति नेपाली भाषा प्रकाशिनी समितिमा पेश गरेको थियो । सो पुस्तक परीक्षण गर्नेमध्ये एक जना क. क. डम्बरशमशेर थापा पनि थिए । उनले डिठ्ठा लोकहरिलाई लेखेको चिठीमा- ***तिम्रो किताव पास भयो*** भन्नेसम्म उल्लेख थियो । पछि के कसो भएर हो सो पुस्तक छापिएन । लोकहरिले लेखेजति सबै त्यहीं भएको बुझिन्छ । अर्को प्रति ***सर्वसंग्रही*** पुस्तक उनकै बन्धुबान्धवमध्ये कसैको हातमा परेको र हाल उताको यता र यताको उता हुँदै गायबै भएको बुझिन्छ । देहान्त हुनुभन्दा केही वर्ष अगाडि केदारनाथमा रहँदा लेखेको कविता यहाँ प्रस्तुत गरिन्छ ।

घरघोर निलो गहिरो भवको
दहदेखि कहालिन गो मन यो
टुपि मात्र हरे शिव बाँकी रह्यो
बलियो गरी तान्नुहवस विभो

तनमा, धनमा, जनमा, सुखमा
भुलि व्यर्थ उमेर गो छिनमा
दश इन्द्रियले जति गर्नु गरे
उनकै हुलमा भूलमा म परें

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव छाडिदिएँ धनजन् सुख सब्
म त जान्न अधोगति पाउँ शरण्
घरमा पनि जान्न पर्से वनमा
गहना अव घस्छु खरानि तनमा

निशिमा दिनमा सपना विपना
शिवको नभुलौं मनमा जपना
यति आग्रह गर्दछ लोकहरि
जसरी पनि पूर्ण गरून् शिवजी

त्यस्तै, लोकहरिले संस्कृत भाषामा लेखेको श्लोकले पनि उनको संस्कृतमा भएको योग्यताको राम्रो पहिचान गर्न मद्दत मिल्छ । जस्तै,

शूलंशूली पाशमादाय पाशी
चक्रंचक्री वज्रमादाय वज्री
धावत्यग्रे पार्श्वतो पृष्टतश्च
दुर्गा दुर्गा वादिनो रक्षणाय

शिवेति विश्वनाथेति विश्वेशेति हरेति च
गौरीपते प्रसीदेति यो नरो भाषते हसन्
तस्य संरक्षणार्थाय पृष्ठत: प्रमथै: सह
शूलमादाय बेगेन स्वयं धावति शंकर : [६]

यसरी नेपाली र संस्कृत भाषामा कविता लेख्ने, संस्कृतमा राम्रो दखल भएका र जागीरमा डिठ्ठासम्म पद पएका लोकहरि जीवनको उत्तरार्धमा बढी आस्तिक देखिन्छन् । हाल अप्राप्य उनका रचना अनुसन्धान गरी प्रकाशन गर्नु उचित कार्य हो । लोकहरिको मृत्यु वि.सं. १९९७ साल कार्तिक शुक्ल प्रतिपदाका दिन भएको हो ।

बिहान नित्य ४ बजे उठेर पूजापाठ शुरु गर्ने र १० बजे मात्र समाप्त गर्ने लोकहरिको अभ्यास थियो । उनी घरमा पनि पुराण पाठ गर्थे र अन्यत्र पनि पौराणिक कथावाचन र सप्ताहमा यदाकदा सामेल हुने गरेको जानकारी पाइन्छ । यसरी संस्कृत पढेका नौष्ठिक ब्राह्मण र साहित्यको क्षेत्रमासमेत हात बढाएका लोकहरिजस्ता प्रतिभाको अध्ययन, अनुसन्धानकार्य निरन्तर जारी हुनुपर्ने कुराको जनाउ दिन सकिन्छ ।

---

६. नन्दनहरि उपाध्याय, "डिठ्ठा लोकहरि र उहाँको बहुमुखी प्रतिभा" *ज्योतिश्री* वर्ष ३ अङ्क ८, पृ. २०-२१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वच्छिरोमणि हेमराज शर्मा
जन्म : वि.सं. १९३५
देहान्त : वि.सं. २०१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वच्छिरोमणि माहिला गुरुज्यू हेमराज पाण्डे (वि.सं. १९३५)

राणाजीबाट ***विद्वच्छिरोमणि***को उपाधि पाएका र नेपालका ठूला विद्वान् हुन् भनेर विदेशी विद्वान्हरूलेसमेत प्रशंसा गरेका हेमराज पाण्डे पनि ***नेपालको विद्वत्परम्परा***मा चर्चामा आउनेनै विद्वान् हुन् । उनको जन्म वि.सं.१९३५ साल आषाढ शुक्ल द्वितीया (असार २० गते) का दिन भएको हो । उनी ***राजगुरु परम्परा***मा जन्मेका थिए । विजयराजका नाति र लोकराजका माहिला छोरा हेमराज पाण्डेले पनि परम्परागत रूपमा चलिआएको गुरुपद पाएका थिए । यिनका पुर्खा काश्यप गोत्रीय पाण्डेय थरका लक्ष्मण पण्डित कुमाउ क्षेत्रको बडाखोला गाउँबाट नेपालको पूर्वी भागमा बसाइँ सरेका थिए । यसरी कुमाउबाट आएका हुँदा कुमाइ ब्राम्हण भएका हुन् भन्ने जनधारणा रहिआएको छ । पढेदेखि गुरुज्यू हुन पाइने, नपढे यो पद अरूलेनै हत्याउने हुँदा हेमराज पाण्डे १४ वर्षका उमेरमा बनारसमा पढ्न गए । उनले त्यहाँ पण्डित गङ्गाधर शास्त्रीसँग पढेका थिए । साथै, वैजनाथ दीक्षितसँग वेदको पनि अध्ययन गरे । १९५७ मा हेमराजले मोहन शमशेरलाई दीक्षा मन्त्र सुनाएका थिए । त्यसैगरी पद्म शमशेर, सुर शमशेर, अर्जुन शमशेर र सुवर्ण शमशेरलाई मन्त्र सुनाई हेमराजले उनीहरूको गुरू बन्ने सौभाग्य पाएका थिए ।

पञ्चाङ्ग संशोधन गर्नु , घरैमा पुस्तकालय खडा गर्नु, प्रकाशित र अप्रकाशित गरी धेरै पुस्तकहरूको संग्रह गर्नु हेमराजको विशेषता थियो भने उनको पुस्तकालयमा स्वदेशी पण्डितहरूका लागि ढोका खुला नहुनु अर्को दुर्बल पक्ष थियो । विदेशीहरू भने यस पुस्तकालयबाट प्रशस्त लाभान्वित हुन्थे । यसैले उनले विदेशीबाट धेरै प्रशंसा पनि पाएका छन् । स्वदेशमा विद्याज्योति जगाउनेतर्फ ध्यान नदिने राणाका पक्का भक्त यिनको स्वदेशमा चाहिं निन्दै चलेको छ । उनको देहावसानको लगत्तै पछि पत्नी छोराहरूले उनको पुस्तकालय बेचे । सो पुस्तकालय हाल राष्ट्रिय पुस्तकालयका रूपमा रहेको छ ।

हेमराजको पहिलो पटक दुइ विवाह भएकोमा १९७८ सालमा दुवै पत्नीहरूको मृत्यु भयो । उनको तेश्रो विवाह १९८० सालमा भयो । उपरोक्त (शुद्ध शब्दः उपर्युक्त) विवाहको कन्यादान तत्कालीन श्री ५ मुमा बडामहारानी लक्ष्मी दिव्येश्वरी शाह (श्री ५ त्रिभुवनकी मुमा) बाट गरिबक्सेको थियो । १९८३ साल पौषमा उनको जेठो छोरा केसरीराजको जन्म भयो ।

विद्वच्छिरोमणि हेमराज पाण्डेका दोष पक्ष पनि यथेष्ट पाइन्छन् तापनि उनले संस्कृत र नेपाली वाङ्मयका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका छन् । नेपाली व्याकरणको आधार ग्रन्थ ***चन्द्रिका***को रचनामा गुरुज्यू हेमराजको खूबी राम्ररी मुखरित भएको छ । संस्कृत र नेपाली भाषाका विद्वान् हेमराजले सोमनाथ सिग्देल रचित ***आदर्श राघव*** महाकाव्यको प्रस्तावना पनि लेखेको देखिन्छ । सारांशमा भन्न खोज्दा हेमराज पाण्डे उद्भट विद्वान् नभए पनि ***नेपालको विद्वतपरम्परा***मा भने उनी अजर छन् अमर छन् । ***चन्द्रिका-गोरखाभाषा*** व्याकरण र ***काश्यप सहिताको*** उपोद्घातले पनि हेमराजलाई सशक्त कृतिकारका रूपमा परिचित गराएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महोपाध्याय शेषराज रेग्मी (वि.सं. १९६४)

शेषराज रेग्मी साहित्यका प्रकाण्ड विद्वान् हुन् । श्रौतस्मार्तकर्मनिष्ठ ब्राम्हणका कुलमा वि. सं. १९६४ सालमा काठमाडौंको कमलपोखरीमा यिनको जन्म भएको हो । शेषराजका पिताको नाम देवचन्द्र शर्मा र माताको नाम हेमकुमारी थियो । यिनले काठमाडौंमा रहेको रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रारम्भिक अध्ययन गरेर काशीमा गई व्याकरण विषयमा सम्पूर्णमध्यमा, धर्मशास्त्रमा आचार्य र मीमांसामा ग्रिफिथ स्मारक परीक्षा पनि उत्तीर्ण गरे । बङ्गीय शिक्षा समितिबाट काव्यतीर्थ र साधारण दर्शनमध्यमा परीक्षा पनि प्रथमश्रेणीमा उत्तीर्ण गरे । वि.सं. १९९६ सालमा काशीको पण्डित सभाबाट ***साहित्य सुधाकर*** र काशी भारत महामण्डलबाट वि.सं. २०१४ सालमा ***महोपाध्याय*** को उपाधि प्राप्त गरे । २००८ सालको जेठ महीनामा संस्कृत तर्फको डाइरेक्टर विभागमा परामर्शदातामा नियुक्त भए । त्यसपछि २०१३ सालको मार्ग महीनादेखि पद्मकन्या महाविद्यालय (कलेज) मा प्राध्यापक पदमा नियुक्त भए । २०१४ सालको पौषदेखि २०२२ सालसम्म हिन्दू विश्वविद्यालय बाराणसीमा प्राध्यापन कार्यमा संलग्न शेषराज रेग्मीले आफ्नो विद्वत्तालाई अझ परिमार्जन गर्दै र प्रौढ बनाउँदै लगेको देखिन्छ । यसपछि २०२२ साल कार्तिक १ गतेदेखि वाल्मीकि संस्कृत महाविद्यालय र त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्ने शेषराजको प्रौढविद्वत्ता र अध्यापन कौशलताबाट सबै गुरुजन र विद्यार्थीहरूले ठूलो लाभ उठाएका थिए । २०३१ सालमा उमेरको हद नाघेर सेवाबाट अवकाश पाए । त्यसपछि शेषराज रेग्मी बनारसको गङ्गाजीका किनारमा ईश्वरभक्तिपूर्वक जीवन गुजारा गर्दै २०४४ सालको वैशाख महीनामा दिवङ्गत भए । विद्याप्रतिको अगाध आस्था र प्रेमले द्रवीभूत भएर मृत्युको केही समय अगाडिसम्म पनि उनी आचार्य र एम.ए. सम्मका विद्यार्थीहरूलाई अध्यापन गराउँदै थिए । वि.सं. २०३६ सालमा उनी दुइ महिनाजति सम्मानित प्राध्यापकका रूपमा सम्पूर्णानन्द विश्वविद्यालयमा संलग्न रहेको बुझिन्छ । २०४३ सालको शुरुमै पत्नीको देहावसान भएको हुँदा एकवर्षजति विधुर भएर जीउन बाध्य भएका थिए । शेषराज रेग्मी संस्कृत साहित्यका अतिरिक्त अन्य विषयका पनि प्रकाण्ड विद्वान् हुन् । उनको विद्याका क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको छ । उनले संस्कृत साहित्यका थुप्रो पुस्तकहरूको संस्कृत र हिन्दी भाषामा सरल टीका लेखेका छन् । शेषराज रेग्मीलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आजभन्दा केही वर्ष अगाडि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहाकालीन संस्कृतसाहित्यका विषयमा अध्ययन, अनुसन्धानका लागि एक वर्षको विद्वद्वृत्ति प्रदान गरेको थियो । उनले टीका लेखेका पुस्तकहरुको सूची यसप्रकार छ ।

१. भट्टिकाव्यं संस्कृत टीका, हिन्दी अनुवादसहित

२ उत्तररामचरितम् संस्कृत टीका, हिन्दी अनुवादसहित

३. मालतीमाधवम् संस्कृत टीका, हिन्दी अनुवादसहित

४. प्रसन्नराघवम् संस्कृत टीका, हिन्दी अनुवादसहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महोपाध्याय पं. शेषराज रेग्मी

जन्म : वि.सं. १९६४
देहान्त : वि.सं. २०४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. मेघदूतम् संस्कृत टीका, हिन्दी अनुवादसहित
६. रघुवंशम् १ सर्ग: संस्कृत टीका, हिन्दी अनुवादसहित
७. किरातार्जुनीयम् ३-६ सर्गा: संस्कृत टीका, हिन्दी अनुवादसहित
८. तर्कसंग्रहानुवाद: हिन्दीमा
९. हितोपदेशो मित्रलाभ: संस्कृत टीका, हिन्दी अनुवादसहित
१०. शिशुपालबध चतुर्थ सर्ग: संस्कृत टीका, हिन्दी अनुवादसहित
११. नैषधीय चरितम् १-९ सर्गा: संस्कृत टीका, हिन्दी अनुवादसहित
१२. कादम्बरी पूर्वार्धम् संस्कृत टीका, हिन्दी अनुवादसहित
१३. साहित्य दर्पण: (विस्तृत भूमिका)
१४. विक्रमाङ्क चरितकाव्यम् १ सर्गा: संस्कृत टीका, हिन्दी अनुवादसहित
१५. काव्यमीमांसा हिन्द्यनुवाद:
१६. विदग्धमुखमण्डलम् संस्कृत टीका, हिन्दी अनुवादसहित
१७. दशकुमार चरितम् संस्कृत टीका, हिन्दी अनुवादसहित
१८. कुमार सम्भवम् (सम्पादक:)
१९. स्वप्नवासवदत्तम् संस्कृत टीका, हिन्दी अनुवादसहित
२० रघुवंशम् १३-१४ सर्गौ संस्कृत टीका, हिन्दी अनुवादसहित
२१. व्याकरण बोध: नेपाली भाषामा
२२. नेपाली रचना प्रकाश -नेपाली भाषामा

यी पुस्तकका अतिरिक्त ***गोरखापत्र, सूर्योदय: आज, हिन्दूपत्रम् आर्य महिला, मर्यादा, संस्कृत सन्देश, पुरुषार्थ*** आदि पत्रिकाहरूमा शेषराज रेग्मीका फुटकर लेखरचनाहहरू थुप्रो प्रकाशित भएका छन्.। आचारनिष्ठ, अध्यांपन र लेखनमा समय बिताउने विद्वान् नेपालका विशिष्ट विद्वान् त यसै हुन् , साथै राष्ट्रिय विभूति पनि । अपशोचको कुरा-उनको जन्मवंश थेग्ने कुनै सन्तान भएनन् तापनि विद्यावंश भने युगौंयुगसम्म मौलाइरहने छ, यस कुरामा कुनै सन्देह छैन ।

पण्डित जयदेव अधिकारी (वि.सं. १९६४)

जयदेव अधिकारीलाई पनि नेपालका विद्वान्हरुकै सूचीमा राख्न सकिन्छ । यिनको घर पूर्व खोटाङ जिल्लामा पर्ने पुराना गाउँ हो । यिनको पुर्ख्यौली घर पनि यहीं भएको बुझिन्छ । यो ठाउँ सेनराजाबाट विर्ता मिलेको थियो र विर्ताको स्याहामोहर ज्ञानमणि नेपालसँग सुरक्षित छ । छुलुवारमा जयदेव अधिकारीको जग्गासम्बन्धी एउटा मुद्दा थियो । त्यसको तारिख उनी आफैं काठमाडौंमा धान्न आउँथे । यसै सिलसिलामा उनी यतै पढ्न बसेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. जयदेव अधिकारी
जन्म : वि.सं. १९६४
देहान्त : वि.सं. २०४४ असोज ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयदेव अधिकारीको जन्म विक्रम संवत् १९६४ सालमा भएको थियो । उनका एक जना दाजु विष्णुभक्त र एक जना भाइ नन्दिकेशर थिए । तीन ओटी दिदीबहिनी थिए । तीमध्ये जेठी आचार्यलाई दिएको, माहिली भोजपुरका भानुभक्त नेपाललाई दिएको जो इतिहासकार ज्ञानमणिकी आमा हुन् । कान्छी गोगनेका न्यौपानेलाई दिएको थियो । जयदेवका पिता हरिकेशर हुन् । काका छविलाल नेपाली साहित्यमासमेत विशेष चर्चित छन् । ज्ञानमणि नेपालको ***वनका फूल*** मा यस बारेमा विस्तृत चर्चा भएको छ । जयदेवको अक्षरारम्भ ५ वर्षका उमेरमा भएको थियो । पहिलो विवाह खोटाङकै कोइरालाकी छोरीसँग भएको थियो । दोश्रो विवाह चाहि विद्या पढेर पण्डित भई घरगएपछि (खोटाङको भाषा पाठशालामा अध्यापनका निम्ति नियुक्तिसमेत पाइसकेपछि) गोगनेका तारानाथ न्यौपानेकी छोरीसँग विवाह गरेका हुन् । यसबाट १ पुत्र - राजेन्द्र अधिकारी "विरही" र ३ छोरी इन्दिरा, विमला र..............., जन्मेका थिए ।

जयदेव अधिकारीले व्याकरण पढेका थिए । शुरुदेखिनै रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढेका हुन् । यिनले व्याकरणका ख्यातनामा विद्वान् दधिराम पौडेलसगँ पढेका थिए । जयदेव तीनधारा संस्कृत छात्रावासमा पनि बसेका थिए । मध्यमा परीक्षा उत्तीर्ण गरेपछि उनी संस्कृत पाठशालामा शिक्षकपदमा नियुक्त भई गएका हुन् । वि. सं. १९९८ सालदेखि उमेरका हदबाट अवकाश प्राप्त नगरुञ्जेल गोगनेको संस्कृत पाठशालामा पढाए । उनी मुख्य रूपमा संस्कृत पढाउँथे । ***मध्यकौमुदी*** त यिनी पुस्तकै नहेरी पढाउँथे । ***मध्यकौमुदी***सम्म पढाएर बाहिर गई उच्च शिक्षा हासिल गरेका यिनका शिष्यहरू थुप्रो छन् । जस्तै, ज्ञानमणि नेपाल (इतिहासकार) दैवज्ञराज न्यौपाने, (कवि, सह-प्राध्यापक) केदार न्यौपाने (कवि, उप-प्रध्यापक) कोषराज न्यौपाने (कवि उप-प्राध्यापक) र तोयराज नेपाल (इतिहास पुराणविषयका उप-प्रध्यापक) आदि आदि हुन् । गोगनेको पाठशाला स्थापना गर्नमा अनेकौं व्यक्तिहरुको ठूलो योगदान रहेको बुझिन्छ । जस्तै:- भानुभक्त नेपाल, खार्पाका लक्ष्मीप्रसाद पोखरेल, गोगनेका केही न्यौपानेहरू, उमानाथ नेपाल, मानबहादुर राईको सहयोगले स्थापना भएको सो विद्यालय अहिलेसम्म चलिरहेकै छ ।

जयदेव अधिकारीले जागीरबाट निवृत्त भएपछि वैष्णव धर्ममा दीक्षित भई भजनकीर्तन गर्दै समय विताएका थिए । यिनको मृत्यु ८० वर्षको उमेरमा २०४४ साल आश्विन ४ गते एकादशीका दिन भएको हो ।

जयदेवका दुइटा कृति फेला परेका छन् । एउटा कृति ***दार्शनिक तरङ्ग*** हो जो २०२९ सालमा प्रकाशित भएको थियो । यसमा दार्शनिक विषयवस्तुलाई पद्यात्मक रूपमा व्यक्त गरेको पाइन्छ । अर्को कृति-***पञ्चदशी*** को नेपाली भाषामा अनुवाद हो । यो कृति अहिलेसम्म अप्रकाशित अवस्थामा छ । यस पुस्तकको पाण्डुलिपि दैवज्ञराज न्यौपानेसँग सुरक्षित छ । साथै, जयदेवका अन्य फुटकर कृति र अनुसन्धानका सामग्री दैवज्ञराजसँग भएको बुझिन्छ । जयदेव अधिकारी नेपालका विद्वान् हुन् । उनको विस्तृत जीवनी र कृतिको बारेमा अनुसन्धानमूलक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यस अध्याय मा विषयानन्द प्रकरण छ
रहेछ। विषयानन्द लौकिक हुँदा
मोक्ष शास्त्र निरूपण मा उपपन्न भएन
यो शंका आउँछ - विषयानन्द लौकिक
भए पनि ब्रह्मानन्द को अंश हुँदा उपपन्न
हुन्छ कसरी, द्वार हुनाले ॥१॥
ब्रह्मानन्द को अंश हो भन्ने मा के प्रमाण
छ ? (एषोऽस्य परमानन्दो योऽखण्डैक
रसात्मकः॥ ॥अन्यानि भूतानि एतस्य
मात्रा मेवोपभुञ्जते ॥२॥
ब्रह्मानन्दाभिधे ग्रन्थे चतुर्थोऽध्याय
ईरितः। विद्यानन्दस्तदुत्पत्ति पर्य
न्तोऽभ्यास इष्यताम् ॥६५॥
यो ब्रह्मानन्द नाउँ गरेको ग्रन्थमा चारौं
अध्याय बताइयो, यसमा विद्यानन्द
र यसको उत्पत्ति पर्यन्त अभ्यास
मानियोस ॥

जयदेव अधिकारी
०३१।११।१४ मा

पं. जयदेव अधिकारीको हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक लेखिनु पर्छ र साथै प्रकाशित पनि हुनु पर्छ । जयदेवका उपलब्ध कृति अध्ययन गर्दा उनको दार्शनिक चेतना प्रखररूपमा मुखरित भएको देखिन्छ । जयतु संस्कृतम् भन्ने संस्कृत कविता उनको संस्कृत कविता शक्तिको पहिचानका निम्ति तल प्रस्तुत गरिएको छ । यी कृतिहरूको अध्ययन गर्दा जयदेव दार्शनिक विचारका थिए भन्ने कुरा स्वत: स्पष्ट हुन्छ ।

जयतु संस्कृतम्

संस्कृते जीविते सर्व आर्या जीवन्ति सर्वदा
भ्रियन्ते च मृते तस्मिंस्तस्यत्तद्रक्षतां सदा
यस्य यस्य च यो धर्म: प्राणास्तस्य स एव हिं
सर्वे प्रोक्त: श्रुतौ सा तु संस्कृतेनैव गीयते
स्मृतिस्तदनुवादार्था सापि संस्कृति नोदिता
तस्यां प्रोक्तोलोक धर्म स्तस्माज्जयतु संस्कृतम्
ब्राह्मण क्षत्रियविशां शूद्राणाञ्चान्त्यवासिनाम्
ब्रह्मचारि ग्रहिणाञ्च वनस्थानां तपस्विनाम्
पृथग्धर्मा : समाख्याता लोकसंस्थिति हेतव:
मुनिमन्वादिभिर्यस्मिंस्तस्माज्जयतु संस्कृतम्
यावज्जीवन्ति भूतानि स्थावराणि चराणि च
तावच्चाप्यधिकञ्जीयात्त्वद्बलेनैव संस्कृतम्

पण्डित बदरीनाथ भट्टराई (वि.सं. १९६५)

पुरानो शिक्षा पद्धतिमा पूर्वमध्यमा र एस.एल.सी. परीक्षा पास गर्ने विद्यार्थीहरूले बदरीनाथ भट्टराईले लेखेको *चिठी* अनिवार्य नेपाली विषयमा पढ्नुपर्थ्यो । उनको चिठीले नेपाली भाषाको माया गर्न नचाहनेलाई पनि माया गरुँ भन्ने भावना जगाउँछ ।

नेपालका विद्वान् बदरीनाथ भट्टराईको जन्म विक्रम संवत् १९६५ सालमा काठमाडौंमा भएको हो । उनले १९९७ सालमा वाराणसीबाट धर्मशास्त्र विषयमा आचार्य परीक्षा उत्तीर्ण गरेका हुन् । त्यसपछि १९९७ देखि नेपाली भाषा प्रकाशिनी समितिमा पण्डित, २०१४ सालमा त्रिचन्द्र कलेजमा प्राध्यापक, पछि वाल्मिकि संस्कृत महाविद्यालयमा प्राध्यापकभई २०३० सालमा उमेरको हदबाट अवकाश प्राप्त गरेपछि उनी आध्यात्मिक चिन्तनमा संलग्न छन् ।

संस्कृत र नेपालीका विशिष्ट विद्वान् बदरीनाथले *वेदनिधि पुरस्कार, गुणराज पुरस्कार* (दुइ पटक) र *गुणराज व्याख्यानमाला पुरस्कार* प्राप्त गरेका छन् । देवकोटाको आर्थिक अभावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रस्त भएको जीवन देखेर विशेष चिन्तित भएका बदरीनाथले नेपाली भाषा प्रकाशिनी समितिमा हुँदा त्यहाँ प्रकाशनार्थ प्राप्त भएका कृतिहरूको आवश्यक सम्पादन गरी आफ्नो क्षमता देखाएका थिए । मैले सुने अनुसार महाकवि लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्यको आवश्यक सम्पादन गरेका थिए । संस्कृत र नेपाली भाषामा विभिन्न प्रकारका गद्य र पद्य गरी उनका असङ्ख्य कृतिहरू छन् । तत्काल थाहा भएसम्मको सूची तल प्रस्तुत गरिन्छ ।

१. पौराणिक कहानी (कथा संग्रह)
२. ईश्वर किन मान्ने
३. वैदिक कहानी (कथा संग्रह)
४. ऐतिहासिक कहानी (कथा संग्रह)
५. सिन्धुलीको झलक (खण्ड काव्य)
६. बाल साहित्य र पाठय पुस्तकसम्बन्धी अनेकौं ग्रन्थ
७. आध्यात्मिक र धार्मिक ग्रन्थहरू
८. आत्म पुराण
९. गजेन्द्र मोक्ष
१०. विद्या गीता
११. पच्चीस प्रबन्ध
१२. कादम्बरी नाटक
१३. संस्कृत साहित्यको सिंहावलोकन
१४. हंस गीता
१५. भिक्षु गीता
१६. देवीगीता
१७. स्तुति धारा भाग १ र २ आदि आदि

हाल-वृद्धावस्थामा उनी देवीदेवताको दर्शन गर्ने र आध्यात्मिक ग्रन्थको अध्ययन तथा चिन्तनमा लागेका छन् ।

अति विशिष्ट विद्वान् योगी नरहरिनाथ (वि.सं. १९७६)

योगी नरहरिनाथको जन्म वि.सं. १९७६ सालमा कर्णाली अञ्चलको जुम्लामा भएको बुझिन्छ । उनी गोरक्ष (नाथ) सम्प्रदायका अनुयायी हुन् । यिनले साहित्य विषयमा शास्त्री परीक्षा उत्तीर्ण गरेका छन् । योगी नरहरिनाथ श्री ३ महाराज मोहनशमशेरका पालामा गोरक्ष पीठमा महन्त भएका हुन् । यिनी क्षिप्रानाथका शिष्य हुन् । मृगस्थलीमा ब्रम्हचर्याश्रमको स्थापनामा योगी नरहरिनाथको प्रमुख हात थियो । भोलानाथ पौडेल र ज्ञानमणि नेपाललाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोही आश्रममा अध्यापन गर्न लगाई संस्कृतको नयाँ शिक्षा पद्धतिमा विशेष जोडदिएको देखिन्छ। २०१० सालमा योगी नरहरिनाथ, धनवज्र बज्राचार्य, बुद्धिसागर पराजुली, ज्ञानमणि नेपाल र रत्नबहादुर बजाचार्यको सम्पादक मण्डल खडा भएर *संस्कृत सन्देश* नामक इतिहासप्रधान पत्रिकाको प्रकाशन भयो । योगी नरहरिनाथले *इतिहास प्रकाशमा सन्धि पत्रसंग्रह* भन्ने इतिहासको मूल पुस्तक तयार पारेका छन् । (अभिलेखको पुस्तकलाई इतिहासको मूल ग्रन्थ र त्यसको आधारमा व्याख्या विश्लेषण गरिएको ग्रन्थलाई इतिहासको व्याख्या ग्रन्थ भन्नु उचित होइन र ?) *हिमवत्खण्ड* आदि अनेकौं महत्त्वपूर्ण पुस्तकहरूको सम्पादनमा यिनको मुख्य हात रहेको छ । *गोर्खा वंशावली, कीर्तिपताका, स्वदेशदर्शन, संस्कृत भाषा लिस्नु, हिमवत् संस्कृति* आदि अनेकौं ऐतिहासिक, भाषिक पुस्तक पत्रिकाहरूको अनुसन्धान, सम्पादन र प्रकाशन गरेर विद्याको रक्षा र विकासमा उनले ठूलो योगदान पुऱ्याएका छन् । *विश्वात्म दर्शन, अरुणोदय* आदि पत्रिकाहरूमा योगी नरहरिनाथका असंख्य संस्कृत र नेपाली भाषामा कविता, लेख छापिएका छन् । उनी आशुकवि हुन् साथै प्रत्युत्पन्न मति भएका उद्भट विद्वान् पनि हुन् । उनी वि.सं. २०१५ सालदेखि राजनीतिको क्षेत्रमा सक्रिय रूपमा संलग्न छन् । उनले कर्मवीर महामण्डलको स्थापना गरी चुनावमा उमेदवारसमेत खडा गराएका थिए । अहिले उनी नेपालका विभिन्न ठाउँमा कोटी होमको आयोजना गर्नमा दत्तचित्त छन् । राजनीति ठूला ठूला विद्वान्ले गर्ने कुरा होइन । योगी नरहरिनाथ राजनीतिमा लाग्नुका सट्टा पहिलेझैं नियमित रूपमा इतिहास, भाषा, साहित्यको अध्ययन, अनुसन्धानका साथै विद्यालय, महाविद्यालयहरूको स्थापना र सञ्चालनमा संलग्न भइरहेको भए योगी नरहरिनाथ विद्वत्परम्परामा महापुरुष हुने थिए । विद्याको परम्परा खोतल्दै ल्याउँदा योगी नरहरिनाथको नाम लिने वित्तिकै श्रद्धाले शिर झुक्छ । राजनीतिमा लागेर उनले देखाएका अनेकौं क्रियाकलापको अध्ययन गर्दा भने -यस्ता उद्भट विद्वान्ले पनि साधारण मानिसले जस्तो के गरेको होला भन्ने लाग्छ । योगी नरहरिनाथसँग साक्षात्कार गर्दा उनले नजानेको विषय के छ होला जस्तो लाग्छ । सारांशमा भन्दा उनको चमत्कारीक जीवन अनुसन्धेय विषय हो । यस किसिमका उद्भट विद्वान् र चमत्कार गर्न सक्ने मानिस धर्तीमाताले यदाकदा मात्र जन्माउँछिन् ।

अचेलका वेदव्यास कृष्णप्रसाद शर्मा घिमिरे (वि.सं. १९७६)

कवि कृष्णप्रसाद शर्मा घिमिरेको जन्म वि.सं. १९७६ सालमा श्री कृष्ण जन्माष्टमीको दिनमा माता मनोरथकुमारी देवी र पिता केदारनाथ शर्माको कनिष्ठ सुपुत्रका रूपमा भएको हो । केदारनाथ आफ्नो पैतिकभूमि नुवाकोट जिल्लाको पीपलडाँडा गाउँबाट जन्मिएको नवौं वर्षमा काठमाडौंमा आएर स्थायीरूपले बसोबास गर्न शुरु गरेका हुन् । व्याकरण, साहित्य र ज्योतिषका ज्ञाता भएको हुँदा उनले राजगुरु विक्रमराज पाण्डेको सान्निध्यमा रहेर पौरोहित्यादि कर्महरू गरी जीवनवृत्ति चलाएका थिए । कृष्णप्रसाद घिमिरेले साधारण प्रारम्भिक शिक्षा आफ्नै पिताबाट ग्रहण गरी रानीपोखरी संस्कृत प्रधान पाठशालामा साहित्य विषयको अध्ययन गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. कृष्णप्रसाद शर्मा घिमिरे
जन्म : वि.सं. १९७६
देहान्त : वि.सं. २०४९ मंसिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशीमा गएर त्यसबेलाको क्वीन्स कलेजबाट ईस्वी संवत् १९४० मा साहित्य विषयमैं शास्त्री परीक्षा उत्तीर्ण गरे । उनले कलकत्ता शहरको बङ्गालको संस्कृत कलेजबाट काव्यतीर्थ परीक्षा पनि उत्तीर्ण गरेका छन् । उनी नेपाली र हिन्दी भाषामा धाराप्रवाह रूपमा रचना गर्न सक्छन् । कृष्णप्रसाद घिमिरेका कृतिहरू थुप्रो छन् । तत्काल थाहा पाइएसम्मको विवरण यहाँ दिइन्छ ।

१. श्रीकृष्णचरितामृतम् महाकाव्यम् (२०२८)
२. नाचिकेतसम् (२०३१)
३. श्रीराम विलापः (खण्डकाव्यम्) (२०३६)
४. सूर्योदय खण्डशः
५. गौरीगिरीशम् (गीतिकाव्यम्)

अप्रकाशित संस्कृतका पुस्तकहरू

१. श्रीकृष्णचरितामृतम् (महाकाव्यम्) द्वितीयोभागः
२. ययातिचरितम् (महाकाव्यम्)
३. वृत्रवधम् (महाकाव्यम्)
४. सम्पाति सन्देश : (खण्डकाव्यम्)
५. मनोयानम् (खण्डकाव्यम्)
६. पूर्णाहुतिः दृश्यकाव्यम्
७. महामोहः दृश्यकाव्यम्
८. नेपालेश्वर गौरवम् (अन्वर्थ नाटकम्)
९. सत्यस्तुति कुसुमाञ्जलीः (विविधदेवीनां सत्यस्तुतिरूप :)
१०. श्रीकृष्ण पद्यसंग्रह : (पद्यानां संग्रहः)
११. श्रीकृष्ण गद्यसंग्रह : (गद्यानां संग्रहः)

नेपाली भाषामा छापिएका पुस्तकहरू

१. राष्ट्रिय चरित्र (ऐतिहासिक महाकाव्य) - २०१७
२. देश-नरेश (ऐतिहासिक महाकाव्य) - २०१७
३. रुक्मिणी विवाह (पौराणिक खण्डकाव्य) - २०१५
४. अजामिल (पौराणिक खण्डकाव्य) - २०१५
५. अवधूत (पौराणिक खण्डकाव्य) - २०१५
६. श्रीमद्वाल्मीकि रामायण (छायानुवाद) भयङ्कर ठूलो ग्रन्थ -२०३१
७. निर्णय सिन्धु
८. दुर्गा सप्तती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. अमरकोष
१०. श्रीमद्‌भगवद्‌गीता
११. कादम्बरी (पद्यानुवाद)
१२. तत्कालीन सुधारकार्यको विवरण
१३. वैदिक वाङ्मय

हालतक अप्रकाशित रहेका नेपाली भाषामा लेखिएका कृति

१. श्रीमद्‌भागवत् (पद्यानुवाद)
२. श्रीराम गीता (पद्यानुवाद)
३. आशौच निर्णय (अनुवाद)
४. सुन्दरचरित (अनुवाद)
५. कुशलवोदय (अनुवाद)
६. कर्मयोगीवृत्त (१५ सर्गको महाकाव्य)
७. कृष्ण पद्यसंग्रह
८. कृष्ण गद्यसंग्रह

कृष्णप्रसाद घिमिरेका सम्बन्धमा विद्यावारिधिका लागि गरिएका अनुसन्धान कार्य केही पूरा भएका छन् र केही चाहिं अझै भैरहेका छन् । अहिलेसम्म पाएको विवरण यहाँ प्रस्तुत गरिन्छ ।

१. अमोलप्रसाद मिश्र- एम.ए. (संस्कृत र अङ्ग्रेजी) आङ्ल व्याख्याता । शाशकीय उच्चतर माध्यमिक विद्यालय गौरी, रिवा (मध्य प्रदेश) ले अवधेश प्रतापसिंह विश्वविद्यालय रिवाबाट ***कृष्णप्रसाद घिमिरेको कृतित्व एवं व्यक्तित्व*** शीर्षकमा शोधपत्र लेखी उपाधि प्राप्त गरिसकेको ।

२. लज्जागुप्ता पुरानी सब्जीमडी, दिल्ली - एम.ए. दिल्ली विश्वविद्यालयबाट ***श्रीकृष्ण चरितामृतम्*** सम्बन्धमा विद्यावारिधिका निम्ति शोध-पत्र तयार गरेको ।

३. कमलेश कुमारी ४८ जवाहरलाल (मुरादावाद उत्तर प्रदेश) रुहेल खण्ड वि.वि.बरेलीबाट शोधकार्य भएको । विद्यावारिधि शोध प्रबन्धको विषय:- ***कृष्णप्रसाद घिमिरे एवं उनको महाकाव्य नाचिकेतस*** ।

यसरी कृष्णप्रसाद घिमिरेले प्रशस्त लेखेका छन्, तर कुनै पनि विषय वस्तु पुरानैबाट लिनुभन्दा केही नयाँ लिएर लेखेको भए उनी भयङ्कर ठूला विद्वान् र कवि हुने थिए । विषयवस्तु पौराणिक लेख्नु त्यति आवश्यक छैन । कैयौं नयाँ नयाँ कुरा दिन सकिन्छ । यति गरिदिएको भए कृष्णप्रसाद घिमिरे विश्वप्रख्यात साहित्यकार हुने थिए । उनले भारतमा मात्र सीमित हुनुपर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएन । उनी उत्पातका मिहिनेती विद्वान् हुन् । यस कुरामा भने कुनै शङ्का छैन । अझ भन्ने हो कृष्णप्रसाद घिमिरे कलियुगका वेदव्यास हुन् । पहिलेका वेदव्यासले जस्तै यिनले पनि छिटो लेख्ने गणेश पाए भने कृष्ण प्रसाद घिमिरे भनेको भन्यै गर्न सक्छन् ।

चन्द्रप्रसाद (भवानी शङ्कर) ढुङ्गाना (वि.सं. १९७७)

जन्म : वि.सं. १९७७ आश्विन ४

मातापिता : अम्बिकादेवी र ऋषिराम

दाजुभाइ : ८ भाइ मध्ये चन्द्रप्रसाद साहिंला ।

दिदीबहिनी : २ ओटी (एउटीलाई सीतापुर दिएको र अर्की चाहिं बालक अवस्थामै दिवंगत)

जन्मस्थान : भलुवाजोर, छिताकुण्ड (सीताकुण्ड), रामेछाप

अध्ययन

(क) क्यौरिनी महादेवस्थानमा पण्डित साम्बभक्त सुवेदीसँग *लघुसिद्धान्त कौमुदी*, *अमरकोष*को प्रारम्भिक अध्ययन

(ख) राजकीय संस्कृत विद्यालय मटिहानीमा व्याकरण विषयमा सम्पूर्ण मध्यमा समुत्तीर्ण।

(ग) बनारस, वृन्दावनमा बसेर श्रीमद्भागवत्को अध्ययन २३ वर्षपछि घरमा आएर गायत्री पुरश्चरण गरेको ।

(घ) वनारसमा अध्ययन गरेपछि भोटो, टोपी, धोती, च्यादर लगाएका र हातमा कमण्डलु लिएको जुत्ता नलगाएको, छाता पनि नओढेको ।

विवाह : दुम्जाका मनोहर कोइरालाकी कान्छी छोरी डम्बर कुमारीसित २४ वर्षको उमेरमा तत्काल पत्नीको उमेर १४ वर्ष । शुरुमा विवाह नगरी ब्रम्हचर्याश्रममै रहने भनी स्वीकार गरेकोमा आफन्त र अन्य इष्टमित्रहरुको तीव्र आग्रहमा विवाह गरेको ।

सन्तान : १. नीलमणि २. केशव, ३. वासु (चूडामणि), ४. प्रेमहरि, ५. दामोदर, छोरीहरुमा १. गोमा मन्थली न्यौपानेलाई दिएकोमा हाल - घारीबथान गएका, २. दुर्गा - जन्मेको १७ महिनामा परलोक, ३. प्रेमकुमारी - सालुका विष्णुमणि काफ्लेलाई दिएको, ४. उर्मिला सिन्धुली जिल्लाको मझुवा गैरी गाउँका आचार्य तुलसी प्रसादका नातिलाई दिएको, ५. देवकी - सालु भञ्ज्याङ्का पुण्यप्रसाद अधिकारीका छोरा .... लाई दिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) पं. चन्द्रप्रसाद (भवानीशङ्कर) ढुङ्गानाको निवास
रामेछाप, भलुवाजोर

(ख) चन्द्रप्रसाद (भवानीशङ्कर) र उनकी धर्मपत्नी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवा : २०११ सालभन्दा पहिले घरमा पढ्न आउने विद्यार्थीलाई संस्कृत, नेपाली र हिसाब पढाएको, परिआएका ठाउँमा पुराणवाचन गरेको, २०११ सालदेखि अविच्छिन्न रुपमा कालिकापीठ विद्यालय भलुवाजोरमा अध्यापन गरेको (यो विद्यालय संचालक समितिले चलाएको थियो) यो विद्यालयको स्थापना पनि चन्द्रप्रसादले नै गरेको बुझिन्छ । यस विद्यालयको प्रधानाध्यापक समेत भएकोमा नयाँ शिक्षा योजना लागू भएपछि उनका ठाउँमा अर्के व्यक्ति प्रधानाध्यापक भएर आएको र चन्द्रप्रसाद चाहिं निम्नमाध्यमिकको दरवन्दीमा सोही विद्यालयमै रहेको । ६५ वर्षको उमेरमा सेवाबाट अवकाश ।

प्रवृत्ति : पूर्णतः आस्तिक जीवन यापन गर्न चाहने, गायत्री, पाञ्चायन देवताप्रति बढी भक्ति गर्ने गरेको, रामेछापको विकासमा कसैको दृष्टि नपुगेकोमा बढी चिन्तित । प्रायः अध्ययन र लेखनमा व्यस्त भैरहने । आफू जन्मेको भलुवाजोर गाउँप्रति अत्यन्त प्रेम गर्ने, सामाजिक सेवाको भावना तीव्र ।

इच्छा : उत्तरापन्थ (वानप्रस्थाश्रम) को आकाङ्क्षा राखेकोमा परिस्थितिवशात् सो पूर्ण हुन नसकेको, उत्तरायणको शुक्ल पक्षमा मृत्यु होस् भन्ने चाहना राखेकोमा यो चाहिं पूरा भएको । २०४९ माघ शुक्ल द्वितीया, ११ गते, दिनको १२ बजे (नवरात्र परेको बेला) लौहकिल्थली गा.वि.स. अन्तर्गत सानो ठिमीको जातिगालमा अवस्थित आफ्नै घरमा देहावसान ।

कृति :

१. प्रकाशित

(क) भीमयात्रा (गीतिमय महाकाव्य) २०४७ वैशाख

(ख) आशु बालबोध (नेपाली वर्ण शिक्षण)

२. अप्रकाशित

(क) धुनि प्रादुर्भाव महाकाव्य (३८ सर्गमा आबद्ध राम धुनिसँग सम्बन्धित महाकाव्य)

(ख) अन्त्येष्टि दान पद्धतिः (संस्कृत भाषामा)

(ग) नारदयात्रा महाकाव्य

(घ) नासिकेतु चमत्कार महाकाव्य

३. फुटकर कविताहरू असङ्ख्य ।

कौशिकी महात्म्य बाट

निखिल कल्मषध्वान्त नाशकं
विपुल वालुका राशिशोभितम्
विकट प्रस्तरैः पापिनी प्रदम्
भजतरे जनाःकौशिकी तटम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वहति या नदी गौरी शंकरात्
हिमगिरेः सदा मोक्ष दायिनी
मुनिवरैः पुरा पादसेविता
भजतरे जनाः कौशिकीतटम् । इत्यादि

पूर्णप्रसाद ब्राह्मण (वि.सं. १९७९)

पूर्णप्रसाद ब्राह्मण सबैजसो क्षेत्रमा हात हालेका मानिस हुन् । उनी त्यस्तरी विद्वत्ताको अगाध सागर भएका मानिस त होइनन् तर प्रतिभासम्पन्न संस्कृतका विद्वान् चाहिं पक्का हुन् । राजनीतिक क्षेत्रमा उनको संलग्नता नभएको भए उनी भयङ्कर ठूला विद्वान् हुने थिए । संस्कृतमा लेखिएका महाकाव्य र अन्यकृति तथा नेपाली भाषामा रचना गरिएका कथा, कविता, उपन्यास आदिले यो कुराको पुष्टि दिएका छन् । पूर्णप्रसाद ब्राह्मणद्वारा रचित एउटा पद्यको अध्ययन गर्दा उनको धर्मसम्बन्धी विचार कस्तो रहेछ, स्पष्ट हुन्छ ।

पानीभित्र डुबी नुहाउँछ सधैँ माछो कहाँ धर्म छ ?
घाँटीले गदहा बजाउँछ सधैं घण्टा कहाँ धर्म छ ?
कङ्गाली उपवास गर्छ दिनहुँ रोई कहाँ धर्म छ ?
सच्चा धर्म त त्यागमैं छ जन हो संसार मौलाउँछ

बस्तुतः स्नानले, घण्टा बजाउनाले, उपवास वस्नाले र अन्य धार्मिक आडम्बर गरेर मात्र धर्म हुँदैन । धर्म आर्जनका लागि निःस्वार्थ भावको त्यागमय जीवन हुनुपर्छ भन्ने कुरालाई यस श्लोकले पुष्टि गरेको छ । यसरी त्यागलाईनै मूल धर्मठान्ने पूर्णप्रसाद ब्राह्मणको जन्म वि.सं. १९७९ साल असार महीनाको हरिशयनी एकादशीको दिन गण्डकी अञ्चल अन्तर्गत गोर्खा जिल्लाको ***काफल डाँडा*** भन्ने ठाउँमा भएको थियो । उनी पिता देवीदत्त र माता रुक्मणी देवीको पहिलो सन्ततिरूपमा जन्मिएका थिए । पूर्णप्रसादको पुर्ख्यौली थर दवाडी हो । उनी राजनीतिमा संलग्न व्यक्ति भएकाले र त्यो जमानामा राणाशासनको जगजगी भएको हुँदा मृत्युदण्डको सजायबाट जोगिन उनले वि.सं. २००३ सालमा ***ब्राह्मण*** उपनाम राखेका हुन् । काठमाडौंमा शिक्षण कार्यमा व्यस्त रहेका पिता देवीदत्तले छोरा पूर्णप्रसादलाई ६ वर्षको कलिलै उमेरमा काठमाडौं झिकाए । यहाँ आमाकी बहिनी गायत्रीदेवीको पालनपोषणमा उनी क्रमशः बढ्दै गए । गाउँमै साउँअक्षर चिन्हिसकेका पूर्णप्रसादले पिता भएको ठाउँ काठमाडौं आएर ***लघुकौमुदी, मध्यकौमुदी*** पढी ज्योतिषको पनि ज्ञान गरे । देवीदत्तले मध्यमा परीक्षा मात्र उत्तीर्ण गरेका थिए । उनी व्याकरणका ख्याति प्राप्त विद्वान् थिए । साथै ज्योतिषमा पनि त्यो समयमा विशिष्ट ज्ञाता मानिन्थे । त्यसैले उनले आफ्ना छोरा पूर्णप्रसादलाई पनि व्याकरण अथवा ज्योतिष विषय पढाउन चाहेका थिए, तर देवीदत्तको यस विचारलाई रानीपोखरी संस्कृत प्रधान पाठशालाका हेडगुरु सोमनाथ सिग्देलले रोके । उनी योग्य विद्यार्थीलाई आफ्नो विषय न्याय पढाउन चाहन्थे तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यायप्रति देवीदत्तको झुकाव नभएकाले अन्ततोगत्वा पूर्णप्रसादले वेद विषय लिए । चौध वर्षको उमेरमा रानीपोखरी तीनधारा पाकशाला (छात्रावास) मा प्रवेश गरेका पूर्णप्रसाद अध्ययनका साथसाथै राजनीतिमासमेत संलग्न भएर छात्रावासबाट तीनचोटि निकालिए । माहिलागुरुज्यू हेमराज शर्माको अनुपस्थितिमा पिताको प्रभावले दुइचोटिसम्म त पुनः प्रवेश पाए । अन्तिम अवसरमा वि.सं. २००१ सालमा पूर्णप्रसादले नेपाली भाषानुवाद परिषद्मा वैतनिक रूपमा कार्य शुरु गरे । यसै समयमा उनले *जयतु संस्कृतम्* नामक संस्थाको माध्यमद्वारा गोप्यरूपले रचनात्मक कामहरू गरे ।

मध्यमा परीक्षा उत्तीर्ण गरेर पूर्णप्रसादले पूर्वमीमांसा विषय लिएर पढे । काठमाडौंमै रहेर अध्ययन गरेको हुँदा यिनले वि.सं. २००३ मा आचार्य परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे र तर आचार्य परीक्षाको प्रमाणपत्रको कुनै मूल्य नदेखेर उनले त्यसलाई च्यातिदिएको भन्ने सुनिन्छ । पूर्णप्रसाद अध्ययनमा अत्यन्त तीव्र प्रतिभाका थिए । कृष्णप्रसाद भट्टराई, माधवप्रसाद घिमिरे, अम्बिकाप्रसाद अधिकारी उनका सहपाठी थिए । पूर्णप्रसाद सबैजसो परीक्षामा प्रथम श्रेणीमैं उत्तीर्ण भएको जानकारी पाइन्छ । गुरुको अभावमा आफ्नै अध्ययनको भरमा प्रथम श्रेणीमा परीक्षा उत्तीर्ण गर्न सक्नु उनको विद्वत्ताको छनक र प्रतिभाको गहिराइ सहजै थाहा पाउन सकिन्छ । त्यसरीनै पाँचौं खण्डको परीक्षा पनि आफैंले अध्ययन गरेर दिए। ग्रन्थको राम्ररी अध्ययन नगरेको हुँदा पहिलो पत्रमा पहिले पढेका ग्रन्थहरूको अध्ययनको भरमा सबै प्रश्नहरूको उत्तर एउटैमा निबन्धात्मक रूपमा लेखिदिए । त्यो कापी जाँचिन काशी हिन्दू विश्वविद्यालयका संस्कृत विभागाध्यक्ष र ख्यातिप्राप्त मीमांसक महामहोपाध्याय चिन्न स्वामीकहाँ गयो । उनी त्यो कापी हेरेर असाध्य प्रभावित भए । नम्बरको त कुरै भएन । पछिसम्म पनि चिन्न स्वामी भन्ने गर्थे - ***नेपालका विद्यार्थीहरू यति प्रतिभाशाली हुन्छन् कि जसको प्रशंसा जति गरे पनि पुग्दैन ।*** यो कुरा उनले काठमाडौं आएका बखत पनि गरेका थिए । यस किसिमको अद्भुत प्रतिभा भएका पूर्णप्रसाद ब्राह्मण राजनीतिपट्टि चासो राखेर संलग्न नभएको भए मैले माथिनैं उल्लेख गरेझैं ज्यादै ठूला विद्वान् हुने थिए ।

धौवलागिरि अञ्चल अन्तर्गत वागलुङ् जिल्लामा बस्ने खगराजोपाध्यायले वि.सं. २०२९ । ६ । ८ । १ दिनाङ्कमा पठाएको काव्यात्मक पत्रबाट पूर्णप्रसाद ब्राह्मणको वैशिष्टय अझ राम्ररी छर्लङ्गिन्छ ।

पुरा छात्रावासे सहपठनवासात् परिचतं
भवन्तं श्रीमन्तं प्रथितयशसं शुद्धहृदयम्
सहाध्यायी कश्चिन्नु दित इव केनापि विधिना
सुदामेव श्रीशं स्मरति कृतपत्रार्पण इह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसादं सम्पूर्णं प्रददधुना तत्र भवतो -
ऽभिधानं चान्वर्थं यदपि कृतवानस्ति भगवान्
अथा ऽप्येवं क्षेमं परिजन सनतेस्य भवतो
महेश संयाचे कृत निखिलरक्षं पशुपतिम्। इत्यादि

पूर्ण प्रसादका कृतिहरू संस्कृत र नेपाली भाषामा लेखिएका छन्। प्राप्त विवरण अनुसार तिनीहरूको सूची यस्तो छ।

१. सत्यहरिश्चन्द्रम् (संस्कृत) २००७
२. विश्वेदेवा: (संस्कृत) २०११
३. ईशावास्यवृत्तिः (संस्कृत) २०२७
४. तदर्थमेव (संस्कृत) २०२६
५. राजतन्त्रं सदा जीव्यात्/संस्कृत, नेपाली र अङ्ग्रेजीमा (२०४२)
६. एक्काइस कथा (नेपाली) २००३
७. झिल्का (नेपाली) २००७
८. म लोग्ने हुँ (नेपाली) २००८
९. अगुल्टो (नेपाली) २००८
१०. एक कथा (नेपाली)
११. नेपाली कविता संग्रह (नेपाली)
१२. एकतीस कथा (नेपाली)
१३. एघार कथा (नेपाली)
१४. नेपाली निबन्ध संग्रह (नेपाली)
१५. रामराज्य (नेपाली)

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित २०२५ सालको ***मुटुको व्यथा*** शीर्षक कविता उत्सवमा प्रथम पुरस्कार प्राप्त गर्ने पूर्णप्रसाद ब्राह्मणका विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू थुप्रो छापिएका छन्।

नयाँ वर्षको शुभकामना, बडादशैंको शुभकामना, राजा र रानीको शुभजन्मोत्सवसम्बन्धी कविता पनि पूर्णप्रसाद ब्राह्मण आजभन्दा केही वर्ष अगाडिसम्म लेख्थे। पहिले-पहिले यस किसिमका पार्विक कविता चक्रपाणि चालीसे, कवि शिरोमणि लेखनाथ पौडेल लेख्थे। सीमित हरपमा सम्बन्धित पर्वलाई समेटेर प्रौढ र ओजपूर्ण कविता रचना गर्नमा पूर्णप्रसाद पूर्णतः सफल भएको देखिन्छ। उनको निधन २०४६ सालमा भयो। उनको निधनबाट संस्कृत र नेपाली वाङ्मयका फाँटमा अपूरणीय क्षति भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. पद्मनाथ कोइराला
जन्म : वि.सं. १९४४ पौष कृष्ण दशमी
देहान्त : वि.सं. २०१९ आषाढ कृष्ण परेवा
(मेजमा बस्ने)
पं. दामोदर कोइराला (उभिने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दामोदर कोइराला (वि.सं. १९८१)

दामोदर कोइरालाको जन्म विक्रम संवत् १९८१ साल आश्विन कृष्ण चतुर्दशी तिथिमा भएको हो । जन्मँदा पूर्णफाल्गुनी नक्षत्र परेकाले न्वारानको नाम ***ट*** बाट राखिएको छ । जन्मस्थान जाउलाखेल, कुसुन्ती भुचो (क्षेत्र) हो । ३ जना दाजुभाइ जन्मिएकामा हाल दामोदर मात्र जीवित छन् । दामोदरका ३ ओटी दिदीबहिनीसमेत भएको जानकारी पाइएको छ । पिता पद्नाथ कोइराला र माता पुण्यकुरमारी भएको बुझिन्छ । माताको २०१६ साल घोडेजात्रा औंसी (चैत्रकृष्ण औंसी) र पिताको २०१९ साल असार कृष्ण परेवा तिथिमा स्वर्गारोहण भएको थियो ।

दामोदरको उपनयन संस्कार ७ वर्षको उमेरमा भएको थियो (मन्त्र सुनाउने गुरु पनि पिताजीनै भएको कुरा ज्ञात हुन आएको छ) भने विवाह १९९४ साल वैशाख २१ गते राधादेवीसँग भएको हो । उनको अक्षरारम्भ ५ वर्षको उमेरमा आफ्नै पिताजीबाट भएको थियो । व्रतबन्ध भएपछि घरमैं रुद्री पढी पिताजीबाटै दामोदरले वेदमन्त्र पनि सुने । उनले लगनखेलका खगनाथ दवाडीसँग ***लघुकौमुदी*** शुरु गरेका हुन् । पछि पाटन पाठशालामा प्रथम परीक्षासम्म अध्ययन गरी यहींबाट २००० सालमा प्रथम परीक्षा दिए, तर परीक्षा दिन चाहिं रानीपोखरी संस्कृत प्रधान पाठशालामा जानुपर्थ्यो । दामोदरलाई पाटन पाठशालामा पढाउने मुख्य गुरु हरिप्रसाद अर्ज्याल हुन् । त्यसपछि उनले वेद विषयमा मध्यमा परीक्षा उत्तीर्ण गरे । दामोदरलाई वेद पढाउने गुरु रविनाथ आचार्य र सोमनाथ पौडेल हुन् । २००३ सालदेखि बुद्धिनाथ अर्ज्यालसँग ***मध्यकौमुदी,*** देवीदत्त पराजुली र वद्रीनाथ अधिकारीसँग उनले काव्य पढेका थिए । २००५ सालको वैशाख महीनामा परीक्षा भयो । परीक्षा चाहिं २००४ सालकै हो । दामोदर मध्यमा परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण भए । त्यसैगरी २०१० सालमा द्वितीय श्रेणीमा शास्त्री र २०१४ सालमा द्वितीय श्रेणीमा आचार्य परीक्षा उत्तीर्ण भए । २०१० मा प्रारम्भिक पाठशाला नक्साल २०११ मा प्राथमिक पाठशालामा कीर्तिपुर, २०१३-२०१६ कार्तिकसम्म लुभु पाठशालामा काज, २०१६ कार्तिकदेखि राष्ट्रिय पुस्तकालयमा हाई शिक्षकसरह भए । २०१८ साल जेठ ३ गतेदेखि वीर पुस्तकालय घण्टाघरमा अनुसन्धान पण्डितका रूपमा कार्यरत दामोदर कोइरालाले-प्रचलित नेवारी, भुजिमोल, (भुजबल), रञ्जना, भोटे, बङ्गाली, मैथिली, ब्राह्मी, कुटिला, गुरुमुखी, कन्नण लिपिकोसमेत ज्ञान गरे । त्यसपछि २०२२ भाद्र १२ गतेदखि राजकीय संस्कृत महाविद्यालयमा शिक्षासचिव श्यामकृष्ण भट्टराईको मौखिक निर्देशनअनुसार काजमा, त्यहीं २०२३ आश्विनमा अस्थायी प्राध्यापकमा २०२४ आश्विनमा स्थायी, २०३४ सालमा द्वितीय श्रेणीमा बढुवा भएका दामोदरले २०४३ को भाद्र ३१ गते उमेरको हदबाट अनिवार्य अवकाश ग्रहण गरे । उनले केही कृतिको सम्पादन पनि गरेका छन् । जस्तो:- ***प्रतिष्ठालक्षण सार समुच्चय*** (शैवतन्त्र ग्रन्थ) , गीर्वाण युद्धको ***सत्कर्म रत्नावली*** र ***कर्मकाण्डको पाठ्यपुस्तक***समेत लेखेका छन् । साथै, ***मर्यादाको*** सम्पादन, ***श्री ५ पृथ्वीनारायण शाहको जीवनी, मर्यादा***मा शास्रीय अनुसन्धान सम्बन्धी फुटकर लेखहरू, संस्कारसम्बन्धी केही लेखहरूका साथै युवराज कार्कीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. जनकलाल शर्मा ढकाल
जन्म : वि.सं. १९८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यापारिक उद्देश्यले तयार पारेको र प्रकाशित गरेको ***वेद परिचय*** जस्तो गहकिलो लेख पनि दामोदरले लेखेका छन् । यसरी दामोदर कोइरालाले नेपालको प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । उनको नाम विद्वान्हरूकै सूचीमा गणना हुन्छ ।

जनकलाल शर्मा ढकाल (वि.सं. १९८३)

जन्म : वि.सं १९८३ साल वैशाख १७ गते, शुक्रबार

जन्मस्थान : क्याबुङ, इलाम

मातापिता : कौशल्यादेवी, गोविन्दप्रसाद

अध्ययन :

(क) साहित्यरत्न (यू.पी.)
(ख) व्याकरणतीर्थ

सेवा :
(१) घरेलु मास्टर
(२) ग्रामविकास योजनामा पब्लिसिटी अफिसर
(३) (क) पुरातत्वमा उत्खनन अधिकृत
(ख) अन्वेषण अधिकारी
(ग) डाइरेक्टर जनरल

अवकाश: उमेरको हदबाट २०४२ सालमा

कृति :

१. राप्ती उपत्यका (प्रथम भाग २०१४) द्वितीय भाग चाहिं कृष्णबम मल्लले लेखेका हुन् ।
२. ललितकला र साहित्य २०१४
३. नेपाली निबन्धावली २०१९
४. जोसमनी सन्तपरम्परा र साहित्य २०२१
५. महाकवि : एक व्यक्तित्व दुई रचना २०३०
६. कौतुकमय डोल्पो २०३१
७. भूमिकै भूमिका (व्यङ्ग्यात्मक निबन्ध संग्रह) २०३६
८. हाम्रो सामाज : एक अध्ययन (प्र.सं.) २०३९ वि.सं. २०४९ (दोस्रो संस्करण)
९. विभिन्न पत्रपत्रिकामा विभिन्न विषयका असङ्ख्य फुटकर रचना प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाल साहित्य

१. राम्रो नेपाली साहित्य (प्राथमिकदेखि ४ भागसम्म र सहलेखकका रूपमा भाग ७ सम्म) राजेश्वर देवकोटासँग मिलेर

२. नेपाली व्याकरण (कक्षा ४ देखि भाग १, २, र ३)

३. चिठ्ठी पत्र र निबन्ध

भ्रमण :

(क) विदेश : भारत, पाकिस्तान, फ्रान्स, इङ्गल्याण्ड, नेदरल्याण्ड र जर्मनी।

(ख) स्वदेश : नेपाल अधिराज्यको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने डोटी, बैतडी र दार्चुला गरी ३ जिल्लाबाहेक अन्य ७२ जिल्लाहरूको अनुसन्धान भ्रमण।

आवास : महाराजगञ्ज, काठमाडौं।

टङ्कनाथ नेपाल, शास्त्री (वि.सं. १९८३)

जन्म : वि.सं. १९८३ साल

जन्मस्थान: काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल गाउँ विकास समिति,
वडा नं. ४ अग्लेकोट

मातापिता, भाइ, दिदीबहिनी : योगमाया, तारानाथ। भाइ-ध्रुवराज, दिदीबहिनी २

विवाह : सिपामण्डन, पराजुलीकी छोरीसँग

सन्तान : जनार्दन र पुरुषोत्तम, छोरी ४ ओटी

शिक्षा :

(क) वाराणसेय संस्कृत विश्वविद्यालयबाट २००६ सालतिर साहित्यमा शास्त्री,

(ख) नेपाली साहित्य परिषद्‌बाट साहित्य विशारदसम्मको अध्ययन

कृति :

(क) नागरिकशास्त्र (२०१८/०१९ तिर आशाकाजी श्रेष्ठले छापेको)

(ख) अप्रकाशित कविताहरू असङ्ख्य

शैक्षिक अनुभव :

(क) वि.सं. २००८ सालदेखि २०११ सालसम्म नवलपरासीको परासी आधार स्कूलको अध्यापक भई २०१२ सालमा काभ्रेपलाञ्चोकको उत्तरी र सिन्धुपाल्चोकको दक्षिणी भेगमा विभिन्न विद्यालय खोली शिक्षाको विकासमा समर्पित भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. विष्णुप्रसाद न्यौपाने
जन्म : वि.सं. १९८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) २०१७ सालदेखि २०१८ सालसम्म बनेपाको आजाद माध्यमिक विद्यालयको माध्यमिक तहको शिक्षकमा काम गरी २०१९ सालमा काभ्रेपलाञ्चोकको पाँचखालमा सर्वमङ्गला माध्यमिक विद्यालय स्थापना गरी २०२८ साल मार्ग मसान्तसम्म प्रधानाध्यापक तथा शिक्षक पदमा रही काम गरेको ।

विष्णुप्रसाद न्यौपाने (वि.सं. १९८४)

जन्म : १९८४ भाद्र

जन्मस्थान : ल.पु. बडिखेल

मातापिता : भक्तकुमारी, योगनाथ न्यौपाने

काका : कृष्ण प्रसाद (भाइ)

दिदी बहिनी : १. सावित्री २. नारायणी ३. सुभद्रा

विवाह : १९९८, भ.पु. कटुञ्जे, ढुङ्गेल परिवार

सन्तान : श्याम, सनद(त), सुभित्रा, दुर्गा

योग्यता : साहित्य र वेदान्तमा आचार्य (द्वितीय श्रेणी)

अध्यापन : रा.पो.सं.प्र.पा. मा २००९ देखि अध्यापक २०३८ (२९ वर्ष)
प्र.अ.रा.प. द्वितीयबाट अवकाश

अवकाश पछि : दाङ्मा २०४१ सालदेखि २०४९ आषाढसम्म केन्द्रीय विद्यापीठ
(म.सं.वि.वि.) मा प्राध्यापन

कृति : खलनिग्रह (संस्कृत नाटक) मञ्चन भएको
पशुपतिदर्शन (पशुपति महात्माको व्याख्या)

संलग्नता : अद्वैत संस्था, केन्द्रीय सचिव, ***साक्षात्कार*** पत्रिकाको प्रधान सम्पादक । विभिन्न धार्मिक कृयाकलापमा संलग्नता ।

आत्माराम आचार्य (वि.सं. १९८४)

जन्म: वि.सं. १९८४ साल जेष्ठ शुक्ल चतुर्दशी

जन्मस्थान: तनहुँ, साम्दी बाँझगरा

मातापिता: जतगत्कुमारी र देवराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आत्माराम आचार्य
जन्म : वि.सं. १९८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाजु: बालकृष्ण आचार्य

विवाह: तनहुँ जामुने गा.वि.स. काफ्लेकी छोरी मनिकर्णसँग

सन्तान: राममणि, श्याममणि, विप्रमणि र भवानी

अध्ययन: निजामतीमध्यमा, ***वेद, रुद्री, लघुसिद्धान्तकौमुदी*** आदि संस्कृतका ग्रन्थहरूको स्वाध्यायन, संस्कृतमा राम्रो योग्यता

कृति: (क) ॐ मानवकर्म (प्रकाशित)
(ख) आत्म प्रकाश (प्रकाशित)
(ग) प्रकृतिको क्रीडा क्षेत्र तनहुँ (अप्रकाशित)
(घ) आत्मबोध (अप्रकाशित)
(ङ) ज्ञान-विज्ञान (अप्रकाशित)
(च) विवेक माला (अप्रकाशित)
(छ) फुटकर रचना (अप्रकाशित)

सेवा: (क) वानपालेबाट जागीर शुरू
(ख) भन्सारको साछी सुविदार
(ग) कृषि पेशा
(घ) सामाजिक सेवा
(ङ) २०४२ सालबाट सक्रिय रूपमा साहित्यिक कृतिको रचना कार्यमा समर्पित

भ्रमण: भारतका केही क्षेत्र र नेपालका अधिकांश स्थलहरूको भ्रमण, कोटीहोम र गायत्री पुरश्चरणजस्ता धार्मिक कृत्यमा सम्मिलित

डा. हरिप्रसाद आचार्य (वि.सं. १९८९)

व्याकरण जान्ने र संस्कृत विश्वविद्यालय अन्तर्गत जनता विद्यापीठ दाङ्मा प्राध्यापन गर्ने प्रा. हरिप्रसाद आचार्यको आफ्नै किसिमको प्राज्ञिक वैशिष्ट्य देखापर्छ । उनको घरायसी वातारण पूरै संस्कृतमय रहेको देखिन्छ अर्थात् उनका घरमा परिवारका सबै सदस्यबाट संस्कृत भाषामैंकुराकानी हुन्छ । एकचोटि ***गोरखापत्र***को पहिलो पृष्ठमा संस्कृत भाषामा दैनिक व्यवहार भएको नेपालको एक मात्र हरिप्रसाद आचार्यको घरभएको समाचार प्रकाशित भएको थियो । उनका घरमा नेपाली भाषामा बोलीचाली हुँदैन । हरिप्रसाद आचार्यले आफ्नी छोरीको हात समातेर संस्कृत भाषामा कुरा गर्दै हिंडेको त प्रस्तुत पुस्तकका लेखकले पनि २०२६/०२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालतिर लगन तातोधारा, ब्रह्मटोलतिर देखेको हो । यी विद्वान्‌को जन्म वि.सं. १९८९ साल पौष महीनामा भएको हो । उनका पिताको नाम दुर्गाप्रसाद र आमाको नाम हीराकुमारी हो । हरिप्रसादले आत्मारामबाट वर्णमालाको अध्ययन गरी यजुर्वेदकोसमेत अध्ययन गरे । त्यसपछि अग्रज गुरुप्रसाद शर्मा, मुक्तिनाथ शर्मा, नेत्रविनोद शर्माबाट व्याकरणमा प्रवेश गरेर गुल्मी जिल्लाको फिदिम पोखरीथोक गाउँ र वाराणसीमा रहेका श्रीहरिहर संस्कृत पाठशालामा अध्ययन गरेर अचेल सम्पूर्णानन्द विश्वविद्यालय भनिने तर पहिलेको (काशीमैं रहेको) राजकीय संस्कृत महाविद्यालयबाट सम्पूर्णमध्यमा परीक्षा उत्तीर्ण गरे । त्यसपछि यसै महाविद्यालयबाट वृत्ति लिएर शास्त्री परीक्षा त्यही संस्थामा वाराणसेय संस्कृत विश्वविद्यालयबाट व्याकरण विषयमा आचार्य परीक्षा पास गरे । विद्यार्थी अवस्थादेखिनै वाराणसीमा विद्वत् सभामा भएका व्याकरण विषयक शास्त्रार्थमा विजय भएर कवित्वशक्तिसमेत भएका हुँदा उनले पुरस्कार तथा भारतधर्म मण्डलबाट महाकविको पदवींसमेत पाएका थिए । हरिप्रसाद विद्यार्थी अवस्थादेखिनै सरल भाषामा बोल्ने र लेख्ने गर्थे तथा अचेल प्राध्यापन जीवनमा पनि विद्यार्थीहरूलाई सरल भाषामा अध्यापन गर्न रुचि राख्छन् । उनले पाणिनि व्याकरणसम्बन्धी विषयमा विद्यावारिधिको उपाधिसमेत हासिल गरिसकेका छन् । नेपालको संस्कृतजगतमा व्याकरण जान्ने विद्वान्‌का रूपमा प्रतिष्ठित हरिप्रसाद आचार्यले निम्न कृतिहरू रचना गरेको जानकारी पाइन्छ ।

गोरक्षशाहवंश महाकाव्यम्, श्री ५ महेन्द्र विरह वेदना खण्डकाव्यम् , ***श्री ५ वीरेन्द्र शुभराज्याभिषेकम् बुद्धिविनोदम्, निर्वचनज्योतिः, अष्टाध्यायी व्याख्या*** आदि आदि । ***हैमप्रभा, हिमज्योतिः गाण्डीवम्*** आदि पत्रिकाहरूमा उनका थुप्रो लेखरचनाहरु प्रकाशित भएका छन् ।

शङ्करप्रसाद सत्याल (वि.सं. १९९०)

पुर्ख्यौली थलो : दाप्चा फूलबारीबाट श्रीकान्त मन्थलीमा आएका, श्रीकान्तपछि श्यामलाल, राधाकृष्ण, शेषरमण, यिनका ३ भाइ छोरामध्ये शङ्करप्रसाद कान्छा ।

राधाकृष्ण सत्याल

जन्म : वि.सं १९६०(?)

शङ्कर सत्यालका पिता शेषरमणको जन्म र मृत्यु : १९२६-१९९३

आमा : नन्दकुमारीदेवीः जन्म र मृत्यु : १९४९-२०३८

राधाकृष्णका बा- श्यामलाल

विवाह : सालु अर्चलका भट्टराईकी छोरी (छविलाल भट्टराई भतिजा पर्ने) सँग

अध्ययन : स्वाध्यायन, डिग्री लिने उद्देश्यले नपढेको । पौरोहित्य कर्ममा अत्यन्त पोख्त ।

देवीप्रसाद घिमिरे, पौराणिक विद्वान्‌सँग यिनले पढेको बुझिन्छ । कर्मकाण्डसम्बन्धी असङ्ख्य ग्रन्थहरूको अध्ययन गरेका थिए । कहीं सप्ताह पर्दा गणेश बस्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. शङ्करप्रसाद सत्याल
जन्म : वि.सं. १९९०
(छोरा र पत्नीका साथमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राधाकृष्णका छोरा शेषरमण पनि कर्मकाण्डी । भौलिक ग्रन्थ लेखेको नपाए पनि *अग्नि स्थापना, रुद्री* आदि ग्रन्थहरू सारेको भने प्रशस्तै भेटिएको छ ।

शङ्करप्रसाद सत्याल

जन्म: वि.सं. १९९० पौष १५ गते

मातापिता : नन्दकुमारी (डाँडी, मरिनखोला) खतिवडाकी छोरी, शेषरमण उपाध्याय

जन्मस्थान: रामेछाप जिल्ला, मन्थली गाउँ विकास समिति, वडा नं. १ लिसम्पानी

पत्नी : लीलादेवी

सन्तान : सुरेशराज, साम्बेशराज, प्रभा, वृन्दा र सावित्री ।

शिक्षा: कलैयाको सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालयमा मध्यमा पढेको, बिहार संस्कृत-समिति पटनाबाट व्याकरणमध्यमा र साहित्य शास्त्री मटिहानीमा पढेको । त्रिभुवन विश्वविद्यालयबाट बी.एड.

पेशा: गौरीशङ्कर माध्यमिक विद्यालय रामेछाप्मा २०२० सालदेखि अध्यापन, हाल-मन्थलीमा काज ।

कृति:

(क) भरतराज शर्मा घिमिरेले लेखेको ***महेन्द्रोदयम्*** महाकाव्यको टीका, (प्रकाशित)

(ख) *जडभरत* (खण्डकाव्य, अप्रकाशित)

(ग) 'स्मृति-मही'(कथा) *उषा* वर्ष ३ अङ्क १, २०२८

(घ) महाकवि कालिदास, *उषा* वर्ष ६ अङ्क ३ २०३२

(ङ) रामायणमा आन्तरिक द्वन्द्व *उषा* २०३१, अङ्क १

(च) माझी, हायू (छुट्टाछुट्टै लेख) **उषा** (?)

(छ) मेरा देश, म पाखे हुँ *उषा* (?)

(ज) गलत परम्परा र जाति *उषा* अङ्क ५, २०३२

(झ) शतमदीना : श्यामशरद : *धर्म सन्देश* वर्ष १५ अङ्क १-२, (प्रथम राष्ट्रिय अधिवेशन विशेषाङ्क)

(ञ) युग परिवर्तन र रामायण *उषा* (?)

(ट) लोक्ता, *आभा* २०३७ पौष (विद्यार्थी यूनियनको मुखपत्र)

(ठ) *तिमी कि म* (कवि जीवनी)

(ड) दौरा **गोरखापत्र** (शनिवासरीय परिशिष्टाङ्क)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामाजिक क्षेत्रमा सहभागिता :

(३) पदेन सदस्यहरूबाहेक अन्य सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

९. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः

प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको शैक्षिक प्राज्ञिक कुरामा मुख्य निकायका रूपमा कार्य गर्ने ,

(ख) विश्वविद्यालयमा हुने अध्ययन अध्यापनको गुणस्तर, पाठ्यक्रम, परीक्षाको स्तर किसिम, मूल्याङ्कन विधिहरू, शिक्षण सामग्रीहरू, छात्र भर्नासम्बन्धी संख्या र योग्यता निर्धारण गर्ने,

(ग) अनुसन्धानसम्बन्धी नीति तर्जुमा गर्ने र अनुसन्धान कार्यक्रमहरूमा स्वीकृति प्रदान गर्ने,

(घ) विद्यार्थीहरूको शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ङ) शिक्षण र अनुसन्धानको स्तर तोक्ने,

(च) उपाधि र मानार्थ उपाधिहरूको व्यवस्था गर्ने,

(छ) विभिन्न तहका निमित्त शिक्षकको न्यूनतम योग्यता तोक्ने ।

१०. विश्वविद्यालको सङ्गठनः

(१) कुलपति, सह-कुलपति, केन्द्रीय कार्यालय र विद्यापीठहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ ।

(२) उच्च शिक्षाको लागि तोकिएका विषयहरूमा तोकिएका विद्यापीठहरू रहनेछन् ।

(३) विद्यापीठको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. **जिम्मेवारी र अधिकार प्रत्यायोजनः**

(१) यो ऐन वा यस ऐनअर्न्तगत बनेका नियम वा विनियममा अन्यथा लेखिएकोमा बाहेक अन्य सम्पूर्ण अधिकार सभामा निहित रहनेछ

(२) सभाले यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम वा विनियममा उल्लेख गरिएका आफ्ना अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू कार्यकारी परिषद्, प्राज्ञिक परिषद् तथा अन्य पदाधिकारीहरूलाई वा तोकिएबमोजिम स्थापना गरिएका समितिलाई सुम्पन सक्नेछ ।

१२. **धर्म, जाति, जात वर्ण, लिंग वा मतको आधारमा भेदभाव नगरिनेः**

धर्म, जाति, जात, वर्ण, लिंग वा कुनै मतको आधारमा कुनै व्यक्तिलाई विश्वविद्यालयको कुनै पद वा कुनै स्नातकोत्तर उपाधि, स्नातक उपाधि, प्रमाणपत्र वा अन्य शैक्षिक उपाधि हासिल गर्न वा अध्ययन गर्न वा सुविधा पाउनबाट वञ्चित गरिनेछैन ।

१३. **पदाधिकारीहरूः**

विश्वविद्यालयका पदाधिकारीहरू देहायबमोजिम हुनेछन् :-

(क) कुलपति

(ख) सह-कुलपति

(ग) उप-कुलपति

(घ) शिक्षाध्यक्ष

(ङ) कुल-सचिव

(च) प्राचार्यहरू

(छ) अन्य पदाधिकारीहरू

१४. **कुलपतिः**

(१) श्री ५ महाराजाधिराज विश्वविद्यालयको कुलपति होइबक्सने छ । तर मौसूफबाट चाहिबक्सेमा अन्य कुनै व्यक्तिलाई एक पटकमा चोर वर्षका लागि कुलपति पदमा मनोनीत गर्न सकिबक्सनेछ ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ । निज उपस्थित रहेको अवस्थामा निजले सभाको बैठकमा र विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षको आसन ग्रहण गर्नेछ ।

(३) कुलपतिलाई विश्वविद्यालय वा विश्वविद्यालयसंग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण वा जाँचबुझ गर्ने गराउने अधिकार हुनेछ ।

(४) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम र विनियम विपरीत भएका जुनसुकै कार्यलाई पनि कुलपतिबाट रद्द गर्न सकिनेछ ।

(५) कुलपतिको अन्य अधिकार तोकिएबमोजिम हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. सह-कुलपतिः

(१) श्री ५ को शिक्षा मन्त्री विश्वविद्यालयको सह-कुलपति हुनेछ । तर शिक्षामन्त्रीको स्थान रिक्त भएको अवस्थामा कुलपतिबाट अन्य कुनै व्यक्तिलाई सह-कुलपति पदमा नियुक्ति गरिने छ र शिक्षामन्त्रीको स्थान रिक्त भएको अवस्थासम्म मात्र निजले सह- कुलपति पदको काम सम्हाल्नेछ ।

(२) कुलपतिको अनुपस्थितिमा सह-कुलपति कुलपतिको कार्यभार सम्हाल्नेछ ।

१६. उप-कुलपतिः

(१) विश्वविद्यालयको उप-कुलपति पदमा नियुक्तिका लागि सिफारिश पेश गर्न कुलपतिबाट सभाका सदस्यहरूमध्येबाट तीनजनाको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले कुलपतिसमक्ष उप-कुलपतिको पदको लागि कम्तीमा तीन जनाको नामावलीको सिफारिश पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सिफारिशउपर विचार भई कुलपतिबाट उप-कुलपतिको नियुक्ति हुनेछ ।

(४) उप-कुलपतिको कार्यकाल एक पटकमा चार वर्षको हुनेछ ।

(५) उप-कुलपतिको अनुपस्थितिमा निजको काम चलाउने सम्बन्धमा कुलपतिबाट व्यवस्था भएबमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम व्यवस्था नभएसम्म शिक्षाध्यक्षले उप-कुलपतिको काम चलाउनेछ ।

(७) उप-कुलपति पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ । निजको पारिश्रमिक र सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछन् ।

(८) उप-कुलपति विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ ।

(९) कुलपति र सह-कुलपति दुवैको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोह र सभामा उप-कुलपतिले अध्यक्षता गर्नेछ ।

(१०) यो ऐन वा ऐन अन्तर्गत बनेको नियमको पालन गर्नु, गराउनु उपकुलपतिको कर्तव्य हुनेछ र यसको प्रयोजनको निमित्त उप-कुलपतिको विचारमा तुरुन्त कुनै काम कारवाही नगरी नहुने आकस्मिक अवस्था आइपरेको छ भन्ने लागेमा निजले उचित र आवश्यक देखेको काम कारवाही गर्न सक्नेछ र त्यसको सूचना सकभर चाँडो सम्बन्धित पदाधिकारी वा अङ्गलाई दिनेछ ।

(११) उप-कुलपतिले सभाको निर्णय वा आदेशलाई कार्यान्वियन गर्नेछ ।

(१२) विश्वविद्यालयको सबै काम कारवाही उपर उप-कुलपतिको सामान्य नियन्त्रण रहनेछ ।

(१३) सभामा पेश हुने सबै विषहरू उप-कुलपतिमार्फत् पेश गरिनेछ ।

(१४) उप-कुलपतिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. शिक्षाध्यक्ष :

(१) विश्वविद्यालयको शिक्षाध्यक्षको नियुक्ति कुलपतिबाट एक पटकमा चार वर्षको लागि हुनेछ ।

(२) शिक्षाध्यक्ष पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

(३) शिक्षाध्यक्षको अनुपस्थितिमा शिक्षाध्यक्षको काम चलाउन कुलपतिले कुल-सचिवलाई नियुक्त गर्नेछ ।

(४) शिक्षाध्यक्षले सभाको निर्णय वा आदेशलाई प्रमाणित गर्नेछ ।

(५) विश्वविद्यालयको शैक्षिक प्रशासन शिक्षाध्यक्षको रेखदेखमा रहनेछ ।

(६) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार तथा निजको पारिश्रमिक र सेवाका शर्त तोकिएबमोजिम हुनेछ ।

१८. कुल-सचिवः

(१) विश्वविद्यालयको कुल-सचिवको नियुक्ति कुलपतिबाट एक पटकमा चार वर्षको लागि हुनेछ ।

(२) कुल-सचिव पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

(३) कुल-सचिवको रेखदेखमा विश्वविद्यालयको सामान्य प्रशासन कोष रहनेछ र विश्वविद्यालयले अपनाउने आर्थिक नीतिको सम्बन्धमा निजले आफूलाई उपयुक्त लागेको सल्लाह सभालाई दिनेछ ।

(४) सभामा पेश गरिने विश्वविद्यालयको आय-व्ययको वार्षिक अनुमान तयार गर्ने, छात्रहरूको नाम दर्ता गर्ने र प्रमाणपत्रको व्यवस्था गर्ने जिम्मेवारी कुल-सचिवको हुनेछ ।

(५) कुल-सचिवले विश्वविद्यालयको हिसाब-किताब तोकिएबमोजिम जाँच्न लगाई त्यसको प्रतिवेदन सभामा पेश गर्नेछ ।

(६) कुल-सचिवको अन्य काम, कर्तव्य, अधिकार तथा निजको पारिश्रमिक र सेवाका शर्त तोकिएबमोजिम हुनेछ ।

१९. प्राचार्य तथा अन्य पदाधिकारी :

दफा १३ को खण्ड (च) र (छ) मा उल्लेख भएका प्राचार्यहरू र अन्य पदाधिकारीहरूको नियुक्ति सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

२०. विश्वविद्यालय कोष र त्यसको सञ्चालन र प्रयोगः

(१) विश्वविद्यालयको एक कोष रहनेछ, जसमा देहायका रकमहरू रहनेछन् :-

(क) श्री ५ को सरकारले विश्वविद्यालयलाई दिएको रकम,

(ख) विश्वविद्यालयले सापटी लिएको रकम,

(ग) विश्वविद्यालयको लागि प्राप्त सबै रकम,

(घ) विश्वविद्यालयको लागि दान-दातव्य र आर्थिक सहायता स्वरूप दिइएको रकम, र

(ङ) मासिक शुल्क तथा अन्य स्रोतबाट प्राप्त रकम ।

(२) विश्वविद्यालय कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) उक्त कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(४) विश्वविद्यालयको रकम तोकिएको काममा प्रयोग गरिनेछ ।

२१. आय-व्ययको वार्षिक अनुमान र हिसाब-किताबः

(१) विश्वविद्यालयको आय-व्ययको वार्षिक तथा पूरक अनुमान कुल-सचिवमार्फत् सभामा पेश गरिनेछ ।

(२) विश्वविद्यालयको हिसाब तोकिएबमोजिम राखिनेछ ।

२२. लेखा परीक्षण :

विश्वविद्यालयको लेखा परीक्षण तोकिएबमोजिम हुनेछ ।

२३. संस्कृत अध्ययन संस्थान विद्यापीठमा परिणत हुनेः

(१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा चालू भइरहेका संस्कृत अध्ययन संस्थान अन्तर्गतका शिक्षण संस्थाहरू यो ऐन प्रारम्भ भएपछि विद्यापीठमा परिणत हुनेछन् ।

(२) प्रत्येक विद्यापीठको प्रमुख प्राचार्य हुनेछ ।

२४. राष्ट्रिय विकास सेवाः

(१) उच्च शिक्षाको तोकिएको तहमा अध्ययन गर्ने सबै विद्यार्थीहरूलाई तोकिएबमोजिम राष्ट्रिय विकास सेवामा काम लगाएपछि मात्र विश्वविद्यालयले सो तहको उपाधि प्रदान गर्नेछ ।

(२) राष्ट्रिय विकास सेवा सञ्चालनार्थ शिक्षाध्यक्ष अन्तर्गत राष्ट्रिय विकास सेवा शाखा रहनेछ ।

२५. छनौट समितिः

विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्तिको लागि सिफारिश गर्न तोकिएबमोजिम छनौट समिति गठन हुनेछ ।

२६. परीक्षा समितिः

यो ऐनअन्तर्गत परीक्षा सञ्चालनसम्बन्धी सबै व्यवस्थाको लागि तोकिएबमोजिम परीक्षा समिति गठन हुनेछ ।

२७. छनौट समितिको काम, कर्तव्य र अधिकारः

छनौट समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२८. परीक्षा समितिको काम, कर्तव्य र अधिकारः

परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२९. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यताः

देहायको परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरूलाई तोकिएबमोजिम विश्वविद्यालयमा भर्ना गरिनेछ :-

(क) तोकिएको विषय र स्तरमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिंग सर्टिफिकेट एक्जामिनेशन), वा

(ख) खण्ड (क) मा उल्लिखित परीक्षाको समान भनी विश्वविद्यालयले तोकेको अरू कुनै परीक्षा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३०. वार्षिक प्रतिवेदनः

विश्वविद्यालयको वार्षिक प्रतिवेदन तोकिएको अवधिभित्र सभामा पेश गरिनेछ र सो प्रतिवेदनलाई सभाले वार्षिक बैठकमा विचार गरी संशोधन गरी वा नगरी पारित गर्नेछ ।

३१. मनोनयः

यो ऐनबमोजिम सभाका सदस्यहरूको मनोनयन र सदस्यहरूको रिक्त स्थानको पूर्ति तोकिएबमोजिम हुनेछ ।

३२. काम कारवाही अवैध नमानिनेः

विश्वविद्यालयको कुनै पदाधिकारीको स्थान रिक्त भै वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटी भै काम-कारवाही भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम- कारवाही अवैध मानिनेछैन ।

३३. सेवा-शर्तको विवादसम्बन्धी व्यवस्थाः

विश्वविद्यालय र विश्वविद्यालयका कुनै पदाधिकारी वा शिक्षक वा कर्मचारीबीच सेवा-शर्त सम्बन्धमा उठेको कुनै पनि विवादको निर्णय तोकिएबमोजिम हुनेछ ।

३४. असल नियतले काम गरेकोमा बचाउः

यो ऐनबमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारीउपर मुद्दा चलाउने वा अन्य कुनै कारवाही गरिनेछैन ।

३५. विश्वविद्यालयलाई छुट र सुविधाः

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन-दस्तूर लाग्नेछैन ।

३६. नियम र विनियम वनाउने प्रधिकार :

यो ऐनको उद्देश्य कार्यान्वित गर्न विश्वविद्यालयले आवश्यक नियम र विनियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति :- २०४३।८।२५।४

आज्ञाले

ध्रुववरसिंह थापा

श्री ५ को सरकारको सचिव[1]

---

१. राजपत्र खण्ड ३६, अतिरिक्ताङ्क ३७, मङ्सीर २५, २०४३ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालयको गठन तालिका

महेन्द्र संस्कृत विश्वविद्यालयको घोषणा वि.सं. २०४३ साल पुस २७ गतेको मितिमा भएको हो । सो विश्वविद्यालयको विधिवत् सञ्चालन २०४४ साल श्रावण १ गतेदेखि भएको हो । नेपाल अधिराज्यमा स्थापित महेन्द्र संस्कृत विश्वविद्यालयसभाको गठन यस प्रकार छ -

कुलपति

सह-कुलपति

उप-कुलपति

शिक्षाध्यक्ष कुलसचिव

(सभाको गठन)

१.	कुलपति- श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव	अध्यक्ष
२.	सह-कुलपति - शिक्षा तथा संस्कृति मन्त्री (पदेन) (परशुनारायण चौधरी)	उपाध्यक्ष
३.	बडागुरुज्यू (हाल-अम्बिकाप्रसाद अधिकारी)	सदस्य
४.	उप- कुलपति महेन्द्र संस्कृत विश्वविद्यालय (हाल- डा. हरिदेव मिश्र	सदस्य
५.	राष्ट्रिय पञ्चायतका सदस्य मध्येबाट दुइजना (क) भारतमणि शर्मा (ख) यज्ञबहादुर बुढाथोकी	सदस्य
६.	राष्ट्रिय योजना आयोगको सदस्य (शिक्षा) (दुर्गेशमान सिंह)	सदस्य
७.	सचिव- शिक्षा तथा संस्कृति मन्त्रालय (हाल-नरसिंनारायण)	सदस्य
८.	सचिव- अर्थमन्त्रालय (हाल - लोकबहादुर श्रेष्ठ	सदस्य
९.	शिक्षाध्यक्ष - महेन्द्र संस्कृत विश्वविद्यालय (हाल- प्रा. विद्यानाथ उपाध्याय	सदस्य सचिव
१०.	कुलसचिव- महेन्द्र संस्कृत विश्वविद्यालय (हाल- केशव दीपक शर्मा	सदस्य
११.	प्राचार्य मध्येबाट एक जना डा. वीरदेव विष्ट (विश्वविद्यालय विद्यापीठ)	सदस्य
१२.	प्राध्यापकहरू मध्येबाट एक जना (डा. हरिप्रसाद आचार्य, महेन्द्र संस्कृत विश्वविद्यालय)	सदस्य
१३.	शिक्षा विद्हरूमध्येबाट २ जना (क) प्रा. खिलेन्द्रप्रसाद पाण्डे	सदस्य (ख) (रिक्ता)
१४.	चन्दादातामध्येबाट एक जना	(रिक्त)
१५.	विद्यार्थीहरू मध्येबाट एक जना (ध्रुव भट्टराई)	सदस्य (वाल्मीकि विद्यापीठ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालय सभामा

अध्यक्ष, कुलपति	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
सहकुलपति (पदेन)	शिक्षा तथा संस्कृति मन्त्री
	१. केशरजङ्ग रायमाझी
	२. रामहरि जोशी
	३. गोविन्दराज जोशी
	बडागुरूज्यू अम्बिकाप्रसाद अधिकारी
उपकुलपति (पदेन)	श्रीकृष्ण आचार्य
शिक्षाध्यक्ष (पदेन)	१. पुरुषोत्तम भट्टराई
	२. डा. टीकाराम पन्थी
कुलसचिव (पदेन)	माधवराज गौतम
योजना आयोगका सदस्य (पदेन)	
अर्थसचिव (पदेन)	
शिक्षा तथा संस्कृति सचिव (पदेन)	१. रमेशजङ्ग थापा
	२. डा. ईश्वरप्रसाद उपाध्याय
प्राचार्यहरूमध्येबाट (वाल्मीकि विद्यापीठ)	डा. माधव भट्टराई
	नील मणि ढुङ्गाना
प्राध्यापकहरूमध्येबाट	डा. ऋषिराम पोखरेल वाल्मीकि विद्यापीठ
शिक्षाविद्हरूमध्येबाट -	१. दीर्घराज कोइराला
	२. डा. हरिदेव मिश्र
चन्दादातामध्येवाट	खिमबहादुर शाह, दाङ
स्थानीय समाजसेवी	अमरराज शर्मा, दाङ
विद्यार्थी प्रतिनिधि	१. देवीप्रसाद काफ्ले केन्द्रीय विद्यापीठ, दाङ
	२. मोदनाथ खनाल वाल्मीकि विद्यापीठ, काठमाडौं

प्राज्ञ परिषद्

उपकुलपति	श्रीकृष्ण आचार्य	अध्यक्ष
शिक्षाध्यक्ष	पुरुषोत्तम भट्टराई	सदस्य-सचिव
कुलसचिव	माधवराज गौतम	सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रा.	तीर्थराज सुवेदी	सदस्य
प्रा.	गोविन्द चौधरी	सदस्य
प्रा.	खेमराज केशवशरण	सदस्य
प्रा.	ऋषिराम पोखरेल	सदस्य
प्रा.	सिद्धिनाथ गौतम	सदस्य
प्रा.	रघुनाथ बर्मा	सदस्य

हाल बदलिएको

शिक्षाध्यक्ष -	डा. टीकाराम पन्थी	सदस्य-सचिव
सहप्राध्यापक	दुर्गा दाहाल	सदस्य
प्रा.	ऐश्वर्यलाल प्रधानाङ्ग	सदस्य
सहप्राध्यापक	दुर्गाप्रसाद दवाडी (डा.)	सदस्य

पहिलेका ऋषिराम पोखरेल, खेमराज केशवशरण, तीर्थराज सुवेदी यो पटक प्राज्ञ परिषद्मा रहेनन् ।

अनुसन्धान समिति

शिक्षाध्यक्ष (पदेन अध्यक्ष)

प्रा.	ऋषिराम पोखरेल (डा.)
सहप्राध्यापक	दिनेशराज पन्त
सहप्राध्यापक	बाबुराम पोअरेल (डा.)
प्राध्यापक	वासुदेव त्रिपाठी
सहप्राध्यापक	शिवहरि मरहट्टा
सहप्राध्यापक	साम्बराज आचार्य

अनुसन्धान केन्द्र अन्तर्गत अनुसन्धान परिषद् (२०४८ श्रावण १ गते गठन भएको)

१. शिक्षाध्यक्ष- अध्यक्ष

२. कार्यकारी निर्देशक - सदस्य-सचिव

३. ऋषिराम पोखरेल (डा.) सदस्य

४. दीर्घराज घिमिरे (डा.) सदस्य

५. माधव भट्टराई (डा.) सदस्य

६. हरिदेव मिश्र (डा.) सदस्य (दिवङ्गत २०४८।९।२)

७. हेमाङ्गराज अधिकारी (डा.) सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालयमा दोस्रो पटक मनोनित भएका पदाधिकारीहरू

(मुख्यत: २०४७ सालपछि)

उप-कुलपति	श्रीकृष्ण आचार्य
शिक्षाध्यक्ष	पुरुषोत्तम भट्टराई (२०४८ कार्तिक मसान्तसम्म)
कुलसचिव	माधवराज गौतम
शिक्षाध्यक्ष	डा. टीकाराम पन्थी (२०४८-८-३ मा मनोनीत)

संस्कृतका विभिन्न विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्‌हरू

(क) पिण्डेश्वर विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्‌हरू

१. प्राचार्य (सह-प्राध्यापक) पुरुषोत्तम भट्टराई, न्यायाचार्य (पछि शिक्षाध्यक्ष)

२. सह-प्राध्यापक टीकाप्रसाद शर्मा वस्ती, साहित्य

३. उप-प्राध्यापक भोग्यप्रसाद भण्डारी, साहित्य

४. उप-प्राध्यापक गोविन्द कोइराला, साहित्य

५. उप-प्राध्यापक हिमप्रसाद शर्मा दाहाल, साहित्य

६. उप-प्राध्यापक श्रीधर पन्त, साहित्य

७. उप-प्राध्यापक छविलाल पोखरेल, व्याकरण

९. सहायक – प्राध्यापक गिरिधर शर्मा, वेदाचार्य, एम.ए.

१०. सहायक – प्राध्यापक रमेशप्रसाद ढकाल, व्याकरण

११. सहायक – प्राध्यापक चन्द्रमणि नेपाल, प्राचीन न्याय

(ख) याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्‌हरू

१. कार्तिकेय झा, व्याकरणाचार्य

२. केशवराज शर्मा आचार्य, वेदाचार्य

३. गोविन्द चौधरी, नव्य न्यायाचार्य

४. दुर्गादत्त शर्मा उपाध्याय पौडेल, साहित्याचार्य

५. भीमनाथ वियोगी, साहित्याचार्य

६. रोहिणीवल्लभ शर्मा पोखरेल, साहित्याचार्य, पी.एच.डी. सम्पूर्णानन्द संस्कृत विश्व विद्यालय

७. वैद्यनाथ झा, वेदाचार्य

८. वंशीधर शर्मा कट्टेल, साहित्यशास्त्री, एम.ए.नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) संस्कृत माध्यमिक विद्यालयतर्फ र अन्य

१. कैलाश मिश्र, साहित्य शास्त्री, एम.ए. हिन्दी, संस्कृत सं.मा.वि. मटिहानी

२. कृष्णप्रसाद उपाध्याय, व्याकरण, साहित्य, आयुर्वेदाचार्य

३. चन्द्रशेखर झा, व्याकरणाचार्य, सं.मा.वि. मटिहानी

(घ) रा.रा बहुमुखी क्याम्पस, जनकपुर

१. कमलाकान्त झा, व्याकरणाचार्य, महोत्तरी

२. ताराकान्त झा, साहित्याचार्य, एम.ए. हिन्दी, मटिहानी

३. देवनन्दन मिश्र, ज्यौतिषाचार्य, सं.मा.वि. जनकपुर

४. प्रतापनारायण झा, ज्यौतिषाचार्य, जनकपुर

५. बद्रीनारायण झा, ज्योतिषाचार्य, महोत्तरी

६. बालकृष्ण उपाध्याय , व्याकरणाचार्य , जनकपुर

७. रत्नकान्त ठाकुर, व्याकरणाचार्य, महोत्तरी

८. रामनारायण झा, व्याकरणाचार्य, महोत्तरी

९. लीलावल्लभ ढकाल, साहित्याचार्य, सं.मा.वि. जनकपुर

१०. विष्णुराज आत्रेय, साहित्याचार्य, जलेश्वर

११. पण्डित स्व. श्रीकृष्ण मिश्र, व्याकरणाचार्य , जनकपुर

१२. सुरेश झा, साहित्य, व्याकरणाचार्य, महोत्तरी, संस्कृतका कवि

१३. सूर्यकान्त झा, व्याकरणाचार्य, सं.मा.वि. जनकपुर

(ङ) हजारी जनक विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्हरू

१. केशव शरण उपाध्याय, व्याकरण

२. प्राचार्य दुर्गाप्रसाद दाहाल, (सह-प्राध्यापक)

३. भेषराज आचार्य,

४. मोतीराम पनेरु (हाल शारदा विद्यापीठमा सरुवा) र अन्य

(च) वाल्मीकि विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्हरू

१. प्रा. ऋषिराम पोखरेल, वेदाचार्य, विद्यावारिधि

२. प्रा. खेमराज उपाध्याय, साहित्याचार्य

३. प्रा. विद्यानाथ उपाध्याय

४. सहायक प्राचार्य, माधवराज गौतम, व्याकरणाचार्य, एम.ए., हाल- शिक्षाध्यक्ष म.सं. वि.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ, प्रदर्शनी मार्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. सह-प्राध्यपक प्राचार्य डा. माधव भट्टराई, साहित्याचार्य, एम.ए. (नेपाली) विद्यावारिधि (संस्कृत साहित्य)

६. सह-प्राध्यापक डा. देवराज पौडेल, साहित्याचार्य, विद्यावारिधि, हाल-सेवाबाट अवकाश

७. सह-प्राध्यापक डा. बाबुराम पोखरेल, इतिहासपुराणमा आचार्य, विद्यावारिधि

८. सह-प्राध्यापक डा. दुर्गाप्रसाद दवाडी, दर्शनाचार्य, विद्यावारिधि

९. सह-प्राध्यापक डा. शिवराज आचार्य, वेदान्तसाहित्याचार्य, एम. ए. (संस्कृत), आयुर्वेद शास्त्री विद्यावारिधि, डी.लिट्

१०. सह-प्राध्यापक राधाकृष्ण अधिकारी, धर्मशास्त्राचार्य

११. सह-प्राध्यापक शिवहरि मरहट्टा, प्राचीनन्यायाचार्य

१२. सह-प्राध्यापक साम्बराज आचार्य, ज्योतिषाचार्य

१३. सह-प्राध्यापक हरिप्रसाद गौतम, वेदाचार्य, एम.ए

१४. सह-प्राध्यापक विष्णुराज आत्रेय, व्याकरणाचार्य एम. ए., विद्यावारिधि

१५. सह-प्राध्यापक विदुर पौडेल, व्याकरणाचार्य , हाल सदस्य राष्ट्रिय सभा

१६. सह-प्राध्यापक टीकाराम अधिकारी, साहित्याचार्य, एम.ए.

१७. सह-प्राध्यापक वेणीमाधव ढक़ाल, साहित्याचार्य

१८. सह-प्राध्यापक दुर्गाप्रसाद दाहाल, व्याकरणाचार्य, एम.ए., हाल - हजारी जनक विद्यापीठमा प्राचार्य

१९. सह-प्राध्यापक दीर्घराज घिमिरे,न्याय, वेदान्ताचार्य, विद्यावारिधि

२०. सह-प्राध्यापक डिल्लीप्रसाद गौतम, पूर्वमीमांसाचार्य

२१. सह-प्राध्यापक नीलमणि ढुङ्गाना, साहित्याचार्य एम.ए.

२२. सह-प्राध्यापक शम्भुप्रसाद ढकाल, ज्योतिषाचार्य

२३. सह-प्राध्यापक रामचन्द्र गौतम, धर्मशास्त्राचार्य, विद्यावारिधि

२४ सह-प्राध्यापक विष्णुप्रसाद ज्ञवाली, इतिहास पुराणमा आचार्य

२५. सह-प्राध्यापक बलराम गौतम, सर्वदर्शनाचार्य

२६. प्रा. रा. प. प्र. श्रे. श्रीकृष्ण शर्मा आचार्य, ज्योतिषाचार्य, हाल उपकुलपति

२७. प्रा. रा. प. प्र. श्रे. सिद्धिनाथ गौतम, साहित्याचार्य

२८. प्रा. रा. प. प्र. श्रे. तेजकेशरी शर्मा, साहित्याचार्य, एम.ए., हाल-सेवाबाट अवकाश

२९. प्रा. रा. प. प्र. श्रे. शिवप्रसाद सत्याल, साहित्याचार्य, एम.ए.

३०. प्रा. रा. प. प्र. श्रे. वाल्मीकि शर्मा पौडेल, वेदाचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(स्रोत: अच्युतकुमारी भट्टराई र दीपक भट्टराई)

वाल्मीकि संस्कृत महाविद्यालयका प्राध्यापक वृन्द

मुकुन्दप्रसाद अधिकारी, हरिनाथ ढुङ्गेल, सोमनाथ पौडेल, बदरीनाथ भट्टराई, बोधराज पन्त, लोकनाथ ढक.
शेषराज रेग्मी, गोविन्दप्रसाद भट्टराई, रामनाथ आचार्य, नयराज पन्त, रामचन्द्र पौडेल, तोयनाथ पाण्डेय
जुनानाथ पण्डित, गोपाल निधि तिवारी, चूडानाथ भट्टराय, दामोदर ढकाल
पछल्लो देब्रेबाट - देवराज पौडेल, गिरिधारी भट्टराई, श्रीकृष्ण आचार्य, दामोदर कोइराला, मुकुन्दनाथ भट्टर.
पुरुषोत्तम सुब्बा, वाल्मीकि पौडेल, भवानी मिश्र (अंग्रेजी), रत्नकमल वैद्य (राजनीति शास्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१. प्रा. रा. प. प्र. श्रे. चेतोनाथ शर्मा आचार्य, न्यायाचार्य
३२. उप-प्राध्यापक रामहरि दाहाल, साहित्याचार्य
३३. उप-प्राध्यापक सीताराम ढकाल, प्राचीन न्यायाचार्य
३४. उप-प्राध्यापक मधुसूदन रिसाल, सर्वदर्शनाचार्य
३५. उप-प्राध्यापक (करार) बुद्धिसागर पराजुली, भीमांसाचार्य
३६. उप-प्राध्यापक (करार) तीर्थराज आचार्य, धर्मशास्त्राचार्य
३७. उप-प्राध्यापक लोकनाथ ढकाल, प्राचीन न्यायाचार्य
३८. उप-प्राध्यापक गापालनिधि तिवारी, वेदान्ताचार्य, एम.ए.
३९. उप-प्राध्यापक पुष्करनाथ शर्मा, व्याकरणाचार्य, - हाल - सेवाबाट अवकाश
४०. उप-प्राध्यापक लीलानाथ पौडेल, व्याकरणाचार्य
४१. उप-प्राध्यापक तोयराज नेपाल, इतिहासपुराण आचार्य (हाल सहायक प्राचार्य)
४२. उप-प्राध्यापक माधवशरण उपाध्याय, व्याकरणाचार्य
४३. उप-प्राध्यापक पीताम्वर तिवारी, इ.पुं. आचार्य
४४. उप-प्राध्यापक ठाकुरप्रसाद आचार्य, साहित्याचार्य (हाल जनता विद्यापीठ, दाङ)
४५. सहायक-प्राध्यापक कुञ्जविहारीशरण उपाध्याय, इ.पु. मा आचार्य
४६. सहायक-प्राध्यापक सनतकुमार वस्ती, साहित्याचार्य
४७. सहायक-प्राध्यापक वासुदेव आचार्य, ज्यौतिषाचार्य
४८. सहायक-प्राध्यापक प्रेमप्रसाद पाण्डेय, धर्मशास्त्राचार्य (हाल विश्वविद्यालय विद्यापीठ, दाङ)
४९. सहायक-प्राध्यापक पद्मप्रसाद भट्टराई, न्यायाचार्य
५०. सहायक-प्राध्यापक लोकनाथ लम्साल, वेदाचार्य
५१. शिक्षक (काजमा) हाल- साहायक प्राध्यापक श्रीकृष्ण अधिकारी, ज्योतिषाचार्य

(छ) रूरू विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्हरु

१. गोपीराज खनाल
२. भरतमणि सुवेदी
३. मुरलीमोहन वास्तोला
४. वंशीधर आचार्य
५. श्रीराम सापकोटा

(ज) विश्व विद्यालय विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्हरु

१. प्राध्यापक डा. हरिप्रसाद आचार्य, व्याकरणाचार्य, पी. एच. डी. सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय
२. उप-प्राध्यापक,प्राचार्य डा. बीरदेव विष्ट, व्याकरणाचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. उप-प्राध्यापक लेखनाथ आचार्य, साहित्याचार्य
४. सह-प्राध्यापक सुरेन्द्रा झा, प्राचीन न्यायाचार्य
५. सह-प्राध्यापक दत्तात्रेय दाहाल, व्याकरण, पुरोणेतिहासाचार्य (हाल प्राचार्य)
६. उप-प्राध्यापक विष्णुप्रसाद न्यौपाने साहित्य (करार) वेदान्ताचार्य (हाल अवकाश)
७. उप-प्राध्यापक गोविन्दप्रसाद आचार्य, धर्मशास्त्राचार्य (हाल वाल्मीकि विद्यापीठ)
८. सहायक प्राध्यापक चतुर्भुज शर्मा, वेदान्ताचार्य
९. सहायक प्राध्यापक गदाधर शर्मा, साहित्याचार्य

(झ) जनता विद्यापीठमा प्राध्यापन गर्ने विद्वानूहरु

१. सह-प्राध्यापक स्थानेश्वर गौतम, व्याकणाचार्य, एम.ए.नेपाली (हाल विश्वविद्यालय विद्यापीठ)
२. सह-प्राध्यापक रामेश्वर शर्मा मजगैयाँ, प्राचीन न्यायाचार्य (हाल अवकाश)
३. सह-प्राध्यापक दामोदर शर्मा चालिसे, न्यायाचार्य
४. सह-प्राध्यापक तीर्थराज सुवेदी, साहित्याचार्य
५. सह-प्राध्यापक विष्णुप्रसाद देवकोटा, व्याकरणाचार्य
६. उप-प्राध्यापक भोजराज पन्त, व्याकरणाचार्य, पी.एच.डी. (हाल प्राचार्य)
७. उप-प्राध्यापक केदारनाथ गौतम, व्याकरणाचार्य
८. सह-प्राध्यापक देवराज सुवेदी, साहित्याचार्य
९. कृष्णप्रसाद सुवेदी, साहित्याचार्य
१०. रश्मिराज पाण्डे, व्याकरणाचार्य ।
११. सहायक प्राध्यापक श्रीधर शर्मा मजगैञा, धर्मशास्त्राचार्य
१२. सहायक प्राध्यापक नारायणराज दाहाल, ज्यौतिषाचार्य
१३. सहायक प्राध्यापक देवीप्रसाद वाशिष्ठ, प्राचीन न्यायाचार्य

प्रशासनतर्फ

१. उर्मिला आत्रेय, साहित्याचार्य
२. ऋषिराम रेग्मी, पुराणेतिहासाचार्य
३. चूडामणि अधिकारी, पुराणेतिहासाचार्य
४ ध्रुव भट्टराई, साहित्याचार्य, एम.ए.
५. नारायणकुमार आचार्य, धर्मशास्त्राचार्य

(ञ) संस्कृत माध्यमिक विद्यालयतर्फ

१. बुद्धिसागर दाहाल, ज्यौतिषाचार्य
२. भक्तिराम ज्ञवाली, साहित्याचार्य (हाल सहायक प्राध्यापक, जनता विद्यापीठ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. राधिका आचार्य, साहित्याचार्य

४. स्थानेश्वर पौडेल, साहित्यधर्मशास्त्राचार्य (हाल विश्वविद्यालय विद्यापीठ)

(त) शारदा विद्यापीठमा प्राध्यापन गर्ने विद्वान्

मोतीराम पनेरु, व्याकरण

श्रीधर पन्त, साहित्य हाल - प्राचार्य

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गतका संस्कृत विद्यापीठहरूमा कायम रहेको स्तर र अध्यापन हुने विषयहरू

१. पिण्डेश्वर विद्यापीठ, धरान – उत्तरमध्यमा र शास्त्री

"क" वर्ग :- व्याकरण, न्याय, ज्यौतिष र साहित्य

"ख" वर्ग :- नेपाली र अर्थशास्त्र

२. याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ, मटिहानी – उत्तरमध्यमा र शास्त्री

"क" वर्ग :- वेद, व्याकरण, न्याय, ज्यौतिष र साहित्य

"ख" वर्ग :- नेपाली, राजनीतिशास्त्र, मैथिली र हिन्दी ।

३. हजारी जनक विद्यापीठ, ज्ञानकूप ...

४. वाल्मीकि विद्यापीठ, काठमाडौं – उत्तरमध्यमादेखि आचार्यसम्म

"क" वर्ग :- वेद, व्याकरण, प्राचीन न्याय, नव्यन्याय, ज्यौतिष, शाङ्कर वेदान्त, धर्मशास्त्र, पूर्वमीमांसा, सर्वदशन, पुराण इतिहास र साहित्य ।

"ख" वर्ग:- नेपाली, राजनीतिशास्त्र र अर्थशास्त्र

५. रूरू विद्यापीठ, रिडी - उत्तरमध्यमा

"क" वर्ग :

"ख" वर्ग :

६. जनता विद्यापीठ, दाङ्ग – उत्तरमध्यमा र शास्त्री

"क" वर्ग :- व्याकरण, साहित्य, ज्यौतिष, नव्य न्याय, प्राचीन न्याय, धर्मशास्त्र र पुराण इतिहास ।

"ख" वर्ग :- नेपाली, राजनीतिशास्त्र र अर्थशास्त्र

७. विश्व विद्यालय विद्यापीठ – आचार्य

"क" वर्ग मात्र - व्याकरण, साहित्य, वेदान्त, न्याय, धर्मशास्त्र, पुराण इतिहास ।

८. शारदा विद्यापीठ - उत्तरमध्यमा

"क" वर्ग: व्याकरण र साहित्य

"ख" वर्ग: नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत संस्कृत विद्यापीठका प्राचार्यहरू

(हाल प्रदासीन)

१. पिण्डेश्वर विद्यापीठ, धरान – पुरुषोत्तम भट्टराई (शिक्षाध्यक्ष भएपछि गोविन्द कोइराला)

२. याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ – डा. रोहिणीवल्लभ शर्मा

३. हजारी जनक विद्यापीठ, ज्ञानकूप – दुर्गाप्रसाद दाहाल

४. वाल्मीकि विद्यापीठ – डा. माधव भट्टराई
(मिति २०४९-४-१ मा राजीनामा दिएपछि नीलमणि दुङ्गाना)
सहायक प्राचार्य - तोयराज नेपाल

५. रूरू संस्कृत विद्यापीठ – विष्णु पञ्जर

६. जनता विद्यापीठ – स्थानेश्वर गौतम (पछि) तीर्थराज सुवेदी

७. विश्व विद्यालय विद्यापीठ – डा. वीरदेव विष्ट (पछि दत्तात्रेय दाहाल)

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तगर्तका विद्यापीठहरूमा छात्रावास र छात्रवृत्तिको व्यवस्था

१. पिण्डेश्वर विद्यापीठ, धरान — छात्रावास मात्र छ, भोजनको व्यवस्था छैन

२. याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ — छात्रावास, विद्यार्थी दरबन्दी संख्या ५४ जना

३. हजारी जनक विद्यापीठ — भरखरैजसो विद्यापीठको स्थापना भएको हुँदा छात्रवृत्तिको सुविधा छ, छात्रावासको व्यवस्था भएको छैन ।

४. वाल्मीकि विद्यापीठ — तीनधारा संस्कृत छात्रावास रानीपोखरी
(क) यस छात्रावासमा वाल्मीकि विद्यापीठमा पढ्ने विद्यार्थी सङ्ख्या - ७१ जना
(ख) रानीपोखरी संस्कृत प्रधान पाठशालामा पढ्ने विद्यार्थी संख्या - ३५ जना

५. रूरू संस्कृत विद्यापीठ

६. जनता विद्यापीठ र विश्वविद्यालय विद्यापीठ —छात्रावासको सुविधा छ, भोजनको व्यवस्था छैन ।

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गतका सबै विद्यापीठमा अध्ययन गर्ने विद्यार्थीमध्ये, उत्तरमध्यमा र शास्त्री तहमा अध्ययन गर्ने विद्यार्थीलाई मासिक रु ४००। र आचार्य तहमा पढ्ने विद्यार्थीलाई रु ५००।- का दरले छात्रवृत्ति प्रदान गरिन्छ । छात्रावासमा बसेर नि:शुल्क भोजनको सुविधा पाएका विद्यार्थीले छात्रवृत्तिको मौका पाउँदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तगर्तका विद्यापीठहरूमा विद्यार्थी संङ्ख्या

१.	पिण्डेश्वर विद्यापीठ, धरान	अन्दाजी १३५ जना
२.	याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ	अन्दाजी ४० जना
३.	हजारी जनक विद्यापीठ, ...	अन्दाजी १०० जना
४.	वाल्मीकि विद्यापीठ	१७५ जना
५.	रूरू संस्कृत विद्यापीठ	अन्दाजी १०० जना
६.	जनता विद्यापीठ	१७२ जना
७.	विश्वविद्यालय विद्यापीठ	अन्दाजी ४० जना
८.	शारदा विद्यापीठ	अन्दाजी १०० जना

सम्बोधन, निर्देशन र अन्य समाचार

राजकीय संस्कृत महाविद्यालयको समुद्घाटनका अवसरमा श्री ५ त्रिभुवनबाट बक्सेको सम्बोधन भाषण

प्यारा विद्याप्रेमी प्रजाहरू !

आज यहाँ सबैको बीचमा यो नेपाल राजकीय संस्कृत महाविद्यालयको उद्घाटन गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । हुनत यो सरकारतर्फबाट आयोजित गरिएको हो, तर साथसाथै दुनियाँको सहयोग तथा खास गरीकन संस्कृत विद्वान्हरू को विचारलाई हार्दिक धन्यवाद दिन्छु ।

संसारमा कति उन्नति भइरहेकोछ, यो सबै विद्याको प्रभावले हो भन्ने कुरा विदितै छ । संस्कृतको महत्त्वको बारे मैले यहाँ प्रशंसा गरिरहनुपर्ने होइन । पहिले हाम्रा ऋषिमुनिहरूको जमानामा संस्कृतमा मात्र कामकारवाई हुन्थ्यो । तर केही कारणवश यो विद्याको प्रचार केही कम हुन आएको छ । बिलकुल लोप त हुन पाएको छैन र हुने पनि छैन । वेद, दर्शन, पुराण, नीति, धर्मशास्त्र इत्यादि सबै ठूलठूला ग्रन्थहरू संस्कृत भाषामा नै छन् । यो भन्दा भिन्न अरू धेरै हस्तलिखित पुस्तकहरू अहिलेसम्म हाम्रो कालेजको पुस्तकालयमा छँदैछन् । यो हाम्रो मातृभूमिको अद्वितीय सम्पत्ति मान्न सकिन्छ । अन्तर्राष्ट्रिय विद्वान्हरूको हाम्रो देशप्रति श्रद्धा बढेको धेरै कारणमध्ये यो एउटा मूल कारण हो । यो भाषाको महत्त्व यसमा सम्पर्क भएका विद्वान्हरूले मात्र विशेष थाहा पाउँछन् । तर यस भाषाको योग्यता सबैलाई नभए पनि संगतद्वारा यी शास्त्रहरूको विचार हाम्रो समाजमा फैंजिएको छ । हाम्रो सबै चालचलन, रीति स्थिति ऐन कानूनसम्म पनि धेरैथोर यो शास्त्रमुताबिक चलिरहेकै छन् ।

संस्कृत विद्योपार्जन गर्दा शिक्षक र शिष्यका नियमहरू बडो प्रशंसनीय छन् । यिनीहरूको परस्परको श्रद्धा, विश्वास, प्रेम तथा अनुशासन विषयमा केही भन्ने कुरा छैन । देशको उज्वल भविष्य सबै शिक्षक र सबै विद्यार्थीमै निर्भर छ । संस्कृत भाषाको महिमा अहिलेसम्म सर्वसाधारण जनताको पहुँचमा पुग्न सकेको छैन, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषार्थ र उद्योगले प्राप्त नहुने कुरा कमै होला । यो महाविद्यालयले हाम्रो मातृभूमिको भविष्य उज्वल पार्नमा धेरै धेरै नै सहयोग गर्नेछ भन्ने मेरो ठूलो आशा छ ।

अत्यमा यहाँ उपस्थित भएका सबैलाई धन्यवाद दिँदै यस महाविद्यालयको सर्व उन्नतिको शुभकामना गर्छु । जय । नेपाल ।

(गोरखापत्र वि.सं. २००९ आषाढ ३ गते)

दाङ्गमा विद्वत्सम्मेलनको समुद्घाटन गरिबक्सिँदै श्री ५ महेन्द्रबाट बक्सेको सम्बोधन भाषण

उपस्थित विद्वद्वर्ग, महिला तथा सज्जनवृन्द ।

आज गौरवमय इतिहास, परम्परा र संस्कृतिले ओत-प्रोत भएको हाम्रो नेपालको यस भागमा संस्कृतिसँग सम्बन्ध भएका संस्कृतका विद्वान्हरूका बीच आफूलाई पाउँदा हर्ष लाग्नु स्वाभाविक हो र उपस्थित सबै अतिथिवर्गको हार्दिक स्वागत गर्दछु । संसारको सभ्यताको इतिहासको विकासमा संस्कृतको महत्त्वपूर्ण देन छ । वैदिक कालमा कस्ता उच्च आदर्शहरू उत्कृष्ट भावनाहरूको उठान भएर आर्य संस्कृतिको प्रवाह बन्दै आयो, हाम्रो दैनिक जीवनमा नै त्यसको कस्तो प्रभाव परेको छ, प्रत्यक्ष छ । संस्कृतको ज्ञान नभई हामीले आफ्नै आचार-विचारको मर्म पनि बुझ्न सक्तैनौं । शायद समयको परिवर्तनले गर्दा होला, त्यही ज्ञान नभएर हामीले हाम्रा गहकिला कुराहरू पनि नबुझेर श्रद्धा घटाउँदै लगेका छौं र खास गरी हाम्रा नेपाली नवयुवक-युवतीहरू यस विषयमा दुविधामा परी नअल्मलिएकाछैनन् भन्न करै लाग्दछ ।

पुरातन कालदेखि नै नेपालले संस्कृतमा दिलचस्पी लिएको बुझिन्छ र तरक्की पनि गर्दै गएको हो । हामीले हाम्रै शैक्षिक इतिहासलाई नियालेर हेर्‍यौं भने पनि यो भन्न सक्दछौं कि धेरै कालसम्म नेपालको शिक्षा-पद्धति नै संस्कृतमय थियो । शायद सबै नेपालीले यसलाई अंगालेका थिए । यी कुरा हामीसँग भएका शिलापत्र, ताम्रपत्र, सन्धिपत्र र ग्रन्थहरूबाट पनि प्रमाणित हुन्छन् ।

हाम्रो सगरमाथा जस्तो संसारको सबभन्दा अग्लो चुचुरो भएको हिमवत्खण्डको माहात्म्य पनि संस्कृतमा नै पाइन्छ । हुन पनि सतीशिरोमणि तथा आदर्शगृहिणी श्रीजानकीजीको मात्र होइन, विश्वशान्तिका प्रसिद्ध पुजारी युवराज सिद्धार्थ (भगवान् गौतमबुद्ध) को पनि यही पावन भूमिमा प्रादुर्भाव भयो । यही भूमिमा वाल्मीकिले रामायण महाकाव्य लेखे, जडभरतले वानप्रस्थाश्रम बनाए, पुलस्त्य र ऋष्यशृङ्ग ऋषिले तपस्या गरे । वात्स्यायनले कामसूत्र लेखे । गोरखनाथ, मच्छेन्द्रनाथबाट र नाथसम्प्रदायबाट पनि देवभाषालाई ठूलो प्रेरणा मिल्यो । पछि पनि छिमेकी राष्ट्रहरू तथा विदेशमा नष्ट-भ्रष्ट भएर गएका कैयन् ग्रन्थहरूको यहीं नै संरक्षण भयो । कैयन् विद्वान्हरू आएर यहीं बसे, यहीं फुले-फले । यी सब कुराको पुष्टि हाम्रा पुस्तकालय, आगम, मन्दिर गुम्बाहरूमा रहेका ग्रन्थहरूबाट मिल्दछ । धेरैजसो विषयमा एक-से-एक अमूल्य ग्रन्थहरू हामीकहाँ हस्तलिखित रूपमा अद्यावधि छँदैछन् । यो सबैलाई जानकारी भएकै कुरा हो ।

तर समय परिवर्तनशील छ र समयले पल्टा खाँदै आयो । संसारका विभिन्न उन्नत राष्ट्रहरूमा भौतिकवाद जतासुकै व्याप्त हुन थाल्यो, सांसारिक भोग-विलास नै मानव-जीवनको लक्ष्य बन्दै आयो अनि आध्यात्मिकवादलाई चाहिँदो नचाहिँदो बुढी रुढी र मतमतान्तरले धमिल्याउनु प्रायः स्वाभाविकै भयो । हाम्रो प्राचीन र उपयुक्त ग्रन्थहरूको अध्ययन पश्चिमी विद्वान्हरूले गर्नथाले, सार निकाले, आलोचना गरे र फाइदा पनि उठाए । पश्चिमी शिक्षा र चालचलनमा बिस्तारै रंगिएका हामीहरूले पनि उतैतिर आँखा लगाउन लाग्यौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दाङमा आयोजित विद्वत्सम्मेलनको समुद्घाटन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूले प्रतिपादन गरेका विषयहरूमा क्षणिक सुखभोगको लालसाले आँखा चिम्लेर बढता आस्था देखाउन लाग्यौं र हाम्रो महत्ता चिनाउने आज उनीहरू भए भन्न कुनै अत्युक्ति हुँदैन र यतातिर संस्कृतज्ञहरू सेलाउँदै गए । हामी खालि हाम्रो शास्त्रमा यस्तो छ भन्ने कुरामा मात्र गर्व लिन लाग्यौं र व्यावहारिक हुन सकेनौं । रटन्ते विद्यामा मात्र ज्यादा जोड दिन लाग्यौं समयलाई चिन्ने कोशिश गरेनौं, आवश्यक अनुसन्धानपट्टि दृष्टिनै दिएनौं । यो ज्यादै दुःखको कुरा छ, यसको फलस्वरूप आज हामीहरूमा क्रमशः आत्महीनता आयो, मानसिक दुर्बलता हुन लाग्यो, अनुशासन, आचरण र सच्चाइबाट हामी पछि पर्न थाल्यौं । यसैले अब हामीले यस्ता कुरामा लाज मान्नु हुँदैन, बरु भएका भूलहरू सुधारेर समयलाई चिन्न र सुहाउँदो ज्ञान र विज्ञानको समन्वयले प्राचीन इतिहास र परम्पराको जग न खलबल्याई, तर आधुनिक व्यावहारिक कर्म र चरित्रमा कसरी आवश्यक सुधार गर्नुपर्दछ, आज म यसै विद्वत् सम्मेलनद्वारा संसारका सम्पूर्ण संस्कृतका अनुयायी, लेखक, कवि, विद्वान्, पण्डित, विशेषज्ञ सबैछेउ हार्दिक अनुरोध गर्दछु, अपील गर्दछु कि अब यस कुरामा ठोस अनुसन्धान र व्यावहारिक कार्यान्वियन हुनु नितान्त आवश्यक भएको छ, हुनुपर्दछ ।

हुनत यस्ता गहन विषयमा बढ्ता कुरा गर्नु म कुनै विद्वान् होइन, तैपनि यो खुशीको कुरा छ कि आज हाम्रा संस्कृतज्ञहरूको दृष्टिकोणमा पनि परिवर्तन देखिन लागेको छ र त्यसकै फलस्वरूप हामी आज यहाँ जम्मा भएका छौं, उदारता र आत्मगौरवका साथ समय सुहाउँदो गरी हामीले हाम्रो पुस्तकालयहरूमा भएका ग्रन्थहरूको अध्ययन र अनुसन्धान निष्पक्ष ढङ्गले गर्दै गयौं भने हामीले यो पनि फेरि एक दिन देख्नेछौं कि विज्ञान पश्चिमी सभ्यताको मात्र पेवा होइन । हामीसँग पनि एकसेएक वैज्ञानिक ग्रन्थहरू छन्, जसबाट जीव-शास्त्र, वनस्पतिशास्त्र, आयुर्वेद र रसायनशास्त्रमा ठूलो असर पर्न सक्दछ । विज्ञानज्ञाताहरूलाई संस्कृतको ज्ञान भएन र संस्कृतज्ञहरूलाई विज्ञानज्ञाताहरूलाई संस्कृतको ज्ञान भएन र संस्कृतज्ञहरूलाई विज्ञानमा अभिरुचि भएन भने अब हामीले यो समस्या हल गर्न सक्दैनौं र यी दुवैको समन्वय हुनुपर्दछ । अनि मात्र शुद्ध अनुसन्धानको वातावरण बन्दछ र अनि मात्र संसारमा ज्ञान विज्ञानद्वारा सुख, सुविधा र शान्ति हुने छ, मानव-समाज फल्नेछ ।

अर्कातिर दर्शनमा पनि हाम्रो नेपालको एउटा विशेष देन छ । विदेहदर्शन याज्ञवल्क्यस्मृतिका साथसाथै बौद्धदर्शनको पनि यहाँ प्रादुर्भाव भयो, परन्तु यो दुवै दर्शनको समुन्नतिबाट नेपालीहरूले समन्वयवाद निकाले , अन्यत्र झैं आपसमा अमेल हुन दिएनन् । धार्मिक तथा व्यावहारिक सहिष्णुता नै यसको दर्शनको आधारस्तम्भ भयो र हो । "वसुधैव कुटुम्वकम्" को भावना नै यसको स्रोत हो । हामी तर्पण गर्दछौं, जड चेतन सर्ब प्राणीमात्रको तृप्तिको कामना गर्दछौं , देवता पितृ सबैलाई मान्छौं, कुनै कर्म गर्दा पनि फलको आशा नराखेर कर्तव्य संझेर गर्नु नैं उत्तम हो भन्ने कुरामा विश्वास राख्दछौं । यी भावनाहरूले नै आजको आधुनिक दार्शनिक सिद्धान्तहरूमा पनि गहिरिएर जरो हाल्न सके विश्वमा भइरहेका विघ्नबाधाहरू पन्छिन्थे र "सर्वभूतहिते रता" को सच्चा स्वरूप देख्न पाइन्थ्यो भन्न म असमर्थ ठान्दिन तथा यही समन्वयवादमा नै हाम्रो निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्था आज निर्विकल्प व्यवस्था हुन आएको छ भन्दछु ।

हामी समन्वयवादमा विश्वास राख्दछौं । समन्वयात्मक दर्शनद्वारा नै विश्वसमस्या हल हुन सक्तछ भन्ने हाम्रो धारणा छ । हाम्रो असंलग्न परराष्ट्रनीति पनि यसैमा आधारित छ । त्यसैले पनि यसतर्फ आज हामीले पाइला राख्नुपरेको छ भन्नु म आफ्नो कर्तव्य ठान्दछु, अध्ययन, अनुसन्धान र अध्यापनको दरकार परेको छ । यी सबै कार्यमा संस्कृतका विद्वान्‌हरूको ठूलो उत्तरदायित्व थियो, छ र हुन्छ भन्ने कुरामा पनि मलाई शङ्का छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो खुशीको कुरा छ-विशेष रूपले परापूर्व कालदेखि नै बखतबखतमा आइपरेका अनेक विघ्नबाधालाई पन्छाई काल, परिस्थिति र जनआकांक्षाअनुरूप नेपालले अस्तित्व र नेपालीले आफ्नो व्यक्तित्वलाई बचाई आएको छ । यस कार्यमा पनि हाम्रो संस्कृति परम्परा र हाम्रा वीर पूर्वज तथा विद्वान्हरूको ठूलो देन छ । यो पनि संसारका सबै विद्वान्वाट छिपेको कुरा होइन ।

आज एकमात्र हिन्दूराष्ट्र नेपालमा संस्कृत विश्वविद्यालयको खाँचोको हामी नेपाली सबै र खास गरी नेपाली विद्वान्हरूवाट महसूस नगरेका होइनौ तर यो कैले सम्भव हुन सक्छ, कस्तो साँचोमा ढाले देश सुहाउँदो हुन सक्ला, के गरेर आधुनिक ढङ्गले हाम्रो विद्वत्ताको परम्परा कायम रहन्छ भन्ने कुरामा यहाँ उपस्थित विद्वान्हरूबाट यो छलफल हुन लागेको छ, त्यसको म सहर्ष र सहृदय स्वागत गर्दछु, तथा यो पनि भन्न चाहन्छु कि अब हामी कसैले पनि आँखा चिम्लेर अन्धविश्वासमा विना कारण कुनै कुरामा पछि लाग्नु नेपाली समाजलाई शोभा दिदैन र जुनसुकै शिक्षालय तथा विश्वविद्यालयसम्मले पनि त्यस्तो कार्यक्रम तयार पार्नु पर्दछ कि त्यस शिक्षालय वा विश्वविद्यालयबाट निक्लेको कुनै पनि नेपाली विद्यार्थी सर्वप्रथम अनुशासित, चरित्रवान् र आधुनिक नेपाली हुन सकोस् बन्न र बनाउन सकोस् यसमा अर्को कुनै तर्क हुन सक्तैन, यो पनि म आज यहाँ भन्ने चाहन्छु ।

यसै सिलसिलामा, यस जिल्लाका जनता छेउ पनि फेरि एकपल्ट आई यसरी भेटघाट गर्न पाएकोमा म ज्यादै खुशी छु । आज हाम्रो देशको सफलता र समस्या पनि कुनै नेपालीबाट छिप्न गएको छैन र त्यसैले यस विषयमा बढी बोलिरहनु पर्ने दर्कार देख्दिन । मैले पनि मलाई लागेको प्राय: सबै जसो कुराहरू जनसमक्ष पोखी सकेकैले अब प्रत्येक नेपालीछेउ यही मात्र भन्न चाहन्छु कि कुनै पनि नेपालीबाट मैले बखतबखतमा जनसमक्ष राखेका कुराको कुशल कार्यान्वयनमा मात्र ध्यान पुगे म सधैंको झैं सबैसँग कृतज्ञ हुनेछु । हामी सम्पूर्ण नेपालीले जसरी गहकिला कुराहरूको शुरुआत गर्दछौं त्यसैगरी त्यसलाई पूरा गर्न पनि सक्नुपरेको छ ।

अन्तमा उपस्थित सबै विद्वान्वर्गमा माथिका कुराको फेरि एकपल्ट सम्झना दिलाउँदै यस सम्मेलनको सफलताको कामनाका साथै यस समारोहसम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय नेपाल ।

(२०२४ चैत्र १ गते बृहस्पतिवार, दाङ)[२]

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नारायणहिटी राजदरबारमा वि.सं. २०४४ साल असार ७ गते बसेको महेन्द्र संस्कृत विश्वविद्यालयको पहिलो प्राज्ञ सभामा बक्स भएका नौ सूत्रीय निर्देशनहरू ।

१. देशमा आज विभिन्न शास्त्रीय विषयहरूमा आधिकारिक विद्वान्हरूको खाँचो छ । महेन्द्र संस्कृत विश्वविद्यालयले हाल प्रचलित संस्कृत अध्ययन-अध्यापनलाई सुव्यवस्थित गरी एक निश्चित समयभित्र देशको आवश्यकतानुसार विशिष्ट शास्त्रीय विद्वान् तयार पार्ने काममा अगाडि बढ्न पर्छ ।

---

२. "अखिल नेपाल हिन्दूधर्म सम्मेलनको उपलक्ष्यमा स्वर्गीय श्री ५ महेन्द्रका तीन धार्मिक तथा आध्यात्मिक भाषण" बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



महेन्द्र संस्कृत विश्वविद्यालयको पहिलो प्राज्ञ सभा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. आजको यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकोले विश्वविद्यालयले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनु पर्दछ ।

३. यस विश्व विद्यालयले संस्कृत वाङ्मयमा निहित ज्योतिष, आयुर्वेद, योग, विज्ञान, कलाकौशल आदि प्रयोगप्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिनु आवश्यक छ ।

४. विश्वविद्यालयले स्वतन्त्ररूपमा आफ्नै आर्थिक स्रोत पनि बढाउँदै र जुटाउँदै जानुपर्छ ।

५. दाताले दिएका चल-अचल सम्पत्तिको संरक्षण तथा सुव्यवस्थित रूपमा परिचालन गर्ने व्यवस्था विश्वविद्यालयले गर्नु आवश्यक छ।।

६. संस्कृत छात्र जुनसुकै कार्यक्षेत्रमा गए पनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाऊन् र अरुलाई पनि त्योसँग परिचित गराउन सक्षम हुनुका साथै यसबाट प्रभावित समेत पार्न सकून् भन्ने उद्देश्य राखेर विश्वविद्यालयले आफ्नो शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नु पर्दछ ।

७. संस्कृतका छात्रहरू आफ्नो संस्कृतिको गौरवमय परम्परा निष्ठावान्, नैतिक, अनुशासित र राष्ट्रभक्त बनेर समस्त देशमा उदाहरण बन्न सकून्, संस्कृतका शिक्षक स्वयं उनीहरूका प्रत्यक्ष मार्गदर्शक बनून्, यसको निमित्त विश्वविद्यालयले प्रयास गर्नुपर्दछ ।

८. संस्कृत विद्यालाई सम्पूर्ण रूपमा हासिल गर्न अन्यराष्ट्रका विद्वान्हरू पनि नेपालप्रति आकृष्ट हो न् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ ।

९. संस्कृतमा रहेका शास्त्रीय चिन्तनहरूलाई मानवमात्रको हित र कल्याणका लागि व्यावहारिक ढंगले सदुपयोग गर्न विश्वविद्यालयले शोधकार्य गराउनु पर्छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन समारोहमा बक्सेको सम्बोधन

महिला तथा सज्जनवृन्द,

१. आज महेन्द्र संस्कृत विश्वविद्यालयको उद्घाटन गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

२. यस विश्वविद्यालयमा आइपुग्दा हामीलाई हाम्रा परमपूज्य स्वर्गीय बुबाज्यूबाट २०२४ सालमा दाङ बिजौरीमा संस्कृत-जगत्का विद्वान्हरू सम्मिलित विद्वत् सम्मेलनको समुद्घाटन गरिबक्सेको सम्झना आउनु स्वाभाविकै हो । प्रातःस्मरणीय पूज्य बुबाज्यूबाट संस्कृत वाङ्मयको विकासमा भएको योगदानको सम्झना गर्दै सर्वप्रथम हामी मौसूफमा श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

३. हाम्रो देशमा ऐतिहासिक कालदेखि नै संस्कृत भाषाले राजकीय तथा सामान्य जन-जीवनमा समेत महत्त्वपूर्ण स्थान पाएको कुरा प्राचीन शिलापत्र एवं संस्कृत भाषाका हस्तलिखित ग्रन्थहरूबाट प्रष्ट हुन्छ । त्यसैगरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवं दर्शनसम्बन्धी विभिन्न विषयहरूमा लेखिएका संस्कृतका पुस्तकहरूले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुऱ्याएका छन् भन्ने हामीलाई लाग्दछ ।

४. हाम्रो धर्म, दर्शन र संस्कृतिको अमूल्य ज्ञानको भण्डारलाई हाम्रो समाजको आवश्यकता अनुसार उपयोग र प्रवर्द्धन गर्दै लैजान महेन्द्र संस्कृत विश्व विद्यालयको गतिशील भूमिका हुनुपर्ने देखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराजबाट महेन्द्र संस्कृत विश्वविद्यालयको
समुद्घाटन समारोहमा सम्बोधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोधकार्यको सँगसँगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य एवं मान्यता अनुरूप निष्ठावान् नागरिक बन्न सघाउ पुऱ्याउने छ भन्ने कुरामा हामी विश्वस्त छौं । त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमहरूको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्न गराउन यस विश्वविद्यालय पनि कटिबद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौं ।

५. अन्त्यमा, महेन्द्र संस्कृत विश्वविद्यालयको चौतर्फी सफलताको कामना गर्दै यस समारोहका आयोजकहरू सबैलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल ।

माघ १९, २०४५ बुधवार दाङ्ग

रूरूक्षेत्र र नयाँ संस्कृत विद्यापीठ

महेन्द्र संस्कृत विश्वविद्यालयले रूरूक्षेत्रमा एउटा नयाँ संस्कृत विद्यापीठ हालै स्थापना गरेको छ ।, यो क्षेत्र लुम्बिनी अञ्चल गुल्मी जिल्लाको ७९ गाउँ पालिकामध्ये रूरू गाउँ पालिकाको रूरू क्षेत्रमा पर्दछ । यो गाउँ पालिका पाल्पा, स्याङ्जा र गुल्मी तीन जिल्लाको बीचमा पर्दछ । रूरूक्षेत्र एक पवित्र तीर्थस्थलको रूपमा शास्त्रमा वर्णित छ । काली गण्डकी र रिडीखोलाको संगमस्थल रूरू क्षेत्रका नामले प्राचीन कालदेखिनै प्रसिद्ध छ । रूरू पालिकाभित्र पर्ने रिडीक्षेत्र संस्कृत शिक्षाको ज्योति फिजाउने कार्यमा निकै अगाडि भएको तथ्य हामी इतिहासबाट पाउँछौं । विक्रम संवत् १९६९ मा यहाँ एक संस्कृत पाठशालाको स्थापना भएको थियो भने त्यस अघि पनि गुरुकुलमा संस्कृतका लघुकौमुदी, अमरकोशका साथै रुद्री, चण्डी अध्ययन, अध्यापन गरिने परम्परा रहेको हामी पाउँछौं । यही संस्कृत पाठशाला पछि प्रधान पाठशालामा परिणत भयो । नयाँ शिक्षा योजना लागू भएपछि यही पाठशालालाई संस्कृत माध्यमिक विद्यालयको नामकरण गरियो । यस विद्यालयमा हाल करीब ३०० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

"क" वर्गमा व्याकरण र साहित्य विषयहरू पढाइ हुने गरी संस्कृत माध्यमिक विद्यालयकै स्थलमा हाल उत्तरमध्यमा तहको संस्कृत विद्यापीठ सञ्चालन गर्न स्वीकृत भएको छ । यसका स्रोत विद्यालयहरूमा संस्कृत मा. वि. रिडी, हरिहर संस्कृत मा.वि. खिदीम, देववाणी संस्कृत मा. वि. पाल्पा, वेदवेदाङ्ग संस्कृत मा. वि. पाल्पा, हालै मात्र खोलिएका दुइवटा अस्थायी सं. मा. वि. गुल्मी र वाग्लुङ् स्याङ्जाका मा. वि. आदि छन् । यो क्षेत्र संस्कृत शिक्षाका निम्ति निकै उपयुक्त र फलप्रद रहेको ऐतिहासिक, धार्मिक र साँस्कृतिक तथ्यलाई दृष्टिगत गरेरनै विश्वविद्यालयले यो निर्णय लिएको हो । रूरूक्षेत्रको महत्त्वलाई संस्कृत विद्यापीठको संभाव्यता अध्ययन गर्न म.सं. वि. बाट खटाइएको टोलीले आफ्नो प्रतिवेदनमा यसरी उल्लेख गरेको छ - "यो क्षेत्र धार्मिक एवं आध्यात्मिक दृष्टिले ज्यादै महत्त्वपूर्ण छ । ... प्राणप्रतिष्ठाविना जुनकुनै देवताको पनि आराधना गर्न पाइने, शालग्राम, शिला पाइने हुँदा ढुङ्गा खोज्दा देवता मिल्ने...... भगवान्‌को गण्डस्थलदेखि प्रादुर्भूत भएको हुनाले गण्डकी नामले प्रसिद्ध कृष्णा (काली) गण्डकीका जलले सर्वदा सर्वथा शुद्ध पारिएको तीर्थ, देवदत्त मुनि एवं पुलह ऋषिको तपस्थल अजनाभ वर्षलाई भारत वर्षनामले प्रसिद्ध तुल्याउने राजा भरतले राजकलेवर र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



महेन्द्र संस्कृत विश्वविद्यालयको शिलापत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछिको मृगकले वरलाई उत्सर्ग गरेको पुण्यभूमि, तीन जिल्लाको संगम स्थल हुनाले र ती जिल्लावासीका चारै जातका सन्तानहरू संस्कृत शिक्षालिन अभिरुचि लिने हुँदा, संस्कृतमा पूर्वमध्यमा उत्तीर्ण गरेका मगरकन्यासमेत संस्कृत शिक्षा लिन उत्सुक रहेको पाइएकोले रूरूक्षेत्र रिडी ... संस्कृत शिक्षाको लागि ज्यादै उपयोगी पाइएको छ । [१]

गोरखाको एक मात्र संस्कृत मा.वि.

सदरमुकामबाट निकै टाढाको दूरीमा रहेको संस्कृत मा. वि. आफ्नै किसिमको विशेषताले मुस्कुराएको छ । यो विद्यालय २००७ सालको प्रजातन्त्रको मिरमिरे बिहानीसँगसँगै जन्मिएको हो । त्यसै तान्द्राङ्ग गा.वि.स. का बुद्धिविलास खनालको प्रारम्भिक सक्रियताबाट स्थापित उक्त विद्यालय क्रमशः संस्कृत शिक्षा फैलाउनलाई निरन्तर प्रयत्नशील छ, तर यस विद्यालयलाई विभिन्न समस्याहरू अवरोधकंका रूपमा खडा भई दिनाले राम्रोसँग सफल हुन सकेको अझै छैन । आज त्यस विद्यालयले चार वर्षकै छोटो अवधिमा झण्डै ४ दर्जन जति विद्यार्थीहरूलाई उच्चशिक्षातिर लम्काइसकेको छ । स्मरणीय छ, उक्त विद्यालयमा विद्यार्थीहरूलाई निःशुल्क अध्ययन गराइन्छ । अझ महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटनले गर्दा उक्त विद्यालयको प्रगति अवश्य नै बढेर जाने आशा त्यहाँका सम्पूर्ण बासिन्दाहरूले गरेका छन् । [२]

वाल्मीकि वाटिका बनाइने

वर्दिया जिल्लाको तिलकाना गाउँमा जनसहयोगबाट सञ्चालित भगवती (प्रस्तावित) संस्कृत माध्यमिक विद्यालयको लागि शिक्षा मन्त्रालयबाट दिइएको करीब ६,००,००० (छ लाख) रुपियाँ मूल्य पर्ने जग्गामा वाल्मीकि वाटिका बनाइने भएको छ ।

सो माध्यमिक विद्यालयको लागि जनताबाट ८०,०००।- (असी हजार) रुपैयाँ सहयोग संकलन गरिएको कुरा विद्यालय सञ्चालक समितिका अध्यक्ष दुर्गादत्त शास्त्रीबाट थाहा भएको छ ।

वर्दिया जिल्लाको एउटै मात्र उक्त संस्कृत माध्यमिक विद्यालयको भवन पनि जनसहयोगबाटै निर्माण भएको र हाल त्यसमा एउटा कोठा थपिएको बताइएको छ ।

सो विद्यालयको लागि गुलेरिया निवासी उद्योगपति शेरबहादुर भण्डारीले ५,०००।- (पाँच हजार) रुपैयाँ सहयोग दिनुहुने भएको कुरा अध्यक्ष श्री शास्त्रीले बताउनु भयो ।

सो विद्यालयमा हाल १० (दश) जना शिक्षक कार्यरत छन् भने करीब ६०० (छ सय) विद्यार्थी अध्ययनरत छन् । [३]

---

१. महेन्द्र संस्कृत विश्व विद्यालय समाचार वर्ष ३ अङ्क १, २०४६ माघ, पृष्ठ ५ ।

२. गोरखापत्रबाट प्रेषक - मोदनाथ

३. गोरखापत्र २०४८,१-२९-५,पृ.६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवलपरासीमा संस्कृत मा.वि.

(कार्यालय प्रतिनिधि)

काठमाडौं, फागुन २८ गत । नवलपरासी पिरताको प्रगति नगरमा गुरुकुल आश्रमको आदर्श अनुरूपको पशुपति आवासीय संस्कृत माध्यमिक विद्यालयको संचालन गरिएको छ । सांसद् सूर्यभक्त अधिकारीको अध्यक्षतामा गठित सञ्चालक समितिले यस संस्कृत मा.वि.मा अध्ययनरत ५० जना विद्यार्थीहरुलाई आवास सहित सम्पूर्ण कुरा निःशुल्क उपलब्ध गराएको छ । स्वामी सच्चिदानन्दको विशेष सक्रियता र स्थानीय समाजसेवी केशवनाथ उपाध्यायको सहयोगमा २०४६ साल चैत्रदेखि संचालित यस विद्यालयको भवन निर्माणका लागि रु ५५ हजार संकलन भैसकेको कुरा स्वामी गिरिबाट थाहा भएको छ । [१]

बनारसमा नेपाली विद्वान्को सम्मान

नन्दलाल बाजोरिया संस्कृत महाविद्यालय, वाराणसीस्थित वेद विषयका प्राध्यापक डा. मणिलाल शर्मोपाध्यायलाई भारतको उत्तर प्रदेश संस्कृत अकादमी संस्थाले वेद पण्डितको पुरस्कार दिएर सम्मानित गरेको छ ।

उहाँलाई उक्त पुरस्कार स्वरूप भा. रु. दश हजार एक रुपियाँ अङ्गवस्त्र आदिद्वारा सम्मानित गरियो ।

डा. शर्मोपाध्यायलाई गत वर्ष १९८९ मा उत्तर प्रदेशका राज्यपाल सत्यनारायण रेड्डीले संस्कृत विश्वविद्यालयको दीक्षान्त समारोहमा स्नातकोत्तर तहको आचार्य परीक्षामा वेद विषयमा सर्वोच्च अङ्कसहित उत्तीर्ण भएको पुरस्कारको रूपमा स्वर्णपदक प्रदान गर्नुभएको थियो । त्यसभन्दा पहिले पनि धर्मशास्त्रमा सर्वोच्च अङ्क पाएको उपलक्ष्यमा उहाँलाई सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा स्वर्ण पदकद्वारा सम्मानित गरिएको थियो ।

डा. शर्मोपाध्यायको जन्म नेपालको लुम्बिनी अञ्चल अन्तर्गत गुल्मी तम्घास क्षेत्रमा सन् १९४९ मा भएको हो । [२]

नेपाल अधिराज्यमा हालसम्म स्थापना र सञ्चालन भएका संस्कृत माध्यमिक विद्यालय

(थाहा भएसम्म)

१. बालसुबोधिनी संस्कृत माध्यमिक विद्यालय, ताप्लेजुङ्

२. साङ्गवेद संस्कृत विद्यालय, गुरुकुल साँधुटार झापा, बुधबारे गा. वि.स. नारायण आश्रम

३. अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालय झापा, भद्रपुर, अर्जुनधारा गा. वि.स. व.नं. ४

---

१. गोरखापत्र वर्ष ९१ अङ्क ३०५, २०४८ फागुन २९ गते बिहिबार, पृष्ठ २ ।

२. गोरखापत्रमा प्रकाशित समाचार अनुसार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. पशुपति संस्कृत माध्यमिक विद्यालय झापा, दमक, नगरपालिका व. नं. १३ शान्तिचोक
५. गायत्री संस्कृत माध्यमिक विद्यालय, मोरङ्ग, विराटनगर
६. चन्द्र संस्कृत माध्यमिक विद्यालय, सुनसरी
७. षडानन्द संस्कृत माध्यमिक विद्यालय, भोजपुर, दिङ्ला
८. विद्येश्वर संस्कृत माध्यमिक विद्यालय, भोजपुर, गोगने
९. छिन्नमस्ता संस्कृत माध्यमिक विद्यालय, सप्तरी
१०. संस्कृत प्रधान पाठशाला, ज्ञानकूप धनुषा
११. वेद-वेदाङ्ग संस्कृत माध्यमिक विद्यालय, मकवानपुर चिसापानी
१२. राजकीय संस्कृत माध्यमिक विद्यालय, मटिहानी
१३. संस्कृत माध्यमिक विद्यालय, सोलुखोम्बु
१४. शारदा संस्कृत माध्यमिक विद्यालय, रामेछाप
१५. हिलेपानी संस्कृत माध्यमिक विद्यालय, दोलखा
१६. सीताराम संस्कृत माध्यमिक विद्यालय, देवघाट
१७. श्रीमद् निम्बार्क रामानुज वेद-विद्याश्रम गैंडाकोट, नवलपरासी
१८. पशुपति आवासीय संस्कृत माध्यमिक विद्यालय, नवलपरासी
१९. संस्कृत माध्यमिक विद्यालय, रौतहट, मत्सरी
२०. सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालय, कलैया
२१. रानीपोखरी संस्कृत प्रधान पाठशाला, काठमाडौं,
२२. वेद विद्याश्रम, वनकाली, गौशाला
२३. तीनघरे संस्कृत माध्यमिक विद्यालय, सिन्धुपाल्चोक, सिपा
२४. पृथ्वी संस्कृत माध्यमिक विद्यालय, देवीघाट, नुवाकोट, त्रिशूली
२५. संस्कृत माध्यमिक विद्यालय, मैदी धादिङ
२६. संस्कृत माध्यमिक विद्यालय, गोर्खा
२७. विन्ध्यवासिनी संस्कृत माध्यमिक विद्यालय, कास्की
२८. भानुभक्त संस्कृत माध्यमिक विद्यालय, तनहुँ
२९. पाणिनि संस्कृत माध्यमिक विद्यालय, लमजुङ, दुराडाँडा
३०. देववाणी संस्कृत माध्यमिक विद्यालय, पाल्पा
३१. वेद-वेदाङ्ग संस्कृत माध्यमिक विद्यालय, पाल्पा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीपोखरी संस्कृत प्रधान पाठशालाका विद्वत्वर्ग र विद्यार्थी गण

उभिने दोस्रो लाइन - रामनाथ आचार्य, टेकनाथ पौडेल, सोमनाथ सिग्देल, दधिराम पौडेल, देवीदत्त पराजुली
उभिने पहिलो लाइन - बोधराज, डिल्लीराज रेग्मी, कोमलनाथ अधिकारी, बुद्धिनाथ अर्ज्याल, हेमनाथ भट्ट, पूर्णभद्र सुवेदी (अन्यको नाम थाहा नभएको)

(स्रोत: अच्युतकुमारी भट्टराई र दीपक भट्टराई)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२. रिडी संस्कृत माध्यमिक विद्यालय, गुल्मी

३३. गीर्वाण सरस्वती संस्कृत माध्यमिक विद्यालय, रूपन्देही

३४. हरिहर संस्कृत माध्यमिक विद्यालय, अर्घाखाँची, खिदिम

३५. राधादामोदर संस्कृत माध्यमिक विद्यालय, केलादीघाट, स्याङ्जा

३६. निम्बार्क सतसङ्गाश्रम, हुँगीघाट, स्याङ्जा

३७. तौलेश्वर संस्कृत माध्यमिक विद्यालय, कपिलवस्तु

३८. संस्कृत माध्यमिक विद्यालय बलेवा-सर्कुवा, वागलुङ्

३९. श्री मुक्तिनाथ वेदविद्याश्रम, मुडुले, वागलुङ

४०. जैमिनी संस्कृत पाठशाला, दमेक, बागलुङ

४१. वाल संस्कृत माध्यमिक विद्यालय, प्यूठान

४२. जनता संस्कृत माध्यमिक विद्यालय, दाङ

४३. रत्नचूडेश्वर संस्कृत माध्यमिक विद्यालय, जुम्ला

४४. शङ्कर संस्कृत माध्यमिक विद्यालय, मूलखटाली, बैतडी

४५. सरस्वती संस्कृत माध्यमिक विद्यालय, बैतडी

४६. भगवती संस्कृत माध्यमिक विद्यालय, तिलकाना, बर्दिया

४७. संस्कृत माध्यमिक विद्यालय, बिहुँ

४८. संस्कृत माध्यमिक विद्यालय, धनगढी

विष्णुहरिज्यूको विषयमा यस्तै किसिमको केही कुरा मैले सुनेको छु । विष्णुहरिको विषयमा विशेष प्रामाणिक ज्ञान मसँग छैन ।

विष्णुहरिका नाति धर्मप्रसाद रिमाल (पछि ना.सु.) श्रेस्ता पाठशालामा पढ्दा मेरा सहपाठे हुनुहुन्थ्यो । उहाँसँग अहिले पनि मेरो बराबर भेट हुन्छ । उहाँसँग मैले हालै विष्णुहरिज्यूको जन्म मृत्युको विषयमा प्रश्न गरें । उहाँको जन्म प. १ नं. फ़िर्केपमा वि.सं.१९०१ मा भएको हो, महीना तिथि मलाई थाहा छैन : मृत्यु चाहिं वि.सं.१९७१ माघकृष्ण त्रयोदशीमा भएको हो भन्ने जवाफ धर्मप्रसादजीबाट मैले पाएँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजगुरु हेमराजको चन्द्रिका प्रथम द्वितीय प्रकाशमा प्रकाशन मिति वि.सं. १९६९ दिइएको छ (पूर्णिमा २८ अंकको २०८ पृ)

वि.सं.२०२९ मा प्रकाशित सरदार पं.राममणि आचार्य दीक्षितको पुराना सम्झनाको ५५ पृष्ठमा यस्तो लेखिएको छ -

खास गरेर मेरो विरोधमा चन्द्रिकाको जन्म भयो । गोरखा व्याकरण बोधलाई लुप्पा खुवाउन १९७२ मा प्रकाशनमा आए तापनि १९६९ सालको जन्मतिथि राखेर जन्मोत्सवको दिन पारी श्री ३ चन्द्रको हातमा चढाईयो ।

राममणिज्यूको भनाइ अनुसार वास्तवमा चन्द्रिकाको प्रकाशन वि.सं.१९७२ मा भएको हो, गुरुज्यू हेमराजले दाउपेच गर्न वि.सं.१९६९ को मिति राखेका हुन् भन्ने देखिन्छ ।

वि.सं.२०१२ फाल्गुन १९ गते शुक्रवारको गोरखापत्रको सम्पादकस्तम्भमा --

प्रकाण्ड विद्वान् विष्णुहरि रिमालले विद्वच्छिरोमणि हेमराज गुरुज्यूको नेपाली व्याकरणलाई भुइँमा पछारेको घटनाले हाम्रो साहित्यको इतिहासमा अवस्थाको सूचना दिन्छ ,

-भनी लेखिएको रहेछ ।

(नानी दिनेशराज पन्त अरु नै अन्वेषण गर्न राष्ट्रिय अभिलेखालयमा जाँदा प्रसङ्गवस गोरखापत्रको यस वाक्यमा उनको आँखा परेछ र उनले सो सम्पादकको स्तम्भ सारेर ल्याई मलाई सुनाएका हुन् ।)

गोरखापत्रको यस लेखाइबाट हेमराजज्यूको नेपाली भाषाप्रतिको रुचिलाई विष्णुहरिज्यूले तिरस्कारको दृष्टिले हेरेको बुझिन्छ ।

गोरखापत्रको भनाइ अनुसार विष्णुहरिले चन्द्रिका भुईंमा फ्याँकीदिएका थिए भन्ने देखिन्छ । विष्णुहरिको मृत्यु वि.सं.१९७१ माघमा भएकोले वि.सं.१९७१ माघभन्दा पहिले चन्द्रिकाको प्रकाशन भइसकेको देखिन्छ । यस अवस्थामा राममणिज्यूको चन्द्रिका प्रकाशन मिति सम्बन्धी वाक्यलाई हामीले कसरी स्वीकार गर्ने हो, यो विचारणीय विषय भएको छ ।

ज्योतिषी मनोरथ पाध्याको जीवनी

नीलप्रसाद पौडेल

स्व स्ति श्री ग णे शा य न म ॥ अ थ जि व न प त्री का ॥ म दे उ स र्म श र्मा को प ना ति । ल क्ष्मि वे ला स को ना ति म नो र थ को छो रा नी ल प्र सा द मे रो ना म हो ॥ ॥ ॥

मे रो पि ता म् म ह । ल क्ष्मि वे ला स स मो का पाँ च छो रा भ या का र हे छ न् ॥ जे ठा मे रा पि ता म नो र थ स र्मा १ मा हि ला न न्द ला ल स र्मा २ सा हि ला अ प्रि त् स र्मा ३ का ही ला ह री ला ल स र्मा ५ का न्छा पृ थ्वी वे ला स स र्मा ४ इ मा चा र्भा इ उ व्यो गि र वे व हा री प नी र हे छे जे ठा अ दा ल थ मा व हि दा र के हि व र्स भै घ र वे वा हा र मा व स्नु भ य छ ॥ मा हि ला बा = ॥ जं गी प रे ठ मा ज म दा र हु न भ इ छ ॥ शा हा - ला वा ॥ र बा हा की श्री म ति स ही त वा ल्यें अ व स्ता मै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्व र्गे हु नु भ य छ ॥ का हि ला ॥ च रि को ट मा वै दा र भै ने पा ल तो प खा ना मा रा ई टा र स्व ही ठा उ मा मु खि या भ ई ती ही वा टै डि ठा भै के रु मा हा कीं भै ब स्नु भै १९६९/७० मा डो टि सि ल गडी मा स रु वा हु नु भै ७१ सा मा रा जि ना मा दि जा गि र छा डि घ र आ उ नु भो ॥ कां छा वा ॥ सिं ह द र वा र मा: घ र का ज च न्द्र सं से र को स्या इ डी का म ग री सु वे दा र को पद थि यो ॥ के हि का म चु के को ले म हाँ रा ज च न्द्र शं से र ले ४ भं जे ङ्ग नी का ली ह त् ग री छा डि दि ने स जा य भै प द बा ट बा हि र ग रे ॥ के हि दि न प छि का न्छि आ मा बा ट नी वे द न ग रि वि न्ती प त्र च डा ई - स ला म् मा गै क रा उ दा जा गि र पा ई दै न ने पा ल आ उ न र हा म्रा ह जु र मा ह से न ग ने स भे त् पा उ ने ग री दि नु भ न्न्य मा हाँ रा ज ॥ ना च न्द्र श म्से र को हु कुं को प्र मा ङ्गि भ य प छी ने पा ल जा न आ उ न खु लो ॥ ७४।७५ सा ल दे खि घ र वे वा ह र ग रि ब स्नु भ यो ॥

७१ सा ल पौ ष मै ना मा बा वा म नो र थ को र डि ठा ह रि प्र सा द को प र स्प र वि रो ध भै भि न्न हु य ब न्दो व स्त भ य छ त र वा वा का म न मा ता का न्छो भा इ ने पा ल मा छ त्यो न आ ई भि न्न हु न मि ल दै न भ न्य ज वा फ का हि ला वा ला ई दि नु भ य छ ॥ र क्वै दि न प छि आ फू नु नी जि का म मा जा नु भ य को मौ का पा री मा हि ला वा र ल छु का हि ला वा को मि ले म तो ग रि घर को ढो का मा ता ल चा ठो की को ठा ब न्द ग रि हा मि ज ति ला इ भि त्र व स्व न दी आ फु मा त्र भि त्र को ठा मा व से ॥

ते स् वे ला: हा मी वा ल ष थि यौं र उ ति स्म के ही था हा हु न स के न ता प नी ॥ मे रा दा जु १ गो ठ मा थि य भा उ जु १ मे रि दि दी २ ब हि नी १ मै ना १ कि थि ई ॥ आ मा सू त के री हु नु हु न्थो ॥

त्यो कु रा चा ल पा इ दा जु गो ठ बा ट घ र आ उ दा ता त्यो चा ल दे खि दि क् मा नी रु दै ब से का थि यौं मि ति म ला इ था हा भ य न ॥ स्व दि नै रा त्री ५। छ घ रि ज ति ग य प छि वा वा प नी घ र आ इ पु ग्नु भौ र तो चां ला दे खे र: ढो का वा ट डि ठा भ नी बो ला इ: य ति भ ने को म ला इ था ह छ कि म ला ई मा त्र नी का लि त या हा व स्न पा उन दै न स् त प नी नि क्क ली भ नु भ यो ॥ ते स्व भ न्दा रु न क डा ज वा फ का हि ला वा ले दि नु भ य को ले ते स्व भ य त व स्त म नी क ले घ र जिं वा भ नी बा हि रै बा ट नी क ली घ र मा थी का गो रु वा ध ने कटे रा मा गै प रा ल व च्छ या इ ना ङ् गै र स्व दी न भो कै रु दै सु ते ऊँ ॥ वा वा आ मा १ जे ठि मा आ १ दा जु १ भा उ जु १ दि दी २ म १ बै नी १ स्मे त ज मा ९ ज़ ना रु दै सु ते उँ ।

भो लि वि हा ना अ रु गा उँ का दा जु भा इ ह रु जं मा भै अं स र्को कु रा ग रि व ण्डा ग र्ने कु रा ग र्दा का न्छा को भा ग म रा ख छु भ नी का इ ला बा ले भ न्दा हु न्छ भ नी वा ले मं जु र दि नु भो र मा ल भि त्र बा ट वा हि र नि का लि न ला गो ॥ नि का ल ने व ख त् मे रा दा जु प नी हु न हु न्थौ ॥ मा ल नि का ल दा का हि ला वा प नी झि क ने का म थी यो ॥ सो मौ गा मा दा जु ले भू ल प क्रे छ र मे रो भू ल त प क्र ने भ न्य अ त्त्व था पि: दा जु ला इ जु त्ता मा खि ल ठो के को र हे छ स्व हि जु ता ला य का ला ति ले कु टे: स्व ख प् न न स की रु दै हिं डे ॥ अ रु हा मि प नि प छि ला गि हि डी उँ ॥ स वै रु दै हि डे कॄ दे खि गा उ का ग न्य मा न्ये र थ रि मु खि या स्मे त ज म्मा भ य: ॥ का रं बु झि फ र्का उ ने ब न्दो ब स्त ग रे ॥ ते स बे ला मा हि ला वा: हा स नु भो र ता लि प नी व जा उ नु भो र वा हाँ ला इ खु सि थी यो ॥ गै रा घ र वा वा न न्दा ख र अ प ठि त हु नु हु थो वा हा रु नु भो ॥ छा द हा लि वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टो छे कि वा हा कै घर ल गि गो रु क टे रा मा प रा ल व छा इ आ गो वा लि रा ख नु भो खा ना को प नी ॥ व न्दो व स्त ग र्नु भो र त्यो रा त ते ही व स्यौं । गा उ ले ह रु ज म्मा भ य रा त भ र कु रा क हा नी ग रि ब से अ स मा य स्तो आ ज अ धि क सै को भ य को थी य न भ न्थे ॥ भो ली प ल ट भा ई ह रु ज मा भ ई आ ज हा मि अं स ग रि दि न्छौं ग ड ब ड ग रे भ ने डि ठा ह रि प सा द ला इ वा द ध छौ अं स मा यो अ त्या चा र ग र्न पा उ दै न भ नी सबै भ ला द मी ह रु ले भ नी ची त बु भ्का उ दा ता हा वा ट फि र्ता भै स बै भा इ ह रु का सा थ घ र आ इ अं स ग रे ॥ ते स प छी अं स हु दा वा ले भ नु भो की मे रो छो रो अ न्या हा मा भाइ ले कु टि दि य को हु दा म ला ई चि त्त दु खो ॥ यो अं स मा म घ र मा प स्ति अं स मा प नी ज ति दि न्छ भा ई ले उ ति मा त्र लि न्छु ॥ भ न्नु भ यो ते स्का रं अ रु प नी घ र भि त्र प से न न् ॥ का ही ला वा वा को त ज वि ज भ यो ॥ आ मा को दा इ जो दी य न न् ॥ सू न चाँ दी ज म्मै दि य न न्, सा ना चि ज भ्कि के न न् की ता प का ग त प त्र वा का छो रा न भ य का ले उ नी ला ई दि या ॥ अ रु त ज वि जी व ण्डा भ यो ॥ दु ख य ति भो भ न्न स कि दै न ॥ ते स भ न्दा अ घी श्री पि ता जी को ज न्म १९१५ ल जे ष्ट मा भ य को र हे छ । ३३ सा ल फा ल गु ण मै ना मा वा की मै री श्री कृ ष्ण सू वे दी की छो री सी त वि वा हा भ य छ वा हा को ना म वु द्धि मा ता हो वा हा का ग र्भ बा ३ र आ श्वि मै ना मा छो रो ज न्म नु भ य छ । त र वा हा को च ल न दे खि वा वा ला ई अ स न्तो ष र हे छ ॥ त र भा इ वै नी को वि वा हा न भ य को हु दा त्यो कु रा प्र क ट हु न स के न ॥ श्री प्र पि ता ल क्षि वे ला स छ दै मा हि ला वा को र फु पु १ को वि वा हा भै स्वा मे रा दा जु प नी ४ व र्ष मा म र्नु भो ४ स के प छि १९४५ सा ल फा लु गु ण शु ५ का दिं श्री प्र पि ता ज्यू स्व र्गे हु नु भ य छ ते स प छि अ रु वा वा ह रु को वि वा हा भ यो ॥ ते स प छि १९४८ सा ल मा मे री मा ता क ठ जो र रा म ला ला ढुं गे ल की छो रि र न कु मा री का सा थ वी वा हा भ य छ १९५२ सा ल मा गे मै ना मा मे रा जे ठा दा जु ध र्म द त्त को ज न्म भ य छ ॥ त्या हाँ स म वे सै र हे छ ॥ १९५६ सा ल जे ष्ट १४ ग त बे लु का अ ण्डा जि ३ । ४ ब जे को स म य मा दै वि प री घ र मा व ज्र ला गि घ र ज लि सु मा ने भ न्य क मा रा र भ्यां टि भ न्ये क मा री म रे ॥ अ रु घ र भि त्र ब से का मे रा ह जु र्आ मा आ मा दा जु स्मे त्मु छो प रे स्व दे खि वा वा ले म दे खि दै व कु पि त हु नु भ य छ - स्व का रं भ यो मा ल अ न्न स्मे त के हि प नी न भ्कि क वा म्ह ण ले वे द पा ठ ग रि दी नु ह व स र ४ व टा गा दू प नी दा न ग रि दी न्छु भ नी स बै ची ज स्वा हा ग री यो ॥ ते स प छि हा ल व्र त मा न घ र मा आ ई ब से ॥ स्व ठा उ मा स वै हो म ग रि यो ॥ ६ । ७ मै ना आ गो नि भे न ॥ स्व घ डे रि मा अ ज स्म प नी के ही मा ल भे टि दै छ ॥ ते स प छि दुः ख को आ रं भ भ यो : दु ख व ड दै ग यो ॥ मा ई ला वा १९६६ सा ल मा छु टि नु भो - ह जु र्आ मा ला इ फ का उ नु भ य छ र उ तै ब स्ने हु नु भ य छ ॥ १ । ६ व र्ष प छि वै रो दे नी का ली वा हां को मा ल स्र न् चा दी जो भ य को पै सा हा त ला ई स के प छी ॥ सा सू बु हा रि को व म नु से मै मि ल न न स की : वा वा सं गै आ इ व स्नु भ यो । त र र हे को ज्यू नी भ न्य मा ई ला वा सं गै र हृयो ॥ ते स प छी ७१ सा ल मा का हि ला वा भि न्न र ह नु भ यो ॥ ते स प छी को ख ब र मा थि ले षि य को छ ।

अ व मे रा वा वा ह रु को ज न्म

वा जे प्र पि ता ॥ दे उ स र्भ श र्मा को ज न्म १८५४ को म र ण १९२० सा ल फ ल गु ण मा सो र्ग

पि ता म हः ल क्ष्मी वे ला स श र्मा १८९० को ज न्म १९४५ साल फा ल गु ण श्रु दी पा प ञ्च मी को म र न -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पि ता म नो र थ श र्मा १९१५ सा ल जे ष्ठ ९ ग ते को ज न्म २००१ सा ल मा घ शु दी १० दस मी फा ल गु ण ३ ग ते को म र न् -

मा हि ला वा न न्द ला ल श र्म को १९२४ को ज न्म १९८१ सा आ षा र को म र न् -

सा हि ला वा अ मृ त सर्म को १९२९ सा ल को ज न म् १९४८ सा ल चै त्र शु दी ६ ष ष्टी का म र न् -

का हि ला वा १९३४ सा ल को ज न म १९९८ सा ल भा द्र मै ना को ज न म प श्चिं रि डी घा ट मा गै व स् नु भो म रे जि ग को था हा छै न -

दा जु ध र्म द त्त श र्मा १९५२ सा ल मा ग मै ना को ज न्म २००२ सा ल आ सा र को म र न् -

सिग्देलको निधन- एक ठूलो क्षति

-राधेश्याम भट्टराई

सकल भए अपशोचले विहाल

फूलपातीको दिन । हामी हर्ष बढाइँमा थियौं-काठमाडौं र नेपालका कुनाकाप्चामा । उता काशीमा एउटा बहुमुखी प्रतिभाको आत्मा छट्पटाइरहेको थियो । धर्तीमातासँग विदा माग्दै थियो । रातको ९.३० वजे उसले चोला फेर्‍यो रे । अब उसलाई हामीले देख्न पाउने भएनौं । सेतो मयलपोस- सुरुवाल, पटुका र टोपी लगाएको त्यो चिटिक्क परेको छरितो रूप अव हाम्रा अगाडि आकलभुकल पनि देखा पर्ने भएन । सर्वतोमुखी व्यक्तिको अस्त भयो । त्यस प्रतिभाको नाउँ थियो- पण्डितराज सोमनाथ सिग्देल ।

पण्डितराज सोमनाथ सिग्देल त्यस विभूतिको नाउँ थियो- जो संस्कृतको क्षेत्रमा संसारमै अद्वितीय गनिन्थ्यो । ऊ त्यो गौरवशाली पुरुष थियो-जसको टक्करमा आउन सक्ने मान्छे संसारमा शायदै पाइएला । अनि ऊ त्यो दुइटै आँखा खोलिएको व्यक्तित्व थियो- जो नेपाली र संस्कृत-संसारमा अव कतै देखा पर्ला ।

८८ वर्षमा काँचुली फेरेका पण्डितराजज्यू नेपाली र संस्कृत-साहित्य रूपी गगनमण्डलमा एउटा रिक्तताको लहर छाउन पुग्नु भएको छ । संस्कृतका उद्भट विद्वान् पद्मप्रसाद भट्टराइज्यूलाई पछाडि राख्दै आफैं प्रतिभाका अग्रदूत वन्न पुग्नु भएको छ । यद्यपि न्याय शास्त्रका धुरन्धर र अद्वितीय विद्वान् भट्टराईज्यू जीवितै हुनुहुन्छ तापनि दीर्घ-रुग्णशय्यामा पर्नु भएकोले गुरु सिग्देलज्यूको जीवनकालमैं दैवद्वारा ठगिई शिक्षा दिन असमर्थ हुनु भयो । उहाँ रोग शय्यामा हुनुहुन्छ तापनि पढाउने इच्छा राख्तै हुनुहुन्छ । दर्शन गर्न गएका हामीसँग गुरु भन्नु हुन्थ्यो म नङ्गाको देशको धोवी हुँ । किन ? यस प्रश्नले तुरुन्तै उत्तर पायो - नङ्गा (लुगा नलगाउने) को देशमा धोवीको के काम । उसले कसको लुगा धोओस् ? मैले पढेको के काम ? मसँग कोही पढ्न आउँदैनन् । यसैले । हामीले फेरि सोध्यौं- गुरु । हजुर ज्यादै अस्वस्थ हुनाले पढाउँदा तकलीफ हुन्छ । यस्तो अवस्थामा कसरी पढ्न आउने ? तर, तर ओजस्वी व्यक्तित्व, रोगले डल्याए पनि धपक्क बलेको शिर, डरलाग्दो हेराइ साथ झर्को स्वरमा भन्नु भयो- मैले पढ्नु पर्छ र ? मलाई केको दुःख ? पढिसकेको कुरा खुरुखुरु भनिदिन्छु, तर को पढ्छ ? कसलाई पढाऊँ मैले बाँच्नु व्यर्थ छ । त्यो हिम्मत, त्यो साहस देखेर हामी अवाक भयौं । तत्कालै गुरुलाई मूर्च्छा भयो । हामीले टाउको र गोडा सुम्सुम्यायौं । केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षणमा मूर्च्छा छुट्यो हामी पनि विदा भयौं । यो जिउँदो प्रतिभाको ज्ञान-समुद्रमा चेलाहरूले त्यति पौडी खेल्न पाएनन् जति सिग्देलज्यूकोमा पाएका थिए ।

सिग्देलज्यूको प्रतिभा सूर्यको किरण जस्तै सर्वत्र छरिएको थियो । आचार्य र काव्यतीर्थजस्ता कागजी प्रमाणपत्र त व्यक्तित्व-विकासका प्रेरणा स्रोतमात्र थिए, उहाँको सर्वतोमुखी विद्वत्ताले यही सिद्ध गरिदियो । जसरी अध्ययन, अध्यापनमा दत्तचित हुनुहुन्थ्यो त्यसरी नै संस्कृत र नेपाली - साहित्यको सेवामा पनि कार्यरत हुनुहुन्थ्यो । शिक्षण संस्थानै उहाँको मुख्य कार्य क्षेत्र हो । उहाँको सम्पूर्ण जीवन अध्ययन, अध्यापन र लेखन कार्यमैं व्यतीत भएको कुरा कोट्याउँ-

पण्डितराजज्यू प्रारम्भिक अवस्थामा संस्कृतप्रधानपाठशालामा भर्ना हुनु भयो र सं. १९७० देखि २००८ सालसम्म हेड पण्डित (प्रधानाध्यापक) हुनुभयो । झण्डै चार दशकको प्रधानाध्यापकत्वपछि राजकीय संस्कृत महाविद्यालय (अहिलेको वाल्मीकि सं.म.वि.) खुल्दा (२००९ सालमा) उहाँ नै प्रधानाचार्य पदमा आसीन हुनुभयो । २०१४ सालसम्म प्राचार्यको आसनलाई अलंकृत गराउने सिग्देलज्यूले लगभग ४ पुस्ताका छात्रहरूलाई शास्त्री- आचार्य (विभिन्न विषयमा) उत्तीर्ण गराउनु भयो होला । आफूले संकलन गरेका पुस्तकहरू बासंमवि पुस्तकालयलाई विनामूल्य समर्पण गर्नु भएको थियो । पण्डितराजज्यू स्वयं ज्ञानको अनुपम भण्डार हुनुहुन्थ्यो । उहाँको ज्ञान- गरिमाको प्रशंसा भारतका मूर्धन्य विद्वान् पण्डितराज राजेश्वर द्रविड आदिले मुक्तकण्ठले गर्नु भएको छ । उहाँले पाएको प्रशंसा नेपालीको प्रशंसा थियो , उहाँले पाएको गौरव नेपालीको गौरव थियो, र उहाँले गरेको सेवा नेपाली भाषाको सेवा थियो । आज पनि छात्रहरूको हृदयमा उहाँ बस्न सक्नाको कारण छात्रले दिन्छन् - सरल र सुबोध शैलीको अध्यापननै श्रद्धा, आस्था र ममताको हेतु हो ।

उहाँ अध्ययन, अध्यापन कलामा मात्र निपुण नभएर लेखनकलामा पनि त्यस्तै परिपोख्त हुनुहुन्थ्यो - संस्कृत र नेपाली दुवै भाषामा । साहित्यका सम्पूर्ण विधाको छोटो चिनारी मात्रै दिन खोजे पनि लेख विशाल हुन्छ । मैले यहाँ देन वारे लेख्ने ह्याउ गरेको हैन, संकेतमात्र दिन खोजेको छु ।

सं.१९६३ सालमा सुन्दरी मासिक पत्रिकाको संस्थापक संपादक वन्दा नै **प्रसादचिन्हानि पुरः फलानि** देखिनथाल्यो । **सूक्ति-सिन्धु** (सं.१९७४)मा आएर नपत्याईंदो क्रान्तिकारी देखिनुभयो । राजगुरु हेमराजको सान्निध्यले त नेपाली - भाषामा **लघु चन्द्रिका, मध्य-चन्द्रिका** जस्ता व्याकरणको जन्म दियो । पछि खारिएको मस्तिष्कबाट आदर्शराघव महाकाव्यको जुन सिर्जना भयो त्यो उहाँको विद्वत्ताको पक्का छाप बनेर नेपाली साहित्यको बगैंचामा फक्रियो । साहित्य-प्रदीप परिपक्व नेपाली-लक्षण ग्रन्थको इतिहासमा सर्वप्रथम आफ्नो नाउँ दर्ता गराउन सफल भयो । यस्तै संस्कृतका ग्रन्थमध्ये **प्रतिसंस्कृता सिद्धान्तकौमुदी** उहाँको अमर रचना लिनसकिन्छ ।

सिग्देलज्यूको प्रौढ पाण्डित्य, विद्वत्ता र साहित्यिकताको कदर गरी राष्ट्रनायक स्व. श्री ५ महेन्द्रबाट २०१४ सालमा एकेडेमीको सदस्यमा मनोनीत र २०१६ सालमा **पण्डितराज** को उपाधिले विभूषित गरिबक्स्यो । यसको अलवा पण्डितराजज्यूले गोरखा दक्षिण बाहु र दीर्घसेवा पट्ट पनि पाउनु भएको थियो । उहाँ रा.प्र.प्र.को आजीवन सदस्य हुनुहुन्थ्यो । २०२४ सालमा त्रिभुवन-पुरस्कारले सम्मानित गरिनु भएका सिग्देलज्यू एउटा सामाजिक कार्यकर्ता पनि हुनुहुन्थ्यो भन्ने कुरा संस्कृत-शिक्षा **प्रसारिणी नारीविद्यापीठ**को स्थापनाबाट स्पष्ट हुन्छ । उहाँ यी दुवैको अध्यक्ष र **नेपाली दार्शनिक-संघ**को सभापति पनि हुनुहुन्थ्यो ।

उहाँको लगनशीलता ८६ वर्षे अवस्थासम्मको स्वाध्याय (लेखन कार्य बढी) ले छर्लङ्याउँछ । उहाँ लेखी रहनु हुन्थ्यो । जीवनमा एक क्षण पनि वेफ्वाकमा खर्चिनु हुन्नथ्यो । काशीमा अन्तिम र महान् यात्रा·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राधेश्याम भट्टराईको हाँगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने दिनसम्म नित्यकर्म गर्दै हुनुहुन्थ्यो रे । नेपाल छोडेको २० दिनका दिन उहाँको स्वर्गारोहण भएछ । सूर्यविक्रम ज्ञवालीका अनुसार १०४ डिग्री जरोसम्म पाठ-पूजा छाड्नु हुन्नथ्यो ।

कार्तिक ६ गते वासंमविको आयोजनामा काठमाडौंमा शोक-सभा भयो । २५ जना विद्वान् र वरिष्ट साहित्यकारहरूले श्रद्धान्जलि अर्पण गरे । सबैले कुनै न कुनै रूपमा आफूलाई सोमनाथको शिष्य-प्रशिष्यको रूपमा चिनाए, अनुगृहीत तुल्याए । समज्यूको शब्दमा उहाँ एउटा पुस्तकालय हुनुहुन्थ्यो । जसले जतिबेला जुनसुकै विषयमा जे सोध्न गए पनि पटापट बताइदिनु हुन्थ्यो । पुस्तक पल्टाउने जरुरत थिएन । हेमराज गुरुज्यूको पुस्तकालयको एउटै यस्तो पुस्तक थिएन, जसमा सोमनाथको गहिरो दृष्टि नपरेको होस् । उहाँले दिएको शिक्षा दिने विद्वान् अब नेपालमा कोही छैनन् । समज्यूको भनाइ तथ्य र मननीय छ । साँच्चि दर्शन, साहित्य, व्याकरण, धर्म-संस्कृति, सभ्यता बारे अव हाम्रो चित्त बुझाउन सक्नै विद्वान्को सर्वथा अभावै छ ।

नेपाली व्याकरण, साहित्य, दर्शन र संस्कृत-भाषाप्रति सिग्देलज्यूको देन अवर्णनीय छ, तर हामी आज उहाँबाट छुट्टिएका छौं, विधिले छुट्यायो, तर पूरा अंश (भाग) दिएन । उहाँको आधामात्रै ज्ञान कसैले लिन सकेको भए भाषा र साहित्यलाई नियास्रो लाग्ने थिएन । यसैले सिग्देलको व्यक्तित्व सर्वोच्च ठहरियो । उहाँले अनवरत रूपमा ५० वर्षजति संस्कृत र नेपाली भाषामा जीवन अर्पिनु भयो । अन्तमा दिवंगत आत्माको शान्तिको लागि दुई थोपा आँसुको श्रद्धान्जली बाहेक अरू के पो गुरुभेटीका रूपमा चढाउन सक्छु र !

यहाँ आफूलाई लागेको एउटा तुच्छ विचार भनौं गर्भबाटै मान्छेले मृत्युको टिकट काटेको हुन्छ । जन्मेर मर्नु नौलो कुरा होइन । जन्मेका सोमनाथ मरेर के विराए ? बरु उनले समाजलाई ऋण लगाएका छन् । हामी र नेपाली साहित्य ऋणी छौं । त्यो ऋण कसरी तिर्ने एउटा लेख लेखेर ? दुई थोपा आँसु चुहाएर कि एक मिनेट मौन बसेर ? यी कुनैबाट पनि सम्भव छैन । यो त औपचारिकता हो, सामाजिक अवगाल पखाल्ने एउटा साधन हो । यतिले हामी मुक्त हुँदैनौ । सोमनाथले तमसूक च्यातिदिँदैनन् । हो, जीवन कालमा सोमनाथले एउटा विद्वान् र एउटा उच्च-साहित्यकारले पाउनु पर्ने सम्मान पाएका थिए, उनको प्रतिष्ठा थियो । उनकै कानले आफ्नो वृत्तचित्र वन्न लागेको खवर पनि सुने क्यारे । अव अशरीरी सोमनाथको आदर कसरी हुन्छ ? हामी कसरी ऋण-मुक्त हुन्छौं ? यसको उत्तर तलका कुराबाट पाइन्छ ।

१. सोमनाथका अप्रकाशित कृतिहरू खोजमेल गरी यथाशीघ्र प्रकाशित गराउनु , र

२. सोमनाथको शालिक अहिले बनिसक्न लागेको वाल्मीकि संस्कृत महाविद्यालयमा राख्नु । झण्डै ५० वर्षजति संस्कृतक्षेत्रले उहाँको अविस्मरणीय सेवा पाएको छ ।

यही हाम्रो कर्तव्य हो । यति गरेका खण्डमा हामी उनको ऋणबाट छुटकारा पाउँछौं, दिवंगत आत्माले चिरशान्ति पाउँछ । अहिले पण्डितराजज्यूको आश्रम यतै होला कि ?

वटुक वटुलिएमा वेदको साम-नाद,
ऋषि मुनि भरिएमा चल्छ अध्यात्मवाद ।
अरु समय निराला शून्य एकान्त कान्त,
अति सुखद थियो त्यो आश्रम-स्थान शान्त ॥ **(आदर्श राघव)**

अथवा
एकान्तमा छन् विरलाकुटी कुटी,
चौतर्फ छन् घाँस सरी जरी बुटी
गर्छन् कहीं साम-लता कुटीकुटी,
वेद-ध्वनि ब्राह्मण यज्ञमा जुटी **(आदर्श राघव)**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र विद्याभूषण पदकका सम्बन्धमा

राधेश्याम भट्टराई

स्व. श्री ५ महेन्द्र सरकारबाट विद्याको कदर गरिबक्सी देशका विद्वान्- विदुषीहरूको सम्मानार्थ **महेन्द्र-विद्याभूषण** पदकको व्यवस्था गरिबक्सेको हो । शुरुशुरुमा एम.ए. वा सो सरहका परीक्षामा प्रथम श्रेणी गर्ने र पीएच. डी.सो सरह वा सोभन्दा माथिल्लो उपाधि प्राप्त व्यक्तिहरूलाई उक्त विभूषणद्वारा विभूषित गरिँदै आएको थियो भने **महेन्द्र विद्याभूषण** सम्बन्धी नियममा केही हेरफेर भएपछि एम.ए. वा सो सरहका परीक्षामा भने विषयगत दृष्टिकोण अपनाई विषयैपिच्छे प्रथम श्रेणीमा प्रथम हुने एक जनालाई मात्र उक्त पदकको अधिकारी तुल्याइएको कुरा सर्वविदितै छ । संशोधित नियम अनुसार विभिन्न विषयमा प्रथम श्रेणीमा प्रथम हुने व्यक्तिहरू सालन्नै **महेन्द्र- विद्याभूषण** पदकद्वारा अलंकृत भैरहेको कुरा पनि कसैबाट छिपेको छैन, तर खेदको कुरा छ - आचार्य परीक्षालाई यस अधिकारबाट वन्चित गरिएको छ । यसको प्रमाणका लागि म र मजस्तै ठगिएका उमेदवारहरूनै पर्याप्त हुने छन् । श्रीमान्, त्रिभुवन विश्वविद्यालयद्वारा सन् १९७५ मा संचालित **इतिहास-पुराण** विषयको आचार्य परीक्षामा आफू प्रथम श्रेणीमा प्रथम भई उत्तीर्ण भएको नाताले गत वर्ष शि.मं. उच्च शिक्षा शाखाको सूचना अनुसार चाहिनेजति प्रमाणित प्रमाणपत्रहरूका प्रतिलिपि संलग्न गरी मैले पनि **महेन्द्र-विद्याभूषण** पदकका लागि आवेदन पत्र दिएको थिएँ तर दुर्भाग्यवश त्यो पदक लिने सौभाग्य मिलेन । आफूले नपाउने निस्तूक भएपछि उच्च शिक्षा शाखाका सम्वन्धित अधिकारीज्यूहरूसँग कारण बुझ्न जाँदा पाएका तर्कात्मक उत्तर र तिनीहरूको भ्रम निराकरण गर्ने धृष्टता गर्दछु ।

(१) आचार्य एउटा विषय भएकाले त्यस विषयमा सर्वप्रथम हुने एक जनाले मात्र पाउने ।

(२) एउटै संस्कृत अध्ययन संस्थानसँग सम्बन्धित संस्कृत विषय भएकोले अध्ययन संस्थान भरीमा एक जनाले मात्र पाउने ।

(३) त्रि.वि.वि.ले पनि आचार्यको परीक्षाफल प्रकाशित गर्दा एक जनालाई मात्र सर्वप्रथम घोषित गर्ने गर्छ । अत: आचार्य परीक्षाभरीमा एक जनाले मात्र पाउने ।

(४) गत सालहरूको रेकर्डमा पनि संस्कृततर्फ एक जनाले मात्र पाएको देखिने हुनाले संस्कृततर्फ एक जनाले मात्र पाउने ।

भ्रम-निराकरण

(१) पहिलो तर्क छ - आचार्य एउटा विषय हो भन्ने, तर यो सोचाइ भ्रमपूर्ण छ । आचार्य कुनै विषयको नाउँ होइन । आचार्य भन्ने एउटा नाउँ हो एम.ए. भनेजस्तै । एम.ए. डिग्री अथवा उपाधि भएजस्तै आचार्य पनि डिग्री वा उपाधिनै हो । भनौं-स्नातकोत्तर उपाधि (माष्टरडिग्री) । एम.ए. उपाधिको नाउँ हो र यसमा नेपाली, संस्कृत, संस्कृति इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, अङ्ग्रेजी, आदि विभिन्न विषयहरू भएजस्तै आचार्य पनि उपाधिको नाउँ हो र यसमा पनि साहित्य, न्याय, व्याकरण, इतिहास-पुराण, ज्योतिष, वेद, धर्मशास्त्र, वेदान्त, मीमांसा, सर्वदर्शन, प्राचीनन्यायजस्ता स्वतन्त्र अस्तित्व राख्ने विभिन्न विषयहरू रहेका छन् । यसबाट बुझिन्छ - एम.ए. र आचार्य भन्ने दुवै समानस्तरका उपाधि हुन् विषय होइनन् । यी दुइ त हरेक विषयको पछाडि जोडिन जान्छन् जस्तै- नेपाली एम.ए., अङ्ग्रेजी एम.ए तथा साहित्याचार्य, न्यायाचार्य, । यसैले नेपाली आदि विभिन्न विषयका एम.ए परीक्षामा प्रथम श्रेणीमा प्रथम हुने व्यक्तिहरूलाई जस्तै साहित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राधेश्याम भट्टराई

जन्म : वि.सं. २००६ आषाढ १९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि विभिन्न विषयका आचार्य परीक्षामा प्रथम श्रेणीमा प्रथम हुने व्यक्तिहरूलाई पनि **महेन्द्र विद्याभूषण पदक** पाउने अधिकारबाट वञ्चित गर्न सकिंदैन । सबैको लिने अधिकार समान छ । यदि आचार्य एउटा विषय हो भने एम.ए पनि एउटा विषय नै किन हुन सक्तैन ? आचार्यभरीमा सर्वप्रथम हुने एक जना मात्र पदकको अधिकारी हुनु पर्ने हो, तर यसो भएको देखिंदैन । यस अवस्थामा एघार विषय भएको आचार्य-उपाधिमाथि सरासर पक्षपात भएको भन्न सकिंदैन र ? किनभने **महेन्द्र विद्याभूषण पदकसम्बन्धी** नियम स्पष्ट छ । त्यहाँ भेदभावको कुरा छैन । **प्रत्येक विषयमा प्रथम श्रेणीमा प्रथम भएकालाई मात्र दिइनेछ** भन्ने नियमको स्पष्टता र शुद्धता माथि नै अन्याय भएको प्रतीत हुन्छ- आचार्यका विभिन्न विषयहरूलाई घोक्रेछुत्ती लाईदिंदा । तसर्थ नियम अनुसार एम.ए. मा हरेक विषयले पाएजस्तै आचार्यमा पनि प्रत्येक विषयले पाउने समान अधिकार छ ।

(२) दोस्रो तर्क पनि त्यसै लडखडाउँछ । हो, आचार्य परीक्षाका सम्पूर्ण विषयहरू एउटै संस्कृत अध्ययन संस्थानसँग सम्वन्धित छन् , तर एउटै अध्ययन संस्थानसँग सम्बन्धित भएकाले दिन मिल्दैन भनेर एघार-एघार विषयको उपेक्षा गरिन्छ भने कसैले मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थानको नाउँ काढ्यो भने के भन्ने ? किनकि संस्कृत अध्ययनसंस्थान अन्तर्गत विभिन्न विषयहरू भएजस्तै मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थानभित्र पनि नेपाली, संस्कृत, राजनीति शास्त्र, अर्थशास्त्र, इतिहास, अङ्ग्रेजी आदि विभिन्न विषहरू पर्दछन् , तर एउटै संस्थानभित्र परेर पनि यी विषयहरूमा प्रथम श्रेणीमा प्रथम हुने प्रत्येक व्यक्तिले पदक पाइरहेको छ । यसरी एकातिर एउटै अध्ययन संस्थान अन्तर्गत परेपनि मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थानका प्रत्येक विषयले पाउने र एउटै अध्ययन संस्थानभित्र परेको नाताले अर्कातिर संस्कृत अध्ययन संस्थानमा चाहिं सम्पूर्ण विषयहरूमा सर्वप्रथम हुने एक जनाले मात्र पाउने कुरालाई कुनै तर्क र विवेकका भरमा न्यायिक मान्न सकिन्छ ? एउटा अध्ययन संस्थानभित्रका सम्पूर्ण विषयहरूमा बढी नम्बर ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण हुनेले मात्र पदक पाउने हो भने मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थानतर्फ पनि त्यस्तै एक जनाले मात्र पाउनु पर्ने हो , तर त्यसो भएको पनि छैन । यसैले यो नभएको नियम आचार्य तर्फमात्र खन्याउनु औचित्यभन्दा बाहिर पर्छ । वास्तवमा संस्कृत पनि एउटा भाषा हो विषय होइन । एम.ए. मा भने संस्कृत छुट्टै विषयका रूपमा विद्यमान छ । जसरी नेपाली, अङ्ग्रेजी आदि विद्यमान छन् । विषयका दृष्टिले हेर्दा यस संस्कृत अध्ययन संस्थानमा निराकरण नं. १ मा दिएका एघार विषयहरू पर्दछन् । यी प्रत्येक विषयहरू आफ्नु छुट्टै अस्तित्व राखेर बाँचेका छन् । आचार्य परीक्षामा एउटा विषयको पाठ्यक्रमसँग अर्को विषयको कुनै सम्बन्ध छैन । जसरी नेपालीमा एम.ए., अङ्ग्रेजीमा एम.ए. आदि विभिन्न विषयका एम.ए.को एक अर्कोसँग कुनै नाता छैन । त्यसैगरी साहित्यमा आचार्य, व्याकरणमा आचार्य आदि विभिन्न विषयका आचार्यहरूको पनि एक अर्कासँग कुनै सम्बन्ध जोडिदैंन । यसरी विषय र सिलेवसका हिसाबले आचार्यका विभिन्न विषयहरू पनि एम.ए.का विभिन्न विषयहरू जस्तै मौलिक, स्वतन्त्र र अलग अस्तित्व भएका छन् भन्ने प्रमाणित हुन्छ , भइरहेको छ ।

(३) त्रि.वि.वि. ले आचार्यको नतिजा प्रकाशित गर्दा एक जनालाई सर्वप्रथम गराउँछ र त्यही व्यक्ति मात्र **महेन्द्र विद्याभूषण** को अधिकारी हुन्छ भन्ने नियम छ न कि आचार्य परीक्षाभरीमा सर्वप्रथम हुनेलाई आचार्य परीक्षामा सर्वप्रथम हुने व्यक्ति पनि कुनै विषय लिएर सामेल भएको हुन्छ । अतः स्वतः पदकको हकदार भइहाल्छ । अर्को कुरा त्रि.वि.वि.ले आचार्य परीक्षामा एक जनालाई सर्वप्रथम घोषित गरेर **महेन्द्र विद्याभूषण** को अधिकारी तोकेको भन्ने धारणा सर्वथा गलत हो । किनभने आचार्य विभागमा **सरदार सोमप्रसाद पदक** भन्ने एउटा पदक राखिएको छ । त्यो पदक प्रत्येक साल आचार्य परीक्षाका सम्पूर्ण विषयहरूमा सबभन्दा बढी अंक ल्याउने परीक्षार्थीलाई प्रदान गरिन्छ । त्यसैले सरदार सोमप्रसाद पदकको हकदार छुटयाउन त्रि.वि.वि. ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबभन्दा बढी अंक प्राप्त गर्ने व्यक्तिलाई सर्वप्रथम गराउने गरेको हो । त्रि.वि.वि.ले माष्टर डिग्रीका सम्पूर्ण विषयहरूमा सबभन्दा सर्वप्रथम गराउने गरेको हो । त्रि.वि.वि. ले माष्टर डिग्रीका सम्पूर्ण विषयहरूमा सबभन्दा बढी अंक प्राप्त गर्ने परीक्षार्थीलाई प्रकाशमा ल्यायो भन्दैमा **महेन्द्र विद्याभूषण** पाउने व्यक्ति चिनाइ दियो भन्न मिल्ने कुरा होइन । हो, त्यस व्यक्तिले पदक अवश्य पाउँछ तर त्रि.वि.वि.को उद्देश्य भने **चान्सलर पदक** पाउने व्यक्तिको छनौट गर्नेमा नै सीमित छ । आचार्य परीक्षा मध्येको सर्वप्रथममा पनि यिनै कुराहरू लागू हुनेछन् ।

(४) गत सालहरूको रेकर्डमा संस्कृतर्फबाट एक जनाले मात्र लिएको देखिएकाले दिन मिल्दैन भन्ने पनि कुनै बलियो तर्क होइन । यसमा पहिलो कुरा-कुनै पनि रेकर्ड नियम बन्न सक्तैन । रेकर्डले आए भएको कुरा मात्र देखाउन सक्छ , तर नियम त्योभन्दा धेरै व्यापक हुन्छ । नियमभित्र अनेकौं सम्भावित कुराहरू पनि समेटिएका हुन्छन् ।

दोस्रो कुरा- आचार्य एउटा विषय हो, एउटै अध्ययन संस्थानको हो र त्रि.वि.वि.ले एक जनालाई मात्र सर्वप्रथम घोषित गर्छ भनी सम्बन्धित क्षेत्रबाटै अधिकारबाट सरासर मुन्ट्याइन्छ भने एक वर्षे रेकर्डमा एकभन्दा बढी व्यक्ति खोजिपस्नु हास्यास्पद कुरा मात्र हुनेछ ।

तेस्रो कुरा-गत सालको रेकर्डमा जे छ त्यसै अनुरूप गर्नुपर्छ, हुन पर्छ भनी रेकर्डलाई नै नियम बनाउन खोज्नु अझ आश्चर्यजनक कुरा हो । किनभने कुनै वर्ष माष्टर डिग्री भरीमा सर्वप्रथम भएर वि.वि बाट **चान्सलर पदक** लिएको व्यक्तिले पनि **महेन्द्र विद्याभूषण पदक** लिएन लिएको रेकर्ड देखिएन भन्दैमा अर्को वर्षको **चान्सर विजेतालाई** पोहोरको रेकर्डमा **चान्सलर पदक** पाउनेले दिएको देखिदैंन भनी रकेर्डका आधारमा के त्यस्तो उम्मेदवारलाई हटाउन सकिन्छ ? फेरि **महेन्द्र विद्याभूषण पदक** लिनु अनिवार्यता छैन । स्वेच्छाले चाहनेले मात्र यसवाट विभूषित हुन्छन् । कसैले कुनै वर्ष नलिएको कुरालाई नै कारण बनाई उत्तरवर्ती उम्मेदवारहरूलाई विमुख तुल्याउनु युक्ति र न्यायसंगत हुन्छ भनेर को मुख बाउन सक्ला ?

यी माथिका कुराबाट के निर्यौल निक्लन्छ भने एम.ए. उपाधिका विभिन्न विषयहरू जस्तै- आचार्य उपाधिका विभिन्न विषयहरू पनि आफ्नु विषयमा प्रथम श्रेणीमा प्रथम भएका खण्डमा **महेन्द्र विद्याभूषण पदक**का अधिकारीनै बन्छन् । तसर्थ नियमले दिएको अधिकारबाट बन्चित हुनु नपरोस्, आचार्य परीक्षाका सबै विषयलाई पनि **महेन्द्र विद्याभूषण पदक** लिने सौभाग्य प्रदान गरियोस् भनी श्रीमान् समक्ष विनम्र अनुरोध गर्दछु । श्रीमान्को जो आज्ञा ।

निवेदक
राधेश्याम भट्टराई
(राधेश्याम भट्टराई)

महेन्द्र विद्याभूषणको नियम स्पष्टव्याख्याका निम्ति राधेश्याम भट्टराईले दिएको निवेदनउपर शिक्षा मन्त्रालयबाट आवश्यक कार्यवाही टुङ्गो लागेपछि उनले पाएको महेन्द्र विद्याभूषण पदकको छुट्टै प्रमाणपत्र पनि प्रस्तुत गरिएको छ ।

महेन्द्र विद्याभूषण पदकका समबन्धमा उचित कार्यवाही होस् भनी निवेदन दिएका स्थानहरू
(क्रमैसँग)

१. रजिष्ट्रार- त्रिभुवन विश्वविद्यालय, मिति: २०३४ असार २० गते, दर्ता नम्बर १६८७९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. सहायक डीन- संस्कृत अध्ययन संस्थान (वाल्मीकि विद्यापीठ) मिति : २०३४ असार २१ गते दर्ता नम्बर १६०३

३. शिक्षाराज्यमन्त्री-पशुपति शमशेर जङ्गबहादुर राणा, मिति : २०३४ असार २६ गते

४. डीन- संस्कृत अध्ययन संस्थन, दाङ्ग, मितिः २०३४ साउन महिनामा पठाएको ।

१. महेन्द्र विद्याभूषण पदकको वितरण वि.सं. २०१७ साल फागुन ७ गतेदेखि प्रारम्भ भएको देखिन्छ । २०३० सालसम्म हरेक विषयमा प्रथम श्रेणी ल्याउनेजति सबैले महेन्द्र विद्याभूषण पदक पाउँथे । २०३१ सालमा नियममा संशोधन भई स्नातक तहको हरेक विषयमा प्रथम श्रेणीमा प्रथम हुनेलाई मात्र दिने व्यवस्था भयो । संस्कृत क्षेत्र (नेपाल) मा जम्मा एघार विषयको पठनपाठन हुन्छ । तीमध्ये-वेद, व्याकरण, न्याय, ज्यौतिष, साहित्य, वेदान्त, प्राचीन न्याय, सर्वदर्शन, मीमांस, पुराणइतिहास र धर्मशास्त्र हुन् । २०३१ सालमा इतिहासपुराण विषयमा प्रथम श्रेणीमा प्रथम भएबापत राधेश्याम भट्टराईले महेन्द्र विद्याभूषण पदक पाउनु पर्नेमा २०३० सालमा संशोधित नियमको स्पष्ट व्याख्या नभएर हो अथवा गर्न नजानेर हो उनी सो पदकबाट विमुख रहेका थिए । २ वर्षजति त कार्यवाही चलाउनै लाग्यो । राधेश्याम भट्टराई- संस्कृतका एघारैओटा विषयमा प्रथम श्रेणीमा प्रथम हुनेले महेन्द्र विद्याभूषण पाउनु पर्छ भनेर लड्ने एक मात्र व्यक्ति हुन पुगे । यस कार्यमा संस्कृत अध्ययन संस्थानका त्यस बेलाका पदाधिकारीलेसमेत चासो देखाएर राधेश्यामलाई सहयोग गरेका थिएनन् । पछि उनको निवेदनमा कार्यवाही हुँदा - संस्कृतका सबै विषयमा प्रथम श्रेणीमा प्रथम हुनेले महेन्द्र विद्याभूषण पदक पाउने भन्ने कुराको टुङ्गो लाग्यो । यसरी २०३० सालमा संशोधित निर्णयको स्पष्ट व्याख्या भएपछि इतिहासपुराण विषयमा प्रथम श्रेणीमा प्रथम भएबापत २०३४ सालमैं पाउनु पर्ने महेन्द्र विद्याभूषण पदक राधेश्याम भट्टराईले २०३७ सालमा पाए । यस कार्यमा उनी एक्लैले लडेर सफलता पाए । यो वास्तवमा राधेश्याम भट्टराईको मात्र सफलता होइन, संस्कृत जगतकै विजय हो ।

बाल प्रतिभा

भोलिका गहना: अलका र सागर

-राधेश्याम भट्टराई

काठमाडौंमा सम्पन्न भएको विश्व हिन्दू महासम्मेलका आकर्षणहरूमा बाल-बालिकाहरू पनि पर्छन् । कपिलवस्तु आर्य बिहार आनन्द वागवी ११ वर्षीया विदुषी बालिका अलका आत्रेयले मातृसम्मेलन मा संस्कृत भाषामा बोल्दै यस्तो प्रकारको महासम्मेलनमा संस्कृत-भाषा मात्र प्रयोग गर्नुपर्छ किनभने हिन्दूभाषा संस्कृत हो, अरू कुनै भाषा हिन्दूको भाषा हुन सक्तैन भन्ने प्रस्तावसमेत राखेर सहभागीहरूका बीच जिज्ञासाकी पात्र बनिन् भने बिजौरी दाङका ६ वर्षीय बालक सागरमणि पोखरेलले अन्तराष्ट्रिय संस्कृत सम्मेलन मा संस्कृत भाषामा सारगर्भित प्रवचन दिएर आफूलाई चर्चाको केन्द्र तुल्याएका थिए । यस टिपोटमा बाल विदुषी अलका र प्रत्युत्पन्नमतिको बालक सागरलाई चिनाउने प्रयास गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत भाषामा व्याख्यान दिएर मात्र अलकाको चर्चा भएको हैन । भाषाकै कुरा गर्ने हो भने उनी संस्कृत, अङ्ग्रेजी, नेपाली र हिन्दी यी चार भाषामा निपुण छिन् । उनलाई बहुचर्चित बनाउने कारक तत्त्व हो एघार वर्षको कलिलै उमेरमा शास्त्री र बी.ए.मा पढ्ने बालिका अलकाको विद्वत्तापूर्ण प्रवचन ।

बाल विदुषी अलका आत्रेयले ७ वर्षको उमेरमा भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीलाई भेटेर संस्कृतमा कुरा गर्दै पूर्वमध्यमा परीक्षा दिने आफ्नो उत्कट इच्छा प्रकट गरेपछि श्रीमती गान्धीको उत्तर थियो -शंकराचार्यले पाँच वर्षको उमेरमा सम्पूर्ण शास्त्रको अध्ययन गरेका थिए । तिमी त २ वर्ष बढी नै भैछ्यौ । प्रतिभाशाली व्यक्तिहरूको बाटो सधैं खुला हुने हुनालेनै महाकवि देवकोटाले भनेका होलान्- प्रतिभाबाट छहरा छुटे हृदय नछोला । परिणाम त्यस्तै भयो । प्रतिभाकी धनी बालिका अलकाले व्याकरण विषय लिएर सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट आठैं वर्षको उमेरमा पूर्वमध्यमा उत्तीर्ण गरिन् । त्यसपछि उत्तरमध्यमाको शैक्षिक तह पार गर्दै गएकी अलका अहिले टीकामणि संस्कृत कलेज बनारसमा शास्त्री प्रथम वर्षमा पढ्दैछिन् र अंग्रेजीतर्फ बी.ए.को तयारी पनि एकसाथ गरिरहेकी छिन् (हाल-आचार्य र एम.ए. मा पढ्दै छिन्) । बालविदुषी अलकाको यस्तो सफलता नै महत्त्वपूर्ण उल्लेखनीय घटना र चर्चापरिचर्चाको विषय हो ।

पढिसकेपछिनै भविष्यको पेशाबारे विचार गर्छु भन्ने बालविदुषी अलका केही समययता राष्ट्रिय मन्चहरूमा देखापर्न थालेकी छिन् । प्रवचनको भाषा संस्कृतनै हुन्छ । अर्घाखाँचीमा सम्पन्न भएको जिल्लास्तरीय पन्चसम्मेलनमा भाग लिएर सन्धिखर्क-गोरुसिंगे राजमार्गको नाउँ पाणिनि राजमार्ग राखियोस् भनी आफूले राखेको प्रस्ताव स्वीकृत भएकोमा उनलाई निकै खुशी लागेको छ ।

संस्कृत र अङ्ग्रेजी साहित्यको अध्ययनमा रुचि राख्ने अलका यदाकदा कविता पनि लेख्ने गर्छिन् । विश्व हिन्दू महासम्मेलनद्वारा आयोजित शीर्षकको अन्ताराष्ट्रिय धार्मिक कवि गोष्ठीमा नेपालीमा कविता सुनाउने बाल विदुषीका घरमा उनले जानेका चारै भाषामा बोलचाल हुने गर्छ । अलकाकी ६ वर्षे बैनी प्रीति र ५ वर्षे भाइ आलोक पनि चारै भाषामा बोल्ने गर्छन् ।

बनारस हिन्दू विश्वविद्यालयका प्राध्यापक विष्णुराज आत्रेयको भनाइ छ - छोराछोरीहरू चाख लिएर पढ्छन् । म आफैं पढाउँछु । संस्कृत र अंग्रेजी मेरो पढाइको माध्यम भाषा हो । अलका र प्रीतिभन्दा आलोक अझ राम्रो संस्कृत बोल्छ ।

प्रीतिले सुनाएको आङ्गलकौमुदी सुनेपछि उहाँले आफ्नै किसिमको पाठन शैलीको विकास गरेको अनुभव हुन्छ मलाई पनि ।

अलका र प्रीति आपसमा कुरा गर्दा संस्कृत र अंग्रेजीमै गर्छन् । संस्कृतको कुराकानी करीब करीब अनुष्टुप छन्दमा हुने गर्छ । बोलीचालीबाट अलकाभन्दा प्रीति बाठीटाठी लाग्छिन् । अलकाको तुलनामा प्रीति खुबै बोल्छिन् । बालसुलभ चान्चल्य भने दुवैमा विद्यमान छ ।

भनिन्छ- विलक्षण बुद्धिकी कुमारी अलकाको विद्वत्ताबाट प्रभावित भएर प्रसिद्ध व्यापारी शंकरलाल केडियाले उनको भविष्यको पढाइकालागि सम्पूर्ण खर्च व्यहोर्ने वचन दिएका छन् । यो त भयो बाल विदुषी अलकाको कुरा । अब हामी बालक सागरको चर्चा गरौं ।

द्वारकापीठ ज्योतिमठका जगद्गुरु शंकराचार्य स्वरूपानन्दले उद्‌घाटन गरेको अन्ताराष्ट्रिय संस्कृत सम्मेलन मा प्रवचन दिएर बालक सागरले आश्चर्य चकित पारे । सभा पूरै संस्कृत भाषामा सन्चालित थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र विद्वान्हरू संस्कृतमै आफ्ना मन्तव्य प्रकट गर्दथे । लाग्छ-प्रज्ञा-भवन नै त्यतिखेर संस्कृतमय बनेको थियो । जगद्गुरु शंकराचार्य र स्वामीहरूका प्रवचन सुनेर मुग्ध भएको सभासद्ले एकाएक एउटा बालक मन्चमा छुनुमुनु गर्न लागेको देख्छन् । निर्धारित स्टीलको मेचमा कहिले उभिन्छ, कहिले बस्छ, अनि कहिले हल्लाउँछ । बालकको चक्चक् देखेर स्रोताहरू कुरा गर्न थाल्छन्- कुन पण्डितले छोराको मुख देखाउन लगेको हो । शंकराचार्यहरू बसेको मन्चमा फुच्चे केटाको रजाई । खै, यिनीहरूको आडम्बर नै अचम्मको छ बा ।

यस्तै गाइगुईं हलमा चलिरहन्छ । यस्तैमा उद्घोषक महोदयले उद्घोषण गर्छन्- अब हाम्रा आगाडि दाङ बिजौरी निवासी साक्षात् सरस्वतीका पुत्र ६ वर्षीय बालक सागरमाणि पोखरेल आफ्नो मन्तव्य दिन चाहन्छन् भनेर ।

छुनुमुने बालक जुरुक्क उठेर स्टीलको मेचमा उभियो, तापनि रोष्ट्रमको माइकमा पुगेन । प्रा. भट्टले मेचै समेत घचेटेर रोष्ट्रमनेर पुऱ्याउनु भयो । उनले रोष्ट्रमको कठवार दुवै हातले जोडले समाते र संस्कृतमा सारगर्भित प्रवचन दिनथाले । त्यस बालकले जगद्गुरु शंकराचार्य लगायत उपस्थित सम्पूर्ण सभासद्हरूलाई यथोचित सम्मानपूर्ण शब्दावलीका साथ सम्बोधन गर्दै आफू यहाँ गुरुजनहरूबाट उपदेश लिन आएको तर उपदेश दिन आएको होइन भन्दै अन्त्यमा जयतु देशः जयतु नरेशः भनेर बडो फूर्ति साथ आफ्नो मन्तव्य टुङ्ग्याए ।

बालक सागरले धाराप्रवाह संस्कृतमा दिएको भाषण सुनेर सभा मन्त्रमुग्ध भयो । भाषण सकिनासाथ निक्कै बेरसम्म सभामा ॐ कार को नाद गुन्जिरह्यो । (विश्व हिन्दू महासम्मेलनका) सबैजसो कार्यक्रमहरूमा हातको तालीको सट्टा ॐ ॐ भन्ने चलन थियो)।

एक्कैछिन् अघि मात्रै पण्डितको आडम्बर प्रदर्शन मान्ने स्रोताहरू यो बालक मान्छे होइन ईस्वरै हो भनेर बालकको प्रशंसा गर्न थाले ।

बालक मन्चबाट सभासद् भएतिर आई आफ्नी आमा सरस्वतीका काखमा लेप्सिदै आफैंले बोकेको तुम्लेटबाट पानी खान थाल्यो । यतिखेरसम्म सभा-सागरको आँखा बालक सागरमाथि खनिइसकेको थियो ।

उनको पारखको सबैले तारिफ गर्थे । यस्तैमा एक सन्तले बोलाएर बालकलाई काखमा राखे । के के कुरा पनि गरे । सागरको भाषणबाट प्रभावित हुने ती सन्त श्री सीताराम मन्दिर ट्रष्ट, काशीपीठका अध्यक्ष सन्त रामशरण दास रहेछन् । उनले एउटा कागतको चिर्कटोमा केही लेखेर दिए । त्यो लिएर सागर दगुर्दै आमा छेउ आए । चिर्कटो हेर्दा सन्तले आफ्नो भिजिटिंग कार्डमा लेखेका रहेछन्- बालकस्य अस्य अग्रिमशिक्षा प्रबन्धो ऽस्माकं पीठस्य गुरुकुले अस्माकं व्ययेन कर्तुं शक्यते धर्मप्रवचन- शिक्षापि च । कृपया मिलन्तु । पत्रन्च लिखन्तु ।

रामशरणदासः

कमरी नं. ११५ शेरपा होटल

दरबार मार्ग काठमाडू

(के यस बालकको भविष्यको शिक्षा प्रबन्ध हाम्रो पीठको गुरुकुलमा हाम्रै खर्चले गर्न सकिन्छ ? धर्मप्रवचनशिक्षा पनि दिन सकिन्छ ? कृपया भेट्नु होस् । पत्र पनि लेख्नुहोस् ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुने बिरुवाको चिल्लो पात - अलका आत्रेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्की नेपाली महिलाले कृतज्ञ बनेर होला सायद बालकलाई दश रुपैयाँ दिन खोजिन् तर उनले त्यो पैसा लिदै लिएनन् । आमाले आशीर्वाद दिनुस मै हाल्छ नि भने । तर पनि महिलाले दिनै चाहिन् । आखिर केही सीप चलेन । आमाले गृहाण भनेपछि मात्र सागरले दशको नोट समाते । नोट लिएर उनी यताउति गर्न लागे । यसै बीचमा मैले पनि आफ्नो जिज्ञासासा शान्त गर्न सागरकी आमा सरस्वतीलाई सोधें- सरस्वती पोखरेलका अनुसार उहाँका माइत र घरको मातृभाषा संस्कृत हो । नोकरचाकर पनि संस्कृत नै बोल्छन् । उहाँका पिता प्राध्यापक डा. हरिप्रसाद शर्मा आचार्य प्रकाण्ड विद्वान् हुनुहुन्छ भने पति गंगामणि पोखरेल (साहित्याचार्य) महेन्द्र संस्कृत विश्वविद्यालय दाङमा सहायक प्रशासक हुनुहुन्छ । सरस्वती स्वयं विदुषी हुनुहुन्छ । उहाँले पनि २०२८ सालमा दिल्लीमा सम्पन्न भएको विश्व संस्कृत सम्मेलन मा छात्र प्रतिनिधिका रूपमा भाग लिई संस्कृतमा प्रवचन दिएर कलिलै उमेरमा आफ्नो प्रतिभाको परिचय दिनु भएको थियो । पछि उहाँको विवाह गंगामणिसँग सम्पन्न भयो । उहाँको प्रथम सन्तानका रूपमा २०३८ साल पुसमा सागरमणिको जन्म भएको हो र कोखे छोरा समीर अहिले डेढ वर्षका छन् । २ सन्तानकी आमा सरस्वतीको उमेर २३/२४ को होला ।

तीन कक्षामा पढ्ने ६ वर्षे बालक सागरले संस्कृतमा भाषण गरेकोमा मात्र अचम्म लागेको होइन उनको शैली मिठास, संस्कृतपना र ओजपूर्ण शब्दावलीको प्रयोगले मान्छे प्रभावित भएका हुन् । सागर सुन्दर छन् र टाठाबाठा छन् । उनी सभास्थलमा ठूला ठूला सन्त, महन्त र विद्वान्हरूसँग निडर र निर्भीकतापूर्वक कुराकानी गर्छन् । संस्कृत प्राञ्जल प्रतिभाषित हुन्छ । गंगा-सरस्वतीका सागरै छन् सागर ।

गोरखापत्रमा मिति २०४५ वैशाख १८ गते प्रकाशित

लेखक राधेश्याम भट्टराईको विवरण

नाम : राधेश्याम भट्टराई

जन्ममिति : वि.सं. २००६ साल

जन्मथलो : रावा लामीडाँडा, खोटाङ, सगरमाथा अञ्चल

शिक्षा : एम.ए., आचार्य (त्रि.वि.वि.)

पिता : स्व. पण्डित देवीप्रसाद भट्टराई

माता : श्रीमती वृन्दावनलक्ष्मी भट्टराई

पत्नी : श्रीमती कल्पना भट्टराई

प्रकाशित कृतिहरू

(क) हलेसी "तीर्थकाव्य" (२०४१) : रचनामिति साउन २०४०

(ख) गोरखापत्र, मधुपर्क, रत्नश्री, कविता, उपकार, रमझम, नेपाल, समष्टि, झंकार, रोलम्ब, सिपाही, धर्म-सन्देश, धर्म-दर्शन, प्राचीन नेपाल, युवा मञ्च, मर्यादा, अन्तर्राष्ट्रिय मञ्च आदि विभिन्न पत्रपत्रिकाहरुमा कविता, कथा, गीत, लेख निवन्ध र समालोचनाहरुको प्रकाशन ।

(ग) रेडियो नेपाल, नेपाल टेलिभिजन र बी.बी.सी. (लण्डन) बाट रचनाहरुको प्रसारण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशोन्मुख कृतिहरु

(क) मेरो देश : मेरै सपना (कविता संग्रह, पद्य)

(ख) आफ्नै अनुभूति : आफ्नै कल्पना (कविता सँगालो, गद्य)

(ग) घुमन्ते एक : भेक अनेक (निबन्ध सँग्रह)

पदक र विभूषणहरु

(क) महेन्द्रविद्याभूषण पदक - २०३७

(ख) जानपद सेवापदक - २०४४

(ग) प्रबल गोरखा दक्षिणबाहु (चौथा) - २०४६

लेखनकार्यको थालनी

२०१९ सालदेखि कविता कोर्न थालेको

२०२२ सालतिर प्रकाशनको पहिलो रचनाका रुपमा कविता प्रकाशित भएको

साहित्यिकपुरस्कारहरु

(क) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कविता महोत्सव २०४१ मा तृतीय पुरस्कार प्राप्त

(ख) विघटित काठमाडौं जिल्ला पञ्चायतद्वारा आयोजित अधिराज्यव्यापी प्रतियोगितात्मक कवि सम्मेलन २०४१ मा प्रथम पुरस्कार प्राप्त

(ग) चौध अञ्चल सांस्कृतिक परिवार, काठमाडौंद्वारा आयोजित निवन्ध प्रतियोगिता २०४२ मा प्रथम

(घ) पशुपति क्षेत्र विकास कोषद्वारा आयोजित प्रतियोगितात्मक कवि सम्मेलन २०४५ मा प्रथम

(ङ) अन्य ८-१० वटा पुरस्कारहरु प्राप्त

कार्यक्षेत्र :

सह-सचिव, संसद सचिवालय, काठमाडौ
फोन - कार्यालय २२५१२०, घर २११४९६
ठेगाना स्थायी - रावा लामीडाँडा, खोटाङ
अस्थायी - अनामनगर, काठमाडौं ।

हुने बिरुवाको चिल्ला पात

सुरेन्द्रराज द्विवेदी

संस्कृत भाषालाई आदिभाषा र देवभाषा पनि भनिन्छ । विश्वको प्राचीन भाषामा संस्कृतको स्थान सबैभन्दा अगाडि छ । भनिन्छ- आदिदेव भगवान् शङ्करको डमरुको नादबाट संस्कृत भाषाको उत्पत्ति भएको हो । संस्कृत भाषाबाटै विश्वका कतिपय भाषा, उपभाषा बनेका छन् ।

उपेक्षित रूपमा रहेको संस्कृत भाषा र साहित्यलाई संरक्षण एवं संवर्द्धन गर्न महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापनापछि अनुकूल अवसर मिलेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैं वर्ष संवत् २०४६ सालको भदौ-असोजमा लिइएको महेन्द्र संस्कृत विश्वविद्यालयको शास्त्री परीक्षामा एकाघरका दाजु-भाइ र बहिनी प्रथम श्रेणीमा प्रथम, द्वितीय र तृतीय भएका छन् । शास्त्री परीक्षाको इतिहासमा एकाघरका दाजु भाइ र बहिनी क्रमशः सर्वप्रथम, सर्वद्वितीय र सर्वतृतीय भएको यो पहिलो घटना मान्न सकिन्छ ।

संवत् २०२४ साल कार्तिकमा तनहूँ चुँदीमा जन्मेका श्री आमोदवर्धन कौण्डिन्न्यायन (आमोद आचार्य) ले यस वर्षको शास्त्री परीक्षामा ७७.७ प्रतिशत अङ्क ल्याई विशिष्ट श्रेणीमा उत्तीर्ण भै प्रथम स्थान पाएका छन् । उनले त्रिभुवन विश्वविद्यालय संस्कृत सङ्कायको २०४३ सालको प्रवीगता प्रमाणपत्र तहको परीक्षामा पनि ८२.१ प्रतिशत अङ्क प्राप्त गरी विशिष्ट श्रेणीमा उत्तीर्ण भई सर्वप्रथम हुने अवसर पाएका थिए । शास्त्री तहमा अध्ययन गर्दा आमोद आचार्यलाई **श्री ५ वीरन्द्र ऐश्वर्य** छात्रवृत्ति समेत प्राप्त भएको थियो । उनका मुख्य विषय शुक्लयजुर्वेद र नेपाली थिए । आमोद आचार्यले पूर्वमध्यमा परीक्षा भारतको बनारसस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट सन् १९८४ मा प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए ।

आमोद आचार्यका चारवर्ष कान्छा भाइ श्री प्रमोदवर्धन कौण्डिन्न्यायन (प्रमोद आचार्य) ले महेन्द्र संस्कृत विश्वविद्यालयबाट यस वर्ष लिइएको शास्त्री परीक्षामा ७०.१ प्रतिशत अङ्क ल्याई प्रथम श्रेणीमा द्वितीय स्थान पाएका छन् । २०२८ साल असारमा तनहूँ चुँदीमा जन्मेका प्रमोद आचार्यले संवत् २०४३ सालमा त्रिभुवन विश्वविद्यालय संस्कृत सङ्कायद्वारा लिएको प्रवीणता प्रमाणपत्रतहको परीक्षामा ७५.५ प्रतिशत अङ्क ल्याई प्रथम श्रेणीमा द्वितीय हुने अवसर पाएका थिए । उनका मुख्य विषय पूर्वमीमांसा (जैमिनीय धर्ममीमांसाशास्त्र) र नेपाली थिए । उनले पूर्वमध्यमा परीक्षा पनि प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए ।

आमोद आचार्यकी बहिनी र प्रमोद आचार्यकी दिदी प्रियम्वदाम्बा कौण्डिन्न्यायनी (प्रियम्बदा आचार्य) ले महेन्द्र संस्कृत विश्वविद्यालयबाट यस वर्ष लिइएको शास्त्री परीक्षामा ६५.९ प्रतिशत अङ्क प्राप्त गरी प्रथम श्रेणीमा तृतीय स्थान पाएकी छन् । २०२६ साल मंसीरमा जन्मेकी प्रियम्वदा आचार्यले एक भाइ अर्को दाजुसँगै २०४३ सालमा संस्कृत सङ्कायद्वारा लिइएको प्रवीणता प्रमाणपत्र तहको परीक्षामा ६७.१ प्रतिशत अङ्क प्राप्त गरी प्रथम श्रेणीमा उत्तीर्ण गरेकी थिइन् । उक्त परीक्षामा छात्राहरूमध्ये उनी सर्वप्रथम भएकीले **ऐश्वर्य विद्यापदक** पाउनुका साथै शास्त्रीतहमा अध्यन गर्दा **श्री ५ वीरेन्द्र ऐश्वर्य** छात्रवृत्ति पाएकी थिइन् । उनका मुख्य विषय इतिहास पुराण र नेपाली थिए ।

संस्कृतभाषा अध्ययन गर्दा पनि नेपाली मुख्य विषय लिने आमोद, प्रमोद र प्रियम्बदाका पिताको नाम हो- शिवराज आचार्य कौण्डिन्न्यायन । आदिकवि भानुभक्तका वंशज आचार्य परिवारले आफ्ना पुर्खाका नाम र यशलाई बौद्धिक क्षमताले परिस्कार गरेका छन् ।

हाल आचार्य प्रथम खण्डमा अध्ययन गर्न महेन्द्र संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठमा प्रविष्ट भएका आमोद, प्रमोद र प्रियम्बदा आफ्ना सफलताको लागि आफ्नो घरको विद्या-धर्म निष्ठाको वातावरण तथा सम्बद्ध प्राध्यापकहरूलाई श्रेय दिन्छन् ।

घरको बोलीचालीमा समेत संस्कृत भाषा प्रयुक्त गर्ने आमोद, प्रमोद र प्रियम्बदा तीन जना भाइ र एउटी बहिनीका साथ आफ्नो घर स्वाध्यायशाला, सरस्वती मार्ग, लाजिम्पाटमा पिता शिवराज आचार्यसँग शास्त्रीय शिक्षा र संस्कृत भाषाको विशेष शिक्षा लिन चुक्तैनन् ।

आफ्ना पिताको आकाङ्क्षा अनुरूप विद्याधर्म-सत्य-न्यायको पक्षमा दृढतापूर्वक उभिई जीवनयात्रा चलाउँदै राष्ट्रलाई आफ्नो विद्या, बुद्धि र शक्ति अनुसार बल पुऱ्याउने उनीहरूको लक्ष्य बताउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट ७

डा. तुलसीप्रसाद भट्टराईको निजी सङ्ग्रहबाट विभिन्न फाँटमा फैलिएको संस्कृतको जनशक्तिः - सर्सर्ती सर्वेक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डा. तुलसीप्रसाद भट्टराईको निजी सङ्ग्रहबाट विभिन्न फाँटमा फैलिएको संस्कृतको जनशक्तिः सर्सर्ती सर्वेक्षण

नेपालमा संस्कृत पढेका र यसमा विशिष्ट क्षमता हासिल गरेका मानिसहरूको सङ्ख्या पनि आधुनिक शिक्षा ग्रहण गरी विशिष्टता हासिल गरेका मानिसको भन्दा कम छैन । यिनीहरूको विस्तृत इतिहास खोजबीज गरी ग्रन्थप्रकाशन नगरून्जेलसम्म नेपालको शैक्षिक इतिहास पूर्ण रूपमा थाहा पाइँदैन । नेपालमा खासगरी वि.सं. १९१० सालमा दर्बार हाईस्कूलको स्थापना भएपछि मात्र आधुनिक शिक्षा प्रणालीको शुरुआत भएको हो । यो प्रक्रिया २००७ सालमा प्रजातन्त्रको अरुणोदय नहोउञ्जेल धिपृधिपे अबस्थामा रहिरह्यो । २००७ सालपछि आधुनिक शिक्षामा विशेष दक्षता हासिल गरेका विद्वान्हरू उत्पादन हुन थाले । आधुनिक शिक्षा प्रणाली अनुसार विद्याग्रहण गरी प्रतिष्ठित भएका विद्वान्हरूका सम्बन्धमा पछिपछि ग्रन्थ लेखिँदै जाला । अहिले नेपालको शिःक्षाको इतिहास स्पष्टरूपमा थाहा पाउन पनि संस्कृतका विद्वान्हरूको परम्परा खोज्नु परेको छ । किनभने नेपालमा गुरूकुल परम्पराअनुसार शिक्षा ग्रहण गर्ने चलन अहिलेसम्म पनि कायमै छ । निःशुल्क पठनपाठनका निम्ति पाठशाला स्थापना गर्नु, आफ्नै घरमा पढ्न आएका विद्यार्थीहरूलाई निःशुल्क रूपमा पढाउनु, महत्त्वपूर्ण ग्रन्थ लेख्नु र विद्याको विकासमा जीवन समर्पण गर्नु संस्कृत पढेका मानिसहरूका बिर्सनै नसकिने गुणहरू हुन् । नेपालमा शिक्षाको इतिहास पहिल्याउन खोज्दा यो परम्परालाई त्यसै भुसुक्क बिर्सन मिल्दैन । किनभने शिक्षा भनेको सृष्टिको अनमोल उपहार हो र यसलाई संस्कृत पढेका विद्वान्हरूले राम्ररी सदुपयोग गरेका थिए । शिक्षाको प्राकृतिक उपहारलाई पैसासँग किनबेच नगरी हाम्रा पहिलेका विद्वान्हरूले मानवहितकै निम्ति पवित्र भावनाले प्रेरित भई उपयोग गरेका थिए । त्यसैले यसको क्षेत्र विस्तृत छ । यो विस्तृत क्षेत्रको अनुसन्धान एक जनाको प्रयासबाट मात्र सम्भव छैन । यसमा धेरै जनाको संलग्नता, धैर्य र अभिरुचिको आवश्यकता पर्छ । डा. स्वामी प्रपन्नाचार्यले संस्कृतका विद्वान्हरूका सम्बन्धमा गरेको अनुसन्धान अत्यन्त प्रशंसनीय भएजस्तै डा. तुलसीप्रसाद भट्टराईको खोज पनि त्यत्तिकै अनुकरणीय छ । उनैले सङ्कलन गरेका संस्कृतका विद्वान् र संस्कृत पढेर विभिन्न क्षेत्रमा कार्यरत मानिसहरूको यो लामो सूची अहिले मेरो हातमा परेको छ । मिहिनेत गरेर जम्मा पारेको यति महत्त्वपूर्ण सङ्कलन डा. तुलसीप्रसादकै अनुमति लिएर मैले आफ्नो पुस्तकको परिशिष्ट भागमा समावेश गरेको छु । यस सङ्कलनको प्रकाशनबाट नेपालमा संस्कृतक्षेत्रको जनशक्ति छोटकारी रूपमा थाहा पाउन सघाउन पुग्ने विश्वास गर्न सकिन्छ ।

विराटनगर गायत्री संस्कृत विद्यालय सरस्वती मन्दिर

जगन्नाथ शास्त्री	मार्कण्डचेय आचार्य
रामेश्वर अर्याल	लक्ष्मण शास्त्री

कार्य डे गाउँमा २००० सालभन्दा पहिले संस्कृत विद्यालय खुलेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत विद्यालयमा पढेका विद्यार्थी

टी. आर विश्वकर्मा

हीरालाल विश्वकर्मा

माधव बराल

अखिलेश्वर आचार्य

आनन्दधाम - जम्मूकाश्मीर

तुलसी प्रसाद खतिवडा, विराटनगर - १६

ठाकुरप्रसाद कोइराला, आचार्य, विराटनगर - १६

पीताम्बर शर्मा सेढाईं, एम.ए. विद्यावाचस्पति, इलाममा जन्म, गुरुकुल अनुरूपको संस्कृत विद्यालय स्थापनामा संलग्न, वेदज्योति (वैदिक, धार्मिक, साहित्यिक तीन महिने) पत्रिकाका सम्पादक, प्रकाशकः मेघप्रसाद उपाध्याय दाहाल, विरोटनगर - १६, पाञ्चाली ।

पिण्डेश्वर संस्कृत विद्यापीठमा अध्ययन गरेका २०३० साल यताका स्नातक र अन्य

१. ईश्वरी भट्टराई, सहायक प्राध्यापक

२. उद्धव अधिकारी, व्यापारी

३. उमानाथ घिमिरे

४.एकमणिनेपाल, प्रशासकीय अधिकृत, झापा

५. कमल गुरागाईं, सहायक प्राध्यापक, भद्रपुर

६. कविराज खनाल, योजना आयोगमा अधिकृत

७. कल्याण गौतम, शिक्षक भोजपुर

८. कुमार आचार्य, उप-प्राध्यापक, भोजपुर

९. कृष्णप्रसाद कोइराला

१०. कृष्णप्रसाद दाहाल, उपप्रशिक्षक (प्रा.) शि. धरान

११. कृष्णप्रसाद पोखेल, माध्यमिक शिक्षक, सोलु

१२. कृष्णप्रसाद वस्ती, सहायक प्राध्यापक, विराटनगर

१३. केशव अधिकारी, सहायक प्राध्यापक, महेन्द्र क्यापस, धरान

१४. कोषराज न्यौपाने, उप-प्राध्यापक, त्रिचन्द्र क्याम्पस, परीक्षा उपनियन्त्रक, त्रि.वि.वि. जमल

१५. खिलनाथ खतिवडा

१६. गङ्गाधर कट्टेल, सहायक प्राध्यापक धनकुटा

१७. गणेशप्रसाद खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. गणेशप्रसाद निरौला, शिक्षक, संखुवासभा
१९. गायत्रीकुमार गौतम, माध्यमिक शिक्षक
२०. गोपालप्रसाद कट्टेल, सहायक प्राध्यापक, राजविराज
२१. गोपालचन्द्र पोखेल, सहायक प्राध्याक
२२. घनश्याम पोखेल, शिक्षक, मोरङ्ग
२३. चन्द्रप्रसाद बराल, शिक्षक ताप्लेजुङ
२४. चन्द्रपाणि खनाल, उप-प्राध्यापक, विराटनगर
२५. चन्द्रमणि नेपाल, सहायक प्राध्यापक
२६. चिरञ्जीवी अधिकारी, शाखा अधिकृत, श्री ५ को सरकार
२७. चेतनाथ अधिकारी, ना.सु. सरकारी वकिलको कार्यालय, सोलु
२८. छत्रपति ढुङ्गेल, शिक्षक, धनकुटा
२९. जनार्दन खनाल, सहायक प्राध्यापक, भद्रपुर
३०. जयराम गौतम
३१. जीवनाथ नेपाल, लेखापाल, महोत्तरी भन्सार
३२. टीका आत्रेय, शिक्षक
३३. टीकादत्त बराल, शिक्षक
३४. टेकनाथ घिमिरे, शिक्षक दमक
३५. टेकराज भट्टराई, राजनीतिमा संलग्न
३६. टोलनाथ भट्टराई, जजा मा.वि.
३७. ठाकुरनाथ कोइराला, राष्ट्रिय वाणिज्य बैङ्कमा कार्यरत, विराटनगर
३८. डिल्लीराम बराल, माध्यमिक शिक्षक, ताप्लेजुङ
३९. तारा निरौला, शिक्षक, झापा
४०. तीर्थराज भण्डारी, शिक्षक झापा
४१. तोयराज कोइराला, सहायक प्राध्यापक, पिण्डेश्वर
४२. दिलीपकुमार शर्मा कट्टेल, शिक्षक, धनुकुटा
४३. दुर्गाप्रसाद निरौला, शिक्षक, झापा
४४. दुर्गादत्त सुवेदी, कृषि सामग्री संस्थान, ताप्लेजुङ
४५. दुर्गाप्रसाद पौडेल, शिक्षक, ताप्लेजुङ
४६. दुर्गाप्रसाद भट्टराई, शिक्षक
४७. दुर्गाप्रसाद वस्ती, उप-प्रशिक्षक, प्रा.शि. धरान
४८. देवी गौतम, उप-प्राध्यापक, कीर्तिपुर
४९. देवी निरौला, राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०. ध्रुवकुमार दाहाल, (प्र.प. तह) दूर सञ्चार संस्थान, विराटनगर
५१. प्रकाशचन्द्र खनाल, शिक्षक, इलाम
५२. पुरुषोत्तम दाहाल
५३. पुरुषोत्तम लम्साल, माध्यमिक विद्यालय शिक्षक
५४. बद्रीविशाल पोखेल, उप-प्राध्यापक, महेन्द्र मोरङ क्याम्पस
५५. बद्रीविशाल भट्टराई, उप-प्राध्यापक, रत्नराज्य लक्ष्मी क्याम्पस
५६. बुद्धिसागर भट्टराई, शिक्षक, ताप्लेजुङ
५७. बृहस्पति निरौला, शिक्षक, ताप्लेजुङ
५८. भूमिप्रसाद दाहाल, सरकारी सेवा
५९. भोला गुरागाईं, शिक्षक, तेह्रथुम
६०. मधुसूदन काफ्ले, शिक्षक, उदयपुर
६१. महेन्द्रकुमार न्यौपाने, शिक्षक, ताप्लेजुङ
६२. मित्रप्रसाद भण्डारी, माध्यमिक विद्यालय शिक्षक, लेटाङ
६३. मोहनप्रसाद काफ्ले, माध्यमिक विद्यालय शिक्षक, सुनसरी
६४. यादव न्यौपाने, गा.वि.स. सचिव, विष्णुपादुका गा.वि.स., सुनसरी
६५. युवराज गैतम, माध्यमिक विद्यालयका प्रधानाध्यापक, संखुवासभा
६६. युवराज घिमिरे, शिक्षक, सङ्खुवासभा
६७. रमेश पोखेल
६८. रेवतीरमण रिमाल, राजनीतमा संलग्न, सङ्खुवासभा
६९. रोहिणी भट्टराई, न.सं. संयुक्त सचिव, का.अ. विराटनगर
७०. लक्ष्मीकुमार कोइराला, सहायक प्राध्यापक, इञ्जिनीयरिङ अ.सं. पुल्चोक क्याम्पस
७१. लक्ष्मी पराजुली, सहायक प्राध्यापक, पुल्चोक
७२. लीलाप्रसाद अधिकारी, शिक्षक
७३. लेखनाथ गुरागाईं, सहायक प्रध्यापक, सरस्वती क्याम्पस, काठमाडौं
७४. लेखनाथ तिंसिना, सहायक प्राध्यापक, पुल्चोक
७५. वसन्तकुमार न्यौपाने, शिक्षक, मोरङ
७६. वासुदेव घिमिरे, उप-प्राध्यापक, त्रिचन्द्र क्याम्पस, वासुदेव मिश्र
७७. विश्वनाथ दाहाल, शिक्षक, धनकुटा
७८. वंशीधर कट्टेल, सहायक-प्राध्यापक, मटिहानी
७९. शम्भुप्रसाद भण्डारी, माध्यमिक शिक्षक, धनकुटा
८०. सारथीप्रसाद चापागाईं, दूरसञ्चार संस्थान, विराटनगर
८१. सूर्यप्रसाद निरौला, डि. सोलुखुम्बु अदालत
८२. हरिप्रसाद पराजुली, सहायक प्राध्यापक
८३. हरिप्रसाद पराजुली, उप-प्राध्यापक, काठमाडौ

